lz/fjj tL{e/t hËd

प्रजापति तिमिल्सिना

शिरोवर्ती भरत जङ्गम

लेखक : प्रजापति तिमिल्सिना ९८४१०४६५१३

प्रकाशक :

शब्दयात्रा प्रकाशन

अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रे
दूरभाषाङ्क : ०११-६६५४६५

(प्रकाशनपुष्प : १९१)

संस्करण	:	प्रथम २०७९ं
प्रकाशित प्रति	:	५०१
मूल्य	:	१०००।- (US **$** 10)
कम्प्युटर डिजाइन	:	प्रमिला पोखेल
सर्वाधिकार	:	लेखकमा सुरक्षित
ISBN	:	978-9946-2-031-2
मुद्रण	:	सनातन प्रेस नयाँबानेश्वर, काठमाडौं, ९८४१७५६३४४

सङ्क्षेपमा मेरा कुरा

भरत जङ्गमको न मैले अनुहारमा क्लेश देखेको छु, न आचरणमा । त्यसैले होला वहाँको ओज कहिल्यै क्लान्त नदेखिने । व्यक्तित्व पनि टहटह जून लागेजस्तो । पहिलो भेटमा मैले यो उद्दीप्त अनुहारको अगाडि बसेर अनुहार हेर्दै कुरा गरेको थिएँ । मनले पनि भनिरहेको थियो हेर् ! तँ दार्शनिकका अगाडि बसेर कुरा गरिरहेको छस् । वहाँको सन्निकटताले मैले शान्ति पाइरहेको आभास गरेको थिएँ । अहिले पनि मलाई त्यो समय मेरा भाग्यले नै जुराएको हो भन्ने लागेको छ ।

पछि थाहा भयो, वहाँ भ्रष्टाचारविरोधी दर्शनका प्रणेता दार्शनिक पो हुनुहुँदोरहेछ । वहाँको दर्शन देशविदेशका विश्वविद्यालयहरूले शैक्षिक पठनपाठनको सामग्री बनाएका छन् । यस कुराको ज्ञातले मलाई अति नै प्रसन्न बनायो । यस्तो एउटा दार्शनिकको सामीप्य पाउनु मेरा लागि ठुलो अवसर थियो । त्यो अवसर पाएकोमा म हृदयदेखि नै उमङ्गित हुँदै आएको छु ।

त्यही भेटपछि मिलेको हो मलाई वहाँको **कालो सूर्य** पढ्ने मौका । पढिसकेपछि लाग्यो, वहाँमा समयलाई छाम्न सक्ने विशेषता छ, समाजका केस्रा केस्रा केलाउन सक्ने क्षमता छ । त्यसैले वहाँ समयलाई पछाडि लगाएर आफू अगाडि अगाडि हिँडिरहनुभएको छ । उहाँभित्र मानिसको मन मनमा बस्न सक्ने जीवन्त मानव देख्छु तर भ्रष्टाचारीका विरुद्ध भने आँधी ओकल्ने ज्वारभाटा उम्लिरहेको पाउँछु । त्यसैले पो वहाँमा समयसँग लड्ने शक्ति रहेछ ।

वहाँमा देशका प्रत्येक अनिष्ट, राहु, केतु भेदन गर्न सक्ने क्षमता रहेर होला उमेरले ७५ वर्ष पार गरिसक्दा पनि जीवन उत्तिकै सक्रिय छ, उदात्त छ । शास्त्र भन्छ, 'तिमी सक्रिय बन, त्यही सक्रियताले तिम्रो स्वभाव र तनलाई ताजा बनाइराख्छ ।' त्यसैले होला वहाँको मानवीय ताजापनमा विचार र आदर्शका नवीनतम सोचहरू प्रवाहित भइरहने ! भरत जङ्गममा प्रवाहित नवीनतम सोच, विचार र आदर्शहरूमा देश र समाजका कल्याणकारी रूपहरू प्रतिबिम्बित भइरहेका हुन्छन् । यो देख्दा मेरो आत्मा र चित्त प्रसन्न बन्छ ।

शिरोवर्ती भरत जङ्गम नामक यो ग्रन्थलाई सारांशीकृत गर्ने आशयका कुरा हरि मञ्जुश्रीबाट आएपछि लाग्यो, यसमा भाषा साहित्यलगायत विभिन्न विषय र सिद्धान्तका सारथिहरूका विचार व्यक्त भएका छन्, ती विचारहरूलाई सङ्क्षेपीकरण गर्न सक्ने क्षमता मैले आफूमा देखिनँ र गर्ने कल्पनासम्म पनि गरिनँ । त्यसैले पनि आफ्नो व्यस्तताको कुरा सङ्केत गरेको थिएँ ।

त्यसको केही दिनपछि स्वयं भरत जङ्गमज्यूको फोन आयो । सारांशीकृत

गरिदिए हुन्थ्यो भन्ने आशय प्रकट भयो । वहाँको आग्रह टारेर वहाँलाई नराम्रो उपहार दिन सकिनँ । व्यस्तताकै बिच भए पनि यो काम सम्पन्न गर्ने पर्दछ भन्ने दृढ विश्वास जागृत भयो अनि स्वीकार गरेँ । यो गहनतम काम मेरा लागि अवसरभन्दा पनि ठुलो चुनौती थियो तर पनि मलाई जुन चुनौती र अवसर जुट्यो त्यसमा म आफूलाई भाग्यमानी मानेको छु ।

यस ग्रन्थमा २६० जना विभिन्न विद्वान् व्यक्तित्वहरूका विचार छन् तर म त्यस्ता गहन विचार बोक्न पनि नसक्ने र महान् विचारमा गोता लगाउन पनि नसक्ने अवस्थामा थिएँ । मलाई प्राप्त यस अवसरबाट मैले यति धेरै विषयमा ज्ञान पाएँ, जुन मेरो जीवनको ठुलो उपलब्धि ठानेको छु । यसका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

२६० जनामध्ये केही लेखक वहाँका आफन्त र केही नेपाली वाङ्मयकै विशिष्ट विद्वान् व्यक्तित्व हुनुहुन्छ । वहाँहरूका विचारलाई आफ्नो क्षमताले भ्याएसम्म सही र ठीकसँग सङ्क्षेपीकरण गर्ने प्रयास गरेको छु तर पनि यो प्रयासमा सफल भइनँ कि भन्ने पनि लागेको छ । अपूर्णताका लागि सबैमा क्षमा याचना गर्दछु ।

बेला अँध्यारो थियो । जनताको लागि काल प्रतिकूल थियो । परम्परादेखि नै हो, मठमन्दिरका पुजारी धर्मका ठेकेदार, बाटोघाटो र अड्डाअदालतमा राज्यका सिपाही, खेतबारीमा जमिनदार, हाटबजारमा व्यापारी सबैले जनतामाथि शासन र शोषण गरिरहेका थिए । अहिले तिनको स्थान पार्टीले लिएका छन् । बोकाउने फेरिए तर बोक्ने उनै साधारण जनता नै हुन्, तिनै जनताले शासकको सबै भार बोकिरहेका छन् । यही बोक्ने र बोकाइने काल, परिस्थिति र परिवेशमा आधारित भई लेखिएको कृति हो 'कालो सूर्य' ।

समय पनि चुप थियो राजदण्डको डरले । राज्य व्यवस्थाको विरोधमा 'व' मात्र उच्चारण हुँदा पनि उच्चारण गर्नेमाथि डण्डा बर्सन्थ्यो । डण्डाको डरको कारण जनता न सरकारसँग मुकाबिला गर्ने आँट गर्थे, न विरोधमा लेख्न वा बोल्न नै सक्थे । जनता तापमा पिल्सिँदा देशमा आँधी आउनु अघिजस्तै सन्नाटा छाएको जस्तो थियो । यस्तै विषम परिस्थितिमा पनि भरत जङ्गम जनताका पिरमर्का बटुल्नुहुन्थ्यो र लेख्नुहुन्थ्यो । सानैदेखि जागरणमुखी स्वभाव लिएर आउनुभएका वहाँका रगतमा नै जनताको सेवा गर्ने भाव मिसिएको थियो । जनताका पिरमर्का समेटेको पुस्तक प्रकाशन गरी जनताका घरघरमा पुऱ्याएर चेतना जगाउने भाव सल्बलाउँदा वहाँको कलम पनि तँ लेख म बलदिन्छु भनिरहेको थियो । आखिर त्यही चेतना जगाउने पुस्तक बन्यो 'कालो सूर्य' जसले व्यङ्ग्यात्मकताको आफ्नै विशिष्टता बोकेको छ ।

वहाँलाई न कहरवर्षाको डर थियो न राजदण्डको चोटको फिक्री किनकि वहाँसँग अठोट थियो । जसले वहाँमा आउने निराशाकान्त मनस्थितिलाई पन्छाइरह्यो । ओठमा कलेठी लाग्न दिएन तर त्यही कस्सिएको अठोटलाई कसैले कुन रूपमा देखे कसैले कुन रूपमा । कतिले घमन्डका रूपमा समेत व्याख्या गरे । त्यो व्याख्या, मलाई लाग्छ वहाँलाई नबुझेर वा वहाँप्रति नै तुष राखेर गरिएको हो ।

मलाई लाग्छ, यदि वहाँमा गरेरै देखाउँछु भन्ने अठोट नहुँदो हो त न 'कालो सूर्य' प्रकाशमा आउन सक्थ्यो न 'भ्रष्टाचारविरोधी विज्ञान' । कालो सूर्य' प्रकाशन भएपछि पनि यसमाथि अघोषित प्रतिबन्धजस्तै थियो । मानिसहरू लुकेर पढ्थे राजदण्डको डर थियो । भरत जङ्गम स्वयंले यसको प्रकाशनका बारेमा भन्नुभएको छ, 'यसको हस्तलिपि तयार भएपछि, त्यसको प्रकाशन बारे, आवश्यक सुझाव र सल्लाह लिन त्यस समयका ठुला भनिने साहित्यकार, पत्रकार, लेखक, बुद्धिजीवीहरूका ढोका ढोका चहारेँ । प्रतिक्रियामा केवल सबैको नाक माथि टाँसिन्थ्यो । तर त्यो प्रतिक्रियाले हीनताबोध गराएन । झन् कस्दै लग्यो मेरो अठोट, कसिँदै कसिँदै गयो पनि । किनकि कालो सूर्य प्रकाशनका लागि मन व्यथित थियो ।' कस्सिएको त्यो अठोटले कम्मर कसायो । श्रीमतीसँग पाँच हजार रूपैँया लिन लगायो । जुत्ताका तुना कसायो । 'कालो सूर्यको लेबरपेन बोकायो । बनारस पठायो । त्यही लामो प्रयासमा 'कालो सूर्य' जन्म्यो बनारसमा । कालो सूर्यको प्रसव पीडा र जन्म कहानी यही हो मैले सुनेको ।

उखेलिने अवस्थाका खाँबाहरूमा, जेनतेन अडिए पनि हल्लने छानो मुनिको चिसो भुइँमा जीवन निर्वाह गरिरहँदा पनि, आफ्ना दुःख कष्ट लुकाएर हाँस्ने गरिब निमुखा जनताको जीवन कहानी पढ्न पाइन्छ 'कालो सूर्यमा ।' यसले तत्कालीन समाजको विचार र चाहनाको प्रतिनिधित्व गरेको छ । समय त्रासदीको व्याख्या गरेको छ । राष्ट्रको सामाजिक अवस्थाको चित्रण र विश्लेषण गरेको छ । त्यसैले पाठकहरूका लागि ऐतिहासिक बन्यो यो 'कालो सूर्य ।' ससाना मूल, झरना कुण्ड र पोखरीको पानीको स्थूल रूप हो नदी । ऊ आफ्नै प्रयासमा निरन्तर बगिरहन्छ । गन्तव्यमा नपुगुन्जेल आएका अवरोध पार गरिरहन्छ । भरत जङ्गम आफ्ना सिर्जना भर्नमा निरन्तर लागिरहनुभयो । जसरी हावाले छाललाई गति दिइरहन्छ ठिक त्यही गतिले कालजयी बनायो जङ्गमलाईअनि त्यस समयमा चर्चाको आँधी नै ल्यायो 'कालो सूर्य'ले । कालो सूर्यले आफू युगीन साहित्य बनेर लेखकको पहिचान र उपलब्धिलाई समेत स्थापित गरायो ।

कालो सूर्य जो आफ्नो स्वरूपलाई विश्वका १२ भन्दा बढी भाषामा प्रकाशन गराएर विश्वमा आफ्नो स्थान र मान स्थापित गर्न सफल देखिन्छ । सायद यति धेरै भाषामा अनूदित हुने यो नेपाली वाङ्मयको पहिलो पुस्तक हो । यो समग्र

वाङ्मयलगायत हामी सबैका लागि गौरवको विषय पनि हो र यो उपन्यास विधाको नवीनतम प्रयोग पनि हो ।

यसको बाहिरी आवरण लेखकको कल्पनाको आधार भए पनि रेखाचित्र भारतीय मित्र मानसिंहको सौजन्य हो । त्यसमा देखिने प्राकृतिक रूपको पहँलो आभाको रङ छ । त्यही रङ जनमत सङ्ग्रहमा पञ्चायती पक्षको थियो ।

कतिको तर्क पनि छ,'त्यो रङ नराख्नु पर्ने ।'

नदीभ्रैं निरन्तर बगिरहँदा भरत जङ्गका उपन्यास, निबन्ध, प्रबन्ध सङ्ग्रह, लेख, अन्तर्वार्ता, विचार र दृष्टिकोणहरू प्रकाशन भएका छन् । तिनीहरूमा गद्दीमा बस्नेहरूका काइले भरिएको आचरण, खिया लागेको विचार र व्यवहारका अन्तर्वस्तुहरूको वर्णन पाइन्छ ।

यश र कीर्तिलाई कलम अनि विचारबाट मात्र व्यापक बनाउन सकिँदैन । त्यही अनुरूपको कर्म चाहिन्छ । कर्मको प्रसङ्गमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ,' यो कर्मलोक हो, यहाँ कर्म गर । यहाँ शुभ कर्महरू गऱ्यौ भने तिमीले भगवान् भेट्न सक्ने क्षमता आर्जन गर्नेछौ ।' यो कुरा राम्ररी बुझेका भरत जङ्गमले धेरै शुभकर्महरू गर्नुभएको छ । देश र जनताका पक्षमा सदा क्रियाशील र जनकल्याणकारी कार्यमा लागिरहनुभएको छ ।

बहुमुखी प्रतिभाका धनी जङ्गम साहित्यकार, उपन्यासकार, पत्रकार, लेखक, प्रखर वक्ता, इतिहासकार, अन्वेषक, समाजसेवी, धर्मसेवी, संविधानविद्, भ्रष्टाचारविरोधी अभियन्ता हुनुहुन्छ । यही व्यक्तित्वको प्रभाव र दार्शनिक स्वरूपबाट भ्रष्टाचारविरोधी विज्ञानको जन्मदिन सक्नुभएको हो । भ्रष्टाचारविरोधी विज्ञानको प्रतिपादन गर्नुभएकाले मैले वहाँलाई दार्शनिक भनेर सम्बोधन गरेको छु । भ्रष्टाचारको विषयमा भरत जङ्गम भननुहुन्छ,'भ्रष्टाचार छु मन्त्रकी वाचाको शैलीमा नियन्त्रण गर्न सकिँदैन । यसको पक्षमा जनमत बढाउँदै लगेर नियन्त्रण गर्दै जान सकिन्छ ।'

भ्रष्टाचार विश्वव्यापी समस्या भए पनि यसबाट सबैन्दा पीडित नेपाल र नेपाली होलान् । देश दिनानुदिन भ्रष्टाचारको दलदलमा भासिँदै गएको छ । यही दलदलमा उम्रेको कमलको फूल हो 'भ्रष्टाचारविरोधी विज्ञान' । यो विज्ञानको उद्देश्य हो, यसको अध्ययन, अध्यापन र अनुसन्धान गर्दै भ्रष्टाचारविरोधी जनशक्ति निर्माण गर्दै लगेर भ्रष्टाचार नियन्त्रण गर्नु ।

यो विज्ञान (दर्शन) लाई विश्वका कतिपय विश्वविद्यालयहरूले आफ्नो पाठ्यक्रममा समावेश गरेको समाचार आइरहँदा लाग्छ, भरत जङ्गम विश्वको आकाशमा नक्षत्र बनेर चम्किरहनुहुने छ । यो नेपाल, अनि हामी सबै नेपालीका

लागि गौरवको विषय बनेको छ । विश्वको प्राज्ञिक थलोमा नेपालको शान र मान बढाएको छ । यसरी वहाँका लेखरचना र दर्शनबाट गौरवको अनुभूति गरिरहँदा वहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

भ्रष्टाचारविरोधी विज्ञान प्रतिपादन भएको २०-२२ वर्ष भइसक्यो । देशबाहिरका विश्वविद्यालयहरूले यसको पठनपाठन सुरु गरिसकेको खबर आइरहेको छ तर यतिका वर्षमा पनि देशभित्रका विश्वविद्यालयहरूले यसको पठनपाठन किन सुरु गरेनन् ? भन्ने प्रश्नको उत्तरको प्रसङ्गमा आफूले सामना गर्नुपरेको त्यो चुनौती कोट्याउँदै भरत जङ्गम भन्नुहुन्छ, 'नेपालका विश्वविद्यालयहरूमा परिवर्तन भएका प्रत्येक चान्सलर र भाइसचान्सलरको वरिपरि चक्कर काटिरहँ काटिरहँ । चक्कर काट्दा कति जोर जुत्ता फाटे हिसाबकिताब नै छैन । पैताला फाटे, तालुबाट पसिनाका धारा रोकिएनन्, तर पनि कसैले सुनेनन् । सबै चान्सलरहरूको एउटै जवाफ हुन्थ्यो, 'हाम्रा प्राज्ञहरू झोलामा किताब मात्र बोकेर आउदैनन्, जाँदा झोलाभरि पैसा बोकेर जान चाहन्छन् ।'

भरत जङ्गमका यी मर्मभेदी कथनले गर्ने सङ्केत स्पष्टै छ ? देशका प्राज्ञिक क्षेत्रसमेत भ्रष्टाचारमा डुब्दै गएका छन् । यसले अन्त्यमा देशलाई रसातलमा धसाउँदै लग्ने निश्चित छ । अब हामीले हेर्न त्यही बाँकी होला, बेहोर्न त्यही बाँकी होला ?

यस **शिरोवर्ती भरत जङ्गम** नामक ग्रन्थको फूलवारीमा, पत्रकार, विद्वान्, लेखक, साहित्यकारलगायत विभिन्न व्यक्तित्वहरूले भरत जङ्गमप्रतिका आफ्ना विचार सोच र धारणाका विभिन्न रङका फूलका विरुवाहरू रोपिदिनुभएको छ । ती सबैले यो फूलबारीको उत्तिकै शोभा बढाइरहेकाछन् । शोभा बढाउने सबैको सहयोगप्रति हार्दिक नमन गर्दछु, आभार व्यक्त गर्दछु ।

भरत जङ्गमका सबै सिर्जनाहरू उत्तिकै सशक्त र महत्त्वपूर्ण छन् । म प्रत्येक सिर्जनाको शैली उत्तिकै सुरम्य देख्छु, ती सबैबाट म अत्यन्त प्रभावित भएको छु । तीमध्ये 'कालो सूर्य' र 'भ्रष्टाचारविरोधी विज्ञान' विश्वमा बिस्तारित भएर नेपाल र नेपालीको गौरव बढाइरहेका छन् ।

यसरी देशको गौरव बढाउने कीर्ति सिर्जना गर्ने भरत जङ्गमप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यस्ता अरू धेरै सिर्जनाहरू सिर्जित हुँदै जाउन् भन्ने हार्दिक शुभकामना टक्र्याउँछु ।

प्रजापति तिमिल्सिना

प्रकाशकीय

भक्तपुरको टौमढी टोलमा २००४ साल मङ्सिर १० गते जन्मिई हाल काठमाडौँको बानेश्वरमा बसोवास गर्ने भरतमणि जङ्गम चिन्तक, पत्रकार, लेखक, साहित्यकार, समाजसेवी, इतिहासकार, संस्कृतिविद्, कानुनविद्, भ्रष्टाचारविरोधी सामाजिक अभियन्ता र भ्रष्टाचारविरोधी विज्ञानका प्रवर्तक हुनुहुन्छ । भ्रष्टाचार विरुद्धको अभियानमा २०२७ सालदेखि समर्पित हुनुभएका उहाँले विश्वप्राज्ञिक समाजमा २०७३ सालमा नेपालका तर्फबाट पहिलोपटक भ्रष्टविरोधी शास्त्र प्रदान गर्नुभएकाले विभिन्न विश्वविद्यालयहरूमा भ्रष्टताका विरुद्धमा अध्ययन-अध्यापन हुन थालेको छ । दार्शनिक भरतमणि जङ्गमबाट नवीन दर्शनका रूपमा विश्वले भ्रष्टविरोधी शास्त्र पाएकाले उहाँलाई भ्रष्टाचारविरोधी विज्ञानका पिता भनिन्छ । उहाँका विषयमा दुईवटा अभिनन्दनग्रन्थ र तीनवटा महाकाव्य प्रकाशित छन्, एक दर्जनभन्दा बढी शोधार्थीले शोधप्रबन्ध लेखेका छन् र विद्यावारिधि पनि गरिएको छ । उहाँलाई राष्ट्रिय स्तरको नागरिक अभिनन्दन दुईपटक गरिएको छ । उहाँ नेपालगौरव हुनुहुन्छ ।

भरतमणि जङ्गमका विषयमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' नाउँको पहिलो अभिनन्दनग्रन्थ २०६३ साल मङ्सिर १० गते हरि मञ्जुश्रीको सम्पादनमा प्रकाशन भएको थियो । त्यस बेला भरत जङ्गमको नाउँबाट मोती महोत्सव समारोह समिति गठन गरिएको थियो र मोती महोत्सव नेपालमै पहिलोपल्ट भरतमणि जङ्गमको ६० औँ वर्षमा मनाइएको थियो । त्यही समितिबाट प्रकाशित ९ सय ४४ पृष्ठको विशालकाय ग्रन्थको आधारभूमिमा त्यो ग्रन्थ प्रकाशन भएको १६ औँ वर्षमा प्रजापति तिमिल्सिनाले 'शिरोवर्ती भरत जङ्गम' नामक प्रस्तुत पुस्तक लेख्नुभएको हो । यस पुस्तकमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' भित्रका पाठ्यसामग्रीहरूको गुणवत्ताका विषयमा प्रभावपरक विवेचना गरिएको छ ।

कृतिनायक भरत जङ्गम र कृतिकार प्रजापति तिमिल्सिना दुवैजना शब्दयात्रा प्रकाशनका आजीवन सदस्य हुनुहुन्छ । त्यसैले यो पुस्तक प्रकाशन गर्नु शब्दयात्रा प्रकाशनको कर्तव्य नै हो । यस पुस्तकका लागि उहाँहरू दुवैप्रति म हार्दिक बधाई ज्ञापन गर्दछु ।

अन्त्यमा, यस पुस्तकका अक्षराङ्कक, भाषिक परिष्कारक, भित्री सज्जाकार, बाहिरी सज्जाकार, मुद्रक आदि सबैप्रति धन्यवाद व्यक्त गर्दछु ।

– हरि मञ्जुश्री

अध्यक्ष : शब्दयात्रा प्रकाशन

विषयसूची

परिच्छेद : एक
खण्ड एक
भरत जङ्गमको सङ्क्षिप्त जीवनी र व्यक्तित्व

भरत जङ्गम : कालो कथाको जालो तोड्ने...	अच्युतरमण अधिकारी	१
भरत जङ्गमको व्यक्तित्व	इन्द्र उपाध्याय	६
कलमक्रान्तिका योद्धा	मदनमोहन डि.सी.	१७
धैर्य, क्षमता र क्रियाशीलताका उदाहरण	विनोद पौडेल 'काभ्रेली'	२३

परिच्छेद : दुई
खण्डः एक
परिवार र स्वजनका दृष्टिमा भरत जङ्गम

आत्मनिर्णय, आत्मानुशासन र...	अनुप जङ्गम	२८
बत्तीस वर्षदेखिको सहयात्रा	इन्दिरा जङ्गम	३२
भ्रष्टाचार विरुद्ध विज्ञानका प्रतिपादक	ईश्वरराज जङ्गम	३६
मेरो आँखामा चित्रकार दाजुको चित्र	गायत्री जङ्गम बस्नेत	३८
मेरा माइला बुबा	ज्योति जङ्गम	४०
एक पूर्णताप्राप्त व्यक्तित्व	दीपक जङ्गम	४१
जङ्गम परिवारका नायक	प्रा. ध्रुवप्रसाद पौडेल	४४
कर्मठ व्यक्तित्व	पुष्कर जङ्गम	४५
समाजको भलो गर्ने अगुवा	पुजनमणि जङ्गम	४७
बोल्ने पशुपतिनाथ	प्रभादेवी देवकोटा	४९
लगनशीलता, गतिशीलता र...	भोलामानसिंह थापा	५१
लेख्न नसकिने व्यक्तित्व	मदन प्रसाद जङ्गम	५४
मानवीय जीवनका प्रेरक व्यक्तित्व	महेश्वर जङ्गम	५७
सबै जङ्गमका अभिभावक	रक्षा जङ्गम	५९
जङ्गम प्रतिष्ठानका उन्नायक	रमेश जङ्गम	६३
साठी वर्षका तन्नेरी	शोभा के सी	६५
साहस र परिश्रम नै अविभाज्य गुण	सावित्री जङ्गम थापा	६७
जङ्गमहरूका पुनर्जागरणकर्ता	सुदर्शन शर्मा	७१

परिच्छेद : दुई
खण्डः दुई
छिमेकी र भरत जङ्गमको अन्तर्सम्बन्ध अमूर्त

विषयसँग जुध्नेको बाल्यकाल	अनन्तप्रसाद धौभडेल	७४
विद्रोहको प्रारम्भ यसरी भयो	कुलचन्द्र लामिछाने	७७
बाल्यकालका मेरा मित्र	कृष्णमुरारि चालिसे	८२

भ्रष्टाचार विरोधी शिक्षाका प्रेरक	गोविन्दनाथ पाण्डेय	८५
किशोर भरत जङ्गमको सामाजिक...	जगन्नाथ लामिछाने	८७
सबै क्षेत्रमा अघि	ध्रुव सापकोटा	८९
साहित्यमा हामी जोडी हात्ती	परशु प्रधान	९२
सहयोगी भावनाले ओतप्रोत व्यक्ति	भैयाराम कार्की	९७
सच्चा मित्र असल छिमेकी	रामकृष्ण पाठक	९९
छिमेकी म : बहुआयामिक व्यक्तित्वको	रुद्रनाथ शर्मा	१०१
बानेश्वरको नेपाली चौतारी	शैलेन्द्र साकार	१०५
स्वच्छ मानसिकताका धनी	सुधिरनाथ नेवाः	१०७

परिच्छेद : तीन

खण्ड : एक

भरत जङ्गम र आध्यात्मिक चिन्तन

भरत जङ्गमको सेतो आत्मा	डा. कमलमणि बराल	१०९
शिवभक्त भरत	पण्डित कृष्णप्रसाद खनाल	११२
भगवान् शिवजीका उपासक	ताराचन्द्र न्यौपाने	११५
धर्मसंस्कृतिका क्षेत्रमा सुन्दर आभूषण	बाबा विश्वनाथ	११७
आध्यात्मिक व्यक्तित्वका धनी	बालहरि चालिसे	११८
धर्म, संस्कृति र सत्सङ्गका पक्षधर	मधुसूदन सुवेदी	१२०
कर्मयोगी धर्मात्मा	विष्णुलोचन न्यौपाने	१२५
लिङ्गायत सम्प्रदायका संवाहक	शारदा उपाध्याय	१२७
आध्यात्मिक क्षेत्रमा पनि कलम चलोस्	बालगोपाल रिसाल	१२९
आध्यात्मिक जीवनशैली	शिवशरण राजभण्डारी	१३०
आध्यात्मिक चेतनपुञ्ज	स्वामी सत्यव्रत	१३२

परिच्छेद : तीन

खण्ड दुई

भरत जङ्गमको समाजसेवी कार्यको विवेचना

सामाजिक र धार्मिक सेवाका...	देवी राउत	१३५
एक सफल अभिभावक	न्युटनप्रसाद सुवाल	१३८
सामाजिक सुधारका विचारक	प्रेमप्रसाद काफ्ले	१४०
राष्ट्रिय स्वाभिमानका प्रखर वक्ता	मीना सुवेदी	१४२
राष्ट्र सेवक तथा कर्तव्यनिष्ठ व्यक्ति	जनरल रविशमशेर	१४४
अध्यात्म, समाजसेवा र सिर्जनाका...	शङ्कर पौडेल	१४६
धनेश्वर क्षेत्रका सबल स्तम्भ	सकुल थापा	१४९
सामाजिक गुठीका नेता	सगुन शाह	१५२
महान् समाजसेवी	सुरेन्द्रसिंह कार्की	१५४
कटिबद्ध समाजसेवी	डा. स्वामी प्रपन्नाचार्य	१५६

परिच्छेद : चार

खण्डः एक

इतिहास, पुरातत्त्व र अनुसन्धानका क्षेत्रमा भरत जङ्गम

पुख्यौंली इतिहासबाट बनेका...	ओमप्रसाद धौभडेल	१५७
सामाजिक स्थितिका ममज्ञ	कृष्णलाल प्रधान	१६२
वीरशैव र जङ्गमबीचको सम्बन्ध	डा. गोविन्द टन्डन	१६४
अनुसन्धानात्मक, साहचर्य	डा. पुरुषोत्तम श्रेष्ठ	१७०
नेपाली समाज-संस्कृतिमा जङ्गम...	पूर्णप्रकाश नेपाल यात्री	१७४
नेपालको एक मात्र शैवकेन्द्र	विनोदराज शर्मा	१८१
ऐतिहासिक महत्त्वको नेपाली...	सत्यमोहन जोशी	१८४
ऐतिहासिक क्षेत्रको सुपरिचित नाम	डा. सफल अमात्य	१८६
सङ्घर्षात्मक प्रवृत्तिको अभाव	हरिराम जोशी	१८८

परिच्छेद : पाँच

खण्ड एक

मान्छे कालो भए पनि मन सेतो	कृष्णप्रसाद बास्कोटा	१९०
नेपालको शान, मान र गौरव	कैलास भण्डारी	१९३
पचास प्रसङ्गभित्रका केही धारणाहरू	डा. चेतबहादुर कुवँर	१९७
नवीन सोच र प्रयोगका उद्घोषक...	डिल्लीराम निर्भीक	१९९
कुशल र व्यावसायिक पत्रकार	दुर्गानाथ शर्मा	२०३
'पचास-प्रसङ्ग' लेख्न सक्ने कलमवीर	रामचन्द्र अधिकारी	२०६
शब्दहरू कहिल्यै हार्दैनन्	विमल भौकाजी	२०८
नेपाली पहिचान	हरि लम्साल	२१०

परिच्छेद : पाँच

खण्ड :-दुई

भरत जङ्गमका साहित्येतर कृतिहरूको अध्ययन

कार्यकर्ताको मतिष्क आन्दोलित...	गणेशमान सिंह	२१२
नेपाली काङ्ग्रेसका कार्यकर्ताका...	गिरिजाप्रसाद कोइराला	२१३
नेपाली काङ्ग्रेसको सामान्य ज्ञान...	दीनबन्धु अर्याल	२१४
नवीन विचारक र व्याख्याता	बेनीबहादुर कार्की	२१८
नेपाली काँग्रेसले उहाँको भावना बुझेन	योगप्रसाद उपाध्याय	२१८
प्रजातान्त्रिक समाजवादका विचारक	रामचन्द्र पौडेल	२२१
साहित्यिक व्यक्तिको राजनीतिक घोल्याइँ	शिखर पोखरेल	२२२
वैचारिक आन्दोलनका जागरुक र निडर...	डा. सुरेन्द्र के.सी	२२४

परिच्छेद : छ

खण्ड : एक

भरत जङ्गमको प्रशासनिक योगदान

प्रशासनिक क्षेत्रमा गरिएको योगदान	विदुर के.सी	२२९
राष्ट्रिय पोसाक र भरत जङ्गम	हरिगोपाल प्रधान	२३५

परिच्छेद - छ
खण्ड : दुई
कानुनी क्षेत्रमा भरत जङ्गमको योगदान

पीत पत्रकारिता विरुद्धको कानुनी लडाइँ	उत्तमप्रसाद सापकोटा	२३७
ऐतिहासिक कानुनी व्यक्तित्व	चन्द्रकान्त ज्ञवाली	२४३
नेपालमा जन्मिएका विश्वपुरुष	दुर्गाप्रसाद पाण्डेय	२४५
कानुनी शासनको स्थापनाका लागि...	पुष्कर गजुरेल	२५१
न्यायिक क्षेत्रको मैदानका योद्धा	राजकुमार थापा	२५४
न्यायिक कोष ऐन, २०४३ लागु गर्ने...	राजेन्द्र सुजबू	२५७
कानुनी क्षेत्रबाट भ्रष्टाचारको विरोध	विश्वकान्त मैनाली	२६०

परिच्छेद : सात
खण्ड : एक
भरत जङ्गमद्वारा सञ्चालित भ्रष्टाचार विरोधी अभियानको विश्लेषण

देशले पछिसम्म सम्झिरहने छ	कृष्णवल्लभ काफ्ले	२६२
भरत जङ्गमको कार्ययोजना स्वीकार...	खगेन्द्र जिसी	२६५
भ्रष्टाचार विरोधी अभियान : एक समय...	आचार्य खेमराज केशवशरण	२६८
व्यक्ति एक : रूप अनेक	डा. गङ्गाप्रसाद अकेला	२७१
भ्रष्टाचार विरोधी अभियानका प्रणेता	गीता मैनाली	२७६
भ्रष्टाचारविरोधी आन्दोलनमा पत्रिका...	गोविन्दबहादुर थापा	२७८
भ्रष्टाचार विरोधी अभियानकर्ता	जीवराम भण्डारी	२८३
भ्रष्टाचारका प्रखर विरोधी	डा. डी.पी अधिकारी	२८६
भ्रष्टाचारमुक्त समाजको स्थापना	ध्रुव निरौला	२८८
भ्रष्टाचारविरोधी अभियानका सूत्रधार	नवराज सुवेदी	२९०
भ्रष्टाचार विरुद्धको शोधपत्र	प्रकाश भट्टराई	२९२
भ्रष्टाचार विरोधका राष्ट्रिय अभियन्ता	प्रद्युम्न चालिसे	२९४
ऐतिहासिक महत्त्वका व्यक्तित्व	पासाङ गोपर्मा	२९७
राष्ट्रनिर्माणका लागि अपरिहार्य व्यक्तित्व	डा. पुण्यप्रसाद दङ्गाल	२९९
भ्रष्टाचार विरोधी अद्वितीय प्रतिभाका...	श्री भद्रकुमारी घले	३००
अझ सशक्त हुनुपर्ने भरत जङ्गमको...	भरत कोइराला	३०२
धेरै क्षेत्रमा क्रियाशील व्यक्तित्व	यादव खरेल	३०४
नेपालका लागि अनुपम उदाहरण	रामहरि शर्मा	३०६
भ्रष्टाचारमुक्त समाजका परिकल्पनाकार	वसन्त गौतम	३०८
भ्रष्टाचार विरुद्ध सुशासनको खोजी	विनोद ढुङ्गेल	३११
भ्रष्टाचार-विश्लेषणका पहलहरू	विपिनकुमार आचार्य	३१७
कालजयी दुई पक्ष	श्रीभद्र शर्मा	३१९
जनतालाई माया गर्ने एउटा क्रूर मान्छे	स्वागत नेपाल	३२१

परिच्छेद : सात
खण्ड : दुई
भरत जङ्गम र भ्रष्टाचार विरोधी विज्ञान

कर्तव्यनिष्ठ सुयोग्य नागरिक	अङ्गुरबाबा जोशी	३२४

मनोक्रान्तिका संवाहक	इन्दिरा श्रेष्ठ	३२६
भ्रष्टाचार- निवारणका क्षेत्रमा समाजका...	डा. खगेन्द्रनाथ शर्मा	३२८
सत्य सबैलाई हजम हुँदैन	चन्द्रकला नेवार	३३०
भ्रष्टाचार विरोधी साधक	डा.पन्नाकाजी अमात्य	३३२
परिवर्तित अवस्थामा भ्रष्टाचार...	पी वी पोखरेल	३३६
खसोखास कुरो	बद्रीनाथ शर्मा पौडेल	३३९
व्यवस्थापन शिक्षामा भ्रष्टाचार सम्बन्धी...	डा. भुवप्रसाद त्रिपाठी	३४०
भ्रष्टाचार विरोधी अभियन्ता	रामचन्द्र न्यौपाने	३४४
वीरोचित श्रेयष्कर कार्य	विष्णुगोपाल रिसाल	३४६
भ्रष्टाचार विरुद्ध विज्ञानको विकासमा...	डा. विहारीविनोद पोखरेल	३४८
भ्रष्टाचार सम्बन्धी विषयवस्तुले...	प्रा.डा. सर्वज्ञ मल्ल	३५०

परिच्छेद : आठ

खण्ड : क

'भरत जङ्गममाथि कवितात्मक उद्‌गार

नेपालको भविष्य नै तिम्रो हातमा छ	कवि इन्द्रप्रसाद गौतम	३५३
मित्र	कञ्चन पुडासैनी	३५५
भरत जङ्गम राष्ट्रविभूषण	कविप्रसाद प्याकुरेल	३५६
देखौँ सधैँ मङ्गल	मदनमोहन मिश्र	३५८
वीर भरत जङ्गमलाई धन्यवाद	मुक्तिनाथ शर्मा	३५९
भरत जङ्गम शेर हुँकार्दछन्	रमेश खकुरेल	३६०
जङ्गमका कृति	राधेश्याम भट्टराई	३६१
यस्तै जुझारु व्यक्तित्व फुल्नुपर्दछ राष्ट्रमा	श्रीराम पौडेल	३६२

परिच्छेद : आठ

खण्ड : दुई

भरत जङ्गमप्रतिको चिन्तन अक्षरका...	इन्दिरा प्रसाई	३६५
बहुआयामिक व्यक्तित्व	प्रा. ऐश्वर्यलाल प्रधानाङ्ग	३६८
भरत जङ्गमको जन्मदिवस	कृष्णचन्द्रसिंह प्रधान	३७१
मेरा हक्की मित्र	कोषराज न्यौपाने	३७५
व्यावहारिक क्रान्तिकारी व्यक्तित्व	नवराज अधिकारी	३७८
कर्मयोगी र परिकल्पनाकार	हरि मञ्जुश्री	३८०
मेरो मनबाटै सलाम	हरिमाया भेटवाल	३८४

परिच्छेद :- नौ

खण्ड :- एक

भरत जङ्गमसँगका स्मरणहरू

मैले पाएको सहयोग	कमलराज रेग्मी	३८६
भ्रष्टाचारी हो, सावधान ! जङ्गम...	केदार कोइराला	३८९
'कालो सूर्यको अनुवाद-प्रसङ्ग'	प्रा. गीता उपाध्याय	३९१

पाँच प्रसङ्ग : पाँच विशेषता	गीता मञ्जुश्री	३९४
एक्लो युधिष्ठिर	डा. घनश्याम खतिवडा	३९७
हामी नै ठुला सम्पत्ति	डा. घनश्याम राजकर्णिकार	३९९
भरत जङ्गम जिन्दावाद !	चटयाङ मास्टर	४००
मसँग मिल्दाजुल्दा साहित्यिक यात्री	डाइमनशमशेर राणा	४०२
जङ्गम-निवासको जमघट	नगेन्द्रराज शर्मा	४०३
विविधतापूर्ण सक्रियताका पर्याय	नरहरि आचार्य	४०५
कालेका भिनाजु	नरेन्द्रराज प्रसाई	४०९
कर्मयोगी पिताका कर्मयोगी पुत्र	नारायणप्रसाद/शान्ति मिश्र	४१२
भरत जङ्गमको खोजी	निवेदनकुमार ढकाल	४१४
कलमवीरको कलमको कमाल	मदन ढकाल	४१६
होचा कदका अग्ला व्यक्ति	मधुसूदनप्रसाद घिमिरे	४२०
आदर्श नेपालको परिकल्पनाकार	माया ठकुरी	४२१
बालबालिकाका असल साथी	रश्मी मञ्जुश्री अधिकारी	४२२
भावनाभरि भद्र भरत जङ्गम	सुश्री रोजी सिंह	४२३
मिलनसार व्यक्तित्व	लक्ष्मी उप्रेती	४२६
नेपाल आमाका सपूत	विद्यादेवी देवकोटा	४२७
'कालो सूर्य' लेख्ने तेजिला सूर्य	विष्णु प्रसाई	४३०
गौरवशाली उपन्यासका स्रष्टा	सुन्दरप्रसाद शाह 'दुःखी'	४३३
मलाई मन पर्ने व्यक्ति	सूर्यबहादुर पिवा	४३५
बिर्सिनसक्नु एउटा दन्त्यकथा	होमनाथ सुवेदी	४३७
साहित्यबाट टाढिएको मन कुँडिएको छ	ज्ञानुवाकर पौडेल	४४३

खण्ड दुई

भरत जङ्गमका साहित्यक कृतिहरूको विश्लेषण

कालो सूर्य : एउटा हाँक, एउटा क्रान्ति	आर. डी. 'प्रभास' चटौत	४४५
दुःसमयको रेखाचित्र	इमरान शाह	४५८
कालो सूर्य : सङ्क्षिप्त विवेचना	डा. खेमनाथ कोइराला	४५९
'कालो सूर्य' भित्र प्रकाशको खोज	गीता केशरी	४६८
'कालो सूर्य' एक्लो प्रयास	चिजबहादुर गुरुङ 'शिव'	४७१
'कालो सूर्य' भनेको खग्रास ?	डा. दयाराम श्रेष्ठ	४७२
मेरो पहिलो समीक्षा 'कालो सूर्य' माथि	ध्रुव मधिकर्मी	४७४
सन् १९८० को माइलस्टोन ?	नकुल काजी	४७६
'कालो सूर्य' बाट निस्केका मनका...	भागीरथी श्रेष्ठ	४८०
'कालो सूर्य' को सेतो सन्देश	भुवन के.सी	४८२
भरत जङ्गमको देश चिनाउने उपन्यास	लक्ष्मी अधिकारी 'वर्तमान'	४८४
'कालो सूर्य' ससर्ती हेर्दै	डा. वासुदेव त्रिपाठी	४८५
'कालो सूर्य' मेरो सहयोगी उपन्यास	विश्वेश्वरप्रसाद कोइराला	४९०

'कालो सूर्य' माथिका केही प्रतिक्रियाहरू	शिशिर शर्मा	४९१
गौरवको विषय	शेरबहादुर देउवा	४९६
सन्दर्भः व्यूहचक्रमा पाइने विकृति...	डा. कुलप्रसाद कोइराला	४९६
'चक्र' सँगै एक फन्को	माधव भण्डारी	५०२
व्यूहचक्रबाट चक्रव्यूह भेदन	राजेन्द्र सुवेदी	५०४
'कालो सूर्य' र 'व्यूहचक्र'	विनोद शर्मा	५०८
भरत जङ्गमको सप्तरङ्गी 'सूर्य-व्यूह'	शशी भण्डारी	५११
रातो घाम : उपन्यास होइन नोबेल	रामलोचन झा	५१५
मेरो दृष्टिमा 'रातो घाम'	वेदानन्द झा	५१९
'रातो घाम' उपन्यासको सङ्क्षिप्त विचरण	डा. शैलेन्द्रप्रकाश नेपाल	५२०
प्रसङ्ग हिन्दी अनुवादको	डा. रामदयाल राकेश	५२७
लेखनी र पूजा	डा. अरूणा उप्रेती	५३०
नेपाली उपन्यास क्षेत्रको सशक्त नाम	अशेष मल्ल	५३१
भरत जङ्गमका उपन्यासहरूप्रति सूक्ष्म दृष्टि	कमला न्यौपाने	५३४
भ्रष्टाचार विरोधी साहित्यिक व्यक्तित्व	प्रमोद प्रधान	५३६
उपन्यास लेखन प्रयोगधर्मी उपन्यासकार	विष्णुविभु घिमिरे	५३८
'कलमको सम्बन्ध'	डा. शास्त्रदत्त पन्त	५३९
अपव्याख्याप्रति कटाक्ष	शिवप्रसाद सत्याल 'पीठ'	५४१
भरत जङ्गमका कृतिहरूको मूल मर्म	डा. हरिभक्त न्यौपाने	५४२
फेरि उपन्यासहरू आउन्	हिरण्य भोजपुरे	५४५
भरत जङ्गमको कविता, गीत, गजल...	प्रयागराज वाशिष्ठ	५४६

परिच्छेद : दस

खण्ड :- एक

कृति र कार्यका आधारमा भरत जङ्गमको समग्र मूल्याङ्कन

लोकप्रियताले विशिष्ठ स्थानमा	ईश्वर वल्लभ	५५०
धुलिखेलको आयस्रोत बढाइदिने व्यक्तित्व	उदय भूषण	५५२
भोलिको पुस्ताले बिर्सन नसक्ने व्यक्तित्व	ऋषिबाबु परियार	५५३
नचिनेका तर चिनेका व्यक्तित्व	एस.पी आशा	५५५
चिन्तनशील, बौद्धिक र तार्किक उपन्यासकार	कृष्ण जोशी	५५७
द्रष्टा व्यक्तित्व उद्वेलित सफल स्रष्टा	प्रा. केदार न्यौपाने	५५८
बहुमुखी प्रतिभाका धनी व्यक्तित्व	केशरी बज्राचार्य	५६०
पीडित तर हिम्मतिला व्यक्ति	कोमलप्रकाश घिमिरे	५६२
उर्दुमा अनुवाद	ख्वाजा मोअज्जम शाह 'रजा नियाजी'	५६५
सुधारक र विद्रोही	गणेशबहादुर थापा	५६६
समाज र राष्ट्रका लागि बाँचेका व्यक्ति	गुलावजी महाराज	५६८
शङ्का अझै मरेको छैन	गोकर्णदेव पाण्डे	५६९
'कालो सूर्य' को उज्यालो घाम	गोविन्द गिरी 'प्रेरणा'	५७१

भरत जङ्गम अन्तर्राष्ट्रिय राजनीतिमा	जयदेव भट्टराई	५७२
नथाकीकन हिँडिरहने व्यक्तित्व	डा. जयराज आचार्य	५७४
राष्ट्रवादका हिमायती	ठाकुर बेल्बासे	५७५
सरलता, गम्भीरता र उदारताका सङ्गम	डा. तुलसी भट्टराई	५७७
नेपालका एक्स्ट्रा अर्डिनरी व्यक्तित्व	दामोदर गौतम	५८०
अनुकरणीय पुरुषार्थी	द्वारिकाराज उप्रेती	५८१
दृढ इच्छाशक्तिका खानी	नवराज कार्की	५८३
विश्व साहित्यको फाँटमा उभिन सफल...	पद्मावती सिंह	५८५
स्मृतिमा अल्झिएको छवि र अभिव्यक्ति	पीताम्बरा उपाध्याय (पीयूष)	५८७
हिलोमा फुलेको कमलको सुन्दर फूल	पूर्णमान तपोल	५९१
निःस्वार्थ समाजसेवी	प्रतिसरा सायमी	५९३
युवा साहित्यकारलाई माया गर्ने स्रष्टा	प्रद्युम्न जोशी	५९५
जहाँ त्रुटि देखियो, त्यहाँ जङ्गम भेटियो	बद्रीलाल श्रेष्ठ	५९७
सार्वकालिक उपन्यास	भुवन ढुङ्गाना	६०२
अनुभव एवं अभ्यासका अभेद्य पहाड	मनुजबाबु मिश्र	६०४
साहित्यमा नौलो कीर्तिमान	राष्ट्रकवि माधवप्रसाद घिमिरे	६०६
प्रेम र सद्भावनाखातिर समर्पित व्यक्तित्व	डा. माधव भट्टराई	६०७
सार्थकताको खोजीमा	मोहन दुवाल	६०९
साहित्यका बहुमूल्य निधि	डा. मोहन हिमांशु थापा	६११
सर्वोपरि स्रष्टा	रवीन्द्र चक्रवर्ती	६१२
राष्ट्रवादी चिन्तकलाई नमस्कार	राजेश्वर देवकोटा	६१४
समय नहुँदै उदाएको सूर्य	राधा शर्मा	६१५
मित्रलाई ठाडठाडै	रामकुमार पाँडे	६१७
साहित्यिक, सामाजिक र राजनीतिक...	रामनारायण देव	६१९
नेपाली साहित्यले पाएको सौभाग्य	राममान त्रिषित	६२१
बिर्सनै नहुने सर्जक	रामशरण खड्का	६२३
कर्मठ, विचारवान् र क्षमतावान्	लोकेन्द्रबहादुर चन्द	६२७
हेर्ने आँखा आ-आफ्नै	वसन्तकुमार शर्मा नेपाल	६२८
सृष्टिभित्रका साँच्चैका मान्छे	विश्वबल्लभ	६३०
'कालो सूर्य' बाट कालजयी	डा.विष्णुराज आत्रेय	६३२
राष्ट्रिय चर्चाका व्यक्तित्व	शान्तदेव भट्टराई	६३४
जागरुक नेपाली व्यक्तित्व	श्यामदास वैष्णव	६३५
भ्रष्टाचार विरुद्ध गतिमान् व्यक्तित्व	सोमनाथ सुवेदी	६३७
राजनीतिक उपन्यासकार	हिरण्यकुमारी पाठक	६३८
चिन्तनका उर्वर फाँट	हेमराज दहाल	६३९
सबै क्षेत्रका एक प्रतिभा	हेम हमाल	६४०

परिच्छेद : एक

खण्ड एक

भरत जङ्गमको सङ्क्षिप्त जीवनी र व्यक्तित्व

"म भरतजीको बोली र व्यवहारमा निर्भीकता देख्छु । त्यसैले उनका जीवनका पाइलाहरू विश्वस्त भएर चले सफलताको शिखर चुम्न । जब पाइला विश्वस्त भएर चल्छन् तब जीवन लक्ष्यबाट भीषण हानिका शृङ्खलाहरू हराएर जान्छन् ।"

भरत जङ्गम : कालो कथाको जालो तोड्ने सबल तारा

अच्युतरमण अधिकारी

"बाँच्न जान्नेहरूका लागि जीवन र मृत्यु दुवै अति कलात्मक हुन्छन् । अनि ऊ स्वयं जीवनलाई अझ कलात्मक बनाउन खोज्छ । मृत्युलाई हराउँछ, मृत्यु पाश फुकालिदिन्छ । पाश फुकालिदिएपछि मृत्यु आँफै हार्छ । हारेको मृत्युलाई आफ्ना निधिहरूमा सजाउँछ । अनि ऊ बन्छ कालजयी । यसरी नै मृत्युलाई हराएर कालजयी बन्न सफल व्यक्तिको नाम हो भरत जङ्गम ।"

उनको कलात्मक जीवनमा थुप्रै निधिहरू छन् । तिनै निधिहरूले जीवनलाई अझकलात्मक पारिराखेका छन् । उनी मृत्युसँगको युद्ध कलामा निपुण भएर होला सदा विजयी रहेकाछन् । कालजी विजयीको व्यक्तित्वको कवज भिर्न सफल भएकाकारण उनी सधै खुसी देखिन्छन् ।

"धेरै र सुत्नेको आँटेको पुग्दैन ।" यो नेपाली लयमा बोलिने श्लोक हो अथवा टुक्का । गहिरिएर हेर्दा श्लोकजस्तो लाग्छ । त्यसैले होला भरत जङ्गम अबेरसम्म बिस्तारा समातेर नबस्ने । सबेरै उठेर अन्तर्शरीरको

नित्यकर्मपछि बाहिर निस्कने बानी छ उनको । पूर्वको लाल डोरो उनको पछि पर्छ । अनि सबैलाई जागा हुने प्रेरणा दिँदै निस्कन्छन् ।

बिहानको स्वर्णीम प्रकाशले स्पर्श नगरेको मानिस स्वर्णीम बन्न सक्दैन । अर्थात् गतिवान् र जीवन्त बन्न सक्दैन । नित्य ब्रह्ममुहूर्तमा उठ्ने जङ्गम गतिवान्, ऊर्जाशील र जागरुक रहनुको रहस्य उनको साधना नै हो । उनी आफूले देखेका भोगेका अनुभवहरू घामले किरण छरेझैं सर्वत्र छर्न सिपालु छन् । कलाका साधक, कुशल वक्ता, एवं साहित्यकार म अझ भन्छु बहुविधाका कलाकार जङ्गम विद्रोहात्मक प्रकृतिले भरिएको 'कालो सूर्य' भित्रका प्रकाश पुञ्जक लेखकका रूपमा आफूलाई स्थापित गर्न सफल भएका छन् ।

आजभन्दा लगभग ७४ वर्ष पहिले भक्तपुरको टौमडी टोलमा आर्थिक हिसाबले बलियो तर खेतिपाती गरेर खाने परिवारमा माइलो सन्तानका रूपमा जन्मेका भरत जङ्गममा आत्मनिर्णयमा अटल रहने क्षमता छ । त्यही क्षमताले उनलाई समुन्नत, सभ्य, सुसंस्कृत र शोषणरहित समाजको परिकल्पना र चिन्तनमा समर्पित हुन प्रेरणा दिइरहेको छ । छलफलको क्रममा उनी भन्छन्, 'म संलग्न हुनेगरेको पत्रकारिता होस्, या सामाजिक कार्यमा होस् या राजनीतिक वा आर्थिक, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक र भ्रष्टाचार विरोधीलगायत आफूले गरेको कल्पना सर्वतोमुखी मानव कल्याण हो । हुँदै पनि आएको छ ।'

यी विधाहरूमा उनी उत्तिकै दूरदृष्टिवान् चिन्तक पनि देखिन्छन् । यो कुरा साहित्यका विधाहरूमा पनि झल्कन्छ । मलाई लाग्छ यस प्रकारको चिन्तन उनको अन्तरात्मामा नै छ ।

उनका लेखहरू मलाई सङ्गीतजस्तो लाग्छन् । जसरी सङ्गीतले मानवीय प्रसङ्गहरूको सम्बन्धको गहिराइसम्म छुन्छ, त्यसरी नै उनका शब्दका मर्महरूले आम नागरिकहरूलाई नै झकझक्याइदिन्छन् ।

उनका विशेषताहरूको परिचय दिने क्रममा वरिष्ठ समालोचक सहप्राध्यापक अच्युतरमण अधिकारी लेख्छन्, 'सामाजिक जागरणका लहरहरूमा

घुम्दैफिर्दै र खेल्दै आएका सामाजिक सचेतक हुन् भरत जङ्गम । त्यही यथार्थमा देखिने लहरहरूका प्रहारलाई समाउने आफ्ना साधनको सचेत साधक पनि हुन् उनी ।'

त्रिभुवन विश्वविद्यालयबाट स्नातकसम्मको अध्ययन पूरागरेका भरत जङ्गमको मानवसेवा जीवनको प्रमुख मार्ग हो । जब उनी कसैका आँखामा दुःख देख्छन् तब उनको मनले मान्दैन । उनी आत्मादेखि नै सेवामा प्रयत्नरत हुन्छन् । म भन्छु उनी धर्ता हुन् । उनी आफ्नो मनभित्र सधै सेवा बोकेर हिँड्छन् ।

अच्युतजी भन्छन् भरत जङ्गमको निर्वाहमुखी र पैतृक कर्म भनेको कृषिकर्म हो । उनी परम्परादेखि यही कर्मबाट जीवन निर्वाह गर्दै आएका छन् । उनले २०१८ सालदेखि केही समयको लागि रेडियो नेपालमा सेवा गरे तर त्यो सेवा स्वार्थमुखी थियो । सहज प्रकृति नै नमिलेकाले रेडियो नेपालका कामले दीर्घता पाउन सकेन । जङ्गमले उद्योग व्यवसाय पनि सञ्चालन गरे तर त्यसमा पनि लामो समय संलग्न भइरहन सकेनन् ।

कसैसँग आश्रित नभएका आश्रितहरूको सेवा नै सही परोपकार हो । अनाथ कमजोर असहायहरूको सेवामा लागेका व्यक्ति र संस्थाहरूको प्रसङ्ग कोट्याउँदै अधिकारी भन्छन्, 'उपत्यकाका धेरै विद्यालयमा अध्ययन गरेका त्यस्ता बालबालिकाहरूको सेवामा संलग्न छन् भरत जङ्गम तर अभिलेख राख्ने सर्तमा होइन । भरत जङ्गमले २०१३ सालमा घरमै बालविकास पुस्तकालय २०१९सालमा 'भीमसेनगोला पुस्तकालय' (जुन पछि सार्वजनिक पुस्तकालयका रूपमा परिणत भयो),२०४३ सालमा जङ्गम छात्रवृत्ति कोषको स्थापना गरे । यसपछिका उनीद्वारा स्थापित परोपकारी संस्थाहरूको भने अभिलेख छ ।

अन्याय अत्याचारलाई बज्रचोट दिन सक्ने भरत जङ्गमको हृदय मुलायम छ, कोमल छ । पुष्पपत्रजस्तै नरम मन, हृदयमा कोमलता, मुहारमा करुणता, शरीरमा लालित्य र आवाजमा मधुरता झल्कन्छ । नम्रताका नमुनाहरूको उत्प्रेरणाले जगाएको होला लेख्ने प्रेरणा । उनीभित्र जति जागेका सुन्दर प्रेरणादायी भावहरू प्रतिकूल अवस्थामा पनि अवरुद्ध भएनन् ।

लेखन उत्प्रेरणा सम्बन्धमा अधिकारी अगाडि लेख्छन्, 'उनको वरपरको र पारिवारिक वातावरण पनि प्रेरक थियो । स्वशैक्षिक चेतना र बन्धुबान्धवहरूको प्रेरणा पनि थियो । रेडियो नेपालमा बालकार्यक्रम सञ्चालन गर्दाको उत्प्रेरणा उनका लागि बढी प्रेरक बन्यो । २०२५ सालमा संलग्न पत्रकारिताले झन् प्रेरणा थप्यो । अझ भनौं उनको मनमा र लेखनमा आन्दोलन नै ल्याइदियो ।

जङ्गमका प्रकाशित कृतिहरूको सन्दर्भमा २०१८ सालमा एउटालेख रेडियो नेपालबाट प्रसारण भएको थियो । २०२४ सालमा गोरखापत्रमा दोस्रो लेख प्रकाशित भयो । त्यसपछि 'कालो सूर्य' २०३६, 'चक्रव्यूह' २०४१, रातो घाम २०५०, उपन्यासका रूपमा प्रकाशित भएभने पचास प्रसङ्ग २०५० र भ्रष्टाचार वैचारिक आन्दोलन २०६१ प्रबन्ध सङ्ग्रह प्रकाशित भए । यिनका प्रकाशित अन्य कृतिमा नेपाली काङ्ग्रेसको सामान्य ज्ञान २०५१ ऐतिहासिक यथार्थ रहेको छ भने भरत जङ्गमका विचार र दृष्टिकोण २०६२ अन्तर्वार्ता सङ्ग्रह रहेका छन् ।

मेरो विचारमा कृतिको सबैभन्दा ठुलो विशेषता बहुभाषामा फैलनु हो । म उनको क्षमताभित्र प्रगल्भता देख्छु । समय सापेक्ष मानवीय जीवनका हरेक अङ्गहरूलाई अँगाल्न सक्ने क्षमता देख्छु । चिन्तनको झुलामा झुल्नसक्ने क्षमतामा सिर्जनाहरू लहलह मौलाएको देख्छु । भरत जङ्गमलाई उनको कृतिको विशेषतामा जोड्दै अधिकारी अगाडि लेख्छन्,'सरलताले सुमसुम्याएका, कोमलताले थुमथुम्याएका यिनको लेखनशैली प्रभावकारी छ । त्यसैले त उनका कतिपय कृति बहुभाषामा प्रकाशित भए ।

कालो सूर्यका पीडाजन्य काला कथाहरूमा छट्पटीका प्रतीकका रूपमा देखिन्छ । 'तीनले पोल्छन् ठुलैलाई, पोल्दैनन् कसैलाई ।' जङ्गमको अभिव्यक्तिको यथार्थ यही हो । आफ्ना विचारहरूलाई यथार्थको कसीमा घोट्दै समाजमा देखिएका विग्रहका प्रसङ्गहरूलाई कोट्याउन उनी सफल

छन् । देशको मात्र हैन विदेशका विभिन्न मुलुकहरूको भ्रमण गरेका भरत जङ्गमले उमेरलाई अगाडि हिँडाएनन्, विश्वासलाई हिँडाउन सके । उनमा उच्चकोटीको कलाकारिता छ । उनको अहं विशेषता यही हो ।

भरत जङ्गमको विशेष विचारको प्रसङ्गमा सहप्राध्यापक अच्युतरमण अधिकारी भन्छन्,'उनको जीवन दृष्टिकोण र समग्र अभियानमध्ये भ्रष्टाचार विरोधी अभियानमा नै उनी अगाडि देखिन्छन् । त्यसैले उनी भ्रष्टाचार विरोधी अभियन्ताको रूपमा बढी परिचित छन् । उनी भ्रष्टाचार नियन्त्रण गर्नुपर्नेमा जोडदिँदै भन्छन्,'भ्रष्टाचार नियन्त्रण नभई मुलुकको प्रगति हुँदैन, प्रगति नभए देशमा नराजनीतिक स्थिरता हुन्छ नशान्ति, अमनचयन नै रहन्छ ।'

भरत जङ्गमको समष्टिरूपको वर्णनमा अच्युतरमण अधिकारी भन्छन्, 'यिनमा साहित्यिक असरभन्दा पत्रकारिताको प्रभाव बढी देखिन्छ । त्यसैले राजनीतिक चेतनाको गम्भीर प्रदर्शनगर्दै व्यङ्ग्यको शिखर चुम्न सफल छन् । यिनी प्रबल राष्ट्रिय चिन्तक हुन् । बोलेर होइन, काम गरेर देखाउनुपर्छ भन्ने मूल अभिप्राय राख्ने जङ्गम आफ्नै नाराभित्र प्यारा लाग्छन् । यिनी वास्तवमै यथार्थका धाराहुन् । उनको मोती महोत्सवको उपलक्ष्यमा शुभकामनाका शब्दहरू अगाडि बढाउँदै अधिकारी भन्छन्,'उनी इतिहासमा अमर हुन्छन् । उनको वर्तमान सुखद रहोस्, सुस्वास्थ्य र दीर्घ जीवनको शुभकामना ।'

◆◆◆

भरत जङ्गमको व्यक्तित्व

इन्द्र उपाध्याय

"भनिन्छ कमजोरीका स्रोत दुईओटा हुन्छन् : एउटा आलस्य र अर्को अन्धविश्वास । यी दुवैले जीवनमा कतै नछोएका भरत जङ्गमको जीवन दर्शनमा समन्वय देखिन्छ । मुहारमा संयमित मुस्कान झल्किरहन्छ । त्यसैले उनी साहित्यिक जीवनमा अमर भएका छन् । भावनाको प्रार्थनामा जसरी मन बोलिरहन्छ त्यसरी नै उनको मन समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचार अनि भ्रष्टाचारका विरुद्धमा बोलिरहन्छ ।"

भरत जङ्गमको जीवनका व्यक्तिगत विषयमा प्रकाशपार्ने क्रममा इन्द्र उपाध्याय लेख्छन्, 'व्यक्तित्व मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो ।' अथवा व्यक्तिले प्रत्येक परिस्थितिको परिवर्तनमा आफ्नो स्वरूप र व्यक्तित्वलाई सुदृढ पार्दै लैजानु, र परिस्थितिलाई अनुकूल बनाउदैआफ्नो क्षमताले प्रत्येक पलमा नवीन दृष्टिकोण प्रस्तुत गर्नसक्ने व्यक्तिभित्रको निहित प्रतिभा नै व्यक्तित्व हो ।

ऋक् संहिताको पहिलो मण्डलमा ऋषि दीर्घतमा भन्छन्, 'को ददर्श प्रथम जायमानं' पूर्वजन्म कसले देख्यो, त्यस्तै पुनर्जन्म कसले जान्न सक्छ ? त्यसैले व्यक्तित्व वर्तमानसँग सम्बन्धित छ । त्यसैले म भन्छु वर्तमान शारीरिक चरित्रभित्रको सौन्दर्य चेतन हो व्यक्तित्व, क्षणिक प्रभावमा भइरहने परिवर्तन होइन ।

व्यक्तित्व निर्माणमा परिवेशले भूमिका निर्वाह गरेपनि सबैभन्दा ठुलो भूमिका पारिवारिक वातावरणको रहन्छ जस्तो लाग्छ । अप्रत्याशित दिमागलाई छुने, असरपार्ने, गहिरो मानसिक बोधले पनि भूमिका खेलेको हुनसक्छ । व्यक्तित्व निर्माणमा विभिन्न भूमिका निर्वाह गर्नसक्ने किसिम किसिमका पाटाहरू केलाउँदै इन्द्र उपाध्याय लेख्छन्, 'मानिस जन्मे हुर्केको

अनि बाँचिरहेको परिवेश अनि पारिवारिक पृष्ठभूमि, धर्मसंस्कृति, शिक्षा अनि स्वयंको रुचि आदिको पनि उल्लेख्य भूमिका रहन्छ ।' भरत जङ्गमको सामाजिक एवं शृजनशील व्यक्तित्वलाई छुट्टाछुट्टै पाटाहरूमा देखाउने प्रयास त्यहाँ भएको छ । जसअन्तर्गत वाह्य व्यक्तित्व र शारीरिक आकार प्रकारलाई यसरी चित्रण गरिएको छ :

भरत जङ्गमजीको शारीरिक प्रकार आकर्षक, मध्यम कदको छ। ओजमय व्यक्तित्व, खाइलाग्दो शरीर, हँसिलो अनुहार, नजर उस्तै आकर्षक । राष्ट्रिय पोसाक होस् या कुनै औपचारिक या अनौपचारिक जुनसुकै पोसाकमा प्रभावकारी व्यक्तित्व झल्कन्छ ।

आन्तरिक व्यक्तित्व-शीलस्वभाव आचरण प्रवृत्ति :

यिनको कद मझौला भए पनि बौद्धिक स्तर प्रखर र उच्च छ । सबैमा समभाव, समानताको व्यवहार राख्ने उनको उच्च विशेषता हो । सरल व्यवहार भएका उनको बोलीमा नम्रता, शान्त स्वभाव एवं कल्पनाशीलता अनि स्पष्टवक्ताका रूपमा देखिन्छन् । सात्त्विक आहार मनपराउने भरतजी, आफ्नो स्वास्थ्यको पनि उत्तिकै ख्याल राख्छन् । भरसक पथ्य आहार ग्रहण गर्ने चाहना राख्छन् । मिजासको बयानमा उनी कडा मिजासिलामा पर्छन् । असामाजिक व्यवहार, विकृति, विसङ्गति र भ्रष्टाचारको प्रतिवाद गर्छन् । मानवीय सहयोगमा पनि उत्तिकै रुचिराख्ने उनको मातृभाषा नेपाली भए पनि अरूभाषाको पनि ज्ञान र मान राख्न सदा तत्पर देखिन्छन् ।

सार्वजनिक व्यक्तित्व :

उपाध्यायका अनुसार, 'समाजअनुरूप चलेर ज्ञातअज्ञात अवस्थामा समाजलाई नयाँ रूप र भूमिका प्रदान गर्न सक्ने व्यक्तित्व सामाजिक व्यक्तित्व हो । त्यस्तै उच्च गुण छ भरत जङ्गममा । उनको सामाजिक व्यक्तित्व अन्तर्निहित साहित्यकारमा साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुईभागमा विभक्त गरेर वर्णनगर्दा उपयुक्त हुने देख्छन् उपाध्याय ।

साहित्यिक व्यक्तित्व :

स्रष्टा व्यक्तित्व :

भरत जङ्गम साहित्यिक स्रष्टाका रूपमा स्थापित नाम हो । उनले विभिन्न विधामा कलम चलाएका छन् । सुरुमा पद्यमा कलम चलेको थियो तर त्यसले कृतिको रूप धारण गर्न सकेको थिएन । गद्य विधामा भने धेरै कृतिहरू प्रकाशित भई अन्तर्राष्ट्रिय ख्यातिसमेत कमाइ सकेका छन् । उनका सबैजसो कृतिहरू प्रेरणाका स्रोत बनेका छन् । जङ्गम स्वयं भन्छन्, 'साहित्यले जीवनको यथार्थचित्रण गरेको हुनुपर्छ ।' त्यसैले होला उनका साहित्य यथार्थपरक रङ्गमा रङ्गिएका हुन्छन् । जङ्गम बोधगम्य र सरल भाषमा मानव जीवनको चरित्र साहित्यमा उतार्न उत्तिकै सफल छन् ।

जङ्गमको लेखन पत्रकारिताबाट सुरु भएको देखिन्छ । त्यस व्यवसायमा लाग्दा समाजका बेथिति विसङ्गति, सामाजिक उच्छृङ्खलतासँग साक्षात्कार हुने मौका मिल्यो । यसले उनको मनलाई छोयो र तिनै प्रेरित प्रसङ्गहरूलाई लिएर साहित्यतर्फको यात्रा गरेको देखिन्छ । ती बेथितिलाई साहित्यिक स्वरूप दिएर सिर्जना गर्दा बढी प्रभावकारी हुने देखेर साहित्यमा लागेको हुनुपर्छ । उपाध्याय भन्छन्, 'साहित्यको उपासना गर्ने क्रममा मूलतः उनी सिर्जनामा केन्द्रित देखिन्छन् । समाजमा घटिरहने घटना, तिनको समाधान र चुनौतीहरू स्वयंले भोगेभैँ गरी अभिव्यक्ति दिन सफल र सिपालु देखिन्छन् भरतजी ।

उपन्यासकार व्यक्तित्व :

भरतजी जङ्गमको लेखन यात्रा कविताबाट सुरु भए तापनि कृतिका रूपमा उपन्यासले पहिलो स्थान ओगट्न सफल भयो । पहिलो कृति 'कालो सूर्य' (२०३६) दोस्रो कृति 'व्यूहचक्र' (२०४१) दुवै उपन्यासले नेपालको दुर्नीति, सामाजिक बेथिति, आर्थिक अपचलन अनि व्याप्त भ्रष्टाचारको चिरफार गर्न सफल भए । तिनले राष्ट्र र समाजमा पार्ने असरका बारेमा राम्रो विश्लेषण

गरेका छन् ।समाजमा शान्ति र स्थायित्व फैलाउने चेतनामूलक यी दुई कृतिको रचनापछि तेस्रो औपन्यासिक कृतिका रुपमा 'रातो सूर्य'जन्मेको हो । सर्सर्तिहेर्दा यात्रा विवरण जस्तो देखिए पनि यसले चीनका जनताले भोगेको दुःख कष्टको गहिरो चित्रण उतारेको छ । यी तिनै उपन्यासलाई हेर्दा जङ्गम समग्र समाजका विभिन्न धारहरू केलाउन र चेतना फैलाउन सफल देखिन्छन् ।

कवि व्यक्तित्व :

भरत जङ्गमको कवि व्यक्तित्वको विषयमा प्रकाश पार्दै उपाध्याय अगाडि लेख्छन्,'उनको जीवनको अर्कोफाँट कविता हो । उनको साहित्यिक यात्राको सुरुवात कविताबाट (२०१८) भएको देखिन्छ । उनले त्यसताका कविता लेखेर हप्तामा एकपटक रेडियो नेपालको बाल कार्यक्रममा सुनाउनु पर्थ्यो रे तर उनले सुनाइएका ती कवितालाई सङ्ग्रहको रूप दिएनन् । उनको कविता २०२९ सालमा प्रकाशन भएको पाइन्छ । पहिलो प्रकाशित कविताको शीर्षक 'शङ्का छ' रहेको थियो जुन 'विभूति' पत्रिकामा प्रकाशित भएको थियो । उनका कविताहरूमा राष्ट्रप्रति अगाध भक्ति रहेको देखिन्छ । उनको सरल व्यक्तित्वबाट प्रस्फुटित कविताहरूले बालचेतना, समाज सुधार र राष्ट्रिय चेतनालाई आत्मसात गर्ने प्रयत्न गरेको देखिन्छ ।

कथाकार व्यक्तित्व :

भरत जङ्गमको कलम कथा विधामा पनि चलेको छ । उनले थुप्रै कथाहरू कथेका छन् । यिनका कथाहरूमा पनि समाजको उत्तिकै सशक्त चित्रण पाइन्छ । कथा सङ्ग्रहका रुपमा प्रकाशित नभए पनि स्थानीय पत्रिकामा प्रकाशित कथाहरूको प्रवृत्ति हेर्दा उनका कथामा पनि उपन्यासको जस्तै सामाजिक यथार्थ पहिल्याउने प्रयत्नभएको देखिन्छ । बोधगम्य र सरल भाषाशैलीले यिनका कथाहरूलाई झनै आकर्षक बनाएका छन् ।

प्रबन्धकार व्यक्तित्व :

उपाध्याय लेख्छन् भरत जङ्गमका व्यक्तित्वका पाटाहरू केलाउँदै जाँदा, उनको व्यक्तित्व केलाउँदै जाँदा उनका प्रबन्ध सङ्ग्रहहरूले पनि उत्तिकै गहन व्यक्तित्वका रुपमा जङ्गमलाई स्थापित गरेका छन् । वि.सं. २०४८ सालदेखि 'नेपाली आवाज' नामक पत्रिकामा प्रकाशित पचासवटा चिन्तन प्रधान लेखहरूको सङ्ग्रह 'पचास प्रसङ्ग'नामक प्रबन्ध सङ्ग्रह प्रकाशित भएको छ भने, भ्रष्टाचार-वैचारिक आन्दोलन (२०६१) नामक प्रबन्ध सङ्ग्रह पनि प्रकाशित भइसकेको छ ।

प्रस्तुत प्रबन्धहरूमा तत्कालीन अवस्थामा देशमा घटेका घटनाहरू, राज्यका निकायहरूबाट हुने गरेका भ्रष्टाचार, तत्कालीन राजनीति, अर्थनीति, वाणिज्यनीति, सामाजिक र वातावरण नीतिका कमजोरी र त्यसमा आफ्ना सकारात्मक सुझाव र दृष्टिकोण समेटिएका छन् । यी सङ्ग्रहबाट उनी आफ्ना विचारहरू प्रस्टसँग राख्न सक्ने प्रबन्धकारको रूपमा स्थापित भएका छन् ।

यिनै पचास- प्रसङ्ग भित्रको 'लङ्गडो सङ्गठन र कर्मचारी आन्दोलन' शीर्षक भित्रको उनको लेख विश्लेषण गर्दा म उनलाई नीतिको भविष्य द्रष्टाको रूपमा देख्छु । उनको नीरव लेखन यात्राभित्रको विशिष्ट रूप यही हो भन्ने मलाई लाग्छ ।

कर्मचारी सङ्गठनलाई स्वीकृत दिने बित्तिकै २०४८/४/३ को नेपाली आवाजको अङ्कमा उनको टिप्पणी थियो,'यो अवैधानिक, अव्यावहारिक र अवैध पनि छ, जसको कारण सरकार कमजोर हुँदै जानेछ । राष्ट्रनै सखाप पार्ने महारोग सल्कने छ ।' त्यो अहिले सत्यसाबित भएको छैन र ?

आज नेपालको नीतिनिर्माण तहमा होस्, या त्यसको कार्यान्वयन तहमा, योजना छनोट तहमा होस्वा योजना कार्यान्वयन गराउने तहमा कर्मचारी सङ्गठनहरूको हस्तक्षेप र अकर्मण्यता देखिरहेका छौं । देश

विकासको बाधकको रूपमा कर्मचारी सङ्गठन देखा पर्दै गएको छ, जुन मुलुकका लागि अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो ।

निबन्धकार व्यक्तित्व :

साहित्यकार भरत जङ्गमको जीवनी, व्यक्तित्व र कृतित्व विषयक शोध प्रस्तोता उपाध्याय लेख्छन्, 'अन्य साहित्यिक विधामा चलेको उनको कलम निबन्ध विधामा पनि उत्तिकै सशक्त रुपमा चलेको पाइन्छ । साहित्यको एउटा गरिमामय विधा निबन्ध पनि हो तर त्यस विधामा धेरै पछि उनको कलम चलेको हो । संयुक्त राज्य अमेरिकाबाट प्रकाशितहुने 'चौतारी' पत्रिकामा नेपाल र नेपाली नामक निबन्ध प्रकाशित भएपछि उनको निबन्ध यात्रा सुरु भएको थियो । निबन्धमा उनले नेपाल, नेपाली भाषा, नेपाली जाति र राष्ट्रलाई प्रमुख विषय बनाएका छन् । राष्ट्रप्रति उनको अगाध मोह र उच्च सम्मान झल्केको महसुस हुन्छ ।

द्रष्टा व्यक्तित्व :

भरत जङ्गम साहित्यको हिसाबले साहित्यिक स्रष्टा मात्र हैनन्, उनी त द्रष्टा पनि हुन् । जङ्गम साहित्येतर कृति सिर्जना गर्न अरूलाई प्रोत्साहन पनि गर्छन् भने अरूका सिर्जनालाई पनि उत्तिकै कदर गर्छन् । 'धर्मदर्शन' 'साप्ताहिक आवाज' जस्ता पत्रिकाको माध्यमले द्रष्टाको रूपमा उनको व्यक्तित्व उदय भएको देखिन्छ ।

सम्पादक व्यक्तित्व :

उपाध्याय लेख्छन्, भरत जङ्गमले केवल साहित्य सिर्जना मात्र गरेका छैनन्, विभिन्न विधामा कलम चलेको छ उनको । गुठी संस्थानबाट प्रकाशित हुने 'धर्मदर्शन' नामक अनुसन्धान प्रधान त्रैमासिक पत्रिका उनी र नरहरि आचार्यको संयुक्त सम्पादकत्वमा प्रकाशन हुनेगरेको देखिन्छ । यो पत्रिकाले संस्कृति संरक्षणमा ठुलो भूमिका खेलेको थियो । २०४७ साल देखि २०५० सालसम्म सम्बन्धित पत्रिकालाई उर्वर बनाउन द्रष्टा सम्पादक व्यक्तित्वको उल्लेख्य भूमिका देखिन्छ ।

साहित्येतर व्यक्तित्व :

मानिस सामाजिक प्राणी हो । ऊ समाजसँग विभिन्न किसिमले जोडिएको हुन्छ। यसैले समाजका हरेक गतिविधिमा उसको प्रत्यक्ष परोक्षमा संलग्नता रहेकै हुन्छ । समाजमा कसैले सक्रिय भूमिका खेलिरहेका हुन्छन् भने कोही साङ्केतिक र अप्रत्यक्ष रूपमा भूमिका खेलिरहेका हुन्छन् । समाजलाई जीवन्त राख्न समाजका सदस्यहरूको ठुलो भूमिका रहन्छ । साहित्यले मात्र समाजलाई पुग्दैन । समाजलाई अरूक्षेत्र र पक्षमा धेरै कुराहरू आवश्यक हुन्छन् । समाजलाई आवश्यक पर्ने साहित्यभन्दा भिन्न त्यस्ता अरू धेरै कुराको भूमिका निर्वाह गर्नसक्ने व्यक्तित्व हुन् भरत जङ्गम । यो नै उनको साहित्येतर व्यक्तित्व हो ।

समाजसेवी व्यक्तित्व :

समाज र मानिसको अन्योन्याश्रित सम्बन्ध हुन्छ। समाज मानिस मानिस मिलेर बनेको हुन्छ भने हरेक मानिसलाई समाजको त्यत्तिकै आवश्यकता पर्दछ। भरत जङ्गमले आफ्नो परिवार र व्यवसायप्रतिको जिम्मेवारी पूरा गरेर पनि सामाजिक एकाइका रूपमा रहेका विभिन्न सङ्घ संस्था त्यत्तिकै सक्रिय भूमिका वहन गरिरहेका छन् । समाजमा शिक्षाको ज्योति जगाउन २०१८ सालमा भक्तपुरमा 'बाल विकास पुस्तकालय' स्थापना गरेका जङ्गमले बानेश्वरमा 'भीमसेनगोला पुस्तकालय' स्थापना गरे । बानेश्वरको पहिलो पुस्तकालय बन्न सफल उक्त पुस्तकालय २०२२ सालपछि भने सञ्चालन हुन सकेन ।

जङ्गम 'पेन इन्टरनेशनल' का सदस्य थिए । अहिले पनि पनि उनी स्वतन्त्र विचार मञ्चका अध्यक्ष, जङ्गम प्रतिष्ठानका महासचिव, लायन्स क्लब अफ ३२५ जिल्लाको नेसनल चेयरम्यान, लायन्स क्लव अफ काठमाडौँका संस्थापक सदस्य छन् । नेपाल बाल सङ्गठनका भूतपूर्व अध्यक्षर आजीवन सदस्य जङ्गमले २०४४ सालदेखि २०५२ सालसम्म भक्तपुर जिल्लाका स्कुलहरूमा पढ्ने आर्थिक रूपले कमजोर अनि जेहनदार १० छात्रछात्रालाई

प्रत्येक वर्ष छात्रवृत्तिको रूपमा नगद रकम प्रदान गर्दै आएका थिए । यही छात्रवृत्तिअन्तर्गत ४२ जनाले उच्च शिक्षातर्फ सहयोग पाएभने अन्य १५ जनाले अध्ययन पूरा गर्न आर्थिक सहयोग पाए । २०५२ सालदेखि सरकारले माध्यमिक स्तरमा निःशुल्क शिक्षाको प्रावधान राखेपछि छात्रवृत्ति कार्यक्रम पनि बन्द भएको हो । समाजमा आर्थिक रूपले कमजोर र क्षमतावान् बालबालिका र युवाहरूलाई शिक्षाबाट विमुख रहन नपरोस् भन्ने उद्देश्यले यो कार्यक्रम चलेको थियो ।

व्यवसायी व्यक्तित्व :

निष्क्रिय जीवन नरुचाउने भएर होला भरत जङ्गममा सानै उमेरदेखि आत्मोन्नतिको लत देखिन्थ्यो । त्यसैले होला उनले सक्रिय जीवनलाई पछ्याइरहेका थिए । आर्थिक रुपमा सम्पन्न परिवारको भएकाले उनलाई खान लगाउनको लागि मात्र कुनै काम गर्नुपर्ने पनि थिएन तर उनी सधै काममा व्यस्तरहन खोजे । यही बानीका कारण उनले आफूलाई व्यापार व्यवसायमा संलग्न गराए । जङ्गमले आयात निर्यातको व्यापार गरे, अमेरिकालगायत अन्य मुलुकहरूमा नेपालमा उत्पादन भएका वस्तुहरूको निर्यातमूलक व्यवसाय चलाउँदै जाँदा अहिले उनको जीविकोपार्जनको स्रोत नै यही व्यापार बन्न पुगेको छ । व्यवसायका सिलसिलामा देशविदेश भ्रमणको अवसरसमेत मिल्यो । यसरी उनको जीवनको केही काल व्यापार व्यवसायमा क्रियाशील भएर बितेको देखिन्छ ।

पदाधिकारी व्यक्तित्व :

२०३७/३८ सालतिर राजदरबारको जाँचबुझ केन्द्रमा अधिकृतको पदभार ग्रहण गरेका उनी त्यो पदमा लामो समय टिकिरहन सकेनन् तर त्यही पदले उनलाई भ्रष्टाचारका बारेमा गहिरो अध्ययन गर्ने अवसर मिल्यो । त्यसैले उनको मनमा यो सञ्चित हुँदै आएको भ्रष्टाचारको सङ्कट नियन्त्रण गर्ने अठोट जागेको हुनुपर्छ । २०४२ सालमा साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. (बोर्ड अफ डाइरेक्टर) सञ्चालक सदस्यको रूपमा

सेवा गरेका जङ्गम करिब एकवर्ष संस्थाको काठमाडौँ शाखामा प्रत्यक्ष व्यवस्थापनमा पनि संलग्न रहेका थिए । उनको त्यहाँको बसाइ पनि त्यति लामो भएन तर निकै उपलब्धिमूलक भने रहेको देखिन्छ ।

धार्मिक व्यक्तित्व :

शरीर शुचिताका लागि नित्य स्नानगर्ने भरत जङ्गममा उदासीन आध्यात्मिकता होइन सशक्त आध्यात्मिकता देखिन्छ । यस प्रकारको सशक्तता उनको परम्परागत गुण पनि हो । उनमा दूषित भावनारहित स्वच्छ धार्मिक प्रवृत्ति छ । उनी हेर्दै शैवमतालम्बी लाग्छन् । सधै तीन बजे उठेर पशुपतिनाथको दर्शन गर्ने कार्यलाई दैनिकी बनाएका उनी पशुपतिको दर्शनपछि घर फर्केर आफ्नो पूजापाठ, ध्यान र जपतपमा लाग्दछन् । विशेषत: धार्मिक पर्वहरूमा उपवास पनि बस्ने गर्छन् । बेलाबेलामा उपवास बस्ने उनी, उपवास बस्दा शरीर स्वच्छ रहने विज्ञान र धर्म दुवैले ठहर गरेका छन् भन्दै पुष्टि गर्न पनि पछि पर्दैनन् ।

सानैमा चण्डी, रुद्री र वेदजस्ता धार्मिक ग्रन्थहरू अध्ययन गरेका उनी उनि पूर्वीय दर्शनका ग्रन्थहरूलाई शारीरिक र मानसिक विकासमा उपयोगी र ज्ञानवर्धक मान्दछन् । उनी आफै धार्मिक व्यक्तित्व भएकाले आफ्नो आत्मिक उन्नयनका लागि घरमा धार्मिक अनुष्ठानहरू पनि गर्ने गर्छन् । पितृहरूको सम्मानमा श्राद्ध छुटाउँदैनन् । त्यसैले पनि होला उनले जीवनलाई नैतिकताभित्र पनि असल आचरण, व्यवहार र अहिंसामा समर्पित गर्न सकेका छन् ।

बहुभाषी व्यक्तित्व :

यिनको बहुआयामिक व्यक्तित्वभित्र बहुभाषिक व्यक्तित्व पनि पर्दछ । यिनी उपत्यकामा जन्मेकाले नेवारी यिनको दोस्रो भाषा बनेको छ । नेपाली मातृभाषा नै भएकाले राम्रो दखल छ । त्यस्तै उनमा हिन्दी र अङ्ग्रेजीको पनि राम्रो ज्ञान छ । हिन्दी भाषामा त यिनले कविता पनि रचना गरेका

छन् । नेपाली भाषाको संरक्षण र सम्बर्धनमा उनी उत्तिकै सशक्त रहेका छन् भने नेपाली भाषा सबैको हो, यसको विकास र विस्तारमा सबैले जोड दिनुपर्छ भन्ने आग्रह गर्छन् । प्रत्येक नेपालीको विकासका लागि नेपाली भाषाको विकास हुनु पनि उत्तिकै जरुरी छ भन्ने दृष्टिकोण जङ्गम राख्ने गरेका छन् ।

राजनीतिक व्यक्तित्व :

भरत जङ्गमको एउटा आयाम राजनीति पनि हो । यो व्यक्तित्व पनि उत्तिकै प्रभावशाली छ । त्यही व्यक्तित्व देखेर पनि होला पञ्चायती व्यवस्थाताका उनी अञ्चलाधीशमा नियुक्त हुने हल्ला चलाइएको थियो । जेहोस् उनी राजनीतिमा नदेखिए पनि राजनीतिका कुशल ज्ञाता देखिन्छन् । उनले 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' लेखेर पर्टीलाई कसरी दरिलोर सशक्त बनाउने भन्ने सम्बन्धमा सुझाव र परामर्श दिएका छन् ।

साहित्येतर लेखक व्यक्तित्व :

साहित्यका अतिरिक्त साहित्येतर लेखकका रूपमा पनि उनी चर्चित छन् । 'नेपाली काङ्ग्रेसको सङ्क्षिप्त ज्ञान' २०५२ मा प्रकाशित उनका लेख साहित्येतर लेखका रूपमा प्रसिद्ध लेख हुन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा पनि उनले लेखहरू छपाएका छन् । तीमध्ये एउटा लेखको रोचक प्रसङ्गमा उपाध्याय भन्छन्, 'यो साप्ताहिक विमर्शको वर्ष २७ अङ्क ६, २०५४ मा प्रकाशित पत्रिकामा शीर्षक थियो 'वामदेवजी ! स्टालिन बन्ने कोसिस नगर्नोस् ।'

पत्रकार व्यक्तित्व :

भरत जङ्गमको बहुआयामिक व्यक्तित्वमध्ये साहित्यिक व्यक्तित्वपछिको स्थान पत्रकार व्यक्तित्वले ओगटेको छ । उनले २०२७ सालदेखि 'जागृति' र 'तर्क' नामक पत्रिकामा संवाददाताको रूपमा काम गरेका थिए । उनको प्राथमिकता खोजमूलक समाचारमा रहन्थ्यो । ती खोजमूलक समाचारका

लेख र टिप्पणीलाई काठमाडौँबाट प्रकाशित हुने सबैखाले पत्रिकाले व्यापक प्रचार प्रसार गरिदिन्थे । त्यतिबेला सुरु गरेको उनको भ्रष्टाचार विरोधी अभियान हालसम्म जारीनै छ । निर्भीक भएर समाचार लेख्ने भएकाले पत्रकारितामा उनले बेग्लै पहिचान राख्न सकेका छन् ।

निष्कर्ष :

अन्त्यमा इन्द्र उपाध्याय लेख्छन् भरत जङ्गमको व्यक्तित्वलाई नियालि रहँदा उनको जीवनचक्र फरक फरक परिवेश र परिस्थितिमा गुज्रिरहेको देखिन्छ । त्यसैले उनका लेखहरूमा यसैअनुरूपका अनुभवहरू प्रतिबिम्बित छन् । विभिन्न परिवेशको चाप परिचापबाट साहित्येतर व्यक्तित्वको निर्माण भएको छ भने समाजका विभिन्न परिवेशहरूमा घटित घटनाहरूको गहन अध्ययन र नैसर्गिक प्रतिभाले साहित्यिक व्यक्तित्व निर्माण गरेको देखिन्छ । त्यसैले उनका उपन्यास, प्रबन्ध, निबन्ध र कविताहरूले उच्चस्तरको मूल्य राखेका छन् । यिनका रचनामा सरस र मिठासपूर्ण मौलिक अभिव्यक्ति हुन्छन् । यो नै उनको निजी व्यक्तित्व हो । उनको वहुआयामिक व्यक्तित्व नेपाली साहित्य र समाजका लागि महत्त्वपूर्ण बनेको छ । बनिसकेका जङ्गम यीबाहेक अरू धेरै सङ्घ संस्थामा सक्रिय रुपमा संलग्न छन् । भरत जङ्गमले कुन विधाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका थिए भनेर सोध्न जरुरी छैन । उनको लेखकीय विषयमा कसैले केही लेखिरहनु नै पर्दैन । अनि केखोतल्नु उनको रचना गर्भ ? यिनको ज्ञान, बुद्धि, प्रतिभा र विनयशीलताका सीमाभित्र तपक्क नुगेका छन् । ती मानवीय पक्ष दर्साउन सफल छन् भने त्यसको सीमाबाहिर प्राप्त स्वाभिमान र दक्षता सामर्थ्यमा तरङ्गित मनोभावनाहरूले साहित्यिक व्यक्तित्वको शिर धेरै उच्च पारिदिएको छ । त्यसैले उनी शिर ठाडो पारेर हिँड्छन् ।

◆◆◆

कलमक्रान्तिका योद्धा

मदनमोहन डि.सी.

मोतीको निर्माण प्रक्रियाको जटिलता र दुर्लभताले गर्दा मोतीलाई महत्त्वपूर्ण वस्तु मानिन्छ । त्यसैले होला पारखीहरूले यसको खुब कदरगर्ने । त्यही महत्त्वपूर्ण वस्तु मोतीको नामबाट श्री भरत जङ्गमजीको ६०औँ जन्मोत्सवलाई मोती महोत्सवको नाम दिएर भव्य रूपमा मनाउन लागेकामा हर्ष व्यक्त गर्दै मदन मोहन डि.सी.लेख्छन्, 'राष्ट्रलाई अत्यन्तै मायागर्ने बहुआयामिक व्यक्तित्व भरत जङ्गमजीको मोती महोत्सवको सन्दर्भमा दुईचार शब्द कोर्न पाउँदा आफूलाई बडो खुसीलागेको छ । वहाँको जति गहिरो व्यक्तित्व देखिन्छ त्यसभन्दा धेरै गहिरो अझ गहिरो व्यक्तित्वका धनी दाजु भरत जङ्गमलाई मोती महोत्सवको उपलक्ष्यमा म पनि लामो जीवनको शुभकामना टक्र्याउँछु ।'

परिचय :

परिचयको सन्दर्भ कोट्याउँदै मदन मोहन लेख्छन्,' उहाँसँग मेरो २१ वर्ष अघिको परिचय हो । त्यो परिचय अहिले आत्मीयतामा परिणत भएको छ । त्यसैले म उनीभित्रका अनुकरणीय सद्गुणहरू देख्न पाएको छु, सुन्न पाएको छु अनि पछ्याउन पाएको छु । उनी देशको प्रत्येक क्षेत्रका ज्ञाता हुन, अनुसन्धानकर्ता पनि हुन् । उनले मुलुकप्रति गरेको योगदान समाजप्रति गरेको सेवाका लागि सदा स्मरणीय रहनेछन् । उनको उद्यमशील व्यक्तित्वको सह-उद्यमी भएर नजिकैबाट नियाल्ने अवसर पाएँ । म उनमा अचम्मको गुण देख्छु । त्यो गुण हो, सबै उमेर, तह, तप्काका मानिसहरूसँग छिट्टै घुलमिल हुनसक्ने ।

सामाजिक पक्ष :

उनी सामाजिक सेवामा सदा सक्रिय भइरहने हुँदा उनको जन्म

जिल्लावासीसँगै अरू जिल्लावासी अशक्त, असहाय, न्याय पीडित, रोजगारविहीन, गृहविछोड भएकाहरू बिहानैदेखि उनको घरमा जम्माभएर बसेका हुन्छन् । तिनीहरूको सन्तुष्टिको लागि सक्दो प्रयास गरिदिन्छन् । कतिलाई नगद सहयोग पनि गरिदिन्छन् भरत जङ्गम ।

उनी समाजका लागि मात्र होइन, राष्ट्रका लागि पनि त्यत्तिकै सक्रिय रहन्छन् । सक्रियताको उदाहरणमा मदन मोहन लेख्छन्, 'सांसद पेन्सन, संसद्को विकास खर्च, दोहोरो तलब सुविधाको खर्चको विरुद्धमा सर्वोच्चबाट आदेश गराउन सफल भएकामा यस कार्यलाई राष्ट्रप्रतिको सुनौलोकार्य मानिन्छ ।'

म भन्छु,अनुभवले खारिएका, हँसिलो अनुहार भएका भरत जङ्गमको सबैभन्दा सुन्दर पक्ष नै 'आफ्नो जीवनका मूल्यहरूसमेत अरूलाई बाँड्न तयार रहने' प्रवृत्ति हो ।

साहित्यिक पक्ष :

भरत जङ्गम पञ्चायती व्यवस्थाको २०२८ पछिको कालखण्डमा दरबारिया र भ्रष्ट महापञ्चहरूको भ्रष्ट क्रियाकलापबाट दिक्कवाक्क त बने नै, भित्ताको कान हावाको आँखासँग हारे पनि तर देशप्रेमको जिम्मेवारी त्यागेनन् । बरु त्यसका विरुद्ध साहित्य मार्फत लाग्ने अठोट पनि गरे । ' कालो सूर्य'(उपन्यास) 'व्यूहचक्र' (उपन्यास) 'रातो घाम' (उपन्यास) 'पचास प्रसङ्ग' (प्रबन्ध) र भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता पुस्तकहरू लेखे । त्यसका अतिरिक्त सामाजिक कुरीति, अन्याय, अत्याचार र भ्रष्टाचारहरूको पर्दाफास गर्ने कार्यमा सशक्त रूपमा लागिरहेका छन् । यस्ता यावत् कुराहरू पनि साहित्यमा समेट् नसक्ने उनी साहित्य विधामा सिद्धहस्त साहित्यकार भइसकेका छन् ।

आर्थिक पक्ष :

देशमा जबसम्म राजनीति स्थिर हुँदैन तबसम्म आर्थिक विकासले गति लिँदैन भन्ने मत प्रकट गरिरहने भरत जङ्गमजी भन्छन्, 'देशको विकास गर्न

भ्रष्टाचार निर्मूल हुनुपर्छ ।' जबसम्म राष्ट्रबाट गरिबी, दरिद्रता र अशिक्षा हटाउन सकिँदैन तबसम्म विकास सम्भव देखिँदैन ।

प्रधानमन्त्री भीमसेन थापाका पालादेखि राणाशासन, २००७ देखि २०१७ सम्मको व्यवस्था, पञ्चायती व्यवस्था, अनि २०४६ सालको परिवर्तनपछि देशले आर्थिक क्षेत्रमा तरक्की गर्न नसक्नुको मुख्य कारण भ्रष्टाचार नै हो भन्ने ठहरगरी भ्रष्टाचारका विरुद्ध जेहाद नै छेडे। उनको भ्रष्टाचार विरोधी अभियानको थप व्याख्यागर्दै मदन मोहन लेख्छन्,'भ्रष्टाचार विरोधी विज्ञानको विकास गर्नु नै भ्रष्टाचार विरोधी चरित्रको मुख्य विशेषता हो । उनी आफ्नो भ्रष्टाचार विरोधी विज्ञान विश्वविद्यालयस्तरमा अध्ययन अध्यापन गराउन प्रयत्नशील छन् । भ्रष्टाचार विरोधी प्रसङ्गको उल्लेखगर्ने क्रममा भरतजी स्क्यान्डिनेभियन मुलुकहरूजस्तै भ्रष्टाचारमुक्त अनि विकसित सभ्य नेपालको सपना भने देखिरहन्छन् रे ।'

न्यायिक पक्ष :

अदालत र नेपाल सरकार मिलेर लिने गरेको शनिबार र आइतबारको बिदामध्ये आइतबारको बिदा विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिएर न्यायक्षेत्रमा पनि सुधारमुखी प्रवृत्तिकालागि जागरण ल्याउने कोसिस गरेका भरत जङ्गम न्यायाधीशहरूको क्षमतामा चर्चा गर्दै भन्छन्,'पचास प्रतिशत न्यायाधीशहरूले न्याय के हो भन्ने नै बुझेका छैनन् ।'

सम्भवतः कानुनी व्यवस्था अव्यवहारिक रगलत अदालती संरचनाको कारण, नागरिक न्यायको हैन अन्यायको अनुभूति गर्न बाध्यछन् । न्यायसेवामा पुग्ने अविवेकीहरूका कारण न्यायको मात्र चलखेल हुनुपर्ने अदालतमा आर्थिक चलखेल भइरहेको छ ।

आजभन्दा १५० वर्ष अघि जङ्गबहादुरले ल्याएको मुलुकीऐनबाट देश चलिरहेको छ । के के के केको परिवर्तनका राग अलाप्ने नेताहरू किन समयोचित न्याय व्यवस्था लागु गर्नेतिर लागेनन् ? अनौठो आश्चर्य प्रकट गरेझैं गर्दै भरत जङ्गम भन्छन्, 'अदालतमा भ्रष्टाचार एकदम बढी छ ।

उनीहरूनै कमाउँछन्, कमाउने कानुन जङ्गबहादुरको छ । त्यसैले मुद्दामा पुस्तौँ बित्छन् । फैसला सधै दूर रहन्छ । उनी थप्छन्, 'न्याय प्रणली सुधार गर, न्याय निःशुल्क गर, तब न्याय सबैको पहुँचमा पुग्छ ।'

राजनीति पक्ष :

भरत जङ्गमको राजनीतिक पक्षको विवरण दिँदै मदन मोहन अगाडि लेख्छन्,' जतिबेला भरत दाइ युवाबने त्यतिबेला पञ्चायत प्रवर्तक राजा महेन्द्रको शासनकाल थियो । त्यही कालदेखि राजनीति सुरुगरेका उनले त्यही व्यवस्थाका विकृति, विसङ्गतिमा आफ्ना पाउ राख्ने इच्छा नगरी व्यवस्थाको विरुद्धमा लागे । शासकको अन्याय, अत्याचार, राज्यको लथालिङ्ग परिस्थिति, निमुखा जनता, तिनको दयनीय अवस्था देख्दा कम्युनिष्ट विचारधाराप्रति पनि आकर्षित भए तर पछि लागेनन् बरु सोचमा परिवर्तन गर्दैलगे ।

नेपालको भौगोलिक अवस्था, दुवैतिर स्थूलकाय छिमेकीहरू त्यसैले यो माटाका लागि कम्युन पनि ठिक देखेनन् । उनको अझ बलियो तर्क के थियो भने, 'अधिनायक होस् वा निरङ्कुश, सामन्त बन्न सक्छ ।' उदाहरण दिन्छन् पूर्वी युरोप र रसियाको । प्रजातान्त्रिक समाजवादी व्यवस्था देशका लागि उपयुक्त देख्ने भरतजी आफ्नो कलमबाट विद्यमान शासनका विकृति विसङ्गति बेथिति र भ्रष्टाचार विरुद्ध कलम चलाइरहेका छन् ।

योद्धा व्यक्तित्वसँग प्रतिकूलतालाई अनुकूलतामा परिणत गर्नसक्ने क्षमता हुन्छ । छिमेकी जिल्लाको तुलनामा आफ्नो जिल्लाको विकास हुन नसकेकामा अत्यन्तै चिन्तित बन्ने गरेका भरत जङ्गम जिल्ला विकासका लागि लड्न मैदानमा झरे । त्यो चिन्ताग्रस्त मनबाहिरको बोटबाट टिपेर ल्याइएको थिएन । जातीय स्वभावको पछि लाग्ने गरेका जनताले चिन्न नसक्नु दुर्भाग्य देख्छन् मदन मोहन ।

भरत जङ्गमले नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखेर राजनीतिक फाँटमा प्रजातान्त्रिक विचार धारालाई उचाइ दिए । राजनीतिमा जीवन समर्पण गरेका गणेशमानले आफ्नो जीवनमा एउटा मात्र सक्रिय सदस्यता

वितरण गरे । त्यो सदस्यता केवल भरत जङ्गमलाई थियो । त्यो सदस्यता पाउन सफल भएपछि उनी जिल्ला जिल्ला गए । कार्यकर्तालाई मर्यादित बन्न प्रशिक्षण दिए तर पछि आफू पार्टीमा अटाइरहन सकेनन् । अहिले उनी नेपाली काङ्ग्रेसबाट टाढा छन् ।

नेपाली राजनीति वृत्तमा सक्रिय चार राजा देखेका उनले तीन राजाको भने सान्निध्य पाए । त्यसैले राजाका विषयमा उनी भन्छन्, 'राजा अछ्यूँ र बछ्यूँ बन्ने होइन, राजा त रानो बन्नुपर्छ ।रानीमौरी जसरी सबै मौरीलाई अनुशासित र मर्यादित बनाउन सक्रिय रहन्छ, त्यसैगरी राजा सङ्गठित रूपमा राज्य सञ्चालनमा क्रियाशील हुनुपर्दछ ।'

देशको विकास नहुनुमा एउटा अर्को कारण थप्छन् भरतजी, 'त्यो हो, देशमा धेरैदल हुनु । यो सानो देशमा दुईभन्दा बढीदल उपयुक्त नहुने धारणा राख्छन् उनी किनकि थोरै दलहुने देशहरूको राजनीतिक स्थिरता रहन्छ विधिको शासन चल्छ । प्रजातन्त्र उन्नत बन्छ, देशले आर्थिक प्रगति गर्छ, देश विकसित बन्छ । उदाहरण दिँदै भन्छन्, 'अमेरिका र स्क्यान्डनेभियन देशहरू हेरे पुग्छ ।'

खालि देश र जनताको लागि सदा चिन्तन र मनन गरिरहनु राजनेताको असल गुण हो । दुर्भाग्य, हामी कहाँ जनताको हितसम्म सोच्ने नेता कोही भएनन् । न स्थानीय नेताहरूले गरे न त केन्द्रीयले नै । नेता कोही हुन् नहुन् तर भरत जङ्गम समाज र देशकालागि केही गर्नैपर्छ भनेर लागि परेका देखिन्छन् ।

उनी देश विकास नहुनुको अर्को कारण छाडा कर्मचारी र मजदुर सङ्गठन हुन् भन्छन् । विर्कसित देश जहाँ जनताले उत्कृष्ट प्रजातन्त्रको उपभोग गरिरहेका छन् त्यहाँ न कर्मचारी सङ्गठन छन् न मजदुर सङ्गठन छन् ।

पञ्चायतजस्तो व्यवस्थाले २०३७ सालमा जनमत सङ्ग्रह गराएको प्रसङ्ग उल्लेख गर्दै हाल क्रियाशील पार्टीहरूलाई भन्छन्, 'जनता के चाहेका छन् हेर जनमत सङ्ग्रह गरेर । हिम्मत छ ? जनमत सङ्ग्रह गराउने ?

देशका लागि व्यवस्था रोज्ने पार्टीले होइन, जनताले हो । जनतालाई दिई हेर अधिकार । मित्थ्या वकपत्र मात्र तयार पारिरहने पार्टीका दास बन्न जनता चाहँदैनन् । आफैले रोजेको शासन व्यवस्थाबाट मात्र शासित हुन चाहन्छन् ।

उपसंहार :

अन्त्यमा मदनमोहन लेख्छन्, 'भ्रष्टाचार विरुद्ध कलम चलाइरहने भरत दाइ, जसले देशप्रति ठुलो जिम्मेवारी निभाइरहनुभएको छ, वहाँलाई नमन गर्दछु । वर्तमानले गर्न सके पनि नसके पनि भविष्यले अवस्य मूल्याङ्कन गर्ने छ भन्दै मोती महोत्सवको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दै भन्छन् महोत्सवले उनलाई अझ प्रेरणा थपोस् कलम राष्ट्रहितमा सशक्त चलिरहोस् । उनलाई जन्मदिने माटोप्रति हार्दिक आभार प्रकट गर्दै कलम रोक्छन् ।

देशको समृद्धिको ढोका खोल्न सधै उत्साहित र सक्रिय रहने भरतजी मृत्युसँग डराउँदैनन् त्यसैले उनी कालजयी बने । कालसँग नडराउने व्यक्ति सबैकुराको स्वामी बन्छ । वहाँको मोती महोत्सव सफल रहोस्, सबैकुराको स्वामी बनाइरहोस् मङ्गलमय शुभकामना ।

धैर्य, क्षमता र क्रियाशीलताका उदाहरण

विनोद पौडेल 'काभ्रेली'

भक्तपुर निवासी गोविन्दहरि जङ्गमका सुपुत्रका रूपमा भरत जङ्गम २००४ मा जन्मनुभएको हो । हाम्रो प्राचीन संस्कारअनुसार नै वसन्त पञ्चमीको दिन शिक्षा आरम्भ गराएर पनि होला उनमा कुशाग्र बुद्धि थपिएको । भक्तपुरको पद्म हाइस्कुल र रानीपोखरीको दरबार हाइस्कुलबाट माध्यमिक तहको शिक्षा पूरा गरेका उनले त्रिविबाट स्नातक तहको शिक्षा पूरागरे । त्यस पछि भने पेशागत क्रियाकलापमा संलग्न भएर बिस्तारै बिस्तारै पत्रकारिता, उद्योग व्यवसाय, समाज सेवालगायतका क्षेत्रमा सक्रियता बढाएको देखिन्छ ।

सफल पत्रकार :

२०२७ सालदेखि गोरखापत्र दैनिक, मातृभूमि, चर्चा, र समीक्षाजस्ता त्यस समयका चर्चित पत्रिकाहरूमा आफ्ना लेखरचना प्रकाशित गर्दै पत्रकारिता क्षेत्रको यात्रा आरम्भ गरेका भरत जङ्गमका तीन दशकको अवधिमा राजधानीबाट प्रकाशित हुने तीन दर्जन भन्दा बढी पत्रपत्रिकाका स्मारिकाहरूमा दर्जनौं लेख र रचनाहरू प्रकाशित भैसकेका थिए । २०२९ सालमा गुठी संस्थानको मुखपत्र 'धर्मदर्शन' नामक पत्रिकाको सम्पादक, साप्ताहिक नेपाली आवाजको प्रकाशक एवं सम्पादक बनिसकेका उनी पत्रिका स्वच्छ र निष्पक्ष हुनुपर्दछ भन्नेमा दृढ रहेको पाइन्छ ।

भरत जङ्गमकोसफल पत्रकार जीवनमा प्रकाशपार्दै पौडेल लेख्छन्,' पत्रिकाका पाठकदेखि स्तम्भकार, सम्पादक, प्रकाशकको अनुभव र दायित्व र जिम्मेवारीलाई पूर्णरूपले पालना गर्दै आएको देखिन्छ जङ्गमले ।'

सफल साहित्यकार :

पत्रपत्रिकामा लेख रचना सुरुगरी साहित्य सिर्जनामा प्रवेश गरेका

भरतजी २०१८ सालमा कविता विधामा कलम चलाउन पुगे, अनि गीत, कथा, कविता हुँदै उपन्यासको यात्रामा आइपुगेको देखिन्छ । उनको ' कालोसूर्य' धेरै भाषामा अनूदित भइसकेको छ भने त्यसपछिका राजनीतिक उपन्यास 'व्यूहचक्र' र 'रातोघाम' ले नेपाली भाषालगायत विदेशी भाषामा महत्त्व पाएका छन् । ती लगायत उनका सबै कृति समय सापेक्ष र पठनीय छन् ।

उद्योगपति तथा व्यापारी :

सकारात्मक सोचका दृष्टिकोणले असफलता हैन जतातै सफलताको सम्भावना देखाउँछ । यस्तै सकारात्मक सोचका धनी भरत जङ्गम राष्ट्रिय परिवेश र आवश्यकताअनुसार आफूलाई परिचालन गर्ने विचार गरी नेपाल चीन व्यापार सुरुगरे, गलैँचा कारखाना खोले, लेटर प्रेससमेत सञ्चालन गरे तर ती सबै व्यवसाय दिगो बन्न सकेनन् । नीतिगत रूपमा उद्योग व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरूको अभाव बेलाबेलामा नीति निर्माण तहमा देखा पर्ने अपरिपक्वता, खुला रूपमा बढिरहेको भ्रष्टाचारले उद्योग कलकारखाना फस्टाउन नसक्ने देखेर उनले व्यवसायबाट बिदा लिएको हुनुपर्छ ।

प्रशासनिक संयन्त्रका ज्ञाता :

पत्रकारिता र व्यावसायिक क्रियाकलापमा संलग्न भएर जङ्गमले प्रशासन संयन्त्रको कमजोरीका विषयमा जानकारी लिन सके । अनि त्यसको समाधानको लागि लेख रचना, सभा सम्मेलन मार्फत आफ्ना धारणा र विचारहरू व्यक्त गरिरहे । त्यसैको कारणले होला २०३७-२०३८ मा राजदरबारबाट सञ्चालित जाँचबुझ केन्द्रका विशेष अधिकृतको रूपमा पद बहाली गरे भने २०५९ माघ ११ देखि ६० वैशाख मसान्तसम्म वागमती र नारायणी अञ्चलका लागि सार्वजनिक सेवा निरीक्षण एवं अनुगमन टोलीको संयोजक बनेर सो क्षेत्रका जिल्लाको भ्रमण गरे । यसरी भ्रमण गर्दा स्थानीय प्रशासकहरूलाई दिएको निर्देशनले प्रशासनिक वृत्तमा निकै प्रशंसा पाएको

थियो । विनोदजी, आफू सरकारी कामको सिलसिलामा जिल्ला भ्रमणमा पुग्दा यो कुरा सुनेको बताउँछन् ।

समाजसेवा र सामाजिक व्यक्तित्व :

सकारात्मक सोच राख्ने भरतजी धार्मिक प्रकृतिका व्यक्तित्व हुन् । उनको हिन्दुधर्मप्रति अगाध विश्वास छ भने समाजको सेवामा पनि गहिरो रुचि छ । उनले करिब दुईदर्जनभन्दा बढी सामाजिक सङ्घ संस्थामा आबद्ध रही समाज सेवा गर्दै आएका छन् । २०४४ सालदेखि उनले भक्तपुर जिल्लाका असहाय गरिब जेहनदार विद्यार्थीलाई 'जङ्गम छात्रवृत्ति' प्रदान गर्दै आएका छन् । अरू विभिन्न स्थानका विद्यालय, मठमन्दिर, पिउने पानी र धार्मिक यज्ञ अनुष्ठानहरू सञ्चालनका लागि सहयोग प्रदान गर्दै आएका छन् । उनको धर्म र समाज सेवा दुवै क्षेत्रमा योगदान रहेको छ ।

भ्रष्टाचार विरोधी आन्दोलनका नेता :

जङ्गमले पत्रकारिता, साहित्यलगायत अन्य क्षेत्रको भोगाइको आधारमा प्राप्त विशेषज्ञताले पत्रपत्रिका र साहित्यको माध्यमबाट भ्रष्टाचारलाई जनता सामु उदाङ्गो पार्दै सरल लेखनको माध्यमबाट सबैलाई सचेत गराएका छन् । भ्रष्टाचारको विरोधमा सशक्त ढङ्गले अगाडि बढ्न 'स्वतन्त्र विचारमञ्च' नामक संस्था खोली अभियान नै सञ्चालन गरिरहेका जङ्गमले ऐतिहासिक महत्त्वको पत्रिका 'नेपाली आवाज' लाई भ्रष्टाचार विरोधी विशेषाङ्कको रूपमा प्रकाशित गर्दै आएका छन् तर पनि भ्रष्टाचार घटेको छैन, बढ्दो छ । पार्टीका प्रभावशाली ठुला ठुला नेताहरूको संरक्षण र संलग्नतामा कुख्यात भ्रष्ट व्यक्तिहरूलाई संरक्षण मिलेको छ । राज्यका उच्च कर्मचारीबाट मातहतका कर्मचारीलाई भ्रष्टाचारका नयाँ नयाँ नीतिगत तौरतरिका सिकाउने गरेका कुरा पनि सार्वजनिक हुँदै आएका छन् ।

यस विषयमा थप प्रकाश पार्दै विनोद पौडेल लेख्छन्,'मलाई राम्ररी थाहा छ, काठमाडौंको सुन्धाराको त्यो आमसभा, जसलाई सम्बोधन गर्दै भरतजीले

आह्वान गरेका थिए, 'सार्वजनिक बिदामा सरकारी गाडीको दुरुपयोग रोकौं, साधनको हिफाजत र इन्धनको बचतगरौं । यस अभियानलाई समर्थन गर्न नेपालका सबै पार्टीलाई आह्वान गरेका थिए तर तत्कालीन प्रतिपक्ष पार्टी नै आफूलाई असजिलो पर्छ भनी साथ दिन आनाकानी गरेको थियो ।

राष्ट्रिय ढुकुटीको संरक्षक :

पत्रकारिता गर्दा देखे भोगेका तथ्यपरक प्रशासनिक चरित्रहरूको आचरणमा प्रकाश पार्दै लेख रचनाहरू प्रकाशन गराइरहने भरतजीले दोहोरो सुविधा लिने व्यक्ति, संस्था, सरकारी कर्मचारी र नेताहरूका विरुद्ध सर्वोच्च अदालतमा दायर रिटमा सर्वोच्चले गरेको आदेशबाट राष्ट्रको ढुकुटी जोगिएको छ ।

राज्यकोषबाट प्राडो, पेन्सन, निर्वाचन क्षेत्रको विकासका नाममा कार्यकर्ता पाल्न विकास खर्च संसद्बाट नियम नै बनाएर सरकारी ढुकुटी रित्याउन सफल, सबै राजनीतिक दलका सांसद विरुद्ध 'स्वतन्त्र विचार मञ्च' का तर्फबाट दायर गरिएको मुद्दामा समेत सर्वोच्चले भरतजीका पक्षमा फैसला गर्दा देशको ढुकुटीमा वार्षिक तीस करोड बचतहुन आएको छ ।

प्रस्टवक्ता र अद्भुत क्षमतावान् :

सानै उमेरदेखिको तीक्ष्ण बुद्धि, तथ्य, कारण, पहिल्याउन चुनौतीको सामना गर्न पछि नपर्ने भरत जङ्गम प्रस्टवक्ता र साहसी व्यक्ति हुन् । २०४७ सालमा नेपाली काङ्ग्रेसको सङ्गठित सदस्य बनेका उनी आफ्नै पार्टीको सरकारले गरेको भ्रष्टाचारलाई सार्वजनिक गर्दै संलग्नलाई कारबाहीको जोडदार माग गर्दै लेख रचनाहरू प्रकाशन गर्न थालेका थिए । आफ्नो पार्टीले गरेको अनैतिक कार्यको सार्वजनिक स्थलमा भौतिक रूपमा स्वयं उपस्थित भएर विरोध गर्नसक्ने उनमा स्पष्ट वक्ताको गुण प्रवाहित छ । नेपाली उच्च तहका अभियन्ताहरूमध्ये यस्तो गुण भएका उनी मात्र भएको ठम्याइ विनोद पौडेलको रहेको छ ।

अन्त्यमा :

भरत जङ्गमको परिचयको अन्त्यमा विनोद पौडेल लेख्छन्, 'विकास-पत्रकारिताबाट यात्रा सुरु गरेको मेरो उनीसँग डेड दशकदेखिको परिचय छ । पत्रकारिता, समाजसेवा, भ्रष्टाचार विरोधी आन्दोलन, साहित्य सिर्जना, सक्रिय राजनीति, व्यापारलगायत उनी संलग्न भएका दर्जनौँ क्षेत्रहरूमध्ये जङ्गमले न एक मात्र रोजे न रोजेको एकमात्र संस्थाको विकासमा संलग्न रहिरहे । जेजति क्षेत्र रोजे ती क्षेत्रहरूमा धेरै कार्यगरे । ती कार्यहरूले राष्ट्रलाई धेरै योगदान पुऱ्याएका छन् । अर्कोतिर अँगालेका साहित्य सिर्जना लगायतका सबैक्षेत्रहरूपनि अधुरा र अपुरा लाग्छन् । अधुरा जति लाग्छन् ती पनि उत्तिकै आवश्यक छन् । जनताको चाहना र समयको मागअनुसार आफूले सुरु गरेको काम पूरा गराउन उत्तराधिकारी तयार गरी तिनलाई जिम्मेवारी सुम्पँदै जाने तर्फ भने उनी मौन देखिन्छन् ।असीम क्षमताका धनी भरतजीले आफ्नो क्षमताको सदुपयोग गर्दै निश्चित क्षेत्रमा दिगो रहन सकेको भए उद्योगतिर भए ठुलो उद्योगपति, पत्रकारितातिर भए प्रसिद्ध पत्रकार, राजनीतितिर भए मुलुकको शक्तिशाली राजनेता वा प्रसिद्ध शासक, साहित्यतिर भए समकालीन उच्च तहका साहित्यकारको स्थान लिनेथिए होलान् । जीवनको उत्तरार्धमा पुगिसकेका भरत जङ्गमले अझै पनि कुनै एक क्षेत्रमा पाइला चाल्ने हो भने त्यसको शिखर चुम्न सजिलै सफल हुनेथिए ।

म भन्छु भरत जङ्गमभित्र राष्ट्रकै हृदय लुकेको छ । त्यसैले उनी अत्याचारर भ्रष्टाचारको विरुद्ध लागिरहेका छन् । चाहे उनी एक्लै किन नहुन् । अत्याचार र अति सहन नसक्ने विशेषताले पनि उनी निश्चित क्षेत्रमा सीमित नभएका हुन सक्छन् ।

परिच्छेद : दुई

खण्डः एक

परिवार र स्वजनका दृष्टिमा भरत जङ्गम

"राजनीतिले देख्ने सपना साहित्यले देखोस् । साहित्यले देख्ने सपना कानुनले पनि देखोस् । कानुनले देख्ने सपना सारा समाजले देख्न पाओस् । समाजले देख्ने सपनामा सिङ्गो राष्ट्र रमाउन पाओस् । राष्ट्रले देख्ने सपनामा वैभव झुलेकोहोस् । जब म सपनाबाट ब्युँतन्छु मृत्यु कतै नदेखियोस् । त्यही नदेखिने मृत्युसँग कामना गर्दछु, भरत जङ्गमको कलमको कहिल्यै मृत्यु नहोस् ।"

आत्मनिर्णय, आत्मानुशासन र आत्मनिर्भरताका प्रतीक

अनुप जङ्गम

जीवनलाई के मान्ने ? प्रकृतिको वरदान, अमूल्य उपहार, वा अरू व्यक्तिहरू भन्दा पृथक् नभएको मांसपिण्ड ? मेरा लागि कोसेली हो, सिर्जनात्मक चिन्तनको अद्वितीय अवसर हो भन्दै अनुप जङ्गम अगाडि लेख्छन् 'जीवनलाई जतिधेरै दृष्टिकोणबाट व्याख्या गरेपनि ती सबै दृष्टिकोणको अर्थमा विशेषणको रूपमा मेरो जीवनका हरेक क्षणमा दिशानिर्देश गर्ने ईश्वरीय पुरुषको रूपमा बुबा भरत जङ्गमलाई पाएको छु । त्यस्ता सिर्जनशील, बहुमुखी, सधै समाज र देशको उत्थानमा तत्पर रहने व्यक्तिको पुत्रका रूपमा जन्मन पाउनु मेरो जीवनको वरदान हो ।'

बहुआयामिक व्यक्तित्व, धेरै विधामा दखल छ, ज्ञान छ, अनि अनुभवमार्फत धेरैभन्दा धेरै व्यक्ति संस्थालगायत राष्ट्रलाई योगदान गरिरहने व्यक्ति हुनुहुन्छ मेरा बुबा । भ्रष्टाचार विरोधी विज्ञानका प्रवर्तक वहाँको

यस विज्ञानको अध्ययन र अध्यापनले राष्ट्रलाई मात्र हैन, पूरा विश्वलाई नै योगदान मिल्नेछ । वहाँको क्षमताबाट साँच्चै म प्रभावित छु, वहाँका सबै प्रतिभाहरू मेरो स्मृतिकोषमा बसिरहने छन् ।

समाजको उत्थानका लागि क्रियाशील रहने वहाँ, भ्रष्टाचार विरोधी विज्ञानका प्रणेता, इतिहासका अन्वेषक, पुरातात्त्विक अनुसन्धाता, संस्कृतिको संरक्षण र लेखन विधामा पनि रुचिराख्ने व्यक्तित्व हुनुहुन्छ । बुबाका यी विविध क्षेत्रका योगदानले समाजमा पुऱ्याएको योगदानको स्वयं म के लेखुँ ? त्यो अभिभारा वहाँका सहकर्मी, शुभेच्छुक र मित्रबन्धुहरूलाई सुम्पिन चाहन्छु ।

अनुप अगाडि लेख्छन्,'जे हुन्छ राम्रोका लागि हुन्छ ।' सबै कार्यमा निपुण, विचार र सिद्धान्त उच्च अनि सकारात्मक सोच राख्ने बुबाको यो बानीब्यहोराको मैले अनुसरण गर्ने मौका पाएको छु । विगतको पाठबाट सिकेर अघि बढ्नुपर्छ भन्ने प्रेरणा पाएको छु । सदा सरल र सहजतामा हिँड्ने वहाँको बानीले सकारात्मक सोच राख्न सिकाएको छ। मानवीय गौरव दिएको छ, अन्तस्करणको गरिमा, शान्ति, पवित्रता र निर्मलता थपिदिएको छ मलाई ।

सबैभन्दा ठुलो सिद्धान्त आत्मानुशासन हो भन्ने बुबा, आफै बडो आत्मानुशासित हुनुहुन्छ । सधै ब्रह्म मुहूर्तमा उठ्नाले वहामा मानसिक र शारीरिक ऊर्जा बढिरहेको हुन्छ। वहाँ हाम्रो पौराणिक दर्शनलाई आचरणमा उतार्न सफल हुनुहुन्छ । आफ्ना सबै काम समयमा गर्ने बुबा हामीलाई सुझाव दिनुहुन्छ, 'सबैकाम समयमा गर । सक्छौ भने भोलि गर्ने काम आज गर । आज गर्ने काम अहिले गर ।'

सबेरै पशुपतिनाथको दर्शनपछि घरमा योग, प्राणायाम, पूजापाठ, जपतप र ध्यान गर्नुहुन्छ । यसले शरीरलाई ऊर्जावान् त बनाउँछ नै शरीर, मन र भावनालाई सन्तुलित राख्न ठुलो सहयोग गर्छ। बिहानको नास्तापछि भेट्न आउनेहरूलाई भेट्ने, कसैको समस्या भए समाधान गरिदिने बुबाको दैनिकी नै बनेको छ ।

खानापछिको उहाँको हाजिरी अफिसमा हुने गर्छ । जुन अफिस व्यापार व्यवसायभन्दा सम्पर्क कार्यालयजस्तो बनेको छ । पेसागत रुपमा, स्वतन्त्र वा सरसहयोगका लागि आउने सबै तप्काका व्यक्तिहरूलाई भेट दिनुहुन्छ । बेलुका सधै समयमा घर फर्कने बानीछ । सातबजे खाना खाने र नौ बज्दा नबज्दै बिस्तारा समाउने वहाँको बानीमा बदलाव हुँदैन ।

म बुझ्ने भएपछि यो चर्या अहिलेसम्म पनि यथावत छ । त्यसैले स्वस्थ हुनुहुन्छ, तन्दुरुस्त हुनुहुन्छ । परिवारपरक हुनुहुन्छ । जङ्गम परिवारलगायत सबै आफन्तको संरक्षकको भूमिका निर्वाह गर्दै आउनुभएको छ । जङ्गम जातिको पहिचानको खोज गराई नेपाली समाजमा लिङ्गायत ब्राह्मणको रूपमा जङ्गम परिवारलाई स्थापित गराउनुभयो । यो कुरा वहाँका खोजमूलक कार्यबाट पुष्टि पनि भएको छ । स्वभावमा हठी, विद्रोहीजस्तो देखिए पनि परिवारमा धैर्य धारण गर्नसक्ने शान्त प्रकृतिको हुनुहुन्छ उहाँ । अनुप भन्छन्, 'बुबाका जीवनको प्रसङ्गमा वहाँको बानीव्यहोरा, सोख, मिजास र कार्यकुशलता बारे थोरै प्रकाश पार्न मन लाग्यो ।' उनी थप्छन्, 'अनौठो लाग्छ, उमेरको ख्याल नरहेझैँ युवा जोसमा देखिरहँदा ।'

सोखले पौडी खेलमा निपुणता जमाउनु भएका बुबासँग सिजनमा सँगै खेल्न जाने गर्दा रहेछन अनुप तर उनले प्रतिस्पर्धा गर्न कहिल्यै सकिनँ भन्छन् । बुबाको पौडी गतिविधि देख्दा त्यहाँ उपस्थिति सबै छक्क पर्थे । सानादेखि ठुलासम्म बालदेखि वृद्धसम्मका सबैसँग मिल्न सक्ने स्वभाव भएर होला, सबै समूहको असल साथी देख्छन् अनुप । सबै विषयमा अपडेट रहने बुबालाई अत्याधुनिक सञ्चार प्रविधिमा पनि अपडेट नै देख्छन् उनी ।

बुबाले चालेका साहसिक कर्मको प्रशंसा गर्दै एउटा प्रसङ्ग उल्लेख गर्दै लेख्छन्, 'त्यतिखेर उनी बाह्र वर्षका थिए । उनी र बुबा जिपमा वीरगञ्जदेखि काठमाडौँ आउँदै रहेछन् । मुग्लिन आइपुग्दा साँझको आठ बजे गाडीको डाइनोमो सिस्टम नै बसेछ । उनी भन्छन्, बुबा भन्नुहुन्छ, 'जसरी हुन्छ काठमाडौँ पुग्नै पर्छ ।' वहाँ ड्राइभर सिटमा बस्नुभयो म अगाडिको सिटको

ढोका खोलेर टर्चले बाटोदेखाउन थालें । चुक घोप्ट्याएजस्तो अँध्यारो थियो, टर्चको उज्यालोले के सहारा पुग्ने ? साँघुरो बाटो एकातिर नदी डरलाग्थ्यो, पौडी खेल्न पुगिन्छ कि भन्ने तर बुबाको कुशल र सुरक्षित ड्राइभिङले समयमै सकुशल काठमाडौँ आइपुग्यौँ । मामुले बुबालाई महामूर्खको संज्ञा दिएपनि उहाँ कुशल ड्राइभर भन्दा'नि सुपर कुशल ड्राइभर हुनुहुन्छ ।'

अनुप भन्छन्, 'बुबाका यस्ता धेरै साहसिक कामहरू छन् । ती अनौठा तर धेरै सकारात्मक छन् । जुन मेरा ज्ञानका भण्डार बनेर बसेका छन् । वहाँमा नराम्रा बानी खोजेर पाइँदैन होला । बरु आधुनिकतासँग बेरिएर आउने आचरणहरू वहाँको बानीसँग मेल नखाँदा कहिलेकाहीँ असहज अनुभव गरेजस्तो लाग्छ । आफ्ना स्वजनहरूको शुभकार्य र उत्सवहरूमा जाँदा बुबा आफ्नो समय तालिकामा सम्झौता गर्न नखोजिदिँदा हामी त्यस उत्सव र शुभकार्यमा त्यतिसमय दिन पाउँदैनथ्यौँ । उहाँ यसलाई पिँढी र पुस्ताबिचको समयको अन्तराल मान्ने गर्नुहुन्छ । तर पनि समय सापेक्षबन्न कोसिस गरिरहनुभएको छ ।'

बुबा घरका सबै परिवारसँग मुली बनेर हैन, सबै सरहको सदस्य बनेर रमाइलो गर्दै बस्न पनि सक्नुहुन्छ । त्यतिखेर वहाँमा म मान्यजन हुँ भन्नेभाव कतै देखिँदैन । त्यो बानीलाई अनुप समय सापेक्ष र सकारात्मक बानीको रूपमा लिन्छन् । उनी भन्छन्, 'बुबामा प्रविधि सम्बन्धित ज्ञान पनि छ । म स्वयं मेकानिकल इन्जिनियर भएरपनि जटिल अटो समस्यामा वहाँसँग सल्लाह लिन्छु । वहाँलाई इन्जिनका पार्टपुर्जाको पनि त्यत्तिकै ज्ञान छ । यसरी हरेक क्षेत्रमा मलाई ज्ञान दिन सक्ने बुबा मेरा कुशल काउन्सिलरको रूपमा पनि हुनुहुन्छ, त्यसैले म आफूलाई धन्य सम्झन्छु, बुबाको विरासत स्वरूप धेरै गुणहरू पाएको छु । ती सबै मेरो हृदयका बान्की बन्दै म भित्र सल्बलाइरहुन् ।

बत्तीस वर्षदेखिको सहयात्रा

इन्दिरा जङ्गम

इन्दिरा जङ्गम भन्छिन्, 'बाबुआमालाई छाड्दाको वेदनाका पलहरू बिर्सिदै पति भरत जङ्गमलाई हृदयमा बसाल्न थालेको बत्तीस वर्ष पुगेछ । यो समयमा दुवैजना एकअर्कामा समाहित भैसकेका रहेछौं । हाम्रो यो सहजीवनमा कैयौं भुमरी र उतार चढावहरू आए, केहीले रुवाए केहीले हँसाए । हामी न अलग अलग हाँस्यौं न रोयौं । सँगै हाँस्ने सँगैरुने गऱ्यौं । मैले मेरो सम्पूर्ण सामाजिक जीवन पतिमा समर्पण गरेर सहकार्यमा जुटेकी छु ।'

आफ्नै सहकर्मी र सहगामीका बारेमा के लेखूँ भन्ने लाग्छ । त्यसैले उनी भन्छिन्,'म आफ्नै बारेमा के लेखूँ ? कसरी लेखूँ ? न ती सँगैका भोगाइहरूलाई लिपिबद्ध गर्न सजिलो छ न सहज । एकबिना अर्को पूर्ण बन्न नसक्ने हामी, अनि मेरो हृदयले के लेखाउन सक्ला र खै ? 'पवित्र साहचर्य थियो । त्यसैले हृदयदेखिनै एक अर्कामा माया बसाल्यो । एकअर्काका भावनाहरू राम्ररी बुझ्नथाल्यौं । एक अर्कोलाई बुझ्न नहामीले बोल्नु पर्थ्यो नसुन्न पर्थ्यो, न त पढ्नु नै पर्थ्यो, हाम्रा हृदयका धड्कनहरूले नै बुझ्थे, सबैकुरा बुझाउँथे । म कुनै समारोहमा जाँदा जब उहाँको नाम सुन्छु, मलाई मेरै नाम बोलेजस्तो लाग्छ । अनिममा भिन्दै प्रकारको भाव जाग्छ । मन प्रफुल्ल बन्छ । त्यसैगरी हामी जब एकअर्काको दुःख सुन्छौं, सँगै दुःखी हुन्छौं, उस्तै चिन्तित हुन्छौं । म पनि उहाँको दुःख, सुख, चिन्ता र चिन्तनमा पूर्ण रूपले साथमा रहन्छु । अनि उहाँको बारेमा के लेखूँजस्तो पनि लाग्छ ।

कालजयी व्यक्तित्व वहाँ, वहाँसँगको अनुभव लेखिदिन 'मोती महोत्सव आयोजक समिति' को अनुरोधलाई अस्वीकार गर्न पनि सकिनँ । त्यसैले म श्रीमती बनेर होइन, इन्दिरा बनेर लेख्दै छु भन्छिन् इन्दिरा जङ्गम । म

इन्दिराका नजरले हेर्दा वहाँलाई परिवार, समाज, देश र जनताका लागि सधै राम्रो सोच्ने, सधै राम्रो गर्ने व्यक्तिका रूपमा देख्छु ।

कुशल गृहिणी उनी, श्रीमान्‌ले घरव्यवहारका लागि छुट्याएको थोरै समय पाएर पनि खुसी भएरै रहने इन्दिरा भन्छिन्, 'मैले स्त्रीधर्मलाई आत्मसात् गरेकी छु । घरव्यवहार ढाकेकी छु । त्यसैले वहाँले बाहिर, व्यवसाय, देश अनि जनतालाई समय दिन पाउनुभएको छ तर एक्लै घरव्यवहार चलाउन कति कठिन छ, त्यो मर्म पनि बुझ्किदिनुहुन्छ । त्यसैले त हाम्रो सम्बन्ध र समझदारी जीवन्त छ । बेला बेलामा देशभित्र र बाहिर घुम्न सँगै निस्कन्छौं । यात्राले शरीरमा नयाँ उत्साह र ऊर्जा थपिदिन्छ । चिन्तनमा पनि नयाँ रचना थपिदिन्छ । अनि फर्केपछि फेरि आ-आफ्नो काममा सक्रिय रहन्छौं ।

कहिलेकाहीं मिडियाले वहाँको अनावब्यक टीकाटिप्पणी गर्दा दोषारोपण गरेको देख्दा धेरै दुःखलाग्छ । हृदयबाटै वहाँकी भैसकेकी इन्दिरा जङ्गमलाई, भरत जङ्गमको विषयमा गलत टीकाटिप्पणी सुन्दा धेरै दुःख लाग्दो रहेछ । भन्नुहुन्छ, 'सञ्चार माध्यमहरूले कसरी गलत लेख्न सक्छन् होला ? तर त्यस्ता गलत टीकाटिप्पणीप्रति वहाँले गम्भीर चासो दिनुहुन्न । यो ठुलो गुण हो जसले परिवारलाई स्वाभाविक लयमा हिँड्न सहज बनाइरहेको छ ।

नरिसाउने शान्त स्वभाव छ । कसैसँग रिसाएको मलाई थाहाछैन भन्दै इन्दिरा भन्छिन्, 'यही गुणले होला वहाँ सदा हँसिलो, प्रसन्न, आनन्दित रहने, त्यसैले पनि स्वस्थ हुनुहुन्छ । वहाँको धेरै समय लेखपढमा नै बित्छ । सिर्जना, अनुसन्धान र कहिलेकाही मुद्दामामलामा । जब म मेरो सहयोगको जरुरत देख्छु तब म तयार रहन्छु । एकान्तमा बसेर गरिने चिन्तन मनन र लेखनको पहिलो श्रोता आफूलाई बताउने इन्दिरा भन्छिन्, 'वहाँका लेखभित्रका घटना र प्रसङ्गहरू मनमा गढिबसेका हुन्छन् । वहाँका सबै किताबहरू मलाई रुचिकर छन् । प्रकाशित हुनुभन्दा पहिले नै पुस्तकहरू पढिसकेकी हुनाले मलाई पढ्नु नै पर्दैन । उहाँको सिर्जनात्मक कल्पना देख्दा

कहिलेकाहीँ छक्क पर्छु ।

भरत जङ्गम आफ्नै गरिमा, आफ्नै मानवीयता, अनि आत्माशान्तिको चाहानाले होला धेरै क्षेत्र अँगालेर अघि बढ्नुहुन्छ । यसरी बहुक्षेत्रको कार्यमा व्यस्तरहेको देखेर घरपरिवारका लागि बढी समयको कहिल्यै जिकिर नगरेकी इन्दिरा धेरै धेरै क्षेत्रमा लाग्दा देश र जनताले बढीसेवा पाउन सक्छन् भन्ने श्रीमानको त्यो पवित्र भावनालाई सहयोग पुऱ्याउन कार्यसमय बढाइदिने प्रयत्न गरिरहेकी हुन्छिन् । देखिरहेकी पनि छन, वहाँ संलग्न भएका सबैक्षेत्रले वजन बढाएकै छन् तर पनि वहाँको कार्यलाई लिएर मिडियामा आएका कुराहरूका विषयमाहोस्, चाहे भ्रष्टाचार विरोधी आन्दोलनमा सक्रिय भएरहोस् आजसम्म धम्की सामना गर्नुपरेको छैन । तर एक पटक श्रीमान्लाई प्रधानमन्त्रीको निवासबाटै धम्की आएको कुराभने स्वीकार गर्छिन् इन्दिरा ।

असल श्रीमतीको अहंस्थान ओगट्न सफल इन्दिरा भन्छिन्, 'मेरा श्रीमान्को गलत काममा पैसा खर्च गर्ने बानीनै छैन । रचनात्मक काममा खर्चगरेको मलाई पनि राम्रो लाग्छ । मठमन्दिरको सञ्चालन, पुनरुद्धार, छात्रवृत्ति कोष जस्ता पुनीत कार्यमा कहिले मेरो, कहिले वहाँको नामबाट सहयोग गर्ने गरेका छौँ । वहाँको आर्जनको केही प्रतिशत रकम धार्मिक, सामाजिक र साहित्यिक क्षेत्रमा लगाउने निधो गरेअनुसारका खर्चहरूमा दुवैको समझदारी हुने गरेको छ ।

आफ्ना श्रीमान्को सबैकार्यको गतिविधि र देखभाल गरिरहने श्रीमती इन्दिरालाई कुनै कार्यमा लागिरहँदा श्रीमान्लाई खाना खाने समय ख्यालै नरहँदा असहज अनुभव हुँदोरहेछ । त्यति समयको मात्र ख्याल राख्ने गरिदिए सुनमा सुगन्ध थपिने थियो भन्छिन् इन्दिरा तर वहाँले समयमा खाना नखाँदा स्वास्थ्यमा असर गरेर दुःख दिएको भने थाहा रहेनछ । आफू नित्य औषधी सेवन गरिरहने उनी श्रीमान्लाई नित्य औषधी सेवन गर्नु नपरेकोमा भने खुसी छिन् ।

उनी भन्छिन्, 'भरत जङ्गमकी श्रीमती भएर होला, वि.वि.सी.लन्डन र रेडियो मस्कोजस्ता अन्तर्राष्ट्रिय रेडियोहरूले मेरो अन्तर्वार्ता प्रसारण गरेका ।' त्यसलाई उनी आफ्नो ठुलो सौभाग्य ठान्छिन् । वहाँको साथमा मैले धेरै देशहरूको भ्रमण गर्नपाएको, ती देशका जनताको जनजीवन, बसाइ रहनसहन रीतिरिवाज, चालचलन बुझ्ने मौका पाएको अवसरलाई ठुलो उपलब्धि मानेकी छन् ।उनी घरकी जेठी बुहारी हैनन् तरजेठी बुहारीको भूमिका निर्वाह गर्न पाएकामा आफूलाई गौरवान्वित अनुभूति गर्दछिन् । उनी भन्छिन्, 'वहाँले जुनसुकै काम सुरु गर्दा मसँग राय सल्लाह लिने गर्नुहुन्छ । यसले गर्दा होला परिवारका सम्पूर्ण सदस्यहरूसँग उचित व्यवहार र आदरभाव प्रकट गर्न सिकेको । त्यसैले गर्दा पनि होला परिवारकी जेठी बुहारी बन्ने सौभाग्य पाएको ।

कुलकी जेठी बुहारी बनेकी इन्दिरा अन्त्यमा लेख्छिन्, 'जो अन्यायसँग लडिरहन्छ, भ्रष्टाचारीलाई खेदिरहन्छ, त्यस्तो व्यक्ति देशमा एक्लो बन्दै आएको छ । वहाँ पनि राज्यस्तरबाट एक्लिनुभएको छ । राज्यस्तरबाट वहाँको मूल्याङ्कन र कदर नभए पनि जनता जनार्दनले वहाँको कार्य, हेरिरहनु भएको छ । कदर गरिरहनु भएको छ । इतिहासले पनि कदर गरिरहने छ । इतिहासका पानाहरूमा उहाँका अमर काम र नाम कोरिनेछन् ।

सत्ताको दुरुपयोग गर्नेहरूसँग दूरी बढ्दैगए पनि जनस्तरबाट नै वहाँको जन्मोत्सवलाई मोती महोत्सवको रूपमा मनाउने आवाज गुन्जँदा वहाँको साथले चेतना जागेको मेरो मन थामिएन । हर्षाश्रु बगिरहे । वहाँको यो ठुलो मूल्याङ्कन र कदरप्रति हार्दिक आभार टक्र्याउँछु । वहाँको मोती महोत्सवको अवसरमा प्रकाशित हुने ग्रन्थको लागि यी मेरा निजी अनुभूतिहरू जानी नजानी कोरेकी हुँ । प्रकाशनको लागि सो समारोह समितिप्रति कृतज्ञता प्रकट गर्दछु ।

भ्रष्टाचार विरुद्ध विज्ञानका प्रतिपादक

ईश्वरराज जङ्गम

सामाजिक व्यक्तित्व भरत जङ्गमज्यूको मोती महोत्सवको उपलक्ष्यमा प्रकाशन हुनलागेको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थमा केही लेखिदिन आग्रह गरिएकोमा आयोजक समितिलाई आभार व्यक्तगर्दै ईश्वरराज जङ्गम भन्छन्, 'एघार वर्षको उमेरमा मैले वहाँको सङ्गत गर्न पाउनुलाई विलक्षण संयोग मान्छु । र त्यो सङ्गतबाट पाएको उपलब्धिपूर्ण प्रेरणालाई मैले सम्पत्तिको रूपमा ग्रहण गरिरहेको छु । यो मेरो गौरवको विषय हो ।'

कलमबाट क्रान्ति गनुपर्छ भन्ने मूलमन्त्र बोकेर हिँड्ने भरत जङ्गमको योगदानको कदर गर्दै राज्यले नै वहाँका कृतिहरू राष्ट्रिय सम्पत्तिका रूपमा ग्रहण गर्नुपर्ने माग राख्ने ईश्वरराज लेख्छन्, 'राष्ट्रिय समस्याका चिन्तक भरत जङ्गम न्यायको पक्षपोषक छन् भने भ्रष्टाचार विहीन राज्य, स्वच्छ राजनीतिक प्रतिस्पर्धामा विश्वास राख्नुहुन्छ । जनपक्षीय पत्रकारितालाई महत्त्व दिने वहाँ, सामाजिक न्यायको पक्षलाई सर्वोपरि देख्नुहुन्छ । २०३६ सालमा 'कालोसूर्य' नामक उपन्यास प्रकाशित गरेर, भ्रष्टाचार र बेथितिले जर्जर बनेको तत्कालीन शासन व्यवस्थालाई चुनौती दिनुभएको थियो । यो निकै साहसिक कार्य थियो ।

'इमानदारिताको कदर र जिम्मेवारीको वहन'उहाँको मूलमन्त्र हो । सामाजिक क्षेत्रमा रहेका असामाजिक कुरीतिलगायत देशमा भएका अन्याय, अत्याचार र असमानतालाई निर्मूल पार्दै लग्नुपर्छ भन्ने वैचारिक आन्दोलनका पुस्तकहरू 'कालो सूर्य' 'रातोघाम' 'पचास प्रसङ्ग' भ्रष्टाचार विरुद्धको वैचारिक आन्दोलनमार्फत राष्ट्रलाई योगदान पुऱ्याइरहनु भएको छ ।

भ्रष्टाचार देशको पुरानो रोग हो । यसलाइ काँडो निकालेझैं गरेर फाल्नसके देशको काँचुली फेर्न कुनै मसिहालाई पर्खन नपर्ने बताउँदै ईश्वरराज लेख्छन्, 'यही उद्देश्य बोकेर सडकदेखि सर्वोच्चसम्म पुग्ने भरत जङ्गमको कार्य अविस्मरणीय रहेको छ । वहाँबाट प्रतिपादित भ्रष्टाचार विरुद्धको विज्ञान, महाविद्यालय र विश्वविद्यालयहरूमा अध्ययन अध्यापन गराउनपर्ने खाँचो देखेको छु ।

जङ्गम सम्प्रदाय धर्म र संस्कृतिमा विश्वास राख्ने भएकोले पनि होला भरतजीको धर्म र संस्कृतिमा उत्तिकै रुचि छ । धर्मको विकास र संरक्षण ऐतिहासिक देवस्थल, पाटीपौवा, ऐतिहासिक, पुरातात्विक वस्तुहरूको संरक्षण र विकासमा जुटिरहने धार्मिक व्यक्तित्व हुनुहुन्छ उहाँ । शिक्षा विकासमा पनि उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहने वहाँ समाज भित्र रहेका आर्थिक रुपमा विपन्नअसहाय परिवारका जेहनदार विद्यार्थीहरूलाई सहयोग पुगोस् भनी छात्रवृत्ति कोष स्थापना गरिदिनुभएको छ । यस्ता बहुक्षमताका धनी भरत जङ्गम सामाजिक विकासको कुशल नेतृत्व लिनसक्ने व्यक्ति हुनुहुन्छ । वहाँले तयगरेको राष्ट्र र सामाजिक विकासपथको यात्रा अविचलित चलिरहोस् मेरो पनि हार्दिक शुभकामना ।

भ्रष्टाचार यहाँ खुल्छ
कर्मनिष्ठ छुटेपछि
विदेशिन्छन् तिनी जम्मै
देश बन्ला कहाँ अनि (५४)

भरतांशु महाकाव्यबाट

मेरो आँखामा चित्रकार दाजुको चित्र

गायत्री जङ्गम बस्नेत

जहिले पनि उज्यालो अनि मुस्कुराइरहने चेहरा, मेरो सबै माइतीको सिङ्गो स्वरूप, मेरा नजरमा सदा सजीव चित्र बनेर आइरहने दाजु भरत जङ्गमका बारेमा के लेखूँ ? लेख्न सकस लागिरहेको छ । वहाँको महान् व्यक्तित्वका आयाम र पाटाहरू मैले के चर्चा परिचर्चा गर्न सकुँला र, त्यसमाथि पनि दाजुकी अति प्यारी बहिनी म ।

वहाँको जीवनका आयाम र पाटाहरू बताउनुभन्दा उहाँसँगै बितेका बाल्यकालका केही झलकहरू बताउन उपयुक्त होला भन्दै बहिनी गायत्री पौडीको सन्दर्भ बताउँदै भन्छिन्, 'दाजुहरू कक्षा नै छाडेर लुकीचोरी पौडीखेल्न जानुहुन्थ्यो । म पनि पछि लागेर जानथालें । एकदिनको कुरा हो, भरत, दीपक दाजु, मरमेरी साथी चार जना मिलेर पौडीखेल्न गयौं सूर्यघाट । मलाई डर लाग्यो, छेउँमै खेल्नथालें । साथी दाइहरूसँगै पसी बिचभेलमा पुगिछन् । कसरी कसरी ऊ डुबिरहेको देखें । जोडले चिच्याएँ । भरत दाइले देख्नुभएछ । पौडिँदै पुग्नुभयो साथीलाई निकाल्न । वहाँको साहस देखेर म छक्कपर्छु अहिले पनि, एकहातले उसलाई समाएर अर्को हातले पौडी खेल्दै बाहिर निकाल्नुभयो । उसको पेट फुलिसकेको रहेछ । दाजुले उसलाई घोप्टो सुताएर पूरै पानी छदाएपछि ऊ सामान्य अवस्थामा फर्की । दाइले ज्यानको बाजी लगाएर उसलाई बचाउनुभयो । त्यो सम्झँदा अहिले पनि डरलाग्छ । यसरी अरूको भलाइका लागि मरिमेट्नु हुन्छ दाजु ।

कुशल चित्रकार हुनुहुन्छ उहाँ । भरत दाइको त्यो चित्रकारको रूप अहिले पनि मेरा आँखामा आइरहन्छ । दाजुको चित्रकारिता सम्झँदै भन्छिन्, '२०२० सालको कुरा हो, जतिखेर हजुरआमा हुनुहुन्थ्यो । हजुरआमालाई हेर्दाहेर्दै सिसाकलमले हजुरआमाको चित्र उतारिदिनुभयो । त्यो चित्र घरमा अझै सुरक्षित छ । डिल्ली बजारको घरमा बस्ने चित्रकारसँग चित्र कोर्न

सिक्नु भएको हो दाजुले । तेल, पानी, रङचित्र सबै बनाउने गर्नुहुन्थ्यो तर निरन्तरता दिनुभएन । गायनमा पनि निपुणजस्तै हुनुहुन्थ्यो । रेडियो नेपालको बालकार्यक्रममा लाइभ गाउनुहुन्थ्यो । स्वर राम्रो र गम्भीर थियो । गायकीलाई पनि निरन्तरता दिन सक्नुभएन ।

बहिनी गायत्रीलाई थाहा रहेछ बाबु हुँदै दाइले घर व्यवहार चलाउन थालेको, सबै भाइ बहिनीहरूको क्षमताअनुसारको संस्कार कर्म गराएको, जङ्गम परिवारका सबै सदस्यहरूसँग राम्रो व्यवहार गरेको । आफूभन्दा ठुलालाई आदर सम्मान गरेको, सानालाई माया गरेको । कुशल अभिभावको भूमिका निभाएको । उनी भन्छिन्, 'भाउजू पनि अत्यन्तै सहनशीला सुशीला पाएका छौं । अति आत्मीय हुनुहुन्छ । दाजु भाउजूले हामीलाई मात्र हैन माया गर्ने, जङ्गम निवासभित्र छिर्ने सबैलाई माया गर्नुहुन्छ । कसैलाई निराश पारेर नफर्काउने दाजु भाउजूप्रति हामी सबै आभारी छौं ।'

दाजु भरतको स्वभावमा अलिकति जिद्दीपन देख्छिन् उनी । अरू कुरामा होइन, सोचेको कुरा गरेरै छाड्ने कुरामा जिद्दी । बाहिर जे नयाँ कुरा देख्नुहुन्छ, त्यसलाई घरमा प्रयोगमा ल्याएरै छाड्ने । त्यसका लागि लागि पर्ने । यस्तो काममा लागि रहँदा वहाँलाई समय बितेको ख्यालै रहँदैन ।

उनी भन्छिन्, 'आफू सानैदेखि हन्डर गोता खाएर होला, दाजु अरूहरूको दुःख हेर्नसक्नु हुन्न । देख्दै दुःखकष्ट हरणगरिदिने कोसिस सुरु गरिहाल्ने नरम हृदय भएका दाजुको विषयमा यति नै लेखूँ कि ? दाजुबाट पाएका अनुभवहरू थुप्रै छन् तर मैले दाजुभित्रको चित्रबाट एउटा मात्र चित्र उतारेकी हुँ ।

अन्त्यमा ६०औं जन्मदिवसको उपलक्षमा दाजुका लागि प्रार्थना गर्छिन्, 'भगवान् ! मेरा दाजुलाई सबै नेपालीको हृदयमा सम्मानपूर्वक बसाइदेऊ ।'

मेरा माइला बुबा

ज्योति जङ्गम

राणाकालीन समयमा 'जनताको सेवक' को उपनामले प्रसिद्धि कमाउनु भएका श्री गोविन्दहरि जङ्गमका द्वितीय पुत्ररत्नका रूपमा २००४ सालमा भक्तपुरको टौमढी टोलमा जन्मनुभएका भरत जङ्गमको आदर्शबाट प्रेरित भएर आफू राजनीतिमा लागेको कुरा नेपालका केही राजनीतिक दलका नेताहरूको मुखबाट सुन्न पाउँदा भतिज ज्योतिलाई अत्यन्तै गर्वको अनुभूति हुँदो रहेछ ।

माइला बुबालाई आफ्नो जीवनको आदर्श ठान्ने ज्योति जङ्गम भन्छन्, 'त्यस्ता मृदुभाषी पुरुष कालजयी व्यक्तित्वको ६०औँ जन्मोत्सवलाई मोतीमहोत्सवको रूपमा जनस्तरबाटै मनाइने कुराले त्यसै त्यसै हर्षविभोर भएको छु । यो अवसरमा 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थ पनि प्रकाशन हुन लागेको सुन्दा खुसीको सीमा रहेको छैन । त्यही ग्रन्थका लागि दुईचार शब्द नलेखिरहन पनि सकिनँ ।'

उनी भन्छन्,'उहाँ मेरो माइलाबुबा, मलाई असाध्यै माया गर्नुहुन्छ । अर्काको दुःख गहिरिएर बुझ्नुहुन्छ । वहाँबाट सधै मित्रवत् व्यवहार पाएको छु । सधै सत्कार्यको प्रेरणा पाएको छु । वहाँको सफा हृदयमा सदा राष्ट्रप्रतिको निष्ठा देख्छु । जनता, समाज, र राष्ट्रप्रतिको प्रखर सेवाभाव देख्छु । देशलाई आत्मनिर्भर र स्वावलम्बी बनाउने जाँगर जागिरहेको देख्छु ।' हामी व्यक्तिवादी सोँचमा हराउँदै गएको संयुक्त परिवारमा छौँकि झैँ लाग्छ, वहाँबाट पाइराख्ने सद्भावले होला । वहाँ हाम्रो परिवारको आदर्श पनि हुनुहुन्छ । हाम्रो संयुक्त परिवारको रथलाई हाँक्न निर्भीक प्रयत्नशील दायित्व निर्वाह गरिरहनु भएको छ । यसलाई वहाँको उच्च विचारको प्रतिफल देख्छन् ज्योति । वहाँका साहित्यिक कृति 'कालो सूर्य', 'व्यूहचक्र', 'रातोघाम', ' पचास-प्रबन्ध' लगायतका रचनाहरूले उहाँलाई नेपाली वाङ्मयमा एउटा चर्चित पुँजीको रूपमा स्थापित गराएका छन् ।

अन्त्यमा ज्योति लेख्छन्, 'माइलाबुबा मेरा आदर्श हुनुहुन्छ । यो शुभअवसरमा वहाँको आदर्शलाई पछ्याइरहने दृढता व्यक्त गर्दै वहाँको सपना पूरा गर्न प्रतिबद्ध रहने विश्वास दिलाउँदै जन्मोत्सवको उपलक्ष्यमा मङ्गलमय शुभकामना टक्र्याउँछु माइला बुबालाई ।'

एक पूर्णताप्राप्त व्यक्तित्व

दीपक जङ्गम

सधैँ आफ्नो मनसँग गरेको प्रतिस्पर्धाको व्यक्तित्वमा पूर्णता प्राप्त गर्न सफल भरत जङ्गमका भाइ दीपक जङ्गम भन्छन्, 'भरत दाइसँग रसिक पारामा कथा (कुरा) सुनाउने कला छ । घरपरिवारमा समान्य ज्ञान र समाचारको भरपर्दो स्रोत थियो कि रेडियो कि भरत दाइ । कहाँ कहाँका समाचार बटुलेर भन्ने क्षमता र कला दुवै थियो दाइमा ।

दीपक स्वयं कुशल सङ्गीतकार हुन् । आफू सङ्गीतकार भएर'नि होला सङ्गीत सिर्जनाको एउटा चाखिलो कुरा सुनाउँदै भन्छन्, 'भरत जङ्गमले भाइलाई सुनाएको भारतीय सङ्गीतको कुरा हो । एक जना सङ्गीतकार बम्बे नजिकैको सामुद्रिक किनारामा घुम्दै रहेछन् । समुद्रका छालका लहरहरूसँग वायुचल्छ । वायुचल्दा सुसाहट निस्कन्छ । त्यो सुसाहट सुनेर सुसेली खेल्दा एउटा सङ्गीत सिर्जना भरिन्छ, अनि त्यसमा गीत भरिन्छ । पछि त्यो गीत सङ्गीतले 'आवारा' फिल्ममा प्रवेश पायो । त्यो फिल्म हिट भयो रे ।' यस्ता नयाँ नयाँ कुरा सुनाउनुहुन्थ्यो हामीलाई । हामी अनौठो मानेर सुन्थ्यौँ । कसरी कहाँबाट ल्याउनुहुन्थ्यो त्यस्तो नयाँ कुरा ?

त्यस्ता नयाँ नयाँ कुरा बटुलेर सुनाउने दाइको मोती महोत्सव छ । त्यही शुभ अवसरमा दुईचार शब्द कोर्ने जमर्को गरेका छन् दीपक भाइले, जोसँगसँगै हिँड्दाकासबै घटना आँखामा अटाएका छन् । उनी दाइलाई राम सम्झन्छन् । त्यसैले त उनले नामकाडेर दाइलाई कहिल्यै बोलाएनन् । न फुक्लो शब्द दाइ मात्र भनेर बोलाए । आदर सूचक भावमा 'माइलादाइ' भनेर बोलाए, सधैँ माइला दाइ भनेर नै बोलाउँछन् । म पनि भरतजीको बोलीमा निर्भीकता देख्छु । त्यसैले त उनका जीवन पाइलाहरू, लक्ष्यमा विश्वस्त भएर चले सफलताको शिखर चुम्न । जब पाइला विश्वस्त भएर चल्छन्, तब जीवन लक्ष्यमा भीषण हानीका शृङ्खलाहरू हराउँदै जाने गर्छन् ।

दीपकजी भन्छन्, 'बाबाले बानेश्वरमा आफ्नो साइकल छाडिदिनु भएको थियो । दाइ त्यही चढेर घुम्नुहुन्थ्यो म पछिल्तिर क्यारियरमा बस्थेँ । बिदामा, पाटन, वसन्तपुर, स्वयंभू, अनि सिनेमा घरहरू डुल्थ्यौँ । असन, इन्द्रचोकजस्ता भिड हुने बजारमा पनि दाइ तिब्र गतिमा कुदाउनुहुन्थ्यो, म डराउँथेँ तर साइकल वहाँको कावुबाहिर जाँदै गएन । त्यो निर्भीकता देख्थेँ दाइसँग । दाइको सङ्गत अनि बानी संस्कारको अंशले धन्यभाव धानेका भाइ दीपक भन्छन्, 'दाइ सानैदेखि पौडीवाज हुनुहुन्थ्यो । काठमाडौँ भरिका पौडी पोखरी, घाट, नदीको वहाव, भुमरी र गहिरा दहहरूमा भ्यागुते, बाँकटे हान्दै डुब्दै निस्कँदै गर्नुहुन्थ्यो । तीमध्ये सबैभन्दा डरलाग्दो मानिने वागमतीको सूर्यघाटमा २०-२५ फिट माथिबाट हामफाल्न सक्ने वहाँलाई हालसम्म पनि त्यत्तिकै सक्रिय देख्दा अहिले पनि छक्क पर्छु ।'

हेर्दा बेफिक्रीसँग आफ्नै संसारमा रमाउन खोज्ने भरत जङ्गमलाई विद्वत्ताको उस्तै कदरगर्न पनि आउँछ । जीवन्त मानवका निश्चित पक्षहरू केलाउने उस्तै उस्तादीपन छ उहाँसँग । एउटा कुशल मान्छेको रूपभित्र सन्त, दार्शनिक, वैज्ञानिक र एउटा साहित्यकारको पनि उत्तम रूप देखिन्छन् भरत जङ्गममा । 'विकसित देशको कृषि प्रणाली देखेर फर्केका एकजना कृषिविज्ञ छिमेकीसँग उहाँको राम्रो सम्बन्ध थियो । उनीसँग बसेर आयुर्वेदको विकासका खोज र सम्भावनाका गहकिला गहकिला योजनाहरू बुनेको देख्दा भाइ दीपक छक्क पर्थे ।'

रेडियो नेपालको बालकार्यक्रममा भाइ बहिनीलाई लिएर जाने भरत जङ्गमका रेडियो कार्यक्रमको सहभागितापछि भिन्दै प्रकारको चेतनाको लहर जाग्यो । त्यही ताका हो किताब जम्मा गरेर 'बालविकास पुस्तकालय' नामको सानो पुस्तकालय खोलेको । त्यही पुस्तकालयको नामबाट हस्तलिखित पत्रिका चलाए । बालकार्यक्रममा प्रस्तुत गर्नुपर्ने कथा, कहानी र गीत त्यही हस्तलिखित पत्रिकामा भर्न थाले । त्यही लेखनको परिस्थितले लेखनक्षेत्रमा झनै दृढता बढायो । भाइ दीपक भन्छन्,'त्यो अनुभवले दृढता बढायो, जस्तो परिस्थितिमा पनि जबरजस्त छाप छाड्न सक्ने क्षमता भएर, दाजु छरछिमेक

साथी भाइलगायत विदेशमा रहनेहरूका बिचमा पनि आफ्नो प्रभाव छाड्न सफल हुनुभएको हो ।'

समय परिस्थिति अनि मनको योगले लेखक बनेका भरत जङ्गमको ' कालोसूर्य' विदेशमा राम्रै छाप छाड्न सफल छ । यसबाहेक जङ्गमका थुप्रै कृतिहरू छन्, जसले उनलाई सफल साहित्यकार बनाएको छ । कसैको आँखामा दुःख देख्दा आफ्ना आँखा पनि चिसा पार्ने भरतजीमा भावनाको जे गहिराइ देखिन्छ त्यसभन्दा धेरै गहिरो देख्छु म । गहिरो बनेरै होला एकलव्य बनेर पनि बृहत् व्यक्तित्व निर्माण गरेका । भाइ दीपक भन्छन्, 'वहाँलाई कहिल्यै कसैले मार्गनिर्देशन गरेको मैले देखेको छैन ।' बुबाका प्रिय पुत्र बनेका भरत जङ्गम भाइहरू सबै माइला दाइ भन्थे । उनको घर व्यवहारतिर पनि भूमिका बढिरहेको हुन्थ्यो । घरव्यवहारमा कुनै समस्या आइपरे बडो निपुणका साथ समाधान गर्थे ।

भक्तपुरको सामाजिक, शैक्षिक, सांस्कृतिक र आर्थिक जीवनमा योगदान पुऱ्याउने उद्देश्य राखी जङ्गम प्रतिष्ठान खोल्न यिनै माइला दाजुकै अग्रणी भूमिका रहन्थ्यो । भरत जङ्गममा त्यति क्षमता मात्र हैन राष्ट्रलाई नेतृत्व दिन सक्ने क्षमता छ तर राष्ट्रिय राजनीतिमा उल्लेख्य चाख र समय दिन नचाहेर मात्र हो भन्दै दीपक भन्छन्, 'दाइ त अझ उपत्यकाको उत्पत्ति र सोसम्बन्धित पुरातात्त्विक खोजलाई यो ढङ्गले होइन वैज्ञानिक हिसाबले गरिनुपर्ने रायदिने गर्नुहुन्छ ।'

जो नकारात्मक नभै विशालतम सकारात्मक भइरहन्छ, उसभित्र लुकेर बसेको ईश्वरले आफ्नो ईश्वरीय रूप देखाउन पाउँछ । मलाई लाग्छ, भरतजीभित्रको ईश्वरले ईश्वरीय रूप देखाइरहेको छ ।

जङ्गम परिवारका नायक

प्रा. ध्रुवप्रसाद पौडेल

कुनै न कुनै रूपमा जङ्गम परिवार राष्ट्र र समाजको सेवामा पुस्तौँदेखि संलग्न रहँदै आएको छ । चाहे त्यो पद्म शमशेरको राष्ट्रिय सभामा रहेर होस् या निर्वाचित प्रतिनिधि (भक्तपुरको पहिलो निर्वाचित मेयर) भएर होस् । अनि दीनदुःखीको सेवामा पनि अग्रसर रहँदै आएको छ । चाहे भैरवामृत नामक आयुर्वेदिक संस्था खोलेर होस् चाहे दातव्य औषधालय चलाएर होस्, चाहे अरू कुनै परोपकारी संस्था खोलेर होस् सदा मानवसेवामा समर्पित रहने त्यो परिवारको परोपकारिता उत्कृष्ट थियो ।

प्राज्ञ मर्मज्ञ हुन्छन् । मर्मज्ञताले अनन्त धैर्य रोज्छ । धैर्यमा निजात्मक अनुभूतिहरू खुला बगेर जान पाउँदैनन् । त्यसैले पनिहोला यजमान र पुरोहितको सम्बन्ध पुस्तौँदेखि सहृदय बन्दै आएको । जङ्गम परिवारका पुस्तौनी पुरोहित बन्दै आएका लुभु निवासी श्री ध्रुवप्रसाद गौतम स्वयं पनि भन्छन्,'पुस्तौँदेखिको यजमान पुरोहितको सम्बन्धमा कुनै उतारचढाव आएन । अहिलेसम्म पनि सहृदयी नै छ सम्बन्ध ।'

उनी थप्छन्, 'अमृतको बोटमा अमृत नै फल्छ ।' परम्परादेखि नै जङ्गम परिवार एउटा अमृत वृक्ष रहँदै आएको छ । त्यही बोटमा जङ्गमहरू अझ भ्याङ्गिदै बढ्दै आएका छन् । जनता र समाजको सेवामा सञ्जीवनी बन्दै आएका यी पौरखी पुर्खाका सन्तानमा सनातनी परम्पराको नित्य नैमित्य सबै कर्महरूमा पुरोहितको सहयोग र सल्लाह लिने परम्परा अझै कायम छ । यस्ता कार्यक्रमहरू धार्मिक निष्ठामा मात्र चल्दछन् । जङ्गम परिवार धार्मिक निष्ठावान् भएकाले पनि सुमधुर सम्बन्ध रहन सफल भएको छ । भरत जङ्गममा त्यो निष्ठा प्रबल छ । ध्रुव पौडेल भन्छन्, 'भरत जङ्गम नायक रहेकाले पनि हाम्रो सम्बन्धमा हार्दिकता छाएको छ ।'

कर्मठ व्यक्तित्व

पुष्कर जङ्गम

बाल्यकालको उत्तरार्धमा आएर दाइसँग प्रत्यक्ष बोलचाल र बस उठ गर्न पाएका कान्छा भाइ पुष्कर भन्छन्, 'माइला दाइ जीवनभर खालि सङ्घर्षमा लागिरहेको देखेँ । हात बाँधेर बसेको कहिल्यै देखिनँ । बुबाको जीवनकालदेखि बुबालाई सघाउँदै आएका दाजु भरत जङ्गमले बुबाको स्वर्गेपछि पनि सबै व्यवहार आफ्नो शिरमा उठाउँदै आउनुभयो । विवाहपश्चात् झन् कुशल गृहस्थ बन्नुभएको छ ।

वहाँको बोली नपचाउनेहरू रुखो, झोँकी र कडा मिजासको छ भन्छन् । त्यसोभन्नेहरूदेखि म छक्क पर्छु । हामी परिवारका सदस्यहरूलाई उहाँ कहिल्यै कडा, रुखो र झोँकी लाग्नुभएन । म आफ्नो पढाइ सकेपछि वहाँको काममा सघाउनथालेँ । कामका सिलसिलामा म उहाँलाई झन् शान्त, मुलायम, आँखामा राखेपनि नबिझाउने, सहृदयी र मिलनसार पाएँ । मैले सघाउन थालेपछि उहाँको बचेको समय समाजसेवामा लगाउनुहुन्थ्यो । म मेरो संरक्षकको रूपमा वहाँलाई सघाउँदै रहेँ, अनुभव पनि बटुल्दैगएँ । मैले वहाँलाई कुशल व्यापारी, दक्ष प्रशासक, दयावान् समाजसेवी र सहयोगी, निष्ठावान् आध्यात्मिक व्यक्ति, निडर आन्दोलक र समाज सुधारकको रूपमा देखेँ ।

मिठो लालित्य बोलीमा बोल्नेहरू खुला बाँच्न सक्तैनन् तर मानिस त्यही लालित्य बोलीको बाहिरी आकर्षणमा आकर्षित भइरहने प्राणीको कोटीमा पर्दछ । खरो स्वभाव राख्नेहरूमा भित्र नम्रता रहन्छ । आत्मत्यागको क्षमता हुन्छ । त्यस्ता आत्मत्यागी भरत जङ्गम कुशल व्यापारी, प्रखर राजनीतिज्ञ, कुशल शिल्पी साहित्यकार, कुशल अभियन्ताजस्ता आयामभित्र आफ्नो जीवनका कुशलताका खोजहरू उत्खनन् गर्नसक्ने व्यक्ति हुनुहुन्छ ।

एउटा असल लोग्नेको रूपमा पनि देख्छन् भाइले उनलाई, 'दाइ सफल पारिवारिक जीवन बिताउने असल लोग्नेको रूपमा पनि देखिनुहुन्छ ।' सुयोग्य श्रीमान् पाए नव विवाहिता वधुले चाँडै आफ्नो माइती बिर्सन सक्छिन् । माइतीका आकर्षणहरू लोग्नेको योग्यता देखेर आँखा बिझाउँदै आइपुग्दैनन् किनकि ती आकर्षणहरू, प्याराको आँखाको चमकसँगै हार्दछन् । पुष्कर भन्छन्, 'विवाहपछि कहिल्यै रात बिताउने गरेर माइती नफर्केकी भाउजूलाई रात बिताउने गरेर किन जानुहुन्न भनेर सोध्दा भाउजूको उत्तर आँउछ, 'बुझ्नुभएन ! तपाईंको दाइ असल लोग्ने भएर ।' हो, दाइ साँच्चै असल लोग्ने हुनुहुन्छ ।

उनी दाजुलाई उस्तै सफल पिता पनि देख्छन् । छोराछोरीको प्रारम्भिक शिक्षादेखि उच्च शिक्षा ग्रहण गरुन्जेल अनुकूल र उपयुक्त वातावरण मिलाइ दिएर उनका सन्तान आज राष्ट्रका आदर्श नागरिक बनेकाछन् । अनि उनले दाइलाई जङ्गम परिवारको पनि दक्ष संरक्षक मान्दछन्, अभिभावक मान्दछन् । अग्रजहरूलाई आदर सम्मान गर्ने, अनुजहरूलाई अति मायागर्ने व्यक्तिका रुपमा दाजुलाई हेरेका छन् उनले । त्यसैले उनी भन्छन्, 'त्यसैले त सबैका प्यारा छन् दाइ । हामी सबै प्यारा भ्राता भन्छौं । चेलीहरूका सबैभन्दा प्यारा माइती ।'

अन्त्यमा पुष्कर लेख्छन् 'व्यवहारमा उत्तिकै कुशल, प्रविधिक ज्ञानमा पनि उस्तै कुशल, शिल्पकार्यमा कुशल शिल्पी, प्रविधिमा दक्ष प्राविधिक, घरको स्याहार सम्भारका सबै कार्यमा कुशल हाम्रादाइ हाम्रा पथप्रदर्शक, हाम्रा आदर्श पुरुषलाई हृदयदेखि प्रशंसा टक्र्याउँछु, नमन टक्र्याउँछु ।'

समाजको भलो गर्ने अगुवा

पुजनमणि जङ्गम

'आफूभलो कि जगत् भलो' भरत जङ्गम अति नै भला मान्छे । उनले वर्तमानलाई राम्ररी बुझ्न सकेका छन्, जान्न सकेका छन् । पढ्न नि उत्तिकै सक्छन् । धर्ती र माटोको इतिहासको पाना पानाको ज्ञान राखेका छन् । अनि समाजको भलोगर्ने उनी जगत्को भलो रोज्छन् । त्यसैले उनको जीवन सरल छ । सर्वत पानीजस्तै मिठो छ । आयामै आयामले भरिएका यस्ता भरत जङ्गमको विषयमा के लेख्नु, लेखि नसक्नुको व्यक्तित्व छ । त्यस्ता आदर्श पुरुष हुन्, देख्दै श्रद्धा चुलिन्छ । हृदयले शब्दका फूलैफूल चढाउँछ ।

मैले जस्तै समाजले पनि समाजको अगुवा, भलोगर्ने आदर्श पुरुष देखेका छन् उनलाई । यसैले श्रद्धाका फूलैफूल चढाउँछन् समाजसेवी पुजनमणि जङ्गम पनि, भरतमणि जङ्गमको मोती महोत्सवका उपलक्ष्यमा । उनी भन्छन्, 'उहाँको व्यक्तित्वले म नै झक्झकिँए, शब्दपुष्प नचढाई धरैपाइनँ ।' उनी भन्छन, 'भरत जङ्गम नेपाली समाजका बहुआयामिक, बहु प्रतिभाशाली व्यक्ति हुन् । पत्रकारिता र साहित्य विधाका कृति कालो सूर्य, व्यूहचक्र, रातोघाम मार्फत अन्तर्राष्ट्रिय क्षेत्रमा परिचय दिन सफल भएकाछन् । बाल्यकालदेखि नै हँसिलो स्वभाव बोकेका उनी रसिक छन् । सबै उमेरकासँग मिल्ने क्षमता राख्छन् ।'

देशमा व्याप्त छ भ्रष्टाचार, आक्रान्त छ देश भ्रष्टाचारले, त्यसैले भ्रष्टाचारको जरा उखेल्न कम्मर कसेका छन् उनले । ठुलो कवच थियो, उनको आत्माबल । त्यसैले त योद्धाबने, भ्रष्टाचार विरोधी विज्ञानका प्रणेता बने । राष्ट्रको ढुकुटी बचाउन सफल बने । साँच्चै ती देश र जनताप्रति चिन्तित भएर चालिएका कदम थिए, त्यसैले सफल बने । पुजनमणि भन्छन्, 'भरत जङ्गम जति सामाजिक कार्यमा संलग्न हुनुहुन्छ, आफन्त

स्वजनहरूको समस्या समाधान गर्न पनि त्यत्तिकै तत्पर हुनुहुन्छ । त्यसैले जङ्गम परिवारको मियो बनेका छन् भरत जङ्गम ।

उनी थप्छन्, देश र जनताको भलो हुने कार्यमा लगातार लागिरहेको देखेर होला नेपाल सरकारले 'सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोली' को संयोजकमा नियुक्ति गरेको । उनले छोटो अवधिको त्यो सेवामा प्रशासनिक संयन्त्रलाई सही दिशामा डोऱ्याउन गरेको प्रयासलाई कुशल प्रशासकीय क्षमताको रूपमा लिइन्छ ।

यसरी समाजमा आफ्नो विशिष्ट पहिचान राख्न सफल भरत जङ्गम आगामी दिनमा पनि यस्ता अझ धेरै उच्च कार्यहरूले निरन्तरता पाइ रहुन् भनी आशा राखेका छन् पुजनमणिले, मलाई लाग्छ जुन अवश्य पूरा हुँदै जानेछन् ।

भस्मासुर उठेका छन् जुर्मुराई यताउता ।
त्यसैले महिमा देख्छु काव्यमै मुटुका व्यथा ॥८॥
"सबै बाँचुन् सबै हाँसुन्" हाम्रो संस्कृति भन्दछ ।
सबैको आँसु झारेर दैत्य आनन्द मान्दछ ॥९॥
राष्ट्रमा छ यही द्वन्द्व, हाहाकार छ धर्ममा ।
'भरतांशु' पढे मान्छे लाग्न सक्छ सुकर्ममा ॥१०॥

प्रा.डा. माधवप्रसाद भट्टराई
भरतांशु महाकाव्यबाट

बोल्ने पशुपतिनाथ

प्रभादेवी देवकोटा

भनिन्छ, आपत् नपरी भगवान्को नाम जपिँदैन । भगवान् ! दुःखमा मात्र पुकार्ने नाम हो । जो एक्लो परेको छ, जो दुःखमा परेको छ ऊ धेरै भगवान् पुकार्छ तर सुखमा बिर्सन्छ । भनिन्छ, झन् अबलाहरूका सहारा भगवान् मात्र हुन्छन् । प्रभादेवी भन्छिन्, 'म एकल अबला हुँ त्यसैले मलाई आपत्हरू आइरहन्छन् । म समस्यै समस्याले निसासिन्थेँ, त्यतिखेर भगवान् पुकार्थेँ । मैले पुकार्ने भगवान् पशुपतिनाथ हुन् । म आराध्यदेव पशुपतिनाथलाई 'जय पशुपतिनाथ रक्षा गर' भन्दै पुकारिरहन्थेँ । यसरी नियतिबाट गुज्रिरहँदा भरत भाइ टुप्लुक्क आइपुग्थे, दिदी ! के समस्या पऱ्यो ? भन्दै । म आँखा चिम्लेर समस्या बताउँथे जसरी भगवान्लाई पुकार्ने गर्थेँ । भाइले कति समस्या पूरा गरिदिन्थे, कतिका उपाय बताएर जान्थे । त्यति बेला उनलाईनै पशुपतिनाथ देख्थेँ । मसँग बोल्ने मेरा बोल्ने पशुपतिनाथ ।'

जन्मेको घरको भन्दा हुर्केको घरको हुँदोरहेछ धेरै सम्झना । प्रभादेवी भन्छिन्, 'कहिल्यै नछाड्ने मामाघरको सम्झना, म छुटाउन खोज्छु छुट्दैन ।' झन् पशुपतिनाथ बनेर झुल्कने उनका भाइ भरत आँखामा खेलिरहँदा रहेछन् । उनका नजरले बोलाइरहन्छन् पनि होला । उनी अति खुसी भएर भन्छिन्, 'भरत भाइको जन्मोत्सवका उपलक्ष्यमा पुस्तक प्रकाशन हुन लागेको खबरले भाइप्रतिका मेरा सम्मानपूर्ण भावनाहरूलाई रोक्न सकिनँ । अडिएनन् आँखा बगिरहे ।'

उनका हात काममा खुब चल्छन्, तर कलम समातेर चलाउन सक्दैनन् । अगाध आस्थाले लेखोट तयारपार्न लगाउँछ । उनको आत्माले बोलेका वचनहरू राख्न लगाउँछ । उनका थुप्रै आशीर्वचनहरू बुन्न लगाउँछ । भाइ आत्मोन्नतिमा लागि रहुन् भनेर । उनी भान्जी दिदी हुन् । कस्तो अगाध आस्था छ भान्जी दिदीमा । प्यारो भाइको मोती महोत्सवमा, कति धेरै

शब्दहरू खर्चिने मन थियो होला । के गरुन् विचरा हातमा शब्द कोर्ने कला छैन । त्यसैले आँसुको खोलो बगाइदिइन्, लेख्नेलाई मसीको जरुरत होला भनेर तर आँसुका बुँद बुँदको विश्लेषण गर्ने शक्ति शब्दसँग न हुन पनि सक्छ । आँसु पुछ्दै लेख्न लगाउँछिन्, 'भाइले आफ्नो जीवनका आयामहरूमा विजय जमाएको देख्दा ढुक्क भएर फोक्सो फुल्छ ।'

भरतजीलाई पिठ्युँमा बोकेर, काखमा सुताएर हुर्काएकी दिदीले आफ्नो चेतनाको स्तर पनि सँगै हुर्काएकी छन् । तिनै दिदी प्रभा भन्छिन्, ' भाग्यले म त्यो घरमा हुर्कन बढ्न पाएँ जुनघरमा चेतनाको स्तर उच्च थियो, उत्तम संस्कार थियो । अत्यन्तै लच्छिनी भाउजूले असल गृहसंस्कार सिकाइदिनुभयो । जसले गर्दा एकल भए पनि मलाई घर व्यवहार चलाउन सहज बनायो ।'

शरीर पूर्ण विकसित भएर विवाह बन्धनमा बाँधिए पनि उनलाई नियतिले सैँतिस वर्षमा नै एकल बनाएपछि दुःखले टाउको उठाउन थालेछ । विधाताले दिएको स्त्रीधर्मलाई आत्मसात् गरेर बाँच्ने कोसिस गर्दा कम सङ्घर्ष गर्नपरेन होला । आड भरोसा तिनै भाइको पाइन् । त्यही भरोसा छ, जसले आजसम्म पनि बाँच्न सघाइरहेको छ । यी भाइले सानैदेखि आफूले जे चाहेको हो, मनले जे खोजेको हो, त्यो कुरा जसरी भए'नि पूरा गरेर छाड्ने स्वभाव बोकेका हुन् तर भाइले आफ्नो सङ्गतमा पर्ने कसैलाई बिगारेनन् बरु सपारे । सबैलाई सुयोग्य बनाउन खोज्ने यस्ता भाइले गरेको धर्म खेर नजाओस्, पशुपतिनाथले आयु थपिदिउन्, चिताएको पुगोस् भन्दै लाखौँ लाखौँ शुभकामना दिन्छिन् प्रभा दिदी ।

लगनशीलता, गतिशीलता र कर्तव्यनिष्ठाका उदाहरण

भोलामानसिंह थापा

लगनशीलता, गतिशीलता र कर्तव्यनिष्ठाको उदाहरण दिएर चर्चित व्यक्ति भरत जङ्गमको व्यक्तित्वको नाप समाउन सकिँदैन । मलाई लाग्छ उनको नाप वर्तमानले देख्दैन । इतिहासले छोप्दैन । इतिहासले केलाउँछ, केलाउला, धेरै धेरै अङ्क गणितका अङ्कहरूले गनीगनी हेर्ला । ज्यामितिका कोण कोण मिलाएर हेर्ला । आयामका अंश अंशलाई कसीमा दलेर हेर्ला । अनि पाना भर्दै लग्नेछ यी चर्चित व्यक्तित्व भरत जङ्गमको नामको लेखले ।

भक्तपुरको अत्यन्तै राम्रो संस्कार भएको जङ्गम परिवारमा तत्कालीन मिर सुब्बा लेखनाथ देवकोटाका माध्यमले पुगेछन् भोलामान सिंह थापा । उनैले गराएको परिचय पछि एउटा घनिष्ठ, आत्मीय नातासम्बन्ध स्थापित हुन पुगेछ । जुन घरका एक एक सदस्यहरू आफ्नो मान, मर्यादा र आचरणप्रति अत्यन्तै सतर्क रहेको पाएछन् । उनी भन्छन्, 'त्यसैले त होला दुई आमाका सन्तानबिच पनि अत्यन्तै सुमधुर सम्बन्ध बसेको । ती सुमधुर सम्बन्ध राख्ने मध्येका एक सन्तान हुन् चर्चित व्यक्तित्व भरत जङ्गम ।' थापा भन्छन्, 'मैले उनीबाट अति आत्मीयता पाएको छु ।'

२०२५ सालमा जङ्गम परिवारकी चेली सावित्री जङ्गमसँग लगनगाँठो जोड्न पुगेका थापा भन्छन्, 'कतिपय घट्नजाने घटनाहरूले पूर्व सङ्केत दिँदारहेछन् ।' त्यो पहिलो परिचयको क्षणमा पाएको सङ्केतले सम्बन्धको धुन जगाएछ उनमा । त्यसैले परिवारको अत्यन्त प्रेमिल नाता ज्वाँइ हुन पुगेछन् ।

समाजको सुकार्यमा राम्रो गरी भिड्न सक्ने क्षमता राख्ने व्यक्तित्व भरत जङ्गमको लगनशीलता, कर्तव्यपरायणता देख्दा लाग्छ बाबुआमाको गुण सन्तानमा सर्छ । थापा भन्छन्, 'उनका बाबु पनि उस्तै परोपकारी,

उस्तै कर्तव्यनिष्ठ, उस्तै धार्मिक, उस्तै स्वाभिमानी, उस्तै कर्तव्यपरायण हुनुहुन्थ्यो । यिनै आदर्शहरूबाट प्रेरित भएर होला नेपालमा जङ्गम खलकको असल परिचय स्थापित हुनपुगेको पनि ।

व्यक्तित्वको घनत्व जति बढ्दै गयो उति विचार, सहकार्य र सहयोगका सम्भावनाहरू फराकिला बन्दै जान्छन् । अठोट पनि उन्नत बन्दै जान्छ । उत्तम स्वभाव भए त्यसले सफलताको शिखरमा पुऱ्याउँछ । यसै प्रसङ्गमा भोलामान सिंह भन्छन्, 'मैले सम्बन्ध जोड्दै गर्दा जीवनयात्रातिर भर्खर लम्कँदै गरेको ठिटो भरत र अहिलेको भरतमा भुसुक्कै फरक छ ।' अहिलेको अठोट पनि फरक देखेछन्, अहिलेको अठोट नाम कमाउने छ किनकि समाजले पाप धर्म जोख्ने तराजु राखिरहेको हुन्छ । त्यसैले भरत जङ्गमले व्यवसायमा पनि असल व्यावसायीको मान स्थापित गरे । लगनशीलताले साहित्यमा लगायो सफल बनायो । 'कालोसूर्य' सिर्जना गरायो, अन्तराष्ट्रिस्तरमा नै स्थापित गरायो । उनी अहिले साहित्यको मैदानमा दह्रोसँग उभिएका छन् ।

राजनीतिमा पनि दह्रो गरेर उभिने प्रयत्न नगरेका पनि होइनन् तर देशको राजनीतिले उनलाई साथ दिएन । अनि जनतालाई सुसूचित पार्न आफ्नो कलम तिखार्नतिर लागे । भ्रष्टाचार विरोधी अभियान चलाए । यो अभियानले नेपाली समाजलाई सजग राख्न ठुलो सहयोग पुऱ्याएको छ । भ्रष्टाचार विरोधी विज्ञान देशका महाविद्यालयहरूमा अध्ययन अध्यापन गराउन अहिले अभियान चलाइरहेका छन् । यस्ता गुणी छन् उनी । उनका गुणहरू बुझ्न उनका आँखामा हेरे पुग्छ । आँखाभित्र एउटा महापुरुषको व्यक्तित्व नाचिरहेको हुन्छ ।

भरत जङ्गम अध्यात्म र विज्ञानका योग पनि हुन् । मैले भन्नुपरे कर्मवीर र धर्मवीर दुवै भन्छु । आफ्नो कुलधर्ममा अत्यन्तै निष्ठावान् उनी बिहान ४ बजे नित्य पशुपतिनाथको दर्शन गर्न पुग्छन् । घरमा पनि नित्य पञ्चायनको पूजा चल्छ । जनसम्पर्कको नित्यता छ । दीन दुःखीको सेवा सहयोगमा उस्तै तत्परता छ । उस्तै क्षमतावान् श्रीमतीको पनि अथाह सहयोग छ । यी सबै क्षमता सदुपयोग गर्ने उनको अमर अभिलाषा छ । त्यसैले भरत हैन, भारत

बनेका छन् उनी भन्छन् भोला थापा ।

सबै आफन्तजन, परिचित महानुभावहरूमा सौहार्दपूर्ण सहयोग अनि सहभागिताको आदान प्रदान गर्न अतिनै रुचाउने भरत जङ्गमका कमजोरी औंल्याउँदै भोलामान सिंह भन्छन्, 'अधिक आत्मविश्वास हो, उनको पहिलो कमजोरी । अर्को चाहिँ हो आफूले सोचेअनुसार नै काम गराउने कडा कार्यशैली । यी कमजोरी खासै हैनन पनितर यसले आत्मकेन्द्रतिर पुऱ्याउन सहयोग गर्छ । आत्म केन्द्रित हुँदाका नतिजाप्रति धेरै प्रश्न उठ्न सक्छन् । जसले तराजुमा उदास (हल्का) पार्ने छ । यी बाहेकका उनका सबै गुनैगुन छन् । उनका गुनको कदर राज्यको तर्फबाट केही नभए 'नि नेपाली समाजका सबै क्षेत्रबाट मूल्याङ्कन भएको देख्दा अत्यन्त खुसी व्यक्त गर्छन् भोलामान सिंह ।

क्यै सोचे झैँ क्यै खोजेझैँ
एकसुरमा घुमफिर गर्ने
साथी हुन् भन्दै अकस्मात् देखा पर्ने
जनहित खातिर हुने सभामा
जान कहिँ चुक्तैन त्यो
धकफुकाली सबका माझ
बोले भरत जङ्गम हो त्यो

-नेमसिंह नकर्मी
कालजयी व्यक्तित्व भरत जंगम

लेख्न नसकिने व्यक्तित्व

मदन प्रसाद जङ्गम

'भरत जङ्गमले दिएका योगदानहरू बहुआयामिक छन् । कतै पनि अलपत्र ढङ्गबाट न सुरु गरिएका न छाडिएका । आफ्ना लक्ष्यहरूलाई उपयुक्तताको आधारमा उपयोग गर्ने उनलाई कहिल्यै नहारेको मान्छेको कोटीमा राख्छु म । जितेर कहिल्यै पनि हार्दैनन् इतिहासका बादशाहहरू । जसको इतिहास लेखेर सकिँदैन । म पनि उनमा लेख्न नसकिने व्यक्तित्व देख्छु । मदनप्रसाद पनि भन्छन्, 'भरत दाइ लेखेर नसकिने व्यक्ति हुन् ।'

जब उनी भरत जङ्गमको विषयमा केही लेख्न थाल्छन्, उनको मन तरङ्गित हुँदो रहेछ । शब्द समायोजन गर्न नसकेर आवेग र प्रवेगहरू प्रभावित हुन थाल्दा रहेछन् । अनि भन्छन् मदन, 'के लेखौँ हुन्छ, कसरी लेखौँ हुन्छ ।'

२००४ सालमा भक्तपुरको टौमढीटोलमा जन्मेका भरतजीले बाल्यावस्था उचित स्याहार सुसार, वैभवको रमाइलो सुखसयलमा बिताएका थिए, अक्षरारम्भ पनि विधिवत् रूपमा वसन्त पञ्चमीका दिन गराइएको रहेछ । मदनप्रसाद भन्छन्, 'त्यसैले होला, उनका शैक्षिक गतिविधिहरू उच्चस्तरमा अगाडि बढिरहेका ।'

'हुने विरुवाको चिल्लो पात' हो उनी पनि सानैदेखि चिल्ला निस्के । सानै उमेरदेखि चेतनाको ज्योति बाल्दै समाजका कुसंस्कार, कुरीति र दुरावस्थाको सुधारमा प्रतिबद्ध भएका भरत जङ्गम पछि कलम क्रान्तिका योद्धा नै बने । उनको कलमको प्रहारले राष्ट्रलाई डुबाउन लागेका राष्ट्रघातीहरू छटपटिन्छन् । यी प्रखर वक्ता, कलमका सारथि, राष्ट्रका होनहार सपूत हुन् ।

साहित्य साधना र पत्रकारितामा जीवनका अनमोल क्षणहरू बिताएका उनी कविता विधामा त्यति प्रखर नबने पनि आख्यान विधामा भने अब्बल

कोटीका छन् । चर्चित आख्यान कालो सूर्यले अन्तर्राष्ट्रिय जगत्मा समेत ख्याति कमाइ सकेको छ। अन्य कृतिहरूमा, पचास-प्रसङ्ग, नेपाली काङ्ग्रेसको सामान्य ज्ञान, भ्रष्टाचार : वैचारिक आन्दोलनलगायत 'धर्म दर्शन' 'साप्ताहिक नेपाली आवाज' मा सम्पादकको भूमिका निर्वाह गरिसकेका भरत जङ्गमलाई भरत दाइ भन्छन् मदनप्रसाद । भरतदाइ राष्ट्र, राष्ट्रियता र स्वाधीनताप्रति अत्यन्तै चिन्तनशील हुनुहुन्छ भने देश र जनताको हितमा नरहेका कार्य गर्नेलाई कुनै सर्तमा क्षमा दिन हुन्न भन्ने अडान राख्नु हुन्छ भन्छन् मदनप्रसाद ।

संसद् विकास कोश, संसद्को पेन्सन जस्ता देश र जनताको हितमा नरहेका गैर प्रजातान्त्रिक, नियोजित नीतिगत भ्रष्टाचार हुन् भनेर सडकदेखि सर्वोच्चसम्म बहस चलाए । अन्त्यमा त्यो विधेयक खारेज गराए । उनी न्याय सङ्गत नदेखिएका त्यस्ता कुराको अहिलेसम्म पनि खबरदारी गर्दै आएका छन् ।

मदनप्रसाद भन्छन्, 'गणेशमानले नेपाली काङ्ग्रेसमा लागेदेखिको जीवनमा एउटामात्र सक्रिय सदस्यता वितरण गरेका थिए । त्यो एकमात्र सक्रिय सदस्यता लिन सफल भएका थिए भरत जङ्गम । उनी नेपाली काङ्ग्रेस पार्टी अव्यवस्थित र अस्तव्यस्त देखेर पार्टी सुदृढ गर्न प्रशिक्षक बनेर जिल्ला जिल्लामा पुगे । भ्रष्टाचार र कुसंस्कारले अस्तव्यस्त भइसकेको पार्टीमा उनी लामो समय टिक्न सकेनन् । त्यसपछि निःशुल्क शिक्षा, स्वास्थ्य र पहुँच नपुगेको वर्गका लागि न्याय पनि निःशुल्क हुनुपर्छ भनी 'स्वतन्त्र विचार मञ्च' गठन गरे । सामाजिक संलग्नतामा बहस चलाउन सुरु गरे । अहिले पनि गरिरहेका छन् ।

उनको क्षमता र गुणको कदर गरेझैं गरेर २०४९ सालमा नेपाल सरकारले 'सार्वजनिक सेवा निरीक्षण तथा अनुगमन समिति' को संयोजकमा नियुक्ति गऱ्यो । थोरै अवधिका लागि रहे त्यो सेवामा तर पनि नेपालको प्रशासनतन्त्रको सुधारमा उनका सुझाव र निर्देशन अति उपयोगी र उल्लेख्यनै रहे । त्यो पदले उनलाई आकर्षित गरेन । मदनप्रसाद भन्छन्,

'बुद्धिमान्का लागि राजसिंहासन आकर्षक हुँदैन' भने झैं दाइले त्यो सिंहासन त्याग्नुभयो ।'

अति न्यून सङ्ख्यामा रहेको आफ्नो जाति र वर्गको विषयमा रहेको भ्रमचिर्दै जातिको सङ्गठन, उत्थान र परिचयका लागि सारगर्भित तथ्य उजागर गरिदिएकामा हामी जङ्गम परिवार उहाँप्रति आभारी छौं, भन्छन् मदनप्रसाद ।

जङ्गम परिवार मिथिला प्रदेशका कर्णाटकीय वंशजका जाति रहेछन् । यी वीरशैवमतका अनुयायी । मल्ल राजा हरिसिंहदेवसँगै नेपाल प्रवेश गरेका यिनीहरू न्यान्नदेवको पालादेखि राजगुरु बनेको कुरा ऐतिहासिक तथ्यको आधारमा खोज र अन्वेषणद्वारा पुष्टि गरेर जङ्गम जातिको गौरव नै बढाएको कुरा स्वीकार गर्छन् मदनप्रसाद ।

अति अल्पसङ्ख्यामा रहेका जङ्गमहरूलाई सङ्गठित गरी स्वधर्मको ज्ञान दिलाउनुका साथै जङ्गम प्रतिष्ठान गठन गरेर जङ्गम परिवारको धर्मग्रन्थलाई नेपालीमा अनुवाद गर्ने प्रयत्नमा रहेका छन् जङ्गम । जङ्गम परिवार संलग्न रहेका शिवालय, देवालय, मन्दिर र शैवक्षेत्र मर्मत सम्भार र सञ्चालनमा पनि उत्तिकै क्रियाशील रहने भरत जङ्गमले, जङ्गम छात्रवृत्तिको व्यवस्था पनि गरेका छन् । भक्तपुर जिल्लाका गरिब विपन्न जेहेनदार विद्यार्थीहरूलाई जङ्गम छात्रवृत्ति वितरण गर्दै पनि आएका छन् ।

देश, जनता, किसान र दीन दुःखीलाई शोषण गर्नेहरूलाई उपियाँ र उडुस भन्न रुचाउँदा रहेछन् मदनप्रसाद । ती उपियाँ, उडुस निर्मूल पार्न चौडा छाती, पुष्ट हृदय, हँसिलो चेहरा, धार्मिक निष्ठा, नैतिक चरित्र, निष्पक्ष, निडर, निर्भीक, स्वाभिमानका धनी भरत दाइलाई सदा सफलता मिलिरहोस् भनी शुभकामना दिन्छन् मदनप्रसाद ।

मानवीय जीवनका प्रेरक व्यक्तित्व

महेश्वर जङ्गम

भरत जङ्गमको व्यक्तित्वको विषयमा वर्णन गर्दा शब्दहरू स्वाट्टै एकैचोटि सोहोरेर वर्णन गर्न सकिँदैन किनकि उनीभित्र सपूत तत्त्व छ । उनी जङ्गमबारीको एउटा सानो फूल हुन् । मानव जीवनको प्रेरक व्यक्तित्वको फूल । चहकिलो रङले पोतिएको फूल । वासनाले गमक्क गम्केको फूल । नेपाल धर्तीको जाज्वल्य कण । जाडोको रापिलो किरण । नदीको आनन्ददायक पवन । चन्द्रमाको शीतल चाँदनी अनि यो युगको श्रेष्ठ मानव । खालि वाद वादको गीत गाइरहने वर्तमानको नेपाली समाजको निश्पक्ष नायक । भविष्यको ऐतिहासिक पुरुष ।

असल काम गर्ने, सबैको भलो चिताउने, सत्कर्मबाट सुख कसरी लिन सकिन्छ भन्ने भावनाहरू सिकाएर सत्मार्गमा लाग्न प्रेरित गर्ने भरत जङ्गमलाई आफ्नो जीवनको प्रेरकको रूपमा लिएका महेश्वर भन्छन्, 'मेरो बाल्यकालको छेउकुनामा यदाकदा भेटहुने सौभाग्य पाएँ ।' उनै भरत जङ्गममा साहित्य, पत्रकारिता, धर्मसंस्कृति, इतिहास, न्याय कानुन, भ्रष्टाचार विरोधी आन्दोलन, समाजसेवाजस्ता बहुआयामिक, अनवरत सङ्घर्षशील व्यक्तित्व रहेका छन् ।

मानव जीवन कर्म काट सुरु हुन्छ । सत्कर्मले व्यक्ति महान् हुन्छ भन्ने आदर्शबाट अनुप्रेरित, मानवीय व्यवहारमा अत्यन्तै शिष्ट र भद्र भरत जङ्गम समाजको कुरीति, कुसंस्कार, शोषण,दमन, अन्याय, अत्याचार र भ्रष्टाचारबाट देशलाई मुक्तपारी प्रगति पथमा डोऱ्याउने प्रयासमा अहिले पनि उत्तिकै सक्रिय देखिन्छन् । भ्रष्टाचारको विरोधमा न्यायालय पनि पुग्छन् । फिराद हाल्छन् । त्यसैले उनी स्वाभिमानी, निडर व्यक्तित्व बनेका छन् ।

आफ्नो परम्परा, रीतिरिवाजमा अगाध अनुराग राख्ने भरत जङ्गम ऐतिहासिक, धार्मिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्वका क्षेत्रको अध्ययन गरी मर्मत सम्भार र सञ्चालनमा सहयोग गर्ने गर्दछन् । उनी आफ्नो वंश नामको जङ्गम प्रतिष्ठान स्थापना गरी जङ्गम जातिको शैक्षिक, सामाजिक, धार्मिकलगायतका विविध क्षेत्रहरूको विकासमा क्रियाशील भइरहेका छन् ।

अन्त्यमा महेश्वर भन्छन्, 'मेरा श्रद्धेय व्यक्ति भरत दाइलाई मैले जान्न सकेको आधारमा भन्नु पर्दा मानवीय आधारको प्रेरक व्यक्तित्व भन्छु । उनी महान् जीवनयात्राको लक्ष्यमा पुगिसके तर पनि सदाबहार यात्रामा लागिरहेको देख्छु ।'

सुगन्ध छर्दै घर यो सजाऊ
गुलाफ झै फक्र र रङ्ग लाऊ
उमा भवानी बन पुज्यनाम
यो नेत्रकी भूषणशील धाम

-छैटौं सर्ग
भरतमहाकाव्यबाट

छाती सडेर जानेछ भ्रष्टाचाररहेभने
गर निर्मूल यो रोग नेपाली रहने भए
ऐजेरु झैं पलाएको आयात धर्म संस्कृति
चिरा चिरा परेको छ ममत्व स्वत्वमा अति

-बाह्रौं सर्ग
भरत महाकाव्यबाट

सबै जङ्गमका अभिभावक

रक्षा जङ्गम

माइती बासको सपनाबाट बिउँझिँदा चेलीलाई गहिरो सम्झना आमाकै आउँछ तर पनि बाबाको सम्झना अगाडि लागेकै हुन्छ । चोटको प्रहारको प्रतिकारमा पुकारिने निःस्वार्थ शब्द पहिला 'बा' नै बन्छ । आमाबाबुको सुखमय जीवनका लागि सन्तान अकल्पनीय कामनाहरू वर्षाउन पनि पछि पर्दैनन् । बालापनको चञ्चल आचरण, सदाचार, शिक्षा र ज्ञान दिलाउन हर सम्भव प्रयत्न गर्ने बाबुलाई परिवारको उच्च व्यक्तित्वको रूपमा हेरिरहेका हुन्छन् ।

बाबुलाई परिवारमा उच्च सम्मानको स्थानमा राख्ने रक्षा जङ्गम भन्छिन्, 'बाबा बाहिर बढी समय व्यस्त रहँदा हाम्रो बालापनले बाटो हेरिरहन्थ्यौँ अनि बाबा आएपछि हामी दुवै हातले आँखा मिच्दै भन्थ्यौँ 'बाबा ! बाबा ! हाम्रा लागि समय खोइ ? 'उनको बालापनले बाबा मात्र बुझ्यो, बाबाको काम केहो बुझेन । पछि बालिग भइसकेपछि मात्र बुझिन् रक्षाले बाबा उनीहरूलाई दिने समय कटाएर राम्रो काममा लागिरहेको । इतिहासको खोजीमा लागिरहेको, कहिले बन्द व्यवसायतिर लागेको, कहिले भ्रष्टाचार विरोधी अभियानतिर लागेको, कहिले मठमन्दिरतिर, कहिले कता कहिले कता । तर पनि कहिल्यै चुकेनन् भरत जङ्गम परिवारप्रतिको दायित्व पूरागर्न । छोराछोरीको पढाइ लेखाइ र व्यक्तित्व विकासमा पनि उत्तिकै ध्यान दिए, अनुशासन कायम गराउन कडा नै बने । रक्षा जङ्गम भन्छिन्, 'हामी आफ्ना बारेमा राम्ररी सोच्ने भइसकेपछि बाबाले भन्नुभएको थियो, 'म तिमीहरूलाई अनुशासनमा राख्न कडा बनेको तिमीहरूलाई कुलतबाट बचाउन हो ।' यो कुरा बुबाको मुखबाट सुन्दा हामी कति रमाएका थियौँ ।'

आफ्ना बाबुलाई कहिल्यै रिसाएको नदेख्दा अचम्म मान्ने रक्षा किन

रिस उठ्दैन भनेर बाबुलाई सोध्छिन् । रिस सबैलाई उठ्छ किन नउठ्नु, तर नियन्त्रण गर्न सक्नुपर्छ भन्ने उत्तर पाउँदा पनि दङ्ग पर्छिन् । भरत जङ्गम फलेर झुकेको वृक्षको हाँगा हुन् । जङ्गम परिवारलाई छाया दिने वृक्ष हुन् त्यसैले आफ्ना परिवार सबैको समस्या मिलाउने आफ्नो बुबाको स्वभाव 'Down to Eath' देख्छिन् रक्षा ।

सबैसँग आत्मीयता गाँस्न प्रयत्न गर्ने भरत जङ्गमकी छोरी रक्षा भन्छिन्, 'हामी जहाँ गएपनि बुबाको देहरूपी मनले हेरिरहेको छजस्तो लाग्छ ।' बाबुको मामुसँगको सम्बन्ध पनि उनी विशिष्ट देख्छिन् । श्रीमतीलाई इन्दु भनेर सम्बोधन गर्ने भरत जङ्गम घरमा बस्दा प्रायः उनको मुखबाट इन्दु शब्द निस्किरहन्छ । उनले श्रीमतीलाई दिएको उच्च सम्मान देख्दा लाग्छ 'यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्रदेवता' भनिने पवित्र वाणी खिलिरहेको छ उनको मनको बगैँचामा । रक्षा भन्छिन्, 'यो आदर्श वाक्यले उल्लेख गरेजस्तो नारीलाई दिने उच्च सम्मानले होला मलाई बुबाको घरमा ईश्वर रमाइरहेको जस्तो लाग्छ ।'

हँसिला रसिला बाबुआमा बस्ने घरलाई एक्कासि छाडेर हिँडेको सम्झँदा झमक्क साँझ परेजस्तो बन्छ चेलीको मन । तिनै बाबुका आदर्श वाक्यहरू, आमाका संस्कार युक्त व्यवहार र अभिव्यक्तिहरूको सहाराले आफू र कर्मघरको भविष्य झलमल्ल पार्न उद्दत रहन्छन् चेलीहरू ।आफ्ना बाबुको सधै हँसिलो चेहरा, झलमल्ल उज्यालो निधार, मिठा लवजहरू निकाल्ने स्वभाव अनि ती तेजिला नजरले हामी सन्तानका प्रत्येक पाइलाको निगरानी गरिहेका छन् जस्तो अनुभव हुँदा हिक्क लाग्दो रहेछ रक्षा जङ्गमलाई । भरत जङ्गमको त्यही व्यवहारले पनि होला सबै उमेर र तहका व्यक्तिहरूलाई सहजै साथी बनाउन सक्ने । करिब बिस वर्ष अगाडिको प्रसङ्ग उल्लेख गर्दै रक्षा भन्छिन्, 'स्वदेशमा मात्र हैन विदेशमा पनि उत्तिकै देखेँ साथी । थोरै समयको पर्खाइमा दिल्लीको चिडिया घरका चौकिदार र म्यानेजर दुवैको आत्मीय साथी बनेको देख्दा म चकित पेरेकी थिएँ ।'

विदेशी भाषाहरूमा प्रकाशित वहाँको 'कालोसूर्य' को कारणले पनि होला भरत जङ्गमका विदेशमा साहित्यिक क्षेत्रका साथीहरू धेरै छन् । संयोग जुरेर नै होला उनको पाकिस्तानको शैक्षिक बसाइलाई बाबुको साहित्यिक सुनामले धेरै सहजता दिलाएछ । यो गतिशील समय न फर्कन्छ, न कसैलाई पर्खन्छ । नभाग्य रेखाभित्र कोरिएको हुन्छ, न कर्मरेखातिर छरिएको हुन्छ । हुन्छ तर कसैले देख्न नसक्ने । समयलाई जसले चिन्दैन, जसले जान्दैन उसलाई समय थकाउन खोज्छ । जसले समयलाई चिन्यो, खेर फालेन, व्यवस्था गर्न सक्यो ऊ सफलताको सिँढी चढिरहन्छ ।

यसरी नै सफलताको सिँढी चढिरहने भरत जङ्गमकी सुपुत्री पनि हुन् उनी । उनी भन्छिन्, 'बुबा आफू समयको सही उपयोग र व्यवस्थापन गर्ने भएर होला हामीलाई भनिरहनुहुन्थ्यो समयलाई चिन, सही व्यवस्थापन र सदुपयोग गऱ्यौ भने हार खानुपर्दैन । त्यसैले मैले जीवनमा हार खाएकी नै छैन ।'

बुबाको सुझाव दिइरहने बानी खुब मनपर्दो रहेछ छोरीलाई । सकभर औषधीको सेवन नगर, स्थानीय जडीबुटीको प्रयोग गरेर हेर, आयुर्वेदिक दबाई प्रयोग गरेर हेर । आहारविहार मिलाउने सुझावहरू आफन्त परिचित सबैलाई दिने गर्छन् । आफू पनि नियमित योग अभ्यास गर्ने, आहार विहारमा ख्याल राख्ने भएर पनि होला उहाँ सकभर औषधी सेवन गर्नुहुँदैन, गर्नु परेको पनि छैन । त्यसैले परिवारका सबै सदस्यहरू मिलेर जिस्क्याउँदै उहाँलाई स्वामी रामदेव बनाइदिन्थे तर बाबुजस्तो नियमित बन्नसकेका रहेनछन् सन्तान कोही पनि ।

बाबुका रमाइला बानीहरू लेख्न मन लाग्दोरहेछ छोरीलाई । ती रमाइला बानीमध्ये जस्तोसुकै समस्या किन नहोस्, बिस्तारै आफै समाधान भइहाल्छ भनेर सहज रूपमा लिने बानी रहेछ एउटा । छोरी भन्छिन्, 'समस्या सुनाउन गयो भन्नुहुन्थ्यो 'नआत्तिऊ न, बिस्तारै सबै ठिक हुँदैजान्छ ।' 'तर कहिलेकाहीँ सहज रुपमा लिँदा झन् ठुलो समस्या निम्तिँदो रहेछ ।

पाकिस्तानको शैक्षिक प्रमाणपत्रले पश्चिमी मुलुकमा भिसाको लागि निवेदन दिँदा नै प्रहरी रिपोर्ट अनिवार्य हुँदोरहेछ । मैले कुरा राखेँ बाबासँग । भइहाल्छ मात्र भनिरहनुभयो । तर जब सङ्कट पऱ्यो तब मात्र तात्नु भयो । त्यतिखेर समय थिएन । आवश्यकताको अवस्था जटिल बनिसकेको थियो । सरासर पाकिस्तान पुगेर तेस्रो दिनमा ल्याइदिँदा म दङ्ग परेकी थिएँ ।'

सजिलैसँग जिद्दीवाला भनेर बाबालाई दोष लगाएको मन पर्दो रहेनछ उनलाई । यसैले प्रतिवाद गर्छिन् 'बाबा जिद्दीवाला नै हुनुहुन्न ।' उहाँको त कडा, कर्मठ स्वभाव छ । हृदय अत्यन्तै कोमल छ । दुःखी गरिब देखे मद्दत गर्न तम्सने बानी छ । अरूको मर्म बुझ्ने तत्परता सधै रहन्छ । आफ्ना सन्तानलाई आफ्नो आदर्श सिद्धान्त सुनाउँदै भन्ने गर्नुहुन्छ, 'हेर ! जङ्गम निवासभित्र प्रवेश गर्ने जो कसैको पनि नोक्सानी, घाटा हुनुहुँदैन । उसले सानो होस् वा ठुलो लाभ पाएकै हुनुपर्छ ।'

भरत जङ्गम आफ्नो आम्दानीको केही प्रतिशत दुःखी, गरिब, निःसहायहरूका लागि छुट्याएर राख्छन् भने केही प्रतिशत शिवालय, देवालय एवं धार्मिक कृत्यका लागि । रगतले प्रोत्साहित गरेर होला रक्षाले त्यो बानी आफूले पनि पछ्याएको बताउँछिन् । बिहान तीन बजेदेखि राति नौ बजेसम्म खट्ने बानी र दृढता दुवै देख्छिन् बाबुमा । यति धेरै मेहनत गर्ने भरत जङ्गमलाई अत्यन्तै नजिकबाट अध्ययन गर्नेहरू उनीसँग खुसी र आनन्दित नै हुन्छन् भन्छिन् रक्षा । परमात्माप्रति अत्यन्तै भरोसा र विश्वास राख्ने भरत जङ्गमजस्तो बाबु पाएकामा आफूलाई अत्यन्तै गौरव लागेको महसुस गर्छिन् पनि ।

जङ्गम प्रतिष्ठानका उन्नायक

रमेश जङ्गम

जब दुई फूलको मिलन हुन्छ तब लोक बुझ्दछन् अब वासना मगमगाउँछ तर सबै फूलको मिलनमा वासना मगमगाउँदैन । जसको चल्छ वासना मगमगाउँदै भरिभराउ हुन्छ जीवन अनि गृहस्थी । दुवैको मनको योग मिलाउँछ । आत्मीयता जगाउँदै अमरत्व प्राप्त गर्ने दिशातिर पुऱ्याउँछ ।

आदरपूर्वक भरत दाइको नामलिँदै पछि दौडँदै हुर्केका भाइ रमेश जङ्गम भन्छन्, 'जुनदिनदेखि इन्दिरा भाउजूले भरत दाइको हात समात्नुभयो त्यो दिनदेखि नै मिलनको वासना गाम्किन थालेको हो ।' भरतजीको नाम देशमा मात्र हैन, विदेशमा पनि प्रचार भएको छ । धर्म संस्कृति, इतिहास, राजनीति, समाजसेवा, र भ्रष्टाचार विरुद्धको कानुनी लडाइँजस्ता महत्त्वपूर्ण कार्यगर्ने प्रेरणा कहाँबाट मिल्यो होला भन्ने प्रश्नको उत्तरमा रमेश भन्छन्, 'प्रेरणा दिइरहने पर्दा पछाडिको व्यक्तित्व भाउजू नै हुनुर्पछ ।' उनी थप्छन्, 'विवाह गरेको दिनदेखि भरत दाइमा बढ्दै गएको परिपक्वताले पनि त्यही भनिरहेको छ ।' अनि राजनीति र भ्रष्टाचार विरुद्ध पाएको सफलताले जङ्गम परिवारको उत्थान र विकासका लागि थप सहयोग मिलेको छ । आफ्नो धर्मसंस्कृति र परम्परागत मान्यतामा आँच नआउनेगरी धार्मिक कृत्यको संरक्षण र सम्बर्धन गर्ने उद्देश्यले विगतमा स्थापना भएको जङ्गम समाज नामक गुठी आपसी कमजोरीका कारण शिथिल भएको थियो । जङ्गम समाजले धेरै चिन्तन मननगरी भरतजीको अगुवाइमा जङ्गम प्रतिष्ठान गठन गरेको छ । अहिले यहीँ प्रतिष्ठानबाट जङ्गम समाजले गर्ने कुलपूजासमेत सञ्चालन हुँदै आएको छ ।

यही प्रतिष्ठानबाट जङ्गम परिवारको संस्कृति रीतिरिवाज, वीरशैवमत ब्रहमण परिवारको बारेमा प्रचार प्रसार र जङ्गम जीवनका दृश्यहरू

वंशपर्यन्त सार्थक बनाइ राख्न गरिएको प्रयत्नको श्रेय भरतजीलाई जान्छ भन्छन् भाइ रमेश । 'जङ्गम परिवार प्रतिष्ठान' सञ्चालन गर्दा भएका छुट, कमीकमजोरीलाई परिष्कृत पार्दै लग्नुपर्ने देखिन्छ । त्यो कार्य गर्न भरतदाइबाट मात्र सम्भव देख्ने रमेश भन्छन्, 'निजी अवस्थाबाट सामूहिक रूपमा कायम गराउन यो जातिको परम्परागत रीतिरिवाजमा कतैबाट व्यवधान आउन नदिन सबैले व्यक्तिगत स्वार्थ त्यागेर सजग, सक्रिय र जागरुक रहनुपर्ने देखेको छु ।'

भरत जङ्गम नै जङ्गम परिवारको उन्नायक भएकाले उनीबाट मात्र यी सबै कार्यहरू सञ्चालन गर्ने व्यवस्था मिलाउन सम्भव देख्ने रमेश कार्य सफलताको कामना गर्दछन् ।

देश हो देवता हाम्रो , हामी पूजक सेवक
सूर्य झैं तेजिलो पारौं मनोवचन भावत:
गाएरपेट भर्दैन खानै पर्छ अहर्निश
हामी भाषणमा मात्रै भ्रष्टाचार विरोधक

-चौधौ सर्ग
भरत महाकाव्यबाट

अनेकौं सृष्टिका एक स्रष्टा भरत जङ्गम
तिम्रो विषयको ग्रन्थ तिमी मै छ समर्पण

-दोस्रो भाग
कालजयी व्यक्तित्व भरत जङ्गम

साठी वर्षका तन्नेरी

शोभा के सी

मानव जीवनमा सुखको खोजलाई मात्र निषेध गर्नसक्ने परोपकारी मनलाई रहरका जराहरूले जकड्याउन सक्तैनन् । अनि त्यो मनको शरीर जवान देखिन्छ जो आफ्ना कल्पनाका दृश्यहरूमा ठमठम गरेर हिँड्न सक्छ, जसरी एउटा जवान हिँड्न सक्छ ।

साली भिनाजुको मिठो साइनोले जोडिए पनि नजिकिन नपाएकी साली, साहित्य विधामा भने गुरु चेलीको नातामा नजिक हुन पाएकी रहिछन् शोभा के सी । अनि आफ्नो लेखको शीर्षक नै 'साठी वर्षका तन्नेरी' राखेकी । साँच्चै म पनि भरत जङ्गमजीलाई साठी वर्षे होइन, बिस वर्षे तन्नेरी देख्छु ।

केहीगर्न नचाहने वा नसक्ने मानिस धर्तीका लागि भार हुन्छन् । राष्ट्रको सच्चा नागरिक बन्न, देश विदेशमा नाम चलाउन जाँगर, मिहिनेत र उत्साह आवश्यक पर्दछ । यस्तै जाँगर, मिहिनेत र उत्साह देख्छिन् साठी वर्षे भरत जङ्गममा जसले देशविदेशमा नाम चलाउन सघायो ।

वरिष्ठ साहित्यकार भरत जङ्गमको विषयमा केही लेखुँकि भनेर लेख्न लागेको सेरोफेरोको प्रसङ्गमा उनी लेख्छिन्, 'स्वर्गसरीको यो सुन्दर जन्मभूमिमा गृहयुद्धका सङ्केतहरू देखेर छटपटी पोख्छिन् । शासनमा बस्न सधै कानचिरेका जोगीहरू मात्र आउने गरेकोले राष्ट्रलाई योगदान पुऱ्याउनुको साटो भत्काएर जाने गर्दाको पीडा भुल्न सकिँदो रहेनछ भन्दै शोभा के सी भन्छिन्, 'कला, साहित्य, सङ्गीत र विज्ञानजस्ता क्षेत्रमा ज्यान दिएर लाग्ने गरेकाहरूको योगदानले राष्ट्रका हरेक क्षेत्रमा मार्गदर्शन गरिरहेका हुन्छन् । ती योगदान गर्नेहरूको कदरसम्म पनि नगरेको देख्दा .....।

शोभाको वंशको रगतमा कसैले पनि साहित्यतिर कलम नचलाए पनि

पत्रकारिता, सङ्गीत र साहित्यको क्षेत्रमा कलम चलाउन सुरुगरेकी उनलाई साहित्य, कला, सङ्गीत, सांस्कृति, पत्रकारिता, इतिहास र पुरातत्त्वको अनुसन्धान, समाज सेवा, प्रशासन, राजनीति, न्याय कानुन र भ्रष्टाचार विरोधी अभियानजस्ता धेरै सामाजिक क्षेत्रहरूमा भरत जङ्गमको चर्चित व्यक्तित्वबाट प्रेरणा पाइरहेकी छन् । उनले भरत जङ्गमबाट धेरै प्रशंसा पनि बटुलेँ भन्छिन् । उनी,'भरत जङ्गम एउटा चर्चित व्यक्तित्व मात्र नभएर एउटा संस्थाको स्वरूप नै बनिसकेकाले त्यस्तो व्यक्तित्वको बारेमा दुईचार शब्द कोर्न मौका पाउँदा ठुलो सौभाग्य मिलेको भन्दै आभार व्यक्त गर्दछिन् ।

२०१८ सालमा कविता कोरेर आफ्नो लेखनयात्रा सुरुगरेका भरत जङ्गमको २०३७ सालमा 'कालोसूर्य' २०४१ सालमा 'व्यूहचक्र' प्रकाशित भएदेखि उनका साहित्यिक गतिविधि नजिकैबाट नियाल्न थालेको बताउने शोभाले त्यसपछि प्रकाशित उनका प्रत्येक रचनालाई गहिरिएर अध्यन गर्ने गरेकी रहिछन् । उनका पुस्तक भ्रष्टाचार: वैचारिक आन्दोलन र भरत जङ्गम : विचार दृष्टिकोणबाट झन् प्रभावित भएको बताउँछिन् ।

उपन्यास र निबन्ध, प्रबन्ध विधामा अन्तर्राष्ट्रिस्तरमा ख्याति कमाइसकेका भरत जङ्गमका बारेमा जति नै प्रशंसा र प्रशस्ति गाए पनि थोरै नै हुन्छ । भरतजीको उमेर र शरीरमा आँखा लागेछ उनलाई, हुन ता सबैको उमेरका बारेमा पनि चर्चा गरिन्छ । उनी भन्छिन्, 'कसले पत्याउँछ र उहाँको उमेरले साठीको डाँडो काट्यो भनेर ।' उनी त साठी वर्षे तन्नेरी नै देख्छिन् ।

अन्त्यमा उनी कविताको बोलीमा शुभकामनाका शब्द समर्पण गर्दै भन्छिन्, मर्स्याङ्दी झै नरोकिईकन सागरको बाटोमा लागिरहुन्, देहमा सदा कुशल मङ्गल रहोस् ।'

साहस र परिश्रम नै अविभाज्य गुण

सावित्री जङ्गम थापा

आफूभन्दा चारै वर्ष कान्छो, काखमा लिएर म्वाइँ खाँदै खुवाउँदै, सँगै सुत्दै सुताउँदै हुर्काएको भाइको विषयमा दिदीले जान्नु अरू कसले जान्ला र ! ती दिदीले बुझ्नु अरू कसले बुझेको होला र ! भाइका नाडीका नसा छाम्दै हुर्काएकी, भाइको नसानसाको ज्ञान पनि उनै दिदीलाई धेरै हुन्छ ।

उनी साथमा बसेर भाइसँग मोटरसाइकलमा गुडाउँदा दुर्घटना भएछ । त्यही दुर्घटनाका बारेमा भन्छिन्,'हामी बसेर गुडिरहेको मोटरसाइकलमा अचानक आगलागी भयो । कसरी लाग्यो हामीलाई थाहाछैन । मोटरसाइकलमा आगो लागिरहेको छ । जलिरहेको मोटरसाइकलबाट बडो सुझबुझका साथ आफू र मलाई सुरक्षित उतारे । कति छिटो वाहनले आगो निभाए, कति छिटो वाहनको व्यवस्था लगाए ।'

हामी निश्चित ठाउँमा समयमै पुग्नुपर्नेअनिवार्य थियो । त्यो निश्चित समयभित्र नै हामी दुवै पुग्यौं । दुर्घटना भएर पनि हामी सुरक्षित निश्चित समय र स्थानमा पुगेको खबर सुन्दा सबै आश्चर्यचकित भएका कुरा सुनाउँछिन् । तिनै भाइसँगै मोटरसाइकल चढ्दा अर्को पनि दुर्घटना भएको रहेछ । त्यस पटक पनि बाइकमा दिदी भाइ नै सवार रहेछन् । दिदी भन्छिन्, 'मेरो सारी चक्कामा बेरिएछ, दुर्घटना हुने क्षणमा पुगेछु म । कति छिटो थाहा पाए भाइले तुरुन्तै बाइक रोके र दुर्घटना हुनबाट बचाए ।'

यस्ता अप्रत्याशित घटनाहरूमा भाइको सुझबुझ, साहस, परिश्रम र मेहनत असाधारण नैदेखिन्छ ।यो उनको अविभाज्य गुण हो भन्छिन् । उनको तर्क छ, 'त्यो गुण नभइदिएको भए हाम्रो क्षति हुन सक्थ्यो ।' अप्रत्याशित दुर्घटना वा सङ्कटबाट बच्न उनी तुरुन्त मनमा अक्कल जमाउन सक्छन् । यो क्षमता भगवान्ले सबैलाई दिएका हुँदैनन् ।

बहुआयामिक व्यक्तित्व भरत जङ्गम, उनका प्रत्येक आयाम र ती आयामसँग अलग अलग प्रकारले परिचित छन् मानिसहरू । कसैले साहित्यकार, कसैले पत्रकार, लेखक, व्यापारी, कानुन व्यवसायी, समाजसेवी, राजनीतिक कार्यकर्ता, संस्कृतिविद् आदिका रूपमा चिन्ने गरेका होलान् तर उनी भन्छिन्,'म ता सुफी बन्न सकिनँ, गुण अवगुण दुवै केलाउन मन लाग्यो । हामी परिवारको बिचमा उनी मेहनती, मिलनसार, लगनशील, सहयोगी, धर्मपरायणका अतिरिक्त जिद्दीवाला, डोमिनेटिङ, स्वभावका पनि देखिन्छन् ।' उनी थप्छिन्, 'उनको स्वभावमा कहिलेकाहीँ देखापर्ने स्वाभिमान, अहंकार, हठीपन, नहुँदो हो त, उनी देशका अधिकतम सफल पुरुषार्थी व्यक्तिको रूपमा प्रसिद्धि कमाइसकेका हुने थिए ।'

मलाई पनि लाग्छ, हठको पहिचान कठिन छ । यदि हठ हो भने हठमा आफूभित्रका अवयवहरू पनि काँपिरहेका भए पनि हठले कहिलेकाहीँ पुरुषार्थको शिखरमा चढ्न मद्दत गरिरहेको पनि हुनसक्छ । भाइको स्वभाव सानैदेखि अध्यन गरिरहेकी दिदी तर्क गर्छिन्, 'मेरो भाइ भक्तपुरको टौमढीटोलमा जन्मेको हो । जहाँ विश्वप्रसिद्ध न्यातपोल मन्दिर छ । उनमा त्यतिमात्र अवगुण नभइदिएको भए, सायद उनी पनि महान् हुनेथिए, न्यातपोल जस्तै विश्वप्रसिद्ध हुने थिए ।'

त्यतिबेला भक्तपुरमा जङ्गम परिवारको स्थान विशिष्ट थियो । सम्पन्न र वैभवशालीभए पनि उनका बाबु गोविन्दहरि जङ्गम अति सरल र साधारण थिए । उनी समाजसेवी भएको कारणले पनि होला, उनका प्रत्येक छविले सन्तानलाई असर गरेको हुनसक्छ । उनमा भक्तपुरका जनतालाई आवश्यक परे, सामाजिक, राजनीतिक, आर्थिक र नैतिक विषयमा पनि सहयोग र नेतृत्व दिन सक्ने क्षमता थियो । जनसेवाका लागि उनले भैरवामृत औषधालय स्थापना गरेर असहाय, अनाथ, व्यक्तिहरूका लागि समेत सेवा पुऱ्याइरहेका थिए । उनका सन्तानमध्ये सबैभन्दा जेठी सावित्री भन्छिन्, 'मेरो जन्मपश्चात् न्यातपोल मन्दिरको प्राङ्गणमा पिताजीको सक्रियतामा कोटीहोम सम्पन्न भएको थियो । त्यही पुण्यकर्मका फलले

होला दुवै श्रीमतीबाट तीन महिनाको फरकमा एक एक पुत्रलाभ भएको थियो । बुबाले पनि पुत्रहरू न्यातपोल जस्तो विश्वप्रसिद्ध होलान् भन्ने आशा राख्नुभएको थियो कि ? उनी फेरि तर्क गर्छिन्, 'होला पनि नाम भरतमणि र राममणि राख्नुभएको थियो । तिनैमध्येका भरतमणि अहिलेका चर्चित भरत जङ्गम हुन् ।'

गोविन्दहरि जङ्गमका दसौँ सन्तान मध्येका एक भरत र अर्की सावित्रीबिच सानैदेखि बढी नै हेलमेल र घनिष्ठता थियो अद्यापि छँदै छ । बेलुकाको खानापछि घरमुलीको कोठामा गएर कुराकानी गर्ने चलनअनुसार उनीहरू पनि हजुरआमाको कोठामा जान्थे, कुराकानी गर्थे । हजुरआमाबाट कथा कहानी सुन्थे । पढाइको सिलसिलामा काठमाडौँ आएपछि यो क्रम छुटेछ । सावित्री भन्छिन्, 'यहाँ आएपछि पनि साँझको खानापछि भरत सुटुक्क मेरो कोठामा आइपुग्थे निद चोर्न । भन्थे, कहानी सुना न दिदी । जिद्दी गर्थे, खुट्टा मिच्न थाल्थे, म के गरुँ धरै पाउँदैनथेँ नसुनाई, सुनाउँथेँ ।'

दिदीको भाइप्रति भातृत्व, अपनत्व उम्लिरहन्छ होला, त्यसैले उनीहरूको घनिष्ठताले कहिल्यै पातलिन नजानेको । केही समय सम्पति सम्बन्धी मुद्दाले परिवारमा असहजता सिर्जना गराएछ । त्यस समयमा बुबा जता गए पनि साथ र सहयोगका लागि गायत्री सँगै उभिन्थिन् । उनीसँग भाइ भरत पनि उभिने गर्थे । यसरी उभिने भाइ पारिवारिक र व्यावहारिक समस्या अनि पढाइ लेखाइमा दिदीसँगै रहँदा उनलाई सानै उमेरदेखि समाज, समाजको संरचना, मानिसहरूका प्रवृत्ति आदिका बारेमा धेरै अनुभव गर्ने अवसर मिल्यो । त्यसैले पनि होला भरत जङ्गममा कर्तव्यको गहिरो जग बसेको । जसले उनमा कर्तव्यबोध गराइरह्यो ।

राम्रो काम गर्दा हो अपजस र आलोचना बढी हुने । उनमा केही सबल, केही कमजोरी पक्ष होलान् । तिनको आलोचना हुने गरेको भए पनि उनमा जोस र उमङ्ग घटेन, झन् थपिँदै छ । उनका लेखहरूमा झल्कने उनका भावहरू पनि त्यही कुरा बोलिरहेका छन् जस्तो लाग्छ । दिदी भन्छिन्, ' कहिलेकाही चिप्लिन्छन् मेरा भाइ, तर पनि उनीभित्रको दृढ सङ्कल्पहरू न

हराउँछन् न कहिल्यै लक्ष्य अवरुद्ध भएकाले अल्मलिन्छन् ।'

भरत जङ्गमले धेरै राम्रा कामहरू गरे, गर्दै आएका पनि छन् । आफ्नो जातिको विषयमा रहेको भ्रम चिरे । ऐतिहासिक तथ्यको खोजी गरे अन्योल हटाए । जङ्गम जाति शैव ब्राह्मण जातिहुन् भनेर परिचित गराए । आफ्ना पुर्खा संलग्न रहेका शिवालय, देवालय, पीठ, मठमन्दिरहरू खोजी गरी पुनरुत्थान र पुनरुद्धार गराए । कतिमा रोकिएको पूजा संस्कार पुनः नियमित गराए ।

अति सानो सङ्ख्यामा रहेर पनि छरिएको छ जङ्गम जाति । ती सबैको बिच एकता गराई आफ्नो जातको कुलधर्म संस्कृतिको सम्बर्द्धन गर्न ' जङ्गम प्रतिष्ठान' स्थापना गर्न उनको नै ठुलो योगदान छ भन्छिन् सावित्री दिदी ।राम्रो काम, राम्रो बानी व्यहोराले होला भरत जङ्गममा अकर्षण थपिरहने । उनका धेरै राम्रा बानी छन् । तीमध्ये सहयोगी भावना र गतिशीलता मलाई मनपर्ने बानी हो भन्छिन् दिदी सावित्री ।

सबैलाई सहयोग गर्न रुचाउँछन् भरत जङ्गम । उनी आफ्नो धर्म संस्कृतिप्रति उत्तिकै सजग र श्रद्धावान् पनि छन् । व्यस्त रहेर हरक्षण जीवनलाई सक्रिय बनाइरहने उनी स्वस्थ जीवन बाँचिरहेका छन् । यस्ता भाइलाई दिदी आशीर्वाद दिन्छिन्, 'भाइलाई शुभकामना छ, सार्थक जीवन बाँचिरहुन्, राष्ट्रलाई अझै योगदान दिइरहुन् ।'

जङ्गमहरूका पुनर्जागरणकर्ता

सुदर्शन शर्मा

अक्करमा हिँड्न सक्ने बानी सबैमा हुँदैन । क्षमता पनि हुँदैन । मलाई लाग्छ, भरत जङ्गम जस्तोसुकै अक्करमा पनि हिँड्न सक्छन् । उनीसँग क्षमता पनि छ । सायद उनको जातिको सङ्ख्या थोरै छ । यो जातिका मानिसहरूमा आफ्नो जातिप्रतिको ज्ञान पूर्ण भए पनि अल्प सङ्ख्यामा रहेर होला हामी यो जातिका हौँ भनेर प्रतिवाद गर्न सकेको त्यति देखिँदैन तर भरत जङ्गम एक त्यस्ता व्यक्ति निस्के जसले ऐतिहासिक तथ्य केलाए र आफ्नो जातिको गौरवपूर्ण इतिहास प्रकाश पारे । धार्मिक प्रमाण जुटाए । आफ्नो जातिको पहिचान प्रमाण दिएर स्थापित गराए र सबै सामु प्रकाशमा ल्याए । तबमात्र प्रज्ञा-प्रतिष्ठानले जङ्गम जातिलाई वर्ण व्यवस्थाअनुसार ब्राह्मण वर्गको पहिचान दियो ।

त्यो परिचय दिलाउनु पनि त अक्करको बाटो हिँड्नु थियो । उनले त्यही बाटो तय गरे । मलाई लाग्छ, भरतजङ्गम यस्तै यस्तै बाटो हिँड्न रुचाउँछन् । अनि अक्करमा हिड्ने सामर्थ्य खोजिरहेका हुन्छन् ।

उमेरले कहिलेकाहीँ व्यक्तिको व्यक्तित्व मिचिदिँदो रहेछ । सुदर्शन शर्मा भन्छन्, 'भरत जङ्गमभन्दा मेरो उमेर चारैवर्ष बढी हो । उनको व्यक्तित्व ठुलो छ तर बढी उमेरले मिचेर हो कि उनी मलाई दाइ भन्छन् । मान सम्मान दिन्छन् । उनीजस्ता व्यक्तिले म जस्तालाई मान सम्मान दिनु उमेरकै कमाल होला । उमेर जेठो भएर ममा नकुनै गुण छ न कुनै असल कर्म छ । उनी भन्छन्, 'जाबो उमेरले त्यत्रो व्यक्तित्वलाई थिच्न पाउँदो रहेछ ।'

वंशजहरूको परम्परा खोतल्दै सुदर्शन भन्छन्, 'हाम्रो जङ्गम परिवारलाई दुःख सुख खान लगाउन पुगेकै थियो । त्यसैले पनि होला शैक्षिक र आर्थिक प्रगतितिर लाग्न खासै रुचि नदेखाएका । जङ्गमहरू विशेषतः शिव मन्दिरका पुजारी भएर पनि होला शिव पूजामा मात्र रमाउँदै आएका । त्यसैले पनि बाहिर जनमानसमा भ्रम पर्न गयो, यिनीहरू सन्यासी हुन् । कतिले अमुक कुनै जात होलान् भनेर भनिदिन्थे पनि ।

आफैलाई थाहा छ वीर शैव मतावलम्वी ब्राह्मण हौं भनेर, तर पनि पहिचान नै नभएझैं सहेर नै बस्यौं । पहिचान हराउँदाको पीडामा मनभित्र समुद्र बग्छ । किन कहिल्यै प्रतिवाद नगरेका ! सहेर बसे । वादविवादको रसाकसीमा प्रमाण र तथ्य जुटाउन नसकिने डरले होकि ! हामी स्वतन्त्र छौं, हाम्रो पनि अरूकोजस्तै मौलिक अस्तित्व छ भन्ने बोध नभएर हो कि । कि त्यो समुदायको परम्पराले तोकेको निश्चित रेखा भन्दा बाहिर पाइला राख्न नचाहेकाले हो ?

सायद समयको पर्खाइमा थियो जङ्गम परिवारको परिचय प्रकाशमा ल्याउने सपुत सन्तानको खोजीमा । उनलाई लाग्छ त्यसैले भरत जङ्गमको उदय भएको । उनैले खोजीगरे आफ्नो जातको ऐतिहासिक, सैद्धान्तिक र धार्मिक तथ्याङ्क र प्रमाण जुटाए । मानसिक तवरले शिथिलजस्तै देखिने परिवारलाई पुनर्जागरण गराए । त्यसैले उनी जङ्गम परिवारका पुनर्जागरण कर्ता हुन् ।

अब त सबैको मुख मुखमा बोलिन थाल्यो शब्द जङ्गम । पत्रपत्रिकामा पनि छापिन थाल्यो, पाना पानामा पढिन थाल्यो । रेडियोमा बोलिन थाल्यो । आफ्नो जातिको पहिचान जगाउने उनै भरत जङ्गम प्रकार प्रकारका सामाजिक कार्यहरूमा सेवा दिन थाले । त्यतिले पुगेन, भ्रष्टाचार विरोधी अभियान बोकेर गर्जन थाले । यस्तो समय पनि आएको थियो जङ्गमको नाम सुन्नेबित्तिकै सरकारी कार्यालयका कर्मचारी होसियार भएर रहन्थे ।

आफ्ना आराध्यदेव शिवसँग प्रार्थना गर्दै भन्छन् सुदर्शन, 'भगवान् ! भरत जङ्गमको व्यक्तित्व दुईगुना थपिदेऊ । उनका असल पक्ष केहीमात्र भए पनि सबै जङ्गम जतिलाई बाँडिदेऊ । उनी जुनी जुनी बाँचिरहुन् साठीऔँ जन्मोत्सवको शुभकामना ।'

भरतमणि आफैंमा अनुशासनका प्रिय ।
त्यही मार्ग सधैं हिँड्छन् स्वभावैले निरन्तर ॥७॥

भ्रष्टाचार दुराचार गम्भीरै भइ हेर्दछन् ।
कालो-सूर्य उपन्यास त्यै व्यथा भित्र लेख्दछन् ॥८॥

-आर.डी.प्रभास चटौत
भरतांशु महाकाव्यबाट

घर परिधि घुमेरै, दैव योगै जुटाए ।
अनुचित मनका ति, भावधारा छुटाए
अझ पनि अगि बढ्छन् शैवयोगै लिएर
जनबल पनि पाई, सत्यतामा अडेर ।

चौथो गति
भरतांशु महाकाव्यबाट

परिच्छेद : दुई

खण्डः दुई

छिमेकी र भरत जङ्गमको अन्तर्सम्बन्ध अमूर्त विषयसँग जुध्नेको बाल्यकाल

अनन्तप्रसाद धौभडेल

हामीले जान खोज्ने र जान रोज्ने ठाउँ स्वर्ग हो । गीता भन्छ, 'कर्म (निस्काम) गर, स्वर्ग रोज्ने सुविधा तिम्रै हातमा आइपुग्छ । कर्मज्ञानीहरूलाई ईश्वरले पनि पटक पटक परीक्षण गरिरहँदैनन् होला । सायद भरत जङ्गमसँग पनि धेरै परीक्षा लिएनन् । किनकि उनी नराम्रो काम गर्न कसैसँग सङ्गत गर्न पुगेनन् । अनि भरत जङ्गममा केको दोषको दसी पाउनु, पाएनन् कसैले । दोषका लागि मात्र दोष, जति लगाए पनि हुन्छ ।

कालजयी भरत जङ्गमको ६० औँ शुभजन्मोत्सवको अवसर पारेर मनाउन लागिएको मोती महोत्सवमा भरत जङ्गमको दीर्घायु, सुस्वास्थसहित निर्विघ्न सफलताको कामना गर्दै उनका बालसखा अनन्तप्रसाद धौमडेल लेख्छन्,'असल शालीन पिता, युगपुरुष गोविन्दहरि जङ्गमलाई कतिपयले महन्त महाराज पनि भन्थे । उनका सत्गुनहरू सबै सल्केर होला भरत जङ्गम बालकालदेखि नै अप्ठ्यारोमा परेकाहरूलाई सघाउँथे । उनी सानैदेखि सबै सखाहरूलाई एउटै सूत्रमा बाँध्न सक्ने अगुवा थिए । अगुवा बन्न सक्ने यिनको चरित्र गज्जब छ । त्यसैले होला यिनी सबैका आकर्षण बनेका ।

उनीसँग बितेका ती बाल्यकालको सम्झना गर्दै लेख्छन्, 'भक्तपुर तम्हारिको सुन्धारामा लप्सीका बियाँ बटुलेर घोट्दै च्यापटी बनाएको, सडकको छारोको प्रवाह नगरी साथीहरूसँग एकआपसमा जुद्धै उफ्रँदै बाजी, कपर्दी, डन्डीबियो खेलेको जति गरे पनि बिर्सन सक्दिनँ । उनी बालकालमा खेल्दाका रमाइला ती दिन सम्झन्छन् । भरत जङ्गमको अगुवाइको कला पनि

सम्झन्छन् । अनि थप्छन् भरत जङ्गममा सानै उमेरदेखि नेतृत्व लिनसक्ने सफल चरित्र थियो ।

उनीहरूको बालसमूहको सामूहिक समस्या जेपरे पनि त्यो समस्याको समाधान भरत जङ्गमले गर्थे । त्यस गुणले साथीहरू सबै समस्यादेखि निस्फिकी रहन्थे । अनन्त र भरत जङ्गमका यिनै यस्तै रहेछन् बाल अवस्थाका कथाहरू, बालपनका परिचयका झलकहरू । भरत जङ्गमलाई बेथिति र अन्यायसँग जुझ्न घरको संस्कार वा रगतले सानै उमेरदेखि सिकायो । स्वयंका प्रयत्नहरूले पनि बनाउँदै ल्यायो । त्यसैले त उनी किशोर अवस्थामा नै अन्याय अत्याचारसँग लड्ने र भिड्ने भैसकेका थिए, अनि पछि भ्रष्टाचार विरुद्ध लागे । अहिले भ्रष्टाचार विरोधी अभियानका अभियन्ता छन् । उनलाई देशका धेरै तह र तप्काका मानिसहरूले चिन्दछन् । अब त चरित्रनै संस्थागत बन्न पुगेकोजस्तो देखिन्छ ।

भ्रष्टाचारी र माफियासँग जुझ्दा कति कठिनाइ झेल्नु परेको थियो होला ? केको लेखाजोखा हुने । गर्ने पनि कसले । अब त उनी खुल्ला किताबजस्ता भइसके । अनन्त भन्छन्, 'उनी त अति भएका सबै विषयहरूसँग जुध्ने अमूर्त व्यक्तिको परिचय बनेका छन् ।'

संयोग बेलाबेलामा जुर्दोरहेछ । अनौठो संयोग, फेरि भरत जङ्गमको नेतृत्वमा रमाउने संयोग जुरेछ अनन्तलाई । २०६० सालमा भक्तपुरमा आयोजित 'शिवप्रित विराट् धान्याञ्चल महायज्ञ' मा आयोजक समितिको महासचिव भरत जङ्गमसँगै सचिव भएर काम गर्ने अवसर जुरेछ । व्यासाचार्य किशोर कुमार गौतमबाट उद्घाटन र भारतका उत्तराञ्चल मठका शङ्कराचार्यद्वारा सम्पन्न गराइएको थियो यज्ञ । अनन्त भन्छन्, ' त्यसमा कामगर्दा पनि उही बालापनको सम्झना आयो, उही अगुवाइको । मैले त्यसरी नै सल्लाह मानँ जसरी बाल्यकालमा मार्थें ।'

नेपालमा जनतामाथि लागु गर्न मात्र नियम कानुन बनाएजस्तो देखिन्छ, सत्तासँग पहुँच पुग्नेहरूका लागि होइन । आम सत्ताधारीको व्यवहार यस्तै देखिन्छ । आफूलाई परिवर्तनकामी मान्ने दलका कार्यकर्ताको चलन

पनि उस्तै छ । तिनीहरू कार्यान्वयन तहमा पुग्दा नपुग्दै तिनको स्वार्थ पनि मोटाउँदै जान्छ तर राष्ट्र विपन्न हुँदै जान्छ । यो नेता मोटाउने जनता दुब्लाउने देशको नीतिगत भ्रष्टाचार रोक्न सर्वोच्चसम्म पुगे । परमादेश गराए, राष्ट्रलाई हरेक साल हुने करोडौँको क्षतिबाट जोगाए ।

भरत जङ्गम आध्यात्मिक चिन्तक र धर्ममा विश्वास राख्ने व्यक्ति हुन् । हामीलाई अनुष्ठानमा लगाउने कार्यको नेतृत्व गरेका उनको हामी सबैमा सकारात्मक प्रभाव परेको छ । हाम्रो उत्साह बढाउने काम पनि उनैले गराएका हुन् भन्दै अनन्त अगाडि लेख्छन्, 'कालोसूर्य, व्यूहचक्र, रातोघाम, पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता पुस्तकहरू प्रकाशित भइसकेका छन् । 'कालोसूर्य' धेरै भाषामा प्रकाशित भएर अन्तर्राष्ट्रिय ख्याति कमाइसकेको छ । उनका हरेक प्रयासहरूलाई यसरी नै सफलता मिल्दै जाओस् भन्ने कामना पनि गर्दछन् अनन्तप्रसाद धौमडेल ।

सुगन्ध छर्दै घर यो सजाऊ
गुलाफ झै फक्र र रङ्ग लाऊ
उमा भवानी बन पुज्यनाम
यो नेत्रकी भूषणशील धाम

-छैटौं सर्ग
भरत महाकाव्यबाट

छाती सडेर जानेछ भ्रष्टाचार रहे भने
गर निर्मूल यो रोग नेपाली रहने भए
ऐजेरु झैँ पलाएको आयात धर्म संस्कृति
चिरा चिरा परेको छ ममत्व स्वत्वमा अति

-बाह्रौं सर्ग
भरत महाकाव्यबाट

विद्रोहको प्रारम्भ यसरी भयो

कुलचन्द्र लामिछाने

वर्षाका सबै बुँद समुद्रको पिँधसम्म पुग्दैनन् । जुन बुँदपिँधसम्म पुग्छ त्यो मोती बन्छ भन्ने उक्ति छ । भरत जङ्गम त्यो बुँद हुन् जुन पिँधसम्म पुगेको छ । मानिस सबैको बुद्धि सबै विषयमा गहिरिन सक्दैन । जसको गहिरिन सक्छ उसले आफ्नो युगलाई जित्छ । युगपुरुष बन्छ । कालजयी बन्छ । यस्तै युगपुरुष र कालजयी व्यक्तित्व बन्न सफल पुरुष हुन् भरत जङ्गम । उनमा देशभक्तिको भावना छ । उनलाई आफ्नो देशको माया छ । आफ्नो समाजको माया छ । देश र जनताको माया मनको कुना कुनामा भए पनि विद्रोहीको जस्तो स्वभाव लुकेर बसेको पनि देखिन्छ । त्यस स्वभावलाई कसैले विद्रोही स्वभाव देख्नसक्छन् । उनलाई आफ्नो हितको प्रतिकूल देख्नेहरू विद्रोही भनिदिन्छन् पनि होला ।

जङ्गमको मनभित्र यो विद्रोही स्वभाव कसरी आयो भन्ने प्रसङ्गमा बानेश्वर बस्ने उनका सखा कुलचन्द्र लामिछाने भन्छन्, 'उनीसँगको मेरो सम्बन्ध सानै उमेरदेखि हो । हाम्रा दुवै परिवारको सम्बन्ध पनि अत्यन्तै सुमधुर थियो । उनमा सानै उमेरदेखि गहिरो चेतना पसेको थियो जस्तो लाग्छ मलाई । आफू बसेको गाउँ, समाज र सबै छिमेकीले विकासको प्रतिफल समानुपातिक रूपमा पाउनुपर्छ भन्ने विचार थियो उनमा । हामी आफू बस्ने ठाउँको विकास अरूले होइन, हामी आफैले गर्नुपर्छ भन्ने चेतपनि सानैदेखि पसेको थियो ।

त्यतिबेला उनीहरू बसेको क्षेत्र गाउँ पञ्चायत नै थियो । त्यहाँका खानदानी व्यक्तिले प्रधानपञ्च हुँदै रवाफ चलाए तर विकास गर्न सकेनन् । विकास नभएको कारण गाउँमा उनको चर्चा र विरोध चल्न थाल्यो । बत्तीमुनि अँध्यारो भनेजस्तै देशको राजधानी सहरसँगै जोडिएको गाउँमा न

बाटोघाटोको राम्रो सुविधा न बिजुलीको लाइन, अधिकांश जनता मट्टितेलको टुकीमा गुजारा चलाइरहेका थिए । खाल्डाखुल्डी र हिलाम्मे धुलाम्मे बाटो भएकाले आकस्मिक बिरामी पर्दा एम्बुलेन्सको त कुरै छाडूँ । यो अति भयो भनेर नेतृत्वको विरोध गर्दै विकासको काम युवा आफैले गर्न थाले । अब नेतृत्व नै परिवर्तन गर्नुपर्छ भनेर घरघर हिँड्न थाले । सहमति पनि गराए । चुनावमा नेतृत्व परिवर्तन गर्न सफल पनि भए । कुलचन्द्र भन्छन्, 'भरत जङ्गमले त्यस उमेरमा गरेको यो कार्य अत्यन्तै कठिन तर महान् कार्य हो ।'

यस्ता कुराहरूमा सानै उमेरदेखि चासो र रुचि राख्ने हामी युवाहरूको सानो समूह थियो । यो सफलतामा हामी पनि अत्यन्त हर्षित र उत्साहित पनि भएको थियौं । चुनावको प्रसङ्ग उल्लेख गर्दै कुलचन्द्र अगाडि लेख्छन्, 'नयाँ उमेदवारको प्रतिनिधि बसेका थिए भरत आफै । पक्ष विपक्षका बिच भनाभन, लडालड, पिटापिट पनि भयो तर उनी रतीभर पछाडि हटेनन्, डगेनन् । मतलब विरोधमा उनीभित्र दन्किएको आगोभित्र पस्न सक्ने क्षमताको निर्माण त्यतिबेलादेखि नैभएको हो । जीवनका मोडमोडका बिन्दुहरू पनि त्यति बेलादेखिनै बन्दै आएको हुनुपर्छ ।'

नव निर्वाचित प्रधानपञ्च हरिप्रसाद चालिसे भने विकासप्रेमी नै थिए तर अत्यन्तै सोझा, अति भलाद्मी । यस्ता सोझा कि कसैले पिटे पनि प्रतिकार नगर्ने । दुब्ला पातला नखाने चराजस्तै तर सामन्तवादी चरित्रको विरोध गरे पनि युवाहरूसँग मिल्थे । पछि उनी जनवादी नै बने । उनका पालामा युवाहरूको सहयोगमा केही विकास भएकै हो ।

भरत जङ्गममा निडर र निर्भीकपन सानै उमेरदेखि आत्मविश्वास टुसाएर वृद्धिहुँदै गएको हुनुपर्छ । देश, समाजप्रतिको मायाले पनि भूमिका खेलेको होला । भ्रष्टाचार निर्मूल नभईकन देशले विकास गर्न सक्तैन भन्ने कुराको गहिरो छापले पनि भूमिका खेलेको हुनुपर्छ । त्यसैले भ्रष्टाचार विरोधी आन्दोलनलाई केन्द्रबिन्दु बनाएर देशमा नैतिक मूल्य मान्यता स्थापना गर्न

'स्वतन्त्र विचार मञ्च' संस्था खोले । भ्रष्टाचारीका विरुद्ध विद्रोह गरे, अहिले पनि लागिरहेका छन् ।

कुलचन्द्र मिठो शब्दमा भन्छन्, 'म उनको विषयमा के लेखूँ ? केही लेख्न सकुँला भनेर म आफैलाई पत्याउँदिनँ ।' त्यतिबेलाको काठमाडौँमा सरकारी स्कुल चार पाँचओटा मात्र थिए । त्यतिबेला उनको घरको कोठामा पुस्तकालय थियो । साथीहरू सबै मिलेर 'बालविकास पुस्तकालय' नाम राखेका थिए । आफ्ना उमेर समूहका साथीहरूलाई जम्मा गरेर स्थापना गरेको यही पुस्तकालय पछि 'भीमसेनगोला पुस्तकालय' नामको सार्वजनिक पुस्तकालय बन्यो । त्यतिखेर उनको उमेर सम्भवतः १४/१५ वर्षको हुनुपर्छ । उनका समूहका सबै युवाहरूभन्दा बढी हक्की र चेतनशील भरत जङ्गम नै देखिन्थे । उनमा जायज कुराको समर्थन र नाजायज कुराको विरोध गर्ने जग त्यतिबेलादेखिनै बसेको हुनुपर्छ ।

देशमा प्रजातन्त्र आयो । गणतन्त्र पनि आयो । बढ्न त जनताको चेतनाको उचाइ पनि बढ्यो । कथित ठुलाबडाले गरेको काम नाजायज देखे विरोध पनि गर्न थाले जनताले तर यी तन्त्रको बिडम्बना जतिसुकै गरे पनि भ्रष्टाचार मौलायो । अधिकारको तालमेल पनि मिलेन । कसैले कर्तव्य पूरा गर्दै नगर्ने, सबैले अधिकार मात्र खोज्ने भए । भन्न त भन्थे देशको सार्वभौमसत्ता जनतामा छ तर भ्रष्टाचार नियन्त्रण गर्ने अधिकार कसमा छ ?

कानुनी प्रावधानहरू नै कतै कमजोर भए कि, अरू कुनै कमजोरी भयो कि ! कुलचन्द्र लामिछाने भन्छन्, 'त्यसैले भरत जङ्गमले कलम बोके क्रान्तिको बिगुल फुके । देशवासीलाई जगाउने कामगरे । जनताको समर्थन र सहभागिताबिना कुनै पनि व्यवस्था सफल हुन सक्तैन भन्ने बुझ्दाबुझ्दै पनि, जनताले जतिनै बुद्धि पुऱ्याएर प्रतिनिधि छाने पनि जनताको अङ्कगणित र हिसाब किताब ती प्रतिनिधिले कहिल्यै बुझेनन् । उल्टै जनतालाई आफ्नो स्वार्थ पूरा गर्ने वस्तु सम्झिरहे । नेताहरूको प्रदर्शनमुखी

जीवनशैली, धनप्रतिको उन्मादयुक्त मोह बोक्ने भ्रष्टाचारी चरित्रसँग सम्बन्धित भ्रष्टाचारी समूहहरू नै देशलाई सधै अस्थिर पार्ने तत्त्व हुन् ।

नेपाल सरकारको 'सार्वजनिक सेवा निरीक्षण तथा अनुगमन टोलीको संयोजक रहँदा छोटो समयमा पनि आफ्नो कार्यकौशल देखाइसकेका भरत जङ्गमले परिवारको जीवन निर्वाहको लागि गरिने व्यवसाय, पारिवारिक सेवा, धार्मिक निष्ठा र आफ्ना इष्टमित्रसँगको व्यवहारमा सिकायत र त्रुटि नछाडीकन, पत्रकारिता, साहित्य, इतिहास, अनुशासन, न्यायकानुन र राजनीतिका क्षेत्रमा निर्भीकताका साथ आफूलाई अघि बढाउने क्षमता राख्छन् । विसङ्गतिका जुनसुकै विषयमा दरो तर्क सिर्जना गर्न सक्छन् । उमेर उनको साथमा छ सधै सोह्र बर्से उत्साह थपिरहेको छ ।

यिनले भ्रष्टाचार नियन्त्रण गर्न प्रतिपादन गरेको भ्रष्टाचार विरुद्धको विज्ञान अहिले विश्वविद्यालयहरूमा खोज र अनुसन्धानतथा अध्यापनको विषय बनेको छ । त्यसले पनि उनको व्यक्तित्वलाई धेरै विस्तार गरिरहेको छ । 'कालो सूर्य' प्रकाशित भई विभिन्न भाषामा छापिँदा उनको व्यक्तित्वलाई अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गरायो । यस्ता अरू धेरै कृतिहरू पनि छन् जसले उनको व्यक्तित्वलाई निकै उचाइमा पुऱ्याइरहेका छन् । उनमा समयअनुसार काम गरिरहने धुन छ, क्षमता छ । त्यो क्षमताले पनि चर्चा थपेको छ । जुगजुगसम चर्चा पाइरहनु भनेको पनि काललाई जित्नु हो, कालमाथि विजय पाउनु हो । त्यसैले उनी कालजयी व्यक्तित्व मानिन्छन् । कालजयी शब्दको अर्थ हुन्छ काललाई जित्ने । यो शब्द पहिला खप्तड बाबालाई दिइएको हो । अहिले यो शब्द भरत जङ्गम, उनका क्रियाकलाप र उनका कृतिहरू माथि प्रयोग भइरहेको छ । उनका शब्द ब्रह्म, र कर्मब्रह्म दुवै अमर छन् । त्यसैले पनि यी शब्द उनका लागि उपयुक्त छन् ।

समुद्र लक्षित नदीका जलबिन्दुहरू समुद्रको जलराशिमा समाहित हुँदा पनि जलबिन्दुहरूको अस्तित्व समान नै रहन्छ । अन्त्यमा कुलचन्द्र लेख्छन्,'

जीवनका दुई जन्म दिन एक्काइसौँ र साठी औँले विशेष महत्त्व राख्छन् तर मलाई एक्काइसौँ भन्दा पच्चिसौँ जन्मदिनलाई बढी महत्त्व दिँदा उपयुक्त हुन्छ भन्ने लाग्छ । उनको तर्क छ एक्काइसौँ जन्मदिनमा आफ्नो खुट्टामा टेकेर जीवन सुरु गरिन्छ भने साठी औँले आध्यात्मिक मूल्य मान्यतालाई स्वीकार गर्न सुरु गराउँछ । यी दुवै जन्मदिन मोक्षलक्षित छन् ।

मोती महोत्सवले भरत जङ्गमका अभिव्यक्ति र विचारमा आध्यात्मिक चेतनाको रङ्ग र अझ निखारता ल्याउने छ । उनले ध्यान र ज्ञानद्वारा आफूलाई सन्तुलित राख्ने छन् । भक्तिज्ञान योगलाई व्यवहारमा उतार्ने छन् । सधै बिहान चार बजे पशुपतिनाथको ढोकामा हाजिर हुनपुग्ने भरत जङ्गमलाई मोती महोत्सवको उपलक्ष्यमा तिनै पशुपतिनाथसँग सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछन् लामिछाने ।

देश हो देवता हाम्रो, हामी पूजक सेवक
सूर्य झन् तेजिलो पारौँ मनोवचन भावतः
गाएर पेट भर्दैन खानैपर्छ अहर्निश
हामी भाषणमा मात्रै भ्रष्टाचार विरोधक

-चौधौँ सर्ग
भरत महाकाव्यबाट

अनेकौँ सृष्टिका एक स्रष्टा भरत जङ्गम
तिम्रो विषयको ग्रन्थ तिमी मै छ समर्पण

-दोस्रो भाग
कालजयी व्यक्तित्व भरत जङ्गम

बाल्यकालका मेरा मित्र

कृष्णमुरारि चालिसे

विश्वविख्यात लेखकको मत,'म मानिस हुँ, जीवितै छु । त्यसैले पो म उपन्यासकार हुँ ।' साहित्यकारमा विचित्र भाव हुन्छ संसार चियाउने कला र कल्पना हुन्छ ।भरत जङ्गमको एउटा प्रभावकारी व्यक्तित्व हो उपन्यासकार । कुशल उपन्यासकार भरत जङ्गमसँग सन्तपन र दार्शनिक चिन्तन छ । नयाँ नयाँ विषयमा खोज अनुसन्धान गर्ने, तर्क गर्न सक्ने वैज्ञानिक विद्वत्ता छ । उत्तम कविता सिर्जना गर्नसक्ने काव्यकला छ । केही कमजोरी पनि होलान् । केही कमजोरी नभई मानिस बन्न पनि सकिँदैन । कृष्णमुरारि भन्छन्,'म कुनै अति (राम्रो नराम्रो पनको अति) बाट प्रेरित भएर कुनै अतितिर नजाओस् भनेर तटस्थ भएर लेख्छु तर पनि कहिलेकाहीँ सापेक्षवादलाई साँचि राख्नु पर्ने हुँदोरहेछ ।'

जङ्गमको अर्थको व्याख्या गर्दै कृष्णमुरारि भन्छन्, 'जङ्गमको अर्थ गतिशीलता हो । त्यसैले पनि उनी निष्क्रिय हुने छैनन् ।' विषय चिन्तन मनन जतिहुन सक्यो उतिनै उपलब्धि हासिल हुने हो ।' जङ्गम परिवार सम्पन्न थियो । बाबु गोविन्दहरि जङ्गम बडो सरल स्वभावका धनीव्यक्ति थिए तर परिवार ठुलो थियो । परिवारका बालबालिकाहरूलाई पढाउन घरमा शिक्षक राखिन्थ्यो । भरतको अहिलेको त्यो बुलन्दी त्यही प्रथम पारिवारिक पाठशाला र घरको वातावरणको देन हुनुपर्छ । मुरारि पनि सानैदेखि जानेगरेका रहेछन् भरतका घरमा । उनलाई त्यो घर सोनोतिनो तीर्थस्थल लाग्दो रहेछ । नियमित जस्तै हुने भजन कीर्तन, वर्षभरि भइरहने जात्रा उत्सवको चहलपहमा उनी पनि खुब रमाउँदारहेछन् ।

जङ्गमहरू शिवधारी भएर होला उनीहरूलाई 'अठार जङ्गम' पनि भनिने गरिन्छ । मुख्य शिवस्वरूपका अठार नाम हुन्छन् । शिवलिङ्ग धारण गर्ने

जङ्गमहरूलाई लिङ्गायत पनि भनिन्छ । नेपालमा यही परिरवार मात्र होला लिङ्गायत । जङ्गम परिवारको विषयमा धेरैलाई भ्रम पनि रहेछ । स्वयं प्रज्ञा-प्रतिष्ठानलाई पनि रहेछ । २०५८ सालमा आएर शब्दकोशको संशोधन गरी जङ्गमलाई सन्यासीको थरबाट हटाइ प्रज्ञाले आफ्नो सच्याएको हो ।

विभिन्न परिवेशले उजिल्याउँदा उजिल्याउँदै भरत जङ्गमलाई सबैभन्दा ठुलो साहित्यकारको व्यक्तित्व निर्माण गरिदियो । उनको विषय चयन गर्ने क्षमता र शैलीले पनि उत्तम श्रेणीको साहित्यकारमा पुऱ्याउन मद्दत गरेको देखिन्छ । उनका कृतिहरू कालजयी प्रकृतिका छन् । पाठकको मनसँग टाँसिएरै बस्नसक्ने उपन्यासका कथाहरू उत्तम छन् । कालजयी प्रकृतिको सूचीले पनि त्यही देखाउँछ । महत्वाकाङ्क्षाले सधै सफलताको सिँढी चढाउँदो रहेनछ । भरत जङ्गमको व्यक्तित्वको अर्को पाटो हो पत्रकार । ती बालसखा भन्छन्, 'महत्वाकाङ्क्षाले होला उनी पत्रकार बनिरहन सकेनन् । बहुदलीय व्यवस्था पछि, विशिष्ट ज्ञानभएको पत्रकार भए पनि आफ्नो स्वतन्त्रता र अडान अड्याउन सकेनन् । यदि भरत जङ्गम यो क्षेत्रमा रहिरहेको भए.....?

भरत जङ्गमको व्यक्तित्वको अर्को पाटो हो कुशल प्रशासक । 'सार्वजनिक सेवा निरीक्षण एवं अनुगमन टोलीको संयोजक पदको बहालीको छोटो कार्यकालमा पनि कुशल प्रशासक बन्नसक्ने क्षमता र विशिष्टता उनमा झल्किन्छ ।

भरत जङ्गमको उत्कृष्ट क्षेत्र समाज सेवा नै हो । समाजसँग हरदम साथमा भइरहन्छ तराजु । सामाजिक सेवामा लाग्नेहरूमा समर्पण भाव चाहिन्छ । समर्पण भाव र समर्पण दुवैमा शक्ति हुन्छ । त्यसैले त उनी भ्रष्टाचार विरोधी अभियन्ता नै बने । उनको भ्रष्टाचार विरोधी गतिविधिका प्रयासमा गहकिला गहकिला कामहरू भएका छन् । अझ यी गहकिला कामहरूको सरकारबाट उचित मूल्याङ्कन हुँदा त्यस्ता समर्पण भावका मनहरू अझ प्रोत्साहित हुनेथिए ।

कृष्ण मुरारि भन्छन्, 'त्यो क्षेत्रमा बालसखा भरतले गरेजति कार्य अरूकसैले गरेका छैनन् भन्न पाउँदा आफूलाई गर्वलाग्छ । एउटा व्यक्तिको प्रयासले मात्र राष्ट्रले यत्रो राहत पाउन सक्छ भने, बहुप्रयास हुनेहो भने के नहुने थियो होला र ?

भरत जङ्गमको 'भ्रष्टाचार विरोधी विज्ञान' स्वयंले विश्वविद्यालयस्तरमा अध्ययन अध्यापन गराउने प्रयत्न गरिरहेकोमा अहिले भने सरकारले भ्रष्टाचारको विषयमा चेतना जगाउन पठन पाठन बन्द गर्न लगाएको कुरा जानकारीमा पनि आएको छ ।

कृष्णमुरारि र भरत जङ्गमको चिनजान अहिलेको हैन, पचास वर्षअघिको हो । त्यो बालसखाको रूपमा परिणत भएको थियो । उनी भन्छन्, 'अरू जिउ खोलेर लाज मात्र छोपेर दौँडदाको आत्मीयता, कुनै द्वेष, इर्ष्या, आग्रह, पूर्वाग्रहले तोड्न नसक्ने हुन्छ ।' यस्तै आत्मीयता जोडिएका मित्र रहेछन् कृष्णमुरारी र भरत जङ्गम ।

कृष्णमुरारी को अनुभवमा, त्यही उमेरदेखि नै नयाँ नयाँ सोचका श्रृङ्खला सिर्जना गर्थे भरत जङ्गम । असहज काम पनि सहजसँग निम्टारा लगाउन सक्थे । होच्याउने बानीको भने इर्ष्या पनि गर्थे । तर भरत जङ्गममा देखापरेको यी गुणहरू पूर्वजन्मको संस्कारको देन हुनुपर्छ भन्छन् ।

यो मोती महोत्सवको अवसर, उमेर पनि ढल्दै गइरहेको अवस्थामा, मुरारीको अनुभव छ, धेरै क्षेत्र समेल्नु भन्दा एउटै क्षेत्रमा दत्तचित्त भएर लाग्ने अथवा रुचि अनुसारको क्षेत्रमा लाग्दा देशले उनीबाट अझ धेरै कुरा पाउन सक्थ्यो कि ? कालजयी व्यक्तित्वलाई अझ बलियो बनाउन सक्थ्यो कि ?

कृष्णमुरारी कामना गर्छन् धेरै धेरै महोत्सवहरू मनाउन पाऔँ । उनी शताव्दी पुरुष बनुन् । सदा यस्तै हाँसिखुसी देख्न पाइयोस् ।

भ्रष्टाचार विरोधी शिक्षाका प्रेरक

गोविन्दनाथ पाण्डेय

देशमा सत्य र न्यायको झण्डा दिगो रूपमा गढ्न सकेन तर गढेको देख्न सक्ने आशाका पखेटाहरू हेर्ने जनताका चाहनासँगै मन्द मन्द फट्फटाइरहेका छन् । जनताले अपार स्वतन्त्रता खोजेका पनि हैनन् उनीहरूले सक्रिय न्याय र सत्य मात्र खोजेका हुन् ।

देशमा न्याय र सत्यको मात्र आशा राखेका व्यक्तिहरू मध्ये लेखक तथा विश्लेषक गोविन्दनाथ पाण्डेय पनि एक हुन् । उनी भन्छन्, 'भ्रष्टाचार विरोधी अभियानका योद्धा कर्मठ सपूत भरत जङ्गमजस्ता दुईचार जना अरू कर्मठ सपूत भइदिए न्याय र सत्यका क्षेत्रमा मात्र नभएर सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा उज्यालो दीप बल्थ्यो । त्यो दीपको उज्यालोमा जनता कति रमाउने थिए होलान् । २००४ सालमा भक्तपुरको टौमढी टोलमा गोविन्दहरि जङ्गमका सुपुत्रका रूपमा जन्मेका भरत जङ्गमको उमेर अहिले साठी वर्ष पुगेको छ तर उनका कीर्ति र कर्मले उनको भन्दा धेरै उमेर पार गसिकेका छन् । गोविन्दनाथ भन्छन्, 'यसरी उनका कीर्ति र कर्महरूको उमेर बढेको दिनहुँ म देखिरहेको छु ।'

विलक्षण प्रतिभा उमेरभन्दा धेरै अगाडि बढ्छ । मृदुभाषी, सङ्घर्षशील, बहुमुखी प्रतिभाका धनी व्यक्ति आफ्नो कर्मले अरूलाई प्रभावित गर्न सक्छन् । उनको कर्मले राष्ट्रिय परिवेश समेटेको हुन्छ । उनको पत्रकारिताले जीवनका विविध क्षेत्रलगायत सामाजिक क्षेत्र पनि समेटेको छ । त्यसैले उनी नेपाली समाजमा अति परिचित छन् । उनले समेट्ने गरेका सबै क्षेत्रले राष्ट्र र समाजका लागि उत्तिकै योगदान दिएका छन् ।

पाण्डेय भन्छन् ,' यथा वृक्ष.....

..... यस्य जीवनम्

यो नीति श्लोकले भनेझैं वृक्षले आफू प्रकोप सहिरहन्छ । चर्को घाम सहिरहन्छ । वर्षा सहिरहन्छ तर पनि अरूलाई शीतलता र फल दिइरहन्छ । उनी पनि आफ्नो देश र समाजका लागि जीवन अर्पण गरिरहेका छन् । उनको जीवनीको चित्रण गर्दै पाण्डयेज भन्छन्, 'अहंकारी कुशिक्षाको कारण नैतिकता र सदाचार रित्तिएर मौलाएको भ्रष्टाचार विरुद्ध लड्ने साहस देखाएका छन् । जनचेतना जगाउन भ्रष्टाचार विरोधी विषयलाई उपन्यासमा आकर्षक पाराले रूपान्तरण गरेर जनजनसम्म चेतना फैलाइरहेका छन् । अझ भ्रष्टाचार विरुद्धको विषयलाई अध्ययन अध्यापन गराउनु पर्छ भनेर अभियान चलाइरहेका छन् भरत जङ्गम ।

भरत जङ्गम भ्रष्टाचार विरोधी अभियानमा एक्ला छन् । एक्लै भए पनि अगाडि बढ्दै जाउन् भन्ने शुभकामना व्यक्त गर्दै पाण्डेय भन्छन्, 'उनका अगाडि बढ्ने कार्यका लागि निरन्तरता दिन म पुष्प अर्पण गर्दछु ।'

अनेकौ सृष्टिका एक स्रष्टा भरत जङ्गम
तिम्रो विषयको ग्रन्थ तिमी भै छ समर्पण

-दोस्रो भाग
कालजयी व्यक्तित्व भरत जङ्गम
हरि मञ्जुश्री

"उमेर जेसुकै होस् उमेरले आत्माको विश्वासलाई रोक्न सक्तैन उहाँमा नरोकिने फराकिलो व्यक्तित्व देखें, जुन यौवनमा बगिरहेको वासनाको सुगन्ध जस्तो, मन्द पवनमा पलपलाई रहेको पालुवाजस्तो देखिन्छ ।"

-कालजयी व्यक्तित्व भरतजङ्गम
दोस्रो भाग, प्रजापति तिमिल्सिना

किशोर भरत जङ्गमको सामाजिक अभियान

जगन्नाथ लामिछाने

बिहानीले दिन देखाउँछ । के यो सबै बिहानीमा लागुहोला ? मानिसले आफुभित्रका भावहरू त्यसै रित्याउन सक्दैन । भावअनुसार केही गर्न ऊ तम्सिरहेको हुन्छ । भरत जङ्गमभित्र अति ऊर्जावान् भावहरू हुनुपर्दछ त्यसैले उनी सानै उमेरदेखि सिर्जनामा सक्रिय देखिएका होलान् । भरत जङ्गम बानेश्वरमा बस्ने गरेर आएदेखि परिचित भएका छिमेकी, सखा र मित्र बनेका जगन्नाथ लामिछाने भन्छन्, 'जति बेला भरत जङ्गम १५/१६ वर्षका थिए, म १८/१९ वर्षको थिएँ । अरू त्यस्तै उमेरका साथीहरूको एक जमात थियो । गाउँमा रचनात्मक कार्यहरू हुनुपर्छ भन्ने विषयमा हाम्रो भेटघाट अनि छलफल हुन्थ्यो । यस्तै छलफलबाट हामीले गाउँमा एउटा सार्वजनिक पुस्तकालय हुनुपर्छ भनेर खोल्ने निधो गर्‍यौं ।

त्यतिखेर गाउँको नजिकै खाली चउरमा ढुङ्गाले बनेजस्तो गोलो ढिस्को थियो । त्यसैलाई भीमसेनगोला भन्ने गरिन्थ्यो । कहिलेदेखि भन्न थालियो त्यो भने थाहा छैन । हामीले त्यही ढिस्कोको नाउँमा पुस्तकालयको नाम जुरायौं 'भीमसेनगोला पुस्तकालय' । यही नामबाट विधिवत् सार्वजनिक पुस्तकालयको उद्घाटन पनि गरायौं । उनी भन्छन् यो १९ सालको कुरा होला । उनी आफैं अध्यक्ष बनेका रहेछन् । भरत जङ्गम महामन्त्री । बाँकी सबै पदाधिकारीहरू पनि उनीहरूकै जमातका रहेछन् । त्यो पुस्तकालय घुम्ती कुमारीको नजिकैको घरको भाडामा लिएको कोठामा राखेका रहेछन् । त्यो चाहिँ भरत जङ्गमले खोलेको बाल विकास पुस्तकालयको सार्वजनिक रूप रहेछ । जगन्नाथ भन्छन्, 'त्यो पुस्तकालय विभिन्न कारणले धेरै समय चल्न सकेन ।'

यस्ता सामाजिक कुरामा भरत जङ्गम अति सक्रिय हुने गर्थे भन्दै अगाडि लेख्छन्,'हामीले पुस्तकालय सञ्चालनको अवस्थाबाटै प्रौढ शिक्षा पनि सञ्चालन गरेका थियौं । ती प्रौढकक्षामा सहभागीहरूलाई आठ महिनामा चिठी लेख्ने, अङ्ग्रेजी अक्षर चिन्ने, जोड, घटाउ, भागा, गुणासम्मका हिसाबहरू गर्ने बनायौं । पछि त्यो प्रोढ शिक्षणलाई शिक्षा मन्त्रालयले स्वीकृति नदिएको कारण स्थगन नै गर्नु पऱ्यो । यसमा पनि भरत जङ्गम अत्यन्तै सक्रिय रहे ।

नेपालमा मुलुकी ऐन लागु भइसकेपछि पनि समाजमा क्रूर विसङ्गति विद्यमान छ भन्ने बुझेका थिए उनीहरूले । ऐन कानुनले मात्र यो निर्मूल पार्न सक्दैन भन्ने पनि । उनीहरूले सामाजिक स्तरमा चेतना नजगाई हुँदैन, यसमा हामीले केही गर्नैपर्छ भनेर गाउँको आमसभामा दलितको हातबाट पकाएको चिया र बिस्कुट सहभागीबिच बाँड्न लगाएछन् । लामिछाने भन्छन्,'ती सहभागीमध्ये कतिले कालोनिलो मुख लगाएर खाएको दृश्य हामीमा ताजै छ, यसमा पनि सुझाव र सक्रियता उनकै बढी थियो ।'

केवल पन्ध्र सोह्र वर्षका किशोर भरत जङ्गम जनजनमा शिक्षाको ज्योति जगाउनुपर्छ, गढेर बसेको रुढीवादी कुसंस्कारलाई हटाउनुपर्छ भन्ने अभियान चलाउनुका साथै उनमा सामुदायिक विकास, राजनीति सङ्गठनको क्रियाशीलतामा त्यही बेलादेखि नै सक्रिय रहँदै आएको हुनुपर्छ ।

'हुने विरुवाका चिल्ला पात' भनिन्छ । भरत जङ्गम सम्भवतः जन्मिँदै चिल्लो पात बनेर जन्मेको हुनुपर्छ । कतिपय उनका बालसखाहरू भन्ने गर्छन्,' उनको सफलता देख्दा गर्व लाग्छ ।'

सबै क्षेत्रमा अघि

ध्रुव सापकोटा

प्रसिद्ध कलाकार ध्रुव सापकोटालाई मोती महोत्सव आयोजक समितिले छिमेकीका हैसियतले भरत जङ्गमका बारे केही लेखिदिन भनी एउटा अनुरोध पत्र पठायो । उनी भरत जङ्गमसँगै सोध्न पुग्छन्, 'म ता कथालेख्ने मान्छे, तपाईंका बारेमा के लेखूँ ?' उनले सरल उत्तर पाउँछन्, 'एउटा छिमेकीको बारेमा जे लेख्न पर्छ लेखिदिनोस् न ।'

यी वार्तालाप हुन् छिमेकका दुई पात्रबिचका । जिउँदाको जन्ती र मर्दाको मलामी छिमेकीलाई हाम्रो परम्पराले पनि महत्त्वपूर्ण मानेको छ । परम्पराहरू नदीझैं बग्छन् । त्यसैले पुराना पनि हुँदैनन् तर पनि छिमेकीलाई मान्ने नजर छिमेकीअनुसार फरक फरक हुन सक्छ । ठाउँअनुसार पनि फरक फरक हुनसक्छ ।

दुर्गममा बस्नेले र सुगममा बस्नेले छिमेकीलाई हेर्ने हेराइ फरक हुनसक्छ । पहाडमा बस्नेले र तराईमा बस्नेले हेर्ने हेराइ पनि फरक फरक हुनसक्छ । गाउँमा बस्नेले र सहरमा बस्नेले हेर्ने हेराइ फरक हुनसक्छ । हेराइ जस्तो भएपनि छिमेकी आखिर छिमेकी नै हुन्छ ।

दुःख सुख सबै क्षणमा अति आवश्यक र महत्त्वपूर्ण छिमेकीका बारेमा ध्रुव भन्छन्,'मेरा छिमेकी भरत जङ्गमले साढे तीन दशक लगाएर व्यक्तित्व निर्माण गरेका हुन् ।'

जीवनका आरोह अवरोह, चाप-प्रतिचाप, जीवनको भाग र भोगाइका विभिन्न घटनाहरूले मानिसको व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याइरहेका हुन्छन् । त्यसका अतिरिक्त जन्मे हुर्केको घरको वातावरण, वरिपरिको

परिवेश, धर्मसंस्कृतिको प्रभावले पनि व्यक्तित्व निर्माणमा भूमिका खेलेका हुन्छन् । भरत जङ्गमका साहित्य, पत्रकारिता र अन्य विधाहरूको सृजनशील व्यक्तित्व निर्माणमा यिनै र यस्तै वातावरण र परिवेशले भूमिका खेलेका होलान् ।

वी पी मेलमिलापको नीति लिएर नेपाल फर्केपछिको परिवेश स्मरण गर्छन् ध्रुव सापकोटा । त्यतिखेर व्यवसायी बनेका साथीहरू मिलेर वी पीलाई अभिनन्दन गर्ने निर्णय गर्छन् । उनीहरू माथि पनि सरकारले कडा निगरानी गरिरहेको थियो । तर पनि ती साथीहरूको जमात पछि हटेन । त्यो अभिनन्दन समारोहमा वी. पी.लगायतका शीर्ष नेता पनि आए, समयमै आए । त्यो सफल हुन पुगेको समारोहलाई वी पीबाट सम्बोधन भयो । त्यतिखेर भरत जङ्गमको कालोसूर्य प्रकाशित भैसकेको थियो । त्यसको पनि समीक्षा गरिदिनुभयो वी पीले । सापकोटा भन्छन्, 'त्यो समीक्षापछि भरत जङ्गम चर्चित हुनुभयो । साहित्यकार बन्नुभयो ।'

त्यसपछि भरत जङ्गमले नयाँ घर बनाए । नयाँ घर बनाए पनि ध्रुव सापकोटाका छिमेकी नै हुन्छन् जङ्गम । उनको कम्पाउन्ड वालमा प्रस्तरमा कुँदेर जङ्गम निवास लेखिन्छ । त्यही जङ्गम निवास देखाएर आफ्नो घरको परिचय दिँदा रहेछन् सापकोटा । यसरी जङ्गम निवास उनको पनि घरको परिचय बनेछ ।

फेरि ४६ साल आयो । गणेशमान सिंहको हातबाट नेपाली काङ्ग्रेसको सक्रिय सदस्यता लिएर काङ्ग्रेसी बन्छन् भरत जङ्गम । केही समयपछि काङ्ग्रेस छाड्छन् अनि भ्रष्टाचार विरोधी अभियन्ता बन्छन् । फेरि राजा ज्ञानेन्द्रबाट 'सार्वजनिक सेवा निरीक्षण एवं अनुगमन समिति' को संयोजक पदमा नियुक्ति पाउँछन् र राजाको नजिक पनि देखिन्छन् । ध्रुब भन्छन्,'उनी जेदेखिए पनि मेरा असल छिमेकी नै थिए ।'

छिमेकी छिमेकी हिँड्ने बाटो फरक भएपनि सम्बन्धमा फरक नपर्ला । कुनै छिमेकी उत्तरफर्केर घरबाट निस्केला कोही दक्षिण फर्केर निस्केला । जता फर्केर निस्के पनि छिमेकी नै हुन्छ । मार्गले फरक पर्दैन । सहरका छिमेकीहरू एउटै जात, धर्म, संस्कृति र सम्प्रदायका विशेषता नबोकेका पनि हुनसक्छन् । केही सम्भाव्यताको सुगमता बोकेका स्थानबाट आएका पनि हुनसक्छन् । कोही दुर्गमता बोकेको स्थानबाट आएका पनि हुन सक्छन् । कथाकार ध्रुव भन्छन्, 'दुर्गमतालाई चोरले पनि अयोग्य ठहर गर्छ तर सुगमतामा चोरै चोर मात्र पनि रहँदैनन् ।'

जाँदैछु अग्रगतिमा दश सर्गतर्फ,
भ्रष्टान्धकार अभियान विरोध तर्फ ।
के हुन्छ भ्रष्ट जब बन्दछ देश सारा,
काला भए गगनका रविचन्द्र तारा ॥१॥

छाया परे नजरमा जगतै अँध्यारो,
कालो भए नजर देख्न हुँदैछ गारो ।
यी नेत्रमा कलुष कल्मष पर्न जान्छ,
अन्धा बनिन्छ निशिवासर तुल्य मान्छ ॥२॥

-भरत महाकाव्य

साहित्यमा हामी जोडी हात्ती

परशु प्रधान

एउटा जीवनका लागि तिस वर्षभन्दा बढीको समय कम्ता हुँदै होइन । त्यति नै धेरै समय भएछ वरिष्ठ साहित्यकार परशु प्रधान र भरत जङ्गमबिच सम्बन्ध गाँसिएको । त्यो अनौठो तीन दशकभन्दा बढीको समयभित्र अनौठा अनौठा संयोग परेछन् । यस्तो सम्बन्धका विषयमा परशु प्रधान भन्छन्,' जन्म, कर्म, घर, जागिर, सम्बन्ध र मृत्यु यी सबै संयोग वा परमेश्वरको अनुग्रहमा मात्र हुने रहेछन् । संयोग पऱ्यो काठमाडौँमा जागिर पाएँ । संयोग पऱ्यो भरत जङ्गमसँग परिचय पनि भयो ।

सबै संयोगका कुराहुन् । संयोगमा के नहुन सक्छ खै ? सायद संयोगको आँखाले सबैलाई बराबर पनि देख्छ । दुर्गम पहाडी गाउँ कुलुङमा शिक्षण गरिरहेका परशु प्रधान । के संयोग पऱ्यो उनलाई उपत्यकाको ललितपुरमा साझा यतायातको कार्यालयमा जागिर मिल्यो अनि उनी कुलुङबाट हानिँदै राजधानी पुग्छन् । यो संयोग नै हो, संयोगले उनलाई कहाँदेखि कहाँसम्म पुऱ्यायो । कामको सिलसिलामा साझाको केन्द्रीय कार्यालय पुग्छन् । संयोगले महिला अधिकृतसँग चिनजान हुन्छ । त्यही संयोगले गहुँगोरो, छिटो छरितो फुर्तिलो हँसिला युवक देखिन्छन् । उनलाई ती महिलाले चिनाउँछिन्,'यो मेरो भाइ हो । यसले पनि साहित्यमा रुचि राख्छ ।'

संयोग ती युवक हुन्छन् भरत जङ्गम । संयोग त्यो हँसिलो फुर्तिलो युवकको अनुहारले उनलाई छाडेको छैन । संयोगले पनि सङ्केत गर्छ कि ? परशु प्रधानले गाउँमा मास्टरी गर्दा गर्दै 'फेरि आक्रमण' भन्ने कथा लेखे । त्यतिखेर जल्दोबल्दो थियो 'नेपाली साहित्य संस्थान' । त्यसैका अध्यक्ष हुनुहुन्थ्यो कविवर केदारमान ब्यथित । परशु प्रधान भन्छन्,'के संयोग पऱ्यो, त्यही संस्थानले आयोजना गरेको प्रतियोगितामा मेरो त्यो कथा, प्रथम बनी

रु.५००।- पुरस्कार पनि पायो । के संयोग पऱ्यो मेरो जीवनको मोड नै बदलिदियो ।

२०३९ सालमा परशु प्रधानले एउटा सानो घर निर्माण गर्छन् । संयोग त्यो घर भरत जङ्गमको छेउछाउमा बनेको रहेछ । उनी घरैबाट देख्दार हेछन् भरत जङ्गमलाई । देख्दै लाग्दो रहेछ, यिनी सम्पन्न परिवारका हुन् । बाटोमा कतै यी दुवै भेटहुँदा हाइहेलो चलाउँदा रहेछन् । यहीँ हाइहेलोमा नै उनीहरू बिच आत्मीयता बढिरहेको थियो । भरत जङ्गमको भ्रष्टाचार विरोधी विषयले पूर्णतः साहित्यमा प्रवेश पायो । 'कालो सूर्य' चम्क्यो । महामानव वी पी कोइरालाले सार्वजनिक समारोहमा नै त्यस पुस्तकको चर्चा परिचर्चा गरिदिएपछि झन् त्यसले आफ्नो उचाइ समात्यो । त्यो पुस्तक नेपाली साहित्यमा नयाँ मोड ल्याउने युगान्तकारी उपन्यास बन्यो । जसले महत्त्वपूर्ण सन्देश प्रवाह गरिरहेकै छ ।

उनीहरूको सम्बन्धको चक्र चल्दैगयो । भेटघाट बाक्लिँदै गयो । परशु प्रधान पनि धेरै साहित्यिक संस्थाहरूको महत्त्वपूर्ण पदमा आबद्ध हुँदै गए । ती संस्थाबाट आयोजना गरिने कार्यक्रमहरूमा जङ्गमलाई पनि आबद्ध गराउँदै लगे । उनी भन्छन्, 'भरत जङ्गमको उपस्थिति मलाई महत्त्वपूर्ण लाग्थ्यो । मैले राखेको कुनै प्रस्तावमा इन्कार नगर्दा म बुझ्दथेँ, हाम्रो मित्रताको फूलबारीमा स्वार्थरहित सफा फूल फुलिरहेको छ ।'

उनीहरूबिच आत्मीयता झन् बढ्दै गयो । परशु प्रधान संलग्न रहेका छिन्नलता गुठी, सिद्धिचरण प्रतिष्ठान वासुशशी स्मृति प्रतिष्ठान र भारती खरेल प्रतिष्ठानमा सहभागी भएर भरत जङ्गमले विशेष योगदान दिँदै आए । भरत जङ्गमको 'पचास-प्रसङ्ग' प्रबन्ध सङ्ग्रहका प्रसङ्गहरू उल्लेख गर्दै परशु प्रधान भन्छन्,'म उनको बहुआयामिक व्यक्तित्वसँग परिचित नै छु । उनी नेपाली साहित्यको एउटा सफल उपन्यासकार मात्र नभएर राजनीतिज्ञ, विचारक, चिन्तक र समाजसेवी हुन् । यति मात्र नभएर उनी पत्रकारिता र वाणिज्यसँग पनि सम्बन्धित छन् । ती सबै विषयहरूको एउटै समष्टि नाम

हो भरत जङ्गम । सबै क्षितिज र विधामा चम्कने सूर्य हो ।'

देशको इतिहास, देशमा बगिरहेका महत्त्वपूर्ण नदीजस्तै बगिरहेको हुन्छ । देश र जनताको इतिहास स्वच्छ र सक्षम बनाएर बगाउन पचास-प्रसङ्गमा उल्लिखित विचारोत्तेजक र निर्भीक विचारहरूको उल्लेखनीय प्रस्तुतिले योगदान थपिरहेका छन् ।

प्रसङ्ग संयोगको पनि पर्दोरहेछ । रोचक संयोग, परशु प्रधान प्रेस स्थापना गर्न पुग्छन् । देशका साहित्यकारहरूलाई आफ्नो रचना प्रकाशन गर्न सजिलो होस्, आफ्नो जीवन निर्वाह पनि चलोस् भनेर । कहलिएका धेरै साहित्यकारहरू आए आफ्ना लेखहरू छपाए तर भरत जङ्गम र हिरण्यकुमारी पाठकबाहेक अरूकसैले पनि छपाइको खर्च दिएनन् । नदिने ती सबैको लामो सूची होला परशु प्रधानको बही खातामा ।

धेरै धेरै संस्थामा सहकार्य गरिसकेका परशु प्रधान र भरत जङ्गम वासुशशी स्मृतिको झन्डा मुनि पनि सङ्गठित हुनपुग्छन् । एक पटक सङ्गठनका साहित्यकारहरूको टोली असमको साहित्यिक यात्रामा निस्केछ । त्यही समयमा विदुषी गीता उपाध्यायले असमी भाषामा अनुवाद गरेको ' कालो सूर्य' पनि प्रकाशित भएको थियो । त्यही यात्राको उपलब्धि थियो वाणी प्रकाशन पनि । परशु प्रधान भन्छन्, 'सहभागी हामीमध्ये धेरै बिरामी पऱ्यौं । ती सबै बिरामीलाई भरत जङ्गमले औषधी खुवाएको, सेवा गरेको विषय हामी बिच ठट्टा हुँदा अझै निस्किरहन्छ ।'

कालो सूर्य' बङ्गला भाषामा सेहाबुद्दिन अहमद्ले अनुवाद गरेपछि भरत जङ्गमको सम्बन्ध बङ्गलादेशसम्म पुग्यो । परशु प्रधान भन्छन्, 'त्यो सम्बन्ध राखिदिन र बिस्तार गराउन मैले पनि भूमिका अदा गर्न पाएँ ।' 'फुकुओका एसियन कल्चरल प्राइज' जापानको लागि योग्य साहित्यकार, विशिष्ट विद्वान् छनौट गर्ने सिफारिस समितिमा छानिएका परशु प्रधानले बिस वर्षसम्म, नेपाली नायक र विशिष्ट व्यक्तिलाई सिफारिस गरे । तीमध्ये डा रामदयाल राकेशले ११ लाखको पुरस्कार पनि पाए । उनी भन्छन्, 'भगवान्को दर्शनमा

नित्यधार्मिक स्थल पुग्ने भरत जङ्गम धार्मिक व्यक्ति हुन् । भगवान्को दर्शन उनको नित्यकर्मभित्र पर्छ । त्यसैले उनी मानव नै हुन् ।

'यो हल्लै हल्लाको देश हो'यो भूपि शेरचनको कथन हो । हो, पनि हल्लै हल्लाको देश । यहाँका घरघरका जग जगमा शिलाशिलामा प्रत्येक इँटा इँटामा हल्लै हल्ला जोडिएको पो छ कि ? परशु प्रधान भन्छन्, 'भरत जङ्गम पनि एकताका यस्तै हल्लाको सिकार भएका थिए । उनी परपीडामा रमाउँदै रमाउँदैनन् । नकसैको खुट्टा तानेर पछार्ने गर्छन् तर उनी विरुद्ध हल्ला चलाइएको थियो 'भरत जङ्गमले व्यापारीलाई ठगेर धन कुम्ल्यायो, किताब आफूले हैन अरूलाई लेखाउँछ । खाउवादी हो, नकाङ्ग्रेस हो न कम्युनिष्ट हो, हो राजावादी ।'

परशु प्रधानलाई भरत जङ्गमका व्यक्तिगत कुराको कुनै चासो नै थिएन तर भरत जङ्गममा केही गुण छन् । केही विशेषता छन् । त्यसैले परशु प्रधान भन्छन् 'जसलाई लेख्न बाध्य छु, उनी साहित्यकार, उपन्यासकार, पत्रकार, सम्पादक, प्रकाशक, अनि खाँटी काँग्रेसी हुन् । यिनी वी पीका भक्त हुन्, त्यसैले प्रजातन्त्रवादी हुन् । भ्रष्टाचार विरुद्धको अभियानका अभियन्ता हुन् अनि पुँजीपति र व्यापारी हुन् । धेरै आयाम भएका एउटै व्यक्ति हुन्जङ्गम । बढी आयाम एउटै व्यक्तिमा पाइनु पनि गुण हो, उत्तिकै दोष पनि ।

परशु प्रधानका हितैषी भरत जङ्गम सबैमा मित्रताको उत्तिकै समभाव राख्न खोज्छन् । उनमा नघमन्ड छ, न आत्मप्रशंसा । त्यसैले समाजसेवी बन्न पुगेका छन् । समाजको विकास र उन्नतिमा हृदयदेखि नै सहभागी बन्छन् । आफ्नो निजी गुठीबाट धेरै गरिब र विपन्न परिवारका विद्यार्थीहरूलाई निःशुल्क पढाइरहेका छन् । भ्रष्टाचार विरोधी हुन् । भ्रष्टाचार विज्ञानका प्रणेता । परम्पराप्रति ठुलो आशा र विश्वास राख्छन् । जिम्मेवार लोग्ने हुन् । आदरणीय पिता हुन् । कुलको विकास र उत्थानमा अग्रणी भूमिका निभाइरहेका छन् । उनी जङ्गम कुलका ज्योति पनि हुन् ।

२०५३ सालतिर होला 'केही क्षण केही अनुहार' शीर्षकमा अन्तर्वार्ता प्रकाशित भएको थियो । परशु प्रधानले लिएको त्यो अन्तर्वार्तामा भरत जङ्गम पनि थिए । त्यही अन्तर्वार्ताले 'उत्तम शान्ति पुरस्कार' पनि पाएको थियो । यो देशको परिस्थिति अनि साहित्य लेखन, साहित्यकारको स्वभाव र आचरण देख्दा मन विरक्तिएको भाव देखाउँदै परशु प्रधान भन्छन्, 'यहाँ स्वतन्त्र रूपमा लेख्नु भनेको बालुवामा पानी खन्याउनु बराबर रहेछ ।'

सबै क्षण आफूलाई तटस्थ राख्दै आएका परशु प्रधान भन्छन्, 'अब ममा लेखनपछिका अवकाशका क्षणहरूप्रतिको आशा जाग्दै आएको छ, अनि के लेख्नु । सबैलाई अनुरोध गर्दै भन्छन्, अब मलाई लो प्रोफाइलमा रहनदिनोस् ।

पत्रकार र लेखकप्रतिको उनको वैराग्य छ । रूपैयापैसामा बिक्ने स्वनाम धन्य लेखकहरू, पत्रकारहरूलाई मैले किन्ने सामर्थ्य नै राख्न सकिनँ । त्यसैले म आज आफैँलाई सोध्ने गरेको छु, तँ के अरूहरूको लागि जन्मेको होस्, तेरो आफ्नो कुनै भूमिका नै छैन ? तँ आफै कति कमजोर छस् हगि !

उनी भन्छन्, 'यही भोगाइ हो मेरो ।'मलाई लाग्छ यी किनारालाई छुन खोज्ने वैराग्य पोखाइ मात्र हुन् । अन्त्यमा 'स्याल कुकुर कराउँदै गर्छन् । हात्तीले पाइला बढाउँदै गर्छ' यी परशु प्रधान कर्म पिताका सुझावहरू हुन् । ती सम्झँदै भरत जङ्गमलाई अनुरोध गर्छन्, साहित्यको साधना र विकासमा हामी जोडी हात्ती होऔँ ।

सहयोगी भावनाले ओतप्रोत व्यक्ति

भैयाराम कार्की

जुङ्गाका रेखी बस्दा नबस्दै भरत जङ्गम परोपकारमा लागेका हुन् । उनको परिवारमा परोपकारमा लाग्ने उनी मात्र होइनन्, उनका बाबु उनीभन्दा ठुला परोपकारी थिए । छिमेकीहरू भन्छन्, 'अहिले पनि उनका घरमा दीनदुःखी र असहायहरूको प्रायः भिड लागिरहन्छ ।' उनका असल छिमेकी भैयाराम कार्की भन्छन्,'कोही त आर्थिक याचना गर्न मात्र पुगेका हुन्छन् ।'

कोही कसैको सहायताको लागि, कोही आफ्नो सहयोगका लागि, कोही कानुनी उपचारको लागि उनका घरमा जम्मा हुन्थे । कोही विपन्न, असहाय व्यक्ति कानुनी सहायताका लागि पुग्दा भैयारामलाई पनि बोलाइन्थ्यो । उनी पनि पुग्ने गर्थे । निःशुल्क सेवा थपिदिन्थे । उनी पनि बानेश्वर क्षेत्रमा नजिकै नजिकै बस्छन् । उनीहरू छिमेकी हुन् । उनीहरू घरबाट निस्केपछि हिँड्ने बाटो पनि एउटै हो । उमेरमा भरत जङ्गम अलि जेठा होलान् । भैयाराम हत्तपत्त बोली नहाल्ने हुनाले जङ्गमको साथी बन्न समय लागेछ तर उनी समस्या पर्दाभने पुगिरहन्थे भरत जङ्गमको घर । नित्य पशुपति दर्शन गर्न पुग्ने भरत जङ्गमको बानी देखेर रहरै जागेछ । उनी भन्छन्, 'जागेको रहर मैले सहनै सकिनँ । एकदिन उनी निस्कने बाटो कुरिरहँ, सँगै गयौं पशुपति,फर्क्यौं पनि सँगै । त्यसदिनदेखि धक खुल्यो, बोल्न थालें, सहभागिता बढ्दै गयो । अब साथी जस्तै भएको छु ।'

यो सङ्गत पुरानो भैसक्यो तर पनि सम्बन्ध ताजै छ । उनीहरूदुवैलाई दुवैका गुण अवगुण थाहा छ । मैले भरत जङ्गमलाई अत्यन्तै असल मान्छेकारूपमा देखेको छु भन्छन् भैयाराम । त्यसैले पनि होला उनीहरूको सम्बन्ध भगवान्को दर्शन गर्ने क्रममा मात्र सीमित रहेन । भरत जङ्गमबाट हुने भ्रष्टाचार विरुद्धका सबै कार्यहरू जस्तो अदालत, सडक जुलुस वा कोणसभाजस्ता कार्यहरूमा साथै रहने भैयाराम भन्छन्, 'वहाँसँग सम्बन्ध

भइसकेपछि सितिमिति कोही साथ छाड्न मान्दैन ।'

उनीसँग मात्र हैन, भरत जङ्गमको सबै छिमेकीसँग राम्रो सम्बन्ध छ । उनी सधै अरूहरूको भलोहुने काममा जुटिरहेका हुन्छन् । पहिलेको भरत जङ्गम मार्गलाई नेपाल सरकारले राधारमण मार्ग राखेको छ । त्यो विस्तार र निर्माण कार्यमा उनै सक्रिय भएर लागे । भैयाराम भन्छन्, 'हामी छिमेकी जे समस्या परे पनि उनलाई नै गुहार्न पुग्छौं । टोलमा सामूहिक समस्या केही परे उनकै घर कम्पाउन्डभित्र बसेर छलफल गर्छौं र समाधान निकाल्छौं । उनको घर कम्पाउन्डमा धेरै मानिस अट्ने सुविधा पनि छ । जतिबेला सबै छिमेकीहरूका घरमा टेलिफोन सुविधा थिएन, उनले आफ्नो फोनमा चौबिसै घण्टा सार्वजनिक टेलिफोनजस्तै गरेर निःशुल्क सेवा उपलब्ध गराएका थिए । कोही बिरामी परे आफ्नै गाडीमा राखेर अस्पतालसम्म पुऱ्याइदिन्थे ।

भैयाराम कार्की त्यो बेलाको घटना सम्झन्छन्, जतिबेला आम हड्ताल थियो । चलेका एक दुई गाडीहरूमा आगो लगाइरहेका थिए आन्दोलनकारीहरू । टोलकै अनिल पोखरेल, राति अकस्मात् बिरामी भए । उनलाई लिन आउन एम्बुलेन्स पनि मानेन । टोलवासीले उनैलाई गुहाऱ्यौं । भरत दाइले आफै हाँकेर आफ्नै गाडीमा वीर अस्पताल पुऱ्याइदिनुभयो । बिरामी अस्पताल पुऱ्याउँदा, अस्पतालको गेटअगाडि तत्कालीन सचिवको गाडी जलिरहेको थियो ।

भरत जङ्गम आफू शारीरिक, मानसिक रूपमा स्वस्थ भएर होला अरूलाई पनि प्राकृतिक रूपमा स्वस्थ र निरोगी बन्ने उपायहरू बताइरहेका हुन्छन् । भैयाराम भन्छन्, 'मलाई कसैले बोलायो भने म हृदयदेखि नै बोल्छु 'उनी मेरा डाक्टर नै हुन् ।' तर भरतजीलाई हेर्ने दृष्टिकोण मानिस पिच्छे फरक होला । कसैले हठी भन्छन्, कसैले घमन्डी पनि भन्छन् होला । उनको हठी स्वभाव मलाई राम्रो लाग्छ । मेरो व्यक्तिगत बुझाइमा भने उनी अति सरल लाग्छन् । मिलनसार छन् । सहयोगी भावनाले ओतप्रोत छन् । त्यसैले मैले उनलाई उच्चकोटीको छिमेकीको रूपमा लिएको छु भन्छन् भैयाराम । कसैले देख्ने गरेको हठले भैयारामलाई ठुलो दृढता प्रदान गरिरहेको रहेछ । जसले उनलाई पनि क्रियाशील बनाइरहेको छ ।

सच्चा मित्र असल छिमेकी

रामकृष्ण पाठक

भ्रष्टाचार, भरमार भरिएको देश हो यो । नियन्त्रण गर्न नसकेर छरपस्ट छरिएका भ्रष्टाचारका विविध रूपहरूले जनतालाई अत्यन्त पीडा दिइरहेका छन् । त्यसैले कसैले भ्रष्टाचारको विषयमा कुरागर्‍यो, कसैले रोकथाम गर्ने कुरागर्‍यो,कसैले भ्रष्टाचारको भन्डाफोर गर्‍यो वा विरोधका कुरा गर्‍योभने चाख मानेर सुन्छन्, चाख मानेर पढ्छन् किनकि सबैको रहर नै छ यहाँ, भ्रष्टाचार नियन्त्रण भएको हेर्ने ।

भरत जङ्गमले सबै प्रकारका भ्रष्टाचार विरुद्ध कानुनी लडाइँ लड्न एउटा 'स्वतन्त्र विचार मञ्च' स्थापना गरेर त्यसैमा लागि परेका छन् । त्यसैले पनि होला उनलाई नेपालका जनजनले चिनेका, जनताले असल व्यक्ति भनेर मनपराएका । उनलाई यस्तै असल व्यक्ति देख्छन्, छिमेकी रामकृष्ण पाठक पनि । उनलाई असल मित्र ठान्ने पाठक भन्छन्, 'हामीबिच उमेर फरक छ तर सम्बन्ध फरक छैन । समसामयिक विषयमा खुलेर कुरा गर्छौं । आफ्ना विचारहरू एकअर्कालाई सुनाउँछौं । उनी मलाई दाइ भन्छन् म उनलाई भाइ भन्छु । हाम्रो मनजस्तै नजिकै नजिकै छन् घरहरू पनि । नव निर्माण हुँदै गरेका घरहरूले थोरै बाटो घुमाउरो पारिदिएका मात्र हुन् ।'

सरकारले गरेको मूल्याङ्कन हेरफेर हुन सक्छ तर समाज निष्पक्ष हुन्छ । भरत जङ्गमले साहित्य, पत्रकारिता, धर्मसंस्कृतिलगायतका विभिन्न क्षेत्रमा पुर्‍याएको योगदानको उच्च मूल्याङ्कन हो 'जनस्तरबाट भएको मोती महोत्सव मनाउने निर्णय ।'

रामकृष्ण भन्छन्, 'उनी साहित्यकार हुन् । उनको 'कालो सूर्य'ले तत्कालीन सरकारका निर्णयहरूलाई हल्लाउनु हल्लायो । अन्तर्राष्ट्रिय स्तरमा पनि उत्तिकै ख्याति कमायो । 'व्यूहचक्र', 'रातो घाम', 'पचास-प्रसङ्ग'

पनि उत्तिकै रुचाइएका पुस्तक हुन् । तिनले उत्तिकै सामाजिक सन्दर्भहरू बोकेका पनि छन् ।

उनी कानुनविद् पनि हुन् । कानुनको मर्म विपरीत गरिएका निर्णयहरूको विरोध, विधिको विधान विपरीत गरिएका खर्चहरू, सांसदहरूले कानुन विपरीत राष्ट्रसेवकले झैं निवृत्तिभरण भत्ता पाउने गरी गरिएका निर्णयहरू, प्राडो, पाजेरोजस्ता विसङ्गति सबैलाई कानुनको दायरामा ल्याउन गरेको प्रयत्नले भरत जङ्गमको चौतर्फी प्रतिष्ठा बढ्यो ।

भरत जङ्गम एउटा साहसी, प्रस्ट वक्ता, र ठुलो आत्मबल भएका प्रशासकको रूपमा पनि देखिएका छन् । उनी सार्वजनिक सेवा अनुगमन एवं निरीक्षण समितिको संयोजकको रूपमा थोरै समय रहे पनि, जनताको सार्वजनिक सेवामा गरिने झैझमेला, ढिलासुस्तीलगायतका कुरीति कुसङ्गतिलाई नियन्त्रण गर्न उनले गरेको प्रयासले राम्रो प्रभाव पारेको थियो ।

यसो त, भरत जङ्गम भ्रष्टाचार विरोधी अभियन्ता हुन् । भ्रष्टाचार विरुद्धको विज्ञानका प्रणेता पनि हुन् । त्यसैले उनी भ्रष्टाचारीलाई घायल पार्न सक्छन् । भ्रष्टाचारका विरुद्ध लड्ने महासेनानी हुन् उनी । 'स्वतन्त्र विचार मञ्च' नामक मोर्चा कसेका छन् ।

अन्त्यमा रामकृष्ण पाठक भन्छन्, 'आशा गरौं, भरत जङ्गम आफ्नो अभियानमा सदा सफल हुँदै जाने छन् । उनलाई लोकहितकारी काम गर्नका लागि सधै यस्तै प्रेरणा मिलिरहोस्, हार्दिक शुभकामना ।'

छिमेकी म : बहुआयामिक व्यक्तित्वको

रुद्रनाथ शर्मा

बाहिर कसैले मेरोघरको लोकेसन सोध्यो भने, मैले भरत जङ्गमको लोकेसन बताउँछु । त्यसपछि अरू क्यै विवरण सोध्दैनन् भन्छन् रुद्रनाथ शर्मा । उनले मात्र हैन अरू छिमेकीहरूले भरत जङ्गमको घरको लोकेसन बताएको मैले पनि सुनेको छु किनकि त्यो क्षेत्र भरत जङ्गमको नामसँग परिचित छ ।

राजनीतिज्ञ, समाजसेवी, विभिन्न विषयका विज्ञहरू, कानुनविद्, सञ्चारकर्मी लेखक, कवि, साहित्यकार, उपन्यासकार आदि सबै क्षेत्रसँग जोडिएका छिमेकीहरूको जमघट हुने थलो नै जङ्गम निवास हो । त्यसैले त सबै छिमेकीहरूको घनिष्ठता भरत जङ्गमसँग जोडिएको छ । उनको छिमेकी हुन पाएकामा सबै खुसी छन् । उनको प्रभाव पनि त्यही टोलदेखि अन्तर्राष्ट्रिय जगत्सम्म फैलिएको छ ।

इतिहासमा भएको उनको ज्ञानलाई गहिरिएर हेर्दा उनी इतिहास शिरोमणि भन्दानि ...देखिन्छन् ।अनि उनको साहित्य सुधामा सलबलिँदा उनी धुरन्धर साहित्यकार देखिन्छन् । उनको साहित्यिक छवि अन्तर्राष्ट्रिय स्तरमा पुगेको छ। उनका कीर्तिहरू विदेशी भाषामा पनि अनूदित भइसकेका छन् । उनी सामाजिक हित विपरीतका कार्यहरू देखे अदालत दौडन्छन् । उनले तयार पारेको रिट हेर्दा मात्र अदालत परिसरमा तहल्का मच्चिन्छ । भ्रष्टाचार विरुद्ध युद्धको शङ्खनाद गर्दा भ्रष्टाचारीका मनमस्तिष्कमा ज्वाराभाटा फुट्छन् । अझ उनको भ्रष्टाचार विरोधी विज्ञान महाविद्यालय, विश्वविद्यालयमा अध्ययन अध्यापन गराउन उनलाई क्रियाशील भएको देख्दा नतर्सने कुन भ्रष्टाचारी होला र ?

भरत जङ्गम समयसँग खेल्न खुबै सिपालु छन् । त्यसैले उनी सफल देखिन्छन् । उनका आँखामा विचित्रता झल्किरहेको हुन्छ । तिनै नजरले

देशलाई हेर्ने सुन्दर कला छ । त्यस्तै कलापूर्ण छ उनको रचना 'कालो सूर्य' । 'कालो सूर्य', 'व्यूहचक्र, 'रातो घाम' ले समाजमा हलचल ल्याएका छन् । पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलन, अनि उनका विचार र दृष्टिकोणले नै उनलाई विजयी तुल्याइरहेका छन् । उनलाई कालजयी बनाउने स्रोत पनि यिनै हुन् ।

विभिन्न प्रतिभाका धनी भरत जङ्गमलाई जसले जुनविधाबाट हेर्छ,त्यही विधाका प्रकाण्ड विद्वान् देख्छ । त्यही विधाका प्रतिभावान् व्यक्ति देख्छ । त्यसैले रुद्रनाथ शर्मा भन्छन्, 'भरत जङ्गमलाई जसले जे जे देखुन्, उनी थुप्रै प्रतिभाहरूको एउटै समष्टिगत रूप हुन् ।'

कर्मयोगको समाधिभित्र विशाल सांसारिक आनन्द मिल्छ । आनन्दमा रमाउँछ मानिस । त्यसैले होला भरत जङ्गम सधै प्रफुल्ल रहने । अनि कसैसँग भलाकुसारी गर्दा मधुरतामा मुस्कुराइरहने । टोलको विकास र समृद्धि कसरी हुन्छ भने विषयमा आफ्नो राय बुझाउँछन् उनी टोलवासीलाई । परम्परा नबुढो हुन्छ न तन्नेरी, त्यसैले उनी परम्परा पनि छाड्दैनन् । आफू पनि परम्पराजस्तै सदा तन्नेरी नै देखिन्छन् । उनको धर्मसंस्कृतिप्रति पनि उस्तै मोह छ । उस्तै विलक्षणता छ । समय समयमा उनको घरमा धार्मिक सांस्कृतिक कृत्यहरू भइरहन्छन् ।

आहार विहारमा संयमता छ, जीवन नियमित छ । उनी आफ्नो पारम्परिक संदेशअनुसार परिशीलन गर्दछन् । त्यसैले उनी स्वस्थ छन्, स्वच्छ छन् । उनी विकासको प्रतिफल मात्र हैन, आफ्ना बगैंचामा पाकेका फलफूलसमेत छिमेकीसँगै बाँडेर खान रुचि राख्छन् । आफूले चिन्तन गर्ने विषयमा पनि छिमेकीसँग प्रतिक्रियाका लागि अनुरोध गर्दछन् । आफ्ना प्रकाशित रचनाहरू पनि वितरण गर्छन् । यस्ता असल छिमेकी पाउँदा हामी छिमेकी आफूलाई सौभाग्यशाली ठान्छौं भन्छन् रुद्रनाथ शर्मा ।

उनी अहिले आएर मात्र मोटर चढ्ने भएका कहाँ हुन र ? उनी त खानदानी मोटर चढाकु हुन्, राणा कालदेखि नै चढ्दै आएका । परम्परादेखि निर्बाध गाडी चढिरहेका उनी तपक्क नुगेका छन् । छिमेकमा पनि थुप्रै छन्

मोटर चढ्ने तर तिनीहरू तपक्क नुगेका कहाँ देखिन्छन् र ? तिनीहरूको टुप्पीले पनि नुगेर भुइँ छुदैन । आफ्ना छिमेकीलाई बाटोमा कतै देखे टपक्क टिपेर गाडीमा राखेर हिँड्ने भरत जङ्गम मात्र हुन् । उनमा यस्ता विशेष गुण धेरै छन् जसले छिमेकीसँगको सम्बन्धलाई राम्रो पार्ने चुनौतीपूर्ण कार्यलाई सहज बनाएको छ ।

गज्जब छ उनमा दृढता । भ्रष्टाचार विरोधी आन्दोलनको नेतृत्व आफैँ गर्छन् । आफैले गाडी हाँक्दै माइकिङ गर्दै कोणसभाको आयोजना गर्छन्। भाषण गर्दा लगातार जनताको करतल ध्वनिले समर्थन पाइरहेका हुन्छन् किनकि उनका सारगर्भित शब्दहरू जनताले आफ्नो मुटुभित्रका धमनीहरूसँग जोडिएको पाउँछन् ।

पूर्व सांसदहरूले राष्ट्रहित विपरीत राष्ट्रसेवक सरह निवृत्तिभरण पाउने गरी गरेको निर्णय विरुद्ध रिट लिएर सर्वोच्च गई यिनैले बदर गराए । यो विषयले उनलाई जनताबिच चर्चाले शिखरमा पुऱ्यायो, अनि शिखर पुरुष बन्न सफल भए । वरिष्ठ पत्रकार रुद्रनाथ शर्मा त्रिभुवन विश्वविद्यालयको परिसरभित्रको एउटा प्रसङ्ग कोट्याउँदै भन्छन्, 'पुरातत्त्व विभागले प्रकाशन गरेको गहन पुरातात्त्विक लेखहरूमा छलफल गर्न आयोजना गरेको कार्यक्रममा भारतका प्रसिद्ध पुरातत्त्वविद्लाई प्रमुख अतिथिको रूपमा निम्त्याइएको रहेछ । उनले एउटा लेखको लेखकको बारेमा खोजी गरे । ती लेखकलाई सहभागी गराउन अनुरोध गरे । आखिर ती लेखक भरत जङ्गम रहेछन् । ती विद्वान्को खोजीले उनको विद्वतामा झनै उचाइ थपिदियो ।

भ्रष्टाचारको विषयमा भरत जङ्गमका गहन विचार हुन्,'भ्रष्टाचार भनेको शक्ति र धनबिचको सम्झौता हो । धनसँग जसलाई जहाँ पनि आफूसँग खिचेर राख्न सक्ने चुम्बकीय गुण रहन्छ । कसैले पनि भरपाई गरेर घुस खाँदैन । नियत बारे अदालतमा मुद्दा लाग्दैन । भ्रष्टाचारको प्रकृति पानीको जस्तो हुन्छ । माथिबाट तल बग्ने ।'

यी उनका उद्गार मलाई अति नै उत्तम लाग्छन् । यसैबाट उनको विद्वत्ता झल्कन्छ भन्दै रुद्रनाथ भन्छन्,'भरत जङ्गम जुन विषयमा हात

हाल्छन् त्यो विषयको गहिराइ छुने प्रतिभा र क्षमता प्रदर्शन गर्दछन् । उनको विश्लेषण शक्ति बेजोड छ ।

भरत जङ्गम आफ्नो कलममा अक्षर नचाउन पनि उत्तिकै सिपालु छन् । रङ्गमञ्चमा कलाकार नाचेझैं नाच्छन् उनका अक्षरहरू । त्यसैले उनका रचनाहरू चर्चित बनेका छन् । उनको 'कालो सूर्य,' बाह्र भाषामा प्रकाशित भइसकेको छ । देश विदेशमा चर्चा बटुलेको छ । देशमा हुने गरेका भ्रष्टाचारका सूक्ष्म नमुनाहरू त्यसमा प्रदर्शित छन् । भरत जङ्गमको यो कीर्तिप्रति ठुलो आशा लिएर रुद्रनाथ भन्छन्,'यदि 'कालो सूर्य' नोबेल पुरस्कार समितिमा प्रस्तुत गरे त्यसले नोबेल पुरस्कार बाँकी राख्ने छैन ।'

भरत जङ्गमका आँखा अनि अनुहारमा हरदम समताका दृष्टिकोणहरू झल्किरहे पनि आँखा हेरेर आकलन गरिहाल्न त्यति सजिलो नहोला । उनको अनुहारमा त सदा सबै विधाहरू निःसृत भइरहेका छन् । त्यसैले उनमा एउटा महापुरुषको जस्तो अग्लो अस्तित्व देखिन्छ ।

समयमा सुत्ने, सबेरै उठ्ने जीवनचर्याको नियमिततालेउनी स्वस्थ देखिन्छन् । ज्ञान र बुद्धि प्रदर्शन गरिरहने व्यवहार छ उनमा । शिवजीका सुयोग्य भक्त हुन् उनी । आफ्नो परिवारको पूरा ख्याल राख्दछन् । आवश्यक समय पनि दिन्छन् ।

रुद्रनाथ भन्छन्, 'उनी साधारण व्यक्ति होइनन्, उनको सङ्घर्षशीलता र प्रतिबद्धताले उच्च सफलता ग्रहण गरिसकेको छ । उनको भावीजीवनको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायुको मङ्गलमय कामना गर्दछु ।'

बानेश्वरको नेपाली चौतारी

शैलेन्द्र साकार

साधारणतया धार्मिक दृष्टिले पवित्र मानिने वृक्षहरू लगाइएको स्थानमा चारैतिर ढुङ्गा र इँटा चिनेर जमिनको सतहभन्दा अग्लो पारेर बनाइएको स्थानलाई चौतारी भनिन्छ । भनिन्छ, चौतारीका सतहमा आँसु, आक्रोश, दुःखकष्ट अनि चर्किरहेका चीत्कारहरू हुन्छन् । तिनीहरूबाट मुक्त राख्न चौतारीलाई अग्लो पारिएको हुन्छ । चौतारीका आकार प्रकार पनि एकनासका हुँदैनन् । जुनसुकै आकार प्रकारका भए पनि मानिस आफ्ना बोझहरू चौतारीमा बिसाउँछन् । हिँड्दा हिँड्दा थाकेको जिउ त्यही बिसाउँछन्, लागेको पसिना यही सुकाउँछन् । मनको ताप चिसो पार्न पनि यही आउँछन् । कुहिनाको चोट बिसाउन पनि यही आउँछन् । भोकोपेटको पीर लिएर यही आउँछन्, अघाएका डकार छाड्न पनि यही आउँछन् । बाटो हिँड्ने थकाइ मार्छन् । एकैछिन बस्दा पनि चौतारीको छाया र शीतलताले छहारीमुनि आइपुग्ने सबैलाई प्रसन्न पार्छ । यसमा ठुलो गुण छ । यसले भेदभाव गर्न जान्दैन । यसको छायामा पुग्ने सबैलाई बराबर शीतलता दिन्छ । मिठो मन्दमन्द हावा छरिदिन्छ । वृक्षबाट निःसृत सररर पवनले जुनसुकै मनका उष्ण तरङ्गहरूलाई बगाइदिन्छ । अनि आत्मामा गहन आनन्द भरिदिन्छ ।

चिनजान नभै बोलचाल हुँदैन, देखादेख भए पनि बोलचाल हुँदैन । शैलेन्द्र साकारको र भरत जङ्गमको देखादेख भइरह्यो बोलचाल भएन तर दुवैको घर नजिक नजिक छ ।२०३६/०३७ सालतिर खुब चटारो थियो जनमत सङ्ग्रहको । जनमत बटुल्न उनीहरू हुलै बाँधेर सडकमा निस्कन्थे । “सडक कविता क्रान्ति” आयोजना गर्थे । कोणसभाहरू गर्थे । त्यति बेला बानेश्वरको युवा समूहमा थिए हरिबोल भट्टराई, मनमोहन भट्टराई, राजेन्द्र खरेल, हरि अर्याललगायतका युवाहरू । युवा मिलेर चोक चौराहामा भेटघाट जमघट गर्ने पनि गर्थे, भाषण पनि ठोक्थे । यो जमातमा दुई जना फरक

युवाहरू पनि देखिन थाले । शैलेन्द्र भन्छन्, 'तीमध्ये एकजना रहेछन् भरत जङ्गम ।'

उनी पुर्ख्यौली भक्तपुरे भए'नि बानेश्वरवासी भइसकेका थिए । उनी दौलतविक्रम बिष्टका नातेदार पर्थे । शैलेन्द्र दौलतविक्रमको घरमा आउजाउ गर्दा भरत जङ्गमसँग भेटघाट चिनजान भएछ । त्यसपछि उनीहरूबिच राम्रो आत्मीयता बढेछ । शैलेन्द्र भन्छन्, 'पछि पछि हामी अपसमा बन्धुवान्धवको व्यवहार गर्न थाल्यौं ।'

'कालोसूर्य' प्रकाशित भएर उनी चर्चित बनिसकेका थिए । त्यही उपन्यासको सन्दर्भमा जननायक वी पी कोइरालाले उनलाई आत्मीय पत्र लेखे । उनी थप्छन्, 'त्यसपछि हामी झनै नजिक भयौं ।' केही समयपछि भरत जङ्गमको नयाँ घर बन्यो । त्यो घर भव्य र राम्रो थियो । आकर्षक र रुचिपूर्ण लाग्थ्यो । त्यही थियो विशुद्ध नेपाली चौतारी । त्यही चौतारीमा ती सबै साथीसँगीको भेटघाट जमघट हुनथाल्यो । त्यो चौतारी देख्दा नै आनन्द आउँथ्यो, रमाइलो लाग्थ्यो भन्छन् शैलेन्द्र साकार ।

पञ्चायती व्यवस्थाभित्र भ्याङ्गिँदै गएको भ्रष्टाचारलाई जीवन्त रूपमा प्रस्ट्याइ दिएको थियो 'कालो सूर्य' ले । रातो घामले सम्पन्नतातिर ढल्किँदै गएको चीनको सामाजिक अवस्थाको चित्रण गरेएको छ । यी सिर्जनाहरू अति उत्कृष्ट छन् । यिनको जति प्रशंसा गरे पनि थोरै नै हुन्छ । साहित्यकारको रूपमा विश्वव्यापी नाम कमाइसकेका, उत्तिकै सफल व्यावसायी बनेका भरत जङ्गमलाई देख्दा, त्यो उनको विशिष्ठ गुण हो भन्ने लाग्दोरहेछ शैलेन्द्रलाई ।

सरोज शाक्यबाट अङ्ग्रेजीमा अनुवाद भइसकेको 'कालो सूर्य' छाप्ने व्यवस्थाका लागि 'निराला प्रकाशन'लाई जिम्मादिने व्यवस्था मिलाउनुमा आफ्नो पनि धेरथोर भूमिका रहेकामा खुसी व्यक्त गर्दै शैलेन्द्र भन्छन्,'त्यसपछि लागेका हुन् भरत जङ्गम घुँडाधसेर भ्रष्टाचारको विरोधमा । सांसदहरूको पेन्सन खाने निर्णयलाई उल्ट्याए । राष्ट्रको बर्सेनि खेरगइरहेको २६ करोड बचाए । उनलाई सदा हँसमुख देख्दा खुसी लाग्छ शैलेन्द्र साकारलाई ।'

स्वच्छ मानसिकताका धनी

सुधिरनाथ नेवाः

पचहत्तर जिल्लाका मानिसको बसोबास छ राजधानीमा, त्यसमाथि पनि बानेश्वर गल्ली गल्ली डुल्दा लाग्थ्यो यहाँका कसैले भेट्न नसकुन् मलाई तर म नै कसैलाई भेट्न नसक्ने रहेछु । त्यही बानेश्वरमा धेरै ठुलो व्यक्तित्व बोकेका, फेरि कसैले भेट्न नसक्ने व्यक्ति रहेछन् भरत जङ्गम । भरत जङ्गमका छिमेकी सुधिरनाथ भन्छन्, 'भरत जङ्गमको परिचय जति लेखे पनि लेखोटमा समेट्न सकिन्न ।' उनी त पढेरै नसकिने मानिस रहेछन् । उनलाई बुझ्न, चिन्न पढेर हैन, लामो सङ्गत गरेर मात्र सकिन्छ कि ?'

सुधिरनाथ भरत जङ्गमको हिँडाइ, चलाइ र बोलाइमा साधारण रूप देख्दा रहेछन् । उनलाई असल छिमेकीको नजरले पनि हेर्दा रहेछन् । उनीहरू बिचको उमेर धेरै फरक रहेछ, त्यसैले पनि होला हिमचिम बढ्न नसकेको । संयोग पऱ्यो भन्नुपर्छ, उनी हरि मञ्जुश्रीद्वारा सम्पादित भरत जङ्गमका विचार र दृष्टिकोण पढेपछि आश्चर्यमा परेछन् । 'ओ हो ! कति उच्चकोटीको कसैले भेट्न नसक्ने व्यक्तित्व रहेछ । राजनीति, साहित्य, समाज सेवा, भ्रष्टाचार विरोधी आन्दोलन गरेर राष्ट्रलाई योगदान पुऱ्याइरहेका भरत जङ्गमलाई देख्दै दङ्ग परेका उनी भन्छन्,'यति धेरै राष्ट्रलाई योगदान गर्ने व्यक्ति कति साधारण !'

भरत जङ्गमजीका विषयमा लेख्दा आफूलाई सजिलो अनुभव गरेका नेवाः भन्छन्,'बिहान तीनबजे उठेर आफ्नो दैनिकी सुरुगर्ने भरत जङ्गम बहुमुखी प्रतिभाका धनी छन् । उनी शारीरिक तवरबाट पनि स्वस्थ देखिन्छन् । मानसिक रूपबाट पनि सबल रहेर होला सङ्घर्षका लागि सदा तयार भएजस्तै देखिने । उनलाई देख्दा लाग्छ, स्वच्छ शरीरबाट स्वच्छ

मानसिकता सिर्जित हुनपुग्दो रहेछ । स्वच्छ मानसिकता बोकेकाहरूले मात्र राष्ट्रलाई योगदान पुऱ्याउन सक्छन् । त्यसैले होला भरत जङ्गमले राष्ट्रलाई हरदम सेवा गरिरहेका ।

नित्य तीनबजे उठेर मन्दिर जाने र पाँचबजे फर्कने, स्वस्थ वृद्धजवान तपाईंलाई देख्दा डाहा लाग्छ भन्दा 'हेर सुधीर ! हरेक डाहाको पछाडि अनुकरणीय गुणहरू झुन्डिएका हुन्छन् । आऊ ! भोलिदेखि सँगै मर्निङवाक् जाऔं भन्ने भरत जङ्गमबाट जवाफ पाउँदा नेवाः आफू लज्जित भएको बताउँछन् ।

परेको बेला आफ्ना छिमेकीलाई ज्यानको बाजी लगाएर सहयोग गर्ने बहुतै प्रशंसनीय विशेषता हो भरत जङ्गमको । यस्तो कठिन अवस्थामा उनलाई हिँडाएर हैन उडाएर पुऱ्याउँछ त्यो स्थानमा । प्रत्यक्ष देखेको घटना बताउँदै नेवाः भन्छन्, 'हामी आ-आफ्नो कौसीमा बसेका थियौं । हामी दुवैको उस्तै दूरीमा रहेको अर्को छिमेकीको बच्चा भ्यालबाट खस्यो । म बच्चा बचाउन सक्छु कि भनेर दौडें । म नपुग्दै बडाबडा दुई पर्खाल नाघेर खसेको बच्चा उठाएर जिम्मा लगाउँदै रहेछन् भरत जङ्गम । आश्चर्य व्यक्त गर्दै उनी भन्छन्, 'के शक्तिले पुऱ्यायो त्यति छिटो उनलाई । निश्चयनै परोपकारी मनले उडाएर पुऱ्यायो होला ।'

उनी सबै उमेरका मानिससँग हैन, सबै उमेरका मानिस उनीसँग रमाउँछन् । नेवाः थप्छन्, 'भरत जङ्गमजस्ता व्यक्ति प्रत्येक जिल्लामा एक एक मात्र भइदिने हो भने पनि देशको विकास गर्न कसैको सहयोग चाहिने नै थिएन ।'

परिच्छेदः तीन

खण्ड : एक

भरत जङ्गम र आध्यात्मिक चिन्तन

"सपना के देखिएला सम्भवतः ज्ञात हुँदैन । ज्ञात नभए पनि नतिजाले ज्ञात भएजस्तो स्वरूप लिनुपर्छ राष्ट्रसेवकले भन्ने आम नागरिकको आशा र चाहना हुन्छ । यो चाहना टुट्यो भने जनतामा निराशा छाउँछ । सायद भरत जङ्गम ज्ञातव्य परिणाम लिने सपनाको आकार देखाउन दौडिरहेका छन् ।"

भरत जङ्गमको सेतो आत्मा

डा. कमलमणि बराल

ब्रह्माले ब्रह्माण्ड रचे । प्रकृतिले चराचर जगत्को सिर्जना गऱ्यो । चराचर जगत्मध्ये उत्कृष्ट सिर्जना मानव हो । धर्तीमा उत्पत्ति भएका हामी सबै आखिर धर्तीमा नै समाहित हुन्छौं । परम् सत्य यही होला ।

आगो बाल्दा ज्वाला सूर्यको तापतिर तन्कन्छ । पानी समुद्रमा समाहित हुन सोझिन्छ । चराचर जगत् धर्तीमा उत्पत्ति हुन्छौं, धर्तीमा नै बिलाउँछौं । त्यसैले यही जगत्लाई सजाउने हामी मनिसको कर्तव्य बन्छ ।

धर्तीका प्रत्येक कुण्डको पानीको स्वाद अलग भएजस्तै प्रत्येक मानिसको मस्तिष्क, बुद्धि पनि अलग अलग हुन्छ । गतिविधि पनि अलग हुन्छ तर सबै मानिस आत्माबाट सञ्चालित हुन्छन् । यही आत्माको चेतन प्रकाशले मानवलाई प्राणीहरूमा सर्वश्रेष्ठ तुल्यायो । हामीलाई श्रेष्ठतम तुल्याउने यही धर्ती, यही प्रकाश, हामीमा दौडिरहने ऊर्जाको स्रोत यही प्रकृति हो । यही प्रकृति, यही धर्ती, आफ्नो देश, आफ्नो माटो अनि समाजप्रति सेवा पुऱ्याउनु

हाम्रो दायित्व हो । त्यसैले डा. कमलमणि बराल भन्छन्, 'यो जगत्लाई फूलको रङ र सुगन्ध रुचिपूर्ण लाग्छ । कोकिलकण्ठे स्वर कर्णप्रिय लाग्छ । आत्मा मानव कल्याणमा रमाउन खोज्छ । आत्मीय सुखभोग भनेको पनि यही हो । यही सुखभोग गर्न सत्य, न्याय र धर्ममा रहेर नित्य निष्काम कर्ममा जुटिरहन्छन् भरत जङ्गम ।

कमलले सौन्दर्य प्रदर्शन हिलोभित्र गर्न सक्दैन । हिलोबाहिर निस्केपछि मात्र सौन्दर्य छर्न पाउँछ । मयूरले सौन्दर्य नाचमा देखाएझैं नृत्याङ्गनाको सौन्र्दय पनि नाचमा देखिन्छ । मानवमा लाग्ने गरेका कलङ्कहरू धेरै छन् । ती कलङ्कहरू भन्दा माथि उठ्न सकेमात्र हामीले योजगत्मा सुवास सौन्दर्य छर्न सक्छौं । धर्तीका उत्तम सन्तान बन्न सक्छौं । प्राणी जगत्लाई माया, सहनशीलता बाँड्नसके जीवन सफल बन्न सक्छ । कमलमणि भन्छन्, 'भरत जङ्गमले यही प्रमाणित गरेर देखाएका छन् ।'

निःस्वार्थ पवित्रतामा शक्ति लुकेको हुन्छ । भ्रष्टाचारबाट देशले भोगेका निराशाका पत्रापत्राहरू छन् । तिनको विरुद्ध भरत जङ्गम जागे । त्योनिस्काम कर्ममा लागे । बाटो खनेकाछन्, चौडा पारेकाछन् । हिँडे हिँड्ने सबैलाई सहज छ । कमलमणि भन्छन्,'त्यो बाटो हिँड्ने धेरै देखे धर्ती अवश्य हाँस्थिन् होला, हामी नाच्थ्यौं होला ।'

देशको सेवा गर्ने भनेर सदनमा पुगेका सांसदहरू सुविधा लिन लागि परे । संसद् विकास कोष खडागरे । लाखौं कमाउने प्रपञ्च रचे । पेन्सन-सुविधा खाने नियम पासगरे । भरत जङ्गममा निःस्वार्थता र पवित्रताको अधिकतम शक्ति थियो । त्यसैले उनले सर्वोच्चमा रिटदायर गरे । यी सबै खारेज गराए । सांसदले राज्यको ढुकुटी लुट्ने काम राक्षसी प्रवृत्ति थियो । यसलाई परास्त गर्न उनले ठुलो भूमिका खेल्नु पऱ्यो ।

यहाँ ठुलो समूह छ । राष्ट्र र जनताप्रति आफ्नो केही कर्तव्य पूरा नगरी अधिकार माग्ने, अझ अरूको अधिकार हस्तक्षेप गर्ने, सडक बन्द

गराउने, ढुङ्गा हान्दै हिँड्ने । सदनमा जाने अधिकार खोज्ने तर आफ्नो कर्तव्य पूरा गर्दै नगर्ने । मानिसले सदाचारको बानी व्यहोरा प्रदर्शन नगर्दा समाज दूषित बन्छ । त्यस्तो बानी व्यहोरा नहुनेसँग मानवताको परिचय पनि रहन्न तर भरत जङ्गम आफ्नो जन्म, कर्तव्य, र परमगतिप्रति सचेत आदर्श मानवहुन् भन्छन् कमलमणि । जुनकुरा उनका रचनाहरूमा पनि झल्कन्छ । उनको आदर्श जीवनको ज्योतिले देश, जनता र सिङ्गो जगत्लाई न्याय, समानता, शान्ति, समृद्धि र सुखको वर्षा गराओस् । उनको सेतो आत्माको प्रकाश सदासर्वदा पाइरहोस् । त्यो आदर्श जीवनको ज्योतिलाई मङ्गलमय शुभकामना !

राष्ट्रकै हितमा देख्छौ सदा सङ्घर्षको पथ
हे हे जङ्गम लौ हाँक कृष्णझैँ धर्मको रथ
छौँ तिम्रा साथमा हामी धर्मको गर्न रक्षण
राष्ट्रका, धर्मका लागि साहसी अगुवा बन ।

-कालजयी व्यक्तित्व भरत जङ्गम
दोस्रो भाग
जगद्गुरु बालसन्त मोहनाशरण देवाचार्य

कुछ लोग थे जो वक्त के साँचे में ढल गए
कुछ लोग थे जो वक्त के सोचें में बदल गए
यह शेर नेपालकी आने वाली पीढियाँ भ्रष्टाचार विरोधी अभियान के नायक भरत जङ्गम को यादमा अक्सर पढा करेंगे ।

-कालजयी व्यक्तित्व भरत जङ्गम
दोस्रो भाग
दीपक गोवामी 'चिराग'

शिवभक्त भरत

पण्डित कृष्णप्रसाद खनाल

"परास्य शक्तिर्विविधैव श्रुयते ।" पूर्ण भगवान्मा अपार शक्ति हुन्छ । शिव भगवान् पनि पूर्ण हुनुहुन्छ । त्यसैले त हामी 'सत्यं, शिवं, सुन्दरम्' जपिरहन्छौं । संसारको सृष्टि, जन्म मृत्यु पनि त्यही शक्तिमा निहित छ । सृष्टि, विनाश, जन्म, मृत्यु परम सत्यहुन् । यति मात्र बुझ्यौं भने सत्यं, शिवं, सुन्दर म सँग रमाउन सक्छौं ।

धर्महरूको सम्प्रदायमा शैवधर्म सम्प्रदायलाई सबैभन्दा पुरानो सम्प्रदाय मानिन्छ। आरम्भमा एउटै रहेको सम्प्रदाय पछि आएर पशुपत शैव र आगमिक शैव सम्प्रदायमा विभाजन हुन पुगे । त्यसपछि झन् अनेकन सम्प्रदायमा विभक्त भए । तिनीहरूमध्ये पशुपत, कपालिक, रसेश्वर, हम्तालिक र वीरशैव सम्प्रदाय मुख्य मानिन्छन् । वीरशैव सम्प्रदायहरूले शिवको महिमा कायम राख्न शिवलिङ्गलाई जनैमा धारण गरेर शिवसँग रमाउँछन् । भरत जङ्गम यसै सम्प्रदायका भएकाले म उहाँलाई शिवभक्त ठहर गर्दछु भन्दै कृष्णप्रसाद लेख्छन्, 'उनको मोती महोत्सव मात्र हैन शतवार्षिकी महोत्सव मनाउन पाउने कामनार्थ शिवको प्रार्थना गरिरहेको छु ।'

हाम्रो परम्परा र धार्मिक कथाहरूमा जडभरत, दुष्यन्त पुत्र भरत र पुरुषोत्तम रामका भाइ भरतका नामहरू सुनिन्छन् । ती नामका तीन अक्षरको व्याख्या गर्दै पण्डित कृष्णप्रसाद भन्छन्, 'भ को अर्थ हो सबैको भलो गर्ने, र को अर्थ हो सबैको भलोमा रमाउने र त को अर्थ हो तर्कसङ्गत कुराहरूको खोजी गर्ने । उनी भन्छन्, 'ती पौराणिक भरतहरूमा जस्तै वर्तमानका भरत जङ्गममा पनि सद्गुणहरू मात्रछन् । 'त्यस्ता भरतका बारेमा दुईचार शब्द लेख्न पाएकामा आफूलाई पुण्यवान् सम्झन्छन् कृष्णप्रसाद ।

शास्त्रको कुरा :- जसको चिन्तन गरिरह्यो त्यसको प्रभाव पर्छ । जसको सङ्गत गऱ्यो उसैको रङ सर्छ तर कृष्णप्रसादको भरत जङ्गमसँगको

सङ्गत त्यति पुरानो होइन । २०६० सालमा भक्तपुरमा आयोजना गरेको कोटी होमले मात्र सङ्गत गराइदिएको रहेछ । पशुपतिनाथको दर्शन नगरी कर्मक्षेत्रमा नलाग्ने भरत जङ्गम देख्दा साक्षात् पशुपतिनाथ नै देखेजस्तो लाग्छ भन्छन् कृष्णप्रसाद ।

मानिस अति प्रशंसाले बिग्रन्छ । गाली र आलोचनाले सप्रन्छ । आलोचनाले मनमा चोटपार्छ । चोटले अठोट जन्मन्छ तर कृष्णप्रसादले भरत जङ्गमलाई न गाली गर्न सक्छन् न आलोचना नै । अनुहार हेर्दै सद्गुणले भरिएजस्तो लाग्दो रहेछ त्यसैले उनको हिस्सी परेको अनुहार झन् हाँसेर बोल्ने बानी, देख्दै जो कोहीको रिस पग्लेर आउँछ । सद्गुणी छन् । सद्गुणी व्यक्ति देखे जसलाई पनि प्रशंसा गर्न मन लाग्छ । कसैका गुणहरू उजागर गरिदिँदा समाजका अरू व्यक्तिहरू पनि आकर्षित हुन पुग्छन् । आकर्षणले सुन्दर समाजको निर्माणमा सहजता थप्न सक्छ ।

समाजसेवी, साहित्यकार, राजनीतिज्ञ, कर्मयोगी, आध्यात्मिक चिन्तक, धर्मका ज्ञाता, धर्मभक्तलगायतका सर्वगुणले सम्पन्न छन् जङ्गम । सबै गुणएउटै व्यक्तिमा देखिनु बडो दुर्लभ दृश्य हो । भरत जङ्गमलाई देख्दा मात्र उनका प्रत्येक गुणहरू अनुहारमा परावर्तन भइरहेजस्तो लाग्दछ ।

सङ्गते जायते.....। भने झैं, यस्ता विशिष्ट व्यक्तिहरूको सङ्गत गर्दा विशिष्टता सर्दै आउँछ । त्यसैले कृष्णप्रसाद आह्वान गर्छन्, 'हीन व्यक्तित्वहरूको सङ्गत नगरौं, हीनता बढ्छ । आऔं यस्ता विशिष्ट व्यक्तित्वहरूको सङ्गत गरौं ।' उनी स्वयं आफ्नो उदारण दिँदै भन्छन्, 'भरत जङ्गमजीसँगको पटक पटकको भेटघाट र बसउठले आफूमा शिवभक्तिको भावना विकसित भएको स्विर्काछु ।'

भरत जङ्गम इतिहासविद् पनि हुन् । इतिहास अनि पुरातात्त्विक विषयको संरक्षण सम्बर्द्धन र खोजमा लागिरहेका हुन्छन् । भ्रमको कुरा : केदार खण्डका पाण्डाहरू केदारेश्वर महादेव शिवरूपी राँगोको धड, र त्यसको शिर पशुपतिनाथ हुन् भनेर सबैलाई बताउने गर्छन् तर कृष्णप्रसादजी स्वयं भने केदारेश्वर महादेवलाई स्वयम्भू ज्योतिर्लिङ्ग मान्दै आएका रहेछन् ।

यस कुरामा दुविधा उत्पन्न भएको रहेछ । ऐतिहासिक तथ्य : महाभारतको युद्धपछि पाण्डवहरू शिव भगवान्लाई भेट्न जान्छन् । महाभारत युद्धमा आफ्ना सगोत्रीलगायत निरापराध व्यक्तिहरूको हत्याबाट नाखुस शिवलाई पण्डवहरूको मुख हेर्न मन लाग्दैन । यसैले शिवजी केदारेश्वर खण्डमा राँगो बनेर घुम्न थाल्छन् । पाण्डवहरूले यो कुराको चाल पाउँछन् । खोज्दै चरिरहेको राँगोछेउ पुग्छन् र घेरेर समात्न खोज्छन् । भीमसेनले जोडले समात्दा, राँगो बुरुक्क उफ्रन्छ । उफ्रँदा तल्लोभाग भीमसेनको हातमा रहन्छ, शिर उछिट्टिएर नेपाल देशमा पुग्यो भन्ने लेखिएको छ । त्यही शिरभाग पशुपतिनाथ हुन् पनि भनिन्छ ।

हिमवत् खण्डमा विमलेश्वर नामले प्रसिद्ध रहेको मानिने डोलेश्वर महादेवको शिवलिङ्ग हेर्दा त्यो नै केदारेश्वरको शिरभाग हो भन्ने पुष्टि हुन आउँछ । त्यो कुरालाई ऐतिहासिक लेखहरू र पुरातात्त्विक आधारमा पुष्टि गराउन भरत जङ्गमको ठुलो भूमिका खेलेका छन् । संयोग तिनै डोलेश्वर महादेव विराजमान भएको पवित्रस्थल पुग्न कृष्णप्रसादलाई भरत जङ्गमको परिवार र आसामकी विदुषी गीता उपाध्यायको साथ जुरेछ । कृष्णप्रसाद भन्छन्, 'त्यही शिवमन्दिर प्राङ्गणमा रुद्राभिषेक, रुद्रीपाठका साथै हिरण्यगर्भ, शालिग्राम ज्योति दर्शन गरेबाट साक्षात् कैलाशको सुखानुभूतिमा रमाइरहेको छु ।'

हाम्रो सनातन धर्म भन्छ, 'आफ्नो आम्दानीको १० प्रतिशत दानपुण्यमा लगाउनेलाई धर्मात्मा रपुण्यात्मा भनिन्छ । भरत जङ्गम पनि यस्तै धर्मात्मा र पुण्यात्मा हुन् । आफ्नो आर्जनको दश प्रतिशत छुट्याएर राख्छन्, पुण्यकार्यमा खर्च गर्नका लागि । त्यहाँको स्थानीय युवा सेवा कोष र भरत जङ्गमको संयुक्त प्रयासमा डोलेश्वरमा वृद्धाश्रम सञ्चालनमा रहेको छ । कृष्णप्रसाद खुसी हुँदै अन्त्यमा भन्छन्,'मलाई यस्तै शिवभक्तसँगको सङ्गत जुराएको छ ।'

भगवान् शिवजीका उपासक

ताराचन्द्र न्यौपाने

तैत्तिरीय उपनिषद् भन्छ, "यो आकाश आनन्दमय नहुँदो हो त खाना खाएर को बस्न सक्थ्यो होला यहाँ । को यहाँ आनन्दसँग सास फेर्न सक्थ्यो ।' आत्माको काया विशाल हुन्छ । विशाल अध्यात्मिक आत्माको त्यो विशालतम आकाश आनन्दमय हुन्छ । चेहरामा सदा प्रसन्नता दिन्छ । पुनर्जन्मको इच्छा अनिच्छाको सोच रहँदैन । अनि प्रशन्न चित्त सृष्टिको रहस्यमा रम्न पुग्छ । त्यसैले ज्ञानी पुरुषहरूसधै हँसमुख रहन्छन् ।"

भनिन्छ, चौसठ्ठी ज्योतिर्लिङ्ग यही पुण्यभूमि, यही उपत्यकामा छन् । यही उपत्यकाभित्र वागेश्वर महादेवको स्थान पनि रहेछ । यसलाई सम्भवत ज्योतिर्लिङ्ग मानिन्छ कि ? जसको परिसरमा पेय जलको धारा छ । निर्मित पाटीपौवा, कुटी, घाट, वाल्मीकेश्वर भगवान्को मूर्ति, कैलाश धर्मशाला, यज्ञशालाहरू हेर्दै आनन्द आउने विशाल परिसर छ । परिसरमा बोट वृक्षको हरियालीमा रमाउँदै बस्ता पंछीहरूको कलरवले पनि आनन्द थप्छ ।

यो शिवालय, मठमन्दिरको निर्माणताका होला यहाँका लागि करिब छ किलोमिटर परको नाम्दुल डाँडाबाट इँटाको बन्दकुलो बनाएर पेयजल ल्याइएको हो भन्ने जनश्रुति पाइन्छ । यस्तो सुरम्य स्थानमा रहेको शिवालयमा नियमित पूजाआजा नभई सुनसान रहँदा त्यो सम्पदा खण्डहर बन्दै जानु हामी आध्यात्मिक धर्मप्रेमी सबैका लागि दुर्भाग्य नै हो भन्नुपर्छ ।

आध्यात्मिक चिन्तक सदा हँसमुखका धनी भरत जङ्गमले त्यो शिवालयमा नियमित पूजा चलाउने निधो गरेर २०६२ साउनमा अयोजना गरेको रुद्राभिषेक पुण्यकार्यमा ताराचन्द्र न्यौपाने पनि सहभागी हुनपुग्छन् । त्यही थियो उनको पहिलो भेट भरत जङ्गमसँगको । यही पहिलो भेटमा नै उनको व्यक्तित्व देखेर आकर्षित भएका ताराचन्द्र भन्छन्, 'भक्तहरू अनि हामी ब्राह्मण सबै मिलेर शिवालयमा दर्शन, स्पर्शन, अर्चनलगायत

रुद्राभिषेकका सम्पूर्ण कार्य सम्पन्न गर्‍यौं । त्यो शिवालयको जीवन पुनः जगाउने स्थानीय सबैको चाहना पनि रहेकाले प्रत्येक महिनाको शुक्ल द्वादशीमा रुद्राभिषेक गर्ने निर्णय गर्छन् । त्यो कार्यमा ताराचन्द्र पनि सामेल हुन सहर्ष स्वीकार गर्छन् ।

उनी, फराकिलो आध्यत्मिक व्यक्ति भरत जङ्गमसँग रुद्राभिषेक कार्यक्रममा डोलेश्वर महादेव स्थानमा पनि पुग्ने सौभाग्य पाउँछन् । त्यो स्थान ज्ञान र पुण्य साधनाका लागि उपयुक्त देखिन्छ । त्यहाँ धर्मशाला, आश्रमसमेत निर्माण भइसकेको देख्दा उनलाई खुसी लागेछ । गोसाइँकुण्डमा जस्तै कञ्चन जलधारा बग्ने त्यस क्षेत्रमा सन्तमहन्त, राजा महाराजा आएर तपस्या गरेर सिद्धि प्राप्त गरेको कुरा त्यहाँ रहेको शिलालेखको वर्णनमा छ । जुन वर्णन भरत जङ्गमले गरेका हुन् ।

भक्तपुरका राजा भूपतीन्द्र मल्लले यिनै डोलेश्वर महादेवको कृपाबाट सिद्धि प्राप्त गरेका रहेछन् । भारतको केदारनाथ क्षेत्रको शिर भाग मानिने डोलेश्वर महादेव स्थानमा सञ्चालित वृद्धाश्रम बालहरि चालिसेजस्ता सुयोग्य सञ्चालक र भरत जङ्गमजस्ता सहयोगीको सक्रियतामा सञ्चालन भइरहेको छ ।

भरत जङ्गमजीका सबै कीर्तिहरू अध्ययनको सौभाग्य पाएका तारानाथलाई भरत जङ्गमको कलम चौतर्फी नाचेको देखेर अनौठो लागेछ । साहित्य, ऐतिहासिक खोजलगायतका बहुविधा र भ्रष्टाचार निवारण कार्यका लागि जसरी यी तल्लीन भइरहन्छन्, त्यसरी नै अरू पनि भइदिए देशको मुहार नै फेरिन्थ्यो भन्छन् ताराचन्द्र ।

धर्मसंस्कृतिका क्षेत्रमा सुन्दर आभूषण

बाबा विश्वनाथ

परम्परा नदी झैँ सललल बग्छ । नदीले दुवै किनारा छुन नछाडे झैँ, यसलेपनि छुन छाड्दैन । जसलाई परम्पराले छुन छाड्छ त्यसले पौरख गुमाउँछ । त्यसैले होला पौरखीहरूले आफ्नो परम्परा नछाड्ने गरेका तर आजकल आफ्नो जातिधर्म, वंश र संस्कृतिप्रति सचेत नागरिकहरू न्यून देखिन्छन् । बाबा विश्वनाथ भन्छन्, 'पौरखी भरत जङ्गम यस्ता एउटा विरलै पाइने मानिस हुन् जो आफ्नो जात, धर्म, परम्परा र संस्कृतिप्रति निकै सचेत र समर्पित छन् ।

यस्ता पौरखी भरत जङ्गमको सामीप्य धनेश्वर विकास समितिको सौजन्यबाट प्राप्त भएको रहेछ बाबा विश्वनाथलाई । गौरीशङ्करका उपासक, उनी आफ्नो अनुकूलता रहेको धनेश्वर महादेवको परिसरमा आयोजित रुद्राभिषेक महायज्ञमा सामेल हुन पाएकामा हर्ष व्यक्तगर्दै भन्छन्,'भरत जङ्गम कति पौरखी, सचेत, आफ्नो धर्मसंस्कृतिप्रति । त्यहाँका आफ्ना गोत्रीय जङ्गमहरूलाई जागरुक गराउँदै थिए, आफ्नो थर जङ्गम लेखौँ, शर्मा नलेखौँ भनेर ।' त्यहाँका जङ्गमहरू थर शर्मा लेखाउँदै आएका रहेछन् ।

वीर शैव मानिने लिङ्गायत सम्प्रदायका जङ्गमहरूका मठअन्तर्गतका १२ ओटा मठहरूमध्ये धनेश्वर पनि एक रहेछ । यही धनेश्वर महादेवको परिसरभित्र उनका पुर्खाले बनाएको ढुङ्गेधारा जीर्ण भइसकेको रहेछ । शिवमन्दिरमा अखण्ड रूपमा जागिरहनु पर्ने शिवधुनी खण्डित भएको रहेछ । त्यो ढुङ्गेधारा मर्मत गर्न र नियमित रूपमा शिवधुनी जगाउन भरत जङ्गमले आफ्नो तर्फबाट खर्च उपलब्ध गराइरहेका रहेछन् । परिसरभित्र स्थानीयले निर्माण गरेको कृष्णमन्दिरमा पनि ठुलै सहयोग उपलब्ध गराएका रहेछन् । यस्ता दानवीर भरत जङ्गमलाई धर्मसंस्कृतिको क्षेत्रमा सुन्दर आभूषणको संज्ञा दिँदै विश्वनाथ बाबा भन्छन्, 'हार्दिक शुभकामना । शतम् जीवेम् शरदः ।'

आध्यात्मिक व्यक्तित्वका धनी

बालहरि चालिसे

क्षतिग्रस्त शिवलिङ्ग बाहिरका आवरणहरू, खण्डहर बनिसकेको पौराणिक सत्तल पाटी, अनकन्टार स्थलमा अलपत्र अवस्थामा रोइरहेको आस्थाको डोलेश्वरमहादेव । न नित्य शिवधुनी जल्छ न रुद्राभिषेक चल्छ । चल्छ केवल निर्जन पंछीको गायनको शिवधुनी अनि चिरबिरताको चौकीदारी ।

यस्तो अवस्थाको डोलेश्वर महादेव परिसरमा रहेका वस्तुहरूको मुभी क्यामेराबाट तस्बिर लिँदै गर्दाको अवस्थामा एउटा आध्यात्मिक व्यक्तित्वसँग पहिलो परिचय भएको हो भनेर बताउने समाजसेवी शिक्षक बालहरि चालिसे भन्छन्, 'आफूले पाएका जानकारी भन्दा भेटमा नितान्त फरक भरत जङ्गमसँग त्यसपछिका दिनहरूमा घनिष्टता बढ्दै गयो ।'

धनेश्वर, अनन्तर्लिङ्गेश्वर, इन्द्रेश्वर, वागेश्वर लगायतका धेरै शिवालय, मठमन्दिरको संरक्षण र विकासमा लागि परेका भरत जङ्गमले डोलेश्वरको परिचय र प्रचारलाई अझ व्यापक बनाउन स्थानीय स्तरमा डोलेश्वर समितिको गठन गरे । जसको प्रमुख सल्लाहकारमा स्वयं कार्यरत छन् । गुठीको सञ्चालनका लागि मुठीदानको रूपमा मासिक रु. ५००।- दान गरिरहेका छन् । उनले मिलाइ दिएका अरू दाताहरूबाट वार्षिक रु १८००।- बाट नित्य-नैमित्य, विविध पूजा रुद्राभिषेक, रुद्रीपाठ, शिवधुनी सञ्चालन भइरहेका छन् । पूजाका लागि ब्राह्मण वटुक राखिएको छ । दक्षिणाको व्यवस्था गरिएको छ । वृद्धाश्रम सञ्चालनमा छ । यसले गर्दा यहाँ भक्तहरूको आकर्षण बढ्दो छ ।

जङ्गमसँग डोलेश्वर महादेव परिसरको विकासको ठुलो सोँच छ । वृद्धाहरूको सेवा पुऱ्याउन आधुनिक सुविधायुक्त वृद्धाश्रम सञ्चालन गर्ने, गुरुकुल स्थापना गर्ने, वेद वेदाङ्ग विषयमा वटुकहरूलाई अध्ययन

अनुसन्धानमा लगाउने आदि उद्देश्य राखिएका छन् ।

बालहरि भन्छन्, 'उहाँ पुरातत्त्वविद्, अनुसन्धाता पनि हुनुहुन्छ । हिमवत् खण्ड र नेपाल माहात्म्यमा डोलेश्वर महादेवलाई विमलेश्वर भनिएको छ । यिनै विमलेश्वर भारतको हिमाञ्चलमा रहेका केदारनाथका शिर हुन् भनेर २०६१ सालमा खोपृङ नामक पत्रिकामा प्रकाशित उहाँको अनुसन्धात्मक लेखलाई टेलिभिजन र रेडियो नेपालबाट प्रचार प्रसार गरेपछि यसको प्रचारले व्यापकता पायो । देश विदेशबाट तीर्थयात्री आउन थालेका हुन् ।'

यस्तै अन्य देवालय शिवालयहरूमा पनि उहाँका धेरै योजनाहरू सञ्चालन छन् । हाम्रो समाजमा भरत जङ्गमजस्ता आध्यात्मिक चिन्तक एवं त्यागी व्यक्तिहरूको धेरै खाँचो छ भन्दै भरत जङ्गमको मोती महोत्सवको उपलक्ष्यमा उनी लेख्छन्, 'उनको दीर्घ र स्वस्थ जीवनका लागि आराध्यदेव, केदारनाथ, डोलेश्वर महादेवसँग प्रार्थना गर्दछु ।'

"यहाँलाई भ्रष्टाचारविरुद्धका अभियन्ता, भ्रष्टाचारविरोधी सूत्रधार, भ्रष्टाचार मुक्त समाजको परिकल्पनाकार, भ्रष्टाचारविरोधी अभियानका प्रणेता, नेपालका लागि अनुपम उदाहरण, मनोक्रान्तिका सम्बाहक, भ्रष्टाचार विरोधी साधक, भ्रष्टाचारविरुद्ध विज्ञानका प्रवर्तक या गौतम बुद्धसरह यस देशले पछिसम्म सम्झिरहने व्यक्ति आदि जुन जुन उपमा दिएर पनि यहाँमा राष्ट्रले सदैव सुशोभन गरिएको हुनेछ भन्नेमा पनि म विश्वस्त छु । ।"

-कालजयी व्यक्तित्व भरत जङ्गम

धर्म, संस्कृति र सत्सङ्गका पक्षधर

मधुसूदन सुवेदी

सङ्गते जायतेकर्म .....सङ्गतले पनि कर्मको बाटो देखाउँछ । सङ्गतले फल प्राप्तिमा सघाउँछ । सङ्गत गर्ने ज्ञानी, बुद्धिमान् व्यक्तिहरू धेरै चिन्तन गर्न सक्छन् । सङ्गतले उनीहरूको अनुसरण गर्न सिकाउँछ । धार्मिक रूपमा यो कार्यलाई सत्सङ्ग भनिन्छ । धार्मिक आधारमा सदाचारका धार्मिक पक्षहरू अवलम्बन गरेर मानसिक र शारीरिक रूपबाट स्वस्थ, स्वच्छ रहन सक्छन् । धर्मको अवलम्बन गर्दा सुखमय आनन्दका भावहरू उत्पन्न हुन आउँछन् । धर्म संस्कृतिका सत्सङ्ग पात्र भएको हुनाले भरत जङ्गम स्वच्छ, स्वस्थ, र निरोगिताका रहस्य बनेका छन् ।

सदाचार भनेको पवित्रता पनि हो । सदाचारभित्र ध्यान, कर्म, जप, अहिंसा, सत्य, त्याग, दान, ब्रह्मचर्य र सोच आउँछन् । सत्सङ्ग भनेको प्रशिक्षण पनि हो । यो प्रशिक्षणले नैतिक र बौद्धिक संस्कारबाट सुशोभित गराउँछ । भरत जङ्गम यस्तै सत्सङ्गका प्रतिमूर्ति हुन् । त्यसैले होला मधुसूदन भन्छन्, 'वीजगर्भ समुद्भव' कर्ममा अधिकार दिने मङ्गल कार्यबाट सर्वाभ्युदय प्राप्त गराउने सत्कर्म हो । सत्सङ्गबाट सत्कर्महरू प्रादुर्भाव हुन्छन् । यस्ता सत्कर्महरू प्राप्त गर्न प्रशिक्षण दिनसक्ने भरत जङ्गमको सामीप्य पनि सत्सङ्ग हो ।'

पूर्वीय धर्म, दर्शन र वाङ्मयहरूको उत्पत्ति थलो नेपाल हो । यस क्षेत्रमा सत्ययुगदेखि नै वैदिक सनातन धर्म अवलम्बन गर्दैआउने देश हिन्दुराष्ट्र नेपाल मात्र हो । हाम्रो सनातन धर्मसंस्कृतिको आधार 'वसुधैव कुटुम्बकम्' अत्यन्तै उच्चविचारधारा हो । विश्व ब्रह्माण्डलाई बन्धुत्वमा बाँध्ने, आपसमा बन्धुत्व फैलाउने सनातन धर्मसंस्कृतिको नामान्तरण हो- हिन्दु धर्म । हामी हिन्दु धर्मावलम्बी हौँ । त्यसैले हामी भन्छौँ धर्ती माता ब्रह्म पिता । अथवा

पार्वती महेश्वर । सबै व्यक्ति, बन्धुबान्धव, संसार एउटै घर । सर्वे भवन्तु सुखिनः हाम्रो धर्मको मूललक्ष्य हो । यही पारस्परिक सहिष्णुतामा रमाउँछौं । यही सिद्धान्तबाट अभिप्रेरित वैदिक सनातन हिन्दुधर्ममा प्रजातन्त्रको उपयोग रामराज्यदेखिनै हुँदै आएको छ ।

नेपालमा धार्भिक दृष्टिले विशिष्ट स्थानहरू छन् । आध्यात्मिक अवसर दिलाउने हिमाल छन्, पहाड छन् । पवित्र नदीहरू यहीबाट बग्छन् । वनजङ्गल, कुना कन्दरा, सौम्य सुन्दर एकान्त स्थानहरू यही छन् । विश्वामित्र, व्यास, वाल्मीकि, यज्ञवल्क्य, जनकादि देवर्षि, महर्षि, राजर्षिलगायत राक्षसहरूको समेत तपोभूमि हो यो । यहाँ यदाकदा आसुरी भावहरू उदाउने पनि गरेकाछन् ।अस्ताउने गरेका पनि छन् । त्यसैकारण देशले धार्मिक असामञ्जस्य, अनुशासनहीनता र अशान्ति भोग्नुपरेको छ ।

यो सनातन धर्मभित्र आफ्नो धर्म धारण गर्न स्वतन्त्र छ । त्यसैले अरू धर्मावलम्बी अटाउँदै आइरहेका छन् । सनातन हिन्दु देश नेपाललाई महापुराणहरूले पनि निर्दिष्ट गरेका छन् यो तपोभूमि हो, यो पुण्यभूमि हो, यो मोक्षभूमि हो ।

धर्म भनेको धारण गर्नु हो । योग्य शास्त्रसम्मत शुभकर्म हो । यो परहित कर्म हो । जुन गुण, वस्तु वा कार्य धारण गर्न योग्य हुन्छ । त्यो धर्म कहलाउँछ । नीतिले 'यतोऽभ्यूदय निःश्रेयस सिद्धः स धर्म, भनेको छ भन्दै उनी भन्छन्, 'लोकमा यीसबै विषयबाट आनन्द प्राप्त हुन्छ परलोकमा मोक्षप्राप्ति हुन्छ, यही धर्म हो ।

मधुसूधन सुवेदी भन्छन्, 'सनातन धर्म सदाचार संस्कार संस्कृति आदि विषयहरूको चिन्तनमननले धर्मप्रति ममता जगाउँछ । देशप्रति माया र प्रेम जगाउँछ । देशवासीहरूमा बन्धुत्वको भावना फुलाउँछ । मानवमा जब यो संस्कार पातलिन्छ तब जतातते अशान्ति, लुट, ठगी र भ्रष्टाचार मौलाउँछ ।

धैर्य सहनशीलता, मनोनिग्रह, चोरी नगर्नु, पवित्र हुनु, इन्द्रियहरूलाई वशमा राख्नु, विद्या अध्ययन गर्नु, सत्यनिष्ठामा रहनु, क्रोध नगर्नु यी धर्मका

लक्षणहरू हुन् । आर्थिक अपचलन, ठगी, चोरी, आदि आदि आचरण गर्नेलाई भ्रष्ट भनिन्छ । यो कार्य भ्रष्टाचार पनि हो । अत्यन्तै धर्म विरोधी कार्य हो । त्यो अधर्म हो ।

भरत जङ्गम धार्मिक व्यक्ति हुन् । उनी उठेपछि पशुपतिनाथको दर्शन नगरी दैनिकी सुरु गर्दैनन् । उनी भ्रष्टाचारविरोधी अभियानमा सक्रिय भइरहन्छन् किनकि भ्रष्टाचार धर्मविरोधी कार्य हो । नियन्त्रण गर्ने प्रयत्नमा लागिरहन्छन् । भ्रष्टाचारविरोधी कार्यमा सक्रिय भइरहनु पनि धार्मिक कार्य हो ।

ऋग्वेद भन्छ, 'धर्मो विश्वस्य जगतः प्रतिष्ठा' जगत्मा धर्म मान्नेहरू धेरै भए, धर्मसम्मत कार्यहरू धेरै भए भने जगत्को प्रतिष्ठा बढ्छ । भूलोक पनि स्वर्गलोक जस्तै बन्न सक्छ । तर आध्यात्म पन्छाएर भौतिक प्रगति मात्र गरिरह्यौं भने अथवा आध्यात्मबिनाको कोरा भौतिक प्रगति गरिरह्यौं भने विनाश निम्त्याउँछ । अहिले विश्वमा भइरहेको लडाइँ, झगडा, र अशान्तिको जड कुरा नै भौतिक उन्नति हो ।

यही प्रसङ्गमा मधुसूदन भरत जङ्गमका उद्गार औल्याउँछन्, 'धर्मको अभावमा अशान्ति, भय, आतङ्क, द्वैष, घृणा र परस्परमा वैरभाव फैलिन्छ । त्यसैले धर्म अङ्गालौं, नछाडौं, साथ दिइरहौं ।'

मन वचन कर्मबाट कुनै प्राणीमाथि द्रोह नगरौं । सबै माथि अनुग्रह राख्नु, दान गर्नु, यी सज्जनहरूले गर्ने सनातन धर्मका उपमा हुन् । अवलम्बन गनुपर्ने सिद्धान्तका दुई पाटा छन् । 'प्रयोमार्ग र श्रयोमार्ग ।'

तीमध्ये । श्रयोमार्ग अवलम्बन गर्न परम आदरणीय गुरु, आचार्य ऋषिवर हरूले यी मतहरूको व्याख्या गरेका छन् । गौतमले आफ्नो न्यायदर्शनमा व्याख्या गरेका छन् :- कपिलदेवले साङ्ख्य दर्शन (चेतन पुरुष नै श्रृष्टिको मूल कारण), पतञ्जलिलेयोगदर्शन प्रतिपादन गरे । जैमिनिले पूर्वमीमांसा लेखे । आध्यात्म गुरु शङ्कराचार्यले वेदोपनिषद्को सार वेदान्त दर्शन लेखे । आरण्य आदिले अद्वैत ब्रह्मको दर्शन प्रतिपादन गरे । रामानुजाचार्यले

विशिष्ट द्वैत दर्शन प्रतिपादन गरे । तर यी सबैको निचोड मानव कल्याण नै हो ।

धर्म भनेको ज्ञानरूपी प्रकाशले अन्तर्मन वा शुद्धचित्त धारण गराउँछ । गुणी व्यक्तिले नराम्रा कामहरू प्रति पनि नकारात्मक धारणा राख्दैनन् । नत्यो कतैबाट प्रदर्शन गर्छन् । त्यो पनि धर्म नै हो ।

मदुसूधन भन्छन्, 'सर्वे भवन्तु सुखिनः' को सिद्धान्तबाट अभिप्रेरित सनातन वैदिक हिन्दुधर्म प्रजातान्त्रिक धर्मका रूपमा प्राचीनकालदेखि नै परिचित छ । यसमा पनि थुप्रै सम्प्रदाय छन् । वैदिक, शैव, वैष्णव, आर्य, जैन, सिख, बुद्धलगायत अन्य पनि धेरै छन् ॐकार परिवारभित्र । त्यसैले यो वैदिक धर्म आक्रान्त थिएन । यसको उच्च सहिष्णुताको कारणले आफ्नो अस्तित्व कायम राख्दै आयो ।

विश्वमा मुख्य मुख्य सबैजसो धर्मावलम्बीले आ-आफ्ना धर्म अपनाएका छन् । धर्मका राज्यहरू पनि कायम गराइरहेका छन् । किष्टियन, मुस्लिम बुद्धिष्ट राज्यहरू छन् । नेपाल पनि हिन्दु राष्ट्र थियो । यसमा ८० प्रतिशतभन्दा बढी हिन्दु भित्रका ॐकार परिवार छन् तर दुर्भाग्य यो हिन्दु राज्यमा दान दानमा आएको परिवर्तनले संविधानमा नै धर्म निरपेक्षता कायम गराइएको छ । उनी आक्रोशित हुँदै लेख्छन्,'अहिले वैदिक हिन्दुधर्मप्रति चौतर्फी आक्रमण बढेको छ । इतिहासबाट पाठ सिकौं । आफ्नो अस्तित्व जोगाउनका लागि इतिहास जोगाऔं ।'

हाम्रो देश र सनातन धर्मका विषयमा सत्सङ्गका पक्षधर भरत जङ्गमको धारणा छ, 'धार्मिक रूपमा नेपाल विशुद्ध आर्य सनातन धर्मावलम्बी राष्ट्र हो । सनातन धर्ममा उदारता, न्याय, तपस्या एवं कर्तव्यपरायणता नै विशेषता रहँदै आएको छ । सनातन धर्मको संस्कार एवं संस्कृति, वैदिक पौराणिक संस्कार र संस्कृतिबाट अनुप्रेरित रहेको हुँदा त्यसका महान् मानवीय गुणहरू धर्मका विशेषताका रूपमा रहेकाछन् । जसको पालना परापूर्व कालदेखि रहिआएको छ ।

वर्तमान युगमा पनि नेपाल विश्वले एकमात्र सनातन हिन्दु राष्ट्र, नेपाल नरेश एकमात्र हिन्दु सम्राट् मान्दै आएको छ । अत सनातन धर्मको संरक्षण एवं सम्वर्द्धन गर्ने सम्पूर्ण जिम्मेवारी नेपालले गर्दै आएको छ ।

हैन ! नेपालमा हिन्दु सनातन धर्म किन ? प्रश्नमा भरत जङ्गम भन्छन्, 'सनातन धर्म निराशावादी होइन, आशावादी हो । भक्तिवादी होइन ज्ञानवादी हो । सम्प्रदायवादी होइन विकासवादी हो । भाग्यवादी होइन कर्मवादी हो । अन्धविश्वासवादी होइन बुद्धिवादी हो । स्वार्थवादी होइन त्यागवादी हो । भाग्यवादी होइन कर्मवादी हो । बर्बरतावादी होइन प्रजातन्त्रवादी हो । हिंसावादी होइन अहिंसावादी हो । अनैतिक भौतिकवादी होइन नैतिक आध्यात्मवादी हो । दासतावादी होइन श्रद्धावादी हो । प्रतिशोधवादी होइन प्रतियोगितावादी हो । सङ्कीर्णवादी होइन समन्वयवादी हो । अनुदारवादी होइन उदारवादी हो । त्यसैले नेपाल सनातन हिन्दुधर्मलाई आफ्नो अङ्गका रूपमा अक्षुण्ण राख्न चाहन्छ ।

मानव जीवनमा सत्सङ्गको ठुलो महिमाछ । भनिन्छ, धेरै धेरै जन्मका सत्कर्महरूद्वारा प्राप्त भाग्यले मात्र सत्सङ्ग पाउँछ । सत्सङ्गमा सज्जनको उपदेशबाट अज्ञानजन्य मोह रूपी अन्धकार नाश हुन्छ । विवेकको उदय हुन्छ । मधुसूदन भन्छन्, 'सत्सङ्ग पुरुष भरत जङ्गमको ६०औँ जन्मोत्सवको उपलक्षमा उत्तरोत्तर प्रगति होस् । कीर्ति फैलँदै जाओस्, हार्दिक मङ्गलमय शुभकामना चढाउँछु ।'

कर्मयोगी धर्मात्मा

विष्णुलोचन न्यौपाने

धर्मले मनुष्यलाई कर्तव्य, नैतिकता, सदाचार, इमानदारिता, सत्यता अनि प्राणी कल्याणको पाठ सिकाउँछ । यस्ता आचरणहरूको सदा अनुसरण गर्नेलाई समाजले पनि धर्मात्मा भन्छन् । तिनै नैतिक र धार्मिक सीमाभित्र रहेर निष्काम कर्म गरिरहने व्यक्तिलाई कर्मयोगी भनिन्छ । भरत जङ्गम कर्मयोगी धर्मयोगी दुवै हुन् ।

मानव आफ्नो असीमित बुद्धि, तार्किक शक्ति अनि आफूभित्रका सहस्रौं ज्ञानधाराले देवत्व प्रतिस्थापन गराउने प्रयत्न गर्दैछ । हाम्रा सामु कति प्रतिस्थापन भएका उदाहरण छन् । मानव सेवा नै धर्म हो भन्ने वैदिक वाक्यलाई हाम्रा वेदवेदान्त, उपनिषद्हरूले पनि जीवन्त पारिराखेका छन् ।

नेपाल आमा पनि आफ्ना स्तनधारा बगाउँदै बेलाबेलामा सपूतहरू हुर्काउँदै आएकी छन् । तिनै सपूतका कर्महरूले अहिलेसम्म आफ्नो प्राण भर्दै आएकी छन् । तिनै सपूतहरूले अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रलाई आलोकित पार्दै आएका पनि छन् । यही प्रसङ्गलाई लिएर पं. रामलोचन न्यौपाने भन्छन्, 'भरत जङ्गम यस्तै सपूतहुन् जसले आफ्ना सत्कर्मले अन्तर्राष्ट्रिस्तरमा देशलाई आलोकित गराउन सफल भएका छन् ।यस्ता सपूतहरूलाई जीवनकालमा श्रद्धा सुमन अर्पण गर्ने यज्ञहरूको शुभारम्भ भएको देख्दा खुसी लाग्छ । यो अत्यन्तै सह्राहनीय कुरा हो । यसका लागि मोती महोत्सव समारोह समितिलाई हार्दिक धन्यवाद दिन्छु ।'

भक्तपुरको सम्पन्न परिवारमा जन्मेका भरत जङ्गमका गतिशील साहित्यिक सुरम्य सिर्जनाहरूमा एउटा भिन्दै प्रकारको प्रखर शैली छ । सदाचार, कर्तव्य र निष्ठाको राम्रो प्रयोग भएको छ । साहित्यका माध्यमबाट देशमा विद्यमान भ्रष्टाचार, शोषण, दमन, अन्याय, अत्याचार न्यून गराउन निरन्तर लागिपरेका उनका लेख रचनाहरूमा भ्रष्टका विरुद्ध भौतिक रूपमा

दरिलो कदम चाल्न प्रेरित गरिएको छ ।

उनको धार्मिक पक्ष पनि उत्तिकै सबल सफल र अनुकरणीय छ । नित्य मन्दिर दर्शन पूजापाठ गर्ने, संरक्षण विहीन हुन पुगेका देवालय, शिवालय र मठमन्दिरहरूको संरक्षण सम्बर्द्धन गर्दै रोकिएका नित्य पूजा चलाउने काममा निजी रकम खर्च गर्ने गरेका छन् । प्रकाशित भएका उनका धार्मिक र ऐतिहासिक साहित्यिक कृतिहरूमा वर्णन गरिएका अमूल्य विचार र दृष्टिकोणहरूबाट समाज र राष्ट्रलाई उत्तिकै असीमित ऊर्जा मिलेको छ ।

भविष्यमा पनि राष्ट्र र समाजले यो ऊर्जा पाइरहने छ भन्ने आशा व्यक्त गर्दै पं. विष्णुलोचन न्यौपान भन्छन्, 'नेपाल आमालाई 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने भावनाले ओतप्रोत भएका भरत जङ्गमजस्तै धेरै व्यक्तिको खाँचो छ । त्यसैले राष्ट्रदेव पशुपतिनाथसँग प्रार्थना गर्दछु । हे पशुपतिनाथ ! त्यस्ता व्यक्तित्वहरू बढाउन र राष्ट्रको श्रीवृद्धि गराउन उनी निरन्तर अग्रसर भइरहुन् ।'

"यहाँलाई भ्रष्टाचारविरुद्धका अभियन्ता, भ्रष्टाचारविरोधी सूत्रधार, भ्रष्टाचार मुक्त समाजको परिकल्पनाकार, भ्रष्टाचारविरोधी अभियानका प्रणेता, नेपालका लागि अनुपम उदाहरण, मनोक्रान्तिका सम्वाहक, भ्रष्टाचार विरोधी साधक, भ्रष्टाचारविरुद्ध विज्ञानका प्रवर्तक या गौतम बुद्धसरह यस देशले पछिसम्म सम्झिरहने व्यक्ति आदि जुन जुन उपमा दिएर पनि यहाँमा राष्ट्रले सदैव सुशोभन गरिएको हुनेछ भन्नेमा पनि म विश्वस्त छु । ।"

-कालजयी व्यक्तित्व भरत जङ्गम

लिङ्गायत सम्प्रदायका संवाहक

शारदा उपाध्याय

अध्यात्मबिनाको कोरा भौतिक उन्नतिमा रमाउनु भनेको विनाशमा रमाउनुजस्तै हो । भौतिक विकासको आधार वा स्रोत भनेको आध्यात्म चेतना हो । अध्यात्मलाई छाडेर जब हामी हाम्रो वरिपरिको भौतिक विकासमा चेतनाशून्य बनेर रमाउँछौं । त्यो मानव जीवनका लागि भयावह स्थिति बन्न सक्छ । अहिले विश्वमा फैलिरहेको अशान्तिको जड यही हो । त्यसैले शारदा उपाध्याय भन्छिन्, 'मानव र मानवताको प्रवर्द्धन र विकासका लागि अध्यात्म चेतना जाग्रत् रूपमा राख्न सक्नुपर्छ ।'

भौतिक विकासले थिलथिलो परेका मनहरू प्राकृतिक र आध्यात्मिक आश्रय खोज्दै बरालिँदै हिँडेको हामी देखिरहेका छौं । अझ तिनीहरू आत्मशान्ति र सन्तोषका लागि पूर्वीय दर्शनको सत्सङ्ग खोजिरहेका हुन्छन् । त्यागपूर्ण मार्ग रोजिरहेका हुन्छन् । हामीबिच रहेका भरत जङ्गम पूर्वीय धर्मदर्शनका साधक हुन्, त्यागमार्गका प्रदर्शक हुन् । उनका तेजिला आध्यात्मिक नजरहरूले वैज्ञानिक र भौतिक उन्नति हेरिरहेका हुन्छन् ।

तनमा आध्यात्मिकता छ, मनमा सत्यं, शिवं, सुन्दरम्को भावना बोकेर पुग्छन् प्रत्येक दिन प्रातः कालमा पशुपतिनाथको दर्शनमा । शिवको साधना उपासनामा कल्याण वृद्धि हुन्छ । यिनका पुर्खा पनि शिवको उपासनाका लागि उद्भव भएको शैव दर्शनमा आधारित लिङ्गायत सम्प्रदायका हुन् । यही सम्प्रदायका संवाहक हुन् भरत जङ्गम, भन्छिन शारदा उपाध्याय । उनी मानवपुञ्ज हुन्, शिव साधना र उपासनाका । त्यसैले त वृद्धि भइरहेको छ उनीभित्रको मानव कल्याणकारिता । शिवको साधनाबाट सुन्दरम् प्रतिफलहरू प्राप्त भइरहन्छन् भन्ने मान्यता छ ।

भरत जङ्गम पुर्खाले देखाएको आध्यात्मिक मार्ग अनुसरणमा कटिबद्ध

छन् । पुर्खाले स्थापना गरेका देवालय, शिवालय, मठमन्दिर संरक्षणमा लागिरहन्छन् । कुनैमा दैनिकी पूजाआजा रोकिएको भए सञ्चालनको व्यवस्था मिलाउन पनि उत्तिकै सक्रिय रहन्छन् भरत जङ्गम । भक्तपुरमा रहेको डोलेश्वर महादेव, केदारनाथको शिरभाग भएको कुरा पुरातात्त्विक खोजकार्यमा उनले निकै सघाए । ऐतिहासिक प्रमाण जुटाउनमा पनि सघाए । त्यो सत्य तथ्यको सञ्चार माध्यमबाट प्रचार प्रसार पनि गराए । आज त्यो देवस्थान देश विदेशका श्रद्धालुहरूको मुख्य धार्मिक गन्तव्य बनेको छ । उनकै पहलमा मर्मत सम्भार भयो । त्यही परिसरमा वृद्धाश्रम स्थापना भएको छ । यो उनको सेवाको नमुना हो ।

आध्यात्मिक प्रेरणा नै हो उनलाई साहित्य, पत्रकारिता र सम्पादनमा ल्याउने नैतिकता सिकाउने । त्यसैले उनी मानवीय मूल्य र सत्कर्ममा रमाउँछन् । उनका उपन्यासहरू अन्य भाषाहरूमा पनि अनूदित भएका छन् । ती कीर्तिहरूमा हिन्दु दर्शन, इतिहास र पुरातत्त्वको छाप देखिन्छ ।

उनको पत्रकारितामा उत्तिकै राम्रो प्रतिभा प्रस्तुत भएको छ । धार्मिक उत्सवमा पनि त्यसको नमुना 'नेपाली आवाज' हो । धार्मिक उत्सवहरूमा पनि उत्तिकै रमाउने भरत जङ्गम राष्ट्रमा भइरहेको भ्रष्टाचार हटोस् भन्ने पवित्र भावना राखेर भ्रष्टाचार विरुद्धमा सक्रिय भइरहन्छन् । उनको दृढताले जीवनलाई सामाजिक सेवाको सत्कर्ममा लगाइरहन्छ । बाटामा अल्मलिएकालाई शैक्षिक, बौद्धिक र अध्यात्म क्षेत्रमा लाग्न प्रेरणा दिइरहन्छन् । यस्ता भरत जङ्गमको आदर्श जीवनयात्रा निरन्तर बढ्दै जाओस् भनेर शुभकामना व्यक्त गर्छिन् शारदा उपाध्याय ।

आध्यात्मिक क्षेत्रमा पनि कलम चलोस्

बालगोपाल रिसाल

नेपाली वाङ्मय जगत् न अध्यात्म जगत्बाट प्रेरित छ न प्रोत्साहित नै । त्यसैले गति शून्य देखिन्छ । नेपाली वाङ्मयका शीर्ष पुरुष श्री भरत जङ्गमका साहित्यमा पनि आध्यात्मिकता मौलाएको देखेनछन् बालगोपालजीले । कतैबाट कसैबाट प्रेरित र प्रोत्साहित हुन नपाएको अध्यात्म क्षेत्रमा अध्यात्म समेटिए, अध्यात्म क्षेत्र उजागर हुने थियो, जहाँ युवा पनि आकर्षित बन्न सक्थे कि ?

परम्पराभित्र संस्कार र संस्कृति अनि अध्यात्म नदीजस्तै बगिरहेको हुन्छ । त्यसैले बालगोपाल अनुरोध गर्छन्, 'प्रबुद्ध र प्रसिद्ध लेखक, कवि, साहित्यकार, उपन्यासकार आफ्नो परम्परा र अध्यात्म क्षेत्रको आलोक छर्ने गरी कलम चलाइदिउन् । यस्ता लेखकहरूबाट आधुनिक पुस्ताले आफ्नो परम्परा, संस्कार, संस्कृति र धर्मको विषयमा अध्यन गर्न र आत्मसात् गर्न पनि मौका पाउँथे । शाश्वत् शान्तिको अनुभूति गर्ने मौका पाउँथे ।'

श्रीकृष्ण भगवान् भन्नुहुन्छ, 'सबैभन्दा उत्तम र पवित्र वस्तु ज्ञान हो । त्यसैले यसलाई सर्वोत्तम मोक्षदाको रूपमा पनि लिइन्छ । विज्ञान र विनाशको स्रोत कोरा भौतिक ज्ञान हो । यही ज्ञानमा आधारित विकासले क्षणिक सुखभोग गराउँछ । जीवन मोक्षको लागि शाश्वत् शान्ति, ब्रह्मबोध अनि जीवात्मा र परमात्माबिचको एकात्म ज्ञान चाहिन्छ । जुन आध्यात्म चिन्तनमा मात्र पाइन्छ । जुन ज्ञानको मान प्रतिष्ठाभन्दा ज्ञाननिष्ठाको कैयौं गुना ठुलो महिमा हुन्छ । हाम्रा साहित्यकारहरूका लेख रचना यतैतिर उन्मुख होउन् । भावी पुस्ताले शान्ति मार्गको अनुसरण गर्न पाओस् भन्दै भरत जङ्गमजीको सुदीर्घ जीवनको, सत्साहित्य यात्रातिर संलग्नता बढोस् भन्दै पशुपतिनाथसँग पुकार पनि गर्दछन् बालगोपाल ।

आध्यात्मिक जीवनशैली

शिवशरण राजभण्डारी

सुपरिचित भरत जङ्गमको ६० औँ जन्म दिन, मोती महोत्सव सार्वजनिक रूपमा मनाउन लागेकामा खुसी व्यक्त गर्दै शिवशरण भण्डारी भन्छन्, 'जीवित रहेकै अवस्थामा सन्मान पाउन र योग्य भएकाहरूलाई सन्मान र तारिफ गरिनु, उसको व्यक्तित्वको विषयमा चर्चा परिचर्चा हुनु अत्यन्तै सकारात्मक सोच हो ।'

भरत जङ्गमको ६० औँ जन्मोत्सवको उपलक्ष्यमा 'कालजयी व्यक्तित्व भरत जङ्गम नामक ग्रन्थ प्रकाशन समितिलाई लेखिएको व्यहोरामा उनी भन्छन्, 'हाम्रो चिनजान ३० वर्ष पुरानो हो । त्यतिखेर देशमा खुलेर बोल्न, लेख्न सक्ने अवस्था थिएन । आफ्नो हक अधिकारका कुरा गर्न मात्र पनि होटल, रेष्टुरेन्टको कुनो खोज्नुपर्थ्यो । सूचना आदान-प्रदान गर्नका लागि विशेष व्यवस्था गर्थ्यौं । त्यतिखेर हामीलाई लाग्थ्यो, अजीव छ हाम्रो देश ।

जमाना अब धेरै परिवर्तन भइसकेको छ। दुवै परिचित साठी नाघिसकेका छन् । दुवैको शरीरले उमेर परिवर्तन भएको स्वरूप देखाइसकेको छ । शिवशरण शारीरिक रूपमा अलि कमजोर देखिए पनि, भरत जङ्गम भने स्वस्थ र तन्दुरुस्त देखिन्छन् । दुवैको भेट भइरहने गर्छ उनै आराध्यदेव पशुपतिनाथको मन्दिर परिसरमा ।

साहित्यिक र पत्रकार व्यक्तित्वको भाषा सबैले बुझ्दैनन् । व्याख्या गरेर बुझाउनुपर्ने हुन्छ । घनघोर वर्षा होस् या कठ्याङ्ग्रिने जाडो होस्, उही सादा पोसाकमा, डेगले समयको पल नबिराईकन ठिक चार बजे पशुपतिनाथको ढोकामा हाजिर हुने गर्छन् भरत जङ्गम । सदा कैलासमा ॐकार ध्वनि जगाउने उनलाई सार्वभौम आध्यात्म व्यक्ति हुन् भनेर बुझ्न कसैलाई पनि गाह्रो पर्दैन भने आफ्ना परिचितलाई बेर लाग्ने कुरै भएन ।

तिनै परिचित शिवशरण भन्छन्, 'हामीले पत्रकारिता सँगै गरेका हौं तर

पनि म उनलाई सफल लेखक, पत्रकार अनि सफल व्यवसायीको रूपमा देखेँ । विदेश बसेको पनि सुनेँ । अहिले बढी धार्मिक आस्थामा नुगेको देखेको छु । पहिलेको र अहिलेको जीवनशैली नितान्त फरक देख्छु ।'

आफूले पाएको ज्ञानअनुसार, स्वधर्म पालन गर्नेको जीवन पूर्ण सफल हुन्छ भन्दै शिवशरण भन्छन्, 'स्वधर्म भनेको स्वस्थ, तन्दुरुस्त रहनु, उच्च नैतिकवान् हुनु, धार्मिक चिन्तन र मननमा रहनु हो ।' शिवशरण आफ्ना परिचित भरत जङ्गमलाई स्वधर्मका अनुयायी, तीनै गुणमा पूर्ण देख्छन् । उनको जीवनशैली पनि विशुद्ध आध्यात्मिक देख्छन् ।

पत्रको अन्त्यमा शिवशरण लेख्छन्, 'मोती महोत्सवको रूपमा मनाइने उनको जन्मोत्सव अत्यन्तै सफल रहोस् । जीवन स्वस्थ रहोस्, आयुको दीर्घता मिलिरहोस् हार्दिक शुभकामना ।

"बाँच्न जान्नेहरूका लागि जीवन अनि मृत्यु अति कलात्मक हुन्छन् । अनि ऊ स्वयम् जीवनलाई अति कलात्मक बनाउन खोज्छ । मृत्युलाई हराउँछ, मृत्यु पाश फुकाली दिन्छ । मृत्यु पाश फुक्लिए पछि मृत्यु हार्छ । त्यही हारेको मृत्यु लगेर सजाउँछ आफ्ना निधिहरुमा । तब बन्छ कालजयी । त्यही मृत्युलाई हराएछ कालजयी बन्न सफल व्यक्तित्वको नाम हो भरत जङ्गम ।"

आध्यात्मिक चेतनपुञ्ज

स्वामी सत्यव्रत

मनको आरनमा भावहरू खारिन्छन् चेतहरू खुल्छन् । आफ्ना भावहरूलाई मनको आरनमा खारेर निकाल्न परिवारले नै सिकायो होला या रगतले । प्राणीको सृष्टिमा ब्रह्माका अनिवार्य सर्तहरू हुन्छन् । 'दिन रात, सुख दुःख, जन्म अनि मृत्यु ।' यी सर्तहरू पार गरेर आफ्नो जीवन ज्ञानभित्र विज्ञानको कला प्रस्तुत गर्न सफल, त्यस्ता व्यक्तित्वहरू धेरै कम हुन्छन् । ती धेरै कममध्येका एक व्यक्तिको नाम हो भरत जङ्गम । उनी अहिले आफ्नो सफल व्यक्तित्वको उपल्लो खुड्किलोमा छन् ।

उत्तम जीवनले कर्म जन्माउँछ । आफ्ना जीवनका रूप र गुणहरू आध्यात्मिक दृष्टिले सजाउँछ । यही सजिने क्रममा अद्भुत अद्भुत व्यक्तिहरू जन्मेका देखिन्छन् । यी कारणहरूको पछाडि त्यही ब्रह्मशक्ति हुनुपर्छ ।

स्वामी सत्यव्रत भन्छन्, 'तर तिनीहरूको मन भिन्दा भिन्दै हुन्छ । रूप पनि अलग अलग हुन्छन् । अनि स्वरूप अलग अलग हुन्छन् ।' तर स्वामी कसैको बारेमा लेख्दैनन्, सत्यको बारेमा पनि लेख्दैनन् तर सत्यको बारेमा बोलिरहेका हुन्छन् । सत्य अभिव्यक्ति दिइरहेका हुन्छन् । पाँच सात राष्ट्र घुमिसकेका उनलाई भ्रमणको दौरानमा विभिन्न विषयका विद्वान्, विदुषी, सन्त महन्तसँग अन्तरक्रिया गर्ने, सत्सङ्ग गर्ने ठुलो अवसर मिलेछ । त्यही क्रममा भरत जङ्गमसँग पनि भेटन् अवसर मिलेछ । त्यही अवसरले पहिलो भेट नै आत्मीय बनाएको रहेछ । अन्तहृदय नै कल्पित भएछ । उनीप्रति केही नलेखी रहन सकेनछन् ।

इच्छा जाग्दा सक्रियता पनि उठ्छ, चिन्तन चल्छ । चिन्तन चल्दा राष्ट्रलाई चिन्तनको केन्द्रमा राख्छन् भरत जङ्गम । भ्रष्टाचारमुक्त स्वच्छ प्रशासनको चिन्तन बढ्छ । राजनीतिमा लागेका आध्यात्मिक व्यक्तिले

अध्यात्मलाई आघात गरेको हुँदा आध्यात्मिक व्यक्तिले राजनीतिमा लाग्न हुन्न भन्नेहरूका बिच उनी उदाहरण बनेका छन् । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने यो आध्यात्म वाक्य मात्र पनि मनन गऱ्यो भने हामी उनका पुस्तकमा राष्ट्रवादी, मानवतावादी सत्कर्मका विचारहरू प्रशस्त पाउँछौं ।

साहित्य र सङ्घर्ष मित्र हुन् । जहाँ साहित्य हुन्छ त्यहाँ सङ्घर्ष हुन्छ । जहाँ सङ्घर्ष हुन्छ त्यहाँ चोटहरू हुन्छन् । जहाँ चोटहरू हुन्छन् त्यहाँ साहित्य जन्मन्छ । अर्कालाई लागेको चोट बोक्ने सामर्थ्य राख्छन् भरत जङ्गम । त्यसैले 'कालो सूर्य' लाई जन्म दिए । जसमा पीडित वर्गका चोटहरू छन् । जनतालाई पीडा थोपारिरहेने भ्रष्टाचारको जालो छ । 'व्यूहचक्र' मा नेपालको राजनीतिक क्षेत्रको विकृति, विसङ्गति र कुरीतिका चक्रमाथि चोटिलो प्रहार छ ।

मनभित्र 'वसुधैव कुटुम्बकम्' जीवन्त छ । त्यसैले त 'रातो घाम' रचे । तत्कालीन धर्मराज्य तिब्बत र चीनियाहरूका दुःखको मार्मिक वर्णन गरे । जुन मार्मिकताले त्यहाँका जनताको मन जित्न सफल भए ।

"देशमा परिपक्क राजनेता भए मात्र देश सही मार्गमा डोरिन्छ । सत्ता अपरिपक्वका हातमा गयो भने राष्ट्रले न सही मार्ग समाउन सक्छ, न त राष्ट्रमा अमनचयन बहाल रहन सक्छ ।" यो उद्गार हो भारतका पूर्व राष्ट्रपति डा.राधाकृष्णन्को । यो उद्गार स्मरण गर्दै स्वामी सत्यव्रत भन्छन्, 'राजनीतिबिनाको धर्मनीति लङ्गडो हुन्छ, धर्मनीतिबिनाको राजनीति अन्धो हुन्छ ।' यो चेतको सर्वत्र प्रभाव हुन्छ । त्यसैले उनका पचास -प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलन, 'भरत जङ्गमः विचार दृष्टिकोण, मा राजनीति चेतको प्रभाव परेको देखिन्छ । यो राजनीति चेतमा उनको आध्यात्मिक चिन्तन देख्छन् स्वामी सत्यव्रत । अध्यात्म आत्माको केन्द्र हो भने विज्ञान र राजनीति वरिपरि घुम्ने परिधि हुन् ।

आराध्यदेव महादेवको सर्वव्यापकताको मुख्य अंश पशुपतिनाथलाई मानिन्छ । भरत जङ्गम पनि नित्य दर्शन गर्न पुग्ने गर्छन् । उनको त्यो

नित्यतामा सङ्कल्प होइन, समर्पण भाव अर्पित छ । चेतनाको जागरण, ॐकारको आशीर्भाव । यो अनुशासन हैन आत्मजागरण हो । अनुशासनमा सर्त हुन्छ । उनको उर्वर उमेर 'धर्मदर्शन'नामक पत्रिकाको सम्पादनमा लागेको देखिन्छ । त्यही समयमा नै उनीभित्र अध्यात्म बीजवत् रूपमा रहेको हुनुपर्छ भन्छन्, सत्यव्रत ।

स्वामी अहिले भरत जङ्गमलाई पूर्ण रूपमा धार्मिक क्षेत्रमा संलग्न रहेको देख्छन् । 'आफू भलो त जगत् भलो' स्वयंदेखि स्वयंसम्मको यात्रा तय गर्दा प्रस्फुरित विचारहरूले सम्पूर्णता समेटेको हुन्छ । अहिले पनि भरत जङ्गम, जङ्गम प्रतिष्ठानका महासचिव, अनन्तलिङ्गेश्वर महादेव विकास समितिका प्रमुख संरक्षक, वागेश्वर महादेव सुधार समितिका सल्लाहकार, सनातन सेवा समितिका प्रमुखका रुपमा सक्रिय छन् । पद ठुलो होइन पदको जिम्मेवारी पूर्णरूपले वहन गर्नु ठुलो कुरो हो । उनको भूमिका हेर्दा उनमा आध्यात्मिकताको चेत प्रशस्त देख्छन् स्वामीजी । राष्ट्रको उत्थानार्थ भ्रष्टाचारविरोधी जनचेतना जगाउनु, मन वचन कर्मद्वारा दिएको योगदानलाई हृदयदेखि नै नमन गर्दछन् स्वामी सत्यव्रत ।

परिच्छेद तीन
खण्ड दुई

भरत जङ्गमको समाजसेवी कार्यको विवेचना
सामाजिक र धार्मिक सेवाका प्रेरणादायी व्यक्तित्व

देवी राउत

'भरत जङ्गमसँग तर्क गर्न भरसक्के कोही अगाडि सर्दैनन् । उनी वकिल भएर हैन । उनमा विविध क्षेत्रको ज्ञान भएर हो । ज्ञानगुनका कुरा सुन्ने चाख भएका मात्र अघि सर्छन् । सतहबाट हेर्दा उनमा ज्ञानको जे गहिराइ देखिन्छ त्योभन्दा धेरै गहिरो भण्डार देख्छु म ।' त्यो गहिरो भण्डारभित्र सर्वचेतना छ । राजनीतिक चेतना पनि उस्तै गहिरो छ । राजनीतिबाट देशको आर्थिक, सामाजिक, भौतिक र मानवीय पक्षमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सोचको मिठो प्रस्तुति दिएर उत्प्रेरणा जगाउने शक्ति छ भरत जङ्गममा ।

भक्तपुर जिल्लाका केही शैव आराध्यदेवका मन्दिरहरूमा नित्य पूजाहरू चल्थे । नित्य हुने पूजाबाट समाजमा धार्मिक भावनाअनुसार नै आचरणको अभ्यास चल्थ्यो । असल गुण भएका मानवहरू निर्माणमा सहयोग मिल्थ्यो । त्यही कार्य सञ्चालनका लागि गुठीको व्यवस्था थियो । समयको कमसँगै मन्दिर, शिवालयहरू जीर्ण हुँदै गए । मन्दिरका नित्यकर्महरू पनि जीर्ण हुँदै गए । यस अवस्थाको अध्ययन, मठ मन्दिरहरूको जीर्णोद्धार, नित्यकर्मको व्यवस्थापन गर्न त्यसको ऐतिहासिक र धार्मिक महत्त्वको जनजनमा उत्प्रेरणा जगाउन अनि दधिकोटस्थित अन्तर्लिङ्गेश्वर महादेवको पूजा व्यवस्था सञ्चालन गराउने कार्यमा भरत जङ्गमसँग सहकार्यमा

जुट्न पुगेका देवी राउत भन्छन्, 'राष्ट्रिय राजनीतिमा भूमिका खेल्न सक्ने तत्कालीन राष्ट्रिय पञ्चायतको चुनाव थियो । चुनावी आमसभाहरूमा म भाषण सुन्न दौडन्थें । सुनेका मध्ये सबैभन्दा गहन लाग्थ्यो भरत जङ्गमको भाषण । भरत जङ्गमलाई पहिलो पटक त्यही देखेका रहेछन् उनले । त्यो पहिलो देखमा नै भरत जङ्गमसँग प्रभावित बनेका उनी भरत जङ्गमको अगुवाइमा सहभागी भई शिवडोल गाविसस्थित डोलेश्वर महादेव मन्दिर, वागेश्वरीको वागेश्वर महादेव मन्दिर, चाँगुका किलेश्वर महादेव मन्दिरमा रोकिएको दैनिक पूजाकर्म सञ्चालन गराइसकेका रहेछन् ।

२०५३ सालदेखि देशमा हतियारको राजनीति सुरु भयो । अझ भनौं बलको राजनीति सुरु भयो । बल स्थापित हुनु भनेको राष्ट्र र समाजमा नैतिकता, सामाजिक सद्भाव, आर्थिक आचरण र अध्यात्मका आधारहरू विलय हुनुजस्तै हो । त्यस समयदेखि हराउँदै गइरहेका छन् पनि यी सब कुरा । त्यो असहज अवस्थामा सामुदायिक विकासका कार्यक्रमहरूमा अपनाइनु पर्ने गुणस्तरीय शुद्धता, धर्म, इतिहासका खोजमूलक अनुसन्धान र लेखहरू तयार पार्ने र सम्बन्धित क्षेत्र र जनता समक्ष उजागर गर्ने समाज सेवाको वास्तविक महत्त्वको विषय र मानव जीवनको विषयमा भरत जङ्गमबाट पाएको ज्ञान र सत्सङ्गलाई देवी राउत आफ्नो जीवनकै ठुलो प्रेरणा मान्छन् ।

सामाजिक कार्यका निमित्त सम्बन्धित स्थानीयहरूको परिचालन नै उत्तम उपाय हो । आर्थिक अभावमा पनि स्थानीय समाजबाटै क्षमता अभिवृद्धि गर्दै लग्नुपर्छ भन्ने सुझाव उनकै थियो । त्यही नीति लिए देवीले । अन्तर्लिङ्गेश्वर महादेवको सुधारको लागि सहभागिता जुटाए । देवस्थल संरक्षणका लागि स्थानीयहरू प्रेरित भएर सच्चा मनले लागे । भरत जङ्गमको सुझावमा पूर्वोत्तरतर्फको लिच्छवि राजा नरेन्द्रदेवको पालामा निर्मित जीर्ण २५८ सिँढीहरू पुनर्निर्माणको निधो भयो । तत्काल सर्वप्रथम भरत जङ्गमबाट आफ्नी श्रीमतीको नाउँमा १००१।- सहयोग जम्मा भएको थियो । चन्दाबाट

नपुग भएमा नपुग रकम आफूले बेहोर्ने ठुलो आश्वासन पनि मिलेको थियो भरत जङ्गमबाट तर देवी राउत स्थानीयहरूबाट नै तीन लाख जति चन्दा उठाउन सफल भइसकेका थिए । जीर्ण सिँढी निर्माण भयो, रोकिएको नियमित पूजा पनि पुनःसञ्चालन भयो । पुजारीका लागि बासको पनि व्यवस्था भयो ।

भरत जङ्गमको व्यक्तित्वको मनन, उनका रचनाको अध्ययन गरेका देवी राउत भन्छन्, 'भरत जङ्गमका रचनाहरूले विश्व भूराजनीतिको रङ्गमञ्चमा कोरा सिद्धान्तले व्यवहारमा शुद्धता नआउने र त्यसले राज्य प्रशासनमा दरिद्रता बढ्ने, मौलिकता गुम्ने डर रहन्छ भन्ने कुरालाई प्रकाश पारेको ठान्दछन् देवी । त्यस्तोमा उच्च पदाधिकारीहरूले दूषित वातावरणलाई सम्बोधन गर्न सक्तैनन् । यही उत्प्रेरणबाट समाजमा स्वयं सिर्जनात्मक कार्यमा लागिरहने सन्देश दिएको ठहर गर्छन् देवी राउत ।

अन्त्यमा राउत भन्छन्, 'भरत जङ्गमका लेख, रचना, उनका अनुसन्धानात्मक कार्यहरू, प्रत्यक्ष साक्षारिता र उनको उत्प्रेरणाहरूको प्रयासले समाजमा जागरण ल्याउन सकोस् । राष्ट्रका सच्चा पहरेदार भरत जङ्गम, मुलुक र समाजका लागि प्रेरणादायी बनुन् । मोती महोत्सवको उपलक्ष्यमा मेरा शब्दश्रद्धा सादर अर्पण गर्दछु ।'

एक सफल अभिभावक

न्युटनप्रसाद सुवाल

भर्खर कक्षा सात उत्तीर्ण गरेको कलिलो किशोर, जसको परिवारले बाबुको सहारा गुमाएको छ । जुन किशोरको शैक्षिक यात्रा अवरोधको सँघारमा छ । ऊ यात्रा जारी राख्ने कोसिसमा छ । यताउता भट्किरहेको छ । जसरी गर्मीमा हरिण तिर्खाले व्याकुल बनेर दौडन्छ । पसिनाले निथ्रुक्क भिजेको बटुवा जसरी सियाँलको आसमा लम्कन्छ । तिर्खाले पानी खोज्छ, पँधेरो रोज्छ तर पँधेरोले तिर्खा खोज्न हिँड्दैन । संयोग बिचरा त्यो किशोर आफ्नो तिर्खा मेट्न कञ्चन पानीको तलाउ आफ्नै अगाडि आएको पाउँछ । ठुलो वृक्षको छहारी भेट्छ । तलाउ, छहारी बनेर पुगेका हुन्छन् भरत जङ्गम ।

त्यति बेला भरत जङ्गमको यस्तो व्यक्तित्व थियो, जसले जङ्गम छात्रवृत्ति प्रदान गर्ने गरेको थियो । असहाय, गरिब, जेहनदार विद्यार्थीहरूका लागि उनले छात्रवृत्ति बाँडिरहेका थिए । झोलामा छात्रवृत्ति बोकेर भक्तपुर जिल्लाका स्कुल स्कुल घुम्थे उनी । कमलविनायक स्थित सरस्वती विद्यालयको प्राङ्गणमा पुगेको किशोरको भरत जङ्गमसँग भेट हुन्छ । त्यो नै उसको पहिलो भेट थियो ।

न्युटनप्रसाद भन्छन्, 'म नै थिएँ त्यो किशोर ।' भरत जङ्गमको रूप देख्दै लागेछ, यो रूपले मनैदेखि कसैलाई मद्दत गर्न सक्छु कि भनेर खोजिरहेको छ । उसको मनले पनि भनेछ, 'मैले पनि दह्रो सहारा भेटाएँ । रोकिन लागेको शैक्षिक यात्रा सुचारु हुने भयो ।'

भरत जङ्गमको सहारामा त्यो बालकले आफ्नो गन्तव्य तय गर्ने आँट गऱ्यो । ऊ अहिले देशको एउटा जागरुक सभ्य नागरिक बनेको छ । ऊ हो त्यही न्युटनप्रसाद सिलवाल । उनी त्यो समय सम्झँदै भन्छन्, 'कसरी पवित्र जल मेरो तिर्खा मेटाउन मैसँग आइपुग्यो ?'

बडो परोपकारी समाजसेवीमा कहलिएको नाम थियो भरत जङ्गमका बाबुको भन्ने पनि सुनेका रहेछन न्युटनले । उनी भन्छन्, 'बाबुको सेवाबाट छोरा प्रभावित भएको हुनुपर्छ ।' त्यस्तै प्रभावकारी व्यक्तित्व भरत जङ्गम स्वयंले स्थापना गरेको 'जङ्गम छात्रवृत्ति' ले रोपेका धेरै बिरुवा हुर्केर बढेर अहिले सुयोग्य वृक्ष बनेका छन् । अलग अलग रसका फलहरू दिइरहेका छन् । २०५२ सालमा अनिवार्य शिक्षा पद्धति लागु भएपछि भने यो क्रम रोकिएको छ ।

न्युटनले शिक्षाको बाटो तय गरिसकेपछि पनि भरत जङ्गमबाट उनका हरेक पाइलाले निर्देशन पाइरहेका हुन्छन्, प्रेरणा, भूमिका र सहयोग मिलिरहेको हुन्छ । यो सम्बन्धले दुई दशक काटिसक्यो । नाताको सम्बन्ध भन्दा 'नि बलियो रगतको सम्बन्ध भन्दा 'नि कसिलो कहिल्यै नटुट्ने छ, भनेर स्विकार्छन् न्युटन । उनी भन्छन्, 'उहाँ (भरत जङ्गम) सँग सम्बन्ध स्थापित भएपछि कुनै पनि व्यक्तिले पटक्कै बाटो बिराउँदैन ।'

न्युटनले मात्र हैन, मैले देखेको-भरत जङ्गम ती व्यक्ति हुन् जसले बाटो बिराएकाहरूलाई सही बाटो देखाउँछन् । न्युटनजस्ताको असल अभिभावक जङ्गम संरक्षक हराएकाहरूका लागि असल संरक्षक पनि हुन् । उनको अभिभावकत्व र संरक्षकत्वमा हुर्के बढेकाहरू मध्ये कति कलाकार बने, कति उनीजस्तै समाजसेवी बने, केही वकिल, केही राष्ट्रसेवक बने । सबैले आआफ्नो क्षेत्रबाट अग्रणी भूमिका निभाइरहेका छन् ।

न्युटनप्रसादको आत्मा पुकारिरहन्छ रे, 'धन्य ! जङ्गम छात्रवृत्ति, धन्य ! भरत सर, उहाँको सुस्वास्थ्य र दीर्घायुका लागि म सधै मनकामना मातासँग प्रार्थना गरिरहने छु ।'

सामाजिक सुधारका विचारक

प्रेमप्रसाद काफ्ले

भरत जङ्गमको आत्मा समाज कल्याणमा गहिरोसँग डुबेको छ । उनी समाज कल्याणकारी कार्यको पुण्य छर्छन् । बिरुवाहरू उम्रन्छन्, रोप्छन्, अनि उनको कल्याणको भकारी भरिइरहन्छ । उनलाई यो पनि थाहा छ, कल्याणकारी पुण्य मौलाएर मुक्तिको फराकिलो बाटो निर्माण हुन्छ । मुक्तिको बाटो पहिल्याएकाहरूसँग ग्रह दशाहरू पनि काँप्छन् । मलाई लाग्छ ग्रहदशा डरले काँपेको कारणले उनले भीषण हानि व्यहोर्न परेको छैन होला ।

राजनीतिमा पनि उत्तिकै चर्चामा आइरहने व्यक्ति हुन् भरत जङ्गम । भक्तपुरको राजनीतिमा उनको नाम झन् चर्चामा आइरहन्छ । उक्त जिल्लावासी सबैसँग परिचय नभए पनि नाम प्रायः भक्तपुरवासीले सुनेकै हुनुपर्दछ । भक्तपुर निवासी प्रेमप्रसाद काफ्लेको भरत जङ्गमसँग परिचय रहेनछ तर नाम सुनेका रहेछन् । पहिलो भेट चाहिँ वागेश्वरी गा.वि.स को विकास कार्यको छलफलको सिलसिलामा मात्र भएको रहेछ ।

स्वयं सामाजिक कार्यकर्ता भएर पनि होला, जङ्गमलाई वाल्मीकेश्वर महादेवस्थानको जीर्णोद्धार र त्यस क्षेत्रको विकासमा सघाउने रुचि जाग्यो । जीर्णोद्धारलगायतका कार्यहरूमा सक्रिय भूमिका निभाउन थाले । त्यस क्षेत्रको धार्मिक र ऐतिहासिक महत्त्वका विषयमा लेख लेख्न थाले । शास्त्रीय मत दिने क्रममा हिमवत् खण्डमा वर्णन गरिएका एक एक बुँदाहरूको विश्लेषण गरे । ऐतिहासिक किम्बदन्तीहरू कोट्याए । यिनै जुटेका प्रसङ्ग र आधारहरूलगायत त्यहाँ स्थित सरस्वतीको स्थललाई महामञ्जुश्री नामकरण पनि गरियो । वाणीकी अधिष्ठात्री सरस्वती हुन् । त्यसैले यो वाल्मीकेश्वर क्षेत्रमा वाणीको प्रधानता हुनुपर्छ । वाणीका अधिकारी ईश्वर र ईश्वरी दुवै

हुन्छन् । तिनलाई वागेश्वर र वागेश्वरी भनिन्छ । त्यसैले यो स्थान वागेश्वर महादेव नै हुनुपर्छ ।

'भरत जङ्गमभित्र स्वच्छ विचारहरू मात्र देख्ने प्रेमप्रसाद, 'भ्रष्टाचार विरोधी आन्दोलनको १० औँ वार्षिकोत्सवको कार्यक्रममा राखिएका भरत जङ्गमका विचारहरू अत्यन्तै उपयोगी देख्छन् र उनको सार्वजनिक बाटो, पानीको मूल मुहान, पार्टी, हिटी, स्वास्थ्य, शिक्षा आदि कुराहरूको विकास, पुनर्निर्माण र मरमत गरिरहनुपर्छ भन्ने उपदेशलाई अति सान्दर्भिक मान्दछन् ।

भरत जङ्गमको कालो सूर्य अध्ययन गरेका प्रेमप्रसाद कामना गर्दै भन्छन्, 'भरत जङ्गम कुशल साहित्यकार हुन्, समाजमा देखा परेका विसङ्गति, विकृतिहरूको गतिलोसँग चिरफार गर्नुभएको छ । त्यस उपन्यासमा समाजका व्यक्तिहरूले भोगेका र भोग्न बाध्य पारिएका यर्थाथलाई बडो मार्मिक ढङ्गले प्रकाश पारिदिनुभएको छ ।'

वाल्मीकेश्वर महादेवस्थानको तालुक मठ भक्तपुरमा जङ्गम मठ रहेछ । जङ्गम मठका अभिलेखमा वागेश्वर लेखिएको रहेछ, त्यो प्रमाण पनि जुटाए र वाल्मीकेश्वर महादेव नै वागेश्वर महादेव हुन् भन्ने पुष्टि गराए । भक्तपुरबाट प्रकाशित हुने खौपृङ नामक पत्रिकाको वर्ष १०, अङ्क १३, २०६२ मा यस विषयलाई अझ प्रस्ट पारिएको छ । प्रेमप्रसाद काफ्ले भन्छन्, 'यो पुष्ट भएबाट त्यो क्षेत्रको स्वरूपमा जे परिवर्तन आएको छ त्यसको श्रेय भरत जङ्गमलाई नै जान्छ ।'

राष्ट्रिय स्वाभिमानका प्रखर वक्ता

मीना सुवेदी

जुठो मानसिकता खोटो हुन्छ । हामीले कसको जुठो खायौँ र स्वाभिमानलाई गलायौँ स्वाधीनता ढलायौँ, राष्ट्रियता बेच्यौँ, स्वधर्म भुट्यौँ ? तुच्छ सुख सयल र सत्ताका लागि परायाका पयर समात्छौँ, शिर टेकाउँछौँ र आफैँलाई विसर्जन गर्ने कार्य किन गर्न थाल्छौँ ? २०४६ सालपछि आफूलाई पार्टीको नेता अहं नेता स्वयं घोषणा गर्ने सबैले यही रीत चलाउँदै आए किनकि ती सबैको मानसिकता खोटो थियो र छ ।

यस्तै यस्तैको भीडमा पनि कोही यस्ता मानिसरूले जन्म लिएका हुँदा रहेछन्, जसले आफ्नो खुसीमा हैन आफन्तको रहरमा होइन, आफ्नो माटोको खुसीमा, आफ्नो समाजको खुसीमा आफ्नो राष्ट्रको खाँचोमा आफूलाई समर्पित गरेर देश र समाजलाई सेवा पुऱ्याइरहेका हुन्छन् । त्यस्ता व्यक्तिहरूमध्ये म भरत जङ्गमलाई देख्छु ।

मानिस जन्मन्छ मर्छ । यदि देश र समाजलाई केही योगदान दिएर गएको छ भने उसका योगदानले सधै जीवित रहन्छ । हामीले देशको माटोलाई चिनेनौँ भने आफूलाई कदापि चिन्न सक्दैनौँ । जन्मभूमिका ऋणलाई सत्कार्य र निःस्वार्थ सेवा गरेर चुक्ता गर्‍यौँ भने यसले युगयुगसम्म सेवा पुऱ्याइरहने छ । आऔँ भरत जङ्गमको व्यक्तित्वको अनुसरण गरौँ भनेर आह्वान गर्दै मीना सुवेदी भन्छिन्, 'भरत जङ्गम, साहित्य, समाज सेवा, पत्रकारिता, राजनीति धार्मिक, आध्यात्मिक पुरातात्त्विक अनुसन्धानबाट राष्ट्रमा नैतिक मूल्यमान्यता, स्वाभिमान र स्वाधीनता स्थापित गर्न लागिपर्नुभएको छ । उहाँले कालो सूर्य, व्यूह चक्र, रातो घाम, पचास-प्रसङ्ग, नेपाली काङ्ग्रेसको सामान्य ज्ञान, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता

पुस्तकहरू हाम्रो समाजलाई दिइसक्नुभएको छ। समाजमा विद्यमान आर्थिक अनुशासनहीनता, भ्रष्टाचार, अन्याय, अत्याचारजस्ता कुसंस्कारहरूलाई निराकरण गर्न सकिन्छ कि भनेर 'स्वतन्त्र विचार मञ्च' जस्तो संस्था खोलेर खबरदारी गर्दै आउनुभएको छ।'

उनका कृतिहरूले समाजका कुरीति र कुसंस्कारलाई सदाका लागि फाल्न जुन प्रयासहरू गरेका छन्, ती प्रयासहरूमा उनको सादा जीवन उच्च विचारको उदाहरण प्रस्तुत भएको पाउँछौं । यस्तै उदाहरण प्रस्तुत गर्ने भरत जङ्गमलाई एउटा निधिको रूपमा पाएको छ देशले । यस्ता भरत जङ्गमको चिन्तनशीलता, धर्तीप्रतिको माया, भरिएको दायित्वभाव, कर्तव्यनिष्ठा एवं उत्तम विचारहरूले उनको परिचय अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याएको छ।

देशमा भ्रष्टाचार उन्मूलन नगरी सुशासन कायम हुन सक्दैन भन्ने विचार बोकेर, सुशासनका लागि अनवरत खटिरहने व्यक्ति भरत जङ्गमको आचरण अनुसरण गरौं भनेर आह्वान गर्दै मीना सुवेदी भन्छिन्, 'जीवन सुख सयलका लागि मात्र हैन, समाजमा सेवा भाव सत्कर्म गर्ने साधन हो। देश र माटोलाई निःस्वार्थ सेवा गरौं। हामीले भरत जङ्गमको व्यक्तित्वको अनुसरण गऱ्यौं भने मात्र पनि यो धर्तीले हामीलाई भुल्ने छैन।'

अन्त्यमा, नेपालको राष्ट्रियता र स्वाभिमानका प्रखर उदाहरण भरत जङ्गमको ६० औं जन्मोत्सवको उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु र समुन्नतिको शुभकामना शुभेच्छा प्रकट गर्दछिन्।

राष्ट्र सेवक तथा कर्तव्यनिष्ठ व्यक्ति

जनरल रविशमशेर

मैले देखेका अवकाश प्राप्त सैनिकहरू अति जाँगरिला छन् । सैनिकको लामो सेवाले जाँगर भरिदिन्छ । जाँगरले फेरि जाँगरिलो साथी खोज्छ निष्क्रिय भएर बस्न दिँदैन । सैनिक जनरल रवि शमशेरलाई पनि निष्क्रिय भएर बस्न दिएनछ जाँगरले । राष्ट्रसेवा गरिसकेका उनलाई समाज सेवाको धर्मले जागृत गराएछ । २०३२ सालतिरको कुरो हो उनले नेत्र ज्योति गुमाएकाहरूको सेवामा लाग्ने निश्चय गरेछन् । त्यसैले नेत्र ज्योतिको सेवा प्रवाह गर्ने संस्था 'नेत्र ज्योति सङ्घ' मा आबद्ध हुन पुगे ।

नेत्रज्योति सङ्घ गठनअनुरूप अस्पताल निर्माण गर्नुपर्ने हुन्छ । विशेषज्ञ डाक्टर, नर्स र अन्य प्राविधिकहरू, शल्यक्रिया गर्दा चाहिने आवश्यक औजारहरू बन्दोवस्त गर्न स्रोतको चरम अभावमा छट्पटिँदै बसिरहेका रवि शमशेरको भरत जङ्गमसँग नेत्रज्योति सङ्घको कार्यालयमा भेट हुन्छ । नेत्र ज्योति सङ्घको उत्थान र विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा भएको छलफलबाट प्रभावित बनेका रविशमशेरले भरत जङ्गमलाई सहभागिताका निम्ति आग्रह गर्छन् । सहमति जुट्छ । त्यसपछि एक आपसमा हार्दिकता बढ्दै जान्छ ।

भरत जङ्गम सधै बिहान नअल्मलिईकन उठ्छन् । त्यसैले जाँगर पनि अल्मलिँदैन । सेवाको अन्तिम किनारा हुँदैन तैपनि सेवालाई पछ्याइरहने भरत जङ्गमको सहयोगमा नेपाल नेत्र ज्योति सहयोग समितिको गठन भएछ । महासचिव भरत जङ्गम अध्यक्ष स्वयं रविशमशेर बनेछन् । त्यही समितिले आर्थिक सङ्कट समाधानको उपाय रच्यो 'हेमन्त मेला' को आयोजना गर्ने ।

रविशमशेर भन्छन्, 'समितिको अनुमति लिई भृकुटी मण्डपमा मेला सञ्चालन गर्‍यौं । त्यस मेलामा भरतजीले ठुलो सहयोग गर्नुभयो । रात दिन नभनी खट्नुभयो । सबै खर्च कटाएर ८७ हजार बचत भयो । त्यति बेलाको त्यो ठुलो रकम थियो । महासचिवको नाताले भरत जङ्गमले नै नेत्रज्योति सङ्घलाई हस्तान्तरण गर्नुभयो । वहाँको परिश्रमले अत्यन्त ठुलो सहयोग भयो सङ्घलाई । त्यही रकमले नेत्रज्योति सङ्घभित्रका पूर्वाधार खडा गर्न, औजारलगायतका साधन स्रोत जुटाउन हामी सफल भयौं । आँखा उपचार सेवा सुरु भयो । त्यही ऐतिहासिक कार्यको महान् उपलब्धि हो अहिलेको त्रिपुरेश्वर आँखा अस्पताल । त्यस अस्पतालका प्रत्येक इँटा इँटामा, सिमेन्ट र बालुवाका कण कणमा समाजसेवी भरत जङ्गमको नाम कुँदिएको छ ।'

जीवनमा लामो समय राष्ट्रसेवामा लगाएका रविशमशेर भन्छन्, 'यी उल्लिखित प्रसङ्गहरूले मेरो मनमा अमीट छाप छाडेका छन् ।' त्यस समयदेखि अनन्य मित्र बनेका भरत जङ्गमको समाजसेवा, पत्रकारिता, साहित्य लेखन कानुन, राजनीति, अध्यात्मलगायतका विविध क्षेत्रमा पुऱ्याएको सेवाबाट प्रसन्न बनेका र शमशेर भन्छन्, 'त्यसपछि पनि हामी मित्रका रूपमा रह्यौं, पारिवारिक स्तरसम्म सम्बन्ध गाढा बनेको छ ।' उनी आग्रह गर्छन्, यस्ता राष्ट्रसेवामा समर्पित, कर्तव्यनिष्ठ इमानदार सामाजिक व्यक्तिलाई समाज र राष्ट्रले कदर गरोस् ।

अध्यात्म, समाजसेवा र सिर्जनाका त्रिवेणी

शङ्कर पौडेल

दीनदु:खीका बिस्कुन परेका दर्दहरू टिप्ने कोसिस गर्दै हिँड्ने भरत जङ्गमसँग शङ्कर पौडेलको पचास वर्षअघि परिचय बनेको रहेछ । 'उनको सम्पर्कमा आउने जो कसैलाई आफ्नो सौम्य व्यवहार, सरल हृदय, स्वच्छ सादा रहनसहनबाट प्रभावित गर्ने खुबी छ' भन्छन् शङ्कर पौडेल ।

किशोर अवस्थादेखि नै कारुणिक परोपकारी मन र सहयोगी भावनाबाट उत्प्रेरित भरत जङ्गम कसैबाट होइन स्वयं प्रशिक्षित थिए भन्छन् शङ्कर पौडेल । देश र समाजका लागि पनि कसैबाट प्रशिक्षित होइनन् भन्नेमा २०१९ सालमा खुलेको 'भीमसेनगोला पुस्तकालय' को उदाहरण नै काफी छ ।

भ्रष्टाचार पञ्चायती कालदेखिको नै रोग थियो । उनले त्यस बेलादेखि नै विरोध गर्दै आएका हुन् । बहुदलीय व्ववस्था पुन:स्थापनापछिका दिनदेखि त लुटपाट, अन्याय अत्याचार, भ्रष्टाचार, प्राडो, पजेरोजस्ता विकृति बढ्दै गए । न्याय निसाफ खोज्न बत्ती बालेर हिँड्नुपर्ने अवस्था सिर्जना हुन गयो । त्यो कुनै क्षेत्र विशेषको कुरा होइन, भ्रष्टाचारले सर्वत्र व्यापकता लिइसकेको छ । लाग्दछ, भ्रष्टाचारको दलदलमा देश धसिँदै गइराखेको छ ।

'देश भ्रष्टाचारले अधोगतितिर धकेल्दै लगेको हेरेर बस्न सकेनन् भरत जङ्गम अनि त भ्रष्टाचार विरुद्ध अभियान नै चलाए । भ्रष्टाचारले अन्धताको राशमा पुरिन लागेको प्रशासनलाई सुधार गर्ने अभियान पनि चलाए । देशमा बेला बेलामा लाग्दै आएका नारा, जुलुस र पड्केका बम बन्दुकले परिवर्तन नल्याएका पनि होइनन् तर तिनले ल्याए सत्ताको मात्र परिवर्तन । देश र जनताको जीवन पद्धतिमा कुनै परिवर्तन आएन । झनै राष्ट्रको अस्मितामाथि खेलबाड भयो । खेल खेलमा राष्ट्र रगतमा लतपतिन पुग्यो । काण्डै काण्ड बहुकाण्ड, चर्चित काण्डहरू घट्न थाले । राष्ट्र कमजोर

हुँदै गयो । प्रजातान्त्रिक मूल्य मान्यताहरू उखेलिँदैगए । यी सब देखेर खबरदारी गर्न भरत जङ्गमको उदय भएको हो भन्छन् शङ्कर पौडेल । उनको प्रयासबाट जनताले केही परिवर्तनका सङ्केतहरू देख्न, सुन्न पाए ।

२००४ सालमा जन्मेका भरत जङ्गम नेपाल माता पार्वतीका सुयोग्य पुत्र निस्के । बहुप्रतिभाका धनी भ्रष्टाचार विरोधी आन्दोलनका नायक, भ्रष्टाचार विरोधी विज्ञानका प्रणेता जङ्गम स्वदेशमा मात्र होइन देश विदेशमा परिचित छन् । जतिखेर उनको बहस अदालत र सञ्चार जगत्मा चल्थ्यो, त्यतिखेर भ्रष्टाचारीको मनमा कोलाहल मच्चिन्थ्यो, भागाभाग गर्थे ।

हरेक विषयलाई सशक्त ढङ्गले लिने भरत जङ्गमको विशेषता छ । त्यसै गरी विषयका हरेक प्रसङ्ग केलाउन सक्ने क्षमता छ उनमा । यसैले उनले बेलाबेलामा राख्ने गरेका विषयका विवादहरू समाज र राष्ट्रलाई दिग्दर्शन बनेका छन् । ती विचार विगत, वर्तमान र भविष्यका लागि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । यी उच्च विचारका धनी, विख्यात उपन्यासकार, लेखक, कवि, साहित्यकार, वरिष्ठ समाजसेवी, कुशल प्रशासकलगायत विभिन्न विधाका जीवन्त व्यक्तित्व भरत जङ्गमका कालो सूर्य, व्यूहचक्र, रातो घाम, पचास-प्रसङ्ग, भ्रष्टाचार वैचारिक आन्दोलनजस्ता सिर्जनाहरू जनजनमा पुगिसकेका छन् भने धार्मिक क्षेत्रको भौतिक विकासमा आफ्नो अमूल्य समय खर्च गर्दछन् । निजी लगानी र परिश्रमबाट आध्यात्मिक क्षेत्रको विकास निर्माणका अनेकन रचनात्मक कार्यहरू जसरी सम्पन्न भइरहेका छन्, त्यसैगरी उनका मूल्यवान् कृतिहरूले पनि सगरमाथाको उचाइ चुमिरहेका छन् ।

कर्मबिना न आत्मसन्तुष्टि मिल्छ न जीवनले उज्ज्वलता पाउँछ । यसैले अतुलनीय कर्म गरेर जीवनमा उज्ज्वलता जगाएका विराट् व्यक्तित्व भरत जङ्गमले अँगालेका हरेक कदम उत्तिकै सशक्त छन् । उनमा राष्ट्रवादी जुझारुपन छ । पटक पटक आन्दोलनले स्थापित गरेका सत्ताले, देशमा लामो समयअगाडि स्थापित उद्योग, कलकारखानाहरू कमिसनको खेलमा सागको मूल्यमा बेच्ने काम भयो । सरकारी जग्गाहरू हडप्ने अभियान

चलाइए । काठमाडौँ उपत्यकामा मात्र गुठीको बिस हजार रोपनी जग्गा हडपियो । राष्ट्रका पहिचान धार्मिक स्थल, मठ, मन्दिर, घाट, पाटीपौवा, पोखरी, धारा, पँधेरा सबै नष्ट गर्दै लगे । शङ्कर पौडेल भन्छन्, 'विदेशी सहयोग र अनुदान सबैभन्दा बढी त्यही समयमा आएको थियो । त्यो विदेशी सहायता योजना र लक्ष्यअनुसार खर्च नभई माथि माथि नै हरायो, यस्तै यस्तै अन्योलपूर्ण अवस्थामा भ्रष्टाचार बढ्दै गयो । यसैले भरत जङ्गमले भ्रष्टाचार विरुद्ध चालेका कदमहरूको सम्पूर्ण जनताले समर्थन गरेका हुन् । सराहना पनि गरेका छन् ।

जगत्पिता परमात्मा श्री पशुपतिनाथका अनन्य सेवक, समाज सुधारक, नेपाललाई औधी माया गर्ने अध्यात्म दर्शनका प्रवक्ता, वैदिक धर्म संस्कृतिका कुशल व्याख्याता, नेपाल र नेपालको जातिगत संरचनाका अध्येता जङ्गमको नेपालको इतिहासका कालखण्डहरू केलाएर विश्लेषण गर्न सक्ने क्षमता र समयगत सान्दर्भिकताले दिनानुदिन उचाइ लिँदै छ ।

हिन्दुराष्ट्र, हिन्दुधर्म, हिन्दु संस्कृति संरक्षण सम्बन्धमा भरत जङ्गमले खेलेको भूमिका र गरेको योगदान नेपाली जनताले कहिल्यै बिर्सने छैनन् भनेर विश्वास दिलाउन प्रयत्न गर्छन् शङ्कर पौडेल । त्यसैले भन्छन्, ' उनको शतवार्षिक महोत्सव मनाउन पाउनुपर्छ भन्ने दृढता व्यक्त गर्दै, यो मोती महोत्सव भव्य रुपमा सफल रहोस्, दीर्घ जीवन जिउन पाउन् भनी पशुपतिनाथसँग प्रार्थना गर्दछु ।'

धनेश्वर क्षेत्रका सबल स्तम्भ

सकुल थापा

नदीका जलबिन्दुहरूलाई जलतरङ्गको प्रशिक्षण दिइरहनु पर्दैन । उपयुक्त स्थान पाउनेबित्तिकै जलबिन्दुहरूले तरङ्गित हुन सुरु गरिहाल्छन् । जल तरङ्गका मिठा धुनहरूमा मन मग्न बन्छ । चेतनाका सषुप्त नाडीहरू पनि रमाउन थाल्छन् । तरङ्गको मनमोहकताभैँ कोही जब भरत जङ्गमको सत्सङ्गमा पुग्छ उसमा पुण्यको सद्भाव बढ्छ । यिनै पुण्यवान् व्यक्तिको नाम धेरै पहिलादेखि सुन्दै आएका रहेछन् धनेश्वर क्षेत्रका सकुल थापाले । पछि ६० सालमा मात्र भेट जुरेछ । त्यो पनि पुण्यकर्म प्रसङ्गमा ।

धनेश्वर महादेवको फराकिलो मन्दिर क्षेत्रभित्र ऐतिहासिक ढुङ्गेधारा जीर्ण भै सुख्खाग्रस्त हुन पुगेछ । नेपालका यस्ता धेरै ऐतिहासिक पुरातात्त्विक चिजहरू उचित संरक्षणको अभावमा जीर्ण बन्दै लोप भएका छन् । यो धारा पनि आफ्नो अस्तित्व लोपको समय पर्खिरहेको रहेछ । महादेवको दर्शन र पूजाअर्चनाका लागि आउने भक्तजनहरू त्यही धारामा स्नान गरी पवित्र भएर दर्शन, पूजा गर्ने गर्थे । त्यही जल अर्पण गर्थे । अरू तिर्खालुहरू पनि तिर्खा मेटाउन आउँथे । यसको निर्माण भक्तपुरका अरू शिवालयजस्तै पुर्खा जङ्गमहरूले निर्माण गरेका रहेछन् । स्थानीयहरूमा मर्मत संरक्षण गर्नु पर्ने चेत पलाएर मर्मत सम्भारका लागि 'धनेश्वर विकास युवा समिति' गठन गरेछन् । त्यही समितिका सदस्य बनेछन् सकुल थापा । समितिका अन्य साथीहरू लिएर पुगेछन् संरक्षणको सिलसिलामा भरत जङ्गमको घर काठमाडौँ बानेश्वरमा । यही थियो थापाको जङ्गमसँगको पहिलो भेट ।

पवित्र मन र सोचका धनी भरत जङ्गमसँग धारा मर्मतको प्रस्ताव राखेछन् थापाले । भक्तपुरका अन्य जङ्गमलाई पनि जानकारी गराएर मर्मतमा जुट्ने प्रेरणा दिँदै आवश्यक निर्माण सामग्री जति लाग्छ आफूले उपलब्ध गराइदिने र आवश्यक श्रम श्रमदानबाट जुटाउनु पर्ने निर्णयका साथ काम

सम्पन्न भएछ । मर्मत सम्पन्न भएपछि धाराको प्रकाण्ड विद्वान् स्वामी प्रपन्नाचार्यबाट उद्घाटन पनि गराए । सकुल थापा भन्छन्, 'भरत जङ्गमको सरसल्लाहमा काम गर्दा अति सहज ढङ्गले कामको बिट मार्न सक्यौं ।'

धनेश्वरमा दर्शन र पूजा गर्न आउने भक्तजनहरू पहिलाजस्तै अब धारामा स्नान गर्छन्, पवित्र बन्छन् । त्यही धाराको जल लगेर महादेवलाई चढाउँछन् । प्यास लागेकाहरू पनि आएर प्यास मेट्छन् । ती सबैले आशीर्वाद दिइरहेका होलान् र त दिनानुदिन जङ्गमको यश बढिरहेको छ ।

यिनै महादेवको मन्दिरमा दैनिक हुनुपर्ने शिवधुनी रोकिएको थियो । त्यो नियमित चलोस् भनी भरत जङ्गमबाट मासिक रु. ५०० ।- का दरले योगदान हुन थाल्यो । अहिले पनि पूजा र शिवालयको शिवधुनीले निरन्तरता पाइरहेका छन् ।

ज्ञानी पुरुषहरू आफूले गरेको दानको विवरण सार्वजनिक होस् भन्ने चाहँदैनन् । हाम्रो उक्ति पनि 'दाहिने हातले दिएको देब्रे हातले थाहा नपाओस्' भन्ने छ । सकुल थापा भन्छन् "धारामा लागेको समानको खर्च विवरण दिन मान्नुभएन भरत जङ्गमले, भन्नुभयो सेवा र सहयोगका आकडा राख्दिनँ । बस मैले सेवा गरेँ यति मात्र सम्झनुहोस् ।" ट्वाँ परेर वहाँलाई हेरिरहेँ ।

अर्को प्रसङ्ग उठाउँदै सकुल थापा भन्छन्, 'स्थानीय महिलाहरूको उत्साहमा धनेश्वर मन्दिर परिसरमा कृष्ण मन्दिर निर्माण गर्न त्यही समितिले जिम्मेवारी पायो । स्रोतको अवसर न्यून देखे पनि हिम्मत हारेनछ समितिले । समितिका तिनै सदस्य भरत जङ्गम कहाँ पुगेछन् । सकुल थापा भन्छन्, "भगवान्को मन्दिर हो । निर्माण गर्ने अठोट गरिसक्नु भएछ, निर्माण सुरु गर्नोस् । त्यसका लागि अरू दाताहरू पनि खोज्नुहोस् ! जति पुग्दैन नपुग रकम म सहयोग गर्छु ।" भनेर हाम्रो हौसला बढाइदिनु भयो ।

अरू दाताहरूबाट पनि रकम जुटाएर मन्दिर निर्माणको काम सम्पन्न भयो । त्यो मन्दिरले धनेश्वर परिसरको शोभा बढाएको छ । थापा भन्छन्

अहिले हामी सबै धनेश्वरवासी वहाँलाई धनेश्वरको स्तम्भको रूपमा मान्छौं। साझा अभिभावकका रूपमा हेर्छौं । वहाँलाई हाम्रो संरक्षक समितिमा बसिदिन आग्रह गर्‍यौं उहाँले स्वीकार गर्नुभयो । वहाँसँग साहित्यकार हरि मञ्जुश्री, उदारमान व्यक्तित्व कपिल देव थापा पनि रहनुभएको छ । वहाँहरूलाई संरक्षक पाएर हामी धन्य बनेका छौं ।

अहिले धनेश्वरले विकासको सिँढी चढिरहेको छ । सकुल थापा भन्छन्, 'यसको विकासका हरेक पक्षमा वहाँको सहयोगको निरन्तरता रहने छ भन्ने आशा राख्दै सम्पूर्ण धनेश्वरवासीको तर्फबाट हार्दिक कृतज्ञता टक्र्याउँदै वहाँको ६० औं वर्ष प्रवेशको शुभ अवसरमा धनेश्वर महादेवसँग इच्छा सिद्धिका लागि प्रार्थना गर्दछु ।'

"भनिन्छ कमजोरीको स्रोत दुईटा हुन्छन् । एउटा आलस्य र अन्धविश्वास यी दुवैले जीवनमा कतै नछोएका भरत जङ्गमको जीवन दर्शनमा समन्वय देखिन्छ । मुहारमा संयमित मुस्कान झल्किरहेको हुन्छ । त्यसैले साहित्यिक जगतमा अमर भएका छन् । भावनाको प्रार्थनामा जसरी मन बोलिरहन्छ, त्यसरी नै उनको बोलिरहेको हुन्छ, समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचार अनि भ्रष्टाचारका विरुद्धमा ।"

-यसै किताबबाट

सामाजिक गुठीका नेता

सगुन शाह

सामाजिक व्यक्तित्वहरूका रुचिकर वाणी र व्यवहारमा समाजको कल्याण र भलाइ मिसिएको हुन्छ । उनीहरूको वाणी र व्यवहारबाट उज्यालिएका गोरेटाहरूमा हिँड्ने समाजका मनहरू रमाएका हुन्छन् । ती व्यक्तित्वहरू आफूसँग रमाउने मनहरूले दिएको जिम्मेवारी वहन गर्न कति पनि पछि पर्दैनन् ।

नयाँ बानेश्वर निवासी सगुन शाहलाई आफू बस्ने क्षेत्रमा आइपर्ने सामाजिक समस्याहरू समाधान गर्न गुठी सञ्चालन गर्न मन लागेछ । तल्लो बानेश्वर क्षेत्रका १०-१५ जना मिलेर भरत जङ्गमकहाँ पुगेछन्, यो सामाजिक कार्यमा उनी सहमत नहुने कुरै भएन । सबैको सहमतिमा गुठी खोल्ने निर्णय भएछ । गुठीको नेतृत्व लिन पनि उनै भरत जङ्गमलाई आग्रह गरेछन् । उनीजस्तो सामाजिक व्यक्तित्वले, नमान्ने कुरै भएन । नेतृत्व लिएछन् त्यसैले सगुन शाह भन्छन्, 'उनी गुठीका पनि नेता हुन् ।' जुन गुठी बानेश्वर क्षेत्रको पहिलो सङ्गठन थियो ।

गुठीका सबै सदस्यहरूले मासिक ५०।- का दरले रकम जम्मा गर्ने गरेर कोष खडा गरे । त्यसको उपयोग कसरी गर्ने, आइपरेका समस्याहरू कसरी समाधान गर्ने भनेर महिनामा एक दिन छलफलमा जुट्न थाले । पालैपालो गरेर सदस्यको घरमा भेला बस्ने गर्थे । सगुन शाह भन्छन्, 'जुन सदस्यको घरमा बैठक बस्थ्यो त्यही घरको सदस्यले अन्य सदस्यहरूलाई दिल खोलेर स्वागत गर्थ्यो । हामी सबै खुसीमा सामेल हुन्थ्यौं तर सधै हँसिला रसिला रहने भरत जङ्गम नै बैठकका केन्द्रबिन्दुमा हुने गर्थे । त्यही भेलाले समस्याको समाधानको उपाय खोज्थ्यो । सगुन शाह स्वयं स्विकार्छन्,

"मेरो पनि त्यही समयदेखि सामाजिक जीवनको सक्रियता बढेको हो ।"

त्यसपछि उनी भरत जङ्गमसँग सामाजिक कार्यमा सहभागी भएर लामो समय साथमा रहे । लामो समयको सहभागिताबाट सगुनले भरत जङ्गमलाई अत्यन्त साहसी देख्छन् । अत्यन्तै धनी सामाजिक व्यक्तित्व देख्छन् । उनमा निर्णय गर्ने उच्च क्षमता देख्छन् । योजना कार्यान्वयन गर्न सक्ने अदभुत् विशेषता देख्छन् । अनि भन्छन्, 'उनको अत्यन्त सहयोगी मन छ । सामाजिक सङ्घ संस्था र गरिब असहाय जेहेनदार विद्यार्थीहरूलाई आर्थिक सहयोग गरिरहेका हुन्छन् ।'

उनी भरत जङ्गमलाई आत्मीय भाइ मात्र ठान्दैनन् । उनी भन्छन्, 'भरत जङ्गम वरिष्ठ साहित्यकार हुन् । नेपाली साहित्यको उपन्यास विधामा उनको महत्त्वपूर्ण स्थान छ । उनका उपन्यासहरू धेरै भाषामा अनूदित भइसकेका छन् । नेपाली उपन्यास विधालाई उर्वर तुल्याउन उनको ठुलो भूमिका छ ।

सगुन शाह आफूलाई उनीसँगै उभ्याउने प्रयत्न गरेर पनि हेर्छन् । 'म त गीत, सङ्गीत र भजन क्षेत्रको मान्छे, हाम्रो विधा फरक रहेछ । साहित्यको क्षेत्रमा मेरो वहाँसँग कहाँ तुलना हुन सक्छ र ? तर म उहाँले कमाएको प्रसिद्धि देखेर अत्यन्त रमाएको छु। यो मोती महोत्सवको अवसरमा सगुन शाह भरत जङ्गमलाई शुभकामना व्यक्त गर्दै भन्छन्, 'उनको प्रसिद्धि उत्तरोत्तर बढिरहोस्, जीवनले दीर्घता पाओस् ।'

महान् समाजसेवी

सुरेन्द्रसिंह कार्की

चर्मचक्षुले चियाउने आँखीभ्यालबाट केवल बाहिरी आवरण मात्र देखिन्छ । तिमी देहरूपी ग्रहको आँखीभ्यालबाट हेर, भरत जङ्गमभित्र के के देख्छौ ? त्यो मनभित्र तिमी विचित्र विचित्रका पनहरू पाउने छौ, विचित्रका खुबीहरू पाउने छौ । उनीभित्र आफ्नो राष्ट्र र समाजलाई अनि मानवलाई हेर्ने, मानवताभित्रको अद्भुत कला बोलेको सुन्दर स्वर्णिम कल्पनाहरू पाउने छौ । तिलस्मी क्षमता पाउने छौ । जे छोयो त्यसैमा सफलता पाएका, त्यो कार्यले पूर्णता पाएका व्यक्तित्व भेट्ने छौ ।

२०४४ सालमा भरत जङ्गमसँग पहिलो भेट र परिचय भएका सुरेन्द्र सिंह कार्कीले नेपाल लायन्स क्लब अफ काठमाडौँमा सँगै दस वर्ष बिताएछन् । २०४६ सालमा भरत जङ्गम क्लबको अध्यक्ष चुनिएपछि झन् उनीहरूमा कार्यगत आत्मीयता पनि बढ्दै गएछ । जुनसुकै काम पनि दत्तचित्त लगाएर गर्ने वहाँको कार्यकाल अत्यन्त सफल रह्यो भन्दै सुरेन्द्रसिंह भन्छन्, 'आफू दत्तचित्त भएर काम गर्ने वहाँ हामीलाई संस्थाको उद्देश्यअनुरूप हिँड्न प्रेरित गरिरहनुहुन्थ्यो । हामीले त्यस समयमा धेरै महत्त्वपूर्ण काम गर्‍यौं । स्वास्थ्य शिविर सञ्चालन गर्‍यौं, सरसफाइ कार्यक्रम चलायौं, लुगाहरू वितरण गर्ने अभियान चलायौं, अपाङ्गलाई आधारभूत सहारा वितरण गर्‍यौं, छात्रवृत्ति वितरण कार्य गर्‍यौं । सुरेन्द्रसिंह कार्की भन्छन्, 'वहाँको निकटता पाएको क्षण स्मरण गर्दा आफूलाई गर्वको अनुभव हुन्छ ।'

उनको यो संस्थामा रहँदाको लामो अनुभवको आधारमा यो संस्थाको विषयमा २०४९ साल ज्येष्ठ दुई गतेको 'साप्ताहिक नेपाल आवाजमा' यस संस्थाको अत्यन्तै सारगर्भित परिचय दिएका छन् । उनले लेखेका थिए, "हामी सेवा गर्छौं", हामी शान्ति चाहन्छौं, हामी लायनिजम कुनै जाति र वर्गप्रति विश्वास गर्दैनौं । यो संस्था कुनै राजनीतिक सिद्धान्तको घेरा र

राष्ट्रको सीमामा सीमित रहँदैन । उचनीच, धनी गरिबमा भेदभाव राख्दैन । अधिनायकवादी बन्धनमा बाँधिन चाहँदैन । यो स्वतन्त्र वातावरणमा मात्र फस्टाउन अवसर खोजेको हुन्छ । त्यसैले लायन्सवाद स्वतन्त्रवाद हो । मानवतावाद हो ।"

सुरेन्द्रसिंह भन्छन्, "वहाँको पालामा सदस्य सङ्ख्यामा उल्लेख्य वृद्धि भएको थियो । १९१७ मा अमेरिकामा जन्मेको लायनिजम २०४४ सालमा आएर लायन्स क्लब अफ काठमाडौँ भ्याली इष्ट नामका रुपमा नेपालमा आयो । त्यति बेला भरत जङ्गम द्वितीय उपाध्यक्षमा चुनिनु भएको थियो । त्यस बेलादेखि नै क्लबको उद्देश्यअनुरूप हिँड्न, चल्न र कार्य गर्न प्रेरित गरिरहनु भयो । वहाँको निकट रहेर काम गर्न पाउँदा आफूलाई अति उत्साहित भएको महसुस गर्थ्यौँ हामी । वहाँको कार्यकालमा आफूले धेरै कुरा सिकेको कुरा उनी भन्छन्, "साँच्चै भन्नु पर्दा भरत दाइमा राष्ट्रियस्तरको नेतृत्व लिन सक्ने खुबी छ ।" त्यस्ता भरत जङ्गमलाई हृदयदेखि नै धन्यवाद दिँदै थप्छन्, 'भरत दाइ महान् समाजसेवी हुनुहुन्छ ।'

राजनीतिले देख्ने सपना साहित्यले देखोस् । साहित्यले देख्ने सपना कानुनले पनि देखोस् । कानुनले देख्ने सपना समाजले देख्न पाओस् । समाजले देख्ने सपनामा सिङ्गो राष्ट्र रमाउन पाओस्, अनि राष्ट्रले देख्ने सपनामा वैशव झुलेको होस् ।

-यसै किताबबाट

कटिबद्ध समाजसेवी

डा. स्वामी प्रपन्नाचार्य

योग्य पिताका सुयोग्य पुत्र भरत जङ्गमको जन्मदिनको समय पारेर जनस्तरबाट 'कालजयी व्यक्तित्व : भरत जङ्गम' नामक ग्रन्थ प्रकाशन गर्न लागेको खबरले अत्यन्तै हर्षित बनेका धर्मगुरु डा. स्वामी प्रपन्नाचार्य भन्नुहुन्छ, 'साहित्यकार, पत्रकार, समाजसेवी भरत जङ्गमलाई सुस्वास्थ्य, दीर्घ जीवन एवं निरन्तर क्रियाशीलताको आशीर्वाद दिन्छु । निजले आफू संलग्न क्षेत्रहरूबाट पुऱ्याएको योगदान उत्तिकै अभिनन्दनीय छ ।'

पुरातन सभ्यता र संस्कृति संरक्षण गरी जस्ताको तस्तै नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्दछ भन्ने विचार बोक्ने भरत जङ्गमलाई स्वामी प्रपन्नाचार्य नेपाली समाजमा आध्यात्म, मूल्य र मान्यतालाई पुनर्स्थापना गर्ने कटिबद्ध व्यक्तित्व देख्नुहुन्छ । उहाँ भन्नुहुन्छ 'भ्रष्टाचारमुक्त समाजको रचना उनको अभीष्ट हो । त्यसैलाई पूरा गर्न साहित्य, पत्रपत्रिका र अध्यात्म चेतनाको माध्यमबाट लागिरहनुभएको छ ।'

सधैं उज्ज्वलता भर्छु मुर्झाएरम मर्दिनँ ।
म हुँ सुगन्धको खानी कोपिला मै म झर्दिन ॥२॥
भन्ने संकल्प बोकेर घुम्दछन् काव्य नायक ।
त्यसैले छानिएका हुन् महाकाव्यार्थ गौरव ॥३॥

भरतांशु महाकाव्यबाट

परिच्छेद : चार

खण्डः एक

इतिहास, पुरातत्त्व र अनुसन्धानका क्षेत्रमा भरत जङ्गम

'भरत जङ्गम धार्मिक छन् । धर्मले ध्यानभित्र पुग्न सक्ने चिन्तनलाई पनि समाधि मान्छ । चिन्तन गर्ने लेखकका लागि लेखनमा ध्यानदृष्टिमा डुब्नु समाधि हो । उनी डुब्छन्, चिन्तनभित्र अनि पिरपिराउँदै निस्कन्छन् सिर्जनाका पिपिरा । अनि तिखारिन्छन् व्यङ्ग्य । अनि ध्यानदृष्टिमा राष्ट्र, राष्ट्रियताका भावनाहरू ओतप्रोत भएर बग्छन् नदीझैं ।''

पुर्ख्यौली इतिहासबाट बनेका इतिहासविद्

ओमप्रसाद धौमडेल

"राजनीतिले जे जे सपना देख्छ, त्यो साहित्य देखोस् । साहित्यले पनि जे जे सपना देख्छ त्यही सपना कानुनले देखोस् । कानुनले जे जे सपना देख्छ त्यो सपना समाजले देखोस् । समाजले जे जे सपना देख्छ त्यो सिङ्गो राष्ट्रले देखोस् । राष्ट्रले देख्ने सपनामा हाम्रो समतामूलक मुलुक होस् ।"

मुलुकले देख्ने सपनाबाट म जाग्छु, मृत्यु कतै देख्दिनँ अनि म ढुक्क हुँदै त्यही मृत्युसँग कामना गर्छु 'भरत जङ्गमको कलमको मृत्यु कहिल्यै नहोस् ।'

जे विषयमा गहिरिन सकिन्छ त्यही विषयको ज्ञान बढ्छ । चेतना खुल्छ, चिन्तन मनन गर्ने शक्ति बढ्छ । ज्ञानको भकारी भरिन्छ । तिनले मन मस्तिष्कलाई जाँगरिलो पार्छन् । सारगर्भित सन्देशहरू प्रवाहित हुन्छन् । साहित्य, सिर्जना, विचार र कलाको योग चल्छ । त्यसैले साहित्य, सिर्जना, विचार, विज्ञान र कलाका योगहरू चलिरहेर होला उनको मनमा उनी

बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व बन्न पुगे । जङ्गमको जन्मस्थान पुख्यौंली भक्तपुरको जङ्गम मठ हो ।

लाग्छ, उनको व्यक्तित्व प्रकाशनमा आउँदा कलाका योगहरूसँग लुकेका इतिहासका मर्महरू सरसराउँदै बाहिर आउने गर्छन् । प्राचीन नेपाल, रोलम्ब, खोपृङजस्ता पत्रिकामा ऐतिहासिक तथ्यका आधारमा गरिएका गहकिला अनुसन्धात्मक लेख यिनै कारणले प्रकाशित भएका होलान् ।

भक्तपुरको संस्कृतिक, ऐतिहासिक, धार्मिक र राजनीतिक वातावरण नबुझेकाहरूले भक्तपुरलाई भादगाउँ भन्ने गर्छन् । भनिन्छ, भक्तपुरको मात्र इतिहास बुझ्नेले समुच्च राष्ट्रलाई बुझ्दछ ।' त्यो इतिहास बुझ्ने एउटै सपूत भरत जङ्गमलाई मात्र देख्छन् आमोप्रसाद धौमडेल ।

भरत जङ्गम भक्तपुरको जुन टोलमा जन्मे त्यही टोलमा ऐतिहासिक जङ्गम मठ छ । त्यसैले पनि उनको नसा नसामा एउटा इतिहासकारसँग हुने थुप्रै गुणहरू विद्यमान होलान् । उनलाई इतिहासविद् बनाउन पुख्यौंली इतिहास नै सबैभन्दा बढी सहयोग गरेको होला ।

जङ्गमसँग सम्बन्धित मठहरू थुप्रै छन् । धुलिखेलको गौखुरेश्वर महादेव, बनेपाको धनेश्वर महादेव, पनौतीको भालेश्वेर र इन्द्रेश्वर महादेव, सिपाडोलको डोलेश्वर महादेव, गुन्टुको अनन्तलिङ्गेश्वर महादेव, वागेश्वरीको वागेश्वर महादेव, चाँगुको किलेश्वर महादेव, नासामनाको मङ्गलेश्वर महादेव, तचपालको रुद्रेश्वर महादेव, इनाचोकको, मल्लिकार्जुन महादेवलगायत शिवालयहरू र त्यहाँ हुने जात्रा, चाडपर्व, मेलालगायतका धार्मिक संस्कारलाई कुनै इतिहासकारले गङ्गा महारानी र विश्व मल्लभन्दा अगाडिको पौराणिकता दिन सकेका थिएनन् । जयरुद्र मल्लदेवका पालाको शिलालेखमा जङ्गम मठको स्थापना विश्वमल्लका पालामा भएको स्पष्ट उल्लेख छ । जङ्गमहरूलाई जोगी भनिने चलन पनि रहेछ । जङ्गम मठ जङ्गम जाति र तीसँग सम्बन्धित थुप्रै सम्पदाहरूको अन्यौलपूर्ण स्थिति

देखेर उनलाई त्यसको खोज गर्न मन लागेर होला उनले साहित्य छाडेर इतिहासतिर लाग्नुपरेको ।

आफ्ना पुर्खाका सम्पदा र साधनहरू फगत् साधन मात्र थिएनन्, ती सबैभित्र आफ्नो जातीय इतिहासको गर्भ लुकेको छ । त्यसैले पनि जागृत तुल्याएका हुन सक्छन् जङ्गमले । किनकि यिनको जीवन्ततामा जीवन जीवित देखिन्छ ।

साहित्य बादलझैँ उड्दै विचरण गर्छ आकाशमा । पानीझैँ बग्छ । हावाझैँ कुद्छ । मेघझैँ गर्जिन्छ, वर्षा झैँ वर्षन्छ । वर्षापछिको वन झैँ कञ्चन सफा हुन्छ । इतिहासमा ती केही हुँदैनन् । इतिहास यर्थाथमा किलाझैँ गडेको हुन्छ । त्यसलाई खोजी ल्याउन त्यति नै गड्नुपर्छ । आफ्नो खुसी होस् वा दुःख अरूको स्वार्थ वा दबाव इतिहासलाई बाङ्गोटेडो बनाउन पनि सकिँदैन ।

इतिहासका तथ्यहरू न बाङ्गिन सक्छन्, न दब्न भन्ने प्रसङ्गमा चीनको दृष्टान्त सान्दर्भिक हुन्छ । कुरा छिवशंको हो । प्रधान सेनापतिले निर्ममतापूर्वक राजा र राजपरिवारको हत्या गर्छन् । त्यसलाई प्रसिद्ध इतिहासकारले, प्रधान सेनापतिले अशुभ कार्य गरेको भनेर लेखेछन् । त्यस्तो लेखेकाले सेनापति रिसले आगो भएछन् । उनले लेखकलाई मृत्युदण्ड दिएछन् । त्यो स्थानमा आफ्नै भाइलाई नियुक्त गर्दै निर्देशन दिएछन्, 'त्यो कालो इतिहासलाई सेतो बनाऊ ।' अत्यन्त विद्वान् भए पनि भाइले इतिहासलाई सेतो बनाउन सकेनन् । उनलाई पनि मृत्युदण्ड दिँदै आफ्नो अति विश्वासिलो इतिहासकारलाई नियुक्त गर्छन् सेनापतिले । पदको शपथ ग्रहण कार्यक्रममा इतिहासकारले सेनापतिलाई सम्बोधन गर्दै भन्छन्, 'सेनापति महोदय, म पनि इतिहासका तथ्यहरू बङ्ग्याउन चाहन्न । म सत्यको पुजारी हुँ, इतिहासप्रेमी हुँ । त्यसैले म जति मृत्युदेखि डराउँदिनँ त्यति सत्यदेखि डराउँछु । त्यसैले म पनि त्यो संहारलाई अशुभ कार्यमा सूचीकृत गर्न चाहन्छु ।'

उनको कुरा सुनेपछि सेनापति स्तब्ध हुन्छन् । विस्मित हुँदै सोच्छन् ‘ इतिहासकारलाई मार्दैमा सत्य नमर्दो रहेछ ।’ यस घटनापछि सेनापतिले इतिहासकारलाई सत्य लेख्न छुट दिएको थियो रे ।

भरत जङ्गम ती चाइनिज विद्वान्जस्तै सच्चा इतिहासकार हुन् । यसैले उनी इतिहासमा सत्यतथ्यको खोजी गर्दै हिँड्छन् । धौमडेल भन्छन्, ‘उनको जङ्गम मठ र अन्य सम्पदाको विषयमा हचुवा तालमा इतिहास कोरिएका छन् । नेपालको इतिहासका बारेमा पनि कतिपय तथ्यहरूमा भ्रम सिर्जना भएका छन् । भरत जङ्गमले त्यस्ता भ्रमपूर्ण तथ्यहरूको सत्य तथ्य खोजिरहेका हुन्छन् ।’

हाम्रा इतिहासका पानाहरूमा अंशुवर्माको राजधानी ‘हंसगृहद्रङ’ अनन्तलिङ्गेश्वर महादेव भएको उल्लेख छ । त्यो अनन्तलिङ्गेश्वर महादेवसँग भरत जङ्गमको धार्मिक सांस्कृतिक सम्बन्ध छ । भक्तपुर उनको जन्मस्थान पनि हो तर पनि उनले आफ्नो सम्बन्धको पूर्वाग्रह राखेर समर्थन गरेनन् । त्यो दुर्गम क्षेत्रमा ‘हंसगृहद्रङ’ हुन नसक्ने तथ्यमा अडिए ।

दोलाशिखर स्वामी जसलाई इतिहासले चाँगुनारायण मान्दै आएको छ । भरत जङ्गम भने दोलाशिखर स्वामी चाँगुनारायण नभएको तर्क दिन्छन् । शिवदेव अंशुवर्माको सं. ५१५ को अभिलेखमा दोलाशिखर स्वामी बनेपा नजिक रहेको उल्लेख छ । हाल चाँगुनारायणको बनेपासँग निकटता छैन । भक्तपुरको दक्षिण पूर्वी भेगलाई स्थानीयहरू दोलायँ भन्छन् । स्थानीयले दोलायँ भनेको ठाउँमा डोलेश्वर महादेव मन्दिर स्थापित छ । त्यसभन्दा माथिको शिखरमा आशुपुरे महादेव स्थापित छन् । यी दुईमध्ये एउटा दोलाशिखर स्वामी हुनुपर्दछ भन्छन् भरत जङ्गम किनकि बनेपाको निकटमा यही स्थान छ ।

नेपालको इतिहासमा मान्यता छ, ‘लोकपाल स्वामी वैष्णव देवता हुन् ।’ त्यो कुरा इतिहासविद भरत जङ्गम खण्डन गर्छन् । अनन्तलिङ्गेश्वरमा

रहेको नरेन्द्रदेवको शिलालेखमा अनन्तलिङ्गेश्वरलाई नै लोकपाल स्वामी भनिएको छ । यो तथ्यसहित लोकपाल स्वामी वैष्णव नभएर शैव देवता हुन् भन्ने तथ्यगत आधारहरू छापामा प्रकाशित भएपछि इतिहासमा एउटा नयाँ मान्यता अगाडि आएको छ ।

यो देशमा भरत जङ्गमजस्ता इतिहासविद्हरूको ठुलो खाँचो छ जसले सत्यतथ्य प्रकाशमा ल्याउन सकोस् भन्दै धौमडेल अगाडि लेख्छन्, 'यस्तो ऐतिहासिक विषयमा गहन अध्ययन गरेर ठुलो योगदान पुऱ्याएका भरत जङ्गमबाट भक्तपुरको जङ्गम मठ अगाडिको नरसिंह मन्दिर र स्ववुङ्ग भैरवका बारेमा गहन अध्ययन हुन सके जङ्गम जाति र जङ्गम मठको वास्तविक इतिहास प्रकाशमा आउनुका साथै भक्तपुरको समग्र इतिहासका तथ्यहरू पनि बाहिर आउँथे ।'

भरत जङ्गमलाई उनको जीवन कालमा सम्मान गर्न 'कालजयी व्यक्तित्व भरत जङ्गम' ग्रन्थ प्रकाशन गर्न लागेकामा आयोजकलाई 'साधुवाद' दिँदै भैरवनाथसँग उनको दीर्घ जीवनको प्रार्थना गर्छन् धौमडेल ।

"जो नकारात्मक नभई विशालतम सकारात्मक हुन्छ । ऊ भित्र लुकेर बसेको ईश्वरले आफ्नो ईश्वरीयरुप देखाउन पाउँछ । मलाई लाग्छ भरतजी भित्रको ईश्वरले ईश्वरीय रुप देखाइरहेको छ ।"

-यसै किताबबाट

सामाजिक स्थितिका ममज्ञ

कृष्णलाल प्रधान

उपनिषद्हरूले इन्द्रियका इच्छाहरूलाई दमन गर्दै जीवनको सत्यको खोजी गर्ने विषयमा जोड दिन्छन् । भरत जङ्गमले जीवनको खोजतिर भन्दा बढी आफूलाई जन्मेको धर्तीको सास्कृतिक, ऐतिहासिक एवं पुरातात्त्विक सत्य के हो ? भन्ने खोजतिर लगाए । त्यसैले कृष्णलाल प्रधान भन्छन्, 'उनी सामाजिक स्थितिका मर्मज्ञ हुन् ।'

उपत्यकाका तीनै सहरमध्ये जीविकोपार्जन र जीवन वृत्तिका अवसर हरूमा पछि परेको भक्तपुरको विकासको गति बढाउने उद्देश्यले स्थापित 'भक्तपुर विकास सहयोग सङ्घ' को माध्यमबाट एक आपसमा परिचित बनेका रहेछन्, आजीवन सदस्य भरत र कृष्णलाल । त्यो संस्थाको मूल उद्देश्य एकातिर भक्तपुरको सर्वतोमुखी विकास, सांस्कृतिक, धार्मिक र शैक्षिक क्षेत्रको समेत संरक्षण र सम्बर्धन गर्ने रहेछ भने अर्कोतर्फ भक्तपुरबाट बसाइँ सराइँ गरेर उपत्यकाका अन्य सहरहरूमा गएका व्यक्तिहरू बिच सौहार्द्रपूर्ण सम्बन्ध स्थापित गरेर जिम्मेवार र अनुशासित नागरिक निर्माण गरी राष्ट्रहितमा क्रियाशील तुल्याउने रहेछ ।

भक्तपुरको विकासका लागि उनैसँग काँधमा काँध मिलाएर हिडेका भरत जङ्गमको बहुआयमिक व्यक्तित्वमा कुनै दुईमत देख्दैनन् कृष्णलाल । उनी भन्छन्, 'भक्तपुरका आम नागरिकहरूले आदरपूर्वक उच्चारण गर्ने नाम थियो 'कान्छा महन्त' । कान्छा महन्त प्रसिद्ध समाजसेवी, परोपकारी, दानी, न्यायी, सङ्गीतप्रेमी, धर्मनिष्ठ व्यक्ति थिए । भरत जङ्गममा उनै पिता र परिवारको छाया परेको महसुस गर्छन् कृष्णलाल । पारिवारिक अनुकूलता, अपयुक्तता र सुविधाका कारणले भरत जङ्गममा प्रतिभा विकास भएको हुन सक्छ । त्यसले पनि भरत जङ्गम असल बाबुका उत्तम सन्तानका रूपमा भक्तपुरभरि परिचित छन् ।

भक्तपुर विकास सहयोग सङ्घले प्रत्येक साल नयाँ वर्षको उपलक्ष्यमा विशेषतः भक्तपुरको कला, संस्कृति, इतिहास, आर्थिक एवं सामाजिक र सांस्कृतिक पक्षलाई दृष्टिगत गरी प्रकाशन गर्ने अनुसन्धात्मक लेख रचनाहरूमा भरत जङ्गमका खोजपूर्ण लेखहरू समावेश भइरहन्थे । भरत जङ्गमका कतिपय लेखहरू पढेर उनलाई संस्कृतिविद्, इतिहासका मर्मज्ञ, अनुसन्धाताका रूपमा जान्दा रहेछन् कृष्णलाल । त्यसैले पनि होला भरत जङ्गमको साहित्यकार समाजसेवी, भ्रष्टाचार विरोधी आन्दोलनका अभियन्ता र अनुसन्धानकर्ताको परिचय बनेको भन्छन् प्रधान ।

हात हालेको काम फत्ते गरेर छाड्ने स्वभावको विशिष्टता पाएका भरत जङ्गमको धारणा रहेछ, 'विश्वको यो अनुपम सहर भक्तपुरको निर्माण पूर्ण वैज्ञानिक र सुसंस्कृत ढङ्गले भएको छ । त्यसैले यो सहर विश्वका जुनसुकै सहरसँग दौडिन सक्छ ।' यस्ता मर्मज्ञ भरत जङ्गमलाई मोती महोत्सवको शुभकामना दिँदै कृष्णलाल भन्छन्, 'उनका सारगर्भित सुशोभित लेखहरू प्रकाशित भइरहुन् ।'

उनलाई आफ्नो देशको माया, आफ्नो समाजको माया छ । देश र जनताको माया कुना कुनामा लुकेको भए पनि विद्रोही स्वभाव केही लुकेको पनि देखिन्छ । त्यो स्वभावलाई कसैले विद्रोहीको रुपमा देख्न सक्छन् । आफ्नो हित प्रतिकुल देख्नेहरुले विद्रोही पनि भनिदिन्छन् ।

-यसै किताबबाट

वीरशैव र जङ्गमबीचको सम्बन्ध

डा. गोविन्द टन्डन

सायद भरत जङ्गममा ज्ञान छ, सत्य शिवं सुन्दरम्को । उनी आराधनाका लागि नित्य पशुपति पुग्दछन् । पशुपतिनाथलाई ज्योर्तिलिङ्ग मानिन्छ । यो पञ्चमुखी लिङ्ग भावलिङ्ग, प्राणालिङ्ग र इष्टलिङ्गको प्रतिष्ठत रूप हो र जसमा विचित्रता लीन रहेको मानिन्छ । त्यही विचित्रता जगाउन कैलाशमा पुगेर ॐकार ध्वनि गुञ्जाउँछन् । ती परमार्थका साधक वीर शैवमतका अनुयायीको दैनिकी यहीबाट सुरु हुन्छ ।

यस्ता भरत जङ्गमलाई जीवित अवस्थामा सम्मान गर्न एउटा शुभ कार्यको थालनी भएको छ । म यसलाई नयाँ परम्पराको थालनी देख्छु । समाज र राष्ट्रका लागि योगदान पुऱ्याउने सर्जक स्रष्टालाई जीवित अवस्थामा सम्मान गर्ने । केही शब्द कोरेर सम्मान पुऱ्याउने । 'शब्द' संसारमा सबैभन्दा शक्तिशाली हुन्छ भने मान्यता पढेको थिएँ । त्यस्ता शब्दहरूले स्रष्टाको सम्मानमा योगदान पुऱ्याए, शुभेच्छा, आशीर्वादका वचनहरूले आशिष थपिरहे उनीहरूमा आत्मबाट धारणा, दृष्टिकोण र हौसला प्रबल हुँदै जान्छ ।

डा. गोविन्द टन्डन भन्छन्, 'भरत जङ्गम धेरैतिर फैलिएका छन् ।' उनी अब्बल दर्जाका साहित्यकार हुन्, दक्ष प्रशासक हुन्, पत्रकार हुन्, समाजसेवी हुन् र भ्रष्टाचार विरोधी अभियानमा अभियन्ता हुन् । उनी अनुसन्धात्मक, प्रचारात्मक, बहिष्कारात्मक र कानुनी उपचारका लडाँइहरू लड्छन् । आवश्यक परे लडाइका लागि सडकमा समेत उत्रन्छन् । उनका यस्ता कार्यहरू राष्ट्रका लागि, समाजका लागि अविस्मरणीय छन् । उनले अघि सारेका विचार र आन्दोलन जनताले सधै हेर्ने पढ्ने इतिहासका पाना हुन् ।

राष्ट्र र समाजमा छरपस्ट छरिएका विकृति विसङ्गतिहरू टपटप टिपेर जनतालाई देखाइदिन्छन् । ती टिपेका सिलाको सँगालो हो 'कालो सूर्य' । अन्याय र भ्रष्टाचारप्रतिको तीक्ष्ण क्षोभ हो । यो उपन्यास विधाको लहरमा उपन्यासको रूपमा उभिएको छ । यसमा तत्कालीन व्यवस्थाको तीव्र विरोध छ । राज्यका आचरणहरूमाथिको कडा प्रहार हो यो कृति ।

गोविन्द भन्छन्, 'त्यसपछि उदाएको हो रातो घाम, यसले कम्युनमा बाँच्ने प्रयास गरिरहेका चीनिया जनता र समाजमा पारेको असर, विसङ्गति विकृति अनि अवनतिका झलकहरू झल्काएको छ । स्वतन्त्रता, मौलिक हक-अधिकारजस्ता भावोचित आवश्यकताहरूको चीनमा अभाव रहेको कुरा यस उपन्यासले औंल्याउन खोजेको छ ।

अनि 'व्यूहचक्र' ले तत्कालीन पञ्चायती राजनीतिले समाजमा पारेको असरलाई औंल्याउन खोजेको छ । पञ्चायतका कमजोरीहरूका कारण बढेको भ्रष्टाचारले राष्ट्रलाई डुबाउँदै लगेको छ भन्ने विषयलाई प्रस्टयाउँदै लगिएको छ । जङ्गम अनेक सामाजिक सङ्घ संस्थामा रहँदा पनि उपन्यास र अन्य साहित्यका विधाहरूलाई अघि बढाउँदै देश र समाजमा रहेका कुरीति, कुसंस्कारलाई हटाउने सोचमा लागेको देख्छन् टन्डन । त्यसैले त उनका पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता कृतिहरू प्रकाशमा आए ।

डाक्टर गोविन्द टन्डनलाई विषय र अनुरोध थियो यी कालजयी व्यक्तित्व भरत जङ्गम शीर्षकको अभिनन्दन ग्रन्थमा वहाँको बहुआयामिक व्यक्तित्वका विषयमा केही कुरा प्रकाश पारिदिन । अनुसन्धाता गोविन्द टन्डन स्वयं भन्छन्, 'वहाँको बहुआयामिक व्यक्तित्वका विषयमा कलम चलाउनु पर्नेमा म त जङ्गम थर, विषय, इतिहास, र परम्पराको विषयमा पो लेख्न पुगेछु । कलम कतै मोडिएछ ।' भरत जङ्गम धेरैतिर फैलिएका भएर पनि होला, निश्चित विषयभन्दा अलि फरक विषयमा कलम मोडिएको ।

तर माग गरिएको विषयभन्दा फरक विषयमा जङ्गम थर, त्यसको परम्परा र इतिहासका बारेमा जे लेखिएको छ, त्यो सारगर्भित लेख कुनै समय र प्रसङ्गमा अवश्य महत्त्वपूर्ण मानिने नै छ ।

बहुआयमिक व्यक्तित्वको प्रसङ्ग भन्दा अलि फरक जात र पद, पुख्यौंली, इतिहासको नालीबेली कोट्याउन पुग्छन् गोविन्द टन्डन । भरत जङ्गमले आफ्ना ऐतिहासिक लेख रचनाहरूबाट तथ्य पेस गरेपछि जङ्गमहरू दशनामी रहेनन् । उनीहरू वीरशैव ब्राह्मणमा दरिए । वीरशैव वा वीरमहेश्वर नामले परिचित यो मतलाई लिङ्गायत वा जङ्गममत भन्ने चलन छ ।

'शिवजी वैक्य बाधिका' विधामा रमाउने शैवहरू वीरशैव कहलाउँछन् । शिवतत्त्वमा पारङ्गत आचार्यहरूले यस सम्पदायका मानिसहरूलाई तीन तक वा प्रकारमा बाँडेर दीक्षा दिने परम्परा छ । यो शिक्षा पद्धतिलाई त्रिविद्या पनि भनिन्छ । यिनीहरूको वीरशैव मतमा लिङ्गस्थललाई नै शिव वा रुद्र मानिन्छ । अनि लिङ्गलाई आराध्य मानिन्छ । जब कि अङ्गस्थललाई जीवात्मा, आराधक मानिन्छ । स्वेच्छाले यो शक्ति दुई भागमा विभक्त छ । एक पक्षका शिव अक्षित कहलाउँछन् भने अर्को पक्ष कला, यसमा जीवात्मा अक्षित हुन्छन् अनि भक्ति कहलाउँछन् ।

शक्तिमा एक प्रकारको ग्रहणशीलता हुन्छ । जसका कारण क्रियाशील जगत्मा संलग्न हुन्छ तर भक्ति भने ग्रहणशीलयुक्त नै हुन्छ । त्यही भक्तिले क्रियाशील जगत्मा संलग्नता बढाउँछ । भक्ति क्रियाशील मुक्त हुन्छ । यी क्रिया जगत्बाट 'पाराङ्गमुख' गराएर मुक्ति गराउँछ ।

शिव तत्त्वले आफ्नो स्वरूपको विभाजन आफ्नै शक्तिद्वारा लिङ्ग या ईश्वर अथवा जीवात्माको रूपमा गरे । अन्य शक्तिहरूको प्रभावबाट यही शिवतत्त्व जगत्को श्रद्धा बन्यो भन्ने वीरशैव मतमा उल्लेख छ ।

वीरशैव मत या लिङ्गायत सम्प्रदायमा उच्च वर्गमा पर्छन् जङ्गमहरू

जो आफूलाई लिङ्गी ब्राह्मण पनि भन्छन् । लिङ्गायतका अरू जाति र श्रेणीहरू उनीहरूमा अनुभवी हुन् । लिङ्ग ब्राह्मणमा दुई वर्ग हुन्छन् आचार्य र पञ्चम । आचार्यहरूका मूल पाँच थिए । यिनीहरूको उत्पत्ति शिवजीको सद्योजन आदि पाँच मुखबाट भएको मानिन्छ । यी पाँचमा वीर, नन्दी वृषभ, भृङ्गी र स्कन्दलाई गोत्र मान्दछन् । लिङ्गायत वा जङ्गमहरूले ब्राह्मण व्यवस्थालाई अनुसरण गरेको देखिन्छ । साधारणतया लिङ्गात्मकहरूका चार श्रेणी हुन्छन् । १-जङ्गम या आचार्य, २- शीलवन्त ३- वार्णिक ४- पञ्चमशील । जङ्गमको अर्थ जातिको सदस्य हो भने अर्को जो जङ्गम अभ्यास गर्दछ । त्यो समाजमा दोस्रो श्रेणीका व्यक्तिहरूको उच्चस्थान रहेको बताइन्छ । गोविन्द भन्छन्, 'धेरै जङ्गमहरू विवाह गरेर आफ्नै प्रकारले जीन सञ्चालन गरिरहेका हुन्छन् ।' अभासी जङ्गमहरू भने ब्रह्मचर्य पालना गरेरै बस्छन् । उनीहरूको शिक्षण गुरुकूलअनुसारको परम्परामा हुन्छ ।

विरक्त जङ्गमहरूको शिक्षाका लागि विशेष मठ हुन्छ । जहाँ दार्शनिक शिक्षा दिइन्छ । त्यो शिक्षा दिने मठलाई षट्स्थल मठ भनिन्छ । यसैमा शिवका साथ एकत्व भएर शिवत्व प्राप्त गर्ने भन्ने मान्यता छ । ती एकत्व प्राप्त गर्ने छ स्थल छन् ।

जङ्गमहरूले शङ्कराचार्यको अनुसरण गरेर सुरुमा पाँच मठको स्थापना गरेका हुन् भन्ने भनाइ छ । त्यसमध्ये काशी स्थित 'ज्ञानसिंहासनलाई' जङ्गमबाडी मठको नामले पुकारिन्छ ।

यो जातमा पैदा भएका नवजात शिशुलाई त्यसको रक्षाको लागि गुरुलाई बोलाएर अष्टवर्ग संस्कार गराइन्छ । अष्टवर्ग गुरु लिङ्ग (शिवलिङ्ग) विभूति, रुद्राक्ष, मन्त्र, जङ्गम (भक्ति परिवार) तीर्थ (चरणोदक) र प्रसाद यो कार्य गराइन्छ । यति गरिसकेपछि बालक लिङ्गायत बन्छ भन्ने विश्वास छ ।

प्रत्येक लिङ्गायतहरू शुभ सन्ध्यामा घाँटीमा लगाएको शिवलिङ्गलाई

हत्केलामा राखी विधिपूर्वक पूजा, ध्यान, जप गर्दछन् । यो सम्प्रदायमा गुरुलाई अत्यन्तै सम्मान गर्ने चलन छ । घर पुगेका गुरुलाई पाठपूजा गरेर सम्मान गरिन्छ । अनि परिवारका सबै सदस्य मिलेर षोडषोपचारले पूजा गर्ने चलन छ ।

लिङ्गायत दुई वर्गमा हुन्छन् । एउटा पूर्णलिङ्गायत अर्को अर्धलिङ्गायत । यिनीहरूमा अर्न्तजातीय विवाह निषेध छ तर विधवा विवाह भने स्वीकार्य छ । महिलाको ऋतुकाललाई अस्पृश्य मानिँदैन ।

यिनीहरूमा ब्राह्मण क्षत्रियहरूको उपनयन संस्कारजस्तो दीक्षा संस्कार गर्ने चलन छ । गायत्री मन्त्रको सट्टा ॐ नमः शिवाय जप्छन् । यज्ञोवपीतको सट्टा सूत्रसहितको शिवलिङ्ग धारण गर्छन् । लिङ्गायतहरूको दीक्षा बालबालिका दुवैमा गरिने चलन छ तर यिनीहरूमा इष्टलिङ्गको पूजालाई नै देवोपासना मानिन्छ । त्यसैले उनीहरूका लागि अन्य मठ मन्दिरको खास महत्त्व हुँदैन ।

लिङ्गायत धार्मिक सङ्गठनका पौराणिक साहित्यहरू कन्नड र संस्कृत भाषामा हुन्छन् । केही केही भने काशी तेलेगु भाषामा पनि पाइन्छ । भक्तपुरको जङ्गम मठ, चिनियाका मठहरूको मूल मठ मानिन्छ । वीरशैव मठका आचार्य जङ्गमहरू मन्दिरमा प्रतिष्ठापित लिङ्गहरूलाई त्यति महत्त्व नराख्ने जङ्गमहरूको नेपाल प्रवेशको तिथिमिति भने यकिन गर्न सकिएको छैन भन्छन्, गाविन्द टन्डन ।'

वि.सं. १६७८ को रणजित मल्लको शिलालेखको आधारमा कन्नड भाषामा विद्वान् 'अर्चक' भनिएबाट उनीहरू दक्षिण भारतबाट आएको हुनुपर्छ भन्ने बुझिन्छ । तिनै रावलहरू, लाब, लावल, हुँदै जङ्गम बनेर खास गरी भक्तपुर र पनौतीतिर छरिएको देखिन्छ ।

एकथरी कर्नाटकवंशी राजा न्यान्यदेवसँग सिम्रौनगढमा आएको र त्यहाँबाट हरिसिंहदेवको साथमा भक्तपुर प्रवेश गरेको पनि मानिन्छ ।

गोविन्द लेख्छन्, 'नेपालका जङ्गमहरूका पूर्वज कर्नाटकबाट दीक्षित भएर आएका थिए कि नेपालमा नै दीक्षित भएका हुन् भन्ने कुरा प्रस्ट देखिँदैन ।'

बङ्गालबाट मुगलहरू पसेर पशुनाथको मन्दिर ध्वस्त पारेपछि मन्दिरको पुनः निर्माण गर्दा त्यसको आचार्य र राजपुरोहितमा नियुक्ति गरिएका 'रणयपति' आराध्य शर्माका कान्छा छोरा थिए भन्ने मान्यता पनि छ । तिनै आराध्य शर्मा वीरशैव मतअर्न्तगत आराध्य सम्प्रदायका हुन् भन्ने मानिन्छ ।

यहाँका जङ्गमहरू नन्दी गोत्रका हुन् भनिन्छ किनकि उनीहरूको भान्सामा नन्दी प्रतिष्ठत हुन्छ । भक्तपुरको जङ्गम मठको भान्साकोठामा नन्दीलाई प्रतिष्ठत गरिएको छ । अहिले पनि त्यहाँ खाना खानभन्दा अगाडि तिनै नन्दीलाई ढोग गरी तिनको तल रहेको विभूत लगाएर मात्र खाना खाने गरिन्छ भन्छन्, गोविन्द टण्डन ।

समाजमा समानताको भाव जगाउन विद्यमान रुढिवादीहरूलाई पन्छाउँदै शिवका शरणागत हुन सके 'शिवसायुज्य' प्राप्त हुन्छ भन्ने विश्वासलाई आत्मसात् गर्नेहरूको सङ्गठन हो लिङ्गायत । भरत जङ्गम यही लिङ्गायत सम्प्रदायका अनुयायी हुन् ।

अनुसन्धानात्मक, साहचर्य

डा. पुरुषोत्तम श्रेष्ठ

लेखन विधामा लागेकाहरू बिच आ-आफ्ना लेखहरूले एक अर्कामा विचारको गहिरो मतभेद उत्पन्न गराएका पनि हुन सक्छन् । मतभेदहरू भए होलान् तर मतभेदलाई मर्मभेदी कहिल्यै बनाएनन् भरत जङ्गमले । हरेराम जोशीको 'मठ' लेखबाट मर्माहत भएर बरु स्वयंले भक्तपुरको धार्मिक, सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका भन्ने लेख प्रकाशित गरे । त्यही लेखले डा. पुरुषोत्तम लोचनलाई केही लेख लेख्न प्रेरित गऱ्यो । त्यसपछि पुरुषोत्तम भाइ र भरत दाइको सम्बन्ध बन्यो । पुरुषोत्तम भन्छन्, 'त्यो दाइभाइको सुमधुर सम्बन्ध यद्यापि छँदै छ ।' दाइ भरतकै प्रेरणाले ' भक्तपुरमा वीरशैव मतको विकास र प्रभाव' बारेमा अन्वेषणात्मक लेख लेख्छन् पुरुषोत्तम लोचन ।

भरत जङ्गमले लेखेको त्यस लेखमा पुरुषोत्तमले जान्न र बुझ्न पर्ने कुरा देख्छन् । उनलाई तुलबुल लाग्छ अनि लेख्छन्, 'भक्तपुरमा वीरशैव मतको विकास र प्रभाव' । 'जुन लेखले भरत दाइको मर्माहत मनमा मल्हमपट्टी लगायो, ज्वरोको पानीपट्टी बन्यो' भन्छन् पुरुषोत्तम ।

उत्तर प्राचीन कालदेखि नै नेपालमा स्वतन्त्र रूपमा अनेक शैव सम्प्रदायहरू अस्तित्वमा थिए । तीमध्ये वीरशैव वा लिङ्गात्मक सम्प्रदाय प्रमुख थियो । जुन वर्तमानमा पनि अस्तित्वमा देखिन्छ । यिनीहरू लिङ्गायत सम्प्रदायका आचार्य जङ्गम शैवमतका लिङ्गी ब्राह्मण हुन् । यिनीहरू मुख्य रूपमा विश्वेश्वर र विश्वनाथ भैरवलाई मान्छन् । विश्वनाथ भैरवनाथ शक्तिस्वरूपमा भद्रकाली पनि रहन्छिन् ।

यिनीहरूको मुख्य मठ काशीको 'जङ्गमबाडी मठ' हो । भक्तपुरको बोलाछे टोलको जङ्गम 'मठ' नेपालका जङ्गमहरूको प्रधान मठ हो । स्थानीयको

लौकिक जीवनमा यो 'लाव: मठ'का नामले प्रसिद्ध छ।। यसका कुलपतिलाई रावल शब्दले सम्बोधन गर्ने परम्परा चलेको हो। यिनै राबल बस्ने मठलाई नेवारी भाषामा 'लाब:मठ' भन्ने गरिएको हो भन्ने कुरा नेवारी जीवनमा चलिआएको भाषिक आधारले पनि देखाएको छ।

वि.सं. १६२९ मा भूमिदान लिई राख्न लगाइएको गङ्गादेवीहरूको शिलापत्रको अभिलेख पनि पुष्टि हुनु आउनुको साथै त्यसको दुरुस्त उत्तारप्रति सारेर राख्न लगाइएको रणजित मल्लको शिलापत्र पनि यही जङ्गम मठमा छ। त्यो लेखको एक ठाउँमा रावल मठ (जङ्गम मठ) रुद्रमल्ल देवले जनसहयोगसमेत जुटाई बनाएका हुन् भन्ने लेखिएको छ,' भन्छन् पुरुषोत्तम।

पूर्वमध्य कालका प्रसिद्ध राजा रुद्रमल्ल देव (वि.सं. १२२४-१२३२) लाई आधार मान्ने हो भने पनि जङ्गम मठको स्थापना तेह्रौँ शताब्दी पूर्वतिर भएको मान्न सकिन्छ। जुन समय नेपाल मण्डलको राजधानी भक्तपुर रहेको थियो। त्यस बेला लिङ्गायतहरूको मुख्य थलो पनि भक्तपुर बनिसकेको हुनाले यहाँ प्रशस्त, धार्मिक, सांस्कृतिक विकास हुँदै आयो तर यो शैव धर्मको थलो मात्र नरहेर भैरव भद्रकालीको महत्त्व पनि राजकीय स्तरमा बढेर गयो। सोही रूपमा बिस्केट जात्राका अनेकन विधिविधान पनि थपिँदै गए। अनन्त मल्लको अन्त्य अन्त्यसम्म आइपुग्दा पहिला दुई दिन चल्ने जात्रा (लिङ्ग उभाउने र ढाल्ने) नौ दिनसम्म चल्न थाल्यो। काशी जाने चलन पनि यही समयताका सुरु भएको मानिन्छ।

इतिहासका खोजपूर्ण लेखहरू लेख्छन् भरत दाइ र पुरुषोत्तम भाइ। दुवैका कतिपय कुराहरू मेल खान्छन्, कति खाँदैनन्। ती दुवैका कुरा कुन सत्य र कुन भ्रमपूर्ण छन्, तिनलाई तथ्यपूर्ण अन्वेषणहरूले मात्र पुष्टि गर्लान्। खोपृङ २०५५, मा, "बिस्केटमा प्यारा नागनागिनीको दर्शन गर्न पाइन्छ।" भन्ने भरत जङ्गमको लेखका बारेमा पुरुषोत्तम भन्छन्, 'दाइ ! अब भ्रम नपाल्नुहोस्, मैले अन्वेषण गरिसकेँ।" त्यो दृष्टिभ्रम तपाईंको

मात्र नभएर, ती प्यारा नागनागीको अनेकन रोचक प्रसङ्ग र किंवदन्तीहरू बोकेको लौकिक जीवन र यस विषयमा कलम चलाउने विशेषज्ञ, विद्वान् लेखकहरूमा समेत रहेको देखिन्छ । उनी भन्छन्, 'मारिएका नागनागिन ध्वजमा देखाएको अपशकुन पार्नका लागि नभएर ती त हाम्रै विश्वनाथ भैरव हुन् । उनकै शक्तिशाली भद्रकालीका विश्वध्वजा हुन्, जसलाई दर्शन गर्दा देशका मानिसलगायत देवताको पनि रक्षा हुन्छ । शत्रुनाश हुन्छ, उब्जनी बढ्छ, सहकाल छाउँछ, शान्ति समृद्धि आउँछ । सबैको भलो हुन्छ भन्ने मान्यता छ । यही नै बिस्केट जात्राको दार्शनिक अभिप्राय हो ।

ध्वजामा अष्टिमङ्गलका माङ्गलिक चिन्ह, भैरव, वीरबेताल, खड्ग, सिंह, कमल, सूर्य चन्द्र, गणेश आदि अङ्कित हुन्छन् । किंदन्तीका नागनागिन कतै भेटिँदैनन् । भगवान् इन्द्रको ध्वजा इन्द्रध्वजाको नागले प्रसिद्ध भएजस्तै विश्वनाथ वा विश्वेश्वरको लिङ्गको टुप्पोमा फहराइरहने एकजोडी झण्डा उनको नामसँग जोडिएर विश्वध्वजा, विश्वकेतु वा वीरध्वजाका नामले प्रसिद्धि कमाएको छ । यो कुरा ध्वजा अभिलेख प्रमाणका आधारमा समेत ज्ञात हुन्छ ।

नेवारी विश्वकोषमा विश्वकेतु शब्दको पर्यायवाची शब्द बिसिक भेटिनु, यो विश्वजात्राको उल्लिखित टौमढी टोल यक्षमल्लको ने.स ५६१ को अभिलेखमा पर्नु, ने.सं ६४१ को यक्षमल्लको भूमि सम्बन्धी तमसुक ताडपत्रमा बिसक जात्रा पर्नु, भक्तपुरको राजदरबारस्थित, ने.स. ८०८ र ने.स. ८१८ को जितामित्र मल्ल र भूपतीन्द्र मल्लका अभिलेखहरूमा उल्लेख भएको 'बिस्क्यात' अहिले नेवारी लोकजीवनमा 'बिस्का' र नेपाली लोकजीवनमा 'बिस्केट' नामले प्रख्यात छ भन्ने कुरा त प्रमाणित भइसकेको छ ।

यसरी संस्कृत शब्दको विश्वकेतुको परिवर्तित रूपमा विकसित हुँदाहुँदै 'बिस्केट'मा पुगेको देखिन्छ । यो दुई दिने बिस्केट जात्रा मल्लकालको अन्त्य अन्त्यतिर आइपुग्दा बढ्दै नौ दिन लामो बन्न पुगेको छ ।

नेपालको इतिहासका कालखण्डमा शासनमा कति सन्काहाहरू आए, कति बहुलट्टी, कति तानाशाह आए । तिनकै शासनका प्रयासहरूमा वीरशैव मतको राजकीय स्तर पनि घट्दै गयो । घट्दो स्तरसँगै जङ्गमहरूको स्थिति पनि पहिलाजस्तो रहेन । प्रभाव निस्तेज हुँदै गयो, झन् जङ्गबहादुरको अगाडि मान, इज्जत, प्रतिष्ठा नै गुमाउनुपऱ्यो । जङ्गमहरूको ब्राह्मण पद खोसियो । 'रावल' पद मासियो । नचाहँदा 'महन्त' धारण गर्नुपऱ्यो । जङ्गमहरू के गरुन् बिचरा ! बोल्न नपाइने, बोल्न सकेनन् ।

पुरुषोत्तम लोचन श्रेष्ठ भन्छन्, '२०५६ पछिका लेखहरूले हामीलाई दाजुभाइ बनायो । जुन सम्बन्धले जङ्गम मठ र त्यसको इतिहासका बारेमा अनुसन्धान गर्न साहचर्य गरायो । त्यसैले मैले जङ्गममठका विषयका लेखहरू प्रकाशमा ल्याउन सकेँ । दाइले भन्नुभएको थियो हाम्रा १८ थरी लिङ्गायवहरूमा रुद्रीब्राह्मण पनि पर्दछन् ।

उनी स्वयं स्विकार्छन्, 'हामी दाजुभाइबिच पनि कतिपय तथ्यमा अनुसन्धानात्मक सहमति जुट्न नसकेको कुरा ।' 'हंसगृहद्रङ, 'लोकपाल स्वामी, दोलाखिशर स्वामीको ऐतिहासिक खोज तथ्य र अन्वेषणहरूमा विशेषत हंसगृहद्रङमा च्याङठयाङ मिलेको देखिँदैन । अनि भन्छन्, 'भाइ पुरुषोत्तम दाइ भरतको दाजुभाइपनमा यो मोती महोत्सव मनाउँदै गर्दा दाइ ! तपाईलाई हार्दिक बधाई छ ।'

नेपाली समाज-संस्कृतिमा जङ्गम समाजको स्थान : एक विवेचनात्मक अध्ययन

पूर्णप्रकाश नेपाल यात्री

हेर्दा सबै मानवको शरीर उस्तै देखिन्छ । बनावट पनि उस्तै छ । रगत सबैको रातो हुन्छ । वीर्य एउटै छ । मलमूत्र एकै प्रकारको छ । शरीरका सबै तत्त्वहरू उही छन् । सृष्टिवृष्टि पनि एउटै छ । अनि मानवहरूका विचार किन अलग अलग हुन्छन्, किन आस्था अलग अलग हुन्छन् ? मलाई निश्चल पारेर सोध्न मन लाग्छ ती प्राणी शास्त्रीहरूलाई ।

एउटै हिन्दुधर्मका सन्तान, किन अलग अलग छन् ईश्वरलाई मान्ने मतहरू र देख्ने आस्था अलग अलग छन् ? सनातन हिन्दु परम्पराको एउटा यस्तै अलग मत छ, वीरशैवमत । यो मतका अनुयायी हो जङ्गम समाज पनि । त्यही समाजको एउटा प्रबल सदस्यको नाम हो भरत जङ्गम ।

उनको ६० औँ जन्मोत्सवको उपलक्ष्य पारेर मनाइने मोती महोत्सवको अवसर पारेर प्रकाशन गर्न लागेको ग्रन्थ 'कालजयी व्यक्तित्व भरत जङ्गम' मा जन्मोत्सवको उपलक्ष्यमा शुभकामना शुभेच्छा दिइने क्रमभन्दा फरक, नेपाली समाज-संस्कृतिमा जङ्गम समाजको स्थान बारेको विवेचना प्रस्तुत गर्नु हुँदै साहित्यकार नृवंशशास्त्री पूर्णप्रकाश नेपाल यात्री नेपाली समाजको शाश्वत् स्वरूप र सामाजिक सांस्कृतिक योगदानको विशिष्टता बारेमा जानकारी दिन्छन् । अन्वेषण र लेखनको एकाग्रता व्यष्टिपरक रहन्छ भन्ने कुरामा उनले पहिलो अनुरोध पाठकवृन्द समक्ष राखेका छन् ।

कालक्रमको हिसाबले लिच्छवीकालको प्रारम्भतिर नेपालमा बहुसांस्कृतिक समाजको उत्पत्ति अनि विस्तार भएको मानिन्छ । ती सबै समाज सातौँ शताब्दीसम्ममा विकसित अवस्थामा पुगेका थिए । लिच्छवी

राजा जयदेव र उदयदेवसम्मका अभिलेखहरूले नेपालमा अठार थरी प्रजातिहरू रहेको भन्ने कुरा इङ्गित गर्दछन् । तिनै अभिलेखको करिब एघार सय वर्षपछि उदाएका पृथ्वीनारायण शाहको 'मेरा साना दुःखले...' चारवर्ण छत्तीस जात... सबैलाई चेतना भया ।' भन्ने दिव्योपदेशमा पनि त्यही शिलालेखको आशय भेटिन्छ ।

पूर्णप्रकाश नेपाल लेख्छन् मानव शास्त्रको सिद्धान्तअनुसार जुनसुकै राष्ट्रको समाजमा दुई थरी मानव अस्तित्वमा रहेका हुन्छन् । आ-आफ्नो देशको सामाजिक मान्यता विद्यमान रहँदै आए पनि देश, काल, परि स्थितिजन्य मान्यताहरू एक अर्कामा मिल्दाजुल्दा पनि देखिन्छन् । त्यसलाई जाति, धर्म र भाषाले अलग्याउन पनि सक्दैन ।

नेपाल राष्ट्रको मानव शास्त्रको सांस्कृतिक आधार मूलतः शास्त्रीय परम्परा हो । यसलाई हेर्न प्राग्वैदिक कालतिर पुग्नु पर्ने हुन्छ । ऋग्वेदमा भनिएको छ मुखजीविका निमित्त विश्वव्यवस्थापन गर्न ब्राह्मणको परिकल्पना गरियो भने बाहुबलीको निमित्त क्षेत्रको रक्षार्थ क्षेत्रियको परिकल्पना गरियो । व्यापार प्रयोजनका निमित्त वैश्यको, मानवजीवनको सहायतार्थ शूद्रको परिकल्पना गरियो । यो मानव समाज जातिभेदयुक्त थियो भने अविकृत बहुल थियो ।

गीतामा श्रीकृष्ण भगवान् पनि भन्नुहुन्छ, 'गुण कर्म र स्वभाव हेरी चारै वर्णको परिकल्पना मैले गरेको हुँ ।'

चार वर्ण छत्तिस जातले पनि यिनै शास्त्रीय आधारलाई सङ्केत गर्छन् । यो मानव शास्त्रले व्यक्त गरेको मानव समाजका आधारित सवर्ण समाज हो ।

दोस्रो छत्तिस जातअन्तर्गत पर्न आउने भेदभावरहित असर्वण समाज हो । यसलाई शास्त्रीय वर्ण व्यवस्थाले कतै छुँदैन । हाम्रो देश समाज, तथा

समय परिस्थितिलाई सवर्ण र असवर्ण भनेर व्यक्त गरेझै विभिन्न देशका समाज र भाषाले आफ्ना विभिन्न शब्दमा व्यक्त गर्छन् ।

नेपालको लिच्छवी कालीन समाजको स्वरूप कस्तो थियो त भन्ने विषयका नयाँ आधारहरू नआइसकेको अवस्थामा शास्त्रीय आधार नै समाउनु पर्ने हुन्छ । लिच्छवी राजा जयदेव (द्वितीय) र उत्तराधिकारी राजा वसन्तदेव र उदयदेवसम्म यही उपर्युक्त अभिलेखको अनुसरण देखिन्छ ।

वि.सं. ९३७ पछि नेपालमा मध्यकालको इतिहास प्रारम्भ हुन्छ भन्ने इतिहासकारले नेपाली समाजको विभाजनको मान्यता राजा जयस्थिति मल्ललाई दिएको देखिन्छ तर कारणको विषयमा भने मौन देखिन्छन् । यसैलाई मनन गर्दा विद्यमान बहुजातीय समाजको सांस्कृतिक स्वरूप त्यसैको प्रतिनिधित्व गर्दै आएको देखिन्छ । त्यही सातौं शताब्दीको समाजको स्वरूपको अनुसरण हो भन्ने बल पुग्छ 'पृथ्वीनारायण शाहका 'चार जात छत्तिस...को दिव्योपदेश तर त्यही हाम्रो राष्ट्रिय अस्मिता बनेको छ । यो अस्मितालाई नेपालको जनगणनामा अधिकतम ६१ र न्यूनतम ५९ प्रकृतिका जनजातिको उल्लेख गरेर प्रस्टाएको छ तर त्यो विकसित छ या अविकसित प्रस्टाएको छैन भन्छन् प्रस्तोता विद्वान् ।

वर्तमानमा यो सवर्ण समाजभित्र वर्ण विभेदयुक्त समाज पनि छ । जस्तो जङ्गम समाज लकुलिस समाज, कपालिक समाज, वैद्यसमाज । यिनमा केवल गोत्रात्मक विभेद र अन्तर्समुदाय विभेद रहेको पाइन्छ । यिनका कतिपय समाजमा अन्तर्गोत्रीय विवाह चलेको पनि पाइन्छ । दक्षिण भारततिरबाट उत्तरतिर अविर्भाव हुन पुगेको वीरशैव मत समाजमध्ये जङ्गम समाज, लकुलिस समाज, कपाली समाज र वैद्यसमाज पर्दछन् ।

नेपालमा दुई थरी समाज छ अन्तर्विभेदयुक्त र अन्तर्विभेदमुक्त तर नेपालका यायावर मानव समाजमा अन्तर्विभेद पाइँदैन । तेस्रो र चौथो शताब्दीतिर दक्षिणतिरबाट आएका चार थरी यायावर समाज देखिन्छन् ।

वीरशैव मतावलम्बी जङ्गम समाज, लकुलिस मतावलम्बी र कपाली समाज । लकुलिस समाजकै दोस्रो शाखाअन्तर्गत मुडिल समाज लाकोल समाज र वैद्य समाज पर्दछन् ।

यीमध्ये वीरशैव मतका जङ्गमहरू लिङ्गायतका शिवभक्त परायणहरू झोलामा वा छातीमा शिवलिङ्ग धारण गरेर लिङ्गायत मतको प्रचार-प्रसार गर्थे । त्यहीताका वाकाटकीवंश र चालुक्यवंशबिच झडप पऱ्यो । यसपछि वीरशैव मतालम्बीहरू भयले उत्तरतिर भाग्छन् । तिनीहरू कमलाखुँच पनौती हुँदै भक्तपुरमा आएर बसेको वर्णन पाइन्छ ।

कतिपय अन्वेषकहरूले यी शिवपरायण शैवमतावम्बीलाई जातिमा वर्णन गरेकोमा पूर्णप्रकाश भन्छन्, 'एउटा बृहत् समाजलाई जातिमा सीमित राखिरहन हुँदैन । जस्तो सामाजिक स्वरूप र साइजमा रहे पनि समाज भनेको सागर हो ।'

नेपाल वास्तवमा विश्वको सर्वदेशीय सङ्गम हो । नेपालभित्र आदिकालीन संस्कृति सँगसँगै अर्वाचीन मिश्रित संस्कृति रहेको पाइन्छ । जस्तो मष्टो संस्कृति, भूमि संस्कृति, नाग संस्कृति, वराह संस्कृति, कुश संस्कृति, कपिल संस्कृति, पावक संस्कृति, पवन संस्कृति, कुर्म संस्कृति, रुद्रभूत संस्कृति । वर्तमानमा यिनै संस्कृतिको जीवन्तता छ ।

मानव र समाज शास्त्रमा विभिन्न विद्वान्हरूले जङ्गम समाजका विषयमा विभिन्न मत प्रकट गरेका छन् । कैलास भण्डारीले 'युगपुरुष गोविन्दहरि जङ्गम'मा जङ्गम समाजलाई एउटा जातिको भनेर सम्बोधन गरिएको बारे पूर्णप्रकाश एउटा समाजलाई जातमा सीमित राख्नु प्राकृतिक न्यायको सिद्धान्तका आधारमा उचित देख्दैनन् ।

तत्कालीन राज्यव्यवस्थाले जङ्गम समाजलाई मनोमानी ढङ्गले ब्राह्मण समाजबाट झारेर दशनामी सन्यासी समाजमा प्रतिस्थापन गरिएका विषयमा भएका आलोचनाहरूका बारेमा पूर्णप्रसाद नेपाल त्यसलाई त्यति

अन्यायपूर्ण कार्य देख्दैनन् । उनको तर्क छ मोचन मार्गको चाहना राख्ने जोसुकैले पनि सन्यास ग्रहण गर्न सक्छन् । यो मानव विस्तारको कार्यलाई प्रतिलोमीकरणको आरोप लगाइहाल्नु त्यति उपयुक्त हुँदैन ।

जङ्गम मठको स्थापना हुनुभन्दा पहिले वीरशैव मत लिङ्गायत सम्प्रदायका ब्राह्मणहरूको नेपालमा आवतजावत भइरहन्थ्यो भनेर यकिन साथ भन्न सकिन्छ । यही प्रसङ्गलाई जोडेर हेर्दा भक्तपुर निर्माता लिच्छवी मानदेवका पुर्खा हुन् भनेर अनुमान गर्न सकिन्छ । लिच्छवी राजा भूमि बर्माभन्दा पछिका लिच्छवी सन्ततिहरू जो जो राजा जय बर्माभन्दा पहिले राज्य गर्दथे तीमध्ये कुनै हुन सक्छन् भन्ने बुझिन्छ । प्रस्तोताको स्वाभिमत पनि यसैसँग मिल्दोजुल्दो छ ।

वि.सं. २४५ मा वैशाली राज्य दक्षिण भारतीयहरूको आक्रमणबाट ध्वस्त प्रायः भयो । अनि त्यहाँका लिच्छवी शासकहरू हिमालय पादप्रदेशको शरण लिन हिँडे । कमलाखुँचको बाटो हुँदै चाँगु पर्वत नाघि भक्तपुर आइपुग्दा त्यहाँ जङ्गम समाजका विद्वान्हरू भूरी वर्माका साहचर्य थिए भन्ने जनश्रुति पनि पाइन्छ ।

यज्ञोपवितमा शिवलिङ्ग धारण गर्दा शिवपरायण वीरशैव मत आफ्नो मतको प्रचार-प्रसारमा प्रवृत्त हुँदै पश्चिमोत्तर भारततर्फ लागेको वर्णन, शिवपुराण, वायवीय संहिता, गतरुद्र संहिता, शैवागम तन्त्र, तथा रुद्रायामल आदिमा उल्लेख भएको पाइन्छ ।

लकुलिस सम्प्रदायका सदस्यहरू पनि प्रारम्भमा ब्राह्मण रहेको र आफूलाई भार्गव गोत्रीय बताउने गरेको देखिन्छ । उनीहरू क्षेत्रीय विरोधी परशुरामका शिष्य थिए । तिनीहरू पीठपीठमा र हातमा कुठार धारण गरी शिव भक्तपरायणहरू र शिवमठकै संरक्षणमा प्रविष्ट रहन्थे । तिनीहरूको आफ्नै समाजको विग्रहको कारण दुई समूहमा बाँडिए । एक समूह कपाली बन्यो भने अर्को थरीले आफूलाई योगभ्रष्ट सम्झी गृहस्थ

अँगाले । तिनीहरूको अस्तित्व अहिले नेवारहरूको लाकौल समाजमा खोज्दा पाइन्छ तर वैद्य समाजको अस्तित्व जङ्गम र लाकौलको जस्तो साङ्गठनिक र एकरूप देखिँदैन । खस, मगर, किराँत, मैथिल र नेवार आदि सबै जातीय समाजमा वैद्यको अस्तित्व भेटिन्छ । खस समुदायका पोखरेल थर, मगर समुदायमा आँफूलाई झाँक्री भनेर चिनाउने जावीधारी झोले डाक्टरहरू, किराँत समुदायमा रूपादेउ र हाङदेउका उपासक ठान्ने बिजुवा पुरोहितहरू, त्यस्तै मैथिल समुदायमा उपाध्याय र पञ्चपरियाहरू उद्यत रहेका देखिन्छन् । यिनीहरूलाई जीवित प्रमाण भनिएको छ तर वैदिक साहित्यको अभिमत भारतीय उपमहाद्वीपमा मानव शास्त्रीय सिद्धान्तबाट वैद्य समाजको अध्ययन अन्वेषण हुन सकेको छैन भने केही समय पहिले प्रारम्भिक अध्ययन भएको र भाट समाजको पनि जातीय रूपमा होइन, समाजका रूपमा स्थापित हुँदै आएको बुझिन्छ । उपर्युक्त समाजहरूको परिचय खोतल्दा जङ्गम समाज र लकुलिस दुवै शिवपरायण समाज हुन् ।

जङ्गम समाज आफूलाई वीरशैव सम्प्रदायको नेतृत्वकर्ता भनी पीठमा यज्ञोपवितमा शिवलिङ्ग, धारण गरी नेपाल प्रवेश गरेको हो भने, जलेश्वरदेखि कुशेश्वरलगायतका शिवालयहरूको शिव आराधनाको परिदृश्य निर्देशन गर्दै भक्तपुरको दोलाद्री तथा पशुपतिनाथको आसपास वीरशैव मतका मठहरू स्थापना गर्नु गराउनु मूल कर्तव्य थियो ।

लकुलिस समाजको मूल कर्तव्य ती ती शैव सम्प्रदायका अनुरागी समाजको संरक्षण गर्न पीठमा कुलिस र आयुध धारण गरी दायाँ हातमा कुठार लिएर वैदिक सनातन धर्मको रक्षा गर्नु थियो ।

यसै गरी वैद्य समाजको कर्तव्य थियो समाजको सेवाका लागि भैषज्य क्षेत्र पहिचान गरी त्यसलाई सुरक्षित राख्नु र विकास गर्नु । भाट समाज प्रारम्भमा भ्रमणशील व्यापारी समाजका विरुद्धमा थियो भने उनीहरू सेवामूलक क्षेत्रमा लागी हर तरहले मानव समाजलाई सेवा पुऱ्याउन तत्पर

रहन्थे । लोकले पनि उनीहरूलाई सवर्ण समाजको प्रतिनिधिको रूपमा स्वीकार गरेको पाइन्छ ।

धर्माधीश, मठाधीश अथवा महन्तमा स्थापित गराइनुको अर्थ जातीय मलीनीकरण होइन भन्दा प्रस्तोता विद्वान् मित्र बरु यसलाई सम्मनयुक्त प्रक्रिया मान्छन् । कुनै पनि जातिका विद्वान् व्यक्ति आफ्नो योग्यताका आधारमा धर्माधीश, मठाधीश न्यायाधीश महन्त र श्रीमन्तमा पदासीन हुन सक्छन् ।

जङ्गम समाजको विषयमा थप प्रकाश पार्दै पूर्णप्रकाश यात्री भन्छन्, 'जङ्गम समाजले आफूलाई गतिशील बनाउन सफल भयो । यो समाज अन्तर्वैवाहिक सम्बन्धमा आबद्ध रहँदै आएको पनि छ । आफ्नो प्राचीन परम्परा र मानवीयता तथा सामाजिक सम्बन्धलाई कायमै राखेर उदारता अपनाउन सक्नुलाई जङ्गम समाजका अनुकरणीय कार्य मान्दछु तर लकुलिस समाजका सदस्यहरूको धरातलीय बनोट भने बदलिइसकेको छ ।

भ्रष्टाचारविरोधी अभियानका योद्धा, कर्मठ सपूत भरत जङ्गमजस्ता दुईचार जना अरु कर्मठ सपूत भइदिए न्याय र सत्यको क्षेत्रमा मात्र नभएर सामाजिक, आर्थिक राजनैतिक क्षेत्रमा दीप जाग्थ्यो । त्यो दीपको उज्यालोमा जनता कति रमाउने थिए होलान् ।

-यसै किताबबाट

नेपालको एक मात्र शैवकेन्द्र

विनोदराज शर्मा

उनीहरूका बिच देखभेट थियो, चिनजान थिएन । देख्दैमा परिचय बन्दैन, पुग्दैन पनि । परिचयका लागि बोलचाल हुनुपर्दछ । एक अर्काका मुखबाट वाक्य निस्कनुपर्दछ किनकि वाक्यहरूले अभिनय गराउँछन्, आकर्षण भर्छन् । यति भए बल्ल व्यक्ति परिचयको नजिक पुग्छन् । आत्मीयता बढ्न सुरु हुन्छ ।

कहिलेकाही देख्ने गरे पनि परिचय बसेको रहेनछ । २०५६ सालमा आएर बोलीचाली सुरु भएछ । अनि विस्तारै सम्बन्ध नजिकिँदै गएछ । अनि सुयोग्य बाबुको सुयोग्य पुत्र भनेर हैन भरत जङ्गम दाजु बनाएर भाइ बनेछन् विनोदराज शर्मा । अहिले उनी दाजुकै व्यवहार गर्छन् ।

आज दुवै दाजुभाइ खोज अनुसन्धान क्षेत्रमा लागेका छन् । दुवैको साहचर्य छ । विनोद शर्मा भन्छन्, 'भरत दाजुको बहुमुखी प्रतिभा छ, प्रस्टवादिता छ, सरल स्वभाव छ, त्योभन्दा बढी मिठो मिलनसार बानी छ । उनलाई अनवरत सङ्घर्षरत देख्दछु । उनका इतिहास र संस्कृतिका अनुसन्धानात्मक खोजहरू पढेर झन् उत्साहित बन्छु ।'

भक्तपुर सहरको बिचमा छ टौमढी टोल । त्यही छ जङ्गम मठ । टौमढीलाई स्थानीय भाषामा 'तःमाही' भनिन्छ । यहाँ स्थित मठका मठाधीशलाई रावल भन्ने गरिन्थ्यो । त्यसको अपभ्रंश हुँदाहुँदै रावल, लाबत, लाभ भई लाबल बस्ने मठलाई 'लाबमठ' भन्ने गरिएको होला । मठ, शिवमठ हुन्छ । शिवजीलाई रुद्र, सदाशिव, देवादिदेव, महादेव, शङ्कर, आद्यन्तहीन, अन्तर्लिङ्गेश्वर स्थावर जङ्गम आदि शब्दले पुकारिन्छ । जङ्गमको अर्थ हुन्छ चलायमान ।

इतिहासविद्हरूका अनुसार नेपालमा शैव, शाक्त, वैष्णव, बौद्ध, गाणपत्य, सौर्य र स्कन्देय मतहरू रहेको देखिन्छ । तीमध्ये शैव मतमा पनि अनेकन नाम र रुप चलेको देन्छि । पाशुपत्, कपालिक, माहेश्वर, वीरशैव लिङ्गायत लगायतका सम्प्रदाय लिच्छवी कालदेखि स्वतन्त्र अस्तित्वमा रहेका देखिन्छन् ।

आफ्नो शरीरमा लिङ्ग धारण गरेर हिँड्ने एक थरी शैवहरूलाई वीरशैव मतावलम्बी भनिन्छ । यिनीहरू लिङ्गायत सम्प्रदायका हुन्छन् । यिनीहरूका आचार्य जङ्गम (लिङ्गी ब्राह्मण) हुन्छन् । ती गुरुबाट दीक्षा ग्रहण, योगचर्या एवं पञ्चपदार्थशोधन गरेका हुन्छन् । यी विविध पक्षहरू देख्दा यिनीहरू तान्त्रिक स्वरुपका पनि देखिन्छन् ।

नेपाल मण्डलाको राजधानी भक्तपुर सहरमा स्थापित जङ्गम मठ नेपालको पहिलो शैव केन्द्रको रूपमा रहेको मान्छन् विनोद शर्मा । त्यति बेलाका शासकहरू शिवमार्गी भएर पनि होला यसको राजकीय महत्त्व बढेको । यो कुरा तत् तत् समयका शिलापत्र, स्वर्णपत्र र अभिलेखहरूले पनि पुष्टि गर्छन् ।

भक्तपुरको यो जङ्गम मठ काशीको विश्वेश्वर लिङ्ग, शिवको उर्ध्वस्वरुप इशान मतसँग सम्बद्ध रही नेपालको एक मात्र जङ्गम मठ रहेको आफ्नो अभिमत व्यक्त गर्छन् प्रस्तोता तर यो कहिले स्थापना भयो भन्ने तिथिमिति यकिन हुन सकेको छैन । यो सातौँ शताब्दीदेखि नै अस्तित्वमा रहेको कुरा वि.सं. ६६१ को शिवदेव अंशुवर्माको अभिलेखले देखाउँछ । यिनै जङ्गमहरू विश्वेश्वर महादेव वीरभद्रलाई प्रमुख देवता मान्छन् र भद्रकालीलाई प्रमुख शक्तिको रूपमा लिन्छन् ।

काशीस्थित जङ्गमबाडी मठसँग यो जङ्गम मठले प्रभाव राख्छ पनि भनिन्छ । त्यसैको प्रभावमा परेर राजा विश्व मल्लले यो टौगढी मठको

जग्गा थप गराएर स्थापित गरेको कुरा एक अभिलेखले पनि बताउँछ भने विनोद शर्मा जङ्गमहरूको धार्मिक कार्यमा सङ्कल्प वाक्यहरू पढ्दा जङ्गमहरूको परिचयमा स्कान्देय गोत्र र नामपछि 'देवरु' उपाधि जोड्ने चलन चलाइएको छ भन्दछन् ।

यी स्कान्देय गोत्रीय जङ्गमहरूसँग बाबु बाजेका पालादेखि नै पारिवारिक सम्बन्ध रहेको बताउने विनोदराज, भक्तपुरमा लगाइने मेला, उत्सव, पर्व र धार्मिक कार्यक्रममा यो परिवारको योगदान रहँदै आएको बताउँछन् । ' गीता' लक्ष्यहुति महायज्ञ' पनि यिनीहरूकै अग्रसरतामा थियो ।

अन्त्यमा विनोदराज लेख्छन्, 'देशमा घटेका विभिन्न घटनाहरूको खोजी खोजी लिपिबद्ध गरी साहित्य निर्माणदेखि राजनीतिक सङ्घर्ष गर्न सक्ने व्यक्ति, समाज सुधारक, साहित्यकार र राजनीतिक नेता हुन सक्छन् । त्यस्ता व्यक्तित्व भरत जङ्गमका हरेक कार्यमा सफलताको हार्दिक कामना गर्दछु ।'

भरत जङ्गम समयसँग खेल्न खुबै सिपालु । त्यसैले उनी सफल देखिन्छिन् । आँखामा विचित्रता झल्किरहेको हुन्छ । तिनै नजरले देशलाई हेर्ने सुन्दर कला छ । त्यस्तै कलापूर्ण छ उनको र चना 'कालो सूर्य'

-यसै किताबबाट

ऐतिहासिक महत्त्वको नेपाली परिवारका उत्तराधिकारी

सत्यमोहन जोशी

सायद उसले अवर्णनीय आरोह अवरोह खेपेकै हुन्छ, जो व्यक्ति सङ्घर्षशील हुन्छ । त्यो अदम्य साहसी पनि हुन्छ । प्रस्टवादी हुन्छ, निडर हुन्छ, राष्ट्रवादी हुन्छ । त्यस्तो व्यक्तिको विषयमा चर्चा परिचर्चा गरेको कुरा संस्कृतिविद् सत्यमोहन जोशीको कानमा पऱ्यो भने उनको मनमा भरत जङ्गमजस्तो सर्वकौशल, अनि बहादुर व्यक्तिको बिम्ब उदाउँछ ।

राष्ट्रको सेवाका निम्ति हरदम उत्साहित रहने, मनमा निडर भावना राख्ने, जस्तोसुकै परिस्थितिसँग एक्लै जुध्न सक्ने, ठुलो हिम्मत बोक्ने साहसिक व्यक्ति भरत जङ्गमको अत्यन्तै तारिफ गर्नुहुँदो रहेछ सत्यमोहन जोशी । दार्शनिक, आध्यात्मिक र सांस्कृतिक पृष्ठभूमिको जीवन बोकिरहेका नेपालका जङ्गम परिवारका सदस्य हुन् भरत जङ्गम । उनको परिवारले भक्तपुरको इतिहासको प्राचीनतालाई बोकिरहेको बताउनुहुन्छ सत्यमोहन जोशी । भक्तपुर त्यो प्राचीन नगर हो जसको इतिहासले समग्र देशको इतिहास र संस्कृतिलाई प्रभाव पारिरहेको हुन्छ ।

भक्तपुरमा अवस्थित जङ्गम मठबाट नेपालमा स्थापित र विस्तारित, वीरशैव मत लिङ्गायत सम्प्रदायका बारेमा धेरै सत्यतथ्य प्रकाशमा नआइसकेकाले यसका बारेमा थप अध्ययन अनुसन्धान हुनुपर्ने संस्कृतिविद्को धारणा रहेको छ । यसैले जोशी भन्छन्, 'जङ्गम जातिको विषयमा वास्तविक इतिहास प्रकाशमा ल्याउनेतर्फ भरत जङ्गमको ध्यान आकर्षण गराउन चाहन्छु ।"

आफ्नो जातिको वास्तविक इतिहास, धर्म, संस्कृतिलाई प्रकाशमा ल्याउनुपर्छ, यसतर्फ भरत जङ्गमको ध्यान जान जरुरी देख्छन् उनी । सुधाउँछन् पनि, 'त्यसको नेतृत्व लिन, किनकि भरत जङ्गम नै त्यस

ऐतिहासिक महत्त्वको परिवारको उपयुक्त अत्तराधिकारी पनि हुन् ।'

धेरै पहिलेको कुरा हो, जर्मनहरू आई भक्तपुरको जङ्गम मठमा बसेर त्यस मठमा के के अध्ययन अनुसन्धान गरेर गएको कुरा सम्झँदै भन्छन्, ' जङ्गमहरूको बारेमा उनीहरूलाई बढी ज्ञान हुन सक्छ ।

अब अनुसन्धान गर्दा आवश्यक पर्ने कतिपय प्राचीन सामग्रीहरू कतै सही मौजुदा छैनन् कि ? भनी शङ्का व्यक्त गर्दछन् उनी । भ्रष्टाचार विरोधी अभियानमा भरत जङ्गमको क्रियाकलाप र सक्रियता बारे कतै चर्चा सुनेछन्, कतै पढेछन्, बुझेछन् र निष्कर्षमा पुगेछन् जोशी जङ्गम त राष्ट्रवादी विचारधारा बोक्ने मान्छे पो रहेछन् । राष्ट्रसँग गहिरो प्रेम नबसी यसरी भष्ट्राचार विरोधी अभियानमा कोही होमिदैन । उनी त होमिएका छन् । उनीजस्ता राष्ट्रसेवी पाउनु हाम्रा लागि गौरवको विषय हो भन्दै उनको सक्रियता र योगदानको खुलेरै प्रशंसा गर्दछन् सत्यमोहन जोशी ।

भरत जङ्गमका प्रकाशित साहित्यिक कृतिहरूका बारेमा उनी अनभिज्ञ नै रहेछन् तर 'कालो सूर्य' विभिन्न भाषामा अनूदित भएको भने थाहा रहेछ । उनी भन्छन्, 'जे होस् भरत जङ्गम एक जना असल मान्छे हुन् । यस्ता असल मान्छेको सार्वजनिक अभिनन्दन गरिनु अति राम्रो हो । यो कार्यले इतिहास रच्छ । यस्ता कार्यहरूले निरन्तरता पाइरहनुपर्दछ । भरत जङ्गमको ६० औँ जन्मोत्सव जनस्तरबाट मोती महोत्सवको रूपमा मनाउन लागिएकामा अन्त्यन्तै खुसी व्यक्त गर्दै यो महोत्सवमा सार्वजनिक हुने कृतिमार्फत् सधैँ सबैले भरत जङ्गमको प्रशंसा गरिरहुन् भन्ने कामना गर्दै उनी हार्दिक बधाई ज्ञापन गर्दछन् ।

ऐतिहासिक क्षेत्रको सुपरिचित नाम

डा. सफल अमात्य

इतिहास, संस्कृति, पुरातात्त्विक खोज-अनुसन्धान, देशसेवा, सामाजिक विकास, साहित्य सबैमा भरत जङ्गमको जीवन बोल्छ। तिनै विषयका विधाले जन्माउँछ कर्म । अनि जीवन कर्मशील हुन्छ । भरत जङ्गम आफै कर्मका मालिक बने त्यसैले उनी भ्रष्टाचारीसँग पौठेजोरी खेल्छन् । ऐतिहासिक र पुरातात्त्विक अनुसन्धानमा खट्छन्, साहित्य सिर्जनामा रमाउँछन्, सामाजिक कार्यमा डट्छन् । त्यसैले त्यो नाम सर्वसाधारणदेखि विद्वत् वर्गसम्म परिचित छ ।

पुरातत्त्व विभागको मुखपत्र, 'प्राचीन नेपाल', 'भक्तपुर विकास सहयोग सङ्घ' को मुखपत्र 'खोपृङ' मा प्रकाशित भरत जङ्गमका लेखहरू तथा भरत जङ्ग मः विचार र दृष्टिकोण' नामक पुस्तक पढेपछि पूर्व परिचित भरत जङ्गमलाई झन् नजिकबाट हेर्ने र बुझ्ने मौका पाएका विद्वान् डा. साफल्य अमात्य भन्छन्, 'भरत जङ्गम विद्वत् वर्गबिचको सुपरिचित नाम हो ।'

भरत जङ्गमका कतिपय ऐतिहासिक र पुरातात्त्विक, खोजमूलक विचार र दृष्टिकोणका लेखहरूमा सहमति रहे पनि कतिपय लेखसँग भने असहमतिको आग्रह रहेछन् डा अमात्यसँग । चाँगुनारायणको मानदेवको शिलालेखभन्दा अगाडिका धेरै शिलालेखहरू प्राप्त भइसकेका छन् । तीमध्ये सबैभन्दा चर्चित छ वि.सं. १०७ को राजा जयदेव बर्माको सालिकको पादपीठमा रहेको अभिलेख । ऐतिहासिक कैलाशकुट भवन कहाँ थियो ? त्यस बखतको राजधानी नगर कुन थियो ? त्यस राजधानी नगरको नाम के थियो ? भन्ने बारे इतिहासविद्हरूले अझसम्म यकिनका साथ भन्न नसकेको भन्ने भरत जङ्गमको आसयमा सहमति जनाए पनि साफल्य अमात्य भन्छन्, 'कैलाशकुट भवनको भग्नावशेष यही थियो भनेर देखाउन नसके पनि कैलासकुट भवन हाँडीगाउँमा रहेको थियो भन्ने कुरा धेरै प्रमाणहरूबाट पुष्टि भैसकेको छ ।

अंशुवर्मा को थिए, कहाँबाट आए भन्ने जिज्ञासामा इतिहास बोल्न सकेको छैन तर डा. साफल्य भन्छन्, मगध राजा विरुद्धको आक्रमणबाट बाँच्न उत्तर भारतका विभिन्न ठाउँबाट लिच्छवी शाक्य, कोलीय, बिज्जी, बर्मा आदि आदि उपत्यकाभित्र पसेका थिए भन्ने लेख पाइन्छ ।

माथि उल्लिखित इसाको दोस्रो शताब्दीमा राजा जय बर्माको सालिकप्राप्तिले गर्दा उपत्यकामा इसापूर्व र इसाको पहिलो र दोस्रो शताब्दीतिर बर्मा वंशका राजाले राज्य गरेको प्रमाणित भएको देखिन्छ ।

अझ इसाको चौथो शताब्दीतिर लेखिएको 'गोपाल राजवंशावली' ले पनि त्यही तथ्यलाई थप बल प्रदान गरेकाले अब अंशुबर्माका बारेमा शङ्का गरिरहनु पर्ने ठाउँ देखिँदैन भनेर डा. साफल्यले आफ्नो पुस्तक 'काठमाडौँ नारायण' मा उल्लेख गरेका छन् ।

अन्तर्लिङ्गेश्वर लोकपालस्वामी शैव देवता हुन् भन्ने भरत जङ्गमको विचारमा मतैक्य राख्ने डा. साफल्य खोपृङ (२०५६) प्रकाशित 'भ्रम जातीयताको : प्रसङ्ग भक्तपुरको' लेखमा भरत जङ्गमले जङ्गमहरूका बारेमा राम्रो पुष्ट्याइँ दिएको र खोपृङमा प्रकाशित अन्य लेखहरू पुरातात्त्विक र ऐतिहासिक थिए भने खोपृङ' २०५५ मा प्रकाशित भक्तपुरको धार्मिक र सांस्कृतिक विकासमा जङ्गम जातिको भूमिका लेख बढी रोचक भएको बताउँछन् ।

अन्तर्लिङ्गेश्वर महादेववरपर कुनै बस्ती नदेखिएकाले त्यहाँ हंसगृहद्रोङ्ग हुन सक्दैन भन्ने भरत जङ्गमको राय विचारलाई त्यति युक्तिसङ्गत देख्दैनन् डा. साफल्य, किनकि लिच्छवी र मल्ल कालका भक्तपुर र कान्तिपुरको विकासका क्रमले प्राचीन धेरै द्रोङ्गहरू गाउँमा परिणत भएका छन् । त्यो ऐतिहासिक क्षेत्रको सुपरिचित नाम भरत जङ्गमका बारेमा जति लेखे पनि सकिएलाजस्तो लागेन भन्दै डा. साफल्य भन्छन्, 'उनको पुरातात्त्विक र ऐतिहासिक अध्ययनबाट अत्यन्त खुसी लागेको छ । उनको इतिहास र पुरातात्त्विक योगदानका बारेमा दुई चार शब्द लेख्ने मौका दिएकामा आयोजक समिति अनि हरि मञ्जुश्रीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।'

सङ्घर्षात्मक प्रवृत्तिको अभाव

हरिराम जोशी

विषय हो, 'मठ' हरिराम जोशीको लेख । 'भक्तपुर विकास सहयोग सङ्घ'बाट प्रकाशित हुने 'खोपृङ' नामक पत्रिकामा प्रकाशन भएको विषय । आफ्नो धर्म सम्प्रदायप्रति अत्यन्तै निष्ठावान् व्यक्तिका लागि लेखकको आशयसँग मत मिलेन, आपत्ति उठ्यो, पक्ष विपक्ष बनायो । कालजयी व्यक्तित्वसँग भेटको बाहना बन्यो त्यो लेख ।

इतिहास, सांस्कृतिक खोज, अन्वेषण, अनुसन्धानहरू, कहिल्यै नटुङ्गिने विषय हुन् । खोज अनुसन्धान चलिरहनुपर्छ । जति खोज गऱ्यो उति नयाँ, जति खोज्यो उति नयाँ कुराहरू आइरहन्छन् । यही खोज अनुसन्धानमा जुट्छन् भरत । उनी जुटेको देख्दा जोशीको मनमा आनन्द आउँछ । यी क्रियाकलापले गर्दा विस्तारै दुवैमा एकत्वको भाव विकसित हुन थाल्दछ ।

नेपालमा वीरशैव मत जङ्गम सम्प्रदायको उद्भव इसाको तेस्रो र चौथो शताब्दीतिर भएको मानिन्छ । इसाको नवौँ शताब्दीतिर आनन्द गिरिद्वारा लिखित 'शङ्कर विजय' नामक ग्रन्थमा विभिन्न शैव सम्प्रदायहरूको वर्णन छ । त्यसमा जङ्गम सम्प्रदायको पनि उल्लेख छ । ती सम्प्रदायहरूमा बाहिर देखिने चिन्हको पनि वर्णन पाइन्छ । जोशी भन्छन्, 'यसबाट थाहा हुन्छ कि उनीहरू 'भाराशिव' थिए किनकि उनीहरू शिवलिङ्ग धारण गर्दथे ।'

त्यो शैव सम्प्रदायमा जङ्गमहरूको गुरुवर्गको विशिष्ट स्थान छ । लिङ्गात्मक सम्प्रदाय सुधारवादी दल पनि मानिन्छ । तिनीहरूले शैव मतलाई अति परिशुद्ध, सरल र बुद्धिसङ्गत मतका रुपमा विकास गर्ने प्रयत्न गरेको देखिन्छ । जोशी भन्छन्, 'अभिलेखक साक्षीअनुसार यसलाई सङ्घर्षात्मक रूपमा पनि लिन सकिन्छ ।

यिनीहरू प्राचीन शैवधर्म र ब्राह्मण धर्मका प्राचीन मान्यताहरूको पनि विरोध गरे । केटीको केटा समूह सरह उपनयन संस्कार चलाए । गायत्री मन्त्रको सट्टा ॐ नमः शिवाय' जपाए । वर्णभेदको बन्धन तोडे । दुर्भाग्यवश पछि यसमा पनि विकृति मौलाएका छन् ।

लिङ्गायत सम्प्रदायको उद्भवस्थल भारतको सुदूर दक्षिणको कर्णाटक हो । पछि यिनीहरू उत्तर भारतमा फैलिए । प्रसिद्ध तीर्थस्थल काशीमा विश्वाराध्यायको स्थान जङ्गमबाडी मठको नामले प्रसिद्ध छ । ज्यादै प्राचीन यस मठमा वि.सं. ६३१ को हरिबोधनी एकादशीका दिन काशीराज जयन्तदेवले मल्लिकार्जुन जङ्गमलाई भूमिदान गरेका थिए ।

भक्तपुरमा स्थापित यी जङ्गम मठहरूको अध्ययन गर्दा यो सम्प्रदायमा वैशिष्ठ्यहरूको प्रभाव झल्केको देख्न सकिन्छ अनि यो सम्प्रदायमा त्यो प्रभाव सदैं जाने गरेको देखिन्छ । त्यही सम्प्रदायका असल सन्तान हुन् भरत जङ्गम । उनी नेपाली साहित्यका सफल साहित्यकार बनेका छन् । उनको उपन्यास 'कालो सूर्य' तत्कालीन व्यवस्थाको भ्रष्टाचार नीतिको दारुण चित्र प्रस्तुत गरेका छन् । भ्रष्टाचार निर्मूल नपारी देश विकास हुँदैन भन्ने यथार्थमा टेकेर भ्रष्टाचार विरुद्ध वकालत गर्दै आएका छन् ।

जोशी भन्छन्, 'अहिले भरत जङ्गमलाई आफ्नो सम्प्रदाय, इतिहास, नेपाली संस्कृतिप्रतिका अध्ययन अनुसन्धान र अन्वेषणमा व्यस्त भेट्दा आनन्द लाग्छ । मित्रवर भरत जङ्गमका यस्ता सत्कार्यहरूले निरन्तरता पाउन्, जीवन यात्रा मानव कल्याणको सतत प्रयत्नमा लागिरहोस् हार्दिक कामना ।'

परिच्छेदः पाँच
खण्ड एक

"आज देशले भोगिरहेको भ्रष्टाचारका घटनाहरू र काण्ड यति धेरै देखिन्छन्, सुनिन्छन् । ती यति विघ्न ठुला र शक्तिशाली छन् । तिनै भ्रष्टाचारीको शक्तिको रेखा वरिपरि नै देशको अवस्था र शासनको बागडोर घुमिरहेको देखिन्छ । तिनीहरूको रवाफ र रफ्तार रोक्न, भ्रष्टाचार नियन्त्रण गर्न लागिपरेका भरत जङ्गम मैदानमा एक्लै देखिन्छन् ।"

मान्छे कालो भए पनि मन सेतो

कृष्णप्रसाद बास्कोटा

तत्कालीन समीक्षा, मातृभूमि, जागृत, चर्चा, तर्कजस्ता चर्चित पत्रिकाहरू साक्षी छन्, वरिष्ठ पत्रकार कृष्णप्रसाद र भरत जङ्गमबिच परिचय भएको देख्ने । आज ३८-४० वर्ष बितिसके पनि त्यही बेलादेखि आजसम्म भरत जङ्गममा उस्तै सशक्तता यथावत् छ भन्छन्, कृष्णप्रसाद बासकोटा ।

भरत जङ्गम सुरुमा पत्रकारितामा लागेर विभिन्न क्षेत्रको ज्ञान बटुल्दै हिँडेसँगै आफ्ना विचार र धारणाहरू पनि छर्दै हिँडे । नौला नौला, सारालाई हितकर हुने विषयहरू समेट्दै उनी आफ्नो मोती महोत्सव मनाउने सङ्घारमा उभिएका छन् । यही शुभ अवसर पारेर उनको उत्तरोत्तर प्रगति, पारिवारिक उन्नति, सुख र शान्तिको कामना गर्दै कृष्णप्रसाद बास्कोटा भन्छन्, 'उनले राष्ट्रप्रतिको समर्पण र आफ्नो साहित्य सिर्जना र पत्रकारिताको माध्यमबाट राष्ट्रलाई ठुला ठुला गुनीला योगदान गरिरहेका छन् ।'

त्यही चार दशकभित्र हो, भरत जङ्गमले आफूभित्र लुकेका अनेकौं प्रतिभाका अङ्कुरहरूलाई बढाए, फुलाए, फलाए अनि समाजमा फैलाउँदै लगे, प्रतिभा चम्काउँदै लगे । सुविचारहरूको वीजारोपण गर्दै देशको

वास्तविक नायकमध्येमा आफूलाई स्थापित गर्न सफल भए । बासकोटा भन्छन्, 'त्यही समयदेखि हो साहित्य, धर्म, संस्कृति र भ्रष्टाचार विरुद्ध राजनीतिलगायत अन्य धेरै विषयहरूमा कलम चलाउन थालेको । उनी थप्छन्, 'यस्तो गुण सबैमा कहाँ हुन्छ र ?'

त्यसपछि उनका साहित्यमा गहकिला पुस्तकहरू प्रकाशन भए । ' कालो सूर्य' त उच्च कोटीमा नै पुग्यो । त्यसले आफ्नो उचाइ मात्र देखाएन, अन्तर्राष्ट्रिय जगत्मा समेत ख्याति बटुल्यो । तत्कालीन पत्रिका 'चर्चा साप्ताहिक'मा पुस्तकका विषयमा आफ्नो दृष्टिकोण राख्ने मौका पाएकामा बास्कोटा अत्यन्तै खुसी व्यक्त गर्दछन् ।

तत्कालीन सरकारले 'कालो सूर्य' माथि प्रतिबन्ध लगाएको समाचार धुवाँ फैलिएझैँ फैलिएपछि पुस्तकको महत्त्व यति व्यापक भयो कि प्रथम जन निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले पुस्तकका बारेमा मननयोग्य टिप्पणी गर्न पुगे । यसपछि त चर्चाले आकाश नै छोयो । त्यतिमा सन्तुष्ट कहाँ बने र ? भरत जङ्गम आफ्ना विचार र मन्तव्यहरू पत्र-पत्रिकाका माध्यमबाट धाराप्रवाह बगाइरहे ।

'कालो सूर्य' पछि 'रातो घाम' 'व्यूहचक्र' जस्ता कृतिहरू प्रकाशित भए । यसरी उनका विचार र दृष्टिकोणहरू ती पुस्तकहरू तथा पत्रपत्रिकामा प्रकाशित हुन छाडेनन् । पहिला पत्रपत्रिकामा पाइला टेकेका उनी एउटा परिपक्क लेखक बने, उपन्यासकार बने । उनी वरिष्ठ पत्रकार हुन्, निश्वार्थी मनोवृत्तिका धनीका रूपमा हामीमाझ छन् ।

धर्मदर्शनमा पनि उत्तिकै झुकाव छ उनको । 'धर्मदर्शन' पत्रिकामार्फत पनि विचार पस्केका उनको भगवान्भक्ति छ, त्यही भक्तिभावले मनुष्यलाई आराधक बनाउँछ । आराधनाले सफलताको बाटो देखाउँछ । त्यसैले उनी विभिन्न विधाका मोस्टडेकोरेटेड हुन् भने पनि फरक पर्दैन ।

उनको प्रभावकारी भूमिकाले होला राजदरबारले पनि उनलाई '

अनुगमन समितिको' विशेष अधिकृतको रूपमा नियुक्त गऱ्यो । त्यही समयमा नेपालको प्रशासनिक क्षेत्रको अनुभव लिन र आफ्ना सुधारात्मक विचार छाड्न सफल देखिएका उनलाई २०५९ सालको सरकारले वागमती र नारायणी अञ्चलको अनुगमन समितिको संयोजकमा नियुक्त गऱ्यो । त्यस समयमा भ्रष्टाचाररहित प्रशासन सञ्चालन गर्न गरेको प्रयत्नले आफूलाई प्रशासनविज्ञका रूपमा स्थापित गर्न सफल भएका छन् जङ्गम ।

उनी स्वयं र आ-आफ्ना क्षेत्रमा उनका परिवारका सदस्य पनि सफल हुनुमा उनीहरूको संस्कारगत प्रकृतिले पनि सहयोग गरेको हुनुपर्छ भन्ने ठहर गर्छन् बासकोटा ।

भरत जङ्गममा आफ्नो सनातन हिन्दुधर्मप्रति अगाध आस्था छ । बाह्य रुपगत दृष्टिले हेर्दा उनको छाला हल्का कालो देखिन्छ तर स्फट्टिकझैँ सेता दाँतले मुहारको सौन्दर्य थपिरहेका छन् । मनजस्तै सफा दाँत देखाएर हाँस्दा विशिष्ट व्यक्तित्वको प्रभाव झल्कन्छ । सुन्दर व्यक्तित्व भएका भरत जङ्गमसँग लामो सम्बन्ध राखेका बास्कोटा भन्छन्, 'उनलाई कठोर बनेको कहिल्यै देखिनँ ।'

जङ्गमले भ्रष्टाचार विरुद्ध विशेष अभियान चलाए, भाषण ठोके, अदालतमा रिट-निवेदन हाले । सांसदहरूले देशको ढुकुटी उल्फतमा बगाउने गरी वार्षिक करोडौँ रुपैँयाका सुविधा लिने निर्णय बदर गराएर राष्ट्रको ढुकुटी बचाए । राष्ट्रका लागि अति ठुलो गुन लगाउन सफल छन् उनी ।

नेपालको शान, मान र गौरव

कैलास भण्डारी

कुरा गर्दा सधैँ मुस्कुराइरहने मृदुभाषी व्यक्तित्वका धनी जङ्गमको आचरण शुद्ध छ । नदीझैँ निर्मल छ । त्यसैले उनलाई भ्रष्टाचारीहरूको साउती स्वीकार्य भएन बरु विरुद्धमा सडकमा पुग्छन्, अदालतमा पनि पुग्छन् । आफ्नो आन, शान, मानमा कत्ति डगेनन् किनकि उनले बुझेको भ्रष्टाचार सङ्क्रमित रोग हो, फैलन्छ अरु क्षेत्रहरूमा । फैलँदै गयो भने देशको अस्तित्व नै हुन सक्छ । यसलाई नियन्त्रण गर्नै पर्ने देख्छन् उनी । यसैले भ्रष्टाचार नियन्त्रणको अभियानमा जुट्छन् । देशको जिम्मेवार नागरिक सामाजिक विकृतिका विरुद्ध लडिरहन्छन्, कहिल्यै हार मान्दैनन् ।

आफ्ना साहित्यिक सिर्जनाका माध्यमबाट भ्रष्टाचार विरोधी कुरा अभिव्यक्त गर्ने जङ्गमले भ्रष्टाचार विरोधी विज्ञानको पनि प्रतिपादन गरेका छन् । समाजका विकृतिलाई साहित्यतर्फ ढाल्छन् र कलात्मक अभिव्यक्ति निकाल्छन् किनकि उनी साहित्यिक विधाका पनि हस्ती हुन् । उनको साहित्यिक यात्रा कविताबाट सुरु भएको हो । उनले 'केको १८ साले' भन्ने क्रान्तिकारी कविता कोरे । त्यसलाई रेडियो नेपालमा पनि वाचन गरे । त्यसले शोषित पीडित जनताका पक्षमा क्रान्तिकारी सन्देश छरेको थियो ।

कविताबाट साहित्यिक यात्रा सुरु गरेका भरत जङ्गमले भीमसेनगोलामा बालबिकास पुस्तकालय खोले । उनले पुस्तकालयको नामबाट हस्तलिखित पत्रिका प्रकाशमा ल्याए । यसरी उनले साहित्य र पत्रकारिता यात्रा लगभग एउटै समयमा सुरु गरेको देखिन्छ ।

पङ्क्तिकार कैलास भण्डारी र भरतजङ्गमबिच भएको साक्षात् परिचय २०५३ सालतिर रहेछ । २०६१ सालसम्म पुग्दा सघन बनेछ । अनि पो

'युगपुरुष गोविन्दहरि जङ्गम' नामक पुस्तक लेख्ने शुभ अवसर जुरायो भन्छन् कैलाश भण्डारी ।

कविताबाट साहित्यिक यात्रा सुरु गरेका उनी भन्छन्, 'म कविता लेख्छु, छाप्छु, सङ्ग्रह गर्ने आदत छैन । हिँड्दा हिँड्दै लेख्यो, उतै कतै छुट्छ । प्लेन रेल, बसमा यात्रा गर्दा पनि लेख्ने गर्छु त्यो पनि त्यतै कतै छुट्छ ।" त्यसैले उनका कविताहरू सङ्ग्रहित हुन नसकेका, तर पनि लेख्न छाडेका छैनन् । आनन्द बोकेको मनले एकान्त पाउँदा फुरुङ्ग हुन्छ, त्यस फुरुङ्गपनमा विचारहरू कोर्न थाल्छन् कागजमा जुन कविता बन्छ । मनका भावनाहरू शब्द शब्दमा पोख्दा कविता बन्छ । भावना पोख्ने माध्यम पनि हो कविता । कवितामा मनको लय हुन्छ, छन्द हुन्छ, सङ्गीत हुन्छ, ध्वनि हुन्छ, सबै कविताले सशक्त सन्देश बोकेका हुन्छन् । भरत जङ्गमका ' कविता'प्रति कैलास भण्डारी टिप्पणी गर्दै लेख्छन्, 'कविता पूर्ण हुनुपर्छ । (सूचना, सन्देशपूर्ण) । पूर्ण छैनन् भने कविता होइनन् ।'

भरत जङ्गमले कविता लेखे, कथा लेखे, पत्रिकामा प्रबन्ध निबन्ध पनि लेखे । 'नेपाली आवाज' पत्रिकामा स्तम्भ लेखे । स्तम्भको सँगालो बन्यो पचास-प्रसङ्ग । त्यो प्रकाशित भयो । यो नै उनको पत्रकारिता क्षेत्रको योगदानको सशक्त दृष्टान्त हो ।

आचारको भ्रष्टतालाई बुझाउने धेरै शब्दहरू होलान् । अन्याय, अत्याचार, भ्रष्टाचार आदि आदि । तीमध्ये भ्रष्टाचार शब्ददेखि मन दुखेछ बेस्सरी । गहिरिए त्यसको अध्ययन गर्न । सार्वजनिक र सरकारी ओहोदाका पदाधिकारीहरूले पद वा अधिकारको दुरुपयोग गरी राष्ट्रलाई हानि नोक्सानी पारे पनि भ्रष्टाचारमा पर्छ । उनले पत्रपत्रिकाको माध्यमबाट त्यस्ता कृत्यहरूको भण्डाफोर गरे । तिनै भण्डाफोरहरू प्रबन्ध सङ्ग्रहका रूपमा भ्रष्टाचार : वैचारिक आन्दोलनका नाममा प्रकाशित भएको छ ।

पत्रपत्रिकामार्फत प्रकाशन गरिने आफ्ना अभिव्यक्ति र अनुभूतिहरूको स्थायित्व खोजे, पत्रपत्रिकामा स्थायित्व रहने देखेनन् । अभिव्यक्तिहरूलाई स्थायित्व दिन साहित्य सिर्जनातिर लागे ।

उनको 'कालो सूर्य' नामक उपन्यास प्रकाशित भयो । भ्रष्टाचारको विषयलाई उनले यसमा बडो कलात्मक रूपले सशक्त ढङ्गबाट प्रकाशन गरेका छन् । त्यो कलात्मक अभिव्यक्तिले पाठकको मन छोयो । यसले समाजमा आफ्नो अधिकतम प्रभाव जमाउन सफल छ । राष्ट्रिय स्तरमा मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा पनि उत्तिकै सफल छ उनको यो उपन्यास ।

'कालो सूर्य' प्रथम निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसादले पनि पढे, जो स्वयं उच्चकोटीका साहित्यकार पनि हुन् । त्यसको प्रतिक्रियामा मननयोग्य पत्र लेखेर पठाए । राजा वीरेन्द्रले पनि पढे । पढेपछि बोलाएर सोधे, 'भन त भ्रष्टाचारको अन्त्य अब कसरी गर्ने ? किनकि भ्रष्टाचार चुनौती हो, समस्या पनि । राजादेखि रङ्कसम्म सबैतिर आफ्नो अपार सफलता चुमेको 'कालो सूर्य' आज एघार भाषामा अनूदित भइसकेको छ । अन्य भाषामा अनुवाद हुने क्रम पनि जारी छ ।

एनको दोस्रो औपन्यासिक कृति 'व्युहचक्र' पनि प्रकाशित भयो । यसमा पञ्चायती व्यवस्था असफल हुनाका कारण केलाइएका छन् । त्यो व्यवस्थाका विसङ्गति र विकृतिहरूको पूरा विश्लेषण गरिएको छ । पञ्चायती व्यवस्था कसरी असफल भयो भन्ने प्रश्न कसैले गऱ्यो भने, उत्तरमा कैलास भण्डारी पाउँछन्, 'उसका अगाडि 'व्यूहचक्र' लगेर राखिदिनोस् ।' त्यसमा पञ्चायती व्यवस्थाले गरेको राजनीतिक भ्रष्टाचार र असामाजिक अनैतिक कार्यको लामै फेहरिस्त छ । सम्पूर्ण व्याख्या छ । 'व्यूहचक्र' लेख्नाको प्रेरणा बारे कसैले सोध्यो भने विश्वेश्वरप्रसादको मननयोग्य त्यही चिठीको प्रसङ्गको आशय बताउँछन् । "देश भ्रष्टाचारको दलदलमा फसेको छ । त्यो दलदलमा

पार्ने काम कस्ले गऱ्यो ? त्यो तपाईंहरूले औंलाले देखाउनुपऱ्यो ।" प्रकाशन गर्न कुत्कुत्याउने दृष्टान्त र प्रेरणा यही थियो ण्भन्छन् भरत जङ्गम ।

छिमेकी मुलुक चीन स्वतन्त्र भएपछि त्यहाँका जनताको कल्पना गर्दै 'रातोघाम' प्रकाशित गर्छन् । त्यसमा लेखकको आशय छ 'अहिले चीन स्वतन्त्र छैन किनकि यो देश कम्युनिस्टबाट प्रभावित र सञ्चालित छ । भोलि यदि त्यो देश कम्युनिस्ट पद्धतिबाट उम्कन सफल भयो भने त्यति बेला चीनलाई दाँजेर हेर्नु होला । अनि महत्त्व बुझ्नुहुनेछ । त्यसमा ती विदेशी गरिब शोषित पीडित जनताको कथा बुनिएको छ ।

भरत जङ्गमका तीनैओटा उपन्यास महत्त्वपूर्ण छन् । तिनमा शोषित पीडित, भ्रष्टाचार पीडित देश र जनताका पीर, व्यथा, देशमा मौलाएका विकृति, विसङ्गतिको चित्रण छ । यसरी साहित्य र पत्रकारिताबाट लेखन विस्तार गर्दै लगेका जङ्गमले भ्रष्टाचार विरोधी आन्दोलन, भ्रष्टाचार विरोधी विज्ञान, धर्म संस्कृति, इतिहास, पुरातत्त्व, अनुसन्धान, न्याय कानुन राजनीति आदि विषयहरूमा अतुलनीय योगदान पुऱ्याएका छन् । त्यसैले उनी राष्ट्रका शान, मान र गौरव बनेका छन् ।

उनका बारेमा छोटो कविता प्रस्तुत गर्छन् भण्डारी, भ्रष्टाचारप्रति सबैलाई सचेत तुल्याउँछन् ।

देशका गौरव हुन्, मान अनि शान हुन् ।
जोस र जाँगर जगाइदिने सिर्जनाकार हुन् ।
जसले उपन्यास, लेख, भ्रष्टाचार : वैचारिक आन्दोलन
जस्ता कृतिहरू लेखेर सन्देश दिइरहेका हुन्छन् ।

पचास प्रसङ्गभित्रका केही धारणाहरू

डा. चेतबहादुर कुवँर

भरत जङ्गम पुलकित मुस्कानभित्र आफ्ना कर्महरूको सन्तुष्टि र असन्तुष्टि लुकाएर राख्न सक्ने क्षमताभित्र गहन राष्ट्रियताको भाव हुर्काइरहेका हुन्छन् । उनीभित्रको चिन्तन क्षमताले जीवन जगत् एवं आध्यात्मिक स्वभावका मानिस देखिन्छन जङ्गम । यस्ता सुपरिचित लेखक, पत्रकार समाजसेवी, धर्मपरायण भरत जङ्गमलाई विभिन्न विधाका विज्ञ र समाज सेवीका सङ्गमका रूपमा देखाइरहेको हुन्छ ।

भरतको कलम थुप्रै विधामा चलिरहन्छ । अपेक्षाकृत साहित्यको उपन्यास विधाले चर्चा बटुलेको पनि छ । चर्चाको शिखरमा पुगेको 'कालो सूर्य' लाई नै देख्छन् सबैले ।

पत्रकार रहँदा पनि उनी पत्रकारिताको सिद्धान्तमा नदीझैँ सललल बगे । त्यसैले पनि होला साहित्यिक शक्ति र प्रवृत्तिलाई उजागर गरिदिएको । त्यसपछि 'व्यूहचक्र' र 'रातो घाम' जस्ता पुस्तकमा राजनीति, सामाज, अर्थ र विविध परिस्थितिहरूको विश्लेषणात्मक विवेचनाहरू गरिएको छ ।

उपन्यासमा समेटिएका राष्ट्रियता, राजनीति, प्रजातन्त्र, न्याय आदि विषयमा लेखिएका विचारहरूलाई अति सामयिक र विचारणीय सत्यतामा आधारित देख्छन् चेत कुँवर । भरत जङ्गमका सबै लेखोटहरूमा उत्तम विचारधाराहरू झल्कन्छन् । नेपालीहरूको सिधासादा भोलापन र पुर्खाको पौरखले रचेको इतिहासले अन्तर्राष्ट्रिय स्तरमा गौरव बढाए पनि देशभित्र भइरहने बन्द हडतालले जनताको दैनिक जीवन त्रासपूर्ण र असुरक्षित बनाएको छ नै देशलाई आर्थिक रुपले क्षति पुऱ्याइरहेको छ । यस विषयमा सबैमा चेतना फैलाउने प्रयासको विशिष्ठता तिनै पचास प्रसङ्गहरूमा देख्छन् चेत कुवँर ।

प्रजातन्त्रमा सत्तासीनहरूले प्रजातन्त्रका माध्यमबाट देश र जनताको सेवा गर्ने अवसर हो । सत्तामा पुग्नेहरूलाई कानुनको मर्यादापालन र अनुशासित जीवन अभ्यास गराउने विधि पनि हो । यो पद्धतिमा कसैलाई बिना प्रमाण थुनामा राख्दा वा कारबाही गर्दा मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोप लाग्छ । मनपरि गर्दा प्रजातन्त्र नै मासिन्छ । चेत कुवँर लेख्छन् भरत जङ्गम त्यस्ता जुनसुकै विषयमा पनि आफ्नो मत प्रस्टसँग राख्छन् ।

प्रजातन्त्रको भाषा बोल्दैमा सरकार राम्रोसँग चल्न सक्दैन, आचरणमा नै प्रजातन्त्रको अभ्यास हुनुपर्छ । तब मात्र जनताको विश्वास आर्जन गर्न सकिन्छ । जनताको विश्वास जित्ने सरकार मात्र टिक्न सक्छ । न्यायका विषयमा भरत जङ्गम सत्यप्रिय देखिन्छन् । सत्य र असत्यको द्वन्द्वमा सत्यको पक्ष लिनु न्याय हो भने असत्यको पक्षमा लाग्नु अन्याय हो । पचास प्रसङ्गमा उल्लिखित शिक्षा, राष्ट्रसेवा र भ्रष्टाचार सम्बन्धी विषयहरूका बारेमा पनि उत्तिकै जोड दिएका छन् । शिक्षा आदान प्रदान गर्ने शिक्षण संस्थाहरूमा विशुद्ध शैक्षिक वातावरण भए मात्र उपयुक्त शिक्षा र ज्ञान हासिल गर्न सकिन्छ तब नैतिक अब्बल जनशक्ति उत्पादन हुन सक्छ भन्ने दृष्टिकोण उनका लेख रचनामा अभिव्यक्त भएको हुन्छ ।

राष्ट्रको जनशक्ति अब्बल नभए स्वार्थी र अनैतिक हुन्छ अनि भ्रष्टाचार बढ्छ । राष्ट्रसेवा गर्ने मनसायले संलग्न हुने व्यक्ति राष्ट्र सेवाका हरेक पक्षमा निःस्वार्थ रूपमा जुट्नुपर्दछ । सरकारले पनि उनीहरूलाई निःस्वार्थ सेवामा जुट्ने वातावरण बनाइदिनुपर्दछ ।

पचास प्रसङ्ग यस्तै विषयहरूलाई समेटेको सङ्ग्रह हो भने भरत जङ्गमले देखेको यथार्थ अनुभवको सङ्ग्रह हो । उपन्यास विधाजस्तै यस लेखका विषयहरू उत्तिकै महत्त्वपूर्ण मान्छन् डा. चेत कुवँर ।

नवीन सोच र प्रयोगका उद्घोषक पत्रकार

डिल्लीराम निर्भीक

भरत जङ्गमको चार दशक भन्दा 'नि लामो लेख्ने साधना छ । यो समय पक्कै छोटो होइन । यति लामो समयको साधनापछि पनि उनको हृदयले आराम खोजेन । आफूभित्र उम्रिरहने सिर्जनाका अङ्कुरहरूलाई उत्सर्ग गर्न साधनामा लागिरहेका छन् । निरन्तर साधनामा लागिरहने उनको सबैभन्दा ठूलो विशिष्टता हो । राष्ट्रको अस्मिता, प्रतिष्ठा, गौरव उनका चिन्तनका प्रमुख आधारहरू बनेका छन् । त्यसैले भरत जङ्गमलाई यो सोचका उद्घोषक पत्रकार पनि भनिँदो रहेछ ।

पत्रकारिता क्षेत्रको अग्रसरताका प्रभावमा होला उनका कालो सूर्य, व्यूहचक्र, रातो घाम, जस्ता सिर्जनाहरू प्रसिद्ध र प्रभावकारी भए । कालो सूर्यमा तत्कालीन व्यवस्थामा समाजमा घट्ने गरेका, बहुतै कठिन दृश्यहरू, ऐनामा झैँ प्रस्ट पारिएका छन् भने लेखनमा ज्यादै गहनता छ । गम्भीर खोजका विषयहरूलाई बडो भावात्मक पारामा प्रस्तुत गरिएको छ ।

'कालो सूर्य' ले विदेशी साहित्यिक क्षेत्रमा समेत प्रभाव जमाएको छ, । अङ्ग्रेजी, रुसी, चिनिया, जापानी, बङ्गाली, हिन्दी, मैथिली, कन्नड, उर्दु, असामी, र नेवारीमा उनका कृति अनुवाद र प्रकाशन भइरहेका छन भने डोट्याल र भोजपुरीमा पनि प्रकाशित भइरहेका छन् । डिल्लीराम भन्छन्, 'तीमध्ये 'कालो सूर्य' सफलताको बिन्दुमा पुगेको देखिन्छ ।' थप प्रकाशित कृतिहरूमा पचास प्रसङ्ग, नेपाली काँग्रेसको सामान्य ज्ञान, भ्रष्टाचार : वैचारिक आन्दोलन, अनि भरत जङ्गम : विचार र दृष्टिकोण रहेका छन् ।

विचारमा दृढ जङ्गम 'राष्ट्रमा स्थिर राजनीति नभई सरकार स्थिर हुन सक्दैन भन्दछन् । सरकार स्थिर नभएसम्म नागरिक उत्थानका लागि संस्कारगत कार्यव्यवहार चलायमान हुन पाउँदैनन् । विद्यमान स्थितिप्रति

उनी निकै गम्भीर देखिन्छन् ।

पूर्ण नागरिक स्वतन्त्रता बहाली हुनु पर्ने सिद्धान्त अँगाल्छन भरत जङ्गम । नग्न अभिव्यक्तिलाई नकार्ने उनी चाकरी र चाप्लुसीले राष्ट्रलाई परतन्त्रतिर धकेल्दै लग्छ भन्ने विचारका पक्षधर हुन् । त्यसैले उनमा सकारात्मक विचार, पारदर्शिता, जवाफदेहिताको सङ्गम बिन्दु भेटिन्छ । योग्यता, पराक्रम, प्रतिभा र लगनका साथै त्याग र इमानको उच्च प्रोत्साहनको अभावका दृष्टान्तहरूको सङ्कलन र प्रकाशन गर्ने कार्यमा उनी निकै सक्रिय रहेको पाइन्छ ।

कागजमा लिपिबद्ध भएका भरत जङ्गमका विचार र आदर्शहरू हेर्दा रूसको अक्टोबर क्रान्तिद्वारा प्राप्त स्वतन्त्रताको संस्कारको व्यवहारगत प्रयोग र त्यसको उच्चतालाई सम्झाइरहेका हुन्छ भन्छन्, 'डिल्लीराम निर्भीक ।'

नेपालको प्रजातान्त्रिक विकास र राष्ट्रवादको संस्कारमा भरत जङ्गमले देखाउने उच्च व्यवहारले प्रजातन्त्रको अग्रसरता र तत्परता खोजिरहेका हुन्छन् । उनका निखारिएका सिर्जनाहरूले देखाउने जङ्गीपनमन विषय र विधाहरू पनि यिनै हुने गर्छन् ।

'साप्ताहिक नेपाली आवाज' सम्पादन गर्दा देखाएको सशक्तता र निश्पक्ष विचारले नयाँ धार प्रवाहित गराएको थियो । पीत पत्रकारिताको विकृति विसङ्गतिजन्य सङ्कीर्णतालाई परित्यक्त गर्ने अभियान नै चलाए । प्रजातन्त्र स्वच्छ अभिव्यक्तिको स्वतन्त्रता हो, भिडतन्त्र हैन, भिडतन्त्रले त सकारात्मक जनजागरण र अभियानलाई छिन्नभिन्न पार्छ । प्रजातन्त्रको मर्ममा ठेस पुऱ्याउँछ ।

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अभ्यास गरिरहेका नयाँ राष्ट्रमा नागरिकहरू जबसम्म अधिकारप्रति अडिग र कर्तव्यप्रति बफादार र जागरुक हुँदैनन् तबसम्म सत्तासीनहरूले न आफ्नो जबाफदेहिता बुझ्दछन् न आफू

सफल बन्न नै सक्छन् । अरूलाई अध्याँरामा राख्ने सत्तासीनहरू आफू उज्यालो खोज्न छाड्दैनन् । त्यसैले त भरत जङ्गम भन्ने गर्छन्, 'आजको आवश्यकता हो भ्रष्टाचाररहित सुशासन ।'

नेपाली राज्य प्रशासन संयन्त्रमा उच्चतम आवश्यक तत्त्वको खोज गर्दै हिँड्ने भरत जङ्गमको सैद्धान्तिक अभिप्राय बोल्छ, 'राज्यको प्रशासन संयन्त्र आवश्यक तत्त्व पनि हो । अनुशासन, इमानदारिता, नैतिकता, जिम्मेवारीपन, जवाफदेहिता, स्वच्छता, सेवाभाव, मितव्ययीता, कार्यकुशलता, बफादारिता, आज्ञाकारिता, कर्तव्यनिष्ठाको सोच र संस्कार आवश्यक पर्दछ । जसभित्र नेपाली समाजको शाश्वत् जीवन्तता, नेपाली अर्थपूर्ण आदर्श र स्वतन्त्र व्यवहार खोजिनु पर्ने हुन्छ ।

राजनीतिले आफ्नो धर्म छाड्यो भने कर्म सङ्घर्षमा उत्रिनुपर्छ । तब धर्मछाडा धर्मको सीमामा फर्कन सक्छ । समाजले परिश्रमको व्यवहारलाई प्रोत्साहन गर्नुपर्छ, बोलाइमा निष्ठाको बोध हुनुपर्छ । नागरिकको जीवन विकासको निम्ति एकात्मक सोच र संस्कारको आवश्यक पर्दछ भन्ने भरत जङ्गम सार्वजनिक व्यक्तित्वमा सच्चरित्रता सद्व्यवहार र नैतिकता अपरिहार्य हुन्छ भन्छन् ।

वर्तमानमा पत्रपत्रिकाको व्यवहार र चरित्र प्रजातन्त्र अनुकूल नभई शक्ति र साधनबाट निर्देशित देखिन्छ । पत्रकारिता, राष्ट्रियता र राष्ट्रविचारको सापेक्षताले राष्ट्रको ऐतिहासिक धारको सम्भार गर्दै पत्रकारिताले आफ्नो जिम्मेवारी वहन गर्नुपर्ने हो । तर त्यो बहन गर्न समाजको निर्धनता र अशिक्षाका कारणले सकेन भने पत्रकारिताको स्वार्थमा पत्रकारिताको धर्म बाहेकको फरक तत्वले प्रभाव पारिरहेको हुनुपर्छ ।

पत्रपत्रिकाहरूले विश्वव्यापी मान्यता मुताविकको अभिव्यक्तिको स्वतन्त्रताअनुसार व्यक्तिगत मर्यादाहरू पनि पालन गर्दै स्वच्छ र निष्पक्षता वहन गर्नुपर्छ । निष्पक्षता र वैचारिक सद्भावको कार्यगत व्यवहारले पनि पेसागत संस्कारलाई अँगालेको हुनुपर्दछ ।

पत्रपत्रिकाका सम्बन्धमा साहित्यकार पत्रकार भरत जङ्गमको मननीय उक्ति हो, "अखबारको प्रकाशन कार्यलाई विशुद्ध व्यावसायिक बनाउन अझै लामो समय लाग्न सक्छ । यो आफैमा पूर्ण सेवाकार्य हो । सरकार र समाजका लागि पथप्रदर्शन गर्ने कार्य पनि हो । अबुझहरूका लागि शिक्षण संस्था हो भने यस्तो क्षेत्रमा कार्यरत रहने सबै युद्ध क्षेत्रका योद्धा हुन् । सञ्चालक यही समूहको सेनानी हो ।"

यस्ता उक्तिहरूमा उज्यालिने भरत जङ्गमले राष्ट्रिय धरातलमा उभिएर व्यवहार खोज्ने संस्कार देखाइरहेका छन् । जुट्ने र फुट्ने गरिरहेका दलहरूप्रति इङ्गीत गर्दै उनी भन्छन्, 'राष्ट्रिय इमानदारी र वैचारिक जिम्मेवारी खोज्ने अग्रसरता नभईकन राष्ट्रिय निष्ठाको प्रजातान्त्रिक संस्कारयुक्त सरकार देख्न पाइँदैन ।'

प्रजातन्त्रको संस्थागत विकासले संस्कार खोज्दछ । भ्रष्टाचारले विकृति विसङ्गतिको संस्कार रोज्छ । विकृतिमा अपराधहरू खुल्लारूपमा मौलाइरहेका हुन्छन् । यी सबै प्रकारका भ्रष्टाचारहरूलाई नियन्त्रण गर्न साहित्यकार, सशक्त पत्रकारिताको यात्रा, चेतनात्मक संस्कार र व्यवहारभित्र भरत जङ्गमको नियात्रा नेपाली संस्कारको व्यवहारभित्र स्वच्छ र पूर्ण स्थापित भएको देख्छन् डिल्लीराम निर्भीक ।

नेपाली आकाशमा विधिको विविधतासँगै बहुआयामिक क्रियात्मक सम्झनामा भरत जङ्गम ठुलो आशा राख्छन् । अझ धेरै सकारात्मक सम्झना छन् भन्ने आशा पनि राख्छन् निर्भीक ।

कुशल र व्यावसायिक पत्रकार

दुर्गानाथ शर्मा

भरत जङ्गमले पञ्चायती कालको भयको सघन हुस्सुभित्र पसेर पनि लेखे । उर्लेका वामपन्थीहरूले बढाएको कर्मचारी आन्दोलनको विरोधमा पनि लेखे । भ्रष्टाचार मुकरर हुँदा नहुँदै लेखे, प्रकाशन गरे । त्यसैले उनका लेखहरू र शासकहरूबिच द्वन्द्व चलिरह्यो । जुन आजपर्यन्त पनि छ । उनका लेखहरूलाई कुनै शक्ति र आन्दोलनहरूले छेउ कुना लगाउन सकेनन् किनकि उनका ती आलेखहरू शाश्वत् सत्यको धरातलमा उभिएर लेखिएका हुन्छन् । समयले साथ दिएको छ । सत्य सावित गरिदिएको छ । उनी कुशल लेखक पनि हुन् तर दुर्भाग्य हामी आन्दोलनले ल्याएको विशृङ्खलता भोगिरहेकै छौं ।

दुर्गानाथ शर्मा स्वयं वरिष्ठ सञ्चारकर्मी हुन् । त्यस्तै भरत जङ्गमलाई म त सञ्चार क्षेत्रका विज्ञ नै मान्छु 'भ्रष्टाचार विरुद्ध उभिएका कर्मवीर मान्छु । कलम क्रान्तिका योद्धा मान्छु । दुर्गानाथ शर्मा भन्छन्, 'भरत जङ्गमको छाया मेरा आँखाले हेरिरहन्छन् ।'

यी दुवैजनाको भेटमा बहसको विषय भ्रष्टाचार बन्ने गर्थ्यो । भरत जङ्गमले कार्यक्रमहरू चलाउँथे । ती कार्यक्रमहरूलाई नेपाल टेलिभिजनमा प्रसारणका लागि स्थान दिने दुर्गानाथ भन्छन्, 'पचास-प्रसङ्ग' शीर्षकको पुस्तकमा सँगालिएका लेखहरू तत्कालीन नेपालको राजनीतिक, आर्थिक र सामाजिक इतिहासका यथार्थ चित्रहरूले भरिएको छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूले उनको बहुआयामिक व्यक्तित्वका आयामहरू बढाइरहेका छन् ।

साहित्यकार, उपन्यासकार र प्रशासकसमेत रहेका भरत जङ्गमको प्रशासक बन्दाको अनुभव उत्तिकै महत्त्वपूर्ण देखिन्छ । कृतिहरूमा पनि

उनका सकारात्मक दृष्टिकोण पोखिएका हुन्छन् । कृतिमा प्रस्फुरित विचारहरू दूरगामी देखिन्छन् । २०३६ सालमा प्रकाशित उनको 'कालो सूर्य' अहिलेसम्म चौथो संस्करण प्रकाशित भइसकेको बुझिन्छ । प्रकाशित संस्करणको भावबाट त्यसको लोकप्रियताको स्तर झल्कन्छ । त्यो उपन्यास राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी ११ भाषामा अनूदित भइसकेको छ । यसरी उनी त अन्तर्राष्ट्रिय लेखक भइसकेका छन् भन्छन् दुर्गानाथ शर्मा ।

उनको अर्को उपन्यास 'व्यूहचक्र' पढ्न सुरु गरेँ, नसकिउन्जेल छाडिनँ भन्ने प्रसङ्ग बताउँदै दुर्गानाथ शर्मा भन्छन्, 'त्यसमा उनले पञ्चायती विसङ्गतिहरू केलाएका छन् । असफल हुनाका कारण खुलाएका छन् । कसैले किन पञ्चायत असफल भयो, भनेर बुझ्नलाई त्यो किताब नै काफी छ ।'

पहिलो उपन्यास 'कालो सूर्य' देखि विचार र दृष्टिकोणसम्मका लेखहरूमा आइपुग्दा भरत जङ्गमका कृतिहरूले अतुलनीय योगदान गरिरहेका रहेछन् । त्यो कुरा हामीले जानी नजानी स्वीकार गर्नै पर्छ । किनकि उनमा पत्रकारिताको अनुभव रहेकाले उनका लेखहरू यथार्थपरक हुन सके । विषयको अन्तर्यको गहिराइसम्म पुगेर अध्ययन गर्न सके । त्यस किसिमको क्षमता उनमा देखिन्छ भने भाषाशैली सरल छ, मिठासयुक्त छ । 'धर्म दर्शन' 'नेपाली आवाज' आदिको सम्पादनले उनको ज्ञान र विचारमा निखारता ल्याएको पनि हुनुपर्छ ।"

देशका जल्दाबल्दा समस्याहरूको अध्ययन गरी जनताले बुझ्ने भाषामा प्रस्तुत गर्नु, निष्पक्ष अनि इमानदार रहनु, आफ्ना उचित दृष्टिकोणहरू दिन सक्नु यी गुणहरूमा उनी माहिर देखिन्छन् । देशमा मौलाएको भ्रष्टाचार, विकृति विसङ्गतिलाई आफ्नो विशिष्टताले जनसमक्ष पुऱ्याएर भण्डाफोर गरिदिनुमा सफल देख्छन् दुर्गानाथ ।

'सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोलीको संयोजकमा नियुक्त

भएपछि पाएको अनुभव महत्त्वपूर्ण छ। पदमा बहाली रहँदा कर्मचारीहरूलाई राष्ट्रियताको भावना रोप्ने प्रसङ्गको प्रशंसक बनेका दुर्गानाथ शर्मा भरत जङ्गमको रूपलाई भ्रष्टाचार विकृति विरुद्धका सशक्त स्वरुप देख्छन् ।

पचास-प्रसङ्ग उनको पत्रकारिताको उत्तम नमुनाहरूको सँगालो हो । कर्मचारी आन्दोलन (जसमा बाम संलग्नता थियो) नेपाल वायुसेवा निगमको आर्थिक अनियमिततालगायतका सबै सबालको विश्लेषण मात्र गरेनन् समाधानका उत्तम उपायाहरू पनि सुझाएका छन् । साँचो अर्थको पत्रकारिता भनेको यही हो ।

६० वर्षमा उभिएका भरत जङ्गमबाट अझ धेरै कृतिहरूको आशा राख्दै उत्तरोत्तर प्रगतिका सहर्ष कामनाहरू व्यक्त गर्दछन् दुर्गानाथ शर्मा ।

यदि कालो सूर्यका कथाहरू आपसमा बुनिएर बाँधिएर किँवा आपसमा सम्बन्धि भएर उपन्यासको स्वीकृत सिद्धान्त मानिदिएको भए यसले चाहिँ नेपालको उपन्यासविधा (यात्रा) को सन् १९८० को माइलस्टोन बन्न सक्ने थियो ।

-यसै किताबबाट

भन्दै आए भरतमणिले स्वर्णको गीत गाऊँ
यौटा मेरो जनम भरको काव्य ठूलो बनाऊँ
जस्मा धेरै कवि र कविता, लेख आफ्ना विचार
आउन् लामा सरल गतिका भावना बार बार ।।

-भरतांशु महाकाव्य

'पचास-प्रसङ्ग' लेख्न सक्ने कलमवीर

रामचन्द्र अधिकारी

एउटा लेखकको हातमा अरू धेरै के नै हुन्छ र ? एउटा कलम मात्र न हो । त्यस सानो कलमको मसीमा चेतनाको गम्भीर संवेदना हुन्छ । बगिरहने भावना हुन्छ, भावुकता हुन्छ तर पनि सबैभन्दा शक्तिशाली कलम हुन्छ । कलमको त्यो शक्तिबाहेक अरू सबै शक्ति सत्ताधारीसँग हुन्छ । अनि ती सत्ताधारी विरुद्ध लेख्न त्यत्तिकै शक्तिशाली आत्मबल चाहिन्छ, शक्ति चाहिन्छ । लेखेको कुरा साधारण कुरा हो जस्तो लाग्छ, गहिरिएर सोच्दा त्यो कुरा भयावह बन्न सक्छ ।

नेपालमा पुनःस्थापित प्रजातन्त्रले के गति लिँदै थियो । उनले देखे गतिको धीमापन । अब यो गतिले हुँदैन, यो पाराले बन्दैन मुलुक । प्रजातन्त्रलाई नयाँ ढङ्गबाट सञ्चालन गर्नुपर्छ जसमा शोषणरहित समाज निर्माण हुँदै जाओस् । भ्रष्टाचारमुक्त देश बनोस् । भरत जङ्गम यस्ता मूर्त अमूर्त विचारहरू बहसमा ल्याउन थाले । विचारहरू बगाउन थाले । नेपालका नदीहरूमा जलाधारा बगेझैं । तिनै बगिरहेका विचारहरूको सँगालो हो ' पचास-प्रसङ्ग ।

नेपालमा बसेर सत्ताधारीहरूको विरोधमा लेख्नु सजिलो काम होइन किनकि यी सत्ताधारी पार्टीका अधिपतिसँग भीषण अनैतिक सम्बन्ध छ, त्यसैले यिनीहरू भयङ्कर र शक्तिशाली छन् । त्यो शक्तिले उड्ने, दगुर्ने दुवै अरिङ्गाल छाडिदिन सक्छन् तर भरत अरिङ्गालसँग न डगे न डरे । लेखिरहे लेखिरहे, यता पचास-प्रसङ्ग बन्यो, उता भरत जङ्गम कलमवीर बने ।

अथाह प्रतिभा छ उनमा । निरन्तरताको सोच र चिन्तन छ । अगाध देशभक्ति छ । प्रस्ट वक्ता हुन् निडर कर्ता हुन् । त्यसैले भ्रष्टाचार विरुद्ध अभिव्यक्ति दिँदै हिँड्छन् । सधै क्रियाशील रहन्छन् । परोपकारिताले पूर्ण छन् । त्यसैले द्रष्टा हुन्, स्रष्टा पनि बने ।

यस्ता कलमवीर भरत जङ्गमका युवा अवस्थादेखिका साथी रहेछन्

रामचन्द्र अधिकारी । उनको सम्पर्कमा बसेर काम गर्ने अवसर पाएका अधिकारी बोल्छन्, 'भरत जङ्गमलाई विधा विधामा विशिष्टताको स्थान दिनुपर्छ ।'

भरत जङ्गम कर्मवीरभन्दा ठुला कलमवीर हुन् । उनी जस्तो देख्छन् त्यस्तै देखाउँछन् किनकि कृति ऐनाजस्तै हुनुपर्छ । उनी खोजिरहेका हुन्छन् आफ्नो विचार र चिन्तनलाई अविनाशी बनाउन । उनीभित्रको निडरताले उनलाई यथार्थपरक कुरा लेख्न लगाउँछन् । त्यसैले उनी द्रष्टा बने, स्रष्टा बने, साहित्यकार बने ।

नेपाली परिवशेलाई विचार गरेर भरत जङ्गमलाई अभागी स्रष्टाको श्रेणीमा राख्दै राममचन्द्र भन्छन् 'किनकि यहाँ भन्ने गरिन्छ, 'देशप्रति समर्पित हुने स्रष्टा मूर्ख हो ।' तर भरत जङ्गमलाई बुझ्ने ठूलो जमात छ, तप्का छ । त्यसैले अवश्य उनले जीवनकालमा नै मातृभूमिको ठुलो आशीर्वाद पाउने छन् ।

उनी एक्लै लडे । संसद्ले पास गरेको सांसदहरूले पाउने पेन्सन विधयेकका विरुद्ध अभियान चलाएर देशलाई ठुलो आर्थिक क्षतिबाट बचाए । त्यसैले उनका लेखहरूमा राष्ट्रविरुद्धका अनैतिक आचरण र आचारको निरन्तर विरोध गरेको भेटिन्छ । 'विरोध गर्नेले गर्छ, काग कराउँदै छ पिना पनि सुक्दै गर्छ" भन्ने मानसिकता बोक्ने सत्ताधारी जमातहरूको बिचमा उनी जे देख्छन्, त्यही विषयका परिदृश्यहरू लेख्दै हिँड्न सक्छन् । यसरी देश र जनताको पक्षमा लेख्दै हिँड्न सक्नु पनि ठुलो कुरा हो ।

संसदीय परिपाटीमा भाग्यमानी भोक्ताहरूलाई आलोचनाको रत्तिभर डर छैन । उनीहरूले सबै लाज पचाइसकेका छन् । त्यो लाज पचाउनेहरूका विरुद्ध लेखेर आफ्नो अस्तित्व बचाइरहेका यस्ता युवावस्था साथी भरत जङ्गमलाई शुभकामना दिँदै अधिकारी भन्छन्, 'भरत जङ्गमको उत्तरोत्तर प्रगति होस्, हरेक पाइलामा सफलता मिलोस्, यो उत्साह, यो जाँगरमा सदा वृद्धि भइरहोस् ।'

शब्दहरू कहिल्यै हार्दैनन्

विमल भौकाजी

शब्दहरू हार्दैनन् पनि हार्छन् पनि । झुटको बखान, भाट गायन, स्तुति गायनमा पोतिएका शब्दहरू हारिरहेका हुन्छन्, हारेर रोइरहेका हुन्छन् । भरत जङ्गम जुन माटोमा जन्मे त्यो माटोले राष्ट्रप्रति माया गर्न सिकाएको छ । जुन दिवारभित्र जन्मे त्यो दिवारले उनलाई पढाएको छ, बज्र निर्भीक शब्दहरू कोर्न । त्यही सिके त्यही पढे । त्यसैले त भरत जङ्गमले खालि जित्ने शब्दहरू प्रयोग गरे । यी कुराहरूलाई प्रमाणित गर्न उनका लेखहरू स्वयं सक्षम छन् ।

निर्भीकतासाथ कोरिएका शब्दहरूले इतिहास बोलिरहेका हुन्छन्, वर्तमानलाई बुझाइरहेका हुन्छन् । इतिहासलाई बोलाउने, वर्तमानलाई बुझाउने शब्दहरू सदा अमर हुन्छन् । तिनलाई मेटाउन सकिँदैन । मेटाउन खोजे शब्दले आँधी ओकेल्छन् । आँधी उमाल्छन् ।

आफूलाई भरत जङ्गमको साहित्यको साधारण पाठकका लाइनमा राख्ने विमल भौकाजी भन्छन्, 'एकताका भ्रष्टाचार विरुद्धको अभियान चलाएर चर्चामा आएका भरत जङ्गमको सम्झना सधै ताजै रहन्छ ।" उनी थप्छन् उनका शब्दले आँधी नओकेले पनि उनका कलमबाट कोरिएका शब्द बन्दुकको गोलीभन्दा धेरै बलिया छन् ।'

समाजमा व्याप्त बेइमानी, विकृति विसङ्गति, अनैतिक आचार, भ्रष्टाचारलाई जेले छोपेर राखे पनि तिनको नकाब उतार्न केवल कलमले कोरेका शब्दहरू मात्र सफल हुन्छन् । यो कुरा भरत जङ्गमका पचास-प्रसङ्गमा कोरिएका शब्दहरूको सफलताले स्वयं पुष्टि गरिरहेका छन् ।

पचास प्रसङ्गमा व्यक्त भरत जङ्गमका शब्दहरूको उदाहरणको प्रसङ्ग कोट्याउँछन् विमल "२००८ सालदेखि १६ साल सम्मको कसरतमा भारतसँग

गण्डक सम्झौता भएको थियो । तर ३० बर्से पञ्चायती कालमा भारतसँग कुनै जलस्रोत सम्बन्धी सम्झौता भएन । यो बोल्ने भन्दा पनि सम्झने कुरा हो ।" भरत जङ्गमका यी शब्दहरूभित्र निर्भीकता छ राष्ट्रियता बोलिरहेको छ ।

हो, बलियो छिमेकी छ भन्दैमा त्यसका सबै कुरा सहनुपर्छ भन्ने छैन । आफ्नै आन, शान, मान र प्रतिष्ठामा बाँच्न गौरव मान्ने पुर्खाका सन्तान हामी, हामीमाथिको दमन हामीलाई मरेतुल्य हुनुपर्ने । यदि हामीले त्यसलाई चुनौतीका रूपमा स्वीकार गरेनौं भने भरत जङ्गम भन्छन्, 'अनायासै खम्पा काण्डजस्ता घटना घटित भइरहन सक्छन् जसमा राष्ट्रले अनयासै युद्धको ठुलो जोखिम उठाउनु पर्ने हुन्छ ।

उनी भन्छन्, 'प्रजातन्त्रको भाषामा बोल्दैमा सरकार सही ढङ्गबाट चल्दैन ।' प्रजातन्त्र भनेको सत्तासीनहरूले प्रजातन्त्रका माध्यमबाट देश र जनताको सेवा गर्ने पद्धति हो । आम नागरिकले कानुनको मर्यादाभित्र रहेर अनुशासित जीवनयापन गर्दै जाने अभ्यास हो ।

यस्तै यस्तै लेखहरूमा भरत जङ्गमका कलमहरूबाट कोरिएका शब्दहरूमा भरपुर निर्भीकता देख्छन् विमल भौकाजी । पचास-प्रसङ्ग एउटा उदाहरण मात्र हो । साहित्यतर्फ पनि उनको कलम कहिल्यै नकारात्मकतातिर ढल्केन । बडो सकारात्मक सोचका साथ आफ्नो विचारलाई सम्प्रेषण गरिरहे ती सबै हामी सबैको अगाडि छन् ।

नेपाली पहिचान

हरि लम्साल

ॐकार धुनमा गुञ्जिरहनु भनेको भक्ति रसमा विभोर बन्नु हो । विभोर ब्रह्म मुहूर्तमा, पशुपतिनाथको कैलासमा जसले ॐकार ध्वनि गुञ्जाउँछ, ध्वनित हुँदा जगत् आनन्दमा डुबेजस्तै लाग्छ । जसका लेखनका लाइनहरूमा जडित शब्दहरूको शक्तिले ज्ञानको क्षितिज खुल्दै गएको अनुभव गराउँछन् । जसका विचारहरूमा साहित्य, कला धर्म र संस्कृतिको योग छ । प्रकाशपूर्ण मानव जीवन निर्माणको लक्ष्य छ । अनि रोजिरहेको हुन्छ, शान्ति र संयमता । जसमा सत् विचारहरूको स्रोत छ । जसमा प्रेमपूर्ण रङहरू भरिएका छन् । यस्ता कर्मयोगी भरतलाई नेपालको पहिचान बोक्ने कर्मठ वाहकको रूपमा देख्दा रहेछन् वरिष्ठ पत्रकार हरि लम्साल ।

ती दुवै पत्रकारिताका पात्रहरू, तीन दशकअघिको परिचयले जुटेका । परिचयको केही समयपछि 'साप्ताहिक नेपाली आवाज' आफ्नै सम्पादनमा प्रकाशन सुरु गरे भरत जङ्गमले । यसै पत्रिकाबाट उनको पत्रकारिता चल्यो । हरि लम्साल भन्छन्, "यसैबाट हो पत्रकारिताको क्षेत्रमा जाज्वल्यमान कीर्तिमान स्थापित हुन पुगेको ।" त्यसको प्राथमिकतामा सधै परे विकृति विसङ्गति र मुलुक अनि नागरिकका इति वृतान्त खोलिएका विचारहरू । ती विचारहरूको सङ्ग्रहालय नै तयार भएको छ । त्यो सङ्ग्रहालयको नाम हो पचास-प्रसङ्ग ।

भरत जङ्गमका कति लेख रचनाहरू गुमनाम होलान् । कति प्रकाशित भए, तीमध्ये कालो सूर्य, व्यूहचक्र, रातो घाम पनि सुयोग्य कृतिमा पर्छन् । पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलन र हरि मञ्जुश्रीद्धारा सम्पादित भरत जङ्गमका विचार र दृष्टिकोण भने प्रबन्ध सङ्ग्रहका रूपका कृतिहरू हुन् । नेपालको परिचयको विषयमा, हिमवत् खण्डमा गरिएको वर्णनका प्रसङ्गहरू उल्लेख गर्दै उनी लेख्छन् :

ते नाम्ना मुनिना यस्मात् पालितं पुण्यकर्मणा ।
क्षेत्रः हिमवतः कुक्षौ ततो नेपाल सङ्ज्ञकः

विशाल चट्टानहरू मन्दिरका सजावट बनेका छन् विभिन्न आकृतिहरू, कला कौशलहरू निर्माण भएका छन् । यिनैका कारण मन्दिरै मन्दिरको सहर बन्यो नेपाल । अनि भगवान् बुद्धको देश बन्यो । ने मुनिद्वारा पालित नेपालका लागि यी पहिचानहरू वर्तमान र भविष्यको पहिचानको लागि मौलिक उदाहरण बनेका छन् । यस पुण्यभूमिको सत्य युगको पहिचान 'सत्यपुरी' थियो । त्रेतायुगमा तपोवनी, द्वापरयुगमा मुक्तिकापुरी र कलियुगमा नेपाल बनेको छ । भरत जङ्गममाथि ठूलो आशा राख्दै हरि लम्साल भन्छन्, ' अब नेपाल भरत जङ्गमको नामले चिनिने छ किनकि भरत जङ्गमले आफ्ना साहित्यक कृतिहरू र भ्रष्टाचारविरुद्धको विज्ञानका प्रर्वतकको रूपमा विश्वमा परिचय जमाइसकेका छन् ।'

हरि लम्सालले देखेको भरत जङ्गमको पत्रकारिता सत्य निर्देशित थियो । अमृतत्व प्राप्तितिर उन्मुख थियो । चाहना सदैव सत्य र उज्ज्वलता प्राप्तितिर थिए । ती सबै प्राप्त गर्ने मूल स्रोत एउटै देखे हरि लम्सालले, त्यो थियो उनले कल्पना गरेको सबै प्रकारका भ्रष्टाचारमुक्त समाज ।

भरत जङ्गमले घोषणा गरेका छन् निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य उपचार, निःशुल्क न्याय सुविधा नभइन्जेल आफ्नो मोर्चाबन्दी रहने र त्यो लक्ष्यप्राप्ति नभइन्जेल अभियानबाट विश्राम नलिने । त्यसैले पनि होला उनी यति धेरै सक्रिय देखिने गरेको ।

हरि लम्साल कामना गर्दछन्, 'उनको नयाँ नेपालको सोच सार्थक बनोस् । लक्ष्यले मूर्तता पाओस् । सबैको साथ मिलोस् । मोती महोत्सवको अवसरमा कालजयी व्यक्तित्व भरत जङ्गमप्रति शुभकामना ।

परिच्छेद : पाँच
खण्ड :-दुई

भरत जङ्गमका साहित्येतर कृतिहरूको अध्ययन
कार्यकर्ताको मतिष्क आन्दोलित गराउने पुस्तक

गणेशमान सिंह

पार्टी पद्धतिमा स्थापित प्रजातन्त्र पुनर्बहाली भए पनि, पार्टीगत नीतिनियम र देशको विधानसम्मत सही प्रजातान्त्रिक परिपाटीमा मुलुक चलेको अनुभव गर्न पाइरहेका छैनन् जनताले । जबसम्म पार्टीका कार्यकर्ता स्वयं सुरक्षित अनि अनुशासित र जागरुक बनेर पार्टीभित्र पार्टी अनि नेतृत्वलाई नियमसम्मत तरिकाले देश हाँक्न दबाब दिन सक्दैनन्, तबसम्म पार्टी आम जनताका लागि बन्न सक्दैन । प्रजातन्त्र सुदृढ नभए अस्थिरता र अन्योलको स्थिति सिर्जना भइरहन्छ । हामीले भोगिरहेका अवस्था यही हो । देश यही अवस्थाबाट गुज्रिरहेको छ ।

पार्टीका आम कार्यत्रर्तालाई सही मार्ग निर्देशन, प्रशिक्षण गर्न र जगाउन देश कल्याणप्रति दृढ रहने गरी प्रशिक्षण दिन केही केही पाठ्य सामग्रीहरूको पनि आवश्यकता पर्छ । त्यसको अभाव महसुस गरिरहेको अवस्थामा आफ्ना युवा नेता भरत जङ्गमद्वारा लिखित पुस्तक "नेपाली काङ्ग्रेसको सामान्य ज्ञान" केही हदसम्म उपयोगी बन्न सक्छ भन्दै गणेशमान भन्छन्, 'यो पुस्तकले सकारात्मक तबरले पार्टी कार्यकर्ताको मन मस्तिष्क नै आन्दोलित गराउन सक्छ ।'

नेपाली काङ्ग्रेसका कार्यकर्ताका लागि उपयोगी पुस्तक

गिरिजाप्रसाद कोइराला

भरत जङ्गम प्रखर विचार र अभिव्यक्तिका हिमायती हुन् । उनी नेपली काँग्रेसका कार्यकर्ता बने । पार्टीलाई सुधार गर्दै लानु पर्ने आवश्यकता देखे । अनि 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखे । सबै तहका कार्यकर्ताले त्यो पुस्तक अति उपयोगी देखे । भरत जङ्गम जटिलतम् आयामहरूलाई सजिलैसँग बुझ्दछन्, निम्टारा लगाउँछन् । त्यसैले भरत जङ्गमको गोरेटो सबैलाई सहज लाग्छ ।

उनले लेखेको सामान्य ज्ञानमा पार्टीको इतिहास छ । पार्टीका कार्यकर्तालाई प्रशिक्षणका सुझावहरू छन् । पार्टीको लक्ष्य (मार्गनिर्देशन) प्रजातान्त्रिक समाजवादको सङ्क्षिप्त व्याख्या छ । नेपालमा प्रजातन्त्रले किन स्थायित्व र विकासको गति समाउन सकेन ? कोही बोल्न सकिरहेका थिएनन् । यिनलाई कसैले बोलाउन परेन आफै बोलेका छन् । त्यस किताबभित्र स्पष्ट रुपमा 'प्रजातन्त्रको स्थायित्व र विकासको बाधक कम्युनिस्ट र भ्रष्टाचार हो' भनिएको छ । त्यसैले तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला भन्छन्, 'किताबमा व्यक्त उनका विचारले पुस्तकको गरिमा झनै बढाएको छ ।'

भरत जङ्गमबाट लिखित उपन्यास 'कालो सूर्य' असमी भाषामा अनूदित अङ्क लोकार्पणको अवसरमा अनुवादक र लेखकलाई शुभकामना दिँदै गिरिजाप्रसाद कोइराला भन्छन्, 'साहित्यकार देशका रत्न हुन् । यिनले आफ्नो अभिव्यक्तिको माध्यमबाट विश्व समुदायमा सेवा पुऱ्याइरहेका हुन्छन् । यो उपन्यास 'कालो सूर्यले' प्रजातन्त्रको पुनःस्थापनाका लागि जनतन्त्रमा चेतना प्रवाह गर्ने भूमिका निर्वाह गरेको छ ।" जनजनमा चेतना भर्न सक्ने भरत जङ्गमलाई उनको चेतना भर्ने कार्यले निरन्तरता पाइरहोस् भन्दै गिरिजाप्रसाद कोइराला शुभेच्छा र शुभकामना पनि व्यक्त गर्दछन् ।

नेपाली काङ्ग्रेसको सामान्य ज्ञान र सङ्गठनात्मक वाङ्मयका स्रष्टा

दीनबन्धु अर्याल

भरत जङ्गमलाई म ऊर्जा अनि सुन्दरताका सङ्गम देख्छु । उनी आफ्ना अगाडि आएका काँडेतारका अवरोधहरू पनि सजिलोसँग पार गर्न सक्छन् । भ्रष्टाचार विरुद्ध लेख रचनाहरू प्रकाशित गरिरहने भरत जङ्गमको अझ उच्चतम् क्षमता कलम कला हो । उनको कलम कला प्रबन्ध लेखन, पत्रकारिता र राजनीतिक विचार एवं दर्शनमा पनि उत्तिकै चल्छ । किनकि कलमले धेरै बल दिन्छ ।

त्यसैले भरत जङ्गमलाई बहुआयामिक व्यक्तित्व, कुशल प्रशासक, असल राष्ट्रवादी चिन्तनशील लेखक, कवि, दार्शनिक अनि अनुभवले खारिएको राजनीतिज्ञको कोटीमा पुऱ्याउँछन दीनबन्धु अर्याल । यी सबै भरत जङ्गमका स्वाभाविक गुणहरू हुन् जसलाई पुष्टि गर्नुपर्ने आवश्यकता नै देख्दैनन् अर्याल । आफू पनि राजनीतिकर्मी भएकाले आफ्नो लेखलाई भरत जङ्गमको दल सम्बन्धी विचारतिर केन्द्रित गर्न चाहन्छन् दीनबन्धु ।

भरत जङ्गम पनि स्वयं अनुभवी राजनीतिज्ञ हुन् । उनले लेखेको पुस्तक 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' राजनीतिक पार्टी सम्बन्धी वाङ्मयको नमुना हो । यसले प्रजातान्त्रिक पद्धतिमा विश्वास राख्ने व्यक्तिको प्राथमिकता, आवश्यकता र दायित्वको बोध गर्ने सचेतना जगाई पार्टीलाई सुदृढ गराउने र प्रजातन्त्रप्रतिको दायित्वबोध गर्ने चेतना जगाउँछ ।

कलम क्रान्तिका स्रष्टा भरतका लेख रचना र प्रस्तुतिहरू भ्रष्टाचार, दुराचार, अनाचारजन्य कृत्यहरूको पर्दाफास गर्नका लागि बेजोड सिद्ध भएको देख्छन् दीनबन्धु अर्याल । कालो सूर्य, जनचेतना जगाउने मार्मिक उपन्यास हो । यो धेरै विदेशी भाषामा पनि अनूदित भइसकेको छ ।

पुस्तकको महत्त्वका विषयमा स्वयं वी.पी प्रतिक्रिया दिन्छन्, 'कालो सूर्य' लाई स्वयं सत्तासीन व्यक्तिहरूले एकसर्को मात्र पढिदिए पनि उनीहरूभित्र निभिसकेको नैतिक चेतना केही मात्रामा भए पनि जाग्थ्यो कि ।'

भरत जङ्गमको राजनीतिक विचार र पार्टीप्रतिको धारणामा दीनबन्धु अर्यालको विश्लेषण छ, 'पार्टी सङ्गठन मात्र होइन, यो त सिद्धान्तबाट निर्देशित हुन्छ । सिद्धान्त र विचारको संलग्नतामा चल्ने पार्टी व्यवस्था एउटै विचारको सङ्गठन हो । यसमा इमानदार र अनुशासनको दायरामा बसी मुलुक र जनतालाई प्रगतिपथमा बढाउने क्षमता राख्ने नैतिकवान् समूहले नेतृत्व गर्नुपर्छ ।

पटक पटक भएका प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरेको नेपाली काङ्ग्रेसले लामो इतिहास बोकेको छ । प्रजातन्त्रको पर्यायको नाम पनि यसैले बोकेको छ । त्यसैले यस पार्टीप्रति आम नागरिकको जिज्ञासा छ । भरत जङ्गमलाई यही देशका आम जनताको जस्तै चासो जाग्यो त्यसैले 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' लेख्नमा बुद्धि खर्च गरे, श्रम लगाए, सिप लगाए । दीनबन्धु अर्याल भन्छन्, यही पुस्तकका माध्यमबाट काङ्ग्रेसले नेपाली जनताका बिच आफूलाई जमाइराख्न प्रयत्न गरेको हुनुपर्छ ।'

कुनै व्यक्ति वा प्रसङ्गको सम्बन्धका कारण पार्टीको सदस्य वा अनुयायीका चरित्रमा प्रश्न उठ्न सक्छ तर सिद्धान्त र आदर्शबाट नै प्रेरित भएर सहभागी हुनेहरू पार्टीप्रति बढी निष्ठावान्, अनुशासित र प्रतिबद्ध हुन्छन् । पार्टीका नीति नियम र आदर्शहरू जनताबाट अनुमोदन हुने हुँदा ती जन आदेशमा जनताको पूर्ण विश्वास हुन्छ ।

भरत जङ्गमद्वारा लिखित 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' मा नेपाली काङ्ग्रेसको शाब्दिक अर्थ, पार्टीको चारतारे झण्डाको प्रतीकात्मक अर्थ, र त्यसको लक्ष्य र भावबारे पनि उल्लेख गरेका छन् । अनि कार्यकर्ताबिच एक आपसमा सम्बोधन गर्दा बोलिने वाक्य 'जय नेपाल' को अर्थ के हो ?

यसको अन्तर्निहित उद्देश्य के हो, आदि सबै कुराको विश्लेषण र व्याख्या गरेका छन् ।

आफूले आजीवनका लागि भनेर अँगालेको नेपाली काङ्ग्रेस पार्टीको वर्तमानको अवस्था देखेर होला दीनबन्धु भन्छन्, 'भरत जङ्गमले पार्टीको मौलिकता बचाउने विचारहरू, पार्टीलाई कसरी यसको आदर्शमा राख्ने र कसरी लक्ष्यमा पुऱ्याउने भन्ने विषयमा विचारहरू प्रस्तुत गरेर प्रजातन्त्रको श्रीवृद्धि गर्ने उद्देश्य राखेका छन् । त्यस पुस्तकमा उल्लिखित पार्टी सिद्धान्तका आधारहरूमा पार्टीले अडान लिन सकेको भए आजसम्म पार्टीको भूमिका र अध्यक्षतामा व्यापकता र विकासले राष्ट्रको कायापलट गरिसकेको हुने थियो ।

भरत जङ्गमका यस्ता वस्तुगत, विषयगत र भावागत विषयहरू, वस्तुपरक सोच र आत्मपरक दृष्टिहरू यस किताबमा प्रतिबिम्बित भएका छन् । जुन कार्यकर्ताका लागि सुझावजस्तै पनि छन्, सबैका लागि उत्तिकै प्रेरणादायी पनि छन् । नेपाली काङ्ग्रेस कुनै व्यक्तिगत सङ्गठन होइन । यो आम जनताका लागि जनताहरूको सङ्गठित रूपमा संलग्नता रहेको पार्टी हो । त्यसैले यसको नेतृत्व लिने व्यक्तिको चरित्रमा कमजोरी या दाग लाग्न गयो भने पार्टी त धरासायी हुन्छ नै त्यसको असर व्यक्ति र पार्टीमा मात्र होइन देशव्यापी रूपमा पर्दछ । भरत जङ्गमले यही कुरा गहिरिएर बुझे अनि यसको वाङ्मय हेतु नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखे । त्यो ज्ञान साहित्यिक प्रयोजनमा पनि पूर्ण बनेको देख्छन् दीनबन्धु अर्याल ।

उनको यो सामान्य ज्ञानबाट सबै प्रजातान्त्रिक पार्टीहरू शिक्षा लिन सक्छन् । जनताको सर्वोच्च हित, र कल्याणकारी सोचले यो पुस्तक लेख्ने साहित्यिक स्रष्टालाई धन्यवाद टक्र्याउनु पर्ने नै हुन्छ । साहित्यिक सोचमा सत्यलाई सामना गर्ने मानसिकताहरू हुन्छन् । यो सत्यलाई हृदयङ्गम गर्ने मनोवृत्ति राजनीतिमा पनि त्यत्तिकै आवश्यक देखिन्छ ।

असामाजिक तत्त्वको शक्तिलाई निस्तेज पार्न सामाजिक सङ्घसंस्था गठन गरिएका हुन्छन् । असामाजिक शक्तिको शक्ति निस्तेज पार्न सङ्घसंस्थालाई शक्तिसम्पन्न पारिएको पनि हुन्छ । दलहरूको जनमत र सदस्यहरूको चेतना निर्माणमा प्रभावकारी भूमिका रहोस् । यस भूमिकाले विश्वमान्य प्रजातान्त्रिक आधार देशले प्राप्त गर्न सकोस् भन्ने शुभेच्छा भरत जङ्गममा रहेको देख्छन्, दीनबन्धु अर्याल ।

तौत्तेरीय उपनिषद् भन्छ, यो आकाश आनन्दमय नहुँदो हो त खाना खाएर को बस्न सक्थ्यो होला यहाँ । यहाँको आनन्दसँग श्वास फेर्न सक्थ्यो । आत्माको विशाल काया हुन्छ । विशाल आध्यात्मिक आत्माको विशालतम आकाश आनन्दमय हुन्छ चेहरामा सदा प्रसन्नता दिन्छ । पुनर्जन्मको इच्छा अनेच्छाको सोच रहँदैन । अनि प्रसन्न चित्त सृष्टिको रहस्यमा रम्न पुग्छ । त्यसैले ज्ञानी पुरुषहरु हसमुख रहन्छन् ।"

यसै पुस्तकबाट

नवीन विचारक र व्याख्याता

बेनीबहादुर कार्की

थाहा पाउँदै नपाएर होइन, थाहा भएर हो भरत जङ्गमको मन एकोहोरिएको । उनी नेपाली काङ्ग्रेसका सदस्य हुन् । नेपली काङ्ग्रेका युवानेता बनेर योगदान गरे । अनि नवीन विचारका व्याख्याता बने । नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखे । बेनीबहादुर कार्की भन्छन्, 'यो पुस्तक नेपाली काङ्ग्रेसका प्रत्येक नेता र कार्यकर्ताले पढ्नै पर्ने किताब हो । यसमा सबैले बुझ्न पर्ने कुरा छन् । त्यसैले यो सबैले पढ्नु आवश्यक छ ।'

यसमा भरतका मौलिक व्याख्या छन् जुन निकै सटिक देखिन्छन् । विषयहरू पनि चिन्तनीय छन् त्यसैले यो पुस्तक सबै तहका पार्टी कार्यकर्ताहरूलाई पार्टीको नीति र सिद्धान्तप्रति अझ बफादार र अनुशासित बनाउन सघाउँछ भन्दै पुस्तकको प्रशंसा गर्छु भन्छन्, बेनीबहादुर कार्की ।

नेपाली काँग्रेसले उहाँको भावना बुझ्केन

योगप्रसाद उपाध्याय

सीमा नै नभएका भावनाहरूलाई कलमका मसीले कागजमा आकार कोर्न सजिलो छैन । मनमा जति उतार चढाव आओस् भरत जङ्गम केही न केही नयाँ कुरा गरिरहेका हुन्छन् । कतै न कतै अक्षरका आकारहरू पारिरहेका हुन्छन् किनकि उनी लेखक हुन्, पत्रकार हुन्, झन् साहित्यकार हुन् । साहित्यकारले आफ्ना लेखहरूमा समाजका कमीकमजोरी र घटनालाई मधुर तरिकाबाट उर्तान सक्छन्, वर्णन गर्न सक्छन् । जुन मधुरताले मानिसको मन छुन्छ । साहित्यकारले बज्र चोटलाई फूलको पत्रपत्रभित्र लुकाउन पनि सक्छ ।

भरत जङ्गमले लेखेका पुस्तकहरूमध्येको एउटा नेपली काङ्ग्रेसको सामान्य ज्ञान पनि हो । यसमा पार्टीका कार्यकर्तालाई सहज ढङ्गले आफ्नो कर्तव्यबोध गर्न सक्ने गरी व्याख्या गरिएको छ । कार्यकर्ताको कर्तव्य र आचारसंहिता के हो ? भन्ने उल्लेख छ । यसरी नै लेखकको शुभ जन्मोत्सवको अवसर पारेर 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थ प्रकाशन गरेर समारोह समितिका सदस्यहरूले समाजलाई गुन लगाएको देख्छन्, योगप्रसाद तर नेपाली काङ्ग्रेसले उनको भावना नबुझेकोमा खेद पनि प्रकट गर्छन् उनी ।

उनले पुस्तकमा वर्णन गरिएका कुराहरू नेपली काङ्ग्रेस पार्टी र यसका कार्यकर्ता पङ्क्तिले पालना र अनुसरण गरेको भए, देशको प्रजातान्त्रिक अग्रगमनलाई न कुनै तानाशाह न कुनै अधिनायकवादी न अन्य कुनै शक्तिले शिथिल पार्न सक्थ्यो, सक्ने कुरै थिएन । नेपली काङ्ग्रेसको सिद्धान्तमा प्रतिबद्ध एउटा कार्यकर्ताले लेखेको कुराले पार्टीमा आस्था राख्नेलाई मन छोयो, दुर्भाग्य पार्टीका शीर्ष नेताहरूलाई छुनै सकेन । त्यसैले आम समर्थक कार्यकर्ताहरू थिचिएका पिल्सिएका छन् । पार्टी अहिले सङ्क्रमणको दुर वस्थाबाट गुज्रिरहेको छ ।

भरत जङ्गमको बहुआयामिक व्यक्तित्व कुनै न कुनै बेला, कुनै न कुनै रूपमा सामाजिक समस्याहरूसँग जुझिरहेको हुन्छ तर उनले न पार्टीको कुनै तह न कुनै नेतृत्व न कतैबाट प्रोत्साहन नै पाएका छन् । प्रोत्साहन नपाए पनि उनले नेपाली काङ्ग्रेस पार्टीको हितका लागि त्यो किताब प्रकाशन गरी पार्टी कार्यकर्ताको हात हातमा पुऱ्याए । त्यो योगदान केवल पार्टीका लागि थियो । योगप्रसाद उपाध्याय भन्छन्, 'खै, नेपाली काङ्ग्रेसका नेता र कार्यकर्ताले पुस्तक रचनाको मर्म बुझेको ?' किन बुझ्न नसकेका होलान्, प्रश्न गहन बनेर बसिरहेको छ ।

भरत जङ्गमले बडो बुद्धि पुऱ्याएर उक्त पुस्तकमा तत्काल पार्टीमा देखिएका समस्या, दीर्घकालसम्म आइरहने समस्या र तिनको निदानका उपायाहरू, सुझावहरू अनि पार्टीको राजनीतिमा सक्रिय कार्यकर्ताका योजनाहरू समावेश गरेका छन् । पार्टीले गलत नीति अवलम्बन गरे त्यसको पार्टीभित्र र बाहिर विरोध कसरी गर्ने ? तौरतरिकाको व्याख्यासमेत गरेका छन् । अधिनायकवादी व्यवस्था, तानाशाही व्यवस्था र प्रजातान्त्रिक व्यवस्थामा हुने फरकको वर्णन गर्दै नेता एवं कार्यकर्तालाई आफ्नो आचरणप्रति स्वयं सजग रहनसमेत सुझाएका छन् ।

भरत जङ्गमको यो कृति अन्य काल्पनिक वा यर्थाथवादी साहित्यभन्दा बेग्लै प्रकारको रहे पनि समाजमा परिवर्तन र चेतना फैलाउन उनले गरेको प्रयास निकै महत्त्वपूर्ण रहेको देख्न सकिन्छ । समाजप्रति उनले लगाएको गुनको सम्झना गर्दै योगप्रसाद उपाध्याय भरत जङ्गमलाई दीर्घ जीवनको आशीर्वाद दिँदै परिवर्तन भइरहने समयको साथसाथै झन् झन् विचारोत्तेजक सचनारू रचेर समाज सेवामा अगाडि बढिरहनू भन्ने शुभकामना व्यक्त गर्दछन् ।

त्यो बेला त्यति नै शिक्षा
धौलागिरी समानको
मानिन्थ्यो उच्चता नाप्ने
स्तर साथै विचारको ॥२५॥

-भरतांशु महाकाव्य

प्रजातान्त्रिक समाजवादका विचारक

रामचन्द्र पौडेल

लेखमा लेखकका आफ्नै विचारहरू हुन्छन् । यो बताइरहने विषय पनि होइन । सच्चा लेखक आफ्ना विचारहरू आग्रह पूर्वाग्रहमा अलमल्याउन चाहँदैन । मनिस जो वा जससँग बढी अश्वस्त हुन्छ त्यसलाई नै सत्य देख्छ । भरत जङ्गम आफू आश्वस्त भएको पार्टीलाई ठिक र सत्य देखे । त्यसैको विषयमा लेखे । लेख एउटा किताब नै बन्यो 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान ।'

रामचन्द्र पौडेल भन्छन्, 'नेपाली काङ्ग्रेसको इतिहास लेखिएको छैन । नलेखिएका दस्तावेजहरू भने धेरै छन् ।' यो नेपालको जेठो पार्टी हो जसको लिखित इतिहास फेला परेको छैन । जसको लिखित इतिहास हुँदैन त्यसका विषयका कुराहरू जनजनको जिब्रोमा किंवदन्तीका रूपमा उम्रन्छन् । उनले जे थिएन त्यही लेखे । 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान बन्यो' जुन दस्तावेज भविष्यको इतिहास बनेको छ ।

नेपाली काङ्ग्रेसमा भएको अभाव पूरा गर्ने यो पुस्तकले सिङ्गो पार्टी पङ्क्तिलाई पार्टीप्रति अझ बफादार बन्न प्रेरित गरेको छ । यसमा नेपाली काङ्ग्रेसको परिचय, पार्टीको विधान र नियमहरू छन् । कार्यकर्ताको तालिम र प्रशिक्षणको व्याख्या छ । प्रजातान्त्रिक समाजवादको व्याख्या छ । प्रजातान्त्रिक समाजहरू र प्रजातन्त्रका बाधक तत्त्वहरूका बारेको वर्णन छ ।

यो ऐतिहासिक दस्तावेज, भोलिको इतिहास सिर्जनाको प्रयासको खुबै सम्झना पनि गर्छन् होला रामचन्द्र पौडेल ।

साहित्यिक व्यक्तिको राजनीतिक घोत्ल्याइँ

शिखर पोखरेल

भावनाहरू हरेक पटक सकिन्छन्, हरेक पटक पलाउँछन् । सकिने र पलाउने भावनाको मात्र खेल हुँदैन । पार्टीका लिखित इतिहास दस्तावेजको खाँचो सबैका मनमा खट्किरहेको थियो । 'पार्टीका कार्यकर्ताले प्रारम्भिक प्रशिक्षण पाउने पुस्तकसम्म पनि उपलब्ध हुन सकेको थिएन ।' यी भनाइ हुन् लामो समय नेपाी काङ्ग्रेस पार्टीका उपसभापति रहेका रामचन्द्र पौडेलका ।

रामचन्द्रको भनाइलाई मात्रै कदर गरेर भए पनि त्यो अभाव पूरा गरिदिए भरत जङ्गमले, 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' लेखेर ।

यो उनले स्याबासी कमाइरहेका चर्चित पुस्तकहरू 'कालो सूर्य', ' व्यूहचक्र', 'रातोघाम' भन्दा भिन्दै छ तर पनि यो पुस्तकलाई चास्नीमा डुबाएर पाठकसमक्ष पस्केका छन् भन्छन् शिखर पोखरेल ।

नेपाली काङ्ग्रेस पार्टीको नाम सबैले सुनेका छन् तर पार्टीका बारेमा धेरैलाई थाहा नहुन सक्छ । यो पार्टी कसरी जन्मियो, कसरी हुर्कियो, यसको सिद्धान्त के हो, लक्ष्य के हा र किन यसप्रति मानिसहरू आकर्षित छन् ? भन्ने बारेमा ।

यस पुस्तकमा पार्टीको विधान र अधिकारका कुरा छन् । चरित्र र कर्तव्यका कुरा छन् । त्यसको सहयोगी क्षेत्र अनि आइपर्ने चुनौतीहरू समेतको आँकलन छ । प्रजातान्त्रिक चरित्र र संस्कार सम्बन्धी कुरा पनि उठाएका छन् लेखकले । उनी स्वयं कतै प्रशिक्षकजस्ता देखिएका छन्, कतै उपदेशक देखिएका छन् । कतै चढ्दा कतै झर्दा भावुक पनि बनेका छन् भने कतै दार्शनिक देखिएका छन् ।

उनी पार्टीको सक्रिय कार्यकर्ता भइसकेपछि गाउँ र जिल्लाको दौडाहामा निस्के । जहाँ जहाँ पुगे त्यहाँ त्यहाँ पार्टीका कार्यकर्ताहरूलाई भेटे । प्रत्येकमा पार्टीका उद्देश्यअनुसारको संस्कारको अभाव देखे । जुन अभावले उनलाई

किताब लेख्न प्रेरणा जगायो, सक्रिय तुल्यायो ।

पुस्तकमा शीर्षक उपशीर्षक धेरै छन् । पुस्तकमा पार्टीको झण्डाको विषयमा आफ्ना भावनाहरू यस प्रकार पोखेका छन् लेखकले : 'झण्डाको अर्थ नबुझी बोक्दा त्यसको भारले थकाउन सक्छ तर त्यसको अर्थ र आवश्यकताबोधले झण्डा उठाउँदा भावमा ऊर्जा प्राप्त हुन्छ । विशेष शक्तिको प्रादुर्भाव हुन्छ । अनि उसले बलियो अठोट बोक्छ, लक्ष्यतिर लम्कन्छ ।'

त्यसमा प्रजातन्त्र र तानाशाहबिचको व्याख्या छ। भ्रष्टाचार समाधानका उपायहरूको टिपोट छ भने पुस्तक मूलतः नेपाली काङ्ग्रेसको विषयवस्तुमा केन्द्रित छ । यसमा लेखकले पार्टीको सिद्धान्त के हो भनेर औँल्याउन खोजेका छन् भने पार्टीका नेता र कार्यकर्तालाई आदर्श बन्न पटक पटक आग्रह गरेका छन् ।

इतिहास कहिल्यै पूर्ण हुँदैन । यस पुस्तकमा समेटिनु पर्ने कुरा छुटेका पनि हुन सक्छन् तर पनि भरत जङ्गमले गरेको यो ऐतिहासिक दस्तावेज तयार पार्ने काम अति नै सह्राहनीय कार्य हो ।

नेपाली काङ्ग्रेसको साङ्गठनिक स्वरुपका बारेमा यो सारपूर्ण सङ्ग्रह हो । भरत जङ्गमको यो प्रयासलाई प्रशंसनीय बताउँछन् शिखर पोखरेल ।

कालो सूर्य उपन्यास
पहिले रचना गरे
राजनीतिसँगै भ्रष्ट-
आचार त्यसमा छरे ॥८॥

-भरतांशु महाकाव्य

वैचारिक आन्दोलनका जागरुक र निडर लेखक

डा. सुरेन्द्र के.सी

"बाँच्न नपरे कसले सास फेरिरहन्थ्यो र ? बाँच्न परेर हो प्रदूषणको लेखाजोखा गरिरहने ।"

साँच्चैको विकसित नेपाल सुन्दर कल्पना हो सारा नेपालीहरूको तर जो जो शासकका रूपमा सिंहदरबार पसे तिनको मनमा साँच्चैको नेपाल बनाउने कल्पना कहिल्यै आएन । त्यो कुरा मैले मात्र हैन बोलेको, देशको वर्तमान अवस्थाले पनि त्यही बोलिरहेको छ । साँच्चैको विकसित नेपालको कल्पना गर्ने नागरिकहरूलाई देशको अवस्था देख्दा हुने मनको जलन बढ्दै गएको छ ।

देशद्रोही हिँड्ने गरेको बाटो भ्रष्टाचार हो । अर्थात् भ्रष्टाचारीहरू नै देशद्रोही हुन् । दुर्भाग्य, सिंहदरबार छिर्नेहरूको साँठगाँठ र मिलेमतो तिनै भ्रष्टाचारीहरूसँग रहने गरेको छ । जनमत सङ्ग्रह जिताउने बाहनामा धन सङ्कलनमा तल्लीन तत्कालीन प्रधानमन्त्री स्वयंको सेरोफेरोमा भरत जङ्गमको 'कालो सूर्य' लेखिएको हो भन्ने 'कफिगफ' सुन्ने गरेका रहेछन् सुरेन्द्र के.सीले पनि ।

सुरेन्द्र के.सीसँगको पहिलो परिचयमा 'भरत जङ्गम भन्छन्, 'म नेपाली काँग्रेस पार्टीको समर्थक ।' २०५९ सालको राजाको प्रत्यक्ष शासनकालमा तिनै भरत जङ्गम मध्यमाञ्चल दौडाहा टोलीको संयोजकको रूपमा नियुक्त गरेको समाचार पढ्न पाउँछन् डा. सुरेन्द्र के.सी. । त्यसपछि भरत जङ्गमका खरा खरा अभिव्यक्तिहरू निस्केको, चर्को चर्को डाँको छाडेको, अनि अब भरत जङ्गमले भ्रष्टाचारीहरूको सातो पुल्तो काड्ने भयो भन्ने हल्ला पनि सुन्छन् सुरेन्द्र के.सी । अनि रनभुल्लमा पर्दै आफैलाई प्रश्न गर्छन् यो के हो ?

राजाको प्रत्यक्ष शासनकालमा दौडाहा टोलीको संयोजकमा आफूलाई नेपाली काँग्रेसको समर्थक (सक्रिय कार्यकर्ता) बताउने मान्छे कसरी नियुक्त हुन सक्छ ? फेरि आफ्नै मनलाई उत्तर दिन्छन्, 'जस्तो हामीजस्ता कतिपयहरू कम्युनिस्ट नभएर पनि जसरी आफूलाई कम्युनिस्ट सम्झिरहन्छौं ।' अथवा यसरी प्रत्येक मानिसलाई जुठ्याएर फालिदिने शाही परम्पराको पुनरावृत्ति पो भयो कि ।

यी दुई व्यक्ति भरत जङ्गम र सुरेन्द्र के. सीको परिचयपछि मैत्रीभाव बढ्दै जान्छ । आफ्ना भावना र विचारहरू एक अर्कामा साट्दै पनि जान्छन् । भरत जङ्गमका भरत जङ्गम : विचार र दृष्टिकोण, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता किताबहरू पाउँछन् सुरेन्द्र के.सीले । यही सिलसिलामा भरत जङ्गमको शुभ जन्मोत्सवको अवसरमा प्रकाशन हुन लागेको जन्मोत्सव ग्रन्थमा सानो शुभकामना सन्देश लेखिदिन समितिबाट आग्रहसमेत पाउँछन् के.सी । उनी भन्छन्, 'त्यो सम्भव थिएन तर पनि आग्रह टार्न सकिनँ ।'

२०१८ सालदेखि साहित्यमा उडान लिएका हरि मञ्जुश्रीद्वारा सम्पादित भरत जङ्गम : विचार र दृष्टिकोणसम्म आइपुग्दा भरत जङ्गमका झन्डै सातओटा पुस्तक प्रकाशन भइसकेका छन् । भरत जङ्गमका ती दुई पुस्तकहरू (भ्रष्टाचार : वैचारिक आन्दोलन र भरत जङ्गम : विचार र दृष्टिकोण) भ्रष्टाचारको विषयमा केन्द्रित छन् । तीमध्ये भ्रष्टाचार : वैचारिक आन्दोलन बढी विचारोत्तेजक छ । अनि दुवै पुस्तक अन्तर्वाताको सँगालोजस्ता पनि लाग्छन् । तर यी दुवै पुस्तकमा भरत जङ्गमका राष्ट्रिय चिन्तनले भरिएका सोच र विचारहरू छन् । राष्ट्रप्रति उनको अगाध माया र प्रखर आस्था पोतिएको देखिन्छ ।

उनमा, अनुशासन, सुदृढ प्रशासन, राजनीतिक अभीष्ट रहेको देख्छन् भने अन्तर्वार्ताको क्रममा राजनीतिक दलहरूलाई तीन वर्षसम्म चुप लागेर बस्ने चेतावनी पनि दिएका पनि छन् । यसै चेतावनीको विषयमा डा. सुरेन्द्र

के.सी भन्छन्, 'यो २१ औँ शताब्दीको उदार, खुला विश्वमा, त्यो सोचको अभिव्यक्ति दिन सानो आँटले सकिँदैन ।'

यी अभिव्यक्तिहरूको पछाडि डा. के.सीसँगको पहिलो परिचयमा 'म नेपाली काङ्ग्रेसको समर्थक हुँ' भनी बताइएका अभिव्यक्तिहरूमा तालमेल देखिँदैन । आफैमा घोर विपरीत देखिन्छन् यी दुई विचार किनकि दरबारले आवश्यक परे च्याप्ने नत्र फाल्ने परम्परा पनि छँदै छ ।

भरत जङ्गम भ्रष्टाचारीहरूप्रति कडा अभिव्यक्ति दिइरहन्छन् । भ्रष्टाचारीलाई देशद्रोही सरहको कारबाही गर्नुपर्छ पनि भन्छन् । उनको तर्क छ, भ्रष्टाचारीहरूले स्वच्छ समाजको बाटोमा अवरोध र व्यवधान खडा गर्छन् । यो उनको भनाइ सानोतिनो दृढताबाट आएको होइन, यो त उच्च दृढोक्ति हो भन्छन् सुरेन्द्र के.सी । के.सी भन्छन् 'किनकि यो मूलतः भ्रष्ट समाज हो, यहाँका प्रत्येक मान्छे यो वा त्यो प्रकारले भ्रष्ट आचरणको कुनै न कुनै रुपले अङ्ग बनेकै हुन्छन् ।

घुस खानु, मात्र भ्रष्ट आचरण होइन । समाजको मान्यता र देशको कानुन विपरीतका जुसुकै तहमा भ्रष्ट आचरण राख्नु नै भ्रष्टाचार हो । राणाकाल यताको तिस वर्षमा ४५ अर्बको भ्रष्टाचार गरेको देखिन्छ भने बहुदलीय व्यवस्था पुनःस्थापना भए यताका १५-१६ वर्षमा ४५ खर्बको भ्रष्टाचार भएको बताउने सुरेन्द्र के.सी शाही कदमले ती सबै भ्रष्टाचारीलाई चोख्याइदिँदा राष्ट्र नराम्रोसँग ठगिएको पक्षलाई समेटन छुट्नु पनि वा भरत जङ्गमका आँखाले नदेख्नु पनि हामी देशवासीको दुर्भाग्य हो भन्छन् के.सी ।

भ्रष्टाचार : वैचारिक आन्दोलन नामक पुस्तकमा विचारोत्तेजक भावनाका अभिव्यक्ति छन् भने, त्यही पुस्तकले भ्रष्टाचारलाई विकासोन्मुख देशको रोग पनि भनेको छ, समाधानको पहिलो पाइला भनेको राष्ट्रप्रति जिम्मेवार, नैतिकवान् र इमानदार राजनेता हुनुपर्छ भनेर सुझाएका पनि छन् ।

यसरी सुझाव सुझाएका भरत जङ्गमको पुस्तकको भित्री अङ्गमा प्रवेश गर्दा सरकारबाट हुने गरेका नीतिगत एवं राजनीतिक भ्रष्टाचार, जस्तो : नेपाल वायुसेवा निगमको विभिन्न प्रकरणमा भ्रष्टाचार अनि बैङ्किक क्षेत्रमा हुने गरेका भ्रष्टाचारका प्रकरणहरू देख्दा लाग्छ 'यिनमा अपरम्पार लीला छ । ती लीलाहरूले जनताको मुटु कन्याउँछन् ।' ती प्रत्येक भ्रष्टाचारका घटनाहरू प्रत्येक राष्ट्रभक्त नेपालीले अध्ययन गनुपर्ने ठहर गर्छन् डा. सुरेन्द्र के.सी । अगाडि भन्छन्, 'अनि मात्र थाहा हुनेछ, हाम्रो देशका बैङ्कहरूमा विदेशी सल्लाहकार राखेर तिनैलाई बैङ्क जिम्मा किन दिने गरिएको रहेछ भनेर ।'

कसरी नेता अनि भ्रष्ट कर्मचारी मिलेर जनताका लागि खोलिएका कारखाना र नाफामूलक संस्था, कौडीको भाउमा लिलाम गराए वा ठेक्का लगाएर आफू मालामाल बने भन्ने सबै कुरा भरत जङ्गमका किताबहरूबाट जान्न र बुझ्न सकिन्छ । सुरेन्द्र के.सी भन्छन्, 'ती पढ्दा पता पताको ज्ञान पक्रिएको जस्तो अनुभूति हुन्छ । वास्तवमा भरत जङ्गम धन्य हुन् । ठुलो हिम्मतका साथ भ्रष्टाचारको विरुद्धमा लागेका छन् ।

देशको बौद्धिक जगत् पनि माफियाको अङ्ग बनेकामा सुरेन्द्र केसीको ठूलो चित्त दुखाइ छ । देशका प्रमुख पत्रिकाहरूमा कोटाभित्रका लेखकहरूले मात्र स्थान पाउनु, नातावाद कृपावादको जगजगी चल्नु, प्राज्ञहरू मात्र अटाउने प्रज्ञा प्रतिष्ठानमा लठैत घुसाउनु, विश्वविद्यालयजस्तो प्राज्ञिक थलोमा खालि आफन्त र नातेदार खोजेर नियुक्ति गर्नुजस्ता अति दुराशयपूर्ण काम र व्यवस्थाप्रति उनी असन्तुष्ट छन् ।

यो अवस्थामा भिन्न आशा, अपेक्षा र आशा राख्नेहरूले सर्वथा उपेक्षाको सामना गर्नुपर्ने स्थिति सिर्जना भइरहेको अवस्थामा भरत जङ्गमले हक्कि बाटो समातेका छन् । यो त निश्चय नै काँडै काँडाले भरिएको बाटो हो । यसैलाई रोजे भरत जङ्गमले । एउटा असल लेखकको धर्म निभाए । उनको

यो कर्म अति नै प्रसंशनीय छ । डा. के.सी भन्छन्, 'उनका बारेमा जिज्ञासा उठिरहँदा उनको आस्थाप्रति कुनै हेक्का राख्नुपर्ने जरुरत नै छैन तर पनि राजनीतिज्ञको आदर्शसँग जीवन दर्शन मिल्नु उत्तम हो । अनिवार्य चाहिँ छैन ।'

राजनीतिमा आस्था राख्दा राख्दै पनि अमुक समाजभित्रका विकृति विसङ्गति विरुद्ध आवाज दिइन्छ भने त्यो कार्य प्रशंसनीय नै हुन्छ । भरत जङ्गमका यस्ता धेरै कार्यहरू प्रशंसनीय छन् । त्यसैले उनी प्रशंसनीय पात्र हुन् । उनको यो सनातनीय लेखकीय धर्मलाई जारी राखेको खण्डमा उनका लेखहरूमा समाजले भ्रष्टाचार र वैचारिक आन्दोलनको क्षेत्रमा उल्लेखनीय खजना पाउन सक्ने छ । यस्ता जागरुक निडर लेखकलाई होस्टेमा हैसे गरेर सघाउनुमा अरू लेखकको कर्तव्य, धर्म र वर्गीय ऐक्यबद्धता देख्छन्, सुरेन्द्र के.सी ।

के.सी स्वयं प्राध्यापक हुन्, कुशल लेखक हुन्, नागरिक समाजका अगुवा हुन् । लेखकका नाताले भरत जङ्गमको लेखकीय यात्राको निरन्तरताको कामना गर्दै सुस्वाथ्यको मङ्गलमय शुभकामना पनि दिन्छन् ।

रातो घाम–
रातो घाम उपन्यास
तेस्रो सौजन्य सागर
देखिन्छ चीनको यात्रा
इतिहास बराबर ॥७०॥

-भरतांशु महाकाव्य

परिच्छेद : छ

खण्ड : एक

भरत जङ्गमको प्रशासनिक योगदान

"देश भ्रष्टाचारसँग लड्दै उठ्दै यहाँसम्म आइपुगेको छ । भ्रष्टाचारीले देशलाई रुवाउँदै आएका छन् । यस्तो भ्रष्टाचार सबै देशवासीको लज्जाको विषय बन्नुपर्ने हो तर कहिल्यै बनेन । कतिले त गौरवको विषय बनाएका छन् । त्यसैले हे भरत जङ्गम तिमी भ्रष्टाचार विरुद्ध लेख किनकि तिमी लेखक हौ । कलमको धेरै तागत हुन्छ । तिमीले लेखेका तिम्रा विचारहरू अविनाशी रहने छन् ।"

प्रशासनिक क्षेत्रमा गरिएको योगदान

विदुर के.सी

राणाकालमा जनतालाई सस्तो बेसाहा उपलब्ध गराउन रापती दुन (मकवानपुर र चितवनमा पर्ने) बिराउने र काली गण्डकीमा बाँध बाँधी तिस मेगावाट बिजुली निकाली ती दुनमा सिँचाइ पुऱ्याउने तथा हेटौँडाबाट काठमाडौँ पुग्ने छोटो बाटो खोल्ने योजनाहरू पनि बनेका रहेछन् । त्यस्ता राष्ट्रिय गौरवका योजनाहरू नेपालको भौगोलिक अवस्थाले हो वा शक्तिको षड्यन्त्रकारी भूमिकाले हो कार्यान्वयनमा आउन सकेनन् । कार्यान्वयनको दिशामा अघि बढे पनि योजनाहरूको निर्माणमा सयौँ व्यवधान, अड्चन अद्यापि भोगिरहनुपरेको छ जसले गर्दा योजनाहरूको निर्माण गति अति सुस्त र उत्तिकै महँगो पनि हुने गरेको छ । त्यसपछिका व्यवस्थामा पनि देशको अवस्थामा सुधार, सुशासन र विकासका प्रयत्नहरू निकै भए । अति आवश्यक वस्तुहरूको स्वउत्पादन गर्ने प्रयत्नहरू पनि भए । हो जति

हुनुपर्थ्यो त्यति हुन सकेनन् । प्रयत्नका योजनाहरू कति कार्यान्वयन हुँदा हुँदै हराए । कति कार्यान्वयनको तहमा पुगेर पनि सफल हुन सकेनन् । कति विफल नै गराइए । कोदारी राजमार्ग र पूर्व पश्चिम राजमार्ग निर्माण गर्ने चरणमा अप्ठ्यारो परिस्थितिको सामना गर्नुपरेको थियो देशले ।

राजा महेन्द्रले पनि देशमा सुशासन, सुव्यव्यवस्था कायम गर्ने प्रयत्नहरू निक्कै गरेका थिए । त्यही प्रयत्नमध्येको एउटा थियो 'जाँचबुझ केन्द्र' । त्यो तत्कालीन युवराज वीरेन्द्रको रेखदेखमा दरबारकै सचिवालयअन्तर्गत नै खोलिएको थियो । नेपालको प्रशसनिक इतिहासमा यो जाँचबुझ केन्द्रको महत्त्वपूर्ण स्थान र भूमिका रहेको कुरा स्वीकार गर्नै पर्छ भन्छन् विदुर के.सी । उनी पूर्व प्रशासक रहिसकेका व्यक्ति पनि हुन् ।

उनी भन्छन्, 'त्यसको उद्देश्य जनतालाई परेका पिरमर्का निराकरण गरी जनतालाई सुशासनको अनुभूति दिलाउनु थियो । प्रशासनिक दक्षता बढाउने उपायको खोजी गरी विकासको गतिलाई तीव्र पार्न यस केन्द्रले चिन्तन विधि निरीक्षण संयन्त्रको रूपमा उल्लेखनीय भूमिका गर्ने गरेको थियो ।

यसमा देशमा विभिन्न क्षेत्रका प्रतिभासम्पन्न व्यक्तिहरू, विषयवेत्ताहरू र विशेषज्ञहरू सम्मिलित गराएर देशलाई आवश्यक पर्दा विवरण सङ्कलन र सत्यतथ्य छानविन गर्ने गरी उच्च वैचारिक समूहका रुपमा उपयोग गर्ने गरिएको थियो । उनीहरूबाट देशलाई आवश्यक विवरण सङ्कलन एवं दूरगामी असर पर्ने समसामयिक विषयमा अध्ययन अध्यापन पनि गराइन्थ्यो ।

बरु ४६ सालपछिका व्यवस्थाहरूमा राष्ट्रलाई दूरगामी असर पार्न सक्ने विषयहरूमा आवश्यक अनुसन्धान, सुझाव र निर्देशन दिने बौद्धिकहरूको समूह गठन गर्ने गरिएको देखिएन । यसको आवश्यकता न देखेर हो वा सत्तामा बस्नेको बुद्धि शक्तिको वरिपरि घुम्न गएर हो थाहा हुन सकेन ।

त्यति बेलाको जाँचबुझ केन्द्रको प्रतिष्ठा र छविलाई हेर्दा त्यसमा रहेर सेवा गर्ने अवसर पाउनु एउटा प्रतिष्ठाको विषय नै हुन्थ्यो । गौरवको अनुभूति गराउने विषयको रूपमा पनि लिइन्थ्यो । ०३७/३८ सालतिर त्यही जाँचबुझ केन्द्रको विशेष अधिकृतको हैसियतमा नियुक्त भएर काम गर्ने अवसर मिलेको थियो भरत जङ्गमलाई । त्यही अवसरले उनलाई देश घुमायो । ठुलाठुला योजना डुलायो । राष्ट्रिय योजनाहरूका बारेमा अध्ययन गरायो, निरीक्षण गरायो । निरीक्षण, भ्रमण, अनुगमनपश्चात् वस्तुपरक प्रतिवेदन तयार पार्न लगाउने, समस्याहरू पहिचान गरी सुधारका लागि सुझाव पेस गर्नुपर्ने अनिवार्यताले फरक किसिमका अनुभव बटुल्ने अवसर मिल्यो भरत जङ्गमलाई ।

त्यो अवसर छोटो समयका लागि मिल्यो तर पनि त्यहाँ धेरै अनुभव बटुल्न सके उनले । त्यो छोटो समयको अनुभवले पनि उनको सोचाइ र चिन्तनको स्थितिलाई ठुलो फैलावट लिन सघायो । त्यसले नै होला उनलाई प्रशासनिक क्षेत्रमा कसरी योगदान दिन सकिन्छ भन्ने सिकाएको ।

२०५३ सालदेखि भ्रष्टाचार विरोधी अभियानमा लागेका भरत जङ्गमले देशको प्रशासनमा मौलाउँदै गएको विसङ्गति, विकृति र भ्रष्टाचारका बारेमा लेख्न थालेका थिए । सरकारबाट जनताको घरदैलोमा पुऱ्याउनु पर्ने सेवा र सुविधाहरूको स्तर नै हराएका गुनासाहरू सर्वत्रबाट आइरहँदा जनतामा वितृष्णा फैलँदै गएको स्थितिलाई सम्हाल्न वा नियन्त्रण गर्न सुधारात्मक कदमहरू चाल्नु पर्ने जरुरी देखेको तत्कालीन सरकारले अध्यादेशबाट २०४९ सालमा सार्वजनिक सेवा सञ्चालन एवं अनुगमन टोली गठन गर्ने निर्णय गऱ्यो । त्यस टोलीलाई जनताले दौडाहा टोलीको रूपमा पनि बुझे । सायद भरत जङ्गमसँग भएको पूर्व प्रशासनिक योगदानको कदरस्वरुप उनलाई वागमती र नारायणी हेर्ने टोलीको संयोजकको रूपमा नियुक्त गरियो ।

संयोग के थियो मलाई थाहा छैन भन्छन् विदुर के.सी तर भरत

जङ्गमले पदभार समाल्न पाउँदा नपाउँदै बजारमा तहल्का मच्चिइसकेको थियो । भ्रष्टहरू भयभीत हुन थालेका थिए । १३ जिल्लामा योजनाबद्ध तरिकाले काम गर्ने सोच लिएर अगाडि बढेका भरत जङ्गम त्यस टोलीको संयोजकको रूपमा रहँदा सुधारात्मक कुराहरूमा बहुतै सचेतनामूलक निर्देशन दिएको देखिन्छ । जुन राष्ट्रका लागि अत्यन्तै उपयोगी पनि थिए भन्छन् विदुर के.सी ।

सङ्क्षेपमा ती थिए, 'कर्मचारीले प्रचलित नीति नियमलाई आफ्नो टेबलमा राखेर काम गर्ने, राजपत्राङ्कित कर्मचारी राष्ट्रिय पोसाकमा कार्यालयमा हाजिर हुनुपर्ने, कार्यालयको समयमा पूरा हाजिर भइरहनुपर्ने र सो समयमा कुनै सङ्गठनको काम गर्न नपाइने ।'

त्यस समयमा भरत जङ्गमको निर्देशनमा धेरै सुधारात्मक कार्यहरू पनि भए । जस्तो कति समयदेखि बन्द रहेको त्रिपुरेश्वर सूर्य विनायक ट्रलिबस पुनः सञ्चालनमा आयो, बन्द रहेको साझा बस सञ्चालनमा आयो । गुठी संस्थानमा हुने गरेको तेलको अवैध बिक्रीवितरण रोकी मट्टितेलको आपूर्तिमा सहजता ल्याइयो । बारा जिल्लाको वन डिपोबाट दाउरा बिक्रीमा हुने गरेको भ्रष्टाचारउपर कारबाही प्रक्रिया अघि बढाइएको थियो । यसका अत्तिरिक्त १३ जिल्लामा परेका उजुरीहरू र सुझावहरू सङ्कलन गर्ने व्यवस्था मिलाई उजुरी र सुझावका आधारमा कारबाही चलाउन थालिएको थियो ।

सायद ती कार्यहरू घुस्याहा, भ्रष्ट कर्मचारीहरूका विरुद्ध देखिए पनि आमजनताको हितमा थिए भरत जङ्गम । भरत जङ्गम सम्मिलित भएको टोलीलाई लिएर पत्रपत्रिकालगायत समाचारका माध्यमहरूमा निकै स्थान दिइएको थियो । तिनै सञ्चार माध्यमहरूले लिएको अन्तर्वाताको क्रममा भरत जङ्गमद्वारा व्यक्त मुख्य मुख्य विचारहरू यस प्रकार रहेका छन् :

कार्यालयको नियमानुसार कार्यालय सञ्चालन भएको छ, छैन त्यसलाई पहिलो प्राथमिकता दिई अनुगमन गर्ने गर्दछौं । आतङ्क फैलाएको बारेमा उनी

भन्छन्, 'नियमानुसार काम नगर्ने कर्मचारीका लागि यो टोली आतङ्क नै हो । वीरगञ्ज कारागारमा कैदीबन्दीले टोपीको उत्पादन बढाउँदा बन्दीहरूको आयआर्जनमा वृद्धि भएको कुरा हाँसेर बताउँदै भन्छन्, 'तपाईं उजुरी दिनोस् हामी २४ घण्टाभित्र कारबाही गर्छौं ।' तपाईं बुझ्नोस्, 'भरत जङ्गम आयो, पच्चिस प्रतिशत काम भयो ।'

कार्यालयभित्र बसेर सङ्गठनको काम गर्न पाईंदैन र सञ्चार क्षेत्रलाई हामीले प्रदूषणमुक्त बनाउनु पर्छ भन्ने अभिव्यक्ति पनि दिएका थिए । भरत जङ्गमको दह्रोसँग काम गर्न सक्ने शैलीलाई लिएर विभिन्न कोणहरूबाट पनि आलोचना भइ नै रह्यो । विदुर के.सी. भन्छन्, 'केही पत्रिकाहरू उनको विरुद्ध हात धोएर नै लागेका थिए तर पनि उनको कार्यशैलीमा कुनै प्रकारको विचलन आएन । आफ्नो जिम्मेवारीलाई दृढताका साथ पूरा गर्दै अगाडि बढिरहे ।

छोटो अवधिमा उल्लेख्य काम गरेका उनले प्रशासन क्षेत्रमा राम्रो प्रभाव छाडेका छन् । उनको ध्येय मुलुकको प्रशासन क्षेत्रलाई चुस्त, दुरुस्त अनुशासित, जनमुखी, मितव्ययी, मर्यादित एवं भ्रष्टाचारमुक्त बनाउनु थियो । उनले त्यस दिशामा केही सफलता पनि बटुलेका थिए भने केही हदसम्म कर्मचारीहरूले जिम्मेवारी बोध पनि गरेका थिए ।

थोरै समयको कार्य, अनि कार्यशैलीबाट कर्मचारीमा बिग्रेको गति, संस्कार र शैलीमा सुधारको बाटो देखाउने भरत जङ्गमको प्रयास प्रशंसनीय थियो भन्छन् विदुर के.सी । भ्रष्टाचार विरुद्ध सङ्घर्षरत रहनु अर्को विशेषता हो भरत जङ्गमको । नेपालको प्रशासनलाई जनसेवामुखी, स्वच्छ र मर्यादित हुन नसक्नुमा अन्य धेरै तत्त्वहरूका अतिरिक्त भ्रष्टाचारको व्यापकता पनि प्रमुख कारण हो । उनले त्यसका विरुद्ध लड्न, 'स्वतन्त्र विचार मञ्च' नामको संस्था नै खडा गरे । त्यसपछि उनी युद्धको मैदानमा उत्रेका हुन् । साहित्य, पत्रकारिता कानुनी मोर्चाहरूमा पनि डटिरहे । आवश्यक ठाने

सडकमा आन्दोलन पनि गरे । यसरी भ्रष्टाचार विरुद्धको मोर्चा समाल्दै आएका उनी संसद्को पेन्सन सुविधा, पजेरो सुविधा, गाडी भन्सार सुविधा सर्वोच्च अदालतसम्म पुगेर खोस्न सफल भएका छन् ।

भ्रष्टाचार विरुद्धको सिद्धान्तका प्रणेता पनि हुन् उनी । उनका यिनै विचार, आदर्श र ध्येय सबै किसिमका भ्रष्टाचार नियन्त्रण बिना प्रशासनमा शुद्धता आउँदैन न राजनीतिक स्थिरता कायम रहन सक्छ भने आर्थिक विकासले पनि गति लिन सक्दैन भन्नेमा केन्द्रित थियो ।

'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' जस्ता उपन्यासहरूबाट अन्तर ाष्ट्रिय जगत्मा समेत ख्याति कमाइसकेका उनका 'पचास-प्रसङ्ग' भ्रष्टाचार : वैचारिक आन्दोलन, भरत जङ्गम : विचार र दृष्टिकोणजस्ता कृतिहरूमा राज्य व्यवस्थाको समग्र क्षेत्रलाई प्रभाव पार्न सक्ने परिपाटीका विषयहरूमा प्रत्यक्ष या परोक्ष कुनै न कुनै रूपमा सम्बोधन गरिएको छ ।

कालो सूर्यले तत्कालीन व्यवस्थामा हुने गरेको भ्रष्टाचारलाई उदाङ्गो नै पारेको छ । अन्य कृति, अन्तर्वार्तालगायत विभिन्न समयमा भएका उनका सम्बोधनहरूलाई विश्लेषण गर्दा उनका विचार, चिन्तन अनि अभिव्यक्तिहरूको प्रस्तुतिमा मुलुकको प्रशासनिक संयन्त्रलाई उत्तरदायी बनाई भ्रष्टाचाररहित शासन प्रणाली स्थापना गर्ने, मुलुकलाई समृद्ध तुल्याउने भावनाहरू रहेको देख्छन् विदुर के.सी । उनी कामना गर्छन्, ' उनका पवित्र उद्देश्यमा सक्रियता बढ्दै जाओस् 'मङ्गलमय शुभकामना ।'

राष्ट्रिय पोसाक र भरत जङ्गम

हरिगोपाल प्रधान

भरत जङ्गम प्रयोगवादी चरित्र बोकेका व्यक्तित्व हुन् । उनले प्रयोगवादलाई नै आफ्नो जीवनको मार्गचित्र बनाए । आफूभित्रको क्षमता, पत्रकारिता, साहित्य, राजनीति र कानुनको ज्ञानलाई प्रयोग गर्न उनी सफल देखिन्छन् । जुन सफलताले आफूभित्र सुन्दर, शान्त, अनि समृद्ध नेपालको चित्र कोरेका छन् ।

सुरुमा उनले पत्रकारितालाई जनताको हितमा प्रयोग गरे । अनि साहित्यलाई सीमान्तकृत समुदायको पक्षमा प्रयोग गरे भने सरकारलाई विपक्षमा लगाए । आफ्ना प्रबन्ध विचारहरूलाई बेथिति, अन्याय, अत्याचारको विरोधमा प्रयोग गरे । प्रयोगको फलतः कालो सूर्य, व्यूहचक्र, रातो घाम, भ्रष्टाचार : वैचारिक आन्दोलन, पचास-प्रसङ्ग, भरत जङ्गम : विचार र दृष्टिकोणजस्ता कृतिहरू सृजना हुन पुगे । उनी प्रयोगवादको शिखरमा पुग्नै लाग्दा उनलाई प्रयोग गर्ने प्रयत्न गऱ्यो सरकारले । सार्वजनिक सेवा निरीक्षण टोलीको संयोजकमा नियुक्त गऱ्यो तर उनले त्यहाँ पनि प्रयोग गर्न छाडेनन् ।

राष्ट्रिय पोसाकलाई राष्ट्रले खास मान्यता दिएको हुन्छ । राष्ट्रवासीका वेशभूषा र पोसाकले राष्ट्रको पहिचान झल्काएका हुन्छन् भन्ने मान्यता छ । त्यसैले उनले राष्ट्रसेवक कर्मचारीलाई राष्ट्रिय पोसाक लगाउन अनिवार्य गरेर आफ्नो राष्ट्रवादी चरित्र प्रयोग गरे । निजामती सेवामा राष्ट्रका विभिन्न क्षेत्र, धर्म, जात र सम्प्रदायका मानिसको प्रतिनिधित्व हुन पुग्दा सबैमा राष्ट्रप्रति अपनत्व बढेको देखिन्छ । सबैमा राष्ट्रवादी जागरण जागेको जस्तो पनि देखिन्छ भने पोसाकको पनि सम्मान बढेको देखिन्छ ।

राष्ट्रिय पोसाक लगाउन अनिवार्य गराउने भरत जङ्गमले राष्ट्रलाई सर्वोपरि देखे । राष्ट्रका अगाडि सबै कुरा गौण रहन्छन् पनि । त्यसैले आफ्ना इच्छाअनुसारको कपडा लगाउन पाउने कथित अधिकारको उल्लङ्घनतिर ध्यान गएन । त्यो सबै देशवासीको सकारात्मक पक्ष पनि थियो । जे होस्, यो कार्य नेपालको प्रशासनिक इतिहासमा प्रशंसनीय कार्यको रूपमा उल्लेख भइरहने छ भन्छन् हरिगोपाल प्रधान ।

हरिगोपाल भन्छन्, 'नेपालको निजामती कर्मचारी प्रशासनले स्वेच्छाचारी इतिहास बोक्दै आएको परिप्रेक्ष्यमा केही काल राष्ट्रवादी चरित्र प्रदर्शन गऱ्यो भनेर भन्दा भरत जङ्गमको त्यो प्रशासनिक कार्यकाल स्मरण गर्नै पर्ने हुन्छ ।'

ख्वपदेश पनि त्यस्तै
इतिहास बुझाउने
धर्म-संस्कारका साथै
जात जाति मिलाउने ॥८६॥

ख्वप हो पहिलो नाम
देशको इतिहासमा
भादगाउँ हुँदै आयो
बद्लिएको समाजमा ॥८७॥

-भरतांशु महाकाव्य

परिच्छेद - छ
खण्ड : दुई

कानुनी क्षेत्रमा भरत जङ्गमको योगदान
पीत पत्रकारिता विरुद्धको कानुनी लडाइँ

उत्तमप्रसाद सापकोटा

पुर्खाबाट सिक्दै आएको संस्कार, आचरण, नैतिकता, अनुशासन र परोपकारिताको पाठ आफ्नो दैनिक जीवनमा उतार्ने प्रयास गरिरहने भरत जङ्गमले आफ्नो विचार, दृष्टि र चिन्तनलाई पनि लेख आलेख साहित्यमा सजाउने प्रयास गरिरहे । त्यसैले उनका सिर्जनाहरू ऐतिहासिक बनेका छन् ।

आफ्नो अगाडि देशमा राष्ट्र र जनताविरोधी घटनाहरू घटिरहँदा एक राष्ट्रवादी अभियन्ताले कसरी टुलुटुलु हेरिरहुन्, उनको धैर्य टुट्यो । भ्रष्टाचार विरोधी अभियान नै चलाए । अनि अनुभव अध्ययन र चिन्तनले भ्रष्टाचार विरोधी विज्ञान प्रतिपादन गरे । ती भ्रष्टाचारीहरूका अनैतिक र भ्रष्ट क्रियाकलापहरूको खोजबिन र अनुसन्धान गर्न थाले । सत्यतथ्य बारे लेखेर पत्रपत्रिकामा प्रकाशन गराउन थाले । कोण सभाहरू आयोजना गर्दै ती तथ्य सार्वजनिक गरिदिन थाले ।

बेलाबेलामा घटिरहन्छन् नयाँ नयाँ रुप धारण गरेका भ्रष्टाचारका घटनाहरू । त्यति बेला पनि घटिरहेका थिए । त्यसका विरुद्ध जेहाद छेडे, अभियान चलाए जङ्गमले । राष्ट्रको अहितमा देखिएका सबै घटनाहरूलाई कानुनी उपचार गर्ने प्रयत्न गरे । अदालतसम्म पुगेर देश र जनताको पक्षमा फैसला गराउन सफल भए ।

उनको राष्ट्रप्रतिको समर्पणले उनको छविलाई उचाल्यो । उनले प्रशासकको रूपमा बहाली गरेपछि भ्रष्टाचारमुक्त सुशासन दिने प्रयास गरे ।

भ्रष्टाचार, बेथिति र विकृति विरुद्ध कानुनी कारबाहीको प्रक्रिया नै सञ्चालन गरे । भ्रष्टाचारी देशद्रोहीहरूलाई त्यो सह्य भएन । अनि उनी विरुद्ध षड्यन्त्र हुन थाले । पीतपत्रकार र पत्रिकामार्फत उनीमाथि झुठा आरोप लगाउन थालियो । अनर्गल प्रचारहरू गर्न थाले पनि उनी डेग डगेनन् । न उनको शरीरमा थकान थियो न बोलीमा सुस्केरा किनकि उनमा स्वच्छ छवि थियो । तिनलाई सजाय नसियत दिलाउन बरु त्यस्ता झुठ फरेब, कल्पित आरोप, गाली बेइज्जतीका विरुद्ध अदालत पुगे ।

अदालतमा भरत जङ्गमका बारेमा सुनेका, उनका भ्रष्टाचार विरुद्धको सिङ्गो अभियानको आदर्शको ज्ञानबाट प्रभावित बनेका रहेछन् अभिवक्ता उत्तम सापकोटा । उनैसँग भेट हुन्छ, 'परिचय आदानप्रदान त्यही हुन्छ । त्यही मुद्दाका विषयहरू अनि पीतपत्रिका र प्रकाशनका बारेमा चर्चा परिचर्चा हुन्छ ।

भरत जङ्गमले दायर गरेको फिरादका बारेमा उत्तमलाई लाग्छ यो भरत जङ्गम विरुद्धको मात्र गाली बेइज्जती होइन, यो समस्त स्वच्छ, इमानदार, कर्तव्यनिष्ठ राष्ट्रसेवक विरुद्धको गाली बेइज्जती र चरित्र हत्या हो । राज्य विरुद्धको मुद्दा हो । पेसागत अधर्मको पराकाष्ठाको चरम बिन्दु हो ।

त्यसैले उत्तम सापकोटा पनि यो दुष्टता विरुद्ध लाग्ने निर्णय गर्छन् । भरत जङ्गमलाई साथ दिने मनसुवा देखाउँछन् । स्वयं पैरवी वकालत गर्न वकालतनामा दर्ता गर्छन् पैरवी गर्छन् । उनी मात्रै एक्लै भएनन् वकालत गर्न अन्य धेरै विद्वान् वकिल साथीहरूको साथ रह्यो ।

आखिर उनी भरत जङ्गमका छिमेकी भाइ पो रहेछन् । त्यही कानुनी उपचारको क्रममा मात्र परिचय खुलेको रे । भरत जङ्गम बहुप्रतिभाशाली राष्ट्र सेवक भएकाले विभिन्न बौद्धिक तहका क्रियाकलापहरूका ज्ञाता भए पनि उनले एउटा कानुनको विद्यार्थीको हैसियतमा जुन सहयोग पुऱ्याए, जेजति त्यसले सफलतातिर उन्मुख गराउन सहयोग गऱ्यो त्यस बारेमा स्वयंलाई पनि गर्व लाग्छ होला ।

भरत जङ्गमको देश र जनताप्रतिको सद्भाव, विचार र कर्मको

योगदान देखेर नै होला तत्कालीन श्री ५ को सरकारले सार्वजनिक सेवा सञ्चालन तथा अनुगमन अध्यादेश ल्याएर उनलाई वागमती र नारायणी अञ्चलको संयोजक पदमा नियुक्त गऱ्यो । सार्वजनिक सेवाहरूमा हुने गरेका अनियमितता विरुद्ध निगरानी गरी रोकथामका उपायहरू अबलम्बन गर्ने जिम्मेवारी सुम्पियो ।

पुस्तौँ पुस्तादेखि नै चल्दै आएको भ्रष्टाचार र अनियमितताले यसरी देशलाई आक्रान्त पार्ने भ्रष्टाचारी दुष्टहरूलाई उनको नियुक्तिले आक्रान्त बनायो । अझ झन् सरकारी र सामाजिक पद धारण गर्ने सबै तहका मानिसलाई निगरानी बढाउन दिएको निर्देशनले सशङ्कित र त्रसित नै बनायो ।

जनताको प्रत्यक्ष सरोकार हुने सार्वजनिक संस्थान सरकारी कार्यालयहरूमा निगरानी बढाइरहँदा प्रशासनका तलदेखि माथिल्लो तहसम्मका कर्मचारीमा तलका भन्दा माथिकाहरूलाई असहज भयो, अप्ठ्यारो पर्न गयो । उनीहरूले नै भरत जङ्गम विरुद्धमा राष्ट्रको चौथो अङ्ग मानिने पत्रिकालाई संयन्त्रका रुपमा प्रयोग गर्न थाले । पत्रिकाका सञ्चालकहरू नाफाको सपना देख्दै भरत जङ्गममाथि खनिन थाले । पीतपत्रिकाहरूले सङ्गठन निर्माण गरेर सत्य तथ्यको खोज पत्रकारिताको आधारभूत आदर्शलाई छाडे । भरत जङ्गमको मर्यादा, आदर्श राष्ट्रसेवाप्रतिको लगनशीलता विरुद्ध चरित्र हत्या गरिदिने अभियानमा लागे । त्यस्तै प्रकारका समाचारहरू सम्प्रेषण हुन थाले । जुन समाचारहरू पत्रकारिताको धर्म र मर्मविपरीत थिए ।

आफूलाई 'क' वर्गको पत्रिका दाबी गरिरहने 'नेपाल समाचार पत्र'लगायत अन्य पीतपत्रकारिता गर्नेहरू पनि संलग्न हुन पुगे यस कार्यमा । भ्रष्टाचारको दबदबामा बलेको अहंकारमा उठाएको मचुल्काहरूको पोको समाएर बसेका ती भ्रष्टाचारी, देशद्रोही पत्रिका विरुद्ध काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर गर्न पुग्छन भरत जङ्गम । यस्ता अनैतिक पत्रकारिता विरुद्ध वकालतमा पैरवी गरेर भरत जङ्गमलाई सहयोग पुऱ्याउन

कमर कस्छन् उत्तम सापकोटा । उनलाई साथ सहयोग रहन्छ विद्वान् वकिलहरूको ।

अन्त्यमा कामना समूहका प्रकाशकलगायत अन्य ४ जनलाई गाली बेइज्जती गरेको ठहर गरी जरिवाना, बिगो र क्षतिपूर्ति दिने फैसला हुन्छ सम्मानित अदालतबाट । चोखिन खोज्ने नै भए उनीहरू पनि त्यसैले पुनरावेदन अदालत पुग्छन् । पुनरनवेदन अदालतमा पनि उनीहरूको केही जोर चल्दैन, सत्य आखिर सत्य नै हुन्छ । पुनरावेदन अदालतले जिल्ला अदालतको निर्णयलाई सदर गर्दै फैसला ठहर गरिदिन्छ ।

सायद सत्य कसैलाई मन पर्दैन । किनकि साँचो कुरा तितो हुन्छ । औषधी पनि तितो हुन्छ । तर नतिजा मिठो हुन्छ । भरत जङ्गम पनि तिता व्यक्ति छन् । भ्रष्टाचारजस्तो महारोगको सूक्ष्म अध्ययन, चिन्तन र विश्लेषण गर्ने व्यक्ति हुन् भरत जङ्गम । त्यस्ता व्यक्तिउपर नकारात्मक धारणा बोक्नेले आफ्नो निजी स्वार्थलाई नै सर्वोपरि मान्दछन् । धनका लागि व्यवस्थालाई नै दाउमा पार्न खोज्नु प्राकृतिक न्यायको सिद्धान्तभित्र पर्दछ । उत्तम सापकोटालगायतका विद्वान् वकिल मित्रहरूको साथ मिल्यो । त्यसैले पनि न्यायालयले प्रमाणित गऱ्यो 'सत्य सत्य नै हुन्छ, शाश्वत् हुन्छ ।'

नेपालका केही पत्रिका, पत्रकारहरू निजी स्वार्थ र सुविधाका लागि जन्मभूमिलाई दाउमा राख्न तम्सिएका देखिन्छन् । उनीहरू पत्रकारिताको नीतिनियम र आचार संहिताको ख्यालसम्म राख्दैनन् । त्यस्तो पत्रकारिताका एक दुई सन्दर्भहरू जोडेर हेर्न उपयुक्त होला । तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले बोल्दै नबोलेको कुराको हवाला दिइयो । "दौडाहा टोलीका संयोजकहरूलाई कालोमोसो दल्ने निर्देशन" भन्ने शीर्षकमा समाचार छापियो । प्रधानमन्त्रीको सचिवालयले आपत्ति जनाई खण्डन गऱ्यो । खण्डनको प्रतिक्रिया जनाएन, बेवास्ता गऱ्यो । प्रतिक्रिया दिनु खण्डन छापिदिनु पत्रिकाको धर्म थियो । ती पत्रिकाले पत्रकारिताको धर्मसमेत निभाएनन् ।

भरत जङ्गमले अदालतमा दाबी पेस गरिसकेका छन्, 'मैले कुनै पनि बैङ्कबाट कुनै प्रकारको ऋण लिएको छैन । कुनै आर्थिक कारोबार गरेको पनि

छैन तर प्रत्रिकामा प्रकाशित भयो, राष्ट्रिय वाणिज्य बैङ्कमा कारोबार छ । त्यो कारोबारमध्येको एक करोडभन्दा बढीको कारोवारको विवाद उत्पन्न्न भई अदालत समक्ष पुगेको मुद्दामा सुनुवाइ स्थगित गर्न भरत जङ्गमले दबाब दिएका छन्' भनेर ।

'गाँजा काण्डमा दौडाहा टोलीलाई नजरानाको भागबन्डा गरिएको रहस्य खुल्यो' शीर्षकमा पर्सा जिल्लामा लगाइएको अवैध गाँजा खेती संरक्षण गरेबापत जिल्ला प्रशासन कार्यालयले नजराना लिएकोमा छानविन गर्न गएको दौडाहा टोलीले रकम लिई कारबाही नचलाएको जस्ता समाचारहरू छापिए । अर्को-'दौडाहा टोलीको संयोजकको जग्गा हडप्ने दाउ ।' शीर्षकमा टोलीका संयोजक भरत जङ्गमले काठमाडौँको महत्त्वपूर्ण स्थानमा रहेको पर्ती जग्गा आफ्ना मानिसहरूको नाममा दर्ता गरिदिन अनधिकृत दबाब दिनुभएको पाइएको छ भन्ने समाचार छापियो । सरोकारवालाले त्यो समाचारको खण्डन गरी पत्र पठाए । जसमा सहायक राज्यमन्त्रीको नामसमेत जोडिएर आएको थियो तर खण्डन पत्र न छापियो न छापिएर खण्डनको पनि खण्डन गरियो । पत्रको वास्तै गरिएन । झन् बढाइचढाइ झुटा समाचारहरू लेख्न थालियो । अझ भरत जङ्गमलाई विपक्षी बनाएर स्वच्छ आवरणभित्रका भ्रष्ट अनुहार हुन्' भन्दै सम्पादकीय नै लेखे ।

पत्रकारिताको सम्पादकीयमा पत्रिकाको नीति, सिद्धान्त र अवधारणा प्रतिबिम्बित हुनुपर्छ । सम्पादकीय समाचार बन्न मिल्दैन । यदि समाचार सम्पादकीय बन्यो भने त्यो पत्रकारिताको सिद्धान्त र मर्म विपरीतको कुरो भयो । अझ अर्को सम्पादकीयमा दौडाहा टोलीका संयोजक भरत जङ्गमले गुठीको जग्गा आफन्तको नाउँमा दर्ता गराउन र गुठीले प्राप्त गर्ने घरभाडा, कबल भाडा आफ्नो नाउँमा जम्मा गराउन दबाब दिएको विवरण सार्वजनिक भइसकेको छ भनी लेखिएको छ । अदालतमा यी सबै प्रसङ्गहरूका तथ्य प्रमाण कुनै पेस गरिएनन् जुन पेस गरे तिनलाई अदालतले मान्यता दिएन । त्यसैले यी सबै प्रसङ्गहरू केवल चरित्र हत्या गर्ने प्रयोजनका लागि मात्र प्रयोग गरिएको देखिन्छ ।

भरत जङ्गमले सबै सवालहरूमा खण्डन छाप्ने स्वयं प्रयास नगरे पनि माथिका प्रसङ्गहरूमा खण्डन पत्र पठाएको तर पत्रिकाहरूले वास्ता नै नगरी अझ खण्डन पत्रको अपव्याख्या गर्दै आफ्नो पूर्व नियोजित योजनालाई पुष्टि गर्न भ्रामक समाचारहरू प्रक्षेपण गरेर जनमानसमा भ्रम छर्ने काम गरिरहे ।

२०५९ चैत्र देखि २०६० जेष्ठ ४ गतेसम्म भरत जङ्गमको पद वहालीको समय हो । त्यही समय पत्रिकाले सबै किसिमका स्तम्भ प्रयोग गरेर भरत जङ्गमका विरुद्ध विभिन्न प्रकृतिका कथनहरू १३ अङ्कमा फैलाएर प्रचार प्रसार गरे ।

यो प्रचार-प्रसारको उद्देश्य रह्यो केवल भरत जङ्गमजस्ता असल काम गर्ने मानिसहरूको मानमर्दन गर्नु । त्यस्ता व्यक्तिहरूको चरित्र हत्या गरिदिएपछि त्यसको आडमा भ्रष्ट, सरोकारवाला व्यक्ति र संस्थाको विज्ञापन बटुलेर व्यवसाय बढाउने । यस्ता स्वयं भ्रष्टवर्ग हुन् । यिनले पत्रकारितालाई शत्रुक्षेदन गर्ने हतियारको रूपमा प्रयोग गरी समाजमा भ्रम फैलाउने, विचारको प्रदूषणको धुवाँ फैलाउने कार्य गरिरहेका छन् । जसबाट व्यक्ति व्यक्ति, समाज र राष्ट्र भ्रमित बन्न पुग्छ । प्रेस काउन्सिल नेपालले लागु गरेको आचार संहिता २०६० अनुसार कार्य गर्नु गराउनु पर्ने कर्तव्य र बाध्यता पनि हो तर पनि .....।

पुनरावेदन अदालत पाटनबाट उपर्युक्त कुराहरू सम्बोधन भएजस्तो देखिन्छ । फैसलामा भनिएको छ, 'गाली बेइज्जती ऐन २०१६ को दफा ३ अन्तर्गत कसुर गरेको ठहर गरी जरिवाना बिगो र क्षतिपूर्तिसमेत भराइदिने ठहर गरिएको छ ।' यी विवणहरू र राष्ट्रको वर्तमान अवस्था हेर्दा के देखिन्छ भने, नेपालमा पीतपत्रिकाको रूप मौलाउँदो छ । त्यसैले पत्रपत्रिकाबाट भ्रमपूर्ण समाचारहरू लेखेवापत जरिवाना, क्षतिपूर्ति र खर्च भराउने काम भएको हो भन्दै उत्तम सापकोटा भन्छन्, 'यो पीतपत्रकारितालाई नसियत दण्ड जरिवाना हो । यसरी पीतपत्रकारितालाई नसियत दण्ड, जरिवाना गरेको पहिलो घटना नै होला । यो भरत जङ्गमको 'लाइन मार्क' हो । उनलाई दीर्घायु र सुस्वास्थको शुभकामना दिँदै सापकोटा भन्छन्, 'भरत जङ्गमको अन्यायमाथिको विजय यात्रा अगाडि बढिरहोस् बढिरहोस् ।'

ऐतिहासिक कानुनी व्यक्तित्व

चन्द्रकान्त ज्ञवाली

कहिलेकाँही संयोगले मिलाएको परिचयले सार्थकतातिर डोऱ्याउन सक्छ । कहिलेकाहीको परिचयले बाटो पहिचान गर्न सघाउन सक्छ । कहिलेकाही कष्टको बाटो तताउँछ भने कहिलेकाही जीवन र विचारमा पनि ठुलो फैलावट ल्याउन सक्छ ।

२०५६ साल चैत्र १५ गतेको कुरा हो । पाटन क्याम्पसमा भ्रष्टाचार विरुद्ध अध्ययन अध्यापन गराउने विषयमा गोष्ठीको आयोजना गरिन्छ । त्रिविका समाज शास्त्र र मानव शास्त्रका विद्यार्थीहरूलाई भाग लिन आह्वान गरिन्छ । जुन गोष्ठीलाई भरत जङ्गमले सम्बोधन गर्ने कार्यक्रम राखिन्छ ।

चन्द्रकान्त ज्ञवाली समाजशास्त्र र मानवशास्त्रका अध्यापक हुन्, कानुनका विद्यार्थी पनि । गोष्ठीमा भरत जङ्गमसँग अन्तरक्रिया सुरु हुन्छ । उनी कडासँग प्रश्न तेर्स्याउँछन्, 'म भरत जङ्गमको जस्तो शब्द, लय, र प्रस्तुति ठ्याक्कै टिपेर भन्न त सक्दिनँ तर पनि उनले प्रत्येक प्रश्नको सटिक र खरो जवाफ दिए । पहिलो पटक हो मैले भरत जङ्गमलाई देखेको । उनी त साँच्चैका भरत जङ्गम पो रहेछन् ।'

त्यही सहभागी बन्ने संयोग र प्रश्नोत्तरले परिचय बन्छ भरत र चन्द्रकान्तको । समयले गाडापन भर्छ, आत्मीयता भर्छ । जसले चिन्तन र विचारमा जरुर फैलावट ल्याएको छ । त्यही वृत्तमा जङ्गमको इतिवृत्ति बुझ्ने अवसर पाएका उनी भन्छन्, 'भरत जङ्गम साहित्यकार मात्रै थिएनन्, उनी त भ्रष्टाचार विरोधी आन्दोलन सञ्चालन गर्ने राष्ट्रका असल पहरेदार सिपाही अनि भ्रष्टाचारीको दोहोलो काड्ने व्यक्ति हुन् ।'

साहित्यकार अनि भ्रष्टाचार विरोधी चरित्रमा ठिक विपरीत दिशाको चरित्र हुनुपर्छ । प्रश्न उठ्छ पनि यी दुई भिन्न एवं विपरीत चरित्रको प्रकृतिको मेल कसरी सम्भव छ । अझ उनी साहित्यकार र भ्रष्टाचार विरोधी मात्र हैनन्, उनको इतिहास कोट्याउँदै जाने हो भने उनमा कानुनी व्यक्तित्व पनि देखा पर्छ । इतिहासविद् पुरातत्त्व खोज अन्वेषकको पनि

व्यक्तित्व बोकेको देखिन्छ उनले । चन्द्रकान्त भन्छन्, 'उनी मेरा लागी प्रेरणादाता हुन् । मलाई भ्रष्टाचार विरोधी विज्ञका रूपमा दक्षता हासिल गर्न प्रेरणा दिइरहने व्यक्ति हुन् ।'

प्रजातन्त्रको पुनःस्थापनाका १२ वर्षका सांसदहरूले राष्ट्रको दोहन गरे । उनलाई यस कुराले मनमा घोचिरहन्थ्यो, तिनको दारा नङ्ग्रा नै झिकिदिए, उनी अनैतिक कार्य गर्नेका शत्रु नै बने भने राष्ट्र र जनताका लागि पहरेदार बनेर सांसदले राष्ट्रबाट नाजायज फाइदा लिएका मोटर, गाडी, औषधी उपचार सुविधा, सांसद पेन्सन, निर्वाचन क्षेत्र कोषजस्ता खर्चहरूको खारेजीले एउटा कानुनवेत्ताको रूपमा चर्चा बटुलेका व्यक्ति हुन् ।

राज्यको ढुकुटीबाट दोहोरो सुविधा नपाउने नीतिविरुद्ध युद्ध नै छेडे उनले । मुद्दा लिएर सर्वोच्चमा पुगे । बहस पैरवी चल्यो त्यो मुद्दामा । चन्द्रकान्तलाई पनि त्यो मुद्दामा बहस पैरवीको अवसर जुऱ्यो । त्यसले ती दुईबिच आत्मीयता थप्यो । त्यो मुद्दामा दोहोरो सुविधा लिने सरकारी निर्णय खारेज भयो ।

खारेजीको प्रसङ्ग आउँदा अहिलेसम्म पनि भरत जङ्गम भन्ने गर्छन्, ' कानुनी लडाइको माध्यमबाट प्रत्येक वर्ष राष्ट्रकोषमा करिब ४० करोड बचाउन सफल भइयो ।" राष्ट्रहितका कार्यमा लाग्नेहरू गर्वले ओतप्रोत हुन्छन् । तीन महिना निरीक्षण टोलीको संयोजक पदमा रहँदा भ्रष्ट, पदलोलुप, गैरजिम्मेवार व्यक्तिको छाला काडिदिने काम गरेको मैले प्रत्यक्ष देख्ने र महसुस गर्ने अवसर पाएको छु भन्छन् चन्द्रकान्त ।

कामचोर कर्मचारीलाई बाघजस्तै बनेका थिए रे भरत जङ्गम । त्यसैले उनीहरूबाटै यिनी असफल प्रशासक हुन् है भनेर देशव्यापी प्रचार गराउने काम भयो । आज पनि नेपालको प्रशासन सुधार गर्ने कुरा आउँदा 'भरत जङ्गमको जस्तो शैली चाहिन्छ ।' भन्ने गरिन्छ । उनको यस प्रकारको चिनारीले पनि व्यापकता पाएको छ ।

६० औं जन्मोत्सवको उपलक्ष्यमा शुभकामना दिँदै चन्द्रकान्त भन्छन्, 'रातो घाम, कालो सूर्य लेख्ने भरत जङ्गम कहिल्यै नअस्ताउने रातो सूर्य भएर चम्किरहुन् ।'

नेपालमा जन्मिएका विश्वपुरुष

दुर्गाप्रसाद पाण्डेय

संसारका मुलुकहरूले नयाँ नयाँ सपना देखिरहँदा हामी हाम्रै वरिपरि व्याप्त भ्रष्टाचार कसरी निवारण गर्ने भनेर सपना देख्ने बाटो खोजिरहेका छौं । संस्थागत हुँदै गएको भ्रष्टाचारले देश शिथिल छ । भोका नाङ्गा पुस्तामा प्रगतिको हैन आँत कसरी भर्ने भन्ने सपना मात्र देख्ने बानी परेको छ । यो देख्न सकेन राष्ट्रवादी मनले, देशभक्ति मनले । यही भ्रष्टाचार विरुद्ध सिङ्गो राष्ट्रलाई सजग गराउने सर्जक भएर बाँच्नुमा नै आफ्नो जीवन सार्थक बन्ने अभिलाषा बोक्छन् । फलतः भ्रष्टाचार विरुद्धको विज्ञान प्रतिपादन गर्ने सर्जक बनेका छन् । मुलुकको विकृति विसङ्गति हटाई मुलुकलाई युगीन सपना देखाउने उद्देश्यमा जुटेका छन् भरत जङ्गम ।

यो मुलुकमा एउटा वा दुईटा क्षेत्र वा विधामा आफ्नो विद्वत्ता देखाउने धेरै विद्वान्हरू छन् । साहित्य, कला, संस्कृति, राजनीति, धर्मशास्त्र, खोज अनुसन्धान आध्यात्मिकता, इतिहास र पुरातत्त्व धर्मदर्शन र न्यायकानुन आदि विधाहरूमा एउटै व्यक्ति छरिएर बसेका छन् कोही छन् भने ती भरत जङ्गमसँग मात्रै होलान् ।

विश्वका महान् व्यक्तिहरू, विज्ञानका ठुलाठुला अविष्कारकदेखि आध्यात्मवादका अध्येता, राजनीतिक महापुरुषदेखि समाजवादका दार्शनिक, रङभेददेखि जातिभेदको विद्रोह गर्ने महापुरुषहरू, जसले विद्रोहको अभियान चलाए । नेतृत्व लिए । अझ युद्ध नै छेडेका किन नहुन् ती सबै समाज सुधारक कार्यहरू परिवर्तन र मानिस मानिसबिचको सुसम्बन्धका लागि गरिएका हुन्छन् । तिनै महापुरुषहरूले लगाएको जगमा बनेको हो आजको परिष्कृत विश्व ।

ती सबै महान् पुरुषहरूको जीवनी पढिसकेका रहेछन् दुर्गाप्रसाद पाण्डेयले । सुकरात सडकमा रातदिन दर्शन छाँट्दै हिँड्थे । उनको विचार र दर्शनलाई मानसिक असन्तुलनको उपज भन्थ्यो सरकार । कति वैज्ञानिक व्यक्तित्वलाई राज्यले दण्ड दियो । धार्मिक व्यक्तित्वहरूले र महात्माहरूले जीवनमा कति कष्ट उठाउनुपऱ्यो । ती महान् व्यक्तिहरूले कष्ट मात्र सहेर पनि समाज, देश अनि विश्वकल्याणका लागि आफूलाई नै उत्सर्ग गरे । जबसम्म त्यस्ता व्यक्तिहरूको उत्सर्ग चढ्दैन तबसम्म राष्ट्र सुतिरहेको हुन्छ ।

दुर्गानाथ पाण्डेय राजधानीबाहिर बसेर पनि भरत जङ्गमको कालो सूर्य पढ्ने अवसर पाएका रहेछन् । पत्रपत्रिकामा प्रकाशित उनका लेखहरू पनि पढ्न पाएका रहेछन् । अनि उनका व्यूहचक्र, रातो घाम, पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता पुस्तकमार्फत भरत जङ्गमलाई राम्ररी बुझ्न पाएका उनी भन्छन्, 'भरत जङ्गम व्यक्ति एक, योगदान अनेक, व्यक्ति एक सिर्जना अनेक हुन् ।' पाण्डेयले धेरै समयपछि मात्र भरत जङ्गमसँग साक्षात्कार हुने मौका पाएका रहेछन् ।

भरत जङ्गम भक्तपुरको एउटा कुलीन परिवारमा जन्मेका हुन् तर उनी त्यो वैभव, शानसौकत र भोगविलासभित्र बाँधिएनन् । त्यो ऐश्वर्यको बन्धनभित्र रहेर ऐस आरामको जीवन बिताउनुभन्दा, राष्ट्रभित्रका विकृति, विसङ्गति अनि सामाजिक क्षेत्रका असमानता, भ्रष्टाचार, दुराचार हटाउन कलम चलाउँदै निस्के । बाँच्नुको सार्थकता पनि त्यसैमा देखे । यस्ता व्यक्तिलाई कुनै कुराको सीमामा बाँधिन नपरोस् । विश्व मानचित्रमा सुनौला अक्षरमा उनको नाम लेखाउने व्यवस्था मिलाउन अझ सहयोग गर्नुपर्छ भन्छन् दुर्गाप्रसाद ।

दुर्गाप्रसाद पाण्डे कानुनका विद्यार्थी हुन् । त्यसैले उनी भन्छन्, 'भरत जङ्गमलाई मुलुकले ऐन, कानुन र संविधानज्ञाताका रूपमा मात्र मूल्याङ्कन गर्दा उनको उपहास हुन्छ ।" उनले त कानुनका बडेबडे विद्वान्हरूले पत्ता

लगाउन नसकेका, खोजमूलक विषयहरू छोटो अवधिमा खोज, अनुसन्धान गरी राज्य व्यवस्था र जनताका पक्षमा पार्न सफल भएका छन् । उनी त गहिरिएर मानव जीवन बुझ्ने प्रयत्नमा रहन्छन् ।

राष्ट्रको मुख्य अङ्ग व्यवस्थापिका र कार्यपालिकाले कानुन निर्माणको आफ्नो दायित्व पूरा गर्दा राष्ट्र र जनतालाई प्रत्यक्ष उल्टो प्रभाव पार्ने विषयहरूमा भरत जङ्गमद्वारा अदालतमा दायर गरिएका रिट निवेदनउपर सम्मानित अदालतबाट भएका निर्णयबाट राष्ट्रले सालाखाला रु. ४० करोड रुपैया बचाउन सफल भएको छ ।

विश्वव्यापी रूपमा खडा हुन गएको संसद् पेन्सन र भत्ताको समस्याले अति कम विकसित राष्ट्रहरूलाई त नराम्ररी गाँजेको छ । नेपालमा पनि यो विषयले विवादै लिएर भित्रियो । यो पनि एक प्रकारको भ्रष्टाचार नै हो तर यहाँ यसलाई कानुन नै पास गरेर राज्यकोष आपसमा बाँड्ने काम गरे सांसदहरूले । जुन सरासर देशको मूल कानुन विपरीत थियो ।

भरत जङ्गमको मूल ध्येय र लक्ष्य नेपाल र नेपाली जनता र नेपाली समाजको नैतिक मूल्य मान्यता जर्गेना गर्नु हो । जुन जुन क्षेत्र अनि जुन जुन समुदायमा इमान र अनुशासन अनि एक आपसमा विश्वास हराउन थालेको छ, तत् तत् क्षेत्रमा प्रविधिमैत्री विकास औल्याउने, आवश्यकताअनुसार कानुनी उपचारको विधि अपनाउन त्यहीअनुसार बाटो देखाउने र सचेत गराउने पनि हो ।

जनताले देशको प्रतिनिधि सभाजस्तो सर्वोच्च निकायमा आफ्नो सार्वभौम अधिकार प्रयोग गर्ने गरी प्रतिनिधि पठाउँछन् । अनि तिनै प्रतिनिधिले तिनै जनताविरुद्ध व्यक्तिगत सुविधा लिने निहित स्वार्थ सिद्ध गर्न, सांसदजस्तो गरिमामय पदको अवसरलाई गलत प्रयोग गर्न कुनै अर्थमा हुने थिएन, तर गरे ।

नेपाल अधिराज्यको सेवा सुविधा सम्बन्धी विषयलाई संविधानको धारा ६७ ले निर्दिष्ट र निर्देशन गरेको छ । त्यसभन्दा बाहिर गएर गरिएको

निर्णयले संविधानको मर्म र भावनाको ठाडो उल्लङ्घन हुन पुगेको देखिन्छ। ती निर्णयहरू संविधानका धारासँग बाझिएका छन्।

उक्त धाराअनुसार बहालवाला सांसद पदाधिकारी र सदस्यहरूले मात्र पारिश्रमिक र सुविधा प्राप्त गर्ने गरी नियमकानुन निर्माण गर्न सक्ने अख्तियारी प्रदान गरेको छ। संविधानले सांसद समयावधि भएपश्चात् सांसदहरू भूतपूर्व हुन जान्छन्। भूतपूर्व सांसदले समेत सुविधा पाउने गरी नियम कानुन बनाउने सुविधा मूल कानुनले कतै दिएको देखिँदैन। त्यस्तो नियम कानुन बनाउँदा संविधानको धारा ६७ विपरीत हुन पुग्छ।

संविधानको कुनै पनि धाराअर्न्तगत निर्माण गरिने ऐन, नियम उक्त धारामा प्रयोग भएका वाक्य र शब्दभन्दा बाहिर गएर तर्जुमा गर्न नपाइने मूलभूत सिद्धान्त पनि हो। यदि त्यही सिद्धान्तको मर्म विपरीत ऐनको व्याख्या गर्दै जाने हो भने संविधानको मूल कानुनको हैसियत गुम्न जान्छ। अथवा संविधान संविधान रहँदैन। त्यसैले सबै मूल कानुनको अधीनमा रही अन्य ऐन, नियम, कानुनको तर्जुमा र व्यवस्था गर्नुपर्ने हुन्छ। त्यसैले मूल कानुनसँग बाझिन गएका नियम कानुनहरू स्वतः बदरको भागिदार हुने प्रावधानसँग जोडिन पुग्छन्।

सांसद पद सम्झौता गरेर नियुक्ति गरिने पद होइन। यो त निश्चित अवधिको निर्वाचित पद हो। सांसद त्यो निश्चित समयका लागि केवल जनप्रतिनिधिको हैसियतमा रहन्छन्। राष्ट्रसेवक नियुक्ति गर्दाको झैं सम्झौता गरिएको हुँदैन, राष्ट्रसेवक कर्मचारी सम्झौताअनुसारको लामो समय सेवामा रहन्छन्। देश र जनताको लामो सेवा गरेवापत उनीहरूलाई निवृत्तिभरण दिने प्रावधान राखिएको हो।

नेपालजस्तो देशमा सांसदहरू प्रत्येक वर्ष थपिँदै जान्छन्। यदि सांसदहरूलाई पेन्सन र भत्ताको सुविधा दिँदै जाने हो भने राष्ट्रको पूरा बजेट नै त्यसैमा खर्च हुन जाँदा देश टाट पल्टने अथवा फेलियर स्टेट बन्न सक्ने हुन्छ।

अर्को तथ्य के पनि हो भने, हामी देश र जनताको सेवा गर्छौं भनेकाले मात्र जनताले आफ्नो प्रतिनिधि चुनेका हुन्छन् । सेवा गर्छु भनेर चुनिएर सांसद बनेकाहरूले गरिबी, भोक र शोकमा दिन गुजारिरहेका जनताले बुझाएको करबाट पेन्सन, भत्ता माग गर्नु लिनु जनप्रतिनिधिका लागि सर्वथा शोभनीय विषय होइन । त्यसलाई रोक्नु अति आवश्यक नै थियो । त्यसैले भरत जङ्गमले संविधानका बुँदाबुँदा केलाएर सर्वोच्चमा रिट निवेदन प्रस्तुत गरे । जुन निवेदनलाई दुर्गाप्रसाद पाण्डेयले अध्ययन योग्य सम्झे त्यसैले आफ्नो लेखमा जस्ताको तस्तै उद्धरण गरेका पनि छन्, जसको सारभूत कुरा त्यही नै थियो । उक्त रिट निवेदनउपर सम्मानित अदालतले कारवाही गर्दै २०५७ साल कार्तिकदेखि संसद्को पेन्सन सुविधामा रोक लगाएको हो ।

राष्ट्रलाई उन्नत दिशातिर उन्मुख गराउन, निःस्वार्थ, बहुआयामिक, प्रतिभाशाली अनि प्रखर व्यक्तित्वको आवश्यकता पर्दछ । राष्ट्र स्वयंले पनि त्यस्ता व्यक्तिहरूको खाँचो महसुस गरिरहेको हुन्छ । त्यस्ता व्यक्तित्वहरूलाई ससम्मान राज्य सञ्चालनमा प्रत्यक्ष सहभागी गराउन सके राष्ट्र र जनताको कल्याणका लागि नीति नियम निर्माण हुन सक्छन् ।

राष्ट्रप्रति चिन्तन गर्न सक्ने, राष्ट्रभित्र व्याप्त गरिबी, अशिक्षा, अज्ञानता बेरोजगारी अनि रोगशोक र भोकलाई नजिकबाट हेर्ने, अनुभूति गर्ने व्यक्ति सही अर्थमा राष्ट्रसेवक हो । त्यस्ता सपूतहरूले मात्र देशको सेवा गर्न सक्छन् तर हामी यस्तै सपनाहरू मात्र स्याहार गर्दै रमाउन बाध्य छौं ।

जबसम्म भरत जङ्गमको कालो सूर्यका दूषित किरणहरू राष्ट्रमा गडिरहन्छन् तबसम्म राष्ट्र प्रगतितिर होइन अधो गतितिर जान्छ । राष्ट्रलाई प्रगति पथमा लगाउन भरत जङ्गमजस्ता सपूतहरूको खाँचो भइरहन्छ भन्छन् दुर्गाप्रसाद । उनले पनि यो राष्ट्रलाई भरत जङ्गमजस्ता बहुआयामिक व्यक्तित्वहरूको धेरै खाँचो देखेका छन् ।

भरत जङ्गमका प्रायः सबै कृतिहरूले नेपली जनजीवन र राष्ट्रलाई प्रतिनिधित्व गरेका छन् । नेपाल र नेपालीको मान, प्रतिष्ठा, समृद्धि र

उन्नतिलाई नै आफ्नो गौरव ठान्ने, राष्ट्रनिर्माणमा आफूलाई समर्पण गर्न सक्ने भरत जङ्गमजस्ता व्यक्तिलाई राष्ट्रले सम्मान र कदर गर्नुपर्ने मत राख्ने दुर्गाप्रसाद पाण्डेय भन्छन्, 'उनीजस्तालाई राष्ट्रले मूल प्रवाहमा समेट् नुपर्छ। सदैव सम्झनु पनि पर्छ। किनकि उनको ख्याति विश्वमा फैलिएको छ। उनी नेपालमा जन्मेका विश्वपुरुष हुन्।

भरत जङ्गमका कृतिहरूमा उल्लेख भएजस्ता हरेक दीनदु:खी पात्रहरूको उद्धार होस्। भविष्यका पात्रहरू पनि सुखी रहुन्। उनका नयाँनयाँ कृतिहरूले नेपाली नेपाली जनजनको मनमा छुन सकोस्। उनी सबैको मनमा सजीव बनेर नेपालीको चेतचेतमा फैलने कोसिस गरिरहुन्। हामी सबैको यही मङ्गलमय शुभकामना छ।

मन्दाक्रान्ता छन्द-

लेखी ल्याए अमर रचना
देशको पूर्वकाल
भ्रष्टाचारी जन जति थिए
खोल्दिए हालचाल
त्यस्तै आफ्नो करम गतिमा
लाग्दछन् कर्मवीर
धेरैबाट अनुभव गरी
आउँछन् पूर्व नेर ॥११६॥

-भरतांशु महाकाव्य

कानुनी शासनको स्थापनाका लागि क्रियाशील

पुष्कर गजुरेल

'घुस खुवाएर काम नगर्नू नगराउनू' यी शब्दहरू हुन् भरत जङ्गमका । उनी आफ्ना परिचित सबैलाई यही सुझाव दिन्छन् । पृथ्वीनारायण शाहका 'घुस दिन्या र लिन्या दुवै देशका शत्रु हुन्' भन्ने दिव्योपदेशको आर्दशमा भरत जङ्गमका शब्दहरू पनि रङ्गिएजस्तो लाग्छ ।

भरत जङ्गमका तिनै सुझाव पालना गर्दा आफ्नै परिवार संलग्न एक कम्पनी राष्ट्रिय वाणिज्य बैङ्ककको कर्मचारीहरूको चरम भ्रष्टाचारी आचरणको सिकार बन्न पुग्छ । अनि बाध्यता अघि सर्छ आफ्नो हक लिन कानुनी उपचार गर्न बाध्य बनाउँछ ।

अदालत परिसरमा थुप्रै कालोकोट भिरेका कानुन व्यवसायीहरू देख्छौँ हामी । ती कानुन व्यसायीहरूको जमघट सबै हितकार्यमा जनकल्याणमा लाग्ने समूह हो भन्न चाहिँ सकिँदैन । कम्पनीबाट फुर्सद दिनु पर्ने बाध्यताका विचारले भरत जङ्गम कानुनी उपचारको बाटो रोज्नेतिर पुग्छन् । अनि तिस वर्षअगाडि साधारण परिचित बनेका दुवै कानुन व्यवसायीहरूसँग यही अदालत परिसरमा मिलन हुन्छ ।

कसैको व्यक्तित्वले कसैलाई, कसैको व्यक्तित्वको कसैलाई प्रभाव पार्न सक्छ तर कसैको व्यक्तित्वले पनि सबैलाई प्रभाव पार्न सक्तैन । भरत जङ्गमको व्यक्तित्वले पुष्कर गजुरेलको मानसपटलमा ठुलो प्रभाव पारेछ । प्रभावित भएपछि भरत जङ्गमप्रतिको सद्भावना झनै बढेछ । पहिले भरत जङ्गमलाई उनले समाजसेवीका रूपमा जानेका रहेछन् । त्यसपछि एउटा सफल व्यापारीको रूपमा चिनेछन् । २०४६ सालतिर पत्रकारको रूपमा देखेछन् । त्यसपछिका दिनहरूमा देशको अपारदर्शी प्रशासन, सङ्कुचित कर्मचारी तन्त्र अनि सामन्ती प्रकृतिका कानुनी प्रावधानहरू देख्दा उनमा

बढेको विद्रोहपन देखेछन् । तिनै मुडीहरूका कारण उनलाई मुलुकका प्रत्येक गैरकानुनी क्रियाकलाप विरुद्ध मैदानमा उतारेको पनि देखेछन् ।

भ्रष्टाचार नियन्त्रण गर्ने प्रयत्नमा समाजलाई आन्दोलित गराउन, सजग र सचेत गराउन सामाजिक सचेत कर्ताको रूपमा पहिले नै देखेका जङ्गमलाई यसपटक भने एउटा सशक्त भ्रष्टाचार विरोधी अभियन्ताको रूपमा पनि देखेछन् । समर्पण भाव, र समर्पणमा शक्ति हुन्छ । उनको समर्पणभावको शक्ति देखेर होला भरत जङ्गमको व्यक्तित्वले पुष्करको मानसपटलमा सकारात्मक प्रभाव पार्न सकेको ।

यसबाहेक अन्य सेवामूलक निकायका विवादहरूमा यी दुवै कानुन व्यवसायी भरत र पुष्करबिच धेरै विषयहरूमा समान धारणा बन्न पुगेछ । भरत जङ्गमका सुकर्मका स्रोत हुन्- सक्रियता र तृष्णबुद्धि । त्यसैले उनी एकातर्फ बैङ्क विरुद्धको कानुनी उपचार र अर्कोतर्फ मुलुकमा व्याप्त भ्रष्टाचारको विरोध गर्न सक्रिय रहे । अभियानकर्ता बनेर देशका विभिन्न क्षेत्रमा पुग्न थाले ।

उनको सक्रियता देखेर पुष्करले भरत जङ्गमलाई प्रस्ताव राख्छन्, 'भरत जङ्गमको अबको आन्दोलन प्रजातन्त्रको सुदृढीकरणका लागि हुनुपर्छ । विकल्प सडक होइन, कानुनी शासनलाई नै मजबुत बनाउँदै लैजाने योद्धाका रूपमा प्रस्तुत हुनुपर्छ ।' उनको मनले भन्छ होला 'सायद भरतजीको मनले चुपचाप स्विकार्‍यो होला ।'

यही क्रममा सांसद पदाधिकारी संसद् सदस्यहरूले पारिश्रमिक सुविधा सम्बन्धी ऐन २०५२ अनुसार पेन्सन भत्ता लिने गरी भएको निर्णय नेपालको संविधानको धारा ६७ विपरीत थियो । भरत जङ्गम निवेदक बनेर सर्वोच्च पुगे । पुष्कर भन्छन्, 'निवेदक उनी बने प्रयास हामीहरूको संयुक्त थियो ।'

त्यसमा पनि जनमानसमा बदनामी कमाएको विषयको क्षेत्र थियो, 'संसद् विकास कोष' । राज्य कोषबाट लिने गरेको दोहोरो सुविधा, उपत्यकाका कर्मचारीहरूको बिदाको विषय र न्यायीक कोष ऐन २०४३ लागु गर्ने । यी

सवालहरूमा समान धारणा बन्छ । कार्यगत एकता हुन्छ, कानुनी उपचारमा उनीहरू सफल पनि बन्छन् ।

यो भ्रष्टाचार विरोधी अभियान कानुनको शासन कायम गराउनका लागि मात्र हो । प्रजातन्त्र भाँड्ने, भ्रष्टाचार वृद्धि गराउने उद्देश्यलाई कानुनका माध्यमबाट पनि निस्तेज पार्न सकिन्छ भन्ने कुरा भरत जङ्गमको प्रयास र मेहनतबाट प्रमाणित भएको छ ।

अन्त्यमा पुष्कर भन्छन्, 'हामी दुवैका आगामी दिन राष्ट्रिय समस्या र समाधानका लागि क्रियाशील हुन सक्ने आँट रहिरहोस् । आगामी दिनहरूमा पनि हामी कानुन व्यवसायीहरूबाट राष्ट्र, राष्ट्रियता र लोकतन्त्र मजबुत पार्ने कार्यमा क्षमतावान् बनौं भन्दै भरत जङ्गमलाई मोती महोत्सवको उपलक्ष्यमा सुस्वास्थ्य र दीर्घ जीवनको सक्रियताको शुभकामना ।'

जो देख्छन् मनमा टिप्छन्
सत्यता अनि ल्याउँछन्
भ्रष्ट व्यक्तिहरूलाई
भय दी घच्घच्याउँछन् ॥३८॥

-भरतांशु महाकाव्य

प्रजातान्त्रिक संस्कार
यिनमा विद्यमान छ
भ्रष्टाचारप्रति ज्ञान
त्यसैको अभियान छ ॥४२॥

-भरतांशु महाकाव्य

न्यायिक क्षेत्रको मैदानका योद्धा

राजकुमार थापा

काव्यको सामर्थ्यको तरङ्गमा डि.ए लरेन्स लेख्छन्, 'म मानिस हुँ, जीवित छु । त्यसैले म उपन्यासकार हुँ । म उपन्यासकार भएको नाताले आफूलाई सन्त, दार्शनिक वैज्ञानिक, कविभन्दा उत्तम ठान्छु । उनीहरू जीवन्त मानवका जीवित पक्षलाई दसार्उने काममा उस्ताद नै छन् तर उनीहरू मानवका समग्र पक्ष देखाउन सक्दैनन् ।' उपन्यास प्रबन्ध लेखन हो । कसैको सफलता असफलता घोषणा गर्न उसका वस्तुगत र विषयगत कुराहरू शिरदेखि पुछारसम्म केलाउनु पर्ने हुन्छ । भरत जङ्गम सफल वा असफल व्यक्ति भन्न उनका एक दुई विषयमा केन्द्रित भएर विश्लेषण गर्नु ' अन्धाले हात्तीको विषयमा दिएको अभिव्यक्तिजस्तै लाग्छ ' भन्छन् राजकुमार थापा ।

हामी कहाँ सफल व्यक्तित्वहरू बिरलै देखिन्छन् । इतिहास बोलिरहेको छ, नेपालमा प्रधानमन्त्री प्रधानन्यायाधीश, सभामुखजस्ता पदमा पटक पटक पदासीन भएकाहरू प्रायः असफल नै रहे । त्यसैले राष्ट्र विषम परिस्थितिमा गुज्रिरहेको छ । राष्ट्र हाँक्छु भन्ने वा हाँक्ने सङ्गठित राजनीतिक संस्थाका नेतृत्वकर्ता पनि जनताका नजरमा प्रायः गिरेका नै छन् ।

राष्ट्रको परिस्थिति यस्तै छ तर पनि धेरैजसो व्यक्तित्व सफल जनताका नजरमा प्रायः गिरेका नै छन् भने त्यो केवल संयोगको कुरा मात्र हुँदैन । कसैले एकाध विधा वा क्षेत्रमा आफ्नो विशिष्ट व्यक्तित्व बनाउन सक्ला तर बहुविधामा विशिष्टता कायम गराउनु भनेको निकै कठिन कार्य हो । पत्रकारिता, साहित्य, न्यायिक क्षेत्र, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक क्षेत्र, धर्म र सांस्कृतिक क्षेत्र, पुरातात्त्विक खोज अन्वेषण आदि क्षेत्रको इतिहास

लेखिँदा भरत जङ्गमलाई छुटाए त्यो सर्वथा अपूर्ण हुनेछ । किनकि उनी अत्यधिक सफल प्रबन्ध लेखक हुन् । उपर्युक्त सबै विधाका विज्ञ हुन् ।

पत्रकारितामा प्रवेश गर्नुभन्दा पहिले साहित्य क्षेत्रमा कथा, कविता प्रकाशित गरी आफ्नै दरो उपस्थिति जनाइसकेका जङ्गमले पञ्चायत कालको सीमित अधिकार उपभोगको अवस्थामा 'कालो सूर्य', 'व्यूहचक्र'जस्ता चेतनामूलक उपन्यास लेखेर त्यस क्षेत्रबाट आफूलाई बाहिर निकाले । ती चेतनामूलक सन्देशहरू नेपालका परम्परागत सत्तासीन र राजनीतिका खेलाडीसम्म पुऱ्याउन सफल भए । यसैले पनि उनी कुशल प्रबन्ध लेखक हुन् भन्ने पुष्टि हुन्छ ।

भ्रष्टाचार निवारण गर्नु पर्ने कुरा जनजनको मुखबाट निस्किरहेको थियो । त्यस अवस्थामा उक्त मागलाई सम्बोधन गर्न भरत जङ्गमले 'स्वतन्त्र विचार मञ्च' नामक संस्था खोले । प्रजातान्त्रिक सरकार र संसद्बाट हुने आर्थिक, न्यायिक र प्रशासनिक शक्तिको दुरुपयोग विरुद्ध सर्वोच्चमा पुगे । भ्रष्टाचारका विषयमा गहन अध्ययन गरे । भ्रष्टाचार : वैचारिक आन्दोलन नामक ग्रन्थ तयार पारे । जुन भ्रष्टाचारविरुद्धको विज्ञानको रूपमा कहलाएको छ ।

२०५९ सालमा सार्वजनिक सेवा निरीक्षण तथा अनुगमन समितिको संयोजक रहँदा छोटो समयावधिमा पनि भताभुङ्ग भइसकेको प्रशासनिक संरचनालाई उनले गरेको सुधारको प्रयत्नको मूल्याङ्कन प्रशासनिक इतिहासमा अवश्य हुने छ । त्यो प्रयास अति प्रशंसनीय छ । किनभने उनी कुशल प्रशासक पनि हुन् । न्यायिक कोष २०४३ कार्यान्वयनलगायत नेपालमा सार्वजनिक सरोकारका विषयहरूमा उनका दर्जनौँ रिटहरू अभिलेखबद्ध छन् । ती सार्वजनिक सरोकारका विषयहरूमा उनको कानुनी उपचारको भूमिकाले गर्दा उनी इतिहासले भुल्नै नहुने पात्रका रूपमा खडा भएका छन् किनभने उनी निडर र निर्भीक कानुनी योद्धा हुन् । उनमा कुशल व्यावहारिकता छ ।

त्यसैले उनी सबै उमेर, वर्ग, तह र तप्काका मानिसहरूसँग सहजै घुलमिल हुन सक्छन् । सबैलाई साथी बनाउन सक्छन् । अत्यन्तै सहयोगको भावना भरिएको छ उनमा । त्यसैले धेरै मित्र कमाउन सफल भएका छन् ।

पचास-प्रसङ्ग नामक प्रबन्ध सङ्ग्रहका लेखहरूमा उनका राष्ट्रवादी विचारहरू बगेका छन् । यो राष्ट्रमा उनीभन्दा शक्तिवान्, धनवान्, विद्यावान् धेरै होलान् तर देश र जनताका लागि कर्तव्यनिष्ठ र आँटिला अरू नदेखिएको कुरा स्विकार्न पर्छ ।

राजकुमार थापा विश्वासका साथ भन्छन्, 'यो राष्ट्रमा भरत जङ्गमजस्ता १०-२० जना मात्र भइ दिए भ्रष्टाचारमुक्त सुशासन बहाली भई देशले सर्वतोमुखी विकास गरिसकेको हुन्थ्यो । भरत जङ्गम देश र समाजका विभिन्न क्षेत्रका सुधारक हुन् । सचेत नागरिका बिचमा अग्रपङ्क्तिमा खडा रहने व्यक्तित्व हुन् । उनले नेपोलियनले झैं आफ्नै भविष्यवाणी गरेनन् तर भविष्यले उनको मूल्याङ्कन अवश्य गर्ने छ ।

हाम्रा नेताहरू राजनीतिक सङ्कीर्णता र व्यक्तिगत पूर्वाग्रहबाट अलग रहन सकेनन् । त्यही चरित्रको असरले राज्यको शासन व्यवस्था स्थिर हुन सकेन । न त देश भ्रष्टाचारमुक्त नै हुन सक्यो । जति आए सत्तामा ती सबै भ्रष्टाचारको नाङ्गो खेल खेल्ने मात्र भए ।

त्यस्तै भरतले न्याय
दफा दफा खुलाउँदै
दानवी शक्तिको कर्म
पन्साए पार लाउँदै ॥६४॥

-भरतांशु महाकाव्य

न्यायिक कोष ऐन, २०४३ लागु गर्ने आदेश

राजेन्द्र सुजबू

आत्मविश्वास भनेको हरेक व्यक्तिभित्रको आध्यात्मिक शक्ति हो । आत्मविश्वासको अभावमा जीवन सहज तरिकाले चल्दैन । कुनै कामप्रतिको आशामा दृढ रहनु पनि आत्मविश्वास हो ।

राजेन्द्र सुजबू भरत जङ्गमकै टोलमा बस्छन् । उनले आइ.एल पास गर्ने बित्तिकै आफ्ना आर्थिक समस्याहरू पूरा गर्नु पर्ने बाध्यतामा जागिर खोज्दै यताउता चहार्न थाल्छन् । टोलवासी र बाबु स्वयं पनि उनलाई सुझाव दिन्छन्, 'फलानालाई भेट् न, जागिर लगाइदिन सक्छन् ।'

उनको देखादेखी पुरानै हो । उनको विषयमा राजेन्द्र सुजबूले धेरै कुरा सुनेका छन् टोलवासीका मुखबाट । उनी मनमा लागेको कुरा प्रस्ट बोल्छन् रे । कडा परिश्रम र मेहनत गर्छन् रे । विभिन्न विधामा ज्ञान र रुचि राख्छन् रे । साहित्य क्षेत्रका पनि चर्चित व्यक्तित्व हुन् रे । भ्रष्टाचार विरोधी अभियन्ता हुन् रे, यस्तै यस्तै अरू धेरै ।

राजेन्द्र ठूलो आशा बोकेर हिँड्छन्, भय, त्रास र शङ्का पनि लिएर छिर्छन्, भरत जङ्गमको गेटभित्र । भरत जङ्गमको सामुन्ने पुग्छन् तर आँखामा हेर्न सक्दैनन् । यो उनको पहिलो साक्षात्कार थियो । उनी भन्छन्, 'मलाई उहाँको मुख हेरेर कुरा गर्ने हिम्मत नै भएन, शिर निहुऱ्याई निहुऱ्याई आफ्नो कुरा राखेँ ।' उनी त जागिर माग्न छिरेका थिए । जागिरका लागि होइन योग्यता (विएल गर्न) बढाउन सुझाव पाउँछन् । त्यसका लागि आवश्यक सहयोग गर्ने आश्वासन पाउँछन् । जागिर होइन, योग्यता बढाउने आश्वासनले भरिएको हिम्मत बोकेर फर्कन्छन् । त्यही उत्साहले उनलाई कानुनको असल विद्यार्थी बनाउँछ । एउटा कुशल अधिवक्ता बनाउँछ ।

त्यसपछि, राजेन्द्रको आवतजावत बढ्छ । सम्पर्क बढ्छ, नजिक हुँदै

जान्छन् । उनी आफै भन्छन्, 'त्यसपछि म सहायकजस्तै बनें ।' तब भरत जङ्गमसँग कानुनका व्यावहारिक प्रक्रियाहरू सिक्न थाल्छन् । रिट, फिराद पत्रहरू लेख्न थाल्छन् । लेख्दा लेख्दै कानुनी कारिन्दाजस्तै बनिसकेका हुन्छन् ।

२०५७ सालको कुरा हो उनका कानुनी गुरु भरत जङ्गम उनलाई एउटा भिन्दै विषयको रिट लेख्न लगाउँछन् । पटक पटक करेक्सन गरिहँदा गुरुले भनेजस्तो बन्न सक्दैन रिट । अन्त्यमा भरत जङ्गम आफैँ लेख्छन् त्यो रिट । रिट तयार भइसकेपछि भरत जङ्गम उनलाई भन्छन्, 'हेर राजेन्द्र ! यो रिटको निवेदकमा तिम्रो नाम लेखेको छु । तिमीले यसको पक्षमा राम्ररी बहस गर । मुद्दा जितियो भने त्यो जित र रिट ऐतिहासिक बन्छ । तिम्रो नाम पनि उच्च रहने छ ।

सुजबू भन्छन्, 'मेरो नाम उच्च हुने कुरा सुनेर म धेरै खुसी भएँ । त्यो रिट पनि अहिलेसम्मको उच्च कोटीको छ । रिटको फैसला हुनुभन्दा अगाडिसम्म नागरिक हक हित कायम गराउन भनी स्थापना गरिएका अदालत, न्यायालयमा असहाय दीनदुःखीका लागि न्याय माग्न जाँदा कार्यालय प्रयोजनका लागि आवश्यक फाइन, कागजदेखि तारेख पर्चासमेत पक्षको तर्फबाट नै खरिद गर्नुपर्ने थियो । त्यसो हुनु अत्यन्तै नाजायज र अनुपयुक्त थियो । त्यो पटकै चित्त बुझेको थिएन भरत जङ्गमलाई । समाधानको उपाय खोजी गर्न थाले । खोज गरी समाधानका लागि तयार पारिएको थियो त्यो रिट ।

यता अदालत आर्थिक दुर्बलतामा दबिँदै जाने, उता अदालतको पैसा बैङ्कमा फ्रिज हुँदै जाने । त्यो फ्रिज हुँदै जाने रकमको सदुपयोग गर्दा ' न्यायिक कोष ऐन २०४३' लाई सुसञ्चालन गराउन तत्कालीन श्री ५ को सरकारले सन्देश दिनु पर्ने प्रावधानअनुसार नै त्यो रिट निवेदन तयार पारिएको थियो ।

त्यो निवेदनमा पक्षको तर्फबाट मुद्दामा राजकुमार थापाले सुरुदेखि

मुद्दा किनारा लागुन्जेल बहस पैरवी गरे । त्यस्तै विद्वान् अधिवक्ता प्रकाश वस्तीले पनि वहस पैरवी गरे ।

थापाको जिकिर थियो, यो ऐन बनेको १६ वर्षसम्म कार्यान्वयनमा नआउँदा अदालतहरूको आर्थिक हिसाब किताब नै मर्कामा छ । उता अदालतको करिब ३२ करोड रुपैयाँ राष्ट्र बैङ्कमा फ्रिज भएर बसेको छ । यो के परिपाटी होला ? १६ वर्षसम्म जम्मा हुन गएको ब्याजको रकमको हिसाब किताब नै गायब छ भन्ने दाबी न्यायिक कोषको विषयमा अनुसन्धान गरिरहेको 'स्वतन्त्र विचार मञ्चका' अध्यक्ष भरत जङ्गमको छ ।

अधिवक्ता प्रकाश बस्तीको दाबी थियो 'न्यायिक कोष लागु गराउन अदालत प्रशासनले नै पहल गर्नु पर्ने हो । त्यो लागु गराउँदा केही समस्या भए, त्यसको सार्वजनिकीकरण गरिनु पर्ने हो त्यसो भएन । कानुन आवश्यक भएर नै बनाइएको हुनुपर्छ र त्यो जसको हितमा छ उसैले लागु गराउनेतर्फ पहल गरिनुपर्ने हो ।' यस्ता बहस पैरवी र टिप्पणीहरूबिच 'स्वतन्त्र विचार मञ्च' को पहलमा न्यायिक कोष ऐन २०४३ को दफा १ अनुसार सूचना जारी गरिनुपर्ने रिटमा विभिन्न आदेश दिने निर्णयमा पुग्छ अदालत ।

राजेन्द्र सुजबू यसलाई स्वतन्त्र विचार मञ्चको अभूतपूर्व सफलता मान्छन् । उक्त निवेदन रिटमा निवेदकमा उनको नाम भए पनि त्यो अभूतपूर्व सफलताको पर्दा पछाडिका असली खेलाडी भरत जङ्गम हुन् । उनको दूरदृष्टिकोण र निःस्वार्थ सेवाभावको जति तारिफ गरे पनि अपुरो नै हुन्छ । जङ्गमप्रतिका अनुरागी भावहरू सुनाउँदै उनी भन्छन्, 'म भरत जङ्गमको चेलो हुँ भन्दा मात्रै पनि गर्वले छाती फुल्छ ।'

कानुनी क्षेत्रबाट भ्रष्टाचारको विरोध

विश्वकान्त मैनाली

समर्पण भाव र समर्पणमा शक्ति हुन्छ । देशमा सामाजिक आदर्श, नैतिक मूल्यमान्यता पुनःस्थापित गर्न, भ्रष्टाचारीहरूको चरुहोम गर्ने पर्ने देख्छन् भरत जङ्गम । उनको समर्पण भावले शक्ति जगाउँछ । भ्रष्टाचारीको चरुहोम गर्ने उपयुक्त माध्यम कानुनलाई देख्छन्, अनि कानुनकै क्षेत्र रोज्दछन्, भरत जङ्गम ।

देशमा भ्रष्टाचारले व्यापकता पाएको छ । त्यो मूर्त हुँदैन । त्यसलाई पहिचान गर्न र त्यसलाई परिभाषित गर्न गाह्रो छ । सत्तामा पुग्नेहरूले नीतिगत भ्रष्टाचार गर्ने गरेका छन् तर साधारण हेराइमा त्यो भ्रष्टाचार देखिँदैन पनि । स्वयं विश्वकान्त मैनाली भन्छन्, 'भरत जङ्गम भ्रष्टाचारका सर्वाङ्ग बुझ्ने क्षमता राख्छन् ।'

भ्रष्टाचारको सर्वाङ्ग बुझ्न सक्ने क्षमता राख्ने भरत जङ्गमको जन्मोत्सवको उपलक्ष्यमा उनको भ्रष्टाचार विरुद्ध अभियन्ताको व्यक्तित्वको बारेमा एउटा लेख उपलब्ध गराइदिन मोती महोत्सव समारोह समितिले अनुरोध गरी पत्र पठाउँछ ।

उनीहरू दुवै परिचित हुन् । तिथिमिति याद नभए पनि परिचय पुरानै रहेछ । चिनजानले स्वभाव बुझ्नेर होला, 'विश्वकान्त भन्छन्, उनी जङ्गी स्वभावका छन् । हक्की स्वभावका छन् । चित्त नबुझ्नेको कुरा प्रस्ट बोल्छन् । जो सत्य छ पनि, हकी छ प्रस्ट बोल्छ उसभित्र कलुषित भावना हुँदैन । यस्ता भरत जङ्गम आफूलाई मनमा लाग्यो भने त्यो काम सफल पार्न भगीरथ प्रयत्नमा प्रयत्नशील रहन्छन् । उनको रुचि भने सर्वविधामा छ ।'

भरत जङ्गम साहित्य क्षेत्रमा चर्चित रहे पनि दुवैमा गहिरो सम्बन्ध बसेको पत्रकारिता गर्दा गर्दै भ्रष्टाचार विरोधी अभियानमा होमिँदादेखिको हो । विश्वकान्त भन्छन्, 'भरत जङ्गमले पत्रकारिता निर्भीकतपूर्वक गरे । भ्रष्टाचार विरुद्धको महाभारत अभिमन्यु हुन् यिनी । एक्लै भ्रष्टाचारी

कौरवसँग वीरतापूर्वक लडिरहेका छन् । गिर्दै गएको सामाजिक मूल्यमान्यता प्रतिस्थापित गर्न प्रयत्नशील छन् ।"

सांसदहरूले नीतिगत रूपमा आफूहरूलाई पेन्सन र विशेष भत्ताको व्यवस्था गरे । दुवै सदनका सदस्यहरूले पदावधि पूरा गरेको आधारमा सुविधा लिँदै आइरहेका पनि थिए । सांसदहरूले लिएको त्यही पेन्सन भत्ता विरुद्ध सर्वोच्चमा रिट निवेदन दायर गरे भरत जङ्गमले । त्यसपछि त्यो मुद्दाले बहुत चर्चा कमाउँछ किनकि यस मुद्दामा नेपालीको चाहना प्रतिबिम्बित थियो । पत्रपत्रिकालगायतका सञ्चारका माध्यमहरूमा पनि निकै व्यापकता पायो यस विषयले । विश्वकान्त भन्छन्, 'त्यही चर्चाले उनलाई अभियन्ता नै बनायो ।'

यही मुद्दाको निर्णयार्थ सर्वोच्चका न्यायधीशहरूको फुल बेन्च बस्छ । पक्ष विपक्षमा बहस र पैरवी हुन्छ । पेन्सन भत्ताको सुविधा लिने नीतिगत नियम सांसद पदाधिकारीको सुविधा सम्बन्धी ऐनको परिधिभित्र रहेर बनेको नदेखिएकाले संविधानको धारा ८८ (१) बमोजिम उक्त दफा २५ आजका मितिदेखि अमान्य बदर घोषित गरिएको छ भनी फैसला हुन्छ । विश्वकान्त भन्छन्, 'सर्वोच्चको त्यो आदेश अरू कसैको प्रयासमा होइन केवल भरत जङ्गमको प्रयासले भएको हो ।'

यो फैसलाले जनप्रतिनिधि बनेका र बन्नेहरू सचेत हुनुपर्ने हो । जनप्रतिनिधि जनताका सेवक हुन् बन्नु पनि पर्छ । जनताका मालिक वा जागिरे हैनन् भन्ने सन्देश फैसलाले दिएको छ तर भ्रष्टाचार देशको दीर्घ रोग नै बनिसकेको छ । देश र समाजलाई गाँज्दै लगेको छ । त्यसैले राज्यका अङ्गहरूप्रति जनताको आस्था र विश्वास घट्दो छ । जनताको विश्वास घट्नु भनेको चिन्ताको विषय हो । यस्तो व्यक्तिगत स्वार्थले राष्ट्रप्रतिका स्वार्थलाई स्वाहा पार्दै लग्छ, भ्रष्टाचारी प्रवृत्तिलाई झन् हावी गराउँदै लग्छ ।

भरत जङ्गम यही प्रवृत्ति विरुद्ध देश र जनताको हित प्रतिकूल भए गरेका निर्णयहरू विरुद्ध सवाल उठाउँदै आएका छन् । उनको कार्य, उनको आवाज अझ सशक्त बन्दै जाओस् भन्दै भरत जङ्गमको सुस्वास्थ्य, दीर्घायु, सुख र समृद्धिको कामना गर्दछन् मैनाली ।

परिच्छेद : सात

खण्ड : एक

भरत जङ्गमद्वारा सञ्चालित भ्रष्टाचार विरोधी अभियानको विश्लेषण

"गहिरिएर सोचौं, हेरौं । देशको परिस्थिति उदेक लाग्दो छ अवस्था हृदयस्पर्शी छ । भ्रष्टाचारी एउटा घरमा उत्सव मनाइरहेका छन् । गल्लीका बाँकी सबै घरमा अँध्यारो छ । पूरा गल्ली सुनसान छ । त्यही सुनसान गल्लीमा बाँकी सबै बीभत्स जीवन बिताइरहेका छन् । उमेरले जति डाँडा काटे पनि भरत जङ्गम स्वस्थ छन् । राष्ट्रका सबै गल्लीहरू जगमग बनाउने सपना बोकेका छन् । सपनाले राष्ट्रप्रतिको समर्पण भाव जगाइरहेका छन् । त्यसैले उनी निर्विकल्प छन् ।"

देशले पछिसम्म सम्झिरहने छ

कृष्णवल्लभ काफ्ले

सबैको भलो चिताउने, सबैप्रति सकारात्मक सोच राख्ने व्यक्ति आफैमा विश्वस्त रहन्छन् । मानवको भलो चिताउने अनि सृष्टिका सबै रचनाहरूसँग प्रेमभाव राख्ने, आफ्नो देश, समाज अनि धर्म संस्कृतिमा गर्वले छाती फुलाउने व्यक्ति सदा मङ्गलमय भावमा रमाउँछन् । जीवन खुलेर बाँचिरहेका हुन्छन् । यसरी नै सधै खुलेर मङ्गल भावमा बाँचिरहेका छन्, भरत जङ्गम ।

कृष्णवल्लभ काफ्ले अख्तियार दुरुपयोग अनुसन्धानको कार्यकक्षमा बसेको बेला एउटा प्रौढ व्यक्ति आफ्नो परिचय दिँदै आइपुग्छन् । ती प्रौढ अरू कोही नभएर मङ्गल भावमा रमाइरहने भरत जङ्गम नै थिए । यी प्रौढ व्यक्तिलाई उनले पहिला कहिल्यै देखेका थिएनन् तर उनले लेखेको 'कालो

सूर्य' भने पढेका रहेछन् । पढिसकेपछि उनलाई लागेको रहेछ, 'यो मनले कताकता भेट्न खोजी गरिरहन थाल्यो ।' तर त्यो संयोग धेरै पछिमात्र जुरेछ । भेट जुरेको खुसीयालीमा उनी भन्छन्, 'आज मेरो पुरानो इच्छा पूरा भयो । उनले दिल खोलेर कुराकानी गरेछन् । आत्मीयता बढ्दै गएछ । वल्लभ भन्छन्, 'सायद म उनको लेखले ज्यादै तानिएको थिएँ ।'

वल्लभलाई कालो सूर्यले तान्यो तर उनका अरू लेखहरूले तान्न सकेका रहेनछन् तर पनि दुवै जना भ्रष्टाचार विरोधी मोर्चामा खटिरहेछन् । बेलाबेलामा भ्रष्टाचार विरोधी कार्यक्रमहरूमा दुवैको भेट भइरहन्छ । भ्रष्टाचार विश्वव्यापी रोग बनेको छ । नेपालको आन्तरिक स्रोतबाट सामान्य प्रशासनिक खर्च धान्न पनि गाह्रो परिरहँदा पनि जुन परिमाणमा भ्रष्टाचार मौलाएको छ, त्यही परिमाणले देशलाई गलाउँदै लगेको छ । देशमा बेलाबेलामा आन्दोलन भइरहन्छन् । त्यसको कारक तत्त्व भ्रष्टाचार नै हो भन्ने गरिन्छ ।

यहाँ राजनेतादेखि सामान्य कार्यकर्ता र राष्ट्रसेवकलाई समेत भ्रष्टाचारले नैतिक रूपमा नै विक्षिप्त बनाइदिन्छ । तिनीहरू यति कमजोर बनिरहेका हुन्छन् कि साधारण मनोकाङ्क्षा बोकेर आउने व्यक्तिसँग सजिलै पराजित मानसिकता पेस गर्दछन् । यस्तो अवस्थामा रहेको देशमा भ्रष्टाचार विरुद्ध कतैबाट केही प्रयास भइदिँदा मात्र पनि देशले राहत महसुस गर्छ झैँ लाग्छ ।

भरत जङ्गमले किताबै लेखेर होस् वा जनताका बिचमा सूचनामूलक कार्यक्रमहरू गरेर होस्, गोष्ठी आयोजना गरेर होस् वा सडकमा प्लेकार्ड बोकेर होस्, सडकमै कोणसभाहरूलाई सम्बोधन गरेर होस् भ्रष्टाचार विरोधी अभियान चलाइरहेका हुन्छन्, राष्ट्रले केही राहतको महसुस गरिरहेको हुन्छ होला उनका यी कामबाट । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ता गरेको मुद्दामा पुनरावेदन गर्न नपाइने भएकाले अपाङ्ग जस्तै बनेको थियो अख्तियार दुरूपयोग अनुसन्धान आयोग । त्यस निर्णयका विरुद्ध सर्वोच्चमा रिट दायर गर्न पुग्छन् भरत जङ्गम । त्यो रिटको सुनुवाइपछि त्यस नियमलाई

खारेज गरिदिन्छ र पुनरावेदन जान पाउने प्रक्रिया स्थापित गराउँछ । भरत जङ्गमको यो प्रयासले भ्रष्टाचार नियन्त्रण गर्ने काममा ठुलो सघाउ पुगेको छ राज्यलाई ।

सांसदको मिति सकिएपछि पनि पेन्सन भत्ता सुविधा दिने गरी पास गरिएको नियम विरुद्ध सर्वोच्चमा रिट दायर गर्न पुग्छन् भरत जङ्गम किनकि त्यो नीतिगत भ्रष्टाचार थियो । सर्वोच्चले भरत जङ्गमको रिटको पक्षमा निर्णय गर्दै त्यो प्रावधानलाई खारेज गरिदिन्छ । राष्ट्रले ठुलो आर्थिक भारबाट मुक्ति पाउँछ । यस्ता प्रयासहरू भरत जङ्गमबाट भइरहेका छन् । ती प्रत्येक प्रयासले भ्रष्टाचार विरोधी अभियानको जगमा इँटाहरू थपिरहेका छन् । उनले थप्दै गरेका इँटामा उनको नाम कुँदिएको हुन्छ । इतिहासले पनि त्यो नाम पढिरहने छ, जनताले हेरिरहने छन् ।

उनको 'कालो सूर्य' बाट देशले अपेक्षा गरेअनुसारको राहत पाएको ठान्ने कृष्णवल्लभ काफ्ले भ्रष्टाचार विरोधी अभियानमा 'स्वतन्त्र विचार मञ्च' मार्फत यसरी नै सशक्त रूपमा अघि बढाइरहँदा, मोती महोत्सवले उनमा प्रेरणा र जाँगर दिइरहोस् भन्दै शुभकामना व्यक्त गर्दछन् ।

मालिनी छन्द–

घर परिधि घुमेरै
दैवयोगै जुटाए
अनुचित मनका ती
भावधारा छुटाए
अझ पनि अगि बढ्छन्
शैवयोगै लिएर
जनबल पनि पाई
सत्यतामा अडेर ॥८७॥ – भरतांशु

भरत जङ्गमको कार्ययोजना स्वीकार गर्नुपर्छ

खगेन्द्र जिसी

धेरै फैलिएका छन् भरत जङ्गम । उनका कृतिहरूले अझ फैलाइरहेका छन् । आफ्नो क्षमता रचनात्मक बुद्धि विवेक प्रयोग गरी जीवन सन्तुष्टका लागि परोपकारयुक्त कर्म गर्न उद्यत रहन्छन् सधै । यस्ता भरत जङ्गमका कीर्तिहरूका बारेमा सुनेका र कृतिहरू पढेका रहेछन् खगेन्द्रले । त्यसैले उनीसँग भेट गर्ने ठुलो चाहना लिएर बसेका रहेछन् ।

पहिले उनका कृतिहरूसँग मात्र परिचित बनेका खगेन्द्र जिसीले प्रत्यक्ष भेट गरेपछि भरत जङ्गमका परम मित्र बनेका छन् । खगेन्द्र जिसी अमेरिकामा बस्छन् । उनी कानुन व्यवसायी हुन् । भरत जङ्गमको 'कालो सूर्य' का कारण परिचित बनेका उनले कालो सूर्यका बारेमा धेरै चर्चा परिचर्चा सुनेका रहेछन् । त्यसपछि उनका मनमा 'यो लेखक क्रान्तिकारी व्यक्तित्व हुनुपर्छ' भन्ने भावना बसेको रहेछ ।

सन् १९९२ मा भरत जङ्गम अमेरिका पुगेका छन् भन्ने समाचार पाउँछन् उनले । भेट गर्ने इच्छा रहेको थियो, भेट गर्छन् । उनी भन्छन्, ' पहिलो भेटमा नै म धेरै प्रभावित भएँ ।' त्यो प्रभावले मित्रता झन् बढाउँदै लग्यो । भरत जङ्गमको प्रभावले उनीसँग मात्र हैन अमेरिकामा बसोबास गर्ने नेपालीसँग मित्रता बढायो ।

अमेरिकाको न्युयोर्कमा प्रजातन्त्रवादी प्रवासी नेपालीहरूको ठुलो सङ्गठन छ । भरत जङ्गम त्यही सङ्गठनसँग मिलेर देश, व्यवस्था र परि स्थितिका बारेमा चर्चा चलाउँछन् । उनीसँगको चर्चा परिचर्चापछि प्रवासमा बसेर पनि देश सेवाको पुनीत कार्यमा जुट्ने प्रण गर्दछन् जिसी । चर्चा परिचर्चामा भरत जङ्गम देशमा बढ्दै गएको भ्रष्टाचारको विषयमा विशेष चासो देखाउँथे । त्यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ भनी राय सल्लाह

पनि माग्थे । प्रवासी नेपली चिन्तित हुँदै नियन्त्रण गर्न सक्दो सहयोग गर्ने आश्वासन पनि दिन्थे किनकि उनीहरूलाई पनि थाहा छ, 'भ्रष्टाचारको प्रत्यक्ष असर राजनीतिमा पर्छ । त्यसले राजनीतिलाई अस्थिर गराइराख्छ ।'

२०५२ सालपछिका वर्षहरूमा, राजनीतिक अस्थिरता र त्यसका प्रभावहरू छिन छिनमा परिवर्तन भइरहेको छ । ती छिन छिनमा भइरहने परिवर्तनहरूले 'प्रजातन्त्र र लोकतन्त्रमाथि खतरा बढिरहेको छ' भन्ने सङ्केत देखाइरहेका थिए । जन जनमा चर्चा पनि हुन्थ्यो भ्रष्टाचारले यसरी नै गति बढाउँदै गए के जनता राजनीतिक रुपमा पूर्ण स्वतन्त्र भइरहन सक्लान् ? के देशले स्वाधीनता अक्षुण्ण राख्न सक्ला ? दिनानुदिन व्यापकता बढाउँदै लगेको भ्रष्टाचारले अस्थिरता ल्यायो । त्यसैले २०४६ सालले स्थापित गरेका राजनीतिक र नैतिक आस्थाहरू अडिन सकेनन् । व्यवस्थामाथि ठुलो प्रश्नचिह्न छाडेर गयो ।

राज्य व्यवस्थासँग सम्बन्धित सबै व्यक्तिहरू जब गैरजिम्मेवार, अलोकतान्त्रिक र अनैतिक क्रियाकलापमा संलग्न हुन्छन् तब राज्य संयन्त्रका सबैजसो अङ्गमा भ्रष्टाचारजस्तो डरलाग्दो असाध्य रोग फैलन पुग्छ । देश आक्रान्त र जनता उदासीन बन्दा पराधीनताको प्रवेशद्वार निर्माण हुन्छ । आखिर त्यही भयो । २०४७ सालको आन्दोलनले सत्तामा पुऱ्याएकाहरू आफ्नो राजनीतिक र नैतिक आस्थामा अडिन सकेनन् । २०६२/६३ को आन्दोलनले सत्तामा पुऱ्याएकाहरूको पनि आचरण हुबहु त्यही नै छ । भ्रष्टाचारको गति त्यसरी नै बढिरहेको छ ।

जनप्रतिनिधि देशको विकास र जनताको भलाइभन्दा आफ्नो र आफन्तको सुविधामा केन्द्रित भइदिँदा भरत जङ्गम आन्दोलित हुन पुगेका हुन् । प्रत्येक लोकतान्त्रिक शक्ति मर्यादित, अनुशासित र इमान्दार हुनुको साथै आफ्नो दल र त्यसको आदर्शप्रति पूर्ण आस्थावान् भएमा मात्र मुलुकमा सरकार र राजनीति स्थिर हुन सक्छ भन्ने सिद्धान्त बोकेर भरत जङ्गमले नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखे । सामान्य ज्ञान पुस्तक दस हजार प्रति

छापेर नेपाली जनतालाई निःशुल्क वितरण गर्ने भरत जङ्गमको चाहनालाई साकार रूप दिन खगेन्द्र जिसी प्रकाशक बन्छन् ।

जङ्गम आफ्नो अमेरिकाको बसाइ छोट्याएर सन् १९९८ मा नेपाल फर्कन्छन् । अनि भ्रष्टाचारी विरोधी अभियानलाई तीव्रता दिन्छन् । जनता र राष्ट्रलाई प्रत्यक्ष असर पुऱ्याउने विषयहरूलाई कानुनी उपचारका लागि सर्वोच्च पुग्छन् । उनका प्रायः सबै रिटका पक्षमा सर्वोच्चले निर्णय गर्दा राज्यले राहतको महसुस गरिरहेको छ । उनका यी कार्यहरू साह्रै सरानीय छन् ।

देशमा शान्ति र अमनचयन कायम राख्न र राजनीतिक स्थिरता ल्याउन भएका परिवर्तनहरूको उपयोग गर्न सशक्त भ्रष्टाचार विरोधी नीतिनियम बनाउन अति जरुरी छ । त्यस्ता नियम निर्माण गर्दा विगतको अवस्था र आधारहरूलाई गहन अध्ययन गर्न पनि जरुरी हुन्छ । राजनीतिक परिवर्तनपछि भ्रष्टाचार नियन्त्रण र स्वतन्त्र समाज निर्माणका लागि आधार र अवसरहरू सिर्जना गर्न नसके हामी कमजोर हुँदै जाने छौँ । हाम्रो अस्तित्व पनि खिइँदै जाने छ । हाम्रो अस्तित्वलाई मजबुत पार्न र मुलुक र जनताको विकासको चाहना पूरा गर्न राजनीतिक दलहरूले लोकतान्त्रिक व्यवस्थालाई पूर्ण रूपमा क्रियाशील गराउन भ्रष्टाचारमुक्त समाजको निर्माण गर्न सक्नुपर्छ । खगेन्द्र जिसी थप्छन्, 'त्यसका लागि भरत जङ्गमका भ्रष्टाचार निवारणका नीति नियम र योजनाहरू देश र राजनीतिक पार्टीले हरहालतमा स्विकारेको हुनुपर्छ ।' अन्यथा देशमा भ्रष्टाचार फैलिएर फेलियर स्टेटको घोषणा हुन वा देश गृहयुद्धमा धकेलिन सक्छ ।'

भ्रष्टाचार विरोधी अभियान : एक समयसापेक्ष पहल

आचार्य खेमराज केशवशरण

आफ्नो क्षमता र रचनात्मक बुद्धि एवं विवेकको प्रयोग गरी, जीवनलाई सहज बनाउन र अमरताका लागि लक्ष्ययुक्त काम गर्न जो उद्दत रहन्छ, उसको आत्मविश्वास दृढ र बलियो हुन्छ । आध्यात्मिकता भन्छ : त्यस्ता व्यक्तिले धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थहरू आर्जन गर्छ । यी आदर्शहरूलाई पछ्याएर पुरुषार्थ आर्जन गरिरहेका भरत जङ्गम वैदिक सनातन धर्ममा समर्पित साधक पनि मानिन्छन् ।

'जङ्गम' उपनाम सुन्दा मात्रै पनि मनमा आदरभाव उब्जिँदो रहेछ भन्छन् सनातन धर्म सेवा समितिका संस्थापक, आध्यात्मिक चिन्तक, विचारक, दार्शनिक व्यक्तित्व आचार्य खेमराज केशवशरण । शैव धर्मका अनेकन हाँगाहरूमध्ये वीरशैव मतले चिनिने एउटा विशिष्ट हाँगा छ । यही वीरशैव मतमा अत्यन्तै भक्तिका साथ शिवलिङ्गको पूजा गर्दै, स्वयं पनि शिवमय बन्दै विचरण गर्ने निष्ठावान् साधकहरूलाई 'जङ्गम' भन्ने गरिन्छ ।

यही मतका बारेमा वर्णन गरिएको 'वीरमहेश्वर सदाचार सङ्ग्रह'को व्याख्या गर्दै आचार्य केशवशरण भन्नुहुन्छ, 'एउटा वीरशैव मतका लागि विद्या-भार्या हुन् । सन्तोष पात्र हो । क्षमा सेविका हुन् । भक्ति माता हुन्, सदाचार पिता हुन् । सत्य नाति हो । शम (मानसिक स्थिरता र आनन्द)भित्र, वैराग्य सखा, धर्म गुरु, श्रद्धा बहिनी अनि अहिंसा, आस्तेय (चोरी नगर्ने गुण वा आचरण सेवकसेविका हुन्, ज्ञान शरीर, सदाचार व्यापक क्षेत्र हो भने मोक्ष नै देश हो । वीरशैव मतालम्बीहरूले यस्ता सद्गुणहरू धारण गरेका हुन्छन् ।'

संस्कृतमा 'जङ्गम' को अर्थ हुन्छ 'हिड्डुल गरिरहने व्यक्ति' । जसले

विशिष्ट साधक समूहलाई स्थापित गरेको पनि हुन्छ । भरत जङ्गम पनि यस्तै साधक र चिन्तक भएर होला सनातन सेवा समितिमा आजीवन सदस्य बनेका । यसका अतिरिक्त आफै अध्यक्ष बनेर ठुला ठुला यज्ञादि सम्पन्न गराएका छन् । धार्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा प्रबुद्धताका साथ भरत जङ्गमले गरेका सेवा कार्यहरू अविस्मरणीय छन् ।

साहित्यतर्फ पनि उत्तिकै सशक्त छन् भरत । उनका 'कालो सूर्य', ' व्यूहचक्र', 'रातो घाम' जस्ता दूरगामी उपन्यासहरू प्रकाशित भएका छन् भने पचास-प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता प्रबन्ध सङ्ग्रहहरूले समाजका विकृति विसङ्गतिका कारक तत्त्वहरूलाई छलङ्ग्याइदिएका छन् । स्वधर्म र स्वराष्ट्रप्रति अगाध प्रेम राख्ने, सनातन धर्म संस्कृतिका उच्च संस्कारद्वारा संस्कारित जङ्गम परिवारको यशस्वितालाई भरत जङ्गमको व्यक्तित्वले निखार्दै लगेको छ भन्नुहुन्छ आचार्य केशवशरण ।

सानैदेखि जागरणमुखी स्वभाव राख्दै आएका भरत जङ्गमले यस राष्ट्रमा कानुनी राज्य स्थापना होस्, विधिको शासन चलोस्, भ्रष्टाचार घुसखोरीजस्ता राष्ट्रको समृद्धिका अवरोधहरू निर्मूल पार्न सहज होस् भनेर चलाएको आन्दोलनले राष्ट्रिय सीमालाई नाघेर आफ्नो प्रभाव अन्तर्राष्ट्रिय परिवेशसम्म पुऱ्याएको छ । आचार्य केशवशरण अमेरिकामा हुँदा भएको भेटको अवसरमा भरत जङ्गमले आफूले चलाएको भ्रष्टाचार विरोधी अभियानको स्वरूप बताएका रहेछन् । आफू जुन समाजमा बाँचेको छु, जुन राष्ट्रको नागरिक बनेको छु, त्यस राष्ट्रका लागि केही गरौं भन्ने भाव सबैमा उदाएको नदेख्ने आचार्य भरत जङ्गममा भने उदाएको देख्नुहुन्छ । आफ्नो देश र समाजलाई केही प्रेरणा दिएर, देश र समाजप्रति समर्पित भाव जगाएर बाचौं भन्ने रहर जसमा हुन्छ त्यसले मात्र चेतनापूर्ण अभियान सञ्चालन गर्ने साहस राख्छ । त्यस्तो साहस भरत जङ्गममा देख्नुहुन्छ आचार्य केशवशरण र उनले जगाएको चेतनाको प्रयासको प्रतिफल अवश्य समाजले प्राप्त गर्ने छ भन्नेमा विश्वस्त पनि हुनुहुन्छ ।

भरत जङ्गमले भ्रष्टाचार विरोधी अभियानलाई वैज्ञानिक आधार दिँदै अघि बढिरहेका छन् । यो भ्रष्टाचार समस्या समाधानका लागि वैज्ञानिक खोज गर्दा मूल जरो 'स्वार्थ' देख्ने भरत जङ्गमको चेतनाले बिउँझिएको सत्यले 'जङ्गम प्रतिष्ठान' स्थापना गर्दछ । त्यो कल्याणकारी उत्साह वंशाणुगत धार्मिक र आध्यात्मिक वैशिष्ट्यलाई जीवन्त र जागृत राख्न उनले गरेका प्रयासको रूप अति ठुलो देख्नुहुन्छ आचार्य केशवशरण ।

राज्यका सबै अङ्गबाट भ्रष्टाचारको मूल स्रोत 'स्वार्थ' को जालो हटाउने भावनात्मक संयन्त्र परिकल्पना गरिएको 'भ्रष्टाचार विरोधी विज्ञान' लाई मूर्त रूप दिएर राष्ट्र र समाजको उन्नति र प्रगति खोज्ने उनका सत् प्रयासहरूको पूर्ण सफलताको कामना पनि गर्नुहुन्छ आचार्य केशवशरण ।

बसेका छन् हाम्रा अनवरतले श्री पशुपति
उनैको सामुन्ने अलिक पर वाणेश्वर पति
दुवैको रक्षामा भरतमणि लागे समयमा
अझै जाँदै छन् श्री शिव शहरका यी शिविरमा ॥३५॥

– भरतांशु

सुरक्षा उसको गर्न
भरतमणि जङ्गम
आएथे जहिले देखिन्
विकासभो धमाधम ॥८॥

– भरतांशु

व्यक्ति एक : रूप अनेक

डा. गङ्गाप्रसाद अकेला

आत्मविश्वासमा अडिग चित्त भएका व्यक्तिले सङ्कल्प विज्ञानलाई व्यवहारमा उतार्नु आवश्यक हुन्छ । भरत जङ्गमले सङ्कल्प विज्ञान आफ्नो व्यवहारमा उतारेका छन् । जो व्यक्ति जति धेरै दृढ सङ्कल्पित हुन्छ ऊ त्यति धेरै आत्मविश्वासी पनि बन्दछ । भरत जङ्गम आत्मविश्वासी छन् । अतिवादबाट पनि मुक्त छन् । त्यसैले उनी नयाँ खोज र आविष्कारको तलासमा लागिरहन्छन् । नयाँ नयाँ कार्यको थालनी गर्नु भनेको सङ्कल्पित हुनु पनि हो । आत्मविश्वासी बनेर जीवनलाई सही मार्गमा लगाउनु सम्यक् सङ्कल्प पनि हो । उनी आत्मविश्वासी छन् त्यसैले उनी भौतिक (आर्थिक) एवं आध्यात्मिक दुवै क्षेत्रमा सफल देखिन्छन् ।

उनको कलम पनि सफलतासँग चल्छ । उनी कुशल साहित्यकार हुन् । साहित्य समाजको दर्पण हो । साहित्यमा समाजका विविध रूपको चित्र कोर्ने असली चित्रकार पनि हुन् । भरत जङ्गम आफ्नो लेखन कलामार्फत सबैलाई सचेत गराइरहेका हुन्छन् । साहित्यले मानव जातिका विभिन्न पक्षको चित्रण, राष्ट्रका आकाङ्क्षा अनि उन्नति, प्रगति आदि सबै विधिहरूको चित्रण गरिरहेको हुन्छ । साहित्य चिर र नवीन चिन्तन पनि हो ।

साहित्य आफू सुरक्षित रहन्छ अनि इतिहासलाई सुरक्षित राख्न मद्दत गर्दछ । यो मानव अनि मानव समाजको दर्पण हो । कुनै जाति, समाज अनि राष्ट्रको सांस्कृतिक, सामाजिक र आध्यात्मिक विकासबारे सबैलाई जानकारी गराउँछ ।

भरत जङ्गमको पहिलो उपन्यास 'कालो सूर्य' र त्यसपछि व्यूहचक्र र रातो घाम प्रकाशित भएका छन् । यी उपन्यासहरू राष्ट्रका सामाजिक, राजनीतिक, व्यावसायिक, व्यावहारिक, न्यायिक एवं प्रशासनिक स्वरूपलाई जुन प्रकारले प्रस्तुत गरेका छन्, त्यस प्रस्तुतिले उनलाई समाज सुधारकको

रूपमा उभ्याएको छ । 'कालो सूर्य' मा तत्कालीन नेपालको आर्थिक, सामाजिक र न्यायिक स्वरूपलाई बडो निर्भीकताका साथ चित्रण गरिएको छ। ती प्रस्तुतिहरूमा साहित्यकार प्लेटोको आदर्श र उनका शिष्य अरस्तुको यथार्थताबाट अभिभूत भएको देखिनु उनको साहित्यिक चरित्रको विशेषता हो । तिनै साहित्यकारहरूको चरित्रको मूर्त रूप दिनलाई गरिएको सफल प्रयासको रूपमा प्रकाशित भएको हो 'कालो सूर्य' भन्छन् डा. गङ्गाप्रसाद । जसमा जनताका कारुणिक कथाहरूको चित्रण गरिएको छ । एक छाकका लागि सडकमा भौंतारिइरहेको मानिसका तेलरङ्ग र पानीरङ्गका चित्रहरू देखिन्छन् उनको त्यो साहित्यिक कथा क्यानभासमा । अवैध कारोबारमा को को कसरी संलग्न हुन्छन् ? त्यसका अनेक प्रकारका आकारहरू देखिन्छन् । अख्तियार दुरुपयोग गर्नेहरू कसरी अकुत सम्पत्तिका मालिक बनेका छन् ? तिनको फोटोचित्र देखिन्छ । राज्यका उच्च पदस्थ कर्मचारीहरू, सत्तामा संलग्न राजनीतिज्ञहरूको चरित्र कस्तो छ ? तिनीहरू भ्रष्टाचारमा कसरी लिप्त हुन पुग्छन् सबै कुराको शिल्पी वर्णन छ ।

व्यापारी कसरी अवैध कारोबारमा संलग्न हुन्छन् ? मतियारसँगको साँठगाँठ कसरी बन्छ ? न्याय क्षेत्रकाले सर्वसाधारण जनतालाई कसरी सताइरहेका छन् ? यिनको यथार्थ चित्रण निर्भीकतासँग गरिएको छ । उपन्यासका अन्तिम वाक्यहरूमा उनी भन्छन्, 'म कहिल्यै भुल्दिनँ ।' साँच्चै ती वाक्यहरू अति नै मर्मस्पर्शी छन् । वाक्य हुन्, 'मेरा हरेक साँझबिहान चिलको पञ्चाभित्रका चल्लाजस्तै छन् । दिनहरू भोका गिद्दहरूले छोपेको सिनोजस्तै छन् । यो असह्य परिस्थितिले लपेटिएको मेरो वर्तमानका कथाहरू कहिल्यै नटुङ्गिने क्षितिजजस्तै छन् ।" उँगेर बाँचिरहेकाहरूका यी वाक्यहरू यथार्थपरक छन् । मर्मस्पर्शी भोगाइहरू हुन् यी उनीहरूका । एउटा मर्मस्पर्शीताको नमुना पनि हो यो ।

नेपाल अनि नेपाली समाजमा व्याप्त यो अवस्थाको पीडाले यति विघ्न विह्वल बनाइदिएको छ कि उनी हिन्दी साहित्यकार महान् कवि 'रामहरि

सिंह दिनकार' को हुँकार कविताबाट प्रेरित र प्रभावित भएको देख्छन् डा. गङ्गाप्रसाद । उपन्यास विधाबाट सुधारको प्रयास जति हुनुपर्थ्यो त्यति हुन सकेन । कता कता प्रयासहरू पनि अधुरै रहे कि भन्ने लागेर र पो हो कि, किनभने राज्य सञ्चालकहरूको अदूरदर्शी क्रियाकलापको व्यापकताका कारण देश अधोगतितिर धकेलिइरहेको छ । अधोगतिमा धकेल्ने कार्यमा न्याय क्षेत्र पनि संलग्न भएको देखेर नै उनले २०४९ सालमा पचास-प्रसङ्ग, २०६१ सालमा भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता प्रबन्ध सङ्ग्रह प्रकाशन गरे । ती पुस्तकहरूको अध्ययन गर्दा उनी सच्चा समाज सुधारकका रूपमा उभिएको पाउँछौँ । अझ गङ्गाप्रसादलाई साहित्यका अनमोल रत्न जङ्गम आफ्नै किताबका पानाहरूमा कतै चम्किरहेको जस्तो लाग्दो रहेछ ।

अहिलेसम्म 'कालो सूर्य' १३ भाषामा अनूदित भइसकेको छ । उनका प्रबन्ध सङ्ग्रहहरूमा व्यापारिक समुदायको चित्रण, न्यायपालिका र राजनीतिमा आएको विकृति, विसङ्गतिका बारेको खोजमूलक रहस्यहरूलाई बडो मार्मिक ढङ्गले सजाइएको छ । जबसम्म न्याय क्षेत्र र राजनीतिक क्षेत्रमा निष्ठावान्हरू पुग्न सक्दैनन् तबसम्म जनताको आत्मनिर्भरताले गति पक्रन सक्दैन । विकसित मुलुकको इतिहास पल्टायो भने ती देशको विकासको जग कुनै बाहिरी शक्ति आएर लगाएको देखिन्न, तिनै देशका आदर्श नेताहरूले बसाएको देखिन्छ ।

देशमा प्राकृतिक सम्पदा भरमार रहँदा पनि हाम्रो देशले किन विकासको गति समात्न सकेन भनेर फर्केर हेर्दा, २०४६ सालपछि राजनीतिमा लागेकाहरूको राजनीतिमा लाग्नुभन्दा पहिलेको र पछाडिको आर्थिक अवस्थाले जे देखाउँछ सायद सत्य त्यही नै होला । राजनीतिमा लाग्नेहरूलाई कुवेरको स्थितिमा पुऱ्याउन न्यायालयको पनि ठुलो भूमिका रहेको हुनुपर्दछ । यो कुनै अतिशयोक्तिपूर्ण वर्णन होइन । तथ्य घटनाहरूले पनि यही नै बोलिरहेका छन् । डा.गङ्गाप्रसाद भन्छन्, 'यस्तो अवस्थामा विकृतिको व्याप्ततासम्म हेक सुधार, स्वच्छता र स्वथ्यताको कल्पना गर्न सकिँदैन ।'

भन्न जति सजिलो छ, व्याप्त विकृतिका आधारहरू खोज्न र त्यसका प्रमाणहरू जुटाउन त्यति नै कठिन छ। हाम्रो समाजमा आफ्नो प्राचीन मौलिक सभ्यता, संस्कृति, मानवीय संवेदनशीलता, अनुशासन र मर्यादापालनजस्ता नैतिक मूल्यमान्यताका कुरालाई तीलाञ्जलि दिएर क्षणिक स्वार्थपूर्तिका लागि अर्थ सञ्चयतिर मात्र ध्यान केन्द्रित गरिन्छ। समाजले पनि 'धेरै धन कमाएस्' भनेर आशीर्वाद दिने गरेको छ। तिनै आशीर्वादको उक्साहटमा भ्रष्टाचारजस्ता विसङ्गति मौलाइरहेका छन्। हाम्रो समाजमा विगतमा जे जति नैतिक मूल्य मान्यतामा आस्था थियो, जे जति आदर्श थियो त्यो सबै गत चार दशकमा ह्रास भएर गएको छ। जे जति बच्न सकेका थिए बाँकी सबै २०६२ सालपछि भष्मीभूत भएर गए भन्छन्, डा. गङ्गाप्रसाद। उनी यस काममा अन्तर्राष्ट्रिय तत्वहरूको ठुलो हात रहेको पनि बताउँछन्। क्षुद्र स्वार्थपूर्तिका लागि आफ्नो पहिचान र राष्ट्रप्रतिको इमान नै त्यागिदिने राजनीतिक नेतृत्व पनि उत्तिकै जिम्मेवार देखिन्छ। यस्ता भ्रष्ट राजनीतिक नेतृत्वप्रति जनताले के अपेक्षा राखेका होलान् र खै ?

'जीवनभर जनकल्याणमा लाग्नु' भन्ने आफ्ना बाबुको प्रेरणामूलक आदेश पाएका डा.गङ्गाप्रसाद 'अकेला' बाबुका आशीर्वादले देखाएको नैतिक आदर्शमार्गमा लागिरहेका छु भन्छन्। त्यो प्रेरणाको प्रभाव पाइला पाइलामा परिरहेको छ। तिनै पाइला पच्छाइरहेका छन् उनी।

भरत जङ्गमका विचारहरू लोकतान्त्रिक परिवेशका लागि अत्यन्त उपयोगी देख्छन् उनी तर जे गरेर भए पनि धनै कमाउनुपर्छ भन्ने समाजको मान्यताले समाजका सदस्यहरूलाई मानवीय संवेदनशीलता विहीन बनाइदिएको छ। त्यही मान्यताका आडमा भ्रष्टाचार सदाचारभित्र लुक्न पुगेको छ। यस्तो परिवेश भएको समाजबाट भरत जङ्गमजस्ता सामाजिक क्रान्तिका उद्घोषक उदाउनुलाई ठुलो उपलब्धिका रूपमा लिनुपर्दछ। भ्रष्टाचारलाई आर्थिक लेनदेनमा मात्र सीमित राख्न सुहाउँदैन। यसभित्र धेरै सामाजिक विकृति विसङ्गति बस्ने गरेका हुन्छन्। तिनैको सङ्गतमा धेरै

असामाजिक गतिविधि, अन्याय, अत्याचारलगायत कुकर्महरू चलिरहेका हुन्छन् ।

एउटै प्रकृति र एउटै परिवेशमा घटेका घटनाहरूको मुद्दामा तहतहका न्यायालयहरूले अलग अलग प्रकारका फैसला गरेको पनि देखिन्छ । एउटै मुद्दामा तहतहमा अलग अलग किसिमका फैसला हुनुलाई अदालतमा हुने भ्रष्टाचारको नमुनाका रूपमा देख्छन् गङ्गाप्रसाद । न्यायालयमा परेको एउटा मुद्दामा अलग अलग फैसला हुनु कानुनी राज्यका लागि दुःखद घटना हो । यसलाई कानुनी राज्यको होइन जङ्गली राजको सङ्केतका रूपमा लिए हुन्छ । यसमा गङ्गाप्रसाद पजेरो, प्राडोजस्ता भ्रष्टाचारयुक्त सुविधाहरूलाई नेपाल बाहेक कुनै पनि प्रजातान्त्रिक मुलुकको संसद् र सरकारले अनुमोदन गर्ने थिएन होला भन्दछन् । समाजसुधारक साहित्यकार भरत जङ्गमले आफ्ना साहित्य अनि लेखहरूमा यस्ता कुराहरूलाई औंल्याउँदै आएका छन् ।

सत्य बोल, धर्म गर, व्यभिचार नगर भन्ने हाम्रो सनातनी मान्यता बिर्सेर गलत गर्नेलाई जबसम्म हामी सबै एक स्वर लगाएर विरोध गर्दैनौं अनि सामाजिक रूपमा नै नङ्ग्याउँदैनौं तबसम्म हाम्रा सामाजिक विकृति विसङ्गतिहरूको मूल स्रोत बनेको राजनीतिबाट कल्याणकारी कार्यहरूको आशा गर्न सक्दैनौं । भरत जङ्गम आफ्ना लेखहरूमा यस्तै सन्देशहरू प्रवाहित गरिहेका हुन्छन् ।

साहित्यकार, समाज सुधारक, उपन्यासकार भरत जङ्गमले आफ्नो जीवनलाई लोककल्याणकारी दिशामा लगाए । आफ्नो लेखन कलालाई पनि त्यही दिशामा अग्रसर गराइरहेका राष्ट्रिय व्यक्तित्व भरत जङ्गमको मोती महोत्सवको उपलक्ष्यमा उत्तरोत्तर अभिवृद्धिको कामना गर्दै, जन्मोत्सवको शुभकामना व्यक्त गर्दछन् डा.गङ्गाप्रसाद ।

भ्रष्टाचार विरोधी अभियानका प्रणेता

गीता मैनाली

भरत जङ्गम अहिले पनि उही जोस र होसका साथ कर्तव्य निर्वाह गरिरहेका छन् । उनको कर्तव्य राष्ट्रवाद र राष्ट्रियताको फराकिलो दायरामा फैलिएको छ । त्यसैले होला उनको अनुहारमा मङ्गलभाव छाइरहेको हुन्छ । त्यही जोस र होसका साथ वचन दिन्छन् सालीलाई, 'मलाई नहेप, म अझै बुढो भएको छैन । मेरो अवमूल्यन नगर । म अझ २० वर्ष युवा जोस निकालेर काम गर्ने वचन दिन्छु ।' गीता मैनाली र भरत जङ्गमबिचको अति सरल सालीभिनाजुको नाता, गुन्द्रुकलाई जस्तै फकाउन नपर्ने नाता । गीताले अझ चिनेदेखि नै 'जङ्गम भिनाजु' भनेर बोलाउने गरेकी रे !

उनले कुनै साहित्यक व्यक्तित्वको विषयमा पहिला कहिल्यै कलम चलाएकी थिइनन् रे । साहित्यिक व्यक्तित्व आफ्नै 'जङ्गम भिनाजु'को ६० औँ जन्मोत्सवको अवसरमा दुईचार अक्षर कोर्न संयोग जुरेछ । उनी भन्छिन्, 'के नै लेख्न सक्थेँ र भरत जङ्गमजस्तो स्थापित व्यक्तित्वका विषयमा । त्यस व्यक्तित्वका सामु मेरो कलमको टुप्पो लरबराई लरबराई चलेको थियो ।'

भरत जङ्गमका प्रकाशित कीर्तिहरू धेरै छन् । 'कालो सूर्य' मात्र गीता मैनालीको हात परेको रहेछ । 'कालो सूर्य'भित्रका तोपबहादुर पात्र झन् धेरै मन परेछ । किनकि उसका कथा आफ्ना कथासँग मिलेछन् । तोपबहादुरका काठमाडौँमा कोही आफन्त रहेनछन् । त्यसैले उनी अपरिचितसँग खुलेर आँसु झार्छन् । गीताका काठमाडौँमा आफन्त धेरै छन् । आँखा भरिनेबित्तिकै उनी विवश भएर हाँस्छिन् । फरक यत्ति रहेछ उनीहरूबिच । तोपबहादुरलाई टाठाबाठाले अत्यास अवस्थामा पारे झैँ उनलाई रनभुलमा पारेका छन् ।

उनले 'जङ्गम भिनाजु'लाई गीतकार, साहित्यकार व्यक्तित्व हरिभक्त कटुवालसँग तुलना पनि गर्छिन् । हरिभक्त कटुवालका गीतहरू राजधानीका गल्लीहरूमा गुञ्जिँदा गुञ्जिँदै हराएर गए । कविगोष्ठीमा साथीहरूमाझ

कविता खुब गुञ्जिए, खुब हाँकिए, भ्याङ्गिए पनि, बिस्तारै सबैको सम्झनाबाट हराउँदै गए । 'त्यसरी नै 'जङ्गम भिनाजु' हराउँदै जाने त हैनन्', डर पोख्छिन् । उनले ती दुवैलाई आफ्नो आँखाको नानी सम्झेकी छन् । दुवै जना अन्याय अत्याचार र शोषण विरुद्ध साहित्य सिर्जना गर्ने साहित्यिक व्यक्तित्वहरू हुन् । भरत जङ्गम अझ भ्रष्टाचार निर्मूल पार्ने अभियान चलाएका अभियन्ता हुन् । भ्रष्टाचारविरोधी अभियानका प्रणेता हुन् ।

गीताको मनमा समाधान हुन नसकेर एउटा प्रश्न गढेर बसेको रहेछ । 'भरत भिनाजु' सम्पन्न परिवारको मान्छेले तोपबहादुरजस्तो गरिबी र शोषणले थिचिएर चिसो भएको मान्छेलाई कसरी छुन सक्नुभयो ?' भ्रष्टाचारले निम्त्याएका सामाजिक विकृति, विसङ्गति अनि अन्याय, अत्याचार विरुद्ध निडर निर्भीक भएर बोल्न सक्ने र त्यसलाई अत्यन्त स्वाभाविक रुपमा साहित्यमा उतार्न सक्ने भरत जङ्गमका विशेषता हुन् । लामो समयसम्म पत्रकारितामा संलग्न रहेर लामो समय कलम चलाउने धेरै कम साहित्यकारमध्ये पर्दछन् उनी । उनको 'कालो सूर्य' भित्र शोषित पीडित मान्छेका कथाहरू छन् । तिनीहरूकै मर्म बोकेकाले होला अहिलेसम्म ११ भाषामा अनूदित भइसकेको छ त्यो अमर कृति । कालो सूर्यपछिका व्यूहचक्र, रातो घाम, पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता कृतिहरूमार्फत नैतिकता, राष्ट्रियता, सामाजिक न्याय र धर्मसंकृतिको संरक्षणजस्ता थुप्रै पाठ पढाएका छन् ।

अरू कुनै विशेषण नजोडीकन केवल 'जङ्गम भिनाजु' भनेर सम्बोधन गर्ने गीता भन्छिन्, 'जङ्गम भिनाजु' भ्रष्टाचार विरुद्ध मात्र लागिपरेको भए सायद देशले यो भयावह स्थिति सामना गर्नुपर्ने थिएन । साली भिनाको हाँसो ठट्टा खुलाउने यो सम्बन्ध अत्यन्त सरल छ । साली भन्छिन्, भिनाजुको उमेरले नेटो काटिसके पनि कार्यक्षमताले कहिल्यै नेटो नकाटोस् । त्यो क्षमताभित्र हामी सबै नेपालीले देश भ्रष्टाचार मुक्त भएको देख्न पाऊँ, मङ्गलमय शुभकामना ।

भ्रष्टाचारविरोधी आन्दोलनमा पत्रिकाहरूले गरेको सहयोगी भूमिका

गोविन्दबहादुर थापा

पञ्चायती व्यवस्थामा डरले जनतामात्र होइन, समय पनि चुपचाप थियो । त्यो व्यवस्थाको सामाजिक, आर्थिक र न्यायिक अनि भ्रष्टाचार, अन्याय र अत्याचारको चित्रण गर्दै भरत जङ्गमले 'कालो सूर्य' लेखे । त्यसमा त्यही समयका अन्याय अत्याचारमा पिल्सिएका कहानीहरू छताछुल्ल भएका छन् । त्यसपछि उनका 'व्यूहचक्र' रातो घाम प्रकाशित हुन्छन् । ती पनि उस्तै सशक्त छन् । उस्तै मार्मिक छन् ।

उनको वंशीय संज्ञानको नेतनाले होला उनलाई यत्तिमै सन्तुष्ट भएर बस्न दिएन । दिओस् पनि कसरी, 'राष्ट्र भ्रष्टाचारको भुमरीमा फस्दै गएको थियो । उनलाई भ्रष्टाचारका उकुस मुकुसका दृश्यहरूले उत्प्रेरित गराउँदै लगे होलान् । टोल गाउँमा कुखुरा चोरको बिगबिगी भएजस्तै अहिले पनि भ्रष्टाचार गरेर पैसा कमाउनेहरूको ठुलो बिगबिगी छ । उनले भ्रष्टाचार : वैचारिक आन्दोलन, पचास प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलन प्रबन्ध सङ्ग्रह प्रकाशित हुन्छन् । भरत जङ्गम भ्रष्टाचार विरोधी विज्ञानका प्रणेता मानिन्छन् ।

भ्रष्टाचार विरोधी आन्दोलनमा होमिएका बेला उनको भ्रष्टाचार विरोधी अभियानलाई तत्कालका छापा पत्रिकाहरूले सहयोग गरेका थिए भन्छन् गोविन्दबहादुर थापा ।

युद्धका विभिन्न प्रकारका मोर्चा भएजस्तै आन्दोलनका पनि विभिन्न स्वरूप हुन्छन् । जस्तो कानुनी उपचारको रूप, माइकिङ गर्दै जनता सचेत गराउने रूप, पत्रिका प्रकाशनको रूप, सडक आन्दोलनको रूप, भाषणको

रूप, पर्चा पम्पलेटको रूप, भ्रष्टाचारविरोधी विज्ञान अध्ययन अध्यापन गराउने रूप । भरत जङ्गम जुन मोर्चा समात्न निस्कन्थे पत्रपत्रिकाहरू तत्तत् मोर्चाका विषयमा प्रचार-प्रसार गरिदिन्थे, समर्थनमा जोडदार लेख लेखिदिन्थे । यसबाट छापा पत्रिकाहरूको नजरमा भरत जङ्गम कस्ता थिए भन्ने छर्लङ्ग हुन्छ । भ्रष्टाचार विरोधी युद्धमा उनले समालेका मोर्चाहरूका हजारौँ समाचारहरू त्यतिखेरका पत्रपत्रिकाहरूमा छापिएको हुनुपर्छ भन्छन् गोविन्दबहादुर थापा । त्यतिखेरका मुख्य मुख्य पत्रिकाले सम्प्रेषण गरेका केही समाचारका नमुनाहरू तल प्रस्तुत गरिन्छ :

'भ्रष्टाचार विरुद्धको सडक आन्दोलन' भन्ने शीर्षकमा घटना र विचार (२०५४ चैत्र १२ गते) भन्ने पत्रिका लेख्छ, 'राजनीतिक शुद्धीकरणका लागि भ्रष्टाचार निवारण हुनु आवश्यक नै हुन्छ । देशमा परिर्वतन भयो भनिन्छ राजनीतिक शुद्धीकरणका लागि नै प्रजातन्त्र ल्याइएको हो तर नेताहरूको व्यवहारमा परिवर्तन आएन, आचरण सुधार्न पनि सकेनन् । जनता त्यही प्राप्तिका लागि लडे त्यो प्राप्त गरेको हेर्न पाएनन् । अहिलेको अवस्थामा मन्त्री बन्नु भनेको भ्रष्टाचारी र राष्ट्रद्रोहीहरूको लिस्टमा नाम थपाउनुसरह हो । देशमा यतिविघ्न भ्रष्टाचार भइरहँदा पनि निवारणका लागि श्री ५ को सरकारले कुनै ठोस कदम नचाले 'स्वतन्त्र विचार मञ्च' स्वयं सङ्घर्षको मैदानमा उत्रने चेतावनी दिन्छ । जुन मञ्च भरत जङ्गमले स्थापना गरेका हुन् । यसका अध्यक्ष भरत जङ्गम नै हुन् ।' यसरी पत्रपत्रिकाले समाचार प्रकाशन गरेर भ्रष्टाचार विरोधी आन्दोलनलाई सघाएको देखिन्छ ।

'भ्रष्टाचार विरुद्ध सडक आन्दोलन' शीर्षकमा 'साप्ताहिक जनसत्ता' (२०५५ मङ्सिर २५) लेख्छ : आज मुलुकको अवस्था हेर्दा भ्रष्टाचार निवारणका लागि लामो समय प्रतीक्षा गरेर बस्न सकिने अवस्था छैन । देशमा भइरहेको भ्रष्टाचारको अवस्था बारे जनतासमक्ष उभिएर भन्नु आवश्यक भएको छ । त्यसको निराकणका उपायहरू पनि चाँडोभन्दा चाँडो

खोज्नुपर्ने छ । जनताको अमुक सङ्केत छ, 'चाँडो खोज, चाँडो निराकरण गर' । त्यसैले स्वतन्त्र विचार मञ्च' का अध्यक्ष भरत जङ्गम आम जनता, बुद्धिजीवी, लेखक, पत्रकार, समाजका प्रबुद्ध वर्गलगायत सबैलाई भ्रष्टाचार विरुद्ध सडकमा उत्रन आह्वान गरिरहन्छन् ।

भ्रष्टाचार विरोधी आन्दोलन उपत्यकाका विभिन्न तीन स्थानमा केन्द्रबिन्दु बनाएर सम्पन्न हुन लागेको छ । कोण सभामा जन साधारणबाट सल्लाह सुझाव र विचार सङ्कलनसमेत गर्ने कार्यक्रम निश्चित भएको छ । साथै प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिन दस्तखतसमेत सङ्कलन गरिने छ ।' यसरी आन्दोलनको प्रचार-प्रसार गराएको देखिन्छ ।

'दोहोरो सुविधा विरुद्ध सर्वोच्चमा रिट' शीर्षकमा कान्तिपुर दैनिकले (२०५७ पुष १ गते) लेख्छ : 'विभिन्न संवैधानिक एवं राजनीतिक पदमा नियुक्त भएका उच्च पदाधिकारीहरूले उपभोग गर्दै आएको पेन्सन र तलब भत्ताको दोहोरो सुविधामध्ये कुनै एक मात्र दिलाउने माग गर्दै भरत जङ्गमले शुक्रबार सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।'

निजामती सेवामा अवकाश पाई पुनः नियुक्ति भएका पदाधिकारीहरूले यस्तो दोहोरो सुविधा लिइदिँदा राज्यलाई थप व्ययभार बढ्न गएको र कानुनको अभावमा यो परिस्थिति देशले बेहोरिरहन परेकाले ती पदाधिकारीले खाइपाई आएको दोहोरो राजस्व रकममध्ये एकमात्र दिलाउनू भन्ने अन्तरिक आदेश जारी गर्न अनुरोध गर्दै भरत जङ्गमले रिट दायर गरेका छन् ।

'भ्रष्टाचार विरुद्धमा साहित्यकार पनि' भन्ने शीर्षक दिएर घटना र विचार साप्ताहिक लेख्छ : प्रजातन्त्रको पुनःस्थापनापछि अवश्य नै अब देशमा भ्रष्टाचार उन्मूलन हुन्छ भन्ने आशामा थिए जनता । त्यसको विपरीत दिनदिनै बढिरहेको छ भ्रष्टाचार । त्यसले व्यवस्थाप्रति नै वितृष्णा बढ्न थालेको छ । भ्रष्टाचारका विरुद्ध यदाकदा सडकमा नारा जुलुस गरे

पनि व्यक्तिगत रूपमा आन्दोलन चलाइरहने व्यक्तिमा भरत जङ्गम नै अगाडि देखिन्छन् ।' उनी साहित्यका माध्यमबाट पनि भ्रष्टाचार विरुद्धको आन्दोलनमा निकै सक्रिय रहे । उनको कालो सूर्य, व्यूहचक्र, रातो घामजस्ता उपन्यासहरूले भ्रष्टाचारको चिरफार गरे पनि साहित्यको माध्यमबाट मात्र चिरफार गर्न सफल होइँदोरहेनछ भनेर भरत जङ्गमले 'नेपाली आवाज' नामक साप्ताहिक पत्रिका चलाए । अनि फेरि 'स्वतन्त्र विचार मञ्च' नामक संस्था स्थापना गरे । भ्रष्टाचार विरोधी शिक्षा अध्ययन अध्यापन गराउनु पर्ने माग पनि समावेश गरे । कुख्यात भ्रष्टाचारी तस्करहरूलाई इन्टरनेट मार्फत नङ्ग्याउन 'स्वतन्त्र विचार मञ्च' सक्रिय रहेको जनकारी पनि दिइ नै रहे भरत जङ्गमले ।

करोडौँ जोगिने भयो, भन्ने शीर्षकमा 'साप्ताहिक विमर्श' (२०५७ कार्तिक १८ गते) लेख्छ : अघिल्लो त्रिशङ्कु संसद् कालमा सबै राजनीतिक दलका सांसदहरू मुलुकलाई लुट्ने क्रममा पूर्व सांसदहरूले पनि पेन्सन भत्ता पाउने गरी गरेको निर्णयउपर भरत जङ्गमले दिएको रिट निवेदनमा सर्वोच्च अदालतले त्यस विवादास्पद निर्णयलाई खारेज गरिदियो । यो प्रस्ताव आएकै दिनदेखि नै बाहिर निकै विरोध हुँदै आएको थियो । त्यसका कारण जनतामा आस्था हराउँदै गएको थियो । सांसदहरूले जनभावना र संविधानकै बेवास्ता गरेर आफ्नै स्वार्थका लागि त्यो प्रस्ताव ल्याएका थिए ।

'सांसदलाई अर्को झट्का' शीर्षकमा विमर्श' (२०५८ असोज १२ गते) लेख्छ : एमालेको नौ महिनाको कार्यकालमा 'सांसद निर्वाचन विकास कोषको नाममा २ लाख दिने निर्णय गरेकामा क्रमशः रकम बढाउँदै लगेर दस लाख विनियोजित गरिएको थियो । त्यो रकमको व्यापक दुरुपयोग भएको आवाज जनस्तरबाट उठ्न थालेपछि त्यो लहर प्रेसहरूमा पनि देखिन थाल्यो । त्यो चर्चाले राष्ट्रिय रूप धारण गऱ्यो । ती दुरुपयोगका प्रसङ्गहरूलाई महालेखाले प्रतिवेदनमा पनि समेट्न भ्यायो ।

यही दुरुपयोग रोक्न 'स्वतन्त्र विचार मञ्चका अध्यक्षले २०५७ साल पुष १० गते सर्वोच्च अदालतमा सांसद क्षेत्र विकास कोषको रकम गैरकानुनी तरिकाले खर्च भइरहेकाले त्यसलाई बन्द गर्ने आदेश दिन अनुरोध गर्दै रिट निवेदन दिए । त्यसमा कार्यवाही अघि बढाउँदै सम्मानित अदालतबाट बन्द गराउने आदेश भएको थियो ।

भरत जङ्गमले राष्ट्र र जनताको कसरी युद्ध गरिरहेको छन् भन्ने कुराका यी केवल नमुनाहरू हुन् । त्यो युद्धमा छापाहरूले मूल्याङ्कन कस्तो गरेका रहेछन् भन्ने कुरामा प्रकाश पार्न खोज्छन् गोविन्दकुमार थापा । भरत जङ्गमले आफ्नो राष्ट्रप्रेमको स्वरूप देखाउने महान् कार्यहरूका बारेमा जनतालाई अवगत गराउँछन् । छापा पत्रिकाहरूले ठुलो भूमिका खेलेको देखिन्छ । कतिले भरत जङ्गमले गरेको कार्यको सराहना गर्दै सरकारलाई चेतावनी पनि दिएको पाइन्छ । यस्तो देख्दा भरत जङ्गमको मन रमाइरहेको हुन्थ्यो होला । त्यस्ता महान् व्यक्तिहरूले सपनामा पनि देशको स्याहार गरिरहेका हुन्छन् । देशको सेवा गर्दा उनीहरूको मन रमाइरहेको हुन्छ होला ।

यो भेग भरिका धेरै
मठ मन्दिरका प्रति
भरतांशु पुगेका छन्
प्रकाश तिनमा छरी ॥२७॥

–भरतांशु महाकाव्य

भ्रष्टाचार विरोधी अभियानकर्ता

जीवराम भण्डारी

आज हरेक क्षेत्रमा व्याप्त भ्रष्टाचारले देशकै बदनामी गरिदिएको छ । राज्यका लगभग सबैजसो अङ्ग ग्रसित नै बनेका छन् । राष्ट्रको चौथो अङ्ग मानिने सञ्चार क्षेत्रसमेतलाई भ्रष्टाचारले रोगी बनाइसकेको छ । सत्तामा भ्रष्टाचारी र दलालहरूको हालीमुहाली चलेको छ । यस्तो अवस्थामा भ्रष्टाचारको विरोध गर्नु कति जोखिमपूर्ण होला । त्यस्तो जोखिम मोल्न सितिमिति कोही चाहँदैनन् । भरत जङ्गमजस्ता सपूतहरू मात्र राष्ट्र र देशका लागि आफू एक्लैले जोखिम मोल्दै भ्रष्टाचार विरोधी अभियन्ता बनेर निस्कन्छन् । अहिले भरत जङ्गम राष्ट्र र जनताका लागि भ्रष्टाचार विरोधी अभियन्ता बनेर डटेर लागिरहेका छन् किनभने उनमा लोभ छैन । लोभभित्र मात्र हो डर लुकेर बस्ने ।

राज्य सञ्चालकहरूले जब राज्यकोषमाथि ब्रह्मलुट मच्चाएको चाल पाउँछन् तब त्यसलाई रोकथाम गर्न जङ्गम अदालत पुग्छन् । समाजमा चेतना जागृत गराउने अभियानमा लाग्छन् । कतिपय निर्णयहरू अदालतबाट बदर भएका पनि छन् । त्यसरी बदर गराउँदा कति धम्की आए होलान्, कति खप्की सहनु पऱ्यो होला तर पनि आफ्नो अभियानबाट कत्ति बिचलित भएका छैनन् । त्यसैले म बाध्य भएको हुँ उनको विषयमा लेख्न भन्ने जीवराम भण्डारी भन्छन्, 'उनलाई त सरकारले भ्रष्टाचार विरोधी अभियान शिरोमणिको पदवी दिनुपर्ने हो ।'

उनी विगतमा पत्रककार बने, साहित्यकार बने, समाजमा छरपस्ट छरिएको बेथिति र विसङ्गति, अनैतिकता र भ्रष्टाचार अँगालेको राजनीतिको

तिखो आलोचक बने । त्यसैले भरत जङ्गमले राष्ट्र र समाजले गौरव गर्ने व्यक्तित्व निर्माण गरेका छन् । २०४६ सालको राजनीति परिवर्तनपछि अस्वाभाविक रूपमा मौलाएको भ्रष्टाचारले प्रत्येक आन्दोलनपछि गति बढाउँदै लगेको छ । सत्तामा पुग्नेहरूको आचरण देख्दा लाग्छ, राष्ट्र र समाजको उन्नति गराउन यिनीहरू पुगेकै हैनन् । सत्ताको हामीमुहाली गर्न मात्र पुगेका जस्ता देखिन्छन् । सत्तामा पुग्नेहरूले हालीमुहाली गरेको देख्दा जीवराम भण्डारी प्रश्न गर्छन्, भोलिका दिनमा भ्रष्टाचारले कस्तो रूप ग्रहण गर्ला ?' त्यसैले भरत जङ्गमजस्ता व्यक्तिहरूको ठुलो खाँचो छ देशमा ।

देशलाई यो अवस्थामा पुऱ्याउन कसले यति ठुलो भूमिका खेल्यो भन्ने प्रश्नको सतही उत्तर आउँछ । राजनीतिक दल र तिनका नेता, देशको प्रशासन क्षेत्र र न्याय क्षेत्रका स्वनामधन्य नागरिक समाज अनि पेसागत सङ्गठनहरू । नेपाली समाजमा विद्यमान विकृति विसङ्गति विभेद, अन्याय, अत्याचारजस्ता जटिल विषयहरूमाथि प्राज्ञिक समाजको हस्तक्षेप पनि हुनु पर्ने हो, त्यो किन भएन ? १०४ बर्से राणाकालमा देशलाई अग्रगति दिने चेष्टा नै भएन । २००७ सालको परिवर्तनमा पनि आपसी द्वन्द्व र खिचातानी र दलगत स्वार्थमा नै रमायो परिवर्तन । २०१७ सालको परिवर्तनमा केही हदसम्म भए पनि नेपलीहरूमा राष्ट्रिय भाव जगाउने गुणात्मक कार्यहरू भए तापनि देश विकासमा अपेक्षित कार्यहरू हुन सकेनन् । सायद त्यसैले होला २०४६ सालको परिवर्तन आएको भन्छन् जीवराम भण्डारी ।

२०४६ सालपछि देशमा विधिको शासन चल्छ भन्ने विश्वास थियो सबैमा तर बेथिति, विसङ्गति र भ्रष्टाचारबाट पो देश शासित हुन पुग्यो । त्यसपछि फेरि काङ्ग्रेस र कम्युनिस्टलगायतका पार्टीहरूको आह्वानमा २०६३ सालमा ल्याएको परिवर्तनले विकासको सट्टा झन् विकृति, विसङ्गति र भ्रष्टाचारलाई नै मलजल गऱ्यो । अहिले यसले नेपाली समाजलाई

नै तहसनहस पारिदिएको छ । राजनीतिमा विकृतिहरू मौलाउँदै आए । सत्तासीनहरू सत्ता र शक्तिको चरम दुरुपयोग गर्न थाले र बिस्तारै तहसनहस भएको समाजले पनि भ्रष्टाचारसँग साइनो गाँस्दै गयो । देशलाई विधिमा चलाउने र भ्रष्टाचारमुक्त राख्ने चाहना भएका व्यक्तिहरू सत्तामा पुग्नै सकेनन् जे पुगे ती पनि धेरै समय टिक्न सकेनन् ।

यस अवस्थाको देशलाई जोगाउन भरत जङ्गमजस्ता व्यक्तिहरूको मनोबल उच्च तुल्याउन अति जरुरी देख्छन् जीवराम । त्यस्ता व्यक्तिहरूको मनोबल उच्च देखे भने भ्रष्टाचारी शासकहरूको मुटुमा ढ्याङ्ग्रो ठोकिन्छ । अनि युवाहरू थप उत्साहित बनेर भ्रष्टाचार विरोधी अभियानमा लाग्ने छन् ।

यो भेग भरिका धेरै
मठ मन्दिरका प्रति
भरतांशु पुगेका छन्
प्रकाश तिनमा छरी ॥२७॥

साथै सरस्वती माता
अक्षराधाममा लगी
राखे शास्त्र सुधा देवी
पूजा गर्छन् सबै पुगी ॥२३॥

–भरतांशु महाकाव्य

भ्रष्टाचारका प्रखर विरोधी

डा. डी.पी अधिकारी

सहीलाई सही र गलतलाई गलत भन्नु मानवोचित व्यवहार हो तर हामी अनि हाम्रो समाजका विद्वान् र बुद्धिजीवीहरू गलतलाई गलत र सहीलाई सही भन्न लजाइदिँदा राम्रो काम गर्ने प्रवृत्ति प्रोत्साहित हुन सकिरहेको छैन देशमा । राम्रो प्रवृत्ति प्रोत्साहित नहुँदा गलत प्रवृत्तिले हावी हुँदै जाने मौका पाउँछ । यस्तो अवस्थामा पनि भरत जङ्गमले गलत कार्यलाई प्रस्ट्याउन जुन प्रयत्नहरू गरिरहेका छन् ती ज्यादै अनुकरणीय छन् ।

डी.पी. अधिकारीलाई सही मान्ने हो भने विकास भनेको भ्रष्टाचार नियन्त्रण मात्र होइन । तर भ्रष्टाचार नियन्त्रण गर्न सके देशमा सुशासन कायम हुन सक्छ । सुशासनमैत्री विकास र समृद्धि प्राप्त हुन सक्छ । विकास भनेको देशका सम्पूर्ण जनताले अर्थ, शिक्षा, स्वास्थ्य र न्यायमा बराबर पहुँच प्राप्त गर्नु पनि हो तर ती क्षेत्रमा सबैको पहुँच पुऱ्याउनेतर्फ कसैले ध्यान दिएको नदेखिएकोमा भने दुःख व्यक्त गर्दछन् डी.पी अधिकारी । भरत जङ्गमले देशको आर्थिक अवस्था र विकासमा सुधार ल्याउन भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्ने देख्छन् ।

दोस्रो विश्वयुद्धपछि एसियाका अधिकांश मुलुकहरू स्वतन्त्र भए । त्यसपछि उनीहरू जनताको जीवनस्तर सुधार्न र राष्ट्रलाई पुनःनिर्माणमा लगाउनतिर लागे तर पहिलेदेखि स्वतन्त्र रहेको देश नेपालको सत्ता समाल्नेहरू पहिलेदेखि शोषणकारी शक्तिहरूको सल्लाह र दबाबमा तस्करी अर्थतन्त्रलाई प्रोत्साहित गर्दै आएका हुन् भन्छन् डी.पी अधिकारी ।

यसरी मौलाउँदै आएको भ्रष्टाचार अहिले चरमोत्कर्षमा पुगेको छ । यही कुरा गहिरोसँग बुझेका भरत जङ्गमले समस्या समाधानतर्फ आफूलाई क्रियाशील गराएका छन् । उनले देश विकास नहुनुको मुख्य कारण

भ्रष्टाचारलाई नै देखे । यसैले भ्रष्टाचार विरुद्ध जनतामा चेतना जगाउन जागरण कार्यक्रमहरू सञ्चालन गरिहेका छन् ।

संसारका प्रायः विकासोन्मुख देशहरू भ्रष्टाचारले ग्रसित छन् । त्यसको कारण विकसित देशका राजनेता नै मान्छन् अधिकारी । तिनीहरूको भेदभावपूर्ण नीति, तिनीहरूबाट सञ्चालित संस्थामा कार्यरत कर्मचारीहरूको शोषणयुक्त मनोवृत्ति र उनीहरूले दिएको अनुदानको बढीभन्दा बढी रकम आफ्नै देशमा फर्काउने नीतिले पनि भ्रष्टाचारलाई प्रोत्साहन गरिरहेको देखिन्छ। आफ्नो देश बनाउने आफैले हो, अरूले आएर बनाइदिँदैनन् । अरूले बनाइदिएको देश संसारमा कुनै नहोला पनि । त्यसैले आफ्नो देश आफैले बनाउने प्रयत्नस्वरूप माथि चर्चा गरेका कुराहरू भरत जङ्गमले आफ्नो कालो सूर्यलगायत भ्रष्टाचार विरुद्धका लेख, आलेख, निबन्ध र प्रबन्धहरूमा प्रस्टसँग उल्लेख गरेका छन् । ठुलाठुला भ्रष्टाचारका घटनाहरूदेखि ससाना घटनालाई पनि नछाडीकन केलाउन समर्थ देखिएका छन् भरत जङ्गम ।

व्यवस्था जो वसाहाको
गर्न या शूल स्थापना
गर्ने बेला पुगेका छन्
भरतमणि जङ्गम ॥३२॥

त्यसमा पनि उस्तै नै
भावना उनले लिए
ईश्वरीय सदा शक्ति
बुझेका उननै थिए ॥३३॥

–भरतांशु महाकाव्य

भ्रष्टाचारमुक्त समाजको स्थापना

ध्रुव निरौला

भरत जङ्गमको ढोकामा सधैजसो विभिन्न विषयका समस्याको समाधान खोज्न मानिसहरू लामबद्ध देखिन्छन् । लामबद्ध हुनेहरूमध्ये विश्वविद्यालयका स्नातक, स्नातकोत्तर र विद्यावारिधि अनुसन्धानका विद्यार्थीहरू पनि भेटिन्छन् । भ्रष्टाचार विरोधी विषयहरूमा अध्ययन गर्ने, अनुसन्धान गर्ने विद्यार्थीलाई सम्बन्धित विषयमा आवश्यक पर्ने सल्लाह, सुझाव अनि आवश्यक सामग्री उपलब्ध गराएर हौसला बढाइदिने, प्रेरणा दिने जङ्गमले विद्यार्थीमा उत्प्रेरणा जगाइरहेका हुन्छन् । उनीहरूलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत जनाइरहेका हुन्छन् ।

भरत जङ्गमको व्यक्तिगत चाखको एक प्रयासमा त्रिभुवन विश्वविद्यालय राजनीति शास्त्रको केन्द्रीय विभागअन्तर्गतका विभिन्न क्याम्पसहरूका विद्यार्थी र प्राध्यापकहरूलाई भेला गराएर भ्रष्टाचार विरोधी विज्ञान अध्ययन अध्यापन गर्ने कार्यको सुरुआत भएको हो । भ्रष्टाचार नेपालमा मात्र होइन, प्रायः सबै अर्धविकसित र विकासोन्मुख देशहरूमा मूल समस्या बनेको छ । ती मुलुकहरू भ्रष्टाचारका कारण राजनीतिक अस्थिरतामा फसेका छन् । कतिपय मुलुकहरूमा त हत्या, हिंसा बढ्दै गएर गृहयुद्धजस्तो आँधीबेहरी आएको छ । त्यस्ता देशहरूमा मानव मानवकाबिच शत्रु नै भ्रष्टाचार बनेको छ । त्यसैले भ्रष्टाचार नियन्त्रित समाजमा मात्र मानवता हास्छ, रमाउँछ । मानव कल्याणका लागि पनि भ्रष्टाचार नियन्त्रण गर्न अति आवश्यक छ । भरत जङ्गम भन्छन्, 'अब भ्रष्टाचार नियन्त्रण गर्ने विज्ञहरू उत्पादन गरेर भ्रष्टाचारलाई नियन्त्रण गर्न अति जरुरी भइसकेको छ ।'

ध्रुव निरौलाजस्तै विश्वविद्यालयमा सामाजिक शास्त्रअन्तर्गतको राजनीति शास्त्र अध्ययन गर्ने धेरै विद्यार्थीहरू शोध गर्छन् । निरौला कुन विषयमा शोध गरौं भन्ने टुङ्गोमा नपुग्दै स्वतन्त्र विचार मञ्चका अध्यक्ष भरत जङ्गमकहाँ पुग्छन् । भरत जङ्गमबाट जब भ्रष्टाचार नियन्त्रणको विषय

अनि विधामा जानकारी पाउँछन् तब टुङ्गोमा पुग्छन् । भ्रष्टाचार नियन्त्रणको शोध तयार पार्ने विषयको ज्ञान पाएपछि पक्का टुङ्गोमा पुग्छन् उनी अनि ती छलफलका कुराहरू जानकारी गराउन आफ्नो विषयका विभागीय प्रमुख पन्नालाल अमात्यकहाँ पुग्छन् । 'विषयहरूको खानी भरत जङ्गमको साथ पाएपछि के चाहियो अब' भन्ने अश्वासन पाएपछि उनको अस्थिर ओहोर दोहोर टुङ्गिन्छ । अनि भ्रष्टाचार नियन्त्रणको विषयमा शोध गर्न तम्सन्छन् ।

आफूकहाँ शोधकार्य गर्न पटक पटक आइरहने ध्रुव निरौलालाई भरत जङ्गमले एउटा विद्यार्थीको रूपमा मात्र हेरेनन् । आउने जाने घनत्वसँगै सहोदर व्यवहार गर्न थाल्छन् । भ्रष्टाचार स्वयंमा जटिल विषय हो । यस्तो विषयमा शोध अनुसन्धान गर्नु पक्कै सजिलो कार्य होइन । त्यसैले पनि होला, भरत जङ्गमले उनको हौसला बढाउँदै सामग्रीहरू जुटाइदिने काममा सहयोग गरिरहे । त्यही सहयोगमा उनले अनुसन्धान गरी 'नेपालमा राजनीतिक भ्रष्टाचारको स्थिति' विषयमा सफलतापूर्वक शोध प्रस्तुत गर्न सके ।

भ्रष्टाचार निवारणका लागि व्यक्तिगत सम्पत्ति विवरणको उपलब्धता त एउटा आधारस्तम्भ मात्र हो । सरकारी कर्मचारी र सम्पूर्ण जनप्रतिनिधिको सम्पत्ति विवरण अनिवार्य रूपमा उपलब्ध गराउने र त्यसको व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने तथा कानुनी रूपमा दण्ड जरिवानाको व्यवस्थालाई सशक्त रूपमा अबलम्बन गर्ने प्रयत्नबाट पनि भ्रष्टाचारलाई केही हदसम्म नियन्त्रण गर्न सकिन्छ भन्ने भरत जङ्गमको सैद्धान्तिक विचारधारालाई उनले शोधपत्रमा प्रस्तुत गरेका छन् ।

शोधको सिलसिलेबार अध्ययनमा भ्रष्टाचार स्थिर वातावरणको बाधक बनेको र आर्थिक विकासको अवरोधको रूपमा रहेको पाउँछन् ध्रुव निरौला । शोधको निष्कर्ष पनि त्यही छ । भ्रष्टाचार नियन्त्रणबिना राजनीतिक वातावरण स्थिर नहुने र राजनीतिक स्थिरता नभई कुनै पनि व्यवस्था टिक्न नसक्ने बताउँछन् शोधकर्ता ध्रुव निरौला । उनी आह्वान गर्छन्, 'यो राष्ट्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्ने जस्तो पुनीत कार्यमा जङ्गमका विचार र उद्देश्यलाई मद्दत पुग्न सक्ने कार्य गरी सबैले सहयोग पुऱ्याऔं ।'

भ्रष्टाचारविरोधी अभियानका सूत्रधार

नवराज सुवेदी

नवराज सुवेदी पञ्चाययतताकाका सक्रिय राजनीतिज्ञ हुन् । अझ गाउँफर्क राष्ट्रिय अभियानका हस्ती । त्यसको ठिक विपरीत तत्कालीन पञ्चायती व्यवस्थाले विकृति, विसङ्गति र बेथितिबाट निर्मित भ्रष्टाचार । त्यही भ्रष्टाचारको प्रखर विरोधीका रूपमा राष्ट्रवासीबिच चम्किसकेका भरत जङ्गम । यी विपरीत पृष्ठभूमिका दुई व्यक्तिहरूबिच २०१८/२०१९ सालतिर परिचय भएको रहेछ । त्यति बेला त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत सावित्री जङ्गमले आफ्नो भाइका रूपमा भरतको परिचय गराएकी रहिछन् । त्यति बेला हँसिलो अनुहारका भरत जङ्गमको भद्र बोलीवचन, आफूभन्दा ठुलालाई आदर सम्मान गर्ने, तार्किक, निडर र निर्भीक अनि जोसिलो युवकको रूपमा देखेका रहेछन् सुवेदीले । छोटो कुराकानीमा पनि अरूमा प्रभाव जमाउन सक्ने उनको व्यक्तित्व देख्दा लागेछ, 'यो युवक बहुआयामिक छ । उनी त्यही बहुआयामिक व्यक्तिबाट बढी प्रभावित पनि भएका रहेछन् । अनि उनलाई लागेछ यो युवकको जोसभित्र भविष्यमा राष्ट्रका लागि केही गर्न सक्ने आँट छ ।' त्यो दूरदर्शी हेराइ र सुवेदीको सोचाइ सार्थक बन्यो । त्यसैले अहिले उनी भन्छन्, 'त्यति बेलाको जोसिलो ठिटो भरत जङ्गमले देश र जनताका लागि जे जति गरे त्यति गरेका अरू नागरिक सायद मेरो दृष्टिमा परेका छैनन् ।'

भरत जङ्गममा साहित्यिक, सामाजिक, कानुनी, प्रशासनिक, पत्रकारिता, राजनीतिकलगायतका धेरै व्यक्तित्वहरू स्थापित छन् । ती सबै विधाका व्यक्तित्वहरूले राष्ट्रलाई उत्तिकै योगदान गरिरहेका छन् । प्रकाशित भएका उनका कृतिहरूमध्ये 'कालो सूर्य' र भ्रष्टाचार : वैचारिक आन्दोलन नामक

पुस्तकहरूबाट बढी प्रभावित भएका सुवेदी भन्छन् 'कालो सूर्य' पञ्चायती व्यवस्थाको ऐनाजस्तै छ ।'

भरत जङ्गमको मौलिक चिनारी अब भ्रष्टाचार विरोधी जनस्तरीय अभियानमा सूत्रधारका रूपमा रहेको देख्दछन् सुवेदी । भरत जङ्गमले आफ्ना साहित्यिक कृतिहरूमार्फत भ्रष्टाचारको विरोध गरे र अन्त्यमा भ्रष्टाचार विज्ञानका प्रणेता बने । उनले भ्रष्टाचारको विरोधमा कोणसभा, आमसभा पनि आयोजना गरे । गोष्ठी सञ्चालन गरेर होस् कि जनतालाई भ्रष्टाचारको विरोध गर्न आह्वान गर्दै सडकमा पुगेर होस् हरहमेसा भ्रष्टाचारको विरोधमा जनतालाई उतार्छन् । यी भरत जङ्गमले उल्लेखनीय पद धारण गरेका छैनन् तर पनि उनले गरेका प्रत्येक कार्यहरू समाजका प्रत्येक सदस्यका लागि अनुकरणीय छन् ।

भरत जङ्गमको मोती महोसत्वको रूपमा मनाउन लागिएको जन्मोत्सवको उपलक्ष्यमा शुभकामना व्यक्त गर्दै सुवेदी भन्छन्, 'उनको भ्रष्टाचार विरुद्धको अभियान जबसम्म नेपालमा भ्रष्टाचार निवारण गर्न सफलता प्राप्त हुँदैन तबसम्म चलिरहोस् ।'

भरतमणिले त्यस्तो
अवस्था जब दर्शन
गरेथे मनमा आयो
भएन मान–मर्दन ॥५॥

–भरतांशु महाकाव्य

भ्रष्टाचार विरुद्धको शोधपत्र

प्रकाश भट्टराई

जीवन यात्राको मोड मोडमा धेरै मानिस भेटिन्छन् नै । जीवन मार्गमा हिँड्दा, सबैसँग बोलचाल हुन्छ भन्ने छैन । यात्रा गर्दा यात्रामा कसैले बोलेको बुझिन्छ, कतिले बोलेको बुझिँदैन । कतिले बोलेको कतिले सुन्दैनन् पनि । सुनेका सबैका कुराले असर पार्छ भन्ने छैन तर कसैका कुराले असर पार्न सक्छ । कसैको सहयोगले यात्रा सुगम र सहज बन्न सक्छ ।

प्रकाश भट्टराईको भविष्यको सोपान निर्माण गर्न त्रिविअन्तर्गतको पाटन बहुमुखी क्याम्पसमा अध्ययन गरिरहँदाको एउटा मोडमा भरत जङ्गमसँग भेट हुन्छ । त्यो मोडमा जङ्गमद्वारा व्यक्त विचार र भावनाले प्रकाश अत्यन्त प्रभावित हुन्छन् । जुन प्रभावले सामीप्य बढाउँछ । त्यो सामीप्य अहिलेसम्म अद्यावधिक छ । कहिल्यै कमी आएन, झन् गाढा हुँदै गएको जस्तो लाग्छ प्रकाश भट्टराईलाई ।

भरत जङ्गमको मोती महोत्सव आयोजक समितिले 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थ प्रकाशन गर्ने कुराको जानकारीले अत्यन्तै खुसी हुन्छन् प्रकाश । अनि उनलाई भरतको विषयमा केही कोरौँ कोरौँ, केही लेखौँ लेखौँ लाग्छ । भरत जङ्गमको कमेज सुरुवालको सादा पहिरन, सफाचट काटिएका दाह्री, ठुलो निधारको बिचमा रातो टीका, अधबैँसे उमेर बोके पनि एक्काइस वर्षे उमेरको फुर्ति अनि मन्दमन्द मुस्काइरहने बानीबाट नै प्रभावित भएका रहेछन् । पहिलो भेटको कुराकानीका क्रममा प्रजातन्त्रलाई सफल पार्न भ्रष्टाचारको जरा उखेल्न पर्ने कुरा राख्दै निकट समयमा हुन लागेको (गर्न लागेको) भ्रष्टाचार विरोधी आन्दोलनका लागि सहयोगको अनुरोध गरेका थिए जङ्गमले । राष्ट्रहितको त्यस कार्यका लागि सहयोग माग्दा प्रकाशको दिलमा भ्रष्टाचार विरोधी भावना र आन्दोलनले ठाउँ

लिन पुग्छ । अनि म पनि यो आन्दोलनको एक हिस्सा नै बन्नुपर्छ भनेर तम्सन्छन् ।

भ्रष्टाचार विरोधी आन्दोलनको विषयमा जनचेतना फैलाउन उपत्यकाका २० ठाउँमा कार्यक्रम आयोजना गरिएको थियो । ती प्रत्येक कार्यक्रममा भ्रष्टाचार विरोधी, जुझारु पदीय जिम्मेवारीमा रहेका वहालवाला तथा भूतपूर्व व्यक्तित्वलाई अतिथिका रूपमा सरिक गराइयो भने प्रकाशले कार्यक्रमहरूमा उद्घोषकका रूपमा उपस्थित भएर सहयोग गरिरहे ।

पाटन बहुमुखी क्याम्पसमा शोध विधार्थीका रूपमा अध्ययनरत प्रकाशलाई परम्परागत शोध कार्यलाई चुनौती दिनुपर्ने र त्यसका लागि नयाँ विषयमा नयाँ ढङ्गको शोध प्रस्तुत गर्ने चाहना जागृत भइरहेको थियो । त्यसै सन्दर्भमा क्याम्पसमा भरत जङ्गमसँग फेरि भेट हुन्छ । त्यहाँ एउटा गोष्ठीको आयोजना गरिएको थियो । जुन गोष्ठीका अतिथि वक्ता भरत जङ्गम नै थिए । गोष्ठीको अन्तरक्रियाको विषय थियो, 'भ्रष्टाचार विरोधी विषयलाई पनि शोधपत्रको विषयमा समावेश गर्न सकिन्छ ।'

भरत जङ्गमबाट उपस्थित विद्यार्थी र शिक्षकहरूलाई भ्रष्टाचार विरोधी शोधपत्र प्रस्तुत गर्नका लागि आह्वान गरिन्छ । नितान्त नौलो विषयमा शोध कार्य गर्न प्रकाशको मनले कुत्कुत्याइरहेको थियो । अन्ततः ढल्मलाइरहेको मनलाई स्थिर बनाउँदै 'त्यही नौलो विषयमा गम्भीर रूपले शोधपत्र प्रस्तुत गर्ने' निर्णय गर्न पुग्दछन् । उनको समाज शास्त्रमा गहिरो अध्ययन थियो । भरत जङ्गमले विषयको प्रस्तुति र पाठ्यसामग्री जुटाउन निरन्तर सहयोग गरिरहन्छन् । मिहिनेत सहयोगबाट उनले अति उपयुक्त शोधपत्र तयार पार्छन् । समय अलि बढी नै लाग्छ तर त्यो उनको सोपान मार्ग निर्माणको महत्त्वपूर्ण खुट्किलो थियो जुन सहज रुपमा सम्पन्न पनि भयो । अहिले पनि उनी जङ्गमले गरेको सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछन् ।

भ्रष्टाचार विरोधका राष्ट्रिय अभियन्ता

प्रद्युम्न चालिसे

यो जीवनमा बाँच्नु र मर्नुमा कालचक्रको मात्र खेल होला र ? आफ्ना हातका खेलहरूले पनि बाँच्ने र मर्ने खेल देखाउँछन् ? आफूलाई यहाँ बाँचिरहेको छु भन्नेहरूमध्ये कति बाँचेर पनि मरिरहेका हुन्छन्, कति मरेर पनि बाँचिरहेका हुन्छन् । आफू जन्मेको देश र समाजलाई सुदृढ विचार, विश्वास र कर्मले अनैतिक अत्याचारको छायाबाट बचाउने व्यक्ति आफ्नो जीवनकालमा नै सबैको उज्ज्वल उदाहरण बनेर बाँचिरहेका हुन्छन् भने मृत्युपछि अमर बनेर नभमा टलपलाइरहेका हुन्छन् । यसरी सदा बाँचिरहनेलाई कालजयी पनि भनिन्छ। भरत जङ्गम यस्तै कालजयी व्यक्तित्व हुन् । उनलाई नेपाल आमाका कालजयी सन्तानमध्ये एउटा अत्यन्तै सजीव सन्तानका रूपमा देख्छन् प्रद्युम्न ।

भरत जङ्गम र प्रद्युम्न चालिसेबिचको पारिवारिक सम्बन्धि सम्बन्ध अनुहार र नाताबाट चिनिएको भन्दा व्यवहार र क्रियाकलापबाट स्थापित भएको हो । प्रद्युम्न र भरत जङ्गमबिचको पहिलो भेट २०३७ सालमा भएको रहेछ । जति बेला भरत जङ्गम राष्ट्रिय पञ्चायतको उम्मेदवार बनी चुनावी दौडाहामा थिए । उनी मत माग्न पुगेका थिए घरदैलोमा । राजनीतिक आस्था फरक भएकाले त्यो युद्ध मैदानमा उनका सारथि रथी बन्न नसकेको कुरा स्वीकार गर्छन् प्रद्युम्न ।

सबैभन्दा पहिले उनले भरत जङ्गमको 'कालो सूर्य' पढ्ने मौका पाएका रहेछन् । जुन पुस्तकमा जनहितका लागि काला बजारियाहरूको भण्डाफोर गरिएको थियो । त्यही भण्डाफोर गर्न सक्ने क्षमता देखेर बढी प्रभावित बनेका रहेछन् उनी । पछि 'व्यूहचक्र', 'रातो घाम' 'पचास-प्रसङ्ग' जस्ता कृतिमार्फत भरत जङ्गमलाई अझ नजिकबाट चिन्दै गएछन् । पत्रपत्रिकामा

भरत जङ्गमका लेख आलेखहरू पनि पढ्दै गएछन् । बिस्तारै उनीहरूका बिच भेटघाटको क्रम बाक्लिँदै गयो । अविरल गतिमा देशका लागि केही गरौँ भन्ने लगनका साथ लागि परेका जङ्गमले भेला, जमघट, सभा, सम्मेलनबाट भ्रष्टाचार विरोधी आन्दोलन हाँकेका हुन्छन् । प्रजातान्त्रिक खोल ओढेर निजी स्वार्थमा लुटपुटिएका गैरसंवैधानिक, गैरराजनीतिक र गैरकानुनी निर्णय गर्दै राष्ट्रिय ढुकुटी रित्याउने हुँडारहरू विरुद्ध जङ्गम क्रियाशील भएको पनि देख्छन् । अनि त उनी पनि हात बाँधे बस्न सक्दैनन् । उनको पनि हौसला बढ्छ । भरत जङ्गमसँग काँधमा काँध मिलाएर हिँड्न पुग्छन् । आफू देशको एउटा सामान्य नागरिक भएर पनि यो पवित्र कार्यमा स्वस्फुर्त रूपले जुटेर देश र समाजप्रति केही गर्ने अवसर पाएकामा अत्यन्त गौरवान्वित भएको महसुस पनि गर्छन् ।

संयोग हो या कागताली हो, नेपाल आमाका सजीव सन्तान भरत जङ्गमलाई सम्बोधन गरिने नामको र पदीय दायित्वको दुरूपयोग एवं अनैतिक कार्य गर्नेहरूलाई सम्बोधन गरिने पदको पहिलो अक्षर भ+भ पर्दा उनलाई शङ्का लाग्छ । फलामलाई फलामले काट्छ भन्ने उक्तिजस्तै स्वरूपमा भरत जङ्गमलाई जन्माएका त हैनन् ईश्वरले ? तिनै जङ्गमलाई कसैले 'एक्लो भरत जङ्गम के हो र ? पनि भनेका होलान् भन्छन प्रद्युम्न तर भरत जङ्गम फगत एक्लै भएको मान्दै मान्दैनन् प्रद्युम्न । त्यो त देख्नेको दृष्टि भ्रम हो । उनी अब व्यक्ति नै रहेका छैनन्, संस्था बनिसकेका छन् । सार्थक व्यक्तित्वमा परिणत भइसकेका छन् । आफू स्वस्थ छन् । राष्ट्रलाई स्वस्थ बनाउने सपना देखिरहन्छन् । त्यसैले उनको जीवन सफल छ ।

भ्रष्टाचार विरोधी आन्दोलनको क्रममा जङ्गमले अपनाएको संयमता प्रद्युम्नले देखेका छन् । अनि उनले गरेको कार्यक्रम संयोजनको तौरतरिकाबाट उनमा राष्ट्रिय नेतृत्वमा हुनुपर्ने गुण, नम्रता र सहनशीलता झल्किरहन्थ्यो जुन कुराको प्रत्यक्ष महसुस गरिरहेका थिए प्रद्युम्नले । भ्रष्टाचारका विरुद्धमा

आवाज उठाउने जो कोहीसँग सहकार्य गर्न तयार रहने जङ्गमको व्यक्तित्वका अनेक आयाम र अर्न्तनिहित व्यक्तित्वसँग परिचित बन्न पुगेको थिए ।

प्रद्युम्नलाई थोरै अपशोच पनि रहेछ, यो पुनीत कार्यमा काँधमा काँध मिलाएर लामो समय हिँड्न नपाएकामा । भ्रष्टाचार विरोधी ज्ञान विज्ञानलाई पाठ्य सामग्रीको रूपमा समावेश गरिनुपर्छ भन्ने विचार बोक्ने भरत जङ्गमको सुचिन्तनले छिट्टै सार्थकता पाउने विश्वास छ उनमा । मोती महोत्सवले देशको विद्यमान विकृति विसङ्गति विरुद्ध लाग्न सबैलाई सदैव प्रेरणा दिइरहोस् भन्ने कामना गर्दै जङ्गमलाई दीर्घजीवनको शुभकामना दिन्छन् प्रद्युम्न ।

कालो सूर्य पूर्ण गन्तव्य माझ,
मैले रोजेँ अग्र अग्राभिलाश ।
जानै लागेँ आठको सर्गतर्फ,
कालो सूर्जे लेख्छु राखेर तर्क ॥६॥

यस्तै यस्तै देशको भ्रष्टचाला,
सद्दे छैनन् आज कोही उज्याला ।
गाऊँ बाटै भ्रष्टता खेल हुन्छ,
छैनन् कोही भ्रष्ट व्यापार हुन्छ ॥२॥

–भरत महाकाव्य

ऐतिहासिक महत्त्वका व्यक्तित्व

पासाङ गोपर्मा

भ्रष्टाचारीले उत्सव मनाइरहेको बेला नजिकैको गल्ती अध्याँरोमा डुबेको हुन्छ । गल्लीका बाँकी घरहरू उदासीनतामा अल्मलिइरहेका हुन्छन् । भ्रष्टाचारीको समाज र टोलले यही तस्वीर बोलिरहेका हुन्छ। नेपाली समाजमा भ्रष्टाचार कुनै न कुनै रूपमा यसै गरी मौलाइरहेको छ । भ्रष्टाचार आर्थिक अनियमितता मात्र हैन त्यसभित्र अनियमितता, अनैतिकता, अमानवीय, अराष्ट्रिय कार्यलगायत मानव अधिकार हनन्का घटनासमेत पर्दछन् ।

भरत जङ्गम र पासाङ गोपर्मा दुवै बानेश्वरमा बस्ने छिमेकी हुन् । यी दुवैबिच भेटघाट र बोलचाल भइरहन्छ । पासाङलाई भरत जङ्गमको प्रस्टवादिता मनपर्छ । भरतलाई उनी भ्रष्टाचार विरोधी अभियानको मियो मान्छन् । उनी व्यक्ति हुन् तर सिङ्गो संस्था बनेर काम गर्न सक्ने हैसियत राख्छन् । उनले चलाएको भ्रष्टाचार विरोधी आन्दोलनबाट धेरै आकर्षित भएका छन् पासाङ ।

भ्रष्टाचारका सबुतहरू सितिमिति पाँइदैनन् । त्यसको असर भने देखिँदै जान्छ । समाजमा दीर्घकालसम्म रहन्छ । त्यसको असरबाट जोगाउन सबै प्रकारका भ्रष्टाचारहरूको विरोधमा आफ्नो सम्पूर्ण सिप, श्रम, समय र विवेक लगाउने बहादुर र समर्पित योद्धा हुन् भरत जङ्गम ।

भ्रष्टाचारको विरुद्ध भरत जङ्गमले दिएका वक्तव्यहरू सुनेपछि उनैले खोलेको 'स्वतन्त्र विचार मञ्च' का कार्यक्रमहरूमा सहभागिता जनाएछन् । उनका अन्तर्वार्ता, लेख र आलेखहरू पनि पढेछन् । उनका विषयमा आलोचक र टिप्पणीकारका टिप्पणी पढेछन् । त्यसपछि बल्ल पासाङ 'यिनी नेपालका होनहार प्रतिभा हुन् भन्ने निष्कर्षमा पुग्छन् । उनीजस्ता व्यक्ति

अनि उनको 'स्वतन्त्र विचार मञ्च' जस्ता संस्था अरूहरू पनि भइदिने हो भने, नेपालमा प्रतिष्ठित नागरिकलगायतका कर्मचारी, सङ्घसंस्थाका सञ्चालकलगायत अरू कसैले पनि भ्रष्टाचार गर्ने हिम्मत नै गर्दैनथे । विदेशबाट प्राप्त सहयोगले नै देशको विकास गर्न यथेष्ट पुग्दथ्यो भन्छन् पासाङ गोपर्मा ।

देश विकासमा अवरोध तुल्याउने ठुलो शत्रु नै भ्रष्टाचार हो । यसले समाजको सन्तुलन बिगारेको छ । मत्स्यन्यायको चरित्र देखाएको छ । आपसमा विद्रोह रोपिदिएको छ । बेलाबेलामा राज्यव्यवस्था नै हल्लाइदिने परिस्थिति तयार पारिदिन्छ ताकि अझ ठुलाठुला भ्रष्टाचार गर्न सहज होओस् । भ्रष्टाचार देशका सबै समस्याको जड नै बनेर बसेको छ । यसलाई निर्मूल हैन नियन्त्रण मात्र गर्न सके देशका धेरै समस्याहरू समाधान हुँदै जाने थिए । यही भएर पनि होला भरत जङ्गम भ्रष्टाचार विरुद्ध लागेको । देशलाई उनीजस्ता उत्साही र साहसी व्यक्तिको ठुलो खाँचो छ ।

भरत जङ्गमका सबै व्यक्तित्वलाई समेट्दै छोटो भाषामा पासाङ गोपर्मा भन्छन्, 'यिनलाई इतिहास आफैले महत्व दिएर जन्माएको हो । यिनको सफलता असफलतासँग देशको सफलता असफलता निर्भर गर्दछ ।'

राष्ट्रनिर्माणका लागि अपरिहार्य व्यक्तित्व

डा. पुण्यप्रसाद दङ्गाल

डा. पुण्यप्रसाद दङ्गाल शिक्षासेवी र आध्यात्मिक चिन्तक हुन् । उनले भरत जङ्गमका भ्रष्टाचार : विचार र दृष्टिकोणलगायतका कीर्तिहरू पढेका छन् । त्यसपछि जङ्गमलाई अत्यन्तै नजिकबाट हेर्ने मौका पनि पाएछन् । बानी व्यहोरा बुझेछन् । उमेरमा वयस्कजस्तै देखेछन् । उनलाई लागेछ यी ज्ञानवृद्ध हुन्, सही सामाजिक पथप्रदर्शक हुन् । उनी भन्छन् 'सबैले यो कुरा मान्नैपर्छ ।'

राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र एवं राजसंस्थाप्रतिको संवेदनशीलता, अनि राष्ट्रको स्थायित्व निर्माण गराउन पनि भ्रष्टाचारलाई जरैदेखि उन्मुलन गराउनुपर्छ भन्ने कुरामा दृढ र प्रस्ट छन् । विचारहरूको बहस चल्दा सबैलाई यही कुरा प्रस्टयाउँछन्, भरत जङ्गम । फलको आशा बोक्दै काम गर्नेहरू आफूलाई समालेर सफलताको शिखर चढाउन सक्दैनन् । भरत जङ्गम बडो लगनका साथ कर्म गर्छन् तर फलको आशा राख्दैनन् । सायद उनले फलको जिम्मा कर्मदातालाई सुम्पेका छन् । उनको शुद्ध आचरण र सात्विक आहारले उनमा वैदिक निष्ठा भरिदिएको छ । उनी अत्यन्तै शुद्ध एवं परिमार्जित वंशमा प्रादुर्भाव भएर पनि होला जङ्गम बहुमुखी प्रतिभाका धनी भएको भन्ने तर्क गर्छन् पुण्यप्रसाद ।

भ्रष्टाचारको जरो नउखेलेसम्म राष्ट्रमा विकास हुन सक्दैन भन्ने कुरा अहिले हैन उनले दशकौँ अघिदेखि बुझेका थिए । यसैले सत्य कुरा सबैमाझ प्रस्ट्याउँदै आएका पनि छन् । भ्रष्टहरूलाई अत्यन्तै कडा सजाय दिनुपर्छ भन्ने कुरामा उनको सदैव जोड रह्यो । भरत जङ्गमको भ्रष्टाचार विरोधी अभियानका बारेमा मुक्तकण्ठले प्रशंसा गर्छन् पुण्यप्रसाद । भरत जङ्गम एक विचारक, सचेतक, बुद्धिजीवी विद्वान्, निर्भीक समाज सुधारक मात्र नभएर राष्ट्र निर्माणका लागि एक अपरिहार्य होनाहार व्यक्तित्व हुन् । अझ भनौँ कर्मठ व्यक्तित्व हुन् । त्यसैले उनमा बहुआयामिकता छ । उनलाई उत्तरोत्तर प्रगतिको लाखौँ कामनाहरू ट्क्रयाउँछन्, पुण्यप्रसाद ।

भ्रष्टाचार विरोधी अद्वितीय प्रतिभाका प्राज्ञ

श्री भद्रकुमारी घले

देशको इतिहास हाँसेको दिन, जनता आफ्ना जीवनका सङ्घारहरूमा रमाइरहेका हुन्छन् । त्यो समय जनताको जीवन सजीव र उल्लासपूर्ण बनेको हुन्छ । भरत जङ्गम त्यही एक एक सपना खोजिरहेका हुन्छन् । त्यसैको तलासमा पाइला चालिरहेका हुन्छन् । उनको कर्म यही हो । यसैले उनलाई युग युगसम्म बचाइराख्ने छ ।

राष्ट्रवादी विचारधाराले ओतप्रोत भएका उनका साहित्यकार, पत्रकार, कुशल प्रशासक, समाजसेवी, भ्रष्टाचार विरोधी, प्राज्ञता, इतिहासविद्, पुरातत्त्वविद्लगायत सबै व्यक्तित्वहरू राष्ट्र राष्ट्रनिर्माणमा नै चिन्तनशील रहेको देखिन्छ । त्यसैले उनलाई बहुआयामिक व्यक्तित्व लिएर जन्मेका राष्ट्रका थोरै नागरिकमध्ये एक भन्ने गरिन्छ ।

भद्रकुमारी घले स्वयं एक राजनीतिक व्यक्तित्व हुन् । समाजवसेवी लेखिका पनि हुन् । उनी भरत जङ्गमको व्यक्तित्व दुरुस्त सागर जस्तै देख्छिन् । त्यो नै उनीभित्रको सर्वोत्कृष्ट कलाकृति पनि हो । त्यसैले उनी भन्छिन्, 'त्यो व्यक्तित्वमा कलम चलाउन कस्तो होला ? उत्तर दिन्छिन् ' त्यो कलम चलाउने कलमकारलाई नै थाहा होला ।' यस्ता व्यक्तित्वको मोती महोत्सवको उपलक्ष्यमा भद्रकुमारीलाई केही लेखेर उपहार दिन मन लाग्छ । लगत्तै उनी भरत जङ्गमको सुयोग्यताको महासागरबाट दुई थोपा झिकेर, त्यसमा चोब्दै कलम चलाउँदै भन्छिन्, 'कलम चलाउने सोच नआएको भए म पश्चात्तापमा जल्नुपर्ने थियो ।' कलम चोब्दै गर्दा जङ्गमका अनेक व्यक्तित्वहरूमध्ये कुनमा कलम चोबूँ जस्तो लागेछ । अनि उनले व्यक्तित्वको सागर छुने आँटै गरिनन्, उनीप्रतिको आफ्नो धारणा मात्र राख्ने प्रयास गरिन् ।

उनको भरत जङ्गमसँग खास नाता र परिचय छैन । देखभेट त्यति हुँदैन पनि तर उनी बसेको टोलले ती जाज्वल्यमान, कर्मठ, लगनशील र परिश्रमी व्यक्तिलाई ज्वाइँ भनेर परिचय दिएको रहेछ । त्यही परिचयले चिनापर्ची

गराएछ । कतिपय होनहार व्यक्तित्वको सफलताका पछाडि एउटी नारीको हात हुन्छ भन्ने गरिन्छ । त्यो कुरा श्रीमती इन्दिरा जङ्गमले चरितार्थ गर्ने सामर्थ्य देखाइदिएकी छन् भन्छिन् भद्रकुमारी । उनी भन्छिन्, 'उस्तै होनहार प्रतिभाकी धनी इन्दिराको व्यक्तित्व जङ्गमको भन्दा कम छैन ।'

दुवैको जोडी राम्रो मिल्यो । उनको हुर्कदै आएको व्यक्तित्वले जोडीका साथमा फुलाउँदै फलाउँदै आफूले फलाएको फलको रसले राष्ट्रलाई भिजाउन पाए । भरत जङ्गमका कृतिहरूको अध्ययन गर्न त्यति समय जुरेनछ । त्यसैले उनलाई आलोचना समालोचनाको बाटो जुटेन तर भरत जङ्गमका विषयले बेलाबेलामा राष्ट्रिय चर्चा परिचर्चा पाइरहन्थे । चर्चा परिचर्चा रेडियोमा पनि सुन्थिन् । टि.भीमा अन्तर्वार्ता पनि हेर्थिन् । अनि भरत जङ्गम उन्नति र प्रगतिमा हिँडिरहेको पनि देख्थिन् । । उनका प्रत्येक विचारहरूले राष्ट्रका प्रत्येक विषयमा प्रभाव छाडेको देख्थिन् । त्यसैले त उनी जङ्गमलाई कल्पवृक्ष सम्झन्छिन् ।

कुनै विषयलाई लिएर आफ्नो ज्ञान र दायित्वको प्रभाव अरूमा पार्न सक्ने व्यक्तित्वका पनि धनी हुन् भरत जङ्गम । आफ्नो व्यक्तित्वको सही समयमा, सही मात्रामा अझ विद्वत्तालाई समेत प्रकट गर्ने क्षमताका धनी भरत जङ्गम व्यक्तित्वको उपयोग गरेर राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा आफ्नो क्षमता प्रदर्शन गर्न सक्षम छन् । आफ्ना सद्गुण कसरी राष्ट्रका पक्षमा उपयोग गराउनुपर्छ भन्ने कुराको पनि राम्रो हेक्का राख्छन् । क्षमताको प्रयोग गर्दा कसरी त्यसको उपयोग फलदायी हुन्छ भन्ने कुरामा गहन विचार गर्दछन् उनी । त्यसैले त हरेक क्षेत्रमा सफलता प्राप्त गरिरहेका छन् ।

भरत जङ्गमलाई साह्रै सतर्क, सजग र मेहनती, परिश्रमी, समयअनुसार आफूलाई हिँडाउन सक्ने, सबै क्षेत्रमा आफ्नो छाप छाड्न सक्ने व्यक्तित्वको रूपमा देख्ने भद्रकुमारी घले भन्छिन्, 'उनी विद्वत्ताको क्षेत्रमा शिखर मानिन्छन्, साहित्यमा उत्कृष्ट गनिन्छन्, भ्रष्टाचार निवारण क्षेत्रमा कुशल अनुसन्धानकर्ताका रूपमा चिनिन्छन् ।

हामी दुवैले हाम्रो जीवनलाई मानव समाज, र राष्ट्रका लागि लगाएका छौँ । त्यसैले मै भलै शान्ति पाइरहेकी छु । भरत जङ्गमले पनि पाएकै होलान् भन्छिन् भद्रकुमारी ।

अझ सशक्त हुनुपर्ने भरत जङ्गमको अभियान

भरत कोइराला

आज देशले अनेकौँ भ्रष्टाचारका घटना र काण्डहरू भोगिरहेको छ । यति धेरै सुनिन्छन्, देखिन्छन् पनि । तिनीहरू यति विघ्न ठुला छन्, शक्तिशाली छन्, तिनीहरूको शक्तिको रेखा वरिपरि देशको शासनको बागडोर घुमिरहेको हुन्छ । भ्रष्टाचारीहरूको रवाफ र रफ्तार देखेर समाज नै लोभिन्छ, तानिन्छ उनीहरूप्रति । अब जसरी भए पनि धन कमाउनुपर्छ भन्ने धन्दातिर सोझिएको छ समाज । भ्रष्टाचार विरुद्धको सडक आन्दोलन, कानुनी उपचार, दस्तावेजहरूको प्रकाशन, भ्रष्टाचार विरुद्धको विज्ञानको विकास, अनि त्यसको अध्ययन अध्यापन र भ्रष्टाचार विरुद्ध विज्ञहरू उत्पादन गरी भ्रष्टाचार नियन्त्रण गर्ने लक्ष्यमा निरन्तर लागिरहेका भरत जङ्गम 'एक्लो वृहस्पति झुटा' हुने त हैनन् ? डर लाग्छ ।

२०५३ सालदेखि गर्दै आएको भ्रष्टाचार विरुद्धको आन्दोलन वर्तमानसम्म आइपुग्दा उनलाई सरकारले धमिलो चस्माले हेर्दै आइरहेको छ । तत्कालीन अवस्थामा कालो सूर्य प्रकाशन गरे, तत्कालीन व्यवस्थाले सहन सकेन तर उनी चर्चाको शिखरमा पुगे । राणाकालमा घुस चल्यो । पञ्चायतकालमा भ्रष्टाचार, प्रजातन्त्र पुनःस्थापना पश्चात् त भ्रष्टाचार शिखरमै पुग्न थालेको छ । भ्रष्टाचार हिजो पनि थियो आज पनि छ । यसले दिनानुदिन आफ्नो रूप र आकार बढाउँदै छ । त्यही भ्रष्टाचारको पर्दाफास गरिदिने जाँगर जाग्यो उनमा र त भ्रष्ट सत्तासीन विरुद्ध कलम चलाउन थाले । भ्रष्टाचारको विरोधलाई तीव्र पारे, भ्रष्टाचारलाई उदाङ्गो पार्ने अभियानमा सक्रिय रहे ।

भ्रष्टाचारका काण्डहरू पत्रपत्रिका या अदालतमार्फत अघि बढाएर सार्वजनिक गर्दै गए । उनले यस क्रमलाई अघि बढाइरहेका छन् । भोलिका दिनहरूमा पनि सक्रिय भइरहने छन् । भरत कोइरालालाई लागेछ 'यसरी सक्रिय भइरहने भरत जङ्गम एक्लै छन् । उनलाई दह्रो साथ दिने न व्यक्ति न सङ्घसंस्था कोही देखिएका छैनन् । कही एक्लो...? तर उनले केही विषयमा

सफलता प्राप्त पनि गरिरहेका छन् । यस्ता धेरै जङ्गमहरूको उदय हुनु हाम्रो समाजका लागि अति आवश्यक रहेको धारणा छ भरत कोइरालाको पनि ।

देशमा बडाबडा भ्रष्टाचारका योजना रच्न सक्ने, अनेक काण्ड गराउन सक्ने शिरोमणिहरू अहिले पनि शिर ठाडो पारेर हिँडिरहेको देख्दा भरत जङ्गम भन्ने गर्छन्, 'भ्रष्टाचारीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ तर कडा कारबाही चलाउन विद्यमान ऐन कानुन पनि पर्याप्त छैनन् । कानुन जति सशक्त र प्रभावकारी हुनुपर्थ्यो त्यो छैन । अदालती बन्दोबस्त पनि पूर्ण प्रजातान्त्रिक हुनुपर्ने त्यो पनि भएन । प्रजातान्त्रिक समाजमा अदालतबाहेक अरू कसैले पनि भ्रष्टाचारी भनेर ठहर गर्न पाउँदैन । अदालती बन्दोबस्त पूर्ण नभएकाले पनि भ्रष्टाचारीहरू उम्कन्छन् । अनि शिर ठाडो पारेर हिँडिरहेका छन् ।

बहुदल प्राप्तिपछि भ्रष्टाचार नियन्त्रण गर्न कोसिसस्वरूप 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग' नामक संवैधानिक आयोग गठन गरियो तर अरूलाई ठेगान लगाउने नाममा स्वयं आयोगका पदाधिकारी अतिपय आफै फसेका उदाहरणहरू गुपचुप रहे । त्यस्ता भ्रष्ट पदाधिकारीलाई अन्य कानुनी निकायले छुनै नसकेका उदाहरणहरू प्रशस्त छन् तर केही पत्रपत्रिकाले भरत जङ्गमलाई आरोप नलगाएका पनि होइनन् । राष्ट्रलाई उथलपुथल नै पार्ने भ्रष्टाचार विरुद्ध आफू सशक्त आवाज उठाउने, लड्ने अनि त्यस विरुद्धको नेतृत्व हाँकेर हिँड्ने भएपछि 'सार्वजनिक सेवा निरीक्षण तथा अनुगमन समितिको पद स्वीकार गर्नु हुँदैनथ्यो भन्ने तर्क गर्छन् भरत कोइराला । किनकि बुद्धिमान् व्यक्तित्वका लागि राजसिंहासन आकर्षक नहुनु पर्ने हो । अब ती आरोपहरूलाई जनताका सामु प्रस्ट रूपमा राखेर सबै कुरा खुलस्त पार्दै भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त पार्दै लग्ने सफलता मिलोस् । समाज शुद्धीकरणको यस अभियानलाई हामी सबैले साथ दिनुपर्छ भन्छन् भरत कोइराला ।

धेरै क्षेत्रमा क्रियाशील व्यक्तित्व

यादव खरेल

उपनिषद् भन्छन् अरूको हित हुने कार्यमा लागिरहनु पनि एउटा समाधि हो । जुन समाधिले अलौकिक आनन्द दिन्छ । यस्तो आनन्द हृदयमा भरिएर बस्छ ।' जङ्गमका अनुहारमा त्यस्तै आनन्दका आभाहरू खेलिरहेको देख्छन् खरेल । देदीप्यमान अनुहार देख्दा सुखद् आश्चर्यले हेरिरहन मन लाग्छ । अन्याय, अत्याचार अनि भ्रष्टाचार विरुद्ध कलम चलाइरहने भरत जङ्गम निमुखा, गरिब असहायका दृष्टिमा पनि उत्तिकै आदरणीय छन् ।

उनको नामले पत्रकार, साहित्यकार, भ्रष्टाचार विरोधी आन्दोलनका सूत्रधार, कानुनविद्, इतिहासविद्, पुरातत्त्वविद् र अरू यस्तै के केको प्रतिनिधित्व गरिरहन्छ । त्यसै एउटै पाटोबाट मात्र उनलाई बुझ्न सकिँदैन । उनका हरेक व्यक्तित्वका आ-आफ्नै विशेषता र योगदान छन् किनकि उनी सार्वजनिक विषयहरूमा चासो राख्ने सचेत नागरिक हुन् ।

२०३६ सालमा प्रकाशित उनको 'कालो सूर्य' बहुचर्चित उपन्यास हो । यसलाई तत्कालीन व्यवस्थाको ऐना पनि मानिन्छ । त्यसमा जनताले पाउने गरेका दुःख कष्ट समेटिएका छन् । प्रस्तुत विषययवस्तु अति सुखद र रोमाञ्चकारी मान्छन् यादव खरेल । शासन व्यवस्थामा बस्नेहरूले अँध्यारा कोठाभित्र बसेर गर्ने कर्तुतलाई 'कालो सूर्य' को संज्ञा दिएका छन् खरेलले ।

दलमा आस्था राख्नेहरू भन्छन्, '२०४६ सालको आन्दोलन व्यवस्थामा सुधार ल्याउन गरिएको हो । विडम्बना उनीहरूले नै झन् प्रशासन यन्त्रलाई नै भ्रष्टाचारको अखडा बनाए । भ्रष्टाचारीलाई नै मान, सम्मान, कदर, प्रशंसा दिए । भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरू पनि नभएका होइनन् तर सरकारले नै भ्रष्टाचारीलाई प्रश्रय दिँदा ती निकायहरू झन् झन् निरीह

सावित हुँदै गए । सरकारको ध्यान आकर्षण गर्न नसकेर ट्रान्सपरेन्सी इन्टरनेशलजस्ता गैरसरकारी संस्थाहरूले जनताको मन जित्न सकेनन् ।

नेपालमा व्यक्तिगत रूपमा भ्रष्टाचार विरोधी आन्दोलन चलाउने पहिलो व्यक्ति भरत जङ्गम नै होलान् । आन्दोलनका क्रममा कोणसभाहरूमा कतिपय उच्चस्तरमा रहेका भ्रष्टाचारीहरूलाई नै आमन्त्रण गरेर भ्रष्टाचारको विरोधमा बोल्न लगाउँथे उनी । समाजमा प्रतिष्ठित अन्य व्यक्तित्वलाई पनि बोल्न लगाउँथे । 'स्वतन्त्र विचार मञ्च' नामक संस्था खोलेर भ्रष्टाचार विरोधी आन्दोलनलाई अहिले पनि निरन्तरता दिइरहेका छन् । भ्रष्टाचारविरोधी आन्दोलन उनको जीवनको अभिन्न अङ्ग नै बनेको देख्छन् यादव खरेल ।

भरत जङ्गम कानुनका पनि विद्यार्थी हुन् । अन्याय अत्याचारका विरुद्ध र सुशासनको पक्षमा बोल्नु उनको धर्म हो । उनले त्यो धर्म निःसर्त वहन गरिरहेका छन् । सुशासनका पक्षमा लिएको अडान, न्यायिक प्रक्रियामा दिएको योगदान, भूतपूर्व सांसदको पेन्सन भत्ता खारेज, आइतबार लिने गरेको बिदा खारेज आदि उनका उल्लेखनीय योगदान हुन् ।

राज्य व्यवस्थाले जनता उपर गरेका सबै अर्घेली ज्यादतीहरू पत्रपत्रिकामा प्रकाशित गर्दै, जनतालाई सुसूचित गराउँदै, सुशासनका सुझावहरू सुझाउँदै आएका भरत जङ्गमलाई खोज्दै जाँदा उनीभित्र विराट् रूप देख्ने यादव खरेल प्रकाशन हुँदै गरेको, 'कालजयी व्यक्तित्व : भरत जङ्गम' नामक ग्रन्थलाई शुभकामना दिँदै भन्छन्, ग्रन्थ अनि भरत जङ्गम दुवै कालजयी बनुन् ।

नेपालका लागि अनुपम उदाहरण

रामहरि शर्मा

देशमा चर्किरहेको भ्रष्टाचार, विसङ्गति, बेथिति र अन्याय अत्याचारले सायद भरत जङ्गमको मन दुखाइरहेको छ । त्यसैले बेथिति र भ्रष्टाचारका विरुद्ध आन्दोलन छेडे । कति वर्षदेखि अनेकन उपायहरू अवलम्बन गर्दै आन्दोलन गरिरहेका छन् उनले । लामो समय आन्दोलन गरिरहँदा उनले व्यहोरेको शारीरिक र मानसिक कष्ट र सकसले कति पिरल्यो होला । त्यसको अनुमान र अनुभवबाहेक हामी के गर्न सक्छौं र ! सक्दैनौं । त्यसले रामहरि शर्मा भन्छन्, 'राष्ट्र र समाजलाई उनको योगदान अतुलनीय ठहर गर्छु ।'

नेपालका जिउँदो सहिद मानिने वरिष्ठ राजनीतिज्ञ रामहरि शर्माले राणाशासन विरुद्ध आन्दोलन गरे । आफूले अङ्गीकार गरेको सैद्धान्तिक सङ्गठनभित्र पनि विभिन्न रूप र प्रकारमा आन्दोलन गरिरहे । नेपालमा महारोग बनेको भ्रष्टाचार निर्मूल पारी भ्रष्टाचारमुक्त समाजको परिकल्पना गरी भ्रष्टाचार विरुद्ध हातमा माइक बोक्दै सभा, आमसभा, जुलुसमार्फत आन्दोलन गरी हिँड्ने भरत जङ्गमका कार्यहरूको उनी खुलेर प्रशंसा गर्दछन् ।

विरोध गर्ने सन्दर्भमा भरत जङ्गमले देखाउने संयमित र शान्तिपूर्ण तौरतरिका उनलाई खुब मन पर्छ । जङ्गम लेखेर आन्दोलन गर्छन्, बोलेर आन्दोलन गर्छन्, टेलिफोनबाट बुझाएर आन्दोलन गर्छन् । सडकमा नारा जुलुस लगाउँछन् । कोणसभाबाट सर्वसाधारण जनतालाई आन्दोलित पार्न सक्ने खुबी पनि छ उनमा । त्यसैले उनी भ्रष्टाचार विरोधी आन्दोलन अघि बढाउन देखिएका नेपालका उज्ज्वल नक्षत्र हुन् ।

एकै किसिमले काम गर्दा प्रभावकारिता र रुचि घट्दै जान्छ । त्यसैले आन्दोलन गर्ने अनेक तरिका र उपाय निकाल्छन् उनी । कहिले साहित्य

सिर्जना गरेर कहिले पत्रकारिता गरेर, कहिले गोष्ठी आयोजना गरेर, कहिले अन्तर्वार्ता दिएर, कहिले भाषण ठोकेर आन्दोलन गरिरहन्छन् । भ्रष्टाचारीको मनोबल गिराउन 'नेपाली आवाज' नामक पत्रिका नै चलाए । जसमा भ्रष्टाचारविरोधी अभिलेख प्रकाशित गरिरहे । कानुनी लडाइ गर्न अदालत धाइरहे ।

प्रसङ्ग गौशाला चोकमा आयोजना गरिएको कोण सभाको हो, जसमा तत्कालीन चर्चित व्यक्तित्वहरू आमन्त्रित थिए भने प्रमुख वक्ताका रूपमा रामहरि शर्मा । जुन सभालाई नेतृ शारदा उपाध्यायको उग्र भाषणले तताएको थियो । सडक, चोक, चौराहामा हाते माइक बोकेर जनतालाई आह्वान गर्दै हिँड्ने भरत जङ्गमको शैली मन पराएका रामहरि शर्मा भन्छन्, 'भरत जङ्गमलाई सम्झँदा, त्यो दिन सम्झिरहन्छु ।'

एक जना व्यक्ति कति वर्षदेखि यस्ता अनेकौं उपायहरू अवलम्बन गर्दै निरन्तर विरोध र आन्दोलनमा लागिरहेका छन् । उनको त्याग, संयम र लगनशीलता सम्झँदै रामहरि शर्मा भरत जङ्गमलाई नेपालका अनुपम उदाहरण र नेपाली समाजका बन्दनीय व्यक्तित्व मान्दछन् ।

भरत जङ्गमलाई शुभकामना दिँदै रामहरि शर्मा भन्छन्, 'राष्ट्रसेवाका विविध क्षेत्रमा अरू योगदान पुऱ्याइरहन सकुन् । राष्ट्रलाई निःस्वार्थ सेवा दिइरहन सक्ने यस्ता मानिस भविष्यका पुस्ताहरूको मनमा बसिरहन सकुन् हार्दिक शुभेच्छा ।'

भ्रष्टाचारमुक्त समाजका परिकल्पनाकार

वसन्त गौतम

"भरत जङ्गम 'कालो सूर्य' उपन्यास लेख्ने उपन्यासकार हुन् । त्यसमा तत्कालीन व्यवस्थामा हुने गरेका कुसंस्कार र भ्रष्टाचार उजागर गरेका छन् । भ्रष्टाचार नियन्त्रण मूल मन्त्र बनाएका उनले त्यहीअनुरूप कलम चलाउँछन् । उनमा बहुप्रतिभाशाली व्यक्तित्व छ । त्यसैले देशलाई उनको ठुलो खाँचो छ । सर्वत्र व्याप्त भ्रष्टाचार निर्मूल पार्न पनि उनीजस्ता व्यक्ति चाहिन्छन् । हामीले यस्ता व्यक्तिलाई आफ्नो तर्फबाट सहयोग र समर्थन गर्नुपर्छ ।'

२०३७ सालको जनमत सङ्ग्रहपछि २०३८ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनताका गाउँ, टोल, चोक, चौराहा र बजारमा वसन्त गौतमले सुन्ने गरेका थिए भरत जङ्गमका प्रशंसाका वाक्यहरू । ती वाक्यहरूले उनको मन मस्तिकमा गहिरो छाप छाडेका थिए । 'यस्ता व्यक्ति कस्ता होलान्,' भनेर एक प्रकारको जिज्ञासा उत्पन्न गराइहन्थे । त्यो बेला उनी चार कक्षामा पढ्दै थिए ।

पछि फर्कन नपाइने, अविरल हिँडिरहनु पर्ने जीवन यात्रा । यो जीवन यात्रा कसैको छोटो दूरीमा टुङ्गिन्छ त कतिको यात्राले लामो दूरी पार गर्छ । त्यही यात्रामा कुनै कुनै व्यक्ति मनसम्म ठोकिन आइपुग्छन् । मनसम्म ठोकिन आइपुग्ने असल मित्र पनि बन्छन् । लामो दुरीसम्म साथ पनि रहन्छन् । ती लामो समयसम्म साथ दिनेलाई जीवनभर सम्झिरहन्छन् पनि । वसन्त गौतमले त्यो समयदेखि अहिलेसम्म जीवनका २४ वसन्त पार गरिसके । यस क्रममा उनले थुप्रै सहयात्री भेटे । ती कतिको सामीप्य पाए कतिको परिचय मात्र । त्यही यात्राको दौरानमा उनले पुनः त्यही व्यक्तिको नाम सुने जसको नाम र कामले उनी बाल्यकालदेखि नै प्रभावित भएका

थिए । गहिरो छाप बसेको थियो मनमा । त्यो नाम थियो भरत जङ्गम । कारक तत्त्व थियो उनले शिरोपर गरेर हिँडेको भ्रष्टाचार विरोधी अभियान । यो अभियानको कुरा सुनेर झन् झन् प्रभावित हुँदै गएका थिए ।

२०३८ सालको राष्ट्रिय पञ्चायतको चुनावमा ३७ सालमा बहुदलको पक्षमा रहेका कतिपय व्यक्तिहरू पनि उम्मेदवार बनेका थिए । भरत जङ्गम पनि भक्तपुर जिल्लाबाट भ्रष्टाचाररहित समाज निर्माण गर्ने अभियान लिएर चुनावी मैदानमा थिए । उनको नाम र उम्मेदवारी वसन्तको मानसपटलमा अविष्मरणीय बनेर बसेको छ । उनले धेरै ठाउँमा भरत जङ्गमको प्रशंसा सुनेका थिए । त्यही बेलादेखि नै जङ्गमलाई देख्ने, भेट्ने बालइच्छा जागृत भएको थियो । उनका मनमा कुरा खेल्न थाल्थे, 'साँच्चै नै यिनले भ्रष्टाचार नियन्त्रण गरेर देशलाई अघि बढाउन सक्छन् ?"

धेरै वर्षपछि वसन्त गौतम भ्रष्टाचार सम्बन्धमा भनौं विरोधमा काम गर्ने गैरसरकारी संस्थामा कार्यरत रहँदा कार्यरत साथीमार्फत जङ्गमसँग भेट र परिचय हुन्छ । जुन मानिसलाई बाल्यकालदेखि नै भेट्न आतुर थिए वसन्त तिनै व्यक्ति भ्रष्टाचार र अस्थिरता विरुद्ध काम गर्ने संस्थाका प्रमुख संरक्षक रहेछन् । उनलाई भेट्ने इच्छा लागेको धेरै वर्षपछि पूरा भएकामा उनमा प्रसन्नताको सीमा नै रहेन । त्यसपछि उनीहरूबिच धेरै पटक बसउठ र कुराकानी चल्छ । भरत जङ्गमका बारेमा बाल्यावस्थादेखि नै जे सुन्दै आएका थिए त्यसभन्दा धेरै विशेषता पाउँछन् उनी । त्यस भन्दा धेरै ठुलो व्यक्तित्व देख्छन् । बोलीचालीका क्रममा बुझ्दछन् : यी प्रस्टवक्ता छन् । मिलनसार, मृदुभाषी, कर्मशील अनि शारीरिक रूपमा छोटो कद तर धेरै विधामा अग्लो कद हासिल गरेका आकर्षक, खाइलाग्दो व्यक्तित्व बोकेका भलाद्मी ।

न्याय, कानुन, प्रशासन, राजनीति, समाजसेवा साहित्य आदि क्षेत्रबाट पनि राष्ट्रलाई माथि उठाउन प्रयासरत भरत जङ्गम भ्रष्टाचार विरोधी आन्दोलनलाई केन्द्रबिन्दुमा राखेर भ्रष्टाचार विरुद्ध अध्ययन, अनुसन्धान,

जनजागरण र प्रशासन सुधारका कामहरू गर्दै आएका छन् । उनी भ्रष्टाचारलाई निर्मूल नै पार्ने अभियानमा लागेका छन् । देशलाई भ्रष्टाचार मुक्त गराउन दिलो ज्यानले लागेका छन् । उनीभित्र देशमा भ्रष्टाचार निवारण गरेर प्रशासनिक संयन्त्रलाई संसारका अगाडि उत्कृष्ट र पूर्ण पारदर्शी सिद्ध गराउने मुख्य इच्छा र चाहना रहेको पाउँछन् वसन्त गौतम ।

यही कोसिसको सुरुवात थियो, 'कालो सूर्य' को प्रकाशन, जसले नेपालको तत्कालीन व्यवस्थामा हलचल गराइदियो । भनिन्छ, साहित्यिक फाँटमा पनि नयाँ क्रान्ति ल्यायो । त्यही उपन्यासले उनलाई एउटा सशक्त भ्रष्टाचार विरोधीका रूपमा जनस्तरसम्म परिचित गरायो । सांसदले पेन्सन पाउने निर्णय विरुद्ध अदालतमा रिट हाले र एउटा तरङ्ग नै ल्याइदिए । त्यस हलचलले राष्ट्रलाई राहत दिलायो ।

सबै क्षेत्रमा सफलता प्राप्त गर्न सक्ने मान्छे राष्ट्रमा बहुतै कम छन् । तीमध्ये एक हुन् भरत जङ्गम । जसको सफलताले देश र जनतामा योगदान पुऱ्याइरहेको छ । उनी देशमा व्याप्त भ्रष्टाचार निवारणमा सशक्त रूपमा अगाडि बढिरहेका छन् । उनको योगदानबाट देशले थुप्रै सफलतासमेत हासिल गरेको छ । बिस्तारै बिस्तारै उनका विचार र भ्रष्टाचार विरोधी भावनालाई साथ दिन जनता जाग्न थालेका छन् तर अझै सचेत हुँदै सबै जनता उनले देखाएको बाटोमा एकताबद्ध भई लाग्नुपर्ने धारणा राख्छन् गौतम ।

जुन दिन जनतामा यो चेत जाग्ला, जोस आउला त्यस दिन देश भ्रष्टाचारमुक्त बन्ने छ, । अन्त्यमा भरत जङ्गमको मोती महोत्सवको उपलक्ष्यमा उनको अभियानको पूर्ण सफलताको कामना गर्दछन् गौतम ।

भ्रष्टाचार विरुद्ध सुशासनको खोजी

विनोद ढुङ्गेल

"अड्डा भन्नाले अदालतसमेत ठहर हुने भएकाले सबै कार्यालय हप्तामा १ दिन शनिवार मात्र बन्द (बिदा) गरिनुपर्छ ।' सरकारी कार्यालयमा सरकारले नै हप्तामा २ दिन बिदा दिने गरी गरेको निर्णय विरुद्ध २०५७ सालमा सर्वोच्च अदालतमा मुद्दा दायर हुँदाको बखत अदालतमा पेस गरेका यी दावीका शब्द हुन् भरत जङ्गमका ।

सरकारले गरेको त्यो निर्णयको विरुद्ध उनीलगायतका व्यक्तिहरूले सर्वोच्चमा रिट दिएका थिए । बिदाको निर्णयमा सरकारको मात्र इच्छा देखिँदैन, अदालतको पनि चर्को चाख देखिएको थियो । उनले सरकारको इच्छालाई मात्र हैन अदालतको चर्को चाखका विरुद्ध अदालतकै मैदानमा धावा बोलेका थिए ।

धावा बोल्दै अदालतमा दिइएका रिटहरूमा अदालतले नै बिदाको निर्णय खारेज गरिदियो । भरत जङ्गमको सत्याग्रहले मूर्त रूप धारण गरेका कारण उक्त निर्णय खारेज भएको हो । । कुनै पूर्वतयारी र अध्ययनबिना गरिएका गलत निर्णयले निश्चित व्यक्तिबाहेक आम जनता र देशको भलो गर्दैन । न ती दीर्घकालीन बन्न सक्छन् । त्यसैले ती खारेज भए । समयको महत्ताबोधका दृष्टिकोणले उठाइएका आवाजहरू अदालतको आँगनसम्म पुगेका थिए । अदालतमा उठाइएका ती आवाजका कारण दूर दृष्टिकोणयुक्त व्यक्ति प्रमाणित भए भरत जङ्गम ।

भरत जङ्गमले पनि यसैलाई नैतिक विजय ठानेका छन् । वास्तविक आवश्यकता पहिल्याउन सकेकोमा सुखीले गदगद देखिन्छन् । विनोद ढुङ्गेल भन्छन्, 'राज्यको तर्फबाट गरिएका यस्ता कमजोरी विरुद्ध राज्यकै अङ्ग गुहार्ने सिलसिलामा ती निर्णयहरूले निकै उछाल ल्याएका थिए ।'

'भ्रष्टाचारको प्रकृति पानीको जस्तै हुन्छ । अर्थात् माथिबाट तल बग्छ । अहिले देशका महत्त्वपूर्ण व्यक्ति सांसद नै हुन् । तिनै सांसद मन्त्री बनेर देशको मन्त्रालय सम्हालिरहेका हुन्छन् । सांसद पदमा शुद्धीकरण ल्याउन सकियो भने भ्रष्टाचार, अनियमितता र गैरसंवैधानिक कार्यहरू केही हदसम्म रोक्न सकिन्छ ।" यी वाक्यहरू दूरदर्शी दृष्टिकोणयुक्त बहुआयामिक व्यक्ति जङ्गमका हुन् । यी विचारहरू २०५८ असोज दोस्रो साता नेपाल समाचार पत्र दैनिकमा समाचार छाप्ने प्रसङ्गमा 'स्वतन्त्र विचार मञ्च' को अध्यक्षको हैसियतमा कुराकानी गर्दा व्यक्त भएका हुन् । जति बेला भरत जङ्गम भ्रष्टाचार विरुद्ध निकै सक्रिय भएको देखेका थिए विनोद ढुङ्गेलले ।

संसद्ले सबै सांसदलाई निवृत्तिभरण दिने निर्णय गऱ्यो । भरत जङ्गमका रिट निवेदनहरूले खारेजीको प्रक्रियामा पुऱ्याइदिए । देशको ढुकुटीबाट बसैनि खर्च हुने ठुलो रकम बचत भयो । सांसदले आफ्नो क्षेत्र विकास गर्ने नाममा सांसद विकास कोष खडा गरेर सांसदलाई राज्यकोषको रकम बाँड्न थाले । त्यो पनि भरत जङ्गमको रिटले रोकियो । उच्च पदस्थहरूले दोहोरो तलब सुविधा लिने गरेका थिए, त्यो पनि रोके । यसरी भरत जङ्गमले दुरूपयोग भइरहेको राष्ट्रको ठुलो रकम बचाए । एक प्रकारको राजनीतिक भ्रष्ट्रीकरणमा बन्देज लगाए भने पनि हुन्छ । भ्रष्ट शासनको खिलाफमा कानुनको आधार लिएर लड्नु एक सचेत नागरिकको कर्तव्य हो, त्यो पूरा गरे । जसबाट जनतामा पनि एक प्रकारको चेतनाको लहर नै आयो । सबैमा जागरण ल्यायो ।

यतिमा मात्र कहाँ सन्तोष लिएर बसे र भरत जङ्गम । बिग्रँदै गएका वित्तीय क्षेत्रमा दृष्टि बढाउँदै लाउडा एयर काण्ड, धमिजा प्रकरण, कुमारी बैङ्क काण्ड, इन्डोस्वेज बैङ्क शेयर खरिद काण्डलगायत थुप्रै रकम हिनाबिनाका विषयमा मुद्दा चलाउन थाले । उनका ती कार्यहरूले वित्तीय क्षेत्रलाई सुधारात्मक बाटोमा ल्याउन योगदान पुऱ्याए ।

यसरी आफ्नो व्यापारी, साहित्यिक र पत्रकारिताको पृष्ठभूमिभन्दा

फरक रहेको यो भ्रष्टाचार विरोधी अभियानमा उनले आफूलाई स्थापित गराए । उनले चलाएको भ्रष्ट्राचार विरोधी आन्दोलनले सरकारमात्र नभएर राज्यसत्ताकै गतिविधिमाथि प्रभाव जमाउन सफल रहेको थियो भन्छन् विनोद ढुङ्गेल पनि ।

भुल या नियतवश गर्ने गल्ती उपर औँला सोझाइदिएर सच्चिन बाध्य पार्ने उनका प्रयासहरू राज्यको व्यवस्था र प्रक्रियामा सुधार गर्ने हतियार बन्न सक्छन् । भरत जङ्गमले बेलाबेलामा उठाउने गरेका सवालहरूलाई प्रयोग गर्न सकियो भने व्यवस्थालाई दायाँबायाँबाट हमला भयो भन्दै आफूलाई लागेका दुराचार, असक्षमता र भ्रष्टाचारका आरोपबाट बच्न बोल्दै हिँड्नेहरूले मौका नै पाउने थिएनन् भन्छन् विनोद ढुङ्गेल ।

सत्तासीनहरूले आफ्नो गल्ती सच्याउँदै नसच्याउने, घातक गल्तीहरू गर्दै जाने प्रवृत्तिमा देश र जनता पिल्सिँदै जान्छन् । राज्यव्यवस्था परिवर्तन गर्दै जाँदा पनि राष्ट्र असफलताको मोडतिर धकेलिन विवश बन्दै जानु पर्ने अवस्था सिर्जना गर्ने यी दलीय व्यवस्थाभित्र हुर्किएका कुसंस्कार तुरुन्तै हटाउनुपर्दछ । दलीय व्यवस्थाको राजनीतिको मूल प्रवाहमा बाँधिएर भरत जङ्गम पनि यात्रा गरिरहेका थिए भन्ने कुरा स्वयंले गरेको जीवन यात्रा वर्णनले देखाएको छ ।

संसदीय शासन प्रणलीमा सांसदहरूको सर्वोपरि महत्त्व रहेको हुन्छ । त्यसैले सांसदले गर्ने निर्णय सकारात्मक होस् या नकारात्मक त्यसले पनि सर्वोपरि हैसियत राख्छ । सांसदहरू आमनागरिक र देशको हितको पक्षमा सचेत रहनुपर्छ भन्ने गरिन्छ । सांसदको सर्वोपरि महत्त्व रहे पनि दलीय संरचनाभित्र सांसदको व्यक्तिगत विवेकले कुनै निर्णय वा निक्यौंल गर्न सक्दैन । निर्णयका लागि दलको स्वीकृति अनिवार्य हुन्छ । संसदीय अङ्कगणितमा सांसदको टाउको गनेर निर्णय हुन्छ । टाउकोभित्रको गिदी र विवेक हेरिन्न । यो संसदीय व्यवस्थाको अर्को विशेषता हो । यसैले त संसदीय व्यवस्थामा पारित गरिने सबै विषयहरूले उत्तिकै सार्थकता बोकेको हुँदैनन् । त्यसैले संसदीय दलीय व्यवस्थाको चरित्रले सांसदको विवेकलाई

प्रयोग गर्नुको साटो दमन गर्छ भन्ने पनि गरिन्छ ।

प्रश्न उठ्छ सांसदको विवेक र दलको विचार कहाँनेर आएर फरक हुन्छ । यो वहसको विषय होला नहोला तर व्यवहारमा प्रयोग हुन नसकेको विषय पक्कै हो । 'के दलीय गोटीको प्रयोग हुने सांसदहरूको विवेकको दलभित्र जीवन्त बहस हुन सक्छ ?' यो एउटा प्रश्न प्रखर रहँदै आएको छ ।

दलभित्रका सांसदहरूको विवेकलाई तब मात्र सांसदहरूले प्रयोग गर्न सक्छन्, जब दलले आफूभित्र पनि उच्च लोकतान्त्रिक प्रक्रिया अवलम्बन गरी सांसदको विचार र विवेकको विपरीत जान बाध्य नबनाओस् तर त्यसो हुन सक्दैन, भइरहेको छैन । यो दलीय प्रक्रियाको आलोचना वा व्यस्थाका त्रुटिहरूका बारेमा भरत जङ्गमले प्रकट गरेका विचारको मनसायमा रचनात्मक उद्देश्यहरू प्रस्फुटित भएको देख्न सकिन्छ भन्छन् विनोद ढुङ्गेल ।

उनका विचारहरू छन्, 'सांसदहरूको सोच्ने क्षमता छैन । त्यसमा न उनीहरू बोल्न पाउँछन् ।' यो सांसदले बोल्न नपाएको स्थितिको आक्रोश पोख्दै भन्छन्, 'दलीय व्यवस्थाको सबैभन्दा अँध्यारो पक्ष नै यही हो तर म यस व्यवस्थाको विरोधी होइन । सुधारको पक्षमा चाहिँ छु ।'

सांसद मन्त्री र राजनीतिक दलहरूप्रति घृणा र आक्रोश व्यक्त गर्नेहरूको सूचीमा निकै अगाडि देखिएका भरत जङ्गमले राज्यको अर्को अङ्ग न्यायपालिकाको कमजोरीमाथि उत्तिकै प्रहार गरेको देखिए पनि सांसदहरूले न्यायाधीशहरूको आलोचना गरेको बारेमा भन्छन्, 'न्यायाधीशहरूमा कार्यक्षमताको अभाव छ भन्न सक्ने दक्षता सांसदहरूमा नै छैन । अझ ठोकुवा गर्दै भन्छन्, 'उनीहरूले अदालत भनेको बुझेकै छैनन् ।'

सांसदले आफ्ना अपराधहरू लुकाउन न्यायालयलाई नै गाली गर्ने गरेको ठान्ने भरत जङ्गमभित्र कताकता न्यायालयलाई माया गरेको जस्तो देखिए पनि न्यायालय दुधले धोएको भने देख्दैनन् उनी तर पनि न्यायालयप्रति उनको उत्तिकै रोष देख्छन् विनोद ढुङ्गेल । यो समयकै चक्र

होला, तानाशाहलाई सुशासक देख्ने प्रजातन्त्रको प्रारम्भिक आधार मान्ने समर्थकहरूको कमी नहुँदो रहेछ । किनकि लोभमा दृष्टिकोण र मूल्याङ्कन दोषपूर्ण लाभको सिकार बनेका उदाहरणहरू विश्वमा धेरै छन् । नेपालमा पनि ठुला भनिएका राजनीतिक दल र तिनका थुप्रै कार्यकर्ता त्यही दोषपूर्ण दृष्टिकोणको सिकार भइसकेका छन् ।

२०५९ साल असोज १८ गतेपछिको परिवर्तन र राजनीतिक व्यवस्थाप्रति इङ्गित गर्दै विनोद ढुङ्गेल लेख्छन्, 'कुशासन, भ्रष्टाचार, हत्या, हिंसा गर्ने शासकप्रति आम नागरिकको भ्रम सिर्जना हुनु खासै अस्वाभाविक थिएन तर प्रखर चिन्तक र चेतनशील ठानिएका वर्गले नै समर्थन जनाएकामा उदेक लागेको बताउँछन् विनोद पनि ।

राजा ज्ञानेन्द्रले शेरबहादुर देउवालाई असक्षम भन्दै ठोकुवा गरेपछि राजाको प्रत्यक्ष शासन कालमा गठित 'सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण समितिको संयोजक पदमा भरत जङ्गमको बहाली उनलाई चित्त बुझेको रहेनछ । भरत जङ्गम स्वयं प्रजातान्त्रिक विचार बोकेर हिँड्ने व्यक्तित्वले नियुक्ति लिँदा सरासर प्रतिगमनलाई प्रश्रय दिएको देखिँदैन र ? भन्दै प्रश्न गर्छन् विनोद ढुङ्गेल ।

यस कुराले उनको नियत र निष्ठामा कहिल्यै प्रश्न नउठाई समर्थन गरिरहनेहरूको नजरका लागि एक प्रकारको दुर्घटना नै देख्छन् विनोद । यो कुराको अनुभव स्वयं भरत जङ्गमले पनि गरिरहेका होलान् । तर म भन्छु, 'कहिलेकाही मानिस नसोचेको परिस्थितिको दास बन्न बाध्य हुन सक्छ ।'

दलका नेताहरूको सत्ता सञ्चालनको गलत शैली, गलत रवैया अनि जनतामा त्यसले पारेको कुप्रभावलगायतका विषयहरूमा जति आलोचना गरे पनि कमी नै हुन्छ । त्यसैले भरत जङ्गमले ती कुराहरूको विरोध गर्दै आए । सायद यही कारणले उनलाई सुधारक बन्ने प्रेरणा दिएको होला । एउटा गल्तीको विरुद्धमा जाइलाग्ने बहानामा सर्वथा गल्ती थोपारिरहन मिल्दैन, त्यो सरासर गल्ती हो ।

'दलहरूले शासन गर्ने व्यवस्थालाई भ्रष्टाचारै भ्रष्टाचारको आहाल हो' भन्न खोज्नुको अर्थ अन्तर्निहित उद्देश्य नै व्यवस्थालाई नै बदनाम गराउनु हो भन्ने तर्क उठ्न सक्छ । भरत जङ्गमप्रति लामो वृतान्त बताउन सक्ने विनोद ढुङ्गेल यो अरू केही होइन, मैत्री भावको बजह हो भन्छन् । भरत जङ्गममाथि उनको ठुलो लालसा रहिरहेको रहेछ, उनको व्यक्तित्व झन् फैलँदै जाओस् भन्ने शुभकामना पनि दिन्छन् ।

उनी भन्छन्, 'उनका ती सहमत, सूचक र मूल्याङ्कन तबसम्म टिकाउ हुन्छन् जबसम्म प्रश्न गरेर पनि सहने राजनीतिक व्यवस्था रहिरहेको हुन्छ । हो मित्रले अगाडिबाट आलोचना गर्छन् । शत्रु पछाडिबाट आक्रमण गर्न तम्तयार रन्छन् । त्यसैले ५९ वर्षान्त पार गरिसकेका भरत जङ्गमलाई थप सशक्त, सिर्जनशील, लगनशीलताका साथै मैत्रीभाव विकास गर्न समेत शुभकामना दिन पनि पछि पर्दैनन् विनोद ।

त्यसको स्थापनालाई
भरतमणि जङ्गम
जुर्मुराए खुशी बन्दै
आए सम्मतिमा जन ॥४५॥

उनकै घरको यौटा
शिवको प्रतिमा लगि
राखे उत्सवका साथ
शिखरेश्वर हुन् भनी ॥४६॥

–भरतांशु महाकाव्य

भ्रष्टाचार-विश्लेषणका पहलहरू

विपिनकुमार आचार्य

"नेपाली समाजमा बढ्दै गएको भ्रष्टाचारका सम्बन्धमा समाज शास्त्रीय र मानव शास्त्रीय रूपमा व्याख्या र विश्लेषण गर्नु जरुरी भएको छ । त्यसैले स्नातकोत्तर तहका विद्यार्थीहरूलाई यही शीर्षकमा अनुसन्धान गर्न उत्प्रेरित गर्नुपऱ्यो । यसमा तपाईंको सहयोग चाहन्छु ।" "हुन्छ यो त राम्रो थालनी हुनेछ ।" यी वाक्यहरू भरत जङ्गम र प्रा. विपिनकुमार आचार्यबिचका वार्ताका हुन् ।

भ्रष्टाचार विज्ञानका प्रणेता भरत जङ्गमलाई देख्दा लाग्छ, उनको जीवन र भ्रष्टाचारको विरोध सँगसँगै हिडिँरहेका छन् । उनी उपस्थित भएका गोष्ठी, सभा, सम्मेलन, जमघट, पत्रपत्रिकामा प्रकाशित लेख आलेख अनि उनले कोर्ने किताबहरूका पानापानामा 'भ्रष्टाचार निर्मूल नगरी देशमा राजनीतिक स्थिरता हुँदैन न विकासले गति नै लिन्छ' मुखरित भइरहेको हुन्छ ।

त्रिविका विद्यार्थी प्रकाश भट्टराई भरत जङ्गमको सम्पर्कमा आएपछि भ्रष्टाचार विषयमा शोधपत्र तयार पार्ने चाहना राख्छन् । त्यही प्रक्रियाका लागि प्राध्यापक विपिनसँग अनुरोध गर्छन् भरत जङ्गम । उनको अनुरोधमा प्रकाशको शोधपत्रको लागि निर्देशक एवं सुपरिवेक्षक बन्न तयार हुन्छन् प्राध्यापक विपिन ।

भरत जङ्गम फेरि समाजशास्त्र र मानवशास्त्र स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थीहरू र सम्बन्धित प्राध्यापकहरूसँग भ्रष्टाचार विषयको अध्ययन अनुसन्धानको औचित्य तथा उपादेयताका बारेमा प्रभावकारी सन्देश प्रवाह

गर्न विचार विमर्श गर्ने चाहना राख्छन् । त्यसको स्वीकृतिपश्चात् भरत जङ्गम र प्राध्यापकबिच छलफल र अन्तरक्रिया हुन्छ । त्यहाँ उठेका एक एक प्रश्नको जवाफमा आफ्नो सोचाइ र अनुभव बाँड्न सफल हुन्छन् भरत जङ्गम । त्यसैले प्राध्यापक विपिन भन्छन्, 'त्यो अन्तरक्रिया अत्यन्तै सारगर्भित रह्यो ।' प्रा. विपिनकुमारको निर्देशन तथा सुपरीवेक्षणमा भइरहेको अनुसन्धान र त्यसको औचित्य तथा उपादेयतालाई मास मिडियामा पुऱ्याउने उनको चाहनालाई त्रिविको स्वीकृतिपश्चात् प्राध्यापक विपिन र शोधकर्ता विद्यार्थी प्रकाशको सगरमाथा एफ एममा अन्तरक्रिया प्रसारण हुन्छ । त्यसबाट विद्यार्थीहरूले अवश्य नै चासो बढाएको हुनुपर्छ भन्छन् विपिन ।

भ्रष्टाचारका सामाजिक कारणहरू छन् । त्यसको प्रत्यक्ष असर समाजमा परेको हुन्छ । यही सवालमा समाजशास्त्रीय अध्ययनलाई निरन्तरता दिइरहनुपर्ने कुरामा दुईको समान धारणा पनि बन्छ । अनि यही विषयका केही साहित्यिक किताब बटुलेका, केही पढेका तर धेरै पढाएका प्रा. विपिनलाई अहिले पनि झकझकाइरहन्छन् भरत जङ्गम । उनीजस्ता मित्रसँग बुद्धि विनोद गर्न पाएकामा विपिनकुमार खुसी छन् ।

कालजयी दुई पक्ष

श्रीभद्र शर्मा

भरत जङ्गमले देशमा व्याप्त भ्रष्टाचार निर्मूल पार्ने अभियान चलाए । सडकदेखि अदालतसम्म पुऱ्याए । राष्ट्रका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूलाई सडक आन्दोलनमा सहभागी गराए । त्यस्ता आन्दोलनमा आफू सहभागी भएर सहयोग गरेको अनूभूति बोकेको छु भन्छन् श्रीभद्र शर्मा । उनी पनि नेपाली राजनीतिका वरिष्ठ राजनीतिज्ञ हुन् । उनी भरत जङ्गमको कालजयी व्यक्तित्वका दुई पक्ष देख्छन् । ती दुवै पक्षले सुदूर भविष्यसम्म उनलाई सम्झाइरहने छन् ।

कालजयी व्यक्तित्वका मुख्य दुई आयाम

भरत जङ्गम भन्नेबित्तिकै 'कालो सूर्य' लाई सम्झन्छन् श्रीभद्र शर्मा । जुन कृतिका लागि नेपली वाङ्मयमा भरत जङ्गम पनि सदा अनुग्रहित भइरहने छन् । उनका 'व्यूहचक्र', 'रातो घाम' जस्ता उपन्यास पनि कम छैनन्, उत्तिकै सशक्त छन् । साहित्यमा उनका कृतिहरू कम भए पनि जति छन्, ती सबै गुणात्मक गरिमायुक्त छन् । जसले उनलाई सफल उपन्यासकारका रुपमा स्थापित गरेको छ । कालजयी बनाएको छ ।

उनका साहित्येतर कृतिहरू पनि छन् । तीमध्ये प्रमुख दुई कृति ' व्यूहचक्र', र 'भ्रष्टाचार: वैचारिक आन्दोलन'लाई बढी सशक्त मान्दछन् श्रीभद्र । यी कृतिहरू देशमा व्याप्त भ्रष्टाचारका सम्बन्धमा केन्द्रित छन् । दुवै कृति भ्रष्टाचार विरोधी आन्दोलनलाई गतिशीलता दिने क्रममा लेखिएका हुन् । तिनमा २०४८ सालदेखि २०६१ सालसम्म भएका भ्रष्टाचारका घटनावृत्त र प्रवृत्ति यी कृतिमा अभिलेख गरिएका छन् । ती अभिलेखहरूलाई तत्कालीन व्यवस्थाका सग्ला चित्र मान्दछन् श्रीभद्र शर्मा ।

भ्रष्टाचार विरोधी आन्दोलनका विभिन्न रूप र स्वरूपमा प्रकट भइरहने भरत जङ्गमका ठुला योगदानहरूले उनको व्यक्तित्वलाई चहकिलो पारेको छ । कालजयी बनाएको छ । भरत जङ्गमप्रति ठुलो आशा राखेका श्रीभद्र शर्मा कालो सूर्यजस्तो अर्को कृति थपियोस्, अर्को कीर्तिमान कायम होस्, भ्रष्टाचार विरोधी आन्दोलनलाई अझ सशक्त र व्यापक बनाउन सफलता मिलोस् भन्दै मोती महोत्सवको उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना दिन पनि भुल्दैनन् ।

प्रकृति पुरको त्यस्तो
सुन्दराकृति खाँदमा
थिएन मूर्ति नै यौटा
आधार स्तम्भ माझमा ॥४४॥

त्यसको स्थापनालाई
भरतमणि जङ्गम
जुर्मुराए खुशी बन्दै
आए सम्मतिमा जन ॥४५॥

उनकै घरको यौटा
शिवको प्रतिमा लगि
राखे उत्सवका साथ
शिखरेश्वर हुन् भनी ॥४६॥

–भरत महाकाव्य

जनतालाई माया गर्ने एउटा क्रूर मान्छे

स्वागत नेपाल

एउटा कवि, लेखक, अनि आध्यात्मिक चिन्तनमा लागेको मान्छे कसरी बोल्न सक्छ 'मान्छेलाई कानुन बनाएर मार्नुपर्छ ।' प्रश्न उठ्छ पनि के कानुनले मानिस जन्माउँछ र ? सुन्दैमा यो कुरा कति क्रूर लाग्छ । उमेर पाको अहिंसावादी मान्छे कसरी भन्न सक्छ, ठाडै तिमीहरूलाई मार्नुपर्छ । तिमीहरूलाई नमारेसम्म देश बन्दैन ।" तर म यसलाई क्रूरता भन्दिनँ । भ्रष्टाचारले असफल राष्ट्रजस्तै बनेको देश र जनताको मायामा राष्ट्रलाई प्रेम गर्ने जोसुकैका मुखबाट निस्कन्छन् यस्ता शब्दहरू ।

प्रश्न फेरि उठ्छ छातीभरि देश र जनताको माया बोकेर हिँड्ने मान्छे यति क्रूर बन्न सक्छ ? देशभक्तिको भावना मनमा बगिरहेका सबैको जवाफ हुन्छ, हो हुन सक्छ, अझ स्वागत नेपाल भन्छन्, 'भरत जङ्गमजस्तै हुनुपर्छ । मजस्तै हुनुपर्छ ।' स्वागत नेपाल अहिंसावादी हुन् । उनी आफ्नो हातबाट भिंगा नमरोस् भन्ने चाहन्छन् तर चेलीबेटी बेचबिखन गर्ने र बलात्कार गर्नेलाई मृत्युदण्ड नै दिइनुपर्छ भन्ने मत राख्छन् । बलात्कार र चेलीबेटी बेचबिखन आचारभ्रष्टका सूचीमा पर्छन् । आचारभ्रष्ट र भ्रष्ट्राचार एउटै हुन् ।

भरत जङ्गमको व्यक्तित्वमा अदम्य साहस छ । देश र जनताको प्रचुर माया छ । त्यही प्रचुर मायाले उनलाई क्रूर बनायो । देशमा जतातै देश र जनता विरुद्ध उभिएका मानिसहरूबाट ठडिएका संरचनाहरूले पनि त्यस्तै माग गर्छन् होला -यस्तालाई मार्नुपर्छ, झुन्ड्याउनुपर्छ, काट्नुपर्छ, विष खुवाउनुपर्छ । त्यस सूचीमा भरत जङ्गम र आफू पर्ने देख्छन् स्वागत नेपाल ।

मानव अधिकारको स्वागत र बहानाभित्रको भावनात्मक षड्यन्त्र गर्छन् देश र जनतालाई नक्कली माया गर्नेहरू । मानिसलाई मारिहाल्न हुँदैन भन्छन् । सज्जन बन्छन्, देखावटी मायामा भुलाएर जनताको रगत पसिना चुसेर देशलाई ठग्न पल्केकाहरू नै हुन् क्रूर । वास्तवमा तिनीहरूभित्र देश

र जनताको मायाको अंश कतै रहेकै हुँदैन । त्यसैले त्यस्ता देशलाई ठग्ने जनता मास्नेका विरुद्ध देशलाई माया गर्ने सबै भरत जङ्गमजस्तै क्रूर बनेर निस्कनुपर्छ । त्यतिले नपुगे स्वागत नेपालले भनेझैँ सडक पेटीमा मकै पोलेजस्तो पोल्नुपर्छ ।

जानिराख्नु पर्ने कुरा के हो भने, 'देश र जनतालाई माया नगर्ने मान्छे कसैलाई पनि माया गर्दैन ।' इतिहास साक्षी छ । राम र कृष्णका पालादेखि वर्तमानसम्म देश र जनताको मायामा अत्यन्तै क्रूर बनेर हतियार उठाउनुपर्ने स्थिति जस्ताको तस्तै देख्छन् स्वागत । देशलाई माया गर्नेले देशका विरुद्ध लाग्ने आफ्नै श्रीमती, छोरा, छोरी र आफन्तलाई नछाडी मृत्युदण्ड दिएका उदाहरणहरू पनि प्रशस्तै छन् विश्वमा ।

भरत जङ्गम देशमा मात्र होइन विदेशमा समेत भ्रष्टाचार विरोधी अभियानमा सक्रिय भइरहन्छन् । विदेशमा निक्लँदा पनि त्यहाँका मानिसहरूसँग अन्तरक्रिया गर्छन् । भ्रष्टाचारीलाई फाँसीकै सजाय दिनुपर्छ भनेर सक्रिय बहस चलाउँछन् ।

भरत जङ्गमकी छोरीले सम्झना गर्दै पठाएको इमेलको प्रसङ्ग उल्लेख गर्दै स्वागत लेख्छन्, 'कुरो पाकिस्तान भ्रमण गर्दाको हो । लाहोरमा श्रीमती छोरीसँग किनमेल गर्न निस्केका उनी श्रीमती र छोरीलाई सपिङ मलमा छाडेर निस्कन्छन् । सपिङ सकेर बाबुलाई खोज्दै उनीहरू लाहोरको पार्क कफी हाउसमा पुग्छन् । त्यस कफी हाउसमा मानव अधिकारकर्मी जम्मा गरेर अन्तरक्रिया गर्दै रहेछन् । उनले बहस गरिरहेका थिए "भ्रष्टाचारीलाई मृत्युदण्ड दिनैपर्छ" भन्दै ।

२०३७ सालदेखि, साहित्य, पत्रकारिता र लेख रचनाहरूका माध्यमहरूबाट गुज्रँदै गुज्रँदै यहाँसम्म आइपुग्दा उनको 'भ्रष्टाचारीलाई मृत्युदण्ड दिनुपर्छ' भन्ने सुझाव व्यवहारमा लागु गरेको भए भन्दै स्वागत नेपाल तर्क गर्छन्, ' जनयुद्ध सुरु भएपछि जति मान्छे मरे ती मर्दैनथे बरु जसको कारण तिनीहरू मरे, उनीहरू नै मारिइसकेका हुन्थे, ती राज्यकोष लुटी खाने भ्रष्टाचारीहरू । अहिले पनि तिनैको लुट चलिरहेको छ । ती भ्रष्टाचारी सडकमा छाती

तन्काएर हिँडिरहेको देख्दा भ्रष्टाचारीलाई मृत्युदण्ड दिनुपर्छ' भन्ने भरत जङ्गमको नारा भावबिनाको भाषा बन्ने त होइन, भन्ने डर छ स्वागतलाई ।

जति बेला राणापरिवारका सदस्यहरू गाडी चढ्थे, त्यतिबेला भरत जङ्गमका बाबु पनि निजी गाडी चढ्थे । त्यो परिवारका पुत्र हुन् भरत जङ्गम । नेपाललाई अनौठो लाग्छ 'त्यस्तो परिवारको छोरा कसरी यो हदसम्मको प्रगतिशील हुनुभयो ।' पञ्चायती व्यवस्थादेखि नै भ्रष्टाचार विरोधी नारा उठाएर त्यहीअनुसार आफूलाई लेखनमा लगाउँदै राजनीति र पत्रकारितामा आफूलाई होमिदिने । 'कालो सूर्य' लेखे, आफूलाई सफा आकाशको पक्षमा उभ्याए ।

दुर्भाग्य दलका कार्यकर्ताहरू आफ्ना नेताले भत्ता खाँदा, सबै पार्टीका मिलेर आजीवन भत्ता पैसा पेन्सन खाने निर्णय गर्दा, मान्छेको मासु खाँदा, आमाको मासु लुछ्दा पनि ताली बजाएर बस्छन् । त्यस्ता राष्ट्रघाती कदमहरू विरुद्ध लड्ने भरत जङ्गमलाई सारा नेपालीले अभिनन्दन गर्नु पर्ने हो तर...।

आफू कुनै दलको सदस्य नरहेका कारण रोजगारी गुमाउन परेको तितो यथार्थ सम्झँदै स्वागत नेपाल वर्तमान नेपालको बिम्ब प्रस्तुत गर्दै भन्छन्, 'यहाँ पार्टीका सदस्य नरहेको व्यक्तिले जीवन गुजारा गर्न चिया पसल खोल्यो भने पनि त्यो बहिष्कृत हुन्छ, चल्दैन चिया पसल । उस्तै डर लागेको छ । कुनै पार्टीको सदस्यता नलिएका भरत जङ्गम कही एक्लो बन्ने त होइनन् ? तर उनको भ्रष्टाचार विरोधी अभियान सारा नेपालीको साझा हो । यसमा सबै युवाहरूको सहभागिता अति आवश्यक छ ।

जेसुकै भए पनि 'भ्रष्टाचारीलाई मृत्युदण्ड दिनुपर्छ' भन्ने भरत जङ्गम अहिंसावादी हुन् । हामी सबै अहिंसावादी भए पनि, जुनसुकै धर्मावलम्बी भए पनि देश र जनताको मायामा क्रूर भएर भन्नै पर्छ, "भ्रष्टाचारीलाई फाँसी दिनैपर्छ ।" तर त्यतिले नपुगे स्वागतले माथि भनेझैँ सडकका पेटीमा मकै पोलेझैँ नपोली हुँदैन ।

परिच्छेद : सात
खण्ड : दुई

भरत जङ्गम र भ्रष्टाचार विरोधी विज्ञान कर्तव्यनिष्ठ सुयोग्य नागरिक

अङ्गुरबाबा जोशी

टाठोबाठो, जल्दोबल्दो, साह्रै फुर्तिलो भर्खरको खाइलाग्दो युवकलाई हेर्दै लागेछ, यो विरुवाको कति चिल्ला पात छन् । पछि आएर त्यो दृष्टि साँच्चै साकार हुन्छ । त्यही जन्मँदै चिल्ला पात लिएर निस्केको बिरुवा सच्चा राष्ट्रप्रेमी, समाजवादी, बहुआयामिक व्यक्तित्वका रूपमा उदाएर भरत जङ्गम नाम गरेको विशाल वृक्षको रूपमा खडा भएको छ ।

सामाजिक प्राणी भएर जन्मेको त्यही वृक्षले, सामाजिक दायित्वबोध गरेर आफ्ना क्रियाकलापहरूलाई विस्तार गर्न 'जङ्गम प्रतिष्ठान' खोलेका छन् । धेरै सङ्घ संस्थामा आबद्ध भएर सामाजिक सेवामुखी निर्माण कार्यमा सहयोग पुऱ्याउँछन् । सहयोग जुटाउन मद्दत गर्छन् । अङ्गुर बाबा जोशी समाजसेवी हुन् । समाजसेवी भएको नाताले भरत जङ्गमले सामाजिक सेवा गरेको देखेर अति प्रसन्न हुँदै भन्छिन्, 'सेवा नै धर्म हो ।'

साँच्चै भरत जङ्गम धर्मपालक हुन् । उनले साहित्यका विभिन्न विधाको माध्यमबाट नेपली राष्ट्रभाषाको श्रीवृद्धि गरेका छन् । उनको 'कालो सूर्य' बाह्र भाषामा प्रकाशित भइसकेको छ । त्यसले नेपली साहित्यको सुभाष विदेशमा फैलाइरहेको छ । यति मात्र होइन, भरत जङ्गमले समाजका सबैजसो क्षेत्रमा, चाखपूर्ण लेख, आलेख, टिप्पणी ऐतिहासिक र सांस्कृतिक क्षेत्रमा खोज अनुसन्धान गरेर एउटा चेतनशील कर्तव्यनिष्ठ नागरिकको दायित्व निर्वाह गरिरहेका छन् । अझ शिक्षित जगत्मा दह्रो प्रभाव जमाउन

सफल भएको छ उनको भ्रष्टाचार विरोधी विज्ञान । भ्रष्टाचार रोक्न र नियन्त्रण गर्ने प्रयत्नमा उनको संलग्नता प्रशंसनीय मान्ने अङ्गुरबाबा उनलाई आफ्नो कर्तव्यबोध सहित समयको सदुपयोग गर्न पनि उत्तिकै निपुण देख्छिन् ।

२०४३ सालदेखि नै हो, उनले देशमा व्याप्त बनेको भ्रष्टाचारका विरुद्ध अभियान चलाएको । उनले भ्रष्टाचारका विरुद्धमा विभिन्न लेख लेखेर पत्रपत्रिकामा छपाए । भ्रष्टाचार विरुद्धका लेखहरूको सँगालो भ्रष्टाचार : वैचारिक आन्दोलन नामक कृति प्रकाशन गरे । भ्रष्टाचार विरोधी विज्ञान प्रतिपादन गरे । राष्ट्रको विकास र समुन्नतिका लागि मूल समस्याको रूपमा रहेको भ्रष्टाचार विरुद्ध भरत जङ्गमले चलाएको अभियानमा सबै युवा वर्गलाई लाग्न पनि आह्वान गर्छिन् अङ्गुरबाबा ।

भ्रष्टाचार निवारणमा आधारभूत दुई पक्ष देख्छिन् अङ्गुरबाबा । पहिलो हो :- भ्रष्टाचार हुँदै नहुने वातावरण सिर्जना गर्नु । त्यसका लागि चेतनायुक्त व्यक्तित्वहरू तयार पार्ने । त्यही अनुसारको शिक्षा र तालिम प्रणालीको सुव्यवस्था गर्ने । अनि तिनलाई सम्बन्धित क्षेत्रमा परिचालन गर्ने ।

दास्रो हो :- भ्रष्टाचारीलाई उचित दण्ड सजायको व्यवस्था गर्ने । ताकि कुनै हालतमा भ्रष्टाचारी दण्ड सजायबाट उम्कन नपाओस् ।

भरत जङ्गमको भ्रष्टाचार विरोधी विज्ञान, त्यसका वैज्ञानिक आधार र उपायहरूमा उपयुक्त बुँदाहरू अवश्य समावेश भएको हुनुपर्छ भन्दै भरत जङ्गमको दीर्घायु सुस्वास्थ्य, सुख समृद्धि र समाज सेवाबाट प्राप्त हुने आनन्दाभूति पाइरहुन्, राष्ट्रसेवाको सफलता मिलिरहोस् जन्मोत्सवको उपलक्ष्यमा हार्दिक शुभकामना भन्दछिन् अङ्गुरबाबा ।

मनोक्रान्तिका संवाहक

इन्दिरा श्रेष्ठ

नीतिशास्त्र भन्छ, 'अनपढ मूर्खभन्दा पढेलेखेको विवेकहीन मूर्ख देश र समाजका लागि घातक र खतरनाक हुन्छ ।" फेरि अशिक्षित, अनपढ व्यक्ति भ्रष्टाचारी बन्न सक्दैन । हाम्रो देशमा शिक्षाको छायामा हुर्केका अनि शक्तिले आडमा पालिएकाहरू मात्र भ्रष्टाचारी छन् । ती धेरै विवेकहीन छन् । त्यसैले घोर खतरनाक छन् । न आमालाई चिन्छन्, न बाबुलाई । भ्रष्टाचारलाई देशको महारोग बनाए । त्यो महारोग नदेखिने विराट् अपराध बनेको छ । देश र समाजको लागि कलङ्क बनेको छ ।

समाज र राष्ट्रमा भ्याङ्गिँदै गएको भ्रष्टाचारलाई टुलुटुलु हेरेर बस्दा भ्रष्टाचारीको मनोबल बढिरहेको हुन्छ । यस विरुद्ध अभियान चलाउँदा कतिलाई डर लाग्थ्यो होला । भरत जङ्गम निडर थिए । त्यसैले भ्रष्टाचार विरुद्ध अभियान नै चलाए जुन अहिले पनि चलिरहेको छ ।

वर्तमान समाजले उनको भ्रष्टाचार विरुद्धको अभियानलाई अनौठो मानेर हेर्छ । अनेकन बाटो बनाएका भ्रष्टाचारी बेइमानीहरूकै माझ एउटा मात्र बाटोमा लागेकाहरूलाई बाटो हिँड्नसम्म पनि गाह्रो छ । किनकि यो समाजमा नैतिकवान् चरित्रवान् व्यक्ति पाउन मुस्किलजस्तै छ । यो अवस्थामा भरत जङ्गमको व्यक्तिगत प्रयासबाट भ्रष्टाचार विरुद्धको जुन आन्दोलन सुरु भयो त्यो नै सबैभन्दा महान् कार्य हो भन्छिन् इन्दिरा श्रेष्ठ । त्यसमा साहित्यकार, बुद्धिजीवी, पत्रकार सबैले मिलेर विरोध गर्ने वातावरणको सिर्जना गरिदिनु पर्ने आवश्यकता देख्ने इन्दिरा आह्वान गर्छिन्, 'आउनुहोस् हामी सबै मिलेर भरत जङ्गमको भ्रष्टाचार विरोधी अभियानलाई सघाऔँ ।'

भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक प्रतिबद्धता पनि उत्तिकै आवश्यक हुन्छ । त्यसका लागि समाजमा चेतना फैलाउन जरुरी हुन्छ । समाजमा त्यस प्रकारको चेतना भरत जङ्गमले साहित्यको माध्यमबाट

फैलाइरहेका छन् । चेतनशील समाजले राजनीतिक प्रतिनिधिहरूलाई दबाबमा राख्न सक्छ ।

इन्दिरा जब लेख्न बस्छिन्, तब उनी भरत जङ्गमलाई समाजमा चेतना जागृत गराउन सक्ने साहित्यकार, विद्वान्, चिन्तक अनि नैतिक दायित्व र भ्रष्टाचार विरोधी अभियानका वैचारिक मनोक्रान्तिका संवाहकका रूपमा देख्छिन् । किनकि उनी साहसिला छन् । उनको साहसिलो क्रान्तिकारी अभियानको प्रचारप्रसार जति हुनु पर्थ्यो त्यति नहुनुमा विषम परिस्थितिले पनि असर पारेको पो हो कि भन्ने शङ्का छ इन्दिरालाई । देशका विकृति, विसङ्गति, भ्रष्टाचार, षड्यन्त्र विरुद्ध वैज्ञानिक मनोक्रान्ति अभियान चलाउने सन्दर्भका उनका लेख रचना र पुस्तकहरू पनि प्रकाशित भएका छन् ।

उनी नेपाली वाङ्मयका स्थापित साहित्यकार हुन् । 'कालो सूर्य' उनको अत्यन्तै चर्चित उपन्यास हो । जुन बाह्र भाषामा प्रकाशित भइसकेको छ । त्यसका अतिरिक्त 'व्यूहचक्र', 'रातो घाम', 'पचास-प्रसङ्ग' र 'भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता उत्तिकै सशक्त कृतिहरू पनि प्रकाशित भएका छन् । तिनै कृतिहरूले उनलाई भ्रष्टाचार विरुद्ध आन्दोलन चलाउने व्यक्तिका रूपमा सबैका सामु उभ्याएका छन् ।

उच्च मानवीय समस्या बनेको भ्रष्टाचार विश्वमा महामारीको रूपमा फैलिएको छ । यसको बिउ हाम्रो देशमा पनि परापूर्व कालदेखि नै रहँदै आएको हुनुपर्छ । तब वर्तमानको मलजलमा यो भ्याङ्गिएको होला । त्यसैले राज्यका सबै अङ्गहरूलगायत गैरसरकारी संस्थासमेत भ्रष्टाचार रोगबाट ग्रसित बनेका छन् ।

शान्तिभन्दा ठुलो प्रजातन्त्र र सुरक्षाभन्दा ठुलो मानव अधिकार हुँदैन भन्ने धारणा राख्ने इन्दिरा सबैभन्दा ठुलो समस्याको जड भ्रष्टाचारलाई नै देख्छिन् । भ्रष्टाचार विरुद्ध भरत जङ्गमले चलाएको अभियानलाई सबैले साथ दिन उनी आह्वान गर्छिन् । अन्त्यमा भरत जङ्गमको सुस्वास्थ्य, दीर्घजीवनको साथै अभियान सफलताको कामना गर्दछिन् इन्दिरा ।

भ्रष्टाचार- निवारणका क्षेत्रमा समाजका गहना

डा. खगेन्द्रनाथ शर्मा

नेपालको राजनीतिमा उच्च शक्तिशाली तप्कामा पुगेकाहरूले जसरी राष्ट्र र जनतालाई चुसिरहेका छन्, त्यसै गरी उनीहरूलाई नङ्ग्याउन प्रयत्नशील रहेका छन् भरत जङ्गम । उनी बहुआयामिक व्यक्तित्व हुन् । भ्रष्टाचार विरुद्ध लड्ने अथक योद्धा हुन् । त्यसैले यस्ता व्यक्तित्वको विषयमा के चर्चा गरुँ भन्ने लाग्दो रहेछ डा. खगेन्द्रनाथ शर्मालाई । तर भरत जङ्गमको मोती महोत्सव आयोजक समितिको अनुरोधलाई पनि टार्न सकेनन् उनले । त्यसैले भरत जङ्गमका अरू विविध आयाममा चर्चा नचलाई भ्रष्टाचार निवारणको विषयमा चर्चा चलाउने निधो गरे । किनकि देशको लागि भ्रष्टाचार नै चिन्ताको विषय पनि हो । त्यसैले उनको भ्रष्टाचार निवारणको प्रयासलाई चर्चा परिचर्चा गर्दा व्यक्तित्वलाई निखार दिन्छ भन्ने ठान्छन् डा. खगेन्द्रनाथ ।

भ्रष्टाचार शब्दले सामान्य रूपमा अनियमित आर्थिक लाभ वा नाजायज फाइदा लिने कार्यलाई जनाउँछ तर यसको असर आर्थिक दुराचारमा मात्र सीमित नरहेर समाजका विविध पक्षलाई नै पक्षघात गराउँदै गलाउँछ । त्यसैले गलाउँदै लगेर होला वर्तमानको नेपाली समाज परम्परागत नैतिक मूल्यमान्यता, धार्मिक र सांस्कृतिक पक्षमा समेत खस्कँदै र भ्रष्टाचार झन् मौलाउँदै गइरहेको ।

भुल्नै नहुने कुरा के हो भने नि, भ्रष्टाचारको मूलमा राजनीतिक शक्ति नपसी मौलाउन सक्दैन । पञ्चायती व्यवस्थामा भाइभारदारहरूको आडमा भ्याङ्गिएको भ्रष्टाचार अहिले दलका शीर्ष नेताहरूको संरक्षणमा मौलाइरहेको छ । किनकि यो विषय उनीहरूका लागि कहिल्यै संवेदनशील

नै बनेन । त्यो उदासीनताले राष्ट्र र समाजलाई विप्लव गराउन सक्ने हुनाले डर लागेको बताउँछन् डा. खगेन्द्र ।

नैतिक रूपमा आचरणभ्रष्ट मानिने कार्यहरूदेखि मानव अधिकार विरुद्धका कार्यहरू सबै भ्रष्टआचरणमा पर्दछन् । भ्रष्टाचार सरुवा रोगझैं बढिरहेको देख्छन् खगेन्द्र । जुन रोगको रोकथामको अभाव भएको हामी सबैले देखेका छौं । भरत जङ्गम भ्रष्टाचारको यो रूप र अवस्थामाथि चिन्तित मात्र छैनन्, एक्लै भए पनि भ्रष्टाचार निवारणमा लागि परेर सबैका उदाहरण बनेका छन् । सडकदेखि अदालतसम्म पुग्छन् उनी । उनका कृतिहरूले पनि भ्रष्टाचार विरुद्ध बोलिरहेका छन् । यसरी स्वस्फुर्त रूपमा भ्रष्टाचार विरुद्ध संलग्न भइरहने व्यक्ति समाजका गहना हुन् । हाम्रा यस्तै गहना हुन् भरत जङ्गम । यसैले त उनी जनजनका मनमा बसेका छन् ।

भ्रष्टाचार निवारणका लागि भएका संवैधानिक संस्थाहरू पनि निष्क्रियजस्तै रहेको अवस्थामा सामाजिक अभियान चलाउन, सामाजिक सङ्गठनहरू निर्माण गर्न र सामाजिक चेतना अभिवृद्धि गर्न जरुरी हुन्छ । राष्ट्रिय चिन्ताको विषय भ्रष्टाचारलाई सामाजिक चिन्तनको विषयमा परिणत गर्न भरत जङ्गमले भ्रष्टाचार निवारण विषय विश्वविद्यालय स्तरमा पठन पाठनको विषय बनाउन प्रयत्न गर्दै आइरहेका छन् । यो विषय पाठ्यक्रमको भाग बने भ्रष्टाचार विरुद्ध ठुलो प्राज्ञिक योगदान पुग्ने थियो । जसले उनको व्यक्तित्वलाई अझ उजिल्याउने थियो भन्ने डा. खगेन्द्रनाथ यसै दिशामा लागेका उनका प्रत्येक प्रयासहरूको सफलताको कामना गर्दछन् ।

सत्य सबैलाई हजम हुँदैन

चन्द्रकला नेवार

भरत जङ्गमका गुण :- जीवनको वास्तविकतालाई साहित्यको ऐनामा राखेर छर्लङ्ग पारिदिने, गम्भीर व्यक्तित्वका धनी, सामाजिक, आर्थिक राजनीति विषयका अन्वेषक, प्रष्टवादी, प्रगतिशील साहित्यकार ।

साहित्य सिर्जनाहरूको उद्देश्य :- भ्रष्टाचार विरोधी जागरण ल्याउने । निमुखा, असहाय र अशिक्षितलाई न्याय दिलाउँदै आफ्नो युग र परिवेशलाई पनि न्याय दिलाउने ।

भरत जङ्गमका यी गुण र उद्देश्य केलाउँदै चन्द्रकला भन्छिन्, 'जुन नागरिकले देशको राजनीति बुझ्दैन, त्यसले युग र परिवेशलाई पनि चिन्दैन । सुयोग्य नागरिक बन्न पनि सक्दैन । भरत जङ्गमसँग परिचय नहुँदै कन्द्रकलालाई उनको 'कालो सूर्य' उपन्यास पढ्न जुरेछ । पढ्दा पढ्दै मनले बोलेछ स्याबास् ! लेखक, तनले सलाम ठोक्दै भनेछ, क्याबात ! लेखक, हृदयले हाँसेर मानेछ, 'यो देशको उच्च जिम्मेवार व्यक्ति हुनुपर्छ लेखक ।' त्यो पनि लागेछ, 'यो सत्य सबैलाई हजम हुँदैन ।'

अनि लागेछ उनलाई यो उपन्यास लेख्ने व्यक्ति कस्तो होला ? संवेदनशील, दुब्लो पातलो, सायद जुत्ता लगाउँदैन चप्पल लगाउँछ होला । यो पोसाकमा ध्यान दिँदैन होला किनकि ऊ साधारण परिवारमा हुर्केको साँच्चैको प्रस्टवादी साहित्यकार हुनुपर्छ । लेखकको विवेचना गर्दै उनले कलकत्तामा देखेको आदर्श भाव बगाउने एउटा भिखारी सम्झिन्छिन् । भ्रष्टाचारसँग लड्न एउटा थोत्रो टिनको कचौरा लिएर माग्दै हिँडिरहेको । पेसाले वकिल थियो, सधै सत्यलाई मात्र साथ दिने । परिवारले पनि उसको आदर्श र सत्यलाई साथ दिइरहेका थिए त्यसैले उसले कहिल्यै झुटो मुद्दा लेखेन रे ।

भरत जङ्गमसँगको पहिलो भेटमा नै चन्द्रकलालाई लागेको थियो रे यी देशका अति जिम्मेवार व्यक्ति हुन् । त्यसैले भ्रष्टाचारको विरोधमा बहस गरिरहेका छन् । अभियान चलाइरहेका छन् । अघिको प्रसङ्गको कुरा, भरतमा पनि भ्रष्टाचार व्याप्त छ भन्ने अघिल्ला प्रसङ्गले देखाउँछ, ठुलो रुखमुनिका ससाना रुखहरूमा ठुलो रुखको छाया परेझैं ठुलो छिमेकी देश भारतको छाया हाम्रो देशमा परिहेको छ, चलिरहने छ । हाम्रो देश सानो छ, हामी गरिब छौं । भ्रष्टाचारले साना देशलाई छिटो सिकार बनाउँछ । त्यसैले हामी सिकार बनिरहेका छौं ।

देशमा वर्तमान सन्दर्भमा सबैभन्दा प्रभावशाली र प्रभावकारी पेसा राजनीति बनेको छ । बहुदलीय व्यवस्था प्राप्ति पछि यसलाई सेवाको रूपमा लिँदै लिइएन बरु अर्थोपार्जनको स्रोत बनाइयो । दलका नेता कार्यकर्ताले यसलाई मुख्य पेसा बनाउने सिलसिला चलाए । बिडम्बना आज जता हेऱ्यो उतै भ्रष्टाचार व्याप्त छ । यसरी व्याप्त भ्रष्टाचारलाई देख्दा चन्द्रकलाको मन दुख्छ । अनि सबैलाई आह्वान गर्छिन्, 'बल्ल स्वाधीनतामा सास फेर्न थालेका छौं । आउनुहोस् स्वाधीनताको जग बसालौं, यसैलाई कर्तव्य सम्झौं । नयाँ नेपाल निर्माण गरौं ।'

भरत जङ्गमका विचारहरू न्यायसङ्गत छन् । जसले पनि न्यायसङ्गत विचारलाई स्वागत गरौं । उनी भन्छिन्, उनी जे बोल्छन् सत्य बोल्छन्, प्रस्ट बोल्छन् । सत्य बोली सबैलाई नमिठो लाग्न सक्छ । औषधीको स्वाद पनि मिठो हुँदैन ।' भरत जङ्गमको साहित्य लेखन र भ्रष्टाचार विरोधी अभियानको उद्देश्य एउटै हो, 'आर्दश नेपालको स्थापना' ।

भ्रष्टाचार विरोधी साधक

डा.पन्नाकाजी अमात्य

राष्ट्रप्रेमी सबैलाई देशमा मौलाइरहेको भ्रष्टाचारले चिन्तित तुल्याएको छ । झन् शिक्षित, देशप्रेमीहरूलाई चिन्तित नतुल्याउने कुरै भएन । अझ देशप्रेमी प्राज्ञहरूले भ्रष्टाचारका विरुद्ध दिमागमा प्राज्ञिक आगो नचाइरहेका हुन्छन् होला । हो ! त्यस्तै आगो नाचिरहेको रहेछ प्रा. डा. पन्नाकाजी अमात्यको दिमागमा पनि । भरत जङ्गमसँग भेटमा भ्रष्टाचार विरोधी कुराकानीको सिलसिलामा भ्रष्टाचार विरोधी विचार, कार्यक्रम र अभियानबारे विद्यार्थी र प्राध्यापकबिच विचार विमर्शको बहस चलाउने प्रस्ताव राख्छन् ।

भरत जङ्गम स्वयं भ्रष्टाचार अभियन्ता सहर्ष स्वीकार गर्छन् । प्रमुख वक्ताको रूपमा उपस्थित भएर विद्यार्थी र प्राध्यापकबिच बहस चलाउँछन् । भ्रष्टाचार विरोधी विज्ञानको विकास गर्न सकिने भावना व्यक्त गर्दै आफ्ना तर्कपूर्ण विचारको प्रस्तुतिबाट उपस्थित सबैलाई प्रभावित पार्छन् । प्रभावित भएकाहरूले भ्रष्टाचार विरोधी अभियानलाई विभिन्न किसिमबाट सघाउने प्रतिबद्धता व्यक्त गरेका पनि थिए भन्छन् डा. अमात्य ।

यस्ता विषयहरूमा पाठ्यक्रम बनाउनुपर्ने दायित्व विश्वविद्यालयको हो । हेर्दौं भरत जङ्गमले चलाएको अभियानमा प्राज्ञिक समूह कति महत्त्व दिएर लाग्छ । कस्तो वातावरण बनाउन सक्छ । त्यो समयले देखाउला ।

जिस गाछमे बकुला बैठे, जिस राजमे तिरहुत पसे' भन्ने कहावत चल्छ पूर्वी तराईतिर । अहिले बकुल्ला बस्ने विशाल रुख देखिँदैनन्, तिरहुतको दिमाग पनि अब त्यति चल्दैन होला राज्य विप्लव पार्ने गरेर । त्यो क्षमता वर्तमानमा भ्रष्टाचारमा निहित हुन पुगेको देखिन्छ । मिश्र काबिल, चीन युनान र रोमजस्ता शक्तिशाली सभ्यताहरू भ्रष्टाचारको कारण पतन भएको

इतिहास हाम्रो सामु छ । 'रोमन साम्राज्यको पतनको इतिहास' लेख्ने लेखक यड्वार्ड गिब्बानलाई उनको पुस्तकको आधारमा रोमन साम्राज्यको पतनको कारण एउटै शब्दमा वर्णन गर्नुपर्दा त्यो शब्द कुन हुन सक्छ भनेर प्रश्न राख्दा उत्तर आएको थियो 'भ्रष्टाचार ।'

भ्रष्टाचार महारोग हो । यसले नेपालजस्ता ससाना मुलुकलाई चकनाचुर पार्छ । पैसाले सानोभन्दा सानो पददेखि ठुलो पदमा पदासीनलाई आफ्नो नियन्त्रणमा राख्न सक्छ । त्यो धनको गुण हो । हाम्रो देशमा यही रूपको गम्भीर अवस्था छ । सद्विचारको अभाव र नैतिक मूल्य मान्यता नभएको देशमा बाससम्म नबस्नु भन्ने हाम्रा पुर्खाका कथनहरू फिका हुँदै आएका छन् । देशको राजनीति र प्रशासनमा सच्चरित्रहरू पुगेनन् भने देशको अस्तित्व रहँदैन, खालि भूतले वास बस्ने छ भन्छन् डा. अमात्य । वद्चरित्रलाई जनताले विश्वास गर्दैनन् । भ्रष्टाचार नै सबै प्रकारका अन्याय अत्याचारको जड हो भने आन्दोलन र अस्थिरताको स्रोत हो । भ्रष्टाचारले जनविश्वासलाई मात्र हैन राज्यलाई नै चकनाचुर पार्छ । समाजमा निर्दयीता र निरङ्कुशताले शक्तिशाली यन्त्रको रूपमा काम गर्छ ।

भ्रष्टाचार जनविरोधी र राष्ट्रविरोधी कार्य हो । भ्रष्टहरूले आफ्नो लाभका लागि विदेशीहरूलाई सहयोग पुऱ्याउँछन् । विदेशीको इशारामा स्वदेशी मारिन्छन्, राष्ट्रियता सकिन्छ । अहिले हामीले उदार मानेको व्यवस्थालाई पनि उपहास गरिरहेको छ भ्रष्टाचारले ।

राज्यका संवैधानिक अङ्गहरूको तटस्थता हराएको छ । उच्च तहका नेता, कार्यकर्ता र कर्मचारीहरूमा नैतिक पतनको विशृङ्खलता भरिएको छ । नेतृत्व जे भन्ने गर्छन्, त्यो गर्दैनन् । जे गर्नु पर्ने हो त्यो पनि गर्दैनन् । जे गर्नु हुँदैनथ्यो त्यही गर्छन् । देश यस्तै कर्मबाट ग्रसित छ ।

यहाँ उल्टो छ । भ्रष्टाचार जसले गर्छ, भ्रष्टाचारको विरुद्ध उसैले चर्का नारा घन्काउँछ । जति तिनका नारा घन्किन्छन् उती कार्यान्वयन तह

फितलो हुँदै जान्छ । भ्रष्टाचारमा संलग्नहरू शक्तिशाली हुन्छन् । त्यसैले भ्रष्टाचार विरुद्धको युद्ध खर्चिलो हुन्छ । यसका विरुद्ध लड्न त्याग र ठुलो हिम्मत चाहिन्छ । त्यसैले भ्रष्टाचार उन्मूलन गराउने कार्य तपस्यासरह हो भन्छन्, डा. अमात्य ।

नेपालमा भ्रष्टाचार विरुद्ध युद्ध लड्ने शूरवीर योद्धाको नाम लिन परेमा अग्रपङ्क्तिमा भरत जङ्गमको नाम आउँछ । उनी तीन दशकदेखि यही कार्यमा सक्रिय छन् । किनकि उनी भ्रष्टाचारमुक्त देश हेर्न चाहन्छन् । उनको 'कालो सूर्य' जसलाई भ्रष्टाचार शब्द प्रयोग गर्न सकिन्छ भन्छन् डा. अमात्य । 'कालो सूर्य' को प्रकाशनपछि पनि देशमा भइरहेका भ्रष्टाचार विरुद्ध निरन्तर युद्ध लड्दा लड्दै लडाइलाई अभियानको रूप दिए उनले । मानव इतिहास बोल्छ- 'जोसँग शक्ति छ, उसले गर्न सक्छ भ्रष्टाचार । समाजलाई लुट्न सक्छ । जनतालाई शोषण गर्न सक्छ । राष्ट्रलाई घात गर्न सक्छ । भरत जङ्गमको युद्ध अभियान यिनै र यस्तैका विरुद्ध हो ।

डा. अमात्य भन्छन्, 'राज्यका अङ्गमा पदासीन व्यक्तिहरू नै बढी भ्रष्ट हुने सम्भावनालाई नकार्न सकिँदैन किनकि शक्ति तिनीहरूसँगै हुन्छ । अझ भ्रष्टाचार हटाउन स्थापित अङ्गहरूबाट हुने भ्रष्टाचारको रूप झनै भयङ्कर हुन्छ । भरत जङ्गमले आफ्ना विभिन्न लेख रचना, साहित्य र सिर्जनाबाट भ्रष्टाचार विरुद्धका कार्यक्रमहरूको प्रचार प्रसारलाई सुदृढ पार्न 'स्वतन्त्र विचार मञ्च' स्थापना गरे । यसरी भ्रष्टाचार विरोधी अभियानलाई निरन्तरता दिनु हाम्रा लागि गौरवको कुरा पनि हो । यस्तो कार्यको मुक्तप्रशंसा नगरीकन कुनै सच्चा देशभक्त रहन सक्ला र ! सक्दैन भन्छन् डा. अमात्य ।

भरत जङ्गम एउटा व्यक्ति, यत्रो प्रयत्न । देख्दै लागेछ यस्ता व्यक्ति दस-बिस जना मात्र देशमा भइदिए भ्रष्टाचारबाट भइरहेको यो आक्रान्त परिवेशमा भारी कमी हुने थियो भन्ने चर्चा बौद्धिक व्यक्तित्वहरूबिच चलिरहन्छ ।

विधायकहरू मिलेर आफूहरूले पेन्सन भत्ता पाउने गरेको निर्णयलाई

बदर गराउनमा भरत जङ्गमको ठुलो योगदान छ । भरत जङ्गमको भ्रष्टाचार विरुद्धको अभियानले नेपाली समुदायलाई योगदान र लाभ पुगेको छ । समाजलाई जागृत गराएको छ । नागरिकलाई सचेत बनाएको छ । यस्तो अपूर्व र नवीन भूमिका निर्वाह गर्ने भरत जङ्गमलाई यो क्षेत्रको प्रवर्तक भने पनि फरक पर्दैन भन्छन्, डा. अमात्य ।

अन्त्यमा भरत जङ्गमको मोती महोसत्वको सुखद उपलक्ष्यमा उनको भ्रष्टाचार विरुद्धको लडाँइमा निरन्तर विजय भइरहोस् । राष्ट्रलाई भ्रष्टाचारको आक्रान्त पार्ने पञ्जाबाट मुक्त गराउन सक्ने सबल सशक्त नेतृत्वलाई अग्रसर गराउन सक्ने शक्तिको प्रबल र प्रचण्ड रूपमा प्रयोग गर्न सकियोस् भन्दै भगवान्सँग प्रार्थना गर्दछन् डा. अमात्य ।

विकास गर्नका लागि
शान्ति स्थापनमा पनि
भूमिका यसकै हुन्छ
समाजभित्र गै अनि ॥२८॥

दुबैमा समता राख्ने
संयमित सधैं हुँदै
यही मध्यम हो वर्ग
जिम्मेवारी सबै लिँदै ॥२९॥

बुद्धि विवेकले पूर्ण
यै वर्ग हुन आउँछ
नमात्तिने न आत्तीने
सम भाव जगाउँछ ॥३०॥

–भरतांशु महाकाव्य

परिवर्तित अवस्थामा भ्रष्टाचार-नियन्त्रणको सबाल

पी वी पोखरेल

'देश अब युगान्तकारी परिवर्तनमा अगाडि बढिसक्यो । अब देशको शान्ति समृद्धि र विकास कसैले रोक्न सक्दैन ।' यी वाक्य थिए, २०६२/०६३ को आन्दोलनको नेतृत्व हाँक्नेहरूका । ती प्रतिबद्धताका वाक्य सुनेर जनताले छ्यालिस सालमा बोकेजस्तै ठुलाठुला आशा बोकेर बसेका थिए ।

नेपालमा चरण चरणमा आन्दोलन हुँदै आएका छन् । ती आन्दोलनहरूले ल्याएको परिवर्तन व्यवहारमा नभए पनि भाषणमा, पर्चामा अनि निर्माण भएको संविधानमा जनतालाई सार्वभौम बनाउन कुनै कसर राखेनन् । नेताहरूको मुखबाट पनि सुनिने गर्थ्यो, 'यो संविधानले जनतालाई दिएको राजनीतिक अधिकार अब कसैले खोस्न सक्ने छैन ।' तर संविधान नै निलम्बित हुँदै आएको छ पटक पटक । निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको गणना कहिल्यै घट्ने गरेको छैन । राजनीतिक अधिकार के रहेछ के थाहा ती निरपेक्ष गरिबीमा डुबेका जनतालाई ।

निर्वाचनबाट बनेका सरकारहरूबाट पनि कानुनले व्यवस्था गरे अनुरूप जनता पूर्ण स्वतन्त्र रहलान् । निर्विवाद रूपमा मौलिक हकको उपभोग गर्न पाउलान् भन्ने आम अपेक्षा रहेको थियो । अहिलेको आन्दोलनबाट ल्याइएको 'प्रजातन्त्र' राजनीतिक दलहरूको स्वभाव, आचरण, व्यवहार र बदनामीमा हराएको जस्तो अवस्था नआउला भन्ने आशामा थिए, जनता तर आशङ्काका स्थानहरू अझ धेरै मात्रामा देखिए । किनकि नेतृत्व लगभग उही नै थियो । उनै अनुहारहरू दोहोरिइरहेका छन् ।

२०४६ सालमा पुनःप्राप्त प्रजातन्त्रलाई पनि, दलहरूको राजनीतिक अदूरदर्शीताले बदनाम तुल्याएको थियो । यो प्रजातन्त्र भ्रष्टाचारको कारण अपदस्थजस्तै भएको थियो भनेर विश्लेषण गरी चिरफार गरिएन भने नयाँ व्यवस्था पनि चिरस्थायी बन्न सक्दैन भन्ने निश्चितजस्तै थियो । त्यस्तोमा पनि सरकारले जनतालाई न राहत दिन सक्यो न देशलाई समृद्धिको बाटोतिर

डोऱ्याउन सक्यो । विगतका कमजोरीहरूलाई राजनीतिक रूपमा मात्र नभएर व्यवहारमा सुधार गरेर सबैलाई मान्य हुने प्रतिबद्धताका आधारहरू निर्माण गरिएन भने भ्रष्टाचार रोकिँदैन सुशासन पनि टिक्दैन भन्छन् पीवी पोखरेल ।

वास्तवमा भ्रष्टाचार अहिलेसम्म रोकिएको छैन । जनताले सुशासनको अनुभूति गर्न नै पाएका छैनन् । २०५७ सालदेखि २०५९ सालसम्म यो मुलुक र जनताका लागि जे जे हुनु पर्थ्यो त्यो केही हुन सकेन । सत्तामा पुग्नेले मात्र सुविधा बटुले । के के बटुले बटुले । जे जे सक्थे ती सबै बटुले । मोटर सुविधा, पेन्सन भत्ताको सुविधा, दोहोरो तेहोरो सुविधा बटुले । यसका विरुद्धमा देश र जनताको पक्षमा कोही चुइँक्कसम्म पनि बोलेनन् । तर तिनीहरूका विरुद्धमा धावा बोल्ने एउटै बहादुर योद्धा निस्के । ती योद्धा थिए भरत जङ्गम ।

तिनीहरूका विरुद्ध धावा बोल्दा कति धम्की आए आए, तर उनी किञ्चित डगेनन्, निर्भीक भई अगाडि बढिरहे । विजय हासिल गर्दै गए । जन्मभूमिले सेवाको आशीर्वाद दिएकी थिइन् सायद 'सदा विजयी भव' । जनताले बलिदान दिएर ल्याएको व्यवस्थामा पनि नेताहरूले भ्रष्टाचार, अनियमितता, नातावाद, कृपावाद, चाकडी चाप्लुसी गरिरहेका छन् । जोडतोडले व्यवस्थाको बदनाम गराइरहेका छन् । व्यवस्था प्रजातान्त्रिक हो भन्ने गरिन्छ । भ्रष्टाचारको यदाकदा आलोचना र टिप्पणी पनि गरिन्छ तर जनताबाट जनताले जनताका लागि प्रजातन्त्रको सैद्धान्तिक अधिकार प्रयोग हुनै सकेको छैन । नेतृत्वमा पुगेकाहरूबाट राष्ट्रहितका कार्यहरू नगर्नु, झन् जनहित विपरीतका कार्य गर्नु नै मूल भ्रष्टाचार हो ।

यही भ्रष्टाचारका विरुद्ध भरत जङ्गमले आलोचना मात्र गरेर बसेनन् । सडक, गल्ली र टोलटोलमा आमसभा गराएर जनतालाई भ्रष्टाचारका बारेमा सुसूचित गराए । सडकदेखि अदालतसम्म पुगे । असंवैधानिक निर्णयहरू खारेज गराए । यो नै उनको सबैभन्दा सराहनीय कार्य हो भन्छन् पी वी पोखरेल ।

भ्रष्टाचारको आर्जनले दीर्घकालसम्म फाइदा पुऱ्याउँदैन । अन्त्यमा

भ्रष्टाचारीहरू आफन्तबाट घृणित भएका उदाहरणहरू धेरै छन् । भ्रष्टाचारीलगायत सबैमा यो जनाकारी होला अवश्य तर पनि दिन दुगुना रात चौगुना भ्रष्टाचार बढिरहेको छ । यसको निदानको उपाय के ? मेरो प्रश्न । 'भ्रष्टाचार' जन निर्वाचित सरकार र प्रेस स्वतन्त्रता नभएका मुलुकहरूमा बढ्छ, भन्ने विश्वव्यापी मान्यता छ । भ्रष्टाचार छानबिनमा सरोकार राख्ने गैरसरकारी संस्थाले पनि त्यही मान्यतालाई पछ्याएका छन् ।

नेपालमा संविधानतः भ्रष्टाचार विरुद्ध छानविन र कारबाही गर्न संवैधानिक निकायको व्यवस्था छ । जननिर्वाचित सरकार छ । प्रेस स्वतन्त्रता पनि छ, प्रेसले पनि लेखिरहेकै छन् तर पनि भ्रष्टाचार बढ्दो रूपमा छ । किन ? भन्ने ठुलो प्रश्न सधै अनुत्तरित रहँदै आएको छ ।

नेपाली जनताको चाहनाअनुसारको परिवर्तन भए पनि त्यही चाहनाअनुरूप सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक र सांस्कृतिक क्षेत्रहरूमा विकास सुनिश्चित गर्न सकिएको छैन । भ्रष्टाचार नियन्त्रणको कार्यलाई अघि बढाएर परिवर्तित अवस्थाको उपलब्धि हासिल गर्न भरत जङ्गमजस्ता व्यक्तिको आवश्यकता भएको तर्क पनि पेस गर्छन् उनी । त्यसो भएन भने, 'हात्ती आयो हात्ती आयो फुस्सा' । अर्थात् जनता सधैका भोकानाङ्गा, नेता सधै मोटाघाटा, सुकिला मुकिला रहने छन् । परिवर्तर्तित अवस्थामा सत्तासीन पार्टी र नेताले देश र जनतालाई राख्नु पर्ने प्राथमितकतामा आफू र आफन्तलाई राखेको स्थितिमा भ्रष्टाचार घट्दो होइन बढ्दो क्रममै रहने छ ।

अन्त्यमा पत्रकारिता क्षेत्रमा समेत लामो समय कलम चलाएका भरत जङ्गमको जीवन कालमा नै सम्मान गर्न लागिएकोमा खुसी व्यक्त गर्दै पी वी पोखरेल भरत जङ्गम मोती महोत्सव समारोह समितिलाई साधुवाद टक्याउँदै, भरत जङ्गमको हीरक महोत्सव मनाउने अवसरको अपेक्षा गर्दै सुस्वाथ्य र दीघार्युको कामना गर्दछन् ।

खसोखास कुरो

बद्रीनाथ शर्मा पौडेल

त्यो भ्रष्टाचारी धमिरोले समाज, सरकार र नेताहरूलाई गलाउँदै लगेर राष्ट्र रुपी घरलाई ढलाउँछ । नेपालमा भ्रष्टाचार मौलाउँदै गएको देख्दा कताकता राष्ट्रलाई ढलाउँछ कि भन्ने डर लाग्छ मलाई ।

'भ्रष्टाचार अत्यन्तै निकृष्ट कार्य हो', यो सबैले बुझेको कुरा हो । किन कसैले पनि नबुझेजस्तो भएको छ । राष्ट्रले नियमको परिधिमा बाँध्न खोजेकै हुन्छ, किन बाँधिन्न ? 'भ्रष्टाचार गर्न हुन्न पनि भन्छन् सबै, तर पनि भइरहेको छ किन ? बद्रीनाथ शर्मा पौडेल भन्छन्, 'नैतिकताको अभावमा भ्रष्टाचार भइरहन्छ । नैतिकताको अभावमै भ्रष्टाचारको जड हो ।'

धर्म, संस्कृति, सामाजिक संरचना, राजनीति, आचरण आदिमध्ये नैतिकताको अभावलाई भ्रष्टाचारको मूल जड मान्छन् उनी । परिवेश लथालिङ्ग भएमा त्यो लथालिङ्गले भ्रष्टाचारी जन्माउँछ, हुर्काउँछ भन्ने मान्यता राख्छन् बद्रीनाथ । अनि त्यो धमिराले रुख ढलाएझैं भ्रष्टाचार धमिराले देश नै ढलाएर छाड्छ भन्दछन् ।

भ्रष्टाचार समयमा नियन्त्रण गर्न सकिएन भने भ्याङ्गिन्छ । त्यसैले यसमा सबैले चासो राख्नुपर्ने हो । हामीले किन राखेनौं राखेनौं । अझै पनि सबै सचेत बनौं भन्छन् बद्री । भ्रष्टाचारका प्रसङ्गमा भरत जङ्गमका कीर्तिहरू पढ्दा उनलाई जङ्गम नै खसोखास भ्रष्टविरोधी हुन् भन्ने लागेछ । भरत जङ्गमले भ्रष्टाचार विरुद्ध चलाएको अभियान र आन्दोलन सङ्घसंस्था, रेडियो, भाषण, पत्रपत्रिकालगायतका विभिन्न माध्यममार्फत अघि बढाउने काम गरे । त्यसको आशय भ्रष्टाचार निर्मूल थिएन, नियन्त्रण मात्र हो भन्छन्, बद्री ।

भ्रष्टाचारको अहिलेसम्मको इतिहास हेर्दा यो निर्मूल र निमिट्यान्न हुन नसक्ने विषय हो तर पनि भ्रष्टाचार नियन्त्रण गर्ने आफ्नो दायित्व पूरा गर्न कहिल्यै पछि नपर्ने भरत जङ्गम भ्रष्टाचार कसरी नियन्त्रण गर्ने भन्ने विषयमा विहङ्गम दृष्टि राख्छन् । नियमितताका साथ विभिन्न माध्यमबाट चेतना फैलाउने, नेता अनि सरकारलाई घच्घच्याइरहने, हल्लाखोर गर्ने उनको स्तुत्य प्रयासले राष्ट्रलाई भ्रष्टाचारको रोगबाट मुक्त गर्न पूर्ण सफलता मिलोस् भनी शुभेच्छा व्यक्त गर्दछन् बद्रीनाथ ।

व्यवस्थापन शिक्षामा भ्रष्टाचार सम्बन्धी अध्ययन

डा. भुवप्रसाद त्रिपाठी

"सायद उनी इतिहासको तेजवान् समयमा जन्मे, जसले उनलाई तेजगति दियो । जुन गतिले उनलाई समाजको मुहार फेर्नुपर्छ भन्ने बनायो । तेज गतिमा इतिहासका पानाहरू पनि भर्न लागे । उनले भरेका पानाहरू पढेर सायद इतिहास बोल्दै जाला । तर बोल्नेले सङ्का मेट्ला कि नमेट्ला । नेपालीहरू भने समयसँग सोधिरहने छन् तिनै पुरुष भरत जङ्गमको विषयमा ।"

देशमा बसेर देशको विकृति, विसङ्गति र भ्रष्टाचारका विरुद्धमा धेरथोर अरूहरूले पनि कलम चलाएकै हुनुपर्ने भन्ने तर्क राख्छन् डा. त्रिपाठी पनि । नेपालको अर्थ, राजनीति, प्रशासन न्यायलगायतका विभिन्न क्षेत्रहरूमा कलम चलाइरहने त्यस्ता व्यक्तिहरूमध्ये भ्रष्टाचार विरुद्ध बढी अध्ययन गर्ने र चिन्तित रहने व्यक्तिहरूमा अग्रपङ्क्तिमा पर्छन् भरत जङ्गम । भ्रष्टाचार विरुद्ध आफ्ना साहित्य र लेखनहरूमा भावना बगाइरहेका हुन्छन् उनी । घुस अनि लुटको राजनीति, भ्रष्टाचार निवारणमा सरकारले इच्छाशक्ति हराएको छ तर सिङ्गो पुस्ताको माग भ्रष्टाचार निवारण गर्नुपर्ने छ । न्यायाधीश न्यायमूर्तिमा परिणत हुन नसकेको न्यायिक अवस्था, बैङ्किक क्षेत्रको व्यवस्थापनले निर्माण गरिरहेको अन्योलग्रस्त अवस्था, अनियमितताजस्ता अहं मुद्दाका कुरा उठाएर देशको राजनीतिक, सामाजिक, आर्थिक र वातावरणीय विषयहरूमा समेत धारणा राख्दै आएका छन् भरत जङ्गमले ।

मानव सभ्यताको विकासले मानव विवेकमा ल्याउने परिवर्तनले समाजलाई प्रतिकूल असर पार्न सक्ने सम्भावनालाई न्यूनीकरण गर्न समाजले नै सामाजिक र पारिवारिक नियममा विशेष जोड दिँदै आएको छ ।

राष्ट्र र समाजमा वृद्धि हुँदै जाने आर्थिक कारोबारसँगै हुँदै जाने भ्रष्टाचारको विषयमा समाजले पनि आफ्नो धारणा विकास गर्दै ल्याएको छ । त्यसैले समाजमा सामाजिक नियम तोड्ने भ्रष्टाचारीलाई हेय दृष्टिले हेर्ने गरिन्छ । समाजले जति हेय दृष्टि लगाए पनि दुर्भाग्य शासकको कमजोरीको कारण भ्रष्टाचारीहरू समाजमा शिर ठाडो पारेर हिँडिरहेका छन् ।

सामाजिक विकासको वर्तमान अवस्थासम्म आइपुग्दा प्रविधि र ज्ञानको तीव्र रूपमा विकास भएको छ । भ्रष्टाचार पनि तीव्र रूपमा बढिरहेको छ । यसरी दैनिक रूपमा बढ्दै गएको भ्रष्टाचारलाई नियन्त्रण गर्न झनै कठिन बन्दै गइरहेको छ भन्छन् डा. भुवप्रसाद त्रिपाठी ।

डा. त्रिपाठी भन्छन्, 'भरत जङ्गम, भेट र बहसमा भन्ने गर्थे 'भ्रष्टाचार विरोधी विज्ञान पनि विकास गर्न सकिन्छ ।' साँच्चै प्रतिपादन गरेरै छाडे । त्यही विज्ञानअनुसार पाठ्यक्रम निर्माण गरेर विद्यालयस्तरबाट नै शिक्षा दिन सकिन्छ । भ्रष्टाचार सम्बन्धी खोजमूलक अध्ययन सामग्रीहरूको खोज सङ्कलन गर्न सकिन्छ । ताकि त्यस्ता सामग्रीहरूले विश्वविद्यालयका विद्यार्थीहरूलाई खोज, शोध र अनुसन्धानमा लाग्न प्रेरित गर्न सकुन् । यति लेखिरहँदा स्नातकोत्तर तहमा भ्रष्टाचार विरोधी विज्ञानको अध्ययन अध्यापन कार्य सुरु भइसकेको छ भन्ने जनकारी प्राप्त भएको छ । यसको मूल विषयमा शोधकार्य सुरु भइसकेको पनि छ । त्रिविबाहेकका अन्य विश्वविद्यालयहरूमा पनि अबदेखि स्नातकोत्तर तहमा भ्रष्टाचार विरोधी विज्ञान अध्ययन अध्यापन सुरु हुने कुरा बताउँछन् भरत जङ्गम ।

नेपालका सन्दर्भमा भ्रष्टाचार निवारण ऐन २०५९ र सोही ऐनको भाग २ अनुसार सजाय हुने कसुरलाई भ्रष्टाचार मानेर दण्ड जरिवानाको व्यवस्था गरिएको छ । उनी भन्छन्, 'विश्वका कयौँ मुलुकहरूले भोग्नुपरेको अराजकता, दण्डहीनता, मानव अधिकार उल्लङ्घन र गिर्दो जीवनस्तरका

साथै प्रजातन्त्रको मानमर्दनजस्ता कृत्यहरूको कारक तत्त्व 'भ्रष्टाचार' हो । तत्कालीन महासचिव (संयुक्त राष्ट्रसङ्घ) कोफि अन्नान पनि भ्रष्टाचारलाई एक असाध्य महारोग देख्छन्, त्यही मान्यता राख्छन् प्रजातन्त्रमा विश्वास राख्ने मुलुकहरू पनि ।

भ्रष्टाचार विश्वका धेरै मुलुकहरूमा होला । त्यसको मात्रा र रूप भने त्यस देशको विकासको स्तरअनुसार फरक फरक हुन सक्छ । कुनै मुलुकको प्रशासन उन्नत तह वा नीति निर्माण तहमा भ्रष्टाचार हुन्छ भने हाम्रा जस्ता मुलुकका सबै तहमा व्याप्त देखिन्छ । त्यसैले त भ्रष्टाचार विरुद्ध लड्दा विभिन्न मोर्चाहरूबाट लड्नुपर्छ भन्छन् डा. त्रिपाठी ।

जुनसुकै रूपमा होस् भ्रष्टाचार राष्ट्र र समाजका लागि अति हानिकारक नै हो । झन् राजनीतिक स्तरको भ्रष्टाचारले त देशलाई असाध्यै ठुलो क्षति गराउँछ । देशमा विभिन्न रूप र रङमा विभिन्न तहमा भ्रष्टाचार बढिरहेको देख्दा भ्रष्टाचारलाई केही गर्न सकिँदैन कि ! भन्नेहरू धेरै देखिन्छन् । यसलाई म वर्तमानको राजनीतिले ल्याएको अस्थिरताको निराशा मान्छु ।

दुई चार वर्षयता भ्रष्टाचार विरुद्धमा प्राज्ञिक बहस सुरु भएको देख्दा खुसी लाग्छ । डा. त्रिपाठी पनि खुसी व्यक्त गर्छन् । भरत जङ्गम पनि स्वयं पुगेका हुन्छन् बहसमा । त्यस्ता बहसहरू कहिले त्रिविमा हुन्छन् भने कहिले आङ्गिक महाविद्यालयहरूमा । भ्रष्टाचारका विरुद्धमा विद्यार्थी, प्राध्यापक र विज्ञहरूका बिच समय समयमा बहस चल्छ । भ्रष्टाचार विरोधी विज्ञान अध्ययन अध्यापनका लागि पनि अन्तरक्रिया सुरु गराएका छन् भरत जङ्गमले । जुन कुरा विश्वको शैक्षिक क्षेत्रमा नै नवीनतम प्रयोग हो ।

शिक्षाको उद्देश्य 'आदर्श नैतिकवान् नागरिक तयार पार्नु' हो । त्यसमा पनि व्यवस्थापन शिक्षाको उद्देश्य भ्रष्टाचार नियन्त्रण कसरी गर्ने भन्ने हुन्छ भन्छन् डा. त्रिपाठी । व्यवस्थापन शिक्षाले उत्पादन, वितरण र उपभोग प्रणालीलाई उत्तिकै महत्त्व दिएको हुन्छ । त्यसैले संस्थान र

सरकारी कार्यालयहरूले आफ्ना कर्मचारीहरूको उत्पादकत्व क्षमता बढाउन उनीहरूको समग्र विकासमा ध्यान पुऱ्याउँछन् पनि । शैक्षिक गुणस्तर अभिवृद्धिमा पनि उत्तिकै आग्रह गरिरहेका हुन्छन् । व्यवस्थापन शिक्षामा देशको समस्त अर्थव्यवस्था, व्यवस्थापन तथा विकासका लागि भ्रष्टाचारलाई मध्यनजर गरेर विविध पक्षमा अनुसन्धान गर्न पनि सिकाइन्छ ।

नेपालमा नीति निर्माण गर्ने माथिल्लो तहदेखि तल्लो तहसम्म भ्रष्टाचार हुने गरेको छ । अहिले सामान्य नजरले समाजको रूप हेर्दा लाग्छ, 'भ्रष्टाचार समाजको सदाचार हो' तर पनि आवाज उठिरहेका छन् । ती आवाज उठाउनेहरूमा भरत जङ्गम अग्रपङ्क्तिमा छन् । डा. त्रिपाठी त्यसतर्फ नीतिनिर्माण तहमा रहेकाहरू र जिम्मेवारी तहमा रहेकाहरूले नै ध्यान नदिने गरेको बताउँछन् डा. त्रिपाठी ।

भ्रष्टाचार विरुद्धको शिक्षा अध्ययन अध्यापन तहमा पुगेपछि अब भ्रष्टाचार सम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धानमा युवा विद्यार्थीलाई आकर्षित गर्नु राष्ट्का लागि टडुकारो आवश्यकता महसुस भइराखेको छ ।

काली मेची गण्डकी बाग्मतीले,
कर्णालीले पुण्य धौलागिरीले ।
भेरी कोशी एकमाला बनेर,
बेरेका छन् लाममा बेरिएर ॥८०॥

आफै राम्रो देश नेपाल मेरो,
हीरा मोती रत्नभण्डार मेरो ।
संसारैको उच्च सौजन्य मेरो,
सित्तै पाएँ भाग्य उत्कृष्ट मेरो ॥८१॥

–भरत महाकाव्य

भ्रष्टाचार विरोधी अभियन्ता

रामचन्द्र न्यौपाने

नेपाली समाजमा परिचय दिइरहन पर्ने व्यक्ति हैनन् भरत जङ्गम । जसले राजनीति छाडेर जनहितमा लागे । सायद उनले बुझेको हुनुपर्दछ, नेपाली राजनीतिले राजनीतिमा लाग्नेहरूमा अगस्ती भोक जगाउँछ । लोभ र लालचको कुण्ड 'भ्रष्टाचारमा' पुऱ्याउँछ । अहिले भ्रष्टाचार सरुवा रोगजस्तै व्यापक बन्दै गएको छ । त्यसलाई रोकथाम गर्न त्यसको विरोधमा लागेर भ्रष्टाचार विरोधी अभियन्ता बने भरत जङ्गम । भ्रष्टाचारका अभियन्ता मात्र कहाँ रामचन्द्र न्यौपाने भन्छन्, 'अझ भरत जङ्गमलाई भ्रष्टाचारको यमराज मान्छ समाजले' ।

भरत जङ्गमलाई भ्रष्टाचार विरोधी अभियान्ता मात्र मान्दा उनीमाथि अन्याय हुने देख्छन् न्यौपाने । उनी भरतको भ्रष्टाचार विरोधी अभियानमा लाग्नाको उद्देश्य खोतल्ने क्रममा डा.कामिल बुल्केको प्रसङ्ग उल्लेख गर्छन् । डा. बुल्के एउटा प्रसङ्गमा भन्छन् कुनै एक डच प्रोफेसर इन्डोनेसियाको जावाको गाउँ घुमिरहँदा एक जना मुसलमान मलय भाषामा रामायण पढिरहेको मानिसलाई सोध्छन्, 'तपाईं किन रामायण पढिरहनुहुन्छ ?' उत्तर आउँछ, 'अरू असल मान्छे बन्न सकूँ ।'

भरत जङ्गम भ्रष्टाचार विरोधी अभियानमा लाग्नुको मूल उद्देश्यबारे रामचन्द्र भन्छन्, 'आफू धवल छविको भएकाले सर्वत्र असतोमा सद्गमय' को स्थिति सिर्जना गर्नु हो । अनि नेपाली समाजलाई असल मानिसको समाज बनाउनु हो । उनी यसैमा क्रियाशील देखिन्छन् ।

भरत जङ्गम अन्याय अत्याचार सहन गर्न सक्नुहुन्न । अन्यायपूर्ण रवाफमा संसद्ले निर्णय गरेको सांसदहरूको पेन्सन भत्ता, गाडीको सुविधा, दुरुपयोग हुने गरेको सांसद विकास कोष खारेज गर्नुपर्दछ । किनकि ती नीति निर्माण तहमा गरिने गरेका भ्रष्टाचारका उत्कृष्ट नमुना थिए र यी उनका भ्रष्टाचार विरुद्धका सफलताका नमुना पनि हुन् ।

वर्तमानमा यस्ता भ्रष्टाचारको व्यापकता झन् बढेको छ । भ्रष्टाचार

विरोधी आवाज पनि प्रबल छ । रोक्ने प्रयास प्रबल हुन सकेन । त्यसैले हो भ्रष्टाचार बढ्दै गएको भन्छन् रामचन्द्र । भ्रष्टाचार रोक्न वा निर्मूल पार्न त्यसका कारणहरूको पहिचान गर्नु उत्तिकै जरुरी हुन्छ । त्यसका कारणहरू एक एक गरेर मेटाउँदै गए मात्र भ्रष्टाचार निर्मूल पार्ने सम्भावना रहन्छ ।

रामचन्द्र न्यौपाने अनुशासनहीनता, असत्य विचारहरू र मान्यताहरू, अर्थलोलुपता, सत्ता र पदको तीव्र मोह, सामाजिक जीवनमा निष्ठाको अभाव, प्रशासनिक कार्यकुशलताको अभाव, सामाजिक अन्धविश्वास, गरिबी, महङ्गी, अपव्यय, नियन्त्रण, दलगत राजनीति, पदमा अयोग्य र आफ्ना मान्छेको नियुक्तिलाई भ्रष्टाचारका कारण देख्छन् ।

समाजमा प्रायः सबैले भ्रष्टाचारका विरुद्ध औंला ठड्याउँछन् तर भ्रष्टाचार सरुवा रोगझैं फैलिरहेको छ । यसमा सूक्ष्म अध्ययन हुनुपर्छ । यसको प्रारम्भ कसरी भयो भन्ने कुरा पत्ता लगाउन जरुरी छ । यसै विषयमा भ्रष्टाचार विरोधी अभियान्ता भरत जङ्गमसँग रामचन्द्रले प्रश्न गर्दा 'जब हामी अनधिकृत वा गैरकानुनी रूपमा काम गराउन चाहन्छौं तब काम गर्न नमाने प्रलोभन दिन्छौं । अनि प्रलोभनले उसलाई भ्रष्ट बनाउँछौं । त्यो काम गराउन सफल हुन्छौं । भ्रष्ट भैसकेको ऊ अब कानुनसम्मत काम गर्दा पनि केही पाउने आशा राख्छ ।

हामी पनि दिन बाध्य हुन्छौं । फेरि कुनै पदमा भर्ना गर्दा अधिकारीहरूमा प्रतिस्पर्धीमध्येको सक्षम व्यक्ति आओस् भन्ने रहे पनि हामी प्रलोभन दिएर असक्षम उम्मेदवार चयन गराउन सफल हुन्छौं । यी रूपहरूबाट विस्तार हुँदै भ्रष्टाचार पद्धतिमा पुग्छ । यही अवस्थालाई भ्रष्टाचारका प्रारम्भका रूप हुन्' भन्ने जवाफ पाउँछन् । सायद सत्यको नजिक होला यो जवाफ ।

आफ्ना असक्षम उम्मेदवारलाई सक्षम बनाएर पदमा नियुक्ति दिलाउँदा राष्ट्र र संस्था दुवैलाई क्षति पुग्छ । भरत जङ्गमको भ्रष्टाचार विरोधी अभियानको उद्देश्य के हो भन्ने प्रसङ्गमा समाजमा आफू असल बन्ने भावना अन्तर्निहित रहेको देख्छन् रामचन्द । आफू बस्ने समाजका सदस्यहरूलाई शुद्ध र स्वच्छ बनाउँदै विश्वव्यापीकरणमा लाग्ने प्रयास हो भन्ने रामचन्द्र उनको लक्ष्यले सफलताको शिखर चुमोस् भन्ने कामनासमेत गर्दछन् ।

वीरोचित श्रेयष्कर कार्य

विष्णुगोपाल रिसाल

जन्मदेखि मृत्युसम्म जुन समाज र राष्ट्रमा रहन्छौं । त्यो समाज र राष्ट्रलाई हित हुने कसैलाई दुःख नहुने, सबै सुख शान्तिपूर्वक जीवन यापन गर्न सक्ने गरी समाज र सरकारले विधिविधान र कानुन निर्माण गरेको हुन्छ । जुन सरकारदेखि व्यक्तिसम्म सबैले पालना गर्नुपर्ने हुन्छ । ती नियम वा आचार पालना नहुँदा समाजलाई सभ्य समाजमा रूपान्तरण गर्न कठिन हुन्छ ।

हाम्रो सनातन धर्मको 'आचार परमो धर्मः' को सिद्धान्त परिपालना गर्ने विषयमा लक्ष्यित छ । आचार, सद्व्यवहार, नियम र निष्ठामा रहनुलाई उत्कृष्ठ स्थान प्रदान गरिरहेको छ । वैदिक सनातन धर्मले त्यस्ता नियम र आचरणलाई नियम कानुनमा पनि व्यवस्था गरिएको हुन्छ । यो व्यवस्था सामाजिक जीवन सौहाद्रपूर्ण राख्न र मत्स्यन्यायको अवस्था रोक्न निर्माण गरिएको हो । असल आचरणको पालना नभए सामाजिक जीवन विक्षिप्त बन्छ । आज नेपालको स्थिति ठिक यस्तै छ ।

नेपालमा पनि यस्ता नियम कानुन, संविधान र अड्डाअदालत नभएका होइनन् । पत्रपत्रिका र सञ्चार माध्यमहरूले कुनै न कुनै रूपमा सचेत नगराएका पनि होइनन् तर जनताले कष्टपूर्ण जीवन बिताइरहेका छन् । गतिछाडा भ्रष्टाचारीहरू मनोमानी गर्दै आएका छन् ।

समाजका विभिन्न विषयका विज्ञ हुन् भरत जङ्गम । उनले नेपालको विद्यमान ऐन, कानुन र संविधान विपरीतका क्रियाकलापहलाई आफ्ना विभिन्न लेख, रचना र पुस्तकहरूको बृहत् व्याख्याबाट समाज र राष्ट्रलाई झस्क्याउने गरी औंला ठड्याउँदै आएका छन् । विचार, अनुसन्धान र गहन अध्ययनले कुन व्यक्ति र संस्थाले कहाँ कुन रूपमा भ्रष्टाचार, अनाचार र दुराचार गरे भनेर स्थान र समय किटानका साथ बोल्न सक्नुलाई

अत्यन्तै वीरोचित श्रेयष्कर कार्य मान्छन् विष्णुगोपाल । भरत जङ्गम त्यस्तै बोलिरहेका हुन्छन् ।

२०३६ सालमा 'कालो सूर्य' लेखेर तत्कालीन व्यवस्थामा कसरी कुन किसिमबाट भ्रष्टाचार हुने गरेका छन् भनेर छर्लङ्गाए । अनि 'व्यूहचक्र', 'रातो घाम', 'प्रचास-प्रसङ्ग', 'भ्रष्टाचार : वैचारिक आन्दोलन' जस्ता ग्रन्थहरू प्रकाशन गर्दै राष्ट्रहित विपरीतका कृत्यहरूको झण्डाफोर गरिरहेका छन् । यस्ता महान् व्यक्तित्वमा समस्या औंल्याउने मात्र होइन समस्या समाधानका उपाय सुझाउने खुबी छ । यी कार्यले देश र जनतालाई घातक असर गर्न सक्छ भनेर देखाउने उनको कार्यलाई आँटिलो र जहरिलो कार्य मान्छन् रिसाल । यस्तो कार्य गर्दा कति धम्की आए होलान्, तर उनी किञ्चित डगेनन् । यस्ता भरत जङ्गमलाई इतिहासले के गर्ला नगर्ला भन्ने शङ्का लागेर आफूले प्रशंसा गर्दै महाधन्यवाद चढाउँछन् रिसाल ।

विष्णुगोपाललाई पनि लाग्छ भरत जङ्गमजस्ता व्यक्तित्वहरू चिरायु रहुन् । भ्रष्टाचार सम्बन्धी घटनाहरूलाई उदाङ्गो पार्दै व्यक्ति, समाज र राष्ट्रलाई चेतना छर्न सकुन् । अझ कर्मठ हुँदै अघि बढिरहन दत्तात्रेयले आशीर्वाद दिइरहुन् । उनलाई चौतर्फी आडभरोसा मिलिरहोस्, ताकि भ्रष्टाचारजस्ता अनैतिक कार्यलाई सरकार र नागरिकहरूले नियन्त्रण गर्न सकुन् ।

अँध्यारोलाई हटाउने सूर्य स्वयं कालो भएछन् भन्ने छाप जनताबाट सदाका लागि दूर होस् भन्दै राष्ट्रसेवक, कर्मठ व्यक्तित्व भरत जङ्गमलाई शुभेच्छा सुम्पन्छन् रिसाल ।

भ्रष्टाचार विरुद्ध विज्ञानको विकासमा सहयोग

डा. विहारीविनोद पोखरेल

भरत जङ्गमका भ्रष्टाचार विरुद्धका दशकौंदेखिका क्रियाकलाप हेर्दा भ्रष्टाचार विरुद्धको युद्धमा लागिरहेका उनी एकल विजेता हुन् । भ्रष्टाचारका विरुद्धमा जनचेतना र जागरण ल्याउन 'स्वतन्त्र विचार मञ्च' नामक संस्था खडा गरेर त्यसलाई पनि क्रियाशील राखेका छन् । यसै विषयमा उनले गरेको गहन अध्ययन र चिन्तनको फलस्वरूप प्रकाशित 'कालो सूर्य', ' व्यूहचक्र', 'रातो घाम', 'पचास-प्रसङ्ग', 'भ्रष्टाचार : वैचारिक आन्दोलन' भरत जङ्गम : विचार र दृष्टिकोणजस्ता पुस्तकहरू ज्यादै उपयोगी, विचारोत्तेजक, अनुसन्धानात्मक र समाजलाई अति उपयोगी देख्छन् डा. विहारीविनोद पोखरेल ।

डा. पोखरेललाई आफ्नो शिक्षण पेसालगायतका विभिन्न क्षेत्रमा तीन दशकभन्दा लामो अनुभव छ । उनले भरत जङ्गमका प्रकाशनहरू पनि राम्रोसँग अध्ययन गरेका छन् । तीमध्ये भ्रष्टाचार : वैचारिक आन्दोलन, भरत जङ्गम : विचार र दृष्टिकोणजस्ता पुस्तकहरू अझ देशको राजनीतिक, आर्थिक, संवैधानिक, न्यायिक र सङ्गठित संस्थानहरूमा हुने गरेका भ्रष्ट क्रियाकलापहरूप्रति समाजलाई सजग र सुसूचित गराउन बढी उपयोगी देख्छन् डा. पोखरेल ।

निर्भीकताका साथ विभिन्न मञ्चमा आवाज उठाउने भरत जङ्गमका अन्तर्वार्ता, चिन्तन, विचार र दर्शनका आधारहरू खोजी ज्ञान बाँड्ने अनि समाजमा प्रमुख शत्रुको रूपमा रहेको भ्रष्टाचारलाई मुक्त गराउने खालका हुन्छन् । सबैको चाहना बुझी मानवीय कर्तव्य पूरा गर्ने उद्देश्यमा गरिने चिन्तन उनले प्रस्ट्याउने गरेका छन् । असंवैधानिक, गैरकानुनी, न्याय र प्रशासनमा हुने गरेका भ्रष्टाचारहरू अनि व्यक्ति व्यक्तिको भ्रष्टाचारी चरित्र बुझ्नका लागि पनि यी अत्यन्त उपयोगी स्रोत सामग्री हुन सक्ने ठान्दछन् डा.पोखरेल ।

देश र समाजमा रहेको भ्रष्टाचारजस्तो विकृति हटाउन बेलाबेलामा उनले पत्रपत्रिका, रेडियो, एफ.एम, टेलिभिजन अनि अन्तर्वार्ता पनि दिने गरेका छन् । यस विषयको गम्भीरतालाई बुझ्न उनद्वारा प्रसारित सामग्रीले सजिलो बनाएका छन् । उनको यो कार्य पनि भ्रष्टाचार विरुद्धको सचेतना बढाउने सन्दर्भमा अति महत्त्वपूर्ण बनेको छ । त्यसैले यसलाई विश्वविद्यालयमा अध्ययन अध्यापन गराउनुपर्ने आवश्यकता पनि देखिन्छ । यसमा ध्यान जानुपर्ने विश्वविद्यालयको हो तर गएको देखिँदैन । भ्रष्टाचार विरोधी विज्ञानकै विकास हुन सक्छ भन्ने कुरामा जोड दिँदै विश्वविद्यालयमा भ्रष्टाचार विरोधी विज्ञानको अध्ययन अध्यापनको अनिवार्यतामा पनि जोड दिन्छन् डा. पोखरेल ।

यही सिलसिलामा डा. पोखरेलले व्यवस्थापन सङ्कायको प्राध्यापकका नाताले सम्बन्धित विद्यार्थी र प्राध्यापकको भेला गराउँछन् । प्रमुख वक्ताको रूपमा भरत जङ्गमलाई निम्त्याउँछन् । भ्रष्टाचार विरोधी विषयमा अन्तरक्रिया गराउँछन् । अनि यही विषयमा विश्वविद्यालय स्तरमा अध्ययन अध्यापन गराउने कार्यमा आफ्नो पूर्ण सहयोग रहने वचनबद्धता व्यक्त गर्दछन् डा. पोखरेल । भ्रष्टाचार नदेखिने अपराध हो । इच्छाशक्ति र इमानदारीताबाट मात्र यसलाई खुलासा गर्न सकिन्छ । यसको जति आवश्यकता छ उत्तिकै गहिरो अध्ययन पनि जरुरी छ ।

भरत जङ्गम भ्रष्टाचार विरोधी चिन्तक, विचारक, ज्ञाता र दृष्टिकोणका प्रस्तोता हुन् । सो विषयलाई पाठ्यक्रम र अनुसन्धानमा जोड दिनुपर्ने उनको विचार, चिन्तन र दृष्टिकोणलाई बधाई दिँदै डा. पोखरेल भन्छन्, 'भूत र भविष्य बनाउन खोज्दा हामी किन वर्तमानमा अल्झिरहेका छौँ । हिजोका राम्रा कार्यहरूको अनुसरण गर्दा आफ्ना कमजोरीहरू सुधार्न सक्यौँ भने उज्ज्वल भविष्य निश्चित छ । भविष्य उज्वल बनाउनतर्फ सोचौँ । राम्रो कार्य गर्न नसके पनि नराम्रो काम नगरौँ । अनि मात्र भरत जङ्गमको योगदानको साँच्चै कदर हुन्छ ।'

भ्रष्टाचार सम्बन्धी विषयवस्तुले पाठ्यक्रम प्रवेश पाउनुपर्छ

प्रा.डा. सर्वज्ञ मल्ल

प्रा.डा. सर्वज्ञ मल्ल र भरत जङ्गमको जन्म एउटै टोलमा भए पनि उनीहरूका बिचमा राम्रो परिचय हुन पाएको रहेनछ । यो सहरको विशेषता हुन सक्छ । जब प्रा.मल्ललाई भरत जङ्गमका बहुचर्चित उपन्यासहरू पढ्ने संयोग जुर्छ तब उनलाई लाग्छ, 'यी अदम्य सहसिला व्यक्तित्व रहेछन्' । मनले पनि भने छ, 'उनको प्रशंसा नगरी कसरी बस्न सक्छस् तँ ।' अनि भन्छन्, 'त्यसैले भरत जङ्गमका बारेमा दुईचार शब्द नकोरिरहन सकिनँ' । यस धर्तीमा सत्यको बोध र न्यायपूर्ण व्यवहार मनुष्य बन्न सक्नेहरूले मात्र गर्न सक्छन् । त्यसैले भरत जङ्गम स्वच्छ समाज निर्माण गर्न, प्रजातान्त्रिक आचरणको सुदृढीकरण गर्न र देशको विकास गर्न भ्रष्टाचारको विरुद्ध आन्दोलनको घोषणा गर्दछन् । एउटै व्यक्तिले यति ठुलो आन्दोलनको घोषणा गर्नु कम साहस र आँटको कुरा थिएन । यति मात्र कहाँ हो र अन्याय अत्याचार र भ्रष्टाचारका विरुद्ध कलम चलाइरहेका छन् । नेपाली समाजका बहुप्रतिभाशाली व्यक्तित्वको रूपमा आफूलाई स्थापित गरेका छन् ।

२०३६ सालमा प्रकाशित उनको 'कालो सूर्य' तत्कालीन व्यवस्थाको आर्थिक, सामाजिक विकृति र कुरीति विरुद्ध समाजमा चेतना जगाउने सशक्त माध्यम बन्यो । त्यसैले त लोकप्रिय साहित्यकारका रूपमा उनी स्थापित भएका छन् । कृति पनि १२ भाषामा अनूदित भइसकेको छ । अरू भाषामा पनि हुने क्रममा छ ।

भ्रष्टाचारीसँग नैतिकता रहँदैन, जे पनि गर्न सक्छ। त्यसैले भ्रष्टाचारीसँग समाज पनि डराउँछ । यस्तो कुरीति र कुसंस्कारको रूपमा मौलाइरहेको भ्रष्टाचार निर्मूल गराउनेजस्तो विषय बोकेर नेपाली समाजमा एक्लै

उभिएका भरत जङ्गम निर्भीक छन्, निडर छन् र त एक्लै उभिएका छन् ।

देशमा विद्यमान सामाजिक, आर्थिक र राजनीतिक अस्थिरताको कारण भ्रष्टाचारीले देशको आर्थिक संरचनालाई धराशायी बनाइरहेका छन् । सत्तामा बस्नेहरू त्यसमा संलग्न हुँदै आएका छन् । न्यायमूर्तिहरू बिकाउ छन् । सरकारी पदाधिकारी नै संस्थानलाई टाट पल्टाउन लागेका छन् । कारबाही गर्ने निकाय निष्क्रिय छ । जनप्रतिनिधिहरू ठुकुटी लुट्न व्यस्त छन् । आफैलाई पेन्सन भत्ताको व्यवस्था गर्छन् । महङ्गा गाडी सुविधा पाउने निर्णय आफै गरे । सांसद निर्वाचन क्षेत्र विकासको नाममा रकम विनियोजन गर्न सफल भए । संस्थानमा लुट मच्चाए । बैङ्कहरूमा प्रतीतपत्र घोटालाको काण्ड रचे । पदहरू कमिसनमा बिक्री गर्न थाले । थुप्रै थुप्रै यस्ता अनैतिक कार्य गर्न थाले जसले व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न गराएको छ ।

२०५६ सालदेखि नै भ्रष्टाचारका विरुद्ध विधिवत् रूपमा क्रियाशील भएका भरत जङ्गम ती विकृति, विसङ्गतिका विरुद्धमा अदालत पुग्छन् । सांसद पेन्सन भत्ता, निर्वाचन विकास कोष र गाडी सुविधा खारेज गराउन सफल हुन्छन् । तत्कालीन वायु सेवा निगम र बैङ्क प्रतीतपत्र घोटालाजस्ता काण्डहरूका गोप्य दस्ताबेजहरू प्रकाशित गरेर त्यसको सत्यतथ्य बारे जनतालाई सुसूचित गराउन सफल हुन्छन् । तर पनि ती भ्रष्टाचारीलाई कारबाही हुन सकेन । यसरी बढिरहेको भ्रष्टाचारका बारेमा 'निष्पक्ष साप्ताहिक'लाई अन्तर्वार्ता दिने क्रममा "वैज्ञानिक डकैतीको रूपमा भ्रष्टाचार बढिरहेको छ । कानुन बनाएर संस्थागत रूपमा लुटमा परिणत भएको छ । भ्रष्टाचार क्रमशः लुट र डकैतीमा परिणत हुँदै छ ।" भनी व्यक्त गरेका भरत जङ्गमका विचारप्रति टिप्पणी गर्दै उनी भन्छन्, 'के यो कुरा अत्यन्त दुःखदायी हैन र ?'

भरत जङ्गमको भ्रष्टाचार विरोधी अभियानलाई केवल भाषण, अन्तरक्रिया र लेखहरूमा मात्र सीमित नराखी विद्यालय शिक्षाद्वारा अभ

प्रचार प्रसार गर्नेतर्फ मेहनत गर्नु पर्ने मान्यता राख्छन् प्रा.मल्ल । त्रिभुवन विश्वविद्यालयका केही विद्यार्थीहरू अब यस विषयका शोधपत्र प्रस्तुतिमा संलग्न छन् भने कतिले यसलाई चुनौतीका रूपमा स्वीकार गरेर कार्य सुरु गरिसकेका छन् । ९५ प्रतिशत उच्च शिक्षाका विद्यार्थीहरू अध्ययन गर्ने त्रिविका विद्यार्थी र पदाधिकारीलाई सहमतिमा ल्याएर विषय प्रवेश गराउने कुरा कम आकलन गर्न हुँदैन भन्दै भरत जङ्गमलाई बधाई ज्ञापन गर्दै प्रा. मल्ल भन्छन्, 'त्रिविको इतिहासमा भ्रष्टाचार सम्बन्धी विषयको अध्ययन अध्यापन गर्ने कार्य भरत जङ्गमले नै सुरु गराएको कुरा निर्विवाद सत्य छ' ।

भरत जङ्गमलाई बधाई दिँदै प्रा. मल्ल भन्छन्, 'यस विषयलाई विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म कुनै न कुनै विषयसँग गाभेर अध्ययन अध्यापन गराउन सके भरत जङ्गमको भ्रष्टाचार विरुद्धको यो अभियानले ठुलो फड्को मार्ने छ । अनि भ्रष्टाचार उन्मूलन गर्ने आन्दोलन महत्त्वपूर्ण उपलब्धिका रूपमा देखिने छ' ।

कटु छ तिक्त र रिक्त छ काव्य यो,
भरत जङ्गमको इतिहास हो ।
जल छ सागर तुल्य प्रभाकर,
कुहुनिशा छ मनोभव जाँगर ॥९९॥

विवुध बन्धुसँगै छ निवेदन,
कृपणको कविता छ विवेचन ।
यति भनेर भएँ म पछिल्तिर,
नयन कल्मष काव्य सुधाकर ॥१००॥

–भरत महाकाव्य

परिच्छेद : आठ
खण्ड : क

'भरत जङ्गमाथि कवितात्मक उद्‌गार

"देशको इतिहास हाँसिरहेको बेला मात्र जनता आफ्नो जीवन सङ्घारमा रमाइरहेका हुन्छन् । भरत जङ्गमका एक एक सपना त्यही खोजिरहेका छन्, रोजिरहेका छन् । उनका एक एक पाइला त्यही पछ्याइरहेका हुन्छन् । ती एक सपना, एक एक पाइला जुगजुगसम्म बाँचिरहुन् मेरो हार्दिक पुकार ।"

नेपालको भविष्य नै तिम्रो हातमा छ

कवि इन्द्रप्रसाद गौतम

यहाँ मानवता नै छैन, त्यसैले अन्यायको सीमा छैन । यस बारे सोच्दासोच्दै चाँडै अँध्यारो भएजस्तै लाग्छ । अनि अँध्यारोमा आत्तिन्छु । सायद मजस्तै कवि इन्द्रप्रसाद गौतम पनि आत्तिएछन्, अँध्यारो देखेर अनि भरत जङ्गमलाई भन्छन्, 'देशको भविष्य तिम्रै हातमा छ, बचाऊ ।'

भारत वर्ष निर्माण गर्ने राजा भरतसँग तुलना गर्दै कवि भन्छन्, 'तिमी भरत जङ्गम होइनौ भरत हौ । तिमीले देशलाई माथि उठाउन सक्छौ ।' फेरि जङ्गमलाई जङ्गीको रूपमा राख्दै भन्छन्, 'तिमी जङ्गम हौ । त्यसैले देशमा विद्यमान कुसंस्कारहरूलाई हटाएर देशलाई सही दिशामा हिँडाउन सक्छौ । तिमीले भर दियौ भने हाम्रो भार हट्न सक्छ, बाँच्नुको सार बन्न सक्छ ।' तिमी भ्रष्टाचार विरोधी अभियानमा लागेका छौ, अझ सक्रिय भएर लाग । हामी साथ दिन्छौं । तिम्रो मार्गमा देशलाई हिँडाऊ । तिम्रो मार्गमा देश

हिँड्यो भने सही दिशा र गति लिने छ । तिमी अगाडि हिँड, हिडिरहू । तिम्रो वरिपरि रहने छौँ हामी ।

देश र जनतालाई माया गर्ने यहाँ थोरै मात्र मान्छे छन् । तिनमा तिमी एक हौ । यहाँ धेरै मान्छे छन्, जनताको निहुँ गर्छन्, आफ्नै पेट भर्छन् । तिनीहरूको हातबाट छुटाएर देशलाई उन्नतिपथमा लान खोज्ने तिमी, तिम्रो न्यानो माया सधै देशले पाइरहोस् । 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' देश रहे मात्र हामी रहन्छौँ । देश नरहे हामी रहँदैनौँ । देश बिग्रे हामी बिग्रन्छौँ, देश सडे हामी सड्छौँ, नेपाल नरहे नेपली रहँदैनौँ । त्यसैले देश बचाउन र बनाउन तिमीलाई दिन्छौँ भन्दै कवि इन्द्रप्रसाद देशको भविष्य भरत जङ्गमका हातमा सुम्पँदै भन्छन्, 'उनले गर्ने राष्ट्रहितका कर्महरू सफल रहुन् शुभकामना छ ।'

महाभ्रष्ट बन्ने नराखे कुइच्छा,
भएको छ दैनिन्दिनीमा परीक्षा ।
सबै पास होऊँ मनोमैल धोऊँ,
चिदानन्दको रागमा मग्न होऊँ ।१००॥

उन्नेपुष्प सुगन्धयुक्त कविता मेरो थियो चाहना,
आज्ञा भो शिवको समापन गरौँ चौधौँ महासर्गमा ।
कालोतिक्त अशिष्ट अर्पण गरेँ आठौँ महाकाव्य हो,
श्रद्धासाथ विनम्र अर्पण गरेँ मेरो महाभाग्य हो ॥१०१॥

–भरत महाकाव्य

मित्र

कञ्चन पुडासैनी

मित्र कविता शीर्षकमा कवि कञ्चन घिमिरे पुडासैनी लेख्छन्, 'मित्रका धेरै रूप हुन्छन्। तीमध्ये कति मित्र बनेर, मौका साँधेर धोका दिन्छन्। त्यस्ता मित्रलाई सदाका लागि त्याग्नुपर्छ। त्यस्ता व्यक्ति आततायी हुन्छन्, बैगुनी हुन्छन्, धूर्त हुन्छन्। तिनीहरू सर्वथा नैतिकताविहीन हुन्छन्। लज्जारहित पनि हुन्छन्। त्यसैले अरूको दुःखकष्टमा रमाउँछन्। तिनीहरूलाई जति आलोचना गरे पनि फरक पर्दैन। सर्पलाई जति दुध पिलाए पनि विष ओकल्न छाड्दैन।

कवि पुडासैनीका मित्रहरूमा असल मित्र हुन् भरत जङ्गम। उनको सम्झना मात्र गर्दा पनि कविको मनमा भद्रता र आनन्द वास बस्न आइपुग्छ किनकि उनी आफ्नो कर्ममा पूर्ण सफल व्यक्तित्व हुन्। उनको बहुआयामिक व्यक्तित्व प्रतिष्ठित भएको छ। कवि भन्छन्, 'उनमा छुद्रताको अंश मात्र पनि छैन। देख्छु भरीभरी विवेक देख्छु। मन राष्ट्रिय चेतनाले जागृत छ। यस्ता मेरा मित्र भरत जङ्गम मेरा सम्झनाका बिचबिचमा आइरहन्छन्।'

सुख दुःखमा साथ दिने असल मित्र दुःखमा सम्झनाको उच्च बिन्दुमा रहन्छन्। भरत जङ्गम कविका त्यस्ता मित्र हुन् जो दुःखको सम्झनामा रहिरहे। उनी भन्छन्, 'यस्तै असल मित्र बनाऊ। आफूले भलो चाहँदा चाहँदै उल्टो कुभलो चिताउने मित्र नबनाऊ। मित्रको कुभलो चिताउने मित्रहरू आतयायी हुन्छन्, दुःखदायी हुन्छन्। भनेको पनि छ, 'मित्र रोज विवेकपूर्ण जसमा सबैलाई समान रूपले माया गर्ने खुबी छ। देशका लागि जनताको मन जागृत गराउने खुबी छ' जस्तै भरत जङ्गम।

भरत जङ्गम राष्ट्रविभूषण

कविप्रसाद प्याकुरेल

भरत जङ्गम राष्ट्रविभूषण भन्ने शीर्षकमा कवि कविप्रसादले भरत जङ्गमलाई राष्ट्रविभूषण मानेका छन् । उनी साँच्चै राष्ट्रका विभूषण हुन् । राज्यले मान्न सक्छ कि सक्दैन त्यो आफ्नो ठाउँमा छ तर उनी जनताका मनमनमा बसेका छन् । कविप्रसाद कवितात्मक लयमा लेख्छन्, २००४ सालमा गोविन्दहरि जङ्गमका पुत्र रत्नका रूपमा जन्मिएका उनमा 'हुने बिरुवाको चिल्लो पात' भने झैँ सानैदेखि शान्त, रमणीय, उदार र नूतन भावका रूपका रेखाहरू देखिन्थे । ती रेखाहरू अहिले पूर्ण रूपमा देखिन्छन् । जुन जननी र जन्मभूमिप्रति अर्पित सत्यं, शिवं, सुन्दरम्को भावमा भेटिन्छन् ।

कवितामा भन्छन्, कवि २०१८ सालमा गीत र कविता लेखनबाट साहित्य यात्रा सुरु गरेका उनी आफ्नो शैक्षिक यात्रापछि रेडियो पत्रकारितातिर लाग्छन् । त्यसपछि जागृति, मातृभूमि र समीक्षामा काम गर्छन् । २०२९ सालमा आएर गुठी संस्थानको धर्म दर्शन पत्रिकामा सम्पादकको रूपमा काम गर्छन् । जसले गर्दा लेखन कलामा ध्यान मोडिन्छ । ग्रहस्थाश्रमको समय आयो । सावित्री जङ्गमसँग विवाह बन्धनमा बाँधिन्छन् । अनि उनको साहित्य यात्रा सुरु हुन्छ । २०३६ सालमा उनको विवेक र चिन्तनबाट अन्याय र अत्याचारको विरुद्ध 'कालो सूर्य' उदायो । त्यसले देश र परदेशमा खुबै चर्चा बटुल्यो । धेरै भाषामा प्रकाशित भयो । साहित्यकै प्रसङ्गमा कवि प्याकुरेल भन्छन्, 'त्यसपछि प्रकाशित 'व्यूहचक्र', 'रातो घाम', पनि धेरै भाषामा प्रकाशित भए । धेरै भाषीले पढ्न पाए ।'

पचास-प्रसङ्ग, पचासओटा प्रसङ्गहरूको सङ्ग्रह, भ्रष्टाचार : वैचारिक

आन्दोलन, भरत जङ्गम : विचार र दृष्टिकोणमा उनका विचार सिद्धान्त र दृष्टिकोणहरू पोखिएका छन् । ती पोखिएका विचारहरूले उनलाई सबैको प्रियजन बनाएको छ । ती सबैका प्रियजन भरत जङ्गमको साठीऔँ वर्षको शुभमहोत्सव सौभाग्यशाली र सुमङ्गल बनोस् भन्दै कविप्रसाद शुभकामना दिन्छन् । उनी भरत जङ्गमलाई भरत भनेर सम्बोधन गर्दै; तिमी एक हैन अनेक बन । नथाक्ने गरी अगाडि सर । तिम्रो उज्ज्वलता तिम्रै विवेक र चिन्तनबाट फैलिरहुन् जसले तिमीलाई अनेकनमा एक बनाउने छ । म पनि साथी हुँ, पाठक हुँ । तिम्रा पुस्तक पढ्न पाइरहूँ अनुराग पाइरहूँ । तिम्रो जीवन जगमगाई रहोस् । सुन्दर जीवनसँग मन रमाइरहोस् । देशबाट विकृति र विसङ्गति हराइरहोस् । सबैमा प्रसन्नता, शान्ति र समृद्धि आओस् हार्दिक शुभेच्छा ।

कालो रावण हो कलङ्क कुलको संहारको कारक,
बेलैमा नबुझे र याद नगरे जल्नेछ लङ्का सब ।
को कालो अथवा बुझेर सुकिलो चिन्ने र छान्ने गरौँ,
कालोको इतिहास नाश छ हुने हामी अगाडी सरौँ ॥१०१॥

लगाएर पर्दा उतातर्फ हेर,
गरे चिन्तना चित्त भित्रै छ चोर ।
यसै चोरले हर्छ सर्वश्व हाम्रो,
चिने मात्र संयोग जुट्नेछ राम्रो ॥९७॥

–भरत महाकाव्यबाट

देखौं सधैं मङ्गल

मदनमोहन मिश्र

न्यायालयलगायतका विविध क्षेत्रबाट राष्ट्रलाई निचोर्नसम्म निचोरेर आफ्नो छवि रित्याएका नामधारी नेताहरू विरुद्ध उदाउने सूर्य कालो हुन्छ भन्दै कालो सूर्यका लेखक भरत जङ्गमलाई अभिनन्दन चढाउँछन् कवि मदन मोहन । तर भरत जङ्गमका सुनौला अक्षरमा लेखिने इतिहासका पानाहरूले प्रकाश पार्ने सूर्य भने अतुल ज्योतिर्मय देख्छन् उनी ।

धार्मिक स्थल, आर्य संस्कृतिको अन्वेषण, अनुसन्धानमा उनले गरेको कदर स्वरूप भरत जङ्गमको कुल वृद्धि होस् । साथै भक्तपुरको विकासमा लागेका उनका कदम अझ दरिला बनुन् भन्दै अभिनन्दन चढाउँछन् । भरत जङ्गमलाई सदा मङ्गलमय देख्न पाऔं भन्दै कवितामा पुकार गर्छन् कवि मदन मोहन ।

यस कवितामा उनको भनाइ छ, भरत जङ्गमको कलमबाट राष्ट्र र समाजलाई सभ्य बनाउन निर्माण गरिएका सम्पदाहरू जेजति छन् तिनको संरक्षणतिर अझ कडा भएर लाग भनेर समयले अनुरोध गरिरहेको छ । परिश्रमका पत्थरमा बगिरहने जल पवित्र तीर्थजलजस्तै कञ्चन र पवित्र हुन्छ । यो अमृत नै हुन्छ भन्छन् ।

कवि देख्छन्, 'इतिहासदेखिका विकृतिहरू यहाँ खुला रूपमा वास बसिरहेका छन् । जसले निराशा थपिरहेका छन् । शान्ति हराएको छ तर शान्ति खोजे प्राप्त गर्न सकिन्छ । भरत जङ्गमलाई त्यही शान्तिको खोजीमा लागेको देख्छन् । परिश्रम गर्दा दुःखकष्ट हुन्छ नै तर त्यो स्थिर आनन्दको मार्ग हो । जसको आनन्द स्वर्गीय हुन्छ ।

कविलाई अचम्म लागेछ, सोध्छन् उनीबाहेक अरूले शान्तिको अपहरण किन भयो भनेर नसोधेकोमा । यहाँ शान्ति हराउँदा सुखसँग बाँच्न गाह्रो भो । त्यसैले यो शान्ति सूर्यले आफ्ना तेजिला प्रकाशहरू छरिरहुन् । चन्द्रमाले जोस जाँगर दिउन् । अनि अन्य ग्रहहरूले ज्ञान बुद्धि विवेक दिउन् भन्दै पुकार्छन् कवि । जङ्गमले चिताएको पुगोस् । आठौं दिशा मङ्गल रहोस्, यो भूमिको मङ्गल होस् भन्ने कामना गर्दछन् । पुकार्छन् मङ्गलमूर्ति गणेशलाई पनि । उनका सबै अशुभ हराउन्, सर्वत्र मङ्गल फैलियोस्, उनलाई मङ्गलमय देख्न पाऊँ ।

वीर भरत जङ्गमलाई धन्यवाद

मुक्तिनाथ शर्मा

देश र जनताका लागि कसैले गरेका सुकर्मका चाङ देख्दा चोखो मन हुनेहरू हेरेर मात्र रहन सक्दैनन् । त्यस्ता व्यक्तिउपर आभार व्यक्त गर्न खोज्छन् । कृतज्ञता प्रकट गर्न खोज्दछन् । धन्यवाद दिन खोज्दछन् । भरत जङ्गमले राष्ट्रका लागि गरेका कामहरूको फेहरिस्त लगाएर सकिँदैन, त्यसैले कवि मुक्तिनाथ कविता कोरेर धन्यवाद दिन्छन् । 'वीर भरत जङ्गमलाई धन्यवाद ।'

देशमा ठुलाठुला भ्रष्टाचारको बिगबिगी, अन्याय अत्याचारको सीमा बढिरहेको थियो । सरकारी स्तरबाट गरिने जनताका काममा अत्यन्त ढिलासुस्ती थियो । नगर्ने, गर्न नहुने कामहरू भइरहन्थे । हुनुपर्ने काम हुँदैनथे । जनताले दुःख भोगिरहेका थिए । यो दुःख भोगाइले सोचमग्न तुल्याउँथ्यो जनतालाई 'यस्तो अवस्थाको अन्त्य कहिले होला ।' कोही न कोही अवश्य उठ्ला, आशा राख्थे कोही न कोही देशका लागि अवश्य उठ्ला ।' कोही न कोही उठ्नै पर्ने थियो, भरत जङ्गम उठे । लाग्नै पर्ने थियो भ्रष्टाचारको विरोधमा, लागे ।

भ्रष्टाचारका गोप्य दस्तावेजहरू खोजखाज गरेर निकाले । जनतामाझ राखिदिए । सडकदेखि अदालतसम्म पुगे । भ्रष्टाचारको विरुद्धमा भाषण ठोके । लेख रचनाहरू प्रकाशित गराएर भ्रष्टाचारको भण्डाफोर गरे । पत्रिकामा त्यस विरुद्धका रचनाहरू लेखिरहे, पुस्तकहरू लेखे । त्यसमा समाविष्ट भएका सन्देशहरू हेर्दा कविलाई लागेछ, 'अब केही हुँदै छ । जुन पहिला भएकै थिएन ।'

कवि भन्छन्, 'कसैले त आँट गर्नुपर्ने थियो, उनले गरे ।' यस्तो कार्य अरू धेरै सज्जनहरूले गरे देशको अवस्था छिट्टै सुधिन सक्छ । भ्रष्टाचार, अनाचार र अन्याय विरुद्ध भरत जङ्गम लागिरहेका छन् । यस्तो आँट गर्ने वीर भरत जङ्गमलाई धन्यवाद दिनै पर्ने ठान्दछन् कवि ।

भरत जङ्गम शेर हुँकार्दछन्

रमेश खकुरेल

'परोपकार पुण्याय....।' यो पुर्खाले पाल्दै आएको संस्कार । संस्कार छाड्दैनन् सदा परोपकारमा जुट्छन् भरत जङ्गम । देशका लागि मरि मेट्छन् । त्यसैले उनलाई श्रीकृष्ण भगवान्को शारीरिक रङसँग तुलना गर्छन् कवि । उनको शरीरको रङ कृष्णको जस्तै छ । हृदय पनि उस्तै छ । शुद्ध तथा साङ्ग सफा छ । नाममा जङ्गम छ, जङ्गमको जस्तै काम छ । सहृदयीको लागि हृदयङ्गम छन् । दर्जन दुष्टका लागि धनुर्धर अर्जुनका सारथि वासुदेवजस्तै छन् ।

रसिकता छरियोस् उनमा, चिनियोस् नचिनियोस्, दृढता कतै किन नजकडियोस् उनका भावहरू सलल्ल बगेका हुन्छन् । लेखहरूका परि स्थितिको वर्णनका दृश्यहरू आँखामा सलबलाउन आइपुग्छन् । यस्ता लेखहरू समाविष्ट किताब पाठकहरू मायाले एकैछिन नछाडीकन पढ्छन् ।

कविको कविता बोल्छ- जब बलियोले निर्धोलाई थिचोमिचो गर्छ, त्यसको विरुद्धमा हुँकार भर्छन् भरत जङ्गम । अनि हुँकारको अगाडि काँप्दै भाग्छन् दुर्जन दुष्ट र द्रोहीहरू । जसरी शेरको हुँकार सुनेर स्याल भाग्दछन् । जहाँ विकृति, विसङ्गति छ, भ्रष्टाचार दुराचार छ तहाँ पुग्छन् भरत जङ्गम । पीडितलाई साथ दिन्छन् । जीवन दिनै परे पनि तम्सन्छन् भरत जङ्गम । त्यसैले सदा न्यायको पक्षमा हुँकार भर्ने भरत जङ्गम अविष्मरणीय छन्, बन्दित छन भनेर कविता कोर्छन् कवि ।

जङ्गमका कृति

राधेश्याम भट्टराई

सायद जनता त्यति बेलासम्म सुतिरहेका थिए । जति बेलासम्म ‘ कालो सूर्य’ उदाएको थिएन । भरत जङ्गमको ‘कालो सूर्य’ उदाएपछि, जनताका कान ठाडो हुन थालेका छन् । उनीभित्र बढ्दै गएको नैतिक शक्ति, विश्वास अनि भ्रष्टाचारले ल्याएको आवेगले बदलेको शक्तिमा उदाएको हो ‘कालो सूर्य’ । त्यही आवेगले उनलाई विश्वप्रसिद्ध साहित्यकार बनायो । भ्रष्टाचारका विरुद्धमा लगायो । सफल अभियन्ता बनायो ।

कवि राधेश्याम भट्टराई ‘जङ्गमका कृति’ शीर्षक राखेर कवितामा लेख्छन् : भरत जङ्गम नेता हैनन् । उनी आफ्ना मुखबाट बोलीका गोलीबाट, लेखरचनाहरूबाट अनि साहित्य सिर्जना गरेर समाजका विकृति, विसङ्गति विरुद्ध तिखो प्रहार गर्छन् । त्यसैले उनका सिर्जनाहरू समाजमा प्रिय बनेका छन् । बहुभाषीबिच रमाउँदै डुलिरहेका छन् ।

सिर्जना ‘व्यूहचक्र’ अङ्ग्रेजी, मैथिली, हिन्दी, जापानी, भाषाको सङ्गम बनेको छ भनेर बताउने कवि, कवितामा लेख्छन्, ‘उदायो ‘कालो सूर्य’ अङ्ग्रेजी, मैथिली, हिन्दी, जापानी, चिनिया, बङ्गाली, असमी, ऊर्दु, नेवारी रुसी र कन्नड भाषामा घुम्दै छ, प्रिय बन्दै छ । फेरि ‘रातो घाम’ उदाउँछ । तिब्बती संस्कृतिको विपन्नतामा तिब्बतीपनका ती दिनहरू अङ्ग्रेजी, हिन्दी, असमी भाषामा उल्थिएका छन् । तिनै भाषीहरूको मनमा डुलिरहेको छ ।

देशले भोगेका अनैतिकताका प्रसङ्गहरू कोरिँदा सिङ्गो पचास-प्रसङ्ग बन्यो । त्यसभित्र उनको राजनीतिक चेतना भेटिन्छ । प्रायः दैनिकजसो घटिरहने घटनाहरूले मन हुँडुलिएर होला त्यस्ता भ्रष्टाचारीका विरुद्ध खबरदारी गरिरहेका छन्, डुल्दै जहाँतहाँ ।

भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता प्रबन्ध लेखहरूमा खरो उत्रिएको देख्छन् कवि । उनी भ्रष्टाचारीमाथि जाइलाग्ने मात्र हैनन्, उनीसँग त देशको उन्नति कसरी गर्ने भन्ने गहन विचार र दृष्टिकोण देख्छन् कवि ।

यस्तै जुझारु व्यक्तित्व फुल्नुपर्दछ राष्ट्रमा

श्रीराम पौडेल

हाम्रो देश चार वर्ण छत्तिस जातको फूलबारी हो । विभिन्न आकार र रङमा फुलेका फूलहरूले फुलबारीलाई जगमग तुल्याइरहेका हुन्छन् । मानौं यहाँ साक्षात् इन्देणीको उपस्थिति छ । हामी विभिन्न जातजातिमा छरिएका छौं । आकृति हाम्रो भिन्दाभिन्दै होला भाषा भिन्दाभिन्दै छ । भिन्दाभिन्दै छ संस्कृति पनि । बसोवास हिमाल पहाड तराईमा हो । तर हामी सबै एक हौं । सबैको एउटै छ देश नेपाल । यही भावनाले झलमल्ल छ देश ।

यही फुलबारीमा कति फूल कोपिला जन्मे । कति फुलिरहेका छन् फूल बनेर कति तारा बनेर नेपालको आकाशमा चम्किरहेका छन् । कति स्रष्टा बने सचेतना जगाउने । कतिले साहित्य रचे अमर बनाउने, अभय जगाउने । आदिकवि भानुभक्तदेखि वर्तमानसम्मका कविरूपी फूलहरू फुलिरहेका छन्, मगमग बासना छर्दै ।

त्यस्ता मगमगाउने, सचेतना जगाउने, साहित्य रच्ने अभय जगाउनेमध्येका एक स्रष्टा हुन् भरत जङ्गम । कवि श्रीराम पौडेल उनको कवितामा चर्चा गर्दछन् ।

भक्तपुर निवासी गोविन्दहरि जङ्गमका सुपुत्रका रूपमा जन्मेका भरत जङ्गमको साहित्यको औपन्यासिक विधामा नरोकिईकन कलम दौडन्छ । त्यो दौड्ने कलममा देशको मार्गचित्र, तस्बिर उतार्ने खुबी छ । जति पनि कृतिहरू उनको कलमबाट जन्मे ती देश र समाजका खातिर थिए । ती अत्यन्त असल साहित्यका गुणहरू हुन् । त्यसैले उनका कृतिहरूले अन्तर र्ाष्ट्रिय चर्चा बटुले ।

साहित्यलाई समाजको दर्पण पनि भन्ने गरिन्छ । अति तीक्ष्ण बुद्धि र विचारका बनी उनका साहित्यहरूमा मानव चित्रहरू देखिन्छन् । मानव कल्याणमा ओतप्रोत छन् । छत्तिस सालमा उदाएको 'कालो सूर्य' लाई तत्कालीन व्यवस्थामा सामाजिक अवस्थाको दर्पण पनि भनिन्छ । त्यसपछि

व्यूहचक्र निस्क्यो । त्यो सामाजिक सन्दर्भहरूको पोको थियो । अनि पचास सालमा 'रातो घाम' झुल्क्यो । अनि भ्रष्टाचार विरुद्धको वैचारिक आन्दोलनले देशभक्ति जगायो । देशभक्त उनी, अन्यायपूर्ण तरिकाले अनधिकृत रूपमा सांसदहरू मिलेर आफ्ना लागि आजीवन पेन्सन भत्ता पाउने निर्णय गरे । त्यस्तो भ्रष्टाचारको विरुद्ध साहित्य, पत्रकारिता न्याय र कानुनका क्षेत्रबाट त्यस्ता भ्रष्टाचार विरुद्धका मुद्दा सर्वोच्चसम्म पुऱ्याए । निर्णयहरू खारेज गराए ।

उनी राष्ट्रहितका विचारले भरिपूर्ण छन् । राष्ट्र अनि राष्ट्रहितका कुराहरू सुसूचित गराउने भरत जङ्गम साहित्य, पत्रकारिता र कानुनी क्षेत्रबाट अन्यायमा परेकालाई न्याय दिलाउन, निम्छरा निमुखालाई न्याय मुक्ति दिलाउन प्रखर छन् । त्यतिमात्र कहाँ हो र भ्रष्टाचार विरुद्धको विषयलाई विश्वविद्यालय तहसम्म अध्ययन अध्यापन गराउन सक्रिय छन् । राष्ट्र र सरकारलाई सुझाव दिइरहेका हुन्छन् । यो विषयलाई विश्वविद्यालय तहसम्म अध्ययन अध्यापन गराउन सके देशमा भ्रष्टाचार नियन्त्रण हुन सक्थ्यो, देश माथि उठ्न सक्थ्यो भन्ने आशा राख्छन् कवि पौडेल ।

कवि कामना गर्दछन्, यी सच्चा विचारका धनी भरत जङ्गमका विचार हरूमा कतै घुन नलागोस् भनेर । किनकि उनमा राष्ट्र, राष्ट्रियता र सच्चा राष्ट्रभक्तिको विचार छ । त्यस्ता व्यक्तित्वहरूका बोली, व्यवहार र कर्मले व्यक्तित्वमा आदर्श थपिरहेको हुन्छ ।

समाजमा अन्याय, अत्याचार र भ्रष्टाचारको विरुद्धमा विरोधको भाषामा आगो ओकल्ने धेरै हुन्छन् तर त्यो विरोध केवल आफ्नो स्वार्थसिद्धिका लागि हुन्छ । भरत जङ्गम आफ्ना लेख, अन्तर्वार्ता अनि साहित्यका माध्यमबाट निःस्वार्थ विचार राख्नमा सफल छन् । समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचारको चिरफार गर्न उनको कलम कति कति सफल छ भन्छन् कवि । राष्ट्र र समाजका लागि त्यसरी आफ्नो ज्ञानको गङ्गा बगाउन सक्ने क्षमता सबैमा कहाँ हुन्छ र ? उनी आफ्ना भाव र विचारले सत्यको गहिराइ छुन सक्छन् । त्यसैले आदर्शले उचाइ छोएको छ ।

भरत जङ्गमको निष्ठा, विचार र दृष्टिकोणमा सच्चा राष्ट्रवादी भाव

झल्किएको जुझारु व्यक्तित्व देख्छन् कवि । उनी मात्र हैन उनीजस्ता जुझारु व्यक्तित्वहरू फुलुन् भन्ने चाहना राख्छन् कवि । त्यस्ता धेरै फूल फुले भने ती फूलको सुगन्ध राष्ट्रमा मात्र होइन, अन्तर्राष्ट्रिय जगत्मा पनि फैलन्छ । कवि आह्वान गर्छन्, 'फटाहाहरूको भ्रष्टाचारको जालो तोड्न हामी सबै उनी सरी हुनुपर्दछ ।'

भ्रष्टाचार विरुद्धको अभियानको नेतृत्व उनी अहिले पनि गरिहेका छन् । उनको त्यो अथक परिश्रमको मूल्याङ्कन राज्यले कसरी गर्छ हेर्नु छ । भ्रष्टाचार विरुद्धको अभियानमा सक्रिय रहन 'स्वतन्त्र विचार मञ्च' को स्थापना गरे । त्यसको मूल उद्देश्य हो : देशभरका कवि, लेखक, वकिल, पत्रकारलगायत समाजका प्रबुद्ध वर्गलाई समावेश गराएर धर्म, संस्कृति, साहित्य, पुरातात्त्विक विषयमा न्याय, कानुन, प्रशासन र राजनीतिक क्षेत्रबाट उच्च नैतिक मूल्यमान्यताको साथ देश र समाजको सेवा गर्नु ।

देशवासीहरूमा नैतिक मूल्यमान्यताको कहिल्यै अभाव नहोस् भनेर आग्रह गरिरहने भरत जङ्गम झुटा कहिल्यै नबनुन् भन्ने आग्रह गर्छन् कवि । सदा उच्च विचार राख्ने भरत जङ्गम उनको विचार, दर्शन र साहित्यको चिन्तन राष्ट्रको सीमाभित्रै कोरिएको हुन्छ । राष्ट्रलाई शिरमा राखेर साहित्यको साधना गर्छन् उनी । यही निःस्वार्थ त्यागमा उनका बहुआयामिक गुणहरू उत्पन्न भएको हुनुपर्दछ । त्यसैले भनिन्छ, 'सच्चा कर्म गरे मात्र व्यक्ति अमर हुन्छ ।'

अन्त्यमा कवि कामना गर्छन्, 'उनका कार्य, कृतिहरूले उनलाई अमर बनाइरहुन् । देश उत्थानको मार्ग प्रशस्त गर्न सकुन् । उनको नाम अमर रहोस् । कालजयी बनिरहुन् भन्दै कवि भन्छन् म यिनै शब्दले शुभकामना दिन्छु ।

परिच्छेद : आठ

खण्ड : दुई

भरत जङ्गमप्रतिको चिन्तन अक्षरका खेलाडी

इन्दिरा प्रसाई

आफ्नै आफन्तले 'मऱ्यो' भनेर घोषणा गरेका थिए तर उनलाई त्यो खबरले अक्षर नै मरेको अनुभूति दिइरहेको थियो । मनले पनि प्रश्न गर्छ 'के साच्चै अक्षरकै मृत्यु भएको हो र ?' यही प्रश्नले उनलाई अत्याइरह्यो । यो प्रश्न कसलाई सोधूँ भन्ने लागेछ । मन सोझिन्छ भरत जङ्गमतिर । 'उनी हुन् अक्षरका खेलाडी, उनैलाई सोध्नुपर्ला ।' सोध्न पुग्छिन् भरत जङ्गमलाई । उत्तर आउँछ, 'यो संसारमा एउटै मात्र चिज अहिलेसम्म बाँचिरहेको छ, त्यो अक्षर मात्र हो ।' दुरुस्त तन्दुरुस्त भएर भरत जङ्गमले दिएको यो जवाफले इन्दिरालाई अक्षरप्रति बढी आस्थावान् बनाएछ । अनि उनी ओइलाइएका आस्था जोहो गर्नतिर तयार हुन्छिन् । भरत जङ्गमलाई नै लेखनको विषय बनाएर अक्षर जोड्न कम्मर कस्छिन् ।

इन्दिरा प्रसाई अक्षरकी शिल्पी हुन्, प्राध्यापक पनि हुन् । अक्षरको खेलाडी भरत जङ्गमको आँगनमा भएको सङ्गम मिलनको प्रसङ्गको सम्झना गर्न पुग्छिन् । जुन जङ्गमको आँगनको सङ्गमको लेख लेखेर पत्रिकामा पठाएकी थिइन् । बेगनबेलीका हाँगाहरूमा जेलिएका अङ्गुरका लहराहरूले छपक्कै ढाकेको छाना बनेको छहारी । छहारीमुनिको चौकुना आँगन गहिरिएर हेर्दै जाँदा उनलाई उपवनजस्तै लागेछ । त्यही छानामुनि मेचहरू मिलाएर राखिएका । देख्दै उनी कल्पना गर्छिन्, 'भरत दाइ यही उपवनमा बसेर अक्षरसँग खेल्छन् होला ।'

त्यही छहारीमुनि, 'नेपाली साहित्य परिषद् असम' का पदाधिकारीहरू, कवि साहित्यकार अनि नेपालका कवि साहित्यकार र बुद्धिजीवीहरूको

उपस्थितिले त्यो छहारीमुनिको सङ्गमलाई जोसिलो बनाइरहेको थियो । जसमा प्रमुख अतिथि थिइन् 'नेपाली साहित्य परिषद् असम' की अध्यक्ष गीता उपाध्याय । आजीवन कुमारी रहेर समाज र साहित्यकै सेवामा समर्पित उनीसँग साक्षात्कार हुन पाएकामा त्यहाँ उपस्थित सबै खुसी देखिन्थे ।

'एन फ्रेनको डायरी' की प्रख्यात कृतिकारको आकर्षक व्यक्तित्वलाई घ्यु रङको सारीको पहिरन, गालामा सजिएको तुलसीको मालाले झन् आकर्षण थपिरहेको थियो । इन्दिरा प्रसाई भन्छिन्, 'त्यो बसाइको अधिकाशं दृश्य गीता दिदीमा छाइरहेको थियो ।' हुन सक्छ, खुसीमा पनि आँखा एकोहोरिन्छन् ।

असम राज्यमा अल्पमतमा रहेका नेपलीहरूले भोग्नुपरेको दुःखको कहानीले सबैलाई मर्माहत बनाउँछ । झन् नेपालभित्र नेपालीत्व क्षीण बन्दै गएको देखेका असमी साहित्यकारहरूको कुराले हीनताबोध गराउँछ । एक आपसको सहभागितामा भएको 'विश्व नेपली साहित्य सङ्घ' स्थापनाको कुरामा सहमति जुट्दा सबैमा राहतको अनुभूति पनि हुन्छ ।

उनीहरू भन्छन् "असममा लेखनको समस्या नै छैन तर अस्तित्व रक्षाको अत्यन्तै ठुलो सङ्कट छ । यो कुराले सबैमा पीडा उत्पन्न गराउँछ । एकछिन सबै चुप बस्छन् । त्यही सङ्कट र अल्पमतको पीडाले उनीहरूलाई सङ्गठित बनाएछ । उनीहरू भन्छन्, 'नेपाली भाषा साहित्यप्रति हामी सचेत छौं ।' त्यसैले हिजोआज असममा नेपाली साहित्य मौलाएको रहेछ । यति मात्र कुराले पनि अस्तित्व सङ्कटको पीडाको सट्टा सकारात्मक भाव झल्कन्छ ।

यी सबै प्रसङ्गहरूलाई बल पुऱ्याउँदै गीता उपाध्याय थप्छिन् 'नेपालीत्वमाथि खतरा मडारिरहेको देख्छु । हामीले अस्तित्व रक्षाका लागि असमिया साहित्यलाई पनि आत्मसात् गरेका छौं ।' यो उनीभित्र गुम्सिएको भाव थियो सायद । नेपाल सिङ्गो राष्ट्र भएर पनि आफ्नो संस्कृति जगेर्ना गर्न सचेत नदेखिएको कुरा औंल्याइदिँदा इन्दिरा भन्छिन्, 'हामीले नमिठो अनुभव गऱ्यौं ।' सायद देश हराउँदाको पीडा पनि यस्तै हुन्छ ।'

भारतका विभिन्न प्रान्तमा बस्ने जातिहरू आफ्नो भाषा, संस्कृतिप्रति बढी सचेत रहेको उल्लेख गर्दै गीता उपाध्याय आफूले कुनै बेला भारतको रेलमा यात्रा गर्दा भारु. १० ।- मा किनेको पुस्तकमा पढेको प्रश्न 'बह देश जो संसारमे कवि गुलाम नही हुवा' को उत्तरमा मनमनै 'नेपाल' सम्झेको प्रसङ्ग पनि उल्लेख गर्छिन् ।

हामीलाई न गुलामीको अर्थ थाहा छ न हामीले गुलामीको पीडा बुझेका छौँ । त्यसैले पनि होला हामीले धर्म संस्कृति र परम्पराको अर्थ र महत्त्व बुझेनौँ । न राष्ट्र र राष्ट्रियतालाई माया गर्न सक्यौँ ।

यो कवि, साहित्यकार र विद्वान्हरूको सङ्गम सुधा कार्यक्रमलाई शुभ बिदाइ गर्न मसुमुसु हँसाइमा बिदाइको सौम्यभाव बोकिरहेका भरत जङ्गमसँग इन्दिरा बिदा माग्छिन् । 'साङ्गोपाङ्ग' प्रसङ्गमा आउँछ । उनी आफ्नै 'म' सँग प्रश्न गर्छिन् । के हो त साङ्गोपाङ्ग भरत जङ्गम ? कि प्रशासक भरत जङ्गम ? कि राजनीतिक चिन्तक भरत जङ्गम ? कि विद्रोही भरत जङ्गम ? कि न्यायमूलक समावेशी समाजका परिकल्पनाकार भरत जङ्गम ? कि आदि इत्यादि भरत जङ्गम ?

उनी भन्छिन्, 'मलाई साङ्गोपाङ्ग भरत जङ्गम नै चाहिन्छ ।' उनको 'म' भन्छु तिमीले अघि भनिसकेका हैनौ ! भरत जङ्गम अक्षरका खेलाडी हुन् ।'

विभिन्न भाषामा अनूदित 'कालो सूर्य' ले भरत जङ्गमलाई नेपालीहरूको मनमनमा बसाएको मात्र छैन, उनको कृतिले नेपाललाई संसारमा चिनाएको छ । नेपली भएर सोच्दा यो कुरा सानो हुँदै होइन भन्ने लाग्छ इन्दिरालाई । आफूलाई अक्षरको धुपौरे मान्ने इन्दिरा भन्छिन्, 'कालो सूर्य' को प्रतिष्ठामा अति गौरवान्वित भएकी छु । साङ्गोपाङ्ग भरत जङ्गम भनेको मानसपटलमा अङ्कित अक्षरकै सशक्त खेलाडीका रूपमा बाँचेको र बाँचिरहने नाम हो ।'

बहुआयामिक व्यक्तित्व

प्रा. ऐश्वर्यलाल प्रधानाङ्ग

सत्य अस्तित्व हो । व्यवहार न्याय हो । यो धर्तीमा सत्यको बोध, न्यायोचित व्यवहार असल मानिसले मात्र गर्न सक्छ । मनुष्यलाई सत्यको बोध गराउन 'सत्यं शिवं सुन्दरम्' भाव अन्तर्निहित भक्तपुरका विभिन्न स्थानमा स्थापना गरिएका शिव, महादेवका मन्दिरहरू छन् । तीमध्ये प्रायः धेरै महादेव मन्दिरहरू वीरशैव मत लिङ्गायत ब्राह्महरूका धर्मकर्म स्थलका रूपमा गनिन्छन् ।

ती सबै महादेवको आशीर्वादले भरत जङ्गमको मोती महोत्सव सफल बनोस्, सबैका लागि प्रेरणादायी बनोस्, म पनि आह्लादित हुन सकूँ भन्दै प्रा. ऐश्वर्यलाल प्रधानाङ्ग, भरत जङ्गम मोती महोत्सवप्रति मङ्गलमय शुभकामना कामना व्यक्त गर्दछन् ।

स्वयंले सत्यको बोध गर्ने सुकरात, एरिस्टोटल, प्लेटो, गान्धी अनि विश्वेश्वरप्रसादजस्ता चिन्तक, दार्शनिक अनि राजा यक्ष मल्ल, उनका सन्तान भूपतीन्द्र मल्ललाई उनी व्यक्ति देख्दैनन्, सिङ्गो संस्था देख्छन् । उनीहरू देश, जनतालगायत समस्त मानवको कल्याणका लागि प्रतिबद्ध थिए । ती समुद्रजस्तै स्थिर, पवित्र अनि विशाल हृदयका व्यक्तित्व हुन् । यस्ता उनीहरूलाई आफ्नो मानसपटलमा सजाएर राख्ने प्रा. प्रधानाङ्ग आफ्नो मित्रमध्येका असल मित्र, विद्वान्मध्येका एक विद्वान्, विश्लेषक र तीक्ष्ण समालोचकमध्येका एक मान्दछन् भरत जङ्गमलाई ।

सत्यबोधले मानव कल्याणलाई सर्वोपरि राखी जीवन उत्सर्ग गर्नेहरू मानवभित्रका नमुना हुन् भन्दै यो कोलाहलपूर्ण राष्ट्रको अवस्थामा भरत जङ्गमको दृष्टि, नेपालको न्याय कानुनको अवस्था, प्रशासन, संविधान,

राजनीति अर्थ अनि बैङ्किङ क्षेत्रमा कस्तो र कसरी ध्यान गएको छ ? भविष्यमा कसरी पर्ला ? त्यसको असरको रणनीतिक पर्खाइमा आफू रहेको बताउँछन् प्रा. प्रधानाङ्ग ।

लेख्न बस्दा भरत जङ्गमको सम्झना आउने विषयहरू धेरै रहेछन् उनीसँग । सम्झना आइरहने भरत जङ्गमको मोती महोत्सव बडो शान्त, सौम्य, र सहृदयी बनोस् भन्ने चाहना राख्ने प्रा. प्रधानाङ्ग देशको स्थिति भने अति करुणारस जस्तो अति वीभत्स रसजस्तो देख्छन् । अतिवाद, बहिष्कार, कुण्ठा, अपहरण, हत्या, विस्थापनमा भासिँदै गएको आर्थिक अवस्था । यी सबैको कारक तत्त्व बिग्रेको महारोगी राजनीति अनि बिटुलिएका नेता ।

जनताले चाहेको स्वतन्त्रता हो । बाँच्नुमा, बढ्नुमा, वृत्तिमा, अभिव्यक्तिमा सबैलाई समान अवसर जुटाइदिनका लागि । त्यस्तै आकाङ्क्षाका समावेशी भरत जङ्गमलाई देख्दै लाग्दो रहेछ, 'काग के खाँदैन, कवि के जान्दैन ?'

भगवान् रामका भक्तवत्सल भरत स्वरूपका गोविन्दहरि जङ्गमका आज्ञाकारी पुत्र भरत जङ्गम । प्रधानाङ्ग भन्छन्, 'यथा पिता, तथा पुत्र ।' त्यसैले उनी बलबहादुर भएनन्, बुद्धिबहादुर भएनन्, अरू कुनै बहादुर बनेनन्, यस्ता भरत जङ्गम त समुद्रको गहिराइमा पुगेर खोजेर मात्र प्राप्त हुने मोती हुन् । मोती लुक्ने गहिराइसम्म पुगेर उनको कलम समाजका तस्बिरहरू उतारेर प्रदर्शन गर्न सकुन् ।

प्रा. प्रधानाङ्ग चाहन्छन् भरत जङ्गम आफ्ना आदर्शमयी लक्ष्यमा समाविष्ट भइरहुन् । उनले निर्क्योल गरेको आफ्नो जीवनको भोलिको नेपालको तस्बिर सुन्दर, शान्त, सघन, विकसित दृश्यको फिका गुलाबी रङ गाडा हुँदै पूरै रातो सिम्रिक रङमा बदलियोस् । भरत जङ्गमको चाहना हो, देशमा शिक्षा, स्वास्थ्य र न्यायप्राप्ति सर्वसुलभ होस् । प्रा. प्रधानाङ्ग कामना गर्छन्, 'लगाएको शुल्क तिर्न नसक्ने कोही नहुन् । हात पसार्नुभन्दा सुकीर्तिमयता सबैलाई प्राप्त होस् भनेर परमात्मासँग ठुलो आशीर्वाद माग्छन् प्रा. प्रधानाङ्ग ।

भरत जङ्गमले अँगालेका विषय हुन्, पत्रकारिता, उपन्यास, भ्रष्टाचार

विरुद्धको अभियान, आर्थिक विषय, संविधान, राज्यको प्रशासन, न्याय, कानुन र साहित्य । उनका साहित्यमा समाजको रूप दर्पणमा झै छर्लङ्ग देखिन्छ । देखाउन खोजेको सारतत्त्व हो सही, सत्य सूचना, गहनतम जिम्मेवारी, सकारात्मक दृष्टिकोण, पारदर्शिता, अविलम्ब प्रशासनिक कारबाही ।

पीडित पक्ष प्रायः गरिब र निमुखा हुने गर्छन् । त्यो तहसम्म शिक्षाको प्रचार-प्रसार हुन नसक्नु, न्याय दिने संस्थाले आफ्नो पवित्रता कायम गर्न नसक्नु, समयअनुसार कानुनको व्याख्या हुन नसक्नु अझ शाश्वत व्याख्या नगरिनुले देशलाई अस्थिरतातिर लैजाने काम गरेको देखिन्छ ।

'उपन्यासमा प्रेम गौण भयो भने विचारको प्राधान्य हुन्छ' भन्ने उदाहरण प्रस्तुत गर्दै प्रा. प्रधानाङ्ग भन्छन्, 'साहित्यिक समालोचनाले साहित्यलाई न्यायप्राप्ति हुन्छ र स्वस्तिवाचनमा निरङ्कुशता बढ्ने हुन्छ ।

समतामूलक समाजको परिकल्पना गर्दा कालो बजारी नियन्त्रण, व्यवसायमा पारदर्शिता, समाज सेवामुखी, प्रशासन स्थिर र तटस्थ हुनुपर्छ । दलीय भावनामा नीतिनिर्माण हुनुहुँदैन । सामाजिक संस्था व्यापारमुखी नभई सेवामुखी हुनुपर्छ । भ्रष्टाचार बढ्नुका अन्य कारणमध्ये भौतिक सम्पन्नतालाई गरिमामय कुरा सम्झने प्रवृत्ति समाजमा बढ्नु पनि एक प्रमुख कारण देख्छन् प्रा. प्रधानाङ्ग ।

भ्रष्टाचार समाजमा विद्यमान रहिरहनुमा परम्परागत गुण सर्दै आउनु पनि कारणहरूमध्येको एक कारण मान्छन् । संविधान र कानुनको अपव्याख्या गर्दै न्यायालयले निर्णयहरू दिएका प्रशस्त छन् । यही प्रसङ्गमा 'बलियाको पुच्छर हतियार' भन्ने भरत जङ्गमको उक्ति प्रस्तुत गर्दै प्रा. प्रधानाङ्ग भन्छन्, 'यहाँ यस्तै छ ।' भरत जङ्गमको विषयमा उनी भन्छन्, 'उनी धेरै मात्रामा निडर छन् । प्रस्टवक्ता छन् । उनका कर्महरूमा कर्मयोगी बन्ने प्रयत्न देख्छन् । उनको ठुलो चाहना देखिन्छ 'भरत जङ्गम आयुष्मान् बनुन् ।'

भरत जङ्गमको जन्मदिवस

कृष्णचन्द्रसिंह प्रधान

हैन जङ्गीलाठ भनेको के हो ?

भरत जङ्गमको ६० औँ जन्मोत्सवको शुभ अवसर थियो । खुसीखुसीमा 'भरत जङ्गमलाई 'जङ्गीलाठ' को उपाधि दिन्छन् साहित्यकार कृष्णचन्द्रसिंह प्रधान । राष्ट्रिय स्तरको व्यक्तित्वको विकास नभई अन्तराष्ट्रिय स्तरमा प्रतिस्थापित हुन सकिँदैन । यस्ता अन्तर्राष्ट्रिय स्तरमा स्थापित राष्ट्रिय व्यक्तित्व भरत जङ्गमको मोती महोत्सवका अवसरमा प्रकाशन हुन लागेको कालजयी व्यक्तित्व भरत जङ्गम नामक ग्रन्थमा त्यस्ता व्यक्तित्वको विषयमा आफ्ना दुईचार शब्द लेख्ने अवसर पाएकामा खुसी व्यक्त गदै साहित्यकार कृष्णचन्द्रसिंह प्रधान भन्छन्, 'एक जना साहित्यकारले पाएको अन्तर्राष्ट्रिय प्रसिद्धिले अरू स्रष्टालाई खुसी लाग्नु स्वाभाविकै हो । म आफै गर्वको महसुस गर्छु ।' यही खुसीयालीमा 'जङ्गीलाठ' को उपाधि पनि दिन्छन् उनी । उनका अनुसार भ्रष्टाचार विरोधी अभियान उनै जङ्गीलाठसँग जोडिएको प्रश्न हो ।

कृष्णचन्द्रसिंह प्रधान स्वयं साहित्यकार हुनुहुन्छ । एउटा अत्यन्तै कुशल समालोचक हुनुहुन्छ । समालोचनाको क्षेत्रमा वर्तमानसम्म वहाँको हात समाउन सक्ने सायद हाजिर भइसकेको छैन होला कोही । साहित्यकार प्रधानको नजरमा भरत जङ्गम भ्रष्टाचार विरोधी आन्दोलनलाई केन्द्रमा राखेर साहित्य, पत्रपत्रिका, धर्मसंस्कृति, इतिहास, पुरातत्त्व, अनुसन्धान, न्याय-कानुन, प्रशासन, राजनीति, समाजसेवाजस्ता क्षेत्रबाट समाज, राष्ट्र र विश्वमा नैतिक मूल्य मान्यता स्थापित गर्न खोज्ने व्यक्तित्वको रूपमा परिचित छन् । भरत जङ्गम जति साहित्यकार लेखकका रूपमा चर्चित छन्

त्यति नै भ्रष्टाचार विरोधी आन्दोलनकारी भनेर चर्चित छन् । भ्रष्टाचार सामाजिक अपराध हो भनेर त्यसको विरोधमा आन्दोलन चलाउनु कम आँटिलो र साहसिक काम होइन ।

भ्रष्टाचार भनेको भ्रष्ट आचरण हो । अनावश्यक प्रशंसा गर्नु पनि भ्रष्टाचार हो । स्तुति गानलाई आफ्नो दायरामा समेटेर अनैतिकता परिभाषित गरिदिन्छ भ्रष्टाचारले । अधिकमूल्यन अवमूल्यन गरेर आफ्नो दुनो सोझ्याउनेहरूको हुलमा भ्रष्टाचारले आश्रय र मलजल पाउँछ । यी यस्ता कुराहरू भ्रष्टाचार हुन् भनेर विरोध गर्छन भरत जङ्गम पनि ।

नैतिक मूल्य स्थापना गर्न खोज्ने आफ्ना परिचित प्रशासक जो समाजसेवी हुन्, साहित्यकार हुन्, अनि भ्रष्टाचार विरोधी विज्ञानका प्रतिपादक हुन् । यी सबै उनका अलङ्कार हुन् । अलङ्कारहरूले सुशोभित अनि सम्बोधित हुन नसक्ने व्यक्ति कालजयी हुन सक्तैन । कालजयी हुनु भनेको समयमाथि विजय प्राप्त गर्नु हो । मृत्युञ्जय हुनु हो, अमर हुनु हो । उनको कालमाथिको विजयले भरत जङ्गमलाई कालजयी बनाएको छ ।

काल, समय कहिल्यै स्थिर हुँदैन । गतिशील हुन्छ । त्यो गतिशील समयलाई सम्बोधन गर्ने नाम हो भरत जङ्गम । हामी सापेक्षतामा बाँच्छौँ । महत्ता सापेक्षताको किटान गर्छ । कृतिहरू सापेक्षतामा मूल्याङ्कित हुन्छन् । समयको अस्थिपञ्जरमाथि विगत नियाल्छौँ हामी । यस्तो आफ्नो समयको सापेक्षताका प्रत्येक कालमा स्रष्टाहरू आ-आफ्नै इतिहास रच्ने गर्दछन् ।

संस्कृति इतिहास हेर्ने ऐना हो । यसभित्र अटाएका विगतहरू हेरेर भविष्य निर्माण गर्छौं तर यी यात्रा निरन्तरता भने होइनन् । साहित्यकार प्रधानलाई कता कता लाग्दो रहेछ साहित्यमा गरिने कालजयी शब्दको प्रयोग साहित्यिक विलासिता को कि ?

भरत जङ्गमलाई कसैले मानुन् नमानुन्, उनको राष्ट्रिय व्यक्तित्व कसैले

हरण गर्न सक्दैन भन्छन् । उनको मोती महोत्सव नमनाएर के फरक पर्छ उनलाई । आयुमा बाँचेर दीर्घजीवी बन्ने सोच पनि छैन उनलाई । मैले चिनेको भरत जङ्गममा भन्छन् लथालिङ्ग समाज हेरेर वास्तै नगरेर कालजयी हुन खोज्ने सामन्ती सोच पनि छैन । साहित्यकार प्रधान अचम्म मान्छन्, यति ठुलो पृष्ठभूमि बोकेका भरत जङ्गम जन्मोत्सवलाई मोती महोत्सवको रूप दिएर मनाउन कसरी राजी भए ? भ्रष्टाचारको संस्कृति मौलाउने यस्तै भाटगिरीबाट हो ।

भ्रष्टाचार विरोधी अभियान निष्क्रिय पार्नु छ भने अभियान हाँक्नेको मुक्तकण्ठले प्रशंसा गरिदिन्छन् । मानिस प्रशंसामा पुलकित हुन्छ । त्यो प्रशंसाले नैतिकतालाई प्रहार गर्छ, मनोबल डगमगाउँछ । अनि ऊ लास भएको चरित्रबाट देखिन्छ दुर्गन्धी समाज । साहित्यकार प्रधानको मन आशङ्कित गर्ने प्रश्न गर्न थाल्दछ, 'भरत जङ्गमलाई किन स्विकार्नुपऱ्यो होला मोती महोत्सवसँगको जन्मोत्सव ?'

स्तुतिगानलाई अनैतिक आचरण मान्छन् भरत जङ्गम । प्रशंसा गर्नेहरूको भिडले अनैतिक र निरङ्कुश बन्न सघाउँछ । यस्ता कुराहरू उनको भ्रष्टाचारको परिभाषाभित्र सामेल छन् । उपन्यासकारका रूपमा साहित्यमा प्रवेश गरेका उनका 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' जस्ता उपन्यासहरूले मूलतः देशमा भइरहेको भ्रष्टाचारको छद्म रूप जनताका सामु उदाङ्गो पारिदिए । भ्रष्टाचार उन्मूलनको लागि सजग र सक्रिय गराउने सामाजिक दायित्वले प्रेरित यस्ता आख्यानात्मक दस्तावेजहरूलाई साहित्यिक सङ्कल्पको रूपमा हेर्छन् साहित्यकार प्रधान ।

साहित्यकार प्रधानलाई धेरै पहिला पढेका भरत जङ्गमका उपन्यासका यावत् कथन र नालिबेलीको स्वरूपको पूर्ण याद रहेनछ तर पनि सारभूत तत्त्वमा उनी 'कालो सूर्य' र 'व्यूहचक्र' का प्रत्येक, चक्रचक्रका धर्साहरूमा

एकएक घटना अभिभूत भएको देख्छन् । शैली अत्यन्तै मनोरम छ । 'रातो घाम' चीनका विभिन्न ठाउँको जीवन, व्यवहार आचरण र चरित्रलाई दिग्दर्शन गर्ने प्रक्रियामा यथासमयको सामाजिक नैतिक र राष्ट्रिय जीवनसँग परिचय गराउने लक्ष्य रहेको देख्छन्, साहित्यकार प्रधान ।

अन्त्यमा साहित्यकार प्रधान भन्छन्, 'भरत जङ्गमले उपन्यासलाई भ्रष्टाचार विरुद्धको साधनको रूपमा प्रयोग गरेका छन् ।" तर त्यस प्रकारको लेखनलाई निरन्तरता दिएको देख्दैनन् प्रधान । उनलाई लागेछ सीमा बनाएर विश्राम पो लिए कि ?

कालो रावण हो कलङ्क कुलको संहारको कारक,
बेलैमा नबुझे र याद नगरे जल्नेछ लङ्का सब ।
को कालो अथवा बुझेर सुकिलो चिन्ने र छान्ने गरौँ,
कालोको इतिहास नाश छ हुने हामी अगाडी सरौँ ॥१०१॥

लगाएर पर्दा उतातर्फ हेर,
गरे चिन्तना चित्त भित्रै छ चोर ।
यसै चोरले हर्छ सर्वश्व हाम्रो,
चिने मात्र संयोग जुट्नेछ राम्रो ॥९७॥

–भरत महाकाव्यबाट

मेरा हक्की मित्र

कोषराज न्यौपाने

सोचमा ललाटका रेखाहरू गहिरिँदै गएका । कस्तो देश, कस्तो समाज र भविष्य हामी हाम्रा सन्तानलाई जिम्मा दिएर जाँदै छौँ । चौतर्फी भ्रष्टाचारको कोहोलो ? 'हैन ! यसलाई निर्मूल पारेर भ्रष्टाचाररहित समाज र देश जिम्मा लगाउनुपर्छ ।' कोषराजलाई लाग्छ यस्तै सोचमा गहिरिएका हुनुपर्छ भरत जङ्गमका ललाटका रेखाहरू । तर समाजका केही लेखकहरू, समाज सुधारक, केही सन्त, सामन्त, केही मठाधीशहरू मौका छोपेर स्तुति लेखाउन व्यस्त रहेको देख्दा साहित्यकार कोषराजलाई लाग्छ यो एक्काइसौँ शताब्दी सूचना प्रविधिको युग पो हो । जस्तोसुकै प्रलयमा पनि केही पात्र र कृतिहरू सुरक्षित रहन्छन् । आफ्नो जीवनलाई मूर्खपूर्ण ढङ्गले बुझ्ने र अभिनन्दन ग्रन्थ लेखिने महानुभावहरूसँग बौद्धिक र मानसिक कुनै ताल मिल्दैन । त्यसैले अरू माध्यमबाट आएका प्रशस्तियुक्त सूचनाहरूलाई कोषराजले वास्तै गरेनन् । जब स्वयं भरत जङ्गमको फोन आउँछ, उनको मन परिवर्तन हुन्छ । जङ्गमलाई आफ्नो लेखको तिर्खालु देख्छन् । अनि उनीप्रतिको मानपत्र कोर्न थाल्छन् ।

ज्यादातर यस्ता लेख लेख्ने रुचि नराख्ने कोषराज केही आफन्तहरू, केही मित्रहरू र केही आदरणीयहरू यस्ता हुन्छन् जसका बारेमा उनी लेख्न बाध्य हुन्छन् । कति स्वनामधन्य महापुरुषहरूका कमजोर गुण देख्दा उनलाई पनि सी के प्रसाईलाई झैँ टाढैबाट आदर सम्मान गर्न मन लाग्दो रहेछ ।

भरत जङ्गमकी छोरी रक्षा जङ्गमलाई बडो शालीन र उत्कृष्ट अध्ययनशील देखेका थिए न्यौपानेले । गुरु कोषराज भरत जङ्गमको नाममा

जङ्गम जोड्दा उनलाई जङ्गम नै देख्छन् । 'कालो सूर्य' बाहेक जङ्गमका सबै कृतिहरू रक्षाकै माध्यमबाट पढ्ने अवसर मिलेको रहेछ उनलाई । समाजमा प्रायः सबै धन नै खोज्ने हुन्छन् । धन खोज्नेकरु पनि तीन प्रकारका देख्छन् कोषराज । धन खोज्ने, धन र मान पनि खोज्ने, मान खोज्ने । मान खोज्नेलाई उनी भन्छन्, 'कि त्यो साधु हो या स्वाठँ' । लक्ष्मीप्रसाद देवकोटासँग मिलाउँदै साधुको उपमा दिन्छन्, 'जसले सधै सम्मानको तिरस्कार गऱ्यो किनकि मानसम्मानभित्र तिरस्कार हुन्छ ।'

भरत जङ्गमलाई उनी न साधु मान्छन् न स्वाँठ तर उनलाई आफूमा जे छ त्यो भन्न सक्ने हिम्मतवाला देख्छन् । उनको जीवनभर सबैले बोलिदिउन्, उनी सुन्छन् । पढेर आफ्नो जीवनलाई अँगाल्न सक्छन् । उनलाई जे भने पनि पचाउने शक्ति छ । राम्रा नराम्रा कुण्ठा, दुखेसो, छटपटी, डाहा देख्ने अनि सुन्ने हिम्मत राख्छन् । त्यसैले उनलाई हक्की मान्छन् । यस्ता मित्रलाई निःसन्देह उनमा अझ परिवर्तन भएको देख्न चाहन्छन् कोषराज ।

भ्रष्टाचार जीवनसँग गाँसिएर आउँदैन तर पनि भ्रष्टाचार समाजका लागि खतरनाक रोग हो । यसको अनुकरण हुँदै जाँदा असाध्य रोगका रूपमा फैलिँदै जान्छ भन्ने प्रस्ट सोच राख्ने सुधारवादी लेखक हुन् भरत जङ्गम । उनको दिमागमा भ्रष्टाचारलाई देख्ने ऐना जति प्रस्ट छ त्यति अरूमा छैन । धन र नगदमा पतित रहनेहरूसँग दृष्टि हुँदै हुँदैन भन्छन् ।

भ्रष्टाचार विभिन्न क्षेत्रमा विभिन्न किसिमबाट रूपरङ परिवर्तन गर्दै फिँजिएको हुन्छ । विभिन्न रङमा मिसिँदा दृष्टि दुर्लभ हुन्छ । कोषराज भन्छन्, 'आफ्ना मित्र भरत जङ्गमसँग भने त्यो कतै छुप्न सक्दैन ।'

भरत जङ्गमलाई साहित्यिक मित्र मान्ने उनी मित्रमित्रबिच साहित्यिक घनिष्ठता भने बढिरहेको छ । भरत जङ्गमको कृति 'कालो सूर्य' पञ्चायती पालामा चर्चाको माथिल्लो शिखरमा पुगेको थियो । उनका गहकिला कृतिहरू धेरै छन् तर त्यसले दिएको उचाइ अरूले दिन सकेनन् । त्यसमा तत्कालीन

नेपालको प्रस्ट चित्र झल्कन्छ । साताका एक एक बारमा भएका अनैतिकता र भ्रष्टतालाई नियाल्दा ती बारहरूले मन हुँडल्छन् । त्यही हुँडुल्याइँलाई सन्चो हुने गरी दिएको प्रस्तुति हो 'कालो सूर्य' भन्छन् कोषराज । त्यो कृति साहित्यिक फाँटमा लामो समयसम्म स्मरणीय रहने छ ।

यिनै कृतिकार भरत जङ्गमको जन्मोत्सवको शुभ अवसरमा आउन हठात् रहेको ग्रन्थमा जङ्गमका समग्र चित्रहरू आउनुपर्छ भन्ने धारणा राख्ने कोषराज लेखकलाई जनता र समाजको सम्पत्ति मान्छन् । मुलुकले अभिलेख पाउनुपर्छ, जनताले चिन्न पाउनुपर्छ यस्ता लेखकलाई । समाजले साङ्गोपाङ्गको अर्थ बुझ्न पाउनुपर्छ भन्दै अन्त्यमा कोषराज भन्छन्, 'सुविधा, सुबुद्धि सुस्वास्थ्यका साथ सुदीर्घ जीवन होस् भनी कामना छ मेरा हक्की मित्रलाई ।'

कविता-काव्य सम्मान दुई हजार सत्तरी
सालमा दिइएको थ्यो, कवि श्री नीलकण्ठमा
भट्टराई उनी लेख्छन् छन्दमा कविताहरू
ठूला-साना दुवै काव्य लेखिएका प्रशस्त छन्
पाएछन् प्रेरणा राम्रो भेटी भरत जङ्गम

'कालो सूर्य' उपन्यासलाई गरे समीक्षण
दोस्रोपल्ट महाकाव्य 'भरतांशु' तयार भो
'इन्दु' को 'अंशु' पर्याय, त्यसैले 'भरतांशु' भो
भ्रष्टाचारविरोधी हुन् यसका काव्यनायक
आख्यानकार हुन् साथै कवि हुन्, गीतकार हुन्

-हरि मञ्जुश्री (भरत महाकाव्य)

व्यावहारिक क्रान्तिकारी व्यक्तित्व

नवराज अधिकारी

ढल्नु हरदिन अवश्य छ, ढल्छ दिन । हौसला बढाउन त्यही सूर्यबाट सिकौं जो हरबिहान नयाँ दिन लिएर आउँछ । यसैगरी राष्ट्रिय स्वतन्त्रता र एकताको विषय गम्भीर हुँदै गएको अवस्थामा देशभक्तिपूर्ण जङ्गमा होमिनुपर्ने स्थिति छ, देशका लागि नयाँ दिन उदय गराउन ।

राष्ट्र र जनताको लागि युद्धका रथी, आशाका केन्द्र देख्छन् भरत जङ्गमलाई पत्रकार नवराज अधिकारी । जो बहुमुखी प्रतिभा हुन्, देश र जनताको हितका लागि जे जस्तो गराउन सकिन्छ त्यही त्यही माध्यम अपनाउँछन् । उनले साहित्य र पत्रकारिता अपनाए समाजको सेवामा समर्पण गरे । नागरिक जीवनका हर पक्षलाई आधार बनाए । सक्षम र सक्रिय रहेर जीवनलाई राष्ट्रसेवामा लगाए । यही विशेषता पनि हो, जङ्गमा होमिने जङ्गमको ।

उपन्यास कालो सूर्यबाट चर्चित बनेका उनका 'व्यूहचक्र' र 'रातो घाम' ले चर्चा पाए, वरिष्ठताको स्थान दिलाए । साहित्यमा नयाँ आयाम बनेर उदय भएका ती उपन्यासहरू बहुभाषामा अनूदित भइसकेका छन् । साहित्यलाई जीवन, जगत्, देश र समाजमा राष्ट्र र राष्ट्रियताको प्रवर्द्धन गर्न उपयुक्त माध्यम बनाएको उनको साठी वर्षे उमेरले देश र समाजबाट पाउनुभन्दा धेरै बढी दिएको अनुभव सबैले गरेको कुरा हो । एउटा सिङ्गो आयाम बनिसकेका भरत जङ्गमलाई जुनसुकै पाटाबाट हेरे पनि समाजसेवी, दलीय सङ्कीर्णताभित्र छिर्न नसक्ने, प्रजातन्त्रवादी, सच्चा नेतालाई मात्र गन्ने भ्रष्टाचारीलाई गन्दै नगन्ने, क्रान्तिकारी भएर पनि परम्पराको सम्मान र जगेर्ना गर्न पछि नपर्ने व्यक्तित्वका रूपमा देख्छौं ।

भ्रष्टाचारले देशलाई रसातलमा पुऱ्याएको छ। त्यसैले उनी भ्रष्टाचारीसँग

सम्झौता गर्दैनन् । बरु भ्रष्टाचार विरोधी अभियानको अगुवाइ गर्छन् । त्यो नै उनको मूलकर्म भएको बताउँछन् नवराज । त्यो कुरा उनको 'भ्रष्टाचार : वैचारिक आन्दोलन' पुस्तकले पुष्टि गरेको छ ।

योगी नरहरिनाथको राष्ट्र जागरणको अभियानमा राष्ट्रिय अन्तर्राष्ट्रिय मञ्चमा साथ दिएका भरत जङ्गम इमानदार पत्रकारका रूपमा पनि गनिन्छन् । एकताका भ्रष्टाचार नियन्त्रण गर्न दौडाहा टोलीको संयोजक भएर दौडे । जनताको काममा हुने गरेको ढिलासुस्ती हटाउन खटे । यसलाई उनको व्यावहारिक कुशलता मान्छन् नवराज अधिकारी ।

आफूलाई प्रजातन्त्रप्रेमी, जनप्रेमी, राष्ट्रको सेवक सम्झने सांसदहरू मिलेर गरेको नीतिगत भ्रष्टाचार विरुद्ध कानुनी रूपमा युद्ध हाँक्ने भरत जङ्गमलाई व्यवस्था विरोधी भन्नुमा दलगत प्रवृत्तिको चरित्र नै नरहेको देख्ने नवराज, स्वतन्त्र बुद्धिजीवी, भ्रष्टाचारविरोधी योद्धा, राष्ट्रप्रति समर्पित सपूत ठान्छन् । नेपालको बौद्धिक जगत्मा अनि राजनीतिक क्षितिजमा चर्चित नाम हो भरत जङ्गम । मूल चरित्र हो भ्रष्टाचार विरुद्धको आन्दोलन । उनी यसको चर्चाको शिखरमा मात्र पुगेका हैनन् त्यसको कडा निरन्तरता छ उनमा । सामाजिक योद्धाका रूपमा सदा सर्वदा चर्चित, सामाजिक चेतनाको स्रोत थिए पुर्खा, त्यही गुण चम्कँदै उनमा आइपुग्यो । यसलाई थप उचाइ दिन, सम्मान दिन अझ धेरै बलिदान गर्नुपर्ने देख्छन् नवराज ।

नेपालको स्वतन्त्रा, स्वाधीनता, अखण्डता, गौरव, एकता, शान्ति र उन्नतिमा विधर्मी राष्ट्रघाती तत्त्वहरूले युद्धको जस्तै स्थिति उत्पन्न गराएका देख्ने नवराज यो सङ्कटबाट बचाउन भरत जङ्गमको बाँकी रहेको उमेरले कस्तो भूमिका निर्वाह गर्छ त्यो हेर्न बाँकी रहेको छ । त्यसका आधारमा यिनलाई हेर्ने नेपालीहरूको दृष्टिकोणले पनि न्याय नै गर्ने देख्छन् नवराज ।

कर्मयोगी र परिकल्पनाकार

हरि मञ्जुश्री

ममा पनि देशमा भइरहने सङ्कट र अभावका भावहरू खेलिरहन्छन् । नियालिरहन्छु अभावमा भावहरू । भाव भरिएका विषयहरू पनि धेरै छन् । ती सबै विषयको समाधान गर्न सक्ने प्रखरता छ भने त्यो उनैमा छ । त्यही भावले मलाई पनि उनीप्रति उपकृत तुल्याउँछ ।

तिनै उनी स्वयं विधा र विषयका लागि हुन कि विधा र विषय उनका लागि हो । यो प्रश्न निरन्तर चलाइरहेका हरि मञ्जुश्रीको मनले उनलाई नै विषय देख्छ, उनले भोगेका विषयहरूको स्पर्शले हरि मञ्जुश्री कृतकृत अनुभव गरिरहेका छन् । उनका बारेमा लेख्ने विषयहरू पनि धेरै छन् । उनले भरत दाइ भनेर सम्बोधन गर्ने भरत जङ्गमलाई कुन विषयमा लगेर जोड्ने वा उनमा कुन विषय जोड्ने जस्ता दोधारे विषयहरू खेल्दा रहेछन् । अनि कुन भावले हेर्ने, द्रष्टाको भावले हेर्ने कि आफूले अनुभूत गरेको दाइको दृष्टिले हेर्ने ?

सत्य के हो भने 'नदेखेका सबै दृश्यहरू सही हुन सक्छन्, न अनुभूत गरेका सबै कुरा हुबहु उतार्न सकिन्छ ।'यस लेखको विषयमा पनि दुई स्थान भरत छन् । एउटा तिनै भरत जङ्गम नेपाली वाङ्मयका विविध विधामा विस्तारित परिचय स्थापित भएका । जसले विभिन्न विधामा दिएको योगदान बारे विस्तार वर्णन गर्न सामर्थ्य छैन भन्छन् हरि मञ्जुश्री । अर्को भरत दाइ जुन हरिभित्र जमेर बसेको छ । जसबारे जति लेखे पनि चित्त बुझ्दो तरिकाले अभिव्यक्त हुन सक्दैन । जति लेखे पनि पाना भर्न सकिदैन कि जस्तो लाग्छ कि भन्छन् । तर ती दुवै भरत निर्बन्ध छन् । आकाशजस्तै खुला, जता हेऱ्यो उतैबाट नजिक आइपुग्ने ।

भरत जङ्गमले गरेका क्रियाहरू यस्ता छन्, जसको कर्ताको रूपमा

देखिने व्यक्तिमा उनीबाहेक सम्भावना भएको अर्को देखिँदैन । हरि मञ्जुश्री भन्छन्, 'म विधा र विषयका बारेमा जति पनि व्याख्या गर्न सक्छु तर भरत जङ्गमको बारेमा व्याख्या गर्न सक्दिनँ, त्यसैले उनका लागि भरत जङ्गम विषयातीत र व्याख्यातीत छन् ।'

यहाँनेर एउटा प्रश्न उब्जन्छ, व्यक्तिले व्यक्तिलाई चिन्छ कि व्यक्तित्वलाई ? अथवा व्यक्तिका लागि व्यक्ति विषय बन्छ कि व्यक्तित्व ? तर हरि भरत जङ्गमलाई व्यक्ति र व्यक्तित्वमा समाहित व्यक्तित्व देख्छन् । व्यक्तित्व र व्यक्तिको एकाकार रूप बडो मनोहर हुन्छ । जो स्वयंमा दुर्लभ पनि हुन्छ । त्यसैले भरत जङ्गमलाई विषयहीन विषय मान्छन् हरि ।

व्यक्ति र व्यक्तित्व फरक फरक विषय हुन् । व्यक्ति व्याख्येय विषय हुन सक्छ व्यक्तित्व अव्याख्येय हुन्छ । विषयभन्दा पर हुन्छ, क्षितिज भन्दा पनि पर । व्यक्ति चिनिन्छ, व्यक्तित्व बुझिन्छ । त्यसैले जङ्गमलाई विषय बनाउन कठिनतम महसुस गर्छन् । उनी भन्छन्, 'म भरत जङ्गमभित्र घोतलिन सक्दिनँ, घोतलिनु भनेको अन्धाले छामेर हात्तीका बारेमा अनुमान लगाउनुजस्तै हो । अन्धाले हात्ती रहेछ भन्ने बुझ्ने र अनुभव गर्न सक्ने मात्र हो । भरत जङ्गमलाई अगाडि राखेर हेर्दा, व्यक्ति र व्यक्तित्वको सम्मिश्रित स्वरूप हो, एक्लो व्यक्ति हजारौँ व्यक्तित्व । किनकि उनी हजारौँ व्यक्ति मिलेर गर्ने काम एक्लै गरिरहेका छन् । एक्लैले गर्दा त्यो महान् व्यक्तित्व निर्माण भएको हो । व्यक्ति नभई व्यक्तित्व जन्मिदैन । व्यक्तित्व नभई व्यक्ति चिनिदैन । व्यक्ति विधा र विषयका लागि होइन, विधा र विषय व्यक्तिका लागि हो । भरत जङ्गमले आफ्ना निश्चित उद्देश्यका लागि जीवन परिचालन गरेका छन्, तत्तत् उद्देश्यका लागि साधन बनेका विभिन्न विषयहरू उनीतर्फ एकोहोरिएका छन्, डोरिएका छन् ।

हरि मञ्जुश्री भन्छन्, 'भरत जङ्गमले उपयोग गरेका धेरै विषयहरू छन् । तिनको उपयोग गर्नु उनको उद्देश्य थिएन, बाध्यता थियो । उनले साहित्यकार बन्नका लागि साहित्यको सिर्जना गरेका थिएनन् । पत्रकार बन्न

पत्रकारिता गरेका पनि थिएनन् । अनुसन्धाता बन्न उनले अनुसन्धान गरेका होइनन् । भ्रष्टाचार विरुद्धको आन्दोलन गर्नुमा र भ्रष्टाचार विरुद्धको विज्ञान प्रतिपादन गर्नेतर्फ अग्रसर हुनुलाई नेता वा दार्शनिक हुने उद्देश्य राखेको देखिँदैन । उनीभित्रको हृदयमा सम्पूर्ण रूपमा सम्मुनत नेपालको चित्र छ । त्यही हृदयमा अङ्कित नेपाल निर्माण गर्नु उनको अभीष्ट बनेको छ ।

हो, उनको अन्तस्करणमा समुन्नत नेपालको तस्विर लुकेको हुनुपर्छ । जुन नेपालको परिवेशले दुर्लभ बनाउँदै लगेको पो हो कि भन्ने लाग्छ । यो नै उनको अभीष्ट हो । त्यो उनको हृदयमा छ । यही अभीष्टतालाई सार्थकता प्रदान गर्न मार्गहरू खुल्दै गए, फराकिला बन्दै गए । आफूभित्रका विचार र विषयहरू परिवर्तन हुँदै गए तर उनले मूल विषयलाई विलय गराएनन् तर उनी विषयभन्दा अझ माथि उठे । त्यसैले विषयातीत र व्याख्यातीत देखिन्छन् उनी । अनि व्यक्तित्व त्यही अभीष्टको प्रतिबिम्ब बन्यो । त्यसैले हरि मञ्जुश्री भरत जङ्गमलाई समुन्नत नेपालको परिकल्पनाकार व्यक्तित्व, अनि त्यही अभीष्ट पूरा गर्नका लागि लागिरहने जागरुक कर्तव्यपरायण व्यक्तित्वका रूपमा हेर्छन् ।

'काम गर्नु फलको आश नगर्नु' यी भगवत् गीताका वाक्यहरू । हाम्रो जीवनलाई गीताले निर्देशन गरेको जस्तो लाग्छ, मलाई । भरत जङ्गम पनि यिनै वाक्यबाट प्रेरित भएर नै होला यी वाक्यांशलाई सहृदय व्यवहारमा उतारेका । वाक्यांशको सजीव प्रयोग भएर नै होला यी वाक्यांशलाई सहृदय व्यवहारमा उतारेका । वाक्यांशको सजीव प्रयोग गर्नेहरूलाई कर्मयोगी भनिन्छ । आफ्नो अभीष्टप्रति लक्षित उनका कर्महरू सकाम छन् । स्वयं पनि निष्काम कर्मबाट निवृत्त हुन चाहँदैनन् । त्यसैले कर्मयोगी हुन् भरत जङ्गम । विधा र विषयहरू समयअनुसार बदलिन सक्छन् तर अभीष्ट कायम रहन्छ । ती त विषयी न विषय हुन् । ती विषयहरूलाई कसरी समेटेर विवेचना गर्न सकिन्छ र ? त्यसैले सबैमा अनुभूत रहेको सार्थकतालाई व्याख्या गर्नु सार्थक मान्छन् हरि मञ्जुश्री ।

अब भरत जङ्गमलाई छाडेर भरत दाइका अगाडि उभिन पुग्छन् हरि मञ्जुश्री अनि भन्छन्, 'भरत दाइसँग वातचित गर्न मलाई बोल्न पर्दैन । आँसु झार्न पनि पर्दैन । मेरा गहभित्रका आँसु कण्ठतलका भाषाका भावहरू बुझ्दछन् ।' भरत जङ्गमको हृदयले लेपन लगाइदिँदो रहेछ हरिको हृदयलाई । कसैलाई चिन्ने थोरै हुन्छन् कसैलाई चिन्ने धेरै । यो स्वाभाविक पनि हो तर यो लेपन लगाइदिने हृदयलाई धेरैले चिन्दछन् ।

हरि मञ्जुश्री र भरत दाइको हृदयले एक अर्काको हृदयलाई सुन्दो रहेछ । त्यसैले पनि होला दुई हृदयको ऐक्य सम्बन्ध बनेको । हामी कामना गरौँ उनीहरूबिचको यो सम्बन्ध हृदयमा सधै अङ्कित बनोस्, टङ्कित बनोस् । यो सम्बन्ध हाँसो र आँसुको भाषाभन्दा पनि धेरै पर छ भन्छन् हरि मञ्जुश्री ! उनी बिर्सेर पनि भरत जङ्गमका बारेमा कुनै भिन्न अनुभूति गर्न सक्तैनन् । किनकि बस्नका लागि उनले भरत जङ्गमको हृदयको काख पाएका छन् । साथ पाएका छन् ।

हाकिम, शिक्षक र दाजु अनि आख्येय बनेका भरत जङ्गमलाई जतातै भिज्याएका छन् हरि मञ्जुश्रीले । उनलाई हृदयको विविध रूप र आकार र बिम्बका रूपमा पनि देख्छन् । भरत जङ्गम र भरत दाइको एउटा सग्लो शरीर भोलिको सुन्दर समृद्ध नेपालको परिकल्पनाकार हो । उनीभित्र सुन्दर, समुन्नत नेपाल छ । जसमा शिक्षा, स्वास्थ्य र निःशुल्क न्याय प्राप्त गर्ने नेपालीको प्रतिबिम्ब छ । शोषण र भ्रष्टाचारको कुनै स्थान रहेको छैन । अन्त्यमा भरत जङ्गमलाई सम्बोधन गर्दै हरि मञ्जुश्री भन्छन्, 'सबै जनको मतमा तपाईंको वास भइरहोस् । सबै विधामा तपाईंको प्रतिकृति देखिरहन सकियोस् । सधै तपाईंलाई आधार बनाएर केही न केही लखिरहन पाइयोस् ।

मेरो मनबाटै सलाम

हरिमाया भेटवाल

हरिमाया भेटवाल कथाकार हुन् । राम्रा राम्रा कथा लेख्ने उनी मनमनै गम्छिन् तेइस वर्ष । उनका बितेका वर्ष । बितेका जति वर्ष भए पनि छोटो लाग्छ । बिताउन परेको बाँकी समय लामो लाग्छ तर ती तेइस वर्ष समयका केही सम्झनाले उनको बुढ्यौलीतिर ढल्केको मनलाई तन्नेरी बनाउन ऊर्जा दिन्छ ।

आफूलाई मन पर्ने लुगा लगाएर, आफैलाई फर्की फर्की हेर्ने दिन । लिङ्गेपिङमा परालको पिरामा बसेर झुल्दै रमाउने दिन । तिनै दिनमा दाइले पनि लुकाई लुकाई पढ्ने गरेको किताब रहरै रहरमा तिनकै किताब चोरी गरेर पढेको पनि भुल्दिनन् उनी । भन्छिन्, 'ती किताब थिए म्याक्सिम गोर्कीको विश्वप्रसिद्ध उपन्यास 'आमा' र भरत जङ्गमको 'कालो सूर्य' ।'

घरमा कुरा हुँदा उनले सुनेकी थिइन्, 'यी किताबहरू कसैले नदेख्ने गरेर पढ्नुपर्छ, देखेभने....?' त्यसैले उनले पनि लुकिछिपी पढेकी थिइन् । ' कालो सूर्य' पढेपछि उनलाई लागेछ 'सूर्य पनि कालो हुन्छ ?' साहित्य वास बस्न पुगेको थिएन उनको मनमा । रेडियोभित्र बोल्ने मानिस हेर्न खोजिरहने बेला थियो । त्यस बेलासम्म सधै रातै घाम उदाएको देखेकी थिइन् उनले । कालो सूर्य पढिन् तर कालो सूर्य देखेकी छैनन् उनले । त्यसैले लागेछ उनलाई यो कताबाट उदाउँछ । कालो सूर्य भनेपछि अँध्यारो हुने होला । निराशाका अँध्यारा क्षणहरूमा उदाउँदै गरेको रातो सूर्य पो खोजिन्छ ।

जीवनका छत्तिसौँ वसन्त पार गर्दा गर्दै उनको चेतन मस्तिष्कमा रङप्रतिको आकर्षण घट्दै गएको पाउँछिन् । अनि दृष्टि पुग्छ चेतहरूले अचेत भाषाहरू प्रयोग गरेको हेर्न । असल मानिसले खराब आचरण गरेको

देख्न, कुरूपलाई सुन्दर बनाउन प्रतिस्पर्धा गरेको देख्न, अनि पो उनले थुप्रै रङ देख्न थाल्छिन् ।

यही समयमा जुऱ्यो उनलाई भरत जङ्गमको 'रातो घाम' पढ्न । त्यति बेला पनि चीनमा कम्युनिस्ट पार्टीकै सरकार थियो । त्यो किताब पढेपछि उनमा रङको संलग्नताप्रति झन् आकर्षण घट्न थाल्छ । त्यो रातो रङको घामप्रतिको आकर्षण घटे पनि त्यो 'रातो घाम' उपन्यासले हरिमायालाई धेरै सिकायो, धेरै सम्झायो, धेरै बुझायो ।

पुँजीका बारेमा 'रातो घाम' मा भरत जङ्गमले लेखेका कुरा सम्झन्छिन् । उनले पुस्तकमा पोखेका स्वतन्त्रता बारेका शब्द पनि सम्झन्छिन् । मानिसको जीवन कतिखेर खुसी हुन्छ भन्ने प्रसङ्गमा भरत जङ्गमका तर्कपूर्ण अभिव्यक्तिहरू पनि सम्झिन्छन् । यसरी मानिसको जीवन र स्वतन्त्रता बारेका किताबमा व्यक्त भएका विचारहरूले पनि उनको मन जितेछ । अनि उपन्यास 'रातो घाम' र त्यसका रचनाकार भरत जङ्गमलाई उनको मनले सलाम गर्छ ।

अन्त्यमा भरत जङ्गमलाई शुभकामना दिँदै उनी भन्छिन्, 'उहाँको जीवनको अन्तिम समयसम्म पनि कलम चलिरहोस् । कालो सूर्य, रातो घामजस्ता उपन्यासहरू लेखिइरहुन् ।

परिच्छेद :- नौ

खण्ड :- एक

भरत जङ्गमसँगका स्मरणहरू

"उपनिषद् भन्छन्, 'अरूको हित कार्यमा लागिरहनु पनि समाधि हो । समाधिबाट अलौकिक आनन्द मिल्छ । जुन हृदयमा भरिएरै बस्छ । अनुहारमा उछीप्त आभाहरू खेलिरहन्छन् । त्यस्तो देदीप्यमान अनुहार देख्दा सुखद आश्चर्यले हेरिरहन लगाउँछ । त्यस्तै देदीप्यमान अनुहारका भरत जङ्गम अन्याय, अत्याचार अनि भ्रष्टाचार विरुद्ध र निमुखा, असहाय, गरिबहरूका लागि उत्तिकै आदरणीय छन् आदर्श छन् ।"

मैले पाएको सहयोग

कमलराज रेग्मी

भरत जङ्गमको शरीरमा आलस्यताको समस्या सायद कतै छैन । बरु उनी समस्याग्रस्त व्यक्तिहरूलाई सहयोग पुऱ्याउँछन् । आफ्नो टोलछिमेकमा यावत् समस्याको समाधानका लागि तत्पर रहन्छन् । समाजोपयोगी क्रियाकलाप बढाउन बौद्धिक क्षेत्रका साथीहरूसँग हरदम क्रियाशील रहन्छन् ।

पञ्चायत कालको पकड र नियन्त्रणमा रहेको समय । त्यही समयमा मौलाएको भ्रष्ट राजनीति, भ्रष्टाचार, समाजका विकृति विङ्गतिलाई बडो निर्भयताका साथ साहस बटुलेर एउटा साहित्यिक कृति सिर्जना गरे । त्यो सिर्जना थियो 'कालो सूर्य' । त्यही 'कालो सूर्य' उपन्यासको सन्दर्भले परिचय बनाएको रहेछ राजनीतिज्ञ कमलराज रेग्मी र भरत जङ्गमबिच । जुन परिचयले कमलराजलाई ठुलो सहयोग मिल्यो ।

पञ्चायती व्यवस्थाका खाइलाग्दा अनि ठुला पात्र हुन् सूर्यबहादुर थापा । पञ्चायती मियो बनेका उनी पञ्चायती व्यवस्थामा मौलाएको भ्रष्टाचारलाई निरुत्साहित गर्नेभन्दा प्रोत्साहित गर्नेतिर लागे । त्यसैले धेरै आलोचित बने । पञ्चायतइतर पक्षकाले समेत उनीप्रति विरोध भाव राख्न थालेका थिए ।

तिनै सूर्यबहादुर थापालाई प्रतीक बनाएर 'कालो सूर्य' लेखिएको हो भन्ने लागेको रहेछ कमलराजलाई । त्यतिबेला चेतन एवं शिक्षितबिच पनि यही कुराको चर्चा व्याप्त थियो । त्यो उपन्यास चर्चित हुनुमा सूर्य अंशले पनि सघाएको होला भन्छन् कमलराज । त्यसैले भरत जङ्गमलाई चिनायो । सबैले चिन्ने बने । भरत जङ्गम र विमलराजबिचको परिचय प्रतिस्थापन गरायो ।

जुन बेला साझा संस्था आर्थिक हिसाबले जीर्ण बनेको थियो त्यही बेला यसको केन्द्रीय अध्यक्षमा नियुक्त भएका थिए कमलराज । साझाभित्रका व्यापारिक केन्द्रहरूमा भ्रष्टाचार भ्याङ्गिएको थियो । त्यो बेथिति र भ्रष्टाचार नियन्त्रण र निर्मूल पार्न अगाडि सरे कमलराज । जुन त्यति सहज थिएन । भ्रष्टाचारीले अधिकारमा रहेका पदाधिकारीबाट संरक्षण पाइरहेका थिए । यस्तो जटिल कार्यमा उनले साझा संस्थाकी सचिव सावित्री जङ्गमको सहयोग र साथ पाए । बाहिर रहेका भरत जङ्गमले पनि निरन्तर सहयोग गरिरहे ।

'साझा संस्था' केन्द्रीय सहकारी सङ्घ' मा रूपान्तरित भइसकेको थियो । दीपप्रकाश बाँस्कोटा अध्यक्ष बहाली भएका थिए । त्यति बेला द्वन्द्वले देशको आर्थिक अवस्था नाजुक स्थितिमा थियो । बेथिति, भ्रष्टाचार र द्वन्दले देश हल्लिएको थियो । त्यहीताका अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा साझाका भूपू अध्यक्षलाई अभिनन्दन गर्ने प्रस्ताव लिएर पुग्छन् केन्द्रीय सहकारी अध्यक्ष दीपकप्रकाश बाँस्कोटा ।

आफ्नो स्वभावले नै पुरस्कार सम्मान र अभिनन्दन ग्रहण गर्न नरुचाउने कमलराजलाई त्यो स्वीकार गरुँ कि नगरुँ भन्ने दुविधाले सकसमा पुऱ्याउँछ । देशमा चलिरहेको रक्तपातपूर्ण स्थिति हेरिरहन परेको छ, यस्तो स्थितिमा कमलराजले त्यो खुसीको सम्मान कसरी ग्रहण गर्न सक्थे र ? सकेनन् । भरत जङ्गमको सल्लाहमा त्यो अभिनन्दन ग्रहण नगर्ने बरु प्रेस विज्ञप्ति निकाल्न तयार हुन्छन् ।

"देशमा चलिरहेको रक्तपातपूर्ण समयमा अभिनन्दन र पुरस्कारको कार्यक्रम सञ्चालन गर्नु मुर्दाघरको हाँसोजस्तै हो ।" भन्ने विज्ञप्ति छापिन्छ नेपाल समाचारपत्र' मा । जुन विषयले समाजमा ठुलै चर्चा पाएको थियो । यसको लेखन प्रकाशनमा ठुलो सहयोग भरत जङ्गमको थियो । यिनै सहयोगी दातालाई बेलाबेलामा सम्झिरहन्छु भन्छन् कमलराज ।

मानवीय कमीकमजोरीहरू सबैका हुन्छन् । तिनै कमजोरीले मानिसलाई विवादमा पुऱ्याइरहन्छ । त्यस्ता कुराको पछि नलागेर आफ्नो लक्ष्यबाट विमुख नहुन भरत जङ्गमलाई आग्रह गर्दछन् कमलराज किनकि भरत जङ्गमको यात्रा धेरै बाँकी छ, सकिएको छैन ।

राष्ट्र, जनता र समाजमा आमूल परिवर्तनको आकाङ्क्षा बढिरहेको छ । सूचना र प्रविधि पनि वेगवान् रूपमा बढिरहेका छन् । विद्यमान विविध समस्या अनि ठुला भनाउँदा राष्ट्रबाट सानाको थिचोमिचोको परिस्थिति जटिल बन्दै गइरहेको छ । यस्तो अवस्थामा भरत जङ्गम आफ्ना विचारलाई सशक्त ढङ्गबाट अगाडि सार्दै आएका छन् । कमलराज रेग्मी उनलाई सम्बोधन गर्दै भन्छन्, 'तिमी देश र जनताका लागि समय सापेक्ष भएर आफ्नो कार्यक्रमलाई अगाडि बढाउँदै लैजाऊ, हार्दिक शुभकामना ।'

भ्रष्टाचारी हो, सावधान ! जङ्गम आउँदै छ

केदार कोइराला

उमेरको किशोरपनका लहड, तरङ्ग चल्छन् । त्यसले के के के के गर्न अह्राउँछ । उनका साथीहरूलाई फिल्म हेर्न, उपन्यास पढ्न त्यसैले उक्सायो तर केदार कोइरालालाई उचालेन । उनले युवा अवस्थासम्म उपन्यास पढेनन्, फिल्म हेरेनन् तर उनको टोल, छिमेक र गाउँघरमा, आमा, दिदी, बहिनीबिच हिन्दी धारावाहिक टेली चलचित्रको खुब चर्चा हुन्थ्यो । त्यसरी नै चर्चा सुन्न थाले भरत जङ्गमको उपन्यास 'कालो सूर्य'को पनि । त्यही चर्चाले उनलाई उपन्यास पढ्ने रहर जगायो । तिर्खामा पानी घटघट पिएझैं एकै बसाइमा 'कालो सूर्य' आद्योपान्त पढे ।

पञ्चायतले जनमतसङ्ग्रह जितेपछि त्यसको एकलौटी जस लिन तम्सेका पञ्चायती व्यवस्थाका हैकमदार प्रधानमन्त्री सूर्यबहादुर थापाको जगजगीका बेला 'कालो सूर्य' उपन्यासमा सूर्यको भाग पर्नु र उपन्यासभित्र समेटिएका विषयवस्तु र तिनको प्रस्तुतिले पनि चर्चालाई थप मद्दत गरेजस्तो लाग्छ केदार कोइरालालाई ।

'कालो सूर्य' पढिसकेपछि भरत जङ्गमको चिनारी उनका मनमा लेखक बनेर बस्छ । लेखकका बारेमा उनीभित्रका अनुभूतिलाई, अक्षर, शब्द र वाक्यको एउटा सग्लो रूपले पनि मन जित्न सफल हुन्छ । त्यही सिर्जना हो 'कालो सूर्य', जुन धेरै भाषामा अनूदित भएर अन्तर्राष्ट्रिय स्तरमा पनि कीर्ति फैलाउन सफल छ । यसलाई नेपली लेखकको ठुलो सफलता मान्छन् । उनलाई गर्वले छाती फुलेको महसुस हुन्छ ।

पहिला भरत जङ्गमको नामसँग मात्र परिचित रहेछन् केदार कोइराला । पछिमात्र मौका मिलेछ साक्षात्कार हुन । त्यसपछि उनको नाम र व्यक्तित्व एकाकार भएको आकृति उनको मानसपटलमा सञ्चित भइरहेछ । अनि

पत्रकार महासङ्घको अधिवेशनमा उनले खेलेको भूमिकाले अत्यन्तै सकारात्मक छाप छाडेर गएको छ भन्छन् केदार ।

भ्रष्टाचार विरुद्ध, सडक र चोकचोकमा भाषण गर्दै हिँडेको भ्रष्टाचार विरुद्धको लडाँइ लडेको जस्ता समाचार पत्रपत्रिकामा पढ्दापढ्दै केदार पनि भ्रष्टाचार विरोधी आन्दोलनको पूर्ण समर्थक बनिसकेका हुन्छन् । सांसदहरूले पेन्सन भत्ताको बहानामा आजीवन राष्ट्रको ढुकुटी लुटिरहन पाउने गरी गरेको निर्णय भरत जङ्गमले सर्वोच्चमा चुनौती दिई खारेज गराए । उनले बर्सेनि दुरूपयोग हुने ढुकुटीको करोडौँ रकम जोगाए ।

देशमा भइरहेको भ्रष्टाचार नियन्त्रण गर्न भरत जङ्गमलाई सार्वजनिक सेवा निरीक्षण एवं अनुगमन टोलीको संयोजक पदमा नियुक्ति दिइन्छ । कार्यभार समालेपछि अधिराज्यभरका धेरैजसो सरकारी कार्यालयका कर्मचारीहरूमा अनुशासन कायम हुन आएको थियो । कामचोर र भ्रष्टाचारी प्रवृत्तिका कर्मचारी भयभीत थिए । 'भ्रष्टाचारी हो, सावधान ! जङ्गम आउँदै छ ।' भन्ने गरिन्थ्यो । यो खबरदारी पनि केदार कोइरालाले सुन्ने गरेका रहेछन् । दुःखको कुरो, यो अवस्थाले निरन्तरता पाउन सकेन ।

समग्रमा एउटा लेखक, पत्रकार, प्रशासक, शिक्षासेवी, समाजसेवी, धार्मिक न्यायप्रेमीजस्ता थुप्रै विशेषताहरूले भरिएको भरत जङ्गमको सफलताले मुलुकले उपलब्धि हासिल गर्न सक्छ भन्ने लाग्छ केदार कोइरालालाई । भरत जङ्गमले गरेका कार्यहरू हेर्दा लाग्छ, एउटै मान्छेको प्रयासले पनि कति फरक पार्दो रहेछ भन्ने भावमा तरङ्गित हुन्छन् । अनि भन्न मन लाग्छ रे "हे भरत जङ्गम ! तिमी अगाडि बढ, सफलता पाऊ, हामी तिम्रो पछि छौँ ।"

'कालो सूर्यको अनुवाद-प्रसङ्ग'

प्रा. गीता उपाध्याय

परदेशमा रहेर पनि आफ्नो भाषा संस्कृतिप्रति असल भावनाले सम्पन्न साहित्यकार, अनुवादक, विश्लेषक प्रा. विदुषी गीता उपाध्याय छिमेकी देश भारतको उत्तर पूर्वी राज्य असम राज्यमा बसोवास गर्छिन् । त्यहाँ नेपाली भाषामा रचना भएका पुस्तकपत्रिका आदिको आदान प्रदान त्यति सहज छैन । त्यसैले त्यही जन्मेहुर्केका, पढेलेखेका नेपाली साहित्यका साधारण पाठकहरूलाई नेपालीमा रचना गरिएका आधुनिक साहित्यसँग चिनारीको मौका उति नै दुर्लभ बनेको छ । यस्तो परिस्थितिमा बाँधिएर बसेकी प्रा. गीता उपाध्यायले नेपली उपन्यास 'कालो सूर्य' हात पर्नु अनि त्यसैका लेखकसँग साक्षात् भेटको मौका जुर्नुलाई एउटा अत्यन्तै महत्त्वपूर्ण संयोग मान्छिन् ।

संयोग नै भन्नुपर्ला 'नेपाली साहित्य परिषद् असम' को आमन्त्रणमा गुहाटी पुगेको नेपाली साहित्यिक सांस्कृतिक टोलीमा सहभागी भएका भरत जङ्गमसँग उनको परिचय हुन्छ । आ-आफ्ना रचनाहरूको आदान प्रदान चल्छ । भरत जङ्गमका रचना कालो सूर्य र रातोघाम पढ्न यही मौका जुऱ्यो ।

कालो सूर्य र रातो घाम दिँदै भरत जङ्गमले अनुरोध गरेका थिए, 'सम्भव, भए दुवै नत्र एउटै भए पनि असमी भाषामा अनुवाद गरिदिनुभए बेस हुने थियो ।' आँखाको उपचारका लागि त्यही दिन दिल्ली गइरहेकी थिइन् ३६ घण्टा लामो रेल यात्राबाट उनी । यात्राको समय कटाउन उनलाई सजिलो भयो । तीमध्येको 'कालो सूर्य' पहिले पढिन् जसको लेखनशैली र भाषाले उनलाई आकर्षित पनि गऱ्यो ।

व्यक्तिगत जीवनमा पनि नैतिक मूल्यको क्षय । प्रशासनको संयन्त्रमा ग्रहण लागेझैं गरेर फैलिएको भ्रष्टाचार । त्यो परिस्थितिले सर्वसाधारणसमेत अहरह पिसिँदै गएको यन्त्रणा, बञ्जना र असहायहरूको छटपटाहट यता मात्र होइन उता बस्नेहरू पनि अनुभव गर्न थालेका थिए । 'कालो सूर्य'मा उठान गरिएका विषयहरू मिल्दाजुल्दा हुँदा त्यसले पाठकलाई प्रभाव पार्न सक्ने र पाठकले पनि लेखनको शैली र विषयलाई रुचाउने देखेपछि अनुवाद गर्ने निश्चयमा पुग्छिन् गीता उपाध्याय ।

नेपालीको 'कालो सूर्य' असमिया भाषामा 'काला सुरज' बन्छ । काला सुरज 'आमुख' 'दु:समयको रेखाचित्र' शीर्षक दिएर असमी भाषाका विद्वान् लेखक शाहले बडो उत्कृष्ट पारामा लेखेका छन् । त्यसको सार्वजनिकीकरणका लागि काठमाडौँमा व्यवस्था मिलाइएको खबर आएपछि, नेपाली साहित्य परिषद् असमका अध्यक्ष गीता उपाध्यायसमेतको टोली काठमाडौँ उत्रिन्छ ।

नेपाल पर्यटन बोर्डको भवनमा अनुष्ठित हलमा, वरिष्ठ साहित्यकार दौतल विक्रम बिष्ठले अध्यक्षता गरेको भव्य समारोहमा तत्कालीन सर्वोच्च अदालतका प्रमुख न्यायाधीश मोहनप्रसाद शर्माले पुस्तक लोकार्पण गर्नुभयो । यसरी सार्वजनिक गरिएको 'काला सूरज' उपन्यास असमिया पाठकहरूबिच परिचित हुन पुग्छ । उत्तिकै लोकप्रिय पनि । समादर पनि पाएको छ । यही सिलसिलाले भरत जङ्गम र गीता उपाध्यायबिच अत्यन्तै स्नेहपूर्ण रहने दिदी-भाइको सम्बन्ध जुटाउन मद्दत गऱ्यो ।

त्यो सम्बन्ध उनीहरूबिच अहिलेसम्म पनि प्रगाढ छ । काठमाडौँ आउजाउका क्रममा भेटघाट भइरहन्छ । यही भेटघाटमा आफ्नो नियात्रा संस्मरण 'मन्दाकिनी र अलखनन्दाको तीरैतिर बद्रीसम्म' नामक पुस्तक भाइलाई उपहार दिँदा, 'भारतको हिमाञ्चलमा रहेका केदारनाथको शिरोभाग नेपालस्थित डोलेश्वर महादेव हुन्' भन्ने भरत जङ्गमको अनुसन्धानात्मक लेख प्रबन्ध उनको हातमा पर्छ । उत्सुकताले उनलाई डोलेश्वर महादेवको

दर्शन गर्न पुऱ्याउँछ । उनी भन्छिन्, 'डोलेश्वर महादेव सम्बन्धी लेख पढेर भरत जङ्गमको व्यक्तित्वको अर्को पाटो पनि पढ्न पाएँ ।'

साहित्यकार, भ्रष्टाचार विरोधी अभियन्ता र पत्रकारिताबाहेक व्यक्तित्वको अर्को पाटो पुरातात्त्विक तथ्यको अनुसन्धान र उद्घाटन गर्ने इतिहासविद् वा पुरातत्त्वविद्प्रति उत्सुक आग्रह थपियो । भरत जङ्गमका प्रकाशित उपन्यास र उनको सामाजिक चिन्तन अनि भ्रष्टाचारमुक्त समाज निर्माणप्रति समर्पित भावनासम्पन्न व्यक्ति देखेकी उनलाई विभिन्न सामाजिक गतिविधि, लेख र वक्तव्यहरूबाट प्रस्फुटित भएको देख्छिन् । भरत जङ्गमको पुरातात्त्विक आग्रह र इतिहासको चेतना देख्दा ज्यादै खुसी लाग्छ उनलाई ।

अन्त्यमा भरत जङ्गमको सुस्वास्थ्य, सुदीर्घ कर्ममय जीवनको कामना गर्दै आफूलगायत भारत असमका नेपालीहरूको तर्फबाट शुभकामना पनि दिने गीता उपाध्याय भरत जङ्गमलाई साहित्य क्षेत्रमा मात्र आफ्ना गतिविधिलाई सङ्कुचित नगराई भ्रष्टाचारजस्तो सामाजिक सरोकारको विषयलाई आफ्नो अभीष्ट बनाएर त्यसमा निरन्तर लागेर, एउटा बृहत् वैचारिक आन्दोलनलाई अघि बढाइरहेको देख्दा भरत जङ्गम मौलिक, मानवीय मर्यादा र अधिकार र हकमा समर्पित देख्छिन् गीता उपाध्याय । देशलाई विकासको उज्यालोतर्फ लम्कन उनीजस्ता तीव्र चेतना सम्पन्न व्यक्तिहरूको सदैव खाँचो रहन्छ ।

पाँच प्रसङ्ग : पाँच विशेषता

गीता मञ्जुश्री

मानिसलाई आफूभित्र बग्ने प्रबल भावनाहरूले डोऱ्याउँछ । कुनै कुनै प्रसङ्ग घटना विशेषले कसैलाई नमेटिने गरेर छाप छाडेर गएको हुन्छ । ती छाप कसैको जीवन जिउने सहारा बनेका हुन्छन् । अनि ज्ञान र मनश्चक्षुले सहारा बनेका प्रेरणादायी प्रसङ्ग पनि हुन सक्छन् । ती उपकारका पनि प्रसङ्ग हुन् जसले गीता मञ्जुश्रीलाई उपकृत तुल्याएको छ । तिनै प्रसङ्गहरू सम्झँदा जङ्गमको उपकारमा उनी टोलाउँछिन् ।

विपद्मा लगाएको गुन मानिस परलोकमा पुगेर पनि सम्झिन्छ भन्छन् । भरत जङ्गमले लगाएका भुल्नै नसक्ने गुणका पाँच प्रसङ्ग रहेछन् गीता मञ्जुश्रीसँग । ती सधै सम्झिरहन्छिन् । ती हेर्दा साधारण लाग्न सक्छन् तर उनलाई भने अत्यन्तै महत्त्वपूर्ण लाग्छन् । श्रीमान्का सहकर्मी समकालीन परिचित साथीहरू उनलाई 'भाउजू' भनेर सम्बोधन गर्दा भरत जङ्गमले भने 'बुहारी' भनेर सम्बोधन गर्थे । त्यो सम्बोधन उनलाई अत्यन्तै आत्मीय लाग्थ्यो । उनलाई गर्वको अनुभूति हुन्थ्यो । उनलाई लाग्छ उनलाई मात्र हैन भरत दाइले सबैलाई आत्मीय व्यवहार गर्नुहुन्छ । यो उनको विशेषता होला ।

श्रीमान् 'नेपाली आवाज साप्ताहिक' मा कार्यरत रहँदा एक दिन श्रीमान्लाई फोन गर्छिन् । फोन अरू कसैले उठाएर सोध्छ, तपाईं को बोल्नुभयो ? उनी भन्छिन्, 'म हरि मञ्जुश्रीकी श्रीमती । फोन उठाउने व्यक्ति फोन दिँदै भन्छन्, 'ल हरिजी 'श्रीमतीको वारेन्ट ।'

त्यही 'श्रीमतीको वारेन्ट र कान्छी सर्किनीको गुन्यु' यी दुई निबन्ध समालोचकहरूको मास्टरपिस बन्न पुग्छन् । ती फोन दिने व्यक्ति उनै भरत

जङ्गम थिए र भरत जङ्गमका यस्ता रसिकता उनलाई रमाइलो लाग्छ । सबैसँग यसरी नै पेस भएको देख्छिन् । त्यसैले '(रसिकताले) पनि उनलाई ऊर्जा दिइरहेको हुनुपर्छ ।'

अरूलाई पर्दा आफूलाई परेको अनुभव गर्छिन् भरत जङ्गम । जस्तोसुकै सहयोग गर्न पनि पछि पर्दैनन् । अथवा भगवान् बनेर झुल्कने गर्छिन् । भगवान् बनेर झुल्कने उनलाई भुल्न सकिँदैन भन्छिन् गीता मञ्जुश्री । आफ्नो 'लाला' बिरामी पर्दाको क्षण सम्झिरहन्छिन् उनी । रात छिप्पिँदै जाँदा रोगले ग्रस्त पार्दै लग्छ । मध्य रातमा सिकिस्त हुन पुग्छ बच्चा । दुई प्राणी आत्तिन्छिन् । अस्पताल पुऱ्याउन न साधान छ न स्रोत । उपाय खोज्दै भरत जङ्गमलाई फोन गर्छिन् । उनी भगवान् बनेर तुरुन्त आइपुग्छिन् । अस्पताल पुऱ्याउँछिन्, रकमको पनि सहयोग गर्छिन् । उनको यस्तो सहयोगले अनुग्रहित बनेकी उनी भन्छिन्, 'हामीलाई मात्र हैन आपत्विपद् परेका जो कोहीलाई मद्दत पुऱ्याउनु उहाँको विशेषता हो ।'

आफन्त, परिचित र अरू कसैलाई पनि दुःख, आपत्विपद् परे सकभर भरत जङ्गम आफै पुग्छिन्, नसके मान्छे पठाउँछिन् । मद्दत पुऱ्याउन दुःख कष्टको छुटकारा दिलाउन । अत्यन्तै दुःखकष्टको क्षणबाट आफूलाई छुटकारा दिलाएको बताउँछिन् गीता मञ्जुश्री । श्रीमान्लाई पेटको दर्दले अत्याइरहेको छ । लगातार उल्टी भइरहेको छ । अस्पताल पुऱ्याउँदा डाक्टर भन्छ, 'एपेन्डिक्स फुट्ने अवस्थामा छ, तु अप्रेसन गर्नुपर्छ ।' स्रोतको जोहो गर्ने समय थिएन । यस्तोमा आशाका केन्द्र उनै भरत जङ्गम थिए, फोन गर्छिन् । भोलिपल्ट बिहान दलबलसहित सी.डी.ओ पुग्छिन् हरि मञ्जुश्रीलाई खोज्दै । त्यसपछि उपचारमा केही समस्या झेल्नु नपरेको बताउने गीता मञ्जुश्री भन्छिन्, 'ठिक ठिक काम गर्न ठिक व्यक्तिका लागि ठिक व्यक्तिबाट काम गराउन सक्नु भरत दाइको विशेषता हो । जुन सबैमा हुन सक्दैन ।'

व्यावहारिक शिक्षा दिन पनि निपुण छन् भरत जङ्गम । उनमा व्यावहारिक

प्रवीणता छ । गीता मञ्जुश्रीले 'मञ्जुश्री-गन्थन' नामक पुस्तकका लागि दिएको अन्तर्वार्तामा श्रीमान्का विषयमा बोलेको वाक्यलाई बडो प्रभावकारी ढङ्गबाट शिक्षाप्रद हिसाबले आफ्नो उपस्थिति श्रीमान्लाई सुनाएको प्रसङ्ग पनि उल्लेख गर्छिन् । जो व्यवहारमा निपुण छ, उसले व्यवहारमा आइपर्ने कठिनाइ र सुखदुःख बुझ्दछ । ऊ नै अरूलाई सही सल्लाह दिन सक्छ भन्ने बुझेकी गीता मञ्जुश्री भन्छिन्, 'भरत दाइ घरायसी र सामाजिक व्यवहारमा प्रवीण हुनुहुन्छ भन्ने कुरामा कुनै शङ्का छैन ।'

उनको अनुभवमा भरत जङ्गम अत्यन्तै आत्मीय, सहयोगी र मिलनसार व्यक्ति हुन् भने अरूको दुःख देख्नै नसक्ने, अरूलाई दुःख दिन नचाहने, उपयुक्त व्यक्तिलाई उपयुक्त काम दिन सक्ने हौसला बढाइदिने जस्ता धेरै विशेषतापूर्ण व्यक्तित्व मान्छिन् ।

उनलाई लाग्छ, भरत जङ्गमजस्ता व्यक्तित्वलाई आ-आफ्नो क्षेत्रबाट सबैले सहयोग पुऱ्याउनुपर्छ । समाजले उनीजस्ता व्यक्तित्व पाउनु गर्वको कुरा हो । अन्त्यमा उनी भन्छिन्, 'म भरत जङ्गमको युगमा बाँचेकी छु । उनको सान्निध्य पाएकी छु भन्ने सोच्दा मात्र गौरवान्वित हुन्छु । भविष्यमा पनाति-पनातिनीहरू 'हाम्री बुढी हजुरआमाले भरत जङ्गमलाई चिन्नुभएको थियो रे बाबै' भनेर गर्वका साथ कुरा गरे भने परलोकमा भए पनि मेरो मनले शान्ति पाउँदो हो ।'

एक्लो युधिष्ठिर

डा. घनश्याम खतिवडा

नीति शास्त्र भन्छ, 'जनतामाथि भ्रमपूर्ण विश्वासहरू छर्ने गर्छन् शासकहरू ।' त्यही भ्रमपूर्ण विश्वासहरू मार्ग प्रशस्त गरिदिन्छन्, जुन जनतामाथिको सबैभन्दा ठुलो अन्याय र अत्याचारको स्रोत बन्छ । भन्ने त गरिन्छ, अन्याय अत्याचारको विरुद्ध बोल्नु मानवीय स्वभाव हो' तर यहाँ को बोलिरहेको छ र ? राष्ट्रको सम्पत्ति रित्याएर आफ्नो स्वार्थ पूरा गर्ने हाँडीघोप्टे स्वभावका व्यक्तिहरूका विरुद्ध डा.घनश्याम खतिवडा भन्छन्, 'नेपालमा भइरहेको भ्रष्टाचार विरुद्धको अभियानका एक्ला योद्धा युधिष्ठिर भरत जङ्गम मात्र हुन् ।'

२०४६ सालको परिवर्तनपछिका दिनहरूमा डा. खतिवडा पटक पटक एउटा नाम सुन्ने गर्दा रहेछन् । पत्रपत्रिकामा पनि त्यही नाम पढ्दा रहेछन् तर त्यो व्यक्तिलाई २०५४ सालमा मात्र भेट्छन् । सिलसिला थियो काम खोज्ने । पहिलो भेटमा नै उनले एउटा प्रस्टवक्ताको व्यक्तित्वको रूपमा देख्छन् भरत जङ्गमलाई ।

२०६० सालमा पत्रकार, गीतकार, कलाकार शोभा के.सीको 'महसुस' नामक गीति एल्बम विमोचन समारोहमा प्रमुख अतिथिको रूपमा भरत जङ्गमलाई भेट्छन् । देख्दा मात्र उनलाई लागेछ आफू उद्घोषक बनेको त्यो कार्यक्रम अब पूर्ण सफल भयो । भरत जङ्गमको सरलता देख्दा पनि उनलाई लाग्छ, 'म धेरै नजिक छु ।' त्यसपछि आमन्त्रित पनि हुन थाल्छन् । नजिक हुँदै जाँदा उनलाई लाग्छ, 'उनी नामले मात्र हैन कामले पनि भरत छन् ।'

कैलास भण्डारीको अनुसन्धानात्मक पुस्तक, 'युगपुरुष गोविन्दरहरि जङ्गम' को विमोचन कार्यक्रममा उद्घोषकको रूपमा कार्य गर्दा जङ्गम कुलका बारेमा अध्ययन गर्ने मौका जुर्छ तब उनलाई लाग्छ भरत जङ्गम, जङ्गम कुलका कुलतिलक हुन् ।

सबैसँग सरलत भएर पेस हुने, अनुहार हँसिलो पार्ने, सधै प्रसन्न रहने, कसैलाई कटुवचन प्रयोग नगर्ने बानी भएका भरत जङ्गमसँगको बसउठबाट पाएको ज्ञानले अनुयायी बनेका डा. खतिवडा उनलाई जडभरतजस्तै तपस्यारत स्वाभिमानी व्यक्तित्व ठान्दछन् ।

भक्तपुरमा सम्पन्न धान्याचल महायज्ञमा स्थानीयको सहयोग र सहभागितालाई देख्दा डा. खतिवडालाई लाग्छ सबैलाई सहभागी गराएर अघि बढ्न सक्ने जङ्गमको धार्मिक व्यक्तित्वको परिणाम थियो त्यो । त्यसैले पनि होला भ्रष्टाचार विरुद्धको अभियानमा धार्मिक क्षेत्रबाट पनि ठुलो सहयोग र समर्थन रहेको ।

नेपालमा व्याप्त भ्रष्टाचारलाई निर्मूल गरे मात्र देशको मुहार फेरिन्छ भनी युद्धका युधिष्ठिरझैं एक्लै लड्ने भरत जङ्गम राष्ट्रवादी भएर नै हो दौडाहा टोलीको नेतृत्व लिएको भन्ने मान्यता राख्छन् डा. खतिवडा । यही कुरालाई लिएर आलोचना पनि हुने गरेको छ । डा. खतिवडा भन्छन्, 'भरत जङ्गमको प्रशंसामा मेरो मन बोलिरहन्थ्यो उनीसँगको सङ्गतका कुरा तब आलोचकहरू खुम्चिन्थे ।

जनताको आँखामा छारो हाल्ने भ्रष्टाचारी अनि कर्मकाण्डीहरूको जगजगी बढेका बेलामा भ्रष्टाचारमुक्त नेपाल निर्माणको अभियानमा सरिक भरत जङ्गमलाई पूर्ण व्यक्तित्वभित्रका पूर्णचन्द्र मान्ने डा. घनश्याम भन्छन्, उनका बारेमा वर्णन गरेका उपरोक्त सवालहरू, भावनाहरूलाई पाँच-प्रसङ्गमा व्यक्त गरेका भावनाहरूले पनि प्रस्ट्याएको छ ।' त्यसैले तटस्थताको आस्थाबाट विचार प्रदान गर्नु उनको दैनिकी बनेको छ । त्यही विचारलाई जीवनको डबलीमा मञ्चन गर्ने कर्तव्य बनेको छ ।

हामी नै ठुला सम्पत्ति

डा. घनश्याम राजकर्णिकार

घमन्डले आफूप्रतिका अरूका आशा र विश्वासका धरहराहरू ढल्दै जान्छन् । सत्य र अस्तित्वमा सङ्कट ल्याउँछ अनि बर्जित बाटो हिँडाउँछ । यो कुरा राम्ररी बुझेका भरत जङ्गमभित्र अहंकार प्रवेश गर्नै पाएन र मित्रतामा आँच पनि आएन । त्यसैले उनका प्रशस्त मित्र छन् । ती सबै मित्र उनले देश र समाजलाई केही गर्छन् भन्ने विश्वासले आर्जन भएका हुन् । ती आशा र विश्वास मान्ने मित्रहरूलाई सबैभन्दा ठुलो सम्पत्तिका रूपमा लिन्छन् उनी, अनि त्यही सम्पत्तिमा आफूलाई परिपूर्ण देख्छन् ।

'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थका लागि केही लेखिदिन मित्र हरि मञ्जुश्रीबाट खबर आउँछ घनश्याम राजकर्णिकारलाई । उनलाई साहित्यिक मित्र भरत जङ्गमका बारेमा के लेखूँ के लेखूँ हुन्छ । त्यत्तिकैमा उनको 'कालो सूर्य'को सम्झना आउँछ । त्यो उपन्यासका सातै बारका प्रत्येक घटनाका झुल्काहरू उनलाई अझै याद छन् । ती पढ्दा आनन्द आएको थियो । अफ्नो मनले भन्न खोजेको कुरा अरूले भनिदिँदा बढी स्वाद पर्छ । तिनै स्वादिला कुरामा तानिएका राजकर्णिकारले सबैभन्दा मनपर्ने ' कालो सूर्य' रिट्ठो नबिराईकन पढेका थिए । ती प्रत्येक बारका प्रत्येक घटनाले प्रवाहित गरेको मूल सन्देश एउटै छ ।

परिचय गराउने क्रममा अर्को मित्रले उहाँ ! 'कालो सूर्य' भनेर परिचय दिँदा उनमा परेको कालो सूर्यको प्रभावले त्यसका लेखक भरत जङ्गम हुन् भनेर चिन्न बेर लागेन । कत्ति बेर नलागीकन बनेको परिचयले दुवैमा असल मित्रता कायम गरायो । मित्रताको गाँठो अहिलेसम्म कसिएकै छ ।

घनश्याम राजकर्णिकारलाई 'कालो सूर्य' र भरत जङ्गम पर्याय नै हुन् जस्तो लाग्छ । उनका सबै साहित्यिक कृतिहरू उस्तै र उत्तिकै गहकिला छन् तर भरत जङ्गमलाई चर्चाको शिखरमा पुऱ्याएको 'कालो सूर्य'ले हो भन्ने लाग्छ । अन्त्यमा उनी भन्छन्, 'सबै मित्रहरूको सहयोगले भरत जङ्गमका प्रत्येक कर्महरू शुभ र सफल बन्दै जाउन् मेरो शुभकामना ।'

भरत जङ्गम जिन्दावाद !

चटयाङ मास्टर

भरत जङ्गमसँगको पहिलो भेट चट्याङ मास्टरको सम्झना सेट रहेछ । सम्झनामा सेट भए पनि कुनै सम्झनाहरू कि त मौलाएर कि त खिइएर जान्छन् । नखिइएको भएर यो भेट धन्य भयो भन्ने लागेको छ चट्याङ मास्टरलाई ।

देवकोटा साहित्य सदनमा भएको चिनजानका क्रममा पाएको नामसँगै अष्ट्रेलियामा पढ्न पाएको 'कालो सूर्य' को सम्झना हुन्छ । अनि त्यही किताबका लेखक गोचर हुँदा उनको मन आनन्दित हुन्छ । त्यो घटनादेखि यो रचनासम्म आइपुग्दा झन्डै एक युग पार गरेको मित्रता वयस्क बनेको सायद उनलाई पत्तो भएन ।

कसैले बिताउन खोजे पनि नखोजे पनि समय आफै बित्छ । कसैलाई पर्खेर पनि बस्दैन । चट्याङ मास्टर रेडियो सगरमाथाको समसामयिक विषयमा बोल्दै गर्दा उनी भ्रष्टाचारीको उछितो काड्थे । त्यही उछितो काडेको सुनेर होला उनलाई फोन गर्छन् भरत जङ्गम । आफूले विभिन्न सङ्घ संस्था खोलेर संस्थागत रूपमा भ्रष्टाचार विरुद्ध अनुसन्धान गर्न, प्रतिवेदन तयार पारी सार्वजनिक गर्न अनि भ्रष्टाचार विरुद्ध मुद्दा हाल्न, जनजागरण फैलाउन, सडक कार्यक्रमहरू गर्ने गरेको कुरा जानकारी गराउँदा चट्याङ मास्टरलाई लाग्छ, 'मित्रमा कानुनकर्मीको रूप पनि रहेछ ।

यी कुराको ज्ञानपछि मित्रप्रतिको आत्मीयता झनै बढ्छ । भरत जङ्गमलाई भेट गर्न धेरै पटक पुग्छन् । मित्रहरूबिचको कुराकानीपछि दुवै भक्तपुरका रैथाने ठहरिन्छन् । चट्याङ भन्छन्, 'यो थाहाले झनै चाहा थाप्यो ।'

भरत जङ्गमले भ्रष्टाचारका विरुद्ध नियमित गर्दै आएको सडक आन्दोलनमा राष्ट्रिय स्तरका नेता र बुद्धिजीवी पनि सहभागी भएर यो

राष्ट्रिय समस्याका बारेमा आ-आफ्ना कुराहरू राख्ने गरेको त्यस कार्यक्रममा सहभागिताका लागि चट्याङ मास्टरलाई अनुरोध आउँछ, अनि पुग्छन् । माइक समातेर आफ्नो मन्त्रणा राख्छन् । 'त्यो मित्रको त्यो कार्यक्रम नौलो लाग्छ, माया लाग्छ ।' त्यसपछि पनि नयाँ दिन आउन छुटेन न भरत जङ्गमको फोन आउन छुट्यो । दुवै मित्र भक्तपुरको एउटा मन्दिर मर्मत सम्भारका लागि आयोजना गरिएको धान्याचल यज्ञमा सहभागी हुन्छन् । दुवै मित्र सहभागी हुँदाको अनुभवमा दुवैको हाड जोडिएजस्तो लाग्छ चट्याङलाई । भरत जङ्गमको सनातन धर्म प्रवद्धर्न र समाज सेवाको रूप देख्दा उनलाई लागेछ, 'यो रूपलाई सतत नमन गरुँ ।'

राष्ट्रिय समाचार माध्यममा भरत जङ्गमको बखान लिएर फेरि अर्को दिन आयो । सांसदहरूले आफ्नो स्वार्थसिद्ध गर्न राष्ट्रको ढुकुटीबाट करोडौँ लिन गरेको निर्णय विरुद्ध मुद्दा लडेर खारेज गराए । राष्ट्रको करोडौँ रुपियाँ जोगाए । तै पनि सांसदहरू यिनै हुन्, यिनै रहिरहे देश जोगाउन गाह्रो पर्ला भन्ने लाग्छ । त्यस बेला पनि लागेको थियो । अहिले पनि लागेकै छ । अनि भन्छन् चट्याङ मास्टर 'भरत जङ्गम जिन्दावाद !'

धेरै दिन बिरायो, फेरि नयाँ दिन आयो, भरत जङ्गमलाई नियुक्ति दिलाएर । नियुक्ति भएको पदमा बसेर भरत जङ्गमले राजकुमार भरतझैँ देश र समाजको सेवा गर्न सुरु गर्दै गरेर चालेको कदमप्रति हर्षित भएर भने कोही त्रसित भए । स्पष्टवक्ता, उपन्यासकार, कानुनकर्मी, सङ्गठनकर्ता सनातन धर्म परिपालक मित्र यस्ता विषयमा अझ सशक्त भूमिका निर्वाह गर्ने व्यक्तित्व बनुन् । आगामी दिनमा झन् नयाँ रूप लिएर आउन् भन्ने कामनाका साथ भरत जङ्गमको जय होस् भन्छन्, चट्याङ मास्टर ।

मसँग मिल्दाजुल्दा साहित्यिक यात्री

डाइमनशमशेर राणा

मानिसको हृदयभित्र धेरै रहरहरू लुकेका हुन्छन् । तीमध्ये कति पूरा होलान् कति हुन सक्दैनन् । त्यसको हिसाब किताब कसैले गरिरहेको पो हुन्छ कि ? लेखक डाइमनशमशेरलाई धेरै देश घुम्ने रहर रहेछ । रहर पूरा गर्न भारत घुमे, युरोपका प्रायः सबै मुलुकहरू घुमे तर अमेरिका घुम्ने रहर पालिरहेकै रहेछन् । मनमा ठुलो पिर रहेछ, 'अमेरिका नगईकन मरियो भने माथि चित्रगुप्तलाई के जवाफ दिने होला भन्ने । अनि भरत जङ्गमलाई भन्छन्, लौ न ! अमेरिका नगई मरियो भने माथि के जवाफ दिने होला ?'

भरत जङ्गमको सहयोगी मन मद्दत गर्न उद्यत रह्यो । कोसिस गरे, अमेरिकामा खाने, बस्ने व्यवस्था मिलाएर खबर गरे, 'टिकटको जोहो आफैले गर्नुहोला' भनेर । कारण के पऱ्यो, डाइमनशमशेरले टिकटको जोहो गर्न सकेनन् । अमेरिका घुम्ने रहर अब उनीसँगै जाने भयो तर पनि उनी भन्छन्, 'भरत जङ्गमको त्यो सहयोगी क्रियाकलाप म कहिल्यै भुल्दिनँ ।'

भरत जङ्गमको भद्र स्वभाव र भलाद्मीपनका प्रशंसक हुन् डाइमनशमशेर । यी दुईबिच भेटघाट भइरहन्छ । साहित्य र समासामयिक विषयमा वार्ता भइरहन्छ । भरत जङ्गमले आयोजना गर्ने कार्यक्रमहरूमा उनलाई बोलाउँछन् । उनलाई खुसी लाग्छ, केही मन्त्रणा पनि गर्छन् । यी दुवै साहित्यकार हुन्, राजनीतिमा पनि उत्तिकै चासो राख्छन् । दुवैले उपयोग गर्ने साहित्यिक विधा एउटै हो 'उपन्यास' ।

डाइमनशमशेर पन्यासिक महत्ता सिद्ध गरेर देखाए तब ती दुवै नेपाली भाषाका चर्चित उपन्यास बने । अनि यी अरू विदेशी भाषाहरूमा छापिए । तीमध्ये 'सेतो बाघ' धेरै पढियो । 'कालो सूर्य' धेरै सुनियो भन्छन् डाइमनशमशेर ।

आफ्नो उमेरको र अस्वस्थताको कारण सक्रिय हुन नसकेका डाइमनशमशेरलाई भरत जङ्गम सक्रिय भएको देख्दा आफै सक्रिय भएजस्तो लाग्दो रहेछ । अनि खुसी खुसी कामना गर्दा रहेछन्, 'भरतजीको सक्रियता अझै बढोस्, सधै सक्रिय भएको देखिरहन पाऊँ । राष्ट्रका लागि अरू धेरै कार्यहरू गरिरहेका छन् भन्ने सुन्न पाऊँ ।'

जङ्गम-निवासको जमघट

नगेन्द्रराज शर्मा

भन्ने गर्छन् 'लेखक, पत्रकार, साहित्यकार, कवि प्रायः नशामा रमाउने गर्छन् ।' कति रमाए पनि कति नशा नछोईकन नशेदार जमघटको आनन्द दिने पनि हुन्छन् । नरेन्द्रराज शर्मा लेखक हुन् । साहित्यिक पत्रकार हुन् । यस्ता कवि, लेखक साहित्यकारहरूका साना ठुला जमघट, भेटघाट, अनि खानपिनका कार्यक्रम पनि चल्दा रहेछन् । कहिले कसको घरमा कहिले कसको घरमा र कहिलेकाहीँ रेष्टुरेन्टमा पनि ।

ती कार्यक्रममा उनीहरूबिच भइरहने निकै घतलाग्दा छेडखान, घोचपेच, व्यङ्ग्य र वक्रोक्तिहरू ती कसैको मानमर्दनका लागि नभई विशुद्ध हाँसो, रमाइलो र मनोरञ्जनका लागि हुने गर्छन् । उनीहरूको आ-आफ्नो विद्वतापूर्ण वाक्पटुता अति सौहाद्रपूर्ण वातावरणमा प्रत्यत्नप्रतिको प्रदर्शनका लागि हुन्छन् । नगेन्द्रराज शर्मा भन्छन्, 'त्यस्ता रमाइला जमघट र व्याख्यात्मक टिप्णीहरूको टिपोट गर्थे । पत्रपत्रिकामा प्रकाशित गर्थे ।'

भरत जङ्गमको ६० औँ जन्मदिवसलाई 'मोती महोत्सवका रूपमा मनाउन' भरत जङ्गम मोती महोत्सव समिति गठन भएको थाहा पाउँदैमा खुसी हुन्छन् नगेन्द्रराज शर्मा । भरत जङ्गमको सम्पूर्ण सुख, समृद्धि, अनि शताब्दी आयुका लागि मङ्गल कामना गर्दछन् ।

राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तित्व बनिसकेका भरत जङ्गम साहित्यकार, पत्रकार, प्रशासक, समाजसेवी, भ्रष्टाचार विरोधी आन्दोलनकारी, भ्रष्टाचार विरोधी विज्ञानका प्रवर्धक, न्याय कानुनविद्, राजनीतिकर्मी, इतिहासविद् पुरातत्त्वविद्जस्ता व्यक्तित्वहरूले विभूषित छन् ।

व्यक्तिगत र सामूहिक कार्यका लागि राष्ट्रिय स्वार्थ र हितको ख्यालै नगरी गरिएका अनेकौँ गैरराजनीतिक र गैरकानुनी निर्णय र कामकारबाहीका

विरुद्ध अनुसन्धात्मक, प्रचारात्मक, बहिष्कारात्मक र कानुनी लडाइँका साथै सडक आन्दोलनसमेत गरेर राष्ट्रका लागि ऐतिहासिक योगदान गरेका छन् उनले । त्यसैले उनको ऐतिहासिक योगदान र साहित्यिक कृतिहरूका बारेमा विभिन्न लेखक, सर्जक र समालोचकहरूले धेरै लेखिसकेका छन् । नगेन्द्रराजलाई लाग्छ, 'लेख्न के बाँकी होला र, अनि म के लेखूँ ?'

२०४१ सालमा जङ्गम निवासमा भएको यस्तै जमघटको कुरो हो । जुन यहाँ प्रस्तुत गरेका छन् नगेन्द्रराज शर्माले । जुन जमघटमा कविवर केदारमान व्यथित, डा. ध्रुवचन्द्र गौतम, कृष्णचन्द्रसिंह प्रधान, मोहनराज शर्मा, माथवरसिंह बस्नेत, ध्रुव सापकोटा, शैलेन्द्र साकारलगायतका लेखक कवि सर्जकहरू सरिक थिए । त्यहाँ उपलब्ध खानपिनको माहोलले सबैलाई हल्का तताएको थियो । आ-आफ्ना सुरमा आफूलाई लागेका कुरा रोचक पारामा प्रस्तुतिले माहोलमा उल्लास छरिरहेको थियो । त्यहाँ व्यक्त रमाइला अभिव्यक्तिहरूको टिपोट तयार पार्छन् नगेन्द्रराज त्यही सालको 'अभिव्यक्ति' मा प्रकाशित गराउँछन् । जुन 'जङ्गम निवासको जमघट' शीर्षकमा आकर्षक किसिमले प्रकाशित भएको थियो ।

त्यतिखेर भरत जङ्गम कुशल व्यापारी र उद्योगपति बनिसकेका थिए । आजको जस्तो विशाल व्यक्तित्व बनिसकेका थिएनन् । तर साहित्यिक क्षेत्रमा एक उदीयमान व्यक्तित्व बनिसकेका थिए । आजकल त्यस्ता जमघटहरूको कथा सुन्न पाइँदैन । हुँदैनन् पनि होला । त्यस्ता विशुद्ध रमाइलोका लागि रोचक, घतलाग्दा छेडखानका प्रसङ्गहरू पनि सुन्न पाइँदैन ।

बेला त्यो रहेन, समयले परिस्थितिलाई नै बदलिदिएको छ । अहिले हिँड्ने रास्ताहरूमा अहङ्कारका साँगुरा गेटहरू तयार भएका छन् । समात्न नसकेको राजनीतिका कारण सँगैको साथीहरूबाट विमुख भएका छन् भन्छन् नगेन्द्रराज शर्मा ।

विविधतापूर्ण सक्रियताका पर्याय

नरहरि आचार्य

प्रत्यक्ष-अप्रत्यक्ष रूपमा व्यवसायी बनेका, कहिल्यै थाकेका नदेखिने, कहिल्यै निराश पनि नदेखिने, सधै व्यस्त, सधै जागरुक, सधै तत्पर, सधै फुर्तिला भरत जङ्गम एकताका नरहरि आचार्यका पनि सहकर्मी बनेका थिए । नरहरि भन्छन्, 'त्यो त विशेष संयोग र परिस्थितिले ३० वर्ष पहिले मौका जुटेको थियो ।'

भरत जङ्गम गुठी संस्थानका बारेमा राम्रो जानकारी राख्छन् । उनी जङ्गम मठका प्रतिनिधि पनि हुन् । तत्कालीन गुठी संस्थानका अध्यक्ष र भरत जङ्गमबिच गुठी संस्थानका बारेमा अध्ययन गरी त्यसको लेखाजोखा गरेर लिखित दस्ताबेज तयार पार्ने, गुठीको अवस्था र मठमन्दिर बारे अनुसन्धान गरी पत्रिका निकाल्ने सहमति भएअनुसार नरहरि आचार्य र भरत जङ्गमबिच त्यही प्रयोजनका लागि परिचय बन्छ ।

अनि संस्थानबाट निस्कने 'धर्मदर्शन' नामक त्रैमासिक पत्रिकाको सम्पादनका लागि पनि यी दुवै व्यक्तित्वलाई जिम्मा दिइन्छ । नरहरि आचार्यले यसलाई अवसर ठान्छन् किनकि त्यति बेला उनी आफ्नो पढाइलाई व्यवस्थापन गर्दै आफ्नै खुट्टामा उभिने प्रयत्न गर्दै थिए । पत्रिकाका माध्यमबाट गुठी संस्थानसँग आफ्नो संस्थागत र विषयगत सम्बन्ध विस्तार गर्न चाहने भरत जङ्गमसँग अवधारणा र योजनाहरू रहेको देख्ने नरहरि आचार्यका अन्य क्रियाकलापहरूलाई समेत अघि बढाउने चाहना रहेको मान्छन् ।

उमेरले नरहरिभन्दा जेठा भरत जङ्गम परिवारका जेठा सन्तान भने होइनन् । उनी सामाजिक क्षेत्रमा चल्तापुर्जा थिए । त्यसैले उनीमाथि परिवारमा जेठो सन्तानको झैं जिम्मेवारी थियो । भरत जङ्गमसँग नरहरिको

आत्मीय सम्बन्ध भएका कारण उनको परिवारका सदस्यहरूसँग आत्मीयता बढिरहेको थियो । विधि-व्यवहार पनि आत्मीय हुने गर्थ्यो ।

यी दुई सहकर्मीलाई सहयात्री भने पनि फरक नपर्ला तर यी दुईको वैचारिक राजनीति पृष्ठभूमि भने भिन्न छन् । नरहरि नेपली काङ्ग्रेसबाट प्रेरित विद्यार्थी राजनीतिका सक्रिय कार्यकर्ता, भरत जङ्गम पञ्चायती व्यवस्थाको कुनै औपचारिक पदमा नरहे पनि पञ्चायती व्यवस्थाले निर्माण र आयोजना गर्ने सामाजिक गतिविधिमा क्रियाशील रहने उनको पञ्चायती नेताहरूसँग उनको बसउठ रहेको थियो भन्छन् नरहरि ।

२०४६ सालपछि भने उनले गणेशमानको हातबाट नेपाली काङ्ग्रेसको सक्रिय सदस्यता लिए । अनि नेपाली काङ्ग्रेसलाई उपयुक्त हुने पुस्तक 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' लेखे । यी गतिविधिलाई भरत जङ्गमका राजनीतिक र सामाजिक गतिविधिका शृङ्खलाका रूपमा देख्छन् नरहरि आचार्य ।

जङ्गमको नाम दिनेबित्तिकै कतिले २०५९ सालपछिको राजा ज्ञानेन्द्रको शासन कालको एउटा बिम्बका रूपमा हेर्छन भने धेरैलाई सांसदहरूका लागि गरिएको पेन्सन र भत्ताको निर्णयलाई चुनौति दिएर निरस्त पार्ने कानुनका खेलाडी लाग्छ । तर नरहरिलाई भने उनका बहुचर्चित र कीर्तिमानी शैलीका घटना र उनको विविध सक्रियताले थपिएका प्रसङ्गहरू हुन् जस्तो लाग्छ । तर भरत जङ्गम सबै प्रकारका काम गर्न तयार र जहिले पनि काम खोज्न कुशल क्रियाशील व्यक्तिका रूपमा चिनिने बताउँछन् ।

कसैसँग पनि सधै एकनासको सम्बन्ध रहन सक्दैन । यी दुईबिच पनि यस्तै भयो । केही कालपछि सम्बन्ध पातलिँदै गयो । त्यसमा आ-आफ्नो व्यवहार र परिस्थिति कारण हुन सक्छ तर पनि नरहरि भन्छन्, 'हामी बिचको सहृदयता कहिल्यै पात लिएन ।'

भ्रष्टाचार विरोधी आन्दोलन सञ्चालन गरिरहेका भरत जङ्गम संसदीय व्यवस्था मन्त्रीको हैसियतमा आमन्त्रित नरहरि आचार्य त्यही कार्यक्रमा उपस्थित थिए, स्वतन्त्र विचार मञ्चको अध्यक्षको हैसियतले, त्यही कार्यक्रममा भ्रष्टाचार विरुद्धको आन्दोलनको घोषणा गरेका थिए भरत जङ्गमले । त्यसपछि आजसम्म भ्रष्टाचारका विरुद्धमा क्रियाशील नै रहेको देखिन्छन् ।

यसका अतिरिक्त अर्को पाटो पनि देख्छन् नरहरि । त्यो हो लेखकीय पाटो । २०३६ सालको जनमत घोषणापछि, अभिव्यक्तिको स्वतन्त्रतामा केही खुला र उदार वातावरण बनेको थियो । लेखकहरू पनि नयाँ ढङ्गबाट लेख्न सुरु गरेका थिए । यी दुवैबिच यही समयमा भेटघाट हुन्छ । 'मैले यसमा केही आफ्ना अनुभव केही आफ्ना कुराहरू समेटेको छु । भन्दै हस्तलिखित कापीहरूको बन्डल नरहरिको हातमा दिन्छन् भरत जङ्गम ।

नरहरि हेर्छन्, केही सुझाव र सल्लाह पनि दिन्छन् । ती सुझावलाई समावेश गरेर भरत जङ्गम सोध्छन्, 'यसलाई कुन विधाको मानू ?' यसलाई उपन्यास भन्न सकिन्छ, मिल्छ । त्यही उनको पहिलो उपन्यास बन्यो । नाम जुऱ्यो 'कालो सूर्य' ।

त्यो बहुचर्चित उपन्यास हो । त्यसको प्रस्तुति, विषयवस्तु नयाँ हुन् । कालो सूर्य धेरै भाषामा अनुदित भइसकेको छ । त्यसपछि पनि रोकिएन लेखन, थुप्रै रचनाहरू प्रकाशित भए । अरू क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि उत्तिकै उत्साहका साथ लागिरहेको देखिन्छन् । कुनै पनि नयाँ क्षेत्रमा सहजै अग्रसर भइहाल्ने उनको व्यक्तित्वले साहित्यकारमा पनि असर पुऱ्याएको हो भन्छन् नरहरि ।

भरत जङ्गमका उपन्यासका पात्रहरूले, परिस्थितिलाई सजीव रूपमा बोलिरहेका हुन्छन् । चीनसँगको व्यापारिक कारोबारमा जोडिँदाको

अनुभवलाई रातो घाममा रूपान्तरण गरेका छन् । यसले ८० को दशकमा चीनमा आएको आर्थिक नीतिको कारण सामाजिक र संस्कृति क्षेत्रमा चीनसँगको व्यापारिक सम्बन्ध र गतिविधिलाई हाम्रा साहित्यकारहरूले नसमेटेको अवस्थामा त्यसप्रतिको पहिलो पाइला बनेको छ 'रातो घाम' । भरत जङ्गमको साहित्यिक यात्रा पनि अन्य क्षेत्रहरूमा लिएको अनुभवकै कलात्मक प्रस्तुति मान्छन नरहरि ।

समय बितेको पत्तो पाइँदैन । भरत जङ्गम पनि पत्तो नपाई ६० वर्ष पुगेका होलान् तर युवा देखिन्छन् । यही ६० वर्षको अवसरमा मित्रहरूले सिर्जनात्मक ढङ्गबाट शुभकामना दिने प्रयत्न गरेको देख्दा नरहरिलाई राम्रो लाग्छ । उनी पनि सम्झनाका शब्दहरू कोर्न थाल्छन्, 'क्रियाशील र सार्थक जीवनका शुभक्षणहरू अटुट आइरहुन् भन्दै आफ्नो मैत्रीपूर्ण आत्मीय शुभकामना टक्रयाउँछन् ।

को 'सेतो बाघ' र भरत जङ्गमको 'कालो सूर्य' लाई सुरुसुरुमा उपन्यासको कोटीमा राख्नै चाहेनन् । पछि ती दुवै चर्चित उपन्यास बने ।

कालेका भिनाजु

नरेन्द्रराज प्रसाई

विरलै कोटीका मानिसहरूले मात्र पाउँछन् अति मिल्ने साथी । नरेन्द्रराज प्रसाई यस्तै भाग्यमानीमध्येका एक रहेछन्, जसले सुरेन्द्र के.सीजस्तै अति मिलनसार साथी पाए । तिनै सुरेन्द्रलाई घरमा गोपाल भनेर बोलाउँथे । उनै हुन् नरेन्द्र 'काले' । तर नरेन्द्रलाई काले नभनीकन अरू थोक भनेर बोलाउँदा डर लाग्थ्यो, कही मित्र रिसाउँछ कि ? तर नरेन्द्रले 'काले' भनेको सुनेर अरू साथीहरूले 'काले' भनेर बोलाउन आँट गर्दैनथे । आँट गरे सम्बन्ध चट हुन्छ कि भन्ने डर हुन्थ्यो । यो त नरेन्द्रले मात्र आफ्नो मिल्ने साथीलाई भन्न छुट पाएको छ, अरूलाई छैन । तिनै 'काले' की जेठी दिदी हुन् इन्दिरा के.सी । उनका श्रीमान् हुन् भरत जङ्गम । त्यही नाताले नरेन्द्र पनि भरत जङ्गमलाई भिनाजु भनेर बोलाउँछन् । उही कालेका भिनाजु ।

कालो सूर्यलाई छाता ओडाएर वी.पीले भरत जङ्गमलाई पठाएको पत्र पढ्ने नरेन्द्रराज जङ्गम निवासमा प्रवेश गरेपछि भरत जङ्गमलाई भरत दाइ भन्छन्, भिनाजु पनि भन्छन् । यता उता भेला भेट भएका मानिसहरू कुरा गर्दा सुन्थे । 'साँच्चै भरत जङ्गम राजनीतिज्ञ नै हो ।' अनि उनलाई लाग्छ हो । भरत दाइ राजनीतिमा डुब्नुभएको रहेछ ।"

उनमा राजनीतिज्ञमा हुने गुण छ । प्रशासकमा हुने गुण छ । एउटा पूर्ण समाजसेवीमा हुने गुण छ । अन्य थुप्रै गुणहरू छन् । यस्ता गुणै गुणहरूको समिश्रणको नाम हो भरत जङ्गम । उनमा कठोरता छ, त्यसभित्र सरलताका रसघटहरू भरिएका छन् ।

२०५९ सालपछिको अवस्थामा सार्वजनिक सेवा निरीक्षण तथा अनुगमन

समितिको संयोजक पदको नियुक्तिले कार्यालयहरूमा कर्मचारीहरूको अनुशासन र कार्यपद्धतिले सही दिशा समात्ने क्रम सुरु भएको थियो । त्यति छोटो समयमा जे जस्ता कार्यक्रम सञ्चालन गरे, त्यसलाई कसै कसैले प्रशासनिक व्यवस्थाको स्वर्णिम बिहानी पनि भन्ने गर्छन् । नेपाली उक्ति सम्झँदै नरेन्द्र भन्छन्, 'सतीले सरापेको देश, त्यो नियुक्ति लामो समय चल्नै सकेन ।"

२०-२५ जना भरत जङ्गमजस्ता अरू मान्छे जुटाउन सकेको भए सायद देशले आजको दिन देख्नुपर्ने थिएन । न देश रगतको आँसुमा डुब्नुपर्थ्यो, भन्छन् नरेन्द्रराज ।

नेपालमा जति राजनीति परिवर्तन भए पनि राजनीतिक नेतृत्वमा गतिला मानिसहरू प्रवेश गर्नै सकेनन्, दिइएन पनि । प्रखर राष्ट्रवादी, राजभक्ति, दृढ, निर्भीक, साहसी मानिसहरूलाई पाखा लगाइन्छ । उल्लु प्रवृत्तिका मानिसहरू जम्मा पारिन्छ । ती त खोटा सिक्का हुन्, च्याइँच्याइँ घुमिरहन्छन् । माघ १९ गतेपछि पनि देशलाई उचित र आवश्यक मानिस छान्न सकिएन । होचो कद भएका र नीच प्रवृत्ति भएका मानिसहरूले मन्त्रीमण्डल भरियो । यो मन्त्रिमण्डललाई 'आउन त गाई आइन् आची खाएर आइन्' भन्ने संज्ञा थप्छन् नरेन्द्रराज । भरत जङ्गम एउटा सिङ्गो युगको प्रतिनिधि मात्र थिएनन्, उनी थप अर्को युगको प्रतिनिधि पनि हुन् । यस्ता मानिस तिरस्कृत हुनु दुर्भाग्य सम्झन्छन् नरेन्द्रराज । उनलाई भरत जङ्गमको व्यक्तिगत जीवन देखेर मात्र हैन, सामाजिक जीवन हेर्दा पनि लोभ लाग्छ । प्रायः सामाजिक क्रियाकलाप, सामाजिक गतिविधि, साहित्यिक सङ्गठनतिरको गतिविधि अनि लेखनदेखि जनसेवासम्म, राष्ट्रिय चिन्तनदेखि घरव्यहारसम्म साक्षी रहेका नरेन्द्रराजलाई भरत जङ्गम जताजता जान्छन्, उतै सुन्दर वातावरण नै लिएर गएजस्तो लाग्छ ।

घरमा स्थापना गरेको पुस्तकालयदेखि ठुलाठुला चासोका विषयमा लागिरहने उनीबाट आफूले प्रेरणा पाइरहेको, जीवनले उत्प्रेरणा पाइरहेको अनुभव नरेन्द्रराज भावुक हुँदै भन्छन्, 'यसको पार्श्व भूमिकामा आफ्नो साथी काले देख्छन्, जुन उनको मानसपटलमा अक्षय भएर रहेको छ ।' त्यो काले ' उनी भोकभोकै बस्ता पेट भरिदिने सहयोग गर्थ्यो । साधन बनेको उही थियो नरेन्द्रलाई यहाँसम्म ल्याइपुऱ्याउनमा ।'

यस्तो अनन्य मित्र कालेसँग जोडिँदा उसैसँगको मायामोह र आत्मीयतासँग भुल्दा आफूलाई केही हुँ भनेर सोच्ने नरेन्द्र भन्छन्, आज 'काले' जहाँ भए पनि म उही कालेको भिनाजुसँग हिँडिरहेको छु । यो व्यहोराको प्राप्ति पनि उसैको देन हो । यही यात्रामा उसैलाई सम्झेर मन बुझाउने बाटो खोजिरहन्छु ।'

कालो सूर्य अनेक रूप रङ्गमा संसारमा फैलियो,
अत्याचार अनीति भ्रष्ट जनको मर्मान्तमा पोखियो ।
त्रासै त्रास छ उच्च वर्ग सबमा देखेर यो साहस,
गोष्ठी हुन्छ जतातै मुलुकमा एक्लै लडे प्रायशः ॥१७॥

लेखे लेख अनेक भ्रष्टजनका अन्याय औंल्याउने,
लाखौँ मानवमा प्रशिक्षण दिए सञ्चेतना ल्याउने ।
घुम्दै देश विदेश भ्रष्टजनको निर्मूलका मार्गमा,
भ्रष्टाचारविरोध शास्त्र बनिगो शिक्षा दिने कार्यमा ॥१८॥

–भरत महाकाव्य

कर्मयोगी पिताका कर्मयोगी पुत्र

नारायणप्रसाद/शान्ति मिश्र

भक्तपुरका गोविन्दरहरि जङ्गमको नाम त्यहाँका धेरैजसो स्थानीयलाई थाहा नहोला तर 'कान्छा महन्त' भनेपछि नचिन्ने कोही हुँदैन । यही नाम प्रख्यात थियो । उनीहरू सम्बोधन गर्दा 'महन्त महाराज' भन्थे । उनी समाज सेवामा आफ्नो जीवनभर यति सक्रिय रहे कि, त्यसका कारण उनको नाम भक्तपुरले भुल्न सक्दैन । उनी त भक्तपुरको शैक्षिक, धार्मिक, राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रको केन्द्रबिन्दुमा नै रहे । भक्तपुरमा हुने कुनै पनि धार्मिक प्रवचन, शैक्षिक समारोहलगायत अन्य सामाजिक कार्यमा पनि उनी सक्रिय रहन्थे ।

अत्यन्तै शिक्षाप्रेमी उनको विशेष सरोकारमा भक्तपुरवासी रहे पनि मानवताको उनी अति नै ख्याल गर्थे, आदर सम्मान गर्थे । त्यस समयमा शिक्षित मानिसहरू अत्यन्तै कम थिए । नारायणप्रसादका दाजु भवानी प्रसाद बी.ए पास भए । त्यो खबरले महन्त महाराजलाई अत्यन्तै हर्षित तुल्याएछ । उनी दही र सगुनका वस्तुहरू लिएर भवानीको घर पुग्छन् भवानी ! भवानी ! भन्दै । उनको त्यो अवस्थाको आगमनले हाम्रो परिवार अत्यन्तै खुसी भयो । उनी त्यति हर्षविभोर भएर हामीसँग खुसी साट्न पुगेको त्यो क्षण हाम्रो परिवारबाट कहिल्यै भुल्न सक्दैन भन्छन् नारायणप्रसाद । त्यो व्यवहारले पनि नारायणको परिवारलाई उनको परिवारको झनै नजिकै पुऱ्यायो ।

नेपाली साहित्यमा 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' जस्ता चर्चित उपन्यासका उपन्यासकार, समाजसेवी, राष्ट्रसेवक, अझ विशेष गरी भ्रष्टाचार-निवारण आन्दोलनका अग्रणी व्यक्तित्व भरत जङ्गम उनै गोविन्दरहरि जङ्गमका सुपुत्र हुन् । शिवभक्त उनको चेहरा र आकृति पनि शिवको जस्तै लाग्छ नारायण प्रसादलाई ।

भरत जङ्गमको चेहरा, आकृति, बोलाइ, चलाइ, रहनसहन, हिँडाइ, हँसाइ, सेवाका कार्य, सक्रियता र निधारमा टीका लगाउने तरिकासमेत पिताबाट नै समाहित भएका हुन् कि भन्ने लाग्दछ नारायणप्रसादलाई । उनै सद्गुणी पिताबाट पाएको थप शक्ति, बल, बुद्धि र ज्ञानको लेखन र बोलाइबाट राष्ट्रको सेवा गरेको देख्दा आफ्नै प्रगति भएको जस्तो मान्छन् नारायणप्रसाद त्यसैले पनि होला दुवै परिवार एउटै परिवारजस्तै देखिन्छन् ।

मुलुकको स्थिति, मुलुकको सुख, दुःखकष्ट, विघ्नबाधा, अन्याय, अत्याचार, राजनीतिक दुरवस्था, सत्य असत्यलगायत सामाजिक यर्थाथता चित्रण गरी रोचक शैलीमा लेखिएका कृतिहरूको प्रकाशनले स्वदेश तथा विदेशमा समेत आफ्नो गुणवत्ता कायम गर्न सफल छन् भरत जङ्गम । भ्रष्टाचार विरोधी आन्दोलनमा उनको सक्रियता, उनको प्रयास र परिश्रमबाट यस क्षेत्रमा प्रगति भएको बारेमा कसलाई थाहा नहोला र ?

उनका यी सबै कुरा भ्रष्टाचार : वैचारिक आन्दोलन शीर्षकको प्रबन्ध सङ्ग्रहले प्रस्ट पारेको छ । राष्ट्रका लागि विभिन्न सानाठुला जिम्मेवारी वहन गरी एउटा प्रशासकको हैसियतमा गरेको सेवा पनि इतिहासमा अङ्कित हुनुपर्ने छ भन्छन् नारायणप्रसाद । साथै उनका प्रशंसक र आलोचक दुवैले कठघरामा उभिएर गरेका पैरवी, प्रतिपाद र वकालत पनि कम महत्त्वका छैनन् ।

भरत जङ्गम बारेका उपर्युक्त सबै कुरा एउटा हितैषी, आफन्तको नाताले बताएका नारायणप्रसाद भन्छन्, 'भरत जङ्गमले समाजका हरेक क्षेत्रमा अझ बढी योगदान गर्न सकुन्, अझ सक्रिय रहन सकुन् मेरो शुभेच्छा छ ।' उनको सेवा कार्यबाट पनि सहृदयी, समाजसेवी, कर्मयोगी, पिताको सदिच्छा परिपूर्ति भएजस्तो देखिन्छ । राष्ट्रको सेवामा अझ बढी योगदानको कामना गर्दै शुभेच्छा शुभकामना दिन्छन् भरत जङ्गमलाई नारायणप्रसाद ।

भरत जङ्गमको खोजी

निवेदनकुमार ढकाल

केही समयका लागि भए पनि मनोरञ्जन गराउने रञ्जना सिनेमा घर त्यतिखेर निकै चल्तीको थियो । कुरो ३६ सालको हो । त्यही सिनेमा घरमा सिनेमा हेरेर मनोरञ्जन लिन पुगेका थिए यो स्तम्भकार निवेदनकुमार ढकाल । जाँदा गल्लीको एउटा पुस्तक पसलमा झुन्डिरहको 'कालो सूर्य' यो सूर्यको प्रतीक हो या ?...। तर यहाँ किन कालो छ ? अनि के लेखिएको होला यसभित्र ? हातमा किताब लिन्छन्, सरसर्ती हेर्छन् । उनलाई छाड्न मनै लाग्दैन । रु. १० ।- मा किन्छन्, सिनेमा नहेरी फर्कन्छन् ।

उनले पढी सिध्याएपछि मात्र छाडे किताब । उपन्यासभित्रका घटनाहरू हेरिरहेझैं घुमिरहन्छन् उनका आँखामा । भित्रका शब्दहरू पनि सुनिरहेझैं लाग्छ । उनलाई यसका लेखक कस्ता होलान् भन्ने जान्ने इच्छा लाग्छ । लेखक बारेको उत्सुकता धेरै कालसम्म रहिरहन्छ ।

धेरै समयपछिको कुरा हो । काम विशेषले उनी एक जना परिचितका घरमा पुग्दा पहिलेदेखि नै त्यहाँ बसिरहेका आकर्षक व्यक्तित्वलाई देखाउँदै भन्छन्, 'वहाँ भरत जङ्गम, 'कालो सूर्य' का लेखक । त्यो भेटले उत्सुकता थप्छ । कुराकानी गर्न उनी भरत जङ्गमका घर पुग्छन् । धेरै बेर चल्छ कुराकानी । उनको व्यवहार र विचारबाट झन् प्रभावित हुन्छन् । आदर्श मान्छन् । पछि तिनै आर्दश व्यक्तिको सहयोगी बन्न पुग्छन् । सहयोगी मात्र बन्दा पनि उनलाई लाग्छ, 'मैले मुलुकका लागि केही गरिरहेको छु ।'

त्यति बेला भरत जङ्गम भ्रष्टाचार विरोधी अभियानमा सक्रिय भैसकेका थिए । पत्रपत्रिकाहरूमा उनका बारेको समाचार, टिप्पणी अन्तर्वार्ता अनि उनका भ्रष्टाचार विरोधी लेखहरू प्रकाशित भइरहेका थिए । निवेदनकुमार उनी बारेका सबै सामग्री ध्यानपूर्वक पढ्थे । जस्तो खोज्थे उनी जङ्गमका विचार त्यस्तै पाउँथे । उनले ती सामग्री सुरक्षित राख्न थाले ।

भरत जङ्गमलाई सोचेजस्तै राजनीतिक रूपमा सचेत, प्रजातन्त्रप्रति

प्रतिबद्ध पाउँथे । प्रजातन्त्रप्रतिको आस्थाले होला, गणेशमान सिंहको हातबाट नेपाली काङ्ग्रेस पार्टीको सदस्यता लिएका थिए । 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' नामक पुस्तक लेखे । पार्टीका कार्यकर्तालाई राजनीतिक प्रशिक्षण दिए । पार्टी सत्तामा पनि आयो । सत्तासीनहरू भ्रष्ट हुन थाले । त्यही नै उनलाई अतिशय भयो । अनि तिनका विरुद्ध आवाज उठाउन थाले ।

विद्रोही बनेपछि पार्टीका सबै साथीलाई छाड्नुपऱ्यो, छाडे । देशलाई भ्रष्टाचारबाट बचाउन भ्रष्टाचार विरुद्धको अभियान नै चलाए । यसरी काम गरेको देख्दा देशका लागि दृढ विश्वका साथ काम गर्ने अरू कोही होलाजस्तै लागेन भन्छन् निवेदनकुमार ।

भ्रष्टाचार विरोधी अभियानमा लागेर ठुला ठुला लाभका पदहरू र मुखैमा आएका अवसरहरू गुमाए । उनले बरु साधारण नागरिक नै भएर बाँच्ने तर देशको अहित नगर्ने अठोट कसे । अनि अहित गर्ने र सोच्ने विरुद्ध जाइलाग्न थाले । यो त उनको आन्तरिक इच्छा थियो । यसैमा ऊर्जा थप्दै लगे । सक्रिय हुँदै गए । त्यसैले त उनी लाखौँ नेपालीको मनमा बस्न सफल भएका छन् । सामान्य नागरिकमा आदर्श बनेका छन् । भ्रष्टाचार विरोधी जनताका सर्वसम्मत प्रतिनिधि बन्न सफल भएका छन् ।

यस्ता एउटा मात्र भरत जङ्गमले देशलाई नपुगेको ठान्ने निवेदनकुमार भन्छन्, 'भरत जङ्गमभित्र म धेरै भरत जङ्गमहरू खोजिरहेको छु ।' यस्ता भरत जङ्गमभित्र धेरै भरत जङ्गम खोजिरहेका छन् उनी । भरत जङ्गमको जङ्ग्याइले भएभरका भ्रष्टाचारीहरूको मुटु काँपोस् । डरले दुलाभित्र भास्सिन पुगुन् । अनि भरत जङ्गमले पनि कल्पना गरेको आदर्श नेपालको निर्माण सहज सम्पन्न होस् ।

प्रकाशित हुन लागेको ग्रन्थ "कालजयी व्यक्तित्व भरत जङ्गम" ले उनीभित्रको ऊर्जा वृद्धि गराएर ठुलो गर्जनका लागि शक्ति पुऱ्याउन निवेदनकुमार भन्छन् 'म त यस्तै जङ्गम खोजिरहेको हुँ, भरत जङ्गमले मलाई निराश पार्ने छैनन् ।'

कलमवीरको कलमको कमाल

मदन ढकाल

त्यति बेला पञ्चायतका बारेमा पाठ्यपुस्तकमा खुबै पढाइन्थ्यो । पढाइने पञ्चायत र व्यवहारको पञ्चायतमा आकाश जमिनको फरक थियो । त्यही पञ्चायती व्यवस्थाको उत्कर्षको समय भरत जङ्गमको ‘ कालो सूर्य’ हलचलका साथ बजार प्रवेश गर्छ, गरम पनि पार्छ । निर्दलीय व्यवस्थाका विरुद्ध नेताहरूले भाषणमा भूपी शेरचनका किताबका अंश, कालो सूर्यभित्रका वाक्याशंहरू उद्धृत गर्दै सुनाउँथे । त्यही बेलादेखि नै चर्चा बटुल्न सुरु गरेको हो कालो सूर्यले ।

जनमत सङ्ग्रहको घोषणापछि मानव अधिकारको स्थितिमा केही सुधार भएजस्तो देखिएको अवस्था थियो । जनमत सङ्ग्रहको मतदान, मतको परिणामसँग तादात्म्य राखेजस्तो देखिएकाले पनि होला ‘कालो सूर्य’ ले निकै टीकाटिप्पणी र चर्चा बटुल्न थाल्यो । त्यसले अन्तरङ्गका विषयहरूमा बहस, टीकाटिप्पणी र चर्चा बटुल्न थाल्यो । त्यसको अन्तरङ्गका विषयहरूमा चल्ने बहस र टीकाटिप्पणीले पत्रपत्रिकालगायत आम सञ्चारका माध्यमहरूमा स्थान पाउन थाले ।

जनमतको नतिजा भने निर्दलको पोल्टोमा गयो । जननायक बी.पी. कोइरालले मत परिणाम स्वीकार गरे । त्यसपछिको आम निर्वाचनलाई उपयोग गर्ने कि नगर्ने ? भन्ने सिलसिलाको भ्रमणमा झापा पुगेका बीपीसँग ‘विश्वदीप’ पत्रिकाका सम्पादकको हैसियतले मदन ढकालले अन्तर्वार्ता लिने चाँजोपाँचो मिलाउँछन् । अति व्यस्त राजनीतिज्ञ, एकै छिन भए पनि सहज बनाउन सामान्य कुरामा पनि अँहँ थाहा छैन भन्ने पार्न सकिन्छ कि भन्ने पार्न चाहन्छन् पत्रकारहरू । बी.पी लाई सोध्ने प्रश्नावलीमा ‘कालो सूर्य’ सम्बन्धी प्रश्न पनि समावेश गरेका मदन ढकालले बी.पीसँग एकदुई साहित्यिक वार्तापछि ‘कालो सूर्य’ सम्बन्धी प्रश्न सोध्छन् । ‘हालै प्रकाशित कालो सूर्यले नेपाली पाठकमाझ हलचल ल्याएको छ । यसको कथावस्तुले पाठकहरूमा

दूरगामी असर राख्ला कि नराख्ला ?' कालो सूर्य बारेको प्रश्नको उत्तरमा बी.पी भन्छन् 'मैले पढिसकेको छु । त्यसमा हामीले भोगिरहेको वर्तमान समाजको सफल चित्रण गरिएको छ । राजनीतिक, आर्थिक, प्रशासनिक भ्रष्टाचारहरूको खुला वर्णन गरिएको छ तर त्यस प्रकारका विषयवस्तुहरूले दूरगामी असर पार्न सक्दैनन् । कालो सूर्यलाई सामाजिक विषयमा आधारित उपन्यास भन्न सकिन्छ । जे होस् कालो सूर्य नेपाली साहित्यमा नयाँ प्रयोग सावित भएको छ । यस प्रकारका उपन्यासहरू साहित्यमा माइल स्टोन हुन सक्छन् ।"

बी.पीको त्यो अन्तर्वार्तालाई विभिन्न पत्रपत्रिकाले निकै महत्त्व दिएर छापिरहेका थिए । छाप्ने पत्रिका समेतले महत्त्व पाइरहेका थिए । बी.पीको कालो सूर्यप्रतिको विवेचनालाई नकुल काजीले '१९८० को माइलस्टोन भन्ने ठोकुवा' गरेको समालोचना एउटै पत्रिकामा छापिने संयोग परेको थियो । पञ्चायत कालीन शासन व्यवस्था, विविध विकृति विसङ्गतिलाई कालो सूर्यले पर्दाफास गराइदिएबाट हारेको बहुदलीय पक्षलाई सास फेर्ने ठुलो राहत, आश्रय, आधार र हौसला मिलेको थियो ।

यिनै आशयहरू समेटिएको नकुल काजीको समालोचना अग्रस्थानमा राखेर 'विश्वदीपले छापेको थियो । त्यो समीक्षात्मक टिप्पणीको अन्त्यमा नकुल काजी लेख्छन्, 'लेबलवाला आलोचक र समालोचकले जे भनुन्, म एउटा उपन्यास बुझ्ने पाठक हुँ' को अभिमानलाई अगाडि सारेर भन्छु, यो सगरमाथाभन्दा दुर्गम, नयाँ हिमालका आविष्कारक, साहित्यिक आरोही भरत जङ्गमको अतुलनीय साहसपूर्ण पहिलो शिविरसम्मको पहुँच अत्यन्तै प्रशंसनीय छ । अत्यन्तै सफल छ । यो सफलताले उहाँलाई नअत्याओस्, नउल्क्याओस्, नथकाओस्, आवश्यकभन्दा माथि नउचालोस् । कहीँ आइतबारको जीवनले गौचर हवाई अड्डामा सरुवा हुन पाउँदा विचार र चरित्रको एकाएक कायापटल गराएझै नगराओस् । खुइ्खार तस्कर शान्तारामको झै मुर्कट्टाको मसानमा सुश्री शशी राणा आहुति भएझैँ नहोस् ।'

करिब चार लाखभन्दा बढी भोटले जितेर पञ्चायतलाई मात चढेको

समय । बहुदल समर्थकहरूको अवस्था सकसपूर्ण बन्दै थियो होला । पूर्वाञ्चललगायत भारतका नेपालीभाषी क्षेत्रहरूमा कमाएको ख्यातिको समेत ख्याल राख्दै त्यो नकुल काजीको समालोचना आफन्तको सल्लाहअनुसार छापिन्छ पत्रिकामा । त्यस समालोचनाले पनि त्यत्तिकै चर्चा कमायो । ११ भाषामा छापिएको कालो सूर्यले भ्रष्टाचारलाई मात्र नङ्ग्याएको छैन । यसमा मानवीय गुण र समस्याको सूक्ष्म व्याख्या छ । जसले विश्वका अरू शैक्षिक समुदायलाई नजिक्याउन सफल भएको देखिन्छ ।

बी.पी. कोइरालाले २०३९ साल कार्तिक १२ गते 'कालो सूर्य' का सन्दर्भमा भरत जङ्गमको कलमको वेगको तारिफ गर्दै लेखेको पत्रमा ' तपाईंको क्षेत्रबाट तपाईं उभिएको ठाउँबाट मलाई सघाउन खोज्नुभएको छ' भनेर लेखेको पढ्दा मदन ढकाललाई लाग्छ भरत जङ्गमले कलमका माध्यमबाट राजनीतिक र आर्थिक दुवै प्रकारका भ्रष्टाचार र विसङ्गति विरुद्ध कलम क्रान्ति गरिरहेकै छन् । शक्तिशाली हतियारले भन्दा कलमको टुप्पोबाट कोरिएका शब्दले व्यक्तिको विचार, बोली, व्यवहार र कार्यलाई रूपान्तरण गर्दै नयाँ मार्गमा हिँडाउन सक्छ । हतियारले त केवल संहार गर्छ । तर ३६ सालपछिका घटनाक्रमलाई हेर्दा कालो सूर्यले दूरगामी असर पारेको प्रस्ट देखिन्छ, भन्छन् मदन ढकाल ।

भरत जङ्गमको 'कालो सूर्य'लाई नजिकैबाट नियालेका, एकएक शब्दको विवेचना र पारख गरेका मदन ढकाललाई त्यसका लेखकसँग साक्षात् हुने संयोग त्यतिखेर मात्र जुर्छ, जतिबेला पञ्चायती व्यवस्थाको चर्चित नमिता सुमिता काण्ड घट्यो । त्यसका विरोधमा पद्मकन्या क्याम्पसमा आयोजित कविगोष्ठीमा मदन ढकालको व्यङ्ग्य कविता सुन्दा सभाहल जुरुक्क जुरुक्क उठ्छ । वाचन सकिएपछि खाइलाग्दा एक जना व्यक्ति मदनछेउ नमस्कार म भरत जङ्गम भन्दै मुस्कुराउँदै उभिन्छन् ।

उनी हेर्दै तीनछक पर्छन् किनकि उनले साहित्यकार र कविहरूलाई त्यति खाइलाग्दो र ठाँटिला पाराको देखेकै थिएनन् । उनलाई हेर्दै मनमन भन्छन्, 'साहित्य यति चाँडै लाग्दो रहेछ ?' यो कविताले भरत जङ्गमलाई

जति घत लागेको थियो त्योभन्दा धेरै घत लागेको थियो मदन ढकाललाई 'कालो सूर्य' पढ्दा ।

भ्रष्टाचार विरुद्ध वैचारिक आन्दोलनमा भरत जङ्गम अझै सक्रिय छन् । उनले प्रतिपादन गरेको भ्रष्टाचार विरोधी विज्ञानलाई, विश्वविद्यालयको स्नात्तकोत्तर तहमा शोधपत्र र विद्यावारिधि तहमा अनुसन्धानको विषयमा समावेश गर्ने लक्ष्यका साथ अघि बढिरहेको खबर पाउँदा खुसी हुन्छन् मदन ढकाल ।

भरत जङ्गम : विचार र दृष्टिकोण विवेचनार्थ आफूले पाएको खबरले उनमा एक प्रकारको खुसी ल्याउँछ । विवेचनाका शब्द लेखूँ कि नलेखूँको दोधारे मनलाई नकुल काजीले बीपी र कालो सूर्यको बहस र सन्दर्भको कुरा एक एक गरेर आँखामा आउँदा कलम समाउन बाध्य भएको बताउँछन् ।

सबैलाई श्रेयस्कर लाग्ने कुरा सम्झनाका फूल लगेर अस्तुमा चढाउनुभन्दा जीवित अवस्थाको सम्मान अति उत्तम मानिन्छ। त्यसैले मदन ढकाल आफ्नो कलममार्फत भरत जङ्गमजस्ता कर्मवीरप्रति हृदयदेखिको सम्मान चढाउँछन् । दीर्घायुको कामना गर्दछन् ।

"म भन्छु त्यो 'कालो सूर्य' पहिलो आधार शिविरको पहुँच मात्र थिएन । उनी त साहित्य सगरमाथाका सफल आरोही हुन् । त्यो शिखरमा नेपालको झण्डा गाडे, पाइला राखे अन्य भाषाका साहित्यका शिखरहरूमा क्रमशः झण्डा गाड्दै पाइला राख्दै गइरहेका छन् । ती शिखर, शिखर चाल्ने पाइला कतै नअल्मलिए, नथाके विश्व प्रसिद्धता हासिल गर्ने छन् ।"

होचा कदका अग्ला व्यक्ति

मधुसूदनप्रसाद घिमिरे

गाउँघर छरछिमेकमा सरल स्वभाव र सादा जीवनको सदाचारले सजाएर व्यापक बनाएको छ उनको व्यक्तित्वलाई । एक पटक भेटघाट र बोलचाल भएकाहरूका लागि सधै नजिक राख्न सक्ने, आफूप्रति आकर्षित गराइराख्न सक्ने शक्तिले शक्तिशाली बनाएको छ अर्को व्यक्तित्व । सामान्य मानिसको दृष्टिकोणमा राजनीतिज्ञ, साहित्यकार, व्यापारी, यस्तै अरू व्यक्तित्वको बहुलताले भरिएको छ उनको मूल व्यक्तित्व । उनको गहुँगोरो वर्ण, होचो होचो कद, मोटो मोटो शरीरले सबैलाई समेटेर देशको प्रशासनको रखबारी गरिरहने, देशमा भ्रष्टाचारमुक्त सुशासन राख्न प्रयत्नशील रहने सिङ्गो भरत जङ्गम व्यक्तित्वको निर्माण गरेको छ ।

बानेश्वर क्षेत्र त्यति बेला गाविस थियो । गाविस रहँदै छिमेकी बन्न पुगेका मधुसूदनप्रसाद भरत जङ्गमलाई त्यति बेलादेखि नै राजनीतिमा सक्रिय भएको देख्छन् । गाविसको पद बकस पाएजस्तै थियो दुर्गाविक्रम शाहको लागि । उनको कार्य क्षमताबाट जनता सन्तुष्ट थिएनन् । जनताको मत बुझेर भरत जङ्गम उनको विरोधमा सक्रिय भएर लाग्छन् । आखिर पराजित गराएरै छाड्छन् । परम्पराको सत्ता टुट्छ । हरिप्रसाद चालिसे चुनिन्छन् ।

यसरी उनी किशोर अवस्थादेखि नै सत्यको लागि निडर, निर्भीक भएर लड्न थाले । अहिले असत्य र भ्रष्टाचारको विरुद्ध लडिरहेका छन् । त्यसैले भरत जङ्गमको व्यक्तित्वले नजिक गरेको व्यवहार र टाढा पारेको प्रभावलाई सम्मान गरेर हेर्ने गरेका छन् मधुसूदनप्रसाद ।

लेखन साधनालाई निरन्तरता दिइरहेका भरत जङ्गमले 'कालो सूर्य' 'रातो घाम' व्यूहचक्रजस्ता उपन्यास, पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता कृतिहरूको सिर्जना गरेका छन् । घाम उदाए पनि सत्ता अकर्मण्यताको बादलमा सूर्य कालो छ, जनताले न्यानो अनुभव गर्न नपाएको कुराको यथार्थ चित्रण कालो सूर्यमा छ । त्यही समयदेखि सुरु भएको भ्रष्टाचार विरुद्धको उनको अभियान वर्तमानसम्म जारी छ ।

आदर्श नेपालको परिकल्पनाकार

माया ठकुरी

भरत जङ्गमका साहित्यिक र साहित्येतर यी दुवै विधामा उत्तिकै सशक्त कृतिहरू छन् । ती सबैभन्दा बढी चर्चित हो उपन्यास कालो सूर्य । त्यति नै चर्चित कार्य हो उनको भ्रष्टाचार विरोधी आन्दोलन । जुन आन्दोलनमा उनी एक्लै डटेर लागिरहेका छन् ।

चर्चित उपन्यास कालो सूर्यका बारेमा कहिले व्यक्ति व्यक्तिबीच चर्चा हुँदा कहिले साहित्य समारोहमा चर्चा हुँदा धेरै पहिलेदेखि चर्चा सुन्दै आएकी थिइन् माया ठकुरीले ।। कहिलेकाहीँ पत्रिकामा पढ्थिन् कालो सूर्यको चर्चा, कहिले किताबमा पढ्थिन् । पढ्दा पढ्दै यो लेखक कस्तो होला भन्ने लागेको थियो उनलाई तर साक्षात् भेट गर्ने अवसर मिलेकै थिएन ।

समयले लक्ष्मी उप्रेतीको साथ जुरायो । साथै लगिन् मायालाई भरत जङ्गमको कार्यालयमा । साक्षात् परिचय गराइन् । पहिलो हेराइमा मायालाई लाग्छ कति हँसमुख स्वभाव, हाँसेर बात मार्ने, कति फरासिलो बोली । अनि लाग्छ उदार व्यक्तित्वका धनी, स्पष्टवादी व्यक्तित्व देख्दा उनलाई लाग्छ, ' यो व्यक्तित्व सत्यका पक्षमा सदा लडिरहेछ ।

त्यो छोटो समयमा उनीहरूका बिच साहित्य अनि नारी साहित्यका विषयमा चर्चा हुन्छ । नारीप्रति व्यक्त उनका विचार अत्यन्तै उत्तम लाग्छन् मायालाई । मनले प्रशंसा गर्छ । फकँदा पहिलेदेखि चर्चा सुनिरहेको 'कालो सूर्य' पढ्न उपहार पाउँछिन् । मनयोगले पढ्छिन् आद्योपान्त । त्यसभित्र समाजमा व्याप्त कुरीति, कुप्रथा र कुविचारहरूको भर्त्सना गर्दै सबै नराम्रा पक्षहरू केलाएर देखाइएको पाउँछिन् ।

ती सबै माध्यमहरूमा रहेको मूल उद्देश्य भनेको नैतिकवान् नेपाली समाजको निर्माण अनि आदर्श नेपालको परिकल्पना रहेको छ । हामीले देख्न नसकेका, देखेर बोल्न नसकेका, बोलेर देशको दैननन्दिन जीवनमा घटिरहेका विकृतिपूर्ण प्रत्येक घटना र भ्रष्टाचारको उजागर गरिदिनुभएकोमा भरत जङ्गमलाई धन्यवाद दिन भुल्दिनन् माया ठकुरी ।

बालबालिकाका असल साथी

रश्मी मञ्जुश्री अधिकारी

दस वर्षकी नानी रश्मीले लेखेको बाल कविता सङ्ग्रह 'बाललहरी' को सार्वजनिक कार्यक्रमका प्रमुख अतिथि स्वामी प्रपन्नाचार्य, माधव घिमिरे र दैवज्ञराज न्यौपाने रहेको त्यस कार्यक्रममा रश्मीलाई हौसला प्रदान गर्न पुगेका भरत जङ्गमसँगै खिचेको फोटो आफ्नो एल्बममा सजाएर राख्छिन् । मिल्ने साथीहरू घर जाँदा देखाउँछिन् । यो को ? यो को ? भनेर साथीहरूले सोद्धा एक एक गरेर परिचय गराउँछिन् । यो फोटो भरत जङ्गमको, म वहाँलाई ठुलो बुबा भन्छु भन्दा साथीहरू अचम्मै मानेर सोध्छन् आम्मै, तैँले भरत जङ्गमलाई चिनेकी छेस् ? भरत जङ्गम तेरो ठुलो बुबा हो र ? साथीहरूले अचम्म मानेर सोद्धा रश्मी भन्छिन्, 'आफैँप्रति गर्व लाग्छ ।'

हौसला दिन पुगेका भरत जङ्गम हौसला दिन्छन् । फेरि कथा सङ्ग्रह निकाल्नु भन्ने कामना सहित रु ५०० ।- हातमा राखिदिन्छन् । अरूअरूले पनि कामनाका नोटहर राखिदिन्छन् । कामनाका पैसाहरू त्यसैमा खर्च गर्छिन् कामनाले होला गीत सङ्ग्रह निकाल्न सफल हुन्छिन् । ती कामनाहरूको प्रेरणालाई लक्ष्य भेट्न मद्दत गर्छ ।

कहिलेकाहीँ भरत जङ्गम उनका घरमा पुग्दा उनी सँगै बस्छिन् र कुरा गर्छिन् । कहिले फोन उठाउँदा भरत जङ्गमको परे पनि कुरा गर्छिन् । उनलाई लाग्दो रहेछ, 'आज यति ठुलो मान्छेसँग कुरा गरेँ ।' अनि गर्वको मातमा मनलाई भुलाउँथिन् ।

भरत जङ्गम प्राणीजगत्लाई माया गर्ने मान्छे, बालबालिकालाई माया नगर्ने कुरै भएन । सबै बालबालिकालाई आफ्नै जस्तो गरेर माया मान्ने बानी छ । बालबालिकासँग कुराकानी गरेको, हाँसेको, खेलेको देख्दा उहाँसँग कुरा गर्न उत्सुकता जाग्छ भन्छिन् रश्मी । भरत जङ्गमले उपन्यासलगायतका धेरै किताबहरू सिर्जना गरेको थाहा रहेछ उनलाई । उहाँजस्तै उपन्यास लेख्ने इरादा राख्छिन् । उपन्यासको सार्वजनिक पनि भरत जङ्गमका हातबाट गराउने उद्देश्य बोकी बालआशालाई पछ्याइरहेकी उनी भन्छिन्, 'भगवान्ले वहाँलाई अझ ठुलो मान्छे बनाइदिउन् ।'

भावनाभरि भद्र भरत जङ्गम

सुश्री रोजी सिंह

भर्खर उमेर किशोर अवस्थामा प्रवेश गर्दै छ । शरीरमा जाँगरको कमी छैन । निर्दोष सपनाहरू खेलिरहन्छन् । चञ्चल हुने अवस्था छ तर हौसला बुलन्द छ । भर्खर बाह्र कक्षामा प्रवेश गरेकी उनी अरू साथीहरूभन्दा फरक छिन् । परिपक्क देखिन्छिन् । त्यसैले त नौलो विषयको तालिम लिन पुग्छिन् ।

प्रशिक्षण दिने प्रशिक्षक धेरै थिए । प्रशिक्षण दिने क्रममा अरूभन्दा फरक प्रशिक्षक प्रवेश गर्छन् । जसको व्यक्तित्व र स्वभाव अरूको भन्दा फरक छ । चम्किलो अनुहार, निधारको तिलक र चन्दनले थपेको आकर्षक रूप हेर्दै भव्य लाग्छ । जुन व्यक्तिलाई हेरिरहँदा रोजी सिंहलाई आफ्नै बाबुको प्रतिबिम्बन भएजस्तो लाग्छ । अनि नजर उनकै वरिपरि घुमाइरहन्छिन् ।

घुमिरकेका नजर देखेर होला प्रशिक्षक रोजीलाई नै प्रश्न गर्छन्, 'भ्याट भनेको के हो ?' टोलाउँछिन् प्रशिक्षक अर्कोलाई सोध्छन् । त्यो भ्रष्टाचार विरुद्धको प्रशिक्षणको क्रममा सोधिएको प्रश्न हो, सोध्ने प्रशिक्षक अरू कोही नभएर उनै भरत जङ्गम थिए । भ्रष्टाचार विरोधी अभियन्ता, भ्रष्टाचार विरोधी विज्ञानका प्रवर्तक । जुन विषय रोजी जति बुझ्दै जान्थिन् उति गहन लाग्दै जान्थ्यो ।

प्रशिक्षक भरत जङ्गमका प्रशिक्षणका क्रममा व्यक्त एक एक शब्द उनका मनमा गढ्दै जान्छन् । जति गढ्छन् उति भ्रष्टाचार विरोधी बन्दै जान्छिन् । व्यक्त गरेका विचार, बोली, र सिद्धान्तबाट प्रभावित हुँदै जाँदा भ्रष्टाचार विरुद्ध लड्नै पर्ने भावना मनमा विकसित हुँदै जान्छ । जोस बढ्छ ।

प्रशिक्षणको क्रममा भरत जङ्गमबाट व्यक्त "भ्रष्टाचार परिवारबाट सुरु हुन्छ ।" भन्ने विचारले रोजी सिंहलाई लाग्छ 'हो, हामीले पनि बाबुआमालाई ढोग्दै भ्रष्टाचारको अभ्यास सुरु गरिसकेका हुन्छौं । म पनि सानो मसिनो भ्रष्टाचारी हो । घर, टोल समाजबाट सुरु भई राष्ट्रलाई गाँज्न पुग्ने भ्रष्टाचारको प्रभावमा राज्यका सबै तह र अङ्ग प्रभावित हुन पुग्छन् ।'

"आज देशमा भ्रष्टाचारको रूप महामारीजस्तै बनेको छ । अर्थात् भ्रष्टाचारका कारण हामीहरूलाई आफ्ना न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न ज्यानकै आहुति दिन तयार हुन परिरहेको छ ।" प्रशिक्षणको क्रममा भरत जङ्गमले दिएका यी वचन सुन्दा प्रशिक्षार्थी सबै आफूलाई दयनीय अवस्थामा पाउँछन् । आँखा भरिएका हुन्छन् । उनका प्रत्येक वाक्यका आवाजहरूमा मुटु एकछिन ढुक्क अडिएजस्तो अनुभव हुन्छ रोजी सिंहलाई । कसैले आफ्नो पीडामा शब्द भरेर वर्णन गरिरहेको अनुभव गर्छिन् । उनी भन्छिन् "तै पनि सबैको अनुहारमा अब के भन्छन्, के हुन्छ भन्ने कुतूहल छाएको थियो ।"

"यो त डरलाग्दो रोग हो, समाजको क्यान्सर हो । वागवृक्षको धमिरा हो । यो रोग निर्मूल नै पार्न सकिँदैन होला तर हामी आफै प्रतिज्ञा गरौं, स्वयं मात्र भए पनि यो रोगको कारण बन्ने छैनौं । इमानदार रहने छौं । हामी हरेक समाजका जिम्मेवार सदस्य पनि हौं । त्यसैले अर्काको आचरण ठिक पार्न लाग्नुभन्दा आफ्नै आचरण ठिक पारौं । सबैले यसो गर्न सक्यौं भने मात्र पनि यस रोगको अन्त्य ढिलो चाँडो अवश्य हुने छ । यसै गरेर हामी भ्रष्टाचारमुक्त स्वस्थ समाज अनि भ्रष्टाचारमुक्त देशको परिकल्पनालाई सार्थकता प्रदान गर्न सक्छौं ।"

भरत जङ्गमका यी वाणीहरू पनि सम्झन्छिन् रोजी । अति सशक्त लाग्छ उनलाई । तिनै वाणीलाई आफ्नो जीवनको असल शिक्षाका रूपमा पनि लिएकी छन् । लाग्दछ भरत जङ्गमको व्यक्तित्व, सोचाइ अनि उच्च

दृष्टि बढिरहेको छ भन्दै 'म यो उनको बढिरहेको दृष्टिबाट प्रभावित भएकी छु ।'

भरत जङ्गमको साथ सङ्गत र हौसला पाएर अगाडि बढ्ने अठोट गरेकी उनलाई, भरत जङ्गम अगाडि बढ्न सक्ने प्रतिभाशाली अनि भ्रष्टाचार विरुद्धको आवाजलाई अगाडि बढाउन सक्ने क्षमतावान् व्यक्तित्व लाग्छन् ।

यस अनुभवका कारण उनीहरूबिचको सम्बन्ध सहज बन्न पुग्छ । रोजी भरत जङ्गमलाई आफ्नो जीवनकै आदर्श व्यक्तिको रूपमा मान्छिन् । उनका आदर्श पाइलाका डोबहरू पछ्याउन थालेकी छन् । उनका आदर्शहरूको अनुसरण गर्ने प्रयत्न गरिरहेकी छन् । व्यक्तिगत समस्या समाधानका लागि सुझाव लिन पनि पुग्छिन् । भरत जङ्गमलाई हृदयदेखि नै सम्मान गरिरहेकी उनी भन्छिन्, 'त्यसैले त म आफ्नै किसिमले हिँड्न सिकेकी छु । उनलाई प्रेरणाको स्रोत मान्ने गरेकी छु ।'

अहिले रोजी आफू जहाँ भए पनि भ्रष्टाचार विरुद्धको लडाइ लडिरहेकी हुन्छिन् । उनी जङ्गमको सङ्गत र सदीक्षाबाट सचेत नागरिक बनेकी छन् । त्यसैले भ्रष्टाचार चुपचाप हेरेर बस्न सक्दिनन् । उनी भन्छिन् 'भ्रष्टाचारी देखे म युद्ध नै छेड्छु ।'

जङ्गमप्रति आभार व्यक्त गर्दै भन्छिन्, 'मेरो आचरण, क्रियाकलाप र भावनालाई परिवर्तन गरिदिनुभयो भरत जङ्गमले ।" त्यसैले उहाँप्रति आफ्ना हृदयका भावनाहरू पनि समर्पण गर्छिन् । नियाल्छिन्, अनुभव गर्छिन् 'हो उनी मेरा भावनाहरूमा भद्र भरत जङ्गम ।'

मिलनसार व्यक्तित्व

लक्ष्मी उप्रेती

कुरा २०५३ सालको हो । वासु शशी स्मृति परिषद् र नेपाली भाषा परिषद् असमबिच दुवैतिरका साहित्यिक व्यक्तित्व र कविहरूको सम्मेलन एकै थलोमा असममा गर्ने सहमति हुन्छ । अनि नेपाली साहित्यिक टोली असम लाग्छ । त्यस टोलीको नेतृत्व कथाकार परशु प्रधानले गर्छन् । त्यस टोलीमा कालो सूर्यका लेखक भरत जङ्गम र साहित्यकार लक्ष्मी उप्रेती पनि सहभागी हुन्छन् । यही क्रममा उनीहरूबिच परिचय हुन्छ ।

लक्ष्मीले पहिले नै कालो सूर्य अनि भरत जङ्गमको नाम सुनेकी थिइन् । नाम सुनेर भरत जङ्गमप्रति गरेको अड्कल, अनि उनलाई प्रत्यक्षमा देख्दा नितान्त फरक पाउँछिन् । सोचेभन्दा बढी नम्र देख्छिन्, बढी भद्र देख्छिन्, बढी शालीन देख्छिन् । त्यो देख्दा भरत जङ्गमप्रतिको उनको आदरभाव ह्वात्तै बढ्छ । अझ उनमा आध्यात्मिक सद्भाव र आस्थाको भण्डार देख्छिन् । बाहिर हिँड्दा पनि अनुकूल समय पाउने बित्तिकै स्नान, जपतप, ध्यान, पूजापाठबाट आफ्नो दैनिकी सुरु गरिहाल्ने बानी देख्दा उनलाई अनौठो पनि लाग्छ । किनकि हामी नेपाली आफ्नो संस्कार र धर्म संस्कृति छाडेर परायाको नक्कल गर्न जोडतोडले लागिरहेका छौं ।

असमको दृश्यावलोकन अनि घुमघाम गर्दा भरत जङ्गमलाई नजिकबाट देख्छिन् अनि उनलाई आडिलो लाग्न थाल्छ । आशुकवि रमेश खकुरेलका गीत, कविता, र चुट्किलाले वातावरणलाई आनन्दित तुल्याउँछ । कामरूप-कामाक्षाको दर्शन, असमको कवि निकेतनमा भएको कविता पाठबाट साहित्यिक मनोभावहरूको साटासाटको अवसरले असम भ्रमणलाई बढी रोचक बनाएको मान्ने लक्ष्मी, भरत जङ्गमलाई परिस्थितिअनुसार आफूलाई ढाल्न सक्ने मिलनसार र सहयोगीको रूपमा भेट्छिन् । उनी बिरामी पर्दा भरत जङ्गमबाट पाएको सहयोग नै यसका लागि उदाहरण काफी छ ।

भरत जङ्गम व्यवसायी बन्दा थोरै समयका लागि सहयोगीको भूमिका निभाएकी उनी भन्छिन्, 'भाउजू इन्दिरा जङ्गमको सहायतामा भरत जङ्गमको झन् नजिक पुऱ्यायो ।' यस्ता भरत जङ्गमको मोती महोत्सवको उपलक्ष्यमा उनका बारेमा केही स्मरण लेख्ने अवसर पाएकामा हर्ष व्यक्त गर्दै आयोजक समितिलाई धन्यवाद दिँदै भरत जङ्गम र इन्दिरा जङ्गम दुवैलाई शब्द भावहरू अर्पण गर्छिन् ।

नेपाल आमाका सपूत

विद्यादेवी देवकोटा

"अब मैले बाँच्नुपर्ने उमेर तपाईंमा जाओस् भन्ने ईश्वरसँग प्रार्थना गर्छु । तपाईं यो मुलुकका लागि अझ पचास वर्ष बाँच्नुपर्छ ।" दिदीको आशीर्वाद लागोस् । तपाईं नेपालको सपूत हुनुहुन्छ । मेरो तपाईंलाई आशीर्वाद छ ।

पञ्चायती व्यवस्थाभन्दा पहिलेदेखि राजनीतिमा सक्रिय रहँदै आएकी, ६ पटकसम्म राष्ट्रिय पञ्चायत सदस्य बनेकी, देशको मन्त्रीसम्म पनि भएकी विद्यादेवी देवकोटा र भरत जङ्गमबिचको वार्ता हो यो । विद्यादेवी भन्छिन् 'यो वार्तापछि मैले आफ्नो जिउ नै हलुङ्गो भएको अनुभव गरेँ ।

उपर्युक्त शीर्षकको यो लेख लेख्दै गर्दा उनी ८२ वर्ष काटिसकेकी छन् । पहिला मुलुकको सेवा गर्ने रहर थियो । स्वच्छ, शान्त, सफा देश हेर्ने रहर थियो । देशलाई विकसित तुल्याउने सोख थियो । प्रयत्नमा दशकौँ बिते ती सोख र रहरले सार्थकता ग्रहण गर्न सकेनन् । अनि मन भित्रभित्र मडारिइरह्यो । अठोट मनमा नै रह्यो । कुसंस्कार, गलत आचरण, राजनीतिमा कुराजनीति हावी बन्दै गयो । देखेर नै हार खाएको उनको मन भनिरहन्थ्यो 'यो कुसंस्कार, भ्रष्ट आचरण कसै न कसैले रोक्ने प्रयास गरिदिए हुन्थ्यो । त्यो रोक्न सक्ने व्यक्ति श्रद्धाको पात्र बन्थ्यो । म त्यस्तो पात्र भेटे हृदयस्तरको सम्बन्ध कायम गर्ने थिएँ ।'

पञ्चायत कालमा पनि भ्रष्ट आचरण र अनैतिक कार्यको विरोध गर्दै आएकी विद्यादेवीले न कहिल्यै अनैतिक कार्य गरिन्, न आचरणमा भ्रष्टता प्रवेश गर्न दिइन् । न राज्यबाट कुनै नाजायज फाइदा लिने कोसिस नै गरिन् । न शक्तिको दुरूपयोग गरिन् । त्यस्ता गलत विचार र कार्यहरूको सधै विरोध गर्दै आइन् तर उनको विरोधले कुनै जोर चलेन ।

२०४६ सालमा व्यवस्था परिवर्तन भयो तर आचरण परिवर्तन हुन सकेन । ढुकुटीबाट भत्ताको रूपमा रकम बाँडिन थाल्यो । सांसदहरूले पेन्सन भत्ताको माग राख्न थाले । यस्ता कुराहरूको विरोध पहिलेदेखि नै गर्दै आएकी थिइन् उनले । उनको धारणा थियो, बहुदलीय व्यवस्था, पञ्चायती व्यवस्थाभन्दा अवश्य राम्रो हुन्छ तर बहुदलवादीहरूको आचरण देखेर उनलाई पञ्चायती व्यवस्था पो राम्रो लाग्न थाल्यो । मनमा कुरा खेलिरहन्थे 'नेपाल आमाको उद्धार कस्ले गर्ला र खै ?'

२०५७ सालमा आएर चाल पाउँछिन् 'नेपाल आमाले नेपालमा कपूत मात्र जन्माएकी हैन रहेछ, सपूत पनि जन्माएकी रहिछन् । उनले देखेकी नेपाल आमाका सपूत तिनै भरत जङ्गम थिए । तिनै सपूतसँगको हृदय स्तरको सम्बन्ध विस्तारको प्रयत्न स्वरूपको वार्ता थियो त्यो ।

'स्वतन्त्र विचार मञ्च' ले सञ्चालन गरेको भ्रष्ट्राचार विरुद्धको आन्दोलनको वर्षगाँठको अवसरमा विद्यादेवी दलबल र जोसका साथ समारोहमा पुग्छिन् । मञ्चमा चढेर माइक समाउँदै भन्छिन् 'म नेपाल आमाको छोरालाई सम्मान गर्न आएकी हुँ । सबैले सहयोग गर्नोस् ।'

क्षणभरमा असहज जस्तो देखिएको वातावरण समालिन्छ । भरत जङ्गमलाई त्यसभन्दा पहिले कहिल्यै देखेकी थिइनन् तर त्यही समारोहको सभापतित्व गरिरहेका थिए उनी । त्यसैले पहिचानमा समय लागेन । यही नै उनको पहिलो भेट थियो ।

भरत जङ्गमको सम्मानार्थ आफूले लगेको दोसल्ला र फूलको माला मञ्चमा आसीन विशिष्ट व्यक्तिहरूलाई लगाइदिन आग्रह गर्छिन् । रातो अबिर विजयको रङ उत्सवको उपहार हो । त्यो आफैले लगाइदिन्छिन् । अबिर लगाइरहँदा उनको मनले सदा विजयी भवः को आशीर्वाद दिइरहेको

थियो होला । त्यसपछि भरत जङ्गम नेपाल आमाका सपूत हुन् भन्दै आफ्नो मन्तव्य सुरु गर्छिन् ।

आफूले चाहेर पनि गर्न नसकेका काम अरू कसैबाट हुँदा मन प्रफुल्ल हुन्छ । त्यस समारोहमा उपस्थित कानुनविद्, पत्रकारलगायत सबैले भरत जङ्गमको भ्रष्टाचार विरोधी आन्दोलनको जोडदार समर्थन गर्छन् ।

भरत जङ्गमले विरोध मात्र गरेका थिएनन् । विरोध सबैले गरिरहेका थिए । आफूले गरेको कार्यलाई कार्यान्वयन गरी गराई किनारासम्म पुऱ्याउन सक्ने योद्धा हुन् उनी । यसरी राष्ट्र कल्याणका लागि लागिरहेका लडिरहेका उनलाई राष्ट्रले नै सम्मान गर्नुपर्ने हो, किन गरेन ?

देशको सेवा गर्न भनेर संसद्मा छिरेका सांसदहरूले, पेन्सन, भत्ता, सांसद क्षेत्र विकास कोषको नाममा बजेट, गाडी सुविधा, उच्च पदस्थहरूले दोहोरो तेहोरो सुविधा खाइरहेका थिए । ती सबै विरुद्ध न्यायालयमा मुद्दा चलाएर खारेज गराइदिए । राष्ट्रको बसैनी हुने करोडौँको खर्च जोगाए ।

यिनै भरत जङ्गमको मोती महोत्सव समितिको पत्र पाएपछि विद्यादेवीलाई के दिऊँ, के लेखूँ लाग्छ । भरत जङ्गमसँग फोनबाट खुसी साट्छिन् । आशीर्वाद दिँदै भन्छिन्, 'मेरो उमेर नै आशीर्वाद दिने हो ।'

अन्त्यमा उनी भन्छिन्, 'भरत जङ्गमको मोती महोत्सव मनाएजस्तै नेपाली समाजले उनको शतवार्षिकी समारोह पनि मनाउन पाओस् ।'

'कालो सूर्य' लेख्ने तेजिला सूर्य

विष्णु प्रसाई

चम्किरहेको शाही नेपाल वायुसेवा निगमको एकलौटी हवाई व्यापारको समय थियो । स्थान हो नटराज ट्राभल्स एन्ड टुरको अफिस । प्रबन्ध निर्देशक विष्णु प्रसाईको कार्यकक्षमा एकजना मोटो मोटो, कालो कालो मान्छे प्रवेश गर्दै टिकट माग गर्छन् । ती व्यक्ति भरत जङ्गम थिए जससँग विष्णु प्रसाईको पहिलो परिचय भएको थियो ।

लाचार ट्राभल्स अफिस तत्काल टिकट सेवा पुऱ्याउन सकेन तर ती दुई व्यक्तिबिच बनेको परिचय भत्केन बरु जति दिन बित्दै गए उति उति आत्मीयता घनीभूत बन्दै गयो । हृदय हृदयबिच मायाप्रेम बढ्दै गयो । तँ तँ र म म चल्न थाल्यो । जुन असल साथीको गुण हो । असल साथीहरूबिच जे जे हुनुपर्थ्यो ती कुराहरू कुनै बाँकी नै रहेनन् । विष्णु भन्छन्, 'हामीबिचको घनिष्ठताले के गराएन र, के के गरायो गरायो ।'

त्यसपछिका केही वर्षसम्म समयले यी दुवै घनिष्ठहरूबिच भेट गराएन । त्यही कालमा होला विष्णु प्रसाईको टेबलमा एउटा मोटो खाम आउँछ । खोलेर हेर्छन्, 'कालो सूर्य' किताब छ । लेखक भरत जङ्गम । लेखकको नामले अतीतको घनिष्ठतालाई ताजा बनाइदिन्छ ।

आश्चर्य पनि लाग्छ उनलाई तर्कहरू घुमिरहन थाल्छन् । शरीरमा एक प्रकारको कम्पन बढेजस्तो लाग्छ । मस्तिष्कले जोड गर्दै भन्छ, 'के सम्भव छ, कसरी एउटा व्यापारी लेखक भयो ? कसरी तेजिलो, चम्किलो सूर्यलाई कालो बनाएर प्रस्तुत गर्न सक्यो । उनी भन्छन्, 'मेरा लागि यो अचम्मको उल्कापात थियो ।' जब उनी किताब पढ्न सुरु गर्छन्, तब उनलाई लाग्छ यो किताबमा मैले चिनेका पात्र मात्र छन्, देखे भेटेका पात्र छन् । कतिपय

घटनामा उनी स्वयं उपस्थित थिए जस्तो लाग्छ । किताब पढेपछिको फोन वार्तामा भरत जङ्गमलाई सोध्छन्, 'अहिले सम्म 'क' अक्षर नलेख्नेले किताब लेख्न सक्छ ?'

त्यसपछिका दिनहरूमा हप्तैपिच्छे राष्ट्रिय पत्रिकाहरूमा उनका लेखहरू देखिन थाले । तीमध्येका धेरै लेखहरू भ्रष्टाचार विरुद्धका हुन्थे । अझ 'नेपाली आवाज' मा नियमित टिप्पणी निस्कन थाल्छन् । ती सबैले आकर्षित गर्न थाल्यो विष्णु प्रसाईलाई । उनी नियमित पाठक बन्छन् । घनिष्ठ मित्रको सिको गर्दै आफू पनि लेखहरू लेख्न सुरु गर्छन् । भरत जङ्गमका अरू पुस्तकहरू बिस्तारै प्रकाशित हुँदै जान्छन् । तब उनलाई लाग्दै जान्छ, हो भरत जङ्गम साँच्चै बहुआयामिक लेखक हुन् । भरत जङ्गम आफ्ना प्रकाशित किताबहरू नियमित रूपमा मित्रलाई पठाउने गर्थे । मित्र पनि नबिराई पढ्ने गर्थे । त्यो चलन पनि नियमित जस्तै चल्यो ।

साख्वै कंश छ ज्येष्ठ भ्रात बुझ है भन्छन् सबै राक्षस,
देवी हुन् कसरी भएर बहिनी हो वंश एकै अतः
जस्ले सुन्दर कर्म गर्दछ सदा भो देवता मानव,
पीडा दिन्छ स्वस्वार्थमा रत हुने बन्ने भए दानव ॥७८॥

हौ वा देव मनुष्य दानव भनी आफै गरौं चिन्तन,
मर्यादा परिधी ननाघ्न शिवले गर्दैछ निर्देशन ।
जो लेखे ऋषिवृन्द पूर्वजहरू राखी गएका थिए,
हाम्रा मार्ग तिनै भनेर उनले हाम्रो चिनारी दिए ॥७९॥

-भरत महाकाव्य

भरत जङ्गमलाई २०५९ सालको आखिरीतिर भ्रष्टाचारको आरोप लाग्यो । त्यति बेला दौडाहा टोलीको संयोजक थिए उनी । पत्रपत्रिकाले त्यो आक्षेप लगाएर लेखेको देख्दा विष्णु प्रसाईको मन दुख्थ्यो, छट्पटिन्थ्यो । जसले भ्रष्टाचारलाई अन्त्य गर्नुपर्छ भनेर एक्लै भ्रष्टाचार विरोधी अभियान सञ्चालन गरेको छ, यसैमाथि यो आरोप ! जसले भ्रष्टाचारको भण्डाफोर गर्न 'कालो सूर्य' लेखेर आफू प्रकाशमय तेजिलो सूर्य बनेर नेपाली साहित्यको आकाशमा चम्किरहेको छ ऊ कसरी भ्रष्ट हुन सक्छ ? उनको उद्देश्य असल थियो र छ पनि । नियत दुध जस्तै छ तर पनि उनलाई सबैको आँखाको कसिङ्गर बनाउन किन कोसिस गरियो ? तर त्यो समयमा धेरै उपलब्धिमूलक कार्यहरू पनि भए गरेका थिए होलान् नि । तिनलाई के मान्ने, उपलब्धिमूलक नमान्ने ?

विष्णु प्रसाई पनि द्विविधामा पर्छन् रे, असमञ्जसमा अल्मलिन्छ रे मन । भ्रष्टाचार विरुद्ध आन्दोलनको अगुवाइ गरेका भरत जङ्गम संयोजक बनेपछि किन उपलब्धिमूलक काम नै गर्न सकेनन् ? आफ्ना घनिष्ठ मित्रलाई कसैले भ्रष्टाचारी भनिदिँदा उनको मन विरक्तिन्थ्यो । बिडम्बनापूर्ण छ नेपाली समाज छ, यसमा के हुन्छ के हुँदैन र ? राम्रो नराम्रो, नराम्रो चाहिँ राम्रो बनिरहेको हुन्छ । नहुनुपर्ने भइरहेको हुन्छ, हुनुपर्ने यहाँ हुँदैन । ढिलो चाँडो मात्र हो समयले सत्य प्रमाणित गरेर देखाउने नै छ ।

भरत जङ्गम र विष्णु प्रसाई अनन्य मित्र । त्यो उनीहरूलाई पनि थाहा छ । त्यो मित्रता उनीहरू बाँचिन्जेल रहने छ । यस्ता अनन्य मित्रमध्येका विष्णु भरत जङ्गमलाई भन्छन्, 'उनको जिन्दगी सधै हराभरा रहोस् । बाँकी जीवन पनि आनन्दले बितोस् । साठी बर्से जन्मोत्सवको हार्दिक मङ्गलमय शुभकामना ।'

गौरवशाली उपन्यासका स्रष्टा

सुन्दरप्रसाद शाह 'दुःखी'

'हुने बिरुवाको चिल्लो पात' पूर्व प्रशासक सुन्दर प्रसाद शाह एउटा चिल्लो पात लिँदै हुर्केको युवा बिरुवा देख्छन् । जुन बिरुवा अत्यन्त उत्साहित देखिन्छ । यस्तै जाँगरिलो पनि छ । फुर्तिलो, जोसिलो छ । उसमा कर्तव्यनिष्ठता उत्तिकै उत्तरदायित्व वहन गर्न सक्ने क्षमता छ । देख्छन्, उसले देशलाई माया गरिरहेको, राष्ट्रसेवकले पाएको अख्तियारको सदुपयोग दुरूपयोग के गरे, सूक्ष्म अध्ययन र निगरानी गरिरहेको । उसका यी विशेषताहरूबाट आकर्षित हुन्छन् सुन्दरप्रसाद शाह । उनीहरूबिच भेटघाट बढ्छ । कुराकानी चल्छ । सरकारी सेवामा विद्यमान ढिलासुस्तीका विषयमा छलफल चल्छ । व्यक्तिगत स्वार्थमा मात्र लिप्त राजनीतिज्ञ र राजनीतिको विषयमा पनि बहस चल्छ । लथालिङ्ग गुठी संस्थानका विषयमा पनि छलफल चल्छ । अझ त्यो युवा अथवा भरत जङ्गम सुझाव र सुधारको रूपरेखासमेत सुध्याउँछ ।

सुन्दरप्रसाद शाहको मनमा यस्तै यस्तै प्रसङ्ग चलिरहेको बेला भरत जङ्गम कालो सूर्य लिएर पुग्छन् सुन्दरप्रसाद शाहको घरमा । शाह किताब देख्दै रमाउन थाल्छन् । यसले दुवै साहित्यिक मनहरूबिच झन् आत्मीयता बढ्छ, एक अर्काको भावनामा लट्पटिन्छन् भावुक बन्दै । उपन्यासको मर्मको गहिराइमा पुग्ने प्रयत्न गर्छन् र शाह खुसी हुँदै भन्छन्, 'लौ न भरतजी, उपन्यासको पृष्ठभूमि र सङ्क्षिप्त कथावस्तु र अन्तर्निहित चुरो कुरो छोटकरीमा सुनाउनुहोस् न, के भन्दै थिएँ मेरो हातबाट किताब लिएर पढ्छन् ।' उनले पढेको अझै याद छ मलाई ।

त्यति बेला केही अंश पढेर सुनाएको त्यो 'कालो सूर्य' ले अन्तर्राष्ट्रिय

साहित्य जगत्मा प्रसिद्धि कमायो । अङ्ग्रेजी, रुसी, चिनियाँ, जापानी, असमी, बङ्गालीलगायत अन्य भाषाहरूमा अनूदित भइसकेको छ । अरू भाषामा अनूदित हुने क्रम जारी छ । त्यसैले 'कालो सूर्य' गौरवमय बनेको छ, नेपाली साहित्यमा । त्यसबाहेक उनका अरू कृतिहरू पनि छन् । जस्तो 'व्यूहचक्र', 'रातो घाम'जस्ता उपन्यासहरू पनि नेपाली साहित्य जगत्मा आफ्नो स्थान जमाउन सफल छन् । गौरवशाली उपन्यास 'कालो सूर्य'का स्रष्टा भरत जङ्गमको साहित्यप्रतिको लगाव बढ्दै जाओस् । जोस, जाँगरमा कत्ति कमी नहोस् । प्रतिभा विस्तारित हुँदै जाओस् भन्दै उत्तरोत्तर प्रगतिको शुभकामना दिन्छन् सुन्दरप्रसाद शाह ।

नेपाल देश शिवशङ्करका समीप,
यो भक्तको पुर मनोरम नामयुक्त
हो टौमढी नगर सुन्दर एक टोल,
गोविन्द नामक पिता त थिए विशेष ॥४॥

यो वंश जङ्गम तथा थर गोत्र के हो?
विस्तार पूर्वक यथोचित लेख्य के हो ?
आमा बुवा घर तथा थरको प्रकाश,
गर्दैछु सर्ग दुईमा कविता-प्रयास ॥३॥

-भरत महाकाव्य

मलाई मन पर्ने व्यक्ति

सूर्यबहादुर पिवा

स्वतन्त्रता मागेर पाइन्न, खोजेर भेटिन्न । त्यसलाई सङ्घर्ष गरेर, खोसेर लिन सक्नुपर्छ । सूर्यबहादुर पिवा भन्छन्, 'म पशु हैन मानिस हुँ । त्यसैले मलाई स्वतन्त्रता चाहिन्छ ।' स्वतन्त्र भएर बाँच्न उनी स्वतन्त्र सङ्ग्राममा लागे । जेलनेल खाए । २००७ सालमा टङ्कप्रसाद आचार्यसँगै जेलबाट छुटे । उनी भन्ने गर्छन्, 'म त स्वतन्त्रता चाहने मान्छे हुँ । भक्तपुरमा बस्ने भक्तपुरे हुँ । नेवारी भाषा बोल्ने नेवार हुँ । त्यसपछि नेपालमा बस्ने नेपाली हुँ ।

देशको विकास र प्रगति केलाई मान्ने ? सायद देशका सबै क्षेत्रको विकास समानुपातिक रूपमा यदि देखिन्छ भने त्यो होला विकास । हाम्रो देशको राजधानीलाई मात्र हेर्दा यो देश विकसित हो कि जस्तो देखिन्छ । त्यही राजधानीसँग जोडिएको भक्तपुर जिल्ला विकास र अवसरबाट पछाडि छ ।

त्यहाँका मानिसहरू कामको अवसर खोज्दै काठमाडौँ आइपुग्छन् । त्यसैले यहाँ धेरै भक्तपुरेहरू बसोवास गर्छन् । उनले आफ्नो जन्म जिल्ला भक्तपुरका लागि 'भक्तपुर विकास सहयोग सङ्घ' स्थापना गर्छन् । त्यो संस्थामा आबद्ध सदस्यहरू आफू भक्तपुरवासी हौँ भनेर परिचय दिन, भक्तपुरको विकास कसरी गर्न सकिन्छ भनेर छलफल गर्न वर्षमा एक पटक जम्मा हुन्छन् ।

तपाईं भक्तपुरे हुनुहुन्छ ?

हो म भक्तपुरे (ख्वापे) हुँ । जङ्गम भनेपछि भक्तपुरे हो भनेर चिन्नुपर्ने हो ।

के तपाईं टौमढी टोलका कान्छा महन्तको छोरा हुनुहुन्छ ?

हो म कान्छा महन्तको अवतार हुँ ।

हामी जङ्गमहरूलाई अनेवार सम्झदैनौं । तपाईंहरू भक्तपुरे नेवारले बोलेझैं नेवारी बोल्नुहुन्छ । संस्कृति पनि उस्तै छ । तपाईंहरू, हो निख्खर भादगाउँले हुनुहुन्छ ।

२०५६ सालमा भक्तपुरको सल्लाघारीमा 'भक्तपुर विकास सहयोग सङ्घले आयोजना गरेको भेलामा भरत जङ्गम र सूर्यबहादुर पिवाबिच यी वार्ता भएका हुन् । उनीहरूबिचको पहिलो साक्षात् भेट त्यही थियो । समाजको हित चिताएर साहित्यको सिर्जना गर्ने हुनुपर्छ साहित्यकार, भन्छन् पिवा । त्यो साहित्यले मानवीय समस्या र अनैतिक कार्यहरूको विरोधमा कलम चलाएको हुनुपर्छ भन्छन् । उनी साहित्यकारलाई समाजको उपचार गर्ने डाक्टर मान्छन् । समाजका समस्याहरूको मूल जरो देखाउने काम उनीहरूको हो भन्छन् पिवा ।

भरत जङ्गमका साहित्यिक सिर्जनाहरूमा यिनै कुरा देख्ने उनी भरत जङ्गमको मोती महोत्सवको उपलक्ष्यमा उनको दीर्घायु, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दै भन्छन्, "भरत जङ्गमको 'कालो सूर्य', 'रातो घाम', ' पचास-प्रसङ्ग' भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता पुस्तकहरूले पनि यिनै कुरा देखाइरहेका छन् ।"

अनुभूतिका प्रसङ्गहरू पनि हुबहु सबै उतार्न सकिँदैन । देखेको सौन्दर्य र रूपको न पूर्ण व्याख्या गर्न सकिन्छ । साहित्यकारले काव्यको वर्णन लेख्न सक्छ । आख्यान तयार पार्न सक्छ । तर समाजमा कुनै ठोस कार्य गरेर देखाउन सक्दैन तर समाजका मानिसहरूको मानसिकता बदलेर विचारलाई शुद्ध र स्वच्छ पारिदिन सक्छन् । सूर्यबहादुर पिवा भरत जङ्गमका साहित्य सिर्जनाहरूमा यही देख्छन् । त्यसैले भन्छन् भरत जङ्गम मलाई मन पर्ने व्यक्ति हुन् ।

बिर्सिनसक्नु एउटा दन्त्यकथा

होमनाथ सुवेदी

यो दन्त्यकथाको प्रसङ्गपछिको सम्बन्ध हेर्दा लाग्छ भरत जङ्गम र होमनाथ सुवेदीको हृदयबिच कुनै दूरी नै छैन तर ती पुराना कुराको याद आइरहन्छ होमनाथलाई । भरत जङ्गमलाई न्यायप्रेमी, स्पष्टवक्ता मान्छन् उनी । अनि कसरी सरकारको जासुस बन्न सक्छन् ? उनको व्यक्तित्वलाई के सोच्यो सोच्यो होमनाथको हृदयले एकादेशको दन्त्यकथा जस्तै सम्झ्यो, जुन बिर्सिनसक्नाको भयो ।

दन्त्यकथाहरू जनमानसका ओठ ओठमा झुन्डिएका हुन्छन् । समय मिल्यो कि शब्द, शब्द दन्त्यकथालाई वर्णन गर्न तयार हुन्छन् । पौराणिक भारतवर्ष खडा गर्ने राजा भरतसँग तुलना पनि गर्छन् भरत जङ्गमलाई । अनि भन्छन्, 'एक दिन एकादेशको बाघ छिऱ्यो अमेरिकामा तर त्यो बाघको आकार प्रकार र साइज भने देखिहालेका छैनन् । गर्जन भने प्रशस्त सुनेका रहेछन् । जुन बाघ पहिला न्युर्योक छिरेको थियो ।

अमर गिरी प्रवासी अमेरिकी नेपालीहरूबिच एउटा चर्चित नाउँ हो । उनले लेखेको 'रगत' भन्ने क्रान्तिकारी कविता सालैपिच्छे प्रकाशित हुने गर्छ स्थानीय पत्रिकामा । अमेरिकामा नेपाली साहित्यिक समाज स्थापना गर्न उनैको प्रमुख भूमिका रहेछ । होमनाथ सुरुमा अमेरिका पुगेदेखि त्यहाँको अस्थायी नागरिकता हासिल नभइन्जेलसम्म जे जसरी सघाउनु पर्थ्यो उनैले सघाएका रहेछन् । कुनै कारणले नेपालीलाई नेपाली चरित्रप्रति शङ्का उठ्नु स्वाभाविक पनि हुन सक्ला ? उनलाई लाग्यो भरत जङ्गमलाई उठाएर मलाई किन होच्याए ? तर यति धेरै किन सशङ्कित बने ? अमर गिरीले ठट्यौली पारामा तपाईंका किताब नेपालीमा मात्र छन् । उनका अङ्ग्रेजी,

बङ्गालीलगायत धेरै भाषामा छापिएका छन् । कुरा साँचो पनि हो । 'उनका किताब धेरै भाषामा छापिएका पनि छन् ।'

अमर गिरीले फोनबाट जानकारी गराए, 'उनी अहिले बिग एपलमा छन् । उनी स्थावर होइनन् जङ्गम हुन् । बडो फरासिला छन् । तपाईंको फोन दिएको छु । तपाईंलाई फोन आउँछ होला ।'

आफूलाई अमेरिका बस्ने प्रसिद्ध साहित्यकार सम्झेको भए त्यस्तो लाग्नु स्वाभाविक थियो कि ? त्यस्तो स्वभावको झलक पनि देखिँदैन तर उनी राम्रा साहित्यकार हुन् । अमेरिका पुग्ने सबै साहित्यकारलाई अतिथ्य प्रदान गर्ने पनि गर्छन् । उनी भनिरहेका छन्, 'साहित्यकारलाई स्वागत गर्न अझै तयार छु ।'

सायद उनका यी तर्कहरू मनस्तात्विक उद्वेलनको अनुशीलन मात्र हुन सक्छ । ठुलाठुला पौरखीहरूलाई हीनताबोधले अत्याउने गरेको देखिन्छ । वा कसैको अति प्रशंसाले कसैप्रतिको सौहार्द्रको साम्राज्य नष्ट हुन पनि सक्छ । कोठामा टेलिफोनको घन्टी बज्दै होमनाथको मन उनीसँग सशक्त प्रश्न गर्न थाल्छ, एउटा व्यक्तित्वले अर्काको भइरहेको व्यक्तित्वलाई मुण्डन गरिदिन सक्छ ? यत्तिकैमा फोन बोल्छ- होमनाथजीलाई पाऊँ न ।

अलमल अलमल के के सोच्दै आफूलाई सम्हाल्दै भन्छन्, 'हजुर नमस्कार यहाँको परिचय ? भरत जङ्गम, तपाईंको नाम नेपालदेखि सुनेको थिएँ, परिचय गरौं भनेर होमनाथका मनमा धेरै आशङ्काहरू डुल्न थाल्छन् । भरत जङ्गम भन्दा म बाघ भन्ने सुन्छन् । शङ्काले लङ्का जलाउँछ । उनीभित्र सुनको लङ्का जलिरहेको छ । अमेरिकामा भए पनि सुरक्षाको शङ्का गर्दै सोच्न पुग्छन्, 'अमेरिकाको सहयोगमा नेपाली खुफिया पक्रन आएको त हैन ?'

भयभीत हुँदै सोध्छन्, 'कसरी थाहा पाउनु भयो ?' तपाईंको उपन्यासबारे थाहा छ । घटराजको साहित्यकार परिचयमा तपाईंको नाम छ । यी दुवै

परिचय कोषमा नाम भएका व्यक्तित्वहरू परे । उनी पनि साहित्यकारको परिचय कोषमा भरत जङ्गमका पुस्तकहरूको परिक्रमा गर्न थाल्छन् । एकादेशको कथामा दिएका सन्दर्भहरू फेला पार्छन् । त्यो सन्दर्भ ग्रन्थ थियो 'भरत जङ्गम : विचार र दृष्टिकोण । सम्पादक हरि मञ्जुश्री ।

त्यो परिचय भेटेपछि एउटा कुख्यात अपराधी छट्पटिरहेझै छट्पटिएको उनको मन शान्त हुन्छ । इमेलबाट परिसंवाद कार्यक्रम चलाउने निधो गर्छन् । उनै बाघसँग, उनै साहित्यकारसँग, उनै नायक भरत जङ्गमसँग ।

भरत जङ्गम एउटा लेखक हुन्, अभियन्ता हुन्, कलाकार हुन्, उच्च विचारक पनि हुन् । उनीमाथि केन्द्रित गरी राखिएको पहिलो प्रश्न थियो 'देशको सबैभन्दा जिम्मेवार व्यक्ति को ? प्रश्नकर्तालाई लाग्छ उत्तर आउन सक्छ, कि राजा, कि मन्त्रीहरू । तर उत्तर आउँछ, 'सरकारका गल्तीहरू औंल्याउन सक्ने सचेत नागरिक नै सबैभन्दा बढी देशको जिम्मेवार व्यक्ति हुन् ।'

स्थिति धेरै फरक बनिसकेको छ । तल्लो स्तरका सरकारसमेत भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । उपन्यासकार साहित्यकार भरत जङ्गम भ्रष्टाचार विरोधी अभियन्ता हुन् । भ्रष्टाचार विरोधी शास्त्रका वेत्ता पनि हुन् । यसलाई उनले जीवन र राजनीतिसँग जोडेका छन् । देशका गाउँगाउँदेखि चीन, तिब्बतका गल्लीगल्लीमा दृष्टि पुऱ्याउन सक्छन् । निर्भीक छन्, भ्रष्टाचारीको धज्जी उडाउन सक्छन् । भ्रष्टाचारीको विरुद्धमा पर्वतझैं उभिएका छन् । देश र समाजलाई भ्रष्टाचारबाट मुक्त गर्नु उनको अभिष्ट हो । होमनाथ भन्छन्, 'उनका यिनै पक्ष खुब मन पर्छ ।'

यी कलाका दास पनि होइनन् । विचार र आदर्शका वाहक हुन् । यस्ता उनलाई होमनाथ प्रश्न गर्छन् । 'साहित्य भनेको के हो मान्नुहुन्छ ?'

मनभित्र उब्जिएको कुनै पनि अनुभूतिलाई शब्दमा वर्णन गरिएको प्रस्तुति साहित्य हो भन्ने उत्तर पाउँछन् ।

उपन्यासका बारेमा सोध्छन्, 'उपन्यास के हो ?'

जवाफ आउँछ, 'सिङ्गो घटनालाई प्रस्तुत गर्ने पूर्ण कथा उपन्यास हो ।' विद्वत् ब्राह्मण परिवारमा जन्मे हुर्केका भरत जङ्गम अभिजात्य कलाकार बन्न मन पराउँछन् भने अश्लीतालाई साहित्य मान्दैनन् ।

२०३६ सालमा प्रकाशित उनको कालो सूर्य पञ्चायत कालको भ्रष्टाचार र अनैतिकताको उजागर हो । व्यूहचक्रले पञ्चायती राजनीतिभित्र हुने गरेको पाखण्डीपनको धज्जी उडाएको छ । 'रातो घाम' चीन र तिब्बतको बाटो नेपालमा बढिरहेको कम्युनिस्ट भावधारालाई प्रजातन्त्रतिर मोड्नका लागि हो र पञ्चायत र साम्यवाद विरोधी रचना हो ।

भरत जङ्गम यी दुवै व्याख्याभित्र अराजनीतिक परम्परा देख्छन् । आफूलाई प्रजातन्त्रवादी भनाउने काङ्ग्रेसी कार्यकताहरू पथभ्रष्ट भएको देख्दा सही बाटो हिँडाउन नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखे । प्रशिक्षण दिए । होमनाथ सुवेदी, 'पचास-प्रसङ्गलाई भने उनको राजनीतिक विचारको प्रक्षेपण मान्छन् ।

सन् १९९२ मा भ्रष्टाचार विरोधी अभियान नै छेडे । समाजमा भइरहने अन्याय अत्याचारजस्ता अति सशक्त तर अँध्यारा पक्षहरूको पर्दाफास गर्न अग्रसर छन् । किनकि उनी भ्रष्टाचार विरोधी, आन्दोलनका अभियन्ता हुन् । त्यो सङ्घर्षका विचारक हुन् र सक्रिय योद्धा हुन् ।

जुन सुकै व्यवस्था र अवस्थामा भ्रष्टाचार अपराध नै हुन्छ । यस्ता कुराको विरोध गर्ने भरत जङ्गमलाई बुझेपछि हार्दिक समर्थन गर्छन् । गर्जन त के अब उपस्थितिमा पनि डराउँदैनन् । अझै प्रसङ्ग परिसंवादकै छ । तपाईंका कृतिका समीक्षक कम छन् ? भन्ने प्रश्नको उत्तरमा भरत जङ्गम

भन्छन्, 'धेरै वाहवाह नगर्दैमा कुनै कृतिको मूल्य कम हुन्छ भन्ने होइन । समालोचकले देख्न नसक्ने कुरो स्रष्टाले देखेको हुन्छ ।

उपन्यास लेख्दा वस्तुलाई जोड दिनुहुन्छ कि कलामा भन्ने प्रश्नको उत्तरमा उनी भन्छन्, 'वस्तुबिना भाव बन्दैन तर उपन्यासमा कला स्वत: आउने कुरा हो ।' उनलाई एउटा मनोविश्लेषणात्मक नारी उपन्यास लेख्ने विचार पनि छ । त्यो विचार प्रबल भएर आयो भने प्रेम वा केटाकेटीका कुरा लेख्यो भने कलात्मक, मनमोहक मान्ने पाठक समीक्षकलाई खुराक पुग्ने देख्छन् भरत जङ्गम ।

होमनाथ साहित्यकारका कथा सुनाउँदा भरत जङ्गम अमेरिका पुगेको कथा कथेर सुनाउने गर्छन् । प्रवासमा रहेका नेपालीहरूका प्रिय र मिठा कुरा पनि सुनाउने गर्छन् । उनी भन्छन्, 'भरत जङ्गमसँगका ती उत्साहप्रद वार्ताहरू दन्त्य कथाझैं दोहोरिइरहन्छन् ।'

एउटा प्रश्नको उत्तरमा भरत जङ्गम भन्छन्, 'कलात्मक केलाई भन्ने मैले शास्त्रीय आधारमा उपन्यास लेखेको छैन ।' त्यस्तो अवस्था सिर्जना नभएको पनि हुन सक्छ तर उनी भन्छन्, 'मेरो 'रातो घाम' पढ्ने पाठकहरूले निश्चय पनि त्यसभित्र बलियो रूपको कलात्मक पक्ष पाउने छन् ।'

कति स्वनामधन्य लेखक विद्वान्हरू भन्छन्, 'नारी पात्रबिना उपन्यास बन्न सक्छ ? त्यसैले भरत जङ्गमलाई 'कालो सूर्य' लाई उपन्यासको दर्जा दिलाउन सङ्घर्ष गर्नुपरेको थियो । उनी त उपन्यासमा विपरीत लिङ्गहरूबिच हुने प्रेमलाई भन्दा राजनीतिक समस्यालाई इङ्गित गर्न चाहन्छन् ।

होमनाथलाई पनि नारीपात्र संलग्न परम्पराबाट दिक्क लाग्छ । त्यसैले उनले 'नजर' उपन्यास लेखे । प्रेमका राजा रानीलाई कति लेख्नु, नयाँ प्रयोगलाई राम्रो मानिदिँदा त्यस क्षेत्रको बिस्तारमा सहजता पुग्छ ।

भरत जङ्गम अभियन्ता पनि हुन् । समाजसेवी पनि हुन् । उपत्यकाका धेरै सङ्घसंस्थामा संलग्न देखिन्छन् । 'स्वतन्त्र विचार मञ्चका संस्थापक अध्यक्ष हुन् । जुन मोर्चाबाट उनी भ्रष्टाचार विरुद्धको युद्ध लडिरहेका छन् । उनका तिनै सेवाले होला अमेरिकाका समाज सेवीहरूले पाउने सम्मानबाट उनी सम्मानित भएका छन् ।

भरत जङ्गमलाई के तपाईं अहिलेको व्यवस्थाबाट सन्तुष्ट हुनुहुन्छ भनी सोधेको प्रश्नमा उनी भन्छन्, 'असन्तुष्ट हुनु लेखकको अनुशीलन प्रवृत्तिको परिचय हो । न कहिल्यै सुस्त रहने न कहिल्यै मौन रहने भरत जङ्गमलाई आफ्नो घरमा भिऱ्याएर दुई घण्टाभन्दा लामो समय मुभी केमरामा कैद राख्छन् सुवेदी । धेरै जिज्ञासाहरू पोख्छन् । प्रत्येक जिज्ञासाको उत्तर सरलतासँग पाउँछन् । त्यसरी अगाडि क्यामेरा उभ्याएर स्वागत गरेकोलाई भने आफ्नो सोखको उपज मान्छन् ।

यस्ता व्यक्तित्व भरत जङ्गमको शताब्दीऔँ जन्मोत्सव मनाउन पाउनुपर्छ भन्दै अन्त्यमा भरत जङ्गमसँगको भेट, कुराकानीको सम्झना यसरी रहेको छ भन्छन्, 'कुनै समयमा एउटा सिंह अमेरिकामा प्रवेश गरेको थियो । त्यो सिंहको नाम थियो भरत जङ्गम । ऊ आयो गयो तर यहाँ बस्ने हामी अमेरिकी नेपालीहरू उसको व्यक्तित्वलाई कहिल्यै भुल्न सक्दैनौँ । अब त यो श्रुतिपरम्परामा गाँसिएको नयाँ दन्त्यकथा बन्न पुगेको छ ।'

यो वंशवृक्ष शिवभक्त हुँदै उदायो,
कल्याणको विपुल मार्ग लिएर आयो ।
एकेक छन् विशदता इतिहासकार,
मानौं भनौँ प्रकृतिका नव दिव्यहार ॥२३॥

-भरत महाकाव्य

साहित्यबाट टाढिएको मन कुँडिएको छ

ज्ञानुवाकर पौडेल

साहित्यिक कार्यक्रम र गोष्ठीहरूमा भरत जङ्गमसँग भेट भइरहन्थे ज्ञानुवाकरलगायतका साहित्यिक मनहरू । एकाएक त्यो क्षेत्रबाट भरत जङ्गम टाढिएर अन्य अन्य क्षेत्रमा सक्रिय हुन पुगे । उनी अन्य क्षेत्रमा सक्रिय भएकोमा ज्ञानुवाकरलगायतका साहित्यिक मनहरू कुँडिएका छन् । तिनै मनहरूबिच कुरा चल्छ । यो क्षेत्रमा आशातीत मूल्याङ्कन नभएर पो हो कि, साहित्यमा मोहभङ्ग भएर हो कि उनको मन टाढिएको । तर उनको क्षेत्र समाज सेवा, राजनीति नै होइन । ज्ञानुवाकर भन्छन्, 'हो पनि उनको मौलिक विशेषतालाई कदर गर्नु पर्ने हो ।'

'कालो सूर्य'बाट आफ्नो औपन्यासिक यात्रा सुरु गरेका भरत जङ्गमलाई कालो सूर्यले नै उपन्यासकारमा स्थापित गरायो । त्यसरी नै उनले छेडेको भ्रष्टाचार विरुद्धको युद्धले, योद्धा, नायक, सामाजिक अभियन्ताको रूपमा स्थापित गरायो । उनी यो क्षेत्रमा व्यस्त रहँदा साहित्यिक सक्रियता ओझेल परेको देख्दा साहित्यकारहरूको मन दुखेको छ ।

'कालो सूर्य' पछि उनका व्यूहचक्र' र रातो घाम पनि उत्तिकै सशक्त भएर देखा परे । कालो सूर्य र रातो घाम नेपाली भाषाबाहेकका अन्य भाषामा अनूदित भएका छन् । पाठकहरू चाहन्छन् उनीबाट अझै सशक्त कृतिहरू आउन् । उनी जमिरहेको आफ्नो साहित्य क्षेत्र छाडेर भ्रष्टाचार विरोधी अभियान चलाउन र समाजमा चेतना जागृत गराउन सक्रिय रहेका छन् ।

गीत र कविताबाट साहित्य लेखन सुरु गरेका भरत जङ्गम यी विधामा

स्थापित नभए पनि उपन्यास, कथा, प्रबन्ध, र निबन्ध विधामा स्थापित छन् । विद्यार्थी जीवनदेखि भरत जङ्गमको सङ्गत पाएका ज्ञानुवाकर भन्छन्, 'दौलतविक्रम विष्ट' दाइ भन्ने गर्नुहुन्थ्यो 'भरत ! तपाईं अन्त नबरालिनोस् तपाईंको कार्यक्षेत्र नै साहित्य हो ।'

भरत जङ्गमले त्यस बेला लेखेको गजल सम्झन्छन् ज्ञानुवाकर । उनी भन्छन् उनको सबै विधामा कलम चलेको हो ।' त्यसैले उनलाई भरत जङ्गम साहित्य क्षेत्रबाट टाढा नगइदिए हुँदो हो भन्ने लाग्छ । धेरै गुणमा दोष बिलाएर जान्छ । खोज्न पनि सकिँदैन । भरत जङ्गमले राष्ट्र र समाजलाई दिएको योगदान अतुलनीय छ । त्यसैले उनी सक्रिय भइरहुन् भन्ने कामना गर्छन् । ढिलै भए पनि जनस्तरबाट भरत जङ्गमको कदर गर्न लागेको सुन्दा खुसी व्यक्त गर्दै भन्छन्, 'उनको सामाजिक सक्रियतासँगै साहित्यिक सक्रियता बढोस्, उत्तरोत्तर सफलता प्राप्त होस् भन्ने कामना गर्दछु ।'

लोकाभिराम उपराम विराम राम,
उत्कृष्ट मान्दछ मनोभव पुण्यकाम ।
रोकेर श्वास प्रतिश्वास हवास हास,
पुग्दै गए हृदयग्रन्थ खुलेर खास ॥२४॥

भरतमणि युवा हो काव्यनेता प्रसिद्ध,
दिनदिन पद चाल्दै एकताको समाज ।
अविरल गति गुड्दै अग्र अग्राभिलाष,
नव नव प्रगतिमा लम्किएको छ आज ॥९॥

-भरत महाकाव्य

खण्ड दुई

भरत जङ्गमका साहित्यक कृतिहरूको विश्लेषण

कालो सूर्य : एउटा हाँक, एउटा क्रान्ति

आर. डी. 'प्रभास' चटौत

'जयी बनाउँछ कृतिले, सक्दैन काललेे हराउन
कृति अमर त्यो हुन्छ, गुहार्छ कालजयी बनाउन'

जब कृति स्वयं कालजयी हुन्छ त्यसैले गुहार दिन्छ कीर्तिकारलाई कालजयी बनाउन । कालजयी कृति 'कालो सूर्य' कृति आफ्नै प्रशस्तिका कारण धेरै समृद्ध भाषाहरूमा अनूदित भएको छ । नेपाली भाषामा लेखिएका कृतिहरूमा धेरै व्यापकता लिने यो नै पहिलो कृति होला त्यसैले कालजयी बनेको छ । प्रत्येक निर्धन नेपालीको अनुहारमा कालो छाया बनेर बसेको छ । ती अनुहारमा औडाहा, छट्पटी बनेर आफ्ना अगाडि उभिएको अनुभूति हुन्छ भन्छन् आर डी चटौत ।

'कालो सूर्य' सँग त्यो विशिष्टता छ जुन कुनै उपन्यासले समाउन सकेको देखिँदैन । अझ व्यङ्ग्यात्मकताको आफ्नै विशिष्टता छ । ती विशिष्टता सात बारहरूमा विभक्त छन् । प्रत्येक बारको विभाजनले आफ्नै अस्तित्व दिएको छ । खण्ड खण्डले उपन्यासको स्वादको सन्तुष्टि दिन सक्छ ।

यसमा उल्लिखित पात्रहरूको चरित्रले देशको विद्यमान अवस्था, पात्र र प्रवृत्तिको यथार्थतालाई यसको गरिमालाई सगरमाथाको उचाइ दिएको छ । त्यसले मानव मात्रको संवेदनालाई छुन सकेको छ । देशका शोषित पीडित जनताका समस्याहरू बोलेको छ । उनीहरूकै बनेर उभिएको छ । शासन सत्ताको विकृति बताइरहेको छ । भोलिको दिनको प्रतीक्षामा बसिरहेको छ । भोलिको दिनको प्रतीक्षामा बसेको 'कालो सूर्य' पढेपछि विश्वेश्वरप्रसाद कोइराला भन्छन्, "तपाईंको उपन्यास शासन सत्तामा पुगेका व्यक्तिहरूले पढिदिए उनीहरूमा निभिरहेको नैतिकता केही मात्रामा भए पनि जाग्न सक्थ्यो कि जस्तो लाग्छ ।"

आइतबार :

आइतबार उदाँउदो सूर्यको बार, चम्किलो सूर्यको बार तर किन ' कालो सूर्य' को विशेषण पायो । अनुहारले चरित्र पढाउँछ अर्थात् मुखाकृतिले हृदयानुभूतिको परिचय गराउँछ। 'कालो सूर्य' को अनुहार कस्तो छ, खुट्याउन मुस्किल छ । किनकि उपन्यासको मुटु अति व्यथित छ । आन्दोलित छ । लेखकले जुन वर्तमानमा उभिएर लेखेका छन् उपन्यास त्यसले न देशलाई अतीत बनाउन सक्यो न केही पायो ।

पद एउटै छ । तलब खान्की एउटै छ । एउटा परिवारमा अभावले हाहाकार मच्चाएको छ । अर्को परिवार पूर्णताको सुख सयलमा नाचिरहेको छ । हाहाकार मच्चिएको परिवारमा उज्यालो सूर्य पुगेन । यस्ता पात्रहरूको जीवनका पाइला पाइलामा समाजमा हुने गरेका विकृति छिरेका छन् । लेखकको कलमको चुच्चोसँग कुनै वर्ग, कुनै तप्का लुक्न सकेको छैन ।

यहाँ शक्ति र पावर चल्छ हाकिम बन्न । पियन हाकिमको निजी कमारोझैं बन्नुपर्छ । जसले दासप्रथाको झल्को दिन्छ । पियनले दुवै हातले गरेको नमस्ते फर्काउँदा हाकिम अपमानित सम्झन्छन् । यसले मानव आन्धकारको स्थिति प्रस्ट्याउँछ । हाकिमको व्यक्तिगत काममा खट्नुपर्ने बाध्यता, जुन संसारका अरू कुनै मुलुकमा छैन होला ।

हुलाकजस्ता कार्यालयमा कर्मचारी कोही जान नमान्ने, भन्सार, कर, अन्तः शुल्क, मालपोत, वन, यातायात, परराष्ट्रजस्ता कार्यालयमा आँखा घुमाइरहने विशेषताहरू छन् कर्मचारी व्यवस्थामा । त्यसैले सरुवामा पावर र पैसा खुब चल्छ ।

'नियम कानुन आफ्ना ठाउँमा छन्, मिलाएर टिप्पणी पेस गर्नुहोला' यो बोल्नु आम हाकिमको कर्तव्यजस्तै बनेको, हजुर हजुर भन्दाभन्दै गधालाई पनि नमस्कार हजुर भन्ने मन गर्छ भनेर एउटा पियनको दर्द पोखिएको छ । प्रशासनभित्र यस्ता परम्परालाई उजागर गरिदिएका छन् जुन परम्परा निजामती सेवा नियमावलीभन्दा विपरीत छ ।

आइतबारको दिनमा हुने गरेका कामको चिरफार गरिदिएका छन् लेखकले । 'कालो सूर्य' कालजयी कृति, यात्राको यथार्थ बोकेर अगाडि बढिरहेको दस्तावेज हो । यही दस्तावेजभित्रको पात्र सोध्छ, 'कसरी लेख्ने

सचिवअनुकूलको टिप्पणी ?' हो हाकिम भन्छन्, 'जागिर खान मन भए मैले भनेजसरी लेख्ने । जागिर बचाउने यो कस्तो चर्को विवशता । रातलाई दिन भन्नुपर्ने बाध्यता । यो कर्मचारी तन्त्रभित्रको बेथितिलाई सुन्दर ढङ्गले प्रस्तुत गर्न कालो सूर्य सफल छ ।

उच्च ओहोदामा आफ्ना कोही नभए जागिर खान र बचाउन गाह्रो । त्यसैले कुकुरले नपाउने दुःख पाउने घोर बिडम्बना । यो कर्मचारीको मानव अधिकारलाई कसरी परिभाषित गर्ने ? देश अवसानतिर जाँदै गरेको चरित्र प्रर्दशन गर्दै अघि बढिरहेको त छैन ? सानालाई ऐन ठुलालाई चैनमा हालिमुहाली गर्दै देश चलिरहेको र त्यसैको प्रभावमा अलमलिइरहेको छ पनि ।

कालो सूर्यले प्रशासनका हाकिमको स्तर केलाएको छ । भरत जङ्गमले आफ्नो कलमको निमले कोट्याएर निःशङ्कोच बाहिर निकालिदिएका छन् । आर.डी चटौत हँस्यौली पारामा लेख्छन्, 'रोबोटलाई नै पो प्रशासन यन्त्रको काममा लगाए पनि हाकिमी भाव र प्रभावले आफ्नो अनुकूल बनाइछाड्छ । किनकि निसेनिभन्दा चासेनी बढी अब्बल देखिएको छ ।

सोमबार :

समस्याका गर्त गर्तमा एक्सरे प्रवेश गराउन पोख्त उपन्यासकार हुन् भरत जङ्गम । उनी भन्छन्, 'यो देशजस्तै मेरो घरलाई पनि प्रत्येक दिन अभावले सताएको हुन्छ । वस्तुका मूल्यसूची दैनिक परिवर्तन हुन्छन् । त्यो परिवर्तनले राज्यले घोषणा गरेको बजेट असन्तुलित बन्छ । कुरो २०६२ सालको थियो 'कालो सूर्य' अन्य भाषाहरूमा क्षेत्र विस्तार गर्दै थियो । उता नुन साँच्चै सुनजस्तै महङ्गो भएको थियो । एक किलो नुन किन्न निमुखाले गुहार माग्न परिरहेको छ तर पनि सरकार यहाँ नुन चिनी पाइन्छ भनेर साइनबोर्ड झुण्याउन पछि परेको छैन । त्यो परिवेश र प्रकृतिमा अहिलेसम्म परिवर्तन आएको छैन । वास्तविकता एकातिर, समाचार अर्कातिर भएको छ । अभावमा मूल्य बढ्छ । ठुला व्यापारी ठुला ठुला अधिकारीलाई भनसुन गर्न होटलसम्म पार्टी चल्छ । अनि ती चाकडीवाडहरूलाई शोषणको बाटो खुल्छ । निमुखो निमोठिन्छ । मनपरि गर्नेहरूलाई स्वीकार गर्नु पर्ने हाम्रो परम्परा अचम्म लाग्दो छ ।

लेखक भन्छन्, चौबिस घण्टा मात्र अभाव देखाउन व्यापारी सफल भए भने काठमाडौँ सहरमा मात्र प्रत्येक वस्तुमा पाँच लाख जनता ठगिन्छन् । ती ठगिँदा कर्मचारी र ठुला व्यापारी एकै रातमा मालामाल हुन्छन् । निश्चय नै जहाँको अड्डाशाही दिग्भ्रमित हुन्छ त्यहाँको शासनतन्त्र यसरी नै चल्छ । यहाँ शासनतन्त्र, उद्योग, ठेक्कापट्टा, व्यापार अनि तस्करी कर्मचारीले चलाइरहेका छन् । रासनको भाउ कहिल्यै घट्ने होइन । आर.डी चटौत सोध्छन्, 'भन्नोस् त लेखकको क्रान्तिकारी कला यो अवस्था देख्दा कति आन्दोलित भयो होला ?' हो, रोम साम्राज्य यस्तै भ्रष्टाचारी प्रशासन संयन्त्रका कारण पतन भएको थियो ।

यसले साँच्चै महङ्गी किन रोकिँदैन भनेर खोजेको छ । महङ्गी अनियन्त्रित बन्नुलाई सरकारी नीतिको प्रभाव मान्छ । महङ्गी रोक्ने सरकारी नीति र महङ्गी विपरीत दिशामा गइहेको छ । नियम, कानुन केवल किताबको शोभाका लागि सजिएका शृङ्गारका समानजस्तै छन् । यो सरकारी नीतिले 'तिम्रो जुत्ता तिम्रो टाउको' भन्ने उक्ति चरितार्थ गरिरहेको छ ।

सहरहरूको मुटुमुटुका बजारहरू जसको हातमा छ उसको वृत्ति मुलुकलाई सदा महङ्गीमा धकेल्नु छ । धन जम्मा गरेर घर बढाउनु छ । यो कार्यमाथि नियन्त्रण अति जरुरी छ र रहने छ, तर....राष्ट्रको नीति कुनै व्यक्ति र सम्प्रदायअनुकुल होइन राष्ट्रको अनुकूल हुनुपर्छ ।

तोपबहादुरको अनुहारमा सिङ्गो नेपाल देख्छन् लेखक । वर्षभरि चाहिने नुनतेल, लत्ताकपडाका लागि बडो मुस्किलले जोहो गरेर ल्याएको हुन्छ गाउँले तोपबहादुरले । उसको थैली बाटोमा ठगिन्छ । जे बाँकी बचेको त्यो असन इन्द्रचोकमा लुटिन्छ । जिउ मात्र रहेको उससँग विकल्प केही रहँदैन । केवल आँखामा भरिएको आँसु बोकेर विदेसिन्छ । जुन नेपालीहरूको विवशता बनेको छ । यिनै तोपबहादुर जस्ताले देश गुमाउनु परेको दुर्दान्त, मर्ममा छुने कहानीको वर्णन हो 'कालो सूर्य ।'

देशले दिनदिनै सपूत गुमाइरहेको छ । देशलाई चाहिने युवा जनशक्ति दैनिक हजारौँको तादातमा विदेशिइरहेको छ । यो कुराको विराम लाग्ने कुरा आकाशको फूलजस्तै लाग्छ आर.डी चटौतलाई पनि ।

मङ्गलबार :

आज मङ्गलबार मङ्गल भएन अमङ्गल छ । गरिदिए बिसै मिनेटको काम हो । बिस पटकको धावामा पनि केही हुन सकेन । सरकारी अड्डाको यो रवैयामा पात्र औडाहा र छट्पटीमा छ । त्यही सरकारी प्रवृत्तिले निमुखा जनतालाई पिरोल्दै आएको छ ।

नेपाली ब्युरोक्रयासीले बलियो पकड जमाएको छ, अमङ्गल कार्यका व्यापारी तिनको विकृति विसङ्गतिमा.... त्यसैबारे लेखन बढाएका छन् लेखकले । व्यापारी पात्र महेशकुमार केडियाको इम्पोर्ट लाइसेन्सको काम तुरुन्त बन्छ । कर्मचारी र केडिया परिचितजस्तै छन्, सम्बन्ध गाडा देखिन्छ । लेखक नेपालको प्रशासन संयन्त्र कसरी केडिया र केडियाजस्तै कुख्यात व्यापारीहरूको सञ्जालमा फस्दै गएको छ । जुन अन्त्यहीन रूपमा बढिरहेको छ । त्यो देखाउन खोजेका छन् ।

केडिया बर्माबाट लखेटिएका हुन् । हिजोसम्म विदेशी पासपोर्ट चलाएका थिए तर आज नेपालबाट विदेशमा कारोबार गरिहेका छन् । नेपालको कानुनअनुसार त्यो कारोबार गैरकानुनी हो । विदेशीले त्यो गर्न सक्दैन तर महेश गरिरहेका छन् । अझै आफूलाई नेपाली भनिन रुचाउन्नन् भारतीय भनाइनुमा गर्व गर्छन् ।

यी तथ्यहरू हेर्दा चटौतलाई लाग्छ नेपालीको स्वाभिमान ध्वस्त भइरहेको त छैन ? सरकारी नीति र कर्मचारीको रवैया देखेर म पात्रका भावहरू आन्दोलित भएका छन् ।

म पात्रको काम समयमा हुँदैन । झन् केडियाजस्ताको कुरा सुनेपछि म पात्रको मन आन्दोलित हुन्छ । उसले काम छिटो गर्नका लागि केडियाजस्ताको सोर्स इन्कार गर्छ । केडियाले फुटपाथबाट व्यापार सुरु गरेको म पात्रलाई थाहा छ । नीतिको निरीहता प्रदर्शन गर्दा आज उसका तीन तीन कार छन् । उसको यो परिवर्तनको कारक तत्त्व नेपाली ब्युरोक्रयासी हो भन्ने ठहर गरेको छ 'कालो सूर्यले' ।

आफ्नै फर्मबाट कारोबार गरिरहेको महेशकुमार, 'हाँ तो क्या गर्ने ? जे जस्तो नीत निर्माण गर्छ सरकार हामी आफ्नो नीति त्यहीअनुसार परिवर्तन गर्छौं । यहाँ सबै कुरा हाम्रो ग्रुपको सल्लाहअनुसार चल्छ । हामी नेपालमा

कसरी टिकिरहेका छौँ । क्या तपाईं सम्झनुहुन्छ, म एक्लै काम गरिरहेको छु ।'

नेपालको अर्थतन्त्रलाई इच्छाअनुसार सञ्चालन गरिरहेको यो शक्तिलाई लेखकले छरपस्ट रूपमा बाहिर ल्याइदिएका छन् । यिनै पङ्क्तिमार्फत सबैलाई जिम्मेवार भएर बुझिदिन आग्रह गरेका छन् । उसका कुरा सुन्दै म पात्र आन्दोलित हुँदै गएको छ तै पनि सोध्छ, 'तपाईंका कामका लागि बोलाउँदा सरकारी कर्मचारी घरमा आउँछन् ? युनिभर्सिटीबाहेकको कुन कर्मचारी बोलाइदिऊँ ? महेश घरमा बोलाएर देखाइदिन्छ त्यही कर्मचारी सँग म पात्र बिसौँ पटक धाउँदा पनि काम गरिदिन परै जाओस्, बोल्न पनि फुर्सद छैन जस्तो गर्थ्यो ।

म पात्र महेशले गरेजस्तो गर्न सक्दैन । अब त उसको मस्तिष्कमा महेशको अनुहार घिनलाग्दो गरी जमेर बसिसक्यो । पैसाले यहाँ के नहुँदो रहेछ भन्ने ज्ञात भए पनि ऊ महेशझैँ गर्न तयार हुँदैन । यो त उसको जन्मभूमि हो । मातृभूमि उसलाई प्राणभन्दा प्यारो लाग्छ । पेट भर्नका लागि होइन, कमाउनका लागि मात्र यायावरझैँ हिँड्ने मान्छे होइन ऊ । आर.डी चटौतलाई लाग्छ, यस्तो संवेदनशील भाव जिम्मेवार व्यक्तिमा भइदिए सुधारको सूर्य उदाउँथ्यो कि ?

महेश बिस्तारै अन्डरभ्वाइसमा मालसमान मगाएर देशको राजस्व नै लुट्ने गिरोहसँग तालमेल गर्दै लुटपाटमा सक्रिय हुन्छ । उसले त्यही गिरोहसँग म पात्रको परिचय गराउँछ । यसरी हेर्दा नेपाली अर्थतन्त्रमा जसले कब्जा जमाउन सक्यो उसैलाई ठुलो पगरी गुथाइन्छ । यो क्रम चल्दै आएको छ । नेपाली भूमिमा बसेर विदेशीहरू ठुलाठुला व्यापारी कसरी बन्दा रहेछन् भन्ने कुरा प्रस्ट्याइएको छ ।

कालो सूर्यमा यसरी देखाइएका यावत् राष्ट्रघाती कुराहरूले तल्लो तहदेखि माथिल्लो तहसम्मका जिम्मेवार व्यक्तिहरूको संवेदनालाई छुन सके हुन्थ्यो भन्ने भाव प्रदर्शन गरेको देख्छन् आर.डी चटौत ।

व्यापारीहरूले कर्मचारीहरूलाई दिने कमिसनलाई उनीहरूको भाषामा गधाको खाना भन्दा रहेछन् । यो गधाको श्रेणीमा को को पर्लान् । बैङ्क कमिसन, कर्मचारी, उपरको सलामी खाने ? ती स्वदेशी बनेका विदेशी व्यापारीहरू यस्ता यस्ता शब्द श्रेणीमा विभाजन गर्दा रहेछन् । कृतिकारले

कमिसनमा जे जे सकारे पनि कुन सम्मान हो कुन अपमान हो त्यसप्रति गम्भीर हुन आग्रह गरेका छन् । यो देशमा यो अबुर्द रोग लागेपछि बोल्न पर्नेहरू चुप बस्न बाध्य देख्छन् पनि ।

आफ्नो कर्मचारी हो । अवकाशपछि उसलाई सरकारले प्रयोग नगरेर अरूले गर्छ । जीवन धान्ने विवशतामा ऊ गद्दारहरूको चङ्गुलमा फस्न पुग्छ । आफू अट्ठार सय खान्छ अरूलाई अट्ठार लाख कमाउन सघाउँछ । यी वाक्यहरूले स्वराष्ट्रको धसिँदै गएको धरातल देख्दा लेखक छट्पटी प्रदर्शन गर्छन् । म पात्र पनि छट्पटिँदै सोध्न पुग्छ, 'तपाईं यहाँको नागरिक नभईकन, कसरी विदेश व्यापार गर्नुहुन्छ ।'

व्यापारी झनक्क रिसाउँदै भन्छ, '...तपाईं मूर्ख हुनुहुन्छ...यहाँको नागरिक को अनागरिक.. जोसँग पैसा छ त्यो नागरिक...जोसँग छैन त्यो अनागरिक । अझ आफूजस्तै जातको नाम लिँदै भन्छ, त्यो दुगड, हुलास, त्यो गोल्छा अरू फलाना फलाना...लाई हेर्नोस्, तिनीहरूको यहाँ घर छैन चौतर्फी कारोबार यहाँ छ । यो केवल नोट बनाउने ठाउँ हो । नोट बनाउँछन् बोकेर हिँड्छन् । जानोस् जयपुर गएर हेर्नोस् । तब पता चल्छ । तर नागरिक हो कि होइन भनेर सोध्ने कोसिस नगर्नोस् ।

नोटको तहल्का र तप्काबाट देश चलेको छ । नागरिक पिल्सिएका छन् । शान्तारामले ठिक बोलेको छ । नागरिक अनागरिकको विषयमा । यो विपषयलाई अति मार्मिक ढङ्गले प्रस्तुत गर्न सफल देखिन्छन् लेखक, जुन यथार्थ पनि हो । नेपालको अर्थतन्त्रमा हालीमुहाली जमाउने बाहिरियाको मुखबाट ओकेल्न लगाउनु उनको सिद्धहस्त लेखनको कला हो । यस्तो देशको आर्थिक नीतिलाई तपाईं के भन्नुहुन्छ भन्ने प्रश्नमा लेखक भन्छन्, ' बालुवाको घर, जुनसुकै समयमा बालुवाको कणकण छुट्टिन सक्छ ।'

यहाँको अर्थतन्त्रलाई अठ्याउनेहरूले अर्थतन्त्रका बारेमा गम्भीर प्रश्न खडा गरिदिएका छन् । यो कुरा कतिको दिमागमा दिगो रूपमा पसेको होला कतिकोमा नहोला तर कृतिकारले पृथ्वीका सबै जनले देख्ने गरी खुला पारिदिएका छन् । यही प्रसङ्गमा आर. डी चटौत भन्छन्, 'आफ्नो अस्तित्वको अभाव बोकेर अरूको अस्तित्वमा बाँच्नेहरूको आधार तासको महलजस्तै हुन्छ ।'

बुधबार :

यो बुधबारको साँझ हो । हामीसँगैका पात्रहरू रेष्टुरेन्टमा पुग्दा रेष्टुरेन्ट देशी विदेशीहरूले खचाखच छ । टेबुल देखाइन्छ जहाँ एकजना मात्र छ । ऊ पिइरहेको छ । प्याक सक्दै मागदै गरिरहेको छ । खाँदा खाँदा उसको ब्रान्ड सकिन्छ । वेटरलाई हकार्दै भन्छ, 'मैले यहाँको रक्सी खान्न भन्ने थाहा छैन, मलाई मेरै ब्रान्ड चाहियो । होटलमा हाहाकार मच्चिन्छ । कतै नमिलेपछि लाचार मेनेजर माफी माग्न पुग्छ ।

त्यो हल्लावाज पियक्कड नेपालको मन्त्री भएको हल्ला चल्छ । रेष्टुरेन्टमा आएका पाउनाहरू एक एक गरेर उठ्दै जाँदा रेटुरेन्ट खालीजस्तै हुन्छ । ऊ पनि उठेर हिँड्न खोज्छ तर सक्दैन थेचारिन्छ । हामीसँगका पात्रहरूले घरमा पुऱ्याउन जसोतसो गाडीमा हाल्छन् । भद्रकाली आइपुगेपछि पिसाब फेर्न गाडी रोकाउँछ । पेन्ट खोल्न पनि भ्याउँदैन लड्छ । घिसार्दै गाडीसम्म पुऱ्याउँदा गस्ती प्रहरी आइपुग्छ । गस्ती टोलीको हाकिमले जँड्याहालाई चिनेर भन्छ, 'ओ हो हजुर पो, गइबक्स्योस् । माफ गर्नोस् है, यहाँहरूको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो ।'

हेर्दा नाटकजस्तै लाग्छ तर यो नाटक होइन । एउटा व्यक्ति जो मन्त्रीजस्तो गरिमामय पदमा पुगेको छ । अर्को शान्ति सुरक्षा बहाली गराउन कार्यरत प्रहरी अधिकृत उपहासपूर्ण विवशताको विषाद चित्रण हो यो । यो चित्रणले त्यस्ता चरित्रहरूलाई संयम भएर आत्मालोचना गर्न, आत्माभित्र पस्न, आफ्नो पहिचानको चिन्तन गर्न विवश पार्नुपर्ने हो यदि उसमा विवेक भए ।

देशका भू.पू मन्त्रीहरूले कति गरिबहरूको खाना आफ्नो खानामा होमिदिन्छन् । तिनले टेक्ने धरातल, तिनीहरूमा भरिएको अहङ्कारले दुर्गन्धी लासझैँ छ । यस्तो गन्धलाई सुँघ्न नसक्ने पनि आफ्नो धरातलमा आइपुग्छन् भन्ने भाव भेटिन्छ ।

गैरनागरिक भएर पनि नागरिक अधिकार प्राप्त गर्न सफल हुनु, ओहोदावालाको व्यवहार, सोँच र दरिद्रताको उपज हो । 'जुन जोगी आउँछन् कानै चिरेका' यो उखान चरितार्थ हुँदै आएको छ । जनता ! तपाईंहरूको सुविधाको ख्याल राख्छौँ भन्दै जनताको भोटको सुविधाले माथि पुगेकाहरू

आफू र आफ्नालाई सुविधा दिएर रमाइरहेका छन् । यही प्रतीकात्मक प्रस्तुतिमा मन्त्रीलाई पात्रको रूपमा प्रयोग गरेका हुन सक्छन् कृतिकारले ।

कालो सूर्य पढेर कोही त्यसै संवेदित हुँदैन । कालो सूर्यभित्रका देशमा भइरहेका काला कर्तुत, चलचित्रमा देखेझैं लाग्छ । तब उनको मुखबाट निस्कन्छ,' तपाईंको 'कालो सूर्य' सत्तारुढ व्यक्तिहरूले पढिदिए निभिसकेको नैतिकता जाग्थ्यो कि ?' उनका यी महान् वाणीलाई थप बल दिँदै आर.डी चटौत भन्छन्, 'बी.पीको विचारले देशमा स्थान पाए मात्र देशका दुर्दिन सुदिनमा परिणत हुन सक्नेछन् भन्ने सन्देश कुर्सीवालाका कानमा पुग्ने संयन्त्र कतै भइदिए यो सन्देशले मूर्त रूप पाउन सक्थ्यो कि ?

बिहीबार :

विवादास्पद व्यक्तिको विवरण आएको छ बिहीबार । जसको घर अमेरिका र जर्मनीजस्ता देशहरूमा पनि छ । उसलाई खोज्दै पुग्छन् म पात्र काठमाडौँको आवासमा । उनी पसेको कोठाको चारैतिर आरामदायी सोफाहरूबिचमा गलैंचा बिछाइएको एउटा सिङ्गल सोफामा एकजना मानिस बसिरहेको छ । म पात्र सोध्छ दोर्जेजी अझ भित्र ? छिरिङ ...सोफामा बसेको मानिसलाई देखाउँदै.. वहाँ नै हो । जुन दोर्जेलाई आठ दस वर्षपहिले चिनेका थिए अर्कै नामको शरणार्थीका रूपमा । बाटोमा दोर्जेको घर जाने बाटो सोद्धा...स्मग्लर दोर्जे भनेको सम्झन्छ म पात्र । म पात्र सोध्छन्, 'हेर्ने.. कहिलेदेखि दोर्जे हुनुभयो ? दोर्जे दुक्पा लामा त काठमाडौँको गल्लीमा मरिसक्यो । यो दोर्जे बाँचेको छ ।

यसैबिच फोन आउँछ....हेलो दोर्जे स्पिकिङ... गुड मर्निङ एस.पी साप भन्नोस् ! के पकडाउ खायो ? कहाँ एरपोर्टमा ? बैङ्कमा हुनु नपर्ने...यी संवादले स्मग्लरको सञ्जाल कति व्यापक छ भन्ने देखाउँछ । कसरी देशका जिम्मेवार व्यक्तिहरू यसमा संलग्न हुन पुग्छन् । जो रक्षक, त्यो नै पाइला पाइलामा भक्षक बनेको छ । यो गम्भीरतालाई बुझ्ने ठाउँ कता होला ?

फेरि कलकत्ताबाट ट्रङ्कल आउँछ... हेलो दोर्जे स्पिकिङ.. एस... काठमाडौँ... चलिसक्यो डाइरेक्ट जर्मनवाला सीप...ठिक छ ...राम्रो ।

आर.डी चटौतलाई लाग्छ यी सामान्य उपन्यासमा पाइने कल्पना होइनन् । यी वार्ताले तथ्य उजागर गरिरहेका छन् । यस्तो लेख्नु भनेको

लेखकीय धर्म निभाउनु हो । तस्करहरूका प्रकृति र प्रवृत्ति, सघाउ पुऱ्याउने स्थान र समाजको परिचय खुलाइदिने प्रयत्न छ लेखकको । कुर्सी अठ्याउनेहरूका आँखा उग्रे, चेतनाको ज्योति बले पो ।

म पात्रले पश्चिमी मुलुकमा चलिरहेको कारोबार बारे प्रश्न गर्दा उसलाई आफ्नो गोप्य यसले कसरी थाहा पायो भन्ने लागेर होला ऊ भन्छ, 'ल मुस्किल पऱ्यो ।' नागरिकताको प्रश्नमा दोर्जे भन्छ, 'नागरिकता यहीको छ । बाहिर बनाउन काँ सक्नु । धेरै गाह्रो छ । नेपाललाई माफियाहरूले भूस्वर्ग बनाउन कसरी वातावरण सिर्जना गर्दा रहेछन् । जिम्मेवार पदमा बसेको व्यक्ति तस्करलाई कसरी सूचना दिँदा रहेछन् भन्ने कुरा प्रस्ट देखाइदिएको छ कृतिले ।

आर.डी चटौत भन्छन्, 'मुखले जति आत्मालोचना गरे पनि कर्मले मनपरि गरे भइहाल्यो । कुर्सी धृतराष्ट्रको प्रतीक हो कि ? हाम्रो समाजमा ।' म पात्रलाई विगत सुनाउँछ दोर्जे- काठमाडौँको गल्ली गल्लीमा रक्सी पिउँदै हिँड्दा साथी बनेको जर्मनीले मूर्ति चोर्न सिकायो, पैसा दियो । त्यही पैसाले बिजनेस गर्न थालेँ र अहिले यो अवस्थामा ल्याइपुऱ्यायो । राजा साहेबको सहयोगले नागरिकता पनि बनाएँ । एउटा तिब्बती नागरिकको यत्रो चर्तिकला जसले नेपालको पुरातात्त्विक धरोहरलाई दुरूपयोग गर्नुलाई अर्थोपार्जनको स्रोत बनाएको छ । रखबारी गर्ने कोही नहुँदा म पात्रको मन दुःखेको छ ।

चटौत, यो कृतिलाई खबरदारीको दस्ताबेजका रूपमा देख्छन् । एउटा तिब्बतीलाई मनाङवासी, भारतीयलाई तराईवासी बनाएर नागरिकता दिलाएर पैसा कुम्ल्याउने राजासाहेब बाबुसाहेबजस्ता गद्दार जतातै फैलिएका छन् । फेरि शक्तिको आशीर्वाद थाप्ने यिनीहरू नै हुने हुँदा ऐनको व्याख्या तिनीहरूकै पक्षमा हुन्छ । यो परिपाटी घरमा लागेको धमिरा हो जोगिन कहाँ जाने ?'

शुक्रबार :

यो शुक्रबारले निर्माण व्यवसायी र निर्माण कार्यको अवस्था र प्रकृतिलाई बोकेर ल्याएको छ । यो कृतिको अभियानलाई हेर्दा सबै प्रकारका घात र प्रतिघातका प्रहारले एउटा इमानदार कर्मचारीलाई कसरी तड्पाउँछ,

अनि कसरी निसास्सिन्छ ऊ भन्ने देखाउन प्रयत्न गरेको छ ।

जहाँ ठोस प्रशासनिक नीति हुँदैन, त्यहाँ निराशामा बाँच्नु पर्ने जनता, तर यही निगाहमा जे पनि हुन्छ । यही प्रसङ्गमा म पात्र सम्झन्छ आफ्ना पिताले भनेको 'बाबु नेपालमा बाँच्नका लागि बाङ्गोलाई सोझो, कालोलाई सेतो भन्न सक्नुपर्छ तर तैँले त्यसो नभनेस्...अनुवित्त लिने काम नगरेस्...त्यसो गर्दा राष्ट्रलाई ठुलो घात पर्छ ।' राष्ट्रलाई माया गर्नेहरूले संरक्षण नपाउँदा वाद र तन्त्रको नाममा आउने दबाबले कर्मचारीतन्त्रमा सुधार असम्भव बन्दै गएको देखिन्छ । यहाँ त्यही छाडातन्त्र देखाइएको छ ।

मन्त्रालयमा कार्यरत कर्मचारीहरू रातारात कार्यालय छाडेर अर्को भवनमा सर्छन् । छाडेको त्यो भवन दस वर्ष अगाडि मात्र बनेको थियो । सरकारी कार्यालयकै अमानतमा । अहिले जुनसुकै बेला पनि ढल्न सक्ने अवस्थामा छ । खानेपानीलगायत संस्थानतिर यस्तै लापर्वाही छ । ठुलो पाइप आवश्यक पर्ने ठाउँमा सानो पाइप राख्ने, सोधे माटोमुनि राख्ने त हो भन्ने । सडक विभाग सबैभन्दा बढी खर्च हुने विभाग हो । देशको बेरुजु सबैभन्दा बढी हुने विभाग हो । देशको बेरुजु प्रगति ठेकेदार भुक्तानी लिएर हिँड्नेबित्तिकै सडक टुट्न फुट्न भत्कन सुरु गर्छ । नमुना देशको राजधानी नै हेरे पुग्छ । २०६३ को महालेखाको प्रतिवेदनअनुसार राष्ट्रमा बेरुजु ६६ अर्ब देखिन्छ । जसले आर्थिक अनियमितताको पराकाष्टा देखाउँछ ।

तलदेखि माथिसम्मका सबै कर्मचारी कमाउने फेरमा रहन्छन् । देश जिम्मा लिनेहरू देशको होइन निजी स्वार्थले सताइएका छन् । त्यसैले लुटतन्त्र मौलाएको छ यहाँ । त्यसैले यी नग्नजस्ता लाग्ने यी पङ्क्तिहरू प्रस्फुटित भएका छन् । लेखकको कलम यिनैमाथि दौडिएको छ । आर. डी चटौत भन्छन्, 'न नाङ्गो भएर हिँड्नेलाई लाज छ न हेर्नेलाई । उपचार के त ?

नैतिकताको नाम कसैमा छैन । त्यसैले फटाहा, लुच्चा, लफङ्गा मात्र बस्ने ठाउँ बन्यो देश । "म यहाँ काम गर्न सक्तिनँ, बरु बिदेसिन्छु, उतै काम गर्छु ।" एउटा इमानदार कर्मचारीको व्यथा बन्यो । जुन प्रतिभा पलायनको नमुना हो ।

"तपाईंजस्तो प्रतिभा यही बस्नुपर्छ, प्रतीक्षा गर्नोस् एक दिन जित हुने छ भन्दा इमानदार कर्मचारीको जवाफ थियो, 'तपाईंले भनेको ठिक

भए पनि म दस वर्षदेखि बिना धागोको चङ्गाझैं घुमिरहेको छु ।" यी घात प्रतिघातमा इमानदार मानिस जलिरहेका छन् । त्यसैले देशका प्रतिभाहरूले यस्ता विकृतिसँग लडेर परास्त गर्नुपर्छ, देश बचाउनु पर्छ भन्ने सन्देश दिन्छ यो उपन्यास ।

आर.डी चटौत भन्छन् यो उपन्यासका पङ्क्तिपङ्क्ति उत्कृष्टतामा पुगेका छन्, कही प्रतीक भएर कही प्रस्ट भएर उभिएका छन् । यसले आफ्नो अध्यायको झण्डा झुक्न दिएको छैन ।

शनिबार :

शनिबारले आस्थावान्लाई भगवान् दर्शन गर्ने अवसर जुराउँछ । बिदाको दिन फुर्सद छ । न्याय व्यवस्थाको अनुहार उघार्न पनि पछि पर्दैन । यस पुस्तकमा आम जनताको उदासीन भावलाई देखाउन राष्ट्रको अस्मिता रक्षाका लागि उत्तिकै खबरदारी गरेका छन् ।

पशुपतिमा अगाध श्रद्धा र विश्वास छ । पुजारीको व्यवहारले भत्केका मनहरूको पीडाबोधका प्रतिबिम्बहरू पनि उतार्ने कोसिस गरिएको छ । न्याय व्यवस्था चलाउने अदालतभित्रका विकृति विसङ्गति पनि प्रस्ट्याउने कोसिस छ । एउटा न्याय पाउन कति अन्याय भोग्न विवश हुनुपर्छ, कति समय नष्ट गर्नुपर्छ । साधारण नागरिकका बाबु मरेर छोरामा, छोरा मरेर नातिमा सरेका मुद्दाहरू धेरै छन् । यो नेपालको सामाजिक जीवन मेला हो । कृतिकार प्रश्न गर्छन्, 'यस्तोमा न्यायको परिभाषा के हुन्छ ?'

किताबले न्यायालयको चरित्र प्रस्तुत गर्दछ, उमेर अन्दाजी ४० वर्षको छ, लोग्नेले, तँ स्वास्नी हैनस् भनेर घरबाट निकालेकी महिला सामाजिक हेय दृष्टिबाट बच्न, आफ्नो हक स्थापित गर्न अदालतको शरणमा पुग्छिन् । अदालत धाएको अठ्ठार वर्ष भयो । उनी भन्छिन् 'अब म के गरुँ ? मरुँ ?

अर्को प्रसङ्ग पनि छ । 'शून्य बाटोमा म आफूलाई छाड्दै हिँड्छु । सम्झँदै हिँड्दा मनमा त्रास बढ्छ । कहीकतै सुरक्षा देख्दिनँ । अँध्यारो अँध्यारो देख्छु । मेरा सबै साँझबिहान चिलको पञ्जाभित्रका चल्लाजस्ता छन् । वर्तमानको कथा अहिल्यै क्षितिज बनेको छ, कसले दिने सुरक्षाको प्रत्याभूति ?

यस कृतिले राष्ट्रको मर्मान्तक पीडा बोकेको छ । यस्तै क्रन्दन, अरण्य रोदन, भोगिरहनुपर्ने समाजको नियति छ । अझ धेरै अनुत्तरित प्रश्नहरू बोकेको छ । सागरमा सागर भरिएझैं कृतिकारले कृतिका समस्त व्यथाहरू, वेदनाहरू, त्रासहरू समेटेर उपसंहार गरेका छन् । जुन सिद्धहस्त लेखकका परिचय हुन् ।

यसमा भरिएका उच्छ्वास, निःस्वास, उकुसमुकुसको यथार्थ हेर्दा आर डी चटौतलाई लाग्छ यो एक प्रकारको क्रान्ति नै हो । एउटा आन्दोलन हो जसको गन्तव्य अन्त्यहीन छ । यो कालजयी कालो सूर्य जसले विकृतिका विरुद्ध शंखनाद गरेको छ । त्यो सुन्छन् चटौत ।

उपन्यासले सिङ्गो वर्तमानलाई केलाएको छ । समाजभित्र र बाहिरका विकृति, विसङ्गति र विवशताको जीवन्त चित्रण छ । सामाजिक आर्थिक, धार्मिक, राजनीतिक, पुरातात्त्विक न्यायिक विषयलाई ऐनाले झैं छर्लङ्ग्याइदिएको छ । पृथ्वीमा उदाइरहने सूर्य अन्याय, अत्याचार, माफियातन्त्रजस्ता राहुकेतुको आक्रमणमा ग्रसित हुँदा कालो भएको छ । जुन अन्धकारमा उन्नति, प्रगति, सुस्वास्थ्यजस्ता प्रभाहरू फैलाउन नसक्नु विवशता बनेको छ । यो विवशता, यो प्रवृत्ति, सात बारको परिवृत्तिकै वरिपरि घुमेको छ ।

यस कीर्तिमा मर्मस्पर्शी सत्य उद्घाटन भएको देख्ने चटौत भन्छन्, 'यसमा उपन्यासिक रोचकता राख्ने गुणवत्ता छ । कालो सूर्यले विसङ्गति र विकृति विरोधी आन्दोलनको उद्घोषण गरेको छ भने उपन्यासले उपन्यासको परिभाषालाई विस्तार गरेको छ । अब हाम्रो राम्रोभन्दा यो माटोले असल मान्छे जन्माउने छ भन्ने यो उपन्यासको मर्म हो ।'

दुःसमयको रेखाचित्र

इमरान शाह

इमरान शाह असमी साहित्यकार हुन् । 'कालो सूर्य' असमी भाषामा अनुवाद गरेकी असामकी साहित्यकार गीता उपाध्यायलाई सहकर्मी, बहिनी मान्छन् शाह । गीता उपाध्यायलाई पुस्तकहरू प्रस्तुतिको क्रममा सघाएका शाह भन्छन्, 'कालो सूर्य' पढ्दा लाग्छ यो उपन्यास नेपाली भाषाको उत्कृष्ट उपन्यास हुनुपर्छ ।

असमी भाषाका पाठकहरूलाई 'कालो सूर्य' पढ्दा अनूदित उपन्यास पढेको पक्कै लाग्ने छैन भन्ने उनलाई लाग्छ । यो कालो सूर्यको समय असममा पनि छ । भरत जङ्गमको कालो सूर्यमा न कुनै प्रकारको नाटकीयपन देख्छन् न कुनै कृत्रिमताको आभास पाउँछन् । नारी चरित्रको आकर्षणले न रङ्गयाएको यो उपन्यास लेख्ने कला साँच्चै मननयोग्य लाग्छ उनलाई ।

यो उत्तर आधुनिक उपन्यास हो । यसमा विभिन्न आङ्गिक वैशिष्ट्य प्रस्फुटित भएको पाउँछन् । तर यसको विषयवस्तुमा भने क्षयोन्मुख नैतिकता देख्छन् । जुन विश्वमा जतातै फैलिएको छ । त्यो नैतिकहीन जञ्जालबाट उम्कने बाटो नपाएर भयभीत बनेको समय यसको पृष्ठभूमि मान्छन् । त्यही समयको पृष्ठभूमि एउटा चरित्र बन्दै देखा पर्छ उपन्यासमा ।

भरत जङ्गम एउटा असल लेखक र कलाकार भएकाले उपन्यासभित्रका प्रत्येक चित्रमा सम्झौताविहीन तीक्ष्ण अभिव्यञ्जन र कोरिएका चित्रका रेखाहरू बोलिरहेको जस्तो लाग्छ उनलाई । त्यसैले 'कालो सूर्य' लाई उनी 'मुमूर्षपृथ्वी' सँग तुलना गर्न पुग्छन्, जुन किताब पढ्दा रवीन्द्रनाथ टैगोर रोएका थिए रे ।

'ओर्लदै छ अद्भुत अँध्यारो एउटा, पृथ्वीमा आज' भन्ने जीवनानन्दका कविताका पङ्क्तिहरू सम्झन्छन् इमरान शाह । उनलाई यस उपन्यासले पनि निकट भविष्यमा हुने परिवर्तनको सङ्केत समेत देखाएको छ । परिवर्तन भयो पनि, तर सार्थक परिवर्तन हुन सकेन । लेखकले सार्थक परिवर्तनको बाटोलाई त्यति महत्त्व दिएजस्तो छैन भन्छन् इमरान शाह ।

कालो सूर्य : सङ्क्षिप्त विवेचना

डा. खेमनाथ कोइराला

१४ वर्षको उमेरमा कविता लेखेर साहित्यमा प्रवेश गरेका भरत जङ्गम गद्य, पद्य दुवै विधामा कलम चलाउँछन् तर पनि उनको गद्य साहित्य सिर्जन नै उत्कृष्ट बनेको छ । यसको उदाहरण कालो सूर्य नै छ । उनका अरू कृतिहरू पनि उत्तिकै सशक्त छन् ।

कविता विधामा कलम चलाउन सुरु गरेका उनले किन उपन्यास विधामा हात अघि बढाए होलान् भन्ने प्रश्नमा उनी पत्रकार हुन् त्यसैले निबन्ध रोजे, समाजसेवी हुन् त्यसैले उपन्यास विधा रोजे भन्न सकिन्छ । उनको चरित्र पनि त्यसैमा निर्माण भएको हुनुपर्छ । पञ्चायती व्यवस्थाले समाजमा दिएको पीडालाई देखाउन कालो सूर्य लेखे । त्यही प्रसङ्गमा रातो घाम र व्यूहचक्र पनि लेखे । यिनै पुस्तकहरूको वैशिष्ट्यलाई केलाई हेर्दा विषय र वस्तुगत विविधता उपन्यास धारामा नौला प्रयोगका बान्की बनेर सजिएका छन् । युवा अवस्थामा व्यावहारिकताभन्दा सत्य आकर्षित हुन्छ । युवा अवस्थामा लेखिएका उनका साहित्यलाई सामाजिक, ऐतिहासिक, कसैले आर्दशोन्मुख त कसैले यथार्थवादी मान्छन् । भरत जङ्गम कवि हुन्, निबन्धकार हुन्, उपन्यासकार हुन्, राजनीतिमा रुचि राख्ने सामाजिक व्यक्तित्व बोकेका पत्रकार हुन् ।

यथार्थवादी सामाजिक उपन्यासमा उपन्यासकारले समस्यालाई तटस्थताका साथ चित्रण गरेको हुन्छ । आफू त्यसैमा निर्लिप्त हुन्छ । सामाजिक परिवेशमा विभक्त पात्रहरूको व्यवहार र अवस्थाबाट प्रभावित बनेको हुन्छ । तिनै पात्रहरूले भोगिरहेका समस्याका विषयलाई मनन गरिरहेको हुन्छ । भरत जङ्गमको 'कालो सूर्य' मा ती विधा विविधतायुक्त

छन् । भरत जङ्गम सामाजिक प्रकृतिलाई प्रस्ट्याउने यथार्थवादी प्रकृतिका लेखक मानिन्छन् । लेखमा उनी कतै आफू नै मिसिएका हुन्छन् कतै तटस्थ बनेर पनि निथ्रुक्क भिजेका हुन्छन् । समाजको सूक्ष्म अध्ययन गरेर प्रस्ट्याउने प्रयास गरिरहेका हुन्छन् । कालो सूर्य र व्यूहचक्र यसका उदाहरण हुन् ।

'कालो सूर्य' उपन्यासमा नेपालको सिङ्गो प्रशासन, व्यापार, राजनीति र कानुन व्यवसायमा हुने गरेका भ्रष्टाचार र विकृतिहरूको प्रस्ट तस्बिर उतारिएको छ । पञ्चायती व्यवस्थाको सूक्ष्म अध्ययन र विश्लेषण गर्न सफल यो 'कालो सूर्य' विश्वका अन्य समुदाय, भाषाभाषीहरूका बिच पनि प्रिय बन्दै गएको छ । त्यसैले होला अन्य भाषामा अनूदित हुने क्रम जारी छ ।

स्वच्छ, इमानदार, विश्वासयोग्य व्यक्तिहरूको बाहुल्यले प्रकाशित बनिरहेका नेपाली वस्तीहरूमा एकाएक झुट, बेइमान र गिरेको नैतिकता बोकेकाहरू सलबलाउन आइपुग्दा स्वार्थी र अवसरवादीपनको बोलाबाला चल्न थाल्छ । त्यसैले निर्माण गरेको तत्कालीन सामाजिक अवस्थामा ' कालो सूर्य' जन्मेको हो भन्छन्, 'भरत जङ्गम' । त्यसैले कालो सूर्यमा यथार्थ अविलम्बित देखिन्छ ।

कालो सूर्यको मूल अभिव्यक्ति भनेको समाजमा हुने गरेका विकृति, विसङ्गति अनैतिकता र भ्रष्टाचारका बारेमा जनचेतना जागृत गर्नु हो । पत्रकारितामा संलग्न रहँदा समाजलाई गहिरो गरेर हेर्ने भरत जङ्गमलाई कसरी ती बेथितिहरूले छोएका थिए भन्ने कुरा यहाँ चित्रित छ । भ्रष्टाचार नियन्त्रण र निदान गर्न सक्ने सक्षम राजनीति नभएको अनुभव गरेर उपन्यासका माध्यमबाट सामाजिक यथार्थको व्यङ्ग्यात्मक चित्र उपन्यासका रूपमा देखाइएको छ ।

भरत जङ्गमले तत्कालीन राष्ट्रिय जनजीवनका प्रत्येक स्तरमा ल्याएको नैतिक ह्रासलाई चित्रण गर्ने गरेकामा बी.पी कोइराला भन्छन्, 'कुनै पनि

संवेदनशील नेपालीका लागि यो भ्रष्ट र अस्वस्थ अवस्था ठुलो वेदना दिने हुन्छ । यो उपन्यास सत्तारुढ व्यक्तिहरूले पढिदिए सायद उनीभित्र निभिसकेको नैतिकता केही मात्रामा भए पनि फिर्थ्यो कि ? उनीहरू आफ्नो एकान्तमा हृदयमा केही दोषी भावनाबाट ग्रसित हुन सक्थे कि ?

जुनसुकै अवस्था र स्थानमा जन्मेको भए पनि साहित्यले मानवीय संवेदनालाई छुन र पाठकको मनोभावनालाई आकर्षित गर्न सक्छ भने त्यो उत्कृष्ट साहित्य हो । त्यही गुणयुक्त छ 'कालो सूर्य' ।

'कालो सूर्य' नयाँ किसिमको उपन्यास बनेको छ । यही विशेषताका कारण अन्य एघार भाषामा अनूदित भएर विश्व साहित्यको फाँटमा अग्रणी स्थान ओगट्ने पहिलो नेपाली कृति बनेको छ । यो उपन्यासमा हप्ताको सात बारको फैलावट छ । जीवनको फैलावट निरन्तरता र व्यापकताको सङ्केतका रूपमा बारको प्रयोग गरेको देखिन्छ । यही यसको नयाँपनको उत्कृष्टता पनि हो ।

विभिन्न साहित्यकारहरूका अनुसार साहित्यमा मर्मस्पर्शिता, सत्यको उद्घाटन र औपन्यासिक रोचकतालाई स्थिर राख्न सक्ने लेखन गुणवत्ता चाहिन्छ । यी सबै गुणले पूर्ण छ कालो सूर्य । 'कालो' दूषित विचारको सङ्केत हो । प्राकृतिक वस्तुमा विकारहरू उत्पन्न भएपछि उल्टो अनुभव दिलाउँछन् । सूर्यमा कालोपन आउनु एउटा विकार हो । यसलाई लेखकले प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । कर्मचारीतन्त्रमा अर्थमोहको प्रबलता देखिनु, देशको अर्थतन्त्र व्यापारीहरूको पोल्टामा जानु, न्यायपालिका, कार्यपालिकाबाट उल्टा कार्यहरूको लेखाजोखा बढाउनुजस्ता विषयहरू बढ्दै जानुले कालो छायाको सङ्केत देखाएको छ । त्यसैले समालोचक रामकृष्ण शर्मालाई लाग्छ, 'कालो सूर्य' उदाएको देशमा छाएको सेतो अन्धकार सर्वत्र देखाइदिनुपर्छ ।'

नेपाली उपन्यास विधामा सामाजिक व्यङ्ग्यको नयाँ प्रयोग यस कृतिमा भएको छ । यो उपन्यास व्यङ्ग्य साहित्यको औपन्यासिक विधाको नवीन प्रयोग विषयवस्तुको प्रस्तुतिका हिसाबले उत्कृष्ट मान्ने गरेका छन् । कसैले यसको उद्देश्य सामाजिक स्थितिमा उत्पन्न भएका विकार हरूको रहस्योघाट्न गर्ने देख्छन् । उपन्यासका विविध धाराहरूमध्ये यसमा प्रयोगवादी धारा प्रयोग भएको पाइन्छ । कथ्य र शिल्पगत नवीन प्रयोग यस धाराको प्रमुख विशेषता हो ।

भरत जङ्गमका उपन्यासमा विविध धाराहरूको प्रयोगले उपन्यासको उर्वर विकासको रेखाङ्कन गरिरहेका छन् जस्तो लाग्छ । बेलाबेलामा गरिएका नवीन प्रयोगका बान्कीहरूले बिधाको सुनौलो भविष्यको झल्को दिन्छन् । त्यसैले यो उपन्यासलाई युगको चीत्कार ओकल्ने उपन्यास भनिन्छ । विकृतिपूर्ण समाजका कुराहरूमा केन्द्रित भई शैलीको दृष्टिले शिल्पगत नवीनतामा आधारित यो कृति प्रयोगका लागि प्रयोग नभएको कृति हो ।

'कालो सूर्य' बारे केही तथ्य प्रस्ट्याउने सिलसिलामा डा. खेमनाथले विभिन्न पत्रिकाका विभिन्न लेखकका भनाइहरू उल्लेख गर्ने प्रयास गरेका छन् । कसैले यसलाई काठमाडौँको जीवित इतिहास बोकेको देख्छन् । यसको अध्ययनपछि लाग्छ हामी कति पतित वातावरण र निष्कृष्ट स्थितिमा बाँचिरहेका छौँ भन्ने कुरा । केही भन्छन् देशलाई रुग्ण तुल्याइरहेको समस्यालाई प्रस्तुत गरेर त्यसको समाधानका उपायहरू अवलम्बन गर्नेतर्फ पाठकको ध्यानाकर्षण गर्न भरत जङ्गम सफल भएका छन् ।

कतिको विचारमा अँध्यारो रोजीरोजी सम्पन्न गर्ने गरेका काला कर्मकथाहरूको यथार्थ चित्रणमा लेखनी सफल भएको छ भने कतिको विचारमा आफै कर्ता आफै करणी बनेर कालो कर्तुत गरिरहेका छद्मभेषीलाई उदाङ्ग पारिदिन सफल भएको छ । राजनीतिक अस्तव्यस्तता, देशमा बाह्य र आन्तरिक सङ्कट देखाएर जन्माउने गरेका सामाजिक, आर्थिक दुरवस्था,

राजनीतिक बेइमानी, स्वार्थअन्धता देखाउन पनि उपन्यास अविलम्बित छ ।

उपन्यासभित्रका सात बारका शीर्षकहरू यस्तो ढङ्गबाट पस्कन सफल भएका छन् भरत जङ्गम कि तिनीहरूका स्वरका भावहरू व्याख्याको आरोह अवरोहमा प्रत्येक शीर्षकमध्येको एक बार झिकिदिएमा पनि प्रसङ्गमा फरक परेको अनुभूति दिँदैन । ती प्रसङ्गहरू पाठकसमक्ष पनि एकनासले जोडिएका हुन्छन् ।

'कालो सूर्य' सात बारका सात खण्डमा घटनाका झाँकी समावेश गरेर निर्माण भएको औपन्यासिक धरातलमा उभिएको छ । यो नायिकाविहीन उपन्यास हो । म पात्रद्वारा सामाजिक यथार्थको वर्णन गराइएकाले पनि यो यथार्थवादी साहित्यको श्रेणीमा उभिन पुगेको छ । नयाँ औपन्यासिक शिल्पको प्रयोग छ । समाजको यथार्थ चित्रणमा आफूलाई केन्द्रित गर्नाले यस उपन्यासले तत्कालीन व्यवस्थालाई हल्लाउने सामर्थ राखेको छ ।

विभिन्न साहित्यकारका दृष्टिमा भरत जङ्गम सामाजिक लेखक हुन् । वर्णनात्मक तवरले अन्याय, अत्याचार, भ्रष्टाचार र महङ्गीजस्ता विसङ्गतिमाथि उनी प्रहार गर्छन् । वर्तमानलाई आत्मसात् गर्छन् । त्यसैले कालो सूर्य काठमाडौंको जीवित इतिहास बन्न सकेको छ ।

उपन्यासमा सामाजिक व्यङ्ग्यको नयाँ प्रयोग छ । कुनै पनि संवेदनशील नेपालीलाई देशमा भ्रष्टता स्थापित बन्नु ठुलो वेदनाको कुरा हो । देशको राजनीतिक अस्तव्यस्तताबाट जन्मने सामाजिक आर्थिक दुर वस्था, राजनीतिक बेइमानी, भ्रष्टाचार अनि स्वार्थअन्धता पनि कालो सूर्यमा अविलम्बित छन् । त्यसैले देशप्रेमलाई छचल्क्याएको छ । त्यही देशप्रेमले लेखनीलाई बढाएको हो भन्ने मेरो पनि ठहर छ ।

शासनको अस्तव्यस्तता र दुरवस्थाबाट निस्सासिँदै विदेश जान आँटेको तीर्थ पात्रलाई म पात्र सम्झाउँछ, 'तपाईं जे सोच्दै हुनुहुन्छ त्यो तपाईंको कमजोरी हो । तपाईं बस्नुपर्छ यही देशमा । त्यो नै तपाईंको जित हुने छ ।' यसमा व्यङ्ग्यात्मक पक्ष पनि उत्तिकै सशक्त छ । यसको बारेमा वासुदेव

त्रिपाठी भन्छन्, 'यो सामाजिक उपन्यास हो । अझ यो प्रतिपादन कोणका दृष्टिले व्यङ्ग्य नै यसको मूल लक्ष्य भएको हुँदा यो व्यङ्ग्यात्मक सामाजिक उपन्यास हो ।'

सूर्य उज्यालोको प्रतीक मात्र होइन समयको चेतन केन्द्र पनि हो । त्यो स्वभाविक गुण र धर्मभन्दा विपरीत हुनुबाट त्यसको स्वमूल्यको व्यतिक्रम बुझाउँछ अर्थात् ग्रहण लागेको देखाउँछ । अथवा त्यो अन्धकारले प्रकाशतिर होइन अधोगतितिर डोऱ्याउँछ । सात बारको सुरुदेखि अन्त्यसम्म घटनाक्रमसँगै उपन्यासको कथावस्तु एउटै केन्द्रीय तथ्यमा रहेर पनि कार्य र कारणको सम्बन्ध नभई टुङ्गिएको छ । ती सातै अनुक्रमले आख्यानीकृत सामाजिक परिवेशलाई सतहमा समायोजन गर्दै उपन्यासको स्वरूप दिन सफल भएको छ ।

नेपाली कर्मचारीतन्त्रमा कर्तव्यनिष्ठ कर्मचारीहरूले भोग्नुपरेको दुःखको इतिवृत्ति छ । छोराछोरीको पढाइ लेखाइ उचित पालन पोषण गर्न नसकेको कहानी छ । फेरि खरिदारदेखि सचिवसम्मका कर्मचारी सुविधा र सुखभोग गर्न कसरी आफ्नो विवेक र सुझबुझलाई लुकाएर फाइदा लिनेतिर आज्ञाकारी बन्दा रहेछन् भन्ने देखाइएको छ । अनि तोपबहादुरजस्ता सोझा जनतालाई सहरवासीले कसरी ठग्दा रहेछन् भन्ने देखाउन खोजिएको छ । संस्थानहरूको लथालिङ्ग स्थिति देखाउन नमुनाको रूपमा नेपाल साल्ट ट्रेडिङ लिमिटेडलाई देखाइएको छ । बजारमा चिनीको हाहाकार हुन्छ । त्यही लिमिटेडका डिलर र व्यापारी कालोबजारी गरिरहेका छन् । साल्ट ट्रेडिङ "सुपथ मूल्यमा चिनी यहाँ पाइन्छ" भन्ने बोर्ड झुन्डयाएर बसेको छ । वितरण गर्दैन । जसले यहाँ जे देखाइन्छ त्यो हुँदैन जे हुन्छ त्यो देखाइँदैन भन्ने सन्देश दिइरहेको छ ।

नेपालमाथि भारतका सबै प्रकारका अतिक्रमण व्याप्त छन् । भारतीय व्यापारीहरूको अर्थतन्त्रमा दबदबा अति उच्च स्तरमा छ । प्रशासनका उच्च

तहका दक्ष इमानदार कर्मचारीलाई शान्तारामजस्ताले कसरी नोकरजस्तै बनाएका छन्, यहाँ बसेका विदेशीहरूले कसरी देश र जनतालाई ठग्दा रहेछन् भन्ने देखिन्छ ।

यहाँका मानिसलाई चेतना नआएसम्म हामीले बटुलिरहन सक्नुपर्छ ।' भन्ने केवडिवालजस्ताको बोलीले धेरै कुरा बोलिरहेको छ । अति शिक्षित, सक्षम नेपालीहरू किन उनीहरूकोमा नोकर बनेर बस्न बाध्य हुन्छन् भन्ने कुराको ठुलो प्रश्न खडा गरिदिएको छ ।

राजनीतिक नेताहरूको चरित्रलाई प्रस्ट्याउन भूपू मन्त्रीलाई नमुनाका रूपमा प्रस्तुत गरिएको छ । पदमा छँदा जनतालाई लुटेका पैसा कसरी दुरूपयोग हुन्छ भन्ने नमुना प्रस्तुत गरिएको छ ।

आठ वर्षअगाडि म पात्रले क्षेत्रपाटीमा डेरा खोजेर राखिदिएको तिब्बती शरणार्थी पात्र अर्को नामबाट नेपाली नागरिकता लिन कसरी सफल हुन्छ ? कसरी अवैध धन्दा गरेर ठुलो व्यापारी बन्छ । ती विदेशीहरूले नेपालको कानुन र कर्मचारीलाई कति सजिलै किन्न सक्दा रहेछन् भन्ने उदाहरण प्रस्तुत गरिएको छ ।

नेपालका इन्जिनियर, ठेकेदारदेखि प्रशासनसम्मका कर्मचारी कसरी घुसखोरीमा संलग्न हुन्छन् । न आफ्ना कोही मन्त्री, न नजराना टक्याउन सक्ने हैसियत राख्ने तीर्थजस्ता इमानदार सक्षम इन्जिनियरलाई प्रमोसन दिइँदैन । आफ्नो शोषणको हीनताबोधमा ऊ बिदेसिने सोच बनाउन बाध्य हुन्छ । यसरी एउटा इमानदार कर्मचारीमाथि चरम शोषण हुने गरेको घटनाको नमुना देखाइएको छ । बन्दै नबेनेको पुल कागजमा बन्छ । त्यसलाई बाढीमा बगाइन्छ । त्यसको पूरा लागत भ्वाम्म पारिन्छ ।

यसै गरी कानुनी क्षेत्र झन् भ्रष्टाचारका अखडा बनेका छन् । एउटै मुद्दामा अदालतका तह तहका फैसलाहरू अलग अलग हुन्छन् । समय लम्बाइदिँदा झगडियाको घरघरेडी मुद्दाको खर्चमा नै घरघडेरी जान्छ । मुद्दा

लड्दा लड्दै सुकुम्बासी बन्छ । अझ मुद्दा पुस्तान्तर भएका नमुना यहाँ धेरै छन् ती सबै कानुनी भ्रष्टाचारका नमुना हुन् ।

कालो सूर्यको छायामा भेटिएका प्रत्येक पाइलामा भेट हुने पात्रहरूसँग म पात्रको संवाद आख्यान कथनको सूक्ष्म अध्ययन अवलोकन र दृश्य विधानको प्रविधिमा केन्द्रित पर्याप्त नाटकीयपनको अनुभव हुन्छ । यो केवल वर्णनात्मक पद्धतिको प्रयोग गरिएको कुनै परिस्थितिलाई नाटकीय संवादमूलक आख्यान कथनकै प्रविधि विशेष मात्र हो । यसमा यस्ता यथेष्ट नाटकहरूको वर्णन छ । भरत जङ्गमको व्यङ्ग्यदृष्टि यिनै क्षेत्रहरूको चित्रण गर्न सक्रिय रहेको पाइन्छ । कालो सूर्यका घटनाहरू मूलतः काठमाडौँमा नै घटेकाले यसको मुख्य क्षेत्र काठमाडौँ र यी सात पाटा र सात खण्डका घटना र प्रसङ्गका घटनाचक्रसँग पूरा देश परिचित बन्न पुगेको छ ।

कालो सूर्यले देशका विभिन्न क्षेत्रमा हुने भ्रष्टाचारलाई प्रस्ट्याएको छ । कतै नियन्त्रण नभएर पनि होला सत्ताधारीको अज्ञानतालाई अचानो बनाएर आफ्नो स्वार्थ पूरा गर्ने सचिवहरूको क्रियाकलाप पनि भ्रष्ट राजनीतिको कारण हो भनी देखाइएको छ । यो उपन्यास नामले नै भ्रष्टाचारको षड्यन्त्रहरूले जेलिएको उपन्यास हो भन्ने बुझाउँछ । नेपाली भाषाका पुस्तकहरू अन्य भाषामा अनुवाद गर्ने कार्य चलिरहे पनि 'कालो सूर्य' सबैभन्दा धेरै अन्य भाषामा अनुवाद भएको पहिलो नेपाली कृति बन्न सफल भएको छ । अझै यसको अनुवाद हुने क्रम जारी छ । त्यसैले यो ऐतिहासिक कृति पनि हो ।

आख्यानको कौतूहल र घटनाको समिश्रणबाट निर्मित कथावस्तुमा आधारित भएर उपन्यास लेख्ने परम्परा छ । आजको साहित्य त्यही उत्तर-आधुनिक चेतनाको साहित्य हो । यसमा नयाँ नयाँ प्रयोग हुँदै आउँछन् । कालो सूर्य पनि त्यही एक नयाँ प्रयोग हो ।

जब प्रचलित सिद्धान्त पुराना हुँदै जान्छन् तब नयाँ नयाँ शिल्प आविष्कार हुँदै आउँछन् । त्यही अघि बढिरहेको अनुभव र अभिव्यक्तिलाई

उत्तर आधुनिकता भनिन्छ । उत्तर आधुनिकता पनि विभिन्न उपभेदमा विभक्त छ । अहिलेको युग विधा समिश्रणको युग पनि हो । जुन आख्यान बन्न पनि सक्छ । त्यही आख्यानले अन्य विधाहरूलाई समाहित गर्दै आएको छ ।

उपन्यासमा उपन्यास विधाका गुणहरू बढी हुन्छन् । नेपाली आख्यान साहित्यमा उत्तर-आधुनिक चेतना सम्पन्न प्रयोगवादी उपन्यास लेखिनु अनिवार्य देख्छन् डा. खेमनाथ । भरत जङ्गमको 'कालो सूर्य' मा उत्तर आधुनिकताका कतिपय विशेषता छन्, तिनको विशेष अध्ययन गर्नुपर्छ भन्ने राय छ उनको ।

समसामयिक घटनालाई केलाएर लेखिएको 'वीर चरित्र (१९६०) देखि आजसम्म उत्तर-आधुनिक मानिने उपन्यास विधाले ठुलो यात्रा पूरा गरेको छ । भरत जङ्गमका उपन्यासहरूको अध्ययन गर्न पनि अति जरुरी भइसकेको मान्छन् डा. खेमनाथ । भरत जङ्गमको 'कालो सूर्य'ले नेपाली समाजको यथार्थ चित्रण गरेको छ । यो नायिकाबिनाको उपन्यास भएकाले कथावस्तु गौण देखिए पनि म पात्रका माध्यमबाट आख्यान अघि बढाइएकाले नव सिर्जना बनेको छ । यसका घटनाहरू यसकै वरिपरिका सेरोफेरोका हुन् जसले नेपाली समाजका यथार्थ प्रस्तुत गरिरहेका छन् । त्यसैले यसका रचनाकार भरत जङ्गमलाई सामाजिक यथार्थवादी, प्रयोगवादी, उत्तर-आधुनिक धाराको प्रयोक्ताका रूपमा अध्ययन गरिनुपर्ने देख्छन् डा.खेमनाथ ।

डा. खेमनाथ नेपाली जनजीवनले भोगेको ऐतिहासिक पक्ष, तथ्यहरू, वर्तमानका यन्त्रणा र जिजीविषालाई कालो सूर्यले उतार्न पूर्णतया सफल भएको छ भन्ने ठान्छन् । उनी उपन्यासलाई कथात्मक दृष्टिले अत्यन्तै सन्तुलित देख्छन् । नेपाली उपन्यास विधालाई विश्वउपन्यासको समकक्षी बनाउन नवीनतम् रूपले अध्ययन गरी सिर्जना गरिने उपन्यासहरू र सिर्जित कृतिहरूलाई अध्ययन गर्ने दायित्व रहेको कुरामा उपन्यासकार भरत जङ्गमको प्रस्तुत उपन्यास परम्परा एक महत्त्वपूर्ण पक्ष हुन पुगेको कुरा स्विकार्छन् डा. खेमनाथ ।

'कालो सूर्य' भित्र प्रकाशको खोज

गीता केशरी

साहित्य समाजको दर्पण हो । साहित्यभित्रका वाक्यहरूले समाजको स्थिति, जीवनशैली र संस्कार देखाइरहेका हुन्छन् । साहित्य दर्पणमा समाजभित्रका सुख, आनन्द, पीडा, उच्छ्वास र निःश्वासका भावहरू पनि प्रदर्शित भइरहेका हुन्छन् । ती सबै रङहरू 'कालो सूर्य' मा देख्न पाइन्छ । २०३६ सालमा प्रकाशित कालो सूर्यले सत्यमाथि आक्रमण गर्ने अन्धकारलाई कालो सूर्यका रूपमा प्रतिबिम्बित गरेको छ । गीता केशरीलाई पनि लाग्छ 'यो 'कालो सूर्य' बनेर हुर्केको अन्धकारमा अनैतिकता र भ्रष्टाचारले नेपाली समाजको कुन कुन क्षेत्रमा कसरी प्रश्रय पाइरहेको छ, ती क्षेत्रहरूलाई देखाउने प्रयास गरेको छ ।'

केवल जिजीविषाका लागि आइपर्ने समस्या समाधानका लागि नैतिक अनैतिक कुराको ख्यालै नगरी अन्धकारमा हराएको हुन्छ भन्ने भानमा समाजलाई दीर्घकालीन असर गर्ने दूषित वातावरण सिर्जना गर्न खोजिन्छ । त्यस्ता कार्यहरूलाई आधार बनाएर लेखिएको छ 'कालो सूर्य' । समय चक्रमा आधारित सात बारका आधारमा सिर्जना भएका उपहासपूर्ण विकृतिको चित्रणहरूको कलात्मक प्रस्तुति दिन सफल 'कालो सूर्य'ले यथार्थवादी साहित्यमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ ।

सात प्रकारका घटनाहरूसँग जोडिएका सात बारमा गरिबीको मर्मान्तक पीडाको वर्णन, कमजोर शासन व्यवस्था, फितलो कानुन कार्यान्वयनको कारण कसरी कालोबजार मौलाउँछ भन्ने वर्णन, लथालिङ्ग प्रशासनिक क्षेत्रका भ्रष्टाचारको व्याख्या गरिएको छ । यी सबै कारण राष्ट्रको स्वाभिमान कसरी काँपिरहेको छ भन्ने कुराहरू प्रकाश पारिएको छ ।

एउटा निरीह कर्मचारी तलबको भरमा जीवन चलाउन पर्दा कस्तो सङ्कटसँग जुध्नुपर्छ, हाकिम खुसी पार्नुपर्ने बाध्यताले स्वाभिमानी कर्मचारी

पदोन्नतिबाट कसरी वञ्चित हुन्छन् भन्ने दर्साउन खोजिएको छ । अनेक अभाव र सङ्कटबाट पार पाउन आम्दानी हुने अफिसमा सरुवा गराउन दौडधुप चल्छ । नजरानाको खेल खेलिन्छ । माथिल्लो तहमा आफ्ना नभएका, नजराना दिने स्रोत क्षमता पनि नभएका व्यक्ति कसरी जागिर बचाउन चाप्लुसीको बाटो अँगाल्न पुग्छन् भन्ने अति सोचनीय कुरा पनि देखाइएको छ ।

विदेशी व्यापारीहरूसँगको उच्च पदस्थ कर्मचारीहरूको मिलेमतोमा कृत्रिम महङ्गी गराएर कसरी ठगिरहेका हुन्छन् जनतालाई । अनि त्यसको नियन्त्रणतर्फ कुनै प्रकारको पहल कदम नचालिनुले बजार महङ्गीग्रस्त बन्दै गएको छ । जनताले सकस भोगिरहेका छन् । त्यही सकस देखाइएको छ कालो सूर्यमा ।

यसरी विस्तारित भएको कालो बजारको अपारदर्शी कमाइ सरकारको नियन्त्रणभन्दा बाहिर हुँदा राष्ट्रको धन विदेशमा थुप्रिन पुग्छ । राष्ट्र कङ्गाल बन्छ, बनिरहेको छ । नाङ्गो शरणार्थी बनेर पसेको मान्छे नेपाली नागरिकता लिन सफल हुन्छ । ६/८ वर्षमा खवैध धन्दा र तस्करी गरेर काठमाडौँमा विशाल महल, अमेरिका र जर्मनीजस्ता मुलुकमा घर किनेको व्यहोरा वर्णन गरिएको छ कालो सूर्यमा । यस्ता विवरण केलाइरहँदा म पात्रको मनमा नैतिकता इमानदारी र सत्यतामाथि प्रश्न उठिरहेका हुन्छन् होला ।

यस उपन्यासमा उच्च पदमा पुगेका कर्मचारीले नीति निर्माण तहमा पुगेकाहरूलाई भ्रष्टाचारमा कसरी संलग्न गराउन सक्छन् भन्ने कुरा सटिक रूपमा देखाइएको छ ।

मन्त्री बनेर गाउँबाट सहर पसेकाहरूले पदमा रहँदा गैरकानुनी तवरबाट कमाएको सम्पत्ति कसरी दुरूपयोग गर्छन् ? राष्ट्रको सम्पति दुरूपयोग गर्ने गिरेको चरित्र बोकेकाहरूले हाँकेको देश कस्तो होला ? कानुन यति कमजोर छ । मुद्दा पुस्ता पुस्तामा सर्छ । मुद्दाकै कारणले सर्वस्व गुमाएर सडकवासी बनेका उदाहरणहरू प्रशस्त छन् । कानुन असली

पीडितसम्म नपुग्नुमा जाली फटाहाहरूले कानुनको कमजोरीपनमा खेल्ने ठाउँ पाएर हो । त्यसैले कानुनमा समयानुकूल सुधार गर्दै लानुपर्छ भन्ने राय सुझाव समेत दिइएको छ ।

समग्रमा 'कालो सूर्य'ले देशको यथार्थ बटुलेको छ । राज्यका कमजोरीप्रति जनताको ध्यान आकर्षित गराउन प्रयत्न गरेको छ । यसैले कालो सूर्य जनजनमा चर्चित छ। यही चर्चाले उपन्यासलाई अरू धेरै भाषामा अनूदित गरायो । 'कालो सूर्य' को प्रकाशनपछि पनि गीता केशरीलाई लाग्छ उपन्यासकारको मन यी विकृति विसङ्गतिप्रति पनि उद्वेलित भइरहेको छ ।

उनी भन्छिन् यो कुरा २०५९ सालदेखि ६१ सालसम्म पत्रपत्रिका छापिएका भरत जङ्गमका लेख, प्रकाशित पुस्तक, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता प्रबन्ध सङ्ग्रहले पुष्टि गर्दछन् । अझ यो प्रबन्ध सङ्ग्रहलाई कालो सूर्यको पूरक पुस्तकको रूपमा लिन्छिन् गीता केशरी ।

भ्रष्टाचार: वैचारिक आन्दोलन पुस्तकका बारेमा भरत जङ्गमको मत छ : 'भ्रष्टाचार सङ्क्रामक रोगझैं फैलिएको छ देशमा । यसको उपचार र निदान अत्यन्तै कठिन छ । द्रव्यप्रतिको मोहशक्तिको जालो देशमा व्यापक फैलिइरहेको छ ।' यो जटिल समस्याको न्यूनीकरणका लागि सुझाव समेत प्रस्तुत गरिएका छन् ।

अन्त्यमा गीता केशरी देश निर्माणका लागि कलमको माध्यमबाट चलाएको अभियानले सफलता पाओस् । देशमा स्वच्छ वातावरण बनोस् भन्दै 'उनको सपना त स्वच्छ समाज बनेको देश पो हो ।' भन्छिन् ।

'कालो सूर्य' एक्लो प्रयास

चिजबहादुर गुरुङ 'शिव'

२०३० सालदेखि नेपाली समाजमा रहेको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्र अनि देशको भौतिक विकास र देशको विकास गर्ने दायित्व बोकेका ओहोदाधारीहरूको सोच र क्रियाकलापको सूक्ष्म अध्ययन गर्दै भरतका बारेमा जानकारी राखेका रहेछन् चिजबहादुरले ।

यही कालखण्डका घटनाक्रमको अध्ययनले भरत जङ्गमलाई देशमा व्याप्त विकृति विसङ्गति र भ्रष्टाचार विरुद्ध लाग्न प्रेरणा दियो । प्रेरणालाई मूर्तरूप दिने एकल प्रयास स्वरूप कलमलाई तिखार्दै लग्ने विचार गरे उनले । तिखारिएको कलमबाट 'कालो सूर्य' जन्म्यो । जङ्गमका कलमले कलात्मक ढङ्गबाट शोषण, विकृति र विसङ्गतिको शल्यक्रिया गरेको छ कालो सूर्यमा । 'कालो सूर्य' तुरुन्तै लोकप्रियता बटुल्न सफल भयो । अरू विदेशी भाषाहरूमा पनि अनूदित हुन पुग्यो । अहिले यो उपन्यास अरू भाषाभाषीको पनि प्रिय कृति बनेको छ ।

चिजबहादुरलाई पनि लाग्छ सोझासाझा जनता, कर्मचारीहरू अन्याय, अत्याचार र शोषणमा परिरहेका छन् । टाठाबाठा फटाहा अगाडि बढिरहेकै छन् । त्यस्तै छ कालो सूर्यको कृष्णबहादुरको हाल पनि । ऊ सोझो तल्लो स्तरको कर्मचारी हो । उसका न कोही आफन्त माथि छन् न कोही चिनेजानेका नै छन् । न नजराना चढाउने स्रोत र क्षमता छ । जीवनभर दुःख गर्दा पनि उसको आर्थिक अवस्था सुधिदैन । उसले न कहिल्यै पदोन्नति पायो न सरुवा । न कहिल्यै स्याबासी पायो न प्रोत्साहन । उपन्यासका बारहरूले यी र यस्तै यस्तै प्रसङ्गलाई कलात्मक रूपले प्रस्तुत गरेका छन् 'कालो सूर्य' मा ।

चिजबहादुरलाई लाग्छ, त्यसैले भरत जङ्गम देशद्रोही विरुद्ध लागेका छन् । भ्रष्टाचारी विरुद्ध लागेका छन् । उनी नेपाल आमाका सच्चा सुपुत्र हुन् । बहुआयामिक, दूरदर्शी व्यक्तित्व हुन् । विश्व विख्यात 'कालो सूर्य' का लेखक भरत जङ्गमलाई उनले कल्पना गरेको लक्ष्य पूरा हुँदै जाओस् भन्दै शुभकामना दिन भुल्दैनन् ।

'कालो सूर्य' भनेको खग्रास ?

डा. दयाराम श्रेष्ठ

नेपाली उपन्यासमा अस्तित्ववादी र विसङ्गतिवादीहरूको बहुलता प्रगतिशील विचारधाराले गति समातेपछिको दोस्रो चरणको उत्कर्षता एकातिर छ भने अर्कातिर राजनीतिक तरङ्ग निर्दलीयताको विकल्पमा बहुदलीय व्यवस्थाप्रति बढ्दै गएको आकर्षमा देखिन्छ । यिनै चाहनाका सापेक्ष्यतामा 'कालो सूर्य' हेर्दा त्यसको युगीन प्रभाव देख्छन् डा. दयाराम श्रेष्ठ ।

उनलाई लाग्छ परिवर्तनका लागि मानिस यति आतुर किन बन्छ ? 'कालो सूर्य' भित्र समाजमा बढ्दै गएको विकृति विसङ्गति, भ्रष्टाचार, कालोबजारी, चाकडी चाप्लुसी, अहङ्कार र दम्भले ढाकेर कालो बनेको सूर्य प्रत्येक अध्यायमा देख्न पाइन्छ । यस्तो चरम अस्तव्यस्तता देख्दा एउटा राष्ट्रवादीलाई कसरी सह्य हुन्छ ? अनि आतुर बन्दैन ?

यिनै विषयका आख्यानात्मक कथन जीवन्त रूपमा देखाइएको 'कालो सूर्य' परम्परित ढाँचाभित्र नरहनु यसको विशेषता हो । सात बारका सात कथाका प्रत्येक परिवेश अलग अलग छन् । ती प्रसङ्ग र पात्रको आद्योपान्त शृङ्खलाबद्ध संलग्नता, रेखाङ्कन र गति यसमा पाइँदैन । प्रत्येक परिवेशमा पात्र अलग अलग भए पनि पढ्दा कथाको सङ्कलन भएजस्तो लाग्छ । ती पात्र र घटनाहरू परिवर्तन भइरहे पनि कथाको लक्ष्य एउटै हुनु यसको विशेषता हो । त्यसैले यो कथासङ्ग्रह नबनेर उत्तर आधुनिक उपन्यास बनेको छ ।

उपन्यास आइतबारबाट सुरु भए पनि आफ्नो सुविधाअनुसार बढेर जुन बारमा टुङ्गिए पनि त्यस किसिमको अनुभूति नहुनु यसको सबल प्रविधिक पक्ष हो । यसलाई शिल्पगत उपलब्धि मान्छन् डा. दयाराम । सबै कथा प्रसङ्गको आन्तरिक दृष्टिबिन्दु म पात्रसँग भएको वार्ता अनेकन रूप र प्रसङ्गमा प्रस्तुत गरे पनि अन्त्यमा उपन्यास एक रूपमा कायम गरिएको

छ । त्यो रूप हो देशमा व्याप्त कालो छाया ।

एकातिर यसलाई 'कालो सूर्य' र अर्कोतिर बारको नामबाट अध्यायीकरण गरेर लेखकले प्रतीकको गहिरो भाषा बोलेका छन् भन्ने मान्यता राख्छन् डा. दयाराम । सूर्य चम्कँदा जतातै उज्यालो हुन्छ । खग्रासको समय पनि रातजस्तै अँध्यारो हुन्छ । त्यही अँध्यारोमा मानिस त्रसित बन्छ । अनेक यातना सहनु पर्ने पनि त्यही अँध्यारोमा हो । अँध्यारोमा नै पीडित बन्नुपर्छ । यिनै कुरालाई आख्यानीकरण गरिएको कृति पढ्दा कृतिभित्र आफैलाई, देशलाई र समाजलाई भेटिन्छ । त्यो निराशाको अँध्यारोमा आफू, समाज र देश हराएको पाउँदा कुन नेपालीको मर्ममा चोट पुग्दैन होला र ?

लाग्छ हप्ताका कुनै दिन उज्यालो देख्न नपाउँदा त्यसले जीवनमा पार्ने नकारात्मक प्रभावका प्रस्तुतिहरू छन् यसमा । अँध्यारो कहिले हट्ला, उज्यालो कहिले देखिएला भनेर प्रतीक्षा गरेको २०३६ सालदेखि हो । यतिका समय बितिसक्यो सूर्य कालै छ । देशको सौभाग्यमा सगरमाथा छ, सीताको जन्मस्थान छ, बुद्धको जन्मस्थान छ, ऋषिमुनिहरूका तपस्थानहरू छन् तर दुर्भाग्य कालो सूर्यले सबैलाई कालो बनाइदिएको छ । तर त्यो कालो भनेको के हो ? भन्छन् डा दयाराम ।

त्यसैले यो कृतिको समाज शास्त्र के हो भनेर सामान्यदेखि उच्च तहसम्मका पाठकहरूलाई झस्क्याइरहेको छ । यही झस्क्याइमा चेतना, सावधानी र जागरण अद्भूत रूपमा सफल छ । केही न केही कुसंस्कार, कुरीति, भ्रष्टाचार नभएका कुनै देश र भाषाभाषीको क्षेत्र नहोला । मात्रामा केही फरक होला । जुनजुन भाषामा अनूदित भइसकेको छ कालो सूर्य ती भाषाका पाठकहरूले पढेर कृतिको आस्वादन गर्न सक्छन् ।

मेरो पहिलो समीक्षा 'कालो सूर्य' माथि

ध्रुव मधिकर्मी

त्यतिबेला 'कालो सूर्य' पढ्नेलाई व्यवस्था विरोधी मानिन्थ्यो । रातो किताब जस्तै यो पुस्तक अघोषित प्रतिबन्धमा थियो । 'कालो सूर्य'का कृतिकार भरत जङ्गम भक्तपुरको नेवारी परिवेशमा हुर्के बढेका हुन् भन्ने कुरा 'कालो सूर्य' पढेपछि मात्र थाहा हुन्छ ध्रुवलाई ।

यो किताब पढेपछि ध्रुव मधिकर्मीमा भरत जङ्गमप्रतिको आकर्षण जाग्यो । यी दुवै छिमेकीबिच पारिवारिक सम्बन्ध स्थापित गरायो । त्यसैले उनीसँग धेरैले सोधे कालो सूर्य छ ? भनेर । धेरैलाई पढ्न दिएको पनि उनलाई सम्झना छ । उनलाई लाग्छ यो कृति आउनै पर्ने थियो, आयो । यसमा उनी खुसी छन् ।

'कालो सूर्य'ले नेपाली साहित्यमा हलचल नै ल्यायो । धेरै भाषामा अनूदित पहिलो नेपाली कृति कालो सूर्य प्रकाशनको चौथो संस्करण पुगिसकेको छ । अझ अनूदित हुने क्रम चलिरहेको छ । यो त्यति बेला प्रकाशनमा आयो जति बेला जनता राजतन्त्रको व्याप्त निरङ्कुशता र निर्ममतामा बाँचिरहेका थिए । जनताको प्रतीक्षा थियो केवल सफल बिहानीको ।

त्यति बेला पनि चोकचौराहामा यस पुस्तकको चर्चा हुन्थ्यो तर लिखित चर्चा हुन सकेको थिएन । २०३८ सालमा पुनर्जागरण साहित्यिक पत्रिकाको दोस्रो अङ्कमा यसले पूरा दुई पेजको लिखित चर्चा पायो । त्यो चर्चा लेख्ने स्तम्भकार थिए यिनै ध्रुव मधिकर्मी । यो उनको पहिलो समीक्षा थियो । त्यही पत्रिकाबाट उनले स्तम्भ लेखनको यात्रा पनि सुरु गरेका थिए जुन यात्रा अझै जारी छ ।

त्यसपछि 'कालो सूर्य'का विषयमा छापिएका धेरै संस्करणहरूमा तत्कालीन विभिन्न विद्वान्, लेखक र राजनीतिकर्मीबाट व्यक्त विचारका अंश छापिए । तर पुनर्जागरण पत्रिकामा छापिएको पहिलो समीक्षाले कतै चर्चा र स्थान नपाएकोमा भने उनका मनभरि प्रश्न छन् । जसले उनको मथिङ्गलमा डेरा जमाइबसेको छ । उता उपन्यासको त्यति प्रभाव नपरे पनि उपन्यासका घटनाहरूले भने प्रभाव छाडेको रहेछ उनमा ।

मुलुकको उद्योग, व्यापार विदेशीको हातमा, आवश्यक समानको सदा हुने कृत्रिम अभाव, महङ्गी, न्यायपालिकाभित्रका कमजोरी, इमानदार कर्मचारीको अवस्था जस्ताको तस्तै रहनु सबै नेपालीलाई नपच्ने कुरा थिए । पढ्दा यो नयाँ विषयजस्तो पनि लाग्छ । मुलुकको दयनीय र निरीह अवस्थाका बारेमा कालो सूर्य पढेर जानकारी पाउँदा आफूले बुझेका कतिपय कुराहरू गलत रहेछन् भन्ने लाग्छ उनलाई । अनि भन्छन्, 'यो पुस्तक सबैले पढ्नुपर्छ ।" तर कतिपय नेपाली भाषाकै लेखकले यो पुस्तक पढेकै छैनन् ।

इतिहासको त्यो कालखण्डमा लेखिएको साहित्य विश्वका प्रमुख भाषाहरूमा छापिनुलाई एउटा महान् गौरवको विषय मान्छन् ध्रुव । त्योभन्दा गौरवको विषय अरू केही लाग्दैन पनि । यिनै ध्रुवको सक्रियतामा नेपाल भाषामा यो कृति अनूदित भएको रहेछ ।

सन् १९८० को माइलस्टोन ?

नकुल काजी

कुरा हो २०३७ साल फागुन १९ गतेको । नकुल काजी परिवर्तनको आशामा छटपटिएको समय । छापाखानाको शून्यतामा भित्रबाहिर गरिरहेका छन् । सायद त्यतिबेला अधीर, निराशाक्रान्त मनस्थिति बोकेका थिए होला उनले ।

त्यही क्षण एउटा अपरिचित युवक नकुल काजी को हुनुहुन्छ ? भन्दै पस्छन् । पुस्तक अघि बढाउँदै भन्छन्, 'यो मेरो उपन्यास कस्तो लाग्छ हेरिदिनुहुन्छ होला ?' कस्तो संयोग नकुल काजीले भरत जङ्गमको 'कालो सूर्य' लिइरहँदा उनको आङमा लागिरहेको घाम पनि सेतो थिएन रे ।

पाठकको हातमा पर्दा पहिला ओल्टाई पल्टाई गरेपछि जसरी औपचारिकता पूरा गर्छ लेखकले त्यसै गर्छन् नकुल पनि । त्यसपछि केही बेर साहित्यिक चर्चा चल्छ । गति र मान्यताको कुरा पनि चल्छ । त्यसपछि उनीहरूबिच लामो समय भेट हुँदैन तर पनि 'व्यूहचक्र' र रातो घाम जस्ता पुस्तक पढ्ने मौका पाउँछन् काजी ।

'कालो सूर्य' पछिको दोस्रो उपन्यास पढेपछि उनको टिप्पणी प्रकाशित भयो । भरत जङ्गम नामको साहसी आरोही उपल्लो शिविरबाट तल्लो शिविरमा झरेको, समालोचनाकी आलोचना' शीर्षकमा प्रकाशित हुन्छ । भरत जङ्गमले देशको आर्थिक, प्रशासनिक पक्षलाई ओडाइएको पारदर्शी पर्दा नाङ्गेझार पारिदिए । नकुललाई अचम्म लाग्छ, 'त्यसरी बहुपक्षको भाषा चित्रले आक्ने प्रविधि भरत जङ्गमले कहाँबाट सिके ?

राजनीति र प्रशासनको मेरुदण्ड हो अर्थतन्त्र । देशको अर्थतन्त्र भ्रष्टाचारी, विदेशी कालाबजारी, र तस्करहरूले नियन्त्रणमा राखेको देखाउन सफल छन भरत जङ्गम । उनीभन्दा पहिले कोही सफल भएकै थिएनन् यस प्रकारको यथार्थ पस्कन । उपन्यास 'कालो सूर्य' भित्रका सात बारका प्रत्येक पात्र, घटना, फरक फरक छन् । तिनले देखाउने झाँकी पनि फरक छन् । त्यसमा प्रयोगको विविध धारले उपन्यासको मानवीय संवेदनामा आकर्षित

गर्न सक्ने उत्कृष्ट साहित्य बनाएको छ । यसलाई उपन्यास भनिएकोमा नकुल काजीको विचारमा यसले उपन्यास विधाको मान्यता प्राप्त विधिलाई उपेक्षा गरेको पो हो कि भन्दा उनी असहजताका साथ भन्छन्, 'औपन्यासिक उपन्यास वा अकथात्मक कथाको फाँटमा नभई भिन्दै फाँटमा देखा परेको छ । यो प्रेम प्रीतिका कथा भएका उपन्यासभन्दा भिन्दै स्थानमा विशिष्ट छ ।' त्यसैले काजीलाई यो उपन्यास होइन जस्तो लाग्छ ।

१९ औँ शताब्दीमा 'वीर सिक्का' र वीरचरित्र प्रकाशन भएपछि सुरु भएको नेपाली उपन्यासको इतिहास रोमान्टिक युग र त्यसपछि इतिवृतात्मक परिपाटीका उपन्यासहरूको प्रकाशनले एक एक धाराको जगमा शिला राख्दै गरेर निर्माण भएका उपन्यासहरूको अध्ययनका आधारमा 'कालो सूर्य'लाई उपन्यास मान्नुपर्छ भन्ने भरत जङ्गमले नयाँ आरोहीको रूपमा त्यही हिमालयको कठोर बाटो अख्तियार गरेका छन् भन्छन् नकुल काजी ।

कालो सूर्यका सबै अध्यायका उपस्थापना अति स्वाभाविक छन् । कथा संवादमा प्रयुक्त वाक्य पनि अति अतुलनीय र पेचिला छन् । जुन औपन्यासिक मर्मअनुसार नै छन् तर पनि यसमा अवतरित लेखकको म पात्रले यसभित्रका अध्यायहरूलाई आपसमा बुन्न नसक्नुलाई औपन्यासिक असफलता मान्छन् नकुल काजी ।

'शिरीषको फुल'लाई शङ्कर लामिछानेले 'माइल स्टोन' मान्नुपर्छ भने पनि नकुल काजी मान्न तयार छैनन् । उनी भन्छन्, 'शिरीषको फूलबाट भूगोल पार्क' झिकिदिए त्यो उपन्यास अप्राकृतिक बन्न जान्छ ।' बरु 'कालो सूर्य' का कथाहरू आपसमा सम्बन्धित भएर उपन्यासको स्वीकृत सिद्धान्त मानिदिएको भए यसले १९८० को उपन्यास विधाको 'माइल स्टोन' बन्न सक्ने थियो भन्ने उनको तर्क छ । काठमाडौँको मुखाकृतिको चित्र पृथक् पृथक् फ्रेममा नभई सबैको समष्टिगत अनुहारको एउटै चित्र बन्नुपर्थ्यो भन्ने उनको राय छ ।

व्यक्तिवादी नबनी राजनीतिक दूरदर्शिता राखेर भन्ने हो भने नेपाललाई माया गर्ने एउटा पाठकले 'कालो सूर्य' पढेपछि ऊ आफूलाई बिर्सिरहेको हुन्छ । घरमा आगो लागेर सबैकुरा स्वाहा भएको खबरले जसरी खिन्नताको अनुभव गर्छ । चारैतिरबाट आगोको लम्कान आइरहेको खरानी बनिरहेको

हेर्दै निरूपाय उभिइरहन बाध्य भएजस्तै । फेरि प्रश्न गर्छन्, 'त्यस्ता संवेदनशील पाठक कति होलान् ?' शुद्ध पहाडी, लप्पन छप्पन नजान्ने सोझो तोपबहादुर उपन्यासमा सबैभन्दा माया लाग्ने पात्र हो । काठमाडौँले उससँग भएको सबै कुरा ठग्छ । रित्तिएपछि ऊ विदेश जान तयार हुन्छ । उसको निरीह, दीनहीन अवस्था र चरित्र चित्रणमा भरत जङ्गमको लेखनी सिपको सफलताले छानो छोएको छ । यही सिपको चित्रणमा तोपबहादुरको अनुहारमा सिङ्गो नेपाल देखिन्छ । त्यही अनुहारको दयनीयताको अनुहारमा 'कालो सूर्य' को छाया देखिन्छ ।

'कालो सूर्य' का पात्र केडिया, टेवडीवाला जेटिया, दोर्जे साहेब आदिको हेपाहा प्रवृत्ति अनि अहमता र अभिमानको प्रदर्शन यी सबै राक्षसी काला छायाजस्ता देखिन्छन् । महेशकुमार, किसुन, शान्तारामभन्दा पनि नेपाली नागरिकता उछिट्याइसकेको डुक्पा लामाको चित्रण नकुल काजीलाई बढी उल्लेख्य लाग्छ । तर दोर्जे आफूलाई त्यस्तो मान्दैनन् । ऊ त आफूलाई फियर बिजनेस म्यान देख्छ । भन्छ, 'हामीले सडेगलेर खेर जाने जङ्गली वस्तुलाई उपयोगमा ल्याउँछौँ । '

अर्को चित्र विक्रमको कथा बोल्छ, 'दुर्गम कर्णाली अञ्चलको दूर एउटा गाउँको नदीमा नबनाईकन पुल निर्माण हुन्छ । लगत्तै पछिको वर्षाले त्यो पुल बगाउँछ । त्यो बगाएको समाचार विभिन्न सञ्चार माध्यममा संप्रेषण गराइन्छ । यसरी ठेकेदार, कर्मचारी र प्राविधिकहरूको जालसाँझीमा कागजी झुट तयार पारेर लुट मच्चाइन्छ ।

न्याय क्षेत्रको पनि यस्तै विचित्र कहानी छ । एउटी अबलाले जन्माएको छोराको बाबु कायम गराई पाऊँ भनी अदालतमा निवेदन दिन्छिन् । अदालत १३ वर्षपछि बाबु कायम गराउँछ, श्रीमती पनि कायम गराइदिन्छ । त्यही अदालतमा अंश मुद्दा दिन्छिन् तर उही अदालतले उनलाई अंश मुद्दा हराइदिन्छ । कस्तो कथा सुन्दा नै ऐठन आउँछ । यसरी उपन्यासमा नेपालको कानुनी व्यवस्थाको सजीव चित्रण उतारिएको छ ।

सरकारी सेवाबाट अवकाश जीवन बिताइरहेका कर्मचारी शर्माजी व्यापारीहरूको भाषामा नोकर बसेका छन् । तिनै व्यापारीको कार्यालयमा कार्यालय सहायक बनेर काम गर्ने अर्की शशी नाम गरेकी युवती छन् ।

त्यहाँ काम गर्नु पर्ने उनको आफ्नै विवशता छ होला तर नकुल काजी उनको चरित्रमाथि नै शङ्का उठाइदिन्छन् ।

कालो सूर्यमा काठमाडौँको जीवनजगत्को जीवन्त चित्र उतारिएको छ । दृष्टिशक्तिका लागि सबै थोक उज्यालो हो । उज्यालोको शोभा सूर्य हो । काठमाडौँमा देखिने मूर्त, अमूर्त वस्तुहरू, काम कारबाही र तिनलाई अड्याउने टेकाहरू उज्यालोमा पनि केही देखिँदैनन् । त्यसैलाई सम्बोधन गर्न भरत जङ्गमले 'कालो सूर्य' को रचना गरेका हुन् भन्छन् नकुल काजी । यो साधारण बुझाइले बुझ्न नसकिने कुरा हो । कृतिकारले कालो सूर्यलाई उपन्यास विधाको नाम किन दिए ? यसको जवाफको प्रतीक्षामा बसेका छन् नकुल काजी । यस उपन्यासका प्रत्येक बारका पात्र, पुस्तकको पाना पानामा कुद्ने म पात्रको सहिष्णुताले पारेको सद्दे धरातलमा रचिएका रचनाले भरिएको छ । नकुललाई लाग्छ यो पुस्तकको कुनाकुनासम्म डुल्ने स्वयं लेखकको हैसियतले अवतरित हुन खोजेको भए यो कथानकमाथिको प्रश्न गौण भएर जान्थ्यो । उपन्यासको परम्परालाई हेर्दा उपन्यासको मूलभूत कुरा त्यसको कथानक र पार्श्वभूमि नै मानिन्छ ।

नकुल काजी आफूलाई उपन्यास बुझ्ने एउटा असल पाठकको रूपमा मान्छन् । त्यही अभिमानलाई अगाडि राखेर उनी भन्छन्, 'यो सगरमाथाको दुर्गम नयाँ हिमालका आविष्कारक, साहित्यका आरोही भरत जङ्गमले साहसपूर्ण पहिलो शिविरसम्म पुऱ्याएको पहुँच अत्यन्तै प्रशंसनीय र सफल छ ।' त्यसैले उनी कामना गरिरहेका छन् : यो सफलताले उनलाई नमत्ताओस् न उत्ताउल्याओस्, नथकाओस्, आवश्यकताभन्दा बढी नउचालोस् । उनै नकुल काजीले २५ वर्ष पहिले लेखेको 'कालो सूर्य' प्रतिको धारणा र दृष्टिकोण पहिलेभन्दा सबल र सुदृढ देखिन्छ ।

साँच्चै भरत जङ्गमको सगरमाथाको पहिलो शिविरसम्मको आरोह अत्यन्त प्रशंसनीय छ, सफल छ । अब शिखर सम्मको आरोह पनि सफल बनोस् । त्यही शिखरबाट संसारका अन्य शिखरहरूको पदार्पण सहज र विस्तार हुँदै जाने छ भन्ने मैले विश्वास लिएको छु ।

'कालो सूर्य' बाट निस्केका मनका तरङ्गहरू

भागीरथी श्रेष्ठ

भनिन्छ, नारीपुरुष रथका दुई पाङ्ग्रा हुन् । एकको अभावमा जीवनरथ चल्दैन । भागीरथी स्वयं नारी भएर होला 'कालो सूर्य' पढ्दा उनका मनमा एक प्रकारको तृष्णा जागेछ । पढ्दै जाँदा, यो किताब स्वास्नी मान्छेबिनाको घर, सुन्दर नारीको तस्बिरबिनाको एल्बम्, स्वास्नी मान्छेबिनाको वनभोजजस्तै लाग्छ । पढ्न सुरु गर्दा नारी पात्रको मन निराशा बोकेर टुङ्गिएकाले उनको मनमा नारी पात्रको अभाव बिझिरहेको छ जस्तो लाग्छ, 'नारी पात्रको भूमिका किन नदिएको होला ?' 'कालो सूर्य'मा केही चिजको अभाव छ भने त्यो केवल नारी पात्र मात्र हो ।' यो मेरो मनको कुरा ।

देशप्रतिको संवेदनशील चिन्तन र भ्रष्टाचार, अन्याय, अत्याचार विरुद्धको आवाज हो 'कालो सूर्य' । त्यसैले यो उपलब्धिमूलक छ । सरकारी, गैरसरकारी क्षेत्र र स्तरमा हुने गरेका अनियमितता र भ्रष्टाचारको प्रश्नलाई अत्यन्तै सजीव र मार्मिक तरिकाले उतारेका छन् भरत जङ्गमले । 'कालो सूर्य' पढ्दा भागीरथीलाई लाग्छ कृतिकार नै ती विकृतिपूर्ण कर्तुतहरूले भरिएको खाडलमा बसेर अनुभव गरेका हुन् कि !

भ्रष्टाचारले गर्दा देशमा बनेको दुरवस्था, त्यसका काला पक्षहरू, सत्ताधारीको अहंग्रस्त भावनाबाट तल्लो स्तरका कर्मचारी र जनताको भावनामा गरिएको थिचोमिचोलाई सचित्र वर्णन गर्न सफल छन् भरत जङ्गम । देशको दयनीय आर्थिक स्थिति अनि शासनकर्ताहरूका कर्तुत पनि उतारेका छन् । हाकिमको चाकडी गर्नुपर्ने बाध्यता नगरे आइपर्न सक्ने समस्याका कारण हाकिमकै इसारामा नाच्नु पर्ने बाध्यताले आफ्नो अस्तित्व नै हाकिमको पोल्टामा छाड्न बाध्य बनेका कर्मचारीहरूको कथा अत्यन्तै सहज ढङ्गले आएको देख्छिन् भागीरथी ।

यस्ता भ्रष्टाचारी र अनैतिकहरूको जरा भने बलियोसँग गाडिएको छ। त्यसैलाई जरैदेखि उखेल्न र फाल्न भ्रष्टाचारीहरूको मानसिकता नै परिवर्तन गर्न जरुरी हुन्छ। भरत जङ्गमले उपन्यासका माध्यमबाट भ्रष्टाचारीहरूको मानसिकतालाई परिवर्तन गर्ने गरी सशक्त आवाज उठाउँदै आएका छन्। भागीरथीलाई लाग्छ यो एकल स्वरले पुग्दैन, सशक्त रूपमा चारैतर्फबाट सामूहिक आवाज उठाउनुपर्छ।

'कालो सूर्य' मा कालो बजारी, मूल्यवृद्धि, महङ्गी समेटिएको छ। ठेक्कापट्टामा धाँधली र कमिसनतन्त्र समेटिएको छ। जसले देश र जनतालाई हृदयमा राख्न सक्दैन त्यस्ता नैतिकताविहीन देशद्रोहीहरूको भण्डाफोर पनि गरेको छ। यस्ता विषयहरू पूर्ण इमानदार भएर लेखिएकाले यो उपन्यास सफल बन्न सकेको हो। यो पढ्दा पाठकलाई असत्यको शङ्का हुँदैन बरु सत्यबोध हुन्छ। सत्यको बोध गराउने भएर नै होला यसले नेपाली साहित्य जगत्मा सबैभन्दा धेरै अरू भाषामा अनूदित भएर पहिलो बन्ने सौभाग्य पाएको।

समाज र देशलाई दुखाउने दुःख दर्द र पीडाका कथा मात्र हैनन् यहाँ, व्यक्तिगत जीवनका दुःख, सुख, उकाली ओरालीका भोगाइप्रति सुन्न, बोल्न, पढ्न देख्न, चाख लाग्छ। हो पनि जीवन विविध रङमा रङ्गिएको हुन्छ। पाठकहरूले उपन्यास पढ्दा जीवनका ती अनेक रङ र स्वाद खोज्छन्।

उच्च साहस राखेर सार्थक 'कालो सूर्य' जस्तो उपन्यास उपहार दिन सक्नुभएकोमा भरत जङ्गमलाई हार्दिक धन्यवाद दिँदै सुखद भविष्यको शुभकामना दिन्छिन् भागीरथी।

'कालो सूर्य' को सेतो सन्देश

भुवन के.सी

बिहान उठ्नेबित्तिकै हिमाल देख्न पाइयोस्, सधै सधै नेपाल लेख्न पाइयोस् । राष्ट्रप्रेमीका मनमा भुवन के.सीका झैं यी शब्द गुनगुनाइरहेका हुन्छन् । भरत जङ्गमका मनमा पनि यी पङ्क्तिले बास पाएरै होला 'कालो सूर्य' उपन्यास लेखेको । उनको 'कालो सूर्य' देश र समाजको चित्र कोर्न खोज्नेहरूका लागि तीक्ष्ण अभिव्यञ्जना बनेको छ ।

स्वैरकल्पनाका उपन्यास पढ्दै आएका भुवन के.सीलाई लाग्छ देश र समाजले भोगिरहेको वास्तविकता उतारेर 'कालो सूर्य' मा आफ्ना नौला सोच र नयाँ विचारले सिँगारेर समाजलाई प्रेरणाको उपहार दिने काम गरेका छन् उपन्यासकारले । समाजको सशक्तीकरणमा पाठकहरूलाई कार्यक्षेत्रको मैदानमा उतार्न सफल भएका छन् ।

भुवन के.सी भन्छन्, 'समाजलाई चल्लाको खाँचो छ भने भालेको बीजारोपण भएको अन्डा पत्ता लगाउनुपर्छ ।' त्यो चेतना नभएर होला यहाँ गर्नै नहुने कामहरू भइरहन्छन् तर गर्नुपर्ने कामहरू हुँदैनन् । यसैको सारले समाज बिथोलिएको छ । वाद र प्रतिवादको असर तुरुन्त देखिँदैन तर त्यसले समाज र देशलाई कुरूप पार्दै लगेको हुन्छ । त्यसलाई हटाउन प्रलयकारी चेतना चाहिन्छ ।

त्यही प्रलयकारी चेतना ल्याउन ठुलो भूमिका खेलेको छ कालो सूर्यले । बालुवा पेलेर तेल निकाल्ने, धतुरो रोपेर अङ्गुर बाँड्नेजस्तो चतुऱ्याइँको खेल खेल्नेलाई खबरदारी गरेको छ । प्रशासनको उच्च तह र राजनीतिक नेतृत्वको उच्च तहमा पुग्नेहरूले जनतालाई झुटको आश्वासन बाँडेको हेर्न विवश जनतालाई जगाउने काम गरेको छ ।

राष्ट्रियता, इमानदारी, स्वाभिमान र नैतिकताको ख्यालै नगरी

व्यक्तिगत स्वार्थका लागि जे पनि गर्न सक्नेसँग माटोले एक दिन अवश्य त्यसको मूल्य लिने छ भन्ने सन्देश कालो सूर्यमार्फत दिएका छन् भरत जङ्गमले । मुलुकभित्रका इमानदार, नैतिकवान्, स्वाभिमानी र सचेत राष्ट्रवादीको कदर अवश्य पनि हुने छ भन्ने सन्देश दिन पनि भुलेका छैनन्, भरत जङ्गम ।

भुवन के.सी भन्छन्, 'नेपाली समाजमा सभ्रान्त परिवार भनेर कहलाउनेहरू सुन खाएर लसुन दिसा गर्छन् । उनीरूलाई पनि चुनौती दिइरहेको छ 'कालो सूर्य' ।

भरत जंगम नामक काव्य यो,
अधरमा रसना मधुसिक्त हो ।
नमन साथ समापन गर्दछु,
कलुष आज निवेदन गर्दछु ॥९६॥

रहर यो मनमा कति पो थियो,
सरस्वती करुणा यति नै भयो ।
अब भने जननी पदमा परें,
कुसुम अर्पण गर्छु दया गरे ॥९७॥

भरतजंगम नामक नायक,
प्रकृतिका गुणमा सुख चुम्दछ ।
ऋतु विषे यसरी अघि बढ्दछ,
बदनमा मनमोहन चढ्दछ ॥६८॥

–भरत महाकाव्य

भरत जङ्गमको देश चिनाउने उपन्यास

लक्ष्मी अधिकारी 'वर्तमान'

विश्वको सर्वोच्च शिखर यही छ । गौतम बुद्ध र सीताको जन्मभूमि यही हो । प्राकृतिक सम्पदाको धनी, वीर गोर्खालीको देश हो यो । अब यही देश कालो सूर्यका लेखक समाजसेवी, बुद्धिजीवी भरत जङ्गमको देश भनेर चिनिन्छ, भन्छन् लक्ष्मी अधिकारी ।

'कालो सूर्य' सबैले बुझ्ने भाषा र शैलीमा भए पनि यसको शीर्षक बुझ्न त्यति सहज देखिँदैन । नेपाली भाषा साहित्यमा निकै मूल्य र महत्त्व राख्ने यस किताबमा सूर्यका सातै बारका सात अध्याय छन् । सात बारका अलग अलग पात्र छन् । अलग अलग कहानी छन् । प्रत्येक बारमा समाजमा व्याप्त हत्या हिंसा, विकृति विसङ्गति, अत्याचार भ्रष्टाचारजस्ता विविध समस्यालाई अति मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ । यसैले उपन्यास मर्मस्पर्शी छ ।

समाजमा सिर्जना हुने समस्याहरूको स्रोत भ्रष्टाचार र अनैतिकता हुन् । त्यस्तो कुकर्म गर्नेहरूका विरुद्ध तिखो प्रहार गर्दै रचिएको 'व्यूहचक्र', 'रातो घाम' पनि विश्वसाहित्यको शिखरतिर लम्कँदै छन् । यस्ता रचनाहरू लेखेर भरत जङ्गम भ्रष्टाचार विरुद्ध वैचारिक आन्दोलनमा होमिएका छन् ।

विश्वव्यापी रूप लिएको भ्रष्टाचार विरुद्ध सजकता अपनाउन 'कालो सूर्य' को अध्ययनलाई विश्वभर फैलाउन पर्ने विचार राख्ने लक्ष्मी अधिकारी भन्छन्, 'भरत जङ्गमको वैचारिक आन्दोलन हाम्रा भावी सन्ततिका लागि पनि अध्ययन गर्नु पर्ने अवस्था आएको छ । अध्ययन गर्नैपर्छ । त्यो आन्दोलनको सफलतासँग हाम्रो भविष्य जोडिने छ ।'

'कालो सूर्य' ले विश्व जगत्मा ठुलो योगदान अनि थप ऊर्जा दिने नयाँ आयाम रचेको छ । यो कुरामा हामी सबै नेपालीले खुसी मान्नुपर्छ भन्दै लक्ष्मी अधिकारी भरत जङ्गमको सुस्वास्थ्य, शान्ति तथा उत्तरोत्तर प्रगतिको मङ्गलमय कामना गर्दछन् ।

'कालो सूर्य' ससर्ती हेर्दै

डा. वासुदेव त्रिपाठी

जीवन-जगत्का अनुभवको आख्यानीकरण गर्ने विधा उपन्यास हो । भरत जङ्गमका दृष्टिमा यो देशमा घटेका घटनाहरूको उनले गहिरो अध्ययन गर्छन् । तिनैलाई समेटेर 'कालो सूर्य' उपन्यास लेख्छन् । त्यो उपन्यासको विषयमा धेरै विद्वान् लेखकका धारणाहरू सार्वजनिक भए । तीमध्ये डा. वासुदेव त्रिपाठीका कालो सूर्यका पक्षमा निश्चल इमानदारी झल्कने धारणा वा समालोचनाको अभिव्यक्ति (साप्ताहिक द्वैमासिक) वर्ष ११ अङ्क ४ पूर्णाङ्क २७ पौष २०३७ सालमा प्रकाशित भयो ।

हामीले उपन्यासका रूपमा पढ्दै आएको 'कालो सूर्य' उपन्यास विधाको सिद्धान्तको स्वरूपमा नयाँ छ । प्रयोगशील छ । सामाजिक व्यङ्ग्यका व्यञ्जनका हिसाबले यसका विषयवस्तु नवीन आयामका साथ अभिव्यक्त भएको छ । डा. त्रिपाठीका दृष्टिमा यो मर्मस्पर्शी छ । यसमा सामाजिक व्यङ्ग्यको तीव्र सञ्चार भएकाले पाठकहरूले निकै रुचाएका छन् ।

सेतो सूर्यको स्वरूप कालो हुनु भनेको अन्तर्विरोध हो । उपन्यास नामले प्रतीकात्मक छ । त्यही प्रतीकात्मक कृतिको मूल दृष्टिमा केन्द्रित कथ्य सजिएको छ । यो आदर्श र यथार्थबिचको अन्तरालको अध्ययन पनि हो । यहाँ जे भइरहेका छन् तिनै असङ्गतिहरूको व्यञ्जना हो । यसले त्यही पस्कन भरपुर कोसिस गरेको छ । त्यसैले होला डा. त्रिपाठीको रायमा यो सामाजिक व्यङ्ग्यात्मक उपन्यास हो ।

सूर्य समय चेतनाको केन्द्र हो । उज्यालो यसको स्वाभाविक गुण धर्ममा पर्छ । उज्यालोको विपरीत अँध्यारो हुन्छ अर्थात् ग्रहणग्रस्त । कालो बन्नु पदको मर्यादा र आदर्शको व्यतिक्रम समय बुझाउँछ । सूर्य समयको साथै युग चेतनाको आधार पनि हो । यो 'कालो सूर्य'ले सामाजिक विप्रयासको व्यञ्जना दिन खोज्दै गर्दा सामाजिक व्यङ्ग्यात्मक उपन्यासको रूप धारण

गरेको देखिन्छ ।

समाजमा ग्रहणग्रस्तको अवस्था अध्ययनको इरादालाई प्रतीकात्मक नामकरणमा अन्तर्निहित विशेषण विशेष्य पनि झल्केको छ । कुनै परिवेशअर्न्तगत क्रियाशील पात्रबाट जिन्दगीको आख्यान गर्नु आख्यानीकरण हो । उपन्यासको बनोटको नियन्त्रक तत्त्व नै कथानक हो । कथानकको केन्द्रीयताले उपन्यासलाई सङ्गठित तुल्याउँछ । कथाले जब क्रमबद्ध घटनाक्रम प्राप्त गर्छ, अनि कथानक बन्छ । त्यही क्रमताको बनोटको आधारले उपन्यासले सङ्गठित बनोट प्राप्त गरेको हुन्छ ।

'कालो सूर्य' का सात बारका आधारमा सात परिच्छेदको शीर्षक पाएको छ । त्यो शीर्षकभित्र काठमाडौँको व्यतिक्रमको निरीक्षण, पर्यवेक्षण नै यसको परिवेश बनेको छ । त्यसभित्र सात बारले सात शीर्षकको प्रतिनिधित्व गरेका छन् । जुन एक अर्काबाट अलग छन् । कार्य शृङ्खलाको क्रमिकता पनि छैन । बरु 'कालो सूर्य' सामाजिक व्यतिक्रमको मूल तथ्यकै आधारमा यिनीहरूबिच संयोजन भएको छ ।

एक बारमा घटित घटना अर्को बारसँग मिल्दैन । त्यसैले 'म' पात्रको संयोजन परम्परा संयोजित बनेको छ । वर्णन परिवेशमा 'म' पात्र नै पूरा औपन्यासिक संरचनाको केन्द्रबिन्दु बनेको छ । केन्द्रीय पात्र 'म' ले औपन्यासिक रूपमा कथन भर्ने काम गरेको छ । कथयिताको चतुष्कोण भूमिका निभाएको छ । औपन्यासिक संरचनामा उपन्यासकार नै स्वयं म पात्र हुन् भने, प्राविधिक माध्यम आख्यानको प्रतिवेदन हो । यो सातै बारमा केन्द्रित हुनाले केन्द्रीय अन्वितिसूत्र हो । भोक्ता पात्र हो । उपन्यासमा निरन्तर सक्रिय, क्रियाशील उपन्यासको सूत्राधार हो । यसका खण्डा भूमिकाका पात्रहरू 'म' पात्रले खोजेर ल्याई उद्भाषित गरिएको हुनाले यहाँ म पात्र आविष्कारक बनेका छन् ।

सामाजिक व्यतिक्रमको चित्रणमा उपन्यासको मूल दृष्टिबिन्दु केन्द्रित छ । अनि मूल दृष्टिबिन्दुअन्तर्गत परिचालित साधनभै म पात्र गतिशील छ । म पात्रले कैद गरेका ध्वनि अङ्कन, ती प्रत्येक बारका सवाक चित्रावलीमा

उभिएर सवाल-जवाफ दिनुले गौण पात्रलाई समेटेको देख्ने डा. त्रिपाठीलाई 'कालो सूर्य' मा कथानकको स्थिति के छ भन्ने प्रश्नमा भन्छन्, 'प्रत्येक बारका घटना र प्रत्येक परिच्छेद एक कथावस्तुजस्तै देखिन्छन्' ।

यी प्रत्येक बारका घटनाक्रम र कार्य, कारण सम्बन्ध छैन तैपनि यो कथा सङ्ग्रह भने होइन । 'म' पात्रको जानकारी र आदर्श व्यक्तिक्रमको सर्वेक्षणस्वरूप प्राप्त गरेको अनुभव दिन्छ । म पात्र र सात बारका साथ कथाको सामाजिक व्यतिक्रमको सात पाटाको सर्वेक्षण क्रममा आएको प्रवेशमूलक क्रम सञ्चार भएको सामाजिक व्यङ्ग्यात्मक उपन्यास ठहर गर्छन् डा. त्रिपाठी ।

यस कृतिको सामग्री सामाजिक छ । लक्ष्य व्यङ्ग्य छ । आख्यान कथयिता म पात्रको सर्वेक्षक व्यक्तित्वको निरन्तरताको फलस्वरूप स्थूल संयोजन प्राप्त गरेको यो औपन्यासिकता हो । यसैलाई व्यङ्ग्यको प्रयोजन गरिएको छ भन्ने लाग्छ डा. त्रिपाठीलाई । सामाजिक पात्रपात्राका सामग्री कथा हुँदै औपन्यासिकतामा पुगी त्यसको साधन बनेर व्यङ्ग्य साहित्यलाई प्राप्त गर्ने प्रक्रियामा विधागत वास्तविकता प्रस्टिएको छ ।

नेपाली हास्यव्यङ्ग्य (गद्य, पद्य)का फाँटमा फुटकर रचनाहरूको बढी चहल पहल देख्ने डा. त्रिपाठीलाई गद्य फाँटका हास्यव्यङ्ग्यकार प्रायः निबन्ध विधामा रमाएको देख्छन् । आख्यान विधा अँगालेपछि समय शृङ्खलाका आधारमा क्रमिकता प्राप्त गर्दा विधागत धर्मबाट निबन्ध मुक्त छ । पद्य विधामध्ये कवितामा जस्तै निबन्ध पनि समय शृङ्खलाभन्दा पर चहार्न स्वतन्त्र छ ।

हास्यव्यङ्ग्य विधाका हास्यव्यङ्ग्यकार लघु आख्यानमा रमाइरहने बेला 'कालो सूर्य' विधागत नवीन प्राप्ति बनेको छ । विशुद्ध हास्य र विशुद्ध व्यङ्ग्यकारका आ-आफ्ना सम्भावना भए पनि संयुक्त कारोबारतिर लागेको अवस्थामा पाठकहरूलाई 'कालो सूर्य'को व्यङ्ग्यकारको मूल चासो चाहिँ व्यङ्ग्यतर्फ रहेको हुँदा हास्य गौण भएर रहेको छ ।

पाठकलाई सामाजिक सदाचार मूल्य नैतिकता र आदर्शप्रति जागरुक तुल्याउने व्यङ्ग्यचेतनाको धार समातेको हुनाले 'कालो सूर्य' मुलतः व्यङ्ग्यात्मक कृति हो । आयाम औपन्यासिक छ, सामग्री सामाजिक छन् । यो सामाजिक व्यङ्ग्य चेतना र औपन्यासिक तिर्सनाको दोधारमा छ । यसका लेखकको उपन्यासतर्फको आकर्षण प्रबल छ भने चेतनाको स्तर व्यङ्ग्यात्मक चाहनातिर छ । डा. त्रिपाठीलाई पनि लाग्छ यही द्वन्द्वको परिणतिले नै 'कालो सूर्य' सिर्जना भएको हुनुपर्छ ।

यसमा उपयुक्त विधाको सन्तुलित समाधानको सम्भावना नभएको पनि होइन । त्यसका लागि अलग अलग सात बारका सातै पाटाको संश्लेषण भएको बृहत्-आयामिक चरित्र-रचना आवश्यक थियो । चलन चल्तीमा देखा पर्ने फुटकर कथाले 'कालो सूर्य' का लेखकको बृहत्तर्फ दृष्टि दिन नसकेको कुरा पनि औंल्याएका छन् डा. त्रिपाठीले ।

त्यसतर्फ नेपाली भाषाका अन्य लेखकहरूले पनि दृष्टि दिएको पाइँदैन । 'कालो सूर्य'मा विधागत रूपमा विभिन्न पारा र स्वादको सम्भाव्यता देखिन्छ । त्यसभित्रका आत्मकथाहरू खण्ड खण्डजस्ता पनि छन् । सिङ्गो कथा आत्मकथातुल्य पनि छ । तर आत्मकथा भने होइन । बरु प्रथम पुरुष प्रविधिमा लेखिएको औपन्यासिक आख्यान हो । यसको 'म' पात्र अत्यन्तै सक्रिय केन्द्रीय औपन्यासिक पात्र हो । अन्य पात्रहरू परिच्छेद परिच्छेदमा मात्र सीमित रहेका छन् ।

यसका सात बार, सात परिच्छेद पढ्दा म पात्रको उपन्यास व्याप्त सक्रियताको सूत्रले एकै मूल परिवेशको कथा हुन पुगेकाले यो उपन्यास लाग्छ भन्ने डा त्रिपाठीको भनाइ छ । कालो सूर्यको विधागत विविधता रहे पनि व्यङ्ग्य साहित्यअन्तर्गत विविध मिश्रण सम्भाव्यता देख्ने उनी सोही सन्दर्भका सारा तत्त्व प्रयुक्त हुँदा यो नै विधागत धरातल हो भने व्यञ्जनाको अभिव्यक्ति मूल कृति हो । सात बारका नाउँका परिच्छेदमा सात पाटाकै अभिव्यक्ति छन् । व्यङ्ग्यात्मक सामाजिक उपन्यासकार भरत जङ्गमका व्यङ्ग्यदृष्टिभित्र 'कालो सूर्य' का अभिव्यक्ति, रुचि, राष्ट्रिय

र वैदेशिक व्यापारको परिवेशमा बढी केन्द्रित रहेको देखिन्छ । प्रशासन, राजनीति, निर्माण कार्य, राष्ट्रिय व्यापार, विदेश व्यापारको फाँटमा आर्थिक व्यतिक्रमको व्यङ्ग्यात्मक रेखाङ्कन नै 'कालो सूर्य' को मूलभूत प्रतिपाद्य हो भन्छन् डा. त्रिपाठी ।

जे हुनुपर्थ्यो जे भइरहेछ यसबिचको स्थूलीकरण र सूक्ष्मीकरणबाट व्यञ्जना दिने व्यङ्ग्यधर्मका दृष्टिले समाजका प्रत्येक पाटामा लेखक पुगेको पाइन्छ । जे हुनुपर्थ्यो यसको आदर्श अँगाल्ने पात्रहरूको दुर्गति, त्यसको व्यक्तिक्रमको बाटो हिँड्नेहरूको फलिफापले व्यङ्ग्यचित्र तिखारिएको लाग्छ भन्छन् डा. त्रिपाठी ।

धेरैले भन्ने गर्छन्, भरत जङ्गमको 'कालो सूर्य' नेपली उपन्यास विधामा सामाजिक व्यङ्ग्यको नयाँ प्रयोग हो । भरत जङ्गमको व्यङ्ग्य चेतना अति व्यापक र धारिलो देख्ने डा. त्रिपाठी कालो सूर्यमा हाम्रो समाजको आदर्श पाटो दुर्बल र अँध्यारो पाटो प्रबल रहेको व्यङ्ग्यात्मक आख्यानको चित्रावली देख्छन् । समाजको अँध्यारो पक्षलाई दिग्दर्शन गरी उज्यालो पक्ष डुल्दै खोजी गर्ने व्यङ्ग्य विधाको धर्म हो ।

व्यङ्ग्य धर्मका सन्दर्भमा व्यङ्ग्यकारले दृष्टिबिन्दु समाजको व्यतिक्रम विपर्यासमा विशेष केन्द्रित हुन्छ । भरत जङ्गमको 'कालो सूर्य' सार्थक स्मरणीय नेपाली व्यङ्ग्यात्मक उपन्यास सावित गर्छन् डा. त्रिपाठी । त्यही उपन्यास खोजी खोजी पढिरहेका छौं हामी ।

'कालो सूर्य' मेरो सहयोगी उपन्यास

विश्वेश्वरप्रसाद कोइराला

भरत जङ्गमको 'कालो सूर्य'ले प्रकाशन त्यही समय खोज्यो जति बेला जनता विकल्पको खोजीमा मनमनमा आन्दोलित थिए । संयोग त्यो पुस्तक नेपाली राजनीतिका शिखरपुरुष बी.पी कोइरालालाई पढ्ने मौका जुरेछ । त्यसको टिप्पणी गर्दै उनी भन्छन्, 'भरत जङ्गम तपाईंको उपन्यास सत्तारुढहरूले पढिदिए उनीहरूमा निभिसकेको नैतिक चेतना केही मात्र भए पनि पुनः जाग्थ्यो कि भन्ने लाग्छ । उनीहरू सायद आफ्नो एकान्त हृदयमा केही दोषी भावनाले ग्रस्त हुन सक्थे कि ?'

यी वाक्यहरूबाट के देखिन्छ भने, बी.पीले कालो सूर्यमा देशको दारुण चित्र देख्छन् । यस उपन्यासको मूलभूत उद्देश्य थियो देशको दारुण चित्र सबैको सामु प्रस्तुत गर्नु । जुन संवेदनशील नेपालीका लागि ठुलो वेदनाका कुरा पनि थिए । बी.पी भन्छन्, 'मैले राजनीतिमा गर्न खोजेको मुख्य काम थियो राष्ट्रिय जीवनमा नैतिकता कायम गराउनु । कालो सूर्य प्रकाशन हुँदा मलाई लाग्यो भरत जङ्गमले आफ्नो ठाउँबाट मैले गर्ने खोजेको त्यो मूल कामलाई सहयोग पुऱ्याइरहेका छन् ।

'कालो सूर्य' माथिका केही प्रतिक्रियाहरू

शिशिर शर्मा

भरत जङ्गमले एउटा साहित्यिक कृति जन्माए । नाम राखे 'कालो सूर्य' । नाउँ धेरैलाई अनौठो लाग्यो । कतिले त्यो बच्चाको मुख हेरे, कति हेर्न डराए । कतिले लुकेर हेरे । कतिले यो बढ्दै जान्छ, ठुलो भएपछि हेरौंला भने । कतिमा त्यो हेर्ने इच्छा अझै व्याप्त छ ।

जस जसले पढ्न पाए तीमध्ये कतिले टिप्पणी गरेका छन् । कतिले समीक्षा, प्रतिक्रिया जनाएका छन् । थुप्रै पत्रिकाहरूले प्रतिक्रिया जनाएका छन् । समालोचकहरूले समालोचना गरेका छन् । राजनीतिज्ञ कलाकारले टिप्पणी गरेका छन् । टिप्पणीमा धेरै कुरा समेट्न पनि छुटाएका छन् । किन छुटाए ? यसले नेपाली भाषाको उपन्यास जगत्मा नयाँ स्वरूप थपेको छ । बहुभाषामा अनूदित भएर इतिहास रचेको छ । त्यसैले प्रसिद्धि कमाएको छ ।

'कालो सूर्य' बारे विभिन्न व्यक्ति र पत्रपत्रिकाहरूले गरेका टीकाटिप्पणी र समीक्षा प्रस्तुत गर्ने कोसिस गरेका छन् शिशिर शर्माले । सङ्क्षेपीकरण गर्दै प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । तीमध्ये कतिपय खँदिला छन्, सारगर्भित छन्, कति मननयोग्य छन् ।

उपन्यास कालो सूर्य पढिसकेका वरिष्ठ समालोचक रामहरि शर्माको ठुलो धोको रहेछ, नेपाली साहित्यमा सामाजिक तथ्यपूर्ण अनुभवको कसौटीमा निखरा जाँच्ने साहित्य पढ्ने । कालो सूर्यको प्रकाशनले सूचना दिएछ, उनलाई तिम्रा प्रतीक्षाका दिन घट्दै जाने भए । उनलाई अझै लाग्छ, 'म यस्तै जागरुक प्रगतिशील, संवेदनात्मक, देशप्रेमी नेपालीले आफ्नो आधुनिक समाजको चित्रण र विश्लेषण गरी लेखेको लेख हेर्न अझै चाहन्छु ।' उनी लेखकप्रति आशा राख्दै भन्छन्, 'समाजलाई बेसरी घचघच्याउनुहोस्, शुभेच्छा छ ।'

यसैगरी भवानी भिक्षु भन्छन्, 'उपन्यासमा तीन गुण आवश्यक

हुन्छन् । ती गुण हुन्, मर्मस्पर्शिता, सत्यको उद्घाटन, औपन्यासिक रोचकता स्थिर राख्ने लेखन गुणवत्ता ।' कालो सूर्य यी तीनै गुणयुक्त देख्छन् उनी । महान् साहित्यकार एवं राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइरालाको 'कालो सूर्य'प्रतिको धारणा छ, 'यो उपन्यास सत्तारुढ व्यक्तिले पढिदिए सायद उनीहरूमा निभिसकेको नैतिकता पुनः जाग्न सक्थ्यो कि ? आफ्नो एकान्त हृदयमा केही दोषी भावनाबाट ग्रस्त हुनसक्थे कि ?'

देशलाई यो स्थितिमा कसले पुऱ्यायो, राष्ट्रलाई दलदलमा फसाउने काम कसले गऱ्यो त्यसप्रति औंल्याएको हेर्न चाहने बी.पी कोइराला भन्छन्, 'मेरो राजनीतिक उद्देश्य हो राष्ट्रिय जीवनमा पुनः नैतिक मुल्य स्थापना गर्नु, त्यसलाई भरत जङ्गमले आफ्नो ठाउँबाट सहयोग गरेकोमा भरत जङ्गममलाई धन्यवाद ।'

सङ्क्रमण रोगका झैं हाम्रो वर्तमानलाई रुग्ण तुल्याइरहेका समस्यालाई सरल भाषामा परोक्ष रूपमा प्रस्तुत गरेर समाधानका लागि शल्यक्रिया अपरिहार्य भएको कुरा पाठकहरूलाई आकर्षित पार्ने प्रशंसनीय काम गरेका छन्, भन्छन् केदारमान व्यथित । काला रातमा सफेद पोसधारीले गर्ने काला कथाहरूको यथार्थ चित्रण गर्न सक्ने क्षमता र सिद्धताको पनि प्रशंसा गरेका छन् ।

उपन्यास कालो सूर्यको प्रतिक्रियामा मात्रिकाप्रसाद कोइराला लेख्छन्, 'हाम्रो समाजमा देखिएका विकृतिहरूलाई सबैलाई घत लाग्ने गरेर सजीव चित्र उतार्न सफल 'कालो सूर्य' जसले आफूलाई विचित्र चित्रको रूपमा उभ्याइएको छ' त्यो कदम उनलाई अत्यन्त साहसिलो लाग्छ । त्यसैले बधाई दिन्छन् कोइराला ।

'कालो सूर्य' को प्रकाशनदेखि वर्तमानसम्म यसले जेजस्ता आकार प्रकार र रूप लिएको छ, त्यसलाई ध्यानमा राख्दा यो उपन्यास उपन्यासको परिभाषाभित्र पर्दैन भन्न सकिँदैन । यो उपन्यास हो यसका सात अध्यायका सात बारमध्ये कुनै एक झिकिदिँदा न त्यसको स्वरूपमा कुनै फरक आउँछ न यसले पाठकको मनस्थितिसँग सम्बन्ध नै बिगार्छ । तर दौलत विक्रम विष्टलाई वर्तमान समाज हेर्दा यसमा केही वर्गको बाध्य पक्षलाई केलाउन

सकेनौं कि भन्ने लाग्छ ।

कालो सूर्यमा हाम्रो देशको वर्तमान सामाजिक स्थितिमा उत्पन्न भएका विकारहरूको रहस्योद्घाटन गरिएको हुँदा त्यसले पाठक वर्गमा पर्ने प्रतिक्रिया र आफ्नो प्रत्येक कर्मबाट खोज्न कोसिस गरिएका विकारहरू निर्मूल भई समाज र वर्णनात्मक पुस्तकले मानिसहरूको हृदयमा भएको लोभलाई निमिट्यान्न पार्न सक्छन् भन्ने आशा र विश्वास लिन्छन् सूर्यविक्रम ज्ञवाली ।

२०३७ कार्तिमा प्रकाशित रूपरेखा पत्रिकाको 'केही क्षण, अनुभव र अनूभूति' शीर्षकमा उत्तम कुँवर लेख्छन्, 'कालो सूर्य पढेर त्यसभित्र पसेर खोज्दा त्यसभित्र म पात्रले काठमाडौंका अधिकांश वासिन्दाको प्रतिनिधित्व गरेको छ । काठमाडौंले अवैध व्यापार, ठुलाबडा भनाउँदाहरूबाट कालो कर्तुत, साधारण उपभोक्ताहरूले भोग्न परेको महङ्गी, असह्य व्यवहार, भ्रष्टाचारीले पाउने गरेका सम्मान आदि कुराले 'कालो सूर्य' छोपेको छ । यी कुराहरूलाई रोचक तरिकाले पङ्क्तिबद्ध पारेकाले 'कालो सूर्य' वर्तमान काठमाडौंको जीवित इतिहास बन्न पुगेको छ । यी पङ्क्तिहरू पढेपछि लाग्छ हामी कति पतित वातावरणमा बँचेका छौं । कति निकृष्ट स्थितिमा बाँचेका छौं भन्ने कुरा छर्लङ्ग हुन्छ ।'

२०३७ आषाढको अङ्कमा मधुपर्क लेख्छ, 'वस्तुतः यो उपन्यासले सिङ्गो वर्तमानलाई आत्मसात् गरेको पाइन्छ । उता गोरखापत्र लेख्छ, 'कहिलेकाहीं सबै पविार एकै ठाउँमा बसी फलानाले फलानो ठाउँमा बसेर घुस खायो, फलानो यो काण्डमा दोषी ठहरियो आदि कुरा गर्दा बुढापाका भन्थे 'अँधेर भयो ।' कालो सूर्य पढ्दा पाठकहरूलाई पनि कही यस्तै अनुभव हुन्छ ।'

राष्ट्रपुकार २०३८ असार ११ को अङ्कमा लेख्छ, 'भरत जङ्गमले पहिलो पाइला जुन आदर्शमा राखेका छन्, त्यो पाइला उनको पात्र तीर्थरत्नझैं अडिग रहिरहन सकोस् । अझ पनि अपराधका रोगहरूलाई स्पष्ट शब्दमा सफल शल्यक्रिया गर्दै रहनुहोस्, बधाई ।'

यसैगरी आरती साप्ताहिक २०३७ श्रावण १५ लेख्छ, 'यस उपन्यासभित्रका काला अँधेरा कथावस्तु साधारण समाजका लागि अगम्य ठानिएका गल्ली

र गल्छेडाबाट टिपेर राखिएका वा त्यहाँ अचानक पुग्दा आँखाले देखेझैं गरेर प्रस्तुत गरिएका छन् । यसको महत्त्व नेपाली समाजले वर्तमानमा भोग्नुपरेका विकृति विसङ्गति, बिडम्बनालाई खुला र स्पष्ट शब्दमा अभिव्यक्त गर्न सक्नुमा नै देखापर्छ ।'

नयाँ सन्देश आफ्नो अङ्कमा लेख्छ, यसमा तल्लो तहदेखि माथिल्लो तहसम्मका कर्मचारी, मन्त्री र व्यापारीहरूको चरित्र चित्रण जुन रूपमा गरिएको छ, सहीमा त्यो नै यहाँको वास्तविकता हो भन्ने कुरा भन्न हिचकिचाउनुहुन्न ।

देशका अनागरिक व्यापारीले कसरी एकाधिकार जमाएका छन् । कसरी आफ्नो फन्दामा कर्मचारी संयन्त्रलाई नै फसाइरहेका छन् । कसरी हाकिमहरूको मातहतका साना कर्मचारीको विवेक र नैतिकतालाई नङ्ग्याइरहेका छन् । यसको सशक्त चित्र यस उपन्यासमा उतारिएको छ ।

यसैगरी तर्क साप्ताहिक 'आफ्नो २०३७ जेष्ठ तिसको अङ्कमा लेख्छ, 'कालो सूर्य पढ्दा अत्याचारका विरुद्ध जुरमुराउन मन लाग्छ । नेपालीत्वको भावना जागृत गराउँछ । अनि अत्याचारका विरुद्ध आवाज उठाउन मन लाग्छ । 'गैर नेपालीहरूको व्यापारिक प्रभुत्व, उपेक्षित भइरहेको नेपाली जनजीवन, नेपाली राष्ट्रिय कला, संस्कृति विरुद्ध भइरहेको निरन्तर प्रयासबारे सोच्नुपर्ने बेला आएको कुरा उपन्यासले निर्दिष्ट गरेको छ । ज्वलन्त सामाजिक समस्याको हिसाबले उपन्यासको प्रस्तुत पक्ष मननीय छ' भनी जनजागृति साप्ताहिक २०३७ जेष्ठ ६ को अङ्कमा लेख्छ ।

यसरी नै २०३७ मार्ग ६ मा नयाँ किरण पत्रिका लेख्छ, 'कालो सूर्य उपन्यासले समेटेका कथावस्तु समसामयिक छन् । यिनको समाधान सरकारी स्तरबाट मात्र सम्भव हुन्छ । 'जरुरी' पत्रिका आफ्नो ३७ जेठ २८ को अङ्कमा लेख्छ, 'कालो सूर्यका सात दिनमा जङ्गमजी वर्तमान नेपालको गतिविधिसँग विचलित भएको पाइन्छ । वास्तविकतामा देशको स्थिति पनि यही छ ।'

२०३७ जेष्ठको अङ्कमा अर्पण लेख्छ, 'उपन्यासको फाँटमा नयाँ अनुहार लिएर आएको 'कालो सूर्य' ले नेपाली साहित्यमा नयाँ आयाम थप्न समर्थ

भएको छ ।' भने राष्ट्रध्वनि साप्ताहिक लेख्छ, 'लेखक श्रीभरत जङ्गमले नेपाली पाठकका निम्ति एक अति नै महत्त्वपूर्ण पुस्तक हाम्रा सामु राखिदिनुभएको छ । यो अति रोमाञ्चकारी पुस्तकको सम्पूर्ण पक्षलाई केलाउँदा यसले विशिष्टता लिनेमा कुनै शङ्का छैन ।'

यसरी 'कालो सूर्य' उपन्यासका बारेमा विचार राख्नेहरूमा पण्डित यदुनाथ खनाल पनि छन् । उनी भन्छन्, 'प्राकृतिक वस्तुमा विकार उम्रेपछि उल्टो भान हुन्छ । सूर्य कालो बन्नु एउटा विकार हो । राहुको छाप बढेपछि देखिने तथ्यलाई उपन्यासकारले प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । कर्मचारीको प्रमुख हात रहेको न्यायपालिका र कार्यपालिकाबाट हुने गरेका उल्टा प्रतिक्रिया सात बारमा प्रस्टिएका छन् । यो हो देशमा हामीले खेपिरहेको आर्थिक असन्तुलन । यो उनको प्रशंसनीय कार्य हो । आजसम्म उपन्यास विधाका अनेकौँ परिभाषा हुँदै आए तर कुनै पूर्ण हुन सकेनन् । भविष्यमा पनि थपिँदै जाने छन् भन्ने धारणा राख्नुपर्छ । उपन्यासको सार्वभौम मूल्य के हो त ? आजसम्मका परिभाषाहरूले उपन्यासलाई परिभाषित गर्दा देखिने रूप जीवनलाई व्यापक रूपमा हेर्नु वा जीवन जगत्को प्रस्तुति गर्नु हो ।' अन्त्यमा नरहरि भन्छन्, सारांशमा नेपाली उपन्यासका थुप्रै स्वरूपहरूमा कालो सूर्य पनि एक स्वरूपमा थपिएको छ ।'

कालो सूर्यका विषयमा डा. वासुदेव त्रिपाठीको प्रतिक्रिया छ, 'भरत जङ्गमको 'कालो सूर्य' कृति नेपाली उपन्यास विधामा व्यङ्ग्यको नयाँ प्रयोग हो । नेपाली वाङ्मय साहित्यको औपन्यासिक आयाममा नवीन प्रयास हो ।'

शेरबहादुर देउवालाई भने लाग्छ, 'यो नेपाली समाजले भोग्नुपरेका विकृति र विसङ्गतिहरूको सजीव चित्रण भएको लोकप्रिय उपन्यास हो । जसले प्रजातान्त्रिक मानसिकताको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ ।'

'कालो सूर्य' मा धेरैको दृष्टि पुगेको छ । बहुक्षेत्रका धेरै व्यक्तिहरूले धेरै टीप्पणी, समीक्षा र समालोचना गरेका छन् । ती सबैलाई समेट्दा अध्याय नै दुरुह बन्न सक्छ कि जस्तो लाग्छ । त्यसैले यहाँ केही मात्र समेटिएका छन् ।

गौरवको विषय

शेरबहादुर देउवा

नेपाली वाङ्मयको कालजयी उपन्यास 'कालो सूर्य' को बङ्गला अनुवाद विमोचन हुन लागेको बारे जानकारी पाउँदा अत्यन्तै खुसी व्यक्त गर्दै शेरबहादुर देउवा भन्छन्, 'नेपाली समाजले भोग्नु परेका विकृति विसङ्गतिको सजीव चित्रण भएको लोकप्रिय उपन्यास 'कालो सूर्य' ले प्रजातान्त्रिक मानसिकताको विकासमा ठुलो योगदान दिएको छ । यो बङ्गाली भाषामा अनूदित हुन पाउने नेपाली वाङ्मयको पहिलो उपन्यास बन्न पाउनु गौरवको विषय पनि हो ।'

सन्दर्भः व्यूहचक्रमा पाइने विकृति चित्रण र सन्दर्भहीनता

डा. कुलप्रसाद कोइराला

भरत जङ्गमका उपन्यासमध्ये 'कालो सूर्य' र 'व्यूहचक्र' विकृति चिन्तनसँग प्रभावित भएर लेखिएका मानिन्छन् । कालो सूर्य पहिलो कृति हो । सूर्यका सातै बारमा यहाँ हुने गरेका कृत्यहरूको वर्णन गरिएको छ । २०३६ सालको आन्दोलन, सत्ताधारीको सोच र प्रवृत्ति त्यसको कारण कृष्णवर्णी बनेर फैलाउने गरेको कालो छायाको उद्भावनाले व्यवस्थाको दोहोलो काडेको छ । डा. कुलप्रसाद भन्छन्, 'कालो सूर्यले सात फन्को लगाएर नेपाललाई प्रगेलिरहेको छ ।'

यहाँ कालो सूर्य द्वयार्थक छ । सूर्य पद एकातिर तत्कालीन प्रधानमन्त्रीमा परिनिष्ठित देखिन्छ अर्कातिर राजाबाट नियुक्तहरूको सोचाइ र कायशैली देश र जनताका प्रतिकूल बन्दा सूर्य कालो रङ लिएर आएको छ । सूर्य ग्रहणले ग्रस्त हुँदा कालो हुन्छ । यही कालो सूर्यमा सात बारका रूपमा

विकृति चिन्तनले चर्चा कमाए पनि डा. कुलप्रसादलाई स्रष्टाको करनी र कथनीबिचको तादात्म्यको अभावमा त्यो उपन्यास टुहुरिँदै गएको हो कि ? भन्ने लाग्छ ।

२०४१ सालमा भरत जङ्गमको विकृति चिन्तनमा आधारित व्यूहचक्र निस्क्यो तर ती दुवैलाई मौसमी देख्छन् डा कुलप्रसाद । व्यक्तिमा देखिने बाध्य जीवन र सिर्जनात्मक जीवन एकै हुँदैनन् । सिर्जना नितान्त नयाँ बनेर बसेको पनि हुन सक्छ । डा. कुलप्रसाद विश्वेश्वरप्रसादको उदाहरण दिँदै लेख्छन्, उनले यस्तो स्थितिको सिर्जनाको निर्वाह गरेका छन् जुन समय सापेक्ष सिर्जनाको सीमा बनेर बसेको छ ।' राजनीतिक परिवर्तनका छालहरूले समय सापेक्षित मूल्यवान् कृतिलाई अधिमूल्यन र अवमूल्यनको सिकार बनाउन सक्छन् । मनन गर्नुपर्ने कुरो के हो भने नि 'जीवनका रूप आदर्श र हीनतरभन्दा यथार्थ रूप नै धारणको लागि उत्तम हुन्छ ।'

२०१७ सालपछि व्यवस्था टिकाउन आफ्नो सिद्धान्तमा निष्ठावान् स्वाभिमानीलाई कसरी तह लगाउने भनेर काम गरिन्थ्यो भन्ने कुरा प्रस्ट रूपमा उपन्यासमा उतारिएको छ । त्यतिखेर अवलम्बन गर्ने गरेको चुनावी नाटक र भ्रष्टाचार दलालीजस्ता शासनका चरित्र यसमा चित्रण गरिएको छ ।

ऋणमा घरखेत साहुलाई बुझाएर पेट पाल्न निस्केको निमुखो कता कता क्रान्तिमा होमिन्छ, क्रान्ति सफल पनि हुन्छ तर क्रान्तिपछि दरबारले कसरी झेल सुरु गऱ्यो भन्ने कतै देख्दैनन् डा. कुलप्रसाद । जनताका नेता विरुद्ध द्रोहको आरोप लगाउँथे । तिनका विरुद्ध तुच्छ शब्दावली प्रयोग गरिन्थ्यो भन्ने कुरा ...कथानकमा उतारिएको छ । लकडी या लड्की जे दिएर भए पनि मानिसलाई तत्त्वहीन बनाउने धेरै खेलहरूको ...बेपत्ता पार्ने, डाँका लगाएर विरोधीलाई मार्ने खेलका प्रसङ्गहरूको झनक व्यूहचक्रमा पाएको बताउँछन् डा. कुलप्रसाद ।

जे गरेर भए पनि एउटा व्यक्ति र परिवारको हितका लागि सत्ता सञ्चालन गर्ने गरिएको वर्णन पाइन्छ भने कालो सूर्यमा मञ्चीय र नेपथ्य पात्रहरूको अभिव्यक्ति कठपुतली बनेर लटाइको चङ्गाझैँ गोप्य रूपमा सञ्चालन भएका थुप्रै सङ्केत देख्ने डा. कुलप्रसाद भन्छन्, 'जुनसुकै बादलमा चाँदीको घेरा हुन्छ भन्ने कुरा हेक्का राखेको छैन । तत्कालीन अवस्थामा प्रशासकीय प्रमुख राजा रहेकाले त्यति बेलाका सारा राम्रा नराम्रा कामको उत्तरदायित्व राजाले नै बेहोर्नुपर्छ ।' यो कुरा उपन्यासमा नदेख्दा डा. कुलप्रसादलाई सहज लाग्दैन । उपन्यसाकारले चाहेको भए कुनै न कुनै रूपमा साहित्यको माध्यमबाट ध्वनित गराउन सक्थे भन्ने उनको राय छ । कथा पट्यारलाग्दो बन्नु त्यसको विकासक्रम रोचक र कसिलो बन्न नसक्नु यसका कमजोरी देख्छन् उनी ।

आख्यानको रमणीयपन, चारित्रिक विलक्षणता, विचार सिर्जनाको सौष्ठव कुनै पक्षमा उल्लेख नहुनु, हीन रुचि, जीवनका हीनतर प्रक्षेपणलाई कलात्मक बान्की दिएर प्रस्तुत गर्न सकिन्छ । उपन्यासलाई रोचक र पठनीय बनाउने कुतूहलताले हो ।

घटनाहरूको संयोजनले आख्यान निर्माणका सूत्र खोज्छ । तिनलाई उपयुक्त स्थान र माध्यमबाट डोऱ्याउँदै लगेर आख्यानप्रतिको आसक्ति सिर्जना गराउन सकिन्छ। कथोपकथनबाट नयाँ घटना र परिघटना निर्माणको कौशल देखाउन सकिन्छ । यस दृष्टिकोणबाट हेर्दा डा.कुलप्रसादलाई लाग्छ यो व्यूहचक्र उमेर पुगेकी युवतीको छाती सपाट भएजस्तै छ ।

घुम्न त घुम्छ यो सीमासम्म पनि पुग्छ तर बाहिरभन्दा काठमाडौँमा केन्द्रित छ । यहाँका शक्ति केन्द्रहरू र कार्यालयहरूको अन्तर्बाह्य आकार र प्रकृतिको वर्णन प्रभावशाली बन्न नसकेकाले त्यसको सजावट मानवीय चलखेलको प्रक्षेपण पनि पट्यार लाग्दो देख्छन् । पूरा उपन्यास आवेशपूर्ण अभिव्यक्तिले भरिएको छ ।

डा. कुलप्रसाद भन्छन्, राजनीतिक पाटोका विकृतिको चित्रण गरेर

गम्भीर सन्देश दिन सकेको भए उपलब्धिपूर्ण हुने थियो कि ? परिवेशका दृश्यहरूमा सुन्दरता भर्न नसकेर उपन्यासका पक्षहरू नीरव देखिन्छन् । व्यूहचक्रले २०१७ सालपछिको व्यवस्थाका धोकापूर्ण प्रक्षेपणबाहेक अरू कुनै पक्षलाई प्रभाव पार्न सक्ने गरेर सुन्दरता जगाउन सकेको देख्दैनन् डा.कुलप्रसाद । पात्रलाई केन्द्रमा राखेर उसको वरिपरिको परिवेशमा गरिएको चित्रणमा राजनीतिक पद्धतिको सैद्धान्तिक र व्यावहारिक पक्षका समानान्तर पक्षको प्रस्तुति नदेखिनु, पञ्चायती व्यवस्था र तिनका हीन वृत्तिहरूको चित्रण मात्र प्रस्तुत गर्नुलाई त्यति उचित नठान्ने डा. कुलप्रसाद पञ्चायत व्यवस्था नै हैन, जनता दबाएर अभीष्ट पूरा गर्ने षड्यन्त्रको घेराबन्दी मात्र हो भन्दछन् ।

'व्यूहचक्र' महाभारतको लडाँइमा प्रयोग भएको युद्धमा बैरीलाई गतिहीन बनाएर आफ्नो जित सुनिश्चित पार्न रचिने सैनिक युद्धकलाको प्रकार जनाउने शब्दावली हो । उपन्यासलाई किन व्यूहचक्र भनिएको होला ? राजाबाट २०१७ सालमा लागु गरिएको तन्त्रले जनताले विश्वास गरेका दल र दलका नेतालाई निस्प्रभ पार्ने चाललाई व्यूहचक्र भनेको होला कि ? यसमा कोसी र गण्डकजस्ता सम्झौताको विषयमा भनिएको छ । यो सम्झौता देशवासीको भाग्य विधाता हुन सक्छ भन्थे । यदि देशका सांसदहरूले यसको महत्त्व बुझेर तदनुसार काम गरेको भए, बुझ्केनन् ।

व्यूहचक्रले स्रोत साधन राष्ट्रको हितमा प्रयोग हुन नसकेका विषयमा पनि कुरा चलाएको छ । इतिहासमा भए गरेका राम्रा नराम्रा घटनाको प्रक्षेपण गरेको छ तर त्यसमा औपन्यासिकता छाउन नसकेको बताउँछन् डा.कुलप्रसाद । जलाधारको सदुपयोगमा लगानीकर्ताको ठुलो राजनीतिक र आर्थिक चलखेल रहँदै आएको कुरा भने कटु सत्य यथार्थ नै हो ।

उपन्यास न कुनै एकान्त चिन्तनको तरङ्गरेली हो न कुनै तालसुरको गफ । डा. कुलप्रसाद भन्छन्, 'व्यूहचक्रमा कतिपय सन्दर्भहरू निरर्थक लाग्छन् तर पनि भनिन्छ सामान्य समाजभन्दा एउटा पत्रकार दस दिन जेठो

हुन्छ । पत्रकारभन्दा एउटा साहित्यकार एक युग जेठो हुन्छ ।'

पञ्चायती व्यवस्थाका मन्त्रीहरूको निरीहपन कुरा बुझे पनि नबुझे पनि फायलमा सही गर्नुपर्ने बाध्यता सदर दस्तखतको साँचो मार्नुपर्ने अवस्थामा फाइल आउँथ्यो मन्त्रिकहाँ सदर भएर कार्यान्वयनमा जान्थ्यो । यही रीति थियो पञ्चायती व्यवस्थामा । यी वाक्यहरू पढेपछि डा.कुलप्रसादलाई लाग्छ त्यो व्यवस्था नै रहेनछ प्रशासनिक एकाइ मात्र रहेछ ।

निजामती कर्मचारीतन्त्र कस्ता निर्णयहरू गराउँथ्यो भन्ने देखाउन पनि खोजिएको छ उपन्यासमा । अङ्ग पुऱ्याएर लगेको कागजमा मन्त्री सही गर्न बाध्य हुन्थे । सचिवको सालोलाई सकारी पैसामा बाहिर पढ्न पठाइन्छ, त्यसैलाई प्रथम श्रेणीमा नियुक्त गरिन्छ, सो कुरा मन्त्री र सचिवबिचको वार्तालेि पुष्टि गर्छ । त्यति बेला कानुन काइदा पालना गर्नु नपर्ने भन्ने उदारण पेस गरिएको वर्णनलाई उपन्यासमा विकृति चित्रणको परिवेश मान्न सकिन्छ ।

अनौठो स्थिति त्यतिबेलाको एकातिर राजाको जयजयकार गरिने अर्कोतिर कसरी राज्यको ढुकुटीमा लुट मच्चाइन्थ्यो भन्ने राम्रो चित्रण गरिएको छ तर लुट्ने प्रक्रिया चलाउने राजा र उनको सामान्तशाही आचरणका सम्बन्धमा कतै व्यूहचक्रमा बोलिएको नपाउँदा यसमा उपन्यासकारको गम्भीर सीमा बनेको देख्ने डा. कुलप्रसाद भन्छन् 'दलालतन्त्र, अर्बौंका घोटाला, गाई, गलैँचाजस्ता काण्डहरू घटित भइरहन्थे ।'

व्यूहचक्रका आधारहरू बताउने क्रममा डा. कुलप्रसाद भन्छन्, यसले पहिलो परिधिमा पृष्ठभूमि तयार पाऱ्यो । दोस्रो परिधिमा नेपालको चित्र प्रस्तुत गरेको छ । जसमा भ्रष्ट नेता र अयोग्य कर्मचारीले उधुम मच्चाएर माड्दा देशमा धुलो उडेको छ । तेस्रो घेरामा पञ्चायत, अनि पञ्चबिच हुने गरेका खिचातानी र षड्यन्त्र गर्ने प्रवृत्ति र त्यसलाई केन्द्रले कसरी मलजल गर्छ भन्ने चित्र छ । चौथो घेरामा प्रजातन्त्र र समाजवादी विचार धाराका

विद्यार्थीमाथिको दमन र प्रतिबन्धका दबाबहरूको झलक प्रस्तुत छ ।

पाँचौँ घेरामा राष्ट्रिय पञ्चायतको चुनावी नौटङ्की, वर्गीय सङ्गठनको स्वाङ, गाउँफर्के सिन्डिकेटको चित्रण छ भने छैटौँ र सातौँ परिधिमा पञ्चको शासन देखाउने दाँत राष्ट्रिय पञ्चायत चपाउने दाँत दरबार र दरबारको निगरानीको जाँचबुझ समितिलाई समेट्न खोजिएको छ । नवौँ घेरमा डा. कुलप्रसाद गाउँफर्के चरित्र र पञ्च कुकृत्यको वर्णन देख्छन् ।

भरत जङ्गमको व्यूहचक्रमा मुख्यत: राजा प्रमुख बनेका तीन दशकभन्दा बढीको समय, नेपाली समाज, राजनीतिक पद्धति, प्रशासनिक संयन्त्रमा छाएको भ्रष्ट पद्धति र विचलन, वैचारिक असहिष्णुता, पञ्च पञ्चबिच गुटबन्दी, अन्याय अत्याचार, भय, त्रास र आतङ्को चित्रण गरिएको छ । राजनीतिक पद्धति भनेर राजाले लादेको व्यवस्थालाई राजनीतिक व्यवस्था थियो भन्न सक्ने कुनै आधार नै छैन भन्छन् डा. कुलप्रसाद । त्यसैले त्यो व्यवस्था लक्ष्यविहीन थियो ।

विकृति चित्रणमा विश्लेषण केन्द्रित रहँदा सायद अरू पक्षको पश्चगमन फितलो देखिन्छ । परिवर्तनको रूपरेखासँग शासन शैलीको अतुल भिन्नतामा व्यवस्थाले घुँडा टेक्छ । त्यही प्रगतिका बाधकहरूको चित्रण गरिएको उपन्यास हो व्यूहचक्र । यो समय, समाज र शासनको ऐना हो ।

'चक्र' सँगै एक फन्को

माधव भण्डारी

व्यूहको चक्रसँगै एक फन्को मार्दै गर्दा माधव भण्डारी यसमा केन्द्रीय पात्र देख्दैनन् । कथा तन्तुक्षीण देख्छन् । उपन्यासको परम्पराको पालना भएको पनि देख्दैनन् । यसको मूलवस्तु भने देख्छन् । त्यो मूलवस्तु हो व्यूह ।

व्यूहचक्र वा चक्रव्यूह वेदव्यासद्वारा महाभारतमा रचिएको शब्द हो । त्यो चक्रव्यूहमा वीर बालक अभिमन्यु मारिन्छन् । यो चक्रव्यूह युद्ध जित्नका लागि रचिन्छ तर यहाँ वर्तमानमा देशको राजनीति, आर्थिक अनि भ्रष्टाचारतन्त्रको दुर्भेद्य व्यूहरचनाको वास्तविक यथार्थको कथा व्यूहचक्र बनेको छ । यसमा भेदनकर्ता भने देखिँदैन ।

महाभारतको चक्रव्यूह र भरत जङ्गमद्वारा लिखित 'व्यूहचक्रमा' भने समानता देख्छन् माधव तर यसमा महाभारतमा झैं अर्जुन कतै देखिँदैनन् । 'व्यूहचक्र' का नौ परिच्छेद नामको पुत्र ती पुत्रले पाएको सामग्रीलाई छुट्टै अंशको महत्त्व दिइएको छ । त्यसैले यहाँ विशिष्टता देखिन्छ । यसको पृष्ठभूमि विविध प्राकृतिक अवस्था र पात्रहरू बोके पनि परिणामगत लक्ष्यको स्वार्थ एउटै छ तर पनि भण्डारीलाई लाग्छ, 'व्यूहचक्र' लाई उपन्यासीकामा राख्नुपर्छ कि ?

व्यूहचक्रमा अधिकतम उपस्थिति भइरहने गुमानसिंहलाई विगत अनि उसकै वर्तमानमा उसको व्यवहार सम्झँदा ऊ आत्मग्लानिले पानी हुन्छ । उपन्यासको अन्तिम घेरा राणाकालीन अवस्थाको स्मृति, एकलाप या आत्मवर्णन छ भने पहिलो घेराको आरम्भमा इमानसिंहको गरिबीपूर्ण अतीत, राणाकालीन हत्याहिंसा र षड्यन्त्र, अरूलाई उठ्न नसक्ने गरेर थिच्ने प्रवृत्तिका स्मरणहरू समेटिएका छन् ।

सत्ताधारीहरूको पाउ समातेर न्यायको भिख मागेका दृश्यहरूको

वर्णनलाई लेखकका शब्दहरूमा प्रस्ट्याउँदा 'उस बेला राणाकालमा अन्याय पर्दा पीडित राणाको बग्गी समातेर न्याय पाऊँ प्रभो ! भन्दै चिच्याएर न्याय माग्ने चलन अझसम्म गएको छैन ।' साहुको ऋण तिर्न नसकेर जग्गाको पाटो नै बेच्न बाध्य गुमानसिंह गुमानबहादुरबाट गुमानसिंह बन्दै मन्त्रीलाई तह लगाउन सक्ने गाउँ फर्क केन्द्रको मुख्य सामर्थ्यवान् पदमा आसीन हुन्छ अनि निर्वाचनमा आफ्ना मानिसहरूलाई सर्वसम्मत गराउँछ । आसेपासेजतिलाई केन्द्रीय पदसम्म पुऱ्याउँछ ।

ठुलो पद र प्रशस्त धनसम्पति कमाएर पनि तनावमा छटपटिइरहने गुमानसिंह कसैले आक्रमण गरिरहेको भान हुनमा उसले गरेका मनपरीतन्त्रको भविष्यमा हुन सक्ने विद्रोह वा प्रताडितको वास्तविकताप्रतिको त्रासको प्रतिबिम्ब हो । जसलाई नियन्त्रण गर्न ऊ नशाको सहारा खोज्छ । विद्यार्थी आन्दोलनप्रतिको बराबर दमन, चुनावको नौटङ्की, मतदातालाई फर्जी बनाउँदै शक्तिका महापुरुषहरूको आशीर्वादका कुकृत्यहरूको रैलोछेलो छ यहाँ । सातौँ घेरामा वरिष्ठ मन्त्री जनतालाई सस्तोमा तेल खुवाउने बहानामा 'रेप्सिड' तेल आयात, सरकारी आय बढाउने बहानामा कुहिएको कत्था निर्यात गराउन कर्मचारीमाथि दबाबजस्ता कार्यले मन्त्री पद नैतिक रूपमा कति गिरेको थियो भन्ने देखाउँछ । दोस्रो घेरामा देशका लागि जीवन उत्सर्ग गर्ने सहिदका वृद्ध माताको दारुण कथा छ । उपन्यासकी यी एकल महिला पात्रको हृदयस्पर्शी कथा लिएर उपस्थित भएकी छन् ।

२०४१ सालको सेरोफेरोका यी चित्र निकै सजीव रूपमा कोरिएका छन् । यसमा केन्द्रीय पात्र देखिँदैनन् तर पनि पुस्तकले देखाएको मूल विषयवस्तु व्यूह नै हो । सत्तासीनको कुटिल चाललाई पुस्तकभित्र उपन्यासको रूपमा स्थान दिएर प्रस्ट्याउन सफल देखिन्छन् लेखक ।

व्यूहचक्रबाट चक्रव्यूह भेदन

राजेन्द्र सुवेदी

समाजमा देखा पर्न आउने राजनीतिक, सांस्कृतिक विसङ्गति अनि आर्थिक विषमता, प्रशासनिक र शैक्षिक अराजकताजस्ता ऋणात्मक विशेषताहरू सिर्जना बनेर भरत जङ्गमको सिर्जनाभित्र बसेका छन् । २०३० देखि ५० सम्म भएका राजनीतिक, सांस्कृतिक, आर्थिक मूल्यमान्यता, राजनीतिक घटना र आर्थिक अपराधलाई विषयवस्तु बनाउँदै आधारभूत दिशा दिन क्रियाशील भए पनि ऐतिहासिक देखिन्छन् भरत जङ्गम । 'व्यूहचक्र' उपन्यास वर्तमानमा सामाजिक भए पनि ऐतिहासिक भनेमा फरक नपर्ने देख्छन् प्रा. राजेन्द्र सुवेदी ।

यो भरत जङ्गमको दोस्रो उपन्यास हो । यो मध्यम साइजको कृतिमा २०३७ देखि ४१ सालको अवधिको राष्ट्रिय परिवेश, वस्तु, पात्र र द्वन्द्वलाई समेट्न प्रयत्न गरेका छन् । नौओटा अध्यायमा फैलिएको यो उपन्यासले ' व्यूहचक्र' बिम्बार्थ प्रस्तुत गर्ने उद्देश्यले घेराको संज्ञा दिइएको छ । स्थानीय तहदेखि सर्वोच्च तहसम्मका अङ्गहरूबाट भएका कुकृत्यलाई उजागर गरिदिने ध्येयले विषयवस्तुको तर्जुमा गरिएको छ ।

पहिलो घेरामा नेपाल एकीकरण अभियान, सुगौली सन्धि, राणा शासनको उदय र पतन, २०१७ सालपछिको व्यवस्था, नेपालको प्राकृतिक सौन्दर्य, संस्कृति इतिहास, जीवनशैली अनि केन्द्रीय चरित्रमा उभिएको शासन सञ्चालनको बिम्ब, इमानसिंह लगायत मातृकादेखि विश्वेश्वरसमेत बिम्ब बनेका छन् ।

दोस्रो घेरामा तत्कालीन बिम्ब बनेको कार्यकारी पदलाई भेट्न र परामर्श गर्न आउने हितैषी र आफन्तको चाप्लुसी चुक्लीजस्ता कुकृत्यहरू छन् । त्यस व्यवस्थाको नियमानुसार पद वहाल गरेका प्रधानमन्त्रीहरूदेखि

सम्बन्धित तल्लो तहसम्मका शासक, कार्यकर्ता आफन्तको सञ्जालमा फसेको देखाइएको छ ।

सत्ताबाट खुस्केपछि अप्रत्यासित रूपमा छिँडीमा डेरा बस्न पुगेको इमानसिंह अनि घरबेटी वृद्ध आमा जसको छोरा १९९७ सालमा मारियो त्यही छोरो जिउँदै फर्कने आशामा प्राण धानिरहेकी छन् । यही कथामा बनेको छ तेस्रो व्यूह । मन्त्रीका आदर्श पुरुषको निर्देशनमा रचिएको व्यूहका बिच पिल्सिएका जनताहरू र तिनले भोगेको दुःखकष्ट पनि यही घेरामा समेटिएको छ ।

चौथो घेरा वा व्यूहमा आदर्श पुरुष छन् । उनको निर्देशनमा देशलाई भड्खालोमा हाल्ने दुष्कर्मी, दुष्चरित्रको चर्तिकला छ । विश्वविद्यालयका विद्यार्थीहरूमा ऍंजेरूझै उम्रेका दुराचार, अनैतिकता, अनुशासनहीनता, शिक्षकको अशैक्षिक आचरण, शैक्षिक नीतिको अस्थिरता अनि असफलताजस्ता विषयहरू यस घेरामा व्यूह बनेका छन् । आदर्श पुरुषको निर्देशनमा रचिएको चुनावको नौटङ्की, सर्वसम्मत चयन प्रक्रिया, आदर्श पुरुषका महङ्गा आचरणको अनुसरण गर्ने कुकृत्यहरूको कुशासनको चक्रव्यूहमा जनता पिस्ने आचरणले प्रजातन्त्रको मूल्य ऋणात्मक दिशातिर धकेल्ने धृष्टता गरिएको विश्लेषण छ यस घेरामा ।

आदर्श पुरुष बिम्बको अभिनय गर्न खोज्नेहरू आफूलाई आदर्श पुरुष नै सम्झन्थे । राज्यको उच्च तहमा पदासीन तिनै व्यक्तिहरूदेखि वडा तहसम्मका पञ्चहरू पनि आफूलाई आदर्श पुरुष सम्झने वा त्यसको अंश ठान्ने बखानी स्थितिको नग्नता उद्घाटन गरिएको छ । यो छैटौँ व्यूहमा व्यवस्था र त्यसका पुजक तथा पोषकहरूको क्रियाकलापलाई बडो कटु ढङ्गले आलोचना गर्न सफल छन् उपन्यासकार ।

सातौँ घेरामा अनुशासनको शिथिलता व्यवस्थाका कार्यकर्ता, पदाधिकारी, व्यापारी, ठेकेदार, र उद्योगपति मिलेर गरेका शोषणको स्वरूपको वर्णन

छ । राजनीतिक व्यवस्थाको प्रदूषण, दुर्गन्धको स्रोत, आदर्श पुरुषलाई ढाल बनाएर राष्ट्रको रस चुस्न पल्केकाहरूको वर्णन छ ।

इमानसिंहका इमानमा पसेका झस्काहरू, देशका आदर्श पुरुषका झस्काहरू पनि बिम्ब बनेर उपन्यासमा प्रकट भएका देख्छन् प्रा. सुवेदी । उनी भन्छन्, 'देश दुब्लाउँदै जाने व्यक्ति मोटाउँदै जाने प्रक्रियामा कडीहरू कहर बनेर प्रकट भएका छन् ।'

आठौँ घेरामा इमानसिंहको राजनीतिमा पुनःउत्थानले सुदृढको सङ्केत गरेको छ । उच्च तहमा वहाल इमानसिंह केन्द्रदेखि तल्लो तहसम्म पद वितरणमा व्यस्त हुँदा देश निर्माणको जिम्मा बिर्सेर आफ्ना सन्तान दरसन्तानको इतिहास रचाउने काममा लागेको बिम्ब निर्माण भएको छ । आफ्ना सबै आफन्तलाई पद र अवसर दिन जागरुक इमानसिंहलाई आँखा, कानबन्द पुरुषझैँ व्यूहबाट निस्कनै नसक्ने गरी फस्दै गएको देखाइएको छ ।

नवौँ घेरामा इमानसिंह आफूलाई आदर्श पुरुष भएको अनुभव गर्छ । ऊ विभिन्न राष्ट्रिय समस्या र राजनीतिबाट थकित देखिन्छ । उसमा पलायनका भावहरू उम्रिन थाल्छन् । अनि इमानका पक्षहरू बेइमानीमा परिणत हुन्छन् । ऊ आफू बेइमानीमा हराउँदा देश नै मै हुँ भन्ने घमन्डको व्यूहमा भासिन्छ र उपन्यासको अन्त हुन्छ ।

महाभारतको युद्धमा रचिएको चक्रव्यूहमा धर्मको पक्षका किशोर योद्धा अभिमन्यु मारिन्छन् । यो उपन्यासमा जनतालाई केवल आश्वासनको व्यूहमा अल्मल्याइन्छ । धाक रवाफको निर्बाध चल्तीमा आतङ्क लुकेको हुन्छ । प्रलोभनको मोहनी मोहितता छ । सत्ता सम्पन्न व्यक्तिको सम्मोहनको व्यूहमा जनता अभिमन्यु बनेको देख्छन् प्रा. सुवेदी । उनी भन्छन्, 'देशको विकास, अर्थ, शिक्षा, स्वास्थ्य, सञ्चार, संस्कृति मोहजालमा समावृत्त बनेका छन् । देवी भागवतमा नौ ओटी देवीको घेराको मध्यमा परम् आद्य दुर्गामाता विराज रहन्छिन् । त्यसै गरी आदर्श पुरुषको बिम्बमा इमानसिंहजस्तै

आवरणहरू आदर्श पुरुष बनेर सर्वसाधारणले भेट्नै नसक्ने गरी जेलिएको रहेको जालको वर्णन हो यो उपन्यास ।'

सानो पातलो शरीर धारणा गरेको उपन्यासमा साधारण व्यक्तिभन्दा शासन सञ्चालनको जिम्मेवारी बोकेका व्यक्तिहरूको बाहुलता छ । परिवेशमा देशको पूर्व, पश्चिम र दक्षिण भाग स्पर्श गरे पनि उपन्यास राजधानीमा बढी केन्द्रित छ । भाषाशैली संरचना छरितो मिठो हुनु उपन्यासको उपलब्धि नै हो भने वर्तमानलाई ऐतिहासिकीकरण गर्ने तथ्य आख्यानीकरण गर्ने कलामा लेखकलाई पूर्ण सफल देख्छन् प्रा. सुवेदी ।

अहिलेको आन्तरिक र बाह्य राजनीतिक कुटनीति, विदेशनीति सञ्चालनमा अप्रत्यक्ष रूपबाट विदेशीलाई गुहारिरहेको त छैन ? जस्तो लाग्छ । २०४० सालतिर देशी, विदेशी चलखेलको भुमरीमा देश भासिँदै थियो । त्यसको प्रमुख कारण शासकहरूको सत्तामोह थियो । जुन अहिले पनि ज्युँका त्युँ छ । यसले हामीलाई पराधीन पार्दै लगिरहेको छ ।

त्यति बेलाका जागरुक विद्यार्थीले यसमा व्यूह देखे । त्यसका विरुद्ध आन्दोलनको प्रयास गरे । आन्दोलनलाई सत्ताधारीले उल्टो व्यूह देखे, दबाउन प्रयास गरे । भरत जङ्गमलाई लाग्यो देशलाई विदेशी प्रभावबाट मुक्त राख्नै पर्छ अनि जनतालाई उत्प्रेरणा जगाउन व्यूहचक्र लेखे । उनले विकृतिका सञ्जालमा फसेका सद्वृत्ति र दुवृत्ति दुवैलाई उपन्यासमा प्रस्तुत गरे ।

'कालो सूर्य' र 'व्यूहचक्र'

विनोद शर्मा

'कालो सूर्य' उपन्यासमा सूर्यका सात बारका नामका अध्याय छन् । तिनमा पञ्चायत कालमा हुने गरेका भ्रष्टाचार, अनैतिकता, विकृति र विसङ्गतिहरूको फेहरिस्त छ जुन धेरै वास्तविक र मार्मिक लाग्छन् । ठगहरूको बिगबिगीको वर्णन उत्कृष्ट र उत्तम छ, सोमबार र शनिबारमा वर्णन गरिएका यी घटनाहरू वास्तविक, उत्तम र मार्मिक लाग्छन् विनोद शर्मालाई । नेपालका ठग्ने र ठगिनेहरूको वास्तविकता पनि उत्तिकै उत्तम र मार्मिक लाग्छ भन्छन् विनोद शर्मा । नेपालका ठग र ठगिनेहरूको कथाको प्रतिनिधित्व गरेको छ कालो सूर्यले ।

शनिबार, न्याय क्षेत्रका कमजोरी, वकिलहरूको आचरण, अदालतको तहगत निर्णयको विवादमा मुद्दा फैसलामा पुस्ताले खेप्नु पर्ने जटिलता, भ्रष्टआचरणजस्ता विकृतिले ल्याउने अशान्ति, हत्याहिंसा आदि छन् । बुधबारको जँड्याहा मन्त्रीको प्रसङ्गलाई विनोद शर्मा रोचक ढङ्गले हेर्छन् । मन्त्रीको चालाले उच्च पदमा पुग्नेको आचरणको संस्कृति विचलन, अनुशासनहीनता र छुच्चोपनको प्रतिनिधित्व गरेको छ ।

एउटा गरिब तिब्बती शरणार्थी नेपालका मूर्ति तस्करी गरेर कसरी छोटो समयमा अमिर बन्छ, कसरी अमेरिका युरोपमा बसोवास गर्न सक्ने हुन्छ, कसरी नेपालको नागरिक बन्छ भन्ने रोचक प्रसङ्गहरूले विनोद शर्मालाई पनि तरङ्गित तुल्याउँछ । नेपालका प्रायः सबै क्षेत्रहरूमा भ्रष्टाचार व्याप्त छ । ती सबै कालो सूर्यमा समेटिएका छन् ।

नेपालमा ड्रग्स माफियाहरू छन् । तिनीहरूले गोप्यताका साथ शासन

जमाएर बसेका छन् । देशले ट्रान्जिट बिन्दुको दुर्नाम खेपेको छ । भदौ १६ को घटना मानव तस्करीको उदाहरण हो भन्दै विनोद शर्मा भन्छन्, 'मानव तस्करी र लागु पदार्थ ओसारपसारको विषय कालो सूर्यमा किन समेटिएन ?'

साहित्य समाजको दर्पण हो, यसमा कुनै शङ्का छैन । ४६ सालको आन्दोलन सफल हुनुमा कालो सूर्यको ठुलो भूमिका रह्यो भनिन्छ । दुर्भाग्य आन्दोलनपछि पनि पञ्चायती संस्कारलाई निरन्तरता दिनाले त्यो उपलब्धि छिटै गुम्यो । विनोद शर्मा भन्छन्, 'यो उपन्यास उत्कृष्ट छ । समाजमा देखिएका घटना र दृश्यांशहरूमा चेतनाको स्वतन्त्र प्रयोग भएको छ ।

व्यूहचक्र

'यी वर्ग न सोझा गाउँले हुन् न सहरिया, न बुद्धिजीवी हुन् न मूर्ख, न जान्ने सिपालु हुन् न अन्जान । यी सबै अधकल्चा हुन्छन् तैपनि आफूलाई सभ्य, सिपालु, बुद्धिमान्, सही नेतृत्व गर्न सक्ने घोषणा गर्दै आफ्नो दुनो सोझ्याउन यिनीहरू व्यस्त रहन्छन् । यिनीहरूमध्ये धेरैलाई जिम्मेवारीको कुनै मतलब रहँदैन । केवल आफ्नो स्वार्थसिद्धिकै मूलभूत लक्ष्य लिएर प्रवेश गरेकाहरूले केही गर्छन् भने त्यो स्वार्थवश गर्छन् । केही भन्छन् भने आफ्नो लागि मात्र भन्छन् ।'

उपर्युक्त वाक्यहरू 'व्यूहचक्र'को पाँचौं घेरामा व्यक्त गरेका छन् लेखकले । नेपालको सही वास्तविकता यही हो । उपन्यासले देखाउन खोजेको सारतत्त्व पनि यही हो । यी विचारसँग विनोद शर्माको विश्वास छ । यी विश्वासपूर्ण पदको विश्लेषण गर्दै भन्छन्, 'यी शब्दहरूले मेरो विश्वासलाई धेरै समेटेका छन् ।'

व्यूहचक्रमा समय किटान नभए पनि राणाकालदेखि पञ्चायतसम्मका राजनीतिक, सामाजिक र आर्थिक विकृति विसङ्गतिलाई झुल्याइएको छ । भित्रका नौ घेरामा राणाकालका बर्बरता, निर्दलीयताको निरंकुशता, सात

सालपछि विकसित भएका राजनीतिक, सामाजिक, आर्थिक घटनाका दुर्बल पक्षको पनि विश्लेषण छ ।

आठौँ घेरामा माननीय र मन्त्रीबिच भएको व्यक्तिगत कुराकानी छ । अनि टाढा टाढाबाट मन्त्रीलाई भेट्न आएका जनताले मन्त्रीको दर्शन भेट नपाएको नाजुक दृश्य बडो रोचक किसिमले प्रस्तुत गरिएको छ ।

नवौँ घेरामा पनि विनोद शर्मासँग मिल्ने केही हरफका प्रसङ्गहरू छन् । दरिद्रता नघट्दा सरकार स्थिर हुँदैन । अवसरवादीको बोलावाला चल्छ । त्यस्ता व्यक्तिहरू दायित्वबाट पन्छिएर आफ्नो प्रभाव बढाउन लाग्छन् । यस्तो अवस्थाले धनी र गरिबबिचको खाडल बढ्छ । जनताको जघन्य शोषण हुन्छ, भइरहेको छ । सर्लाही जिल्लाको मानिसलाई तत्कालीन जिल्ला सभापतिले दिएको बर्बर अन्यायको मार्मिक घटनाको वर्णन पनि समेटिएको छ त्यहाँ । कमिसनलाई प्राथमिकता दिँदै रवाफ, ढोङ र फजुल खर्चका कारण देशको अवनति भएको हो । धनी र गरिबबिचको दूरी बढ्दै गएको हो । उपर्युक्त वर्गचित्रमा शिक्षितदेखि सबै वर्ग र तहतप्कामा मानिसहरू पर्दछन् । देश असहज स्थितिबाट गुज्रिनुमा तिनीहरूकै ठुलो भूमिका छ । यिनीहरू सबै क्षेत्रमा हावी छन् । उनीहरूको मुख्य उद्देश्य भनेको शक्ति प्राप्तिका लागि चाकडी गर्ने अनि शक्ति प्राप्त गरिसकेपछि मनपरी गर्ने मात्र हो ।

भरत जङ्गमको सप्तरङ्गी 'सूर्य-व्यूह'

शशी भण्डारी

हरि मञ्जुश्रीको हातमा किताबहरूको ठेली छ । ठेलीबाट उपन्यास विधाका दुई पुस्तक आफ्नो हातमा लिँदै गर्दा अगाडि भरत जङ्गमलाई पाउँछन् । अनि सूर्य क्रमशः रातो हुँदै कालो भएको लाग्छ साहित्यकार शशि भण्डारीलाई । राजनीतिक अस्तव्यस्तता, भ्रष्टाचार र विचलनजस्ता मूल कारकतत्त्व र माफियातन्त्रको जरो पहिल्याएको कालो सूर्य पढ्दा १९६० को दशकको इटाली, दोस्रो विश्वयुद्धपछिको युरोपको दुरवस्थाको झल्को दिन्छ शशि भण्डारीलाई । यहाँजस्तै अर्थोपार्जनको मूल स्रोत बनेको अवस्थामा इटालीमा भन्ने गरिन्थ्यो 'धेरै नवधनीहरूको एउटा गरिब देश इटाली ।'

ती दुवै किताबका बारेमा केही विचार लेख्ने मनसाय बनाएका शशी भण्डारी भन्छन्, 'भरत जङ्गम कति कालजयी छन् कति सिर्जनशील छन् भन्ने प्रमाण उनका यिनै पुस्तकले दिएका छन् ।' त्यसमा विवेचना गर्नु पर्ने जरुरी नै छैन ।

भरत जङ्गमसँग शशीको दरो चिनारी थिएन । कतै साहित्य समारोहमा देख्ने गरेका थिए । उनका किताब पढेका थिए । अनि उनका कृतिहरूका विषयमा लेख्दा कति औपचारिकता कति अनौपचारिकताको सीमाभित्र रहेर लेख्ने भन्ने निर्क्यौल गर्न कठिन भयो । भरत जङ्गमको बोली सुन्दा, देख्दा एउटा प्रखर व्यक्तित्व मुखरित हुन आउँथ्यो । सिर्जनामा गहिरिएर डुबुल्की मार्दा एकजना मुलुक देखेको, मुलुक चहारेको, मुलुकको वातावरणमा भिजेको व्यक्तित्वको रूपमा देख्छन् शशी ।

'कालो सूर्य' उपन्यास पढ्दा भने शशीलाई अनौठो अनुभूतिले कुत्कुत्याइरहन्छ । के 'कालो सूर्य' उपन्यास नै हो ? के यसले विधागत परिपाटी अँगालेको छ ?' समाजभित्र हुर्केको नवधनी बन्ने चाहनाको

सिलसिलामा साइलोझैँ बेरिँदै आएको भ्रष्टाचार, व्यक्तिपूजा र तिनीहरूको जिजीविषालाई देखाउने पिण्ड हो कालो सूर्य ।'

रातो भएर सबैरै उदाउने, बिस्तारै सेतो हुँदै निलो आकाश छिचोल्ने सूर्य उत्तम हो । बाँच्ने बिन्दुहरूलाई पोल्दै सरस किरण फिँजाउने ज्योति हो सूर्य तर पराबैजनी किरण बोकेर कालो सूर्यमा परिणत भएको लोभी-पापी, भ्रष्टाचारी, पापाचारीबाट ग्रसित भएर हो । तिनै आचरणको विकारले हो । शशी भण्डारीलाई लाग्छ भरत जङ्गम ती सबै कारणलाई बुँदागत रूपमा उजागर गर्न सफल छन् । त्यसैले होला कालजयी साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले कालो सूर्यको सन्दर्भमा अति उत्तम र सान्दर्भिक विचार पोखेका ।

यसको मौलिकतामाथि मनन गरेर होला पुस्तकको परिशिष्टमा सूर्यविक्रम ज्ञवालीदेखि विश्वेश्वरप्रसादसम्मका साहित्यिक व्यक्तिहरूले आफ्ना वैचारिक दृष्टिकोण राखेका । त्यसको कथ्य पनि नौलो छ । नौलोपनले होला ११ भन्दा बढी भाषामा अनूदित भएको । जति भाषामा अनूदित भए पनि यो यथार्थिक साहित्यिक लेखन हो भन्छन् शशी । अनि भन्छन्, 'नेपालजस्तै विकासोन्मुख देशले भोगेको भ्रष्टाचारजस्तो घातक उबुर्द रोगको सही मूल्याङ्कन हो ।

आइतबारदेखि शनिबारसम्म मानिसभित्रको निहित स्वार्थ, अहङ्कार, सामाजिक दुरवस्था, अर्थोपार्जन गर्न अपनाइने बेइमानी, भ्रष्टाचार, आचरणमा भएका विचलन देखाउन सफल छ कालो सूर्य । राजनीतिक खिचातानी, महिना महिनामा बदलिने सरकार, सरकारसँगै बदलिने नियमजस्ता प्रकरण 'कालो सूर्य' मा मिल्दाजुल्दा देखिनुले रूपहरूलाई उपन्यासको लयमा बुन्न गाह्रो हुन्छ तर भरत जङ्गमले सजिलै बुनिदिएका छन् । भ्रष्टाचारलाई राम्ररी औँल्याएका छन् । त्यसैले यो पठनीय छ ।

भवानी भिक्षुकाअनुसार उपन्यासमा मर्मस्पर्शीता, सत्यको उद्घाटन, औपन्यासिक रोचकता स्थिर राख्न सक्ने लेखन गुणवत्ता, यी तीन गुण प्रधान हुनुपर्छ । 'कालो सूर्य' यी तिनै गुणले युक्त छ ।

देशको जटिल परिस्थितिको विश्लेषण गर्दा कहिलेकाहीँ वैचारिक उथलपुथलता ल्याउँछ । भरत जङ्गमका 'धेरै दिनदेखि मेरो मनस्थिति असन्तुलित छ । यी गाउँ र सहरहरूको भविष्यसँग वर्तमानले खेलवाड गरेको देख्दा मलाई वर्तमानसँग नै घृणा पैदा भएको छ ।' यी वाक्यले अर्को वैचारिक अथलपुथलको सङ्केत दिन्छन् ।

शशी भन्छन्, 'आजको वर्तमान व्यक्ति हो । वर्तमानको सुनौलो सूर्य भएर मिलाउनुपर्छ । 'कालो सूर्य' भएर हुँदै हुन्न भन्ने आशय प्रस्तुत गरेर आफ्नो वैचारिक प्रवाहमा सफल देखिन्छन् भरत जङ्गम ।

व्यूहचक्र

न व्यूह रचना गर्न सजिलो छ न तोड्न । महाभारतमा कौरवका तर्फबाट व्यूहरचना गर्ने गुरु दोणाचार्य हुन् । त्यो व्यूह तोड्न नसकेर वीर अभिमन्युलाई वीरगति लिनुपऱ्यो । यहाँ चक्रव्यूहबाट व्यूहचक्र छिचोल्न इमानसिंह वर्णित भएको छ । उसलाई भरत जङ्गमले यसरी प्रस्तुत गरेका छन्, 'ऊ पश्चात्तापमा जलिरहेको छ ।'

भरत जङ्गम एउटा खारिएको प्रशासनिक व्यक्तित्व हो, 'धर्मदर्शन' पत्रिकाको सम्पादक पनि । २०४१ सालमा उनले लेखेको व्यूहचक्र उपन्यास त्यस बखतको राजनीतिक कार्यशैलीमा परेको थियो । उनी प्रशासक हुँदाको अनुभव यसमा खुब मिसाएर लेखेका छन् । अनुभवमा खारिएपछि मात्र साहित्यमा उपलब्धि प्राप्त गर्न सकिन्छ । यसमा उनले हाकिमको हैकमभित्र पसेर व्यवस्था बुझेको अनुभव लिएका छन् ।

शशी लेखनको तानाबाना मिलाउन खप्पिस देख्छन् भरत जङ्गमलमाई । भरतले जे देखे सोही लेखे । उपन्यासमा अटाएका पात्रहरू आफूले चिनेजानेका प्रशासकहरू र आफूले बोकेका कार्यलाई कतै सिधा त कतै टेँढो औँलाले फत्ते गर्दै गएको अनुभव छ उनीमा । 'लालफिताशाही' भनिने विशेषणको पनि राम्ररी अध्ययन गरेका भरत जङ्गम जनताले खेपी आएको जीवनशैलीसँग खुब परिचित छन् । त्यही परिचय नै व्यूहचक्रबाट उम्केको अभिमन्यु हो । त्यही नै इमानसिंह हो ।

जङ्गमका 'युगौं युगदेखि सबै क्षेत्रबाट थिचिएर, मिचिएर, पिल्सिएर बाँचेका मानिसहरूको मुटु र मस्तिष्क साँघुरिँदै खुम्चिँदै अरू साधारण मान्छेको भन्दा बेग्लै हुन पुगेको छ ।' भन्ने वाक्य पनि घत लाग्ने छन् । यहाँ एउटा पात्र छ आदर्श पुरुष । सत्तामा अडिरहन सक्ने राजनीतिज्ञ छ । चुनावमा तिकडम लगाउन सक्ने, आफ्नो शक्तिमा जो सुकैलाई पनि जनताको प्रतिनिधि बनाइदिन सक्ने । तिकडम र दाउपेचको बेजोड नमुना ऊ जनताको भित्री चाहनाको बेजोड पजनीकरण पनि हो ।

शक्तिको अगाडि नाङ्गै बस्न सक्ने, शक्तिहीनका अगाडि सेतो पोसाकले कालो प्रवृत्ति छोप्न सक्ने पात्र हो ऊ । यही प्रसङ्गमा शशी भण्डारी साहित्यकार हिरण्य भोजपुरेको 'आस्थाको मान्द्रोमा सुकाएको एक अञ्जुली घाम' कविता सम्झन्छन् । व्यूहचक्रकी एक महिला पात्र, ती बुढी आमाको कविताको राम विश्राम गर्न सकेन । छोरा आउने आशामा प्राण धानिरहेकी ती महिलालाई छोरा सहिद भएको सुनाइदिन्छ इमानसिंह । अब उसका विस्मित आँखामा ए पूता ! भन्ने आँसुका बुँदबाहेक अरू केही रहँदैन ।

राजनीतिक होडबाजीमा आफू कसरी माथि आउने भन्ने कुरामा पोख्त छ, इमानसिंह । त्यसैले ऊ फेरि मन्त्री बन्छ । साहित्यकार शशी भरत जङ्गमको व्यूहचक्रबाट रामलाई बाहिर निकाल्न, अनि विश्राम लिएको रामलाई मनन गर्दै व्यूहचक्रको रचनाबाट सबै पात्रलाई बाहिर निकाल्न अनुरोध गर्छन् ।

शशीको तर्क छ, उनीहरूभित्र रामले विश्राम गऱ्यो भने 'लालफिताशाही' सङ्लो बनेर सही बाटो हिँड्छ कि ? प्रशासकीय कार्यमा शिथितला आउँदैन कि, इमानसिंह आफ्नो नाम इमानबहादुर बनाउन सक्ला कि ? यो राजनीतिक खेलमा के के बात लेखिदिएकोमा भरत जङ्गमलाई बधाई दिन्छन् शशी ।

उनले भरत जङ्गम भाषिक चमत्कार देखाउन लागिपरेको चाहिँ देख्दैनन् तर औपन्यासिक नूतन परम्परामा उनिएको उनको उपन्यास व्यूहचक्र पढ्नै पर्ने उपन्यास बनेको छ भन्छन् । भरत जङ्गमले हामी सबैलाई यस्तो अमूल्य उपहार दिएर उपन्यास विधालाई अतुलनीय सेवा पुऱ्याएका छन् । त्यसको लागि उनलाई हार्दिक धन्यवाद ।

रातो घाम : उपन्यास होइन नोबेल

रामलोचन झा

भरत जङ्गमको रातो घामलाई उपन्यास मान्दैनन् प्रा.रामलोचन झा, नोबेल मान्छन् । अङ्ग्रेजी शब्द नोबेलबाट बनेको नावेल । संस्कृत भाषामा उप+न्यासको जोड उपन्यास बनेर 'नेपाली गद्य लेखनमा उपन्यास भित्रियो । हिन्दी जासुसी उपन्यासको प्रभाव परेको 'वीरचरित्र' पहिलो नेपाली उपन्यास हो । पछि बङ्गला साहित्यमार्फत अङ्ग्रेजी प्रभाव भित्रिएको बताउँछन् साहित्यकार कृष्णचन्द्रसिंह प्रधान ।

गिरीशवल्लभ जोशीको 'वीरचरित्र'बाट सुरु भएको उपन्यास विधामा विभिन्न किसिमका प्रयोगहरू भइसकेका छन् । तीमध्ये अर्को एउटा प्रयोग 'रातो घाम' पनि थियो । रुद्रराज पाण्डेको 'रूपमती' उपन्यासदेखि सुरु भएको पाश्चात्य प्रभाव भरत जङ्गमसम्म आइपुग्दा निकै फस्टाइसकेको थियो भन्ने प्रा. रामलोचन हिन्दी र संस्कृत साहित्यको प्रभावबाट मनोरञ्जन र सोखको पनि विषय बनेको उपन्यास रोमाञ्चक व्यङ्ग्य र कल्पनामा कथेको कथामात्र नभएर मानव जीवनको यथार्थ रूप पनि बनेको छ भन्छन् । जुन पश्चिमको नोबेला संस्कृति हिन्दी नेपाली र बङ्गला भन्दा धेरै फरक छ ।

प्रा. मणिकलालका शब्द उद्धृत गर्दै प्रा. रामलोचन भन्छन्, 'नृत्य तथा अभिनयले केही सन्देश दिन्छ । जुन कुरा नोबेलले बिनाडबली, बिनाअभिनय दिन्छ । त्यसैले उनी रातो घामलाई नोबेल भन्छन् । नोबेल पूर्वीय सिद्धान्तअनुसारको शिल्पलाई महत्त्व नदिई त्यसमा जीवन दर्शनको सशक्तता आत्मसात् गर्ने भावहरू सम्प्रेषण भएका छन् कि हैनन्, जीवनका प्रत्येक पहललाई छुन सकेको छ कि छैन भन्ने विषयमा केन्द्रित भएको हुनुपर्छ नोबेल । रातो घाममा ती बुँदाहरू सशक्त रूपमा प्रयोग भएको पाइन्छ । त्यसैले प्रा. रामलोचन यो नोबेल नै हो भन्छन् ।

भरत जङ्गमको 'कालो सूर्य' 'रातो घाम' दुवैले नेपाली परम्पराको

शिल्पलाई प्रयोग नगरेकाले विगतका उपन्यासभन्दा यी फरक छन् । 'रातो सूर्य' उत्तरी छिमेकीको राजनीतिक व्यवस्थाप्रतिको प्रतीकात्मक प्रयोग हो । त्यहाँका सर्वहारा जनताको अनुभूतिको प्रतीकको रूपमा यो उपन्यास रहेको छ । त्यसमा वस्तु, पात्र, शैली, देशकाल वातावरण कथोपकथन र अन्तर्निहित उद्देश्यहरू देख्न सकिन्छ । त्यसैले यसको स्वरूपमा नै यो नौलो छ । परम्परागत नायक नायिकाको कथा उपकथाको जोडघटाउमा लेखिएको पनि छैन ।

यसको मूल पात्रता १९४९ पछिको चीनको व्यवस्था हो । पात्र अनि यहाँका जनमानसले अनुभव गरेको नवचीनको राजनीतिक नेतृत्वबाट भोगेको शाश्वत् स्थितिलाई प्रतिनिधित्व गर्ने सहायक पात्रभैँ देखिन्छ भने यसमा कुनै काल्पनिक पात्रको जीवनकथा छैन । लेखकले स्वयं देखेजानेका पात्रहरूका दैनिक चर्याहरूबाट व्यक्त जीवनको यथार्थमा अडिएको छ ।

उपन्यासको उद्देश्य भनेको चीनको नेतृत्वका बारेमा त्यहाँका अधिकांश जनताको धारणा के छ भन्ने प्रकाशमा ल्याउनु हो । यसको प्रतीकात्मक अर्थ पनि देखिएको छ भन्छन् प्रा. रामलोचन ।

रातो घाम सबैलाई नभईनहुने मनपर्ने प्यारो चिज हो । यो बिहान बेलुका केही समयका लागि मात्र झुल्कन्छ । झट्ट हेर्दा चीनको राजनीतिक व्यवस्था जनताको हितमा देखिए पनि त्यसको भविष्यबारे जनतामा भने नकारात्मक भावना देखिन्छ । विरोध गर्दा मृत्युवरण गर्नुपर्ने डरले जनताले पचाइरहेका छन् । आखिर एक दिन ती शोषित पीडित जनताको असन्तोषको ज्वालामुखी फुट्न बेर लाग्ने छैन भन्ने सन्देश दिन खोजेको छ यो उपन्यासले ।

उपन्यासमा तिथिमितिबाहेक सबै सत्य हुन्छन् भने इतिहासमा तिथिमितिबाहेक सबै झुटा हुन्छन् तर प्रस्तुत उपन्यासमा उपन्यासकारले तिथिमिति सही सही उल्लेख गरेकोले यो उनको सफल लेखनीको जादुगरी मान्छन् प्रा. रामलोचन ।

एकदेखि नौ विश्राम भएको यो उपन्यास 'खासा' क्षेत्रको भौतिक र भौगोलिक दृश्यहरूको वर्णनबाट सुरु भएर खासा क्षेत्रका जनतासँगको

सम्बन्धको छलफल गर्दै ल्हासा छिचोल्दै चीनका प्रसिद्ध सहर क्यान्टन, साङघाई, सेन्जन तियानजिन, बेइजिङ, गुवाङचाउ, कुचाउ, जियाङ्सी, चिन्दु हङकङ घुम्दै ल्हासा फर्कन्छ ।

त्यहाँ भएका घटनाका उचार चढावकाबिच त्यहाँबाट फर्कनेहरूलाई सोधिन्छ, 'त्यहाँबाट फर्कनेहरू किन अर्धमुक्त हुन्छन् ? त्यहाँ मार्क्सको जन्म अनि विकास कसरी भयो ? तिब्बतमा चिनिया क्रान्तिकारीको प्रवेशले त्यहाँको जनमानसमा कस्तो प्रभाव पारेको छ ? अनि कम्युनिस्टहरू आफ्ना सकारात्मक कुरामा मात्र प्रचार प्रसार बढी गर्ने र नकारात्मक कुरा ढाकछोप गर्ने किन गर्छन् ? आदि कुरा साथी गगनसँगको कुराकानी प्रस्ट पार्दै गइरहेका छन् लेखक ।

यति सहजताका साथ नोबेलमा कम्युनिजम र सर्वहाराको व्याख्या गर्दै हालको चीनमा त्यसको प्रयोग सही या गलत के भन्नेबारे पात्रको कथोपकथनले प्रस्ट पार्छ भने क्रान्तिको नेतृत्वको इच्छामा लादिएर बाँच्न चाहनेहरू आफ्नो जन्मभूमि छाडेर ज्यानलाई जोखिम मलेर अन्य देशमा कसरी शरण लिन पुगे भन्ने कुरा नोबेलको पात्रबाट जानकारी गराउँछन् ।

क्रान्तिका निर्णयक स्रोत जनता नभएको क्रान्तिले ल्याएको परिवर्तन स्थायी हुन सक्दैन । नेतृत्वको दबाबमा भएको परिवर्तनले सामाजिक संस्कारमा पनि परिवर्तन ल्याउन पनि सक्दैन । यो त पुस्तैनी रूपमा सरिरहने वस्तु हो ।

रातो घामको तेस्रो अङ्कमा चीनबाट नेपालको सहयोगमा जेजति पूर्वाधार निर्माण भए जेजस्ता समानहरू आए जेजस्ता भ्रातृत्व प्रदर्शित भए ती लिएर जुन नेतृत्व यहाँ आएको हुन्छ त्यो नेतृत्व र श्रमिक कामदारहरूको बिच शोषक र शोषितको जस्तो व्यवहार हुने गरेको हुन्छ भन्ने देखाइएको छ ।

राज्यबाट संरक्षित सर्वहारा वर्गको हितमा जनताको आर्थिक अवस्था, उनीहरूको जीवनको अस्तित्व, त्यहाँको प्रशासनिक ढाँचाअनुसार सर्वसाधारणले पाउने शैक्षिक अवसरलगायतका अन्य मौका अनि चिनियाहरूले विदेशीप्रति गर्ने व्यवहार, नेतृत्वले चाहेमा धनाड्य व्यक्ति

बाँच्न पाउने, व्यक्तिगत सम्पत्ति राख्न नपाउने ठाउँमा पनि निर्णायक पदको जिम्मेवारी पाएका व्यक्तिहरूले देखाउने गरेको भ्रष्टता, बेरोजगारी, युवायुवतीमा छाएको जीवनप्रतिको नैराश्य, बाँच्नका लागि बाध्य भएर गर्नुपरेको यौन व्यापारजस्ता कुराको तस्बिर लिएर पाठक समक्ष देखिन्छन् लेखक । यो लेख्ने साहस चीनबाहिरका कमैले देखाएका छन् होला ।

उपन्यासमा थोरै भए पनि सशक्त रूपमा जुन पात्रलाई उभ्याएका छन् ती हिरा छन् । सरल स्वभाव, निडर र इमानदार रूपमा उभ्याइएका छन् । पक्ष र विपक्ष दुवैमा आफ्ना विचार पोखेका छन् । चीन सरकारले गर्ने गरेको अनुशासनको कारबाहीको पक्षमा छन् । चीनले गरेको चौतर्फी विकासलाई सहराएका छन् । आफ्नो मान्यता, राजनीति, दर्शन र विचारलाई लेखकले अप्रत्यक्ष रूपमा समाहित गर्न पनि भुलेका छैनन् ।

प्रा. रामलोचन झा भन्छन्, 'यो नोबेलमा क्लिष्ट शब्द छैनन्, शैली रोचक र सरल छ । आफ्नो साहित्यिक अभिव्यक्तिमा जीवनको यथार्थ चित्रण गर्न सफल छन् उपन्यासकार ।' चीनमा शक्ति विकेन्द्रीकरण गरिएमा अझ मानव कल्याणमा योगदान पुग्छ भनी चार सय वर्ष अघिका चिनिया इन्जिनियर लि विनको उदाहरण दिन पनि भुलेका छैनन् लेखकले ।

प्राचीन कालदेखि नै उच्च सभ्यता र संस्कृति बोकेका चिनियाहरूमा राम्रो छिमेकीपन, सदाशयताका भावनाहरू पाइन्छन् भन्ने सन्देश दिन पनि भुलेका छैनन् । यो उपन्यासको नौलो प्रयोग हो भन्ने प्रा. रामलोचन यसलाई नोबेल नै भन्न रुचाउँछन् । यसले चीन टेक्दै नटेकेकाहरूलाई पनि चीनबारे विस्तृत ज्ञान दिन सक्छ भन्छन् ।

माओवादका नाममा माओवादी पार्टीको दबदबा बढ्दै गएको अवस्थामा यो उपन्यासमा दर्साइएको वास्तविकता मनन गरेर आफ्नो जीवनशैली, मूल्य मान्यताअनुसार कस्तो परिवर्तन उपयुक्त होला भन्ने अड्कल गर्नका लागि पनि सबै नेपालीले एक पटक पढ्नै पर्ने उपन्यास हो यो ।

मेरो दृष्टिमा 'रातो घाम'

वेदानन्द झा

भरत जङ्गमको तेस्रो लोकप्रिय उपन्यास 'रातो घाम' हाम्रो छिमेकी मुलुक चीनमा लागु भएको राजनीतिक व्यवस्थाबारे बुझ्न उनको चेतनशील हृदयले लिएको जिज्ञासाअनुसार गरिएको भ्रमणको अनुभवलाई उतारिएको जस्तै पाउँछन् वेदानन्द झा ।

त्यही भ्रमणको सिलसिलामा भेटिएका चिनियाँ पात्रसँगको वार्ता, उनीहरूका अनुभव अनुभूति, त्यहाँको राजनीतिक क्रियाकलाप, सामाजिक रहनसहन, रीतिस्थिति, सांस्कृतिक गतिविधिजस्ता कुराहरूको विषय उपन्यासमा उल्लेख भएका छन् ।

यसलाई उपन्यास भनिए पनि यो वास्तविकताको धेरै नजिक छ भन्छन् वेदानन्द झा । यसमा भरत जङ्गम स्वयं मुख्य पात्रको रूपमा रहेर रोचक र मनोरञ्जनात्मक रूपमा वास्तविकता पस्केकोमा मनैदेखि स्वागत गर्छन् र धन्यवाद दिन्छन् वेदानन्द झा । भरत जङ्गमको लेखन अविरल चलिरहोस्, यस्तै धेरै सुन्दर कृतिहरूको सिर्जना भइरहोस् भन्ने शुभेच्छासमेत व्यक्त गर्दछन् ।

स्वतन्त्र रूपमा बाँच्न पाउनु मानवको नैसर्गिक अधिकार हो । संसारमा अनवरत भइरहने प्रयत्नहरूले नयाँ नयाँ सिद्धातहरू प्रतिपादन गर्दै जान्छन् । १९४९ देखि छिमेकी मुलुक चीनमा लागु भएको सिद्धान्त वा वादका राम्रा नराम्रा पक्षहरूको अवलोकन गर्ने उद्देश्यले गरिएको भ्रमणलाई लेखकले 'रातो घाम'का रूपमा उपन्यासमा उतारेका छन् ।

'रातो घाम' उपन्यासको सङ्क्षिप्त विचरण

डा. शैलेन्द्रप्रकाश नेपाल

भरत जङ्गमको नियात्रा ढाँचाको आत्मपरक शैलीको राजनीतिक उपन्यास 'रातो घाम'को सङ्क्षिप्त विवरण दिने क्रममा डा. शैलेन्द्रप्रकाश नेपालले धेरै उदाहरण खोजेर, धेरै सन्दर्भहरू जोडेर विवरणात्मक टिप्पणी लेखेका छन् । भरत जङ्गम यस्ता लेखक हुन् जसले कविता, कथा, पत्रकारिताभन्दा उपन्यासको सिर्जनाद्वारा व्यक्तित्वलाई सफलताको शिखरमा पुऱ्याएका छन् । विश्वका प्रमुख भाषामा उनका उपन्यास अनूदित भएका छन् । जसले उनको औपन्यासिक विशिष्टतालाई पुष्टि गरेका छन् । उपन्यासको विषयवस्तुले अन्तर्राष्ट्रिय गतिविधिका क्षेत्र, सिप र शैलीलाई आत्मासात् गर्ने निजत्व बोकेका छन् ।

राजनीतिक चिन्तनलाई मूल धार बनाउनु, सामाजिक संस्कृति, परिदृश्यलाई लेखनमा भित्र्याउनु र विकृतिहरूलाई औंल्याउनु उनको औपन्यासिक कला हो । नौ परिच्छेद भएको 'रातो घाम' नामैले साम्यवादी क्रान्ति र त्यसबाट प्रभावित मुलुकहरूको सङ्केत गरेको मानिन्छ । त्यसैले यसलाई कम्युनिस्ट संसारको दस्ताबेज भने पनि हुन्छ भन्छन्, डा. नेपाल ।

लेखकको 'म' पात्र नेपालको केही भूभाग, तिब्बत, ल्हासा, चीनका विभिन्न प्रान्त र सहरको भ्रमणका क्रममा देखापरेका वस्तुस्थितिको यथार्थ चित्रमय वर्णन गर्न व्यस्त छ । त्यसैले यसलाई 'हिटलर र यहुदी' जस्तै नियात्रामय उपन्यासको रूपमा पनि लिन सकिने बताउँछन् डा. नेपाल ।

यसमा वर्णित चीनिया समाजको जीवन्त प्रस्तुतिको अध्ययनका क्रममा पर्लएस वकको 'कल्याणी घर्ती'को स्मरण गराउँछ भन्छन्, डा. नेपाल ।

माओ त्से तुङको नेतृत्वमा चीनियाँ जनक्रान्तिद्वारा स्थापित साम्यवादी शासनले समाजमा पारेको प्रभाव, संस्कृति र सभ्यताको त्यो भव्य भूमिकालाई धार्मिक सम्पदा विहीन, चीनियाँ समाजको अस्मिता, मौलिक

पहिचानलगायतका विषयहरू विनष्ट हुन पुगेको प्राचीन गौरवले चिनियाँ जनतामा जागेको वितृष्णालाई प्रस्ट्याउने प्रयास गरेको यो उपन्यासले केवल भौतिक क्रान्तिका भरले मानवले आनन्द प्राप्त गर्न सक्दैन भन्ने सन्देश दिएको छ ।

चीनको क्रान्तिले कति जनतालाई विस्तापित गरायो, कसरी तिब्बती धर्म संस्कृतिमाथि आक्रमण गऱ्यो, तिब्बती कसरी निर्वासित भए, निर्वासित हुँदा कष्टमा कतिले जीवन गुमाए आदि कुरा वाङ्दु शेर्पा मार्फत प्रस्तुत गरेर तिब्बती जनताको पीडा र संवेदनालाई उद्घाटन गरिएको छ ।

दोस्रो परिच्छेदमा हङकङ पुगेको 'म' पात्र त्यहाँको स्वतन्त्र जीवनशैली र चीनियाँ थलोमा बस्नेको जीवन शैलीमा देखिएको भिन्नताको यथार्थ वर्णन छ । चीनमा बस्ने कतिपय जातीय राजनीतिक र पेसागत मार खप्न नसकेर थातवास छाडी आफूलाई स्वतन्त्र बनाउन निस्केको सन्दर्भमा पेङ साङलुका परिवारको दृष्टान्त दिइएको छ भने त्यो राजनीतिक परिदृश्यमा समेत प्रकाश पारिएको छ ।

तेस्रो परिच्छेदमा नेपालमा चीनियाँ सहयोगमा निर्माण हुँदै गरेका योजनामा कार्यरत नेपाली चीनिया कामदारहरूबिचको रहनसहन, जीवनस्तरको तुलनामा नेपालीका फरक तर नेपालीहरू आफ्नो काम र जिम्मेवारीमा गम्भीर नदेखिनु चीनियाँहरू गम्भीर र संवेदनशील र उत्तिकै बफादार रहने गरेको सङ्केत गरेका पनि छन् ।

चौथो गुवाङ्चाउमा आयोजित व्यापार मेलामा सहभागी हुन पुगेको 'म' पात्र र गगन दोभासेको सहयोगमा घुम्दा चाङसुच जस्ती युवती (थोरै ज्याला लिएर होटलमा काम गर्ने युवती जसको परिवार आर्थिक पीडा झेलिरहेको छ) ले सामुहिक बलात्कारपछि आत्माहत्या गरेको मर्मस्पर्शी घटना बारे थाहा पाउँछ । यस कथाले त्यहाँ विद्यमान विपन्नता र अराजकता पनि झल्काउँछ ।

पाँचौ परिच्छेदमा सामानको क्रयविक्रयका सम्बन्धमा 'म' पात्र र गगन फेरि चीन फर्कन्छन् । यस पटक दोभासे लिलीको माध्यमले चीनियाँहरू

कति दयनीय र अभावग्रस्त जीवन बाँच्न बाध्य छन् भन्ने जानकारी पाउन सफल हुन्छन् ।

योग्यता र सिपअनुसारको काम नपाएर वितृष्णा बोकेका चीनियाहरू बिदेसिन बाध्य छन् । उनीहरू राज्यसत्ताको विरोध गर्दैनन्, विरोध गर्दा मारिने डर हुन्छ । बाहिर चीन जस्तो देखिन्छ भित्र त्यस्तो छैन भन्ने वास्तविकता देखाउन सफल भएको देख्छन् डा. नेपाल ।

छैटौँमा सङ्घाईको चर्चा छ । चीनका प्रत्येक सहर बजारको रमझमपूर्ण व्यवहार, धेरै दिन विदेशीलाई बस्न नदिने नीति, पहुँचका आधारमा माथिल्लो पदमा पुऱ्याउने चलन, कम्पनीमा काम गर्नेहरू कसरी कमिसनका लागि मरिहत्ते गर्छन् भन्ने दृष्टान्तहरू देखाइएका छन् ।

सातौँ परिच्छेदमा पहुँच नपुग्नेहरू शोषित पीडित भएर बस्नुपर्ने बाध्यता देखाइएको छ । तियानजिनको एउटी महिला मेनेजर भएको कम्पनीमा पुगेका म पात्रप्रति अति लोभी पापीको व्यवहार देखाउँछिन् । अरूले लगाएको राम्रो चिज बलजफ्ती लिन खोज्ने महिलाको चरित्रबाट दिक्क बनेको म पात्र उनलाई एउटी अभद्र महिलाको नमुना मान्छन् । तियानमियान चोक जहाँ माओ त्से तुङले गणतन्त्र चीनको घोषणा गरेका थिए, त्यहाँ नजिक रहेको विश्वको विशाल पर्खाल हेर्दै आश्चर्य चकित बनेको बताउँछन् लेखक ।

आठौँमा नेपाल चीन मितेरी पुल तरेर 'म' पात्र गगन र लाक्पा शेर्पा तिब्बतको ल्हासा भ्रमणमा निस्केको, बाटोमा चीनियाँ सैनिकले ज्यादती गरेको, त्यहाँका सुन्दर सुन्दर वस्तीहरू, त्यहाँका व्यापारीहरूमा नेपाली बोली र नेपाली रूपैँयाको चलन देख्दा राष्ट्रप्रति गौरवान्वित भएको अनि त्यहाँ बसोवास गर्ने नेपाली बाबु र तिब्बती आमाबाट जन्मेको छोरा नेपाली, छोरी चीनिया नागरिक हुने व्यवस्था र तिब्बतीमा विद्यमान बहुपति प्रथाका बारेमा पनि चर्चा गरिएको छ ।

नवौँमा सिंचुआन प्रान्तको भ्रमण छ । जहाँस्थित दुजियाङयान नदीको पानीलाई चार सय वर्षअघि लिविन नाम गरेका वैज्ञानिक इन्जिनियरले विभाजन गरेर त्यसबाट हुने गरेको क्षतिलाई कम गराएका थिए । शक्ति

विकेन्द्रीकरणको धारणा त्यही स्थापना भएको थियो । यसमा दोभासे लिलीसँगको वार्तासँगै उपन्यासको अन्त्य गरिएको छ ।

यस उपन्यासले मूलतः सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विषयवस्तु समेट्दै नेपाल चीन तिब्बतको त्रिवेणीमा कथा डुलाएको छ । नियात्रा शैलीमा लेखिएको 'रातो घाम' असङ्ख्य पात्रहरूका बिचको ' म' पात्र अनि उसको सहयोगी पात्रको भ्रमणशील राजनीतिक चेतना र मानवतावादी भावनाले पूर्ण छ । सहयोगी पात्र गगन र म पात्र मिलेर चीनिया व्यापारीलाई नाटक मञ्चन गरेर पनि देखाएका छन् ।

अन्य पात्र नेपालको सीमामा व्यापार गरी बस्ने तिब्बती, हङकङमा बस्ने नेपाली व्यापारी, दोभासे, कम्पनी मालिक, स्टाफ चाइनिज नागरिकलगायत थुप्रै पात्र छन् । त्यसमा कति जानकार विज्ञ पनि छन् । जुन गतिशील छन् । लाग्दछ पात्रहरूको मेला छ । नायिका नभएकाले महिला पात्रको सङ्ख्या न्यून छ ।

म पात्रको राम्रो नोकरी खोज्ने सल्लाहमा चाउचाङले उपहासपूर्वक दिएको 'म सुन्दरी युवती भएको भए काम पाउन सक्थें होला, तर अफसोच म श्रमजीवी इमानदार केटा हुँ ।' भन्ने जवाफ दिएको मार्मिक कहानी छ । परिवारका सबैलाई एकै ठाउँमा नोकरी नदिने मूल नीतिका कारण चीनिया आपसमा बिछोडिएका छन् । अमेरिका बसेर फर्केको पात्र जसले आफूलाई ज्ञाता मान्छ ऊ भन्छ, 'चीनले चीनिया जनताको मात्र शोषण गरेको छैन उनीहरूको जीवनशैली र अस्मिता तहसनहस पारेको छ ।'

यिनै बहुपात्रहरूको पेसा, सोचाइ र कुण्ठाको प्रकटीकरणद्वारा उपन्यासले चीनिया धरातल प्रस्ट पारेको छ । पात्रको अभिव्यक्तिले नै उपन्यासको सम्पूर्णता उधारेको छ । यो उपन्यासमा नेपाल, चीन, तिब्बत, पृथ्वी राजमार्गको दमौलीक्षेत्र, हङकङ, मकाउलगायतका राजनीतिक र सांस्कृतिक दृष्टिले मुख्य मानिएका चीनका दक्षिणी सहरहरू, तिग्री मैदान एवं ल्हासाजस्ता स्थानका दृश्याङ्कन र अभिनय जोडिएका छन् ।

तिब्बती भूमिको सरलता, सहजता र अनुपम प्राकृतिक दृश्यलाई

उपन्यासले समेटेको छ । पोटाला दरबार, नेपाली शैलीमा निर्मित गुम्बाहरू, तिब्बतीहरूको आतिथ्य, स्वच्छ व्यवहार अनि तिब्बतदेखि प्रशान्त महासागरसम्म चीनका हरियालीपूर्ण पर्वत माला, सुन्दर उर्वर मैदान, विश्व प्रसिद्ध विशाल पर्खाल, बौद्ध मन्दिर आधुनिक साजसज्जा, भरिपूर्ण बजार, आधुनिक चीनका सबै दृश्यहरू उपन्यासमा उपस्थापित भएका छन् ।

सांस्कृतिक क्रान्तिले तहसनहस पारेको धर्म-संस्कृतिको पुनर्जागरणमा जुटेका धर्मभिरु जनता, चीनको औद्योगिकीकरण, तीव्र व्यापार अनि तिब्बतमा नेपाली व्यवसायी स्रङचङगम्पोले निर्माण गरेको गुम्बालगायत तिब्बतको आर्थिक, सामाजिक परिवेशलाई प्रस्ट ढङ्गबाट चिनाउने पक्षलाई प्रकाश पारेका छन् भने रात्रि क्लबको व्यापकतासँगै बढेको वेश्यावृत्ति, जनसङ्ख्या नियन्त्रण गर्न बढी सन्तान जन्माउनेलाई गरिने जरिवानाले चीनको यथार्थता झल्काएको छ ।

मीन नदीको किनारामा रहेको तीन सय फिट अग्लो बुद्धको मूर्ति एकातिर छ भने प्राचीन साम्राज्य अर्कोतिर, नवीनता प्राप्तिको तीव्र आकर्षण र तिब्बत चीनबिच धर्म, संस्कृति, सभ्यता र जातीयताको अन्तर देखाइएको छ । चीनको प्रकृति र भौतिक सुधार आकर्षक र अग्रगामी बन्दै गएको कुरालाई सकारात्मक ढङ्गले लिइएको पनि छ । सेन्जानको सानो चीनमा ती सबै कुरा देख्न पाइन्छ ।

यस उपन्यासले समकालीन चीनिया समाज र जातिलाई विश्व परि दृश्यको तुलामा राखेर देखाएको छ । 'रातोघाम' लेखकीय भ्रमणप्रियता, राजनीतिक चेतना र मानवीय संवेदनाको उपज मान्दछन् डा. नेपाल । मानवतावादी चिन्तनको विश्वव्यापी लहरतर्फ अग्रसर रहेका उपन्यासकार पटक पटक चीनको वस्तुस्थितिप्रति जिज्ञासु बन्दै त्यहाँका धेरै स्थानको भ्रमण गर्दा जनताले भोगिरहेको दुःख, कष्ट र पीडालाई सहज ढङ्गले चित्रमय रूपमा उपन्यासमा उतार्ने प्रयासमा छन् ।

बाह्य विश्वले चिनेको चीन र आन्तरिक चीनबिचको अन्तर, साम्यवादी सांस्कृतिक क्रान्तिले चीनको प्राचीन गौरवशाली सभ्यता र पहिचानलाई

ध्वस्त पार्दा चीनियाँ जनतामा बढेको वितृष्णा, असन्तुष्टि र आक्रोशलाई यसमा ध्वनित गर्ने प्रयास गरेका छन् । यो उपन्यास दार्शनिक राजनीतिक चेतना बोकेको विचार प्रधान छ । उपन्यासले चीनिया समाजको मानवीयता देखाउन खोजेको छ । जुन स्वतन्त्रतामा बन्धक जीवन शैलीले कष्टकर दैनिक जीवन, तिब्बतलाई अतिक्रमण गर्दा गरेको सैनिकको ज्यादतिप्रति पोखिएको आक्रोश देखाएको छ ।

श्रमको शोषण, सिप, र योग्यताको कदर नहुनु, राज्यले दिने सुविधा देखावटी मात्र हुनु, आम नागरिकले विदेशीलाई व्यक्तिगत पाउन बनाएर राख्न नपाउनु, विदेशी एक्लै आफू खुसी हिँड्न नपाउनु विदेशीसँग अति चर्को मूल्य असुल्ने नीतिले जनताको हृदयमा रहेको हार्दिक आतिथ्य भावनालाई कुण्ठित पार्दा चीन विश्व समाजबाट एक्लिएको जस्तै छ ।

सन्ताउन्न भाषाभाषी बसोबास गर्ने चीनमा 'एक चीन एक जाति' नारा छ । मौलिक हक कुण्ठित छ । त्यसैले मौलिक हकको प्रत्याभूति हुनुपर्ने, मानवीय व्यवहारलाई प्रश्रय नदिएसम्म यथोचित प्रगति हुन नसक्ने, जनतालाई सुखी र सम्पन्न बनाउन स्वतन्त्र राजनीतिक व्यवस्था हुन पर्ने भन्ने विचार प्रवाहित गरेको छ ।

उपन्यासमा यात्रा स्मरण शैलीको प्रयोग भएको छ । म पात्रका रूपमा उपस्थित पात्रले आत्मपरक शैलीको प्रयोग गरेको छ । व्यापक पात्रहरूबाट विधिवत् संवादको प्रयोग, संवादबाटै परिचय र प्रस्तुति भएको हुँदा उपन्यास रोचक बन्न पुगेको छ । पीडाबोधक सन्दर्भहरू संवादबाट उद्घाटित हुँदा उपन्यासमा आकर्षण, रोचकता र गतिशीलता थपिएको छ ।

आफ्नो मौलिकताको परिचय र आस्वाद दिन सफल यो उपन्यासमा सरल भाषाको प्रयोग, गहन विषयको सहज प्रस्तुति, विचार, भावना र मानवीय संवेदनाको यथोचित अभिव्यक्ति छ । नियात्रालाई उपन्यासँग जोडेर प्रस्तुत गर्न सक्नुलाई लेखकीय गुणवत्ता र पढ्दा प्रभावित सुरम्य शैलीले एकोहोरो तानिरहनु चाहिँ उपन्यासको भाषाशैलीगत सफलता मान्छन् डा. नेपाल ।

उत्तर छिमेकी चीनमा साम्यवादी क्रान्तिले ल्याएको सकारात्मक र नकारात्मक दुवै पाटो उद्घाटित गर्ने कोसिस गरेको यस उपन्यासमा नेपाल र चीन दुई छिमेकीबिच सौहार्दपूर्ण मैत्री सम्बन्ध रहे पनि जनता जनताबिच आत्मीय सम्बन्धको डोरीले बाँधिन नसकेको दुःखी कुराको खोजी गर्ने जमर्को गरिएको छ ।

यात्रा त व्यापारिक प्रयोजनको थियो तर आफूले दुःख पाएको कुरालाई जस्ताको तस्तै अङ्कन गर्ने प्रयास यसमा गरिएको छ । सांस्कृतिक क्रान्तिले ध्वस्त पारेको प्राचीन गरिमाको दुःखद अनुभूतिका अभिव्यक्ति यसमा छन् भने तिब्बत स्वतन्त्रताको अपहरणका आक्रोश पनि अङ्कित छन् । विकासको प्रतिफल जनताले पाउन नसक्दा जीवन दुरुह, जटिल र कष्टकर बन्दै गएको टिप्पणी यसमा गरिएको छ ।

चीनमा चमत्कारी विकास भयो । चीन विश्वमा अग्रसर छ, तर जनताका सामाजिक, आर्थिक र राजनीतिक पक्ष सुरक्षित राख्नुको सट्टा जनतामाथिको यन्त्रवत् व्यवहार छ, मानवीय आस्था र संवेदनामाथि प्रहार छ । चीनमा रहेको शून्य मानवताको स्थितिको वस्तुगत तथ्य देखाएर मानवीय मूल्य मान्यतालाई सर्वोपरी महत्त्व दिनुपर्ने विचार उपन्यासकारले राखेका छन् । डा. नेपालका रायमा यो उपन्यास नियात्रा ढाँचामा आत्मपरक शैलीको आख्यानात्मक दृष्टिले भन्दा विचार प्रधानात्मक दृष्टिले महत्त्वपूर्ण बन्न पुगेको छ ।

मानव मानव मिलेर बाँच्न पाउनुपर्छ भन्ने विश्वव्यापी मान्यताको वकालत गरिएको उपन्यास रुचिपूर्ण, प्रभावशाली भाषाशैली, भौगोलिक विविधताअनुसार पात्रहरूको परिवेश प्रस्तुतिले नवीन राष्ट्रिय चेतना, तथ्यपरक सामाजिक चिन्तनशीलताले गर्दा पढ्दै जाँदा निकै प्रिय लाग्छ ।

सन्दर्भः 'कालो सूर्य' र 'रातो घाम'

प्रसङ्ग हिन्दी अनुवादको

डा. रामदयाल राकेश

डाइमनशमशेरको 'वसन्ती' हिन्दीमा अनूदित हुने पहिलो नेपाली उपन्यास हो भने विश्वेश्वरप्रसादको 'सुम्निमा' दोस्रो । अनुवाद भावार्थ र शब्दार्थ दुई किसिमबाट हुन्छ । भावमा रहेर अनुवाद गर्नभन्दा शब्दार्थमा रहेर अनुवाद गर्न सजिलो हुन्छ । आख्यान अनुवाद प्रायः शब्दार्थमा रहेर गरिन्छ । नेपाली कथा कविता हिन्दीमा अनुवाद गर्दै आएका डा. रामदयाल राकेश भन्छन्, 'नेपाली कथा कविताको हिन्दी भाषामा प्रवेश र प्रकाशनलाई स्वागत योग्य मानिन्छ ।' त्यसैले भारतीय राजदूतावासबाट प्रकाशित हुने ' विविध भारत' र भारतभित्र प्रकाशित हुने 'हिमालिनी' पत्रिकामा हिन्दीमा अनुवाद भएका नेपाली कथा कविता पढ्न पाइन्छ तर प्रवासी नेपालीहरूले लेखेका आख्यानहरू हिन्दीमा अनुवाद भएको पाइँदैन । ती कृति पनि हिन्दीमा अनूदित हुने कार्यलाई प्रशंसनीय मान्ने डा. रामदयाललाई अनूदित कथा कविता पढ्दा सुखद अनुभव हुन्छ ।

नेपाली भाषाका कृतिहरूको हिन्दीमा अनुवाद हुन जति आवश्यक छ हिन्दी भाषाका कृतिहरू नेपालीमा अनुवाद हुन त्यति जरुरी नदेख्ने डा. राकेशलाई लाग्छ किनभने यहाँ हिन्दी भाषाका पुस्तक र पत्रपत्रिका आउँछन्, सबैले पढ्न र बुझ्न सक्छन् । नेपाली भाषाका पुस्तक र पत्रपत्रिका भारतमा पढ्न र बुझ्न मुस्किल हुन्छ । त्यसैले हिन्दीमा अनुवाद गर्न जरुरी छ ।

नेपाली साहित्यमा सुपरिचित नाम हो भरत जङ्गम । उनको उपन्यास ' कालो सूर्य' लोकप्रिय उपन्यास हो । उनको लेखनशैली नेपाली भाषाका अन्य उपन्यासकारको भन्दा फरक छ । यो सहज, सरल र सम्प्रेषणीय भाषामा छ । त्यो भिन्दै प्रकारको लेखनशैलीले बेग्लै रसास्वादन गराउँछ ।

सरोज शाक्यले 'कालो सूर्य' अङ्ग्रेजीमा अनुवाद गरेपछि 'कालो सूर्य' पढेका छिमेकी डा. राकेशलाई हिन्दीमा अनुवाद गरौं किजस्तो लाग्छ । छिमेकी भरत जङ्गमलाई ठट्टैठट्टामा भन्छन्, 'अङ्ग्रेजीमा गराउनुभयो, झन् नजिकैको छिमेकी भाषामा अनुवाद किन गराउनुहुन्न ?'

त्यसपछि भरत जङ्गमबाट आग्रह आउँछ डा. राकेशलाई अनि अनुवाद गर्ने आँट गर्छन् । अनुवाद गर्ने कार्य पक्कै सजिलो थिएन । त्यो उनको प्रसन्नताको विषय भइकाले समयमै सम्पन्न पनि भयो । अनुवाद गरिसकेपछि उनलाई सगरमाथा चढेजस्तो खुसीको अनुभव भयो, झन् अनुदित रूप हेरेपछि ठुलो सन्तोष लागेको बताउँछन् राकेश ।

भरत जङ्गम हिन्दी भाषा राम्रोसँग बुझ्छन् र बोल्छन् पनि । हिन्दी भाषाका ठुला ठुला साहित्यकारसँग राम्रो परिचय र सम्बन्ध छ । बेलाबेलामा उनका घरमा हिन्दी साहित्यकार आउँछन्, साहित्यिक जमघट हुन्छ ।

२०५६ सालमा भरत जङ्गमका घरमा भएको त्यो साहित्यिक जमघटको सम्झना गर्छन् डा. राकेश, जसमा भारतका साहित्यकार डा. गङ्गाप्रसाद र चन्द्रशमशेर प्रभाकर नेपालका डा. वासुदेव त्रिपाठी र परशु प्रधान लगायत थुप्रै साहित्यकार थिए । भारतीय र नेपाली कथाको भूत, भविष्य र वर्तमानमा शीर्षकमा टिप्पणी गरेका थिए डा. गङ्गाप्रसादले । दुवैतर्फबाट भएको वाचन र वक्तव्यले कार्यक्रम रोचक बनेको थियो ।

'रातो घाम' पनि डा. रामदयाललाई खुब मनपर्छ । चीनको भ्रमण गरेका उनलाई चीनका ठाउँठाउँको वर्णनले मोहित बनाउँछ । सुन्दर वस्तुगत वर्णनले उनलाई उपन्यासको कथानक तिलस्मीजस्तै लाग्छ । त्यसैले यसको पनि हिन्दीमा अनाद गर्न पाए हुन्थ्यो कि भनेर भरत जङ्गमलाई आग्रह गर्छन् ।

आग्रहको कारण बताउँदै भन्छन्, 'त्यतिखेर चीन र भारतको सम्बन्ध सुमधुर थिएन । कम्युनिस्ट प्रणालीका कमजोरीहरू औंल्याएको यस उपन्यासमा चीनको भौगोलिक वर्णन रात्रि क्लवहरू र व्यापारका बारेमा त्यहाँको समाज र संस्कृतिका बारेमा वर्णन भएकाले अनुवादित 'लाल सूरज' नामको उपन्यास धेरै हिन्दी पाठकहरूको ध्यान तान्न सफल हुने छ' भन्ने धारणा राखेका थिए केही हदसम्म सफल पनि भयो ।

त्यति बेला चीन त्यति खुला नभएको अवस्थामा त्यहाँ प्रजातन्त्रको लालीमा उदाउने बारेमा उपन्यासले धेरै कुरा खुलासा गरिदिएको छ । दोस्रो भाषामा अनुवाद गर्ने कार्य आफैंमा कठिन हो नै । बिनाडबली बिनाअभिनय लेख आख्यानका शब्द र भावलाई दोस्रो भाषाका शब्दमा साटेर अनुवाद गर्नु चानचुने कुरा थिएन तर भरत जङ्गमका आख्यानमा व्यक्त भाषाशैली, शब्द अनि आकर्षक विषयले अनुवादकलाई ऊर्जा दिन्छ । त्यसैले गर्दा रातो घाम अनुवाद गर्न सहज भयो भन्छन् डा. रामदयाल राकेश ।

समाज, राष्ट्रको चिन्ता जो संधैभरि गर्दछन् ।
बोकेर धर्मको झोला निरन्तर दगुर्दछन् ॥१॥
नाउंमै 'मणि' जोडिन्छ सबै भरत भन्दछन् ।
क्रियाशील हुँदा नित्य 'जङ्गम' पनि बन्दछन् ॥२॥
यिनकै कीर्तिगाथाको सुनौलो चित्त झल्कने ।
'भरतांशु' महाकाव्य लेखियो ज्योति टल्कने ॥३॥

-भरतांशु महाकाव्यबाट

लेखनी र पूजा

डा. अरूणा उप्रेती

'फलको आश नराखी काम गर्नु' भगवत् गीताका यी वाणीहरू सम्झन्छिन् डा. अरूणा उप्रेती । नेपालको लेखन कला जीविकोपार्जनको साधन बन्न नसकिरहेको अवस्थामा जीवनभरको लेखन भनेको सरस्वती पूजा हो, साधना हो, आराधना हो । निष्काम कर्म हो । अनि साधकले पाउने पाठकको माया मात्र हो ।

लामो समयदेखि लेखिरहेका भरत जङ्गम साधना र पूजा गरिरहेका छन् । उनका पूजाका प्रसादहरूले मानिसमा तरङ्ग पैदा गरिदिन्छन्, चेतना जगाइदिन्छन्, ऊर्जा दिन्छन् । लेखकले आफ्ना विचारहरूभन्दा अरूका विचारहरू लेख्छन् देशका कुराहरू लेख्छन् । समाजका कुराहरू लेख्छन् । विकृति विसङ्गतिबारे लेख्छन्, लेख्ने कुराहरू उनीसँग अटेस मटेस हुन्छन् । जनताका मनभित्रका भावना समेट्छन् । राज्यका विभेदपूर्ण व्यवहारको भण्डाफोर गरिदिन्छन् । भरत जङ्गम आफ्नो लेखनीयमा यस्तै लेखिरहेका हुन्छन् ।

बेला पञ्चायतको थियो, जतिखेर जनता त्रसित रहन्थे, मनमा लागेको लेख्न बोल्न नसकेर उकुसमुकुस थिए । आवाज विहीन थिए । तिनै आवाज विहीनको आवाज बन्यो 'कालो सूर्य' । २०६३ सालपछिको परिस्थिति अझ धेरै बदलिएको छ । परिस्थिति बदलिनुमा भरत जङ्गमजस्ता लेखक, कवि, कलाकारहरूको हात रहेको बताउने डा. अरूणा उप्रेती भरत जङ्गमलाई क्रान्तिकारी लेखक, जनताका आवाज मिलाएर साहित्य रचना गर्ने लेखक, जनप्रिय आवाजलाई बुलन्द गर्ने लेखक, सत्ताको भार नबन्ने लेखकका रूपमा हेर्छिन् । त्यसैले त उनलाई प्रगतिशील लेखकका रूपमा उभ्याएको छ उनी भन्छिन् ।

उनका उपन्यासहरू लोकप्रिय हुनुमा जनताको आवाज मुखरित गर्ने साहित्य रचना गर्ने र आफ्नो लेखनीमा समाजको असल चित्रण गर्ने प्रवृत्तिले काम गरेका ठान्दछिन डा अरूणा । यसैले त उनी लोकप्रिय बनेका हुन् । यस्ता भरत जङ्गमलाई अझ धेरै वर्षसम्म जनताका भावनाहरूलाई समेटेर लेखिरहन सकुन् भन्ने हार्दिक कामना गर्छिन् डा. अरूणा ।

नेपाली उपन्यास क्षेत्रको सशक्त नाम

अशेष मल्ल

नेपाली साहित्यको आकाशमा उदाएका नक्षत्र भरत जङ्गमको लेखनीको इतिहास केलाउँदा उनी देश र समाजको पीडा, विकृति, विसङ्गति, भ्रष्ट आचरणका तीव्र आलोचक देखिन्छन् भने मानवताका पक्षधर बनी राष्ट्रप्रतिको स्नेह कलात्मक ढङ्गले प्रस्तुत गर्नमा सफल छन् ।

उनको उपन्यास पढिसकेपछि बी.पी कोइरालाका अभिव्यक्तिबाट पनि उनको लेखकीय सशक्तताको पुष्टि गर्ने काम भएको छ । बी.पीलाई समेत प्रभावित पार्न सक्ने क्षमतावान् 'कालो सूर्य' पञ्चायती शासनकालमा नैतिक पतन र भ्रष्ट आचरणले राष्ट्रलाई बनाएको दुर्गतिजस्ता कुराहरूको सूक्ष्म अध्ययन गरेर प्रस्तुत गरिएको नेपाली साहित्यको महत्त्वपूर्ण कृति बनेको छ ।

पञ्चायती प्रणालीले समाजका प्रत्येक क्षेत्रमा पारिरहेको नकारात्मक असरलाई अति सशक्त ढङ्गले प्रस्तुत गर्न साहस गर्ने भरत जङ्गम त्यस प्रणालीका विकृतिको यथार्थ चित्रण गरिएको कृति हो 'कालो सूर्य' । व्यूहचक्रमा पनि त्यही कालको चित्रण गरिएको छ । त्यत्तिकै सशक्त पनि छ । यी दुवै उपन्यासमा तत्कालीन अवस्थामा उब्जिएका विसङ्गतिहरूलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यिनै प्रस्तुतिले भरत जङ्गमको लेखकीय व्यक्तित्व, राष्ट्रप्रतिको दृष्टिकोण र चिन्तनलाई दह्रो रूपमा उभ्याउन पनि सफल भएका छन् ।

यी दुई कृतिपछि उनको 'रातो घाम' उदायो । यसभन्दा अघिका उपन्यासले नेपालको सामाजिक परिवेशलाई प्रस्तुत गरे भने 'रातो घाम'ले चीनको व्यवस्थाको चिरफार गऱ्यो । चिरफार गर्ने सशक्त पक्ष भनेको

उनको निर्भीकता हो । निर्भीकतापूर्वक समाजका समस्यालाई प्रस्ट्याउन सक्नु उनको विशेषता हो ।

अहिले चीन विकासको उच्च शिखरमा छ । विकासको गति तीव्र छ । 'रातो घामले तत्कालीन चीनको अवस्थाको चित्रण गरेको छ । त्यतिखेरको मानवीयता र मौलिक अधिकारको स्थितिलाई निर्भीकताका साथ प्रस्तुत गरिएको छ तर कतिपय कुराहरू आजको अवस्थासँग मेल नखान पनि सक्छन् ।

यस उपन्यासमा माओको उच्च सपना विपनामा परिणत हुँदासम्म चीनमा विकृतिले सीमा नाघिसकेको थियो । भौतिक उन्नति देखिन थाले पनि शोषण व्याप्त थियो । आर्थिक स्रोतसाधनको उपभोग बहुलतामा रहेको वर्गले मात्र गरिरहेको थियो भने बाँकी जनता अभावको पीडामा छटपटाइरहेका थिए भन्ने 'रातो घाम' को निष्कर्ष छ । त्यसैले यो तत्कालीन चीनको सूक्ष्म अध्ययन पनि हो ।

अशेष मल्ललाई चीनको समाजबारे प्रस्ट रूपमा लेखिएको यो नै एसियाको पहिलो उपन्यास हुनुपर्छ भन्ने लाग्छ । साम्यवादी शासनप्रति लेखकको साहसिलो यो प्रस्तुतिले चर्चित बनेको उपन्यास 'रातो घाम' तीन भाषामा अनुवाद भएर एकै पटक प्रकाशित भई कीर्तिमान कायम गरेको छ ।

उपन्यास लेखनका क्रममा चीनप्रतिका धारणा लेखकले यसरी पोखेका छन्, 'मार्क्सका सपना चीनमा कहाँ छन् र ?... शोषणव्याप्त समाज बाहिरबाट जति सम्पन्नता देखिए पनि आन्तरिक रूपमा जर्जर हुन्छ ।' यो सामाजिक विकृति र विसङ्गतिको कारक तत्त्व भनेको राजनीतिक व्यवस्था नै हो भन्ने तथ्यका साक्षी भरत जङ्गमका उपन्यास नै छन् ।

धेरै हैन थोरै मात्र नेपाली उपन्यास विदेशी भाषामा अनुवाद भएका

छन् । धेरै भाषामा अनुवाद हुने पहिलो उपन्यास 'कालो सूर्य' हो भने, तीन भाषामा एकै पटक प्रकाशित हुने 'रातो घाम' हो । यस्ता चर्चित उपन्यासका उपन्यासकार साहित्यभन्दा राजनीतिक क्षेत्रमा सक्रिय रहेको देख्दा अशेष मल्ल आशा राख्छन्, 'भरत जङ्गम पुनः साहित्य क्षेत्रमा नै रमाउने छन् ।' साहित्य सिर्जनामा लाग्नु सजिलो कुरो भने होइन तर त्यसको मूल्य भने उच्च छ । समाजमा भरत जङ्गमको व्यक्तित्वलाई यही साहित्यिक क्षेत्रले नै अमर बनाएको देख्छन् अशेष मल्ल ।

तत्कालीन अवस्थामा चीनको पीडा जति थियो समयको परिवर्तनसँगै बदलिएको पनि हुन सक्छ । भरत जङ्गम आफ्ना शब्द र मर्ममा तत्कालीन चीनमा देखिएका दृश्यहरू कोर्न जुन कोसिस गरेका छन् त्यसलाई अत्यन्त साहसपूर्ण कदम मान्नुपर्छ ।

ज्ञानलोचन भित्रै छ अन्वेषण गर्‍यौ भने ।
उघारौं ज्ञानको नेत्र आफैमा हरि देखिने ॥११५॥

एकदाना दिए धर्ती लाखदाना फलाउँछन् ।
बुद्धावतार एक्लैले विश्वमा शान्ति छाउँछन् ॥११६॥

एक्लो नायक हो मेरो द्रष्टा भरतजंगम ।
लाखौं लाख उतार्ने छ भ्रष्टाचार विरुद्धमा ॥११७॥

एकै सूर्य उदाएमा संसार छाप्छ तेजले ।
यौटै भरत सिद्धान्त दौडेको हुरी बेगले ॥११८॥

–भरत महाकाव्य

भरत जङ्गमका उपन्यासहरूप्रति सूक्ष्म दृष्टि

कमला न्यौपाने

शरीर नाशवान् छ । अमर कीर्ति मात्र हुन्छ । 'कालो सूर्य', 'व्यूहचक्र' र 'रातो घाम' जस्ता अमर कृतिहरूले भरत जङ्गम अमर बनेका छन् । कालजयी बनेका छन् । ती सिर्जनाहरूले उनलाई युगयुगसम्म जीवन्त गराइराख्ने छन् ।

२०३६ सालमा प्रकाशित भएको 'कालो सूर्य' ले तत्कालीन प्रशासनिक र राजनीतिक क्षेत्रबाट हुने गरेका भ्रष्टाचार बारे दिएको सूचनाले भरत जङ्गमलाई जनताको मनमनमा पुग्न सघाएको थियो । भनिन्छ साहित्य समाजको दर्पण हो । अङ्ग्रेजीमा भनिन्छ, समाजमा भएका विकृतिहरूको सुधार लेखकको व्यङ्ग्यात्मक शैलीले गर्ने गर्छ ।

प्रशासनिक र राजनीतिक क्षेत्रका व्यक्तिहरूले गर्ने गरेका भ्रष्ट आचरणका घटनाहरू आफ्नो साहित्यमा चित्रण गर्ने गरेका भरत जङ्गममा समय परिस्थितिअनुसार कलम चलाउने तागत देख्छिन् कमला न्यौपाने ।

व्यङ्ग्यात्मक शैलीको मानिने 'कालो सूर्य' ले भ्रष्टाचार, विकृति र विसङ्गतिको चित्रण चर्चा मात्र नगरेर मानवीय गुण र समस्याको पनि सूक्ष्म व्याख्या गर्दै नेपाली समाजलाई जागरुक बनाउने, चेतना जगाउनेजस्तो ज्यादै महत्त्वपूर्ण प्रयास गरेका छन् । चौथो संस्करण प्रकाशित भइसकेको कालो सूर्य ११ भाषामा प्रकाशित भइसकेको छ । अझ धेरै भाषामा प्रकाशित हुन सकोस् भनी शुभकामना दिन्छिन् कमला न्यौपाने ।

'व्यूहचक्र' पनि सफल उपन्यास हो । केही भाषामा अनूदित भइसकेको यो उपन्यासमा पनि पञ्चायती व्यवस्थामा हुने गरेका विकृति विसङ्गतिको यथार्थ चित्रण छ । त्यसैले यो पनि जनजनको मनमा पुगेको छ ।

उनको तेस्रो प्रकाशित उपन्यास रातो घाम हो । विश्वमानवका लागि आधा शताब्दी बन्द रहेको देश चीनका बारेमा चीनिया जनताको जीवनका बारेमा र त्यहाँको समाजको यथार्थलाई उतार्ने काम यस उपन्यासमा भएको छ ।

यीलगायत टिप्पणीहरूको सङ्ग्रह पचास-प्रसङ्गले भ्रष्टाचार विरोधी आन्दोलनका बारेमा स्पष्ट पारेको छ । यसले धेरै रहस्यहरू खोलिदिएको छ । यस्ता देश, काल र परिस्थिति सापेक्ष कृतिहरू प्रकाशित हुँदै जाउन् भन्दै मनैदेखि शुभकामना टक्र्याउँछिन् कमला न्यौपाने ।

देशको मन दुख्दैछ भ्रष्ट रोग सिकिस्त छ ।
जलजन्तु पशुपन्छी बल्लरी हुन्छ पीडित ॥३६॥

हुँदैन देश निर्माण यथास्थिति रह्यो भने ।
लोकतन्त्र, प्रजातन्त्र कति आए कति गए ॥३६॥

अनिर्वचन यो रोग आमाको अस्मिता हरी ।
हाम्रो गौरव या स्वत्व जाँदैछन् दिनहूँ मरी ॥३८॥

आकाश पनि छोडेन भू–गर्भभित्र भ्रष्ट छ ।
मान्छे के धरणीमा नै भ्रष्टाचार अनिष्ट छ ॥३९॥

–भरत महाकाव्य

सन्दर्भ : भरत जङ्गमको उपन्यास लेखन

भ्रष्टाचार विरोधी साहित्यिक व्यक्तित्व

प्रमोद प्रधान

नेपालको राजनीतिमा २०३६ साल केही विशिष्ट देखिन्छ । भरत जङ्गमको कृति 'कालो सूर्य' पनि यही सालमा प्रकाशित भएको हो । यस कृतिले उनको परिचय मात्र दिएन नेपाली साहित्यलाई नै व्यापक चर्चामा पुऱ्यायो । जुन चर्चा धेरैका लागि प्रोत्साहन र कतिका लागि ईर्ष्याको विषय बनेको थियो होला । यस्ता कृतिकारका कृतिहरू पहिले अध्ययन गरेका प्रमोद प्रधानको जङ्गमसँग भौतिक परिचय र भेटघाट भने धेरै पछि मात्र हुन्छ ।

कालो सूर्यका दुई पक्ष बने । एउटा पक्ष उपन्यास जुन कृतिको परिचय बनिसकेको छ । उपन्यास नमान्ने अर्को पक्षको पनि ठुलै जमात देख्छन् प्रमोद प्रधान तर यसलाई उपन्यास मान्न के के गुण चाहिन्छ, के कमजोरी छन् त्यो विवादको छुट्टै विषय बन्ला । तथापि त्यसले उठान गरेका विषयवस्तु नेपाल र नेपालीले भोगिरहेका यथार्थ हुन् ।

कालो सूर्यपछि भरत जङ्गमका उपन्यासको रूपमा व्यूहचक्र र रातो घाम प्रकाशमा आए भने प्रबन्ध सङ्ग्रह तर्फ प्रचास-प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलन प्रकाशित भएका छन् । उनका व्यक्तित्वहरू धेरै छन् । तीमध्ये मुख्य साहित्यिक पाटो भ्रष्टाचार विरोधी विचारबाट आन्दोलित रहेको देख्छन् प्रमोद ।

बत्तिस बर्से युवाले नेपालमा भ्रष्टाचारको जुन स्थिति देखे, जीवनको उत्तरार्धमा पनि त्यही स्थिति देख्दा साहित्यिक व्यक्तित्वको कोमल मनभित्र विद्रोहको भुईंचालो चलेर होला भ्रष्टाचार विरोधी अभियान चलाएका । त्यसमा उनलाई सफल देख्छन् प्रमोद । उनले अद्यापि त्यही अभियानलाई गति दिने प्रयास गरिरहेका छन् जुन ज्यादै महत्त्वपूर्ण छ भन्ने मान्नै पर्दछ ।

साहित्यमा भ्रष्टाचार विरोधी लेखहरू लेखेर मात्र नपुग्ने देख्छन् उनी । अनि भ्रष्टाचार विरोधी अभियानमा चलाउँछन्, कानुनी लडाइ लड्ने,

भ्रष्टाचार विरोधी अभिलेखलाई निरन्तरता दिन 'व्यूहचक्र' 'पचास-प्रसङ्ग' र भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता कृतिहरू लेख्ने र प्रकाशन गर्ने काम गर्दछन् ।

'पचास-प्रसङ्ग' 'साप्ताहिक नेपाली आवाज' को स्तम्भका रूपमा प्रकाशित लेखहरूको सङ्ग्रह हो । यो पढ्दा २०४६ सालपछिको व्यवस्थाप्रति जनताले राखेका न्यूनतम आशाहरू पनि पूरा हुन नसकेकामा जनताको असन्तोष तथा नेता र कर्मचारीहरूमा देखिएको विकृतिलाई छर्लङ्ग पारेको देखिन्छ ।

लेखकले पचास-प्रसङ्गमा कर्मचारी र कर्मचारीतन्त्रमा राजनीतिकरणको कारणले देश र जनताले भोग्नु परेको व्यापक भ्रष्टाचार र अराजक स्थिति, जनता पीडित बनिरहने परम्परा, राज्यसत्ता नै भ्रष्टाचारमा डुब्दै जाने स्थितिको विश्लेषण गरेका छन् ।

सत्तासीनहरूले प्रजातन्त्र अलापेर हैन, स्वयं मर्यादित भएर कानुनमा बाँधिएर नमुनाको रूप प्रस्तुत गर्न सके मात्र प्रजातन्त्रको अभ्यास भएको छ भन्ने लाग्छ । मनपर्दी पजनी र नियुक्तिले अराजकता मौलाउँछ । शैक्षिक संस्थाहरूमा राजनीतिक हस्तक्षेप बढ्दा शिक्षा महङ्गो र शिक्षाकै लागि विद्यार्थी पलायन हुन पर्ने स्थिति आई राष्ट्रमा आर्थिक सङ्कट बढ्ने कुरा प्रस्ट्याइएको छ ।

सरकारी सञ्चार माध्यमका बारेमा गोरखापत्र संस्थानको निजीकरण समस्याको समाधान होइन, किन गर्ने रा.स. सलाई निजीकरण भन्ने विचार लिपिबद्ध गरेका छन् । कानुनद्वारा स्वायत्तता प्राप्त राससको निजीकरण गरेर मुलुकले के फाइदा पाउँछ ? कसैले सोचेको छ ? के यो सहायताबिना आत्मनिर्भर बन्न सक्तैन ? यसमा संलग्न यस्ता विचारहरू अहिले पनि उत्तिकै सान्दर्भिक लाग्छन् ।

राजनीति दल स्पष्ट नहुँदा सरकरी सञ्चार माध्यमको स्थिति लथालिङ्ग छ । नेताका मात्र समाचार छाप्ने, नेताकै मान्छे भर्ती गर्ने रोगले ग्रस्त देख्ने प्रमोद प्रधान भरत जङ्गमको साहित्य र वाङ्मयका क्षेत्रमा भ्रष्टाचार विरुद्ध चलिरहेको कलमप्रति कुनै शङ्का नै छैन भन्ने मान्यता राख्छन् ।

प्रयोगधर्मी उपन्यासकार

विष्णुविभु घिमिरे

"साहित्य यस्तै हुनुपर्छ भनेर...उचित ढङ्गबाट मूल्याङ्कन भइदिएको जस्तो लाग्दैन" (९ वैशाख २०५९ 'प्रकाश साप्ताहिक') "साहित्य पढेपछि तत्काल परिवर्तन आउँदैन...त्यो त सबै पाठक कलात्मकता मात्रै खोज्दैनन्" (मङ्सिर २०५४ 'मिर्मिरे')

पत्रिकाहरूमा व्यक्त यी विचार हुन् भरत जङ्गमका । उनी साहित्यकार हुन् भने साहित्य फाँटको उपन्यास विधामा स्थापित व्यक्तित्व हुन् । साहित्य पढ्दैमा व्यक्ति तत्काल परिवर्तन हुँदैन । साहित्यले तुरुन्त नतिजा पनि दिँदैन । साहित्यले मन छुने हो ... । जस्ता विचार व्यक्त गर्ने भरत जङ्गमलाई प्रयोगधर्मी उपन्यासकारको रूपमा चिन्दछन् विष्णुविभु घिमिरे ।

उनका 'कालो सूर्य', 'व्यूहचक्र' र 'रातो घाम' उपन्यासहरू प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त 'पचास-प्रसङ्ग' र 'भ्रष्टाचार : वैचारिक आन्दोलन' शीर्षकमा प्रबन्ध सङ्ग्रहहरू पनि प्रकाशित छन् । अनि 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' पनि प्रकाशित भएको छ । विष्णुविभु भन्छन्, 'भरत जङ्गमका बारेमा भन्नुपर्दा उनलाई 'कालो सूर्य' ले नै यो रूपको साहित्यकारमा स्थापित गरायो । प्रयोगधर्मी उपन्यासकार पनि बनायो ।'

२०३६ सालमा प्रकाशित भएपछि 'कालो सूर्य' निरन्तर चर्चामा आयो । उपन्यासकारलाई पनि चर्चामा ल्यायो । यो उपन्यास तत्कालीन राजनीतिक दृष्टिकोण, आर्थिक विपन्नता र सामाजिक दृष्टिकोण भित्र डुबेर लेखिएकाले नै यसको गम्भीर्य र महत्त्व विशिष्ट रहन पुगेको छ । त्यसैले पनि होला विश्वका धेरै भाषामा अनूदित हुने पहिलो नेपाली उपन्यास बनेको ।

'कालो सूर्य'पछि 'व्यूहचक्र' र 'रातो घाम' ले पनि उपन्यास लेखनको इतिहासमा नौलो प्रयोग, नयाँ विषयवस्तु र नवीन प्रस्तुति बोकेका छन् । यस्ता कर्मठ, निरन्तर सिर्जनामा रमाउने साहित्यकार भरत जङ्गमको कलम निरन्तर सिर्जनारत रहोस् भन्ने कामना गर्छन् विष्णुविभु घिमिरे ।

'कलमको सम्बन्ध'

डा. शास्त्रदत्त पन्त

भरत जङ्गम र डा. शास्त्रदत्त पन्तका विचारका विभिन्न तरङ्ग तिनको लम्बाइ चौडाइ र स्तर समान भएर होला एक अर्कालाई आकर्षित गर्न सकेको । डा. पन्त भन्छन् 'देश, राष्ट्रियता, राष्ट्रिय एकता र समुन्नत नेपालको निर्माणको सम्बन्धका मेरा कुरा भरत जङ्गमलाई मन पर्छ ।' यस कारण मन पर्छ होला उनका विचार पनि त्यस्तै छन् । त्यसैले उनीहरूको कलम (विचार) को सम्बन्ध बनेको होला । दुवै विवेकमा विश्वास गर्छन्, दुवै विवेकको प्रयोग राम्रोसँग गर्न सक्ने व्यक्ति हुन् ।

भरत जङ्गम विभिन्न सिर्जनात्मक आयामहरू भएका, समाजमा प्रतिष्ठित व्यक्तित्व हुन् । विविध आयाममध्ये साहित्य र पत्रकारिता अलि बोझिला भए पनि उनले समातेको उपन्यास विधा आकर्षक, बहुचर्चित र योगदानमूलक बनेको छ । यही विधा मार्फत भरत जङ्गम भ्रष्टाचार विरोधी अभियानमा केन्द्रित बनेका छन् । उनको पत्रकारिताले पनि यही अभियानलाई केन्द्रबिन्दु बनाएको छ ।

'कालो सूर्य'ले समाजको विचार र चाहनालाई प्रतिनिधित्व गर्छ । ' कालो सूर्य' प्रतिको जनप्रोत्साहनले भरत जङ्गमको साहित्यिक यात्रालाई गति दिएको हो भन्ने डा. शास्त्रदत्त यही प्रेरणाले नै 'व्यूहचक्र' र 'रातो घाम' जस्ता उपन्यासको जन्म भएको मान्छन् । अनि पचास-प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलन कृतिहरूको पनि प्रकाशन भयो ।

उच्च तह र केन्द्रीय अभ्यासमा नैतिकता गिर्दै जाँदा राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रको नैतिकता पनि त्यही अनुपातमा गिर्दै जान्छ । गिर्दै गरेको नैतिकताले राष्ट्र विपन्नतातर्फ उन्मुख भएको देखाउँछ ।

विपन्नताले अचेतना र अचेतनाले विपन्नता संरक्षित गर्छ। देशमा अस्थिरता मौलाउँछ। डा. शास्त्रदत्त भन्छन्, 'यस्तो स्थितिको निर्माण हुनु भनेको थप पीडाको विषय बन्नु हो।'

गरिबी र अचेतना हटाउन सबैको सहयोग चाहिन्छ। भिक्षाबाट देश उँभो लाग्दै लाग्दैन। आफूभन्दा सम्पन्न बनाउन कसैले भिक्षा दिँदैन। हाम्रो देशको दुःखदर्द हामी आफैले व्यवस्थापन गर्न सक्यौं भने मात्र देशलाई वैभवशाली बनाउन सक्छौं भन्ने भरत जङ्गमको विचारसँग डा.पन्तको विचारको तादम्य हुँदा यी दुईबिच कलमको सम्बन्ध छ कि भन्ने पनि लाग्छ।

भरत जङ्गमले आफ्ना उपन्यासमा तत्कालीन राजनीतिका खेलाडीहरूले गरेको कुचक्र, अनैतिक आचरण, भ्रष्टता र अमानवीयतालाई केलाएर व्याख्या गरेका छन्। प्रशासनिक र राजनीतिक वृत्तभित्रका कुचक्रप्रति तिखो प्रहार गरेका छन्। उनको उद्देश्य र प्रयास राज्यसत्ता सञ्चालनमा भएका गल्तीहरूलाई निमटरा लगाउनु हो।

निहित स्वार्थ राखेर राष्ट्रप्रति गम्भीर र संवेदनशील बन्न नसक्नेहरूले देश, समाज अनि राष्ट्रलाई कसरी गिराउँछन् ? भन्ने कुरालाई प्रकाश पार्न दुवै व्यक्तित्व सक्रिय भएका छन्। यो सक्रियताले आगामी दिनमा पनि अझ प्रभावकारी निरन्तरता पाओस्।

अपव्याख्याप्रति कटाक्ष

शिवप्रसाद सत्याल 'पीठ'

हाम्रो साहित्यका अग्रज लेखकहरू समाजमा धेरै छन् । जसको योगदान अग्रस्थानमा रहेको पनि छ । अझ कम उमेरका लेखकलाई अभिनन्दन गरिनु प्रशंसनीय कार्य हो । अग्रजको कुरालाई छाडेर शिवप्रसाद लेख्छन्, 'यसले लेखकको आयुलाई अमर बनाइरहेको हुन्छ । यस्ता अभिनन्दन कार्यक्रमहरू त्यस मानेमा पूर्ण सफल रहुन् भन्छु म पनि ।' भाषा र साहित्यको श्रीवृद्धिमा अभिनन्दन ग्रन्थको छुट्टै योगदान रहन्छ । त्यसैले होला यहाँ साहित्यिक अभिनन्दन प्रकाशनको शृङ्खला चलिरहने । अभिनन्दन ग्रन्थको प्रकाशनको परम्परामा पहिलो साहित्यिक विधाहरूको लेखन र विश्लेषणलाई विषय बनाएर दोस्रो व्यक्ति अनि उसका कृतिलाई विषयवस्तु बनाएर प्रकाशन गरिने गरेको बताउँछन् शिवप्रसाद ।

भरत जङ्गमले स्तम्भ लेखनमा आफ्ना स्वतन्त्र विचारहरू, रचनाहरू, समाजका विकृति विसङ्गतिहरू, आडम्बर र अपव्याख्याप्रति कटाक्ष गर्छन् । उनी कृतिलाई त्यही दृष्टिकोणले हेर्न पाठकलाई झकझक्याउँछन् । साहित्यमा मात्र होइन, बाहिरका विषयहरू पनि यही दृष्टिकोणबाट हेर्न चाहन्छन् उनी । जस्तो भ्रष्टाचार बाहिरको विषय हो । यसमा उनको दृष्टि परेको छ । समाजका मूल्य मान्यतामा फरक नपारी सुधार आउन सक्तैन भन्ने उनको मान्यता देखिन्छ । समाजको चिन्तन कार्यमा सामाञ्जस्य आउन सकेमात्र नेपाल र नेपालीको मुहार फेरिन सक्छ ।

यस्तै मान्यता र दृष्टिकोणलाई व्याख्यापूर्वक स्थापना गर्नु कृतिकारको अनन्तः प्रयोजन हुनुपर्छ भन्ने मान्यता राख्ने शिवप्रसाद भने स्वयं भरत जङ्गमका कृतिले र उनका बारेमा निस्कने अन्य प्रकाशनले उक्त कार्यको सफलता मिलोस् भन्ने कामना पनि गर्छन् । उनका कृतिहरूको विश्लेषणले पाठकरूको अध्ययनलाई अझ सहयोग गर्ने नै छ। यस्ता कार्यमा लाग्ने सबैलाई बधाई दिँदै शिवप्रसाद भन्छन्, 'भरत जङ्गमको कलम अझै तिखारियोस् । हाम्रो समाजले 'कालो सूर्य' भन्दा अझ धेरै राम्रा उसका भाइबहिनी पाउन सकोस्' भन्ने कामना पनि गर्दछन् ।

भरत जङ्गमका कृतिहरूको मूल मर्म

डा. हरिभक्त न्यौपाने

भ्रष्टाचारको सम्बन्धमा भारतका पूर्व प्रधानमन्त्री गुजरालको सत्याग्रह र राजदूत राल्फ फ्र्याङको भ्रष्टाचार र आतङ्कवाद बारेको खुलस्त अभिव्यक्ति पनि हाम्रो मुलुकको स्थिति सुधार्नका लागि सही दिशा बन्न सक्ने देखिए तापनि आफ्नो माटोको परिस्थिति र वातावरण सुहाउँदा भरत जङ्गमका निबन्ध, प्रबन्धहरू विभिन्न पत्रपत्रिकामा पारदर्शी तबरबाट प्रकाशित भए। भरत जङ्गमले ती प्रस्तुत कृतिहरूको दर्पणमा आफ्नो अनुहार हेरेपछि मात्र प्रकाशित गरेको मान्छन् डा. हरिभक्त न्यौपाने।

धन राशिमा जन्मेका भरत जङ्गम धनी मात्र छैनन्। मनका पनि धनी छन्, प्रतिभाका पनि धनी छन्। चर्चित उपन्यास 'कालो सूर्य' का लेखक उनको यो कृति विश्वका प्रमुख ११ भाषामा अनूदित भएको छ। भ्रष्टाचार उन्मूलनतर्फ दिशाबोध गर्ने र भ्रष्टाचार हटाई जीवनका मूल्यमान्यता स्थापित गर्नु उनको लक्ष्य हो। समाजको गुण अवगुण केलाउन सफल उनको यो 'कालो सूर्य' नेपाली समाज र विश्व समाजको सेतु बनेको अनुभव गर्दछन् डा. हरिभक्त। त्यति मात्र होइन कतै कतै अतिशयोक्तिपूर्ण प्रस्फुटनका चोटिला प्रहारहरू पनि छन् यसमा।

उनको नौ घेरायुक्त उपन्यास 'व्यूहचक्र' मा पात्र काल्पनिक रूपका जस्ता देखिए पनि औपन्यासिक कथन यथार्थपूर्ण छ। केही अन्य भाषामा अनूदित भइसकेका यी पुस्तकहरूले चाकडी, चाप्लुसी, निर्मूल पारी देशको सर्वाङ्गीण विकासलाई मूल मर्म बनाउने प्रयास गरेका छन्। व्यूहचक्रमा भण्डारखाल पर्वको आभाष दिएको देख्ने डा. हरिभक्त कमजोर मनस्थितिमा आत्तिन्छन्। वासिन्दा देशका रक्तपातको चापाचाप, अनि काटाकाट र

मारामारमा परी हाहाकार मच्चाउनेहरूलाई उनी भन्छन् : यो यस्तै हो, ' व्यूहचक्रकको माध्यमबाट लड्न पर्ने भो ।'

वर्तमानको राजनीतिक सङ्कट र अस्थिरताबाट धरमर पारिएका जनताको धार्मिक सङ्कटमा सास तानिरहेका बाहिरका जलवाष्प र सुकेका पानीका बाछिटाको स्थितिमा धर्म निरपेक्षताको नचाहिँदो भूकम्प मच्चाएर नेपाली समाजलाई व्याकुल बनाएको स्थिति देख्छन्, डा. हरिभक्त ।

उनको विश्लेषण छ : 'जहाँ खाओवादले आक्रमण गर्छ, त्यहाँ माओवाद जन्मन्छ । खाओवादको आक्रमणमा अभावै अभाव र अस्तव्यस्ततामा भित्रभित्रै विद्रोहको आक्रोश बढाउँछ । क्रान्तिको ज्वाला दन्काउन थाल्छ । परिणाम हत्या, हिंसा र लुटपाट बढ्छ । मानिस मानव बनेर हैन दानव बनेर दौडन्छ । डा. हरिभक्तमा कविता जन्मछ : 'आगो बल्यो हृदयमा रहँदैन होस, चोरी सिवाय दुनियाँ अरू के गरोस्' ।'

यस्तो समस्याको निदानका लागि लोकतन्त्रमा राजनीतिक र आर्थिक समानता, धार्मिक स्वतन्त्रता, सम्प्रदाय निरपेक्षता र समन्वयवादी धर्मको आवश्यकता देखिएको बताउने डा. हरिभक्तले इन्द्रजात्राको लिङ्गोमा चन्द्र सूर्य अङ्कित राष्ट्रिय झण्डा आवश्यक छैन भन्ने प्रश्न राख्दै भन्छन्, 'नेपालीका पुर्खाले आर्जेको विशाल नेपाल त्यसको धर्मसंस्कृति अक्षुण्ण राखे देशको अखण्डता । व्यूहचक्रले तिनै कुराको सङ्केतमा भावी योजना र समस्या समाधान गर्न आह्वान गरेको पो हो कि ?' भरत जङ्गमद्वारा प्रस्तुत अर्को उपन्यास 'रातो घाम' पनि केही अन्तर्राष्ट्रिय भाषामा अनूदित छ । त्यसले चीनिया जनता र समाजको स्थिति, तिब्बतको अवस्था अनि चीनको सङ्क्षिप्त चित्रले औपन्यासिक मर्म भरेको छ ।

त्यसपछिको पचास-प्रसङ्ग राजनीतिक चिन्तन मननको उपज हो । यो कुरा लेखकीय कथनबाट बुझ्न सकिन्छ । त्यो अदूरदर्शी राजनीतिक

क्रियाकलापको जीवन्त प्रस्तुति र जिरहलाई लेखकले खुलस्त पारेका छन् । यस प्रसङ्गमा प्रमुख स्थान ओगटेको भ्रष्टाचारलाई औंल्याउँदै त्यसलाई कानुनी प्रक्रियाबाट समाधान गर्दै लग्नुपर्ने शुभलाभमा सहमत छन् डा. हरिभक्त । भरत जङ्गमको पाँचौं कृति 'भ्रष्टाचार : वैचारिक आन्दोलन' निबन्धात्मक प्रस्तुति हो । यसले भ्रष्टाचारको आन्द्राभुँडी केलाउने प्रयास गरेको छ । जसमा दस सन्दर्भका पैसट्टी उपशीर्षक राखिएका छन् । तिनमा भ्रष्टाचार नियनत्रणका उपायका विचार-प्रधान प्रबन्धात्मक सँगालोहरू छन् ।

उनका विचारका अलग अलग भँगालाहरूलाई सङ्गम गराउन 'एकीकृत विकास केन्द्र नेपालका' हरि मञ्जुश्रीलाई यो सफलता मिलेकामा बधाई एवं धन्यवाद दिँदै डा. हरिभक्त निद्रामा सुतिरहेको पाठकभन्दा अझ धेरै बढी सक्रिय रही परिस्थितिको चक्रवत् परिक्रमा गरेर सारांशीकृत गर्न सक्ने भरत जङ्गमले भ्रष्टाचारीको सातो काडेका छन् भन्दछन् ।

म जाँदै गर्दामा अगम पथमा काव्यरसमा,
म चिप्लें यो मीठो मधुकर सुधापान वसमा ।
म उक्लें तेह्रौमा भरतमणिको नायक तिर,
छिचोल्दै जाँदै यो रसमय महाकाव्य शिखर ॥१॥

जसै आयो ओल्यों भरतमणि यो पावन धरा,
बिटप पनि भो उदाएको तारा, स्वच्छ लहरा ।
अगाडि को यात्रा सुगम अथवा दुर्गम भयो,
कहाँ के के गर्दै सुमन शुभ छर्दै पर गयो ॥२॥

–भरत महाकाव्य

फेरि उपन्यासहरू आउन्

हिरण्य भोजपुरे

नेपालीले खोजेको उज्यालो हो । उज्यालो अधिकार पनि हो । ग्रहणले कहिले सूर्यलाई छोप्न छाड्छ ? कहिले हटाउन सकिन्छ ? त्यो थाहा हुँदैन । भरत जङ्गमलाई साहित्यिक मित्र मान्छन् भोजपुरे । भरतलाई साँच्चैका जङ्गम मान्छन् किनभने उनले आफ्नो व्यक्तित्वलाई जङ्गम बनाए । जङ्गमहरूलाई चिनाए । शासकका विभिन्न काला कुकृत्यहरूले ढाक्दा सूर्य कालो भयो । दुर्भाग्य उनले त्यस समयमा देखेको सूर्यमाथिको खग्रास अद्यापि छँदै छ ।

भरत जङ्गमले देखेको 'व्यूहचक्र' तोड्न कठिन छ । जति पटक परिक्रमा गरे पनि नसकिने । झन्झन् अभेद्य बन्दै गएको यो पो हो कि त्यो व्यूह ? देश यो 'व्यूहचक्र'भेद गर्न सक्ने अर्जुनको खोजीमा छ । त्यसबाट मुक्ति पाउनु नै छ । जुन अधिकार हो ।

त्यसपछि 'रातो घाम' लेखे । कालो र रातो रङ्गको सङ्केत एउटै हुँदैन । कडा रोतो घाम सदा सुखदायी नहुन सक्छ । हामी बच्चामा खेल्दा क्षितिजमा कडा रङ देख्यौं भने 'ऊ आकाश ड्डयो' भन्थ्यौं । त्यही रातो रङको प्रतीक बनाएर लेखिएको 'रातो घाम'ले शुभदिन आउन लागेको मात्र सङ्केत गर्दैन, रात आउँदै छ भन्ने पनि गर्छ । तर उपन्यासको रातो घाम उज्यालोको आशा हुनुपर्छ भन्छन् हिरण्य भोजपुरे ।

विषय, यथार्थ र नाम प्रतिक्रियात्मक बनेका 'कालो सूर्य', 'व्यूहचक्र' र 'रातो घाम' तीनै उपन्यास नेपाली भाषाबाहेक अरू भाषामा पनि अनूदित भएका छन् । यिनमा राम्रा भन्दा नराम्रा पक्ष बढी देख्ने भोजपुरे भने नेपाली साहित्यका लागि सुखद संयोग मान्छन् । एउटा साहित्यिक साथीको नाताले धेरै खुसी पनि व्यक्त गर्दछन् ।

हिरण्यका स्नेही भरत जङ्गमको मोती महोत्सवको उपलक्ष्यमा उनीबाट यस्तै खालका अरू उपन्यास पाउने आशा र विश्वास राख्दै उनको उपन्यास साहित्यको सफलताका लागि हार्दिक बधाई दिन्छन् ।

चर्चा भरत जङ्गमका कविताहरूको

प्रयागराज वाशिष्ठ

भरत जङ्गमले साहित्यिक यात्रा कविताबाट सुरु गरेको हुन् । त्यसपछि आजसम्म उनले गरेका योगदान र साधनको हिसाबले उनलाई उपन्यासकार, कथाकार र निबन्धकारका रूपमा उभ्याएको छ ।

सिर्जनाका हिसाबले उनी नेपाली साहित्यको इतिहासमा अत्यन्तै चर्चित उपन्यासकारको रूपमा स्थापित भएका छन् । यसरी चार दशक अघिदेखि सक्रिय रूपमा चलिरहेको उनको कलममा अभिव्यक्तिको नवीनता, सामाजिक चित्रको व्यापकता र वास्तविकता, भाषाशैलीको विशिष्टता झल्कन्छ । तिनै विशेषतामा सिर्जित 'कालो सूर्य', 'व्यूहचक्र', 'रातोघाम' जस्ता उपन्यासहरूको लेखकको रूपमा परिचयले व्यापकता पाएको छ ।

यसका अतिरिक्त, उनी सार्थक कवित्व अनि कोमल भावनाका कवि हुन्, गीतकार हुन्, गजलकार हुन् । तर यो कविव्यक्तित्वलाई सार्वजनिक गर्न किन चाहिरहेका छैनन भरत जङ्गम ? उनका परिचित सबैलाई यो जिज्ञासाको विषय बनेको छ ।

प्रा. प्रयागराज वशिष्ठ स्वयं वरिष्ठ समालोचक पनि हुन् । उनले भरत जङ्गमको पचास-प्रसङ्ग अध्ययन गरिसकेपछि भरत जङ्गम एक उच्च विचारक हुन् भन्ने ठहर गरेका छन् । यतिमात्र नभएर भरत जङ्गम चिन्तक, लेखक र निबन्धकार हुन् । विविध विधाको व्यक्तित्व नभई कसरी निर्माण उच्च तहका सिर्जना गर्न सकिन्छ ? दिमागले जोड गर्छ, 'उनी अवश्य नै कवि हुनुपर्छ ।' त्यसैले उनले विभिन्न विधामा दिएको योगदान, उनको साहित्यिक सिर्जनशीलतामा उनको कवि व्यक्तित्व मिसाएर चर्चा चलाउन उपयुक्त हुने बताउँछन् डा. प्रयागराज । प्रश्न उब्जन्छ यहाँ 'भरत जङ्गमले आफूलाई आख्यानकार र निबन्धकारको रूपमा मात्र परिचय दिन किन रुचाए ? तर प्रा. प्रयागराजलाई लाग्छ, 'उनी कवि हुनैपर्छ ।'

भरत जङ्गमको मोती महोत्सवको उपलक्ष्यमा अभिनन्दन ग्रन्थ

प्रकाशनका लागि एउटा आलेखको आग्रह आउँछ । संयोग मिल्यो, उनको परिचयमा कवि थपेर आलेख तयार पार्न । भरत जङ्गमका 'उर्लिएका लहरा' नामक कविता सङ्ग्रहको कम्प्युटर टङ्कित पाण्डुलिपि प्रा. प्रयागरागको हातमा आइपुग्छ । त्यो देख्ता आफ्नो भनाइ पुष्टि गर्दै भन्छन्, 'हो त कवि नभई कसरी साहित्यकार बन्न सकिन्छ ?'

यी फुटकर कविता, मुक्तक र गीतहरूको फुलबारी अनि कवि जङ्गमको सिर्जनाको इतिहास, कवि कित्तामा पूरा चिनारी बन्न सक्दछन् । अझ प्रा. प्रयागराजलाई यी मात्र उनका चिनारी हुन् भन्ने लाग्दैन, उनले त विशिष्ठताको वकालत गर्ने एउटा राम्रो पूर्ण सुन्दर कविता सङ्ग्रहको घरबारी मान्छन्, ती 'उर्लिएका लहरा' लाई ।

धेरै विद्वान्, विदुषी सामाजिक आर्थिक राजनीतिक क्षेत्रका विशिष्ठ व्यक्तित्वहरूको बोली, वाणीले भरत जङ्गमको सेवा, साधना, समर्पण र सक्रियताको लेखाजोखा गरिरहेको सन्दर्भमा यी सिर्जनशील साहित्यकार, खरादरा प्रशासक, चर्चित राजनीतिज्ञका साथै विशिष्ठ कवि व्यक्तित्व पनि हुन् भनी परिचयात्मक आलेख तयार पार्छन् प्रा. प्रयागराज ।

भरत जङ्गमको उमेरले किशोरता पार गर्दै गर्दा सुकोमल भाव बिम्बहरूलाई कवितात्मक लय दिएर कविता रचना गरेर ती कवितादेखि जीवनसँग सम्बन्धित विविध सन्दर्भहरूका अभिव्यक्तिहरू सङ्ग्रहका रूपमा रहेछन् । वि.सं. २०२० को दशकदेखि २०६२-६३ सम्मका जीवनमुखी काव्यात्मक अनुभूति समेटिएका यी पाँच दशकभित्रका सामाजिक, आर्थिक, संस्कृतिक र राजनीतिक प्रकृतिगत अनेक सन्दर्भहरू अँगालेर जङ्गमले कहिले समयअघि त कहिले समयलाई सँगै हिँडे हिँडाए । आफ्ना मनोगत आरोह अवरोहलाई मनस्थिति, परिस्थिति र चिन्तनका अनेक अवस्थितिलाई केलाएर सिर्जना गरिएका उनका काव्यहरू नेपाली पुँजी हुन् भन्छन् डा. प्रयागराज ।

भ्रष्टाचार विरोधी समाजको निर्माण, सभ्य समाजको विकास सत् मानव चरित्र निर्माणका लागि कलम चलाइरहने उनीभित्र सशक्त निबन्धकार सक्रिय रहेको पाउँछौं । उपलब्ध कविता सङ्ग्रहका कविता कृतिको नामकरणको सार्थकताले औचित्य पनि पुष्टि गर्दछ ।

भरत जङ्गमका विशेषताको चर्चा गर्दै प्रा. प्रयागराज लेख्छन्, 'उनका कविताहरू न स्वच्छन्दवादी छन्, न परिष्कारवादी छन् । अभिव्यक्तिको समयामयिकता छ । अन्तर्मुखी बनेर हेरिरहेका छन् जीवन जगत्लाई । अनि समसामयिकताको अभिव्यक्ति दिने जीवन रूपान्तरणका लागि विकृति विडम्बनाहरूको व्याख्या गर्ने जीवनको आवश्यकता बनेको मानवीय सभ्यताको पूर्णताका लागि बहस गर्ने जङ्गमले मानवीय जीवनको चित्रण, राष्ट्र राष्ट्रियता, मानवीय स्वतन्त्रता, सुशासन र सुव्यवस्थाको पक्षमा आफूलाई उभ्याइरहेका छन् ।

विभिन्न शीर्षकमा कविता, मुक्तक सिर्जना गर्ने भरत जङ्गमले नेपाली भाषाबाहेकका हिन्दी, अङ्ग्रेजी, नेवारीलगायतका भाषामा पनि कविता रचेका छन् । उनी विषयगत, लयगत, स्वरूपगत, चिन्तनगत, शैलीका विधालाई अँगाल्दै सरस सरल गीति काव्यात्मक भाषा शैलीका सुन्दर मुक्तक, गीत र कविताहरू रच्ने समसामयिक कित्ताका एक उल्लेखनीय कवि हुन् भनी उनका परिचयका थप आयाम भरिदिन्छन् प्रा. प्रयागराज ।

'देउराली' शीर्षकको कविता, वार्णिक छन्दको 'मुक्तक', वार्णिक लयको कविता, व्यङ्ग्यकारिता, वार्णिक र मुक्त लयमा केही नमुना कविताहरू प्रस्तुत गर्दै प्रा. प्रयागराज भन्छन्, 'तिनमा मानवीय प्रेम र आकर्षणको सुन्दर पक्षका पूर्ण रूप देखिन्छन् ।'

यीबाहेक पनि कवि भरत जङ्गमले धेरै गीत र कविता कोरेका रहेछन् तर ती स्वयंको उचित संरक्षण र व्यवस्थाहीनताले उनीभित्रको कवि र काव्यलाई अन्याय गरिरहेको देखिन्छ । उनका गीत कतै हराइरहेका छन् । ती कसैका कानमा गुञ्जिरहेका होलान्, कसैको नामले चिनिएर रहेका होलान् । केही बचेका होलान्, छन् । विभिन्न बोलमा कसैको मुटुमा गडिरहेका होलान्, धड्किरहेका होलान् ।

भरत जङ्गमका गीतहरूका भाषाशैली र विषयवस्तुको संरचना सङ्गीतिकता र अनुभूतिगत तीव्रताका दृष्टिले रम्य, भव्य र कलात्मक मानिन्छन् । तत्कालीन पारिस्थितिक गीत र वर्तमानका गीतहरूको श्रेणीमा उल्लेखनीय ठहर गर्दछन् प्रा. प्रयागराज । अझ उनका केही कविताले त भरत जङ्गमलाई मुक्तलयका समसामयिक कविको पहिचान दिएका छन् ।

कविताले कविभित्रका राष्ट्र, राष्ट्रियता, प्रकृति अनि जीवनसँग जोडिएका अनेक सन्दर्भ, महान् व्यक्ति र व्यक्तित्वसँगको सान्निध्य एवं मानव जीवनले जोडेका अनेक सन्दर्भलाई व्यक्त गरेका छन् । यसबाट भरत जङ्गमलाई तीव्र युगबोधक कविका रूपमा पाएको बताउँछन् प्रा. प्रयागराज । बहुभाषिक कविका रूपमा परिचय बनाएका भरत जङ्गम नेपाली भाषेतर कविका रूपमा पनि देखिएका छन् ।

भाषागत विषय र विषयवस्तुगत बनोट, संरचनागत, लयगत, अनुभूतिगत, सन्देश, चिन्तन र भाषाशैलीगत विविधता अँगालेका विभिन्न रङ्गहरूमा रचिएका कविताले भरत जङ्गमको पूर्ण परिचय बताइरहेका हुन्छन् । रेडियो नेपालको बाल कार्यक्रममा आफूले रचेका कविता र गीतहरू वाचन गरी उनी यहाँसम्म आइपुगेका छन् ।

यस समयमा सामाजिक र राजनीतिक परिर्वतनका सन्दर्भहरूलाई पनि आत्मसात् गरेर जीवनका तिता, मिठा अनेकन मोडहरूमा मिलेका अनुभवलाई कतै मुक्त त कतै गीत र फुटकर कवितामा सरल सरस अभिव्यक्ति दिनु भरत जङ्गमको विशेषता हो ।

यसरी भरत जङ्गमका कविताको सङ्क्षिप्त चर्चा गरेर उनको कवि व्यक्तित्वको परिचय दिने कोसिस गरिएको यो नै पहिलो जमर्को हो कि ? भन्ने मलाई लाग्छ । प्रा. प्रयागराजले उनको कवि व्यक्तित्वलाई सार्वजनिक गरिदिएकामा सादर धन्यवादका पात्र बनेका छन् । म पनि उनलाई मेरातर्फबाट हार्दिक धन्यवाद टक्र्याउँछु । उनी भन्छन्, 'स्वयं भरत जङ्गमलाई कविको रूपमा चिनाउन पाएकामा मिठो अनुभूति बटुलिरहेको छु ।'

यो 'उर्लिएका लहरा'हरूको प्रकाशनपछि उनको कवित्व र गीतित्वको हिसाबले उच्च मूल्यका मुक्तक र फुटकर गीत रचना गर्ने एक उल्लेखनीय मौन साधक र कवि व्यक्तित्वका रूपमा हामीले उनलाई पाएका छौं ।

परिच्छेद : दस

खण्ड :- एक

कृति र कार्यका आधारमा भरत जङ्गमको समग्र मूल्याङ्कन

(नेपाली भाषामा)

"लोकापवाद दुन्निबारः ।" भरत जङ्गमको जीवनका बारेमा टिप्पणी गर्ने धेरै होलान् । कसैले हठी भन्लान्, कसैले विद्रोही भन्लान्, कसैले कालीदास देखे होलान् । कसैले कुशल ड्राइभर देखे होलान् । झन् नजिकका आफन्तले के के देखे होलान् के के तर उनमा नकारात्मक सोच र व्यवहार कतै देखिँदैन । सकारात्मक सोचभित्र ईश्वर रमाएका हुन्छन् । उनीभित्र रमाइरहेको ईश्वरले उनमा बहुरूप देखाइदिएको छ । त्यही ईश्वरसँग उनी अक्करमा खेल्न सक्ने सामर्थ्य मागिरहेका छन् ।

लोकप्रियताले विशिष्ठ स्थानमा

ईश्वर वल्लभ

धेरै दिन अर्काको विषयमा लेखे, समाजका विषयमा लेखे, सामाजिक अवस्थाका बारेमा धेरै लेखेका वरिष्ठ साहित्यकार ईश्वरवल्लभलाई नरेन्द्र प्रसाईले भरत जङ्गमको विषयमा लेखेको लेख सुनाउँछन् । जुन लेख भरत जङ्गमको अन्तरङ्गको द्योतक थियो । जसले ईश्वरबल्लभलाई भरत जङ्गमका बारेमा केही लेख्न उत्प्रेरणा जगायो । जुन प्रेरणा उनलाई भरत जङ्गमको आन्तरिक घरातलको गर्तसम्म पुग्न सघायो ।

भरत जङ्गम स्वयं विशिष्ट स्रष्टा हुन् । त्यसैले उनलाई लाग्छ, उनका बारेमा केही लेख्ने प्रयत्न गर्नु नै उनको लेखकीय वृतान्तमा संलग्न हुन खोज्नु हो । जसका बारेमा लेख्नुपर्ने नै छैन, त्यसका बारेमा लेख्नु भनेको

आफ्नै ठुलो स्वार्थले हो भन्ने लाग्छ उनलाई । भरत जङ्गम त्यस्ता लेखक हुन्, जसका बारेमा बी.पी कोइरालालगायत धेरै मूर्धन्य स्रष्टा, कवि साहित्यकार हरूले लेखेका छन् । त्यस्ता व्यक्तित्वका विषयमा नयाँ पङ्क्तिकारका रूपको समग्र परिस्थिति स्वयंलाई उत्साहजनक मान्छन् ईश्वरबल्लभ ।

धेरै भाषामा अनूदित उपन्यास 'कालो सूर्य' को प्रकाशनताका नेपाली उपन्यास साहित्य र त्यसको प्रचार प्रसारका साथै लोकप्रियताको विशिष्ट स्थानमा स्थापित भएका भरत जङ्गमको अनि हाम्रो साहित्यको औपन्यासिकता त्यसको संरचनागत स्वरूपका बारेमा 'कालो सूर्य' का माध्यमले इतर पक्षले समेत अध्ययन गर्न पाएको बताउने ईश्वरबल्लभ भरत जङ्गमका विभिन्न विधा र लेखनले नेपाली साहित्यलाई उत्तरोत्तर प्रगतिपूर्ण बन्न सघाएका छन् भन्छन् ।

यसका अतिरिक्त सामाजिक व्यवस्था, सेवा, राष्ट्रिय राजनीति र समाजसेवातिर उनले गरेको विविध कार्यको दक्षता र क्षमताको प्रदर्शन प्रस्ट देखिएको छ जसले भरत जङ्गमलाई व्यक्तिगत रूपमा सुष्ठु-सुधि सम्पन्न र सभा बनाएको देख्छन् ईश्वरबल्लभ । भरत जङ्गमका विशिष्ट पक्षहरूभन्दा अलग असलपन पाउने उनी भरत जङ्गमको समृद्धि सुरुचिपूर्ण सामाजिक र वाङ्मयको सुसमुन्नताको कामना पनि गर्दछन् ।

धुलिखेलको आयस्रोत बढाइदिने व्यक्तित्व

उदय भूषण

मानिसले धेरै पटक गुन लगाइराख्न सक्दैन । गुन एकै पटकको होस् तर त्यो गुन कहिल्यै नबिर्सनु भनिन्छ । भरत जङ्गमले धेरै पटकको प्रयत्नपछि ठुलो गुन लगाए । त्यो गुन अझै बिर्सेका छैनन् धुलिखेलवासीले । सम्झिरहेका छौँ भन्छन् उदय भूषण ।

२०४३ सालमा धुलिखेल गाउँ पञ्चायतबाट नगर पञ्चायत बन्यो । नगर पञ्चायतको दैनिक कार्य र विकास निर्माणका कार्यहरू सञ्चालन गर्न रकमको खाँचो थियो अत्यन्त जरुरत थियो पनि । प्रतिनिधि, समाजसेवी छटपटिइरहेका थिए । तिब्बतको खासा बोर्डरबाट धुलिखेल भएर आउने सामानको चुङ्गीकरको केही अंश दिन पनि बनेपा नगर तयार थिएन ।

यो समस्या समाधानका लागि हार गुहार गर्दै हिँडेका प्रतिनिधि र समाजसेवी भरत जङ्गमसँग पुग्छन् । आफूले यस कार्यका लागि सक्दो प्रयास गर्ने वचन दिन्छन् । धुलिखेलका प्रतिनिधिहरू लिएर काठमाडौँ, पाटन र भक्तपुरका नगर प्रमुखहरूसँग धेरै पटक वार्ता गर्छन् । पटक पटकको वार्ता र कोसिसपछि काठमाडौँ, भक्तपुर र पाटनका नगर प्रमुखहरूको प्रस्ट धारणा आयो । काठमाडौँ नगर प्रमुख काठमाडौँले उठाएको चुङ्गीकरबाट आएको रकममध्येको केही प्रतिशत रकम बनेपालाई दिन नगर प्रमुख तयार भए । जसका कारण धुलिखेल हाम्रा अगाडि अहिले नमुना नगरपालिकाको रूपमा उभिएको छ ।

यसरी धुलिखेलबाहिर रहेर पनि धुलिखेलको विकासका लागि सुहयोग पुऱ्याउने भरत जङ्गमको गुन धुलिखेलवासीका लागि सदा स्मरणीय छ । सम्झिरहेका छौँ भन्छन् उदय भूषण ।

भोलिको पुस्ताले बिर्सन नसक्ने व्यक्तित्व

ऋषिबाबु परियार

मानिसले हेर्ने दृष्टिकोण या नजरिया प्रत्येक व्यक्तिका अलग अलग हुन्छन् । पूर्व सांसद ऋषिबाबु परियारले भरत जङ्गमलाई एउटा कर्मठ र निडर देशको आदर्श नागरिक, राष्ट्रवादी, सच्चा राष्ट्रभक्तका रूपमा हेर्छन् । मानवीय मूल्य मान्यतामा आस्थावान्, नैतिकता र सच्चरित्रमा क्रियाशील, आदर्शवान् व्यक्ति औँल्याउन परे भरत जङ्गमलाई औँल्याउने ऋषिबाबु भरत जङ्गमको मोती महोत्सवको अवसरमा प्रकाशन गर्न लागिएको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थमा आफ्ना विचार राख्न पाएकामा आफूलाई सौभाग्यशाली मान्दछन् ।

भ्रष्टाचार विरोधी विषयलाई केन्द्रमा राखेर साहित्य, पत्रकारिता, समाजसेवा, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक अनुसन्धान र प्रशासनिक क्षेत्रबाट समाज राष्ट्र र विश्व समूदायमा पनि नैतिक मूल्य मान्यताको स्थापनामा प्रेरणादायी भूमिका निर्वाहमा प्रयत्नरत भरत जङ्गमलाई देख्दै लाग्छ, 'देशमा उनीजस्ता एक प्रतिशत मात्र भइदिए...।' उनको उच्च चिन्तन सिर्जनशील विचार, समाजोपयोगी दर्शन र तार्किक विश्लेषणले भोलिको सुन्दर नेपालको निर्माण र राष्ट्रको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गर्छन् ।

भ्रष्टाचारमुक्त प्रशासनको समुचित कार्यान्वयनबिना समृद्ध राष्ट्रको परिकल्पना गर्न नै सकिँदैन भन्ने विचार राख्ने भरत जङ्गम भ्रष्टाचार विरोधी अभियानका नायक हुन् । त्यसको विरोध गर्न विभिन्न विधिलाई अङ्गीकार गरेका छन् । ऋषिबाबु भन्छन्, 'यस्ता भरत जङ्गम बोलेर बुझाउँछन्, भनेर सुनाउँछन्, लेखेर सम्झाउँछन् । उनी भ्रष्टाचार विरोधी अभियानका

पर्यायवाची बनेका छन् ।' उनको नाम लियो भने जोसुकैले पनि भ्रष्टाचार विरोधी विशाल व्यक्तित्व सम्झन्छन् । यस्ता विशाल व्यक्तित्वका धनीले ' कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम', 'पचास-प्रसङ्ग', 'भ्रष्टाचार : वैचारिक आन्दोलन' जस्ता कृतिहरू लेखेर नेपाल, नेपाली समाज र साहित्यमा ठुलो गुन लगाएका छन् ।

'धर्म दर्शन' र 'नेपाली आवाज' जस्ता पत्रिकाको सम्पादन गरिसकेका उनले व्यक्तिगत स्वार्थभन्दा धेरै माथि उठेर राष्ट्र र समाजका हितमा काम गरेकाले भोलिको समयले उनलाई बिर्सन सक्तैन भन्ने ऋषिबाबु भरत जङ्गमको सुस्वास्थ्य, सुकार्य र सुयशका लागि हार्दिक शुभकामना दिन्छन् ।

राष्ट्रमा छ यही द्वन्द्व, हाहाकार छ धर्ममा ।
'भरतांशु' पढे मान्छे लाग्न सक्छ सुकर्ममा ॥१०॥

कला भरतको मैले सुनें देखें अतीतमा ।
उतारे कविले चित्र त्यसैको नै यथार्थमा ॥११॥

नीलकण्ठ प्रणेता हुन् भट्टराई कुलांशु हुन् ।
भरतांशु महाकाव्य लेख्ने यी कवि रत्न हुन् ॥१२॥–

–भरतांशु महाकाव्य

नचिनेका तर चिनेका व्यक्तित्व

एस.पी आशा

वरिष्ठ उपन्यासकार एस पी आशा र अर्का वरिष्ठ साहित्यकारको भौतिक रूपमा देखभेट भएको छैन तर लेखक लेखकका बिच एउटा अनौठो अदृश्य परिचय भने भइरहेको हुन्छ । यिनीहरूबिच पनि आ-आफ्ना कृतिको माध्यमबाट त्यो अनौठो अदृश्य परिचयले आपसी सद्भाव, मित्रता र भावनात्मक सम्बन्ध विकास भइरहेको छ । धेरै अघि 'कालो सूर्य' पढेका एस.पी आशालाई 'एकीकृत विकास केन्द्र'ले प्रकाशन गरेको 'भरत जङ्गम : विचार र दृष्टिकोण' पुस्तक दिँदै हरि मञ्जुश्रीको अनुरोधमा आफ्नो व्यस्तताको बाबजुत भरत जङ्गमका बारेमा केही लेख्ने मनस्थिति तयार हुन्छ आशाको ।

'भरत जङ्गम : विचार र दृष्टिकोण', 'कालो सूर्य' अध्ययन गरेका एस.पी आशालाई लाग्छ यी लेखक देशमा ऐजेरुँझैं भ्याङ्गिएको भ्रष्टाचारको विरोधमा सशक्त आवाज उठाउन लगनशील, कर्तव्यनिष्ठ, राष्ट्रवादी चिन्तक, अन्वेषक र गलत कुराको परिपाटीको विरोध गर्ने स्वस्थ आलोचक होलान् भन्ने बुझ्दछन् । यस्ता व्यक्ति निश्चय नै मिलनसार, मृदुभाषी र सहृदयी पनि हुन्छन् होला भन्ने उनको विश्वासलाई उनीसँगको साक्षात् भेटले निश्चय नै प्रमाणित गर्ने छ भन्नेमा विश्वस्त छन् आशा ।

व्यावसायिक व्यक्ति नहुन पनि सक्छन्, तर यस्ता व्यक्ति सृजनशील, चिन्तक, बढी संवेदनशील, उदार र समझदार हुन्छन् भन्ने कुरालाई आत्मसात् गरेकाले भरत जङ्गमका विषयको लेखमा उनीप्रतिका उद्गारहरू व्यक्त गरेका छन् । भरत जङ्गमले 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' उपन्यास सिर्जना गरे । तीमध्ये 'कालो सूर्य' धेरै वर्षसम्म उनको सङ्कलनमा

रहेको सम्झना छ । त्यसबाहेक अन्य कृतिहरूको गहन अध्ययन गरेको छैन भन्ने उनलाई कालो सूर्यले बोकेको विषयवस्तु हेर्दा त्यसले विश्वबजार लिने विश्वास राख्छन् एस.पी. ।

भौतिक सान्निध्य नभए पनि भरत जङ्गमका रचनाहरूसँग भने गहन सम्बन्ध रहेको छ उनको । भरत जङ्गमलाई चर्मचक्षुले नदेखे पनि अन्तर्दृष्टिले देखेको उनको चेतन मन मस्तिष्कले पूर्ण परिचय लिएको छ । त्यसैले एस.पी भन्छन्, 'उनीसँग मेरो अगाध सम्बन्ध छ ।'

भरत जङ्गमको कालो सूर्य पढ्दा लागेको थियो उनी असल साहित्यकार हुन् । तर 'भरत जङ्गम : विचार र दृष्टिकोण' पढेपछि लाग्छ आफ्ना विचार निर्भीक रूपमा प्रस्तुत गर्न सक्ने प्रवक्ता हुन् । उनका अभिव्यक्ति हेर्दा समाजलाई जागरुक, इमानदार र निष्ठावान् भएको हेर्न चाहने, कठोर र उत्तिकै नरम व्यक्तित्व हुन् । भरत जङ्गम स्वच्छ आलोचक र मार्गदर्शकका रूपमा पनि आफूलाई उभ्याउन सफल देखिन्छन् । अन्त्यमा भरत जङ्गमको जीवन सुख सन्तोषका साथ फुलोस् फलोस् भन्दै शुभकामना चढाउँछन् ।

चिन्तनशील, बौद्धिक र तार्किक उपन्यासकार

कृष्ण जोशी

भ्यालीबाहिर रहँदा नै 'कालो सूर्य' पढेका कृष्ण जोशीको भरत जङ्गमसँग सामीप्य थिएन तर पनि साथी हुँ भन्छन् । सहयात्री पनि हुँ भन्छन् । दुवै साहित्यिक व्यक्तित्व हुन् सहयात्रीजस्तै छन् । साहित्यिक उमेरमा जोशी कान्छा हुन् । उनको 'मृत्यु दोहोरिन्छ म बाँचे भने' भन्ने उपन्यास 'कालो सूर्य' भन्दा १ वर्ष कान्छो छ । तर उनीहरूबिचको भौतिक भेटघाट असमको साहित्यिक यात्राको दौरानमा भएको हो । उनीहरू त्यसपछि नजिक हुँदै गए । दुईबिचको कुराकानी मिल्दै गयो अनभिज्ञता पनि हराउँदै गयो ।

अहिले भने भरत जङ्गमको कृतित्व र व्यक्तित्वलाई टाढा नजिक दुवै दूरीबाट हेरिरहेका जोशी साहित्य, संस्कृति, पत्रकारिता, इतिहास, अनुसन्धान र समाजसेवामा उनको लगनशीलता देखेर कल्पना गर्छु तर खुट्याउन सक्तिनँ भन्छन् । भरत जङ्गम धेरै विधामा पौडी खेलिसकेका छन्, कति जँघार तरेका छन् भन्ने यकिन नै छैन जोशीलाई । भरत जङ्गमले चहारेको साहित्यको सेरोफेरो, साहित्यका विधा विधामा कलम दौडाएको पनि थाहा छ । उनी आफू पनि साहित्यिक फाँटका सहयात्री हुन् ।

चिन्तनशील, तार्किक र बौद्धिक उपन्यासकार मान्ने भरत जङ्गमको लेखकत्व स्वीकार गरेर पचास-प्रसङ्गबाट केही अंश उद्धृत गरेर उनको 'सार्वजनिक प्रशासन : आधुनिक अध्ययन नामक पुस्तकमा लिपिबद्ध गरेका छन् । भरत जङ्गमका पुस्तकका केही अंश आफ्नो पुस्तकमा राख्न पाएकामा हार्दिकता व्यक्त गर्छन्, नजिक छु पनि भन्छन् ।

नेपाली साहित्यको इतिहासमा आफ्ना विचारपूर्ण, चिन्तनशील, बौद्धिक र तार्किक समय सापेक्ष उपन्यासलगायतका कृतिहरूका माध्यमबाट सशक्त उपस्थिति जनाइसकेका भरत जङ्गमको 'कालो सूर्य' धेरै भाषामा अनूदित भएर उनलाई अविस्मरणीय उपन्यासकारका रूपमा स्थापित गराएको छ । यसरी यश फैलाउन अरू सक्छन् कि सक्दैनन् भन्ने कल्पनाको विषय बनाउने जोशी जङ्गमप्रति सदा सफलताको शुभकामना व्यक्त गर्दछन् ।

द्रष्टा व्यक्तित्व उद्वेलित सफल स्रष्टा

प्रा. केदार न्यौपाने

२०१८ सालमा साहित्यको सङ्घारमा पाइलो राखेका भरत जङ्गमले 'कविता'बाट आरम्भ गरेको साहित्यिक यात्रालाई उपन्यासका माध्यमले उच्च चुलीमा पुऱ्याएका छन् । देशमा व्याप्त भ्रष्टाचार, विकृति र विसङ्गति विरुद्ध साङ्केतिक विरोधको ज्वाला दन्काएर उनले आँधीबेहरी नै ल्याए । उनका सिर्जनामा अन्तर्निहित विषयवस्तुभित्र विचारले प्राथमिकता पाएको छ । सामाजिक शोषण, थिचोमिचो, भ्रष्टाचारजस्ता विसङ्गतिलाई निर्मूल नै पार्नुपर्छ भन्ने लक्ष्यमा प्रस्ट देखिने भरत जङ्गम आफ्ना साहित्येतर लेखनमा पनि निकै सक्रिय र लक्ष्योन्मुख छन् । त्यसैले जङ्गम एक कुशल स्रष्टा हुन् भने उनी आफैमा द्रष्टा पनि हुन् ।

बहुमुखी प्रतिभाका धनी भरत जङ्गमका कृतिका विविध पक्षलाई विश्लेषण गर्दा छुट्टै विषय बन्ला तर डा. केदार न्यौपाने उनका सचेत द्रष्टापरक पक्षलाई मात्र प्रस्ट पार्ने कोसिस गर्दछन् । किशोर अवस्थामा साहित्य साधना सुरु गरेका भरत जङ्गमको साहित्य लेखन त्रिधारमा प्रवाहित छ भने लेखन त्यत्तिकै गतिशील छ । ती सबै धारको निचोड भ्रष्टाचार मुक्त, स्वच्छ प्रशासनिक व्यवस्था, लोककल्याणकारी समुन्नत समाज निर्माण गर्नु हो । राजनीतिक आस्था, चिन्तनमा केही सहमति बन्ने नबन्ने छुट्टै अनुसन्धानको पाटो बन्न सक्ला तर भरत जङ्गमको भ्रष्टाचार र शोषणरहित समाजको परिकल्पना विधिविधान, ऐन र कानुनसम्मत ग्रहणीय हुनुपर्दछ । समाज सुधारका विषयलाई लिएर उनले जगाएको भ्रष्टाचार विरुद्धको अभियान सबैका लागि हितकर नै छ ।

भरत जङ्गमले २०४३ सालदेखि नै व्यक्तिगत र संस्थागत दुवै रूपमा औपचारिक र अनौपचारिक रूपले युद्ध छेडेको कुरा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख आलेखले बताइरहेका छन् भने सञ्चार माध्यमहरूमा दिएका

अन्तर्वार्ता अनि गोष्ठी, कार्यशाला, सभा, भाषण प्रवचन आदिले पनि पुष्टि गरिरहेको देख्छन् डा. केदार । उनले मानवीय संवेदनाको स्रोतलाई तरङ्गित पारी स्थायी एवं दूरगामी प्रभाव सञ्चित गर्न सक्ने माध्यमका रूपमा उपन्यास विधालाई रोजेको पाउँछौं ।

भरत जङ्गमको पहिलो साहित्यिक सन्तान गर्भमा नै तुहेको हो । दोस्रो सन्तानको रूपमा 'कालो सूर्य' जन्म्यो । जुन अमर बनेको छ । यसमा समाजका खास खास अङ्गमा विकृतिको पर्दा खोलिदिएको छ भने एउटा सचेत नागरिकको हैसियतमा उनले देखेभोगेका विषयलाई लाक्षणिक शैलीमा वकालत गरेका छन् ।

राजनीतिक रङ सबैलाई सधै मन नपर्ने पनि हुन सक्छ तर पाठकका लागि उपन्यास सधै पठनीय भएको पाइएको छ । यही ख्यातिको मापन हो १ दर्जनभन्दा बढी भाषामा अनूदित हुनु । त्यसपछिको व्यूहचक्र उपन्यास पनि उत्तिकै महत्त्वको मानिन्छ । त्यसले आफ्नो लक्ष्यभेदनलाई महत्त्व दिएकाले त्यो सर्वसबोध्य हुन सकेको भन्ने तर्क छ डा. केदारको ।

रातो घामलाई उनी अलिकति संस्थागत बादलको आशङ्का उठेको कृति देख्छन् । पूर्वाग्रही विचारले कतै ग्रहण पो लाग्यो कि भन्ने शङ्का रहेको छ डा. केदारसँग तर पनि भरत जङ्गमका यी तीनै उपन्यास महत्त्वपूर्ण र सामाजिक परिवेश एवम् पाठकको रुचिका आधारमा अत्यन्त सफल उपन्यास हुन् । ती उपन्यास मध्ये कालो सूर्यले जति महत्त्व र प्रचारप्रसार हुने अवसर नपाए पनि दुवैले केही भाषामा अनूदित बन्ने अवसर भने पाएका छन् ।

साहित्यमा पनि विषय, परिवेश र परिस्थितिलाई प्रभावकारी ढङ्गबाट सिर्जनाको रङ्गरूपमा उतार्ने कोसिस गर्ने भरत जङ्गमलाई प्रशंसनीय कार्यमा लाग्ने अभियान अझ सहज बन्दै जाओस् भन्ने शुभकामना दिन्छन् डा. केदार ।

बहुमुखी प्रतिभाका धनी व्यक्तित्व

केशरी बज्राचार्य

नेपाली भाषामा कयौँ उच्च कोटीका रचना अरू भए पनि समयमा नै अङ्ग्रेजी भाषामा अनुवाद हुन नसक्दा तिनले अन्तर्राष्ट्रिय पुरस्कार र सम्मानबाट वञ्चित हुन परेको बताउने केशरी बज्राचार्य भरत जङ्गमको ' कालो सूर्य' धेरै विदेशी भाषामा अनुवाद हुनु भनेको सबै नेपालीका लागि गौरवको विषय मान्छन् । यो पुस्तकको अनुवादले नेपाली लेखक पनि यति लोकप्रिय पुस्तक लेख्ने सामर्थ्य राख्छन् भन्ने सन्देश पनि दिएको छ ।

बजारमा 'कालो सूर्य' को चर्चा चुलिइरहेको थियो । त्यही समय स्वयं जङ्गमका हातबाट 'कालो सूर्य' पाउँछन् उनी । अनि जाँगर लगाएर पढ्छन्' । उनलाई उपन्यासका लेखक सशक्त साहित्यकार, समाज सुधारक र भ्रष्टाचार विरोधी अभियानका अभियन्ता लाग्दछन् ।

यस्ता अन्तर्राष्ट्रिय स्तरका विषयहरू समेटेर 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक पुस्तकका लागि आफ्ना विचारहरू लेख्नै लाग्दा कालो सूर्यको अङ्ग्रेजी अनुवादक सरोज शक्यले भनेको सम्झन्छन् ।

नागरिक समाजमा भ्रष्टाचार विरोधी चरित्रका व्यक्तिको नाउँ लिनुपर्दा बडो सोच विचार गरेर लिनुपर्ने अवस्थामा केशरीले भरत जङ्गमलाई मात्र निर्विवाद व्यक्तिका रूपमा देख्छन् । उनी स्वयंले पनि आफ्नो व्यक्तित्वलाई सफल प्रस्तुत गरेका छन् ।

कुनै व्यक्तिले आफ्नो चरित्र कसरी निर्माण गरेको छ, त्यसलाई प्रबुद्ध वर्गले कसरी हेरिरहेको छ भन्ने आधारमा समाजले दिएको परिचयलाई नै उचित मान्छन् केशरी । त्यस्तो परिचयले मानिसलाई आकर्षित गरिरहेको हुन्छ । जसरी भरत जङ्गमको व्यक्तित्वले आकर्षित गरिरहेको छ ।

व्यक्तिले आफ्ना स्वभाव, कार्य र नामलगायतका विभिन्न विशेषताबाट परिचय पाएकै हुन्छ । धेरै थोरैले मात्र समाज र राष्ट्रलाई गरेको योगदान, त्याग, बलिदानले परिचय थपेका हुन्छन् । एउटै व्यक्ति बहुमुखी प्रतिभाशाली हुनु भनेको त्यो धेरै ठुलो उपलब्धि हो । त्यसरी बहुमुखी व्यक्तित्व निर्माण गर्ने व्यक्तिमा भरत जङ्गमलाई मात्र देख्छन् केशरी ।

व्यक्तित्व निर्माण गर्ने क्रममा कोही थाकेर बस्छन् । कोही अल्मलिँदै बस्छन् । कोही थोरै मात्र बाधा विरोधको बाबजुद दृढसङ्कल्पित भएर आफ्नो उद्देश्यमा लागिरहन्छन् । अन्त्यमा तीमात्र सफलताको शिखरमा पुग्छन् ।

नेपालमा भ्रष्टाचारका विरुद्ध लाग्नेहरू धेरै थिए होलान्, कति बाटोमा हराए । कति अस्तित्वबाट बिलाए । भरत जङ्गमको भ्रष्टाचार विरोधी अभियान सत्यतामा आधारित थियो । सत्यको अवश्य जित हुन्छ । उनको कार्यकुशलता, दक्षता र उनमा भएका असल गुणले उनलाई सफलता दिलायो ।

भरत जङ्गमको चर्चित उपन्यास 'कालो सूर्य' तत्कालीन व्यवस्थाका विकृति विसङ्गतिलाई आफ्नो लेखन शिल्पका माध्यमद्वारा छर्लङ्ग पारिदिएका छन् । तत्कालीन समाजमा रहेका अनैतिकता, भ्रष्टाचार, अधिनायकत्वका विरुद्ध समाजलाई जागरुक गराउने प्रयास गरेको देखिन्छ । व्यूहचक्रमा लेखकले आफ्नो धर्म निभाएका छन् भने 'रातो घाम' मा साम्यवादी व्यवस्था विरोधी धारणा रहेको देखिए पनि यी उपन्यासका विषयवस्तुहरू तत्कालीन समय र परिस्थितिका उपज हुन् भन्ने लाग्छ केशरी बज्राचार्यलाई । बहुमुखी प्रतिभाका धनी, समाजसेवी, ऐतिहासिक पुरातात्त्विक खोज धर्मसंस्कृतिप्रेमी भरत जङ्गमलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छन् केशरी ।

पीडित तर हिम्मतिला व्यक्ति

कोमलप्रकाश घिमिरे

अधिवक्ता कोमलप्रकाश घिमिरेको भरत जङ्गमसँग दोहोरो परिचय भएको छैन तर पनि उनी भरत जङ्गमलाई भक्तपुरका प्रभावशाली राजनीतिज्ञका रूपमा चिन्दछन् । जब यी दुईबिच पहिलोपटक दोहोरो परिचय हुन्छ तब मित्रता बढ्छ । भरत जङ्गमलाई उद्योगीका रूपमा पाउँछन् । हेर्दा उनी कडा रूपमा देखिए पनि उनी हास्दा भित्र कोमलता देख्छन् । त्यसपछि उनीहरू एक अर्कामा यसरी आकर्षित हुन्छन् कि अहिले असल मित्र बनेका छन् ।

जब दोस्रो पटक भेट भयो, पहिलो पटकभन्दा फरक पाए भरत जङ्गमलाई । आफूलाई परेको अन्यायका विरुद्ध कानुनी उपचार खोजिरहेका व्यक्ति अनि उनलाई उपचार दिलाउने वकिलबिचको भेट थियो यो ।

भरत जङ्गममाथि बैङ्कको आरोपले यति जटिल मोडमा पुऱ्याएको थियो कि, उद्योगधन्दा चौपट हुने अवस्था थियो । बैङ्का कर्मचारीले घोर नियम विपरीतको तुच्छ कार्य गरेका थिए । उनीहरूका इच्छानुसारको कार्य गर्न तयार नभए पछि उनीविरुद्ध गलत कदम चालिएको थियो जसका कारण भरत जङ्गमको कार्यशैली, सोच अनि कार्यक्षेत्रमा नै परिवर्तन गराइदियो । यो परिवर्तन नभएको भए उनी ठुलो उद्योगपति वा धनाड्य हुने थिए होलान् भन्छन् कोमल । बैङ्कको अवैध माग उनी स्वयंले कसरी पूरा गर्न सक्थे, जो स्वयं भ्रष्टाचार विरुद्ध राँको बालेर हिँडिरहेका छन् ।

बैङ्कले जुन धृष्टता गऱ्यो, त्यसले भरत जङ्गमलाई मात्र हैन उनको व्यवसाय बन्द भयो । क्रान्तसमेतलाई सडकमा ल्याइपुऱ्यायो । पचास हजारको बदलामा पचासौँ लाख क्षति हुँदा पनि उनको सिद्धान्तवादी मनले सम्झौता गर्न मानेन । त्यसपछि उनी कानुनी युद्धको मोर्चामा जुटे जुन मौर्चामा कानुन व्यवसायी कोमलप्रकाशको साथ थियो । अदालतले उनको

पक्षमा फैसला दिए पनि त्यसको क्षतिपूर्ति पाउने उनको प्रयत्न अझै जारी छ । त्यसपछि उनको मनमा ज्वाला दन्कन्छ । जसले भ्रष्टाचारीलाई जलाउन सुरु गरिसकेको छ भन्छन् कोमल प्रकाश ।

यस घटनाबाट जीवनको दोस्रो अध्याय सुरु गरेका भरत जङ्गमलाई हेरिरहँदा कोमलप्रकाशलाई लाग्छ उनको जीवनमा ठुलो परिवर्तन आएछ । उनी आशावादीबाट निराशावादी बनेछन् । तर हिम्मत भने पटक्कै हारेनन् । उनको अन्तस्करणमा क्रान्ति जन्मिएको छ । जुन भ्रष्टाचारका विरुद्ध खनिएको देख्छन् ।

आफ्नो एउटा मिसन लिएर चलेको व्यक्तिलाई सहयोगको साटो उनीलगायत आफन्तको समेत जीवन तहसनहस हुने गरी घाइते बनाइएका भरत जङ्गम, ती भ्रष्ट कर्तव्यविमूढ कर्तव्यच्युत व्यक्तिहरूका विरुद्ध सिंहझैं लागेका थिए । अदालतमा चलेको उनको कानुनी लडाइँ लड्न यस्ता परिस्थितिले उक्साएको देख्ने कोमल उनका 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम' जस्ता अत्यन्तै मौलिक उपन्यास लेख्ने भरत जङ्गम नै भ्रष्ट अहंवादीहरूको व्यूहचक्रमा परेकाले उनको सूर्यलाई कालो बादलले ढाकेको जस्तो लाग्छ ।

भरत जङ्गमको व्यक्तिगत सम्पतिको सुरक्षणमा साथ दिएका वकिल कोमलप्रसाद भरत जङ्गमले दायर गरेका राजनीतिक, अर्धराजनीतिक विषयका केसहरूमा साथ दिन नसकेको स्विकार्छन् । उनले सांसदलगायत उच्चपदस्थ अधिकारीहरूले लिने गरेको दोहोरो तलबभत्ता, पेन्सन, अनि अदालतले भोगिरहेको आर्थिक विपन्नतामा न्यायिक कोषको सदुपयोगका लागि घचघच्याउने भरत जङ्गमलाई परिस्थितिले एउटा कुशल वकिल बनाएको देख्छन् । कुनै क्षेत्रमा काम गर्ने क्षमता नभएर नालायकजस्तै बनेकाहरूले फुर्सद पाएर राजनीतिमा लाग्ने गरेको देशमा यस्तै हुन्छ । तर भरत जङ्गमलाई हेर्ने दृष्टिकोण व्यक्तिपिच्छे अलग अलग रहेको पाइन्छ । त्यसको कारणमा उनले आफूलाई पृथक् पृथक् रूप र शैलीमा प्रस्तुत गर्ने भएर नै हुन सक्छ । कसैले उनलाई विपरीत व्यक्तिको रूपमा हेर्छन् भने

कसैले आफू अनुकूलको व्यक्तिका रूपमा देख्ने गर्छन् । कोमलप्रकाशले पनि बितेका दस वर्षमा भरत जङ्गममा धेरै परिवर्तन आएको देख्छन् । उनले जस्तो जे ठानेका थिए त्यो आज पाइन भन्छन् ।

भरत जङ्गम सरल छन्, पीडित छन्, हिम्मतिला छन् भन्ने कुरा सही या गलत के हो छुट्याउने उनलाई नजिकबाट नियालिरहेकाहरूलाई जिम्मा दिने धारणा राख्ने कोमलप्रसाद भरत जङ्गमले सार्वजनिक महत्त्वका विषयमा अदालतमा पेस गरेका निवेदनका विषयले सफलता नपाए पनि राजनीतिक क्षेत्रमा भने राम्रो असर छाडेकाले उनी एउटा सशक्त चिन्तकका रूपमा उभिन पुगेका छन् । मनभित्र यस्तै चिन्तन र अठोट भएर होला कोमल उनलाई उद्योग सञ्चालनमा लाग्नुलाई उनको स्वाभाविक प्रकृति विरुद्ध मान्दछन् ।

कोमलप्रकाश देशको वर्तमान अवस्थाको चित्रण गर्दै लेख्छन्, ' आफन्त मिलेर नागरिक समाज नाम दिएर संस्था खोली छिनमा स्वतन्त्र छिनमा पार्टीकार्यकर्ता बटुलेर भाषण गर्दै धन बटुल्ने चलन तीव्र पारेकाहरू जसको सार्वजनिक भेट दुर्लभ बनाइरहेका छन् त्यस्ताले समाज र नागरिक सेवा पदको दुरूपयोग गरिरहेको अवस्थामा भ्रष्टाचारका विरुद्धमा भाषण गर्दै हिँड्ने भरत जङ्गम भने कहिल्यै नागरिक समाजको प्रतिनिधि उर्फ राजनीतिक कार्यकर्ता उर्फ समाजसेवी उर्फ अधिकारकर्मी उर्फ बुद्धिजीवी बनेर हिँडेका छैनन्' ।

त्यसैले कोमलप्रकाश आग्रह गर्छन्, 'भरत दाइ ! मेरो आग्रह छ, तपाईं पनि उर्फ उर्फ बनेर हिड्नुहोस् अनि मात्र तपाईंको कल्याण हुने छ तर त्यो आग्रहले उनलाई छुँदैन । किनकि हावाको वेगको विपरीत दिशातिर बग्ने मानिस यस्तै हुन्छन् । भरत जङ्गमलाई पनि यस्तै देख्छन् कोमलप्रकाश ।

उर्दुमा अनुवाद

ख्वाजा मोअज्जम शाह 'रजा नियाजी'

कस्तुरी मृग आफ्नो बिनाको सुवास वातावरणमा फैलिएर व्यापक बनिसकेको पत्तो पाउँदैनन् । सायद जीवनभर त्यही बास्ना सुँघ्न दौडिरहेका हुन्छन् । साहित्यकारको स्वभाव यस्तै हुन्छ । आफ्नो कृतिले आफ्नो चिनारी फैलाएको थाहै पाउँदैनन् । साहित्यकार भरत जङ्गमका विषयमा केही लेख्न पर्दैन । उनका कृति 'कालो सूर्य', 'व्यूहचक्र', र 'रातोघाम' ले उनको सुवास उच्चताका साथ फैलाइरहेका छन् । त्यसैले कालो सूर्य बाह्रभन्दा बढी भाषामा अनुवाद भइसकेको छ । यो भनाइ उर्दु भाषाका साहित्यकार ख्वाजा मोअज्जम शाहको ।

विश्वमा छरिएर रहेका पचास करोडभन्दा बढी भाषीहरूमाझ भरत जङ्गमलाई परिचित गराउन सफल साहित्यकार शाह नेपाल र नेपालीको गौरव बढाउनुभएकामा सहस्रौं धन्यवाद दिन्छन् । उनको अनुभव छ, भरत जङ्गमले आफ्नो जीवनमा देखेका भोगेका सबै अनुभवको सँगोलो हो ' कालो सूर्य' । ती अनुभवहरूलाई सूर्यका सात बार, सात दिनमा वर्णन गरेका छन् । जसमा देश, समाज, जनता, मानवता, मानव सभ्यता, सत्य र इमान्नदारिताप्रतिको भाव अभिव्यक्त छ । न्याय इन्साफका प्रत्येक दृष्टिकोण झल्किएका छन् । सायद तिनलाई वर्णन गरेर सकिँदैन ।

रुद्रराज पाण्डेको उपन्यास, यात्रास्मरणहरू, आश्चर्यमय उपत्यका उषा अमात्यको कविता सङ्ग्रहलगायत केही पद्यांशहरू उर्दुमा अनुवाद गरेका साहित्यकार ख्वाजा मोअज्जमलाई भरत जङ्गमको कालो सूर्यको अनुवाद गर्ने प्रबल इच्छा रहे पनि अस्वस्थताका कारण उर्दुका अर्का साहित्यकार एम. एस सिद्धिकीको सत् प्रयासले अनुवाद सम्पन्न भएकोमा मुक्त कण्ठले प्रशंसा गर्दै अनुवादकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने उनी भरत जङ्गमको सफलताको कामना गर्दै सतत चिरायुका लागि अन्तर्आत्मादेखि शुभकामना दिन्छन् ।

सुधारक र विद्रोही

गणेशबहादुर थापा

पूर्व गभर्नर गणेश बहादुर थापा र भरत जङ्गमको चिनजान पुरानो भए पनि यदाकदा सार्वजनिक समारोहहरूमा मात्र भेट हुने गर्दथ्यो । यी दुई २०३३ सालको प्रजातन्त्र दिवसको समारोह समितिमा सदस्यका रूपमा सहकर्मी बनेका थिए । यसपछि उनीहरूको सहकार्यको सम्बन्ध सुमधुर रूपमा बढ्दै गयो । गणेशबहादुर भरत जङ्गमलाई सक्रिय, मिहिनेती र असल व्यक्तिका रूपमा पाउँछन् ।

भरत जङ्गमसँगको भेटलाई सदा प्रशंसाका दृष्टिले हेर्ने गणेशबहादुर समकालीन व्यवस्था, राजनीति अनि आफूलाई प्राप्त प्रशासनिक अनुभवका आधारमा बडो मेहनतका साथ लगनशील भएर काम गर्दा पनि शीर्ष तहको चित्त नबुझेको पाउँदा उनीभित्र असन्तोष र उकुसमुकुस बढेको हुनुपर्दछ भन्दछन् । यस्तै घटना परिघटनाले भरत जङ्गमका मनमा विद्रोहको ज्वाला दन्किन्छ । त्यसको प्रमाण 'कालो सूर्य', 'व्यूहचक्र' जस्ता उपन्यास हुन् भन्छन् गणेशबहादुर । भरत जङ्गमका कृतिहरू रोचक र घोचक छन्, तिनमा पनि उनलाई 'कालो सूर्य' कल्पनै गर्न कठिन अनि नौलो शीर्षकको लाग्छ ।

स्थितिको जटिलता बुझेपछि पर्दापछाडिका खेल र तिनको गम्भीरता, कठोरता एवं कटु सत्यता ज्ञातपश्चात् उनीभित्र कहिल्यै नदब्ने गरी जागेको विद्रोहीको रूपमा जन्मेको क्रान्तिकारी साहित्य 'कालो सूर्य'ले बिस्तारै जनतामाझ लोकप्रियता बढाउँदै लगेको हो भन्ने बुझाइ छ गणेशबहादुरको ।

अझ उनलाई देश र समाजमा विद्यमान विरोधाभाष र विकृतिबाट आक्रान्त देख्छन् । भ्रष्टाचारी प्रवृत्ति तल्लो तहमा भन्दा माथिल्लो तहमा क्यान्सरझैं फैलिएको छ । पजेरो संस्कृति, सांसद बेचबिखनको लहर अनि

अस्तव्यस्त अदालती व्यवस्थाले उब्जाएको जटिलतामा डुब्दै गएको राज्य व्यवस्था उपरको हेराइ र भोगाइको गर्तबाट पचास-प्रसङ्गले जन्म लिएको हो भन्ने ठहर छ उनको । वास्तवमा भरत जङ्गम देश अनि जनसरोकारका विषयहरूमा हुने गरेका भ्रष्टाचारलाई अदालतसम्म पुऱ्याउने एउटा सचेत, निडर र निर्भीक नागरिक हुन् ।

सामाजिक संस्था रोटरी क्लबले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथिको रूपमा उनले भ्रष्टाचार विरुद्धको विषयमा अध्ययन हुनुपर्ने विषयमा व्यक्त गरेका विचारहरूलाई बडो गम्भीरताका साथ अध्ययन गर्दा भरत जङ्गम समाजमा हुने गरेका अवाञ्छित गतिविधि देखेर विद्रोही बनेका हैनन् बरु उनमा समाज रूपान्तरण गर्न सक्ने दार्शनिक एवं तार्किक गुणहरू भएर हो भन्ने हाम्रो सामूहिक ठहर रह्यो भन्ने थापा भरत जङ्गमभित्र भ्रष्टाचार विरुद्धको विद्रोह आज पनि उत्तिकै सशक्त रूपमा सल्बलाइरहेको देख्छन् । त्यसलाई उनले कत्ति घट्न दिने छैनन् भन्ने विश्वास राख्दै उनको अभियानलाई सबैले सहयोग गर्नुपर्ने आह्वानसमेत गर्दछन् । भरत जङ्गमले सुरु गरेको भ्रष्टाचार विरोधी अभियानलाई सफलताको शिखरमा पुऱ्याउन सबै सक्रिय हुनुपर्ने कुरामा जोड दिने थापा भरत जङ्गमको सुस्वास्थ्य एवं दीघार्युको कामना गर्दछन् ।

समाज र राष्ट्रका लागि बाँचेका व्यक्ति

गुलावजी महाराज

समाज, राष्ट्र र मानव कल्याणका लागि भरत जङ्गमको योगदान बढ्दै जाओस् भनी कामना गरिरहने गुलावजी महाराज साहित्यमा समाज सापेक्ष कलम चलाइरहेका भरत जङ्गमलाई राजनीतिमा पौडिरहेको, सामाजिक सेवामा घोडाझैँ दौडिरहेको, पत्रकारितामा खम्बा गाढ्न प्रयत्न गरिरहेको, भ्रष्टाचारको विरोधमा ठुलो स्वरले चिच्याइरहेको, कतिपय अन्य अवस्था र क्षेत्रमा उफ्रिरहेको बताउँछन् । उनको यसलाई भरत जङ्गमको सङ्क्षिप्त चिनारी मान्दछन् पनि ।

नीतिशास्त्र 'मानिस बिनाप्रयोजन बाँचिरहनभन्दा प्रयोजनका लागि उत्सर्ग हुनु उत्तम हो' भनिएको छ । नीतिशास्त्रका यी प्रेरणादायी वाक्य धर्म र मर्म बुझ्ने व्यक्ति आफूलाई बिर्सेर, आफूभन्दा माथि उठेर समाज र राष्ट्रका लागि प्रण गर्दछन् ।

मनुष्य जन्मलाई सार्थक तुल्याउन अथक परिश्रम, अगणित प्रयास, अविश्रान्त यात्राको प्रेरणा र पवित्र सङ्कल्पको प्रस्फुटन चाहिन्छ । यीबिना जीवन उपलब्धिहीन र खोक्रो बन्छ । भरत जङ्गम भने यिनै प्रस्फुटनबाट जीवनलाई सार्थक तुल्याएका छन् भने निरन्तर लक्ष्य प्राप्तिका दिशामा छन् । समाज र राष्ट्रलाई माथि उठाउने जीवन यात्रा सफल पार्न लागिरहेका छन् । राष्ट्र र समाजप्रति केही गर्ने आफ्नो प्रणलाई साकार पार्न अहोरात्र प्रयत्नशील रहेकाले उनको जीवन सार्थक र श्रेष्ठ बनेको देख्छन् गुलावजी महाराज ।

शङ्का अझै मरेको छैन

गोकर्णदेव पाण्डे

भक्तपुर विविधतायुक्त तान्त्रिक नगर हो । अनेकन प्राचीन परम्परा, कृति र सभ्यताको जीवन्तता दिइरहने भक्तपुर प्राचीन सभ्य नगरका रूपमा चिनिन्छ । यो नगरको स्वर्णकालमा कर्णाटकका वीरशैव मत लिङ्गायत सम्प्रदायका ब्राह्मणहरूलाई धर्मगुरु दर्जा दिएर चौथो शताब्दीका मल्ल राजाले भक्तपुरलाई शिवलिङ्गको शाश्वत् नगरी बनाउने सङ्कल्प गरेको देखिन्छ ।

त्यही सङ्कल्प पाएका भरत जङ्गमका पुर्खाहरूले भक्तपुरको सांस्कृतिक धार्मिक र ऐतिहासिक विकासमा दिएको योगदान आज खोजको विषय बनाउनुपर्ने विचार राख्ने गोकर्णदेव भक्तपुर जिल्लामा छरिएका शिवालयमा स्थापित शिवलिङ्गको दर्शन गर्दा यिनै लिङ्गायत जङ्गमहरूको पुरुस्वार्थसँगै काटिएको लिङ्गको विरोचित इतिहासको सम्भावित सत्यलाई प्रदर्शन गरिरहेको त छैन ? त्यो शङ्का मरेको छैन भन्दछन् ।

भरत जङ्गमलाई सुरुमा पढ्दा यी सामान्य लेखक हुन सक्दैनन् भन्ने लागेको थियो उनलाई । 'कालो सूर्य' सँगै उदाएका भरत जङ्गम त्यतिबेला बौद्धिक जमातलाई कानुनको धारा, पानी र कुलोको रहस्योद्घाटन गर्नबाट न रोक्न सकिन्छ न छेक्न सकिन्छ भन्ने सन्देश दिएर समाजलाई खल्बल्याउन सफल भएपछि उनको पूर्वानुमान सही साबित भएको लाग्छ गोकर्णदेवलाई । जसको अभियानले नेपाललाई प्रतिभा जन्माउने थलोका रूपमा प्रदर्शन गरिदिएको छ ।

जिउँदो समाजलाई अगुवाइ गर्ने शान कवि, लेखक नै हुन् भन्ने बोध गराएर कविहरूको मान, प्रतिष्ठा राख्न सफल भरत जङ्गमको यो क्रम

नटुटोस्, अनवरत चलिरहोस् भनी शुभकामना दिने गोकर्णदेव बिचमा केही समय अवरोध आए पनि भरत जङ्गम सत्यका लागि लडिरहने छन्, एक्लो हुने छैनन् भन्ने विश्वास राख्छन् । समय नहुँदै उदाए पनि सूर्यले सबैको आङमा तातो दिन्छ नै भन्ने उनको धारणा छ ।

एउटा चिन्तनशील व्यक्तित्वको वैचारिक आन्दोलनमा उदाएको सूर्यको प्रकाशमा अतीतका गौरवका पानाहरू खुल्दै जाँदा गौरवपूर्ण अभिव्यक्तिको अगुवाइ गर्ने छन् । यो भूमिलाई पूजनीय स्थान बनाउन एउटा शिल्पी, भरिया, कुल्ली, डकर्मीका रूपमा प्रस्तुत भएर इतिहासका पानामा संरक्षित भइसकेका भरत जङ्गमका प्रयासले भोलिका पिँढीलाई गौरवान्वित बनाउने भएकाले उनका कृतिहरू संरक्षित रहुन् भनी कामना गर्दछन् गोकर्णदेव ।

उनको तर्क छ, जीवनको सार्थकताका लागि समर्पित हुने लेखक चिन्तकहरूले वर्तमान र भविष्यलाई आदर्शमय बनाउन गरेका कामलाई नेपाली हृदयहरूले कसरी लिन्छन् त्यसैमा निर्भर रहन्छ । ती स्रष्टाहरूले लगाएको गुनको प्रसङ्गमा गोकर्णदेव भन्छन्, 'नयाँ र पुराना लेखक कविहरूलाई विश्वमा चिनाउने उद्देश्य रहेको मोती महोत्सव संस्थाले भरत जङ्गमको परिवार र भक्तपुरका जङ्गम मठहरूका बारेमा यथार्थ जानकारी दिने छ भन्छन् गोकर्णदेव ।

यसरी जङ्गम र लिङ्गायत परिवारका बारेमा भोलिका अनुसन्धानकर्तालाई आवश्यक स्रोतको रूपमा विकास गर्न सके उनको गुन चुक्ता गर्न सफल भएछ मान्न सकिने विचार राख्दछन् गोकर्णदेव ।

'कालो सूर्य' को उज्यालो घाम

गोविन्द गिरी 'प्रेरणा'

सात समुद्रपारिबाट जुनको उज्यालोसँगै घुम्दै गएको भरत जङ्गमको इमेल पनि जूनजस्तै उज्यालो लाग्छ गोविन्द गिरी 'प्रेरणा' लाई । अनि झल्झली सम्झन्छन् भरत जङ्गमसँगका मिठा साहित्यिक वार्ताहरू । भरत जङ्गमलाई पत्र लेख्दै भन्छन्, 'दाजु ! यो पत्र जस्ताको तस्तै प्रकाशन गरिदिनु होला ।' तर म यहाँ सारांशीकृत गर्दैछु ।

प्रकाशन हुन लागेको अभिनन्दन ग्रन्थले साहित्यकारमा अनेकन विश्वास सञ्चार हुने अपेक्षा राखेका गोविन्दलाई जीवित अवस्थामा गरिने यस्ता सुन्दर कार्यले सबैमा खुसीको सञ्चार महसुस भएको छ ।

विश्वका धेरै मुलुक घुमिसकेका भरत जङ्गमलाई धेरैले धनाड्य मान्छन् तर गोविन्दलाई भरत जङ्गमको सम्पत्तिबारे न हेक्का छ न चासो । भरत जङ्गमको विवाहको रजत महोत्सवमा शुभकामना दिन आउनेहरूको भिड देख्दा भने लागेको थियो, भरत जङ्गमका आफन्त र शुभचिन्तकहरू धनाड्य नै रहेछन् र देखेर ईर्ष्या पनि लाग्छ । भरत जङ्गमलाई चिन्नुभन्दा पहिले 'कालो सूर्य' लाई चिनेका गोविन्दलाई ती आफन्त र शुभचिन्तकहरू साहित्यले नै आर्जन गरेको हो भन्ने लाग्छ । 'कालो सूर्य' को प्रकाशन उल्लेखनीय घटना थियो भने त्यसले पाएको प्रशंसा र प्रशस्ति कीर्तिमानी थिए ।

भरत जङ्गम र 'कालो सूर्य' एक अर्काका पर्याय बन्नु, 'कालो सूर्य' धेरै भाषामा अनूदित हुनुले कालो सूर्यमा फैलिएको उज्यालोका अगाडि उत्तर कृतिहरू फिका देखिएका हुन सक्ने अनुमान गर्ने भरत जङ्गमका कालो सूर्यका पात्र र घटनाक्रमहरू जीवितै रहेकाले ती समाजमा सलबलाइरहेका छन् । त्यसैले होला बी.पी.देखि आर.पीसम्म बी.टीदेखि पी.पीसम्म सबैले मन पराएका ।

नेपाली साहित्य विश्व बजारमा देख्न नपाउँदा नियास्रो मान्दै समय कटाउन परिरहेको परिप्रेक्ष्यमा भरत जङ्गमको यो साठी वर्षको पर्वमा नेपाली साहित्यका धेरैभन्दा धेरै कृतिहरू विश्वजगत्मा आउन् भनी चाहना अनि कामना गर्ने गोविन्द भरत जङ्गमलाई एकचोटि फेरि नयाँ कालो सूर्य, नयाँ कालो घाम, या जाज्वल्यमान् सूर्य लेख्न आग्रह गर्दै भन्छन्, 'नभए कालो सूर्य जिन्दावाद !'

भरत जङ्गम अन्तर्राष्ट्रिय राजनीतिमा

जयदेव भट्टराई

"म आफ्ना उपन्यासमा विपरीत लिङ्ग भएकाहरूबिच हुने प्रेमलाई भन्दा राजनीतिक समस्यालाई इङ्गित गर्न चाहन्छु । हाम्रो मूल समस्या नै राजनीतिक दबाब हो, शोषण हो । प्रेम पनि मानवीय समस्या नै हो तर राजनीतिक समस्यालाई ठुलो ठान्छु र आफ्ना उपन्यासमा तिनै कुरा प्रस्तुत गर्ने गर्छु ।" यी वाक्यांश उद्धृत गर्दै जयदेव लेख्छन्, 'भरत जङ्गमका लागि नेपालको राजनीतिको उल्लेखनीय वर्ष २०३६ साल महत्त्वपूर्ण ठहरिन्छ । त्यही सालमा भरत उनको 'कालो सूर्य' जन्मेको हो । देशको राजनीतिक र सामाजिक असमानतामा केन्द्रित रहेर तीनओटा उपन्यास लेखिसकेका उनका पचास-प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता प्रबन्ध सङ्ग्रह पनि प्रकाशित भइसका छन् ।

कलमबाट क्रान्ति गर्न सकिन्छ भन्ने विचार बोक्ने साहित्यकार जयदेव भट्टराई त्यही कलमबाट मानवहित र मानवकल्याण पनि हुन्छ भन्छन् । त्यो कुरा 'कालो सूर्य' पढेपछि बी.पीले लेखेको पत्रमा उल्लिखित विचारले पनि पुष्टि गर्छ ।

भरत जङ्गमको नाम नेपाली साहित्यमा प्रशस्त सुनिए पनि उनको लेखनमा कलात्मकताभन्दा व्यावसायिकता बढी भएको भन्ने गुनासोको जवाफमा 'कलात्मकता केलाई भन्ने हो ? मैले शास्त्रीय आधारमा उपन्यास लेखेको छैन । त्यस्तो अवस्थामा उपन्यास आएको पनि हैन तर रातो घाम पढ्ने पाठकहरूले त्यसको कलात्मक पक्षलाई बलियो रूपमा पाउने छन्' भन्ने भरत जङ्गमको 'कालो सूर्य' मा तत्कालीन व्यवस्थाका विकृति विसङ्गति र भ्रष्टाचारको विषयमा लेखिएको छ भने 'व्यूहचक्र' तत्कालीन व्यवस्थाका अक्षमताका बुँदा बुँदामा प्रकाश पारेर लेखिएको छ । 'रातो घाम' चीन र

स्वशासित क्षेत्र तिब्बतमा केन्द्रित भएर लेखिएको उपन्यास हो ।

'रातो घाम' परिवर्तनको सङ्केत हो तर 'रातो घाम' पछि दिन मात्र हैन रात पनि पर्छ । भरत जङ्गम भन्छन् मैले 'रातो घाम' मा अँध्यारोपछिको उज्यालो आगमनको सङ्केत गरेको हो ।' । उनका तीनैओटा उपन्यास विभिन्न भाषामा अनूदित भएर अन्तर्राष्ट्रिय जगत्मा पुगेको छन् । यस काममा उनी पहिला भएको देख्छन् जयदेव ।

वर्तमानको खुलापनमा पनि उपन्यास लेखनको स्तर र गति जुन हिसाबले जानुपर्थ्यो त्यो नगएकोले र देवकोटा तथा लेखनाथजस्ता साहित्यकार पनि जन्मन नसकेकाले साहित्यिक संसार सुनसान देख्छन् भरत जङ्गम । साहित्यकार असल र राम्रा भए पनि समयमा प्रकाशन र बिक्रीको समस्या अनि साहित्यकारप्रति सरकारको उदासीनताका कारण स्तरीय साहित्यको सिर्जना हुन नसकेको हो भन्ने लाग्छ भरत जङ्गमलाई ।

अबका लेखनमा पूर्व र पश्चिमी मुलुकहरूका जीवन पद्धतिमा देखिएका भिन्नताहरू प्रस्तुत गर्ने विचार गरेका छन् उनले । समाजलाई मोड दिने राजनीति हो भने राजनीति र राजनीतिज्ञलाई मोड दिने साहित्य भए पनि साहित्य लेखन मानवीय जीवनका लागि बढी महत्त्वपूर्ण हुन्छ भन्छन् भरत जङ्गम ।

साहित्य र साहित्यकारलाई प्रोत्साहन गर्ने वातावरण बन्दै गए उत्कृष्ट कृतिहरू सिर्जना हुन सक्ने बताउने जयदेव साहित्यकार साहित्य लेखनबाट बाँच्न सक्ने स्थिति आयो भने हामीले सोचेजस्तो कसो नहोला भन्ने आशा पनि जताउँछन् ।

नथाकीकन हिँडिरहने व्यक्तित्व

डा. जयराज आचार्य

"चरैवेति चरैवेति' यो उपनिषद्को उपदेश धारण गरेझै गरेर बहुविधाक्षेत्रमा सक्रिय रहेका भरत जङ्गम नथाकीकन हिँडिरहेका, लेखिरहेका, बोलिरहेका देख्ने डा. जयराज आचार्य भन्छन्, 'समाजमा भरत जङ्गमजस्ता व्यक्तिहरू भइदिए मुलुक अगाडि बढिसकेको हुने थियो । त्यो देख्न पाएको भए म आफूलाई धन्य सम्झन्थें ।'

सभ्यता र संस्कृतिको उत्पत्ति थलो भक्तपुर, प्राचीन कालमा स्थापित मठमन्दिर र सांस्कृतिक धरोहरहरू जोगाएर हामीलाई इतिहासकालमा पुगेको अनुभव गराउन समर्थवान् छ । भक्तपुरले नेपालको इतिहास र कलाबारे जान्ने भावुक हृदयमा सहरको नाम सुन्नेबित्तिकै कल्पनाका लहराहरू पैदा गराउँछ । यस्तो सहरमा जन्मेको हुनाले त्यहाँको सांस्कृतिक र वातावरणको प्रभाव भरत जङ्गममा परेको हुनुपर्छ भन्छन् डा. आचार्य ।

भरत जङ्गम बढी सक्रिय हुनुमा शब्दको अर्थ गतिशीलतासँग सार्थकता देख्ने डा.आचार्य भरत जङ्गमलाई यदाकदा देखभेट भए पनि उनको 'कालो सूर्य' प्रकाशनपछि भने लेखकका रूपमा चिन्दछन् । अनि उनको लेखकीय व्यक्तित्व उपन्यासमा मात्र सीमित नरहेर धर्म, संस्कृति, समाज, राजनीति, प्रशासन, ऐन, कानुनका क्षेत्रमा फैलिएको पाउँछन् । उनका उपन्यासहरू विदेशी भाषामा अनूदित भएर राष्ट्रलाई ठुलो ख्याति दिलाएका छन् भन्ने धारणा राखेका छन् । अनि भ्रष्टाचार विरोधी अभियानमा लागेका उनी जनतालाई सक्रिय र जागृत् तुल्याउन कोणसभा, सभा सम्मेलन गर्ने, सामाजिक सरोकारका विषयहरूलाई अदालत पुऱ्याउने कार्य गर्ने अनि त्यही समय हुर्केको पाडो, पजेरो संस्कृति, सांसदको पेन्सन भत्ता, सुविधा, उच्च पदस्थहरूले दोहोरो तलब भत्ता सुविधा लिन गरेको निर्णयलाई अदालतबाट खारेज गराएर राष्ट्रलाई हुने ठुलो क्षतिबाट बचाउन सफल भएको बताउँछन् डा. आचार्य ।

राष्ट्रवादका हिमायती

ठाकुर बेल्बासे

सम्भ्रान्त परिवारमा जन्मिए पनि समय सापेक्ष चल्न सक्ने सुयोग्य पिताको प्रशिक्षणले १५ वर्षको उमेरमा पुस्तकालय खोलेर सबैको प्रिय बनेका भरत जङ्गमले कविता लेखनबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेका हुन् । त्यसपछि मात्र उनको कालो सूर्य प्रकाशन भएको हो । जसले उनलाई साहित्यमा स्थापित नै गरायो ।

आ-आफ्ना तरिकाले साहित्य सेवामा मस्त रहने देवकोटा, सम, पौडेलजस्ता साहित्यिक आदर्शबाट प्रेरित भएर भरत जङ्गम साहित्यकार र समाजसेवी बनेको बताउने बेल्बासे उनका बाबु गोविन्दहरि उच्च व्यक्तित्व भएर पनि राणहरूको हैकम चलेको समयमा देश र जनताको पक्षमा आवाज उठाएर समाज सेवामा लागेको हुनाले त्यसको प्रत्यक्ष छाप सन्तानमा परेको हुन सक्छ भन्छन् । पिताको बिँडो थाम्दै साहित्यिक विधा र समाजसेवाजस्तो कठिन कार्यमा सर्वाधिक सफलता प्राप्त गरेर अन्तर्राष्ट्रिय जगत्मा समेत देशको गौरव बढाउलान् भन्ने कसैले अनुमानसम्म पनि नगरेको बताउने बेल्बासे भन्छन्, 'देशको गौरव बढाएकामा आफ्ना र आफन्त मात्र होइन तीन कोटी जनतालाई प्रशंसा गर्न बाध्य तुल्याए ।'

उनी नेपालमा मात्र चर्चित भएका हैनन् भरत जङ्गम उनले आफ्नो व्यक्तित्वलाई विदेशमा समेत चर्चामा ल्याए । आफ्ना कृति धेरै विदेशी भाषामा अनूदित हुनेमा पहिलो पनि बने । यस्ता भरत जङ्गमको सौन्दर्यले लबालब शरीर, बोलीको मिठास, ओजस्वी व्यक्तित्वलाई परिचय दिइराख्नुपर्दैन । यस्ता उनलाई थोरै स्थानमा अटाउन खोजियो भने त्यो आफैमा मूर्खता हुने छ भन्छन् बेल्बासे । १५ वर्षको कलिलो उमेरमा नै सार्वजनिक व्यक्तित्व बनेर थोरै पनि समय खेर नफाल्दै आएका भरत जङ्गम राष्ट्रवादका प्रखर हिमायती, महेन्द्र र प्रखर प्रजातन्त्रवादी नेता बी.पी. कोइराला दुवैलाई मन पराउँछन् । उनी असल राजनीतिज्ञ पनि हुन् जसले प्रजातान्त्रिक आन्दोलनलाई कुनै न कुनै रूपमा सहयोग गर्दै आएका छन् ।

त्रिविबाट स्नातकसम्मको अध्ययन गरेका उनी सङ्गीत र कलालाई

मानव जीवनको अभिन्न अङ्ग मान्छन् । उनका कालो सूर्य, व्यूहचक्र, रातो घामजस्ता उपन्यास, पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता प्रबन्ध सङ्ग्रह अनि हरि मञ्जुश्रीका सम्पादनमा भरत जङ्गम : विचार र दृष्टिकोण, अन्तर्वार्ता सङ्ग्रह प्रकाशन भइसकेका छन् ।

हरेक मानिस साहित्यकार हो । उसभित्र हुने भावनालाई शब्दको माध्यमबाट जब सार्वजनिक गरिन्छ त्यो साहित्य हुन्छ भन्ने भरत जङ्गम आफू खुला किताब हुँदा कतिपयले आफूबाट अनावश्यक फाइदा लिएको र सबैलाई विश्वास गर्ने आफ्नो ठुलो कमजोरी मान्छन् ।

आफूले एक जना पनि शत्रु नकमाएकामा भने जीवन सार्थक बनेको मान्ने भरत जङ्गम आफूले सुरु गरेका सबै कार्य सफल नभए पनि सन्तोष मान्छन् । दैनिक चयार्मा नियमित बनेका उनी जस्तोसुकै परिस्थिति सिर्जना भए पनि राष्ट्र र राष्ट्रियताप्रति नचुक्ने दृढता राख्छन् । भ्रष्टाचारको प्रखर विरोधी भए पनि उनले साहित्यबाट नै राष्ट्रियताको सन्देश फैलाउन खोजेको पाइन्छ ।

भरत जङ्गमको आरोप छ, 'मन्त्री र सांसदले नै यहाँ भ्रष्टाचार गर्ने गरेका छन् । सांसदहरूले पारित गरेको कानुनले नै भ्रष्टाचारलाई छुट दिएकाले सरकार हाँक्नेहरू कुख्यात भ्रष्टाचारी बनेका हुन् ।'

यी यस्ता भ्रष्टाचार, विकृति, विसङ्गति हटाउन र भ्रष्टाचार विरुद्ध जनचेतना जगाउन 'स्वतन्त्र विचार मञ्च' नामको संस्था खोलेर सक्रिय रहेका भरत जङ्गम देश विकासका लागि राजनीतिक स्थिरता हुनुपर्छ । त्यो स्थिरता भ्रष्टाचार नियन्त्रणबाट मात्र सम्भव हुन्छ भन्ने विचार राख्दै राजनीतिमा शुद्धीकरण नभइन्जेल आफू राजनीतिमा नलाग्ने बताउँछन् ।

भ्रष्टाचार विरुद्धको आन्दोलनलाई सरकारले बेवास्ता गरे पनि जनताले भने असीम माया गरेको बताउने भरत जङ्गमको आफ्नो साहित्य र साधनाको मूल्याङ्कन आफ्ना पाठकहरूबाहेक अरू कसैले गर्न नसक्ने धारणा छ ।

हरि मञ्जुश्रीको सम्पादनमा निस्कन लागेको अभिनन्दन ग्रन्थमा आफूले पनि यो लेख्ने अवसरलाई शुभ संयोग मान्ने ठाकुर बेल्बासे भरत जङ्गमको मोती महोत्सवको शुभ घडीमा उनको सुस्वास्थ, दीघार्यु एवं व्यक्तित्वको उत्तरोत्तर फैलावटका लागि हार्दिक शुभकामना व्यक्त गर्दछन् ।

सरलता, गम्भीरता र उदारताका सङ्गम

डा. तुलसी भट्टराई

मन खुम्चिँदा तन खुम्चिन्छ, दिमाग पनि खुम्चिन्छ, रक्तबाहिनी नसा साँघुरिन्छन् । थिचोमिचोमा पनि मन साँघुरिन्छ अनि सबै कुरा साघुँरिन्छ । युगौँदेखि सबै क्षेत्रमा थिचिएर, मिचिएर, पिल्सिएर बाँचेका यहाँका मानिसहरूको मुटु, मस्तिष्क साघुँरिदै खुम्चिँदै गएको छ । त्यसैले यहाँ विद्रोही साहित्यको, आफ्ना हकहितको लागि आवाज उठाउन सक्ने समाज निर्माणको, वर्तमान परिस्थितिको विरोधमा उठ्ने समूहहरू जन्माउन सक्ने साहित्यको खाँचो देख्छन् डा. तुलसी भट्टराई ।

बी.पी को आदर्शबाट प्रेरित भरत जङ्गमसँग भएको साधारण भेटघाटपछि डा. भट्टराइको सामान्य कुराकानी हुन्छ । त्यसपछि उनलाई भरत जङ्गम आफ्नै मान्छेजस्तो लाग्छ । अनि डायरीमा नाम टिपेर राख्छन् ।

'कालो सूर्य' प्रकाशनपछि बनारसमा चर्चा सुनेका, डा. तुलसीले काठमाडौँको बी.पीको डेरामा जाँदा त्यही देख्छन् कालो सूर्य । जनमत सङ्ग्रहपछि यस उपन्यासको खुब चर्चा सुन्छन् । त्यसैले किनेर पढ्छन् । पढिसकेपछि भरत जङ्गमलाई देख्दा भने अलि घमन्डी जस्तो मान्छन् ।

काठमाडौँमा बस्न थालेपछि कहिलेकाहीँ भेटघाट हुने गर्‍यो जङ्गमसँग । बन्दपना बिस्तारै खुल्दै गए । बन्दपना खुकुलो हुँदै जाँदा उनमा सरलता र सरसता रहेछ भन्ने बोध हुँदै गयो डा. तुलसीलाई । उनका कथा र उपन्यास मूल विधा भए पनि कवितामा विशेष दक्षता, पत्रकारितामा उत्तिकै सक्रियता, राजनीतिक चिन्तन र विश्लेषणका कारण राजनीति नै यिनको मूल कार्य हुनुपर्ने हो जस्तो लाग्छ ।

त्यो राजनीतिक पृष्ठभूमिको उपन्यासमा समय त्रासदीको व्याख्या, राष्ट्रिय अवस्थाको चित्रण, अझ अन्तर्राष्ट्रिय परिस्थितिको आँकलन अनि सामाजिक विकृति विसङ्गतिलाई राजनीतिमा मुछेर साङ्गोपाङ्गो उदाङ्गो पार्न सक्ने खुबी भरत जङ्गममा देख्ने डा. तुलसी कालो सूर्यले करिब एक दर्जनभन्दा बढी भाषामा डुल्ने अवसर पाएकामा यसको विशेषता प्रस्टिएको छ भन्छन् तर पनि उनका व्यूहचक्र र रातो घाम पनि उत्तिकै सशक्त लाग्छ उनलाई ।

नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखेर काङ्ग्रेसी जनहरूलाई उपहार दिन सफल भरत जङ्गम भ्रष्टाचार विरोधी आन्दोलनमा लागेर एक ताका चोक चोकमा कोणसभा गरेर छापाहरूलाई नै तरङ्गित पारेकाले सत्तामा बस्नेहरू उनीसँग छलिएर तर्किएर हिँड्न थालेका थिए । पत्रिकामा आफ्ना रचनाहरू र पर्चा पम्पलेट वितरणले उनलाई राष्ट्रिय पत्रिकाहरूले स्थान दिन थालेपछि त्यसले आन्दोलनको रूप धारण गरेको थियो ।

भोलि जेसुकै होस् आफूलाई लागेको कुरा गरिहाल्ने । जोसुकै रिसाओस् खुसाओस् मतलब नगर्ने । गाली, प्रशंसा जेहोस् गर्दै जाऊँ जसो होला भन्दै सधै अघि बडिरहने व्यक्तित्व हुन् भरत जङ्गम । यिनमा एउटा दृढ व्यक्तित्वमा हुने गुणहरू छन् । कतिपय निकटतम साथीहरूले पनि भरत जङ्गमलाई बुझ्न गाह्रो पऱ्यो भन्ने सवालमा डा. तुलसी भन्छन्, 'ब्रम्हाण्डका सबै प्रणीलाई बुझ्न सकिन्छ तर मानिस बुझाइभन्दा धेरै माथि हुन्छ ।' भरत जङ्गममा रवीन्द्रनाथ टैगोरको छाप परेको देख्ने तुलसीलाई उनको 'कसैको कुरामा वास्ता नगर । आफूले देखेको विवेकले स्विकारेको कुरा इमानदारीका साथ गर्दै जाऊ । साथीसङ्गी नखोज । एक्लै हिँड" भन्ने उपदेश भरत जङ्गमले अनुकरण गरेका हुन् कि भन्ने लाग्छ ।

भरत जङ्गमलाई बुझेका डा. तुलसी भट्टराई 'पहिलो र दोस्रो भेटमा

उनको भेउ नपाए पनि सङ्गत गर्दै जाँदा उनमा सरलता, गम्भीरता र उदारताको सङ्गम भेटिन्छ भने उनको हृदयी भावमा मैत्रीभाव भरिएको पाइन्छ भन्दछन् । नेपाल र नेपालीको उत्थान, विकसित र उन्नत राष्ट्रको चाहनामा सधै छटपटिइरहने भरत जङ्गममा केही गरौँ भन्ने भाव देखिनुलाई मानव जीवनको सार्थकता मान्छन् डा. तुलसी ।

तीन बिसको शरद टेकेका भरत जङ्गम सधै युवा जोस र जाँगर देखाउन उद्यत छन् । उनीबाट गहन कृतिहरू पाउन, सामाजिक र सांस्कृतिक रूपान्तरणमा योगदान पाउन सकौँ भन्दै अझ बिसौँ वर्षसम्म स्वस्थ, सक्रिय र ऊर्जावान् भएर समय बिताउन् भन्दै कामना गरौँ भन्छन् डा. तुलसी ।

भरतमणिको आफ्नै
भावको परिणाम हो
अलपत्रे अवस्था त्यो
क्षेत्र नै देवधाम भो ॥९॥

पर्दा भरतको दृष्टि
विनाश देख्न आउँछन्
ती देवालयले रूप
लावण्य फेर्न पाउँछन् ॥१०॥

–भरतांशु महाकाव्य सातौं गतिबाट

नेपालका एक्स्ट्रा अर्डिनरी व्यक्तित्व

दामोदर गौतम

दामोदर गौतमको भरत जङ्गमसँग सुमधुर सम्बन्ध छ। भेटमा सामान्य विषयदेखि राजनीतिक, समाज सेवा, साहित्य, भ्रष्टाचार, धर्मसंस्कृतिलगायत धेरै क्षेत्र र विषयमा कुराकानी चलिरहन्छ। कुनै कुनै विषयमा मत भिन्न रहे पनि धेरै क्षेत्रका सन्दर्भहरूमा भने उनीहरूको विचार ऐक्य बन्दछ।

दामोदर आफूले बुझेका आधारमा सामान्य भन्दा भरत जङ्गमलाई पृथक् अझ नेपालका 'एक्स्ट्रा अर्डिनरी' व्यक्तिका रूपमा हेर्छन्। उनमा उच्च बौद्धिकता, तार्किकता, विलक्षणता अनि चिन्तन र अझ विशेष खालको कार्यशैली देख्छन्। उनको प्रतिभा सबै क्षेत्रमा बाँडिए पनि योगदान भने सबै क्षेत्रमा उत्तिकै महत्त्वको छ। उनले जुन क्षेत्रमा हात हाल्छन् त्यस कार्यमा गम्भीरताका साथ लाग्ने बानी दामोदरलाई खुब मनपर्छ।

यस्ता बहुआयामिक प्रतिभाका धनी भरत जङ्गमको मोती महोत्सवको अवसरमा मोती महोत्सव समारोह समितिलाई धन्यवाद दिँदै मोती महोत्सवका लागि चयन हुन सफल भएकामा भरत जङ्गमलाई हार्दिक बधाई एवं सुस्वास्थ्य र दीघार्युको कामना गर्दछन्।

उनीभित्रको प्रजातान्त्रिक भावनाले होला राजनीतिमा गहिरो चासो राखेका भरत जङ्गमले नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखेर पार्टी सुदृढीकरणका लागि सघाए। त्यही विचार र भावनाले होला उनलाई भ्रष्टाचार विरोधी अभियानका विभिन्न रूपमा सक्रिय हुन अह्राएको। धार्मिक, संस्कृतिक क्षेत्रमा पनि उत्तिकै सक्रिय रहने उनी शौवाचार्य भएकोले शिवको पूजा अर्चना र सेवामा विशेष लगाव राख्दछन्। समाज सेवामा उत्तिकै सक्रिय उनी यज्ञादिमा कार्यमा संलग्न भई धेरै यज्ञकार्यहरू सम्पन्न गरेका छन् भने गरिब जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएका छन्।

अनुकरणीय पुरुषार्थी

द्वारिकाराज उप्रेती

सामाजिक सेवाको भावनाले ओतप्रोत गोविन्दहरि जङ्गमले दातव्य औषधालय खोलेर भक्तपुरलगायत पशुपतिको उमाकुण्ड, नुवाकोटको चौघडा र हिमालीवास (वारा) लगायतका ठाउँमा निःस्वार्थ निःशुल्क सेवा पुऱ्याएर अविस्मरणीय उदाहरण बनेका थिए । उनका छोरा भरत जङ्गम पनि पिताकै स्वभाव बोकेर विविध विषयमा पिताको पछिपछि लागेर अनुकरणीय बनेका होलान् भन्ने लाग्छ द्वारिकाराज उप्रेतीलाई ।

भारतको कर्णाटकबाट मल्लवंशीय राजा हरिसिंहदेवको पालामा काठमाडौँ उपत्यकामा प्रवेश गरेका लिङ्गायत वैशिष्ठिक ब्राह्मणहरू वैशिष्ठिकता, नैतिकता, आत्मशुद्धि र विवेकको मानवीय वातावरणमा बाँधिएर बस्ने शैवमठ खडा गरेर बसेको पाइन्छ । यही वंश परम्परामा भरत जङ्गमको जन्म भएको बताउँछन् द्वारिकाराज उप्रेती ।

पिता गोविन्दहरि जङ्गमसँगको आत्मीयताले गोविन्दहरिलाई जङ्गमजी भनेर सम्बोधन गर्ने द्वारिकाराज भरत जङ्गमलाई पनि त्यसै गरी जङ्गमजी भनेर सम्बोधन गर्छन् । यसरी बाबुछोरा दुवैलाई सम्बोधन गर्दा उनलाई गर्वको अनुभव हुँदो रहेछ । बहुआयामिक व्यक्तित्वका धनी भरत जङ्गम आफूलाई आवश्यक पर्ने धन शुद्ध व्यापार गरेर आर्जन गरेका मात्र छैनन्, समाजमा सेवारत पनि छन् । उनले भ्रष्टाचार विरोधी अभियान पनि चलाएका छन् ।

जति बेला पृथ्वीनारायण शाहले घुसखोरीलाई देशको शत्रु घोषणा गरेका थिए त्यति बेला सलाइको काँटीका रूपमा रहेको भष्ट्राचार अहिले दन्केको डडेलो बनेको छ । यसको जरा धेरै गहिरोसँग गढेको छ । त्यसलाई निर्मूल पार्न त्यति सजिलो पनि छैन । त्यसैले भरत जङ्गमको भ्रष्टाचार विरोधी आन्दोलनले विशाल रूप धारण गर्नुपर्ने महसुस गर्छन् द्वारिकाराज ।

मनोरोगजस्तै बनेको छ अहिले भ्रष्टाचार । त्यसलाई शासकीय असल व्यवस्थापनद्वारा मात्र नियन्त्रण हुन सक्छ भन्ने भावना राख्ने द्वारिकाराज भरत जङ्गमका अनेकानेक सूत्रको माध्यमबाट पनि भ्रष्टाचार नियन्त्रण सफल हुने विश्वास गर्छन् । उनले भ्रष्टाचार विरोधी आन्दोलन गरेको सामाजिक हितका लागि हो । त्यसैले यो सामाजिक सेवा हो । भरत जङ्गमले चालेको सामाजिक सेवाको यो कदम एक दिन कसो पूरा नहोला र ? अवश्य झल्झलाकार हुन्छ भन्ने आशा लिएका छन् द्वारिकाराज ।

नेपाली साहित्यका लागि ठुलो योगदान पुऱ्याउने भरत जङ्गमका 'कालो सूर्य' व्यूहचक्र, रातो घाम' देशबाहिर घुम्न पुगेका छन् । जति घुम्छन् त्यति नै भरत जङ्गमको अन्तर्राष्ट्रिय व्यक्तित्वलाई थप उचाइ दिँदै जान्छन् ।

भारतका क्रान्तिकारी नेता पण्डित रामप्रसाद विस्मिल अत्यन्त गरिब भए पनि न कसैलाई त्यसको सङ्केत दिए न कसैसँग हात पसारे न उनमा कहिल्यै द्रव्यमोह आयो । अझ आफूले कमाएर साथीहरूको समेत गर्जो टार्थे । विस्मिल जस्तै थिए इटालीका राष्ट्रपति मुसोलिनी पनि । उनलाई पनि धनमोहको रोग लाग्दै लागेन । आफ्नो लेखनको आयले अर्काको समेत गर्जो टार्ने मुसोलिनी आफू राष्ट्रप्रमुख हुँदा तलबभत्ता कहिल्यै थापेनन् ।

यस्ता यी महान् नेतासँग भरत जङ्गमलाई दाँज्दै द्वारिकाराज लेख्छन् उपर्युक्त महामानव र भरत जङ्गमको जीवनमा कता कता सामीप्य देख्छन् । भरत जङ्गमले पनि धन आजर्ननमा धेरै समय खर्च नगरेकाले उनमा पनि पैसा मोहको रोग नजिकै पर्न सकेको जस्तो लाग्दैन द्वारिकाराजलाई ।

भरत जङ्गमको साहित्य यात्राको क्रम जारी छ । कति कृतिहरू गर्भमा होलान् त्यो भविष्यले नै देखाउला । सफलतापूर्वक धार्मिक पत्रिका चलाएका भरत जङ्गमको धर्मप्रति झुकाव र जीवन परोपकारमय छ । त्यसैले उनको जीवन आनन्दै आनन्दमय देख्ने द्वारिकाराज उनका जीवनका हर कदमहरूमा उत्तरोत्तर प्रगति र सफलताको शुभकामना दिन्छन् ।

दृढ इच्छाशक्तिका खानी

नवराज कार्की

कुनै पनि काम गर्छु भनेर आँटेपछि त्यो काम पूरा नभइन्जेल एकलव्यझैँ लागिरहने दृढता भएका भरत जङ्गमलाई २०३६ सालअघि सङ्गीतकार दीपक जङ्गमका दाइ भनेर मात्र चिन्दथे साहित्यकार नवराज कार्की । २०३६ सालमा एकाएक चर्चा उठ्यो । त्यही चर्चाले साहित्यकार भनेर चिन्न थाले उनले । चर्चा बहुतै भयो कालो सूर्य र साहित्यका विषयमा । उनका बारेमा कति अफवाह फैलिए, कति किंवदन्ती बने । कतिले कालो सूर्य उनले लेखेकै हैनन् भने ।

अत्यन्त सीमित सञ्चार माध्यम रहेको त्यस समयमा टाल्क अफ द टाउन भनेको काठमाडौँको न्युरोडको पीपलबोट थियो । त्यहाँ राजनीति, अर्थनीति, कुटनीतिलगायत सबै खाले विषयका चर्चा चल्थे । भरत जङ्गमको कालो सूर्यले त्यहाँ पनि चर्चाको आँधी नै ल्यायो । त्यो आँधीले भरत जङ्गमलाई शिखरमा पुऱ्यायो । पत्रकारिता र राजनीतिबाट पलायन गरायो, साहित्यमा स्थापित गरायो ।

निर्दलीयताको समय थियो । निर्दलीयताका विकृति विसङ्गति र भ्रष्टाचारजस्ता पक्षहरूको तह तहमा पुगेर केलाएर लेखिएको हुनाले नै उनको उपन्यास चर्चाको शिखरमा पुगेको हो भन्छन् नवराज । केही समय पातालवास बसे भरत जङ्गम । पातालवासबाट फर्केको खबरले नवराज आफू खुसी भएको बताउँछन् । त्यसपछि उनका थुप्रै कृतिहरू प्रकाशनमा आए तर सबै 'कालो सूर्य' झैँ सफल हुन सकेनन् । त्यही कालो सूर्यले आफूलाई भरत जङ्गमको सामीप्यमा ल्याएको हो । त्यही सामीप्यले साथीको दाइबाट आफ्नो दाइ बनायो । साहित्यिक मित्र बनायो भन्छन् नवराज ।

विश्वेश्वरप्रसाद कोइरालादेखि ध्रुव मधुकर्मीसम्मले टिप्पणी गरेको

कालो सूर्यको केन्द्रीय विषय व्यङ्ग्य बनेको छ । विश्व बजारमा पुगेको यो किताब भरत जङ्गमको पहिचान र उपलब्धि दुवै बनेको छ । प्रजातन्त्रलाई नै आफ्नो जीवन पद्धति बनाउनेहरू नै काङ्ग्रेस पार्टीमा अटाएका छैनन् । स्कुलिङ नेपाली काङ्ग्रेस नै भए पनि नअटाउने मध्ये एक भरत जङ्गम पनि हुन् । अनि पत्रपत्रिकालाई कमाई खाने भाँडो बनाउने बुद्धि नपुगेका पत्रपत्रिका टिक्न सक्दैनन्, उनी पनि सकेनन् । त्यसैले होला उनको असली क्षेत्र साहित्य बन्न पुग्यो । आख्यान क्षेत्रमा नयाँ नयाँ प्रयोग गरे, चर्चा बटुले, बटुलिरहेका छन् । चुप लागेर बस्न सक्तैनन् उनी । आफूले देखेका भोगेका कुरालाई आख्यानमा उतारिरहेका छन् ।

भ्रष्टाचार विरुद्ध जेहाद नै छेडे । भरत जङ्गमको महत्त्वपूर्ण पाटो नै यही बनेको छ । मेची-महाकाली घुमे, भ्रष्टाचार विरुद्धको आवाज घन्काए । भ्रष्टाचार विरोधी अभियानमा जनमत बटुल्दा सही गरेका नवराज भ्रष्टाचार विरोधी कतिपय मोर्चामा सहभागी भएर मैले पनि सघाएको हुँ भन्छन् ।

प्रजातन्त्र पुनःस्थापनापश्चात् सांसदहरूले पेन्सन भत्ता खान पाउने निर्णय गरेर खाइरहेका थिए । उनले त्यसका विरुद्ध सर्वोच्चमा रिट दायर गरेर खारेज गराए । त्यो कार्य उनको दृढ इच्छाशक्तिले गराएको थियो । त्यस्ता आँटिला, जाँगरिला, फुर्तिला व्यक्तिलाई हामी स्यावास् ! भन्न कन्जुस्याइँ नगरौँ भन्दै राम्रा काम गर्नेलाई पुरस्कार र नराम्रा काम गर्नेलाई दण्ड दिन नसकेर हाम्रो यो हविगत भएको हो भन्दै नवराज भरत जङ्गमलाई आग्रह गर्छन्, 'लागिरहनुहोस् भरत दाइ ! लागिरहनुहोस् तपाईं आफ्नो गन्तव्यमा पुग्न सफल हुनुहुने छ । लागिरहनुहुने छ भन्ने कुरामा विश्वस्त छु ।'

विश्व साहित्यको फाँटमा उभिन सफल नेपाली साहित्यकार

पद्मावती सिंह

पद्मावती सिंह स्वयं साहित्यकार हुन् । साहित्य समारोहहरूमा बेलाबेलामा पुग्ने पनि गर्छिन् । त्यही क्रममा बङ्गला भाषाका भाषाविद् साहित्यकार सेह बुद्धिन अहमदको स्वागतार्थ 'गुञ्जन' द्वारा आयोजित कार्यक्रममा विशिष्ठ अतिथिका रूपमा पुगेका भरत जङ्गमसँग भेट र परिचय हुन्छ । लेख रचनाबाट परिचित भए नि यो नै उनको पहिलो साक्षात् भेट थियो ।

भ्रष्टाचार विरोधी जनभावनालाई मुखरित गर्न कलम क्रान्तिको प्रारम्भ गरेका एक राष्ट्रप्रेमी, समाजसेवी, साहित्यकार भ्रष्टाचार विरोधी अभियानका अभियन्तासँगको भेट सुखद र सम्झनायोग्य मात्रै बनेन, दुवैलाई साहित्यिक मित्र बनायो ।

उनको हँसमुख, मिलनसार व्यक्तित्वको आफूप्रतिको मित्रवत् व्यवहारबाट उनी निकै प्रभावित भइन् । आफूतिर सबैलाई आकर्षित गर्न सक्ने सामर्थ्य राख्ने व्यक्तित्वको प्रख्यात पुस्तक कालो सूर्य एघारभन्दा बढी भाषामा अनूदित भइसकेको छ । त्यो पढेपछि पद्मावतीलाई ती समय सापेक्ष व्यक्तित्वप्रति अथाह श्रद्धा उर्लेर आउँछ । त्यस भेटले उनीहरूलाई यदाकदा साहित्यिक समारोहहरूमा भेट गराउन थाल्यो । मित्रवत् व्यवहार बढाउँदै ल्यायो ।

साहित्यिक व्यक्तित्व मात्र छैन जङ्गमको भ्रष्टाचार विरोधी अभियानको शसक्त पक्ष पनि छ । त्यो झनै उल्लेखनीय पक्ष हो । राजनीतिक चिन्तनको पक्ष पनि छ, जसले समाजमा रहेका आर्थिक सामाजिक, विकृति विसङ्गतिप्रति चिन्तित र संवेदनशील बनाएको छ । त्यसका विरुद्ध साहित्यको प्रयोग गरी नेपाली समाजको उतार चढावको धरातलमा उभिएर लेखिएका उनका लेख

रचनाहरू र प्रबन्ध सङ्ग्रह सिर्जनाहरूले नेपालीलाई झक्झक्याइरहन्छन् ।

भरत जङ्गमको 'कालो सूर्य' को विषयवस्तु र प्रस्तुतिले विश्व मानव समुदाय नै आकर्षित गर्न सफल भएर होला, त्यो पुस्तक यति धेरै भाषामा अनूदित भएको । यसरी कृति दिलाएकामा भरत जङ्गमलाई भाग्यमानी मान्ने पद्मावती त्यसबाहेकका व्यूहचक्र र रातो घाम पनि अरू केही भाषामा अनूदित भएर उनको गौरव बढाइरहेका छन् भन्दछिन् ।

उत्तम उत्तम साहित्यकारहरू नेपालमा नजन्मिएकै होइनन्, जन्मेका छन् विश्व साहित्यिक जगत्ले नेपाली साहित्यको रसास्वादन गर्न नपाएको तिनका साहित्यिक सिर्जनाहरू अन्तर्राष्ट्रिय भाषामा अनूदित हुन नसकेर हो । यसमा साहित्यिक सङ्घसंस्थाको ध्यान जानुपर्ने राय दिने पद्मावतीलाई भरत जङ्गमका कृतिहरू धेरै भाषामा अनूदित हुनुमा उनको लगनशीलता, अन्तर्राष्ट्रिय सम्पर्क कायम गर्न सफल भएकाले हो भन्ने लाग्दछ ।

भरत जङ्गमको लेखनप्रतिको इमानदारिता, लेखनप्रतिको गम्भीरता, प्रस्तुतिको सशक्तताले पनि अन्य भाषाका अनुवादकसितको सान्निध्य प्राप्त भएको हुन सक्दछ । उनका यिनै मौलिक विशेषताले गर्दा नै उनले यो सफलता हासिल गरेको देखिन्छ ।

भरत जङ्गम बहुआयामिक व्यक्तित्वका रूपमा चिनिएर लेखनीका माध्यमबाट नेपाली साहित्य र विश्व साहित्य जगत्माझ आफूलाई उभ्याउन सफल भएका हुन् । उनी भ्रष्टाचार विरोधी अभियानका एकल सेनापति हुन् । यस्ता व्यक्तित्वलाई आफैले भेटेर चिनेर आफूलाई धन्य ठानेकी छन् सिंहले । यसलाई केवल भावोद्गार मात्र सम्झिदिनुहुन पनि अनुरोध गर्छिन् पद्मावती ।

स्मृतिमा अल्झिएको छवि र अभिव्यक्ति

पीताम्बरा उपाध्याय (पीयूष)

ठ्याक्क सम्झना रहेनछ। त्यसैले सैँतिस सालतिर हो भन्छिन पीताम्बरा उपाध्याय 'पीयूष' । त्यही साल उनले कथाको रूपको रचना पढेकी थिइन् रे । साहित्यमा रुचि राख्नेहरू धेरै लेख रचनाहरू पढ्छन् । पढेकामध्ये केही मात्र स्मृतिमा अल्झने हुन्छन् । त्यही २०३७ सालतिर पढेको रचना उनको स्मृतिमा अझै अल्झिरहेको छ भन्छिन् पीताम्बरा ।

त्यो आइतबारको कहानीका नायक 'जीवन' कर्मचारीतन्त्रमा जकडिएर विवेकलाई दबाउन बाध्य भएको वास्तविक जीवनका जीवन्त पात्र प्रतीत भएका छन् । ती पात्र स्वयं पीताम्बरा या उनीवरिपरि बस्ने कोही हुन् जस्तो लाग्छ उनलाई । स्वयं बनेर अनुभव गरेको मनोवेदनाले अहिलेसम्म पनि पिरोलिरहेको छ उनलाई । उनलाई त्यो कथा लेख्नेको न नाम सम्झना छ उनलाई न कथाको किताबको नाम तर जीवनले भोगेको नियति भने पीताम्बराको स्मृतिमा अल्झिरहेको छ ।

प्रसिद्ध आसामी नेपाली साहित्यकार गीता उपाध्यायको सम्मानमा नेपाली साहित्यिक पत्रकार सङ्घको आयोजनामा गरिएको स्वागत समारोहमा भरत जङ्गमसँग पीताम्बराको भेट परिचय हुन्छ । समारोहमा गीता उपाध्यायले सम्बोधन गर्दा कालो सूर्यलाई आफूले असमिया भाषामा अनुवाद गर्दाका प्रसङ्गहरू रोचक पारामा प्रस्तुत गर्दा वातावरण रमाइलो बनेको थियो । केही अनूदित प्रतिबिम्बहरू वितरण पनि गरियो, पीताम्बराले पनि पाउँछिन् ती । घरमा गएर अध्ययन गर्छिन् । अध्यक्षता गर्दा उनलाई एउटा आश्चर्यले अत्याउँछ । उनको स्मृतिमा अल्झिएको पात्र 'जीवन' भरत जङ्गमको 'कालो सूर्य' को आइतबारको पात्र रहेछ ।

त्यो पुस्तकले उनमा धेरै रोचकता थप्छ । थपेको रोचकताले सन्तुष्टि यथार्थपरकता अनि सजीव पात्रको सिर्जना गर्ने सक्षम सर्जकप्रतिको ठुलो साधुवादको भाव एक्कासि एकमुष्ट उदाउँछ पीताम्बरामा ।

उपन्यासमा सात बारमा देखिने पात्र सदा देखिएकाजस्ता लाग्ने पीताम्बरलाई कालो सूर्यका पात्रको परिस्थिति कथाकाव्यको चित्रण ज्यादै सजीव लाग्छ । उपन्यास राष्ट्रको सर्वोपरि जीवनमा व्याप्त भ्रष्टाचारको रोग जस्ताको तस्तै देखाउन सफल छ । त्यसैले त्यो दर्पण बन्न सफल छ भन्दै साधुवाद टक्र्याउँछिन् ।

त्यसपछि भेटेका भरत जङ्गमका केही किताबहरूमध्ये भरत जङ्गम : विचार र दृष्टिकोण पढेपछि उनलाई लाग्छ यी व्यक्ति हैनन् संस्था हुन् । भ्रष्टाचार विरुद्ध लड्ने सिङ्गो संस्था हुन् । व्यूहचक्र र रातो घाम पनि उत्तिकै उत्कृष्ट लाग्छन् तर पनि कालो सूर्य सबैभन्दा उत्कृष्ट छ । त्यसैले उनी भन्छिन्, 'तीमध्ये यो नै भरत जङ्गमको सर्वोत्कृष्ट रचना हो ।' मनमनै गम्छिन् त्यसैले होला गीता उपाध्यायले यसैलाई असमिया भाषामा उल्था गरेकी ।

वास्तवमा 'कालो सूर्य'ले नेपालको राष्ट्रिय जीवनका विविध पक्ष मात्र होइन, भ्रष्टाचारले ग्रस्त सबै समाज, सबै राष्ट्रको प्रतिनिधित्व गर्छ । उनी भन्छिन्, 'त्यसैले पनि होला यतिका धेरै भाषामा उल्था भएर कीर्तमान कायम गर्न सकेको । पीताम्बरालाई कालो सूर्यका बारेमा दिएको मन्तव्य अत्यन्त मर्मस्पर्शी र सटीक लाग्छ । समाजमा हुने भ्रष्टाचारले स्वयं आहत भए पनि भ्रष्टाचारलाई रोक्न नसकिने व्यथा उनको लेखमा झल्कन्छ ।

भरत जङ्गमको लेखनीको हृदयदेखि प्रशंसा गर्ने पीताम्बरा उनको लेखनीमा विभिन्न तहमा भइरहेको भ्रष्टाचार, जनसमाजले भोगिरहेको पीडा नजिकबाट नियालेर आफ्ना लेख रचनामा उतारेर भ्रष्टाचारलाई न्यूनीकरण गर्ने प्रयासमा लागि परेका छन् ।

पत्रकार बने पनि लेखक बने पनि, समाजसेवी बने पनि उनको लक्ष्य भ्रष्टाचार नियन्त्रण नै देखिन्छ । उनले चालेको भ्रष्टाचार विरुद्धको अभियानले पनि यही बोलिरहेको छ । उनी समालोचक नभए पनि एउटा साधारण लेखकको दृष्टिले यस्ता लेखक अभियन्ता भरत जङ्गमका केही पक्षमा बढी सशक्तता पाउँछिन् तिनलाई तल वर्णन गरिन्छ :

उनी भरत जङ्गमलाई मर्मज्ञ राजनीतिज्ञको रूपमा पाउँछिन् । एउटा चेतनशील विद्वान् राजनीति बुझेकै हुन्छ । अझ उनका रचनाहरूमा राजनीति संलग्न भएर नै उनको राजनीतिज्ञहरूबिच प्रवेश र पहुँचबाट यो कुरा पुष्टि हुन्छ ।

पीताम्बरा भरत जङ्गमलाई एउटा सशक्त निर्भीक पत्रकारका रूपमा हेर्छिन् । उनले बेलाबेलामा दिएको अन्तर्वार्ता, विभिन्न स्थान र समयमा व्यक्त गरेका विचार अनि भरत जङ्गम : विचार र दृष्टिकोणमा वर्णन गरिएका विचारहरूले भनै सविस्तार गरिदिएका छन् ।

साहित्य समाजको दर्पण हो । उनका सशक्त रचना नै उनका परिचय बनेका छन् । जुन रचनाले समाजको चित्र वा तस्बिर देखाइरहेका छन् । यसको उदाहरण कालो सूर्य, व्यूहचक्र, रातो घाम नै काफी छन् । यसभित्रका पात्रहरू पीताम्बरालाई यति सजीव लाग्छन् कि ती पात्र आफूभित्रको कोही होजस्तो लाग्छ । यथार्थपरकता, सजीवता उनका लेखनीका विशेषता हुन् । वस्तुस्थितिको अध्ययन, अनुभव, भाषाको पकड र प्रवाह उनका लेखनीका विशेषता हुन् । वस्तुस्थितिको अध्ययन अनुभव, भाषाको पकड र प्रवाह उनलाई उत्तम लाग्छ भने शब्दभित्र गोता लगाउन सक्ने क्षमा, भाव र चिन्तनमा चर्को खुसी देखिन्छ । भनिएको एउटै वाक्यले नभनिएका धेरै कुरा र स्थिति बुझ्न पाठकलाई सामर्थ्य प्रदान गरिरहेका छन् । जसले उनलाई महान् साहित्यकार तुल्याएको छ । त्यो गुण पीताम्बरालाई अचम्मको लाग्छ ।

भरत जङ्गम भ्रष्टाचार विरोधीको अभियानका एकल अभियन्ता हुन् । अझ उनको टड्कारो परिचय भनेको भ्रष्टाचार विरुद्धको आन्दोलनको नेतृत्व हो भन्ने लाग्छ । उनका साहित्यिक कृतिहरूले मात्र हैन गैरसाहित्यिक कृतिहरूले समेत पुष्टि गरिरहेका छन् ।

उनले गर्न खोजेको अर्को मुख्य कार्य भ्रष्टाचार विषयको अध्ययन अध्यापन गराउनुपर्छ भन्ने हो र त्यो हुन्छ भनेर लागिरहेका पनि छन् । यो कार्य विश्वकै प्राज्ञिक क्षेत्रका लागि महान् उपलब्धि साबित हुन सक्छ भन्ने लाग्दछ । भरत जङ्गमको सर्वतोमुखी उद्देश्य समाज सेवा र समाजको उन्नति हो जुन उनले विभिन्न क्षेत्र र विधाबाट गरिरहेका छन् ।

एउटा साहित्यकारको नाताले भरत जङ्गमलाई समाजका दर्पण भने पनि हुन्छ । सुन्दर नेपालको रेखाचित्र कोर्न सफल उनी लोकतान्त्रिक नेपालका बारेमा आफ्ना सशक्त अभिव्यक्ति, कृति र रचनाहरू धेरैधेरै दिइरहने छन् । त्यसमा लोकतान्त्रिक समाजले गर्नुपर्ने कार्यका नौला क्षितिजहरू उघारिँदै जाने छन् भन्ने हामी आशा राख्न सक्छौँ ।

पीताम्बराको स्मृतिमा अल्झिएको पात्र 'जीवन' को छवि कथाव्यथाहरू आउँदा दिनमा ती यथार्थ बनेर नआउन् भन्दै इतिहास लेख्न कुनै निश्चित रङ चाहिँदैन रङ्ग्याउन सके जुन रङले रङ्ग्याए पनि हुन्छ भन्छिन् पीताम्बरा ।

हिलोमा फुलेको कमलको सुन्दर फूल

पूर्णमान तपोल

भरत जङ्गम र पूर्णमान तपोल जन्मले भक्तपुरे हुन् । यी दुवैको परिवारबिच प्रेमयुक्त सम्बन्ध पनि थियो । अति घनिष्ठता पनि । दुवैको आर्थिक पृष्ठभूमि पनि उस्तै । दुवै परिवार मिलेर त्यो समयमा बिर्ता बचाउ अभियान पनि चलाएका थिए । त्यसैले पनि होला एकपक्षीय प्रगतिशील फाँटका बुज्रुगहरूले सामन्तीका सन्तान भन्ने गरेका ।

यो आरोपको ठाडो इन्कार गर्छन् पूर्णमान । हाम्रा बाबुहरूले के कसैको कुभलो गरे ? सारा उपत्यका खोजे कुन समाजको कुभलो गरेका रहेछन् भनेर तर कतै प्रमाण पाएनन् । त्यसैले पूर्णमान भन्छन्, 'हाम्रो परिवारप्रति लाञ्छना लगाउनु भनेको अन्यायपूर्ण कुरा हो । यो भन्दैमा भदौमा कानो भएको गोरुले संसारलाई सदा हरियो देखेजस्तै हो ।'

व्यक्तित्व विकासमा प्रतिभाको मूल भूमिका हुन्छ । जुन चेतनाको मूलधारसँग गाँसिएको हुन्छ । त्यस्ता प्रतिभावान् व्यक्ति निर्भीक हुन्छन्, स्वार्थरहित हुन्छन्, सदा आफ्नो लक्ष्यमा लागिरहेका हुन्छन् र प्रतिबद्ध पनि हुन्छन् । नेपालको इतिहासमा यस्ता विभूति नजन्मिएका पनि होइनन् । जन्मिएका थिए, छन् र जन्मने छन् तर त्यस्ता प्रतिभाशाली व्यक्तिहरूको सम्मान र मूल्याङ्कन यहाँ विरलै हुने गर्छ ।

यिनै धरातललाई केलाएर हेर्दा भरत जङ्गमलाई पनि यस्तै प्रतिभाशाली व्यक्तिको कोटीमा पर्ने व्यक्ति हुन् भन्नैपर्छ । बेलाबेलामा प्रकाशित हुने उनका लेख, कृति र समसायिक रचनाहरू र उनले रोजेको भ्रष्टाचारमुक्त समाजको परिकल्याणका लागि गरिएको जागरण अभियानहरूले यसको प्रमाण दिन्छन् भन्छन् पूर्णमान ।

भरत जङ्गमलाई कोही कोहीले 'ताक परे तिवारी नत्र गोतामे' भनेको कत्ति मन पर्दैन । उनका प्रस्ट र शुद्ध आँखाले हेर्दा उनी भरत जङ्गमलाई समाजका एक जुझारु सचेतक कर्मयोगी योद्धाका रूपमा हेर्छन् । एक

गम्भीर स्वभाव भएका व्यक्तिका रूपमा हेर्छन् । सामाजिक चेतनाको जागरण, सामाजिक पृष्ठभूमिअनुरूपको योगदान गर्दै समान अनि मानव जातिको उत्थानका लागि योगदान गर्दै आएका सचेत प्रतिष्ठित व्यक्तिका रूपमा लिँदा नै उनको सही मूल्याङ्कन हुन सक्ने ठान्छन् पूर्णमान ।

भरत जङ्गम सचेत, प्रतिभाशाली व्यक्तिका रूपमा लेखन कलाको क्षेत्रमा होस् वा सामाजिक आन्दोलनका क्षेत्रमा देखा परिसकेका छन् । त्यसैले उनलाई हिलोमा फूलेको कमलको रूपमा हेर्छन् पूर्णमान्, जो आफ्नो उद्देश्यमा अविरल लागिरहेका छन् ।

निष्पक्ष रूपमा हेऱ्यो भने पनि भरत जङ्गम प्रतिभाशाली, जुझारु समाजसेवी, भ्रष्टाचार विरोधी, निस्कलङ्कित भएर समाजमा उभिएको पाउँछौँ । सङ्गत गर्नलायक मृदुभाषी उनीसँग पूर्णमानको उमेर मिल्दैन । एकै ठाउँका भएर पनि पढाइ सकेर जीवनयापनतिर लागेका पूर्णमानलाई नेपाली समाज साह्रै गाँजिएको छ, तह नमिलेको छ, आर्थिक रूपमा पिछडिएको छ भन्ने देशको यथाथपरक धरातल थाहा हुँदैन, वा बुझ्नै पाएनन् होला पनि । तर पनि 'नेपाल व्यवस्थापन सङ्घ' मा भरत जङ्गमसँग भेट भइरहँदा भ्रष्टाचारका विषयमा विद्यावारिधि गर्न सुझाव दिइरहन्छन् तर आफूले त्यसतर्फ पाइला चाल्न नसकेकेको बताउँछन् पूर्णमान ।

समाजमा केही गर्न र हुनका लागि चाहिने चिज सामाजिक चेतना हो । त्यही चेतनायुक्त जागरण र सङ्गठित बलले केही प्रगतिशील बिन्दुहरूको पहिचान गरेर समाजका आधार स्तम्भहरू निर्माण गर्दै जाने हो । जुन कार्य भरत जङ्गमले गर्दै आएका देख्ने पूर्णमान उनलाई जिउँदो, जाँगरिलो धर्तीको सपूत मान्छन् । जसको यहाँ सधै आवश्यकता छ भन्ने ठान्छन् । त्यस्ता प्रतिभावान् व्यक्तिको सबैबाट सही समयमा मूल्याङ्कन हुन सकोस् भन्ने कामनासहित उनको आयु सयौँ वर्षसम्म लम्बियोस् भन्ने प्रार्थना पनि गर्छन् ।

निःस्वार्थ समाजसेवी

प्रतिसरा सायमी

भरत जङ्गमका बारेमा उनलाई थाहा छ । उनलाई कहीँ देखे अभिवादन पनि गर्छिन् उनीहरूबिच साक्षात् परिचय भएको छैन भन्छिन् प्रतिसरा । उनै भरत जङ्गमका बारेमा केही लेखिदिनुपर्‍यो भनी आएको आग्रहपछि के लेखौँ खै भन्ने मानस पटलमा उब्जिएका भावहरूलाई एकएक गरेर केलाउँदा आफ्नी प्रिय सहेली इन्दिरालाई सम्झन्छिन् प्रतिसरा सायमी ।

उनले भरत जङ्गमकी जीवन सङ्गिनी भएर उनका कदमका कदम मिलाउँदै श्रीमान्का कार्यका सबै क्षेत्रमा हरतरहले सहयोग पुर्‍याउँदै आएकामा धन्यवाद दिन्छिन् । भरत जङ्गम भ्रष्टाचार नियन्त्रणका लागि जनताका माग बोकेर जनताको प्रतिनिधित्व गर्दै अदातल आउने निःस्वार्थ व्यक्ति हुन् । भ्रष्टाचारको जरो तल हैन माथि हुन्छ भन्दै, माथिबाट जरा तल बढाउने भ्रष्टाचारको संस्कृति विरुद्ध मुद्दा चलाउने निडर व्यक्तिका रूपमा पनि चिनिन्छन् उनी । उनी 'स्वतन्त्र विचार मञ्च' का अध्यक्ष हुन् । अन्तर्राष्ट्रिय देखासिकीमा आइतबारसमेत बिदा दिने निर्णय खारेज गराउने उनी नै हुन् । गलत बिन्दुलाई औँल्याई प्रजातन्त्रको जग बलियो बनाइदिने उनका काममा साथ दिँदै प्रतिसरा भन्छिन् ,'हो त आलोचना स्वच्छ हुनुपर्छ जसको परिणाम सार्थक आओस् ।'

जनचेतना जगाउन परे सडक आन्दोलन पनि गर्ने भरत जङ्गम दलहरूले रकम सङ्कलन गरेर पनि भ्रष्टाचारलाई बढावा दिएको आशङ्का गर्दछन् । उनी प्राडो पाजेरोको अनैतिक संस्कृति र पूर्वसांसदले पनि लिने गरेको पेन्सन भत्ता अदालतबाट खारेज गराए । चाप्लुसी गरेर, व्यक्तिको स्तुतिगान गरेर कुनै सम्मान, पुरस्कार नथाप्ने अडान लिएका भरत जङ्गमलाई समर्थन गर्ने प्रतिसरा उनी भ्रष्टाचार विरोधी भएकाले उनलाई सहयोग गर्नुको सट्टा निराश गराउन खोजेकामा तितो पोख्दै भन्छिन्, 'सार्वजनिक सेवा निरीक्षण पदमा रहँदाको अनुभव उनी आफैले झोलाभरि बोकेका छन् ।'

सामाजिक सरोकारका मुद्दाका लागि आवश्यक खर्च आफैले बेहोर्ने गरेका भरत जङ्गम विदेशीको सहयोगमा संस्था सञ्चालन गर्न हुन्न भन्छन् । विदेशीको पैसामा मन विचलन हुन सक्छ, त्यसैले सहायता बहिष्कार गर्नुपर्छ भन्छन् । प्रत्यक्ष रूपमा समाजमा जरो गाडेर बसेका समस्याहरू कानुनको उपचारबाट समाधान खोज्ने उनी जथाभावी खर्च हुने गरेको सांसद कोषको रकमको खर्च रोक्न सफल हुन्छन् ।

बन्द भएको साझा बस, ट्रलीबस पुनः सञ्चालनमा ल्याएर अशक्त, असहाय, जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति दिँदै आइरहेका उनलाई समाजमा आफ्नै प्रकारको छाप छाड्न सफल भएको बताउने प्रतिसरा समाजसेवीले यस्तै चेतनशील नागरिक तयार पार्ने काम गर्नुपर्ने धारण राख्छिन् ।

आफू कलमजीवी भएर पनि होला उनलाई हातहतियारभन्दा धेरै बलियो कलम लाग्छ । कुनै सिङ्गो घटनालाई प्रस्तुत गर्ने पूर्णकथा नै उपन्यास हो भन्ने धारणा राख्ने उनी लेखन प्रवाहमय भए कला पक्ष हुनै पर्छ भन्ने मान्यता नदिने, साहित्य समाजलाई दिने हो, समाजले स्विकार्न नसक्ने साहित्य किन दिने ? भन्ने भरत जङ्गम अश्लीलता छोप्नुपर्छ भन्छन्, श्लीलता देखाउनुपर्छ भन्छन् ।

शान्त विकसित नेपालको भोलिको तस्बिरको मिठो कल्पना गर्दै भ्रष्टाचार विरुद्धको आवाज बुलन्द गर्नुमा निःस्वार्थ भावले लामो समयदेखि अग्रसर रहँदै आएका भरत जङ्गमलाई धेरैधेरै धन्यवाद दिन्छिन् प्रतिसरा । निःस्वार्थ रूपले समाजको सेवा गर्ने अठोटका साथ दिलो ज्यान दिएर लागि पर्ने अथक कलजीवी कानुनविद्, भष्टाचार विरुद्धका अभियानका संवाहक भरत जङ्गमलाई शुभकामना दिँदै प्रतिसरा आफ्नी सहपाठी इन्दिरा जङ्गमलाई उनको जीवन सहकर्मीसँगको सहयोग सहचार्य सदैव पुष्पको पत्रदलमा रहेको सुगन्धझैं ममगाइरहोस् भन्ने कामना गर्छिन् ।

युवा साहित्यकारलाई माया गर्ने स्रष्टा

प्रद्युम्न जोशी

कलमबाट क्रान्ति गर्न सकिन्छ । यो क्रान्ति शान्त हुन्छ अर्थात् रक्तपातरहित । त्यसैको आदर्श बोकेर क्रान्तिरत भरत जङ्गमसँग प्रद्युम्न जोशीको हडकडको ओसमान पार्कमा टहल्ने क्रममा साधारण परिचय हुन्छ । त्यही परिचय 'वासु शशी स्मृति परिषद्' को स्थापनापछि गाढा आत्मीयतामा परिणत हुन्छ । संयोग, सेहाबुद्दीन अहमदले गरेको 'कालोसूर्य' को बङ्गला भाषाको अनुवाद प्रतिको विमोचन गर्ने सुभअवसर 'वासु शशी स्मृति परिषद्ले पाउँछ । अनि झन् उनीहरूबिचको सम्बन्ध आफन्तको जस्तै हुन्छ ।

भरत जङ्गमलाई चिन्न उनको 'कालो सूर्य' पढ्नै पर्ने बताउने प्रद्युम्न त्यसमा माानवीय समस्या, आन्तरिक व्यवहार मानवबिचको द्वन्द्व, मानिसको लोभलालचलाई केन्द्रबिन्दु बनाएर पात्रको व्यक्तित्वलाई सशक्त चित्रण गरिएको छ । यस प्रकारका विषयवस्तु र चरित्रलाई उपन्यास मार्फत प्रतिनिधित्व गराउने नौलो प्रयास नेपाली साहित्यको फाँटमा उदाहरणीय छ ।

व्यूहचक्र उपन्यासमा पञ्चायती व्यवस्थाभित्र हुने गरेका विविध पक्षको चिरफार छ । यो तीन भाषामा अनुवाद भइसकेको छ । अर्को उपन्यास 'रातो घाम' मा तिब्बत र चीनका जनताको वास्तविक स्थितिको चित्रण गर्ने प्रयास गरिएको छ । यो पनि अन्य चार भाषामा अनूदित भइसकेको छ ।

पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलन, नेपाली काङ्ग्रेसको सामान्य ज्ञानजस्ता किताबहरू प्रकाशित भइसकेका छन् भने अन्य भाषामा उपन्यासहरू मात्र अनूदित छन् । 'कालो सूर्य' एक दर्जनभन्दा बढी भाषामा प्रकाशित हुने पहिलो नेपाली कृति हो । भरत जङ्गमले यस कृतिमार्फत राष्ट्रको गौरव बढाएका छन् । उनले साहित्यमा गरेको बौद्धिक लगानीले दूरगामी महत्त्व राखेको छ ।

राजनीति, पत्रकारिता, प्रशासन, साहित्य र समाजसेवामा योगदान पुऱ्याएका भरत जङ्गमले नेपाल सरकारको सार्वजनिक सेवा अनुगमन तथा निरीक्षण टोलीको संयोजक रहँदा निभाएको कर्तव्य, कुशलता र भूमिकाले पनि उनको चर्चा थप्यो । उनले आफूलाई धेरै क्षेत्रमा परिचालन गरेका भए पनि धेरैले माया गर्ने, मन पराउने क्षेत्र साहित्य नै हो भन्ने लाग्छ प्रद्युम्नलाई । अत्यन्तै मिलनसार भरत जङ्गम आफूभन्दा सानालाई माया गर्ने सहयोग सुझाव दिने, प्रोत्साहन गर्ने हुँदा युवाहरूको प्रेरणाको स्रोत बनेका छन् ।

२०४७ सालको परिवर्तनपश्चात् देशमा व्याप्त भ्रष्टाचारको विरोध अभियान सञ्चालन गरेका भरत जङ्गमको मानव कल्याणकारी भावना र संवेदनशीलतालाई आजका युवा साहित्यकारले मनन गर्न सके मात्र भोलिको साहित्यिक पिँढीले पनि एउटा निश्चित सन्देश पाउने छ । मानवीय मस्तिष्कलाई साहित्यिक चेतनाबाट जाग्रत् र परिवर्तन गर्न सकिन्छ भन्ने भरत जङ्गम गैरजिम्मेवारी जीवन भिरको ढुङ्गा हो, चिप्लियो भने चकनाचुर हुन्छ भन्ने भावको आफ्नो कविताको प्रसङ्ग पनि उल्लेख गरेका छन् ।

उनका अभिव्यक्तिले जिम्मेवारी पदमा बसेकालाई आफ्नो जिम्मेवारीको सूक्ष्म अवलोकन र मूल्याङ्कन गर्ने आग्रह गर्दै भरत जङ्गमका कृतिहरूले व्यङ्ग्यलाई अँगालेका छन् भन्दछन् । जसले समाजका विकृति र विसङ्गतिको चित्रण गरेका छन् । आफ्ना कृतिहरूले समाजलाई मार्गदर्शन गर्न सकुन् भन्ने चाहना राख्ने उनले अन्तर्राष्ट्रिय सम्मान पनि पाइसकेका छन् । यस्ता भरत जङ्गमको मोती महोत्सवको अवसरमा उनले दिने साहित्यिक ऊर्जा अझ सशक्त बनोस् अझ सफल बनोस् भन्ने कामना गर्छन्, प्रद्युम्न जोशी ।

जहाँ त्रुटि देखियो, त्यहाँ जङ्गम भेटियो

बद्रीलाल श्रेष्ठ

जन्मले जेठा हुन् बद्रीलाल श्रेष्ठ तर उनी आफूभन्दा कान्छा भरत जङ्गम आफूभन्दा निकै टाठोबाठो भएर निस्केको देख्छन् । साहित्यको उच्च विधा उपन्यास लेखनमा भरत जङ्गम तनमन दिएर लागे र उपन्यासकार कहलिए । उनका उपन्यास सङ्ख्यात्मक हिसाबले कम भए पनि गुणात्मक हिसाबले अति महत्त्वपूर्ण छन् । कालो सूर्य, व्यूहचक्र, रातो घाम, आधुनिक उपन्यास जगत्का बहुचर्चित उपन्यास बनेका छन् ।

काम गर्नेलाई समय सधै पर्याप्त हुन्छ । समय कम भयो भनेर नबोल्ने भरत जङ्गमको नाम दशकौँ अघि रेडियो नेपालमा सुनिँदै आएको हो । उनले कविता विधाबाट साहित्यिक यात्रा सुरु गरेका हुन् । यात्रा सुरु गर्दा 'यी ठुलै कवि हुन्छन्' भन्ने लागेको रहेछ बद्रीलाल श्रेष्ठलाई तर उनले सोचेको भन्दा निकै अघि बढेको पाउँछन् । उनी अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित भइसकेका छन् । उनका यी तीनै उपन्यास विभिन्न भाषामा अनूदित भए । 'कालो सूर्य' सर्वाधिक भाषामा अनूदित भएर कीर्तिमान कायम गरेको छ । यही कृतिले भरत जङ्गमलाई अन्तर्राष्ट्रिय लेखकको रूपमा स्थापित गराएको छ ।

उनबाट साहित्यिक मात्र होइन राजनीतिक परिवृत्तिका पुस्तकहरू पनि लेखिएका छन् । तीबाट पनि ख्याति आर्जन गरिरहेका भरत जङ्गमले आफ्ना विचारहरू निर्भयका साथ खुलस्त राख्छन् । यो उनको विशेषता हो । उनको लेखनशैली र स्वभावलाई नेपाली साहित्यका सुप्रसिद्ध कवि कथाकार, निबन्धकार, समालोचकहरू भारतको पश्चिम बङ्गालका न्यायमूर्ति स्वर्गीय रामकृष्ण शर्मासँग तुलना गर्न पुग्छन् बद्रीलाल । उनीसँग पहिलो पटक कुराकानी गरिरहँदा पनि उनै रामकृष्णसँग कुराकानी गरिरहेजस्तो लागेको

थियो उनलाई । दुवैमा तीक्ष्ण विचार सुस्पष्ट निर्णय क्षमता रहेकाले दुवै तुलनीय देख्छन् बद्रीलाल ।

भरत जङ्गमको प्रतिभा र व्यक्तित्वसँग धेरै पहिलेदेखि परिचित भए पनि भरत जङ्गमसँग बद्रीलालको धेरै पछि भौतिक रूपमा परिचय भएको थियो । संस्कृति शिरोमणि हरिराम जोशीको अभिनन्दन ग्रन्थ प्रकाशनका सिलसिलामा साक्षात्कार भएको समय बडो रमाइलो भएको बताउँछन् उनी ।

भरत जङ्गमलाई के भनेर सम्बोधन गरौँ ? साहित्यकार, साहित्येतर लेखक पत्रकार, स्तम्भकार, के भनौँ ? जे भने पनि उनका लेखहरू भ्रष्टाचार विरुद्ध नै केन्द्रित देखिन्छन् । आफ्ना लेखहरूमा भ्रष्टाचार विरुद्धको भाषा बोल्ने उनी भ्रष्टाचारलाई राजनीतिक असन्तुलन र अव्यवस्थाको कारण मान्छन् ।

भ्रष्टाचारलाई अन्तर्राष्ट्रिय महारोगको रूपमा बुझ्ने बद्रीलाल नेपाल र नेपाली यसबाट बढी ग्रसित भएको देख्छन् । भरत जङ्गम देशलाई भ्रष्टाचारमुक्त बनाउने सपना साकार पार्न भ्रष्टाचार विरुद्ध लडिरहेका छन् । यो उनको ठुलो बहादुरी हो । राष्ट्रका राजनेतालगायत सम्पूर्ण प्रशासनिक संयन्त्रका लागि यो ठुलो हाँक र आँटको विषय बनेको छ । जनताका छोराले कुनै पद र प्रलोभनबिना यति ठुलो आँट गर्नुलाई सामान्य मान्न सकिँदैन ।

बद्रीलालालका अनुसार अढाइ सय वर्ष अघिदेखि नेपाली माटोमा भ्रष्टाचार घुस्दै आएको हो । यो महारोगलाई रोग भनेर पत्ता लगाउन नै कयौँ वर्ष लागेको थियो । त्यो भ्रष्टाचारलाई सबल बनाउँदै लग्नेमा देशका ठुलाठालु र शक्तिशालीहरू नै छन् । यसलाई मृतसञ्जीवनी बुटीले नछुने उपचाररहित बनाएर महामारीको रूपमा पनि तिनैले फैलाए । राज्य सत्ताले समस्या निवारण गर्न कहिल्यै पनि खोजेन । नियन्त्रण गर्न नचाहेरै नगरेका हुन् भन्ने कुराको साक्षी अहिलेको समयलाई देखाउँछन् बद्रीलाल ।

नयाँ नेपाल निर्माणको विषयमा राज्य सत्तामा पुग्ने जो कसैबाट

ठुलाठुला कुराहरू सुनिए पनि नौला नौला कल्पना सुनाए पनि भ्रष्टाचार नियन्त्रणको सवालमा न कसैले चुँइक्क बोले न झिँगा नै मारे । अनि के भ्रष्टाचार नियन्त्रणबिना नयाँ नेपालको निर्माण सम्भव छ ? तर भरत जङ्गम प्रयासरत छन् । यसका लागि आगोलाई छुने तागतले पुग्दैन, करेन्ट समाउने हिम्मत चाहिन्छ भन्ने बद्रीलाल यहाँ आगोमा हात हाल्ने नाउँमा हात सेक्नेको ठुलो जमात पनि देख्छन् ।

भ्रष्टाचार विरुद्ध सञ्चालित 'स्वतन्त्र विचार मञ्च' का अध्यक्ष भरत जङ्गम यो चुनौतीपूर्ण काममा हात हालेर राष्ट्रलाई फाइदा हुने केही कार्य गर्न सफल पनि भइसकेका छन् । एउटा ढोका बन्द भए अर्को ढोका खोल्न सक्ने ती भ्रष्टाचारीलाई त्यो सफलताको कुनै अर्थै रहेन भन्ने बद्रीलाल राज्य व्यवस्थाले नै भ्रष्टाचारीलाई यति सहज वातावरण तयार पारिदिएको छ कि नियन्त्रणलाई उत्तिकै असहज बनाएको छ ।

अर्को विचारमा यो मञ्चले आफ्ना दुई दशक पार गर्दा स्थायी उपलब्धि हासिल गरेको देखिँदैन । यस मञ्चले धेरै समर्थन जुटाएर अझ विशेष किसिमका बौद्धिक कसरत गर्नुपर्ने देखिन्छ । यस मञ्चले गरेका अनेकौँ प्रयासहरूमध्ये भ्रष्टाचार विरुद्धको विज्ञानलाई अध्ययन अध्यापन गराउने प्रयत्नमा निरन्तर गरिएको प्रयास सफल भएमा भ्रष्टाचार नियन्त्रणमा सहायक सिद्ध होला ।

त्रिभुवन विश्वविद्यालयका विभिन्न सङ्कायअर्न्तगतका विद्यार्थीहरू भ्रष्टाचार विरुद्धको विषयमा शोध तयार गर्न लागिरहेका, भ्रष्टाचार विरुद्धको विषयमा विद्यावारिधि गर्न आकर्षक भएको खबर पाएको, त्यो भरत जङ्गमको कुशल प्रयासको प्रतिफल हो । समयको सही मार्ग पनि हो । यो योजना दीर्घकालीन भए पनि सङ्केतले आशातीत सफलता उन्मुख भएको देखाउँछ । उनको कार्य यतिमा मात्र सीमित रहँदैन । उनको व्यक्तित्व र क्रियाकलापको बारेमा जति नै चर्चा गरे पनि साङ्गोपाङ्गो हुन सक्ला तर

पूर्णता कहिल्यै हुन सक्दैन ।

आफैमा एक संस्था हुन् भरत जङ्गम । उनलाई के हुन् के होइनन् भन्दा के होइनन् मात्र भन्नु नै उचित लाग्छ । भ्रष्टाचारविरोधी आन्दोलनका शीर्षनेता, साहित्यकार, पत्रकार, इतिहासकार, पुरातत्त्व अन्वेषक, संस्कृतिविद्, न्यायकर्मी, कानुनविद्, उच्च प्रशासक, धर्म संस्कृतिका मर्मज्ञ, कुशल अनुसन्धाता, समाजसेवी एवं उद्योग व्यवसायीका साथै चर्चित बहुप्रतिभा सम्मन्न व्यक्तित्वका धनी भरत जङ्गमलाई स्वचालित चल्दाफिर्दा संस्थाभैँ लाग्छ बद्रीलाललाई ।

भरत जङ्गम धार्मिक, सांस्कृतिक, पुरातात्त्विक क्षेत्रको खोज र अन्वेषणमा लागिरहनुमा उनी जुन ठाउँमा जन्मे हुर्के त्यो ठाउँ अनादिकालदेखि कला संस्कृतिको भण्डार रहँदै आउनु, जुन वंशमा जन्मे त्यो वंश सनातनी धार्मिक हुनुले त्यसको असर उनमा पर्नु नै थियो । त्यसैले उनी यसै उसै कसै कुनै विषयमा लागि टोपल्ने व्यक्ति बनेनन् । जहाँ त्रुटि देखियो त्यहाँ भरत जङ्गम भेटियो । यो उखान केवल भरत जङ्गमका लागि बनाउनुपर्छ ।

भरत जङ्गम पुरातात्त्विक सोधखोज र अनुसन्धानका क्षेत्रमा लाग्नुमा संस्कृत शिरोमणि हरिराम जोशीको 'खोपृङ' मा 'मठ' शीर्षकमा जङ्गमका पूर्वजहरूले निर्माण गरेको मठका बारेमा प्रकाशित लेख मुख्य थियो । जुन अद्यावधिक सञ्चालित छ । त्यो लेखको मतान्तरमा भरत जङ्गमले त्यही खोपृङमा आफ्नो खोजपूर्ण लेख प्रकाशन गर्छन् । त्यो लेखको प्रतिकारका रूपमा लेखिए पनि नेपालको ऐतिहासिक, पुरातात्त्विक एवं सांस्कृतिक क्षेत्रमा भरत जङ्गमको प्रवेश थियो त्यो । त्यो शुभ सङ्केत नै थियो । उनीजस्तो सशक्त अन्वेषक, अनुसन्धानकर्ता देशलाई खाँचो भइरहन्छ । यस्तोमा उनको प्रवेशले धन्य बनाएको छ ।

हाम्रो प्राचीनतासँग जोडिएका कुराहरूका विषयमा लेख्न सम्बन्धित स्थानको अध्ययन अवलोकन आवश्यक हुन्छ । त्यहाँ प्राप्त दस्ताबेज,

शिलालेख, जनश्रुति, भौगोलिक परिवेश र वर्तमानको वस्तुस्थितिमाथि आवश्यक चिन्तन गरी ऐतिहासिकता निरूपण गर्ने स्वभावका कारण उनका अनुसन्धानात्मक लेखहरू पाठकीय रुचिका विषय बनेका छन् । बद्रीलाल आग्रह गर्छन् भरत जङ्गम ! धार्मिक, सांस्कृतिक पुरातात्त्विक र ऐतिहासि विषयको अनुसन्धानमा दत्तचित्त भएर लागिरहनुहोस् ।' भरत जङ्गमको जन्तोत्सव मोती महोत्सवका रूपमा जनस्तरबाट सार्वजनिक रूपमा मनाउन लागिएको सुसमाचारले अन्य स्रष्टाहरूलाई समेत खुसी तुल्याएको छ । यो अवसरसम्म आइपुग्दा आफ्नो जीवनलाई पारिवारिक हिस्सा नबनाएर राष्ट्रको हितमा समर्पण गर्ने व्यक्तिहरूको सम्मानमा यो कार्य गर्ने परम्परा बसाल्नु स्वागतयोग्य कदम हो । यो अवसर हरेक स्रष्टाले पाउन् भन्दै मोती महोत्सव समारोह समितिलाई धन्यवाद दिँदै भरत जङ्गमलाई शुभकामना दिन्छन् बद्रीलाल ।

ती वानेश्वरको रक्षा
गर्नका निम्ति तत्पर
भई भरतनै आए
साथ भक्ति बराबर ॥२९॥

सहयोग सबै पाई
मन्दिरै स्थापना भयो
वाणगङ्गा थियो सानो
शिवको धामनै भयो ॥३०॥

–भरतांशु महाकाव्य पाँचौं गतिबाट

सार्वकालिक उपन्यास

भुवन ढुङ्गाना

सूर्य कालो हुँदैन तर भरत जङ्गमले नेपालमाथि उदाउने सूर्य कालो देखे । सूर्य उज्यालोको प्रतीक मानिन्छ तर भरत जङ्गमका लागि अन्धकारको प्रतीक भइदियो । अनि पाठकले पढ्न पायौँ एउटा सार्वकालिक उपन्यास ' कालो सूर्य' । यही रचनाबाट चर्चित छन् भरत जङ्गम । सधै चर्चित भइरहुन् भन्दै शुभकामना दिन्छिन् प्राध्यापक भुवन ढुङ्गाना ।

कालो सूर्य एघारभन्दा बढी भाषामा अनूदित हुनुको रहस्यमा उनको वैचारिक आदानप्रदान गर्ने स्वभाव पनि हुन सक्छ । तर यो नै प्रमुख कारण हो भनेर भन्न सक्दिनँ भन्ने भुवन ढुङ्गाना देश र समाजमा बढ्दै गएको विकृति र विसङ्गतिको दुरवस्थाका बारेमा तिखो प्रहार गर्ने उनको संवेदनशीलतामा फूलको वासना, सुगन्ध र मायाप्रेम बोल्दैन मानव समस्या मात्र बोलेको भन्छिन् भुवन ढुङ्गाना ।

भरत जङ्गमको पचास-प्रसङ्ग पढेकी भुवन ढुङ्गानाका विचारमा उनी आत्मपरक लेखक होइनन्, सुधारवादी चिन्तक र समाज सुधारक हुन्, यसैले परिवर्तनमा लक्षित छन् । कलमको सहारामा कहिले भ्रष्टाचार विरुद्ध खनिन्छन् । कहिले रचनाबाट राष्ट्रका घटना र उथलपुथलका बारेमा जनतालाई सजग गराउँछन् । उनको उपलब्धि भनेको जमेको पानीमा तरङ्ग निकाल्नु हो । तरङ्ग निकाल्न कहिले अदालत पुग्छन्, कहिले सडकमा, कहिले उपन्यासकारका रूपमा, कहिले स्तम्भकारका रूपमा, कहिले वैचारिक छलफल र बहसमा सक्रिय भइरहन्छन् ।

समाजलाई यसरी नै घचघच्याउने भरत जङ्गमको कालो सूर्य अहिले पनि त्यति नै पठनीय छ, मानवीय छ जति २०३६ सालमा थियो । त्यसैले

यो सार्वकालिक उपन्यास हो ।

तीन दशकमा पनि हाम्रो मानसिकता, विचार र सामाजिक अवस्थामा परिवर्तन नआउनुमा कर्मचारीको अर्थोपार्जन गर्ने मनस्थिति, भ्रष्टाचार, विदेशी व्यापारीहरूका कारण आएको आर्थिक असमानता र राज्यका अङ्गहरूको दुरवस्था हो । यिनमा परिवर्तन नआएसम्म सूर्य अँध्यारोको प्रतीक बनिरहने छ । हाम्रो नियति बनिरहने छ ।

आइतबारदेखि शनिबारसम्म केही फेरिने छैनन् । फेरिने छ समय, स्थान र पात्र । यही सन्दर्भलाई समेटेर सार्वकालिक भनेकी भुवन भरत जङ्गमजस्ता जागरुक लेखक बढ्दै गए समाजमा परिवर्तन हुने छ भन्नेमा विश्वस्त छिन् । यिनै भरत जङ्गमका कृतिका बारेमा निस्कने ग्रन्थले उनलाई अझ सुधारवादी लेखक र चिन्तकका रूपमा स्थापित गरोस् भन्दै उनको उत्तरोत्तर सफलताको कामना गर्दछिन् ।

भ्रष्टाचार गरेर मानव जुनी कालो न पारौँ अब,
तिम्रा कारण देशको पतन भो भोग्यौं अनेकौँ दुःख ।
भ्रष्टाचार अकाल मृत्यु पथ हो बिग्रिन्छ जन्मान्तर,
आजैबाट समात मार्ग सजिलो सत्मार्ग जाने घर ॥१००॥

को हौ के हौ कहाँ छौ किनकिन धरणी माँझ ओर्लेर आयौं ?
आयौ के मा रमायौ निशिदिन रसिला गीतगाथा सुनायौ ।
देख्दैछौ रम्यताका नवनव सपना बन्दछौ विश्वजेता,
हुन्छौ सन्तोष के ले भन मन मनमा बन्न खोज्छौ प्रणेता ॥१०१॥

–भरत महाकाव्य

अनुभव एवं अभ्यासका अभेद्य पहाड

मनुजबाबु मिश्र

भरत जङ्गमको चिन्तन, अध्ययन, अभ्यास अनि वर्तमानका अन्तर कुन्तरका दूरवस्थालाई खोतल्न सक्ने यथार्थवादी दृष्टि एवं विषयवस्तुको संरचनात्मक सहज अभिव्यक्तिबाट प्रभावित मनुजबाबु मिश्र उनका अनुभव र अभ्यासका अभेद्य पहाडको अगाडि आफूलाई निर्जन पहाडी कन्दराको वनमान्छे बताउँदै भन्छन्, 'न मसँग पहाडको गहिराइको ज्ञान छ न त्यसको उचाइको विस्तृतताको ।'

आफू रङका रेखामा लटपटिने मान्छे, भरत जङ्गमजस्ता बहुआयामिक व्यक्तिका विषयमा उनको अभिनन्दन ग्रन्थमा आफ्ना शब्द, सद्भाव व्यक्त गर्ने कुरा त्यति सजिलो छैन भन्ने मनुजबाबुलाई कालो सूर्यको गहिरो प्रभाव रहेछ । गद्य साहित्यका महारथी बी.पी कोइरालले कालो सूर्यका बारेमा आफ्ना हस्ताक्षरले लेखेर दिएको शुभ सन्देश पढेकालाई लाग्छ त्यसको लाकप्रियता राष्ट्रको क्षितिज नाघेर अन्तर्राष्ट्रिय स्तरमा फैलिएको छ । त्यसैले ११ भन्दा बढी अन्तर्राष्ट्रिय भाषामा अनूदित छ ।

त्यसपछि प्रकाशित व्यूहचक्र, रातो घाम, भ्रष्टाचार : वैचारिक आन्दोलन, भरत जङ्गम : विचार र दृष्टिकोण उत्तिकै लोकप्रिय छन् । आफू साहित्यिक कलामा अनभिज्ञ भएकाले भरत जङ्गमका कृतिहरूले पारेको प्रभाव शब्दमा वर्णन गर्न नसके पनि उनका औपन्यासिक व्याख्यात्मक एवं याथार्थवादी शैलीका ग्रन्थ भने बुझेर पढ्छन् मनुजबाबु । उनका विचारमा चाकडीमुखी संस्कार, मनपरीतन्त्र प्रशासन र भ्रष्टाचारजस्ता कीटाणुहरूले नेपालीलाई ग्रस्त पारेका छन् । भरत जङ्गमले मूल रूपमा यिनै विकृति-विरुपित कुसंस्कारलाई केलाउनु केलाए पनि उनको अध्ययन क्षेत्र ज्यादै

विस्तृत छ ।

साहित्यदेखि पत्रकारिता र राजनीतिसम्म, संस्कृतिदेखि पुरातत्त्वसम्म, समाजसेवादेखि प्रशासनसम्मका, विविध विषयमा हासिल गरेको विज्ञताले विषयको गहिराइमा पुगेर औपन्यासिक रङरेखामा गरेको विश्लेषणात्मक व्याख्याले भरत जङ्गमका कृतिहरू पठनीय, चिन्तनीय र ज्ञानवर्धक बनेका छन् ।

अन्त्यमा मनोजबाबु भरत जङ्गमका कृतिहरूका बारेमा आफूमा विवेचनात्मक टिप्पणी क्षमता नरहे पनि भरत जङ्गमको उत्कृष्ट उपलब्धिका लागि हार्दिक बधाई दिँदै आगामी कृतिका लागि शुभकामना दिन्छन् ।

भरत जंगम नामक काव्य यो,
अधरमा रसना मधुसिक्त हो ।
नमन साथ समापन गर्दछु,
कलुष आज निवेदन गर्दछु ॥९६॥

रहर यो मनमा कति पो थियो,
सरस्वती करुणा यति नै भयो ।
अब भने जननी पदमा परें,
कुसुम अर्पण गर्छु दया गरे ॥९७॥

भरतजंगम नामक नायक,
प्रकृतिका गुणमा सुख चुम्दछ ।
ऋतु विषे यसरी अघि बढ्दछ,
बदनमा मनमोहन चढ्दछ ॥६८॥

–भरत महाकाव्य

साहित्यमा नौलो कीर्तिमान

राष्ट्रकवि माधवप्रसाद घिमिरे

भ्रष्टाचार उन्मूलन, गरिब निमुखाको उत्थानका लागि सक्रिय रहेर देश र समाजका लागि अनुकरणीय कार्य गर्दै आएका प्रशंसायोग्य, जिउँदो जाग्दो व्यक्तित्व भरत जङ्गमको ६० औँ वर्ष समारोहका साथ मनाउन लागिएको समाचार सुनेर खुसी भएका राष्ट्रकवि माधव घिमिरे भन्छन्, 'आफ्ना मौलिक सिर्जनद्वारा आफ्नै प्रकारको अस्तित्व कायम गरेका भरत जङ्गमको २०३६ सालमा भएको उदयले भ्रष्टाचारीलाई हल्लीखल्ली नै मच्चाइदियो । भरत जङ्गमको दोस्रो उपन्यास 'व्यूहचक्र'ले देशको राजनीतिक, प्रशासनिक भ्रष्टाचारका विषयवस्तुहरूले साहित्यिक पाठकहरूको मन आन्दोलित बनाइदियो । एकै पटकमा तीन भाषामा अनूदित भएर 'रातोघाम'ले नेपाली साहित्यको परिचयलाई ह्वात्तै बढाइदियो । उनका यी तीनै उपन्यास नेपाली साहित्यमा प्रशंसायोग्य छन् ।'

उनका साहित्येतर कृतिहरूमध्ये पचास-प्रसङ्ग राष्ट्रवादी भावनाले ओतप्रोत विचारहरूको सङ्ग्रह हो । 'भ्रष्टाचार : वैचारिक आन्दोलन' भ्रष्टाचारलाई उन्मूलन गर्नुपर्ने विचारहरूको प्रबन्ध सङ्ग्रह हो । जुन मननीय पठनीय अनि भ्रष्टाचार विरोधी आन्दोलनका लागि उत्साहप्रद छ ।

साहित्येतर कृतिबाट मात्र नभएर साहित्यिक कृतिबाट पनि भ्रष्टाचारको विरोध गर्ने प्रतिभावान् व्यक्ति विचारबाट लाभान्वित होउन् भन्ने उद्देश्यले हरि मञ्जुश्रीको सम्पादनमा भरत जङ्गम : विचार र दृष्टिकोण प्रकाशित भएको छ । त्यसबाट उनका बारेमा राम्रो जानकारी मिल्ने छ भन्ने विश्वास राख्छन् राष्ट्रकवि ।

मोती महोत्सवका अवसरमा प्रकाशन हुन लागेको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दन ग्रन्थको समाचारले राष्ट्रकवि निकै हर्षित छन् । चिन्तनशील सतत सिर्जनारत उपन्यासकारप्रति सुस्वास्थ्य र दीर्घजीवनको शुभकामना दिन्छन् ।

प्रेम र सद्भावनाखातिर समर्पित व्यक्तित्व

डा. माधव भट्टराई

तिथिमिति ठ्याक्क थाहा छैन, झन्डै दुई दशकदेखि भरत जङ्गमलाई चिन्दछु भन्छन् डा. माधव भट्टराई । उनको राष्ट्रवादिता, धर्म, संस्कृतिप्रतिको आस्था, भ्रष्टाचार विरोधी अभियान अनि उनको जागरुक व्यक्तित्वसँग पनि परिचित छन् भट्टराई ।

उनको ६० औँ जन्मोत्सवको अवसरमा प्रकाशन हुन लागेको व्यक्तित्वपरक ग्रन्थका लागि केही लेखिदिन श्री हरि मञ्जुश्रीको आग्रहमा लेख्ने जमर्को गर्दा चालिसको दशकदेखि सामाजिक जिम्मेवारी बोध गर्दै आएका, राष्ट्रप्रति सजगता अबलम्बन गर्ने हैसियतमा क्रियाशील रहने, राष्ट्रियताको सबालमा खरो रूपमा उत्रने प्रस्टवादिताजस्ता उनका गुण सम्झना गर्न पुग्छन् डा.माधव भट्टराई ।

भरत जङ्गमको व्यक्तित्वमा उनका पिता गोविन्दहरि जङ्गमको हक्की स्वभाव सरेको बताउँछन् । भक्तपुर जिल्लाकै विविध गतिविधिमा उनको संलग्नता रहन्थ्यो । बाबुको प्रेरणाबाट अति प्रभावित भरत जङ्गम विभिन्न सन्दर्भ र प्रसङ्गमा आफ्नो स्वभाव शब्दका भावमा प्रस्तुत गर्ने गर्छन् ।

व्याप्त भ्रष्टाचारलाई उदाङ्गो पार्न सक्रिय भरत जङ्गमका स्पष्टवादी प्रवृत्तिको जति आलोचना गरे पनि उनले आफ्नो अभियानलाई शिथिल हुन दिएका छैनन् । आजकल राष्ट्रका पक्षमा बोल्ने, न्यायको पक्षमा बोल्ने मान्छे दुर्लभ छन् । जसले गर्दा राष्ट्रलाई कमजोर बनाएको छ । सभ्यता, संस्कृति धरमराएको छ । कानुन, नियम, शिक्षा र आचरणमा धर्मलाई पन्छाइएको छ । परम्पराको विनाश भइरहेको छ ।

यस्तो अवस्थामा राष्ट्रको गरिमा बढाउने, परम्पराको संरक्षण गर्ने, कुरीति निवारण गर्ने सच्चा नेपाली संस्कृतिको जर्गेना गर्ने भावनालाई प्रश्रय

दिने नागरिकको खाँचो छ। जुन खाँचो पूरा गर्न लागि परेका भरत जङ्गमसँग आफ्नो भावनात्मक सम्बन्ध र सामीप्यमा रहेको बताउने डा. माधव भट्टराई विभिन्न पाटाको अनुभव सँगालेका भरत जङ्गमका साहित्यिक रचना, 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम', जस्ता उपन्यासले उनको रचनाधर्मितालाई उज्ज्वल पारेका छन् भने पचास-प्रसङ्ग, भ्रष्टाचार : वैचारिक आन्दोलनजस्ता प्रबन्ध सङ्ग्रहले राष्ट्रलाई अमूल्य योगदान गर्दै आएको बताउँछन् ।

माधव भट्टराई भरत जङ्गमलाई उनको ६०औँ जन्मोत्सवको अवसरमा गतिशील जीवनको निरन्तरताको कामना 'त्वं जीव शरदां शतम्' को शुभकामना दिन्छन् ।

भोको नाङ्गो दीन दुःखी छ देश,
सोझा साझा गाउँ सादा छ वेश ।
बोल्दा मीठो स्वाद छाँटेर बोल्छन्,
गाड्छन् ज्यूँदै अग्नि बालेर पोल्छन् ॥१२॥

संसारैमा लिङ्क आफ्नो बनाए,
खोला नाला देश बेचेर खाए ।
देशैँ हाम्रो नाट्यशाला बनाए,
देशैँ खाए दास देशै बनाए ॥१३॥

बेचे हाम्रो धर्म संस्कार सारा,
बेचे हाम्रो संस्कृति भाइचारा ।
आ–आफैमा युद्ध पारे लडाए,
हाम्रा सारा कार्यशक्ति भगाए ॥१४॥

–भरत महाकाव्यबाट

सार्थकताको खोजीमा

मोहन दुवाल

'स्वच्छ, इमानदार, विश्वासयोग्य व्यक्तिहरूको बाहुल्य भएको प्रकाशमय मेरो नेपाली समाजमा एकाएक झुठ, बेइमानी र अनैतिकता सल्बलाउन थाल्यो । अनि स्वार्थी एवं अवसरवादीहरूको बोलाबाला चल्न थालेपछि बिस्तारै नेपाल समाजलाई घेराबन्दी ठोक्न थाल्यो । हो, यस्तै नेपाली समाज र त्यसको उतार चढावको अनुभवका धरातलमा उभिएर कालो सूर्य जन्मेको हो ।' कालो सूर्यका बारेका भरत जङ्गमका विचार हुन् यी ।

भरत जङ्गमका यी विचारहरूमा मनले मार्मिकता बोक्छ, मार्मिकताले साहित्य । राष्ट्रप्रतिका मार्मिकता र संवेदनशीलताका कारण प्रसिद्ध उपन्यास 'कालो सूर्य' जन्म्यो । जुन अन्तर्राष्ट्रिय भाषाहरूमा डुलिरहेको छ । बेथिति र भ्रष्टाचार विरुद्ध आफ्नै ढङ्गबाट कार्य सुरु गरेका उनी बेलाबेलामा विवादमा तानिने गरेका छन् । विचार र व्यवहारको तालमेल मिलाउने कार्य बडो कठिन हो । यस्तो तालमेलको कुरा उठाएर केहीले औंला ठड्याइरहेको पनि पाउँछन् दुलाल ।

प्रत्यक्ष अप्रत्यक्ष रूपमा आफूलाई व्याप्त तुल्याउन सङ्घर्षरत रहिरहने कालो सूर्यका लेखकको नाम धेरै पहिलादेखि सुन्दै आएका हुन्छन् मोहन दुलाल । ती लेखक भ्रष्टाचारको चिरफार गर्न बढी रुचाए पनि समाजिक अवस्थाको पनि चिरफार गरिरहेका हुन्छन् । उनमा तर्क पनि छन् जीवन दर्शन पनि छ । तर रातो घाममा चीनको चिरफार गर्न किन रुचाए ? उनले यस कृतिमा चीनको अवस्थाको गहिरो चिरफार गरेका छन् । 'भ्रष्टाचार : वैचारिक आन्दोलन' लेख्न जाँगर चलाएको आफूलाई चिनाउन हो भन्ने मोहन दुलाल प्रजातन्त्रको वकालत गर्न सिपालु भरत जङ्गम साहित्यमा आफ्नोपन छाड्न सफल उनका अनगिन्ती यात्रा देख्छन् ।

भरत जङ्गमसँग 'जनमत' को यात्रामा सँगै हिडेका मोहनले उनको

'कालो सूर्य'मा देखेजस्तो देशमा कालो सूर्य व्याप्त भएको झलझली हेरिरहेका दुलाललाई कालो सूर्यको छाया देख्दा लाग्छ यो छाया नखुलुन्जेल नेपाली परिवेश उज्यालिँदैन ।

धेरै पटक कालो सूर्य पढेका मोहनलाई यो कृति कहिल्यै पुरानो लाग्दैन । उनका विचारमा 'जीवन बाँच्नुको नाउँ हो । बाँच्नुको सार्थकता खोज्नु चेतनशील मान्छेको कर्म हो । सार्थकता केमा व्याप्त हुन्छ, त्यसैको खोजीमा लागेका छन् भरत जङ्गम ।'

यसरी कालो सूर्यमा व्याप्त भएका भावनाहरूभैँ प्रकाश खोज्ने कार्यमा भरत जङ्गम निरन्तर लागिरहुन् शुभयात्राको शुभकामना भन्छन् मोहन दुलाल ।

बगेको छ धारा भिजेको छ सारा,
उडेको छ आकाशका चन्द्र तारा ।
रहेसम्म लेखूँ भएसम्म लेखूँ,
चिदाकाशको भास तन्मात्र देखुँ ॥५॥

बगेको छ धारा प्रधारा सितारा,
नथाकी अहोरात्र बर्सेर धारा ।
कता जान्छ के हुन्छ जान्दैन मेघ,
छ कर्तव्य सम्भाव्य मेरो विशेष ॥६॥

मनोस्वाद संवाद आफै गरेर,
म चाख्दैछु राख्दैछु भित्रै भरेर ।
अहोभाग्य व्यक्तित्व नेपालतारा,
उर्घादैछु है व्योमको दीप्त तारा ।७॥

–भरत महाकाव्यबाट

साहित्यका बहुमूल्य निधि

डा. मोहन हिमांशु थापा

'वाणी प्रकाशन' ले भरत जङ्गम र राममान तृषितलाई सम्मान गर्न विराटनगरमा आयोजना गरेको कार्यक्रममा भरत जङ्गमको साहित्यिक विषयमा विशद् चर्चा गरेका डा. मेहन हिमांशुको निष्कर्ष थियो 'भरत जङ्गम साहित्यिक क्षेत्रका अमूल्य निधि हुन् । यसमा कसैले विवाद गर्न सक्दैन ।

नेपालले अन्तर्राष्ट्रिय स्तरका लेखक नजन्माएको होइन, तिनका सिर्जनाहरू पनि अन्तर्राष्ट्रिय स्तरमा दाँजिन सक्छन् । यदि उनीहरूका सिर्जनाहरू अन्तर्राष्ट्रिय भाषामा अनुवाद हुने हो भने । त्यो सौभाग्य नेपाली स्रष्टामध्ये केवल भरत जङ्गमले प्राप्त गरेका छन् । उनका उपन्यासमा विश्वका मानवले भोग्नुपरेका विकृति, विसङ्गतिलाई नेपाली पृष्ठभूमिका आधारमा औपन्यासिक रूप दिइएको छ । कालो सूर्य उपन्यास एक दर्जनभन्दा बढी भाषामा अनूदित भएको छ । त्यसैले उनी सबल नेपाली उपन्यासकार मात्र हैनन् त अन्तर्राष्ट्रिय स्तरमा स्थापित नेपाली उपन्यासकार हुन् ।

डा. मोहन हिमांशुका विचारमा यदि भरत जङ्गमका विषयमा गम्भीरतापूर्वक अवधारणा पत्र तयार पार्ने हो भने थोरै अध्ययन र समयले पुग्दैन । तीसको दशकदेखि पचासको प्रारम्भसम्म उनी स्रष्टा नै रहे । उनको उर्वरकाल उपन्यासको बन्यो । जुन उपन्यासहरू क्षेत्रीय भाषीलगायत प्रमुख विश्वभाषीमाझ पुगिसकेका छन् । यो नेपाली साहित्यको महत्त्वपूर्ण प्राप्ति पनि हो । यस्ता प्रतिभाशाली साहित्यकारको जन्मोत्सव मोती महोत्सवका रूपमा जनस्तरबाट सार्वजनिक रूपमा मनाउन लागिएको सुन्दा हर्षित बन्ने डा. मोहन भन्छन्, 'साहित्यकारलाई जीवितावस्थामा यसरी विशेष सम्मान हुँदा उनीहरूको योगदानको कदर भएको अनुभूति गर्न पाउँछन्, यसबाट अरूले पनि फाइदा र हौसला लिन सक्छन् ।'

साहित्यकारको जनस्तरबाट जन्मोत्सव मनाउन प्रारम्भ गर्ने क्रममा भरत जङ्गमलाई पहिलो भाग्यमानी स्रष्टा मान्ने डा. मोहन हिमांशु यो परम्पराको थालनी भएकामा भरत जङ्गमलाई धन्यवाद एवं बधाई दिन्छन् ।

सर्वोपरि स्रष्टा

रवीन्द्र चक्रवर्ती

साहित्य र राजनीतिका युगपुरुष बी.पी कोइराला अनि शताब्दीअघिका लियोनार्दो दा भिन्ची यी महापुरुषहरू क्रान्तिदर्शी लेख र साहित्यको शिल्पद्वारा क्रान्ति आह्वान गर्छन् । आफ्ना विचारोत्तेजक सिद्धान्तबाट प्रगल्भता भावभूमि निर्माण गर्छन् । त्यही मार्गमा भरत जङ्गम चलेको देख्दा साधुवाद दिन्छन् रवीन्द्र चक्रवर्ती ।

शब्द ब्रह्मको शाश्वत् प्रकृति युगलाई निर्देशन गर्न अविनाशी अक्षरको यात्रा एउटा अभीष्टतर्फ डोरिएको हुन्छ । त्यसले युगीन साहित्यको निर्माणमा प्राञ्जल भावशैलीलाई ज्यामितीय रूपबाट प्रमाणित र लेखनको प्रयोजन गर्छ । युगीन साहित्य अस्तित्वमा ल्याउन लेखक नै तपोनिष्ट र प्रयोजन तपोशुद्ध हुनुपर्छ भन्ने रवीन्द्र उदाहरणमा नित्यनूतन रामायण महाभारत देखाउँछन् । गीता र मार्क्स हेगेलको शाश्वत् दर्शन देखाउँछन् । गोर्कीको 'मदर' र देवकोटाको लक्ष्मी निबन्ध सङ्ग्रह वैचारिक क्रान्तिका नमुना देखाउँछन् ।

भरत जङ्गम शब्दशिल्पी हुन्, स्रष्टा हुन् । पञ्चायती कालमा प्रकाशित कालो सूर्यले रवीन्द्रको मन आन्दोलित गरायो । भरत जङ्गम चिन्तक, विवेकशील विचारक, दार्शनिक र सिद्धहस्त लेखक हुन् । उनको साहित्य युगीन हो भन्ने विचार व्यक्त गर्दा समर्थन मिलेको हो भन्ने साक्षी नकुल काजीलाई देखाउँछन् । हो, साँच्चै कालो सूर्य पञ्चायती कालको युगीन साहित्य हो । यसले पञ्चायती शासनका विकृति विसङ्गतिको पर्दाफास गरेको छ ।

उनका विचारमा कालो सूर्यमा विचार र दर्शनको ऊर्जात्वरित् प्रवाह बगेको छ । स्थिरप्रज्ञा लेखकका नेपाली साहित्य जगत्का बहुचर्चित, बहुप्रशंसित व्यूहचक्र र रातो घाम शालिन आवदान हुन् ।

पूर्वीय गोलार्द्धको वैदिक वाङ्मयले जसरी आङ्गिक साम्यवादको वीजाङ्कुर गरे...जसरी मार्क्स र हेगेलले साम्यवादको स्वरूपप्रति ओजपूर्ण चिन्तन व्यक्त गरे तर त्यसपछिका साम्यवादीहरूले त्यसको नीति र कार्यक्रमलाई व्यवहारसँग बेमेल गराउँदा भरत जङ्गमको कटाक्ष पोखिँदै रातो घाम जन्म्यो ।

अन्त्यमा उनलाई प्रस्ट प्रेरणाको उर्वर भूमिमा सफलताले पछ्याइरहोस् भनी शुभ र मङ्गल कामना गर्ने रवीन्द्र चक्रवर्ती प्रशासन र राजनीतिमा नैतिक चेत अवमूल्यन हुँदै गएको सङ्कटको युगमा भरत जङ्गमको स्वच्छ छविबाट भ्रष्टाचार र भ्रष्टाचारी हतोत्साही हुन्छन् । प्रजातन्त्रका अवयव स्वतः परिचालित हुन्छन् । नीति नियम प्राणवन्त हुन्छन् । जुन उनका एक व्यक्ति अनेक रूपमा झल्कन्छन् ।

नेपाली राजनीतिमा विचार र विवेकवान् नीतिज्ञ, नीति निर्माता, इमानदार कुशल प्रकाशकको रूपमा सर्वोपरि सव्यसाचीका रूपमा भरत जङ्गमको खाँचो भइरहने देख्छन् रवीन्द्र ।

राष्ट्रवादी चिन्तकलाई नमस्कार

राजेश्वर देवकोटा

भरत जङ्गमको चरित्र अनि व्यक्तित्वका क्षेत्रहरूको मूलमा राष्ट्रवादी चिन्तन र चरित्र छ। त्यही चिन्तन र चरित्रमा आफ्नो मौलिकता बचाइराख्ने उनको कालजयी कार्यलाई नमस्कार गर्छन् वरिष्ठ राजनीतिज्ञ राजेश्वर देवकोटा ।

जब राष्ट्रका अङ्गहरू बाध्यशक्तिको नियन्त्रणमा हुन्छन्, तब राष्ट्रिय चिन्तनमा निर्भीकताका साथ कर्तव्यपथमा हिँड्नेको सङ्ख्या न्यून हुन्छ । मौलिकता, चिनारी, परम्परा र व्यवहार नै हाम्रा पहिचानका आधार हुन् । तिनको अभावमा राष्ट्र मौलाउन सक्तैन । राष्ट्रिय अस्मिता राष्ट्रवासीको परम्परासँग गाँसिएको हुन्छ। त्यसैले राष्ट्रवाद र राष्ट्रिय अस्मिता राष्ट्रका प्राण बनेका हुन्छन् ।

यी मतहरू राख्ने राजेश्वर देवकोटा मौलिकताबिनाको राष्ट्रवाद प्राणबिनाको शरीरजस्तै हो भन्छन् । मौलिक परम्परालाई चिनारीका रूपमा राखिरहन चाहने चिन्तनशील भरत जङ्गमसँग राजेश्वर देवकोटाको परिचय पुरानै हो । घरको वातावरण देखेका उनलाई भरत जङ्गम प्रकृतिप्रेमी लाग्छन् । प्रकृतिलाई माया नगर्नेले कसैलाई पनि माया गर्दैन । प्रकृतिलाई माया गर्ने यिनै भरत जङ्गम आफ्नो राष्ट्रवादी चिन्तन प्रस्ट राख्न रुचाउँछन् । त्यसैले उनी बेलाबेलामा विवादमा आइरहन्छन् ।

राष्ट्रको हितका लागि सधै चिन्तनरत रहने व्यक्तिले मात्र भ्रष्टाचारको विरोध गरिरहन सक्छ । राष्ट्र विरुद्ध कतै केही हुन लाग्यो भने एक्लै पनि खबरदारी गरिरहन्छ। नैतिक बलका आधारमा गरिएको त्यो खबरदारीले ती अनैतिकहरूलाई कायल तुल्याउँछ । राष्ट्र विरुद्धका कामकारबाहीको विरोध र प्रतिवाद राष्ट्रप्रतिको चिन्तनको द्योतक हो ।

भरत जङ्गम पनि साहित्य, पत्रकारिता, भ्रष्टाचार विरोधी आन्दोलन आदि क्षेत्रबाट राष्ट्रहित विरोधी यावत् गतिविधिको खबरदारी गरिरहन्छन् । उनको यो काम नै प्रखर राष्ट्रवादी चरित्र हो जसले उनी स्वयम्लाई कालजयी बनाउँछ ।

समय नहुँदै उदाएको सूर्य

राधा शर्मा

उज्यालो छ व्यक्तित्व, उज्यालो व्यक्तित्व नदेख्ने । सक्रिय छ ऊ, त्यो सक्रियता नबुझ्ने । उच्च व्यक्तित्वको कदर नगर्ने, योगदानको उचित मूल्याङ्कन नगर्ने देशमा समय नहुँदै उदाए श्रीकृष्ण हैन भरत भन्ने लाग्छ राधालाई । कालो सूर्य लेख्ने भरतलाई उज्यालो सूर्य देख्छिन् राधा शर्मा ।

नेपालको परिवेश हेर्दा शङ्का लाग्छ राधालाई । उनी समयअघि जन्मेका हुन् कि नेपालको समय नै पछाडि परेको हो ? अनि लाग्छ उनलाई देशले नै उनको उपयोगिता बुझेन । भावना बुझेन, समयको गतिसँगै हिँड्न जानेन तर धेरै वर्ष अघिदेखि भरतलाई नचिनेकी राधाले उनको क्षमता, राष्ट्रप्रेम, त्याग, इमानदारी, सत्यता अनि समाजसेवी भावना कति छ भन्ने अहिले बुझेकी छन् ।

उनको श्रम, सिप, विवेक, कर्तव्यपरायणता, लगनशीलता र राष्ट्रभक्तिपूर्ण हृदयलाई चिनेको भए, देशले उपयोग गर्न सकेको भए देशको यो अवस्था फेरिएको हुन्थ्यो भन्ने तर्क राख्ने राधा राष्ट्र, राष्ट्रियता, राष्ट्रवाद र राष्ट्रवासीको कल्याणको लागि निरन्तर झकझक्याइरहने भरतको अनुकरण गरेर देश हिँड्न नसकेको महसुस गर्छिन् । सकेको भए स्वर्ग खोज्न कतै धाउन पर्ने थिएन भन्छिन् उनी ।

भरत जङ्गमलाई चिनेदेखि आजसम्म उत्तिकै सक्रिय देखेकी राधालाई जङ्गम प्रेरणादायी व्यक्तित्व लाग्छन् । कर्तव्य केही नगरी अधिकार मात्र खोज्ने नेपालीको बानी विपरीत जङ्गम निष्काम भाव र निष्काम रमाएको देख्छिन् राधा । आफू गतिमान् भएर पनि अधोगतिमान् बनेर उनका उत्साह, आशा र प्रेरणा बनेका छन् । तिनैले उनमा ऊर्जा थपिरहेका छन् । त्यही

ऊर्जा राष्ट्रको सर्वपक्षीय भलाइ गर्न क्रियाशील बनेको छ ।

भिल्लका देशमा मणी मिल्किएझैँ मिल्किएका भरत जङ्गमलाई देख्दा चिन्ता जताउने राधा उनका गुण र विशेषताको सूक्ष्म अध्ययन गर्न सक्यो भने उनमा राष्ट्र मात्र हैन विश्वलाई नै नेतृत्व दिन सक्ने क्षमता देख्छिन् । देशले चिन्नै सकेन र पो चिन्न सकेको भए झलझलाकार प्रकाश दिने थिए देशलाई । देशमा विश्वलाई मार्गदर्शन गर्न सक्ने अद्भुत क्षमतावान् व्यक्तिहरू जन्मे तर तिनको इतिहास लेख्न कोसिस गरिएन । जसको कोसिस गरियो तिनीहरूको इतिहास बङ्ग्याइयो ।

आफ्नो पक्षमा प्रयोग गरेपछि रछ्यानमा फ्याकिने संस्कारले देशका बुद्धिजीवीहरूलाई गाँजेको छ । आफ्नो शक्तिको वरिपरि घुमाइरहने, स्वतन्त्र रूपले राष्ट्रका लागि काम गर्न नदिने वातावरण सिर्जना गरिएको छ । यसको स्वयं उदारण बनेका भरत जङ्गमलाई उनको मोती महोत्सवको उपलक्ष्यमा शुभकामना दिँदै राधा भन्छिन्, 'तिम्रो सर्वत्र विजय होस् ।'

गहना कपडा आदि दुवैतर्फ सजाइयो,
नरसिङ्गो सनाई र पञ्चैबाजा बजाइयो ॥७१॥

जन्ति लस्कर लामो छ शिर पुग्दैछ कोषमा,
नाचेका छन् रमेका छन् अनेक ताल भेषमा ॥७२॥

दुलहा सजिएको छ क्या राम्रो परिवेश छ,
बस्त्राभरण श्रृंगार महेश शेष ईश छ ॥७३॥

–भरत महाकाव्य

मित्रलाई ठाडठाडै

रामकुमार पाँडे

हास्यव्यङ्गकार प्रा. रामकुमार पाण्डेलाई भरत जङ्गम मोती महोत्सवमा भरत जङ्गमका बारेमा केही लेखिदिन आग्रह आउँछ । टार्न सक्तैनन् । के लेखौं के लेखौं भनेको मनले उनलाई नै चिठी लेख्ने निर्णयमा पुऱ्याउँछ ।

मित्र भरत जङ्गमजी ! सम्बोधन गर्दै लेख्छन् उनैको पुरुषार्थका कारण उनीसँग परिचय भएको प्रसङ्ग उठाउँछन् । बिस्तारै त्यो परिचय आत्मीय बन्यो । केही भाव मिल्यो । आत्मा जोडिएजस्तै भयो । बानीव्यहोरा त्यति थाहा नभए पनि उनका सिर्जनाहरू भने मनपर्न थाले । भरत जङ्गमको सदा हँसमुख रहने चेहराको प्रसन्नताको उज्यालोको झिल्का मात्र पर्दा आफ्नो चित्त झल्केको लाग्छ पाण्डेलाई । त्यो उज्यालो उनैको बाहिरी आकर्षणको थियो जुन कालो सूर्यले दिएको थियो ।

चिठीमा अगाडि लेख्छन् रामकुमार, 'यहाँ काम गर्ने पाखा लाग्छन् । जो चम्किन्छन् तिनलाई योग्यता चाहिँदैन । भरतजीको योग्यता बढी भयो नत्र यो देश उज्यालो भैसकेको हुने थियो भन्ने रामकुमारलाई यो समयको अद्भुतपन देख्दा लाग्छ हामी धन्न बाँचिरहेका छौं । जुन समयमा बुद्धि विवेक र संवेदना हराएको छ ।'

रामकुमार भन्छन्, लेख्नोस्, लेख्नोस् भरतजी भविष्यका लागि खुब लेख्नोस् । विद्रोह लेख्नोस् विकृति विरुद्ध लेख्नोस् । तपाईंको सुन्दर समाज बनाउने सपना साकार होस् । सभ्यताका उच्चतम मान्यता बचाउँदै सुन्दर भविष्य अनि आदर्श समाजको सपना पनि साकार बनोस् ।

आफू व्यङ्ग्यकार भएर पनि होला कालो सूर्य व्यङ्ग्यात्मक छ भन्छन् । सचेतना जगाउन यथार्थलाई उभ्याएको देख्छन् । अब त्यसभन्दा माथि उठेर

भ्रष्टाचारका विरुद्ध क्रान्तिको गीत गाउने कि ? यदि गाइएन भने घोडाले झैँ पट्टी बाँधेकाहरूले विकृति बढाउने छन् । प्रजातन्त्र र अग्रगमनका नाउँमा क्रान्तिलाई पेवा बनाएर दुरूपयोग गर्ने छन् । किनकि तिमी सही लेखक हौ । सही लेखकले क्रान्तिको दुरूपयोग गर्दैनन् । विश्वका लागि शाश्वत् चिन्तन, साझा सुन्दर सोच नै क्रान्ति हो । त्यसैले शाश्वत् चिन्तन र चेतनाका उपन्यासहरू लेख ।

तिम्रो तेस्रो आँखा खुलेको छ । जे लेख्छौ मानवताको लागि लेख । सुन्दर भविष्य, सकारात्मक सोचका सपनाहरू लेख । शाश्वत् चिन्तन चेतनाका लागि लेख भन्ने रामकुमार आफ्नो जीवनलाई रङ्गीन बनाउने सोचमा आफूलाई भूगोलविद्, बुद्धिजीवीजस्ता अनेकौँ उपनाममा उभ्याए तर बाह्र रङको चक्का घुमाउँदा जुन रङ देखिन्छ त्यही रङ हुन पुगे । त्यो रङ अन्त्यमा देखिने सेतो रङ रहेछ ।

फूलमाला जडेका छन् तारा लहरका सरी,
बुट्टा छन् विविधाकार स्वर्ण चाँदी जडे सरी ॥९०॥

मानौँ गोलोकको धाम तारामण्डलका सरी,
विदुषी ईश्वरी हुन्छिन् नवेली सुन्दरी परी ॥९१॥

नाचेका जन्तीले गर्दा अध्याँरो व्योम बन्दछ,
वाद्यवादनले गर्दा हम्किन्छन् शृङ्ग पर्वत ॥९२॥

–भरत महाकाव्य

साहित्यिक, सामाजिक र राजनीतिक व्यक्तित्वका त्रिवेणी

रामनारायण देव

यस लोकलाई कर्मलोक पनि भनिन्छ । यहाँ आफ्नो कर्मअनुसार नै मानिस समाजमा अविस्मरणीय वा विस्मृत बन्छन् । अविस्मरणीय र विस्मरणीय बन्न जन्मँदै आफ्नो विशिष्ट गुण बोकेर आएका हुन्छन् । त्यस्तो विशिष्ट गुण र प्रतिभा लिएर आउनेहरूमा भरत जङ्गम पनि पर्छन् भन्ने लाग्छ रामनारायण देवलाई । अनि उनलाई लाग्छ भरत जङ्गम सामाजिक, साहित्यिक र राजनीतिक व्यक्तित्वका त्रिवेणी हुन् ।

उनको सम्पादनमा प्रकाशित हुने गरेको 'नेपाली आवाज'ले पत्रकारिता जगत्मा एउटा छुट्टै छाप छाडेको छ । त्यसमा लेखिएका लेख, टिप्पणी र समीक्षा सटीक र विश्लेषणात्मक लाग्छन् किनकि ती सबै सामाजिक घटनामा आधारित हुन्थे । तिनै सटीक टिप्पणी र लेखहरूको सँगालो हो पचास-प्रसङ्ग । जसमा २०४६ सालपछिको वातावरणको स्वतन्त्र उपयोग गरेर नेताहरूको अकर्मण्यता अदूरदर्शीताका बारेमा जनताका पक्षमा आफ्ना भनाइरहरू पोखेका छन् । त्यसमा गरिएको तत्कालीन सरकारका गलत निर्णयहरूका बारेका स्तम्भलेखन, टिप्पणी र समीक्षामा उनी सफल देखिन्छन् ।

साहित्यमा पनि भरत जङ्गमको उस्तै प्रतिभा देख्ने रामनारायणको विचारमा 'कालो सूर्य' अत्यन्तै सफल एवं लोकप्रिय उपन्यास हो । जसमा तत्कालीन व्यवस्थामा हुने गरेका भ्रष्टाचार, विकृति र विसङ्गतिको गहन रूपमा चिरफार गरिएको छ ।

दोस्रो उपन्यास 'व्यूहचक्र' हो । यसमा तत्कालीन व्यवस्थाको शासनमा हुने गरेका षड्यन्त्रका व्यूहव्यूहको वर्णन छ । तेस्रो उपन्यास हो रातो घाम । त्यसमा छिमेकी देश चीनको त्यति बेलाको बन्द समाजभित्रका गतिविधिहरूको गतिलो वर्णन छ ।

पत्रकारिता, साहित्यलगायत समाजसेवामा सक्रिय भरत जङ्गमको नेतृत्वबाट भ्रष्टाचार विरोधी आन्दोलन अत्यन्त प्रभावित बनेको छ। उनको भ्रष्टाचार विरुद्धको विषयलाई अध्ययन अध्यापन गराउन बृहत् प्राज्ञिक अभ्यास भइरहेको छ । यो अभ्यास सफल भएमा त्यो नेपालका लागि गौरवको विषय बन्ने छ ।

दौडाहा टोलीमा भएको उनको नियुक्तिलाई भने लोकतन्त्र विरोधी कार्य थियो कि ? भन्ने रामनारायण त्यो जे भए पनि यस्ता सफल पत्रकार, टिप्पणीकार, साहित्यकारजस्ताको जन्मोत्सवका अवसरमा उनको पूर्ण सफलताको शुभकामना दिन्छन् ।

सुयोग्य मेरो घर शुभ्र हुन्छ,
पाई वधू यो मन लुब्ध बन्छ।
सुकोमलाङ्गी रवि झैं बनेर,
उदाउ हाम्रा घरमा सजेर ॥७॥

हाम्री तिमी भूषण एक आश,
तिम्रो थियौ एक सधैँ पियास।
मुहारले मात्र भइन्न तृप्त,
सौशील्यले पार्दछ मन्त्रमुग्ध ॥८॥

–भरत महाकाव्य

नेपाली साहित्यले पाएको सौभाग्य

रामम्मान त्रिषित

उमेरको नाता जोड्दा राममान दाजु बन्न पुग्छन् भरत जङ्गमका तर कतिपय प्रसङ्गमा भरत जङ्गममा नै दाजु बन्ने हैसियत देख्छन् । आफू गीतकार भए पनि भेटघाटमा कुरा मिल्थ्यो । साहित्यका गफगाफ चल्थे । गीतकार भए पनि भरत जङ्गमका उपन्यास मन पराउँथे । यी दुवै स्रष्टालाई एकसाथ सम्मान पनि गरेको थियो वाणी प्रकाशनले । साहित्यकारको ठुलो सम्मान पाठकको स्नेहलाई मान्ने राममान, हामी दुवैले प्रशस्त स्नेह पायौँ । यही हाम्रो सफलता हो । यही सम्पत्ति पनि हो भन्छन् । अझ भरत जङ्गमले धेरै सम्मान र सम्पत्ति पाइरहेका छन् । उनको 'कालो सूर्य' ११ भाषामा अनूदित भएर अन्तर्राष्ट्रिय स्तरमा डुलेको छ । त्यो सम्मान नेपाली साहित्य र नेपालीको पनि सम्मान हो ।

भरत जङ्गमले मानिसको संवेदनालाई जस्ताको तस्तै टपक्कै टिपेर साहित्यमा उतारिदिने उनको विशेषता हो । मानिसलाई संवेदनाको गुजुल्टो मान्ने राममान त्यो गुजुल्टो समात्न सफल भयो भने मान्नुहोस ऊ सबैकुरामा सफल छ भन्छन् । भरत जङ्गमले यही गुजुल्टो समाते अनि त्यसलाई कालो सूर्यमा उतारे । त्यसैले उनका अनूदित रचनालाई तिनै भाषाका पाठकहरूले धेरै माया दिए सम्मान दिए । फलतः लोकप्रियता फिँजिदै गयो, यही हो साहित्यको सौभाग्य भन्छन् राममान । यसरी नेपाली साहित्य अन्तर्राष्ट्रिय जगत्मा विस्तारित हुनु साहित्यकारको व्याप्ति हो । हामी नेपाली सबैको व्याप्ति हो । हामीले यसमा गौरवबोध गर्नुपर्छ । उनको अन्तर्राष्ट्रिय जगत्मा ख्याति चलाउने काम 'कालो सूर्य' सँगै 'व्यूहचक्र' र 'रातो घाम'ले पनि गरिरहेका छन् । 'व्यूहचक्र' नेपाली राजनीतिको निश्चित काल अवधिको चित्रण हो । यसले 'कालो सूर्य'ले झैँ व्यापकता लिन नसके

पनि 'रातो घाम' ले भने 'कालो सूर्य'को हाराहारीमा व्यापकता फैलाउन सक्ने सम्भावना देख्छन् राममान । त्यो पनि 'हटकेक' बन्न सक्छ ।

भरत जङ्गमको ६० औँ जन्मोत्सवलाई मोती महोत्सवका रूपमा मनाउँदै गर्दा अभिनन्दन ग्रन्थ प्रकाशन गर्ने खबरले अत्यन्त खुसी देखिन्छन् राममान । साहित्यकार भरत जङ्गमलाई बधाई दिँदै भन्छन्, 'उनको जस्तो सौभाग्य सम्पूर्ण साहित्यकारलाई मिलोस् । अनि मोती महोत्सवले निरन्तरता पाओस भन्दै भरत जङ्गमको सुख, शान्ति, समृद्धि, आरोग्य, दीर्घायु र सक्रियताको कामना गर्दछु ।'

भ्रष्टविरुद्धको शास्त्र
पढ्नुको के विशेषता
भन्ने कुरा यहाँ आयो
खोज्नुपर्छ यताउता
(१)
प्राज्ञिक वर्गमा यो हो
विल्कुलै नव पद्धति
भ्रष्टाचार हुँदै आयो
ती वर्ग सबको अति
(२)

–भरतांशु महाकाव्यबाट

बिर्सनै नहुने सर्जक

रामशरण खड्का

नेपाल सरकारको बेतनभोगी बनेका रामशरण खड्काको सरकारी कामका सिलसिलामा कोलकोत्ताको काउन्सलेट कार्यालयमा कार्यरत रहँदा नेपाली साहित्यका अग्रणी समालोचक अङ्ग्रेजी, हिन्दी, बङ्गाली भाषासाहित्यको गहिरो अध्ययन गरेका, नेपाली साहित्यका प्रामाणिक आलोचक, कोलकोता उच्च न्यायालयका न्यायमूर्ति श्री रामकृष्ण शर्मा सुवेदीसँगको चिनजान पछि भेटघाट पनि भइरहन्थ्यो ।

उनले जीवनभर भानुभक्तका कृतिहरू रुचाइरहे तर पनि गङ्गाधर सोतीकी...।' भन्ने कविताले नारीप्रति घृणाभाव फैलाएको भनेर जीवनभर कटु आलोचक बने । भानुभक्तप्रति कटाक्ष गरिरहे । तिनै रामकृष्णलाई स्वच्छ आलोचक र प्रशंसनीय मान्ने रामशरण खड्का बिचको भेटघाटमा नेपाली साहित्य र नेपालको विकासका बारेमा चर्चा भइरहन्थ्यो ।

एक दिन रामशरण उनको घरमा पुग्दा हातमा 'कालो सूर्य' थियो । त्यही पुस्तक देखाउँदै त्यसका बारेको सम्मति सुनाउँदै, 'आइतबारदेखि शनिबारसम्म सात अध्यायमा लेखिएको निबन्धात्मक स्वरूपको मौलिक उपन्यास हो । नेपाली साहित्यमा यस किसिमको यथार्थमा अडान लिएर समाजमा व्याप्त भ्रष्ट, कुरीतिलाई उजागर गरी लेखिएको पुस्तक कहीकतै पढेको थिइनँ । यसको शीर्षक 'कालो सूर्य' रोचक छ, समाजका भ्रष्टाचारी र अख्तियारवालाको उछितो काडेको छ । यसमा विषयवस्तुमा हुने गुण ग्राह्यता छ । उत्तिकै ओजस्वी तरिकाले प्रस्तुत गरिएको छ । भाषा बगेको छ । यस पुस्तकका बारेमा मैले आफ्नो सम्मतिमा यस्तै लेखेको छु ।' अनि यसको सारमा भन्छन्, 'तपाईंको कालो सूर्यमा सेतो घाम लागेको हेर्न

चाहन्छु ।'

कसैको मानहानी गरेर 'कालो सूर्य'ले लोकप्रियता आर्जेको होइन भन्ने रामशरणलाई सम्मतिका ती वाक्यहरू जीवित आत्मा बोलेजस्तै लाग्यो । 'कालो सूर्य' पढेपछि बी.पी कोइरालाले पनि प्रशंसा गरेका थिए । त्यसमा औपन्यासिक लक्षण, कलापूर्ण प्रस्तुति र भ्रष्टाचारीको तस्बिर प्रदर्शन गर्न सफल भएको छ भएर होला भ्रष्टाचारी विरुद्धको चोटिलो प्रहारको प्रस्तुतिकला तत्कालीन निरङ्कुशतामा जनतालाई उत्तम लागेको थियो ।

'नेपाल राष्ट्र, नेपाली समाजको ख्याल राखी लेखिएका त्यस बेलासम्म कुनै सिर्जना थिएनन् । त्यसैले रामकृष्ण 'भरत जङ्गम'जस्तो लेखकले सामाजिक जनजीवनलाई उजागर गर्दै लेख्नुपर्छ । चुस्नेले कसरी चुसिराखेका छन् । चुसिने जनताको स्थिति के होला भन्न नसकिए पनि शोषक वर्गलाई खल्लीबल्ली पारेका छन् भरत जङ्गमले । भरत जङ्गमहरू नेपाली साहित्यका लागि आवश्यक छन् । यस्तो साहित्यको सिर्जना हुनु भनेको यथार्थ उजागर हुनु हो ।' भन्ने रामकृष्णका उद्‌गार सम्झन्छन् रामशरण ।

रामकृष्ण नेपाली साहित्यको उत्तरोत्तर अभिवृद्धि र समग्रमा नेपालको उन्नति चाहन्छन् । नेपालको अस्तित्व बढे हामी पितृदेशप्रति गर्व गर्न पाउँछौं भन्ने रामकृष्ण पनि आफ्नो नीति र निष्ठाप्रतिको विश्वासमा अडिग रहे, सम्झौता गरेनन् । नेपाल र नेपालीको हितमा यस्ता उद्‌गार व्यक्त गर्ने रामकृष्ण शर्मा यस संसारमा नरहे पनि हामीसँगै छन् जस्तो लाग्छ । उनका यी विचारहरू सधै अमर रहने छन् । उनीप्रति म पनि श्रद्धासुमन अर्पण गर्दछु ।

'कालो सूर्य'का बारेमा लेखेको सम्मति नेपाल पठाउन विश्वासिलो स्रोत खोजी गरिरहेको बेला रामशरण विश्वासिलो स्रोत बन्छन् । रामशरण काठमाडौं फर्कंदा लिएर फर्कन्छन् । कोलकोतादेखि काठमाडौंसम्म चासोका साथ घरसम्म ल्याइदिने व्यक्ति भएर पनि होला दुवैबिच बडो शिष्टाचारपूर्ण

व्यवहार र कुराकानी हुन्छ । उनीहरूबिच पुरानो परिवारिक सम्बन्ध रहेछ त्यो पनि यसै प्रकरणबाट नवीकरण हुन्छ ।

२०३६ सालभन्दा पहिला भरत जङ्गमको नाम सुने पनि भरत जङ्गमसँग भने भर्खर परिचय भयो प्रकाशशरणको तर रामशरणले उनका बाबु कान्छा महन्तलाई सानै उमेरदेखि चिनेका रहेछन् । उनको खानदानी परम्पराले आर्जेका ठुलाठुला खेत बिर्ता थिए । त्यसैले उनलाई सामन्ती धारका प्रतिनिधिको रूपमा पनि हेर्ने गर्थे तर कान्छा महन्त समाजसेवी दर्शनले ओतप्रोत थिए । दयावान् भएकाले उनले मोहीलाई दया गर्थे । यस्ता बाबुका सुपुत्र भरत जङ्गम पनि मानव चेतनाका लागि साहित्यको तहबाट समाजलाई सुसूचित गरिरहेका छन् । उनीबाट अझ यस्तै गतिला साहित्यको सिर्जना भई जनमुखी धार र विचारको अभिवृद्धि हुँदै जाओस् भन्ने कामना गर्छन् रामनारायण ।

व्यक्ति युग सापेक्ष हुनुपर्छ । भरत जङ्गम एउटा सामन्ती धार बोकेको परिवारबाट समाजमा सेवा पुऱ्याउने कार्यमा लागिरहेर युग सापेक्षताको नमुना बनेका छन् । मानिसबिच असमानता ल्याउने एउटा आधार शोषण हो । त्यही शोषणले द्वन्द्व निम्त्याउँछ । द्वन्द्वले समाजलाई क्षय पार्छ तर रचनात्मक प्रतिस्पर्धाले भने समाजमा सद्भाव र सहयोगी भावनाको विकास गर्छ । जुन समाज र राष्ट्रको प्रगतिको आधार र मुटुको धड्कन बन्छ ।

साहित्यले समाजलाई आनन्द, मनलाई सुस्वादको रसास्वादन गराउँछ, सिर्जनात्मक भावना जगाउँछ । तर त्यो साहित्य सिर्जना जो कोहीबाट हुन सक्तैन । त्यसका लागि चाहिने प्रतिभा हो । प्रतिभावान् व्यक्तिका सुयोग्य भावनामा बगेका कलमबाट लेखिने रचना पाठकका लागि सुस्वादिष्ट भोजनसरह हुन्छ ।

लोकले चाहेजस्तै रसास्वादन रामायणमा दिएर नै भानुभक्त आदिकविको

नामबाट समाजमा जम्न पुगे । त्यो रचनालाई समाजले पनि उत्तम मान्यो । जङ्गमको 'कालो सूर्य' पनि औपन्यासिक लक्षणता र कलात्मक प्रस्तुतिका कारण पाठकसमक्ष भ्रष्टाचारीको तस्बिर पारदर्शी तबरले उतारिदिन अत्यन्त सफल छ । त्यसमा गरिएको भ्रष्टाचार विरुद्धको चोटिलो प्रहारको कलापूर्ण प्रस्तुति पनि त्यो समय र जनताका लागि उत्तम थियो ।

नेपाली समाजलाई आफ्ना सुन्दर र आकर्षक रचनाद्वारा सेवा पुऱ्याइरहेका भरत जङ्गमका 'कालो सूर्य', 'व्यूहचक्र', 'रातो घाम', 'नेपाली आवाज'जस्ता पत्रिका पनि पायौँ । यति धेरै रचना दिने उनी धेरै उपनामले पनि चिनिन्छन् । देश र जनता उपर के भइरहेको छ भन्ने यथार्थलाई औपन्यासिक ढङ्गले आफ्ना रचनाहरूबाट प्रस्तुत गर्ने भरत सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा देखा परेका छन् । उनले शासक वर्ग र तिनीहरूको चुत्थो कर्मको तस्बिर देखाएर निबन्धको बान्कीमा 'कालो सूर्य' नेताहरूको कुकर्मबाट जनताले भोग्नु परेको सत्य घटनालाई मुटुको फेदैबाट तस्बिरमा उतारिदिएका छन् ।

भरत जङ्गमले आफूलाई साहित्यिक क्षेत्रमा नै सक्रिय र समर्पित राखेर साधना गरेमा साहित्य जगत्को फूलबारी बढी शोभनीय, बढी यथार्थपरक बन्ने कुरा बताउँदै उनीबाट नेपालमा सेतो घाम भएको पुस्तक अवश्य पाउने छौँ भनी आशा व्यक्त गर्दछन् रामशरण ।

कर्मठ, विचारवान् र क्षमतावान्

लोकेन्द्रबहादुर चन्द

जब 'कालो सूर्य' प्रकट भयो त्यतिबेला यसका कथावस्तुमा रचनाकारसँग लोकेन्द्रबहादुर चन्दको छलफल भएको थियो । भरत जङ्गम लोकेन्दबहादुरका मन पर्ने साहित्यकार हुन् । उनीहरूबिच साहित्यिक छलफल चल्थ्यो । चन्द भरत जङ्गमलाई अनुकरणीय र प्रशंसनीय पनि मान्छन् । सबै क्षेत्रमा जङ्गमजस्तै एक दर्जन व्यक्ति भइदिए देशको कायापलट हुने थियो भन्ने लाग्छ उनलाई ।

'कालो सूर्य' उपन्यासकारसँगको भेटमा नेपाली साहित्यलाई कसरी विश्वस्तरमा पुऱ्याउने, समाजको दयनीय अवस्थालाई कसरी उन्नत अवस्थामा पुऱ्याउने भनी छलफल हुने गर्थे । सामाजिक जनचेतना जगाउने, स्वधर्म, स्वसंस्कृति र स्वराष्ट्रप्रतिको गौरवको अनुभव गराउन सिकाउने, राष्ट्रिय विकासको प्रवाहमा कसरी सबैलाई परिचालन गर्नुपर्छ भन्ने विषयमा उनका धारणा धेरै पटक सुनेका चन्दले भरत जङ्गमले भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने क्रममा उनीसँगै एउटै मञ्चबाट आफ्ना धारणा राखेका पनि छन् ।

भ्रष्टाचार निवारण र नियन्त्रण गर्ने क्रममा हाम्रा कतिपय धारणाहरू मिल्छन् भन्छन् चन्द । त्यसैले उनको भ्रष्टाचार विरोधी अभियानप्रति सकारात्मक दृष्टि राख्छन् । भरत जङ्गमसँगको अढाई दशकभन्दा बढी सम्पर्क भएको आधारमा उनलाई भरत जङ्गम एक कर्मठ, कर्तव्यनिष्ठ, विचारवान्, क्षमतावान् अनि आफ्नो विचारलाई व्यवहारमा परिणत गर्न सक्ने सक्षम व्यक्तिको रूपमा हेर्छन् । साहित्य र समाज सेवामा उनले दिएको योगदान कुनै राष्ट्रिय स्तरको संस्थाले दिएको योगदानभन्दा कम देख्दैनन् चन्द ।

भरत जङ्गमको भ्रष्टाचार विरोधी अभियानलाई मार्गदर्शन प्राप्त भइरहोस्, साहित्यिक वाङ्मय पनि लाभान्वित भइरहोस् भन्ने कामना सहित जन्मदिनको अवसरमा जनस्तरबाट हुन लागेको अभिनन्दनले अझ आत्मबल बढाओस् भन्दै मङ्गलमय शुभकामना दिन्छन् लोकेन्द्र बहादुर चन्द ।

हेर्ने आँखा आ-आफ्नै

वसन्तकुमार शर्मा नेपाल

रेडियो सुनेर, टी.भी हेरेर र प्रकाशित कृतिहरू पढेर भरत जङ्गमलाई जानेर पनि होइन सफा सुघ्घर, छिटोछरितो, हाक्काहाक्की व्यवहार भएका ६० वर्षका युवालाई देखेर पनि होइन । हरि मञ्जुश्रीद्वारा सम्पादित भरत जङ्गम : विचार र दृष्टिकोणमा लेखिएका यी पङ्क्ति 'नेपाली साहित्य पत्रकारिता भ्रष्टाचार विरोधी आन्दोलन राजनीतिज्ञ, समाजसेवी, प्रशासक, ऐतिहासिक एवं पुरातात्त्विक अनुसन्धाता, न्यायकानुनमा विचारपूर्ण चिन्तक, तार्किक स्वरूपको सशक्त उपस्थिति देखाउन सक्षम, नेपालका अन्तर्राष्ट्रिय बौद्धिक व्यक्तित्व हुनुहुन्छ ।' ले भरत जङ्गमका बारेमा पूर्ण ज्ञान गरायो वसन्तकुमार शर्मालाई ।

यसरी ज्ञात जमाएका भरत जङ्गमको मोती महोत्सव समारोह समितिले उनका विविध पक्षबारे लेख पठाइदिन भनी अनुरोध गर्छ । अनि फोनबाट सम्पर्क गर्छन् भरत जङ्गमलाई । बोली उस्तै लाग्छ । उस्तै रसिक आवाजले पुरानो सम्झना ताजा गराउँछ । ती पुराना कुरा र कार्यले उनका व्यवहारदेखि अहिलेसम्मको धरातलको ज्ञात गराउँछ ।

धेरै समयको अन्तरालपछि पनि उनमा उही स्पष्टता, उही हक्की स्वभाव, उही निडर चाला, कर्तव्यप्रतिको उही इमानदारीता उही दृढपन र विश्वास देखेर उनका बारेमा मनले केही लेखिदिन बाध्य गरायो वसन्तकुमारलाई ।

भ्रष्टाचारजस्तो असाध्य रोग निवारणमा लागेका मानिसमा प्रतिरोधात्मक क्षमता कति छ ? त्यसैमा भरपर्छ कीटाणुहरूको मापन । भ्रष्टाचार नियन्त्रणमा लामो समयदेखि लागेका भरत जङ्गमले नियन्त्रणका केही सङ्केतहरू नछाडेका भने होइनन् । उनका त्यस्ता क्रियाकलाप

जनसमक्ष प्रशस्तै पौरिरहेका छन् । मित्र भरत जङ्गम यो नेपाली समाजमा उत्तप्त उन्मुख उज्ज्वल, प्रकाशपुञ्ज बनेर प्रतिष्ठित भइसकेको जस्तो लाग्छ वसन्तकुमारलाई उनी भन्छन्, 'हेर्ने आँखा आ-आफ्ना हुन्छन् तर हेर्ने आँखाले कसलाई कसरी हेर्छन् भन्ने मात्र हो ।'

आँखा स्वतन्त्र छन् हेर्न । जोसुकैलाई जसरी पनि हेर्न सक्छन् । प्राणीका आ-आफ्नै परिचय हुन्छन् । त्यस परिचयले अत्यन्तै महत्त्व राख्छ । मानिस परिचयको शब्दगत, अर्थगत, भावगत, विचारगत, समस्त दर्शनगत दृष्टिले व्याख्या गर्छ । परिभाषा गर्छ । तिनै व्याख्यात्मक भाव र स्वरूपमा नामकरण गर्छन् र सन्तकुमार भन्छन्, 'मानिस परिचयको भोको हुन्छ ऊ परिचय गर्न गराउन सदा तत्पर रहन्छ ।'

उनका विचारमा मानिसलाई घेरिरहेका अस्तित्व, व्यक्तित्व, भावत्व, अस्मिता, गुणकारिता, कर्तव्य, सभ्यता, शिष्टता महता, सहभागिता, सत्पुरुषता जस्ता प्रचलनमा आइरहने शब्दका सङ्गालाहरूले परिचयको कुनै न कुनै छेउलाई छोएका हुन्छन् ।

यिनै प्रसङ्गहरूलाई छुँदै आ-आफ्ना तरिकाले काम गर्दागर्दै परिचित हुन पुगेका हुन् भरत जङ्गम र वसन्तकुमार । कुन बिसौनीमा परिचय हुन पुग्यो भन्ने बिसौनी नै गन्न बिर्सन्छन् वसन्त । कहिलेकाहीँ भने झुलुक्क उदाउन आइपुग्छन्, ती पूर्वस्मृति उज्ज्वल बिम्बजस्तै हुन पुग्छन् । तिनै अतीतका स्मृति फलको हिसाब गरेर ल्याउँदा भरत जङ्गम २२ बर्से जवानीमा र ४४ बर्से अधबैंसे रहेछु भन्छन् वसन्त । यो पुरानो परिचय पुनः ताजा बनेको छ ।

अन्त्यमा वसन्तकुमार भन्छन्, 'भरत जङ्गमले गरेका कार्यहरू र त्यसको परिणाम जनसमक्ष छँदै छन्, प्रत्यक्ष छन् । तर मेरो मनको एक कुना भन्छ- भरत जङ्गम एक दिन प्रकाशमय बनेर यही समाजमा उदाउने त होइनन् ?

सृष्टिभित्रका साँच्चैका मान्छे

विश्वबल्लभ

नाम भने धेरै पटक सुने । नजिक बसेर कुराकानी गर्न जुरेन । हँसिलो अनुहार र खरो स्वभावका भरत जङ्गमलाई देख्दै लाग्छ भ्रष्टाचारीलाई सूक्ष्म रूपमा व्याख्या गर्ने यिनी कुशल उपन्यासकार होलान् । साहित्य जीवन हो । साहित्य सिर्जना सम्पूर्ण जीवन शक्तिको स्रोत हो । जीवनसँग मिसिएर आउने तत्त्व साहित्य हो । साहित्य सिर्जनामा धीरतापूर्वक लागिरहने भरत जङ्गमको गन्तव्य भ्रष्टाचारमुक्त नेपाली समाज निर्माण गर्नु हो ।

जीवन सुख-दुःख, हाँसो र आँसुको सङ्गम हो । दुःखमा रुँदा शान्ति प्राप्त हुन्छ । त्यसैले भावुकहरू एकान्तमा रुन्छन्, सुख सबैलाई बाँड्छन् । सुख क्षणिक हो । यी सबै भरत जङ्गमको साहित्यभित्र पाइन्छ । त्यसैले उनका रचनाहरू खुब मनपर्छ बल्लभलाई । भ्रष्टाचार विरोधीका रूपमा चिनिने प्रखर चिन्तक, मार्गदर्शक, जति कठोर देखिन्छन् त्यति नै सरल र मिलनसार लाग्छन् विश्वबल्लभलाई ।

भ्रष्टाचार विरोधी आन्दोलनलाई साहित्य र पत्रकारितालगायतका विभिन्न विधाबाट राष्ट्रको काँचुली फेर्न लागिरहेका भरत जङ्गमका विविध पक्ष केलाउनु भनेको समुद्रबाट मोती झिक्नुजस्तै कठिन हो भन्छन् विश्वबल्लभ । धेरै विधामा रुचि राखेर साहित्य रचे, पत्रकारिता अपनाए, राजनीतिक लेख लेखे र नेपाली समाजलाई घचघचाइरहेका छन् ।

उनले पचास-प्रसङ्ग, नव काङ्ग्रेसीका लागि 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' लेखेर काङ्ग्रेसीहरूले तिरिनसक्नाको गुन लगाए । विदेशमा समेत लोकप्रिय बनेको 'कालो सूर्य' घटनै घटनाले पूर्ण छ । धेरै भाषामा उल्था भएको छ । बी.पी कोइरालाले समेत यसको मुक्तकण्ठले प्रशंसा गरेका छन् । त्यसमा पञ्चायती व्यवस्थाका विकृति, विसङ्गतिको भण्डाफोर

गरिएको छ । त्यसमा जुन जुन विषयवस्तु छन् ती रहिरहने छन् । किनकि कालो सूर्य उदाइरहने हाम्रो देशको विडम्बना हो ।

रातो घाम पढ्नै पर्ने उपन्यास हो, यो पनि उस्तै छ । उपन्यासहरू लेख्ने लेखक मात्र हैनन् भरत जङ्गम । भ्रष्टाचार विरोधी भएकाले जनताको विचार बदल्न लागिरहेका भरत जङ्गम लेखाइ र बोलाइमा प्रस्ट र विचारमा खुला छन्, यिनलाई जसरी बुझे पनि हुन्छ ।

बसौँदेखि जरा गाढेर बसेको कुप्रथा कुरीति देखेर सतर्क बन्नाले उनलाई यसका विरुद्ध लेख्ने प्रेरणा जाग्यो । जमेको विद्रोहको भावनालाई लेखनीको माध्यमबाट अभिव्यक्त गर्दै सर्वसाधारण जनतालाई त्यसका विरुद्ध लड्न समर्थ बनाउनु उनको मुख्य उद्देश्य हो ।

पत्रिका जगत्मा सम्पादकको भूमिका निभाइसकेका भरत जङ्गम भन्छन्, 'पत्रकार र पत्रिकाले सधै समान्य नागरिकको भन्दा धेरै बढी जिम्मेवारी वहन गर्नुपर्छ । समाजको उत्थान-पतन, आरोह अवरोहप्रति जवाफदेही बन्नुपर्छ ।' समाजको सही सत्य सूचना सम्प्रेषण गर्ने गहन दायित्व पत्रकारको हो । जनता र राज्यव्यवस्थाप्रति समर्पित हुने दायित्व वहन गर्नुपर्दछ भन्ने राय राख्छन् उनी ।

प्रजातन्त्र रक्षाका लागि खरो रूपमा उत्रने भरत जङ्गम आफैमा सुन्दर फुलबारी हुन् जहाँ विविध प्रकारका रङ्गीविरङ्गी फूलहरूको सुगन्ध र सौन्दर्यको आकर्षण पाइन्छ । यस्ता भरत जङ्गम आफैमा सम्पूर्ण छन् कि छैनन् ? भन्ने जिम्मा छाडौँ भन्दै विश्वबल्लभ यो सार्वभौमसत्तायुक्त युगमा समाज भ्रष्टाचारमुक्त बन्नु सबैका लागि खाँचो छ । भ्रष्टाचारमुक्त समाज र शिशु प्रजातन्त्रको रक्षार्थ मरिमेट्ने भरत जङ्गमका रचनाहरू अझ सशक्त बन्नुपर्छ भन्दै विश्वबल्लभ शुभकामना दिन्छन् ।

'कालो सूर्य' बाट कालजयी

डा.विष्णुराज आत्रेय

धान्य लक्ष्मीको महिना मानिन्छ मङ्सिर । २००४ को यही महिनामा जन्मेका भरत जङ्गमले पहिला लक्ष्मी भित्र्याउने पेसा अपनाए, उनलाई धनधान्यभन्दा राष्ट्रिय अभिमान र सामाजिक मानसम्मानको क्षेत्र फराकिलो लाग्यो अनि त्यसतर्फ मोडिए । जसका कारण आज उनलाई हामी समाजसेवी, पत्रकार र राजनीतिज्ञ आदि आयामहरूमा व्यायाम गरेको देखिरहेका छौं ।

आफू पनि साहित्यकार भएका नाताले उनले अरू आयामहरू छाडेर साहित्यिक आयाममा बढी चाख लिएको बताउने डा. विष्णुराज उनलाई उपन्यास विधाका एक सशक्त लेखकका रूपमा देख्दा खुसी व्यक्त गर्दछन् ।

यिनै भरत जङ्गमको ६० औं जन्मोत्सवको अवसरमा प्रकाशन हुन लागेको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक अभिनन्दन ग्रन्थका लागि एउटा लेख लेखिदिन हरि मञ्जुश्रीको हस्ताक्षरवाला पत्र र प्रत्यक्ष आग्रह आउँछ । डा. विष्णुराज कुनै आग्रह दुराग्रह नराखीकन सहमति जनाउँछन् ।

नेपाली साहित्यमा लामो समयदेखि बाँझो रहेको अभिनन्दन ग्रन्थको पाटो बिराउन लागेजस्तो लाग्छ । यही पाटोमा उब्जन लागेको 'कालजयी व्यक्तित्व भरत जङ्गम' नामक ग्रन्थका लागि कलम चलाउन कदर गर्छ विष्णुराजको मनले पनि । यो एउटा सत्य कुरा हो, परम्परा पनि हो । हाम्रो समाजले समाजका राम्रा गुणी व्यक्तिको कदर गर्दै आएको छ । शास्त्रकार र नीतिकारहरूको उपदेश छ : रामजस्तो आदर्श व्यक्ति बन । रावणजस्तो निन्दाको पात्र नबन । डा. आत्रेयलाई लाग्छ, 'भरत जङ्गमले यही आदर्शलाई पच्छ्याएका छन् ।'

राम्रा नराम्राको परिभाषा आ-आफ्नै भए पनि गुण दोष सबैमा हुन्छ । जो गुणग्राही हुन्छ ऊ गुणको पारखी हुन्छ । गुणानुवाद समाज कल्याणको

उद्देश्यले लेखिन्छ । अभिनन्दन ग्रन्थ प्रकाशन गर्नु भनेको उसको गुणगान प्रकाशन गर्नु हो ।

सानै उमेरमा गीत, कविता, कथा लेख्दै साहित्यमा प्रवेश गरेका भरत जङ्गमको रुचिको विषय भने उपन्यास बनेको छ । आफू साधारण पाठकको नाताले पनि विशिष्ठ उपन्यासकार भन्न रुचाउँछन् डा. आत्रेय ।

हाम्रो साहित्य, हाम्रा साहित्यकार विश्वस्तरका भए पनि अनुवाद विधाको कमीले गर्दा पछि परेको हो । मूल भाषापछि इतर भाषाहरूमा अनुवाद हुँदा हाम्रा साहित्यको तितासमिठास पढ्ने मनोविनोद गर्ने मौका पाउँछन् इतर भाषीले । त्यो नभए नेपाली भाषा नजान्नेबिच हाम्रो परिचय हुन सक्तैन तर डा. आत्रेय यस मानेमा भरत जङ्गमलाई भाग्यमानी मान्छन् । उनका कृतिहरू अन्य भाषाहरूमा अनूदित भएर गैर नेपालीले समेत पढ्न पाएका छन् । 'कालो सूर्य' एक दर्जन भाषामा अनूदित हुनु भनेको राष्ट्रको समेत गौरवको विषय हो । त्यसैले डा.आत्रेय भरत जङ्गमलाई राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय साहित्यकारको रूपमा अभिनन्दन गर्दछन् ।

नेपाली वाङ्मयलाई उनले दिएको पहिलो उपहार कालोसूर्य हो त्यसपछि व्यूहचक्र र रातो घाम । पत्रकारिताको क्षेत्रमा सम्पादक-प्रकाशक, स्तम्भ लेखकको रूपमा उनी चिरपरिचित छन् । उनको स्तम्भ लेखनको सँगालो पचास-प्रसङ्ग हो । त्यसपछिको प्रबन्ध सङ्ग्रह भष्ट्राचार : वैचारिक आन्दोलन हो ।

डा. विष्णुराज आत्रेय भरत जङ्गमको मोती महोत्सवपछि हीरक महोत्सव, अमृत महोत्सव मनाउन पाइयोस्, उनका अझ धेरै सिर्जनाहरू आउन् भन्दै शुभकामना दिन्छन् ।

राष्ट्रिय चर्चाका व्यक्तित्व

शान्तदेव भट्टराई

आफ्ना पुराना मित्र भरत जङ्गमको जन्मोत्सवलाई मोती महोत्सवको रूपमा मनाइने कुरा साहित्यिक क्षेत्रका लागि गौरवको विषय लाग्छ शान्तदेवलाई । भरत जङ्गम नेपालका प्रसिद्ध उपन्यासकार, प्रबन्धकार र पत्रकारका रूपमा चिनिन्छन् । उनले सञ्चालन गरेको भ्रष्टाचार विरोधी अभियानले पनि राष्ट्रमा सकारात्मक प्रभाव पारेको छ । आफ्नो साहित्य र सञ्चार विधालाई मूल विषय बनाएका भरत जङ्गमले ऐतिहासिक अनुसन्धान र न्यायकानुनका क्षेत्रमा पनि उत्तिकै चर्चा बटुलेका छन् ।

घमन्डहीन, सहयोगीपन, मिलनसार व्यक्तित्वजस्ता गहनाले सजिएका, सामाजिक र साहित्यिक कार्यक्रममा सक्रिय रहने भरत जङ्गमसँग गहन विषयमा समय लिएर गम्भीर छलफल गर्न समय नपाएका शान्तदेव कहिलेकाहीँको छोटो भेटमा साहित्यिक चर्चा गर्न भने छुटाउँदैनन् ।

साहित्य र साहित्येतर दुवै क्षेत्रमा कार्य गरेर आफ्नो नाम चर्चामा ल्याउने विरलै कम व्यक्तिमध्ये एक भरत जङ्गम हुन् भन्ने शान्तदेव उनीबाट साहित्य अनि समाज लाभान्वित हुँदै जाओस् भन्दै उनको जन्मोत्सवको अवसरमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगति र सफलताको शुभकामना दिन्छन् ।

जागरुक नेपाली व्यक्तित्व

श्यामदास वैष्णव

जङ्गमको परिवारले समाजका लागि निकै योगदान दिँदै आएको पाइन्छ। पूर्वजहरूको त्यही परम्परामा विशिष्ठ र प्रतिष्ठित हुँदै समाजमा योगदान पुऱ्याएका भरत जङ्गमको सुयश र गुणको कदर गर्नु हामी नेपालीको सौजन्य हो र यस्ता प्रतिभावान् व्यक्तिलाई चिनेर भविष्यको जोहो गर्नु श्रेयस्कर हुन्छ भन्छन् कविवर श्यामदास वैष्णव ।

जागरुक भरत जङ्गमले सामाजिक र साहित्यिक क्षेत्रमा देशको प्रतिष्ठा बढाउन पुऱ्याएको योगदानको मूल अर्थ राष्ट्रिय जागरण हो । यही जागरण प्रक्रियामा 'कालो सूर्य' का अतिरिक्त सेतो हिमकर चन्द्रसम्म देख्न पाइन्छ ।

स्वत्व नै गुमाएर देशको स्वतन्त्रतामा धक्का पुऱ्याउन कुनै पनि सपूत चाहिँदैन । राणा शासनको अन्त्यपछि परम्परागत देशको गौरव बढाउँदै लग्न खोज्ने स्वाभिमानी र आफूलाई बाह्य एजेन्टका रूपमा स्थापित गराएर सृष्टिको सुरुदेखि स्वतन्त्र रहिआएको देश अरूलाई सुम्पेर पटवारी चलाउन तत्पर रहेका दास, कमारा, दाने, घाटे बगरे प्रकृतिका बहिर्मुखी तत्त्व पराधिमानीहरूबिच द्वन्द्व चल्दै आएको छ ।

यो सिलसिला जारी रहेकाले स्वाभिमानीहरू अब जागरणमा लाग्नु पर्ने बताउने कविवर राजा महेन्द्रले नेपालका गाउँदेखि विश्वका कुनाकुनासम्म देशको अस्मिता जोगाउन प्रयास थालेको बताउँछन् । वर्तमानमा देशको गौरव बढाउन बौद्धिक क्षमता देखाउने प्रयासमा अघि सर्ने जागरुक बनेर भरत जङ्गम चम्केका छन् भने अन्तर्राष्ट्रिय जगत्मा नेपालको छवि झल्काउने प्रयासमा पनि उनी लागिपरेका छन् ।

धार्मिक ग्रन्थ हिमवत् खण्डमा परापूर्वकालदेखि नै नेपालको गौरवपूर्ण

महिमा रहेको पाइन्छ । यही सौन्दर्य र कलापूर्ण, शान्तिप्रिय वैदिक भूमिमा जन्मेका भरत जङ्गमले राष्ट्रिय जागरणका लागि जनतालाई अग्रसर गराउन भूमिका निभाएकाले उनलाई देशका सपूत र साहसीको उदाहरणको रूपमा स्थापित गर्नुपर्ने धारणा राख्छन् वैष्णव ।

पहिले देखि नै देशले समन्वयात्मक र सन्तुलित रहँदा देशमा अनेकन लहराहरू चले, देशले जेनतेन आफूलाई स्थिर राख्दै आयो । यस क्रमलाई आफ्नो सहज धर्मबाट अहिलेसम्म स्वतः कायम राख्दै आएको छ । यही ऐतिहासिक क्रममा सुन्दर फलभित्र किरा लागेझैं देशभित्र अनेकौं प्रवृत्तिहरू देशलाई बर्बाद गर्ने प्रयासमा लागिरहे । आपसमा मर्यादित तबरबाट सहमतिका विचार र धारणाले मात्र स्वतन्त्रतालाई आधार दिन्छ । स्वतन्त्रताभित्र मनपरीतन्त्र हुँदैन । स्वतन्त्रता अर्काको विशेषताको कदर गर्दै कदरभित्र विकास निर्माण तय गर्नुपर्छ । तब विकासका उपलब्धि ..गर्न..सकिन्छ । यही नै नेपालको सामाजिक मार्गनिर्देशक रहिआएको देख्ने श्यामदास वैष्णव यी सबै कुरा आफ्नो मनमा लिएर कर्मक्षेत्रमा लागेका भरत जङ्गमबाट देशले श्रेय प्राप्त गर्न सक्छ भन्छन् ।

भ्रष्टाचार विरुद्ध गतिमान् व्यक्तित्व

सोमनाथ सुवेदी

उपन्यास जगत्मा प्रसिद्धी कमाएको 'कालो सूर्य' पढेर यसका उपन्यासकारलाई भेट गर्ने इच्छा भए पनि सुयोग नजुरिरहेको अवस्थामा संयोगवश हरि मञ्जुश्रीले डोऱ्याउँदै भरत जङ्गमको घर पुऱ्याइदिन्छन् । दुवैबिच बडो हार्दिकतासाथ बातचित हुन्छ । आ-आफ्ना बारेका कुरा साटासाट हुन्छ अनि एक अर्कालाई नजिक भएको पाउँछन् ।

भ्रष्टाचार विरोधी अभियानमा लागेका भरत जङ्गमले आफ्ना साहित्यिक सिर्जनाबाट सचेतना अभिवृद्धि गर्ने प्रयास गरेका छन् । उनका प्रकाशित उपन्यास 'कालो सूर्य', 'व्यूहचक्र', र 'रातो घाम' बाट यो कुरा छर्लङ्ग हुन्छ । पचास-प्रसङ्ग र भरत जङ्गम : वैचारिक आन्दोलन' भ्रष्टाचार विरुद्धमा लेखिएका छन् । भरत जङ्गम : विचार र दृष्टिकोणको केन्द्र पनि भ्रष्टाचार नै छ । यी पुस्तकहरूमा साहित्य गौण र भ्रष्टाचार मूल विषय बनेको छ ।

साहित्य अनि पत्रकारिताको माध्यमबाट भ्रष्टाचार विरोधी अभियानलाई गति दिनेमा उनीमात्र एक देखेका सुवेदी समयले साथ दिएमा आफूले भ्रष्टाचार विरोधी विषयमा विद्यावारिधि गर्ने विचार गरेका छन् । उनको यो अभियानको सार्थकतामा नेपालको उज्ज्वल भविष्य जोडिएको पाउँछन् सुवेदी । मोती महोत्सवको उपलक्ष्यमा भरत जङ्गमको अभियानले सार्थकता पाओस् भनी शुभकामना दिन्छन् सोमनाथ सुवेदी ।

राजनीतिक उपन्यासकार

हिरण्यकुमारी पाठक

भरत जङ्गमको शारीरिक आकर्षण साँच्चै सुन्दर लाग्छ । सबैले तारिफ गर्छन् । हिरण्यकुमारी पाठक पनि सुन्दर शरीर, हँसिलो र चम्किलो अनुहारका धनी व्यक्तित्व भन्दै तारिफ गर्छिन् । आफूलाई व्यस्त राख्न रुचाउने, व्यक्तित्वका धनी भरत जङ्गम बिहान अमृत बेलामा जागा भएर दिनभर सक्रिय नै रहन्छन् ।

कहिलेकाहीँ साहित्यिक कार्यक्रममा जाँदा भरत जङ्गम र हिरण्यकुमारीको भेटघाट र घनिष्ठता बढ्छ । आ-आफ्ना साहित्यिक रचनाहरूको आदानप्रदान पनि हुन्छ । त्यसपछि उनीहरू असल मित्रजस्तै बने । उनी भन्छिन्, 'आफ्नै साथीको भाइ भएर पनि भरत जङ्गमसँग साहित्यिक नाता नै गहिरो लाग्छ ।' भरत जङ्गमका पुस्तिकहरू पढ्दा तिनमा प्रायः राजनीतिक परिवेशलाई केन्द्रित गरेर लेखिएको जस्तो लाग्छ । त्यसैले उनलाई राजनीतिक उपन्यासकार भन्छिन् हिरण्यकुमारी । जसमा राजनीतिक जागरण, सोच र सुझबुझयुक्त चेतना भरिएको छ । उनका लेखमा राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशका विभिन्न पाटा छन् । जसले विभिन्न क्षेत्रलाई समेटेर कुशल लेखकको परिचय दिएका छन् । उनले देशको हितमा केही नयाँ कुरा लागु गरुँ भनेर हलचल नै ल्याउने गर्छन् ।

समाजमा घटेका विभिन्न घटनालाई टिपेर नयाँ लेखनको थालनी गर्ने भरत जङ्गमका साहित्यतर्फ 'कालो सूर्य', 'व्यूहचक्र' र 'रातो घाम'जस्ता उपन्यास छन् । सबै उत्तिकै सशक्त भए पनि कालो सूर्य धेरै भाषामा अनूदित भएको छ । जसले उनलाई एउटा सफल उपन्यासकारको रूपमा उभ्यायो । पचास-प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलन उनका प्रबन्धसङ्ग्रह हुन् भने भरत जङ्गम : विचार दृष्टिकोण भ्रष्टाचार विरोधी अभियानमा बढी केन्द्रित छ । 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान' विशुद्ध राजनीतिमा केन्द्रित छ । यस्ता सामाजिक कृतिहरूबाट साहित्य जगत्मा स्थापित भएका भरत जङ्गमले सबै क्षेत्रमा सफलता हासिल गर्न परिवार रूपी गाडीलाई पनि सफल रूपले चलाएको देख्ने शिरण्यकुमारी भरत जङ्गमका सफलताका कदमहरू अगाडि बढिरहुन्, उनको सुखद जीवनले साहित्यका पुष्पहरू थप्दै जाओस् भन्दै शुभजन्मोत्वका अवसरमा सुख, शान्ति र सुन्दर भविष्यको शुभकामना दिन्छिन् ।

चिन्तनका उर्वर फाँट

हेमराज दहाल

देशको राजनीतिक र कानुनी क्षेत्रलाई बडो नजिकबाट बुझेका भरत जङ्गमको औपन्यासिक क्षेत्र उज्ज्वल अनि वैचारिक चिन्तनको फाँट उर्वर देख्ने हेमन्तराज दाहाल उनका सिर्जनाका बोलका आवाजभित्र सुन्दर चित्र देख्छन् । नेपालको विगतदेखि वर्तमानसम्मका सबै अवस्थालाई बुझेर नयाँ नेपालको निर्माण गर्ने वैचारिक आन्दोलनमा क्रियाशील भरत जङ्गमलाई एक दरिलो संस्था मान्छन् उनी ।

विद्यमान विकृति विसङ्गति, अस्तव्यस्त न्यायालय अनि उठ्नै नसकेको साहित्यलाई गति दिने ध्येय राखेका भरत जङ्गम आफ्ना विचारका समर्थकहरूलाई सक्रिय तुल्याइरहेका छन् । बी.पीको प्रजातान्त्रिक समाजवादलाई राजनीतिक दर्शनका रूपमा स्विकारेका उनले 'नेपाली काङ्ग्रेसको सामान्य ज्ञान लेखे । जसले काङ्ग्रेसको साङ्गठनिक ढाँचामा परिवर्तन ल्याएर साङ्गठनिक रूपको विस्तारमा सघायो । त्यसले उनको साङ्गठनिक क्षमताको परिचय दिन्छ ।

'साहित्यमा सम्राट् नाङ्गो हुन्छ, राजनीतिमा सानो पद पाएकाहरूलाई पनि पोसाक चाहिन्छ भन्ने बी.पीका आदर्श वाक्यबाट प्रेरित उनी पार्टीमा नअटाए पनि एउटा राजनीतिक विश्लेषकका रूपमा उनले चलाएको उदात्त कलमले सिर्जना गरेको 'कालो सूर्य' उपन्यास विधाको नौलो आयामिक प्रस्तुति हो । नेताको दासत्व नस्विकार्ने, चाकडी प्रथाको विरोध गर्ने भरत जङ्गमले 'कला बन्धन चाहँदैन स्वतन्त्रता चाहन्छ' भन्ने सूक्तिलाई अँगालेका छन् । उनको निर्भीक लेखनको सँगालो पचास-प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलन मार्फत त्यसको यथार्थता पस्केका छन् ।

पञ्चायती व्यवस्थाको अधिनायकवादी राजनीतिमा 'व्यूहचक्र' ले सुधारको तीव्रता र नौलो उन्मेषलाई देखाएको छ भने आफ्नो ब्रह्मले देखेको गरिमालाई स्थापित गराउन प्रयत्न गर्ने भरत जङ्गमका अझ धेरै स्मरणीय र ऐतिहासिक पुस्तक प्राप्त हुँदै जाउन् भन्ने पाठकहरूले आशा राखेको ठान्दछन् हेमन्तराज ।

सबै क्षेत्रका एक प्रतिभा

हेम हमाल

भरत जङ्गमका गतिविधि नियालिरहेका हेम हमाल उनका बहुआयामिक व्यक्तित्वबाट निकै प्रभावित छन्। यसैले हमाल उनलाई सामाजिक क्रान्तिका नेता मान्छन् । न्यायप्रणालीलगायत समाजका विविध क्षेत्रमा देखा परेका आर्थिक, सामाजिक, विकृति केलाएर समाधानको उपाय औंल्याउने जङ्गमको योगदानलाई उनी निकै विशिष्ट मान्छन् ।

साहित्यतर्फ पनि भरत जङ्गमको उपलब्धिलाई उल्लेखनीय बताउँछन् हेम । उनका तीनैओटा उपन्यासको बहुभाषिक प्रकाशनले उनलाई विश्व साहित्यमाझ उभ्याइदिएका छन् यसलाई ठुलो उपलब्धि मान्छन् हेम हमाल।

पचास-प्रसङ्ग र भ्रष्टाचार : वैचारिक आन्दोलन भरत जङ्गमका चर्चित प्रबन्ध सङ्ग्रह हुन् । दुवैमा देशको सामाजिक, राजनीतिक र आर्थिक अवस्थाका बारेमा राष्ट्रवादी विचार व्यक्त भएका छन् ।

भरत जङ्गमको चर्चित सफल र सशक्त राष्ट्रवादी व्यक्तित्वको प्रशंसा गर्दै हेम हमाल भन्छन्, 'ईश्वरले उनलाई अझ बढी ऊर्जा दिइरहुन् ।'